नेपाल

मानव अधिकार वर्ष पुस्तक २०२३



मानव अधिकार र निर्वाचन २०७९

नेपाल मानव अधिकार वर्ष पुस्तक २०२३

(नेपाली संस्करण)

(२०७८ पुस १७ देखि २०७९ पुस १६ गतेसम्म अर्थात् सन् २०२२ भरिका मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका तथ्य/तथ्याङ्कको सङ्कलन)

प्रधान सम्पादक
श्रीराम बजगाई

सम्पादक
गोविन्दप्रसाद त्रिपाठी
रमेशप्रसाद तिमल्सिना

आवरण/इन्फोग्राफिक्स
गीता माली

तथ्याङ्क प्रशोधन
अनुज के.सी.

मानव अधिकार र सामाजिक न्यायका निम्ति
अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)
नागार्जुन नपा-१०, स्यूचाटार
पत्र मञ्जुषा २७२६, काठमाडौँ, नेपाल
फोन नं. ०१-५२१८७७०, फ्याक्स नं. ०१-५२१८२५१
e-mail: insec@insec.org.np
Web-site: www.insec.org.np; inseconline.org

नेपाल मानव अधिकार वर्ष पुस्तक २०२३

प्रकाशन मिति
२०७९ फागुन ७ गते

सङ्ख्या
२ हजार प्रति

प्रकाशक
अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)

सर्वाधिकार
इन्सेकमा सुरक्षित

(यस पुस्तकमा प्रकाशित सामग्री इन्सेकको स्रोत उल्लेख गरी पुनःमुद्रण गर्न सकिनेछ।)

फोटो
यस पुस्तकमा प्रकाशन गरिएका केही फोटोहरू अन्य स्रोतबाट पनि लिइएको छ ।

आईएसबीएन : ९७८-९९३७-९५७८-०-९

मुद्रक
ड्रिम ग्राफिक्स प्रेस
धापासी, काठमाडौँ

विषय सूची

पृष्ठ सङ्ख्या

भूमिका

परिच्छेदहरू

परिच्छेद १	समग्र मूल्याङ्कन	१
	चुनावमा अब यस्तो नहोस्	२५
परिच्छेद २	राज्य र मानव अधिकार	
	२.१ न्यायपालिका	२९
	२.२ कार्यपालिका	३७
	२.३ व्यवस्थापिका	४७
परिच्छेद ३	आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार	
	३.१ सन्थाल समुदायमा बालबालिकाको शिक्षाको अधिकार: सरकोकार र चुनौती	५७
	३.२ मधेस प्रदेशमा बालिका शिक्षाको अवस्था	६१
	३.३ यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यकहरूको अधिकार विश्लेषण	६७
	३.४ लुम्बिनी प्रदेशमा सार्वजनिक सरोकारका रिट निवेदन र कार्यान्वयनको अवस्था	७३
	३.५ हुम्लामा खाद्य सुरक्षाको प्रश्न: खाद्यान्न उत्पादन र उपभोगमा आएको परिवर्तन	७९
	३.६ यार्सागुम्बाका कारण हुने बसाइसराइले बालबालिकाकामा पारेको असर	८३

अनुसूचीहरू

अनुसूची १	सन् २०२२ र मानव अधिकार उल्लङ्घनका तथ्यहरू	
	१. प्रदेश १	८९
	२. मधेस प्रदेश	१४७
	३. बागमती प्रदेश	१८५
	४. गण्डकी प्रदेश	२३७
	५. लुम्बिनी प्रदेश	२७३
	६. कर्णाली प्रदेश	३१९
	७. सुदूरपश्चिम प्रदेश	३५१
अनुसूची २	मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका तथ्याङ्क २०२२	३८९
अनुसूची ३	सन् २०२२ को मानव अधिकार अवस्थाबारे राजनीतिक दलका धारणा	३९९
अनुसूची ४	सन् २०२२ को मानव अधिकार अवस्थाबारे विभिन्न क्षेत्रको धारणा	४०३
अनुसूची ५	नेपाल मानव अधिकार वर्ष पुस्तक बारे प्रदेश सरकारका धारणा	४१५
अनुसूची ६	क्रिया/प्रतिक्रिया	४१९
अनुसूची ७	नेपाल मानव अधिकार वर्ष पुस्तक २०२३ तयारीका क्रममा संलग्न व्यक्तिहरू	४४३

हार्दिक आभार

नेपाल मानव अधिकार वर्ष पुस्तक २०२३ तयार गर्ने क्रममा हामीलाई सहयोग गर्ने

नर्वेजियन दूतावास

ब्रेड फर द वर्ल्ड (BFTW)

डीसीए (DCA)

इन्सेकका जिल्ला प्रतिनिधिहरू

राजनीतिक दलहरू

मानव अधिकार तथा अन्य आयोगहरू

नेपाल सरकारका मन्त्रालयहरू

प्रदेश सरकारहरू

सुरक्षा निकाय

पेसागत सङ्घसंस्थाहरू

तथा

अन्य सबैप्रति **आभारी छौं।**

जिल्लागत विषय सूची

प्रदेश १

१.१ ताप्लेजुङ ५१
१.२ सङ्खुवासभा ५४
१.३ सोलुखुम्बु ५८
१.४ ओखलढुङ्गा १०१
१.५ खोटाङ १०४
१.६ भोजपुर १०७
१.७ धनकुटा १११
१.८ तेह्रथुम ११५
१.९ पाँचथर ११८
१.१० इलाम १२२
१.११ झापा १२५
१.१२ मोरङ १२९
१.१३ सुनसरी १३६
१.१४ उदयपुर १४१

मधेस प्रदेश

२.१ सप्तरी १४९
२.२ सिरहा १५४
२.३ धनुषा १५८
२.४ महोत्तरी १६३
२.५ सर्लाही १६८
२.६ रौतहट १७२
२.७ बारा १७६
२.८ पर्सा १८०

बागमती प्रदेश

३.१ दोलखा १८७
३.२ सिन्धुपाल्चोक १९०
३.३ रसुवा १९४
३.४ धादिङ १९७
३.५ नुवाकोट २००
३.६ काठमाडौँ २०३
३.७ भक्तपुर २१२
३.८ ललितपुर २१६
३.९ काभ्रेपलाञ्चोक २१९
३.१० रामेछाप २२२
३.११ सिन्धुली २२६
३.१२ मकवानपुर २२९
३.१३ चितवन २३३

गण्डकी प्रदेश

४.१ गोरखा २३९
४.२ मनाङ २४३
४.३ मुस्ताङ २४५
४.४ म्याग्दी २४७
४.५ कास्की २४९
४.६ लमजुङ २५२
४.७ तनहुँ २५५
४.८ नवलपरासी पूर्व २५९
४.९ स्याङ्जा २६२
४.१० पर्वत २६५
४.११ बागलुङ २६८

लुम्बिनी प्रदेश

५.१ रूकुम पूर्व २७५
५.२ रोल्पा २७७
५.३ प्यूठान २८०
५.४ गुल्मी २८३
५.५ अर्घाखाँची २८६
५.६ पाल्पा २८९
५.७ नवलपरासी पश्चिम २९२
५.८ रूपन्देही २९५
५.९ कपिलवस्तु ३००
५.१० दाङ ३०४
५.११ बाँके ३०९
५.१२ बर्दिया ३१५

कर्णाली प्रदेश

६.१ डोल्पा ३२१
६.२ मुगु ३२३
६.३ हुम्ला ३२६
६.४ जुम्ला ३२९
६.५ कालीकोट ३३२
६.६ दैलेख ३३५
६.७ जाजरकोट ३३८
६.८ रूकुम पश्चिम ३४१
६.९ सल्यान ३४४
६.१० सुर्खेत ३४७

सुदूरपश्चिम प्रदेश

७.१ बाजुरा ३५३
७.२ बझाङ ३५९
७.३ दार्चुला ३६२
७.४ बैतडी ३६६
७.५ डडेल्धुरा ३७०
७.६ डोटी ३७२
७.७ अछाम ३७५
७.८ कैलाली ३८०
७.९ कञ्चनपुर ३८४

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) सन् १९८८ देखि मानव अधिकार तथा सामाजिक न्यायका लागि कार्यरत छ। सात प्रदेश कार्यालय तथा ७७ जिल्लाका प्रतिनिधिहरू मार्फत् इन्सेकका नियमित कार्यक्रम तथा परियोजनाहरू सञ्चालन भइरहेका छन्। मानव अधिकार उल्लङ्घनका घटनाहरूलाई अध्ययन/अनुगमन गर्नका लागि यसले देशका सतहत्तरै जिल्लामा प्रतिनिधिहरूको व्यवस्था गरेको छ।

सल्लाहकार समिति

संस्थापक अध्यक्ष
सुशील प्याकुरेल

पूर्व अध्यक्ष
डा. शिव शर्मा
सुबोधराज प्याकुरेल

निवर्तमान अध्यक्ष
डा. इन्दिरा श्रेष्ठ

आजीवन सदस्य
नजीर मियाँ

२०७९ पुस २० गते सम्पन्न साधारण सभाले तीन वर्षका लागि चयन गरेको कार्यसमिति

अध्यक्ष
डा. कुन्दन अर्याल

महासचिव
रघुनाथ अधिकारी

कोषाध्यक्ष
गीता बराल

सदस्यहरू
ज्योति बानिया
लता प्याकुरेल
नरनाथ लुइँटेल
रुद्रबहादुर चर्मकार

कार्यकारी निर्देशक तथा निम्नलिखित कार्यक्रमहरूमार्फत इन्सेकको दैनन्दिन कार्य सञ्चालन गरिन्छ ।

मानव अधिकार प्रलेख तथा पैरवी कार्यक्रम

इन्सेकले आफ्नो स्थापनाकालदेखि मानव अधिकार अनुगमन, अभिलेख, प्रसार तथा पैरवी गर्ने क्रियाकलापहरूमार्फत मानव अधिकारको संरक्षण तथा संवर्द्धनको कार्य गर्दै आएको छ । मानव अधिकार अवस्थाको समग्र अभिलेखको खाँचो भएकाले वर्ष पुस्तकलगायतका अवधारणालाई सन् १९९२ देखि सुरुआत गरिएको हो । नेपाल मानव अधिकार वर्ष पुस्तक, इन्सेक अनलाइन, स्थितिसूचक, प्राचीलगायत विषयगत प्रतिवेदनहरू इन्सेक जिल्ला प्रतिनिधिलगायतको स्रोतबाट प्राप्त तथ्यको आधारमा प्रकाशित गरिँदै आएको छ । तथ्य, तथ्याङ्क विश्लेषण र अवस्था अनुगमनको आधारमा तयार गरिएका प्रतिवेदनहरू मानव अधिकार संरक्षण र संवर्द्धनको पैरवी गर्ने कार्यको सहयोगी सामग्रीको रूपमा प्रयोग गर्ने गरिएको छ । इन्सेकले गरेका प्रलेख र पैरवीको कार्यले मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटना न्यूनीकरण गराउन र मानव अधिकार संरक्षणको नीतिगत तथा कानुनी संरचनामा सुधार आउने अपेक्षा गरिएको छ । नेपालले अन्तर्राष्ट्रिय मञ्चमार्फत गरेका प्रतिबद्धता, सन्धि र महासन्धिमा हस्ताक्षर गरी जनाएको ऐक्यबद्धता र नेपालको संविधानले निर्दिष्ट गरेका मानव अधिकारका मूल्य र मान्यताहरूलाई इन्सेकले प्रलेख तथा पैरवीमार्फत थप सुदृढ गराउन भूमिका खेल्नेछ ।

मानव अधिकार शिक्षा कार्यक्रम

यस कार्यक्रमअन्तर्गत इन्सेकले स्थानीय मानव अधिकार संस्थाहरूसँगको सहकार्यमा मानव अधिकार शिक्षाको प्रचार प्रसार गरिँदै आएको छ। संचेतनामार्फत ग्रामीण क्षेत्रमा जागरण फैलाउन यस कार्यक्रममार्फत मानव अधिकारसम्बन्धी तालिम, समूह परिचालन, सरोकारवालाहरूसँग अन्तरक्रिया तथा छलफल कार्यक्रम सञ्चालन गरिँदै आएको छ। यस कार्यक्रम अन्तर्गत मानव अधिकारसम्बन्धी पुस्तक तथा तालिम सामग्री पनि प्रकाशन तथा वितरण हुँदै आएको छ। त्यसैगरी विभिन्न सरकारी विद्यालयहरूमा बाल अधिकार सचेतना समूह गठन गरी बाल अधिकारको विषयमा सचेतना तथा बालबालिकाको व्यक्तित्व विकाससम्बन्धी क्रियाकलापहरू यस कार्यक्रमअन्तर्गत सञ्चालन भइरहेका छन्। साथै समसामयिक मानव अधिकारका विषयवस्तुहरूलाई साप्ताहिक रूपमा रेडियो कार्यक्रम उत्पादन गरी रेडियोबाट प्रशारण गरिँदै आएको छ।

व्यवस्थापन कार्यक्रम

यस कार्यक्रम अन्तर्गत इन्सेकको सम्पूर्ण प्रशासन तथा अर्थ व्यवस्थापन पर्दछ। यस कार्यक्रमले मानव संशाधन व्यवस्थापन अन्तर्गत कर्मचारीको वृत्ति विकासका सम्बन्धमा पनि काम गर्दै आएको छ। इन्सेकको संस्थागत योजना, अनुगमन र मूल्याङ्कन गर्ने काम पनि यस विभाग अन्तर्गत हुँदै आएको छ। इन्सेकको वार्षिक प्रतिवेदन जस्ता नियमित प्रकाशनको व्यवस्थापन पनि यही कार्यक्रम अन्तर्गत हुँदै आएको छ। संस्थाको सूचना व्यवस्थापन गर्ने कार्य अन्तर्गत पुस्तकालय तथा सूचना प्रविधिसम्बन्धी शाखाहरू पनि यस कार्यक्रम अन्तर्गत रहेका छन्।

इन्सेक कार्यालयहरू :

- **प्रदेश १ कार्यालय**, विराटनगर महानगरपालिका-११, जनपथ टोल, मोरङ, फोन नं. ०२१-४७१०२५, ४७११२७
- **मधेस प्रदेश कार्यालय**, जनकपुरधाम उपमहानगरपालिका-४, पिडरिया माइस्थान, धनुषा, फोन नं. ०४१-५९११८४
- **बागमती प्रदेश कार्यालय**, हेटौँडा उपमहानगरपालिका-२ सङ्गमचोक, मकवानपुर, फोन नं. ०५७-५९०५५२
- **गण्डकी प्रदेश कार्यालय**, पोखरा महानगरपालिका-८, ज्ञानकुञ्ज मार्ग, कास्की, फोन नं. ०६१-५३३३६६
- **लुम्बिनी प्रदेश कार्यालय**, नेपालगञ्ज उपमहानगरपालिका- १२, एसओएस मार्ग, बाँके, फोन नं. ०८१-४१५३४३
- **कर्णाली प्रदेश कार्यालय**, बीरेन्द्रनगर नगरपालिका-७, इत्राम, सुर्खेत, फोन नं. ०८३-५२१४८९
- **सुदूरपश्चिम प्रदेश कार्यालय**, धनगढी उपमहानगरपालिका-४, उत्तरबेहडी, कैलाली, फोन नं. ०९१- ५२२५७६, ५२१४४६

निर्वाचन, विधिको शासन र मानव अधिकार चासो

बितेका तीन दशकको अवधिमा फरक–फरक राजनीतिक सामाजिक चरण हुँदै यहाँसम्म आइपुग्दा नेपालमा सामाजिक न्याय मानव अधिकारको अविभाज्य अङ्ग भएको विषय स्पष्ट भइसकेको छ। दुईदुईपटकको संविधानसभा निर्वाचन पश्चात व्यापक तथा सार्थक बहसपछि २०७२ सालमा जारी भएको नेपालको संविधानले मानव अधिकारको विश्वव्यापी मान्यता र सरोकारहरूलाई आत्मसात् गरेको छ। त्यही आधारमा देशभर गरिएको मानव अधिकार अनुगमनबाट प्राप्त तथ्य र तथ्याङ्क यो वर्ष पुस्तकको मूलस्रोत हो।

यस वर्षका स्थानीय तह, प्रदेश सभा तथा प्रतिनिधि सभाका निर्वाचन सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधान जारी भएपश्चातका दोस्रो निर्वाचन थिए। इन्सेक लगायत विभिन्न संस्थाहरूले गरेको निर्वाचन पर्यवेक्षण र स्थलगत अनुगमन प्रतिवेदनहरूमा तीन ओटै तहका निर्वाचन सामान्यतः स्वच्छ, स्वतन्त्र र शान्तिपूर्ण रूपमा सम्पन्न भएको जनाइएको छ। तर, निर्वाचन प्रकृयालाई अझ विश्वसनीय र पारदर्शी बनाउँदै साधन स्रोत वा शक्तिको प्रभावबाट मुक्त गरी स्वच्छ प्रतिस्पर्धालाई सुनिश्चित गर्न राष्ट्रकै ध्यानाकृष्ट हुन जरुरी छ। खासगरी, निर्वाचनअघि नै गठबन्धन बनाउने प्रचलनले मतदातको स्वतन्त्रतापूर्वक मतदान गर्न पाउने अधिकार र बहुदलीय प्रतिस्पर्धाको वातावरण नै प्रभावित हुन जाने विषयमा व्यापक विमर्श हुन आवश्यक देखिन्छ। निर्वाचनलाई जसरी पनि सत्ता हत्याउने माध्यममात्र बनाइँदा आमजनताका सरोकारका विषय ओझेल पर्न सक्छन्, बहुदलीय प्रतिस्पर्धाबाट सुशासन सुनिश्चित गर्ने संविधानको ध्येयसमेत प्रभावित हुन सक्छ।

हरेक नागरिकका लागि स्वतन्त्रतापूर्वक मतदान गर्ने तथा सुशासनको प्रकृयामा सहभागी हुने आकाङ्क्षाका साथ निर्वाचनमा उम्मेदवार हुनेहरूका लागि स्वच्छ प्रतिस्पर्धामा भाग लिने अधिकारको पूर्ण सुनिश्चिताको प्रबन्ध आधारभूत मानव अधिकारभित्र पर्दछन्। त्यसैले आउँदा दिनहरूमा नेपालको मानव अधिकार अभियानले निर्वाचन घोषणा भएपछिको अवस्थामा मात्र नभएर निर्वाचन सम्पन्न भइसकेका दिनहरूमा पनि स्वच्छ, स्वतन्त्र र निष्पक्ष निर्वाचनका आधारहरू निर्माणको अभियानलाई निरन्तरता दिनु पर्दछ।

नेपालको संविधान निर्माणपछि पहिलोपटक भएका तीनै तहका निर्वाचनपश्चात संविधान कार्यान्वयनको प्रतिबद्धता र अभ्यासबीच तादात्म्य देखिएन। प्रमुख राजनीतिक दलहरू सँगसँगै कार्यपालिका, व्यवस्थापिका र न्यायालयका कामकारबाहीले आमजनमानसमा संशय उत्पन्न गऱ्यो। संविधान निर्माण भएपश्चातका निर्वाचनहरूको सफलतासँगै देखिएको आमनागरिकको उत्साह राज्यका तीनओटै अङ्गका विवादास्पद कृयाकलाप र प्रमुख दलहरूको अर्कमण्यताका कारण शिथिल हुन पुग्यो।

वर्ष २०२२ का निर्वाचनहरूको अभिमतलाई नेपाली राजनीतिका बाहक शक्तिहरूले गम्भीर पाठका रूपमा ग्रहण गर्न सकेनन् भने अघिल्ला वर्षदेखिकै निराशाको शृङ्खलाले अर्को परिणाम निम्त्याउन सक्ने खतरा देखिन्छ। तर, संसदलाई जनताका सरोकार मुखरित गर्ने प्रभावकारी थलो बनाउन सक्ने हो भने फेरि देशमा उत्साहको सञ्चार हुन सक्नेछ। संसदीय समितिहरूलाई निहित राजनीतिक स्वार्थहरूको बन्दी बनाइएको अवस्थाबाट मुक्त गर्ने र संसदीय सुनुवाइजस्ता महत्त्वपूर्ण कारबाहीहरूलाई वैधता प्रदान गर्ने नियोजित प्रक्रियामा मात्र सीमित हुन नदिने हो भने देशमा आशाको नयाँ किरण देखा पर्नसक्छ। मानव अधिकार र सामाजिक न्यायको प्रत्याभूति सङ्घीय मात्र होइन प्रादेशिक संसदहरू समेतको प्रभावकारिताको अभावमा सम्भव हुँदैन।

संसद जनताका जल्दाबल्दा सवालहरूबाट विमुख तथा सरकारलाई संविधानका प्रबन्ध र मर्मअनुरूप हिँडाउन आवश्यक कानुनहरूको निर्माण गर्ने उत्तरदायित्व पूरा गर्न असमर्थ भएपछि राज्यका अन्य अङ्गहरू प्रभावकारी हुन नसक्नु अस्वभाविक होइन। राजनीतिक दलहरूको वैचारिक, साङ्गठनिक समस्या वा जनताका खास मुद्दाहरूसँगको विच्छेदको अवस्था र आन्तरिक विग्रहको प्रभाव संसद, सरकार र न्यायालयमा पनि परेको छ। राजनीतिक अस्थिरता र सरकारको इच्छाशक्तिको अभावका कारण नेपाल पक्ष राष्ट्र भएका सन्धिजनित राष्ट्रसङ्घीय संयन्त्रहरूको सार्थक परिपालनाका हुन सकेको देखिएन। अन्तर्राष्ट्रिय मञ्चहरूमा सरकारका तर्फबाट गरिएका प्रतिबद्धताहरू समेत बेवारिसे बन्न पुगेका छन्। विश्वव्यापी आवधिक समीक्षाको पहिलो, दोस्रो र तेस्रोचक्रमा नेपाल सरकारका तर्फबाट स्वीकार गरिएका सङ्क्रमणकालीन न्याय, महिला हकको संवैधानिक तथा कानुनी असमानता अन्त्य गर्न कानुनी सुधार, राष्ट्रिय मानव अधिकार आयोगका लागि पेरिस सिद्धान्त अनुकुलको स्वायत्तता सुनिश्चित गर्ने लगायतका विषय अझैसम्म कार्यान्वयन हुन सकेका छैनन्।

वर्ष २०२२ सम्म पुग्दा नेपालको न्यायालयको आन्तरिक विवाद र विग्रह मूलतः सत्ता स्वार्थप्रेरित खिचातानीका कारण उत्कर्षमा पुग्यो। परिणामस्वरूपः न्यायालयप्रति जनआस्था निराशाजनक ढङ्गले प्रभावित बन्न पुग्यो र विधिको शासनको अभ्यासमा पनि प्रतिकूल असर पर्न गयो। ज्ञातव्य छ, नेपालको संविधानले सुनिश्चित गरेको न्यायालयको स्वतन्त्रताको अवस्था व्यवहारमा भने अत्यन्त कमजोर छ।

संविधान निर्माण भएकै वर्ष ६३ औँ बाट पाँच स्थान उक्लिएर ५८ मा पुगेको विधिको शासनसम्बन्धी विश्व सूचकाङ्कमा नेपाल सन् २०२२ सम्म पुग्दा झरेर ५९ मा पुग्यो। वाशिङ्टनस्थित *वर्ल्ड जस्टिस प्रोजेक्ट*ले हरेक वर्ष जारी गर्ने *रुल अफ ल*को अभ्याससम्बन्धी सूचकाङ्कले विधिको शासनप्रतिको प्रतिबद्धतालाई नीतिगत व्यवस्थासँग दाँजेर मापन गर्ने गरिएको बताइन्छ।

नागरिकको न्यायालयसम्मको पहुँच, अपराध नियन्त्रणको दिशामा प्रभावकारिताजस्ता वस्तुगत अवस्थाको आधारमा विश्वभरका देशहरूको मूल्याङ्कन उक्त सूचकाङ्कमा प्रस्तुत गरिँदै आएको छ।

यस वर्ष पनि राजनीतिक दल, संसद, सरकार र न्यायालयले संविधानमा व्यवस्था गरिएका मौलिक हकको प्रचलनका लागि तदारुकता देखाएनन्। जनताको संवैधानिक हक अधिकार सुनिश्चित भई सुशासनको प्रत्याभूति भएको अवस्थामा मात्र मानव अधिकारको सम्मान, परिपालना र बहाली हुन सक्दछ। लोकतन्त्रका आधारभूत संरचनाका रूपमा रहेका संस्थाहरूको प्रभावकारिता बिना संविधानको परिकल्पना अनुसार न समाजवादउन्मुख अवस्था आउन सक्छ, न त मानव अधिकार र सामाजिक न्यायको बाटो सुगम बन्न सक्छ।

परम्परागत र प्रथाजनित अभ्यास वा अन्धविश्वासका कारण हुँदै आएका उत्पीडन, हत्याका घटनाले यस वर्ष पनि निरन्तरता पाउनु दुःखद हो। यस वर्ष घरेलु हिंसा र 'बोक्सी'को आरोपमा सामाजका सदस्यहरूबाट हुने हत्याका घटनाबाट खासगरी दुर्गम गाउँघरका महिलाहरूको जीवनको अधिकारको समेत उल्लङ्घन भयो। रामेछाप जिल्ला खाँडादेवी गाउँपालिका–३ भिरपानीकी ५२ वर्षीया बीबा माझीलाई 'बोक्सी'को आरोपमा मारिएको घटनाले स्थानीय तहमा यस्ता प्रथा विरुद्धका कानुनी व्यवस्थाका सम्बन्धमा संचेतना जगाउन आवश्यक छ भन्ने प्रष्ट हुन्छ। यस वर्ष विभिन्न जिल्लामा बोक्सीका आरोपमा २३ जना महिलामाथि ज्यादती भयो। 'बोक्सी'को आरोप : कसुर र सजाय ऐन, २०७२, जातीय तथा अन्य छुवाछूत र भेदभाव (कसुर र सजाय) ऐन, २०६८, मुलुकी फौजदारी संहिता लगायतका कानुनहरूले गरेका प्रबन्धको प्रभावकारी कार्यान्वयनको दिशामा यस वर्ष पनि चुनौतीहरू देखिए।

खासगरी, कमजोर अर्थ सामाजिक प्रभाव भएकाहरू, महिला र बहिष्करणमा पारिएका समुदायका व्यक्तिहरू पीडित भएका घटनाको उजुरी र सम्बन्धित निकायहरूले गर्नुपर्ने निष्पक्ष छानविन परम्परागत शक्ति सम्बन्धबाट प्रभावित हुने गरेको यथार्थ लुकेको छैन। त्यसैगरी, संविधान र कानुनले सुनिश्चित गरेका समानताको ध्येय विपरीत भूगोल, वर्ग वा जाति विशेष वा वञ्चितीमा परेका समुदायका लागि व्यवहारमा विद्यमान विभेदका कारण कानुनी प्रकृया वा फौजदारी अपराध विरुद्धको न्यायको अधिकार सुनिश्चित हुन सकेको देखिँदैन। यो वर्ष हत्याका घटनामा देशभरि महिला र पुरुष गरी ३ सय ३२ पीडित भए। बलात्कारका घटनामा बालिकासमेत गरी १ हजार ६ सय १४ महिला पीडित भए र १८ जना बलात्कारपछि मारिए। एक जना महिलालाई हत्यापछि बलात्कार गरिएको घटना समेत अभिलेखित भयो। पीडितहरूको स्वच्छ र स्वतन्त्र न्यायिक प्रकृयामार्फत न्याय प्राप्त गर्ने अधिकारको अवस्थाका सम्बन्धमा इन्सेकले गरेको अनुगमनबाट प्राप्त तथ्य तथ्याङ्कमा बिलम्ब न्याय र न्यायमा अवाञ्छित हस्तक्षेपका उदाहरण देख्न सकिन्छ।

अद्यावधिक राजनीतिक परिप्रेक्ष्यमा जनताको बढ्दो अपेक्षाको बेवास्ता वा संविधानको कार्यान्वयनको दायित्व राज्यका तीन वटै अङ्गहरूबाट पूरा हुन नसकिरहेको वर्षको रूपमा वर्ष २०२२ लाई सम्झना गरिनेछ। राजनीतिक अन्योल, अस्थिरता, राजनीतिक दल, संसद तथा सरकारको इच्छाशक्तिको अभावका कारण शान्ति सम्झौताको बाँकी रहेको कार्यभार पूरा हुन सकेन। सशस्त्र द्वन्द्वको अन्त्य गर्न २०६३ मङ्सिर ५ गते विस्तृत शान्ति सम्झौतामार्फत गरिएका प्रतिबद्धताहरूमध्ये द्वन्द्वपीडितका न्यायसम्बन्धी सवालहरू आजसम्म पनि सम्बोधन भएनन्। शान्तिपूर्ण समाज स्थापनाको लक्ष्य पूरा भएको छैन। द्वन्द्वपीडितहरूको न्याय निरूपण, परिपूरण, न्याय तथा संस्थागत सुधारमार्फत द्वन्द्वको शान्तिपूर्ण समाधान गर्नुपर्ने दायित्व जस्ताको तस्तै छ।

विस्तृत शान्ति सम्झौताको १६ वर्षसम्म पनि हिंसा पीडितहरू न्यायबाट वञ्चित नै रहे। पीडकलाई जबाफदेही बनाउने वा पीडितले विधिसम्मत रूपमा क्षमादान दिने इच्छा व्यक्त गरेको अवस्थामा जवाफदेही बनाउने सम्भावित प्रकृयाहरूका विषयमा सार्वजनिक छलफल नभएका होइनन्। तर, वर्षको अन्त्यसम्म न सङ्क्रमणकालीन न्यायको कार्यभार पूरा गर्न बनाइएका सत्य निरूपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोगमार्फत सार्थक परिणाम देखा पर्न सक्यो, न त सरकार र तत्कालीन माओवादी विद्रोहीका उत्तराधिकारी शक्तिले यस सम्बन्धमा राजनीतिक दृढता नै प्रदर्शन गरे। न्याय र परिपूरणका माध्यमले शान्ति प्रकृयालाई पूरा नगरिएकै कारण लोकतन्त्रका खम्बाका रूपमा स्थापित हुनुपर्ने राज्यका संवैधानिक तथा अन्य महत्त्वपूर्ण निकायहरू झनझन कमजोर बन्दै गए र संस्थागत सुधारको मार्ग प्रशस्त हुन सकेन।

मानव अधिकार वर्ष पुस्तकको ३१ औँ संस्करण तयार गरिरहँदा आउने वर्ष मानव अधिकार र सामाजिक न्यायको अवस्था सुदृढ भएको देख्न पाउने अपेक्षा गर्दछु। वर्ष पुस्तकको तयारीमा संलग्न जिल्ला प्रतिनिधिहरू, इन्सेकका सम्पूर्ण कर्मचारी साथीहरू, साधारण सदस्य र कार्यसमितिलाई धन्यवाद ज्ञापन गर्दछु। साथै, वर्ष पुस्तकसम्बन्धी अनुसन्धान, प्रतिवेदन लेखन, सम्पादन र प्रकाशनका लागि आर्थिक सहयोग गर्ने रोयल नर्वेजिन राजदूतावास, *ब्रेड फर द वर्ल्ड* र *डीसीएप्रति* आभार व्यक्त गर्दछु। वर्ष पुस्तकका लागि सूचना वा धारणा उपलब्ध गराउने नेपाल सरकारका निकायहरू, राजनीतिक दल, प्रदेश सरकार तथा मानव अधिकारका क्षेत्रमा क्रियाशील संवैधानिक निकाय र सामाजिक संस्थाहरूप्रति हामी कृतज्ञ छौँ।

मानव अधिकार र सामाजिक न्यायको संरक्षण र संवर्द्धनको अभियानमा यो वर्ष पुस्तकले एउटा इँट थप्न सक्यो भने इन्सेकको ध्येय सफल भएको ठान्नेछौँ।

२०७९ फागुन ७

डा. कुन्दन अर्याल
अध्यक्ष

परिच्छेद

१

मानव अधिकार र निर्वाचन २०७९

पृष्ठभूमि

नेपाल मानव अधिकार वर्ष पुस्तक २०२३ यहाँहरूको हातमा छ। मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनाका साथै कार्यपालिका, न्यायपालिका र व्यवस्थापिकाले मानव अधिकारको संरक्षण र संवर्द्धनमा खेलेको भूमिका यस पुस्तकमा समावेश गरिएको छ। प्रकाशित सामग्रीले मानव अधिकारको सुक्ष्म विश्लेषण गर्न सघाउ पऱ्याउने अपेक्षा गरेका छौँ। इन्सेकका ७७ जिल्लामा रहेका प्रतिनिधि यस पुस्तकका त्यस्ता आधारस्रोत हुन् जसले यो दस्तावेजलाई प्रत्येक वर्ष थप विश्वसनीय, थप खोजमूलक र थप सङ्ग्रहणीय बनाउँदै आएका छन्।

इन्सेक प्रतिनिधिले मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनाको प्राथमिक सूचना सङ्कलन गर्छन्। सूचना डाटावेसमा समावेश गर्न अनलाइन प्लेटफर्मको विकास गरिएको छ। जिल्ला प्रतिनिधिले घटनाको विस्तृत विवरण संकलन गर्नेबित्तिकै डाटावेसमा समावेश गर्छन्। अर्धवार्षिक सम्पादन भेलाबाट घटनाका अपुग पक्ष केलाइन्छ भने वर्षको अन्तिममा हुने सम्पादन भेलाबाट घटनाहरूलाई अन्तिम रूप दिइन्छ। घटनाको वैधताका लागि प्रहरी, स्थानीय प्रशासन, राजनीतिक दल, मानव अधिकारकर्मी तथा सम्बन्धित सङ्घ/संस्थासँग नियमित अन्तरक्रिया, सुझाव, र सूचना सङ्कलन गरी त्यसको पुष्टि/पुर्नपुष्टि गरिन्छ। सम्पादित घटनाहरू र तथ्याङ्कको एकीकृत सँगालोका रूपमा रहेको यो प्रकाशनले सन् २०२२ मा नेपालको मानव अधिकार अवस्थालाई प्रतिविम्बित गर्दछ।

नेपालमा निर्वाचनको संक्षिप्त अवस्था

प्रतिस्पर्धी उम्मेदवारका बारेमा पर्याप्त जानकारीको अभाव, आर्थिक प्रलोभन र प्रयोग, बाहुबलमार्फत नियन्त्रणको प्रयत्न, राज्य सत्ताका संस्थाहरूसँगको सन्देहास्पद सम्बन्ध, कानुनका छिद्रहरू प्रयोग गरी अयोग्यहरू निर्वाचित हुने र राजनीतिक दलहरूको प्रतिबद्धताप्रतिको गैह्रजिम्मेवारीपन नेपालमा निर्वाचनको स्वच्छता प्रभावित बनाउने मुख्य विषयहरू हुन्। निर्वाचनहरूमा अधिक सङ्ख्यामा मत बदर हुनाले कतिपय सन्दर्भमा जनचाहना बमोजिमको परिणामहरू प्राप्त हुन सक्दैनन्। निर्वाचन परिणाम र प्रक्रियाहरूमा उठेका प्रश्नहरूमा अदालतबाट हुने ढिलो न्याय सम्पादनले समेत निर्वाचनका क्रियाकलापमाथि प्रशस्त संशय उत्पन्न भएका छन्।

नेपालमा यो वर्ष स्थानीय तह, प्रदेशसभा र प्रतिनिधिसभाको निर्वाचन सम्पन्न भयो। निर्वाचनको समयमा राजनीतिक दलहरूले प्रकाशन गरेका घोषणापत्रहरू, अभिव्यक्त विचार र प्रदर्शित व्यवहारको विश्लेषण गर्ने उद्देश्यले नेपाल मानव अधिकार वर्ष पुस्तकको यस अङ्कमा निर्वाचन केन्द्रित मानव अधिकारका सरोकारलाई प्रमुखताका साथ समावेश गरेका छौँ। मानव अधिकारको संरक्षण, संवर्द्धन र पालनामा राज्यको प्रमुख दायित्व रहने र र ज्यशक्तिको निर्माणमा निर्वाचनको प्रमुख भूमिका हुने हुँदा निर्वाचन प्रक्रियाको विश्लेषण यस वर्षको प्रमुख सरोकार रहेको विश्वास गरेका छौँ।

सन् २०२२ मा सम्पन्न निर्वाचनमा इन्सेकले निर्वाचनसँग सम्बन्धित मानव अधिकार उल्लङ्घनका क्रियाकलाप अभिलेख गऱ्यो। यसक्रममा ७७ ओटै जिल्लाका इन्सेक प्रतिनिधिहरूले सङ्कलन गरेको तथ्य तथ्याङ्कहरूका अतिरिक्त स्थानीय प्रदेश सभा तथा प्रतिनिधि सभाको निर्वाचनका क्रममा ७ सय ५१ जना पर्यवेक्षकबाट प्राप्त सूचनाले अभिलेखलाई अझ समृद्ध बनाएको छ। निर्वाचनसँग सम्बन्धित विवरणलाई तथ्याङ्कगत तथा अधिकारका सरोकारहरूको विषय विश्लेषणात्मक रूपमा यस पुस्तकमा समेटिएको छ।

निर्वाचनका क्रममा राज्य पक्षबाट भएका १८ घटनामा ७३ जना पीडित र अन्य पक्षबाट भएका १ सय २४ घटनामा ३ सय ३ जना पीडित भएको अभिलेख भयो। राज्यपक्षबाट दुई जनाको हत्या, रफ्तारीबाट २७ जना, कुटपिटबाट १० जना, घाइते सात जना, अभिव्यक्ति, भेला तथा सङ्गठित हुने अधिकारबाट २७ जना पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। यसैगरी, अन्य पक्षबाट भएका घटनामा कुटपिटबाट १ सय ८९ जना, अमानवीय व्यवहारबाट तीन जना, घाइते ८३ जना, हत्या एक जना, धम्की ६ जना, अन्य पार्टीको चुनावी प्रचारमा हिँडेको भन्दै पतिको कुटपिटबाट एकजना महिला पीडित भए।

स्वच्छ तथा भयरहित आवधिक निर्वाचनमार्फत अभिव्यक्त जनमतले मात्र लोकतन्त्रको वैधता सिद्ध हुन्छ। मानव अधिकारका प्रचलित मूल्य मान्यताहरूको अभ्यासमार्फत शासकीय शक्ति सृजना गर्ने

जनअपेक्षाको प्रमुख माध्यम निर्वाचन हो। राज्यका हरेक सार्वजनिक सरोकारमा हुने निर्णयहरूमा आफ्नो सहभागिता जनाउन नियमित रूपमा आफू वा आफ्ना प्रतिनिधि चुन्ने वा चुनिने सहभागितामूलक स्वच्छ प्रक्रियालाई मानव अधिकारमैत्री निर्वाचनका रूपमा बुझिन्छ।

नेपालको संविधान, मानव अधिकारको विश्वव्यापी घोषणापत्र, नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र र दिगो विकास लक्ष्यले निर्वाचनलाई नीति निर्माण तथा कार्यान्वयनमा सहभागिता, समावेशीकरण, प्रतिनिधित्व र उत्तरदायित्व समावेश गराउने आधारभूत प्रणालीको रूपमा स्वीकार गरेका छन्। तर, फगत मतपत्रको प्रयोग गरी निर्वाचित हुन अपनाइने सिण्डिकेट र नियन्त्रित मतदान मानव अधिकार विरोधी अभ्यास हो।

आर्थिक पारदर्शिता, जनसहभागिताको नीति तथा अभ्यासमा उपलब्ध स्वतन्त्रता, जनचेतनाको स्तर, विधिको शासन तथा राजनीतिक नेतृत्वमा भएको विविधताले निर्वाचनको स्वच्छता सङ्केत गर्छन्। अपराधको राजनीतीकरण र नियन्त्रित प्रतिस्पर्धाले जनप्रतिनिधित्वको मर्म स्खलित हुँदै जान्छ। प्रकारान्तरले निर्वाचनहरू आवरणमा लोकतन्त्रको पर्याय भए पनि राजनीतिक दुष्कर्मका परिणामले बदनाम हुन्छन्।

नेपालमा निर्वाचनको सङ्क्षिप्त इतिहास

निर्वाचन आयोगले प्रकाशित गरेको नेपालको निर्वाचन इतिहास अनुसार उमेर पुगेका मतदाताले मतदान गरी आफ्ना प्रतिनिधि छनोट गर्ने कार्य २००० साल पश्चातमात्रै सुरु भएको हो। १९८७ सालमा पञ्चायत स्थापना गर्न निर्वाचनसम्बन्धी व्यवस्था गरिएको थियो। त्यतिबेला सम्बन्धित क्षेत्रका प्रत्येक घरका घरमूलीहरूको भेला गरी उनीहरूको रायबमोजिम मुख्य पञ्च र अन्य पञ्चहरू छानिएको सदर गरी मुचुल्कामा सहीछाप गराइन्थ्यो। २००४ साल जेठमा पहिलो पटक, २०१० सालमा दोस्रोपटक र २०१४ सालमा तेस्रोपटक काठमाडौँ म्युनिसिपलिटीको निर्वाचन भयो।

राजा महेन्द्रले निर्वाचित सरकारलाई अपदस्त गर्नु पूर्वसम्म नेपालमा तीनपटक काठमाडौँ म्युनिसिपालिटीको निर्वाचन भएको देखिन्छ। पञ्चायती व्यवस्थाको सुरुआत भएपश्चात २०१८, ०१९ र ०३२ मा मिश्रित निर्वाचन प्रणाली (मनोनित र सीमित सङ्ख्याको निर्वाचन) गरी स्थानीय पञ्चायतको गठन गरियो भने २०३९ र २०४३ मा प्रत्यक्ष निर्वाचनमार्फत स्थानीय पञ्चायतको निर्वाचन सम्पन्न भएको देखिन्छ। २०४६ को परिवर्तन पश्चात २०४९ र ०५४ मा संवैधानिक राजतन्त्र अन्तर्गत सम्पूर्ण स्थानीय निकाय र २०६२ मा राजा ज्ञानेन्द्रको प्रत्यक्ष शासनकालमा नगरपालिकाको निर्वाचन भयो। २०७२ मा नेपालको संविधान जारी भएपश्चात २०७४ र २०७९ मा स्थानीय तहको निर्वाचन सम्पन्न भयो। निर्वाचन प्रणालीले सहभागिताको समावेशीकरण २०५४ को स्थानीय निर्वाचनमा प्रत्येक वडामा महिला सदस्य अनिवार्य निर्वाचित हुने प्रबन्धबाट सुरु गरेको तथा २०७४ मा सबै वडामा दलित महिला एकजना र महिला एकजना अनिवार्य गर्ने कानुनी प्रबन्धबाट सुरु भएको देखिन्छ।


२०१५ सालमा भएको निर्वाचन ४५ दिन लगाएर गरिएको थियो। बालिग मताधिकारको प्रयोग गरी भएको यो पहिलो आमनिर्वाचन थियो। निर्वाचित सरकारलाई राजाले अपदस्त गरेपछि सुरु भएको पञ्चायती व्यवस्थामा शासन सञ्चालनका लागि प्रत्यक्ष निर्वाचनको प्रारम्भ २०३७ मा सम्पन्न जनमत सङ्ग्रह पश्चात भयो। २०३८ र ०४३ सालमा सम्पन्न राष्ट्रिय पञ्चायत निर्वाचन नै पञ्चायतको ३० वर्से अवधिमा भएका संसदीय निर्वाचन रहे। बहुदलीय व्यवस्थाको स्थापनापछि २०४८, २०५१ र २०५६ सालमा गरी तीन ओटा प्रतिनिधिसभाका निर्वाचन सम्पन्न भए। २०६२/६३ को जनआन्दोलनपछि २०६४ सालमा भएको संविधानसभा निर्वाचन र त्यो संविधानसभा संविधान निर्माण नगरी विघटन भएपछि २०७० सालमा संविधानसभाको दोस्रो निर्वाचन भयो। त्यो संविधानसभाले २०७२ सालमा नेपालको संविधान जारी गऱ्यो। २०७४ र २०७९ सालमा नेपालमा प्रदेशसभा तथा प्रतिनिधिसभाका निर्वाचन सम्पन्न भए। २०६२/६३ को परिवर्तनपछि बहिष्करणमा परेका समुदायको संसदमा प्रतिनिधित्वको संवैधानिक सुनिश्चितता भएको देखिन्छ।

स्थानीय तह, प्रदेश सभा र प्रतिनिधि सभाको निर्वाचन तथा तत्कालीन समयमा प्रचलित नियम बमोजिमका प्रत्यक्ष निर्वाचनका अभ्यासका अलावा नेपालमा विभिन्न समयमा राष्ट्रिय सभा निर्वाचनहरू भए। २०६२/६३ को जनआन्दोलन पश्चात नेपालमा राजतन्त्र उन्मूलनको घोषणा गरी २०६५ सालमा पहिलो पटक संविधान सभाले राष्ट्रपति निर्वाचित गऱ्यो। नेपालको संविधान मुताबिक २०७२ मा व्यवस्थापिका संसदले र २०७४ मा सङ्घीय संसद सदस्यहरू र प्रदेशसभाका सदस्यहरूले राष्ट्रपति निर्वाचित गरे।

निर्वाचनको अभ्यासहरूको सिंहावलोकन गर्दा नियन्त्रित तथा एकतान्त्रिक व्यवस्था पक्षधर व्यक्तिहरूको प्रतिस्पर्धा, बहुदलीय प्रतिस्पर्धा तथा

हत्या


हत्या भएका व्यक्तिहरूको सङ्ख्या, २०१७-२०२२



हत्या भएका व्यक्तिहरूको सङ्ख्या, २०२२




हत्या भएका व्यक्तिहरूको सङ्ख्या २०२२, प्रदेशका आधारमा



मानव अधिकारमध्ये सबैभन्दा ठूलो अधिकार बाँच्न पाउने अधिकार हो। तर, विभिन्न बहानामा मानिसहरूको हत्या हुने गरेको छ। यस वर्ष राज्यपक्षबाट चार जना पुरुष तथा अन्यपक्षबाट १ सय ६८ जना महिला र १ सय ५९ जना पुरुष गरी ३ सय ३२ जनाको हत्या भएको इन्सेकमा अभिलेख भयो।

घाइते



शारीरिक रूपमा घाइते हुनका लागि कुनै न कुनै घटना कारण बन्छ। शरीरमा घाउचोट लाग्नका लागि घटनास्थल वरिपरी मानिस स्वयम् उपस्थित हुन्छ। बम विष्फोट, गोली लागेर, दोहोरो झडप, कुटपिट लगायतका कारण मानिस घाइते हुन्छन्। सन् २०२२ मा देशभरका २ सय ५६ जना घाइते भएका घटना इन्सेकमा अभिलेख भयो। दोहोरो झडप, प्रहरीको गोली लागेर घाइते भएकाहरूको उपचार सरकारले निःशुल्क गर्ने भनिए पनि उपचार गर्ने वा खर्च लिने प्रक्रिया झञ्झटिलो भएको पीडितहरूले गुनासो गरे।


सन् २०२२ मा घटनाअनुसार पीडित सङ्ख्या

घटनाका आधारमा

	राज्यपक्ष			अन्यपक्ष				
	महिला	पुरुष	जम्मा	महिला	पुरुष	क्वेर	जम्मा	कूल जम्मा
अपहरण				२१	१४		३५	३५
गिरफ्तार		८१	८१					८१
कुटपिट	६	२८	३५	६१	३४९	३	४१३	४४८
बाल अधिकार				१४१४	३९		१४५३	१४५३
हिरासतमा मृत्यु		४	४					४
अमानवीय व्यवहार	१	२	३	२	२०		२२	२५
घाइते	१	२४	२५	३८	१९३		२३१	२५६
हत्या	१	४	५	१६८	१५९		३२६	३३२
जातीय विभेद				१०	१२		२२	२२
अभिव्यक्ति, भेला तथा सङ्गठित हुने अधिकार	३३	३६२	४०५					४०५
धम्की	१	४	५	२	२०		२२	२६
यातना	१	४	५					५
महिला अधिकार	१		१	४२२६			४२२६	४२२८
कारागारमा मृत्यु	४	४९	५३					५३
बेपत्ता				१	१		२	२
कूल जम्मा	५०	५६२	६२२	५९४४	८०६	३	६६५४	७३६६


कुटपिट






हतियार प्रयोग गरी वा नगरी पनि एकले अर्कालाई कुटपिट गरेका घटना सार्वजनिक भइरहेका हुन्छन्। व्यक्तिगत कुटपिटका घटना त हाम्रो समाजमा दिनहुँजसो भइरहेका हुन्छन्। तर, कुटपिटका घटनामा सन् २०२२ मा राज्यपक्षबाट ३५ जना र अन्यपक्षबाट ४ सय १३ जना गरी ४ सय ४८ जना पीडित भए। कुटपिटका कारण सामान्य घाइते हुने तथा अङ्गभङ्ग हुनेसम्मका घटना अभिलेख गरिएको छ। मानिसमा तत्काल आउने रिस र आवेगलाई नियन्त्रण गर्न नसक्दा कुटपिटका घटना हुन्छन्। एकले अर्काको कुरा राम्रोसँग सुन्ने गरे यस्ता घटनामा कमी आउँछ। इन्सेकमा अभिलेख भएका यस्ता धेरै घटना मेलमिलाप गरेर टुङ्ग्याइएको पाइयो।

बाल अधिकार





नेपालको जनसङ्ख्याको ठूलो हिस्सा बालबालिकाको छ । बालबालिकामाथि विविध किसिमका शोषण विद्यमान छ । शारीरिक रूपमा पनि बालबालिका वयस्क भन्दा कमजोर हुन्छन् । सोच्ने शक्ति पनि क्रमशः विकास हुँदै गरेको अवस्थाले गर्दा ठिकबेठिक छुट्याउन पनि बालबालिकालाई गाह्रो हुन्छ । जन्मँदै हत्या गर्ने, बेचबिखन तथा ओसार पसार, बालश्रम जस्ता घटना त अझै कति समाजमै लुकाइएको होला । तर, हाम्रो अभिलेखमा आएका यस्ता घटनामा १ हजार ४ सय ५३ जना पीडित भए । त्यसमध्ये सबैभन्दा बढी १ हजार ९ जना बालिका बलात्कारका घटनाबाट पीडित भए । बलात्कार तथा यौन दुर्व्यवहारजस्ता संवेदनशील धेरै घटना अदालतमा विचाराधीन हुनुले न्यायिक निकायले न्याय निरूपणमा तदारूकता देखाउनुपर्ने आवश्यकता देखिन्छ ।


समावेशी प्रतिनिधित्व सुनिश्चित गरिएको बहुदलीय प्रतिस्पर्धा गरी नेपालमा तीन प्रकारका प्रणालीहरू अभ्यासमा रहे। पञ्चायती व्यवस्थामा 'गाउँ फर्क राष्ट्रिय अभियान' जस्ता प्रचलित अभ्यासमार्फत निर्वाचित तथा मनोनित प्रतिनिधिहरूलाई निर्वाचित घोषणा गर्ने प्रचलन २०३७ वैशाख १० गते सम्पन्न राष्ट्रिय जनमत सङ्ग्रहपश्चात संविधानको संशोधन गरी सुधार गरियो। तथापि निर्वाचनमा दलीय र राजनीतिक प्रतिनिधित्व अस्वीकार गरिएकोले त्यस्ता निर्वाचन अभ्यासले मानव अधिकारका आमसरोकार संरक्षण गर्न सकेनन्।

२०१५ साल फागुन ७ गतेदेखि संसदका लागि भएको निर्वाचन नियन्त्रित बहुदलीय प्रतिस्पर्धाको अभ्यास थियो। निर्वाचित सरकारलाई तत्कालीन राजाले अपदस्थ गरी राजतन्त्रलाई मुलुकको मूल शासकीय स्वरुपका रूपमा लागु गरे जुन ३० वर्षसम्म कायम रह्यो। नेपालमा निर्वाचनलाई प्रक्रियाको रूपमामात्र अभ्यास गर्ने तर, सामाजिक चेतना, संस्थागत उपस्थिति र राजनीतिक सचेतनाको सञ्चार गर्ने गराउने पर्वको रूपमा जनसहभागिता सुनिश्चित गराउन नसक्दा निर्वाचन परिणामहरू पुनरुत्थानवादी षडयन्त्रको कैदी बन्न पुगेका उदारणहरू यसपछि पनि प्रशस्त रहे।

२०४६ को राजनीतिक परिवर्तन पश्चात नेपालमा संवैधानिक राजतन्त्र र बहुदलीय प्रजातन्त्रको अभ्यास भयो। लोकतन्त्रको रक्षा र सुशासनतर्फको यात्राका लागि राजनीतिक दल, सामाजिक संस्थाहरू र मानव अधिकार सचेतनालाई जनस्तरसम्म सञ्चारसञ्चार गर्न गरिएका प्रयत्नहरूका कारण नेपालमा भएको सशस्त्र द्वन्द्व र तत्कालीन राजाले प्रयत्न गरेको एकतन्त्रीय व्यवस्थाको प्रयास जनान्दोलनको बलमा असफल भयो। २०४६ तथा २०६२/६३ को राजनीतिक परिवर्तन पश्चात नेपालमा भएका स्थानीय तह, संविधान सभा, संसदीय र राष्ट्रियसभाका निर्वाचनहरू मानव अधिकार चेतनाको स्थानीयकरण र जनाधिकार सचेतनाका संस्थागत गर्ने कारणका रूपमा रहे।

निर्वाचनमार्फत लैङ्गिक, भौगोलिक तथा पिछडिएका निर्धारित समूहको निर्वाचित हुने सङ्ख्या समावेशीकरण बढेको छ। लोकतान्त्रिक प्रणालीप्रतिको

निर्वाचनका क्रममा पीडित भएकाको सङ्ख्या



- ३६ गिरफ्तार
- १९९ कुटपिट
- ३ अमानवीय व्यवहार
- ९० घाइते
- ३ हत्या
- ३६ अभिव्यक्ति, भेला तथा सङ्गठित हुने अधिकार
- ६ धम्की

८३ राज्यपक्षबाट

अन्यपक्षबाट २८२

आशा सञ्चार भएको छ। निर्वाचन परिणाममार्फत नै जनताले राजनीतिक दल तथा आफ्ना प्रतिनिधिहरूको मूल्याङ्कन गर्ने प्रचलन संस्थागत हुँदै गएको छ। तथापि निर्वाचनमा गरिएको बल प्रयोग, बुथ कब्जा, व्यक्ति हत्या, आर्थिक दुरुपयोग, अपराधको राजनीतीकरण जस्ता दर्जनौँ घटनाहरू इन्सेकले निर्वाचनमा भएको मानव अधिकार उल्लङ्घनका रूपमा अभिलेख गरेको छ।

निर्वाचनका क्रममा भएका मानव अधिकार उल्लङ्घनका प्रतिनिधिमूलक घटना

यस वर्ष सम्पन्न स्थानीय तह निर्वाचनका क्रममा गम्भीर प्रकृतिका आपराधिक तथा मानव अधिकार उल्लङ्घनका घटनाहरू भए। स्थानीय तहको निर्वाचनमा तनहुँ जिल्ला व्यास नगरपालिकाका स्वतन्त्र उम्मेदवार ५० वर्षीय दीपकराज जोशीलाई २०७९ वैशाख ३० गते व्यास नपा-८ स्थित रिस्ती गाविस भवन फेदी मतदान केन्द्रमा नेपाली काङ्ग्रेसका कार्यकर्ताले कुटपिट गरे। कांग्रेस कार्यकर्ताले जोशी चढेको बा १२ च ६०२८ नम्बरको स्कारपियो गाडीलाई ढुङ्गा प्रहार गरेर क्षति पुऱ्याए। कुटपिटबाट जोशीको टाउकोमा चोट लाग्यो। उनलाई नेपाली सेनाको सहयोगमा उपचारको लागि दमौली अस्पतालमा ल्याइएको मा थप उपचारका लागि काठमाडौंको फ्रन्टलाइन अस्पतालमा लगिएको थियो। सो घटनापछि उक्त मतदान केन्द्रको मतदान स्थगित भएर जेठ ४ गते पुनः मतदान भयो।

यसैगरी, उदयपुर जिल्ला कटारी नगरपालिका-१० का १९ वर्षीय नवीन भनिने वीरबहादुर कटुवालको स्थानीय तह निर्वाचनका क्रममा कटारी नगरपालिका-१० स्थित सोरुङछबिसेको कालिका माध्यमिक विद्यालयको मतदान केन्द्रमा ०७९ वैशाख ३० गते प्रहरीले प्रहार गरेको गोली लागेर घटनास्थलमै मृत्यु भयो। मतपेटिका शील गर्ने क्रममा निषेधित क्षेत्रतर्फ स्थानीयको भिड बढेपछि प्रहरीले सुरक्षाका लागि गोली चलाउँदा कटुवालको मृत्यु भएको प्रमुख जिल्ला अधिकारी वीरेन्द्रकुमार यादवले बताए।

स्थानीय तह निर्वाचनमा भएका गम्भीर घटनाहरूमा दण्डहीनताको अवस्थाले प्रदेश र प्रतिनिधिसभा निर्वाचनका क्रममा पनि मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनाले निरन्तरता पाए। बाजुरा जिल्लामा गम्भीर प्रकृतिका आपराधिक तथा मानव अधिकार उल्लङ्घनका घटनाहरू भए। स्थानीय तहको निर्वाचनमा बुढीगङ्गा नगरपालिकामा बुथ कब्जाका कारण पुनःनिर्वाचन भयो। पुनःनिर्वाचन सम्पन्न भए पनि स्थानीय तहमा गरिएको बल प्रयोगको घटनाका दोषीउपर आवश्यक कारबाही नभएकाले प्रदेश र प्रतिनिधिसभा निर्वाचनमा जघन्य प्रकृतिको घटना भयो। बाजुरा जिल्ला त्रिवेणी नगरपालिका-७ नाटेश्वरी आधारभूत विद्यालयको मतदान केन्द्रमा सुरक्षाकर्मीको गोली लागेर त्रिवेणी नपा-७ कोसेडीका २४ वर्षीय सञ्जीव अयडीको मृत्यु भयो। मतदान केन्द्रमा दोहोरो झडपका क्रममा सुरक्षाकर्मीको गोली लागेर सञ्जीवको घटनास्थलमै मृत्यु भएको थियो। घटनामा त्रिवेणी नपा-७ का ३८ वर्षीय निर्वाचन स्वयम्सेवक पर्शुराम उपाध्याय, नेपाली कांग्रेसका प्रतिनिधि ३६ वर्षीय खडकबहादुर अयडी र ४८ वर्षीय पूर्व वडाअध्यक्ष प्रेमबहादुर थापा घाइते भए। शवको पोष्टमार्टम मङ्सिर ८ गते जिल्ला अस्पतालमा भयो।

आफ्ना कार्यकर्ताको प्रहरीको गोली लागेर मृत्यु भएको घटनाको प्रतिशोध जस्तो देखिने घटनामा अनेरास्ववियुका केन्द्रीय सदस्य त्रिवेणी नगरपालिका-७ का ३२ वर्षीय चेतन अयडीको कांग्रेस कार्यकर्ताको कुटपिटबाट ०७९ मङ्सिर ४ गते राति मृत्यु भयो। त्रिवेणी नपा-७ को नाटेश्वरी आधारभूत विद्यालय दम्था मतदान केन्द्रको विवादलाई लिएर नेपाली कांग्रेसका कार्यकर्ताहरूले चेतन अयडीको घरमै गएर कुटपिट गरेर हत्या गरेको उनका भाइ मिलन अयडीले बताए। अयडीलाई पौने ५ बजे मतदान केन्द्र नजिकै कांग्रेसका कार्यकर्ताले कुटपिट गरेर घाइते भएका अयडीलाई भाइ र बहिनीले घर लगेकोमा सो पार्टीका कार्यकर्ताले साँझ ७ बजेतिर घर भित्रबाटै तानेर पुनः निर्घात कुटपिट गरेका थिए।

निर्वाचनका क्रममा स्याङ्जा जिल्लाको क्षेत्र नं २ चापाकोट नगरपालिकाका वडा नम्बर ३, ४ र ५ का चार ओटा बुथ कब्जा भएको भन्दै नेकपा एमाले, राष्ट्रिय स्वतन्त्र पार्टी, राप्रपालगायतका अन्य दल तथा स्वतन्त्र उम्मेदवारले पुनः मतदानको माग गरेको अवस्थामा स्थलगत अनुगमन गर्न मङ्सिर ९ गते स्याङ्जा गएको इन्सेकको टोलीमाथि केही व्यक्तिले अभद्र व्यवहार गरे। अवस्था अनुगमनका लागि इन्सेकको टोली चापाकोट नगरपालिका-५ स्थित जनसक्रिय आधारभूत विद्यालय, चिठीपोखरी मतदान केन्द्रमा पुगेको थियो। सोक्रममा टोलीले स्थानीय बासिन्दासँग मतदानका दिनको घटनाबारे छलफल गरेको थियो। छलफल सकाएर सदरमुकाम फर्कने क्रममा एक समूहले इन्सेकको टोलीलाई उहाँहरू सवार गाडीबाट ओर्लन लगाइ व्यक्ति तथा गाडीको फोटो खिच्ने, अनावश्यक सोधपुछ गर्ने, पछि फोन गरी गालीगलौज तथा धम्की दिएको थियो। अनुगमन टोलीले भ्रमणको उद्देश्य तथा संस्थाको परिचय त्यो समूहलाई दिएको भए पनि उनीहरूले तत्कालै फर्कन

सन् २०२२ मा घटनाअनुसार पीडित सङ्ख्या

प्रदेशका आधारमा

	प्रदेश १	मधेस प्रदेश	बागमति प्रदेश	गण्डकी प्रदेश	लुम्बिनी प्रदेश	कर्णाली प्रदेश	सुदूरपश्चिम प्रदेश	कुल जम्मा
अपहरण	२	१५	२	१	१५			३५
गिरफ्तार	२०		३८	६	६	१	१०	८१
कुटपिट	५६	८७	८७	१५	३२	१२६	४५	४४८
बाल अधिकार	२९९	२००	४१४	११७	२४२	८०	१०१	१४५३
हिरासतमा मृत्यु	१				२	१		४
अमानवीय व्यवहार	१	१	२	२	५	८	६	२५
घाइते	४५	३२	५५	३	५९	२७	३५	२५६
हत्या	७४	९०	६२	२०	४०	१६	३०	३३२
जातीय विभेद	१	२	२		७	५	५	२२
अभिव्यक्ति, भेला तथा सङ्गठित हुने अधिकार	९	३५	२७५	३३	४८	१५		४०५
धम्की	१	५	५	६	३	५	२	२७
यातना		१	४					५
महिला अधिकार	४५७	२१०	४३४	३३७	१६२३	२११	९५६	४२२८
कारागारमा मृत्यु	४		४५	१	१		२	५३
बेपत्ता					१	१		२
कुल जम्मा	९७०	६६८	१४२५	५४१	२०८४	४९६	११९२	७३७६

र भविष्यमा जे पनि हुनसक्ने भन्दै धम्क्याएको थियो। सार्वजनिक वक्तव्य र सुरक्षा सम्बद्ध निकायलाई यसबारेमा जानकारी गराउँदा समेत घटनाका सम्बन्धमा अनुसन्धान भएन।

स्वच्छ निर्वाचनका लागि अबको बाटो

लोकतन्त्रको स्थायित्वका आलोकमा यसपटक सम्पन्न स्थानीय तह तथा प्रदेश र प्रतिनिधि सभाको निर्वाचन समयमै सम्पन्न हुनु नेपालको सन्दर्भमा निकै महत्त्वपूर्ण रहयो। मानव अधिकार र विधिको शासन एकअर्काका पूरक हुन् जसलाई लोकतान्त्रिक प्रणालीले मात्र जीवित राख्न सक्छ। नेपालमा २००७ सालदेखि सुरु भएको लोकतन्त्रतर्फको यात्रा आवधिक निर्वाचनमा पुगेको अवरोध, निर्वाचन परिणामले सुनिश्चित गर्नुपर्ने सामाजिक न्याय, यसको स्वच्छता र विश्वासका कारण हासिल गर्नुपर्ने जनसमर्थनको अभावका कारण खण्डित भएका थिए। २०७२ सालमा नेपालको संविधान जारी भएपश्चात सम्पन्न यस निर्वाचनले संवैधानिक स्थायित्वतर्फको यात्राको सङ्केत गरेको छ। यसअर्थमा निर्वाचनले मानव अधिकारमैत्री राज्य संरचना निर्माणमा योगदान गर्ने अपेक्षा गरिएको छ।

अभिलेखित घटना र निर्वाचन प्रक्रिया प्रभावित गराउन प्रयोग गरिएका अदृष्य खेलहरूले जनमत नियन्त्रणको दुष्प्रयास प्रकट भएका छन्। सङ्घीय लोकतान्त्रिक गणतन्त्रको स्थापना राजनीतिक दलको नेतृत्वमा सञ्चालित जनआन्दोलनबाट मात्र सम्भव भएको हो। सशस्त्र सङ्घर्ष र पृष्ठभूमिमा भएको मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका चक्रहरूबाट मुक्त हुन नागरिकलाई सङ्गठित र परिचालन गर्ने राजनीतिक नेतृत्वले निर्वाचनका विकृति निर्मूल गर्न आफ्ना राजनीतिक दलको सङ्गठन र पङ्क्तिलाई सूचित, परिचालित गर्नुपर्ने बेला आएको छ। कतिपय घटनामा देखिएजस्तो दलका सङ्गठन र कार्यकर्ताहरू मतदातालाई आकर्षित गर्नुको सट्टा नियन्त्रण गर्नतर्फ लाग्ने गरेको देखियो। यस्ता क्रियाकलापमा संलग्नहरूलाई कानुनी कारबाही नहुने हो भने लोकतन्त्रको मर्ममाथि प्रहार बढेर जानेछ।

आगामी दिनमा निर्वाचन खर्चका लागि आर्थिक सङ्कलन र परिचलानमा पारदर्शिता, निर्वाचन प्रचारमा स्वतन्त्रता र मर्यादा, निर्वाचन प्रक्रियामा अधिक जनसहभागिता, निर्वाचन सचेतनाको स्तर वृद्धि, निर्वाचन कानुनको सामयिक सुधार तथा पालना र निर्वाचनमा शान्ति सुरक्षाको पूर्ण सुनिश्चितताका लागि प्रमुख राजनीतिक दल, संसद र सामाजिक सङ्घ संस्थाहरूको योगदानको आवश्यकता रहेको छ। निर्वाचनमा प्रतिनिधित्वको सुनिश्चितताका लागि विदेशमा रहेका नेपाली नागरिकहरूले मतदान गर्ने व्यवस्था समेत आजको समयको आवश्यकता बनेको छ। अपराधको राजनीतीकरणको अन्त्य र नियन्त्रित प्रतिस्पर्धा उन्मुख नेपालको निर्वाचन र राजनीतिक प्रणालीको पुन:संरचनाका लागि सामाजिक तथा राजनीतिक अभियान सञ्चालन गर्नुपर्ने देखिन्छ। जनप्रतिनिधित्वको मर्म स्खलित हुँदै जान्छ। प्रकारान्तरले निर्वाचनहरू आवरणमा लोकतन्त्रको पर्याय भए पनि राजनीतिक दुष्कर्मका परिणामले बदनाम हुन्छन्।

वर्षका उल्लेख्य मानवअधिकार सरोकार

इन्सेकले वर्षभरि गरेको मानव अधिकार अवस्था अनुगमनका आधारमा गम्भीर प्रकृतिका मानव अधिकार उल्लङ्घनका घटना तथा विषयगत सरोकारलाई उल्लेख्य विषयका रूपमा संक्षिप्त चर्चा प्रस्तुत गरेका छौं।

जेल र हिरासतभित्र मृत्युका घटनामा जबाफदेहीताको खोजी

रोल्पा कारागारमा जेठ ४ गते झुण्डिएको अवस्थामा बाँके जिल्ला नेपालगञ्ज उपमनपा-२ का सुन्दर हरिजन मृत भेटिए। जिल्ला अदालत बाँकेले सुन्दर हरिजनलाई ३ महिना कैद र ५० हजार रुपियाँ जरिबाना तोकेको थियो। घटनामा मृत भेटिएका हरिजनको अभिलेख रोल्पा कारागारका अनुसार सुर्खेत जिल्ला बराहताल गाउँपालिका- १ घोडाआँखेका २७ वर्षीय विजयविक्रम शाह भएको र शाहको सट्टामा उनले कैद भुक्तान गरेको तथ्य इन्सेकलगायतका मानव अधिकार संस्थाले गरेको घटना अध्ययन प्रतिवेदनले सार्वजनिक गऱ्यो। नेपालको कारागार प्रशासनको गैरजिम्मेवारी, कुशासन र मानव अधिकार विरुद्धको जघन्य अपराध त त्यतिबेला सार्वजनिक भयो जब ५ वर्ष कैद र ५० हजार रूपियाँ जरिबाना तोकिएका विजयविक्रम शाह केही महिना अघि नै कारागारबाट छुटेको र पत्नीलाई लिएर गएको परिवारजनबाटै सार्वजनिक भयो।

कारागारमा कैदीबन्दीको जीवनमाथि असुरक्षा बढ्दै गएको देखिन्छ। यस वर्ष कारागारभित्र भएका ५४ घटनामा ६ जना कैदीबन्दी घाइते ५३ जनाको मृत्यु भएको अभिलेख इन्सेकले गऱ्यो। अघिल्लो वर्षमा जस्तै यस वर्ष पनि कारागारका चौकीदारको निर्देशनमा कारागारका नाइके र भाइ नाइकेहरूले कुटपिट गर्ने तथा यातना दिने एवम् अत्याचार गर्ने गरेको भन्दै कैदीबन्दी आन्दोलित भएपछि भएका झडपको घटनाहरू अभिलेखित भए। राज्यको

संरक्षणमा रहेका कैदीबन्दीको जीवनको रक्षा र संरक्षणको अधिकारमाथिको खेलवाडमा संग्लनहरूको पहिचान र तिनीहरू उपर कानुनी कारबाही नहुनुले मानव अधिकारप्रति राज्यको उदासीनता प्रकट भएकोछ ।

यस वर्ष हिरासतमा दुई यातनाका घटनामा पाँच जना पीडित भएको तथा चार जनाको मृत्यु भएको इन्सेकले अभिलेख गऱ्यो। अभिलेखित घटना अनुसार अघिल्लो वर्ष पाँच जनाको मृत्यु तथा यातनाका घटना तीन जना पीडित भएको अभिलेख थियो। अघिल्लो वर्ष भन्दा घटनाको सङ्ख्या तथा प्रबृत्तिमा आएको बढोत्तरीले राज्यको लापरबाहीलाई सङ्केत गरेको छ। हरेक वर्ष हिरासतमा हुने मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटना क्रमशः बढ्दै जानु गम्भीर विषय हो।

सुर्खेत जिल्ला वीरेन्द्रनगर नपा-१३ भूतचोकका ५८ वर्षीय धनिराम लामिछानको डिभिजन वन कार्यालय, सुर्खेतको हिरासतमा २०७९ भदौ २ गते मृत्यु भयो। लामिछानेलाई ०७९ भदौ २ गते सालको रुख काटेको आरोपमा वन कार्यालय, सुर्खेतका कर्मचारीले गिरफ्तार गरेका थिए। मृतकका आफन्तले कार्यालयका कर्मचारीको कुटपिटबाट मृत्यु भएको आरोप लगाउँदै सहायक वन अधिकृत कृष्णराम धिताल, फरेस्टर सन्तोष खत्री, वन रक्षक पीयूषराज तिवारी र सुरेन्द्र रानाविरुद्ध भदौ ३ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। प्रहरीले २०७९ भदौ ४ गते घटनाका आरोपितहरूलाई गिरफ्तार गऱ्यो। अरोपितहरू भदौ २६ गते रिहा भए। घटनाका विषयमा छानबिन गर्न भदौ ३ गते कर्णाली प्रदेशका मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका सचिव प्रेम आचार्यको संयोजकत्वमा पाँच सदस्यीय छानबिन समिति गठन भयो। प्रतिवेदन सार्वजनिक भएन।

व्यक्तिको सम्मानपूर्वक बाँच्न पाउने हक पालना नगर्ने राज्यका संयन्त्रका क्रियाकलाप दण्डनीय हुन्छन्। जेल र हिरासतमा स्वार्थ समूहको इसारामा प्रयोग भएर कानुन हातमा लिने क्रियाकलाप गर्नु मानव अधिकारको गम्भीर उल्लङ्घन हो। मानव अधिकारको विश्वव्यापी घोषणापत्र, नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र र नेपालको संविधानले गिरफ्तार भएको वा थुनामा रहेको व्यक्तिलाई शारीरिक वा मानसिक यातना दिने, अमानवीय वा अपमानजनक व्यवहार गर्ने कार्यलाई मानव अधिकार विरुद्धको कार्य भनेको छ। थुनुवा कक्ष र कारागारमा रहेका कैदी, थुनुवा र बन्दीको जीवनमाथि हुने असुरक्षा निराकरण गर्न राज्यको जवाफदेहिताको खोजी गर्नुपर्छ।


राष्ट्रिय मानव अधिकार आयोगको श्रेणी घटुवा सिफारिस

संसदीय सुनुवाइको कानुनी प्रबन्ध मुताबिक ४५ दिनभित्र सुनुवाइ पूरा नभए वा निर्णयमा नपुगे स्वतः नियुक्त गर्न योग्य हुने प्रबन्धको आलोकमा राष्ट्रिय मानव अधिकार आयोगका पदाधिकारीको नियुक्ति पश्चात यस विषयमा नेपालको सर्वोच्च अदालतमा मुद्दा पऱ्यो। मुद्दाको फैसला ढिलाइ भइरहेको अवस्थामा ग्लोबल एलायन्स अफ न्यासनल ह्युमन राइट्स इन्स्टिच्युसन्ले नेपालको मानव अधिकार आयोगको स्तर पुनरावलोकन गर्न प्राप्त गरेको विशेष अपिल पश्चात गरेको सिफारिसले राष्ट्रिय मानव अधिकार आयोगको स्तर 'ख' श्रेणीमा घटुवा गर्न सिफारिस गरेको छ। विभिन्न समयमा नेपालका मानव अधिकारकर्मी र संस्थाहरूले गरेको वकालत र संघर्षको जगमा स्थापित आयोगको श्रेणी घटुवाको सिफारिसले चिन्ता थपेको छ।

ग्लोबल एलायन्सको राष्ट्रिय मानव अधिकार संस्थाको मान्यता मूल्याङ्कनसम्बन्धी विशेष कमिटीले वर्तमान पदाधिकारीहरूको नियुक्ति प्रक्रियाले मानव अधिकार संस्थाहरूसम्बन्धी पेरिस सिद्धान्तले निर्दिष्ट गरेका आवश्यकताहरू पूरा नगरेको कारण राष्ट्रिय मानव अधिकार आयोगको संस्थागत स्वतन्त्रतामा प्रतिकूल असर पार्न सक्ने, साथै संस्थाको स्थायित्व र विश्वसनीयतालाई खतरामा पार्ने कुरामा सरोकार व्यक्त गरेको छ। साथै श्रेणी घटुवाको सिफारिसको कार्यान्वयनका लागि एक वर्षको अवधि कायम गरेको र समयको सङ्क्रमणका बीचमा नियुक्ति प्रक्रिया लगायत, कार्यक्षमता र मानव अधिकार संरक्षण र संवर्द्धनका कार्यमा ठोस कार्ययोजना र उपलब्धि पेश गर्ने मौका प्रदान गरेको छ।


स्थापनाकाल देखिनै 'क' श्रेणीमा रहेको राष्ट्रिय मानव अधिकार आयोगको श्रेणी मूल्याङ्कन राष्ट्रिय मानव अधिकार संस्थाको अवधारणाको पेरिस प्रिन्सिपल परिपालनाको सन्दर्भमा गर्ने गरिन्छ। पेरिस प्रिन्सिपलको पूर्ण पालना गरी गठन र सञ्चालन गरिएको आयोगलाई 'क' श्रेणी प्रदान गरिन्छ भने आंशिक पालना गरेका आयोगलाई 'ख' श्रेणी प्रदान गरिन्छ। एक सय २० देशका राष्ट्रिय मानव अधिकार आयोगहरू मिलेर बनेको ग्लोबल एलायन्सको मूल्याङ्कनमा ८८ देशहरूको स्तर 'क' श्रेणीमा रहेको छ भने ३२ राष्ट्र 'ख' श्रेणीमा रहेका छन्। 'ख' श्रेणीमा रहेका मानव अधिकार संस्थाहरू भएका राष्ट्रले संयुक्त राष्ट्रसङ्घ मानव अधिकार परिषद् तथा यसका सहायक निकायहरू र

महिला अधिकार



सरकारी तथा गैरसरकारी संस्थाले महिलामाथि हुने हिंसाका घटनाको न्यूनीकरणका लागि गरेका अनेक प्रयासका बाबजुद नेपालमा महिलामाथि हुने हिंसाका घटनामा कुनै कमी आएको छैन । चाहे त्यो घरेलु हिंसाका नाममा होस् वा बलात्कारका घटना । यसैगरी 'बोक्सी'को आरोपमा महिलामाथि दुर्व्यवहार हुने क्रम रोकिएको छैन । सन् २०२२ मा महिला अधिकारका घटनामा राज्यपक्षबाट एक जना र अन्यपक्षबाट ४ हजार २ सय २८ जना पीडित भएको इन्सेकले अभिलेख गऱ्यो । नेपाल प्रहरीको महिला तथा बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा सयौँको सङ्ख्यामा घरेलु हिंसापीडित महिलाले उजुरी गर्ने गरेका छन् । प्रहरीकै तथ्याङ्कलाई आधार मान्ने हो भने घरेलु हिंसाका अधिकांश घटनामा मेलमिलाप हुने गरेको छ । आर्थिक उपार्जनको कुनै बाटो नभएका महिला बाध्यभएर आफूमाथि कुटपिट गर्ने पति र परिवाजनका सदस्यसँग मेलमिलाप गर्न बाध्य हुन्छन्। गम्भीर प्रकारका हिंसाका घटनामासमेत मेलमिलाप भएका उदाहरण इन्सेकमा अभिलेख भए।

हिरासतमा मृत्यु



यस वर्ष प्रहरी हिरासतमा चार जनाको मृत्यु भएको अभिलेख भयो । हिरासतमा भएका मृत्युका घटनाप्रतिको जिम्मेवारी कसैले लिएको पाइएन । हिरासतमा हुने यस्ता घटनाको प्रवृत्ति दोहोरिनु सुखद् विषय होइन । यसतर्फ सरोकारवालाको ध्यान जानु जरुरी छ।

केही महासभाका निकाय तथा संयन्त्रहरूमा स्वतन्त्र सहभागिताको अधिकार व्यवस्था रहेको भए पनि 'ख' श्रेणीमा रहनेहरूलाई यस्तो अवसर रहँदैन। त्यसैगरी 'क' श्रेणीका आयोगहरू ग्लोवल एलायन्सको पूर्ण सदस्य रहने र यसको सञ्चालनका लागि मताधिकारसहित योग्य रहन्छन् भने 'ख' श्रेणीमा घटुवा भएपश्चात बैठकमा सहभागिता बाहेकका शासकीय अधिकार र हँदैन।

संयुक्त राष्ट्रसङ्घीय मानव अधिकार परिषद्को निर्वाचित सदस्य राष्ट्रको मानव अधिकार आयोगको श्रेणी घटुवाको सिफारिस हुनु मानव अधिकारको संस्थागत क्षमताप्रति गम्भीर प्रश्न हो। ग्लोबल एलायन्सको सिफारिसले निर्दिष्ट गरेका आवश्यक सुधार गरी स्थापनाकाल देखिको 'क' श्रेणीमा रहेको आयोगको स्तर कायम गर्न मानव अधिकार संस्थाहरू र मानव अधिकार आयोगले संयुक्त पहल गर्नु आजको आवश्यकता हो। नेपाल सरकार र सङ्घीय संसदले गर्नुपर्ने जरुरी सुधार तत्काल गरी ग्लोबल एलायन्ससँग आवश्यक प्रतिवद्धता र सुधारको प्रमाण पेश गरी आयोगको स्तर कायम गर्न अविलम्ब कार्य आरम्भ गर्नुपर्ने देखिन्छ।

विश्वव्यापी आवधिक समीक्षाका सिफारिस कार्यान्वयन

नेपाल सरकारले विश्वव्यापी आवधिक समीक्षा (युपीआर)को तेश्रो चक्र अन्तर्गतको प्रक्रियामा कार्यदलले गरेको सिफारिस बमोजिम प्राप्त २ सय ३३ सुझावमध्ये १ सय ९६ सिफारिस स्वीकार गरी कार्यान्वयन कार्ययोजना तर्जुमा गऱ्यो। २०७८ कात्तिकमा मन्त्रिपरिषद्ले युपीआरमा स्वीकार गरिएका सिफारिस कार्यान्वयन कार्ययोजना स्वीकृति गऱ्यो। मानव अधिकारको पाचौँ राष्ट्रिय कार्ययोजना र युपीआरको सिफारिस कार्यान्वयनका लागि एकीकृत प्रयत्न सुरु गरिएको प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को मानव अधिकार तथा अन्तर्राष्ट्रिय सन्धि माहाशाखाले सार्वजनिक गरेको प्रतिवद्धताले सिफारिस कार्यान्वयनमा प्रगति हुने आशा जगाएको छ। यद्यपि प्रगति प्रतिवेदनमा मापनयोग्य सङ्ख्या र गुणस्तरको तथ्याङ्क प्रस्तुत गर्न र सिफारिस कार्यान्वयनमा सरकारका तहगत निकाय र प्रदेश तथा स्थानीय सरकारको उत्तरदायित्व सुनिश्चित गर्नु चुनौतीपूर्ण देखिन्छ। सामाजिक संस्था र शैक्षिक सङ्घसंस्थासँगको सहकार्य प्रवर्धन गरी सिफारिसको स्थानीयकरण तथा तथ्याङ्कको सुनिश्चिततामा थप कार्य गर्नु आवश्यक देखिन्छ।

राज्य र मानव अधिकार

न्यायपालिका

न्यायपालिकाले व्यक्तिको स्वतन्त्रता र अधिकारको रक्षा गर्ने कानुनको व्याख्या र कार्यान्वयन गरेर मानव अधिकारको संरक्षणमा महत्वपूर्ण भूमिका खेल्ने दायित्व निर्वाह गर्नुपर्दछ। मानव अधिकारका अन्तर्राष्ट्रिय प्रावधानहरूसँग नेपालको कानुन मिल्दो जुल्दो छ कि छैन भन्ने सुनिश्चित गर्ने दायित्व पनि यसै को हो। नागरिकले आफ्ना अधिकारहरूको उल्लङ्घन भएका मुद्दाहरूको अदालतमा सुनुवाइ भएपछि उपयुक्त निर्णय हुन्छ र न्याय पाइन्छ भन्ने विश्वास गर्ने आधार भएन भने न्याय प्रणालीप्रतिको आस्था खस्किने खतरा हुन्छ। सरकारले गरेका कार्य वा निर्णय मात्र होइन, संसदबाट निर्माण गरिएको कुनै कानुनसमेत संविधान वा मानवअधिकार विपरीत भएको पाइएमा न्यायालयले खारेज गर्न सक्दछ।

कार्यपालिका

मानव अधिकारको पालनासँगै सरकारले सबै नागरिकको जीउज्यानको सुरक्षासमेत गर्नु पर्ने दायित्व हुन्छ। अपराध नियन्त्रण र कानुन कार्यान्वयनको मूल नेतृत्वकर्ता सरकार नै हो। मानव अधिकारको क्षेत्रका अतिरिक्त अन्य क्षेत्रमा राज्यले गर्ने खर्च र सरकारको नीतिबाट पनि सरकारको मानव अधिकार प्रतिको प्रतिबद्धता मापन हुन्छ। लोकतान्त्रिक सरकार को मुख्य काम भनेकै नागरिकको सम्मानित भएर बाँच्न पाउने अधिकार सुनिश्चित गर्नु हो।

व्यवस्थापिका

सरकारको कार्यसम्पादनको बारेमा प्रतिवेदन र अन्य जानकारीहरूको समीक्षा गर्ने र संवैधानिक तथा अन्य महत्त्वपूर्ण पदहरूमा नियुक्त गरिएका व्यक्तिहरूका सम्बन्धमा सुनुवाइ गर्ने कर्तव्य पनि संसदले कुशल ढङ्गले निर्वाह गर्न सकेन। यस वर्ष पनि सभामुखको द्वन्द्वकालीन हिंसात्मक गतिविधि र त्यससम्बन्धमा अदालतमा विचाराधीन मुद्दाको यदाकदा चर्चा भइरहृयो। मानवअधिकारका मुद्दाहरूका बारेमा चेतना जगाउन र मानव अधिकार को प्रवर्द्धन गर्न नागरिक समाजका संस्थाहरू र अन्य सरोकारवालाहरूसँग मिलेर काम गर्न संसदले आफ्नो स्वतन्त्रता प्रयोग गर्न सकेन। खासगरी नेकपाको विभाजनका कारण अघिल्लो वर्ष उदाएको नयाँ शक्ति समीकरणको रस्साकस्सीका कारण मानव अधिकारको संरक्षण र प्रवर्धनलगायत नागरिक अधिकार र स्वतन्त्रताको संरक्षण र सम्मान गर्ने दिशामा संसदको अपेक्षाकृत तदारुकता देखिएन।

सत्तापक्ष र प्रतिपक्ष पनि सरकार गिराउने र बनाउने प्रयत्नमा अधिकांश समय आमजनताको मुद्दाबाट विमुख देखिए।

मानव अधिकार रक्षकको अवस्था

वर्ष २०२२ मा मानव अधिकार र क्षकमाथि भएका १ सय ३७ घटनामा १ सय ७७ जना पीडित भए। राज्य पक्ष बाट भएका घटनामा ४० जना र अन्य पक्षबाट भएका १ सय २२ घटनामा १ सय ३७ जन पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। विगत वर्षदेखि नै इन्सेकले प्रदेश र सङ्घीय तहमा मानव अधिकार रक्षकको सुरक्षासम्बन्धी कानुनको आवश्यकताको वकालत गर्दै आएको थियो।

सन् २०२२ र मानव अधिकार उल्लङ्घनः तथ्य र तथ्याङ्क

इन्सेकले गरेको अभिलेखअनुसार सन् २०२२ मा मानव अधिकार उल्लङ्घन र ज्यादतीका ६ हजार ४ सय ७३ घटनामा ७ हजार ३ सय ७६ जना पीडित भए। सन् २०२१ मा मानव अधिकार उल्लङ्घन र ज्यादतीका ५ हजार ६ सय ११ घटनामा ६ हजार २ सय ८५ जना पीडित भएका थिए। यस वर्ष मानव अधिकार उल्लङ्घनका १ सय ६१ घटनामा ५० महिला र ५ सय ७२ पुरुष गरी जम्मा ६ सय २२ जना तथा ज्यादतीका ६ हजार ३ सय १२ घटनामा ५ हजार ९ सय ४४ महिला, ८ सय ७ जना पुरुष र ३ जना यौनिक तथा लैंगिक अल्पसङ्ख्यक गरी जम्मा ७ हजार ३ सय ७६ जना पीडित भएको अभिलेख भयो। यो सङ्ख्या गत वर्षभन्दा १ हजार ९१ जनाले बढी हो।

यस वर्ष राज्य पक्ष बाट ५ जनाको हत्या भयो। यातनाका घटनामा ५ जना, गिरफ्तारीका घटनामा ८१ जना, जातीय विभेदका घटनामा २२ जना, अमानवीय व्यवहारका घटनामा २५ जना, भेला तथा सङ्गठित हुने अधिकारमा ४ सय ५ जना, धम्कीका घटनामा २७ जना र कुटपिटका घटनामा ४ सय ४८ जना पीडित भएको अभिलेख भयो।

महिलामाथि हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

सन् २०२२ मा महिलामाथि हुने हिंसाका घटनामा ४ हजार २ सय २८ जना पीडित भएको अभिलेख भयो। यस वर्ष बेचविखनका प्रयासका घटनामा २४ जना, घरेलु हिंसाका घटनामा ३ हजार ३१ जना, 'बोक्सी'को आरोपमा २३ जना, बलात्कार का घटनामा ६ सय ५ जना, बलात्कार प्रयासका घटनामा १ सय ४५ जना, यौन दुर्व्यवहारको घटनामा ४२ जना र बेचबिखनका घटनामा २४ जना महिला पीडित भएको अभिलेख भयो।

यस वर्ष पारिवारिक हत्याका घटनामा १ सय ११ जना महिलाहरू मारिए। भनेजति दाइजो नल्याएको आरोपमा १ जना महिलाको हत्या भयो भने सोही कारणले २५ जना महिलामाथि हिंसा भएको अभिलेख भयो। यस वर्ष वैवाहिक बलात्कार का घटनामा १५ महिला पीडित भएको अभिलेख इन्सेकले गऱ्यो।

विगत वर्षहरूमा जस्तै यस वर्ष पनि पारिवारिक हत्याका विभत्स घटनाहरूको सङ्ख्या उल्लेख्य नै रह्यो। वैदेशिक रोजगारीमा गएका पति र पत्नीको सम्बन्ध र पारिवारिक बेमेलका घटनाहरू बढ्दै आएका छन्। यस वर्ष पञ्चपुरी नगरपालिका-३ तोक्माकी ३० वर्षीया मीना आलेलाई ०७९ मङ्सिर २० गते विदेशबाट पठाएको रकम हिनामिना गरेको आरोपमा ३८ वर्षीय पति अम्मर आले मगरले घाँटी रेटेर हत्या गरे। हत्याको आरोपमा प्रहरीले ३८ वर्षीय पति अम्मर आले मगरलाई मङ्सिर २० गते गिरफ्तार गऱ्यो। मीना आलेको घाँटी काटी टाउको प्लाष्टिकको थैलोमा बोकेर आत्मसमर्पणका लागि प्रहरी चौकीमा जाँदै गरेको अवस्थामा प्रहरीले आरोपितलाई गिरफ्तार गरेको थियो। आरोपितलाई जिल्ला अदालत सुर्खेतले मंसिर २८ गते पुर्पक्षको लागि थुनामा पठाउने आदेश गऱ्यो।


कुप्रथा र अन्धविश्वासका कारण वर्षौंदेखि बोक्सीको आरोपमा अकारण ज्यान गुमाउने तथा पीडा र बहिष्करणको दुष्चक्रमा महिलाहरू पीडित हुने क्रम यस वर्ष पनि रोकिएन। रामेछाप जिल्ला खाँडादेवी गाउँपालिका-३ भिरपानीकी ५२ वर्षीया बीबा माझीको ०७९ असोज ९ गते स्थानीयले पितृ उत्रिएको भन्दै चामल प्रहार गर्दै लछारपछार गर्दा मृत्यु भयो। घटनामा पीडितकी ७० वर्षीया आमा सुनमाया माझी घाइते भइन्।

बाल अधिकार

यस वर्ष बाल अधिकार उल्लङ्घनका १ हजार ४ सय ६ घटनामा १ हजार ४ सय ५३ जना पीडित भए। जसमध्ये बलात्कारका घटनामा १ हजार नौ जना, यौन दुर्व्यवहारका घटनामा ३ सय ४५ जना, र विद्यालयमा शारीरिक सजाय दिइएका घटनामा १४ बालबालिका पीडित भएको इन्सेकमा अभिलेख भयो।


बाल अधिकारको संरक्षणका विकसित आयामहरूमा राज्यको ध्यानाकर्षण हुन नसकेका प्रशस्त सरोकारहरू छन्। तर, संरक्षक ठानिएका

सन् २०२२ मा प्रदेश १ अन्तर्गतका स्थानीय तहमा भएका घटनाअनुसार पीडित सङ्ख्या



यो वर्ष प्रदेशका १ का १ सय ३७ स्थानीय तहमध्ये ११ स्थानीय तहमा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटना अभिलेख भएनन्। दमक नगरपालिकामा सबैभन्दा बढी ४३ जना पीडित भएका घटना इन्सेकले अभिलेख गऱ्यो। १ सय स्थानीय तहमा एकदेखि १० जना पीडितको अभिलेख भयो। १३ स्थानीय तहमा ११ देखि २० जना पीडितको अभिलेख भयो। ११ स्थानीय तहमा २१ देखि ९ जना पीडितको अभिलेख भयो। ३० जनाभन्दा बढी पीडित भएका दुई स्थानीय तह रहे। प्रदेश १ मा राज्यपक्षबाट भएका मानव अधिकार उल्लङ्घनका घटनामा ५२ जना र अन्यपक्षबाट भएका मानव अधिकार ज्यादतीका घटनामा ९ सय १८ जना पीडित भए। महिला अधिकार उल्लङ्घनका घटनामा ४ सय ५७ जना महिला र बाल अधिकार उल्लङ्घनका घटनामा २ सय ९९ जना पीडित भए।

सन् २०२२ मा मधेस प्रदेशअन्तर्गतका स्थानीय तहमा भएका घटनाअनुसार पीडित सङ्ख्या




मधेस प्रदेश

- 0
- १–१०
- ११–२०
- २१–३०
- ३०+
- राष्ट्रिय निकुञ्ज/संरक्षित क्षेत्र




यो वर्ष मधेश प्रदेशका १ सय ३६ स्थानीय तहमध्ये १६ स्थानीय तहमा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटना अभिलेख भएनन्। बीरगंज महानगरपालिकामा सबैभन्दा बढी ४३ जना पीडित भएका घटना इन्सेकले अभिलेख गऱ्यो। १ सय ५ स्थानीय तहमा एकदेखि १० जना पीडितको अभिलेख भयो । ११ स्थानीय तहमा ११ देखि २० जना पीडितको अभिलेख भयो । दुई स्थानीय तहमा २१ देखि २९ जना पीडितको अभिलेख भयो। ३० जनाभन्दा बढी पीडित भएका दुई स्थानीय तह रहे। मधेश प्रदेशमा राज्यपक्षबाट भएका मानव अधिकार उल्लङ्घनका घटनामा ४१ जना र अन्यपक्षबाट भएका मानव अधिकार ज्यादतीका घटनामा ६ सय २७ जना पीडित भए । महिला अधिकार उल्लङ्घनका घटनामा २ सय १० जना महिला र बाल अधिकार उल्लङ्घनका घटनामा २ सय जना पीडित भए।

सन् २०२२ मा बागमती प्रदेशअन्तर्गतका स्थानीय तहमा भएका घटनाअनुसार पीडित सङ्ख्या




यो वर्ष बागमती प्रदेशका १ सय १९ स्थानीय तहमध्ये ११ स्थानीय तहमा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटना अभिलेख भएनन्। काठमाडौँ महानगरपालिकामा सबैभन्दा बढी ४ सय ७७ जना पीडित भएका घटना इन्सेकले अभिलेख गऱ्यो। ८४ स्थानीय तहमा एकदेखि १० जना पीडितको अभिलेख भयो। १४ स्थानीय तहमा ११ देखि २० जना पीडितको अभिलेख भयो। चार स्थानीय तहमा २१ देखि २९ जना पीडितको अभिलेख भयो। ३० जनाभन्दा बढी पीडित भएका ६ स्थानीय तह रहे। बागमती प्रदेशमा राज्य पक्षबाट भएका मानव अधिकार उल्लङ्घनका घटनामा ३ सय ७५ जना र अन्य पक्षबाट भएका मानव अधिकार ज्यादतीका घटनामा १ हजार ५० जना पीडित भए। महिला अधिकार उल्लङ्घनका घटनामा ४ सय ३४ जना महिला र बाल अधिकार उल्लङ्घनका घटनामा ४ सय १४ जना पीडित भए।

सन् २०२२ मा गण्डकी प्रदेशअन्तर्गतका स्थानीय तहमा भएका घटनाअनुसार पीडित सङ्ख्या




यो वर्ष गण्डकी प्रदेशका ८५ स्थानीय तहमध्ये १३ स्थानीय तहमा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटना अभिलेख भएनन्। पोखरा महानगरपालिकामा सबैभन्दा बढी ६२ जना पीडित भएका घटना इन्सेकले अभिलेख गऱ्यो। ६१ स्थानीय तहमा एकदेखि १० जना पीडितको अभिलेख भयो। सात स्थानीय तहमा ११ देखि २० जना पीडितको अभिलेख भयो। दुई स्थानीय तहमा २१ देखि २९ जना पीडितको अभिलेख भयो। ३० जनाभन्दा बढी पीडित भएका दुई स्थानीय तह रहे। गण्डकी प्रदेशमा राज्य पक्षबाट भएका मानव अधिकार उल्लङ्घनका घटनामा ४० जना र अन्य पक्षबाट भएका मानव अधिकार ज्यादतीका घटनामा ५ सय १ जना पीडित भए। महिला अधिकार उल्लङ्घनका घटनामा ३ सय ३७ जना महिला र बाल अधिकार उल्लङ्घनका घटनामा १ सय १७ जना पीडित भए।

सन् २०२२ मा लुम्बिनी प्रदेशअन्तर्गतका स्थानीय तहमा भएका घटनाअनुसार पीडित सङ्ख्या




यो वर्ष लुम्बिनी प्रदेशका १ सय ९ स्थानीय तहमध्ये तीन स्थानीय तहमा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटना अभिलेख भएनन्। सिद्धार्थनगर नगरपालिकामा सबैभन्दा बढी १ सय ५३ जना पीडित भएका घटना इन्सेकले अभिलेख गऱ्यो। ५४ स्थानीय तहमा एकदेखि १० जना पीडितको अभिलेख भयो। २० स्थानीय तहमा ११ देखि २० जना पीडितको अभिलेख भयो। ११ स्थानीय तहमा २१ देखि २९ जना पीडितको अभिलेख भयो। ३० जनाभन्दा बढी पीडित भएका २१ स्थानीय तह रहे। लुम्बिनी प्रदेशमा राज्यपक्षबाट भएका मानव अधिकार उल्लङ्घनका घटनामा ६६ जना र अन्य पक्षबाट भएका मानव अधिकार ज्यादतीका घटनामा २ हजार १८ जना पीडित भए। महिला अधिकार उल्लङ्घनका घटनामा १ हजार ६ सय २३ र बाल अधिकार उल्लङ्घनका घटनामा २ सय ४२ जना पीडित भए।

सन् २०२२ मा कर्णाली प्रदेशअन्तर्गतका स्थानीय तहमा भएका घटनाअनुसार पीडित सङ्ख्या



यो वर्ष कर्णाली प्रदेशका ७९ स्थानीय तहमध्ये नौ स्थानीय तहमा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटना अभिलेख भएनन् । वीरेन्द्रनगर नगरपालिकामा सबैभन्दा बढी ३८ जना पीडित भएका घटना इन्सेकले अभिलेख गऱ्यो । ५६ स्थानीय तहमा एकदेखि १० जना पीडितको अभिलेख भयो । ११ स्थानीय तहमा ११ देखि २० जना पीडितको अभिलेख भयो । दुई स्थानीय तहमा २१ देखि २९ जना पीडितको अभिलेख भयो । ३० जनाभन्दा बढी पीडित भएका एक स्थानीय तह रहे। कर्णाली प्रदेशमा राज्यपक्षबाट भएका मानव अधिकार उल्लङ्घनका घटनामा ३३ जना र अन्यपक्षबाट भएका मानव अधिकार ज्यादतीका घटनामा ४ सय ६३ जना पीडित भए । महिला अधिकार उल्लङ्घनका घटनामा २ सय ११ जना र बाल अधिकार उल्लङ्घनका घटनामा ८० जना पीडित भए ।

सन् २०२२ मा सुदूरपश्चिम प्रदेशअन्तर्गतका स्थानीय तहमा भएका घटनाअनुसार पीडित सङ्ख्या



यो वर्ष सुदूरपश्चिम प्रदेशका ८८ स्थानीय तहमध्ये १० स्थानीय तहमा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटना अभिलेख भएनन्। धनगढी उपमहानगरपालिकामा सबैभन्दा बढी २ सय ७ जना पीडित भएका घटना इन्सेकले अभिलेख गऱ्यो। ५२ स्थानीय तहमा एकदेखि १० जना पीडितको अभिलेख भयो। १६ स्थानीय तहमा ११ देखि २० जना पीडितको अभिलेख भयो। तीन स्थानीय तहमा २१ देखि २९ जना पीडितको अभिलेख भयो। ३० जनाभन्दा बढी पीडित भएका सात स्थानीय तह रहे। सुदूरपश्चिम प्रदेशमा राज्य पक्षबाट भएका मानव अधिकार उल्लङ्घनका घटनामा १५ जना र अन्य पक्षबाट भएका मानव अधिकार ज्यादतीका घटनामा १ हजार १ सय ७७ जना पीडित भए। महिला अधिकार उल्लङ्घनका घटनामा ९ सय ५६ जना र बाल अधिकार उल्लङ्घनका घटनामा १ सय १ जना पीडित भए।

शिक्षक नै अपहरणपछि हत्या जस्ता कार्यमा सामेल भएको घटनाले बालबालिकाको सुरक्षामा चुनौती थपेको छ। १४ वर्षीय नीरज पासवानको अपहरणपछि हत्या गरेको आरोपमा प्रहरीले पर्सा जिल्ला धोबिनी गाउँपालिका-१ घोडदौडपिप्रा निवासी ३० वर्षीय शिक्षक दिलीपकुमार पटेल र वीरगंज महानगरपालिका-१७ अलौका २४ वर्षीय श्यामप्रसाद यादवलाई ०७९ पुस १३ गते गिरफ्तार गऱ्यो। मृतक पासवान अध्ययनरत वीरगञ्ज महानगरपालिका-१७ अलौस्थित गुरुकुल पन्ना मेमोरियल इङ्गलिस बोर्डिङ स्कूल अलौका शिक्षकद्वय पटेल र यादवले फिरौती रकमका लागि पासवानलाई मङ्सिर ५ गते अपहरण गरेका थिए। बालकको अपहरण भएकै दिन हत्या गरिएको उनीहरूले प्रहरीसमक्ष स्वीकार गरे। पुस १० गते साँझ ५ बजे बालक अध्ययनरत विद्यालयको पुरानो भवन नजिकैको सेप्टिक ट्याङ्कबाट शव बरामद गरिएको थियो। आरोपितहरूले पुस १७ गते फिरौतीका लागि बालकका अभिभावकसँग फोनमार्फत रकम माग गरेपछि प्रहरीलाई खबर गरिएको थियो।

निष्कर्ष

यस वर्ष नेपालमा सम्पन्न स्थानीय तह, प्रदेश सभा तथा प्रतिनिधि सभा निर्वाचनले लोकतन्त्रको अभ्यासमा महत्वपूर्ण योगदान गऱ्यो। तर, निर्वाचनका क्रममा केही स्थानमा हत्या, बुथ कब्जा, मतदाता नियन्त्रणका लागि दृश्य र अदृश्य स्रोतहरूको प्रयोग भएको देखियो। आवधिक रूपमा तीनै तहको निर्वाचन सम्पन्न हुँदा संविधानले कल्पना गरेको सामाजिक न्याय, लोकतन्त्र र मानव अधिकारको रक्षा हुने आशाको सञ्चार भयो। तर, निर्वाचनजन्य अपराध तथा मानव अधिकार उल्लङ्घनमा राजनीतिक दल र राज्यका निकायहरूको जवाफदेहितामाथिको प्रश्न अनुत्तरित नै रह्यो। राष्ट्रिय मानव अधिकार आयोगको श्रेणी घटुवाका लागि ग्लोबल एलायन्सले गरेको निर्णय र राज्यका लागि गरेको सिफारिसप्रतिको उदासीनताले मानव अधिकारको संस्थागत क्षमता र प्रभाव कमजोर हुनेतर्फ सङ्केत गरेको छ। विगत वर्षमाझैं यस वर्ष पनि जेल र हिरासतमा मृत्युका घटनाहरू हुनुले राज्यको संवेदनहीनता प्रकट भएको छ।

सुझाव

- स्वच्छ आवधिक निर्वाचन लोकतन्त्रको आधार स्तम्भ भएकोले मतदान केन्द्रहरू मतदाताको सुविधा अनुकूल बनाउने, भयरहित निर्वाचनका लागि आवश्यक सुरक्षा प्रबन्ध गर्ने, राजनीतिक दलहरूलाई अनुशासनमा राख्ने, र निर्वाचन आयोगलाई कानुनी रूपमा सवलीकरण गर्ने कार्य तत्काल आरम्भ गर्नु आवश्यक देखिन्छ.
- निर्वाचनमा प्रविधिको प्रयोग गर्न अनुकूल अवस्था सृजना गर्ने, राजनीतिक दल र तिनका सम्बद्ध सङ्गठनहरूले लोकतन्त्रका लागि स्वच्छ निर्वाचनको अभ्यास आफ्नो पङ्क्तिमा पालना गराउने, मतदाता शिक्षाको नियमित क्रियाकलाप सञ्चालन गर्ने तथा निर्वाचनमा भएका मानव अधिकार विरुद्धका घटनामा संग्लनहरूलाई कानुनी दयारामा ल्याउने कार्यमा राज्यका निकाय र राजनीतिक दलहरूको जबाफदेहिता सुनिश्चित हुनु जरुरी देखिन्छ।
- राष्ट्रिय मानव अधिकार आयोगको श्रेणी घटुवाका लागि ग्लोबल एलायन्सले गरेको निर्णय र अवस्था सुधारका लागि राज्यलाइ प्राप्त समयभित्र सुझाव कार्यान्वन गरि आयोगको श्रेणी 'क' कायम गर्न तत्काल आवश्यक कार्य सम्पादन गर्नु आवश्यक देखिन्छ।
- जेलभित्र हुने गम्भीर प्रकृतिका घटनामा छानविन र संलग्न व्यक्ति तथा निकायलाई आवश्यक कानुनी दायित्वमा उत्तरदायी बनाउनुपर्ने र प्रहरी हिरासतमा हुने यातनाका घटनामा कमी ल्याउन प्रभावकारी कदम चाल्नुपर्ने। क्षमताभन्दा बढी कैदीबन्दी राखिएका कारण कारागारका कैदीबन्दीको अवस्था कष्टकर रहेको छ। कारागारको अवस्था सुधारका लागि आवश्यक कार्य गर्नुपर्ने।
- बालबालिका र महिलाको संरक्षणका लागि हिंसाका घटनामा पीडितको न्यायका लागि द्रुत प्रक्रियाबाट न्याय सम्पादन गरी बालबालिका तथा महिलाको प्रतिरोध क्षमता अभिवृद्धि गर्न प्रभावकारी कार्यक्रम सञ्चालन गर्नुपर्ने।

विजयराज गौतम
कार्यकारी निर्देशक

चुनावमा अब यस्तो नहोस् !

२०४६ सालमा बहुदलीय व्यवस्थाको पुर्नस्थापना भएपछिका सबै निर्वाचनहरूको इन्सेकले अनुगमन तथा पर्यवेक्षण गर्दै आएको छ। स्वच्छ, निष्पक्ष र भयरहित निर्वाचन मानव अधिकार र सामाजिक न्यायको आधार हो भन्ने मानव अधिकारको विश्वव्यापी मान्यता र नेपालको संविधानको मर्मलाई नेपालका अधिकारकर्मी र नागरिक समाजले आत्मसात गर्दै आएका छन्। नागरिक तहबाट जनसचेतना, सार्वजनिक संपरीक्षण र प्रभावकारी पर्यवेक्षण गर्ने अभियप्रायले राजनीतिक दल र उम्मेदवारहरूलाई जवाफदेही बनाउन र आम मतदाताहरूलाई जागरुक बनाउन नागरिक अभियानहरू सञ्चालन गरिएका थिए। निर्वाचनमा इन्सेकले गरेको मानव अधिकार अनुगमन तथा निर्वाचन पर्यवेक्षणका प्रतिवेदनले नेपालमा निर्वाचन कानुन तथा आचारसंहिता उल्लङ्घनका घटनाहरू अभिलिखित गरेको छ। प्राप्त तथ्याङ्क तथा घटना विवरणहरूले मुलुकमा राजनीतिक दलको लोकतान्त्रिक प्रणालीप्रतिको प्रतिबद्धताको कमी र राज्यको संयन्त्रको लापरबाहीका कारण निर्वाचन लक्षित मानव अधिकार उल्लङ्घनका घटनाहरू भएको देखाउँछ।

इन्सेकले सन् १९९२ देखि प्रकाशन गर्दै आएको नेपाल मानव अधिकार वर्ष पुस्तकले निर्वाचनको प्रक्रिया र प्राप्त परिणामको विश्लेषणमात्रै गरेको छैन हरेक निर्वाचनको समीक्षा तथा भविष्यका लागि दिशानिर्देश गर्ने गरेको छ। नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्रले निर्वाचनलाई नीति निर्माण तथा कार्यान्वयनमा सहभागिता, समावेशीकरण, प्रतिनिधित्व र उत्तरदायित्व सुनिश्चित गराउने आधारभूत मानव अधिकारका रूपमा स्वीकार गरेको छ।

स्रोत साधन र शक्तिको दुरुपयोग गर्दै मतदाताको मताधिकार नियन्त्रण गर्नु मानव अधिकार विरुद्धको जघन्य अभ्यास हो। स्वच्छ तथा भयरहित निर्वाचनले मात्र मानव अधिकारका प्रचलित मूल्यको अभ्यासमार्फत शासकीय शक्ति सृजना गर्ने वैधता प्राप्त गर्छ। सन् २०२२ मा आर्थिक अपारदर्शिता, अपराधको राजनीतिकरण र मतदाता नियन्त्रण गरी सम्पन्न भएका केही स्थानका निर्वाचन विगतमा गरिएका दुष्प्रयासका प्रतिनिधिमूलक घटनाहरू जागरण र जवाफदेहिताका लागि यस वर्ष पुस्तकमा प्रकाशन गरिएको छ। लोकतन्त्रको एउटा प्रमुख मानक निर्वाचनका सन्दर्भमा नेपाल खरो उत्रिन सकोस् भन्ने ध्येयका साथ इन्सेकले खबरदारी गर्दै आएको छ। वर्ष २०२२ का निर्वाचनहरूमा भएका हिंसाको विस्तृत विवरणसँगसँगै यहाँ विगतको अभिलेखका आधारमा यस्तै प्रकृतिका हिंसात्मक घटनाहरूको स्मरण गरिएको छ। निरन्तरको त्यही निगरानीका आधारमा नेपालका निर्वाचनमा हुने हिंसाको समग्र तस्वीर प्रस्तुत गर्दै सम्बन्धित सबैबाट प्रतिवद्धताको अपेक्षा गरिन्छ, चुनावमा अब यस्तो नहोस्।

राजाको प्रत्यक्ष शासनमा गरिएको नगर निर्वाचन

राजा ज्ञानेन्द्रको प्रत्यक्ष शासन कालमा २०६२ सालमा भएको नगर निर्वाचनले निरङ्कुसतालाई संस्थागत गर्ने दुष्प्रयत्न थियो। एमाले, कांग्रेसलगायत मुलुकका प्रमुख राजनीतिक दलसहितका सात दलले चुनावको सक्रिय बहिष्कार गर्न आह्वान गरेका थिए। मानव अधिकार संस्थाहरू र नागरिक समाजले उक्त चुनावको पर्यवेक्षण गर्नु अर्थहीन ठहर गरेका थिए। कूल ५८ नगरपालिकामा भएको त्यस निर्वाचनमा २२ वटा नगरपालिकामा शून्य मतदान भएको थियो। २४ ओटा नगरपालिकामा मेयरको निर्विरोध निर्वाचन भएको घोषणा गरिएको थियो। ५८ नगरपालिकाका कूल १९ लाख ६ हजार ६ सय ७८ मतदातामध्ये ३ लाख १० हजार ८ सय ७६ ले मतदान गरेका थिए। प्रतिशतमा भन्नुपर्दा राजाको महत्वाकाङ्क्षाका निम्ति प्रायोजित उक्त निर्वाचनमा १६ प्रतिशत मात्र मतदान भएको देखियो। चुनावको नाममा गरिएको असफल प्रयास यति भद्दा थियो कि दुईजना मात्र वा सो भन्दा बढी मेयर उम्मेद्वार भएका नगरपालिकाको सङ्ख्या मात्र ३४ पुग्यो। चुनावमा भाग लिने दलहरूको सङ्ख्या २२ देखाइएको थियो। तर वडाध्यक्ष पदमा एउटा पनि उम्मेदवार नभएको वा शून्य उम्मेदवार भएको नगरपालिकाको सङ्ख्या तीन थियो। वडा सदस्यको उम्मेदवार एउटा पनि नभएको वा शून्य भएको नगरपालिकाको सङ्ख्या आठ थियो। इलाम, दमक, तानसेनमा एक-एक जना उम्मेदवार थिए। नवलपरासी,

दशरथचन्द, अमरगढी, बुटवल, कपिलवस्तु, बाग्लुङ, वीरेन्द्रनगर, गुलरिया, नेपालगञ्ज, दिपायल लगायत २२ ओटा नगरपालिकामा शून्य मतदान भएको थियो। इलाम नगरपालिकामा एकजनाबाहेक सबै पदमा कमल थापाको राप्रपाका उम्मेदवार निर्विरोध निर्वाचित भएको घोषणा गरिएको थियो।

रौतहट

सरुअठा गाविस-२ का पिन्टु सिंह भनिने २२ वर्षीय त्रिलोकप्रताप सिंह र सोही गाविस-९ का २३ वर्षीय ओसी अख्तर मिया कवारी र नाम ठेगाना खुल्न नसकेका एक जना भारतीय नागरिकसहित तीन जनाको ०६४ चैत २७ गते राती बम बनाउने क्रममा विस्फोटन भई मृत्यु भयो। नेपाली कांग्रेसका रौतहट जिल्ला सभापति तथा सोही पार्टीका क्षेत्र नं. २ का संविधानसभा सदस्य उम्मेदवार मोहम्मद अफताव आलमले निर्वाचनको दिन बुथ क्याप्चर गर्न आफ्नै राजपुर फरहदवा गाविस-४ स्थित घरमा बम बनाउन लगाउँदा सो घटना भएको पीडितले पक्षले बतायो। सो घटनामा धेरै व्यक्ति मारिएको र घाइते भएकाले नजिकै रहेको इटाभट्टामा जलाइएको स्थानीय प्रत्यक्षदर्शी तथा विभिन्न राजनीतिक दलका उम्मेदवारले जानकारी गराए पनि प्रहरीले त्यहाँ घटना नै नभएको भनी अनुसन्धान गरेन। पीडित परिवारका तर्फबाट त्रिलोकप्रताप सिंहका बाबु श्रीनारायण सिंह र ओसी अख्तरकी आमा रुखसाना खातुनले महमद अफताव आलमसहित चार जनाविरुद्ध जिल्ला प्रहरी कार्यालय, रौतहटमा जाहेरी दिए पनि दर्ता गरिएन। घटनाको इन्सेकलगायत संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार उच्च आयुक्तको कार्यालय तथा राष्ट्रिय मानवअधिकार आयोगले स्थलगत अध्ययन गरी प्रतिवेदन सार्वजनिक गरेका थिए। पीडित परिवारका तर्फबाट दिइएको जाहेरी प्रहरीले दर्ता नगरेकामा इन्सेकलगायतका मानवअधिकार संस्थाको पहलमा ०६५ वैशाख १८ गते जाहेरी दर्ता गरे पनि घटनामा प्रमाण नपुगेको भन्दै जिल्ला सरकारी वकिल कार्यालय, रौतहटले मुद्दा चलाउन नमिल्ने निर्णय गरेको थियो।

रौतहटस्थित इँटाभट्टामा २०६४ चैत २७ गते जिउँदै मान्छे जलाएको घटनामा संलग्न रहेको आरोपमा प्रहरीले राजपुर नगरपालिका-६ का ३४ वर्षीय शेष सरोजलाई बाराको सिम्रौनगढ नगरपालिकाको नेपाल भारत सीमा क्षेत्रबाट ०७७ असार १८ गते गिरफ्तार गऱ्यो। उनलाई आवश्यक कारबाहीको लागि प्रहरीले जिल्ला अदालत रौतहटमा असार १९ गते पेश गऱ्यो। उक्त घटनाको मुख्य योजनाकार मानिएका कांग्रेस नेता मोहम्मद आफताव आलम अदालतको आदेशमा पुर्पक्षका लागि थुनामा छन्। शेष ०७७ असार २८ गते जिल्ला अदालतको आदेशले पुर्पक्षका लागि कारागार चलान भए। उक्त इटा भट्टाका हेडमिस्त्री बाराको सिम्रौनगढ नगरपालिका-४ का ५५ वर्षीय बद्रि सहनीलाई बौधिमाइ नगरपालिका-७ स्थित बड्कुल बजारबाट



घटनास्थल राजपुर फरहदवा गाविस वडा नं. ४ स्थित स्व. शेख ईद्रीसीको खल्यानको घर

प्रहरीले २०७७ असोज १६ गते गिरफ्तार गऱ्यो। अदालतमा ०७७ असोज १७ गते मुद्दा पेश भएकोमा जिल्ला अदालतको असोज २३ गतेको आदेशले २ लाख रुपियाँ धरौटीमा तारेखमा रिहा भए। त्यसैगरी ४६ वर्षीय महताव आलमलाई प्रदेश प्रहरी र जिल्ला प्रहरी कार्यालय रौतहटले बौधिमाइ नगरपालिका-७ स्थित बड्कुल बजारबाट २०७७ मङ्सिर २२ गते गिरफ्तार गऱ्यो। जिल्ला अदालतमा ०७६ मङ्सिर २३ गते मुद्दा पेश भएको मा ०७७ कात्तिक २८ गते जिल्ला अदालतको आदेशले आरोपित पुर्पक्षको लागि थुनामा छन्। तर वर्ष २०२२ को अन्त्यसम्मै मुद्दाको फैसला भएन।

रामेछाप

एमालेका तर्फबाट संविधानसभा सदस्यको प्रत्यक्ष निर्वाचनका उम्मेदवार देवशङ्कर पौडेल, जिल्ला कमिटी सदस्य चित्र कार्की, शान्तिप्रसाद पौडेल, कुलबहादुर दर्जी, अनेरास्ववियुका जिल्ला अध्यक्ष दीपक कार्की, उपाध्यक्ष मनोज कार्की, एमाले कार्यकर्ताहरू राजु कार्की, सहदेव बस्नेत, उज्ज्वल कडरिया, राजकुमार बस्नेत, राजेन्द्र कार्की, विक्रम सुनुवार, उमेश पौडेल र पदम खत्रीलाई ०६४ फागुन २९ गते प्रीति गाविस-२ मा माओवादी कार्यकर्ताले गरे आक्रमणमा गरे। घटनामा घाइतेमध्ये आठ जनालाई ३० गते थप उपचारका लागि त्रिवि शिक्षण अस्पताल, काठमाडौँ ल्याइयो। माओवादी कार्यकर्ताको समूहले सांसद कमलप्रकाश सुनुवार तथा बागमती अञ्चल सदस्य आङबाबु लामालगायत १९ जनाको एमाले चुनाव प्रचार टोलीमाथि आक्रमण गरी नगद र प्रचार सामग्री समेत लुटेको थियो। घटनाको नेतृत्व सैपु गाविसका माओवादी कार्यकर्ता निकासले गरेको एमालेले जनायो। आरोपित उपर कुनै कारबाही भएन।

सर्लाही

बलरा गाविस-८ का संविधानसभा सदस्यका स्वतन्त्र उम्मेदवार ४८ वर्षीय शम्भुप्रसाद सिंहको ०६४ चैत २८ गते दिउँसो गडैया गाविस माबि मतदान केन्द्रनजिकै एक समूहले गोली प्रहार गरी हत्या गऱ्यो। पीडित पक्षले मधेसी जनअधिकार फोरमका उम्मेदवार शिवपूजन रायलगायत पाँच जनाका नाममा जिल्ला प्रहरी कार्यालयमा किटानी जाहेरी दिई पीडकलाई कारबाही गर्नुपर्ने माग गरेको भए पनि कुनै कारबाही भएन। आरोपित संविधानसभामा निर्वाचित भए। मधेसी जनअधिकार फोरमले घटनामा आफ्नो पार्टीको संलग्नता नरहेको जनायो।

सोलुखुम्बु

चौलाखर्क गाविस-७ निवासी वाईसीएलका जिल्ला सदस्य २८ वर्षीय गजेन्द्र भनिने गङ्गाबहादुर भुजेलको ०६४ चैत १३ गते बिहान प्रहरीको गोलीबाट मृत्यु भयो। माओवादी र नेपाली काङ्ग्रेसका कार्यकर्ताबीच गोराखानी गाविस, टाप्टिङ गाविस र केरुङ गाविसको सिमानामा पर्ने टाप्टिङ गाविस-१ सिसाखोलामा चैत १३ गते बिहान करिब ११ बजे झडप हुँदा नेपाली काङ्ग्रेसतर्फका संविधानसभा सदस्य उम्मेदवार बलबहादुर केसीको सुरक्षार्थ खटिएका प्रहरीको गोली प्रहारबाट पीडितको घटनास्थलमा नै मृत्यु भएको थियो। उक्त घटनामा गोली प्रहार गर्ने प्रहरी र आदेश दिने दुवैलाई कारबाही गरिपाउँ भनी माओवादीले ०६४ चैत २१ गते जिल्ला प्रहरी कार्यालयमा जाहेरी दिए तापनि राजनीतिक मुद्दा भनी दर्ता गरिएन।



प्रहरीद्वारा गोली हानी हत्या गरिएका वाईसीएलका गङ्गाबहादुर भुजेल

सुर्खेत

घोरेटा गाविस-२ निवासी एमालेबाट संविधानसभा निर्वाचनमा सुर्खेत क्षत्रे नं. १ उम्मदेवार ४७ वर्षीय ऋषिप्रसाद शर्माको ०६४ चैत २६ गते मैनतडा गाविस-८ लोदेमा गोली प्रहार गरी हत्या भयो।



चुनाव प्रचार प्रसारको क्रममा गोली हानी हत्या गरिएका एमालेका संविधानसभा सदस्य उम्मेदवार ऋषिप्रसाद शर्मा

एमालेले मैनतडा निवासी काङ्ग्रेसका कार्यकर्ता रामबहादुर बीसी, लालबहादुर गुरुङ र शर्माकै सुरक्षागार्ड मोतीलाल विकले शर्माको हत्या गरेको आरोप लगायो। शर्माको हत्या आरोपित विक केही समय पुर्पक्षका लागि कारागारमा रहे। हत्याका आरोपी रामबहादुर बीसीलाई एमाले निकट युथफोर्सका कार्यकर्ताले ०६५ असार १२ गते नेपालगञ्जबाट अपहरण गरी इलाका प्रहरी कार्यालय, कोहलपुर बुझाएको थियो। जिल्ला अदालत सुर्खेत उपस्थित गराइएका बीसी २० हजार धरौटीमा रिहा भए। पीडितका भाइ टीकाराम शमार्ल नेपाली काङ्ग्रेसका केन्द्रीय सदस्य पूर्णबहादुर खड्का, मोतीलाल विकसहित १४ जनाविरुद्ध जिल्ला प्रहरी कार्यालयमा किटानी जाहेरी दर्ता गरेको भए पनि कोही पनि कारबाहीको दायरामा आएनन्। मैनतडा गाविस निवासी काङ्ग्रेसका सभापति बलबहादुर खड्काले भने शर्माको हत्या गरेको आरोपमा एमाले सुर्खेतका सचिव नवराज रावत र यामलाल कँडेलसहित २० जना कार्यकर्ताको नाममा किटानी जाहेरी दर्ता गराए।

रुकुम

विजयश्वरी गाविस-३ का नेकपा (एमाले) जिल्ला सचिव तथा आम निर्वाचन ०५६ को क्षेत्र नं. २ का उम्मेदवार ३९ वर्षीय यदु गौतमलाई ०५५ फागुन २१ गते गरायला गाविस-७ को बाटोमा नेकपा (माओवादी) सम्बद्ध कार्यकताहरूले खुकुरी प्रहार गरी हत्या गरे। बाटोमा हिँड्दै गरेका यदु गौतमलाई सुरुमा खुकुरी हानियो। उनी त्यहाँबाट हाम्फालेर नदी किनारमा पुगे। त्यतिबेला उनको चप्पल चिप्लियो र उनी लडे, अन्य दुई जनाले घाइते यदुलाई भेरीको तीरमा भेटाए र घाँटी रेटेर पानीमा फालेका थिए।



नेकपा (माओवादी) सम्बद्ध कार्यकताहरूले खुकुरी प्रहार गरी हत्या गरेका यदु गौतम

घटनालगत्तै नारा लगाउँदै माओवादी कार्यकर्ता भागे। आरोपितउपर कुनै कारबाही भएन।

रौतहट

गम्हरिया पर्सा गाविस-७ का ३५ वर्षीय समिम मिया र ४५ वर्षीय समसुल मियाको ०५६ मङ्सिर २३ गतेको उपनिर्वाचनमा मतदान गर्न जाँदा प्रहरीले चलाएको गोली लागी ज्यान गयो। प्रहरी र नेकाँका कार्यकर्ताको मिलेमतोमा मतदान केन्द्र कब्जा गरिएपछि त्यसको प्रतिवाद गर्दा उनीहरूलाई हत्या गरिएको पीडित पक्षको आरोप थियो।

दोलखा

मेलुङ गाउँपालिका-१ का ३२ वर्षीय नहकुल भुजेलको २०७४ वैशाख ३१ गते सोही ठाउँस्थित सत्यश्वर माविको मतदान केन्द्रमा प्रहरीले चलाएको गोली लागी मृत्यु भयो। मतदान भइरहेको समयमा बुथ कब्जामा लिई मतपत्र च्यातेको र प्रहरीमाथि नै कुटपिट गर्न खोज्दा प्रहार गरेको गोली पीडितलाई लागेको प्रहरीले जनायो। घटनामा सोही ठाउँका ४१ वर्षीय निर्मलकुमार कोइराला, ३२ वर्षीय रोशन भुजेल, १८ वर्षीय बुढाराज बस्नेत, ३४ वर्षीय प्रवीण बस्नेत, २३ वर्षीय गुणराज बस्नेत, २१ वर्षीय उद्धव बुढाथोकी, २८ वर्षीय भुवन थापा, ४५ वर्षीय चिरञ्जीवी ठकुरी, ३३ वर्षीय घलेन्द्रबहादुर बुढाथोकी, २१ वर्षीय प्रकाश खत्री र ३७ वर्षीय मनहरि बुढाथोकी प्रहरीको गोलीबाट घाइते भए। घाइतेलाई हेलिकप्टरबाट काठमाडौँ लगिएकामा महाराजगन्जस्थित शिक्षण अस्पतालमा उपचार भयो।



सत्यश्वर माविको मतदान केन्द्रमा प्रहरीले चलाएको गोली लागी मृत्यु भएका नहकुल भुजेल



२.१ राज्य र मानव अधिकार

न्यायपालिका

परिच्छेद

२

१. पृष्ठभूमि

कानुनको व्याख्या र कार्यान्वयनका लागि राज्यको जिम्मेवार अङ्ग न्यायपालिकाले संविधान र कानुनको व्याख्या गर्ने, संस्थागत सरोकारहरू निरुपण गर्ने र व्यक्तिगत अधिकार र स्वतन्त्रताको संरक्षण गर्ने भूमिका निर्वाह गर्दछ। न्यायपालिकाले कार्यपालिका र व्यवस्थापिका वा ती अङ्गअन्तर्गतका निकायहरूलाई पनि कानुनको दायराभन्दा बाहिर जान नदिन विभिन्न आदेश गर्न सक्छ। तर वर्ष २०२२ भरि नै नेपालको न्यायपालिका आफैं अस्थिरताको शिकार बन्यो। संवैधानिक इजलास, न्याय परिषद् र न्याय सेवा आयोग अवरुद्ध हुन पुगे। बार र बेञ्चको दूरी र विवादका कारण न्यायको ढोका ढक्ढक्याउन जाने सर्वसाधारण वर्षभरि नै अन्योलमा परे।

यस वर्ष संसदमा महाअभियोग प्रस्ताव दर्ता गरिएपछि प्रधानन्यायाधीश चोलेन्द्रशमशेर राणा निलम्बनमा परे। आफ्ना जेठान गजेन्द्र हमाललाई मन्त्री बनाउन न्यायपालिकाको नेतृत्वमा बसेर मन्त्रिपरिषद्मा भाग खोजेको विषयले जबरामाथि शक्ति पृथकीकरणको मूल्यमा आघात पुऱ्याएको आरोप लाग्यो। संवैधानिक इजलासले संवैधानिक निकायका ५२ पदाधिकारीहरूको विवादास्पद नियुक्तिमा प्रधानन्यायाधीशको स्वार्थ जोडिएको निष्कर्ष प्रस्तुत गऱ्यो। संसद सचिवालका महासचिव भरतराज पौडेलले निर्वाचन भइसकेको समयमा प्रधानन्यायाधीशमाथिको महाभियोग निष्प्रभावी भएको व्यहोराको पत्रका आधारमा निलम्बित प्रधानन्यायाधीश राणाले सर्वोच्च अदालत प्रवेशको तयारी गरे। महाअभियोग लगाउने संसदको अवधि सकिएको र नयाँ जनादेशसँग पुरानो अभियोगको दायित्वको बोझ नहुने भन्दै महाअभियोग स्वत: निष्क्रिय भइसकेको दावी सहित केही केही कानुन व्यवसायीले राणाको समर्थन र स्वागत गर्ने तयारी गरेको भएपनि उनलाई सर्वोच्च अदालन प्रवेश गर्नबाट रोक्न नेपाल बार एशोसियसनको नेतृत्वमा कानुन व्यवसायीहरू नै प्रर्दशनमा उत्रिए। महाअभियोगको संसदबाट निरूपण नहुँदै उनी सेवानिवृत्त भए। समग्रमा सन् २०२२ लाई नेपालको न्यायपालिकाको गरीमा, शाख र विश्वसनियतामा गम्भीर आघात पर्न गएको वर्षका रूपमा पछिसम्म स्मरण गरिने छ।

सधैँका वर्षझैं यस वर्ष पनि मुलुकभरका अदालतहरूको दायित्वमा रहेका धेरै मुद्दाहरू निरूपण हुन सकेनन्। सर्वोच्च अदालतको तथ्याङ्कमा २०७७/०७८ मा देशभरिका सबै अदालतको दायित्वमा रहेको मुद्दा र रिटको सङ्ख्या २ लाख ९० हजार ५ सय ६४ थियो। सोमध्ये ५१.१७ प्रतिशत अर्थात १ लाख ४८ हजार ६ सय ८८ थान मुद्दा अझै किनारा लगाउन बाँकी रहेको अवस्था छ। त्यसमा पनि २७ हजार ७ सय ९६ थान मुद्दाहरू दुई वर्ष नाघेका छन्।[१]

सरकार र यसका निकायहरूलाई जवाफदेही बनाउँदै र निष्पक्ष र न्यायपूर्ण रूपमा कानुन वहाल गराएर न्यायपालिकाले मानव अधिकारको संरक्षणमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्नु पर्छ भन्ने अपेक्षा गरिन्छ। तर न्यायपालिकाबाट गरिएका यस्ता अपेक्षा पूरा हुन नसकेका दृष्टान्त वर्ष २०२२ पनि देखिए। न्यायालयले गर्ने ढिलो न्यायले पीडितको न्याय प्राप्त गर्ने अधिकारमाथि गम्भीर कुठाराघात भएको भन्दै इन्सेकले ढिला न्यायको दुष्चक्र अन्त्य गर्न आवश्यक सुधारको सुनिश्चिता गर्न सम्बन्धित निकायको ध्यानाकर्षण गराएको थियो।[२]

लोकतान्त्रिक शासन प्रणालीमा स्वतन्त्र न्यायपालिकासम्बन्धी व्यवस्थालाई न्यूनतम सर्तका रूपमा लिने गरिन्छ। मानव अधिकारको विश्वव्यापी घोषणापत्रले संविधान एवम् कानुनद्वारा प्रदत्त नागरिक अधिकारको उल्लङ्घन भएमा प्रत्येक व्यक्तिलाई सक्षम अदालतबाट प्रभावकारी उपचारको अधिकार हुने व्यवस्था गरेको छ।[३] त्यसैगरी, व्यक्तिमाथि लगाइएको फौजदारी आरोपको विषयहरू तथा निजको अधिकार र दायित्वको निरूपण गर्न स्वतन्त्र एवम् निष्पक्ष न्यायालयमार्फत उचित एवम् सार्वजनिक सुनुवाइमा पूर्ण समानता प्राप्त हुने व्यवस्था गरेको छ।[४] नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र, १९६६ ले उचित समयभित्र मुद्दाको सुनुवाइ गरिनुपर्ने उल्लेख गरेको छ।[५] उक्त अनुबन्धले अनुचित ढिलाइलाई बिना सुनुवाइ हुने अधिकारको सुनिश्चितता

---

१. सर्वोच्च अदालतको वार्षिक प्रतिवेदन, २०७७/०७८, पृष्ठ घ, तालिका २
२. https://inseconline.org/np/news/अदालतमा-देखिएको-अन्योलता/ (२०७९ पुस १९ मा हेरिएको)
३. मानव अधिकारको विश्वाव्यापी घोषणापत्र, १९४८ धारा ८
४. ऐ.ऐ. धारा १०
५. नागरिक तथा रानीतिक अधिकारसम्बन्धी अर्न्तराष्ट्रिय अनुवन्ध, १९६६, धारा ९

गर्न राज्यहरूलाई दायित्व सिर्जना गरेको छ।[६]

नेपालको संविधानले स्वतन्त्र, निष्पक्ष र सक्षम न्यायपालिकाको अवधारणालाई संविधानको आधारभूत संरचनाको रूपमा आत्मसात गर्दै संविधानको धारा १२६ ले न्यायसम्बन्धी अधिकार संविधान, अन्य कानुन र न्यायका मान्य सिद्धान्तबमोजिम अदालत र न्यायिक निकायमा रहने व्यवस्था गरेको छ। मुलुकको न्याय प्रशासनलाई प्रभावकारी, उत्तरदायी र नतिजामूलक बनाउने अन्तिम जिम्मेवारी संविधानको धारा १२६ बमोजिम प्रधानन्यायाधीशको हुने व्यवस्था गरिएको छ।[७]

२. सन्दर्भ सामग्रीको सीमितता

सर्वोच्च अदालतबाट प्रकाशित हुने नेपाल कानुन पत्रिकाको 'इकपी' २०७८ माघसम्म र सर्वोच्च अदालत बुलेटिनको 'इकपी' फागुनसम्मको प्रकाशित भएकोले उक्त प्रकाशनहरूमा उल्लेख भएका फैसलाहरू यस आलेखले समेट्ने अवधिका लागि पर्याप्त भएनन्। सर्वोच्च अदालतको वेबसाइटमा भेटिएसम्मका फैसलाहरू, यस आलेखको सन्दर्भका लागि ४९ जिल्ला अदालतबाट सङ्कलन गरिएको सूचना, राष्ट्रिय दैनिकका इकपी र प्रकाशन, इन्सेकअनलाइन र अन्य प्रकाशन तथा अनलाइनहरूमा प्रकाशित समाचार तथा विश्लेषणलाई सन्दर्भ सामग्रीका रूपमा प्रयोग गरिएको छ। ढिला न्यायको अवस्था विश्लेषणका लागि इन्सेकका जिल्ला प्रतिनिधिहरूबाट प्राप्त तथ्यहरूलाई प्रतिनिधिमुलक रूपमा समावेस गरिएको छ।

३. न्यायलयबाट भएका फैसला तथा आदेशहरू

३.१ उपभोक्ता अदालत गठनसम्बन्धमा

सर्वोच्च अदालतले २०७८ फागुन ८ गते उपभोक्ता अदालत यथाशीघ्र गठन गर्न परमादेश जारी गऱ्यो। उपभोक्ता हित संरक्षण मञ्च नेपालको तर्फबाट अधिवक्ता कुमारी खरेलले उपभोक्ता अदालत गठन गर्न माग गर्दै नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय लगायतका विरुद्ध सर्वोच्च अदालतका दायर गरेकी थिइन्। अदालतले उपभोक्ता अदालत गठनमा आवश्यक पर्ने भौतिक, संस्थागत तथा अन्य व्यवस्थापकीय पक्षको व्यवस्थापन बारेमा सरोकारवालाहरूसँग आवश्यक समन्वय गर्नसमेत विपक्षीका नाममा आदेश दिएको थियो।[८]

३.२ सूचनाको हकसम्बन्धी आदेश

सर्वोच्च अदालतले चिकित्साशास्त्र तर्फको प्रवेश परीक्षाफलको लिखित उत्तरपुस्तिका हेर्न दिन उत्प्रेषणको आदेश दियो। चिकित्साशास्त्रको २०७८ चैत २३ गते सम्पन्न प्रवेश परीक्षा नतिजामा ३६ जना परीक्षार्थीको परीक्षाफल त्रुटिपूर्ण भएको भन्दै परीक्षार्थीहरूले दिएको निवेदन उपर कुनै कारबाही नगरी परीक्षा नियन्त्रण कार्यालयले परीक्षा रद्द भएको जानकारी गराएको भन्दै आफ्नो उत्तरपुस्तिका हेर्न पाउँ भनी चिकित्सा शिक्षा आयोग लगायत सर्वोच्च अदालतमा परीक्षार्थीले रिट दायर गरेका थिए।[९]

३.३ सर्वोच्च अदालत शुक्रबार पनि पुरै समय

शुक्रबार आधा दिनमात्र कार्यालय समय हुने गरेको सर्वोच्च अदालतमा पुराना मुद्दा फर्स्यौट गर्न सर्वोच्च अदालतको पूर्ण बैठकले २०७९ साउन २० देखि शुक्रबार पनि अन्य बार सरह पूरै दिन सञ्चालन गर्ने निर्णय गऱ्यो।[१०] मुद्दाको चाप बढ्दै गएको अवस्थामा अदालतले गरेको यो निर्णयलाई सकारात्मक ठानियो।

३.४ जनप्रतिनिधिले मनोनयन अघि राजीनामा दिनु नपर्ने

स्थानीय तहमा बहाल रहेका पदाधिकारीले ०७९ वैशाख ३० मा हुने स्थानीय तहको निर्वाचनमा उम्मेदवार बन्नुभन्दा पहिले नै पदबाट राजीनामा गर्नुपर्ने भनी निर्वाचन आयोगले जारी गरेको आचारसंहिता तत्काल कार्यान्वयन नगर्न सर्वोच्च अदालतले अल्पकालीन अन्तरिम आदेश जारी गऱ्यो। निर्वाचन आचारसंहिताको दफा ३६ कार्यान्वयनमा रोक लगाउनुपर्ने मागसहित सर्वोच्च अदालतमा रिट दायर गरिएको थियो।[११]

---

६. ऐ.ऐ. धारा १४

७. सर्वोच्च अदालतको वार्षिक प्रतिवेदन, २०७७/०७८, पृष्ठ ८१, अनुच्छेद २

८. उपभेक्ता संरक्षण मञ्च नेपालको तर्फबाट अ.प्रा. तथा आफ्नो हकमा समेत अधिवक्ता कुमारी खरेल वि. नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, काठमाडौ समेत,०७५-WO-०७४१, मुद्दा: परमादेश समेत

९. भुवन बोहरासमेत वि. चिकित्सा शिक्षा आयोग, सानोठिमी, भक्तपुर समेत, मुद्दा: उत्प्रेषण ०७८-WO-१२०७

१०. https://ekantipur.com/national/2022/08/04/165961033138047778.html (२०७९ पुस २१, मा हेरिएको)

११. निमा ग्याल्जेन शेर्पा विरुद्ध निर्वाचन आयोग कान्तिपथ, काठमाडौ, ०७८-WO-१०६८ विषय: उत्प्रेषण, पृष्ठ-१

३.५ कैदीबन्दीको नामावली सङ्कलन गर्ने आदेश

सर्वोच्च अदालतले प्रतिनिधि सभा निर्वाचनका लागि समानुपातिक निर्वाचन प्रणालीतर्फ कैदीबन्दीको समेत नामावली सङ्कलन गर्न २०७९ असार १३ गते अन्तरिम आदेश दिएको थियो।[१२] नेपालको संविधानको प्रस्तावनामा बालिग मताधिकारप्रति प्रतिबद्धता व्यक्त गरिएको तथा धारा १७ (२) (क) मा विचार र अभिव्यक्ति स्वतन्त्रताको सुनिश्चितता गरिएको भन्दै सर्वोच्चले आदेशको आधार मानेको थियो।

३.६ स्वच्छ वातावरणसम्बन्धी हक संरक्षण सम्बन्धमा

नेपालको सम्पदाकारूपमा रहेको हिमाल पर्वतहरूमा फोहोर व्यवस्थापन नहुँदा यसको अस्तित्व मै सङ्कटमा पर्न जाने, मानवीय जीवनमा खतरा उत्पन्न हुने तथा विपत्को जाखिम समेत बढाउने हुँदा हिमालहरूको संरक्षण र संवर्द्धन दिगो विकासको निमित्त परेको रिट निवेदनलाई परमादेशमा राखी निर्णयमा पुग्न सर्वोच्च अदालतले पर्वतारोहण सम्बन्धमा भए गरेका व्यवस्थाहरूका बारेमा २०७९ वैशाख १९ गते प्रतिवादीका नाममा प्रतिवेदन पेश गर्न आदेश दिएको थियो।[१३]

३.७ संवैधानिक नियुक्ति विवादमा प्रधानन्यायाधीशको स्वार्थ

सर्वोच्च अदालतको संवैधानिक इजलासले सरकारद्वारा संवैधानिक निकायमा नियुक्त ५२ पदाधिकारीविरूद्ध विचाराधीन मुद्दामा प्रधानन्यायाधीश चोलेन्द्र शमशेरको स्वार्थ जोडिएको ठहर गऱ्यो। संवैधानिक निकायका नियुक्तिविरुद्ध परेको रिटमा भएको फैसलामा जबराको भूमिका निष्पक्ष नभएको उल्लेख थियो। ती नियुक्तिहरूको सिफारिस प्रक्रियामा संवैधानिक परिषद्को सदस्यका रूपमा जबरा पनि संलग्न थिए। कायममुकायम प्रधानन्यायाधीश दीपककुमार कार्की, न्यायाधीशहरू मीरा खड्का, हरिकृष्ण कार्की, विश्वम्भरप्रसाद श्रेष्ठ र ईश्वरप्रसाद खतिवाडा सम्मिलित संवैधानिक इजलासले २०७९ साउन १५ गते उक्त फैसला गरेको थियो।[१४] यो फैसलाले सबै संवैधानिक निकायहरूको गठन प्रक्रियालाई विवादमा तान्यो।

३.८ प्रधानन्यायाधीश निलम्बन कायम राख्ने आदेश

सर्वोच्च अदालतको संवैधानिक इजलासले प्रतिनिधिसभामा महाभियोग दर्तापछि निलम्बनमा रहेका प्रधान न्यायाधीश चोलेन्द्र शमशेर जबराको निलम्बनलाई निष्प्रभावी तुल्याउने सङ्घीय संसद् सचिवालयका महासचिव भरतराज गौतमको पत्रलाई तत्काल कार्यान्वयन नगर्न २०७९ मङ्सिर २३ गते अन्तरिम आदेश दियो। संवैधानिक इजलासले जबराको निलम्बन निष्प्रभावी हुने भनी संसद् सचिवालयका महासचिव गौतमले आफ्नो क्षेत्राधिकारभन्दा बाहिर गएर पत्र पठाएको भन्दै त्यसको कार्यान्वयनमा रोक लगाएको हो।[१५]

४. इजलास बाहिर प्रधानन्यायाधीश

यो वर्ष प्रधानन्यायाधीश चोलेन्द्र शमशेर जबरा निरन्तर इजलास बाहिर भएपछि अधिकांश अवधि प्रधानन्यायाधीशको नेतृत्वमा बस्नुपर्ने संवैधानिक इजलास बस्न सकेन। गम्भीर संवैधानिक व्याख्यामा प्रश्न रहेका विवाद यो इजलासमा मात्रै सुनुवाइ हुने संवैधानिक व्यवस्था छ। पद नछाड्ने प्रधानन्यायाधीशको अडान र उनीसँग इजलासमा नबस्ने अन्य न्यायाधीशको अडानका कारण संवैधानिक इजलास निष्क्रिय बन्न पुग्यो। प्रधानन्यायाधीशकै अध्यक्षतामा हुने न्याय परिषद् र न्याय सेवा आयोगका बैठक पनि बस्न सकेन। प्रधानन्यायाधीशको अनुपस्थितिले विशेष अदालत, उच्च अदालत तथा जिल्ला अदालतका न्यायाधीशहरूको नियुक्ति, सरूवा र अनुशासनमा कारवाही गर्न पनि सकेन।[१६]

५. प्रधानन्यायाधीश विरुद्ध महाअभियोग

सर्वोच्च अदालतका प्रधानन्यायाधीश चोलेन्द्रशमशेर जबरा विरुद्ध २०७८ फागुन १ गते महाभियोग दर्ता भयो। यो न्यायालयमा घटेको अनौठो

---

१२. https://ekantipur.com/news/2022/06/27/165634198888996364.html (२०७९ पुस ४ मा हेरिएको)
१३. दिपकविक्रम मिश्रविरुद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार काठमाडौ ०७६-WO-०२०३ विषय: उत्प्रेषण
१४. https://ekantipur.com/news/2022/07/31/165922788084384610.html (२०७९ पुस ४ मा हेरिएको)
१५. https://ekantipur.com/news/2022/12/09/167058331934486754.html (२०७९ पुस ४ मा हेरिएको)
१६. https://ekantipur.com/news/2022/02/08/164428515357564851.html (२०७९ पुस २१, मा हेरिएको)

परिदृष्य हो जहाँ प्रधानन्यायाधीशविरुद्धको महाअभियोगको संसदबाट निरूपण नहुँदै उनी सेवानिवृत्त भए। प्रतिनिधि सभाका सदस्यहरू पुष्पा भुषाल, देव गुरुङ र जीवनराम श्रेष्ठ प्रस्तावक रहेको महाभियोग प्रस्तावमा ९८ जना सांसदले संसद सचिवालमा प्रधानन्यायाधीशविरुद्ध २१[१६] ओटा आरोप लगाउँदै महाअभियोग दर्ता गराएका थिए। महाअभियोग प्रस्तावमा प्रधानन्यायाधीशले न्यायपालिकाको मर्यादामा आँच पुऱ्याएको, व्यक्तिगत स्वार्थमा लागेकोजस्ता आरोप थिए।[१८]

कार्यक्षमतामाथि प्रश्न उठाउँदै प्रधानन्यायाधीश चोलेन्द्रशमशेर जबराविरुद्ध सङ्घीय संसद् सचिवालयमा महाभियोगको प्रस्ताव दर्ता भएसँगै उनी निलम्बनमा परे।[१९] महाभियोगको कारबाही प्रारम्भ भएपछि नेपालको प्रधानन्यायाधीश वा सर्वोच्च अदालतका न्यायाधीश, न्यायपरिषद्का सदस्य, संवैधानिक निकायका प्रमुख वा पदाधिकारीले त्यस्तो कारबाहीको टुङ्गो नलागेसम्म आफ्नो पदको कार्यसम्पादन गर्न नपाउने संवैधानिक व्यवस्था छ।[२०]

६. सर्वोच्चमा कायममुकायम प्रधानन्यायाधीश नियुक्तिको सिलसिला

प्रधानन्यायाधीश चोलेन्द्रशमशेर जबरा २०७८ फागुन १ गते निलम्बलनमा परेयता सर्वोच्चमा दुईजना कायममुकायम प्रधानन्यायाधीश नियुक्त भए। प्रधानन्यायाधीश चोलेन्द्रशमशेर जबरामाथि महाअभियोगको प्रस्ताव दर्ता भएसँगै संवैधानिक व्यवस्था अनुसार निलम्बनमा परेपछि वरिष्ठता आधारमा दीपककुमार कार्कीले कायममुकायम प्रधानन्यायाधीशको जिम्मेवारी सम्हालेका थिए।[२१] कामु प्रधानन्यायाधीश दीपककुमार कार्कीले उमेर हदका कारण २०७९ असोज १५ गतेदेखि अवकाश भएपछि न्यायाधीश हरिकृष्ण कार्की कायममुकायम प्रधानन्यायाधीशमा नियुक्त भए।

७. उच्च र जिल्ला अदालतलाई थप अधिकार सिफारिस

सर्वोच्च अदालतको कार्यबोझ कम गर्न प्रचलनमा रहेका केही अधिकार क्षेत्रलाई उच्च र जिल्ला अदालतमा हस्तान्तरण गर्ने गरी कानुन न्याय तथा संसदीय मामिला मन्त्रालय मातहतको अध्ययन समितिले सुझाव दिएको थियो। समितिले सर्वोच्च अदालतले अहिले प्रयोग गर्दै आएको दोहोऱ्याइ पाउँ, पुनरावेदन र वैकल्पिक उपचार सम्भव भएका रिट निवेदनलाई मातहतका अदालतको अधिकार क्षेत्रमा सार्ने सुझाव दिएको थियो। सात वर्षभन्दा माथि कैद र ५० लाख रूपियाँभन्दा बढी जरिवाना भएका मुद्दामा मात्र सर्वोच्चमा पुनरावेदन लाग्ने सुझाव दिइएको थियो।[२२]

८. न्यायालयको कार्यसम्पादन

कार्यसम्पादनको मुख्य आधार अदालतमा दर्ता हुने मुद्दाहरूको समयमै फर्स्यौट भएको संख्या हो। यस आलेख तयार गरुन्जेल सर्वोच्च अदालतको आर्थिक वर्ष ०७८/०७९ को प्रतिवेदन सार्वजनिक भएन। त्यसैले गत आर्थिक वर्षको वार्षिक प्रतिवेदनहरूको आधारमा सर्वोच्च अदालत, सात उच्च अदालतहरू र जिल्ला अदालतहरूको कार्य सम्पादनको मूल्याङ्कन गरिएको छ।

सर्वोच्च अदालत, पुनरावेदन अदालत र जिल्ला अदालतहरूका दायित्वमा रहेका मुद्दाहरू २ लाख ९० हजार ५ सय ६४ मुद्दामध्ये १ लाख ४८ हजार ६ सय ८८ अर्थात ५१.१७ प्रतिशत फर्स्यौट गरेको छ। सबै अदालतमा दुई वर्षसम्मका फर्स्यौट हुन बाँकी १८ हजार ७ सय ४८ र दुई वर्ष नाघेका २७ हजार, ४ सय ९६ मुद्दाहरू रहेका छन्।[२३]

८.१ सर्वोच्च अदालत

जिल्ला अदालत, पुनरावेदन अदालत र सर्वोच्च अदालतको कार्यसम्पादन हेर्दा सर्वोच्च अदालतले सबैभन्दा कम मुद्दाहरूको किनारा लगाएको देखिन्छ। उक्त प्रतिवेदन अनुसार सर्वोच्च अदालतले आफ्नो दायित्वमा रहेको ३३ हजार ४ सय ३३ मुद्दाहरूमध्ये ५ हजार ६ सय ८९ अर्थात १७ प्रतिशतमात्र फर्स्यौट

१६. https://beta.gorkhapatraonline.com/national/2022-02-13-57606 (२०७९ पुस २२ मा हेरिएको)
१८. https://www.news24nepal.tv/2022/02/13/856662 (२०७९ पुस २५ मा हेरिएको)
१९. https://beta.gorkhapatraonline.com/national/2022-02-13-57606 (२०७९ पुस ४ मा हेरिएको)
२०. नेपालको संविधान (२०७२), धारा १०१ उपधारा ६
२१. https://ekantipur.com/news/2022/02/13/164474147869544134.html (२०७९ माघ १३ गते हेरिएको)
२२. https://beta.gorkhapatraonline.com/national/2022-04-05-61455 (२०७९ पुस ४ मा हेरिएको)
२३. सर्वोच्च अदालतको वार्षिक प्रतिवेदन (२०७७/०७८) पेज ग

गरेको देखिन्छ।[२४] सर्वोच्च अदालतमा दुईदेखि पाँच वर्षसम्मका ११ हजार ३ सय मुद्दाहरू र पाँच वर्ष नाघेका ३ हजार ६ सय ९५ मुद्दाहरू रहेको देखिन्छ।[२५]

८.२ उच्च अदालत

सात उच्च अदालतमा ५६ हजार ४ सय १७ जिम्मेवारी रहेकोमा ३३ हजार ५ सय ४ अर्थात ५९.३९ प्रतिशत मुद्दा फर्स्यौट भए।[२६] सर्वोच्च र जिल्ला अदालतको तुलनामा उच्च अदालतले बढी मुद्दा फैलसा गरेको देखिन्छ। प्रतिवेदन अनुसार उच्च अदालतहरूमा दुई वर्षभित्रका ३ हजार २ सय ९४ मुद्दाहरू र दुई वर्ष नाघेका ९ सय ६४ मुद्दाहरू रहेका छन्।[२७]

८.३ जिल्ला अदालत

जिल्ला अदालतले आफ्नो जिम्मेवारीमा रहेको १ लाख ९४ हजार ९५ मुद्दामध्ये ५४.५६ प्रतिशत फर्स्यौट गरेको थियो।[२८] जिल्ला अदालतहरूमा दुई वर्षभित्र ११ हजार ९ सय ५९ र दुई वर्ष नाघेका ११ हजार ४ सय ८९ मुद्दाहरू छन्।[२९]

९. न्यायमा भएको विलम्वले ल्याएको परिणाम

न्यायालयहरूमा दुई वर्षदेखि पाँच वर्षभन्दा पुराना फर्स्यौट हुन नसकेका मुद्दाहरूको सङ्ख्याले 'ढिलो न्याय गर्नु भनेको न्याय नदिनु हो' भने न्यायको सिद्धान्त पुष्टि हुन्छ। न्यायालयले गर्ने ढिलो न्यायले पीडितको न्याय प्राप्त गर्ने अधिकारमाथि गम्भीर कुठाराघात भएको हुन्छ।[३०] महोत्तरीको मनरासिस्वा नगरपालिका-१० को निर्वाचनमा परिणामसम्बन्धी फैसलाले ४ वर्षपछि वडाध्यक्षको परिणाम उल्टिएको घटना[३१]। त्यसैगरी, गोगंबुस्थित अस्थायी प्रहरी चौकीमा कार्यरत जवान मदननारायण श्रेष्ठ १३ वर्ष ६ महिनापछि निर्दोष साबित भएको घटना[३२] को स्मरण गराउँछ। यस वर्ष तीनै तहको अदालतहरूबाट फर्स्यौट हुन बाँकी १ लाख ४१ हजार ८ सय ७६ मुद्दाहरूमध्ये ५७ प्रतिशत मुद्दाहरू एक वर्ष भित्रका छन् भने ४२ प्रतिशत मुद्दाहरू २ वर्ष भन्दा माथिका छन्।[३३] त्यसमा पनि ३ हजार ६ सय ९५ मुद्दाहरू पाँच वर्ष नाघेका छन्।[३४]

१०. जिल्ला अदालतहरूबाट भएका कार्यसम्पादन सम्बन्धी सङ्कलन गरिएका सूचनाहरूको प्रस्तुती

यो आलेख तयार पार्ने क्रममा जिल्ला अदालतबाट हुने न्याय सम्पादनको प्रकृति विश्लेषणकालागि नमूनाकालागि लिइएका ४९ जिल्ला अदालतहरूबाट इन्सेक जिल्ला प्रतिनिधिहरूले सूचना सङ्कलन गरेका थिए।

१०.१ जिल्ला अदालतसम्बन्धी व्यवस्था

नेपालको संविधान (२०७२) ले ७७ जिल्लामा जिल्ला अदालतको व्यवस्था गरेको छ।[३५] जिल्ला अदालतलाई सङ्घीय कानुनमा अन्यथा व्यवस्था भएकोमा बाहेक आफ्नो अधिकारक्षेत्रभित्रका सम्पूर्ण मुद्दाको सुरु कारबाही र किनारा गर्ने, बन्दी प्रत्यक्षीकरण निषेधाज्ञा लगायत कानुन बमोजिमका निवेदन हेर्ने, अर्धन्यायिक निकायले गरेको निर्णय उपर कानुन बमोजिम पुनरावेदन सुन्ने, प्रदेश कानुन बमोजिम गठित स्थानीयस्तरका न्यायिक निकायले गरेको निर्णय उपर पुनरावेदन सुन्ने गरेमा वा आदेश वा फैसलाको अवज्ञा गरेमा सङ्घीय कानुन बमोजिम अवहेलनामा कारबाही चलाइ सजाय गर्नसक्ने अधिकार

---

२४. सर्वोच्च अदालतको वार्षिक प्रतिवेदन (२०७७/०७८) पेज ग
२५. सर्वोच्च अदालतको वार्षिक प्रतिवेदन (२०७७/०७८) पेज ग
२६. सर्वोच्च अदालतको वार्षिक प्रतिवेदन (२०७७/०७८) पेज ग
२७. सर्वोच्च अदालतको वार्षिक प्रतिवेदन (२०७७/०७८) पेज ग
२८. सर्वोच्च अदालतको वार्षिक प्रतिवेदन (२०७७/०७८) पेज ग
२९. सर्वोच्च अदालतको वार्षिक प्रतिवेदन (२०७७/०७८) पेज ग
३०. इन्सेक नेपाल मानव अधिकार वर्ष पुस्तक, २०२२, पृष्ठ २६, अनुच्छेद ४
३१. इन्सेक नेपाल मानव अधिकार वर्ष पुस्तक, २०२२, पृष्ठ ३९, अनुच्छेद १
३२. https://inseconline.org/np/editorial/ न्यायालयको-साख-जोगाउन/ (२०७९ पुस २१ मा हेरिएको)
३३. सर्वोच्च अदालतको वार्षिक प्रतिवेदन (२०७७/०७८) पेज ग
३४. सर्वोच्च अदालतको वार्षिक प्रतिवेदन (२०७७/०७८) पेज ग
३५. नेपालको संविधान (२०७२), धारा १४८ उपधारा १

हुनेछ भन्ने व्यवस्था गरिएको छ।[३६] जिल्ला अदालतलाई आधार अदालतकोरूपमा पनि लिइन्छ। जनताको सहज पहुँच रहने भएकोले यो अदालतबाट सहज ढङ्गले न्यायमा पहुँच होस् भन्ने अपेक्षा गरिन्छ।

आर्थिक वर्ष ०७८/०७९ मा जिल्ला अदालतमा अघिल्लो वर्षबाट सरेर आएका र नयाँ दर्ता भएका मुद्दाहरू, फर्स्यौट भएका मुद्दाहरू र फर्स्यौट हुन बाँकी मुद्दाहरू, सुरू मुद्दा, पुनरावेदन, बन्दी प्रत्यक्षिकरण, निषेधाज्ञाको निवेदन लगायतका रिट र अन्य निवेदनहरू जस्ता विषयमा सूचना सङ्कलन गरिएको थियो।

१०.२ सङ्कलित सूचनामा समेटिएका विषयवस्तुहरू

सङ्कलन गरिएको सूचनाहरूमा आर्थिक वर्ष ०७८/०७९ मा अदालतमा अघिल्लो वर्षबाट सरेर आएका र नयाँ दर्ता भएका मुद्दाहरू, फैसला भएका मुद्दाहरू र फैसला हुन बाँकी मुद्दाहरू समेटिएको छ। त्यसैगरी मुद्दाको प्रकृतिमा सुरु मुद्दा, पुनरावेदन, बन्दी प्रत्यक्षिकरण, निषेधाज्ञाको निवेदन लगायतका रिट र अन्य निवेदनहरू रहेको छ।

१०.३ जिल्ला अदालतको दायित्वमा रहेका मुद्दाहरू

आर्थिक वर्ष ०७८/०७९ मा ४९ जिल्ला अदालतमा सुरू मुद्दा, पुनरावेदन, बन्दी प्रत्यक्षीकरण, निषेधाज्ञा लगायतका रिटहरू र अन्य निवेदनहरू गरी अघिल्लो वर्षबाट जिम्मेवारी सरेर आएका ४२ हजार ९ सय ६४ मुद्दाहरू र ५२ हजार ७४ नयाँ दर्ता मुद्दा गरी जम्मा ९४ हजार ३८ मुद्दाहरू जिम्मेवारीमा रहेको थियो।

तालिका १ : जिल्ला अदालतको दायित्वमा रहेका मुद्दाहरू

मुद्दाको प्रकृति	अघिल्लो वर्षबाट सरेर आएको	नयाँ दर्ता	जम्मा
सुरु मुद्दा	४१५३०	४८८४०	९०३७०
पुनरावेदन	२७६	२५०	५२६
बन्दी प्रत्यक्षीकरण	४२	५८	१००
निषेधाज्ञाको निवेदन लगायतका रिट	२७६	४१६	६९२
अन्य निवेदन	८४०	२५१०	३३५०
जम्मा	४२९६४	५२०७४	९५०३८

स्रोत : ४९ जिल्ला अदालतबाट इन्सेक जिल्ला प्रतिनिधिहरूले सङ्कलन गरेको तथ्याङ्क

१०.४ जिल्ला अदालतहरूले किनारा लगाएका मुद्दाहरू

आर्थिक वर्ष ०७८/०७९ मा ४९ जिल्ला अदालतहरूबाट सुरु मुद्दा, पुनरावेदन, बन्दी प्रत्यक्षीकरण, निषेधाज्ञा लगायतका रिटहरू र अन्य निवेदनहरू गरी ४४ हजार ७ सय ७९ थान मुद्दाहरू फर्स्यौट भएका थिए। यो वर्ष जिम्मेवारीमा रहेको मुद्दाहरूमध्ये जिल्ला अदालहरूले ४७ प्रतिशत किनारा लगाएका थिए।

तालिका २ : फर्स्यौट भएका मुद्दाहरू प्रतिशतमा

मुद्दाको प्रकृति	जिम्मेवारीमा रहेका मुद्दा	फछ्यौंट भएक मुद्दा	फछ्यौंट भएका मुद्दा प्रतिशत
सुरु मुद्दा	९०३७०	४२०७०	४७
पुनरावेदन	५२६	१९७	३७
बन्दी प्रत्यक्षीकरण	१००	५३	५३
निषेधाज्ञाको लगायतका रिट	६९२	३०३	४४
अन्य निवेदन	३३५०	२१५	६४
जम्मा	९५०३८	४४७७९	४७

स्रोत : ४९ जिल्ला अदालतबाट इन्सेक जिल्ला प्रतिनिधिहरूले सङ्कलन गरेको तथ्याङ्क

१०.५ फर्स्यौट भएका मुद्दाहरू ५० प्रतिशतभन्दा कम

आर्थिक वर्ष ०७८/०७९ मा ४९ जिल्ला अदालतले किनारा लगाएका धेरैजसो मुद्दाहरू पचास प्रतिशतभन्दा कम देखिन्छ। विशेषत बन्दीप्रत्यक्षीकरणका मुद्दाहरू र अन्य फुटकर निवेदनका मुद्दाहरू फर्स्यौट गर्ने क्रम अलि बढी देखिए पनि सुरु मुद्दा, पुनरावेदन निवेदन, निषेधाज्ञा लगायतका रिटहरूसम्बन्धी मुद्दाहरू पचास प्रतिशतभन्दा कम दरमा किनारा लगाएको देखिन्छ।

१०.६ एक वर्षदेखि दुई वर्षसम्मका मुद्दाहरू

आर्थिक वर्ष ०७८/०७९ मा ४९ जिल्ला अदालतहरूमा किनारा लाग्न बाँकी मुद्दाहरू ८४ हजार ६ सय १८ थान रहेको छ। जसमध्ये एक वर्षभित्रका ३० हजार १ सय ८३ रहेको छ भने दुई वर्ष भित्रका ५ हजार ३ सय २४ थान मुद्दा रहेका छन्। एक वर्ष भित्रका मुद्दाहरूमध्ये सबै भन्दा बढी सुरू मुद्दा रहेका

३६. नेपालको संविधान (२०७२), धारा १५१ उपधारा १

तालिका ३: एक वर्षदेखि दुई वर्षसम्मका फर्स्यौट हुन बाँकी मुद्दाहरू			
मुद्दाको विवरण	फर्स्यौट हुन बाँकी	१ वर्ष भित्रको फर्स्यौट हुन बाँकी मुद्दा सङ्ख्या	१ वर्षदेखि २ वषभित्रको फर्स्यौट हुन बाँकी मुद्दा सङख्या
सुरु मुद्दा	४८२५८	२९६६७	५२०१
पुनरावेदन	२९५	१६९	७२
बन्दी प्रत्यक्षीकरण	८१	३६	
निषेधाज्ञा निवेदन लगायतका रिट	३६१	२४१	५१
अन्य निवेदन	११६	७०	
जम्मा	४९१११	३०१८३	५३२४

स्रोत : ४९ जिल्ला अदालतबाट इन्सेक जिल्ला प्रतिनिधिहरूले सङ्कलन गरेको तथ्याङ्क

छन् भने सबै भन्दा कम बन्दीप्रत्यक्षीकरणको रिट रहेको छ।

१०.७ सीमान्तिकृत समुदायका फर्स्यौट हुन बाँकी मुद्दाहरू

जिल्ला अदालतहरूले फर्स्यौट गर्न बाँकी मुद्दाहरूमा ५ हजार ६ सय १८ थान मुद्दा सीमान्तकृत समुदाय तथा सवालहरूमा रहेका छन्। त्यसमध्ये

तालिका ४ : फर्स्यौट हुन बाँकी मुद्दाको प्रकृति	
महिलाको अंशसम्बन्धी मुद्दा सङ्ख्या	५०१७
जातीय विभेद मुद्दा सङ्ख्या	१४
मानव बेचविखन मुद्दा सङ्ख्या	४४
महिला तथा बालिकामाथि भएको कुटपिट तथा हिंसाका मुद्दा सङ्ख्या	५४३
जम्मा	५६१८

स्रोत : ४९ जिल्ला अदालतबाट इन्सेक जिल्ला प्रतिनिधिहरूले सङ्कलन गरेको तथ्याङ्क

महिलाको अंश सम्बन्धी मुद्दा ५ हजार १७ र महिला तथा बालिकामाथि भएको कुटपिट तथा हिंसाका मुद्दा ५ सय ४३ मुद्दाहरू फर्स्यौट हुन बाँकी रहेको छ। त्यसैगरी जातीय विभेदका १४ र मानव बेचविखनका ४४ मुद्दा रहेका छन्।

१०.८ महिलाको अंशसम्बन्धी मुद्दा अत्यधिक

नमूनाका रूपमा लिइएका जिल्ला अदालतहरूमा फर्स्यौट हुन बाँकी मुद्दाको विश्लेषण गर्दा महिलाको अंश सम्बन्धी मुद्दाको सङ्ख्या बढी देखिन्छ। फर्स्यौट हुन बाँकी सीमान्तिकृत समुदायमध्ये महिलाको अंश, जातीय विभेद, मानव बेचविखन तथा महिला र बालिकामाथि भएको कुटपिटसम्बन्धी मुद्दाहरूमा ९० प्रतिशत मुद्दा महिला अंशसम्बन्धी रहेको छ। त्यसैगरी, ९.५ प्रतिशत मुद्दाहरू महिला तथा बालिकामाथि भएको कुटपिट तथा हिंसासम्बन्धी छन्।

११. निष्कर्ष

प्रधानन्यायाधीश निलम्बनमा परेपछि करिब १० महिनासम्म सर्वोच्च अदालत कायममुकायम प्रधानन्यायाधीशबाट सञ्चालन भयो। प्रधानन्यायाधीश निरन्तर इजलास बाहिर भएपछि प्रधानन्यायाधीशको नेतृत्वमा बस्नुपर्ने संवैधानिक इजलास बस्न सकेन।

विगतका वर्षहरूजस्तै यस वर्ष पनि न्यायालयले दायित्वमा रहेका किनारा लागेका मुद्दाहरूको उचित सम्बोधन हुन सकेन। सर्वोच्च अदालतको आर्थिक वर्ष ०७७/०७८ को वार्षिक प्रतिवेदन अनुसार तीनै तहको अदालतहरूबाट फर्स्यौट हुन बाँकी मुद्दाहरूमध्ये ५७ प्रतिशत मुद्दाहरू एक वर्ष भित्रका छन् भने ४२ प्रतिशत मुद्दाहरू २ वर्ष भन्दा माथिका छन्। त्यसमा पनि ३ हजार ६ सय ९५ मुद्दाहरू पाँच वर्ष नाघेका छन्।

लोकतन्त्र, मानव अधिकार, जनताको न्याय विधिको शासन, संवैधानिक सर्वोच्चता एवं स्वतन्त्र निष्पक्ष र जिम्मेवार न्यायपालिकाको जगेर्ना गर्न नसकेको भन्ने आरोप प्रधानन्यायाधीशमाथि लाग्नु न्यायालयप्रतिको आस्था धरमराउनु हो।



२.२ राज्य र मानव अधिकार

कार्यपालिका

परिच्छेद

२

प्रारम्भ

मानव अधिकारको सम्मान, संरक्षण र परिपालन गर्ने दायित्व निर्वाह गर्ने सन्दर्भमा कार्यपालिकाले राष्ट्रिय कानुनको निर्माणसँगै अन्तर्राष्ट्रिय कानुनहरूको पक्ष राष्ट्र भएर आमरुपमा मुलुकलाई मानव अधिकारको पक्षमा उभ्याएको छ। प्रचलित कानुनबाट मात्रै कुनै पनि देशको मानव अधिकार अवस्था झल्कँदैन कानुन कार्यान्वयनको अवस्थाबाट मानव अधिकारको स्थिति बुझ्न सकिन्छ। संयुक्त राष्ट्रसङ्घको सदस्यका साथै मानव अधिकार परिषद्को सदस्यका हैसियतले नेपालले मानव अधिकारप्रति राष्ट्रिय र अन्तर्राष्ट्रिय दायित्व निर्वाह गर्नु पर्ने हुन्छ। हाम्रो जस्तो लोकतान्त्रिक मुलुकको मुल दायित्व भनेकै मानव अधिकारप्रति देखाएको प्रतिबद्धतालाई कार्यान्वयन गर्नु हो।

मानव अधिकारको पालनासँगै सरकारले सबै नागरिकको जीउज्यानको सुरक्षासमेत गर्नु पर्ने दायित्व हुन्छ। अपराध नियन्त्रण र कानुन कार्यान्वयनको मूल नेतृत्वकर्ता सरकार नै हो। मानव अधिकारको क्षेत्रका अतिरिक्त अन्य क्षेत्रमा राज्यले गर्ने खर्च र सरकारको नीतिबाट पनि सरकारको मानव अधिकारप्रतिको प्रतिबद्धता मापन हुन्छ। लोकतान्त्रिक सरकारको मुख्य काम भनेकै नागरिकको सम्मानित भएर बाँच्न पाउने अधिकार सुनिश्चित गर्नु हो।

लोकतन्त्रलाई जीवन-पद्धति र जीवन-मूल्यका रूपमा स्थापित गर्न, लोकतन्त्र जनताले आवधिक रूपमा (पाँच-पाँच वर्षमा) आफूले चाहेको प्रतिनिधि रोज्ने व्यवस्था मात्र नभएर राज्य र जनताका बीचमा अन्योन्याश्रित सम्बन्ध भएको उन्नत शासन प्रणाली हो भन्ने मान्यता स्थापित हुनु पर्दछ। संविधानका प्रावधानहरूलाई कार्यान्वयन गर्दै 'सबैलाई अधिकार, अवसरमा सबैको समान पहुँच, समानताको प्रत्याभूति, सबैलाई सामाजिक न्याय, सुरक्षा तथा सम्मानको ग्यारेण्टी' भएको परिपूर्ण लोकतन्त्र स्थापित गरिएको खण्डमा मात्रै लोकतन्त्र समग्र राष्ट्रको जीवन-मूल्यका रुपमा स्थापित हुन सक्दछ।[१]

यस आलेखमा सन् २०२२ मा कार्यपालिकाले मानव अधिकारका सवालमा गरेका कामको अनुगमन गरी आगामी दिनमा गर्नुपर्ने कामका सन्दर्भ समावेश गरिएको छ। संवैधानिक रूपमा मौलिक हक सुनिश्चित भएपनि सरकारले गर्नैपर्ने कामका सन्दर्भमा कमी कमजोरी रहेको देखिन्छ। यी विषयमा पनि यो आलेखमा उल्लेख गर्ने प्रयास छ। सन् २०२२ को अवधिमा शेरबहादुर देउवा ३ सय ५८ दिन प्रधानमन्त्री पदमा बहाल रहे भने २०७९ पुस १० गते पुष्पकमल दाहाल प्रधानमन्त्री पदमा नियुक्त भए।

जीवनको अधिकार

मर्यादित एवम् सम्मानित रूपमा जीवनयापन गर्न पाउनु हरेक व्यक्तिको नैसर्गिक अधिकार हो। यस अधिकारको सुनिश्चितता पछि मात्रै बाँकी अधिकारको उपभोग सम्भव छ। तसर्थ यो अधिकारलाई संरक्षण गर्नु राज्यको प्राथमिक दायित्व हुन आउँछ। मानव अधिकारको विश्वव्यापी घोषणापत्र, १९४८ को धारा ३ र नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, १९६६ को धारा ६ मा जीवनको अधिकारसम्बन्धी व्यवस्था रहेको छ। नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिको दोस्रो ऐच्छिक आलेख, १९८९ ले मृत्युदण्डलाई निषेध गरेको छ। नेपालको संविधानको धारा १६ ले सम्मानपूर्वक बाँच्न पाउने अधिकारलाई मौलिक हकको रूपमा स्वीकार गर्दै मृत्युदण्डलाई पूर्णत: निषेध गरेको छ।

मानव अधिकारका विश्वव्यापी मान्यता र नेपालको संविधान तथा सम्बन्धित कानुनहरुका व्यवस्थाको आलेकमा सन् २०२२ लाई नियाल्दा कतिपय घटनामा सरकारले मानव अधिकारको परिपालना गर्ने दायित्व पूरा गर्न नसकेको देखिन्छ। उदाहरणका लागि, *बाजुराको त्रिवेणीमा मङ्सिर ४ गते साँझ मतदानको विषयमा उत्पन्न विवादलाई समाधान गर्नुको सट्टा प्रहरीले गोली प्रहार गरी सञ्जिव अयडीको मृत्यु भयो।* उदयपुरको कटारीमा स्थानीय निर्वाचनका क्रममा वैशाख ३० गते प्रहरीको गोली लागेर वीरबहादुर कटुवालको मृत्यु भयो। निर्वाचनका दिनमा भएका यी र यस्तै घटनाले सरकारी पक्षमा संयमताको आवश्यकता देखिन्छ। *त्यसैगरी यो वर्ष देशभरमा राज्य पक्षबाट पाँच जनाको हत्या भएको इन्सेकमा अभिलेख छ।* यस्ता घटनाबाट बाँच्न पाउने अधिकारको संरक्षण गर्नुपर्ने राज्यपक्ष नै अधिकार उल्लङ्घनमा उद्यत भएको भन्न हिच्किचाउनु पर्दैन।

मानव अधिकार उल्लङ्घन, ज्यादती र अपराधका घटनासँगै सडक दुर्घटना, आत्महत्या र

१. नेपाल सरकारको नीतिगत प्राथमिकता र न्युनतम कार्यक्रम

विपद्का कारण बर्सेनी हजारौँ नागरिकले ज्यान गुमाउने गरेका छन्। नागरिकप्रतिको दायित्वमा सचेत रही सरकारका आँखा यस्ता घटनाका यसलाई नियन्त्रण गर्नेतर्फ पनि पर्नु जरुरी छ। काठमाडौँ उपत्यका ट्राफिक प्रहरी कार्यालयका अनुसार आर्थिक वर्ष २०७८/०७९ मा २४ हजार ५ सय ३८ ओटा साना ठूला दुर्घटना हुँदा २ हजार ८ सय ८३ जनाको ज्यान गयो भने ७ हजार २ सय ८२ जना घाइते भए। सडक दुर्घटना बर्सेनी डरलाग्दो रूपमा बढेको छ। सडक दुर्घटनाका कारण मृत्यु हुने, अङ्गभङ्ग हुने र आश्रित परिवार बेसहारा हुँदा परिवार र बालबालिकाको लालनपालन र पढाइलेखाईमा नकारात्मक प्रभाव परिरहेको छ। यस विषयमा सरकारले गम्भीरता देखाएर निरोध र न्यूनीकरणको उपायलाई प्रभावकारी रूपमा कार्यान्वयन गरेको देखिँदैन।

त्यसैगरी ०७९ जेठ २२ गतेदेखि असोज १० गतेसम्मको अवधिमा मनसुनजन्य प्रकोपमा परी १ सय १९ जनाको ज्यान गयो भने २ हजार ३ सय ५ घरपरिवार प्रभावित भए। यो अवधिमा पहिरोमा परी ९२ जना, बाढीमा परी १९ जना र भारी वर्षाका कारण आठ जनाको मृत्यु भएको हो। ५ सय २६ ओटा घटनामा परी ३२ जना सम्पर्क बाहिर पुगेको र १ सय १५ जना घाइते भए।[२] तर, प्रकोप पीडितलाई सरकारले दिने भनेको राहत लिन पनि समयमा नपाइने अवस्था छ। पटकपटक धाउँदा पनि पीडितले राहत रकम नपाउँदा झन् पीडित हुने गरेका थुप्रै उदाहरण छन्।[३] वर्षौं बित्दासमेत राहत रकममा अड्काउने सरकारी तौरतरिकामा परिवर्तनको जरूरी छ। एक वर्षको अवधिमा प्राकृतिक प्रकोपमा परेर तालिकामा दिइए अनुसार नागरिकको मृत्यु भएको सरकारी अभिलेख छ।

संयुक्त राष्ट्रसङ्घले १९९० मा नै पारित गरी २००३ जुलाई ३ देखि लागु भएको सबै आप्रवासी कामदारहरू र तिनीहरूको परिवारका सदस्यहरूको अधिकारको संरक्षणसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिको नेपाल अहिलेसम्म पक्ष राष्ट्र भएको छैन। नेपालको अर्थतन्त्र कृषिपछि विप्रेषणले धानेको विभिन्न अध्ययनहरूले देखाएका छन्। भारतबाहेकका मुलुकका श्रम बजारमा ५० लाखभन्दा बढी नागरिक रहेको तथ्याङ्क छ। २०७८/०७९ को अवधिमा मात्रै वैदेशिक रोजगारीका क्रममा विदेशमा ज्यान गुमाउने नेपालीको सङ्ख्या १ हजार १ सय ५९ रहेको छ। नेपाल वैदेशिक रोजगार बोर्डका अनुसार एक वर्षमा बिरामीका कारण ४ सय ६६ जना, आत्महत्याबाट १ सय ५ जना, हृदयघातबाट ९४ जना, सडक दुर्घटनामा १ सय ३५ जना, क्यान्सरका कारण १७ जना, मिर्गौला रोगबाट पाँच जना, कोभिड-१९ सङ्क्रमणबाट २ सय १३ जना, कार्यस्थलमा भएका दुर्घटनामा परी ५२ जना र अन्य कारणले ७२ जनाको मृत्यु भयो।

तालिका : प्राकृतिक प्रकोपबाट सुरक्षित हुन पाउने अधिकारको असुनिश्चित अवस्था

घटना	मृत्यु	सम्पर्कविहीन	घाइते	प्रभावित परिवार
पहिरो	१६८	२७	११५	५५८
आगलागी	१००		३७२	२८७६
बाढी	३९	६	१२	१६८
वर्षात	१९	१	४२	३६८
हावाहुरी	११		४०	४३६
जम्मा	३३७	३४	५८१	४४०६

स्रोतः नेपाल विपद जोखिम न्यूनीकरण पोटल

सुधार गृहको पर्खाइमा कारागार

कारागारलाई सुधार गृहका रूपमा रुपान्तरण गर्ने र खुल्ला कारागारको अवधारणा सरकारी कागजातहरूमा नै सीमित हुँदै आएका छन्। अझैसम्म पनि कारागार, सुधार गृहका रूपमा रूपान्तरण हुन सकेको छैन। हिरासत र कारागारभित्र आत्महत्या र बिरामीकै कारण भएका मृत्युका घटनाले कारागार र हिरासतमा सरकारको कमजोर उपस्थिति भान हुन्छ। क्षमताभन्दा बढी कैदीबन्दी नभएको जेल एकाध मात्रै छन्। (हे. यसै पुस्तकको परिशिष्ट १३) देशभरमा ७२ जिल्लामा ७४ ओटा कारागार सञ्चालनमा छन्। ५३ जिल्लामा महिला कारागार पनि छन् भने आठ ओटा बाल सुधार गृह छन्। मुलतः न्याय सम्पादनमा हुने ढिलाइका कारण कैयन् बन्दी कारागारमा नै बस्न बाध्य हुँदै आएका छन्। न्याय सम्पादनमा हुने तीव्रतासँगै कारागारमा हुँदै आएको चाप घट्ने अवस्था रहन्छ। अधिकांश कारागारमा सिपमुलक

२. मनसुनजन्य विपद्का घटनासहितको प्रतिवेदन २०७९

३. https://rb.gy/dpkvfl

तालिमहरू सञ्चालन भएका कारण कैदीबन्दी आम्दानीसँगै सम्भावित 'घातक निराशा' बाट मुक्त हुने अवस्था सिर्जना भएको छ। तर, कारागार भित्रै चौकिदार, दाइ नाइके र भाइ नाइकेहरूद्वारा सञ्चालन हुने अर्को 'सत्ता' अभ्यासका कारण कतिपय अवस्थामा आपराधिक मनोवृत्तिलाई झन् बढाएको छ।

कारागार व्यवस्थापनको प्रमुख समस्या नै पुर्वाधारको सीमितता र क्षमताभन्दा बढी कैदीबन्दी रहनु हो। भएका भवनहरू पनि जीर्ण रहनु र बजेटको सीमितता अर्को चुनौती हो। कसुर ठहर भएका र पुर्पक्षमा रहेका ज्येष्ठ नागरिकलाई ज्येष्ठ नागरिक हेरचाह केन्द्रमा राख्नुपर्ने भएता पनि सबै कारागारमा स्थान अभावले उचित व्यवस्थापन मिलाउन सकिएको छैन।[४]

निर्वाचनबाट ७ सय ६१ ओटा सरकार गठन

संविधान अनुसार २०७९ सालमा तीनै तहका निर्वाचन सम्पन्न भए। निर्वाचनबाट ७ सय ५३ स्थानीय तहमा स्थानीय सरकार, सातै प्रदेशमा प्रदेश सरकार र सङ्घीय सरकार गठन भए। लोकतान्त्रिक विधिमार्फत चुनिएर आएका जनताका प्रतिनिधिबाट सरकार सञ्चालित छन्। प्रतिनिधि सभाका लागि २ सय ७५ र प्रदेश सभाका लागि ५ सय ५० स्थानका लागि मङ्सिर ४ गते र ७ सय ५३ स्थानीय तहका लागि वैशाख ३० गते निर्वाचन सम्पन्न भयो। यसर्थ यो वर्षलाई निर्वाचनको वर्षका रूपमा लिन सकिन्छ। नेपालको संविधान २०७२ जारी भएपछिको यो दोस्रो आवधिक निर्वाचन हो। यो निर्वाचनले सात वर्ष अघि जारी भएको नेपालको संविधानमा कार्यान्वयनको दिशामा देशलाई अगाडि बढाउने अपेक्षा गरिएको छ।

लोकतन्त्रलाई गतिशील बनाउन र नागरिक अधिकार सुदृढ गर्न स्थानीय तहको आवधिक निर्वाचन आवश्यक हुन्छ। नागरिकका दैनिन्दिनका काम गर्नुपर्ने आँगनको सरकार खाली राख्न नहुने हुँदा समयमा नै निर्वाचनको विकल्प थिएन। निर्वाचन गर्न १ सय २० दिन अर्थात चार महिनाको समय आवश्यक हुने निर्वाचन आयोगले जनाइरहँदा पनि सरकारले समयमा नै निर्वाचनको मिति घोषणा गरेन। स्थानीय तहको निर्वाचन ०७९ वैशाख ३० गते हुने घोषणा २०७८ माघ २४ गते गरिएको थियो। प्रतिनिधिसभा तथा प्रदेशसभाको निर्वाचन २०७९ मङ्सिर ४ गत गर्ने निर्णय सरकारले २०७९ साउन १८ गते गरेको थियो।

फितलो निर्णय, विवादग्रस्त विधेयक

सरकारले ०७९ वैशाख १३ गते गरेको निर्णय अनुसार ०७९ जेठ १ गतेबाट लागु हुने गरी सातामा दुई दिन विदा दिने र कार्यालय समय ९:३० बजेदेखि ५:३० बजेसम्म कायम रहने भन्ने थियो। तर उक्त निर्णय अनुसार सरकारले कामकाज अघि बढाउन सकेन। ०७९ जेठ २३ गते उक्त निर्णय खारेज गऱ्यो। यसअघि तत्कालिन प्रधानमन्त्री कृष्णप्रसाद भट्टराईको कार्यकालमा ०५६ साउन १ गतेबाट दुई दिन विदा दिने अभ्यास थालिएको थियो। उक्त अभ्यासलाई ०५९ साल वैशाखमा प्रधानमन्त्री शेरबहादुर देउवाले हटाएका थिए। अहिले त्यही 'असफल' भएको नियम लागु गर्न खोजे पनि कार्यान्वयन हुन सकेन। अध्ययन र कुनै तयारी बिना सरकारले निर्णय गरेकाले लागु नहुँदै विफल हुन पुग्यो।

संसदका दुवै सदनबाट दुई पटक बहुमतले पारित गरी पठाएको विधेयक राष्ट्रपतिले प्रमाणीकरण नगरेपछि राष्ट्रपतिमाथि राजनीतिक झुकावको आरोप लगाइयो र यस विषयमा गम्भीर आलोचना भयो। तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले ०७८ जेठ ९ गते नागरिकतासम्बन्धी अध्यादेश ल्याएका थिए। सो अध्यादेश राष्ट्रपतिबाट सदर भएको थियो। त्यसबेला सर्वोच्च अदालतमा मुद्दा परेको थियो। नेपालको संविधान, नागरिकता ऐनका प्रावधान तथा विभिन्न मुद्दाका सन्दर्भमा सर्वोच्चबाट भएको व्याख्या र प्रतिपादित सिद्धान्त बमोजिम नागरिकता प्रमाणपत्र प्रदान गर्न सकिने भन्दै केपी शर्मा ओलीको सो कदमबारे सर्वोच्चले भनेको छ- 'यो बाहेक नागरिकता दिनेसम्बन्धी नयाँ विषय थप गर्नु परे वा भइरहेका ऐनको प्रावधानमा परिवर्तन गर्नुपर्ने भएको अवस्थामा त्यस्तो विषयमा व्यवस्थापिकाबाट निर्मित कानुनी आधारमा नियमन र व्यवस्थित गरिनु वाञ्छनीय देखिन्छ।'[५]

विधेयकमा नअडिएको ध्यान अध्यादेशतिर

संसद नभएको र अत्यावश्यक परेमा मात्रै अध्यादेशबाट ऐन बनाउन सकिने सुविधा संविधानले

४. कारागार सुधार अवधारणापत्र, २०७९ वैशाख

५. https://www.onlinekhabar.com/2021/06/967745

दिएको छ, तर संसद विघटन तथा अधिवेशन अन्त्य गरेर योजनाबद्ध रूपमा अध्यादेश ल्याउने प्रवृत्ति बढेको छ।[६] शासकीय सुविधाका लागि विवादास्पद अध्यादेश ल्याउनेमा सन्दर्भमा प्रधानमन्त्री शेरबहादुर देउवा र निवर्तमान प्रधानमन्त्री केपी शर्मा ओलीको कार्यशैली आधारभूत रुपमा उस्तै देखिएको भनी आलोचना गरिएको थियो। सत्तामा हुँदा र प्रतिपक्षमा रहँदा विरोधाभासपूर्ण चरित्र पनि दुवैमा मिल्दोजुल्दो देखिएको भनी टिप्पणी गरिएको थियो। संसद बहाल रहेकै अवस्थामा तथा संसदलाई यो वा त्यो ढङ्गबाट छलेर अध्यादेश ल्याउँदा आम नागरिकमा राजनीतिक नेतृत्वप्रति शंसय बढ्नु स्वभाविक नै हो।

सरकारले ०७८ चैत १७ गते पाँच ओटा अध्यादेश एकैदिन राष्ट्रपतिसमक्ष सिफारिस गऱ्यो। वैशाख ३० गते निर्वाचनको तयारीमा रहनुपर्ने सरकार निर्वाचनलाई लक्षित गरी मतदाता प्रभावित पार्न अध्यादेश ल्याएको सरकारलाई आरोप लाग्नु अस्वभाविक होइन। ०७९ वैशाख १८ गतेपनि सरकारले दुई ओटा अध्यादेश राष्ट्रपतिसमक्ष पेश गर्ने निर्णय गरेको थियो। केही नेपाल कानुनलाई संशोधन गर्न बनेको विधेयक संसदबाट पारित नभएपछि सरकारले कात्तिक ७ गते अध्यादेशमार्फत संशोधन गर्ने निर्णय गऱ्यो। त्यसैगरी निर्वाचन सकिएर नयाँ संसद आइसकेको अवस्थामा पनि सरकारले अध्यादेश ल्याउने प्रयत्न जारी राख्यो। मङ्सिर ४ गते प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचन सकिएपछि मङ्सिर २५ गते सरकारले मुलुकी फौजदारी कार्यविधि संहिता (पहिलो संशोधन) अध्यादेश राष्ट्रपतिसमक्ष सिफारिस गरेपनि सो अध्यादेश जारी भएन। सत्ता टिकाइरहने मनसायबाट सो अध्यादेश ल्याएको भनी चौतर्फी विरोध पछि यो अध्यादेश जारी भएन।

संशोधित अध्यादेशमा मुलुकी फौजदारी कार्यविधि संहिताको २०७४ को ११६ को उपदफा (८) पछि (९) थप गरी 'कुनै पनि राजनीतिक दल वा समूहले मुलुकको विद्यमान राजनीतिक प्रणालीसँग असहमत रही हिंसात्मक क्रियाकलाप सञ्चालन गरिरहेकोमा त्यस्तो राजनीतिक दल वा समूह शान्तिपूर्ण राजनीतिको मूलधारमा आउन नेपालको संविधान र प्रचलित कानुनको अधीनमा रही शान्तिपूर्ण राजनीतिक क्रियाकलाप सञ्चालन गर्ने प्रतिबद्धता जनाई सरकारसँग सहमति गरेको भए त्यो राजनीतिक दल वा समूहका नेता कार्यकर्ता विरूद्ध नेपाल सरकार बादी भई चलाइएका मुद्दा फिर्ता लिन सकिनेछ,' भन्ने प्रावधान छ भने यसमा जुनसुकै तहको अदालतमा विचाराधीन मुद्दा फिर्ता गर्न सरकारलाई बाधा नपुग्ने उल्लेख छ। संशोधन अध्यादेशप्रति इन्सेकले प्रेस विज्ञप्तिमार्फत गम्भीर आपत्ति प्रकट गऱ्यो।[७]

संरचना अभाव र प्रदेश सरकारका पाँच वर्ष

२०७२ सालमा जारी संविधान अनुसार सात प्रदेशको निर्वाचन गरी २०७४ सालबाट प्रदेश सरकार सञ्चालनमा आए। प्रदेश सरकारले पाँच बर्से कार्यकाल पूरा गरे पनि प्रदेश १ सरकारले आफ्नो पहिला कार्यकालमा नाम राख्ने गरी समन्वयसमेत गर्न सकेन। प्रदेशसभाले नामाकरण गर्ने संवैधानिक व्यवस्था भएपनि समन्वयको काम भने कार्यपालिकाको नै हो। नयाँ अभ्यास र थालनी भएकाले मन्त्रालयको सञ्चालन र प्रदेशसभा बैठक राख्ने भवनको व्यवस्थापनका लागि सरकारका सरोकार केन्द्रित हुन पुगे। मन्त्रालयको सङ्ख्या थपघट गर्ने, भागबण्डा र दलीय नेतृत्वको 'आदेश' तामेली गर्नेजस्ता गलत प्रवृत्ति पनि यो अवधिमा देखा परे।

प्रदेश राजधानी तोकिए पनि सुदूरपश्चिम प्रदेश सरकारले गोदावरी नगरपालिकामा व्यवस्थापकीय काम गरेको पाइएन। लुम्बिनी प्रदेश सरकारले रुपन्देहीबाट प्रदेश सदरमुकाम दाङको देउखुरीमा सार्ने निर्णय गरेको भएपनि सन् २०२३ लागेपछि सोको कार्यान्वयन अघि बढायो। प्रदेश सभाको दुई तिहाइ मतले ०७७ असोज २० गते स्थायी राजधानी दाङको राप्ती उपत्यका देउखुरी हुने निर्णय गरेको थियो । त्यसको २ वर्ष ३ महिनामा प्रदेश सरकारले झण्डै १० करोड रुपियाँ खर्च गरेर प्रदेश सभा भवन तयार गरेको हो।[८] बागमती प्रदेश सरकारले मन्त्रालयको सङ्ख्या थपेसँगै भवन अभावका कारण एउटै भवनमा पाँच ओटासम्म मन्त्रालयका बोर्ड राखेको पाइयो।[९]

६. https://www.nayapatrikadaily.com/news-details/102576/2022-12-14
७. https://rb.gy/r9exkc
८. https://ekantipur.com/pradesh-5/2023/01/02/167262542528576268.html
९. https://narayanionline.com/2021/12/19/155012/

मन्त्रालयको सङ्ख्या थप्ने कार्यलाई सुशासनको प्रतिबद्धताविरुद्ध ठहऱ्याउँदै सार्वजनिक वृत्तमा त्यसको निकै आलोचना गरियो।

शिक्षा, स्वास्थ्य र उपभोक्ता अधिकार

मानव अधिकारको विश्वव्यापी घोषणापत्रको धारा २६ मा प्रत्येक व्यक्तिलाई शिक्षाको अधिकार सुनिश्चित हुनुपर्ने भनी उल्लेख छ। प्राथमिक तहसम्मको शिक्षा निःशुल्क उपलब्ध हुनुपर्ने, आधारभूत शिक्षा अनिवार्य, प्राविधिक तथा व्यावसायिक शिक्षामा सबैको पहुँच हुनुपर्ने साथै बालबालिकालाई शिक्षाको छनोट गर्ने पूर्ण अधिकारमा नेपालको संविधान र कानुनले व्यवस्था गरेको छ। तर, यो बिचमा सरकारी विद्यालयहरूमा यो वा त्यो नाममा शुल्क लिने गरेका प्रशस्त समाचार सार्वजनिक भए। जसबाट सरकारी नीति कार्यान्वयनमा प्रगति गर्न बाँकी रहेको पाइयो। शिक्षासम्बन्धी ऐनको नयाँ संशोधन नआउँदा शिक्षा क्षेत्रमा नै नकारात्मक प्रभाव पऱ्यो।

स्वास्थ्यको अधिकार व्यक्तिको आधारभूत मानव अधिकार हो। यस अधिकारलाई मानव अधिकारसम्बन्धी विभिन्न अन्तर्राष्ट्रिय दस्तावेज र राष्ट्रिय कानुनहरुमा व्यवस्था गरिएको छ। २०७६ सालबाट नेपालमा देखा परेको कोभिड-१९ का कारण नेपाली स्वास्थ्य क्षेत्रमा सङ्कट देखा पऱ्यो। यो वर्ष डेङ्गुको प्रभाव पनि ठूलो समस्याका रूपमा देखा पऱ्यो। स्वास्थ्य संस्थाहरूमा उपकरण र जनशक्ति अभाव यो वर्ष पनि देखा पऱ्यो। धनकुटा अस्पतालमा १० वटा आइसियु सहितका शैया र चार ओटा भेन्टिलेटर रहेका छन्। सरकारले कोरोना महामारीका बेला जनतालाई स्वास्थ्य सुविधा दिन ल्याइएका भेन्टिलेटर आइसियु दक्ष जनशक्ति अभावले सञ्चालन हुन नसकेको अस्पतालका निमित्त प्रमुख डा. मनिश शाहले बताए। (हेर्नुहोस् जिल्लागत विवरण, धनकुटा) बिमा कार्यक्रमबाट नागरिकलाई लाभ र स्वास्थ्य सेवा सुलभताका विषय उठाएको भएपनि कोरोना बिमाका बिमितहरूले बिमाबापतको रकम प्राप्त गर्न सकेका छैनन्। मन्त्रिपरिषद्को ०७९ भदौ २१ गतेको बैठकले कोरोना बिमाबापतको रकम निकासा दिन बिमा समितिलाई १ अर्ब रुपियाँ उपलब्ध गराउने निर्णय भए पनि सो रकम अपुग भएका कारण सबै बिमित लाभान्वित हुन सकेनन्। स्वास्थ्य बिमा गराएका नागरिकले सहज सेवा र उपचार पाउन सकेका छैनन्। औषधि अभावका कारण बिरामी नागरिक स्वास्थ्य अधिकारबाट वञ्चित समेत हुन पुगे।[१०]

उपभोग्य वस्तु वा सेवा उपभोग गर्ने मानिस उपभोक्ता हुन्। यसर्थ सबै मानिस उपभोक्ताको सूचीमा समेटिन्छ। सडक सञ्जालले समेटिन बाँकी रहेको हुम्लामा नियमित उडान नहुँदा दैनिक उपभोग्य सामग्रीको अभाव भयो।[११] यस्ता अभावका समाचार देशका अन्य जिल्लाहरूमा पनि भएको सञ्चार माध्यमहरूले उठाउँदै आएका छन्। चाडपर्व केन्द्रीत भएर केही उपभोग्य सामग्री उपलब्ध गराउने अभ्यासले खाद्यान्न लगायतका उपभोग्य सामग्रीको अभाव हट्दैन। सबै मानिसको पर्याप्त मात्रामा पोषणयुक्त खाद्य पदार्थ माथिको आर्थिक, सामाजिक र भौतिक पहुँच, उपलब्धता र उपयोगको सुनिश्चितताका लागि सरकार अपेक्षाकृत सकृय हुन सकेन।

वातावरण र आवासको अधिकार

संयुक्त राष्ट्रसङ्घको महासभाले स्वच्छ, स्वस्थ र दिगो वातावरणलाई मानव अधिकारको रूपमा स्वीकार गरी घोषणापत्र जारी गरेको छ। नेपालको संविधानको धारा ३० मा स्वच्छ वातावरणको हक र धारा ३५ मा स्वास्थ्यसम्बन्धी हक उल्लेख गरी वातावरणलाई मानव अधिकारसँग एकाकार गरेको छ। तर, अव्यवस्थित रुपमा डोजरले खनेका बाटोघाटो, डँढेलो, चुरेको दोहन र वातावरणीय प्रभावको अध्ययन बिना खानी सञ्चालनजस्ता क्रियाकलापले गर्दा पानीको स्रोतहरूको विनाश हुँदै गएका छन। खानेपानीको अभावका कारण मानव बस्ती थप जोखिममा पर्दै गएका छन्। जसका कारण स्वच्छ वातावरणको संवैधानिक अधिकार प्रयोगमा कठिनाइ भएको देखिन्छ। त्यसैगरी बन्द, हड्तालका नाममा टायर बालेर गरिने प्रदर्शनले मानिसको वातावरणको अधिकार उपभोगमा असर गरेको देखिन्छ।

आवासको अधिकारलाई संवैधानिक रूपमा सुनिश्चित गरिए पनि सोको कार्यान्वयनमा सरकारले तदारूकता दिएको छैन। आवासविहीनका लागि कानुन अनुसार आवासको व्यवस्था गर्नुपर्नेमा पहिचान समेत नगरी सुकुमबासी हटाउने अभियानको नेतृत्व

१०. https://www.imagekhabar.com/news/389711/

११. https://beta.gorkhapatraonline.com/open/2022-03-31-61118

काठमाडौँ महानगरपालिकाका मेयर बालेन्द्र साहले गरे। थापाथलीस्थित बाग्मती नदी किनारका सुकुमबासी बस्ती हटाउन महानगरले डोजर लिएर बस्ती प्रवेश गरेपछि स्थानीयले विरोध र प्रतिकार गरे। उक्त क्रममा भएको झडपमा नगरप्रहरी र प्रदर्शनकारी घाइतेसमेत भए। समृद्ध काठमाडौँ निर्माणका मुख्य बाधक सुकुमबासी हुन् भने झैँ गरी बस्ती हटाउने असफल प्रयास भयो। सुकुमबासी बस्ती हटाएर न त समृद्ध काठमाडौँको प्रस्थान सुरू हुन्छ न त समृद्ध काठमाडौँका सबै उद्देश्य पूरा हुन्छन्। सबैभन्दा पहिला सक्कली र नक्कली सुकुमबासी पहिचान गरी सोही अनुसारको सम्बोधन गर्नु जरूरी छ। काठमाडौं महानगरपालिकाले थापाथलीस्थित बागमती करिडोरको सुकुमबासी बस्ती हटाउन बल प्रयोग गरेकोप्रति राष्ट्रिय भूमि आयोगले औपचारिक रूपमै आपत्ति जनायो।[१२]

आश्रित तथा पछाडि पारिएका व्यक्ति र समुदायको संरक्षणको सवाल

आश्रित तथा पछाडि पारिएका नागरिकहरूको संरक्षण गर्नु राज्यको दायित्व हो। आफ्नो जीवनको उर्जाशील र उत्पादनशील समय राष्ट्रका लागि योगदान गरेका ज्येष्ठ नागरिकको जीवनलाई सहज र सुरक्षित बनाउन नेपाल सरकारले ज्येष्ठ नागरिक स्वास्थ्य बिमा, सामाजिक सुरक्षा भत्ता लगायतका सेवा र सुविधाको निरन्तरता दिँदै आएको छ। ज्येष्ठ नागरिकहरूलाई सार्वजनिक सेवाहरूमा सहज पहुँच सुनिश्चित गर्न गरिएका व्यवस्थाको प्रभावकारी कार्यान्वयन गरिएको छ। विगतका वर्षहरूमा झैँ यो वर्ष पनि सरकारले यसलाई निरन्तरता दिएको छ। सरकारले लक्ष्य लिएका र कार्यक्रममा समेटिएका यस्ता प्रावधानमा भने सरकारले सुधार्नुपर्ने ठाउँहरू धेरै छन्।

सरकारले यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यकका सवालमा सो समुदायले माग गरे अनुसारका व्यवस्थालाई यो वर्ष पनि समेट्न सकेन। संविधानको धारा १२, १८ र ४२ ले यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यकको अधिकार समेटेको छ। तर, नागरिकता लिन नै मेडिकल प्रमाण देखाउनु परिरहेको छ। जब कि कुनै पनि महिला वा पुरुषले यस्तो प्रमाण पेश गरिरहनु पर्दैन।[१३]

असहाय, अनाथ, सुस्त मनस्थिति, द्वन्द्वपीडित, विस्थापित एवम् जोखिममा परेका र सडक बालबालिकालाई राज्यबाट विशेष सुविधा हुने, कलकारखाना, खानी वा यस्तै अन्य जोखिमपूर्ण काममा लगाउन वा सेना, प्रहरीमा प्रयोग गर्न पाइँदैन। शिक्षामा न्यून गुणस्तर र असमान पहुँच, भौगोलिक विकटता, लिङ्ग, आर्थिक, सामाजिक तथा जातीय भिन्नताहरूजस्ता विद्यमान समस्याको सम्बोधन नगरी बाल अधिकारको रक्षा हुन सक्दैन। गरिबी, सामाजिक वहिष्करण, अपाङ्गता, बसाइँ सराइ, बालश्रम, सामाजिक मूल्यमान्यताहरू तथा लैङ्गिक भेदभावलगायतका कारणले सबै बालबालिका विद्यालयको पहुँचमा छैनन्। यतातिर सरकारका सरोकार केन्द्रीत गर्न आवश्यक छ। बालमैत्री स्थानीय तह निर्माण र बालश्रममुक्त शहर घोषणा गर्ने अभियान सुरू भए पनि यसमा चित्त बुझ्दो नतिजा आएको छैन। परिवर्तिक स्वरूपमा घरेलु कामदारका रूपमा बालबालिकाको दुरुपयोग गर्ने र श्रमशोषण गर्ने काममा पूर्णतया रोक लगाउने कार्यको कार्यान्वयन भएको छैन।

नेपालमा महिलाहरूको अवस्था विगतका वर्षहरूमा भन्दा सकारात्मक हुँदै आएको भए तापनि सन्तोषजनक मान्न सकिने अवस्थामा अझै आइपुगेको छैन। महिलासँग सम्बन्धित कानुनी प्रावधान एवम् राजनीतिक सहभागिताको अवस्थामा केही सुधार भएको छ। यति हुँदाहुँदै पनि विभिन्न खाले संरचनात्मक एवम् लैङ्गिक हिंसाबाट महिला पीडित हुँदै आएका छन्।[१४] यो वर्ष मात्र बलात्कारपछि हत्या, बलात्कार, बलात्कार प्रयाससहित यौन दुर्व्यवहारका कारण महिला र बालिकाको ठूलो सङ्ख्या पीडित बनेको छ। यस्ता यौनजन्य घटनाको सार्वजनिक हुने क्रम बढ्दो छ। बढ्दो यौनजन्य घटनाहरूबाट बालिका र महिलाको सुरक्षाका लागि पूर्व सावधानी अपनाउने तथा निरोधात्मक उपायहरू अवलम्बन गर्न सरकारले सफलता प्राप्त गर्न सकेको छैन। यसवर्ष 'कुमारी आमा' निहारिका राजपुतको न्यायिक लडाइँले निश्कर्ष पाएन। घरेलु हिंसाको विकराल अवस्था दिनप्रतिदिन सार्वजनिक हुँदा र प्रहरीसम्म पुगेका घटनाको सम्बोधन पनि मिलापत्रमा नै टुङ्गिनुले महिला अधिकारमा सकारात्मक परिवर्तन ल्याउन सकिएको छैन। *(हेर्नुहोस्*

१२. https://nayapatrikadaily.com/news-details/101839/2022-12-03

१३. https://www.bbc.com/nepali/news-61866737

१४. https://inseconline.org/np/wp-content/uploads/2022/12/16-days-2022.pdf

जिल्लागत विवरणमा महिला विरूद्ध हुने सबै खाले भेदभाव र दुर्व्यवहार) राज्य एक्लैले महिलामाथि हुने हिंसाका घटना र त्यसबाट सिर्जित हुने समस्याको समाधान गर्न कठिन छ। गैरसरकारी संस्था र राज्यका निकायका यति धेरै प्रतिबद्धताका बावजुद् पीडितको सङ्ख्या बढ्दै जानु गम्भीर सरोकारको विषय हो।सरकारले ०७९ असोज ७ गते महिला, शान्ति र सुरक्षासम्बन्धी संयुक्त राष्टसङ्घ, सुरक्षा परिषद् प्रस्ताव नं १३२५ र १८२० कार्यान्वयनसम्बन्धी दोस्रो राष्ट्रिय कार्ययोजना स्वीकृत गर्ने निर्णय गऱ्यो।

सुर्खेतको वीरेन्द्रनगरस्थित उत्तर पश्चिम पृतना हेडक्वाटरले ०७९ साउनदेखि पुससम्मको ६ महिनामा कर्णाली र सुदूरपश्चिम प्रदेशबाट ४१ जना सुत्केरीहरूको हवाई उद्धार गऱ्यो।[१५] कर्णालीको डोल्पामा चार, मुगुमा दुई, दैलेखमा ६, हुम्लामा दुई, रुकुममा दुई, जुम्लामा एक, कालिकोटमा तीन, रुकुम पश्चिममा एक र जाजरकोटमा पाँच, बैतडीमा एक, डोटीमा दुई, डडेल्धुरामा एक, बाजुरामा तीन, दार्चुला र अछाममा चारचार जनाको उद्धार गरेको हो। राष्ट्रपति महिला उत्थान कार्यक्रम अन्तर्गत दुर्गम क्षेत्रका ज्यान जोखिममा परेका गर्भवती तथा सुत्केरीको नि:शुल्क हवाई उद्धारबाट धेरै महिलाको ज्यान जोगिएको छ। यो कार्यक्रम १८ जिल्लामा पूर्ण र २९ जिल्लामा आंशिक रूपमा लागु भएको छ।[१६]

संयुक्त राष्ट्रसङ्घले विश्वका सबै मानिसहरूलाई मानव अधिकारको प्रत्याभूति दिलाउन विभिन्न किसिमका महासन्धिहरू जारी गरेको छ। यिनै महासन्धिहरूमध्ये अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय महासन्धि २००६ पनि एक हो। नेपालले यो महासन्धीको २७ डिसेम्बर २००९ अर्थात २०६६ साल पुस १२ गते अनुमोदन गरीसकेको छ। यो अवधिमा भएका प्रगतिहरुमध्ये मुख्य भनेको भर्खरै बनेको संविधानमा अपाङ्गता भएका व्यक्तिहरुको अधिकारलाई समावेश गर्न सक्नु रहेको छ।

अपाङ्गता भएका व्यक्तिहरूको सार्वजनिक सेवामा सहज पहुँचका लागि अपाङ्गतामैत्री पुर्वाधारले तीव्र प्राथमिकता पाउन सकेको छैन। अपाङ्गतामैत्री भवन बनाइएपनिख भवनसम्म पुग्ने बाटो अपाङ्गतामैत्री नहुँदा अपाङ्गता भएका व्यक्ति सेवाबाटै विमुख हुनु पर्ने अवस्था छ। स्थानीय तहको मतदानमा बाँकेको राँझास्थित आदर्श माविमा अपाङ्गता भएका मतदातालाई ह्वीलचेयर लैजानबाट वञ्चित गरेबाट अपाङ्गता भएका व्यक्तिका समस्याप्रति सरकार र सरकारी संयन्त्र एकाकार हुन बाँकी रहेको भन्न सकिन्छ।

मानिसलाई मानिसकै रूपमा व्यवहार नगरेर छुवाछुतजन्य विभेद समाजमा कायमै छ। त्यस्ता विभेदको अन्त्यका लागि सरकारले कानुन ल्याएको छ। 'दलित' जातजातिको सहभागिताका लागि सकारात्मक विभेदको नीति लिएर राज्यका विभिन्न निकायमा उपस्थिति सुनिश्चित गर्ने प्रयास गरिएको छ। तर, समाजमा सचेतनाको अभिवृद्धि बढाएर गाउँसमाजमै हुने जातीय विभेदजन्य घटनामा कमी हुन सकेको छैन। *(हेर्नुहोस् अनुसूची-२)*

दैलेखको भगवतीमाई गाउँपालिका-३ मेहेलतोलीका ६२ वर्षीय कविराम कामीको नाम नागरिकतामा 'कुकुर' कामी लेखिएको र उक्त नामबाट अपमानबोध भएको समाचार इन्सेक अनलाइन[१६]मा प्रकाशित भएपछि विभिन्न सञ्चारमाध्यममा देशभरका त्यस्ता नामबारे समाचार प्रकाशन भए। २०४६ साल जेठ ७ गते घुम्ती टोली मार्फत गाउँमै उनको नागरिकता बनाइएको थियो। गृह मन्त्रालयले पहिले लेखिएको अपमानबोध भएका नाम वा थर सम्बन्धित व्यक्तिले सच्याउन चाहेमा सच्याउने व्यवस्था मिलाउन र अपमानजनक नाम थर नलेख्न साउन २३ गते आग्रह गऱ्यो।

नेपाल सरकारले २०५७ साल साउन २ गते कमैया मुक्तिको घोषणा गरेको भएपनि पुन:स्थापनाको कार्यले पूर्णता पाउन सकेको छैन। कतिपय कमैयाले परिचयपत्र, जग्गा प्राप्त गर्न नसकेको अवस्था विद्यमान छ। प्राप्त भएको जग्गा उपभोग गर्न नसकेका अवस्था पनि कायमै छ। मुक्त कमैया पुन:स्थापनाको जिम्मेवारी स्थानीय तहलाई दिइएको भएपनि कार्यविधिगत अस्पष्टता, समन्वय र सहकार्यको अभावलगायतका कारण कार्यान्वयनमा समस्या आएकोछ।

१५. https://www.nepalpress.com/2023/01/29/285624/

१६. https://rb.gy/3wyvug

१७. https://rb.gy/veytdp

नेपाल सरकारले कम्लहरी मुक्तिको घोषणा २०७० असार १३ गते गरेको थियो। कम्लहरीहरूलाई मूक्तिको घोषणा गर्दा परिचयपत्र वितरण, छात्रवृत्ति तथा पुन:स्थापना जस्ता सुविधाहरू उपलब्ध गराउने प्रतिवद्धता राज्यबाट गरिएकोमा सो बमोजिम भएको छैन। नेपाल सरकारको मन्त्रिस्तरीय निर्णयबाट मुक्त कमैया कम्लहरी, मुक्त हलिया, हरूवा चरुवासम्बन्धी वस्तुस्थिति अध्ययन समितिले मिति ०७९ साउन २ गते कमैया कम्लहरी पुन:स्थापनासम्बन्धी अध्ययन प्रतिवेदन सार्वजनिक गरेकोमा उक्त प्रतिवेदनबाट प्राप्त सुझावहरूको नेपाल सरकारबाट प्रभावकारी रुपमा कार्यान्वयन हुनुपर्ने देखिन्छ।[१८]

मानव विकास सूचकाङ्कमा पछाडि रहेको मुस्लिम समुदायलाई लोकतन्त्रको स्थापनासँगै मुलधारमा स्थापित गर्ने कार्यारम्भ भएको छ। राज्यको स्रोत, अवसर र लाभमा न्यायोचित पहुँच नभएपनि पहुँच बृद्धिका लागि कार्यहरूको थालनी भएको छ। राजनीति र प्रशासनमा समानुपातिक प्रतिनिधित्व हुन सकेको छैन।[१९]



नेपाल सरकार

गृह मन्त्रालय

पत्र संख्या:-
प्राप्त पत्र संख्या र मिति:-
च.नं.:-

सिंहदरबार,
काठमाडौं, नेपाल।

विज्ञप्ति

विभिन्न जिल्लाहरुबाट जारी भएका नेपाली नागरिकताका प्रमाणपत्र जारी गर्दा अपमानजनक शब्द राखी जारी भएको सम्बन्धमा प्रकाशित समाचार, सूचना तथा जानकारीहरु प्रति यस मन्त्रालयको गम्भीर ध्यानाकर्षण भएको छ । सो सम्बन्धमा देहाय अनुसारको व्यवस्था मिलाइएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि अनुरोध छ ।

देहाय

१. अपमानजनक शब्द प्रयोग गरी नागरिकतामा व्यक्तिको नाम र थर जनिने गरी नागरिकता प्रमाणपत्र जारी नगर्ने,

२. त्यसरी अपमानजनक शब्द प्रयोग गरी जारी भएका नागरिकता प्रमाणपत्रमा सम्बन्धित व्यक्तिले सच्याउन माग गरेमा आवश्यक प्रक्रिया पूरा गरी सच्याउने व्यवस्था मिलाउने ।

मिति: २०७९।०४।२३

कणिन्द्रमणि पौखरेल
सहसचिव/प्रवक्ता

द्वन्द्वपीडितका यथावत सवाल

१० वर्ष लामो सशस्त्र द्वन्द्वको अन्त्य भएको १६ वर्ष नाघेको छ। २०६३ मङ्सिर ५ गते विस्तृत शान्ति सम्झौतामार्फत गरिएका प्रतिबद्धताहरूमध्ये द्वन्द्वपीडितका न्यायसम्बन्धी सवालहरू आजसम्म पनि सम्बोधन हुन सकेका छैनन्। संविधानले मुलुकको राजनीतिक व्यवस्था र शासकीय स्वरूपमा परिवर्तन गऱ्यो। वर्ष बदलिए। तर, द्वन्द्वपीडितका पीडा झन् गहिरिँदै आए। शान्ति सम्झौता मुताविक हतियार र लडाकु व्यवस्थापनको कार्य सकियो। द्वन्द्वपीडित व्यक्तिहरूका सरोकार तथा उनीहरूमाथि भएको अन्याय निरूपण, न्याय सुनिश्चितता, परिपूरण तथा संस्थागत सुधार गर्नेतर्फ ठोस प्रगति हुन सकेन। द्वन्द्वकालीन समयमा भएका गम्भीर मानव अधिकार उल्लङ्घन, ज्यादती लगायतका घटना निरुपणका लागि गठन गरिएका संरचनाहरूले प्रभावकारी परिणाम निकाल्न सकेनन्। कानुन र नीतिगत सुधारका लागि अन्तराष्ट्रिय समुदाय तथा सर्वोच्च अदालतको आदेश कार्यन्वयन नहुनुले नेपाल सरकार तथा सङ्घीय संसदले द्वन्द्वको समयमा भएको अन्याय निरूपणप्रति सरकारी उदासिनता कायमै रहयो।

असोज २८ गते मन्त्रीपरिषदको बैठकले बेपत्ता पारिएका व्यक्तिको छानविन आयोग र सत्य निरूपण तथा मेलमिलाप आयोगको कार्यावधि २०८० असार मसान्तसम्म थप गर्न बाधा अड्काउ फुकाउ आदेश जारी गर्ने निर्णय गऱ्यो। यो निर्णय आफैँमा सकारात्मक हुँदाहुँदै पनि वर्षौंदेखि सोसम्बन्धी कार्यको निष्कर्ष नआउनु निकै दुखद् छ। आयोगका कार्यकाल थपिए पनि पदाधिकारीविहीन हुँदा कार्यसम्पादन हुन बाधा पुगेको छ।[२०]

शान्ति प्रक्रियाका बाँकी काम सम्पन्न गरी पीडितहरूलाई न्याय र परिपूरणको व्यवस्था गर्ने र समाजमा मेलमिलापको वातावरण सुदृढ गर्ने कुरामा

१८. थारु आयोगको चौथो वार्षिक प्रतिवेदन, २०७९
१९. मुस्लिम आयोगको वार्षिक प्रतिवेदन, २०७९
२०. https://inseconline.org/np/press/46118/

सरकारी प्रतिबद्धता भने कायमै रहेको छ। यसको कार्यान्वयनको पाटोमा सरकारी ढीलासुस्ती भने कायम छ। द्वन्द्वपीडित परिवारलाई क्षतिपूर्ति, पुनःस्थापना र परिपूरणको कार्य सम्पन्न गर्ने कुरामा सरकारी प्रतिबद्धता भने कायमै छ।[२१]

राष्ट्रिय मानव अधिकार संस्थाहरू

संविधानले मानव अधिकारसँग सरोकार राख्ने विभिन्न आयोगहरूको व्यवस्था गरेको छ। सोही व्यवस्था अनुसार क्रियाशील आयोगहरूले हरेक वर्ष राष्ट्रपतिसमक्ष प्रतिवेदन पेश गर्नुपर्छ। तर, सबै आयोगले प्रतिवेदन पेश गरेका छैनन्। केही आयोगका वेवसाइटसमेत अध्यावधिक छैनन्। संविधानले राष्ट्रिय मानव अधिकार आयोग, राष्ट्रिय महिला आयोग, राष्ट्रिय समावेशी आयोग, आदिवासी जनजाति आयोग, मधेशी आयोग, थारू आयोग र मुस्लिम आयोगलगायतका आयोगको व्यवस्था गरेको छ।

मानव अधिकार रक्षक

राष्ट्रिय मानव अधिकार आयोगले २०७९ असार ९ र १० गते ललितपुरमा मानव अधिकार रक्षकहरूको राष्ट्रिय सम्मेलन आयोजना गरेर मानव अधिकार रक्षकका लागि कानुन आवश्यक भन्ने कुरामा अपनत्व लियो। सम्मेलनले ११ बुँदे घोषणापत्र जारी गऱ्यो। सम्मेलनले निकालेको निष्कर्षमा भनिएको छ- 'नेपालको मानव अधिकार र नागरिक स्वतन्त्रताको संवैधानिक सुनिश्चितता विश्वका कतिपय राष्ट्रहरू भन्दा गर्व गर्नलायक अवस्थामा छ। अपितु मानव अधिकार रक्षकहरूका लागि स्वतन्त्र तथा भयरहित वातावरणमा काम गर्नका लागि कानूनी र व्यवहारिक कठीनाईहरूको सम्बोधन गर्ने गरी प्रभावकारी रुपमा राज्यबाट संरक्षणात्मक कार्यहरू हुन सकेका छैनन्।'[२२]

निष्कर्ष

यो वर्षलाई निर्वाचन वर्षका रूपमा लिन सकिन्छ। निर्वाचनलाई जनताका प्रतिनिधिबाट शासन सत्ता सञ्चालन गर्ने अवसरका रूपमा लिइन्छ। यसर्थ निर्वाचन सम्पन्न गर्न सरकारले गरेको समन्वय सरकारले गरेका कामहरूमध्ये उत्कृष्ट रहयो। छिटफुट घटनाका बावजुद एकैचरणमा निर्वाचन गर्ने कार्यमा सरकारको व्यवस्थापन कमजोर मान्न मिल्दैन। सङ्घीय, सात प्रदेश र ७ सय ५३ स्थानीय तह गरी निर्वाचनबाट ७ सय ६१ ओटा सरकार गठन भई क्रियाशील रहेबाट जनाधिकार रक्षाका लागि गर्नुपर्ने काम सम्पादन हुने आशा र अपेक्षा गर्न सकिन्छ।

राजनीतिक दलहरूको केन्द्रमा जनताका अधिकार पर्न सकेनन्। दलहरूको ध्यान सत्ता राजनीतिमा केन्द्रित हुँदा कार्यपालिकाले कसरी सत्ता टिकाउने र लम्ब्याउने भन्नेतिर आफ्नो ध्यान केन्द्रीत गर्ने बढ्दो प्रवृत्ति यो वर्ष पनि निरन्तर रहयो। संसदको अधिवेशन अन्त्यसँगै अध्यादेश ल्याउने कार्यको निरन्तरता यो वर्षपनि भयो। जीवनको अधिकार संरक्षणमा सरकारले पूर्ण सफलता पाउन सकेन। संयमता अपनाउनु पर्ने ठाउँमा पनि प्रहरीले बल प्रयोग गर्दा मानिसको ज्यान गएका घटना दोहोरिए।

कारागारलाई सुधार गृहको रूपमा विकास गर्ने लक्ष्य लिइएको भए पनि सरकारले आफ्ना कामकारबाही त्यता केन्द्रित गरेको पाइँदैन। खुला कारागारको अवधारणा अनुसार काम हुने त कुनै टुङ्गो छैन। कारागारमा क्षमता भन्दा बढी कैदीबन्दीलाई राखिएबाट उनीहरू आधारभूत अधिकारबाट वञ्चित हुन पुगे। सरकार सरोकारबाट समयसमयमा बाहिरिँदा जानाधिकार कुण्ठित हुने नै भयो। प्रदेश सरकारका पाँच वर्ष संरचना अभावमा बिते । सहमति कायम गर्न नसक्दा प्रदेश १ ले नामसमेत राख्न सकेन। शिक्षा, स्वास्थ्य, उपभोक्ता अधिकार, वातावरण, आवासको अधिकार, आश्रित तथा पछाडि पारिएका व्यक्ति र समुदायको संरक्षणको सवालमा सरकारले गर्नु पर्ने काम र भएका नीति कार्यान्वयन यो वर्ष पनि सन्तोषजनक भएन। सङ्क्रमणकालीन न्यायका बाँकी काम सम्पन्न गर्नुपर्नेमा यस सम्बन्धमा सरकारको परिणाममूखी तदारूकता देखिएन। बेपत्ता पारिएका व्यक्तिको छानबिन र सत्य निरूपण तथा मेलमिलाप आयोगको कार्यावधि थप गरेपनि पदाधिकारी नहुँदा आयोगबाट सम्पादन हुने काम अघि बढ्न सकेन।

२१. नेपाल सरकारको नीतिगत प्राथमिकता र न्युनतम कार्यक्रम (२०७९ पुस २५ गते)

२२. https://rb.gy/hsex3l



२.३ राज्य र मानव अधिकार

व्यवस्थापिका

परिच्छेद

२

परिचय

सङ्घीय संसदले यस वर्ष गरेका कार्यहरू सम्झन लायक रहेनन्। सन् २०२२ संविधानभामार्फत संविधान निर्माण भएपछि गठन भएको यो संसदको पाँच वर्से कार्यकालको अन्तिम वर्ष थियो। यसै वर्ष सम्पन्न प्रतिनिधि सभा तथा प्रदेश सभाको निर्वाचनले नयाँ जनप्रतिनिधि चयन गऱ्यो। वर्षको अन्त्यसम्म नवनिर्वाचित संसदको अधिवेशन आह्वान मात्र भयो, संसदको कारबाही सुरु भएन। अघिल्लो वर्षदेखि संसदको प्रमुख दल नेकपा (एमाले)द्वारा विभिन्न माग राखी गरिएको संसद अवरोधलगायत प्रधानन्यायाधीशमाथिको महाअभियोग प्रस्ताव, अर्थमन्त्री जनार्दन शर्मामाथिको संसदीय छानबिन, नागरिकता विधेयक, सङ्क्रमणकालीन न्यायसम्बन्धी संशोधन विधेयक, सांसदहरूको न्यून उपस्थिति, विधेयकहरूमाथि न्यून छलफलजस्ता विषय यस वर्ष उल्लेखनीय रहे।

मानव अधिकारको संरक्षण र प्रवर्द्धन गर्ने कानुन र नीतिहरू लागु गर्न र सरकारका कामकारबाहीहरूको अनुगमन गर्ने जिम्मेवारी संसदले पूरा गर्न सकेन। आमजनताको सरोकारहरूको प्रतिनिधित्व गर्दै आवश्यक कानुनहरू निर्माण गर्ने र आफ्ना कार्यहरूका लागि सरकारलाई जवाफदेही बनाउनेभन्दा पनि सत्ताको खिचातानी र दल विखण्डनबाट श्रृजित तनावकै बीच संसदको अवधि समाप्त हुन गयो। संसदका समितिहरूले प्रभावकारी उपस्थिति देखाउन सकेनन्।

सरकारको कार्यसम्पादनको बारेमा प्रतिवेदन र अन्य जानकारीहरूको समीक्षा गर्ने र संवैधानिक तथा अन्य महत्त्वपूर्ण पदहरूमा नियुक्त गरिएका व्यक्तिहरूका सम्बन्धमा सुनुवाइ गर्ने कर्तव्य पनि संसदले कुशल ढङ्गले निर्वाह गर्न सकेन। यस वर्ष पनि सभामुखको द्वन्द्वकालीन हिंसात्मक गतिविधि र त्यससम्बन्धमा अदालतमा विचाराधीन मुद्दाको यदाकदा चर्चा भइरहृयो। मानव अधिकारका मुद्दाहरूका बारेमा चेतना जगाउन र मानव अधिकारको प्रवर्द्धन गर्न नागरिक समाजका संस्थाहरू र अन्य सरोकारवालाहरूसँग मिलेर काम गर्न संसदले आफ्नो स्वतन्त्रता प्रयोग गर्न सकेन। खासगरी नेकपाको विभाजनका कारण अघिल्लो वर्ष उदाएको नयाँ शक्ति समीकरणको रस्साकस्सीका कारण मानवअधिकारको संरक्षण र प्रवर्धनलगायत नागरिक अधिकार र स्वतन्त्रताको संरक्षण र सम्मान गर्ने दिशामा संसदको अपेक्षाकृत तदारुकता देखिएन। सत्तापक्ष र प्रतिपक्ष पनि सरकार गिराउने र बनाउने प्रयत्नमा अधिकांश समय आमजनताको मुद्दाबाट विमुख देखिए।

दलहरू आन्तरिक व्यवस्थापनको समस्या र अघिल्लो वर्षको विग्रहको परिमाणमा अल्झिएका कारण सांसदहरूले सदनमा प्रभावकारी ढङ्गले आम सरोकारका मुद्दाहरू उठाउन र प्रश्नहरू सोध्न स्थानीय सरोकारहरू पहिचान गर्न र सम्बोधन गर्न सकेनन्।

निर्वाचन घोषणा भएपछि संसदको कार्यकाल कहिलेसम्म रहने भन्ने विषयमा निकै विवाद भयो । नेपालको संविधानको धारा ८५ तथा धारा १७७ मा प्रतिनिधि सभा र प्रदेश सभाको कार्यकाल पाँच वर्ष हुने व्यवस्था रहेको छ। प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ६१ तथा प्रदेश सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ६१ मा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फ निर्वाचन परिणाम प्रकाशन भएको मितिलाई तथा समानुपातिक निर्वाचन प्रणालीतर्फ राजनीतिक दलको उम्मेदवार निर्वाचित भएको घोषणा भएको मितिलाई सम्बन्धित उम्मेदवार निर्वाचित भएको मानिने व्यवस्था छ। नेपाल सरकारले अर्को निर्वाचन भई नयाँ सदस्यसहितको पहिलो बैठक भएपछि हालका सांसद्को कार्यकाल सकिने गरी प्रतिनिधि सभाका केही ऐन संशोधनमार्फत विधेयक प्रस्तुत गरेका सन्दर्भमा निर्वाचन आयोगले २०७९ भदौ २१ गते असहमतियुक्त औपचारिक प्रतिक्रिया जनाएको थियो।[१]

प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ६ तथा प्रदेश सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ६ मा भएको व्यवस्था बमोजिम आयोगको परामर्शमा नेपाल सरकारले २०७९ मङ्सिर ४ गते निर्वाचन हुने गरी निर्वाचनको मिति घोषणा गरेको र सो बमोजिम आयोगले निर्वाचन कार्यक्रम निर्धारण गरी निर्वाचनको तयारी गरिरहेको अवस्थामा विधेयक ल्याएर सरकारले संसदको कार्यकाल बढाउन खोजे पनि विरोधका बीच सरकारले संसदबाट विधेयक फिर्ता लिएको थियो।[२]

१. https://deshsanchar.com/2022/09/17/707364/?fbclid=IwAR3TAjpMoImvnr074I3-lZzvaRnF770V4__-qsTN1Yia_vIh1nkVxP_gAEU

२. ibid

संसद सुचारु भएका दिन शुन्य समयमा जनजीविकाका सवालमा सांसदरूले विभिन्न विषयमा सरकारको ध्यानाकर्षण नगराएका होइनन्। तर वर्ष २०२२ मा ७६ दिनमात्र संसद सुचारु हुन सक्यो। संसदीय समितिका निर्देशन पालनामा सरकारी उदासिनता यस वर्ष पनि देखियो।

२०७२ मा जारी भएको नेपालको संविधान अन्तर्गत निर्वाचित पहिलो प्रतिनिधि सभा अघिल्ला वर्षहरूमा दुईपटक विघटन गरिँदा पनि राजनीतिक र संवैधानिक उतारचढावका बीच आफ्नो पाँच वर्षे कार्यकाल पूरा गऱ्यो। यसलाई नेपालको संसदीय इतिहासको आधार बलियो हुँदै गएको विश्लेषण गरियो।[3]

संसद पटक पटक विघटन हुने विगतबाट पाठ सिक्दै सरकार गठनको विकल्प रहँदासम्म संसद विघटन नहुने व्यवस्था संविधानले गरेको थियो। प्रधानमन्त्री केपी शर्मा ओलीद्वारा २०७७ पुस ५ गते र २०७८ जेठ ८ गते गरेको संसद विघटनलाई सर्वोच्च अदालतले बदर गरिदियो। उक्त विघटनलाई बदर गर्दै सर्वोच्चको संवैधानिक इजलासले २०७८ असार २८ गते शेरबहादुर देउवाको नेतृत्वमा सरकार गठन गर्न परमादेश दियो। अदालतले व्यक्ति तोकेर प्रधानमन्त्री बनाउनु भनी गरेको परमादेशले संसदको भूमिकालाई कम आकलन गरेको विश्लेषण भयो।

यो आलेखमा नेपालको संसदले २०७८ पुस १६ देखि २०७९ पुस १५ सम्म भए/ गरेका मुख्य क्रियाकलाप, मानव अधिकार संरक्षण तथा संरक्षणमा निर्वाह गरेको भूमिका, पारित विधेयकहरूको समीक्षा गरिनेछ। आलेख तयारीका क्रममा संसद सचिवालयको वेवसाइट, इन्सेकअनलाइन तथा नेपालका अनलाइन तथा छापामाध्यममा प्रकाशित समाचार तथा लेखहरूलाई सन्दर्भ सामग्रीका रूपमा लिइएको छ। यो आलेखले संसदले गरेका सबै गतिविधि तथा सम्पन्न भएका सबै गतिविधिको विवरणको समीक्षा गरेको छैन। वर्षभर भएका मुख्य गतिविधिको मात्र समीक्षा यो आलेखमा गरिएको छ।

प्रधानन्यायाधीश चोलेन्द्रशमशेर जबरामाथि महाअभियोग प्रस्ताव

प्रधानन्यायाधीश चोलेन्द्र शमशेरजबराविरुद्ध २०७८ फागुन १ गते ९८ जना सांसदले महाभियोग प्रस्ताव दर्ता गरेपछि उनी निलम्बनमा परे। महाअभियोग प्रस्ताव दर्ताभएलगत्तै प्रस्ताव उपर छलफल हुनुपर्नेमा २०७९ साउन २५ देखिमात्रै महाअभियोगमा थप छलफल भएर महाअभियोग सिफारिस समितिमा पठाइएको थियो।

नयाँ निर्वाचनको मिति घोषणा गरेको दुई दिनपछि बसेको प्रतिनिधि सभा बैठकले प्रधानन्यायाधीश चोलेन्द्र शमशेर जबराविरुद्धको महाभियोग प्रस्ताव अघि बढायो। यस वर्षको सुरुमै संसदमा दर्ता भएर सभामुख अग्निप्रसाद सापकोटाले त्यसै थन्क्याइदिएको उक्त महाभियोग प्रतिनिधि सभा बैठकले 'महाभियोग समिति' को जिम्मा लगायो। तर यो निष्कर्षमा पुग्ला भन्नेमा स्वयम् दर्ता गर्ने सत्तापक्षका सांसद्हरू पनि आशावादी थिएनन्। संसदबाट प्रस्तावको टुङ्गो नलागेकाले जबराले कुनै कामकाज गर्न पाएनन्। संविधानको धारा १०१ मा रहेको महाअभियोग सम्बन्धी व्यवस्था र धारा १०१ को उपधारा २ मा भनिएको छ, 'यो संविधान र कानूनको गम्भीर उल्लङ्घन गरेको, कार्यक्षमताको अभाव वा खराब आचरण भएको वा इमानदारीपूर्वक आफ्नो पदीय कर्तव्यको पालन नगरेको वा आचारसंहिताको गम्भीर उल्लङ्घन गरेको कारणले आफ्नो पदीय जिम्मेवारी पूरा गर्न नसकेको आधारमा प्रतिनिधि सभामा तत्काल कायम रहेको सम्पूर्ण सदस्य सङ्ख्याको एक चौथाइ सदस्यले नेपालको प्रधानन्यायाधीश वा सर्वोच्च अदालतका न्यायाधीश, न्याय परिषद्का सदस्य, संवैधानिक निकायका प्रमुख वा पदाधिकारीका विरुद्ध महाभियोगको प्रस्ताव पेश गर्न सक्नेछन्।'

महाअभियोग लगाएको २२ दिन पछि महाअभियोग समिति गठन भयो। समितिको अवधि तीन महिना हुने कानुनी प्रवाधान छ। यसैगरी महाभियोग छानबिन समितिले प्रस्ताव प्राप्त भएपछि यथाशीघ्र कारवाही प्रारम्भ गरी संसदमा पेस गर्नुपर्ने नियमावली[4] भए पनि यसलाई पाँच दलीय सत्ता गठबन्धनको स्वार्थमा सभामुखले ६ महिनासम्म सदनमा छलफल गर्न

३. https://inseconline.org/np/wp-content/uploads/2022/11/Election-Related-Daily-Update-Report_2079_08_03-1.pdf

४. https://www.bbc.com/nepali/news-62407086

चाहेनन्। सभामुखको अकर्मण्यता र सरकारको स्वार्थमा महाभियोगलाई संसदमा प्रवेश नै नदिएर सभामुखले बन्धक बनाए। महाभियोगबाट उन्मुक्ति पाउने वा सजाय भोग्ने दुवै अवस्थाबाट प्रधानन्यायाधीश चोलेन्द्रशमशेर जबरालाई विमुख गराइयो भने संसदलाई यस मुद्दाको निरुपण गर्ने अधिकारबाट वञ्चित गराइनु संसदीय इतिहासको कालो धब्बाको रूपमा रह्यो।

प्रतिनिधि सभाको बैठकले ११ सदस्यीय महाअभियोग सिफारिस समिति गठन गऱ्यो। नेपाली कांग्रेसका रामबहादुर विष्ट संयोजक रहेको समितिमा एमालेका विष्णु पौडेल, शिवमाया तुम्बाहाम्फे, कृष्णभक्त पोखरेल र लालबाबु पण्डित, कांग्रेसका मीनबहादुर विश्वकर्मा, माओवादी केन्द्रकी यशोदा सुवेदी गुरुङ र रेखा शर्मा, एकीकृत समाजवादीकी कल्याणी खड्का, जसपाका प्रमोद साह र लोसपाका एकवाल मिया सदस्य रहेका थिए। समितिले निलम्बित राणासँग लामो बयान लियो। उनको १ सय ७४ पृष्ठको बयानमा हस्ताक्षर गरी समितिले सभामुख अग्निप्रसाद सापकोटालाई बुझायो। तर, त्यसपछि संसदको कार्यकाल सकिएकाले संसदमा त्यस विषयमा छलफल हुन पाएन। सिफारिस समितिमा निलम्बित प्रधानन्यायाधीश चोलेन्द्र शमशेरले आरोपित गरेर नाम लिएका बहालवाला न्यायाधीशसहित, पूर्वप्रधान्यायाधीशसहित नेपाल बारका प्रतिनिधि र वकिलहरूलाई पनि बोलाएको थियो। बहालवाला न्यायाधीशले सर्वोच्चको पूर्ण बैठकबाट नै समितिमा उपस्थित हुन नमिल्ने जवाफ दिएका थिए। पूर्वप्रधानन्यायाधीशहरूले लिखित जवाफ पठाउँदै समितिमा उपस्थित नहुने जानकारी गराएका थिए। वकिलहरूले भने उपस्थित भएर आफ्नो स्पष्टिकरणसहित जबरालाई महाभियोग लगाउनैपर्ने कारणहरू प्रस्तुत गरेका थिए।

संसदका महासचिव डा. भरतराज गौतमले जबराविरुद्धको महाअभियोग निष्प्रभावी भएको भन्दै सर्वोच्च अदालतलाई जानकारी दिएको पत्र सार्वजनिक भयो। गौतमको सफाइ पत्रलाई कार्यान्वयन नगराउन माग गर्दै सर्वोच्चमै मङ्सिर २१ गते रिट दायर भएको थियो। जबरामाथि न्यायपालिकाको गरिमामा आँच पुऱ्याएगरी कार्यपालिकासँग भागबन्डा लिएको, न्यायालयमा भ्रष्टाचार, अनियमितता जस्ता विकृति र बिसङ्गति बढेको र नियन्त्रणको कदम नचालेको लगायत आरोप लगाइएको थियो।

संसदीय सुनुवाइ

संसदीय सुनुवाइहरू धेरै देशहरूमा विधायकी प्रक्रियाको एक महत्त्वपूर्ण अङ्ग हो। तिनीहरूले सांसदहरूलाई जानकारी सङ्कलन गर्ने, विशेषज्ञहरू र सरोकारवालाहरूबाट सुन्न र महत्त्वपूर्ण मुद्दाहरू खुला र पारदर्शी रूपमा छलफल गर्ने अवसर प्रदान गर्छन्। संसदीय सुनुवाइले सांसदहरूलाई आफ्ना निर्णयहरू र नीति निर्माणबारे जानकारी गराउन विज्ञहरू, सरोकारवालाहरू र आम जनतालगायत स्रोतहरूको विस्तृत जानकारी सङ्कलन गर्न अनुमति दिन्छ। यसले कानुन र नीतिहरू भरपर्दो र सही जानकारीमा आधारित छन् भनी सुनिश्चित गर्न मद्दत गर्दछ। संसदीय सुनुवाइहरू सामान्यतया जनताका लागि खुला हुन्छन्, जसले विधायकी प्रक्रियामा अझ बढी पारदर्शिता र जवाफदेहिताको अपेक्षा गर्दछ। संसदीय सुनुवाइहरू सूचना सङ्कलन गर्न, पारदर्शिता प्रवर्धन गर्न, सरोकारवालाहरूलाई संलग्न गराउने र विधायिका प्रक्रियामा बहसलाई सहज बनाउनको लागि महत्त्वपूर्ण साधन हो। यस वर्ष संसदीय सुनुवाइ समितिले कुनै बिजनेस पाएन।

सङ्कल्प प्रस्तावहरू

खिमलाल देवकोटा प्रस्तावक र मिनेन्द्र रिजाल, जितेन्द्रनारायण देव, गोपीबहादुर आछामी, प्रमिला कुमारी नन्दा चपाईं र देवेन्द्र दाहाल प्रस्तावक रहेको सङ्घीयता कार्यान्वयनसम्बन्धी सङ्कल्प प्रस्ताव २०७९ जेठ १९ गते राष्ट्रिय सभा र प्रतिनिधि सभामा सोही दिन दर्ता भयो। प्रस्तावमा सङ्घीयता कार्यान्वयनका लागि आवश्यक कानुन नीति तयार पार्न र यसको जग बलियो बनाउनेतर्फ पहलकदमी लिन माग गरिएको थियो। सङ्कल्प प्रस्ताव सोही दिन सर्वसम्मत पारित भएको थियो।

नागरिकता विधेयक

२०७९ साउन ६ गते नागरिकतासम्बन्धी विधेयक प्रतिनिधि सभाबाट पारित भयो। नागरिकता विधेयकको पक्षमा नेपाली काङ्ग्रेस, नेकपा माओवादी केन्द्र, एकीकृत समाजवादी, जनता समाजवादी पार्टी थिए। नेकपा एमाले, राष्ट्रिय जनमोर्चा, नेपाल मजदुर किसान पार्टी भने नेपाली नागरिक पुरुषसँग विवाह गर्ने विदेशी महिलालाई तत्काल नागरिकता दिन नहुने भन्दै विधेयकको विपक्षमा रहे। नागरिकता विधेयकमाथि

प्रतिनिधि सभामा भएको छलफलमा ४५ जना सांसद सहभागी भएका थिए।

गठबन्धन सरकारले प्रतिष्ठाको विषय बनाएको नागरिकता ऐन २०६३ लाई संशोधन गर्न बनेको विधेयक निष्कर्षमा नपुग्दै प्रतिनिधि सभाको कार्यकाल सकियो। प्रमाणिकरणका लागि दोस्रोपटक राष्ट्रपति विद्यादेवी भण्डारी समक्ष पेश भए पनि उनलाई प्राप्त समय सीमाभित्र निर्णयाधीन राखेकै अवस्थामा संसदको म्याद सकिँदा त्यसले कानुनको हैसियत प्राप्त गर्न सकेन। भदौ २० गते प्रमाणिकरणका लागि राष्ट्रपति विद्यादेवी भण्डारीसमक्ष पुगेको विधेयक असोज ४ गतेसम्म प्रमाणित गर्नुपथ्यो। नागरिकता संशोधन विधेयकमा सरकारले संविधानमै भएको जन्मसिद्धका सन्तानलाई वंशजको नागरिकता दिने र सार्क देशबाहेक अन्यत्र बसेका नेपालीहरूलाई गैरआवासीय नागरिकता प्रदान गर्ने व्यवस्था गरेको थियो। राष्ट्रपति विद्यादेवी भण्डारीद्वारा १५ बुँदे सन्देशसहित नागरिकता विधेयक प्रतिनिधि सभामै फिर्ता पठाइएको थियो। राष्ट्रपतिले नागरिकता विधेयक अपूरो रहेको र संविधानसँग बाझिएको भन्दै पुनर्विचार गर्न संसदमा पठाएकोमा सरकारले भोलिपल्टै जस्ताको तस्तै प्रमाणिकरणका लागि राष्ट्रपतिको कार्यालयमा पठायो।[५]

राष्ट्रपतिको सचिवालयले 'राष्ट्रपतिको चासो संसदले सम्बोधन नगरेका कारण' विधेयक प्रमाणीकरण नभएको जनायो। राष्ट्रपतिले दिएको सन्देशमा मूलत: अङ्गीकृत नागरिकता दिँदा पूरा गर्नुपर्ने प्रावधानबारे अनि नागरिकतामा लैङ्गिक समानताका विषय थिए।[६]

बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य, न्याय तथा मेलमिलाप आयोग ऐन २०७१ संशोधन विधेयक

संसदको उत्तरार्धतिर सरकारले माओवादी कालमा भएका जस्ता सुकै घटनाका दोषीलाई आममाफी दिन सकिने प्रावधान रहेको संशोधन विधेयक पारित हुन सकेन। बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य, न्याय तथा मेलमिलाप आयोग ऐन २०७१ लाई संशोधन गर्न सरकारले ल्याएको विधेयकमा 'हत्या'मा आममाफी दिने गरी प्रावधान राख्न खोजे पनि प्रतिपक्षी दल नेकपा एमालेका कारण विधेयक पारित हुन सकेन। सङ्क्रमणकालीन न्यायसम्बन्धी संशोधित विधेयकमा केही राम्रा पक्ष पनि समेटिएका थिए। विधेयकले परिपूरणको अधिकारलाई कानुनी मान्यता दिएको थियो। पीडक पहिचान भए पनि/नभए पनि राहत पाउने र यातना पीडितलाई राहत र बेपत्ता पारिएका व्यक्तिको परिवारलाई सम्पत्ति हस्तान्तरण गर्ने कुरा पनि विधेयकमा समेटिएका थियो।

ऐन संशोधन गर्दा केही बुँदाहरू सकारात्मक भए पनि मूलरूपमा पीडकलाई विभिन्न बहानामा उन्मुक्ति दिने गरी संशोधन विधेयक आएको भन्दै पीडित समुदायबाट विरोध भएको थियो। मानव अधिकार उल्लङ्घनलाई वर्गीकरण गर्दै 'हत्या'लाई गम्भीर मानव अधिकार उल्लङ्घनबाट हटाएर अन्य मानव अधिकार उल्लङ्घनमा राखिएको थियो। हत्या, यातना, बलात्कार र अन्य प्रकारका गम्भीर यौन हिंसा, युद्ध अपराध र मानवता विरुद्धको अपराध लगायतका मानव अधिकारका 'गम्भीर उल्लङ्घन' र अन्तर्राष्ट्रिय अपराधमा संलग्न व्यक्तिलाई आम माफी दिने प्रावधान राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुन बमोजिम स्वीकार्य हुन सक्ने विषय थिएन।

'मानव अधिकारको गम्भीर उल्लङ्घन र मनसायगत अपराधमा संलग्न व्यक्तिहरूलाई प्रत्यक्ष वा परोक्ष रूपमा फौजदारी जवाफदेहिताबाट उन्मुक्ति दिन खोजिनु पीडित, राष्ट्रिय, अन्तर्राष्ट्रिय कानुन, नेपालको सर्वोच्च अदालतको फैसला विपरीत थियो। प्रस्तावित विधेयकले पीडितलाई नियमित न्याय प्रक्रियाको ढोका बन्द गरेको र सङ्क्रमणकालीन न्याय प्रक्रियाबाट पनि न्याय मिल्ने कुराको सुनिश्चितता नभएको मानव अधिकारकर्मीहरूको ठहर थियो।'

हत्या, यातना, बलात्कार र अन्य प्रकारका गम्भीर यौन हिंसा, युद्ध अपराध र मानवता विरुद्धको अपराधलगायतका मानव अधिकारका गम्भीर उल्लङ्घन र अन्तर्राष्ट्रिय अपराधमा संलग्न व्यक्तिलाई आममाफी दिने कुरा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुन बमोजिम स्वीकार्य नहुनु स्वभाविकै थियो। विधेयकमा उल्लेख गरिएका उल्लङ्घनका रूपहरूका सम्बन्धमा निकै टिकाटिप्पणी भएको थियो।

प्रस्तावित विधेयकमा आयोगले सिफारिस गरेका मुद्दाको सुनुवाइ गर्न विशेष अदालत गठन गर्ने कुरा उल्लेख थियो। त्यस्तै, यस्तो अदालतको निर्णय अन्तिम हुने भनी विशेष अदालतको निर्णय उपर पुनरावेदन गर्न नमिल्ने व्यवस्था न्यायको सिद्धान्तसँग

५. www.onlinekhabar.com

६. https://www.bbc.com/nepali/news-62970431

मेल नखाने प्रकृतिको थियो। विधेयकको दफा ५ मा गम्भीर मानव अधिकार उल्लङ्घन पनि चार प्रकारको अपराधलाई सूचीकृत गरिएको थियो। जसमा क्रूर यातना दिई निर्ममतापूर्वक ज्यान मारेको, जबर्जस्ती करणी, जबर्जस्ती व्यक्ति बेपत्ता पार्ने कार्य र अमानवीय वा क्रूरतापूर्वक दिएको यातना भनी राखिएको थियो। यसरी गम्भीर र मानव अधिकार उल्लङ्घन भनेर छुट्याइनु अनुचित थिएन।

अध्यादेशको शासन

वर्ष २०२२ मा सरकारद्वारा अस्वभाविक परिमाणमा अध्यादेश जारी गरिएका कारण प्रतिनिधि सभा कानुन निर्माणको दायित्व निर्वाह गर्नबाट पूर्ण रुपमा विमुख हुन गएको विषय पनि उल्लेखनीय छ। पाँच वर्षको अवधिमा संसदबाट कानुन बनाएर 'विधिको शासन' बलियो बनाउनुभन्दा पनि संसद छलेर अध्यादेशमार्फत शासन गर्न सरकारले ध्यान दियो। २०७४ फागुन २० गते संसद गठन भएयता सरकारले ४९ ओटा अध्यादेश जारी गऱ्यो। तीमध्ये केही अध्यादेशलाई पाँचपटकसम्म जारी गर्ने लोकतान्त्रिक विपरीत अभ्यास भएको देखियो। कार्यकालभर सरकारले १ सय २ कानुन निर्माण गऱ्यो। एक तिहाइ समय विघटन र अवरोधमा गुजारेको संसद अधिवेशनले मात्रै ३४ ओटा विधेयक पारित गऱ्यो। सचिवालयमा दर्ता भएका २७ ओटा विधेयक निष्क्रिय भए। अघिल्लो सरकारले संसद छलेर अध्यादेश ल्याएको भन्दै विरोध गर्ने दलको नेतृत्वमा बनेको प्रधानमन्त्री शेरबहादुर देउवाको सरकार संसदबाट ल्याउनुपर्ने ऐन कानुन अध्यादेशबाटै ल्याउने बाटोमा अग्रसर देखियो।[७]

संसद नभएको र अत्यावश्यक परेमा मात्रै अध्यादेशबाट ऐन बनाउन सकिने सुविधा संविधानले दिएको छ, तर संसद विघटन तथा अधिवेशन अन्त्य गरेर योजनाबद्ध रूपमा अध्यादेश ल्याउने प्रवृत्ति यो बढ्यो।[८]

सरकारले ०७८ चैत १७ गते राष्ट्रपतिसमक्ष एकैदिन पाँच ओटा अध्यादेश सिफारिस गऱ्यो। ०७९ वैशाख ३० गते निर्वाचनको तयारीमा रहनुपर्ने सरकार निर्वाचनलाई लक्षित गरी मतदाता प्रभावित पार्न अध्यादेश ल्याएको सरकारलाई आरोप लाग्यो। ०७९ वैशाख १८ गते पनि सरकारले दुई ओटा अध्यादेश राष्ट्रपतिसमक्ष पेश गर्ने निर्णय गरेको थियो। केही नेपाल कानुनलाई संशोधन गर्न बनेको विधेयक संसदबाट पारित नभएपछि सरकारले कात्तिक ७ गते अध्यादेशमार्फत संशोधन गर्ने निर्णय गऱ्यो। त्यसैगरी निर्वाचन सकिएर नयाँ संसद निर्माण भइसकेको अवस्थामा पनि सरकारले अध्यादेश ल्याउने प्रयत्न जारी राख्यो। मङ्सिर ४ गते प्रतिनिधि सभा र प्रदेश सभाको निर्वाचन सकिएपछि मङ्सिर २५ गते सरकारले मुलुकी फौजदारी कार्यविधि संहिता (पहिलो संशोधन) अध्यादेश राष्ट्रपतिसमक्ष सिफारिस गरे पनि सो अध्यादेश जारी भएन। सत्ता नछोड्ने मनसायबाट प्रेरित भएर अध्यादेश ल्याइएको भनी चौतर्फी आलोचना भएको थियो। संशोधन अध्यादेशप्रति इन्सेकले प्रेस विज्ञप्तिमार्फत गम्भीर आपत्ति प्रकट गऱ्यो।[९]

केपी शर्मा ओली नेतृत्वको सरकारले ०७९ जेठ ९ गते ल्याएको नागरिकतासम्बन्धी अध्यादेश सर्वोच्च अदालतले रोक लगाएको थियो। सर्वोच्चको आदेशमा भनिएको छ- 'कानुन निर्माण गर्ने अधिकार विधायिकामा निहित रहेको छ। राज्यको शासन व्यवस्था सञ्चालनको क्रममा यदाकदा विधायिकाको अधिवेशन चालू नरहेको अवस्थामा तत्काल केही गर्न आवश्यक परेमा सीमित अवधिसम्म प्रभावी रहने गरी अध्यादेश जारी गर्ने अधिकार कार्यपालिकालाई संविधानले प्रदान गरेको छ। तर, यसरी सीमाहिन ढङ्गले अध्यादेश जारी गरिनु लोकतान्त्रिक अभ्यास प्रतिकूल मानिन्छ। संविधानद्वारा निर्धारित सीमा बन्देज नाघेर अध्यादेश जारी गर्न मिल्दैन। शासकीय सुविधा वा अमुक राजनीतिक उद्देश्य प्राप्तिका लागि विधायिकालाई छलेर अध्यादेश जारी गर्दा त्यसबाट विधायिकाको अधिकार र प्रभावकारितामा अनुचित हस्तक्षेप गरेको अवस्था पैदा हुन सक्दछ।'[१०]

सभामुखको रुलिङ

तालाबन्दी र आन्दोलनका कारण त्रिभुवन विश्वविद्यालय अस्तव्यस्त बनेको विषयमा संसद बैठकमा प्रश्न उठेपछि सभामुख अग्नि सापकोटाले समस्या समाधान गर्न सरकारलाई २०७९ भदौ १३ गते रुलिङ गरे। बैठकमा प्रमुख प्रतिपक्ष दल नेकपा

६. https://www.onlinekhabar.com/2021/08/999781
८. https://www.nayapatrikadaily.com/news-details/102576/2022-12-14
९. shorturl.at/hmPU0
१०. https://www.onlinekhabar.com/2021/06/967745

एमालेका सांसद प्रदीप ज्ञवालीले त्रिविमा बेथिति र गुण्डागर्दी बढेको भन्दै सदनको ध्यानाकर्षण गराएका थिए। त्यसपछि सदनको गम्भीर ध्यानाकर्षण भएको भन्दै सभामुख सापकोटाले समस्या शीघ्र समाधान गर्न सरकारलाई निर्देशन दिए। 'त्रिभुवन विश्वविद्यालयमा भएको तालाबन्दी लगायतका विरोध कार्यक्रमहरूले विश्वविद्यालयका शैक्षिक एवं पठनपाठन कार्य प्रभावित हुन गएको भन्ने विषयमा माननीय सदस्यले कुरा उठाउनु भएको छ। सभाको गम्भीर ध्यानाकर्षण भएको छ। तसर्थ यो समस्या शीघ्र समाधान गर्न नेपाल सरकारलाई निर्देश गर्दछु', सापकोटाको रुलिङ थियो।[११]

पारित हुन नसकेका विधेयकहरू

संविधान संशोधनका लागि प्रतिनिधि सभामा दर्ता भएका चारवटा गैरसरकारी विधेयक दुई वर्षदेखि अलपत्र रहे। १९, २० र २३ जेठ ०७७ दर्ता भएको चारवटा नेपालको संविधान (दोस्रो संशोधन) विधेयक प्रतिनिधि सभामा टेबुल हुन सकेन। गैरसरकारीअन्तर्गतको गाँजा खेती (व्यवस्थापन) विधेयक पनि छलफलमा आउन सकेन। संसद सचिवालयका अनुसार ६ वटा विधेयक चार वर्षदेखि संसदीय समितिमा विचाराधीन रहे यो वर्ष सरकारले स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाको सुरक्षासम्बन्धी (पहिलो संशोधन), औषधि (तेस्रो संशोधन) र नेपाल नागरिकता (पहिलो संशोधन) विधेयक फिर्ता लियो।[१२]

सङ्घीय संसदमा नागरिकका प्रत्यक्ष सरोकार जोडिएका महत्त्वपूर्ण ५८ ओटा विधेयक पारित भएनन्। संसदको यही कार्यकालमा टुङ्गो नलागेपछि यी विधेयकमाथि संसदले गरेको मिहिनेत र लगानी खेर गयो।[१३] संसदमा गणपूरक सङ्ख्या भनेको ५१ प्रतिशत होइन, एक चौथाइ मात्र हो। २ सय ७५ सांसद भएको सभामा ६९ सांसद पनि उपस्थित नभएकाले कतिपय बेला बैठक नै स्थगित गर्नुपऱ्यो। सङ्घीय संसद सचिवालयबाट प्राप्त विवरणअनुसार यो प्रतिनिधि सभाको पाँच वर्षमा २ सय ९६ दिन बैठक बसेकामा प्रमुख दलका प्रमुख नेताहरू भने एकतिहाइ बैठकमा पनि उपस्थित भएनन्। ०७४ फागुन २१ देखि ०७९ जेठ मसान्तसम्मको उपस्थितिको अभिलेखअनुसार ५० प्रतिशत पनि उपस्थित नहुने सांसद सङ्ख्या २७ जना थियो।[१४]

तथ्याङ्क सङ्कलन गर्न लिनुपर्ने प्रस्ताव अस्वीकृत

अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाले नेपालमा तथ्याङ्क सङ्कलन गर्ने अनुमति लिनुपर्ने नेकपा एमालेको प्रस्ताव प्रतिनिधि सभामा अस्वीकृत भयो। राष्ट्रिय सभाबाट पारितको तथ्याङ्कसम्बन्धी विधेयकमाथि प्रतिनिधि सभामा एमालेका सांसदहरू विद्या भट्टराई, बिन्दा पाण्डे, विनाकुमारी श्रेष्ठ र तुलसी थापाले अन्तर्राष्ट्रिय गैरसरकारी संस्था (आईएनजीओ) तथा दातृ निकायहरूले पनि नेपालको तथ्याङ्क सङ्कलन गर्दा सरकारको अनुमति लिनुपर्ने संशोधन प्रस्ताव पेश गरेका थिए। एमाले सांसदहरूको प्रस्ताव निर्णयार्थ पेश हुँदा प्रतिनिधि सभाको बहुमतले अस्वीकृत गऱ्यो।[१५]

महिला सहभागिता सम्बन्धमा सार्वजनिक महत्त्वको प्रस्ताव

प्रतिनिधि सभा र प्रदेश सभाको निर्वाचनमा प्रत्यक्षमा ५० प्रतिशत महिला उम्मेदवार हुनुपर्ने प्रस्ताव संसदमा दर्ता भयो। नेपाल कम्युनिस्ट पार्टी (एमाले) का सांसद बिन्दा पाण्डेले संसदमा दर्ता गराएको निर्वाचनमा महिलाको प्रतिनिधित्वबारे जरुरी सार्वजनिक महत्त्वको विषयमाथि छलफल गर्दै महिला सांसदहरूले प्रत्यक्षतर्फ टिकट वितरण गर्दा सिट सङ्ख्याको आधारमा महिलालाई उम्मेदवार बनाइनुपर्नेमा जोड दिइन्।

गत प्रतिनिधि सभामा प्रत्यक्षतर्फ महिलाहरूलाई टिकटमा विभेद गरेको निष्कर्ष निकाल्दै महिला सांसदहरूले आगामी निर्वाचनमा हरेक पार्टीले टिकट वितरणमा महिलाहरूको सहभागिता बढाउन माग गरेका थिए। निर्वाचन आयोगले केही कानुन संशोधन गरिरहेको अवस्थामा महिला सांसदहरूले सो कानुनमा नै प्रत्यक्षतर्फको टिकट वितरणमा ५० प्रतिशत स्थान महिलाका लागि सुनिश्चित गराउन दबाब दिँदै संसदमा जरुरी सार्वजनिक महत्त्वको प्रस्ताव दर्ता गराइएको प्रस्तावकर्ताले जनाए।

प्रतिनिधि सभाका सांसद अमृता थापा मगर प्रस्तावक रहेको यो प्रस्तावमा लक्ष्मी परियार, लक्ष्मी

११. https://www.nepalpress.com/2022/08/29/228599/
१२. ibid
१३. ibid
१४. www.inseconline.org
१५. shorturl.at/eIJN4

कुमारी चौधरी, चन्दा चौधरी, रंगमती शाही, बिना बुढाथोकी, लीलादेवी सिटौला, दुर्गा पौडेल, रेखा शर्मा, यशोदा गुरूङ सुवेदी, रेनुका गुरूङ र प्रमिला राई समर्थक रहेका थिए।

संसदीय समिति

प्रतिनिधि सभा अन्तर्गतको विकास तथा प्रविधि समितिले २०७९ साउन २३ गते नारायणघाट-मुग्लिन र मुग्लिन-पोखरा सडकको वर्तमान कार्यप्रगति, सार्वजनिक यातायातका सवारी साधनले यात्रुसँग मनलाग्दी भाडा लिने गरेको, सडक सीमा अतिक्रमण गरी सडक सीमाभित्र बनाएका घरटहरा तत्काल हटाउन पनि सरकारलाई निर्देशन दियो। यसैगरी, मुख्य सडकहरूमा बाढीपहिरोको कारण बन्द रहेका सडकमा तत्काल पहिरो हटाउन पनि निर्देशन दियो।

अर्थमन्त्री शर्मामाथि छानबिन गर्न 'संसदीय छानबिन विशेष समिति' गठन

अर्थमन्त्री जनार्दन शर्माले बजेट निर्माणका क्रममा अनाधिकृत व्यक्ति प्रवेश गरी करका दर हेरफेर गरेको विषयमा संसदले ११ सदस्यीय संसदीय छानबिन विशेष समिति गठन गऱ्यो। प्रतिनिधि सभाको बैठकमा सभामुख अग्निप्रसाद सापकोटाले छानबिनका लागि ११ सदस्यीय छानबिन समिति गठन गरेको सदनमा जानकारी गराए। ११ सदस्यीय छानबिन समितिमा खगराज अधिकारी, देवप्रसाद गुरुङ, पुष्पा भुसाल गौतम, प्रदीपकुमार ज्ञवाली, भानुभक्त ढकाल, विमला वि.क., लक्ष्मणलाल कर्ण, शक्तिबहादुर बस्नेत, सरलाकुमारी यादव, सिताराम महतो र सुरेन्द्रप्रसाद यादव रहेका थिए।[१६]

विभिन्न पक्षसँग छलफल गरेर समितिले तयार पारेको प्रतिवेदन सभामुख अग्निप्रसाद सापकोटालाई बुझायो। प्रतिवेदनमा प्रमुख प्रतिपक्षी एमालेले समितिको निष्कर्षमा फरक मत राख्यो। प्रमुख प्रतिपक्षी नेकपा एमालेका सांसदहरूले समितिलाई प्राप्त प्रमाण र बयानका आधारमा शर्मालाई निर्दोष भन्न नमिल्ने अडान राख्यो भने सत्ता पक्षका सांसद प्राप्त प्रमाण र बयानले शर्माविरूद्धको आरोप प्रमाणित नगर्ने भएकाले उनी निर्दोष रहेको बताए। संसदीय छानबिन समिति गठन भएपछि अर्थमन्त्री जनार्दन शर्माले २०७९ असार २२ गते पदबाट राजीनामा दिएका थिए। समितिले पूर्वअर्थमन्त्री शर्मा, अर्थ मन्त्रालयका सचिव, बजेट निर्माणमा संलग्न उच्चपदस्थ कर्मचारीसँग बयान लिएको थियो। समितिलाई १० दिनभित्र प्रतिवेदन दिन भनिएको थियो। तोकिएको समितिले काम नसकेपछि प्रतिनिधि सभाले सात दिन समय थप गरेको थियो। संसदीय समितिमा बहुमतले पारित प्रतिवेदनमा शर्मामाथि लागेको आरोप प्रमाणित नभएपछि उनी राजीनामा दिएको २५ दिनपछि पुनः अर्थमन्त्रीमा बहाल भए।

संसदमा शून्य समय तथा सार्वजनिक सरोकारका विषय

प्रतिनिधि सभा बैठकको शून्य तथा विशेष समयमा सांसदहरूले विभिन्न समसामयिक विषयमा सरकारको ध्यानाकर्षण गराए। काठमाडौंमा थुप्रिएको फोहोरदेखि त्रिभुवन विश्वविद्यालयमा लागेको ताला अनि किसानले भोग्नुपरेको मल अभावसम्मका विषय सांसदहरूले उठाए।

संसदीय प्रणालीमा, "शून्य समय" शब्दले संसदीय सत्रको समयमा एक समयलाई जनाउँछ। यस समयमा सांसदहरूले तत्काल ध्यान दिनुपर्ने जरुरी विषयहरू उठाउन सक्छन्। शून्य समयमा, सांसदहरूले प्राकृतिक प्रकोप, दुर्घटना वा अन्य आपतकालिन जस्ता राष्ट्रिय वा स्थानीय महत्त्वका मुद्दाहरू उठाउन सक्छन् र सरकारलाई कारबाही गर्न वा जानकारी उपलब्ध गराउन अनुरोध गर्न सक्छन्। सरकारले शून्य समयमा उठेका विषयको जवाफ सरकारी मन्त्रीको भनाइ वा छलफलबाट दिने अपेक्षा गरिएको हुन्छ।

तत्काल ध्यान दिनुपर्ने अत्यावश्यक विषयहरूलाई सम्बोधन गर्न संसदीय प्रणालीमा शून्य समय एउटा महत्त्वपूर्ण संयन्त्र हो। यसले संसदका सदस्यहरूलाई प्राकृतिक प्रकोप, दुर्घटना, वा अन्य आपतकालीन जस्ता राष्ट्रिय वा स्थानीय महत्त्वका मुद्दाहरू उठाउन र सरकारलाई कारबाही गर्न वा जानकारी उपलब्ध गराउन अनुरोध गर्न अनुमति दिन्छ। संसदीय प्रणालीमा शून्य समयले धेरै महत्त्वपूर्ण कार्यहरू गर्दछ। शून्य समयमा सांसदहरूलाई अत्यावश्यक कुराहरू उठाउने अवसर प्रदान गर्नेः शून्य समयले सांसदहरूलाई सामान्य संसदीय प्रक्रियाबाट सम्बोधन गर्न नसकिने विषयहरू उठाउने र सरकार र संसदको ध्यानाकर्षण गराउन जरुरी मुद्दाहरू उठाउने मौका दिन्छ।

१६. https://www.onlinekhabar.com/2022/07/1153574

मन्त्रालयगत बजेट शीर्षक माथिको छलफलमा समेत सांसदहरू महिला हिंसाका विषय, सडक दुर्घटना, कृषकले बीउविजन र मल नपाएको समस्या उठाए। काठमाडौं उपत्यकाको फोहोर व्यवस्थापन मात्रै होइन ग्रामीण भेगमा उत्पादित तरकारी व्यवस्थापनको विषय संसदमा उठ्यो। यसैगरी, मूल्यवृद्धिको विषय, कालोबजारी नियन्त्रण, बन्द उद्योग पुन सञ्चालन गर्न र नयाँ उद्योग खोल्न सांसदले सरकारको ध्यानाकर्षण गराए।

बलात्कारसम्बन्धी मुद्दामा हदम्याद हटाउन प्रतिनिधि सभामा सङ्कल्प प्रस्ताव

बलात्कारसम्बन्धी मुद्दामा हदम्याद हटाउन प्रतिनिधि सभामा नेपाली कांग्रेसका सांसदहरू डा.डिला संग्रौला पन्त, प्रमिला राई, सुजाता परियार र रंगमती शाहीले हदम्याद हटाउन सङ्कल्प प्रस्ताव दर्ता गराए। संकल्प प्रस्तावमा पीडितले हदम्यादका कारण कानुनी प्रक्रियामा जान नसकेकाले यसलाई संशोधन गरिनुपर्ने माग गरिएको थियो[१६]। 'यदि कुनै पनि पीडितले हदम्यादका कारण कानुनी प्रक्रियामा जान नसकेको खण्डमा संविधानले व्यवस्था गरेका मौलिक हक नै औचित्यहीन हुन पुग्छ,' सङ्कल्प प्रस्तावमा भनिएको छ, 'त्यसैले आमनागरिकको चासो र चिन्तालाई सम्बोधन गर्न, सरकारलाई आवश्यक दिशानिर्देश गर्न र समयमै कानून संशोधन गरी बलात्कारजस्ता जघन्य अपराधका पीडितलाई न्यायको मार्ग प्रशस्त गर्नका लागि सङ्कल्प प्रस्तुत गर्दछौं।'

सङ्कल्प प्रस्तावमा दुई ओटा मुख्य माग थिए।

क. बालयौन दुर्व्यवहारको कसुरमा सजायको लागि उजुरी दिने हदम्याद सम्बन्धी व्यवस्था पुर्णत हटाउने।

ख. बालबालिका बाहेक अन्यको हकमा समेत बलात्कार जस्तो जघन्य अपराधमा उजुरी दिने हदम्यादसम्बन्धी व्यवस्थाको पुनरावलोकन र पुनर्विचार गर्न आवश्यक संशोधन गर्ने।

सङ्कल्प प्रस्ताव अनुसार यौनजन्य हिंसा तथा बलात्कारका घटनामा उजुरीको हदम्याद बढाउने विधेयक प्रतिनिधि सभाबाट पारित भयो।[१७] संशोधनअनुसार नाबालिग अवस्थामा भएका बलात्कार घटनामा उजुरी गर्ने हदम्याद अब तीन वर्ष कायम हुनेछ। यसअघि मुलुकी अपराधसंहिता, २०७४ को दफा २२९ मा यससम्बन्धी घटनामा हदम्याद एक वर्ष मात्र थियो। घटनाको एक वर्षभित्र उजुरी दिइसक्नुपर्ने व्यवस्था रहेकामा अरू दुई वर्ष बढाइएको हो। प्रतिनिधि सभाले पारित गरेको विधेयकअनुसार नाबालिकाको उमेर १८ वर्ष पूरा भएको मितिले तीन वर्षभित्र उजुरी दिन सकिनेछ। त्यस्तै, बलात्कार घटनामा पूर्ण अशक्त, अपाङ्गता भएका, सुस्त मनस्थिति भएका र ७० वर्षभन्दा माथिका पीडितले पनि तीन वर्षभित्र उजुरी दिन सक्नेछन्। बालिग उमेरको हकमा पनि उजुरीको हदम्याद बढेको छ। १८ वर्षदेखि ७० वर्ष उमेरका पीडितले बलात्कारको घटनामा एक वर्षभित्र उजुरी दिइसक्नुपर्ने व्यवस्था थियो।

नाबालिग अवस्थामा भएका बलात्कार घटनामा उजुरी गर्ने हदम्याद अब तीन वर्ष कायम हुनेछ। यसअघि मुलुकी अपराधसंहिता, २०७४ को दफा २२९ मा यससम्बन्धी घटनामा हदम्याद एक वर्ष मात्र थियो। घटनाको एक वर्षभित्र उजुरी दिइसक्नुपर्ने व्यवस्था रहेकामा अब थप दुई वर्ष बढाइएको हो। प्रतिनिधि सभाले पारित गरेको विधेयकअनुसार नाबालिकाको उमेर १८ वर्ष पूरा भएको मितिले तीन वर्षभित्र उजुरी दिन सकिनेछ। त्यस्तै, बलात्कार घटनामा पूर्ण अशक्त, अपाङ्गता भएका, सुस्त मनस्थिति भएका र ७० वर्षभन्दा माथिका पीडितले पनि तीन वर्षभित्र उजुरी दिन सक्नेछन्।[१९]

जरुरी सार्वजनिक महत्वको प्रस्तावमाथि छलफल

यस वर्ष प्रतिनिधि सभाको बैठकमा जनजीविकासँग जोडिएका खाद्यान्न, पेट्रोलियम पदार्थ लगायतका उपभोग्य वस्तुहरूको मूल्यवृद्धि र समायोजन सम्बन्धी जरुरी सार्वजनिक महत्त्वको प्रस्तावमाथि छलफल भयो। ती प्रस्तावहरूमाथिको छलफलमा भाग लिँदै सांसदहरूले कृत्रिम मूल्यवृद्धि रोक्न बजार अनुगमन गर्नुपर्ने, स्वदेशमा नै उत्पादन बढाउनुपर्ने, मलको अभावमा उत्पादन घट्दै गरेकाले समयमै मल ल्याउनुपर्नेमा जोड दिए। सांसदहरूले मूल्यवृद्धिलाई हल्का रूपमा लिन नहुने, पेट्रोलियम ऐन ल्याउनुपर्ने, नेपाललाई पेट्रोल, डिजेल र ग्याँस मुक्त देश बनाउन

१६. https://hr.parliament.gov.np/np/#
१७. https://www.bbc.com/nepali/news-61523391
१९. https://www.bbc.com/nepali/news-61523391

काम सुरु गर्नुपर्ने माग राखे। छलफलमा भाग लिँदै प्रस्तावका प्रस्तावक नेकपा एमालेका सचेतक विशाल भट्टराईले अर्थतन्त्रका प्रमुख परिसूचकहरूप्रति सरकारले यथेष्ट ध्यान पुऱ्याउन नसक्दा जनताको जनजीविकासँग जोडिएका खाद्यान्न लगायत अन्य उपभोग्य वस्तुहरूको व्यापक मूल्य वृद्धि भएको बताए। नेकपा एमाले सांसद यज्ञराज सुनुवार र गणेश पहाडीले प्रस्तावको समर्थन गर्दै मूल्यवृद्धिको सीमावलोकन गर्न संसदीय छानबिन समिति बनाउनुपर्ने, मूल्यवृद्धिका कारण निम्न वर्ग र कमजोर आयस्रोत भएका मानिसहरूलाई जीवन जिउन गाह्रो पारेकाले मूल्य वृद्धि फिर्ता गर्नका लागि जरुरी सार्वजनिक महत्त्वको प्रस्ताव ल्याइएको बताए।

निष्कर्ष

संसदका दुवै सदन यो वर्ष अपेक्षाकृत रूपमा प्रभावकारी हुन सकेनन् भने नवनिर्वाचित प्रतिनिधि सभामा पनि प्रारम्भमै अनपेक्षित अभ्यास देखा पऱ्यो। मङ्सिर ४ गते भएको संसदमा फौजदारी अभियोग लागेका दुई सांसद निर्वाचित भएका थिए। उनीहरूलाई संसद सचिवालयले शपथ ग्रहण गरायो। मनाङ जिल्लाबाट संसदमा निर्वाचित नेपाली कांग्रेसका टेकबहादुर गुरुङविरुद्ध विशेष अदालतमा भ्रष्टाचारको मुद्दा विचाराधीन छ भने महोत्तरी निर्वाचन क्षेत्र नं. १ बाट निर्वाचित नेकपा एमाले सांसद लक्ष्मी महतो कोइरीमाथि मधेश आन्दोलनका क्रममा सशस्त्रका असई थमन विक हत्याको आरोप छ। उनी प्रहरी प्रशासनको अभिलेखमा 'फरार अभियुक्त' हुन्। महोत्तरी प्रतिनिधि सभा क्षेत्र नं. १ बाट निर्वाचित एमालेका लक्ष्मी महतो कोइरी मनोनयनको केही दिन अघिमात्रै पार्टी प्रवेश गरेका थिए।

संसदले जनताको आवश्यकता र हितलाई सम्बोधन गर्ने गरी आफ्नो भूमिका र जिम्मेवारी पूरा गर्न सकेन भने यसको महत्त्वमा कमी आउँछ। एक प्रभावहीन संसदले यसको निर्णय प्रक्रियामा पारदर्शिताको अभाव खड्कन्छ। प्रभावहीन संसदले सरकारलाई आफ्नो कामको लागि जवाफदेही बनाउन असफल हुन सक्छ, जसले गर्दा जनतालाई सरकारको कार्यसम्पादनको लागि जवाफदेही बनाउन गाह्रो हुन्छ। संसदले जनताको विचार र सरोकारलाई पर्याप्त रूपमा प्रस्तुत गर्न नसक्दा संसद र जनताबीचको सम्बन्धविच्छेद हुन सक्छ। संसदमा सांसद र जनताको कम सहभागिता हुन सक्छ, जसले गर्दा अर्थपूर्ण बहस र निर्णय गर्न गाह्रो हुन्छ। जनताको आवश्यकता र हितलाई पूरा गर्ने तरिकाले आफ्नो भूमिका र जिम्मेवारी पूरा गर्न असमर्थ हुने संसद प्रभावहीन हुन्छ। सरकार जनताको आवश्यकता र सरोकारप्रति जवाफदेही र उत्तरदायी छ भन्ने सुनिश्चित गर्न संसदहरू प्रभावकारी हुनु महत्त्वपूर्ण छ।

हाम्रो संविधानले समावेशी संसदको परिकल्पना गरेको छ। समाजका सबै सदस्यहरूलाई विधायिका प्रक्रियामा प्रतिनिधित्व गर्ने र संलग्न हुने व्यवस्था संविधानमा रहेको छ। संसद समावेशी भयो भने देशका कानुन र नीतिहरूले समाजका सबै सदस्यहरूको आवश्यकता र सरोकारलाई प्रतिबिम्बित गर्दछ र निर्णय प्रक्रियामा सबै आवाजहरू सुनिन्छ र विचार गरिन्छ भनेर सुनिश्चित गर्न मद्दत गर्न सक्छ।

राजनीतिक दलभित्रको खिचलोका कारण यो वर्ष संसदका काम कारबाही प्रभावकारी हुन सकेनन्। संसदमा उठेको विषयले महत्त्व नपाउने र उठेका विषयको सम्बोधन भएनन्। बरु संसद छलेर अध्यादेश ल्याउने कार्यले प्रश्रय पायो। लामो समयदेखि विचाराधीन अवस्थामा रहेका विधेयकहरू अलपत्र नै रहे। संसदमा हुने न्यून उपस्थिति, लामो समयसम्मको अवरोधजस्ता विषय यो वर्ष पनि आलोच्य रह्यो। संसदीय समितिहरूले निर्देशन दिने तर सम्बन्धित निकायले त्यसको परिपालना नगर्ने परिपाटी कायम रहँदा संसदीय समितिहरूले गरेका निर्देशन र निर्णयहरूको औचित्यमाथि प्रश्न उठ्यो।

कुनै एउटा विषयमा असहमति हुने बितिकै संसदमा उपस्थित एक दलले महिनौसम्म संसद अवरुद्ध गर्ने परिपाटिले निरन्तरता पायो भने लोकतन्त्र अनुकूलको अभ्यास भएको ठान्न सकिने छैन। कुनै पनि बहानामा अध्यादेशबाटै सरकार चलाउने मानसिकताले गर्दा संसदमा सांसदहरूको उपादेयता र बहस गरेर जनताका आवश्यकता र सरोकारका विषयलाई सम्बोधन गर्ने अवस्था देखिँदैन। नवनिर्वाचित सांसदको संसदमा हुने उपस्थिति र प्रभावकारी बहसले मात्र उनीहरूको कार्यक्षमताको सही मूल्याङ्कन गर्न सकिएला।

परिच्छेद ३

३.१ सन्थाल समुदायमा बालबालिकाको शिक्षाको अधिकार : सरोकार र चुनौती

झापा र मोरङ जिल्लामा बसोबास गर्ने सन्थाल (सतार) जातिको सङ्ख्या २०६८ को जनगणना अनुसार ५१ हजार ७ सय ३५ रहेको छ। प्रदेश १ को झापा र मोरङ जिल्लामा सन्थाल जातिका ३७ हजार ८ सय ९१ जना बालबालिका रहेकोमा ८० प्रतिशत बालबालिकाले आधारभूत तहको अध्ययन नै पूरा गरेको पाइदैन। प्राप्त तथ्याङ्कअनुसार सन्थाल समुदायका २० प्रतिशत बालबालिकाले मात्र आधारभूत तहको शिक्षा पूरा गरेका छन्। तीमध्ये ४ प्रतिशतले माध्यमिक तह पूरा गरेको देखिन्छ।

नेपालको संविधानले आधारभूत तहको शिक्षा अनिवार्य र माध्यमिक तहको शिक्षा सबैलाई निःशुल्क हुने भनेर सुनिश्चित गरेको छ। तर, सन्थाल समुदायका बालबालिका शिक्षाको अवसर र पहुँचबाट टाढा हुनाले राज्य आफ्नो दायित्वबाट विमुख भएको प्रष्ट देखिन्छ। नेपालका दुई सुदूर पूर्वी जिल्लामा बसोबास गर्दै आएको सन्थाल समुदायमाझ आज आफ्नै भाषा 'ओल चिकी'को प्रचलन बोलिचालीमा मात्र सीमित छ। पण्डित रघुनाथ मुर्मुले सन् १९२५ मा यस भाषाको सुरुवात गरेको भए पनि नेपालमा यसको थप विकास हुन सकेन। तर, बालबालिका घरभित्र र समुदायमा यही भाषाको प्रयोग गर्दछन्। कक्षा कोठामा मातृभाषाको प्रयोगको अभावकै कारण उनीहरू शिक्षकसँग दोहोरो सम्वाद कायम गर्न पनि असमर्थ देखिन्छन्। उनीहरू विद्यालयमा नेपाली भाषामा हुने पठनपाठनमा अल्मलिने गरेको देखिन्छ। सन्थाल जातिका बालबालिकाले अहिलेको समयमा पनि बहुभाषिक शिक्षणको संवैधानिक अधिकारबाट वञ्चित हुनु परेको छ। त्यहीकारण उनीहरूको उच्च शिक्षाको बाटो अवरुद्ध हुँदै आएको छ। उनीहरूको यसप्रकारको अवस्था नेपालको संविधानले किटान गरेको समाजवाद प्राप्तिको लक्ष्यतर्फ राज्यका निकायहरू अझै जवाफदेही हुन नसकेको दृष्टान्त हो।

राज्यका तह तथा निकायहरूको व्यवहार र जिम्मेवारीको अनुगमन गरी तयार गरिएको यस आलेखमा सन्थाल जातिका बालबालिकाको शिक्षाको अधिकार सुनिश्चित गर्न सरोकारवाला निकाय, स्थानीय, प्रदेश र सङ्घीय सरकारका अङ्गहरूको प्रभाकारी परिचालनको अवस्था दर्शाउने उद्देश्यले झापा र मोरङ जिल्लाका सन्थाल जातिका बालबालिकाको शिक्षाको अवस्था बारेको विश्लेषण प्रस्तुत गरिएको छ।

झापा जिल्लाका १ सय १९ ओटा माध्यमिक, २ सय ६४ ओटा आधारभूत विद्यालय र मोरङस्थित १ सय ४७ ओटा माध्यमिक र ३ सय ५८ ओटा आधारभूत विद्यालयमा अध्ययनरत बालबालिकाहरूको शैक्षिक अवस्था, सिकाइ उपलब्धि तथा विद्यालय छोड्ने अवस्था तथा कारणहरूको खोजी गर्ने प्रयत्न गर्नुका साथै त्यस क्षेत्रमा सन्थाल समुदायका बालबालिकाको विद्यालय शिक्षामा सहभागिताको विश्लेषण गर्न सरोकारवालासँग अन्तरवार्ता, द्वितीय स्रोतमार्फत प्राप्त धारणा र तथ्याङ्कको विश्लेषण गरी यो आलेख तयार पारिएको हो।

यस आलेखमा उल्लेख गरिएको विषय मोरङ र झापा जिल्लाका सन्थाल समुदायका बालबालिकाको शिक्षाको अधिकार सम्बद्ध सरोकारका बारेमा गरिएको हो। समग्रमा सन्थाल बालबालिकाको शिक्षाको अवस्था सम्बन्धमा प्रारम्भिक जानकारी प्रदान गर्ने अपेक्षा गरिएको छ।

गरिबीको दुष्चक्रमा बालबालिकाको शिक्षा

झापा र मोरङका ३२ स्थानीय तहमध्ये सन्थाल/सतार समुदायका बालबालिका अध्ययनरत २९ स्थानीय तहका २९ जना महिला र २९ जना पुरूष गरी ५८ जना सन्थाल/सतार समुदायका अभिभावकसँग बालबालिकाको शिक्षाको अवस्था र चुनौतीका विषयमा छलफल गर्दा गरिबीका कारण शिक्षाको अवसरबाट आफ्ना छोराछोरीले बिचैमा पढाइ छोड्नु परेको बताउँछन्। छलफलका सहभागी अभिभावक कमजोर आर्थिक अवस्थाका कारण छोराछोरीको पढाइमा लगानी गर्न नसकिएको दुखेसो

गर्दछन्। मोरङको जहदा गाउँपालिका-२ का ५७ वर्षीय मोतीराम हेमरमले आर्थिक अवस्था कमजोर हुँदा आफ्ना चार जना छोरीले आधारभूत तहमै विद्यालय छोडेको बताए।

सरकारले नि:शुल्क शिक्षाको व्यवस्था गरेको भए पनि दैनिक घर खर्च धान्न आधारभूत तहका र माध्यमिक तहका बालबालिका विद्यालय छोडी अन्य काममा संलग्न हुने गरेको विद्यालयका शिक्षक तथा प्रशासकहरूले बताए। अधिकांश सन्थाल/सतार समुदायका अभिभावकहरू अरूको खेती अधिया वा दैनिक ज्यालादारी गरेर जीवन गुजार्ने भएका कारण उनीहरूले छोराछोरीलाई आधारभूत तह वा माध्यमिक तहसम्मको शिक्षा दिलाउन नसकेको झापा कमल गाउँपालिकाका सन्थाल युवा समूहका सदस्यले जानकारी दिए।

समुदायमा शिक्षाको महत्वका बारेमा चेतना प्रसार हुन नसकेकै कारण सन्थाल/सतार समुदायका बालबालिकाले आधारभूत र माध्यमिक तहसम्मको शिक्षा पूरा नगरेको झापा गौरीगञ्ज गाउँपालिकाको सन्थाल युवा समूहमा गरिएको अन्तरक्रियाको निष्कर्ष रहेको छ। कमजोर आर्थिक अवस्था र शिक्षाको महत्व बुझाउन नसक्दा सन्थाल/सतार समुदायका बालबालिकाकालाई आधारभूत र माध्यमिक तहसम्मको शिक्षा दिलाउन मुस्किल हुने मोरङ रतुवामाई नगरपालिका शिक्षकहरूसँग गरिएको अन्तरक्रियाको निष्कर्ष छ।

विद्यालय भर्ना भएका विद्यार्थीहरू अधिकांशले विद्यालय छाड्ने विद्यालयको तथ्याङ्कमा देखिन्छ। नेपाल सरकारले शैक्षिक सूचना व्यवस्थापन प्रणाली(इमिस) का माध्यमबाट हरेक विद्यालयमा विद्यार्थीको अभिलेख राख्ने गरेको छ। झापाका ५५ र मोरङका ५० गरी १ सय ५ ओटा आधारभूत विद्यालयको तथ्याङ्कलाई आधार मान्ने हो भने २०७७ र ७८ मा आधारभूत तहमा ३० हजार ३ सय १२ जना र माध्यमिक तहमा ६ हजार ३ सय ६७ विद्यार्थीले विद्यालय छोडेको तथ्याङ्क पाइनुले सन्थाल। सतार समुदायका बालबालिकाको शिक्षाको सहभागिता र विद्यालय छोड्ने अवस्था देखाउँछ। भर्ना र विद्यालय छोड्ने दरमा देखिएको यो भयावह अवस्थाको अन्त्य गर्न स्थानीय तह र सरोकारवालाको पहलकदमीको खाँचो देखिन्छ।

मातृभाषामा शिक्षा पाउँदैनन् सन्थाल बालबालिका

आधारभूत तहमा मातृभाषामा कक्षा सञ्चालन गर्न पाइने व्यवस्था नेपालको संविधानको धारा ३१ ले गरेको छ। तर, झापा र मोरङमा रहेका सन्थाल समुदायका बालबालिकाले मातृभाषामा अझै शिक्षा पाउन सकेका छैनन्। नेपालको संविधानको शिक्षासम्बन्धी हकको उपधारा ५ मा 'नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई कानुन बमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने र त्यसका लागि विद्यालय तथा शैक्षिक संस्था खोल्ने र सञ्चालन गर्ने हक हुनेछ' भन्ने व्यवस्था छ। तर, झापा र मोरङमा सन्थाल समुदायको बाक्लो बस्ती रहेको भए पनि स्थानीय सरकारले सन्थाली मातृभाषामा कक्षा सञ्चालन गर्न सकेका छैनन्। जसका कारण मातृभाषामा शिक्षा पाउने अधिकारबाट यस समुदायका बालबालिका वञ्चित छन्।

सन्थाली मातृभाषामा झापा र मोरङका सबै स्थानीय तहले कक्षा सञ्चालन गर्न सकेका छैनन्। सन्थाली लिपी भए पनि भाषा विज्ञ नहुँदा सन्थाली भाषामा कक्षा सञ्चालन गर्न नसकेको स्थानीय तहहरूले जनाएका छन्। मातृभाषामा कक्षा सञ्चालन नहुँदा आधारभूत तहमै सन्थाल बालबालिकाले विद्यालय छाड्ने गरेको शिक्षक वीरसिंह हस्दाको अनुभव छ।

छात्रवृत्तिले मात्र हुन्न समस्या समाधान

नेपाल सरकारले आर्थिक वर्ष २०५२/०५३ देखि सबैका लागि शिक्षा कार्यक्रम अन्तर्गत छात्रवृत्ति कोषको स्थापना गरी आधारभूत तह (०६६ देखि १-८) विद्यालयमा भर्ना भएका दलित, अपाङ्गता भएका बालबालिका र सीमान्तकृत समुदायका बालबालिका र बालिकाहरूलाई छात्रवृत्ति दिँदै आएको छ। सीमान्तकृत समुदायका बालबालिकालाई मासिक ५ सय रुपियाँ र अरूलाई मासिक ४ सय रुपियाँ छात्रवृत्तिका रूपमा दिइएको पनि सन्थाल समुदाय आर्थिक हिसाबले सबैभन्दा पछाडि परेको हुँदा यस समुदायका बालबालिकाको शिक्षामा खास प्रगति हुन नसकेको नेपाल सन्थाल आदिवासी उत्थान सङ्घका केन्द्रीय अध्यक्ष सुन्दर बेसाको भनाइ छ।

विद्यालय छाडेर ज्यामी काम

आर्थिक अवस्था कमजोर भएका सन्थाल समुदायका ८० प्रतिशत बालबालिका १४ वर्ष उमेर नपुगी श्रममा लाग्ने गरेको नेपाल सन्थाल आदिवासी

उत्थान सङ्घका केन्द्रीय अध्यक्ष सुन्दर बेसाको अनुभव छ। बाल अधिकार कानुन २०७४ विपरीत यस समुदायका अधिकांश बालबालिका आधारभूत आवश्यकता पूरा गर्न श्रम गर्न बाध्य भएको अध्ययनका क्रममा पाइएको छ। यस समुदायका अधिकांश बालबालिका कृषि मजदुर तथा ज्यामी काममा संलग्न भएको पाइयो। बालश्रम मुक्त राष्ट्र निर्माण गर्ने कानुनी, संवैधानिक र अन्तर्राष्ट्रिय प्रतिबद्धता विपरीत राज्यका निकाय, निजी क्षेत्र र अनौपचारिक क्षेत्रमा श्रम गर्ने सन्थाल समुदायका बालबालिकाको अधिकार रक्षाका लागि राज्यको जबाफदेहिता निगरानी र त्यसउपर गरिने वकालतको प्रभाव थप प्रभावकारी बनाउनुपर्ने देखिन्छ।

ज्याला मजदुरी गरी परिवारको आर्थिक गर्जो टार्नुपर्ने अवस्थामा अधिकांश बालबालिका रहेको नेपाल सन्थाल आदिवासी उत्थान सङ्घका पदाधिकारीसँग गरिएको छलफलको निचोड छ। छात्राहरूले आधारभूत तह पूरा नगरी विवाह गर्ने र अधिकांश छात्रहरूले आधारभूत तहमै पढाइ छोडी ट्रयाक्टर चालक वा ज्यामी मजदुरका रूपमा काम गर्ने अवस्था रहेको नेपाल सन्थाल विकास सङ्घ, झापाको अध्ययन प्रतिवेदनले देखाएको छ।

स्थानीय सरकारको प्रयास

मोरङको जहदा गाउँपालिका वीरपुरमा सन्थाल समुदायको घनाबस्ती छ। यहाँ एउटा सामुदायिक विद्यालयको नामै सन्थाल आधारभूत विद्यालय राखिएको छ। यसबाहेक झापा र मोरङका कुनै पनि स्थानीय तहले सन्थाल समुदायका बालबालिका लक्षित शिक्षाका कार्यक्रम सञ्चालन गरेका छैनन्। जहदा गाउँपालिकामा रहेका सामुदायिक विद्यालयमध्ये तीन ओटा विद्यालयमा अधिकांश विद्यार्थी सन्थाल समुदायका भए पनि उनीहरूको शैक्षिक अवस्था आशालाग्दो नरहेको यस अध्ययनका क्रममा पाइयो। जहदा गाउँपालिकालाई सङ्घीय सरकारले आर्थिक वर्ष ०७७/०८८ मा उपलब्ध गराएको सशर्त अनुदानमा तलब ५ करोड ५५ लाख रुपियाँ थियो। जहदा गाउँपालिकामा तीन ओटा विद्यालयमा सन्थाल विद्यार्थीमात्र पढ्ने गरेका छन्।

सन्थाल बालबालिकामात्रै अध्ययन गर्ने विद्यालयमा मातृभाषामा कक्षा सञ्चालन गर्न नसक्दा आधारभूत तहमै उनीहरूलाई टिकाइ राख्न समस्या भएको जहदा गाउँपालिकाकी उपाध्यक्ष हन्ना सोरेनले यस अध्ययनका लागि गरिएको छलफलमा बताइन्। सन्थाल आधारभूत विद्यालय, बैरिया मावि, भानुभक्त आधारभूत विद्यालय र आदर्श आधारभूत विद्यालय मिलन चोकमा केही बाहेक अधिकांश सन्थाल समुदायका बालबालिका अध्ययनरत छन्। जहदा गाउँपालिकाबाट शिक्षामा छुट्याएको रकम २ करोड ३५ लाख रुपियाँमध्ये करिब १ करोड रुपियाँ तलबमा खर्च गर्ने र बाँकी १ करोड ३५ लाख रुपियाँ शैक्षिक सुधारका लागि गाउँपालिकाले खर्चिए पनि सकारात्मक उपलब्धि हासिल हुन सकेको छैन।

जहदा गाउँपालिका बाहेकका सन्थाल समुदायको मुख्य बसोबास भएका झापा र मोरङका स्थानीय सरकारले स्थानीय सरकार गठनयता सन्थाल समुदायका बालबालिका लक्षित शिक्षाको कुनै पनि कार्य गरेका छैनन्। शिक्षाको अधिकार सुनिश्चित गर्न संविधानले गरेको व्यवस्था अनुसार माध्यमिक तहसम्म स्थानीय तहको प्रमुख जिम्मेवारी रहन्छ। विद्यालय छोड्नुपर्ने बाध्यता र सम्बद्ध सरोकार सम्बोधन गर्न लक्षित सन्थाल समुदायका बालबालिकाहरूका लागि शैक्षिक र पारिवारिक सहयोग कार्यक्रम सञ्चालन गर्न स्थानीय तहहरूलाई जबाफदेही बनाउनुपर्ने आवश्यकता रहेको छ।

नीतिमा मात्र सीमित अधिकार, विवेचना

नेपालको संविधान धारा ३१ को उपधारा १ ले प्रत्येक नागरिकलाई आधारभूत शिक्षामा पहुँच सुनिश्चित गर्न उपधारा २ बमोजिम आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा नि:शुल्क पाउने हक सुनिश्चित गरेको छ। उपधारा ५ ले नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई कानुन बमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने र त्यसका लागि विद्यालय तथा शैक्षिक संस्था खोल्ने र सञ्चालन गर्ने हक हुनेछ भन्ने व्यवस्था गरेको छ। त्यसैगरी बालबालिकासम्बन्धी ऐन, २०७५ को परिच्छेद २ को बुँदा १५ मा शिक्षाको अधिकारलाई व्यवस्था गरिएको छ।

जसअनुसार ६ वर्ष मुनिका बालबालिकालाई आफ्नो उमेर र विकासको स्तरअनुसार उपयुक्त ढङ्गले सिक्न पाउने तथा प्रारम्भिक बाल विकासको अधिकार, प्रत्येक बालबालिकालाई प्रचलित कानुन बमोजिम आधारभूत तहसम्मको शिक्षा अनिवार्य र नि:शुल्क तथा माध्यमिक तहसम्मको नि:शुल्क रूपमा बालमैत्री वातावरणमा पाउने अधिकार र प्रत्येक बालबालिकालाई

आफ्नो विशेष शारीरिक तथा मानसिक अवस्था अनुसार प्रचलित कानुनबमोजिम उपयुक्त अध्ययन सामग्री तथा शिक्षण विधिमार्फत शिक्षा पाउने अधिकार हुने सुनिश्चित गरेको छ। प्रदेश १, सरकारले पनि आफ्नो कानुन प्रदेश नं. १ बालबालिका संरक्षण ऐन, २०७७ को दफा को उपदफा २ मा आफ्ना छोराछोरी वा आफ्नो संरक्षणमा रहेका बालबालिकाको स्याहार, हेरचाह र पालनपोषण गर्नु, शिक्षा, स्वास्थ्योपचार लगायत खेलकुद, मनोरञ्जन र व्यक्तित्व विकासको अवसर उपलब्ध गराउनु बाबु, आमा वा संरक्षकको दायित्व हुने उल्लेख छ।

निष्कर्ष

शिक्षाको महत्त्वका बारेमा रहेको कमजोर बुझाइ र कमजोर आर्थिक अवस्थाका कारण सन्थाल समुदायका बालबालिकाले आधारभूत र माध्यमिक तहसम्मको शिक्षा पूरा गर्न नसकेको देखिन्छ। सीमान्तकृत समुदाय लक्षित स्थानीय तथा अन्य तहका सरकारी कार्यक्रमहरूले यस समुदायको गरिबी निवारण र बालबालिका शिक्षाको सुधारका लागि आवश्यक योगदान गर्न सकेको देखिँदैन।

बालश्रमको अन्त्य गर्न सरकार, निजी क्षेत्र र अनौपचारिक क्षेत्रको एकीकृत पहलकदमी हुन नसक्नुले सन्थाल समुदायका बालबालिका बालबालिकासम्बन्धी कानुन २०७४, नेपालको संविधान तथा अन्तराष्ट्रिय प्रतिबद्धता विपरीत आज पनि बालश्रम गर्न बाध्य रहेको देखिन्छ। बाल श्रमको हालको अवस्था अन्त्य गर्न कानुन कार्यान्वयन तथा जनचेतनाको कमी रहेको अध्ययनका क्रममा व्यक्त धारणाहरूले प्रष्ट्याएको छ।

कृषि मजदुरी र लक्षित समुदायका लागि परिचालित आयोजनाहरूबाट सन्थाल समुदायले लाभ लिन नपाएको देखिन्छ। साथै प्रमुखत: मातृ भाषामा शिक्षाको अभाव, कानुन कार्यान्वयन नभएको अवस्था लगायतका समस्याले यस समुदायका बालबालिकाको शिक्षामा प्रतिकूल प्रभाव पार्दै आएको देखिन्छ।

सुझाव

सन्थाल समुदायका बालबालिकाहरूको विद्यालय छोड्ने दर अधिक रहेकोले सोको न्यूनीकरणका लागि विद्यालय शिक्षाको संयन्त्र भित्र एकीकृत कार्यक्रमको आवश्यकता देखिन्छ। प्रदेश र सङ्घीय सरकारले बालबालिकाको शिक्षाका लागि परिवारको आर्थिक सामाजिक र सांस्कृतिक अधिकार सुरक्षा गर्न तथा स्थानीय तहहरूले सन्थाल समुदायका बालबालिकाको शिक्षाको अवस्था सुधार गर्न आवधिक कार्ययोजना निर्माण गरी कार्यान्वयन गर्नुपर्ने देखिन्छ। अति सीमान्तकृत समूहमा पर्ने यो समुदायलाई शिक्षाको मूलप्रवाहमा ल्याउन अभिभावकसहित बालबालिकामा शिक्षाको चेतना फैलाउन अत्यन्त जरूरी छ।

सन्थाल समुदायका बालबालिकाहरूको शिक्षामा पहुँच सुधार गर्न छात्रवृत्ति, विद्यालय छोड्ने दर कमी गर्न विशेष शैक्षिक कार्यक्रम तथा पारिवारिक सहयोग कार्यक्रम सञ्चालन गर्नु अति आवश्यक देखिन्छ। स्थानीय सरकारहरू, नागरिक संस्थाहरू तथा शैक्षिक संस्थाको संयुक्त प्रयासमार्फत जनचेतना, गरिबी न्यूनीकरण र कानुन कार्यान्वन गरी बालश्रमको अवस्था अन्त्य गर्दै यस समुदायमा भएको गरिबीको दुष्चक्र अन्त्य गर्नु जरुरी देखिन्छ। यसका लागि सरकारी तथा गैरसरकारी एवम् निजी क्षेत्रको साझेदारी पहल आवश्यक छ।

सन्दर्भ सामग्री

१. सन्थाल जातिको संस्कार र संस्कृति (डा.सीता शिवाकोटी (ओली)
२. झापा र मोरङका स्थानीय तहका सूचना अधिकारी
३. झापा र मोरङका सामुदायिक विद्यालयका प्रधानाध्यापक
४. शैक्षिक सूचना व्यवस्थापन प्रणाली(इएमआइस्)
५. शिक्षा विकास तथा समन्वय इकाइ, झापा र मोरङ
६. मानव अधिकारसम्बन्धी नौ ठूला महासन्धि
७. नेपाल सन्थाल आदिवासी उत्थान सङ्घका केन्द्रीय अध्यक्ष,
८. सुन्दर बेसरा
९. नेपालको संविधान, २०७२
१०. प्रदेश १ को बालबालिका संरक्षण कानुन
११. अर्जुन राजवंशी (कान्तिपुर दैनिक झापा, पत्रकार)

परिच्छेद ३

३.२ मधेस प्रदेशमा बालिका शिक्षाको अवस्था

अध्ययनको परिचय

राणा शासनकाल र २००७ सालपछि पनि पौराणिक संस्कृत विद्यापिठहरूसहित शैक्षिक संस्थाको केन्द्रका रूपमा रहेको मधेश प्रदेश अहिले शिक्षामा अन्य प्रदेशभन्दा पछाडि परेको छ। मधेस प्रदेशका कुनै पनि जिल्ला पूर्ण साक्षर घोषणा हुन सकेको छैन। मधेस प्रदेशको साक्षरता प्रतिशत ४९.७२ मात्र रहेको छ। रौतहट र महोत्तरी जिल्लाको साक्षरता ४७ प्रतिशत मात्र छ। जबकी, नेपालको साक्षरता ७१ प्रतिशत रहेको छ। मधेस प्रदेशमा सबैभन्दा बढी साक्षरता सर्लाही जिल्लामा ८९ प्रतिशत र पर्सा जिल्लामा ८० प्रतिशत साक्षरता छ। मधेशमा साक्षरता प्रतिशत कमजोर हुनुका साथै सिकाइ उपलब्धि, विद्यालय छाड्ने दर, सिकाइ क्रियाकलापमा समेत समस्या देखिएको छ।

तीनै तहका सरकारले हरेक वर्ष निरक्षरता उन्मूलन गर्न भन्दै उल्लेख्य बजेट विनियोजन गर्ने गरेका छन्। वर्ष २०२२ मा साक्षरता अभियानका लागि मधेस सरकारले मात्र रुपियाँ खर्च गऱ्यो। तर शिक्षामा प्रशस्त बजेट व्यवस्था गर्दै 'बेटी पढाऊ, बेटी बचाऊ' जस्ता महत्वाकांक्षी र चर्चित कार्यक्रम सञ्चालन ल्याइएको भए पनि मधेस प्रदेशमा यसको प्रभाव उल्लेख्य देखिएको छैन। बालबालिकासँग सम्बन्धित गुणात्मक र परिमाणात्मक सूचकहरूमा सुधार हुन नसकिरहेको अवस्थामा बालिका शिक्षाको अवस्था झनै टिठलाग्दो छ। मधेस प्रदेशको सन्दर्भ समेटेर सप्तरी जिल्लामा बालिका शिक्षाको अवस्थाका विषयमा यो आलेख केन्द्रित छ।

यस अध्ययन मार्फत मधेस प्रदेशको शिक्षाको अवस्थाको संक्षिप्त चिनारी प्रस्तुत गरिनेछ। मधेश प्रदेशको सप्तरी जिल्लामा बालिका शिक्षाको अवस्था, समस्या, चुनौती र सरोकारहरूको स्थानीय सरोकारवाला धारणा, लक्षित समूह छलफल र उपलब्ध सामग्रीको अध्ययनमार्फत यो आलेख तयार गरिएको छ।

शैक्षिक कानुनी प्रावधान

नेपालको संविधानको धारा ३९ (३) बमोजिम प्रत्येक बालबालिकालाई प्रारम्भिक बाल विकासको हक सुनिश्चित गरिएको छ। धारा ३१, ३९ र ४० मा प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने हक हुने, अपाङ्गता भएका र आर्थिक रूपले विपन्न नागरिकलाई, दृष्टिविहीन नागरिकलाई ब्रेललिपि तथा श्रवणविहीन र स्वर वा बोलाइसम्बन्धी अपाङ्गता भएका नागारिकलाई साङ्केतिक भाषाको माध्यमबाट निःशुल्क शिक्षा पाउने हक हुने तथा दलित विद्यार्थीलाई प्राथमिकदेखि उच्च शिक्षासम्म कानुन बमोजिम छात्रवृत्तिसहित निःशुल्क शिक्षाको व्यवस्था गरिने उल्लेख छ।

बालबालिकासम्बन्धी ऐन, २०७५ एवम् अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी ऐन, २०७५ मा पनि यी व्यवस्थाहरू छन्। प्रत्येक समुदायका बालबालिकालाई मातृभाषामा माध्यमिक तहसम्मको शिक्षा प्राप्त हुने कानुनी व्यवस्था छ। यस ऐनको दफा १५ को उपदफा (१) मा छ वर्षमुनिको बालबालिकालाई उमेर र विकासको स्तर अनुसार उपयुक्त ढङ्गले सिक्न पाउने तथा प्रारम्भिक बाल विकासको अधिकार सुनिश्चित गरेको छ।

राष्ट्रिय शिक्षा नीति, २०७६ ले सबै तहको शिक्षालाई प्रतिस्पर्धी, प्रविधिमैत्री, रोजगारमूलक र उत्पादनमुखी बनाई देशको आवश्यकता अनुरूपको मानव संशाधन विकास गर्ने लक्ष्य लिएको छ।

यसैगरी, प्रारम्भिक बाल विकास राष्ट्रिय रणनीति (२०७७-०८८) ले वि.सं.२०८८ सम्ममा गर्भावस्थादेखि ८ वर्षसम्मका बालबालिकाको शारीरिक, सामाजिक, बौद्धिक, संवेगात्मक र भाषिक विकासको अवसर सुनिश्चित गर्ने लक्ष्य लिएको छ। सङ्घीय लोकतान्त्रिक गणतन्त्रको कार्यान्वयनसँगै स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले बालविकास केन्द्रहरूको स्थापना, सञ्चालन तथा माध्यमिक तहसम्म व्यवस्थापनको जिम्मेवारी स्थानीय तहलाई दिएको छ।

शिक्षाको अवस्था र असर

मधेस प्रदेशमा महिला साक्षरता दर जम्मा ३८.८८ प्रतिशत रहेको छ। जबकी नेपालको महिला साक्षरता दर ५७.४ प्रतिशत रहेको तथ्याङ्कले देखाउँछ। महिला र पुरुषबीचको साक्षरताको खाडल फराकिलो छ। नौ नगरपालिका, नौ गाउँपालिका र १ सय ६४ वडा रहेको सप्तरीको साक्षरता दर ५४.५० प्रतिशत छ। पुरुषको साक्षरता दर ६६.९८ प्रतिशत रहेकोमा महिला साक्षरता दर ४२.५७ मात्र छ। सप्तरी जिल्लामा प्राथमिक तहको कक्षा एकदेखि पाँचसम्म पूरा गरेका ७० हजार ७ सय ५३ पुरुष र ५८ हजार ६ सय २४ महिला छन्। निम्न माध्यमिक तहको कक्षा ६ देखि ८ सम्म ३७ हजार ६ सय ७३ पुरुष र २६ हजार १२ महिला उत्तीर्ण छन्। माध्यमिक तह पूरा गर्ने २७ हजार १ सय ५२ पुरुष र १४ हजार ६ सय ९७ महिला छन्। एसईई उत्तीर्ण हुनेमा २२ हजार ४ सय ४ पुरुष र त्यसको आधा ११ हजार ५ सय १९ महिला छन्।

माथिल्लो कक्षामा उक्लिँदै गर्दा महिलाको सङ्ख्या ओरालो लाग्दो छ। उच्च मावि तहसम्म अध्ययन पूरा गर्नेमा १४ हजार २ सय ५२ पुरुष र ७ हजार ३१ महिला रहेका छन्। स्नातक तहमा ७ हजार ४ सय १९ पुरुष र २ हजार २ दुई सय ८१ महिला उत्तीर्ण छन्। पाँचदेखि २५ वर्ष उमेरका पुरुष १ लाख २९ हजार ४ सय २८ र महिला १ लाख ३९ हजार ४ सय २२ छन्। जसमध्ये ४ हजार २ सय ३ बालक र ५ हजार ५ सय ३८ बालिकाको विद्यालयमा उपस्थिति छैन।

राष्ट्रिय जनगणना २०७८ को तथ्याङ्क अनुसार मधेस प्रदेशको साक्षरता ४९.७२ प्रतिशत मात्र छ। शिक्षा तथा मानव स्रोत विकास केन्द्रका अनुसार हालसम्म ७७ जिल्लामध्ये ६१ जिल्ला साक्षर भइसकेको छ भने १६ जिल्ला साक्षर हुन बाँकी रहेको छ। एक महानगरपालिका, तीन उपमहानगरपालिका, ७३ नगरपालिका, ५९ गाउँपालिका र १ हजार २ सय ७१ वडा रहेको मधेस प्रदेशका आठ ओटै जिल्ला साक्षर हुन सकेको छैन।

नयाँ जनगणना अनुसार मधेस प्रदेशको जिल्लाहरूमा सप्तरीमा ६५ प्रतिशत, सिराहामा ५८.०५ प्रतिशत, धनुषामा ५०.४४ प्रतिशत, महोत्तरीमा ४७ प्रतिशत, सर्लाहीमा ८९ प्रतिशत, रौतहटमा ४७ प्रतिशत, बारामा ५२ प्रतिशत र पर्सामा ८० प्रतिशत साक्षरता रहेको छ।

विद्यालय भर्ना अभियानले विद्यालय बाहिर रहेका बालिका विद्यालयको पहुँचमा आए पनि सामुदायिक विद्यालयहरूमा दैनिक उपस्थित हुने बालिकाको सङ्ख्या न्यून छ। सरकारले ल्याएको दिवा खाजा कार्यक्रम पनि प्रभावकारी हुन सकेन।

बालिकाहरू घरायसी काम, महिनावारी, आमाबुबा काममा गएका बेला भाइबहिनीको रेखदेख, घरभान्सा सम्हाल्नु लगायतको कारणले विद्यालयमा कम उपस्थित हुने गरेको देखिन्छ। घरखेतको काममा अल्झिँदा, हिंसा र दुर्व्यवहारमा पर्दा बालिकाहरू विद्यालयमा नियमित हुन सकेका छैनन्।

मधेस प्रदेशमा अध्ययनरत २.९१ प्रतिशत बालबालिकाले बिचैमा पढाइ छाड्ने गरेका छन्। राष्ट्रियस्तरमा कुल कक्षा छाड्ने दर ३.६ प्रतिशत छ। मधेसको जिल्लामध्ये सबैभन्दा बढी सिरहामा ४ प्रतिशत र सबैभन्दा कम सप्तरीमा २.३ प्रतिशत बालबालिकाले बिचैमा कक्षा छाड्ने गरेको तथ्याङ्कले देखाउँछ। मधेस प्रदेशमा ६.४१ प्रतिशत बालबालिकाले कक्षा दोहोऱ्याउने गरेको केन्द्रले तयार गरेको २०७५ को प्रतिवेदनमा उल्लेख छ।

बालविवाह हुने अधिकांश बालिकाले बिचैमा पढाइ छाड्नु परेको छ। केन्द्रीय तथ्याङ्क विभाग, नेपाल बहुसूचक क्लस्टर सर्वेक्षण, २०७६ अनुसार मधेस प्रदेशमा १५ देखि १९ वर्ष उमेरका १५.२ प्रतिशत विवाहित छन्। जसमा बालिका २४.९ प्रतिशत र बालक ४.४ प्रतिशत छन्।

बालिका शिक्षामा समस्या

सिकाइ उपलब्धिमा असमानता

विद्यालय शिक्षामा छात्राको सहभागितासँगै सिकाइ उपलब्धिमा समेत असमानता छ। शैक्षिक तथ्याङ्क अनुसार छोरीलाई सामुदायिक विद्यालयमा बढी भर्ना गर्ने गरेको देखिन्छ।

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय मातहतको शैक्षिक गुणस्तर परीक्षण केन्द्र र राष्ट्रिय परीक्षण (नासा २०१९) ले गरेको अध्ययनमा छात्राको सिकाइ उपलब्धि कमजोर पाइएको छ। रोजगारीका हिसाबले प्राविधिक विषय राम्रो मानिए पनि उच्च शिक्षामा त्यसतर्फ छात्राको भर्नादर कम रहेको छ। अभिभावकको शैक्षिक तथा आर्थिक अवस्था, विद्यालयको वातावरण र शिक्षक शिक्षिकाको व्यवहारले पनि सिकाइ उपलब्धिमा असर पारेको पाइन्छ।

तालिका १ : सप्तरी जिल्लामा विद्यालयस्तरका विद्यार्थीको जातिगत विवरण (२०७५/०८०)							
	सामुदायिक			संस्थागत			
जातजाति	छात्रा	छात्र	जम्मा	छात्रा	छात्र	जम्मा	सबै जम्मा
जनजाती	१२५६२	११०४३	२३६०५	२४२४	३७५१	६१७५	२९७८०
दलित	२३७६५	२२९६७	४६७३२	९०५	२२२९	३१३४	४९८६६
ब्राह्मण/क्षेत्री	११५९	१०७६	२२३५	५९	९३६	९९५	३२३०
अन्य	३२८८६	३०३७०	६३२५६	६०५१	११३३९	१७३९०	८०६४६
जम्मा	७०३७२	६५४५६	१३५८२८	९४३९	१८२५५	२७६९४	१६३५२२
							स्रोत : IEMIS

परिवारबाटै विभेद

पछिल्ला दिनमा छोरीलाई पनि विद्यालय पठाउने केही सामाजिक चेतनामा वृद्धि भए तापनि छोरा छोरीको शिक्षामा विभेद कायमै छ। छोरालाई पढ्न लगाएर र छोरीलाई घरको काममा अल्झाउने, छोरालाई निजी विद्यालय पढाएर छोरीलाई सामुदायिकमा पढाउने प्रवृत्ति देखिन्छ। छोरालाई शहर र विदेशमा पढाएर छोरीलाई गाउँमै पढाउने प्रवृति छ। तलको तालिका अनुसार सप्तरी जिल्लामा संस्थागत विद्यालयमा छात्राहरूको सङ्ख्या पुरुषको तुलनामा आधा जति मात्र रहेको छ भने सामुदायिक शिक्षण संस्थामा भने छात्राको सङ्ख्या लगभग पाँच हजारको सङ्ख्यामा बढी रहेको छ। बालिका शिक्षामा लगानीको अवस्था बालकको तुलनामा निक्कै कम रहेको देखिन्छ।

विद्यालय वातावरण

विद्यालय बालिकामैत्री नहुँदा विभिन्न हिंसा र पीडाहरू सहन बालिका बाध्य छन्। छात्रामैत्री शौचालयको अभावमा सेनेटरी प्याड लगाउने समस्या, स्वास्थ्य सेवा, बाल स्वास्थ्य प्रवर्द्धन, प्रजनन् तथा यौन स्वास्थ्य परामर्श जस्ता सेवा प्रवाह गर्न 'एक माध्यमिक विद्यालय, एक नर्स' कार्यक्रमको प्रभावकारी कार्यान्वयन हुन सकेको छैन। महिला शिक्षक, कर्मचारीको कमी छ। विद्यालयमा भोग्ने समस्या र पीडाबारे गुनासो सुनाउने व्यवस्था छैन। उनीहरूले भोगिरहेको दुर्व्यवहार सहन वा विद्यालय छाड्न बाध्य बन्नुपरेको छ।

बालविवाह

बालिका शिक्षालाई प्रभावित गर्न बालविवाह पनि जिम्मेवार रहेको छ। वि. सं २०६८ को राष्ट्रिय जनगणनाको तथ्याङ्कले सप्तरीमा २ लाख ३० हजार ४ सय ७९ जनाको बालविवाह भएको देखाउँछ। यसमध्ये बालक ७९ हजार २ सय २८ जना र बालिका १ लाख ५१ हजार २ सय ५१ रहेका छन्। १० वर्ष नपुग्दै विवाह भएका बालकहरू १ हजार ४ सय २० र बालिकाहरू ४ हजार ६ सय ३० रहेको पनि जनगणनाले देखाएको छ।

कानुन र नीतिले बालविवाहलाई बन्देज लगाएता पनि बालविवाहको प्रचलन हटेको छैन। विभिन्न समुदाय एवम् भौगोलिक क्षेत्रहरूमा हुने गरेका

तालिका २: बालविवाहको जनसङ्ख्यागत अवस्था		
सूचक	नेपाल	मधेस
१५ वर्ष मुनिका जम्मा	५.२	८.९
१८ वर्ष मुनिका जम्मा	२२.७	२९.३
१५ वर्ष मुनिका बालिका	७.९	१४.२
१८ वर्ष मुनिका बालिक	३२.८	४६
१५ वर्ष मुनिका बालक	१.५	२.१
१८ वर्ष मुनिका बालक	९.०	७.८
		स्रोत : केन्द्रीय तथ्याङ्क विभाग, नेपाल बहु-सूचकाङ्क क्लस्टर सर्वेक्षण, २०७६

बालविवाहविरुद्ध उजुरी पर्दैनन्। ज्यादै कम उजुरी पर्ने बालविवाहको पूर्व जानकारी पाएर रोक्न खोज्दा आफन्त र छिमेकीको मिलेमतोमा सीमापारी भारत गएर बालविवाह गराउने गरेको देखिन्छ।

बालिका शिक्षा र बालविवाह विरुद्धको विभिन्न कार्यक्रम, अभियान र जनचेतनाबाट व्यक्ति, परिवार र समुदायको व्यवहार अपेक्षित रूपमा सुधार हुन सकेको छैन। बालविवाह न्यूनिकरण जटिल समस्याको रूपमा विद्यमान छ। कम उमेरमा हुने विवाहका कारण बीचमै पढाइ छुट्ने र अधिकांश बालिकाले पढाइ छाड्ने गरेका छन्।

दलित समुदायको सङ्ख्या बढी, चेतना कम

मधेस प्रदेशमा दलितको जनसङ्ख्या सबैभन्दा बढी छ। २०६८ सालको राष्ट्रिय जनगणना अनुसार दलितको जनसङ्ख्या १३ लाख ४० हजार ३ सय २१ छ। सरकारले सबैभन्दा बढी शिक्षा क्षेत्रमै लगानी गर्ने गरे पनि विपन्न दलित समुदायमा शिक्षाको पहुँच पुग्न सकेको छैन।

दलितको जनसङ्ख्या बढी रहेको सप्तरी र सिरहामा भर्नामा बालक थोरै बढी भएपनि निजी विद्यालयको भर्ना हेर्दा बालिकाको आधा कम छ। सप्तरीमा यो वर्ष २५ हजार १ सय ९६ दलित बालक र २४ हजार ६ सय ७० दलित बालिका भर्ना भएका छन्। सप्तरीका निजी विद्यालयमा दलित बालिका ९ सय ५ र बालक २ हजार २ सय २९ भर्ना छन्। अभिभावकले शिक्षामा लगानी गर्ने मनोविज्ञान अन्य जातीय समुदायमा जस्तै दलित समुदायमा पनि बालिकामैत्री भएको पाइँदैन।

सामाजिक दृष्टिकोण

शिक्षामा बालिकाको पहुँच बढाउन सामाजिक जनचेतना लगायत शिक्षासँग गाँसिएका मूल्य-मान्यताहरूको विश्लेषण गर्न महत्वपूर्ण हुन्छ। वैदेशिक रोजगार जाने र जग्गाजमिन जोड्ने चिन्ता भए पनि छोरीलाई शिक्षा दिनुपर्नेमा चिन्तित रहेको पाइँदैन।

छोरीलाई शिक्षा दिनुपर्छ भन्ने भन्दा छोरीलाई घरधन्दामा सीमित गराउने र चाँडो विवाह गराउने कुसंस्कार कायम छ। घरायसी काम छोरीलाई बढी लगाइँदा उनीहरूले पढाइका लागि समय कम पाउने गरेका छन्। वेद, गीता, जस्ता ग्रन्थहरू महिलाले पढ्नै नहुने गायत्री मन्त्र जप्नै नहुने र पढेदेखि बहुलाइन्छ भन्ने भ्रम फैलाएर अघि बढेको समाजमा अहिले पनि शिक्षालाई महिलाको अधिकार र आवश्यक्ताका रूपमा हेर्ने चलन छैन।

सेवा र संरक्षणका चुनौती

बालबालिकाको अधिकार कार्यान्वयनमा प्रशस्त उपलब्धि हासिल भए पनि सबै अवस्थाका बालबालिका र खासगरी बालिकाको आधारभूत आवश्यकता परिपूर्तिका लागि अझै केही चुनौती तथा समस्याहरू छन्। मूलतः कानुन, नीति र योजनाको प्रभावकारी कार्यान्वयन गर्न विद्यमान कानुनी व्यवस्थाहरूमा समाञ्जस्य गर्न, सङ्घ, प्रदेश र स्थानीय तीनै तहको वार्षिक योजनामा बालिकाको शिक्षालाई प्राथमिकता दिई नतिजामूलक कार्य गर्न चुनौती रहेको छ। उच्च शिक्षामा पुग्दा बालिका कक्षा छाड्नु, दोहोऱ्याउनु र अनुपस्थित हुने दर बढ्नु ठूलो चुनौती हो। गरिबी, अभिभावकको बेवास्ता, विद्यालयको वातावरण, सामाजिक दृष्टिकोणको मार बालिकामा बढी पर्दा पठनपाठनमा कमजोर हुँदै विद्यालय छाड्ने अवस्थामा पुग्ने गरेका छन्।

नीति, कार्यक्रम र बजेट

मधेस प्रदेश सरकारको आर्थिक वर्ष २०७९/८० को नीति तथा कार्यक्रममा मुख्यमन्त्री बेटी पढाऔं, बेटी बचाऔं अन्तर्गत छोरी बीमा, साइकल वितरण लगायतका कार्यक्रमलाई निरन्तरता दिने उल्लेख छ। सामुदायिक विद्यालयहरूमा कक्षा १२ मा अध्ययनरत छात्राहरूलाई एक थान ल्यापटप उपलब्ध गराइने तथा डोम, मुसहर, चमार, दुषाध र हलखोर जातिका बालबालिकालाई विद्यालयमा ल्याउन र टिकाउने दरलाई अभिवृद्धि गर्न बालबालिकाको खातामा शिक्षा बिजक रकम उपलब्ध गराइने प्रतिबद्धता गरिएको छ।

स्थानीय तहहरूले गुणस्तरीय र जीवनउपयोगी शिक्षा, महिलाहरूका लागि शिक्षामा प्राथमिता दिँदै विशेष योजना ल्याएका छन्। नगर शिक्षा गुरुयोजना

निर्माण गर्ने, छात्रा शौचालय, दलित, विपन्न, असहायलाई छात्रवृत्ति दिने, छात्राहरूलाई आत्मरक्षा तालिम दिने, सेनेटरी प्याड व्यवस्थापन गर्ने, दिवा खाजा, ट्युसन जस्ता कार्यक्रममा बजेट विनियोजन गरेका छन्।

बेटी पढाऔं, बेटी बचाऔं

मधेस प्रदेश सरकारले शिक्षामा चासो देखाउँदै छोरीहरूको सुरक्षा, शिक्षा र सशक्तीकरण तथा बालविवाहको न्यूनीकरणका लागि 'मुख्यमन्त्री बेटी पढाऊ, बेटी बचाऊ' अभियान सञ्चालन गरिएको हो। अन्य प्रदेशको समेत ध्यान तान्न सफल यो कार्यक्रम प्रदेश सरकारको सबैभन्दा महत्वाकाङ्क्षी र चर्चित कार्यक्रम रहेको छ।

बालविवाह रोक्न तथा शिक्षामा छोरीको आकर्षण बढाउन बालिकालाई साइकल वितरण, शिक्षा बिमा, शौचालय निर्माण, सेनेटरी प्याड वितरणका कार्यक्रम ल्याएको छ। प्रदेश सरकारले आठै जिल्लाको सामुदायिक विद्यालयका लागि दुई चरणमा १९ करोड ५४ लाख खर्चेर २७ हजार २ सय ६२ साइकल खरिद र वितरण गऱ्यो।

शिक्षामा निरन्तरता र बालविवाह रोक्न २० वर्षपछि एकमुष्ठ बीमा रकम पाइने गरी छोरी जन्मने बित्तिकै प्रदेश सरकारले जीवन बिमा गरिदिने व्यवस्था गऱ्यो। सङ्घीय सरकारबाट प्राप्त विशेष अनुदान अन्तर्गतको ५० करोड रूपियाँ र प्रदेश सरकारको ५ करोड ६० लाख रकममा उक्त योजना लागु भएको थियो। तोकेको बीमा प्रिमियमअनुसारको टेन्डर हाल्न बैंकहरू तयार नभएपछि बीमा कार्यक्रम अलपत्र पऱ्यो।

निष्कर्ष

नेपालले बाल अधिकार संरक्षण र प्रवर्धनका लागि अन्तर्राष्ट्रिय स्तरमा दर्शाएको प्रतिवद्धता अनुकूल बालिकाको अवस्थामा सुधार ल्याउन सकेको छैन। प्राथमिक तहको विद्यालय भर्ना दर बढेको छ। तर, संस्थागत विद्यालयमा बालिकाको सङ्ख्या औसतमा निकै कम छ। शिक्षाबाट वञ्चित हुँदा अन्य अधिकारबाट वञ्चित हुनुपर्ने र अन्य अधिकारको हननले गरिबी कायम रहने स्थितिले शिक्षित हुनै नदिने गोलचक्करमा रुमलिने भय पैदा भएको छ।

छोरीलाई पनि पढाउनुपर्ने मान्यता विस्तारै विकसित हुँदैछ। पितृसत्तात्मक सोच र व्यवहारमा परिवर्तन नआएकाले लैङ्गिक समता कायम गर्न कठिनाइ भएको हो। विगतभन्दा अवस्था उपलब्धिमूलक भए पनि अन्य प्रदेशले औसतमा बढी प्रगति गर्दा मधेसको अवस्था सबैभन्दा कमजोर देखिएको हो। अभिभावकको संरचनगत दृष्टिकोण, पितृसत्तात्मक मनोवृत्ति र बालिकाका लागि विद्यालय संरचना मैत्री नहुँदा विद्यालय शिक्षामा बालिकाको अनिवार्य उपस्थिति सुनिश्चित हुन सकेको देखिँदैन। बालविवाहका कारण समेत बालिकाहरू शिक्षाको अवसरबाट बन्चित भएको देखियो। परिवारको गरिबी र सचेतनाको कमी पनि बालिका शिक्षाको अवरोधका रूपमा रहेको छ।

सुझाव

जीवन उपयोगी र सिकाइमैत्री शिक्षण सिकाइ क्रियाकलाप र कार्यक्रमहरू नतिजामूलक ढङ्गबाट सम्पादन गर्न सङ्घ, प्रदेश र स्थानीय तहमा संस्थागत संयन्त्र स्थापना गरी क्रियाशील बनाउने, बालिका शिक्षामा प्राथमिकता निर्धारण गरी गरिबी र सचेतना कम भएको समुदाय लक्षित कार्यक्रम मार्फत बालिकाको विद्यालयमा उपस्थिति बढाउनुपर्ने देखिन्छ। विद्यालय अनुगमनमा जोड, भर्नासँगै शिक्षामा आकर्षित गर्ने र टिकाउने कार्यक्रमको सञ्चालन र कार्यान्वयन प्रभावकारी गरिनुपर्छ।

घरायसी कामकाजमा अल्झनुपर्ने बाध्यता भएका बालिका, सुविधाविहीन र सिमान्तकृत, र अपाङ्गता भएका बालिका तथा लक्षित बालिकाहरूलाई विद्यालयमा सहभागी हुन, निरन्तरता गर्न र सिकाइ प्रगतिका लागि विद्यालयलाई भय, विभेद र दुर्व्यवहारमुक्त सिकाइमैत्री र स्रोतमा पहुँच सुनिश्चित गर्नुपर्छ।

अभिभावक र शिक्षक सचेत सिकाइमा समान सहभागिताका लागि प्रोत्साहन गर्ने गरी सिकाइ उपलब्धि वृद्धिमा सहयोग पुऱ्याउनु आवश्यक छ।

छात्रा शुलभ शौचालय, बालिका मैत्री भाषा र व्यवहारलाई बढावा दिइ विद्यालयमा उनीहरूलाई टिकाउनका लागि सार्थक क्रियाकलापहरू सञ्चालन गर्न आवश्यक छ।

सन्दर्भ सामग्री

१. शिक्षा तथा मानव स्रोत विकास केन्द्र फ्लाश १ प्रतिवेदन २०७८

२. शिक्षा विकास तथा समन्वय इकाईहरू

३. महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा निर्देशनालय, प्रहरी प्रधान कार्यालय, आ.व.२०७८/२०७९

४. IEMIs

५. केन्द्रीय तथ्याङ्क विभाग, नेपाल बहु-सूचकाङ्क क्लस्टर सर्वेक्षण, २०७६

३.३ यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यकहरूको अधिकार विश्लेषण

(क) नेपालमा यौनिक तथा लैङ्गिक पहिचान

नेपालको परिवेश सन्दर्भमा यौनिक र लैङ्गिक पहिचानको सवाललाई नयाँ विषयका रूपमा मान्न सकिन्छ। संस्कृति, प्रचलन, सामाजिक व्यवहारले लैङ्गिक अल्पसङ्ख्यक समुदायको सामाजिकीरणको अवस्था प्रकट हुन्छ। समाजको खुलापनले अल्पसङ्ख्यक समुदायप्रतिको दृष्टिकोण बुझ्न सहज हुन्छ। उत्पादन र वितरण प्रणालीमा सहभागिता तथा निर्णय गर्ने सामर्थ्यले लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक समुदायको अधिकार र पहिचानको अवस्था जनाउँछ।

अस्ट्रिया लेस्वियन फाउण्डेसन (Astrea Lesbian Foundation) ले गरेको एक अध्ययनमा हिन्दू धार्मिक ग्रन्थहरूमा यौनिक तथा लैङ्गिक विविधताका विभिन्न प्रकारका र सन्दर्भलाई स्वीकार गरेको उल्लेखित छ।[१] धार्मिक ग्रन्थहरूमा लैङ्गिक र यौनिकताको विषयलाई प्राथमिकता दिइएकोछ। हिन्दू धर्मग्रन्थहरूलाई आधार मान्ने हो भने यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक समुदायका सदस्यविरुद्धको भेदभाव धार्मिक आधारमा भएको होइन। यसको सट्टा, यस्तो भेदभाव संरचनात्मक सामाजिक विभाजन र पितृसत्ता जस्ता अन्धविश्वासको संयोजन हो, जसले नेपालमा विविध यौनिक र लैङ्गिक पहिचानहरूप्रतिको असहिष्णुतालाई प्रोत्साहित गर्दै आएको छ।

यौनिक अभिमुखीकरण र लैङ्गिक पहिचानको चेतना र अभियान नेपालमा राजनीतिक परिवर्तनका लागि भएको विभिन्न सामाजिक तथा राजनीतिक आन्दोलनहरूसँग सुरु भएको थियो।[२] त्यहीक्रममा नेपालमा विविध यौनिक र लैङ्गिक पहिचानको मान्यता २०४६ सालपछि मात्र सुरु भएको हो। प्रजातन्त्रको स्थापना पश्चात अधिकारको मुद्दा उठाउने संस्थाहरूको स्थापनाका लागि अनुकूल वातावरण प्राप्त भयो तर, यौनिक पहिचानको सन्दर्भले सीमित मान्यता प्राप्त गर्न पनि एक वर्ष लाग्यो।

यौनिक र लैङ्गिक अल्पसङ्ख्यकहरूको अधिकार र सामाजिक न्यायका लागि काम गर्ने पहिलो गैरसरकारी संस्थाको रूपमा समर्पित नीलहिरा समाज सन् २००० मा दर्ता भएको थियो।[३] अन्य नागरिक समाज सङ्गठनहरू जस्तै बडी एण्ड डाटा (Body and Data), Inclusive Forum Nepal (इनक्लुसिव फोरम नेपाल, (मितिनी नेपाल) Mitini Nepal, (नेवा क्वेर सहआयाम) Newa Queer / Sahaayam पनि यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक समुदायको अधिकारका लागि काम गर्ने सामाजिक तथा नागरिकका सङ्गठनहरू हुन्।[४]

सन् २००७ डिसेम्बर २१ मा सुनिलबाबु पन्तले दायर गरेको मुद्दाको फैसलामा सर्वोच्च अदालतले सरकारलाई तेस्रो लिङ्गीलाई कानुनी रूपमा मान्यता दिन, सबै कानुनको लेखाजोखा गर्न, यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक समुदायविरुद्ध भेदभाव गर्ने कानुनहरू पहिचान गर्न र समलिङ्गी सम्बन्धलाई कानुनी मान्यता दिन समिति गठन गर्न आदेश दिएको थियो।[५] यसपछि लैङ्गिक पहिचानका लागि विकल्पको रूपमा 'अन्य' शब्द प्रयोग गरी नागरिकता र राहदानीमा जारी गर्ने प्रबन्ध पनि हुँदै गयो।[६]

विभिन्न कानुनी संयन्त्रहरूले लैङ्गिक तथा

१. Foundation for Justice, LGBT Global Development Partnership, (2015), "BRIDGES TO JUSTICE: CASE STUDY OF LGBTI RIGHTS IN NEPAL", Astrea Lesbian Foundation for Justice.
२. Ibid
३. Ibid
४. https://www.equaldex.com/organizations/nepal
५. Sunil Babu Panta vs. Nepal Government, 2065, Decision Number. 7958
६. Foundation for Justice, LGBT Global Development Partnership, (2015), "BRIDGES TO JUSTICE: CASE STUDY OF LGBTI RIGHTS IN NEPAL", Astrea Lesbian Foundation for Justice.

यौनिक अल्पसङ्ख्यकहरूको अधिकार आन्दोलनलाई संरक्षण र मान्यता प्रदान गरेको भए तापनि हाम्रो समाजमा जरा गाडेर बसेका सामाजिक अवरोधका कारण कानुनी प्रावधानहरू लागु गर्न अपर्याप्त छन्।

(ख) यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक समुदायको अधिकारको संरक्षण

नेपालको संविधानले प्रत्येक व्यक्तिलाई 'सम्मानपूर्वक बाँच्न पाउने अधिकार'[७] प्रदान गरेको छ र मृत्युदण्डलाई पनि निषेध गरेको छ।[८] साथै नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी प्रतिज्ञापत्रको धारा ६ को भावनासँग पनि संविधानको भाव मेल खान्छ। यसै अनुबन्धको सामान्य टिप्पणी नं. ३६ ले यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक व्यक्तिहरूलाई "विशेष सुरक्षा" चाहिने समूहको रूपमा मान्यता दिएको छ।[९]

माथि उल्लिखित प्रावधानहरूको बावजुद अधिकार प्राप्तिको विषय अझै पनि टाढै छ। नेपालको संविधानको धारा ३०६(१) (क) मा "सङ्घीय कानूनले तोकेको प्रतिशतभन्दा कम जनसङ्ख्या भएको र फरक जातीय, धार्मिक वा भाषिक विशेषता भएका समूहहरूलाई बिना भेदभाव र उत्पीडन संरक्षण गर्ने आकाङ्क्षासहितको भाषिक, जातीय र धार्मिक समूह" भनी उल्लेख गरेको छ।[१०] त्यसैगरी, ३०६ (१)(क) ले सीमान्तकृतलाई "राजनीतिक, आर्थिक र सामाजिक रूपमा पिछडिएका र भेदभाव, उत्पीडन र भौगोलिक विकटताका कारण सेवा तथा सुविधा उपभोग गर्न नसक्ने वा मानव विकास मापदण्ड भन्दा तल्लोस्तरमा भएका समुदायहरू" भनी उल्लेख छ।[११] माथिका दुई परिभाषाहरूले यौनिक अल्पसङ्ख्यकहरूलाई अल्पसङ्ख्यक वा सीमान्तकृत समुदायको समूहको रूपमा समावेश गर्दैनन् जसले गर्दा कानुनी शून्यता देखिन्छ। लैङ्गिक तथा अल्पसङ्ख्यकहरू 'विशेष संरक्षण' गर्ने सन्दर्भमा नेपालको संविधान अझै अनुकूल हुन नसकेको देखिन्छ।

राजनीतिमा यौनिक अल्पसङ्ख्यकहरूको सहभागिता निराशाजनक छ।[१२] शिक्षा र रोजगारीका अवसरहरूमा पहुँचको कमी र सामाजिक बहिष्करणको जोखिमका कारण धेरै परालैङ्गिक समूहका मानिसहरूले जबरजस्ती यौनकर्मीको पेसा अपनाउनु परेको विभिन्न अध्ययनमा उल्लेखित छ। साथै, उनीहरूले उत्पीडनको पनि सामना गर्नु पर्दछ। ज्ञानको कमी र अनपेक्षित व्यवहारका कारण परालैङ्गिक समूहका मानिसहरूले कानुनी कागजात र कानुनी हैसियत प्राप्त गर्न अवरोधहरू भोग्नुपरेको छ।

ग्रामीण क्षेत्रहरूमा यौनिक अल्पसङ्ख्यकहरूले बढी समस्याहरू सामना गर्ने गर्दछन्, जहाँ उनीहरूले आधारभूत मौलिक अधिकारहरू सुरक्षित गर्न निरन्तर सङ्घर्ष गरिरहेका छन्। स्वास्थ्य, शिक्षा, निष्पक्ष रोजगारीका उनीहरूको माग र पहुँच अझै पूरा हुन सकेको छैन । नीलहिरा समाजको अध्यक्षका अनुसार, लैङ्गिक पहिचानको नागरिकता लिएका उनका साथीहरूले रोजगारीको अवसरबाट वञ्चित भएपछि उनीहरूमध्ये थोरैले परिचयपत्रमा लिङ्ग परिवर्तन गर्ने योजनासमेत बनाएका छन्।

नेपालले यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक अधिकारसम्बन्धी कानुनको सन्दर्भमा केही प्रगतिशील कदमहरू चालेको भए तापनि रूढीवादी समाजमा तिनीहरूको स्वीकृति सुनिश्चित गर्नु प्रमुख चुनौतीका रहनुका साथै, सरकारले विशेषत: उनीहरूको स्वीकार्यता अभिवृद्धिका लागि जनचेतना जगाउने प्रयासको भने अझै अभाव देखिन्छ। यसरी यस समुदायका व्यक्तिहरूमा भेदभाव, अवसर अभाव अन्त्य गर्न कुनै कानुनहरू निर्माण भएका छैनन्। शिक्षा र सांस्कृतिक सहभागितामा उनीहरूको अधिकारको रक्षा गर्न विशेष कानुनहरू जरुरी पर्छन्। यस अध्ययनले सम्बन्धित समुदायको आर्थिक र सांस्कृतिक सहभागिता र सम्बन्धित अधिकारको स्थिति उजागर गर्ने प्रयास गरेको छ।

---

७. Article 16, Constitution of Nepal, 2015
८. Ibid
९. General Comment No.36 on article 6 of the International Covenant on Civil and Political Rights on the right to life, 2018, para 23
१०. Article 306(1)(a), Constitution of Nepal, 2015
११. Article 306(1)(a), Constitution of Nepal, 2015
१२. Pinky Gurung (chairperson of blue diamond society), 'Rights of LGBTI people should be protected', available at: https://therisingnepal.org.np/news/23500

(ग) अध्ययनको सान्दर्भिकता र सीमा

यस अध्ययनको उद्देश्य यौनिक अल्पसङ्ख्यक समुदायका सदस्यहरूको आर्थिक, सामाजिक र सांस्कृतिक अधिकार प्राप्तिको अवस्था पत्ता लगाउने र उनीहरूलाई अधिकारको प्रयोग गर्नबाट बञ्चित गर्ने सामाजिक अवरोधहरूको पहिचान गर्ने रहेको छ।

काठमाडौं र पोखरामा गरिएको लक्षित समूह छलफलबाट प्राप्त भएका यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक अधिकारकर्मीहरूको अनुभवका साथै अन्य पुस्तकहरू, लेखहरू, समाचार तथा विभिन्न अध्ययन प्रतिवेदन लगायतका सन्दर्भ सामग्रीहरूको सहयोग लिइएको छ। यस अध्ययनमा नेपालका दुई प्रदेश (बागमती र गण्डकी) को मात्रै जानकारी समावेश गरिएको छ।

(घ) यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक समुदायको अवस्था

लैङ्गिक तथा यौनिक पहिचान भएकाहरूले भोगेको विद्यमान विभेद सामाजिक तथा सांस्कृतिक असमानता र विभेद प्रमुख कारणहरूको रूपमा पहिचान गरिएको छ। सहभागीहरूले लक्षित समूह छलफलमा भेदभावका लागि आर्थिक स्थिति र सामाजिक संरचनामा निर्भर हुने गरेको बताए। यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक समुदायका अधिकारकर्मीहरूले यौनिक र लैङ्गिक स्वीकृति वा सीमान्तीकरण सामाजिक-राजनीतिक सन्दर्भ, कानुनी व्यवस्था, शैक्षिक अवसर, सामाजिक जीवनमा धर्मको प्रभुत्व, भिन्न वा विषम समूहहरूप्रति सहिष्णुता र सांस्कृतिक प्रथाहरू र सम्बन्धित व्यक्तिको कार्यसम्पादन वा सशक्तिकरणको सन्दर्भमा भिन्नभिन्न हुने बताए।

अधिकारमा पहुँच र सामाजीकिकरण कार्य वातारण अनुकूल वा संकुचित हुने अवस्थामा निर्भर हुने विश्वास गरिएको छ। यस अध्ययनले यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक समुदायका मानिसहरूका लागि सम्मानजनक जीवन सुनिश्चित गर्न आधारभूत प्राथमिकताहरू प्रस्तुत गर्न प्रयास गर्दछ। पोखरा र काठमाडौंमा केन्द्रित लक्षित समूह छलफलबाट प्राप्त जानकारीलाई चार खण्डमा विभाजन गरिएको छ :

१. अवस्थाको पहिचान : सङ्घर्षको मुद्दा र समस्या

यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यकको पहिचानको मुद्दा लामो समयदेखि बहसको विषय बनेको छ। लैङ्गिक पहिचान छनोट र नागरिकता प्राप्त गर्ने अधिकार संविधानद्वारा प्रत्याभूति भए पनि प्राविधिक वा नियामक कमजोरीका कारण यस समुदायका मानिसहरूले अधिकारको पूर्ण उपयोग गर्न अझै चुनौतीहरू खेप्नुपरेको छ। परालैङ्गिक व्यक्तिहरूको मामिलामा अधिकांशको नागरिकता वा अन्य कानुनी कागजातहरूमा लैङ्गिक पहिचान अझ भेटिदैन।

सरकारले कागजातहरूमा आफ्नो लैङ्गिक पहिचान भएका व्यक्तिहरूको सन्दर्भमा, उनीहरूको नाम छनौट गर्ने स्वायत्तता खोसेर नाम तोक्ने अधिकारबाट बञ्चित गरेकोछ। कुनै पनि कानूनले यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक समुदायका मानिसहरूलाई नाम दिने अधिकार सरकारलाई दिँदैन, तर व्यवहारमा भइरहेको यथार्थ अभ्यासमा कायम रहेको छ। कागजातहरूमा लैङ्गिक पहिचान परिवर्तन गर्न सामना गर्नुपर्ने अर्को प्रमुख विषय भनेको विद्यमान नीति जसमा पुरुषबाट महिला र यसको विपरीत लैङ्गिक पहिचान परिवर्तन भएको खुलाउने डाक्टरबाट शल्यक्रियाको प्रमाणका आवश्यक कागजातहरू पेश गर्नु पर्ने प्रावधान पनि हो।

लक्षित समूह छलफलका सहभागीहरूका अनुसार वीर अस्पतालमा एक चिकित्सा समिति छ जसले व्यक्तिहरूलाई उनीहरूको जैविक स्थिति प्रमाणित गर्नका लागि शारीरिक परीक्षण गर्दछ। यस्ता परीक्षणले उनीहरूको शारीरिक र भावनात्मक रूपमै ठेस पुगेको बताएका छन्। यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक समुदायका सदस्यहरूले राजनीतिक पहिचान, अर्थात् नागरिकता प्राप्त गर्ने सन्दर्भमा पनि गम्भीर भेदभावको सामना गर्नुपरेको बताए। उनीहरूका अनुसार यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक समुदायका व्यक्तिहरूको शरीरको परीक्षणको स्वीकृत अन्तर्राष्ट्रिय कानुनी मापदण्डहरूको गम्भीर उल्लङ्घन हो।

यस्ता प्रक्रियाले दुई समस्या खडा गर्दछ। व्यक्तिको गोपनीयताको अधिकार र तिनीहरूको शरीरको अधिकारको उल्लङ्घन मानिन्छ। व्यक्तिको लैङ्गिकताको पूर्वानुमान गर्नुलाई प्रणालीको प्रमुख आधार मान्नु व्यक्तिको शारीरिक स्वायत्ततामाथि आक्रमण गर्नु हो। नागरिकता प्रमाणपत्रमा पहिचान परिवर्तन गर्न थप स्वायत्तताको आवश्यकताको बारेमा उनीहरूले छलफल र युक्तिपूर्ण प्रतिबन्धहरू आवश्यक रहेको बताए। उदाहरणका लागि, आफ्नो नागरिकतामा लिङ्ग परिवर्तन गर्न इच्छुक व्यक्तिलाई त्यसो गर्न अनुमति दिनुपर्छ, तर एक वा दुई पटकभन्दा बढी होइन। एउटा बृहत् कानूनले मात्र यो समस्यालाई

सम्बोधन गर्न सम्भव छ।

नागरिकता प्रमाणपत्रमा 'अन्य' भनी लैङ्गिक पहिचान भएकाहरू अझै पनि मताधिकारबाट बञ्चित छन्। मुख्य रूपमा 'अन्य' लिङ्ग समावेश गर्ने चलन थुप्रै अन्य देशहरूमा स्वीकार गरिएको छैन, जसले यस्ता व्यक्तिहरूको यात्रालाई प्रतिबन्धित गर्दछ। साथै चुनावमा उम्मेदवारीको अधिकार प्रबन्ध भएको देखिदैन। निर्वाचन कानुनले यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक समुदायका 'अन्य' उल्लेख गरिएका व्यक्तिहरूको प्रतिनिधित्वको अधिकारलाई मात्र मतदानमा सीमित गर्दछ। लैङ्गिक पहिचानका रूपमा 'अन्य' लाई निर्वाचन आयोगले उम्मेदवारीका लागि मान्यता दिएको छैन।

अन्य कागजातहरू जस्तै विद्यालय र विश्वविद्यालयद्वारा दिइने प्रमाणपत्रहरूमा पनि समस्या देखिन्छन्। कागजातहरूमा नाम परिवर्तन गर्ने कुनै तरिकाहरू नहुँदा, कुनै व्यक्तिले सरकारी कागजातहरूमा नाम र लैङ्गिक पहिचान परिवर्तन गर्न प्रबन्ध गर्दछ भने, प्रमाणपत्रहरूमा नामहरू बेमेल हुन्छन् जसका कारण रोजगारी र थप अध्ययनहरूमा समस्या उत्पन्न हुन्छ। शिक्षाबाट वञ्चित हुनुले प्रत्यक्ष रूपमा अन्य धेरै अधिकारहरू प्राप्तिमा अवरोध पुग्छ, जस्तै रोजगारीको अधिकार, वाक स्वतन्त्रता, अभिव्यक्ति स्वतन्त्रता लगायत आदि। यसका साथै पहिचानको उचित कागजपत्र नहुँदा बैङ्क खाता खोल्नबाट समेत वञ्चित हुनुपरेको छ।

२. सामाजिक स्वीकृति

यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक समुदायका मानिसहरू अझै पनि स्वीकृतिको लागि लडिरहेका छन् भने महिलाहरू लैङ्गिक समानताको लडाइमा संलग्न भएका छन्। स्वीकृति भन्नाले लैङ्गिकतामा दोहोरो पहिचान मात्र होइन। लैङ्गिक र यौनिक पहिचानका बारेमा सबै सामु चिनाउने प्रक्रिया क्रमिक हुन्छ र कहिलेकाहीँ एक व्यक्तिलाई आफ्नो लिङ्ग र यौन पहिचानसँग सम्झौता गर्न र सबै सामु चिनाउन जीवनभर लाग्छ।

सामान्यतया, समाजमा यस्ता व्यक्तिको स्वीकार्यताको कमी छ। लक्षित समूह छलफलका सहभागीहरूका अनुसार एकल परिवारले उनीहरूको पहिचान सहन वा स्वीकार गर्न सक्ने भए तापनि संयुक्त परिवार सहितको ठूलो समुदायले यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक समूहका मानिसहरूलाई स्वीकार गर्न हिच्किचाउछन। परिवार भित्र पनि एक विरोधाभास देखिन्छ, जहाँ एकल पारिवारिक परिवेशमा विविध यौनिक पहिचानको त स्वीकृति छ तर समुदायमा यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक रहेका आफ्नो परिवारको सदस्यको यौनिक पहिचान उजागर गर्न परिवार हिचकिचाउँछन्। समाज अझै पनि यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यकलाई यौन परिचय र लैङ्गिक पहिचान भएको व्यक्तिकारूपमा स्वीकार गर्न अनिच्छुक छ।

यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक व्यक्तिको आर्थिक स्थिति र व्यक्तिको परिवारको आर्थिक वर्गसँग यौन परिचय र लैङ्गिक पहिचानको स्वीकृतिको अवस्थामा आनुपातिक हुन्छ। लक्षित समूह छलफलका एक सहभागीले 'उच्चवर्गीय परिवारहरू स्वीकृतिमा लचिलो रहेको छ जबकि मध्यम वर्गीय परिवारहरू यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यकलाई यौन परिचय र लैङ्गिक पहिचानका आधारमा मान्यता दिन बढी अनिच्छुक भएको' बताए। यसका साथै परिवारले आफ्नो परिवारको सदस्यको पहिचानलाई स्वीकार तब गर्ने गरेको देखियो यदि उसले परिवारलाई आर्थिक रूपमा योगदान गर्दछ। यो छर्लङ्ग देखिने सत्य हो कि व्यक्तिहरूले परिवार, विस्तारित परिवार, र नजिकको समुदायसँग अन्तरक्रिया गर्दा अनुकूल व्यवहार गर्ने अपेक्षा गरिन्छ।

त्यसैगरी, संस्कृतिको पनि स्वीकृतिमा अहम् भूमिका रहन्छ। तराई र मधेसका केही भागहरूमा भने परम्परागतरूपमा नृत्य र मनोरञ्जन कार्यसँग जोडिएका केही परिवारहरूको हकमा आफ्ना परिवारका परालैङ्गिक सदस्यहरूलाई नर्तक नर्तकी वा (नचैया) का रूपमा प्रचलित गराउने उद्देश्यले स्वीकार गर्ने गरेको पाइन्छ। परालैङ्गिक सदस्यहरू सांस्कृतिक उत्सवहरूमा नृत्य लगायतमा भाग लिन्छन् यद्यपि, उनीहरू अझै पनि भेदभाव सहिरहेका छन् र उनीहरूलाई समान रूपमा व्यवहार गरिएको छैन। यसै कारण सामाजिक स्वीकृतिको कमीले यी व्यक्तिहरूलाई घरबाट भाग्न, शिक्षा छोड्न वा कुनै स्थान वा समूहमा सीमित रहन बाध्य बनाउँछ।

लैङ्गिक पहिचानको सामाजिक स्वीकार्यता कमजोर छ। यसको प्रमुखकारण मध्ये विविध यौन पहिचान प्रतिको विभेदकारी दृष्टिकोण हो। त्यसैले यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक समुदायको व्यक्तिले सीमित स्थान वा समूहसँगमात्र काम गर्न सक्ने अवस्था रहेको छ। सामाजिक स्वीकृतिको अवरोधका कारण,

यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक समुदायका सदस्यहरूले आफ्नो यौन परिचय र लैङ्गिक पहिचानको खुलासा नगरी जिउन बाध्य छन्।

३. आर्थिक आयाम र जीविकोपार्जन

यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक समुदायका सदस्यहरूले विद्यालय र कार्यस्थलहरूमा पूर्वाग्रह र पक्षपातको सामना गरेका छन् जसमा मुख्य समस्या दुर्व्यवहार हो। माथिल्लो र शक्तिशाली पदमा कार्यरत व्यक्तिहरूले पनि आफ्नो पहिचान खुलाएमा आफ्नो अधिकार प्रयोग गर्न सक्दैनन्। धेरैजसो अवस्थामा, यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक समुदायका मानिसहरूले यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक अधिकारसँग सम्बन्धित संस्थाहरूमा काम नगरेसम्म आफ्नो कार्यस्थलमा आफ्नो पहिचान प्रकट गर्दैनन्। यद्यपि, तिनीहरूको पहिचान तिनीहरूको सूक्ष्म चालचलनहरूको आधारमा मापन गरिन्छ।

यस क्षेत्रमा कार्यरत अधिकारकर्मीहरूका अनुसार यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक समुदायका प्रतिनिधिहरूले कार्यस्थल, शैक्षिक संस्थाहरू र सामान्य बजार मूल्य शृंखलामै चुनौतीहरूको सामना गरिरहेका छन्। यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यकहरू आरक्षणकालागि उपयोगी देखिन्नन किनभने तिनीहरू समाजको सीमान्तीकृत वर्गहरूमा पनि सामान्य स्वीकृतिको लागि निरन्तर सङ्घर्ष गरिरहेका छन्।

अपर्याप्त नीति र स्रोत प्रबन्धका कारण यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक समुदायका अधिकांश मानिसहरू सम्मानित आर्थिक अवसरहरूबाट अझै वञ्चित छन्। लक्षित समूह छलफलका एक सहभागीले यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक व्यक्तिलाई सम्मानजनक काममा संलग्न हुनका लागि विभिन्न कारकहरू र अवरोधहरू छन्, जसले उनीहरूलाई आम्दानी गर्न निकृष्ट जोखिमयुक्त र गुप्त कार्य गर्न दवाब पैदा गर्छन र समुदायलाइ आम सामाजिक जीवनबाट अलग गर्छन्।

४. सांस्कृतिक सहभागिता र सीमाहरू

लक्षित समूह छलफलका सहभागीहरूले सांस्कृतिक स्वीकृतिमा धर्मको ठूलो भूमिका रहेको बताए। उनीहरूले हिन्दू र बौद्धजस्ता कुनै निश्चित धर्मका व्यक्तिले चाडपर्वमा सहभागिताका केही लचिलोपना भएको बताए। यद्यपि, सामाजिक चालचलन र परम्परागत संस्कारका कारण धार्मिक समझ वा सन्दर्भहरूमा प्रभाव पार्दछ। यसले यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक व्यक्तिहरूको सांस्कृतिक अन्तरक्रियामा बाधा पुऱ्याएको छ। विवाहलाई यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक व्यक्तिहरूले एक महत्त्वपूर्ण संस्कृतिको रूपमा महसुस गरेका छन्। यद्यपि, कानुनी स्वीकृतिको सीमितताका कारण यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक व्यक्तिहरू सँगै बस्न धेरै सामान्य हुँदै गएको छ। विवाहका सन्दर्भमा यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक व्यक्तिहरूलाई कानुनी अधिकार प्राप्त नहुँदा सांस्कृतिक रूपान्तरण र सामाजिकीकरणको समस्या उत्पन्न हुन्छ तसर्थ धर्मपुत्र पुत्री ग्रहण गर्ने र सम्पत्ति हस्तान्तरण मा अवरोध रहेको पाइन्छ।

(ङ) निष्कर्ष

कानुनमा उल्लेखित भएका विषय र व्यवहारमा ठूलो अन्तर रहेको छ। नेपालको संविधानबमोजिम मौलिक हक अर्न्तगतका समानताको हक, भेदभाव विरुद्धको हक, लैङ्गिक पहिचानसहितको नागरिकता छनोटको हक लगायतका हकको प्रत्याभूति भए पनि कार्यान्वयनमा जटिलता देखिँदै आएको छ।

सामाजिक र आर्थिक पूर्वाग्रहका सन्दर्भमा, आफ्नो पहिचान गोप्य राख्ने व्यक्तिहरूलाई पनि तिनीहरूको स्वरुप र चालचलनको आधारमा भेदभाव भएको पाइयो। विद्यालय र समुदायमा दुर्व्यवहार र उत्पीडनका घटना व्याप्त छन्। अनुपयुक्त शौचालय, सामाजिक बहिष्करणका साथै सहपाठीहरू र शिक्षक दुवैबाट उत्पीडन जस्ता विभिन्न अवरोधहरू उनीहरूले सहनु परेको छ। धेरैजसो परालैङ्गिक व्यक्तिहरूले पढाइ छोडेर सानै उमेरदेखि काममा संलग्न हुन्छन्। बालबालिका र आधिकांश यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक व्यक्तिहरू सम्मानजनक कामबाट वञ्चित छन् र मनोरञ्जन क्षेत्रमा काम गर्न बाध्य छन्। शिक्षाको अवसर र रोजगारीको पर्याप्त अवसर नहुँदा यस्तो अवस्था सिर्जना भएको हो। उच्च शिक्षा हासिल गर्न सफल भएका अधिकांश व्यक्तिहरूले आफ्नो परिचय गोप्य राखेकाले मात्रै उच्च शिक्षा हासिल गर्न सम्भव भएको देखिन्छ।

रोजगारीमा यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक व्यक्तिहरूका लागि समानस्तरको र राम्रा अवसरहरू प्राप्त हुँदैनन्। यस समुदायका मानिसलाई लक्षित व्यवसायिक शिक्षा र रोजगारीका अवसरहरूको सुनिश्चितताद्वारा यस समस्यालाई हटाउन सकिन्छ। उपयुक्त लैङ्गिक र सामाजिक समावेशीकरण योजना

र नीतिहरू सहित सामाजिक समावेशीकरणका क्षेत्रमा काम गर्ने संस्थाहरूले आफ्नो कार्यस्थलहरूमा रहेको यस्ता समस्या कम गर्न मद्दत गर्न सक्छन्।

यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक समुदायका मानिसहरूका लागि समान अवसर अझै पनि मृगतृष्णा रहेको छ। संविधान र कानुनहरूमा 'अल्पसङ्ख्यक' र 'सीमान्तकृत' को परिभाषाहरूले "यौन अल्पसङ्ख्यक" लाई संरक्षण चाहिने समूहको रूपमा स्वीकार गरेको छैन। यसले यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक समुदायका मानिसहरूलाई कानुनद्वारा अल्पसङ्ख्यकहरूलाई प्रदान गरिएको 'विशेष सुरक्षा' र 'सकारात्मक कार्यहरू' को अधिकार उपभोग गर्न कठिनाइहरू सिर्जना गरेको छ।

कानुनी संरक्षण, यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक समुदायका मानिसहरूले सामना गर्ने समस्या र चुनौतीहरूको पहिचान र सामाजिकीकरणका अवसरहरूका साथै यी मानिसहरूको बारेमा जागरुकता निर्माण गर्न लक्षित अभियानले उनीहरूको सामाजिक स्वीकृति बढाउन मद्दत गर्न सक्दछ। साथै, शिक्षा र रोजगारीमा समान अवसरले उनीहरूको सामाजिक स्थिति माथि उठाउन र सम्मानका साथ आफ्नो जीविकोपार्जन गर्न पनि मद्दत गर्न सक्छ।

यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यकहरूको मानव अधिकारको संरक्षण र संवर्द्धनका लागि यस समुदायका अधिकारकर्मीहरूले निम्नबमोजिमको व्यवस्था हुनुपर्ने सुझाव प्रस्तुत गरेका छन्।

- लैङ्गिक पहिचानका साथ नाम परिवर्तन गर्ने प्रावधानसहित व्यक्तिको इच्छा अनुसार नागरिकता प्रदान गर्ने प्रावधानको व्यवस्था हुनपर्ने।
- मानव अधिकार विपरीत प्रचलनमा रहेको महिला वा पुरुष मात्र राखी नागरिकता प्राप्त गर्न खोज्ने पारलैङ्गिक व्यक्तिहरूको लागि चिकित्सा समितिद्वारा पुष्टि गर्ने अभ्यासलाई हटाउनुपर्ने।
- समलिङ्गी विवाह समितिको प्रतिवेदन कार्यान्वयन गर्ने र समलिङ्गी विवाहलाई मान्यता दिने कानुनको निर्माण हुनुपर्ने।
- स्कुल, कलेज र विश्वविद्यालयहरूको पाठ्यक्रममा यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक विषयहरू समावेश गर्नुपर्ने।
- यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक समुदायका मानिसहरूको अधिकारलाई प्रतिबन्धित गर्ने मुलुकी देवानी र फौजदारी संहिता र अन्य भेदभावपूर्ण कानुनहरूलाई संशोधन र परिमार्जन गर्नुपर्ने।
- यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक समुदायका मानिसहरूलाई न्यायमा पहुँच सहज बनाउन भेदभाव नगरिने नीतिहरू र कानुनहरू अपनाउनुपर्ने।
- यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक समूहहरूलाई आफ्नो पहिचान घोषणा गर्न सक्षम बनाउने सुरक्षित वातावरण सिर्जना गर्नुपर्ने।
- सार्वजनिक सेवा र राज्य संयन्त्रहरूमा यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक समूहहरूको सहभागिता र प्रतिनिधित्व बढाउन समावेशी संवैधानिक प्रावधानहरूलाई पूर्ण रूपमा लागू गर्नुपर्ने।
- अधिकारमा आधारित न्यायको लागि नेपालको संविधान अनुसार यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यकमैत्री निर्देशनहरूमा यौन र लैङ्गिक अल्पसङ्ख्यकहरूको परिभाषामा वर्णित हुने गरी निर्माण र सुनिश्चित गर्नुपर्ने।
- यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक समुदायहरूको चेतना जगाउन र उनीहरूका लागि सामाजिक स्थानलाई थप मैत्री र समावेशी बनाउन आवश्यक अभियान सुरु गर्नुपर्ने।

परिच्छेद ३

३.४ लुम्बिनी प्रदेशमा सार्वजनिक सरोकारका रिट निवेदन र कार्यान्वयनको अवस्था

लुम्बिनी प्रदेशका तुलसीपुर उच्च अदालत र तुलसीपुर उच्च अदालत, नेपालगञ्ज इजलासबाट विगतका वर्षहरूभैँ सन् २०२२ मा सार्वजनिक सरोकारको विषयमा आदेश/फैसला भए। ती अदालतहरूबाट भएका आदेश/फैसलाहरूको तथ्याङ्कहरू हेर्दा यसको प्रयोग बढेको देखिन्छ। यी अदालतहरूबाट स्वास्थ्य, शिक्षा, वातावरण, खाद्य, सडक दुर्घटना, कोभिड १९ बीमा, एलपीजी ग्याँस लगायतका अन्य विषयहरूमा आदेश तथा परमादेश जारी भए।

सर्वसाधारण वा कुनै जनसमुदायको सामूहिक हकहित वा सरोकारसँग सम्बन्धित विषय वा विवाद नै सार्वजनिक सरोकारको विषय हो। सार्वजनिक हकको प्रचलनका लागि प्रत्येक नागरिकले सबै प्रकारका रिट निवेदन दायर गर्न पाउँछ। तर, त्यस्तो सरोकार, कानुन र संविधानमा आधारित र अदालतबाट निरूपण हुने प्रकृतिको हुनुपर्ने कानुनी व्यवस्था छ। देशको सुरक्षा, शासन व्यवस्था, सामाजिक शान्ति, जनसाधारणको शिक्षा, स्वास्थ्य, नैतिकता, देशको आर्थिक अवस्था, सामाजिक न्यायका सवाल लगायत आमनागरिकका साझा सरोकारका विषयवस्तु सार्वजनिक हक र सरोकारको विषय भित्र पर्दछन्।

नेपालको संविधानको धारा १४४(१)(२) मा भएको व्यवस्था बमोजिम उच्च अदालत तथा जिल्ला अदालतमा मौलिक हकलाई प्रचलन गराउनका लागि अर्को उपचारको व्यवस्था नभएको र व्यवस्था भए पनि अपर्याप्त र प्रभावहीन देखिएमा सोको प्रचलनका लागि सार्वजनिक हक वा सरोकारको कुनै विवादमा आदेश जारी गर्ने अधिकार उच्च अदालतलाई तोकिएको पाइन्छ।

सामान्य अर्थमा सार्वजनिक हित र सरोकार निहित विषयसँग सम्बन्धित विवादलाई सार्वजनिक सरोकारको विवाद भन्न सकिन्छ। हकदैयासम्बन्धी परम्परागत अवधारणा अनुसार 'जसको जुन कुरामा हक पुग्छ' अथवा जसको हक अधिकारमा आघात पुगेको हुन्छ सो को उपचारका लागि उसैले अदालतमा उपचार माग्न जानु पर्छ भन्ने हो। तर, कुनै विषय कुनै खास व्यक्तिको व्यक्तिगत हक हित वा सरोकारसँग मात्र सम्बन्धित नभएर कुनै समुदाय वा जनसाधारणको सामूहिक हकहितमा सम्बन्धित रहेको हुन्छ। यस्तो अवस्थामा खास पीडित व्यक्ति आउन नसकेकै कारणले मात्र यी विषयहरू उपचारविहिन रहन नपाओस् भन्ने उद्देश्यले यस्तो विषयमा जोसुकैले पनि अदालतमा विवाद लैजान पाउने व्यवस्था गरिएको हुन्छ।

विगत तीन वर्षको अवधिमा इन्सेक र अन्यले पनि लुम्बिनी प्रदेशका उच्च अदालत तुलसीपुर र नेपालगञ्ज इजलासमा सार्वजनिक सरोकारका विषयमा दायर गरेका रिट निवेदन र फैसला कार्यान्वयनको अवस्था उत्साहजनक देखिँदैन। सार्वजनिक सरोकारका विभिन्न साझा विषयमा दायर भएका मुद्दासँग सम्बन्धित रहेका स्थानीय सङ्घ संस्था र कानुन व्यवसायीहरू तथा सरोकारवालाहरू दुबै उच्च अदालतबाट भएका फैसलाहरूको कार्यान्वयनमा चुनौती देख्छन्।

अध्ययनमा समावेश गरिएका सन्दर्भमा उच्च अदालत, तुलसीपुर र सोही अदालतको नेपालगञ्ज इजलासले आदेश जारी गरेको देखिन्छ। कोभिड-१९ का बीमितहरूको अधिकारसम्बन्धी रिटमा आदेश जारी गरे। तर, बीमितहरूमध्ये थोरै सङ्ख्याले मात्र बीमावापतको लाभ प्राप्त गरे। त्यसैगरी, सवारी साधनको सञ्चालनमा यात्रुको अधिकार संरक्षणको सरोकारमा आदेश जारी भयो तर, कार्यान्वयन पक्ष एकदमै फितलो देखियो। विद्यालय भर्ना, पोशाक र पाठ्यपुस्तकको सहज र समयमै उपलब्धताका लागि दर्ता गरिएको रिटमा वर्षको अन्त्यसम्म आदेश जारी भएन। रिट उच्च अदालतमा विचाराधीन रहेको छ।

स्वच्छ वातावरणको अधिकारका लागि दर्ता गरिएको सार्वजनिक सरोकारको रिटमा अदालतबाट आदेश जारी भयो र त्यसको आंशिक कार्यान्वयन आरम्भ भएको देखियो। अवस्थाको विश्लेषण गर्दा सार्वजनिक सरोकारका विषयमा आदेश कार्यन्वयनका लागि सामाजिक अभियान सञ्चालन गर्न आवश्यक

तालिका : रिट निवेदनहरूको विवरण (तल उल्लेखित रिटहरूमा इन्सेकसमेत रिट निवेदक भइ दायर भएका मुद्दा)

क्र. सं.	आ.व.	मुद्दा	मुद्दाको विषय (शीर्षक)	अदालत	फैसला/आदेश मिति	आदेश/फैसला
१.	०७७।७८	परमादेश	कोभिड १९ बीमासम्बन्धी	उच्च अदालत तुलसीपुर र नेपालगञ्ज इजलास	२०७९ असार ८ गते	बीमा सम्झौता बमोजिमको रकम बीमितलाई भुक्तानी गरी सो को जानकारी अदालतलाई गराउनु भनी रिट जारी भएको।
२.	०७७।७८	परमादेश	स्वास्थ्य, वातावरणसम्बन्धी (एलपी ग्याँस र ग्याँस उद्योग सम्बन्धी)	उच्च अदालत, तुलसीपुर नेपालगञ्ज इजलास	२०७७ चैत ११ गते	ग्याँस सिलिण्डर र पेट्रोल पम्पका विषयमा विभिन्न १४ बुँदामा आदेश र ६/६ महिनामा रजिष्ट्रार मार्फत प्रतिवेदन पेश गर्ने।
३.	०७८/७९	उत्प्रेषण परमादेश	स्वस्थ्य वातावरण सडक समेत	उच्च अदालत, तुलसीपुर	२०७९ जेठ १३ अन्तरिम आदेश जारी	काम सम्पन्न भइसकेको हुँदा मिति २०७९ जेठ १३ गते जारी अन्तरिम आदेश मिति २०७९ माघ २२ गते फैसला हुँदा रिट खारेज हुने।
४.	०७८।७९	परमादेश	कोभिड १९ सङ्कट व्यवस्थापन ञ्चालन केन्द्रम्बन्धी	उच्च अदालत, तुलसीपुर नेपालगञ्ज इजलास	२०७९ असार १ गते	कोभिड १९ को महामारी रोकथाम तथा सुलभ तरिकाले गुणस्तरीय स्वास्थ्य सेवामा आम नागरिकको पहुँच कायम हुने गरी रोकथाम तथा नियन्त्रण तथा उपचारका लागि प्रगति विवरण तीन/तीन महिनामा उपलब्ध गराउनु भनी निर्देशनात्मक आदेश जारी भएको।
५.	०७९। ८०	परमादेश	शिक्षाम्बन्धी विद्यालय भर्ना, पोशाक र प्रकाशनम्बन्धी	उच्च अदालत, तुलसीपुर नेपालगञ्ज इजलास	२०७९ जेठ २० गते अन्तरिम आदेश जारी	विचाराधीन
६.	०७९/८०	परमादेश	सडक दुर्घटना र वातावरण सम्बन्धी	उच्च अदालत, तुलसीपुर नेपालगञ्ज इजलास	२०७९ भदौ २२ गते	सवारी तथा यातायत व्यवस्थाको सरक्षण एवं सम्वर्द्धन र यस अदालतबाट भएको पूर्व आदेश र प्रस्तुत आदेशको कार्यान्वयनको अवस्था बारेमा नियमित अनुगमन तथा निरीक्षण गरी आवधिक प्रतिवेदन जिल्ला प्रशासन कार्यालयले राखी सोको एकप्रति जानकारी यस अदालत समक्ष पेश गर्ने व्यवस्था मिलाउनु भनी विभिन्न सात बुँदामा काम गर्न रिट जारी।

(स्रोत: उच्च अदालत तुलसीपुर दाङ र उच्च अदालत तुलसीपुर, नेपालगञ्ज इजलास)

देखिन्छ भने अदालत तथा आदेश जारी गर्ने निकायले पनि कार्यान्वयनको अवस्था अनुगमन गर्नुपर्ने देखिन्छ। फैसला कार्यान्वयन गर्न उच्च अदालतहरूमा प्रशासनिक कार्य हेर्न रजिष्ट्रारलाई कानुन बमोजिम जिम्मेवारी दिइएको देखिन्छ। उच्च अदालत नियमावली २०७३ मा रजिष्ट्रारको काम, कर्तव्य र अधिकार तोकिएको छ।

सार्वजनिक सरोकारका रिट, आदेश र प्रभाव

सार्वजनिक सबै कार्यालय वा कार्यालय प्रमुखले आ-आफ्नै व्याख्या विश्लेषणबाट कानुनको प्रयोग गर्ने हुँदा अदालतबाट भएका आदेशलाई मान्न तयार नहुने व्यहारमा देखिएको छ। कतिपय अवस्थामा अदालतले दिएको आदेशलाई सम्बन्धित मन्त्रालयको परिपत्रले काम गर्न बाधा पुगेको भनी आदेश/फैसलाको कार्यान्वयन पक्षलाई फितलो बनाएको देखिन्छ। समग्रमा सबै आदेश/फैसलाहरूले व्यक्तिका हक अधिकारलाई सहजै प्रचलन गराउन अदालतका आदेश/फैसलाको विश्लेषण गर्न आवश्यक देखिन्छ।

१. रिट निवेदक सुनिलकुमार श्रेष्ठसमेत र विपक्षी भेरी अस्पताल, बाँकेसमेत भएको रिट २०७८ असार ८ गते उच्च अदालत तुलसीपुर नेपालगञ्ज, इजलासमा दर्ता गरिएको थियो। उक्त रिटमा कोभिड १९ जोखिम र सङ्क्रमण व्यवस्थापन, उपचार तथा खोप कार्यक्रम लगायतका आमजनसरोकारको कृयाकलापको सम्बन्धमा सम्बन्धित निकायको प्रवक्ता मार्फत जिल्लावासी समक्ष प्रभावकारी रुपमा सूचना सम्प्रेषण गर्नू सो कार्यमा स्थानीय तह, सामाजिक सङ्घ संस्था र सञ्चारकमीहरूसँग प्रभावकारी सहकार्य गर्नू र आदेश कार्यान्वयन भए नभएको सम्बन्धमा आवधिक विवरण प्रत्येक महिना यस अदालतमा पठाउने व्यवस्था मिलाउनू भनी उच्च अदालत नियमावली २०७३ को नियम ४२(१) बमोजिम विपक्षीहरूको नाममा मिति २०७८ असार १४ गते अन्तरिम आदेश जारी भएको थियो।

कोभिड १९ को महामारी रोकथाम तथा सर्वसुलभ गुणस्तरीय स्वास्थ्य सेवामा आम नागरिकको पहुँच कायम हुने गरी रोकथाम तथा नियन्त्रण तथा उपचारको लागि प्रगति विवरण ३/३ महिनामा उपलब्ध गराउनु भनी निर्देशनात्मक आदेश जारी भए पनि फैसलाले दिएको निर्देशन, स्रोत साधनको अभावका कारण व्यवस्थापन र व्यवस्थित हुन नसकी कार्यान्वयन हुन सकेको देखिँदैन। आदेश वा फैसलाले तोकिएको जिम्मेवारी ती निकायहरूले समयमै व्यवस्थापन गर्न नसकेको र सो कार्यमा राज्य उदासिन देखियो।

२. रिट निवेदक भरतराज देवकोटा समेत विपक्षी घोराही सिमेन्ट इण्डष्ट्रिज प्रालि, दाङसमेत भएको रिट २०७७ चैत ५ गते उच्च अदालत, तुलसीपुर, दाङमा दर्ता गरिएको थियो। उक्त मुद्दामा घोराही सिमेन्ट इण्डष्ट्रिज प्रालिको धुलो धुँवाका कारण उद्योग क्षेत्र रहेको घोराही नपा-४ गोग्ली र लक्ष्मीपुर तथा खानी प्रभावित क्षेत्र बंगलाचुली गाउँपालिकाको जुम्लेपानी लगायतका गाउँका स्थानीयको वातावरण, स्वास्थ्य, प्रजनन् र खाद्य अधिकारमा असर पारेको भन्ने निवेदन जिकिर छ। तत्सम्बन्धमा नियमनकारी निकाय जनसङ्ख्या तथा वातावरण मन्त्रालय, वातावरण विभागबाट भएको निरीक्षण प्रतिवेदनमा ल्याइएका वातावरणमा प्रतिकूल असर पार्ने कार्यहरूलाई नियन्त्रण गर्नको लागि ब्याग फिल्टर, लेलेक्ट्रोस्ट्याकिट प्रिसिपेटेटर/विद ब्रेकिङ वाल (Bag Filter, Lelectrostatic Precipitator / Wid Breaking Wall) जस्ता कार्यहरू तत्काल व्यवस्थित गर्नू गराउनू र खानेपानीको स्रोतलाई खलबल नपुऱ्याउने गरी खानेपानीको व्यवस्थापन गर्नू र सडकमा धुलो नउड्ने गरी पानीको फोहरा व्यवस्थापन समेत तत्काल गर्नू गराउनु भनी निवेदनको अन्तिम टुङ्गो नलाग्दाको अवस्थासम्मको लागि विपक्षीमध्येका घोराही सिमेण्ट इण्डष्ट्रिज प्रालिका नाममा उच्च अदालत नियमावली, २०७३ को नियम ४२ बमोजिम अन्तरिम आदेश समेत जारी गरेको थियो।

उक्त मुद्दामा मिति २०७८ माघ २१ गते

भएको फैसला अनुसार गठित अनुगमन समितिले वातावरणीय प्रभाव र असर समेतका ६ ओटा विविध विषय समावेश गरी दिएको प्रतिवेदन बमोजिम खोलाको पानी र वृक्षारोपण जस्तो सार्वजनिक सरोकार र महत्वको विषय समावेश भएको हुँदा अब उद्योगबाट निस्केको फोहर सोझै कुनै पनि खोलामा पठाउने कार्य नगर्नू, उद्योगमा जडान भएका ब्याग फिल्टर (Bag Filter) समेतका उपकरणहरूको व्यवस्थापन गर्नू भनी आदेश जारी भएको थियो।

उच्च अदालतको आदेशले सिङ्गो गाउँ समाजमा वातावरण, स्वास्थ्य र खाद्यको विषय सुनिश्चित त गरायो तर, व्यवहारमा भए नभएको अनुगमन नहुँदा आदेश पूरै कार्यान्वयन भएको देखिँदैन।

३. रिट निवेदक विकास आचार्य समेत विपक्षी राष्ट्रिय बीमा कम्पनी लिमिटेड नेपालगञ्ज शाखासमेत भएको परमादेश समेत मुद्दामा कोरोना बीमाको रकम भुक्तानी नपाएका आम नागरिकहरू समेतको तर्फबाट विभिन्न बीमा कम्पनीहरूलाई विपक्षी बनाई २०७७ फागुन ५ गते उच्च अदालत तुलसीपुर, नेपालगंज इजलासमा रिट दायर गरिएको थियो।

उक्त मुद्दामा २०७९ असार ८ गते फैसला सुनाउँदै उच्च अदालतले बीमा सम्झौता बमोजिमको रकम बीमितलाई भुक्तानी गरी सो को जानकारी अदालतलाई गराउनु भनी आदेश गरेको थियो। सो फैसला बमोजिम बीमा कम्पनीहरूले कोभिड बीमाको रकम भुक्तानी गरेका र केही व्यक्तिहरूको रकम भुक्तानी हुने प्रकृयामा रहको देखियो। सो फैसलाको प्रभाव समग्रमा सकारात्मक देखिएको छ।

४. रिट निवेदक लोक बहादुर शाह समेत विपक्षी यातायात व्यवस्था कार्यालय, नेपालगञ्ज, बाँके समेत भएको परमादेश समेत मुद्दामा सवारी तथा यातायात ऐन २०४९ लगायतका अन्य कानुनले प्रत्याभूत गरेका कानूनी व्यवस्थाहरूलाई व्यवहारमा प्रयोगमा ल्याउन आदेश मार्दै २०७९ जेठ २७ गते उच्च अदालत तुलसीपुर, नेपालगञ्ज इजलासमा रिट दर्ता गरिएको थियो।

उक्त मुद्दामा सवारी तथा यातायात क्षेत्रमा देखा परेका जोखिमलाई तत्काल न्यूनीकरण गरी सर्वसाधारण यात्रुको हितको संरक्षण गर्न उच्च अदालत नियमावली २०७३ को नियम ४२(१) बमोजिम तत्काल मोटसाइकल, स्कुटर लगायत दुई पाङ्ग्रे सवारी साधन हेल्मेट नलगाइ चलाउने कार्यलाई तत्कालै नियन्त्रण गर्नू, सवारी साधनको नियमित चेक जाँच गरी ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका नागरिकहरूका लागि छुट्याइएका सिटहरूको उपयोग भए नभएको अनुगमन गर्नू, सवारी साधन सञ्चालन गर्दा तोकिएको सिट क्षमता सङ्ख्या भन्दा बढी यात्रुहरू सवारी साधनमा नराख्ने प्रबन्ध गर्नू भनी २०७९ जेठ १८ मा अन्तरिम आदेश जारी भएको थियो।

उक्त फैसला पश्चात ट्राफिक प्रहरीले फैसला कार्यान्वयन गर्न अदालतबाट जारी भएका आदेश अनुसारको सवारी साधनहरूलाई चेक जाँच गर्ने र कानुन बमोजिम भए नभएको हेर्ने काम भएको देखिन्छ। तथापि कार्यान्वयन पक्ष कमजोर छ।

५. रिट निवेदक बसन्त गौतम समेत विपक्षी जिल्ला शिक्षा विकास तथा समन्वय एकाइ, बाँके समेत भएको परमादेश माग गर्दै आम नागरिकको शिक्षासम्बन्धी हक अधिकार संरक्षणका लागि २०७९ जेठ ५ गते उच्च अदालत तुलसीपुर नेपालगंज इजलासमा रिट दर्ता गरिएको थियो।

उक्त मुद्दामा अदालते २०७९ जेठ २० गते नियमनकारी निकाय स्थानीय तह, प्याब्सन, एन प्याब्सन र जिल्ला शिक्षा विकास तथा समन्वय एकाइ बाँके र बर्दियाका नाममा अन्तरिम आदेश जारी गऱ्यो। सो आदेश बमोजिम निजी विद्यालयहरूले पोशाक, पुस्तक, शुल्क वृद्धि लगायतका विषयमा हालसम्म स्थानीय पालिका अन्तर्गत रहेका

शिक्षा शाखाबाट उक्त आदेशलाई प्रभावकारी रूपमा कार्यान्वयन गराउन अनुगमन गरेको र व्यवस्थापन गर्नको लागि निर्देशन दिएको देखिँदैन। उक्त मुद्दा विचराधीन अवस्थामा रहेको छ

६. रिट निवेदक विकास आचार्य समेत विपक्षी नेपाल आयल निगम ५ नं. प्रदेश कार्यालय, भैरहवा समेत भएको मुद्दामा एलपी ग्याँस सिलिण्डरलाई तौल गरेर बिक्री गर्नुपर्ने, सिलको विश्वसनीयता हुनुपर्ने, म्याद समाप्त हुने मिति देखिनुपर्ने र पेट्रोल पम्पमा आवश्यक पर्ने बाल्टी, बेल्चा बालुवा लगायतको पानीको क्षमताको व्यवस्था मिलाउन माग गर्दै अन्तरिम आदेश जारी गरी पाउँ भनी २०७६ फागुन १६ गते उच्च अदालत तुलसीपुर, नेपालगञ्ज इजलासमा रिट दर्ता गरिएको थियो।

उक्त मुद्दामा निवेदकले माग गरेको अन्तरिम आदेशको सम्पूर्ण विषयहरू रिट निवेदनको अन्तिम निर्णयमा सम्बोधन हुने हुँदा तत्काल अन्तरिम आदेश जारी गरिरहनु पर्ने अवस्था नभएको भनी २०७६ चैत ७ गते परमादेश भएको थियो।

पेट्रोल पम्पमा अतिआवश्यक फायर एस्टिङ्गुइसर, बाल्टी, बेल्चा, बालुवा र १ हजार लिटर क्षमताको पानी ट्याङ्की व्यवस्था मिलाउन, रोजगारदातालाई अनिवार्य अग्नी नियन्त्रणको तालिमको व्यवस्था गर्नू, गराउनू, एलपी ग्याँस सिलिण्डर तौल गरेर मात्र बिक्री गर्नू, गराउनू, उपभोक्ता हकहित र सरोकारमा काम गर्ने संस्था व्यक्तिलाई रोहवरमा राखी म्याद समाप्त मिति भएका सिलिण्डरलाई नष्ट गर्नु गराउनू, म्याद समाप्त मिति पूरा भएका सिलिण्डरको भुई भागमा कार्टेनिग गरी पुनः पेन्ट गरी मिति राख्ने तथा बिक्रीका लागि बजारमा पठाउने र पठाउन लगाउने कार्य रोकी सो सम्बन्धमा अनुगमन गरी अधिकृत बिक्रेता, ग्याँस उद्योग र आयल निगमबीच छलफल गर्ने र सचेतना फैलाउने कार्य गर्नू भन्ने लगायतका विषय समेटिएका उक्त फैसला २ वर्षसम्म कार्यान्वन भएको पाइँदैन।

उच्च अदालत तुलसीपुर, नेपालगञ्ज इजलासबाट स्वास्थ्य, शिक्षा, वातावरण, विद्युत, दैविक प्रकोप, बाल अधिकार, यातायात, धार्मिक तथा साँस्कृतिक स्थल, सूचनाको हक, नाकाबन्दी, नागरिकता प्राप्त गर्नेसम्बन्धी विषय, कारागार कैदी बन्दी, पशुपंक्षी, स्थानीय सरकार विकास, भूमि सुधार तथा मालपोत, स्थानीय कर, शुल्क र खाद्य लगायतका विषयमा उच्च अदालत तुलसीपुर, नेपालगञ्ज इजलासमा मुद्दा दर्ता भएका थिए। उच्च अदालत तुलसीपुर दाङ र उच्च अदालत तुलसीपुर नेपालगंज इजलासमा सार्वजनिक सारोकारका विषयमा हरेक वर्ष मुद्दा दर्ता हुने गरे पनि नेपालगञ्ज इजलासमा सरदर १५ देखि २५ थान मुद्दा दर्ता भएको देखिन्छ।

आदेश कार्यान्वयन हुन नसक्नुको प्रमुख कारण फैसला कार्यान्वयन गराउने सरकारी निकायहरूको फितलोपना नै हो। नेपालको संविधानको धारा १२६ बमोजिम मुद्दा मामिलाका रोहमा अदालतले दिएको आदेशको निर्णय सबैले पालना गर्नुपर्नेछ। यस्तो प्रष्ट व्यवस्था हुँदाहुँदै पनि ती आदेश फैसलालाई संविधान बमोजिम प्रयोगमा ल्याउन सरकारलाई अझ बढी जिम्मेवार बनाउन सकियो भने मात्र नागरिकले लोकतन्त्रको सही रूपमा अनुभूति गरेको मान्न सकिन्छ।

सार्वजनिक सरोकारको विषयमा अदालतबाट भएका आदेश/फैसलाहरूको माध्यमबाट उठान गरिएका विषयवस्तु प्राप्त भएको क्षण सरोकारवाला समुदायमा सन्तुष्टि छाउने गरेको देखिन्छ। त्यस्तो अवस्थामा एकातिर कानुनको सही प्रयोग भएको हुन्छ, अर्कोतर्फ कानुनको उपभोगकर्ताले आफूले प्राप्त गर्ने कानुन बमोजिमको अधिकार अभ्यास गर्न पाएको अनुभूति गर्दछ।

कार्यान्वयनको अवस्था

उच्च अदालतबाट भएका फैसलाले व्यक्तिका हक अधिकारलाई प्रयोग गर्न सहयोग पुऱ्याएको देखिन्छ। कतिपय अवस्थामा सार्वजनिक सरोकारमा काम गर्ने सङ्घ, संस्था र अभियन्ताले आवाज विहिनहरूको आवाज सम्बन्धित निकायहरूसम्म पुऱ्याएका छन्। अदालतले आदेश दिएर मात्र हुँदैन, त्यसलाई कार्यान्वयन गर्ने इच्छाशक्ति भनेकै राज्य संयन्त्रसँग जोडिएको हुन्छ। उच्च अदालतबाट हरेक सवालमा दिइने आदेश/फैसलाको कार्यान्वयनको पाटो आजको दिनसम्म सन्तोषजनक देखिएको भन्ने अवस्था छैन। हरेक कार्यालय वा कार्यालय प्रमुखका नाममा जारी हुने आदेश/फैसलाहरू कार्यान्वयन गर्ने सन्दर्भमा सरकारी कार्यालयहरूमा उदासिनता देखिन्छ। केही आदेश/फैसलाहरू कार्यान्वयन नभएका होइनन्। तर

एक वा एक भन्दा बढी कार्यालय वा संस्था विपक्षी भएका रिट निवेदनमा भएका आदेश कार्यान्वयन गराउने विषयमा भने चुनौती देखिँदै आएको छ।

शिक्षा, स्वास्थ्य, वातावरण र खाद्य लगायतका अन्य समसामयिक विषयमा उच्च अदालतबाट सार्वजनिक निकायका नाममा हुने गरेका आदेश/फैसलालाई राज्यको इच्छाशक्ति कमजोर भएका कारण अझै कार्यान्वयन हुन सकेका छैनन्।

निष्कर्ष

अध्ययनमा समावेश गरिएका सार्वजनिक सरोकारका अधिकांश रिटहरूका सन्दर्भमा उच्च अदालत तुलसीपुर र सोही अदालतको नेपालगञ्ज इजलासले आदेश जारी गरेको देखिन्छ। कोभिड-१९ का बीमितहरूको अधिकारसम्बन्धी रिटमा आदेश जारी गरिए यद्यपि बीमितहरू मध्ये थोरै सङ्ख्याले मात्र बीमावापतको रकम प्राप्त गरे। त्यसैगरी, सवारी साधनको सञ्चालनमा यात्रुको अधिकार संरक्षणको सरोकारमा आदेश जारी भएको भए पनि कार्यान्वयन पक्ष एकदमै फितलो देखियो। विद्यालय भर्ना, पोशाक र पाठ्यपुस्तकको सहज र समयमै उपलब्धताका लागि दर्ता गरिएको रिटमा वर्षको अन्त्यसम्म आदेश जारी भएन। यो रिट विचाराधीन रहेको छ।

स्वच्छ वातावरणको अधिकारको माग गर्दै दायर गरिएको सार्वजनिक सरोकारको रिटमा अदालतबाट आदेश जारी भयो र त्यसको आंशिक कार्यान्वयन आरम्भ भएको देखियो। अवस्थाको विश्लेषण गर्दा सार्वजनिक सरोकारका विषयमा आदेश कार्यान्वयनका लागि सामाजिक अभियान सञ्चालन गर्न आवश्यक देखिन्छ भने अदालत तथा आदेश जारी गर्ने निकायले पनि कार्यान्वयनको अवस्था अनुगमन गर्नुपर्ने देखिन्छ।

सार्वजनिक सरोकार कानुन व्यवसायी मञ्च, नेपालगञ्जले लुम्बिनी प्रदेशमा शिक्षा, स्वास्थ्य, खाद्य र वातावरण लगायतका सार्वजनिक सरोकारका विषयमा विभिन्न सङ्घ संस्था र कानुन व्यवसायीहरूसँग मिलेर रिट निवेदन दर्ता गर्दै आएको छ। सार्वजनिक सरोकारका रिट पहिचान गरी सम्बन्धित वर्ग, समुदायको हितको लागि सो विषयमा काम गर्ने सङ्घ, संस्थासँग छलफल गरी रिट दायर गर्न समन्वय र सहकार्य हुँदै आएको देखिन्छ। अदालतमा दायर भएका अधिकांश रिट निवेदनहरू सार्वजनिक जवाफदेही पदमा रहेका व्यक्तिहरूबाट कानुन बमोजिमको काम कर्तव्यबाट विमुख भएको विषयमा छन्। सम्बन्धित अधिकृत वा अख्तियारवालाले कानुन बमोजिमको दायित्व पूरा नगरेका कारण वैकल्पिक उपचारको माध्यमको रूपमा सार्वजनिक सरोकारको मुद्दाको प्रयोग भएको देखिन्छ।

परिच्छेद ३

३.५ हुम्लामा खाद्य सुरक्षाको प्रश्नः खाद्यान्न उत्पादन र उपभोगमा आएको परिवर्तन

हिमालय र उच्च पहाडी क्षेत्रको खाद्यान्न उत्पादन र उपभोगको परम्परागत ढाँचामा परिवर्तन आउन थालेको छ। हुम्ला लगायतका हिमाली जिल्लाहरू हवाइ र स्थल सडक सञ्जालमा जोडिएसँगै निर्वाहमुखी आत्मनिर्भर अर्थतन्त्र खल्बलिएको छ। हालैका वर्षहरूमा जलवायुमा आएको परिवर्तन, खाद्यान्न उपभोगमा परेको विश्वव्यापीकरणको असर जस्ता कारण विगतमा खाद्यान्नमा आत्मनिर्भर रहेका कतिपय हिमाली क्षेत्रमा समेत खाद्य सुरक्षाका सवालमा चुनौती थपिएको छ।

पशुपालन, परम्परागत कृषि, मौसमी बसाइसराइ, जडिबुटी उत्पादन तथा बेचविखन यहाँका प्रमुख पेशा हुन्। कूल क्षेत्रफलमध्ये ४ हजार २ सय ६७ हेक्टर खेती योग्य जमिन रहेको हुम्ला जिल्लाका किसानहरूले कोदो, फापर, चिनो, कागुनो, मकै, सिमी, उवा, जौ, गहुँ, धान (मार्सी, लट्टे), आलु, नाफल, स्याउ, चुली, खामु लगायतका अन्नबाली र फलफूल उत्पादन गर्ने गरेका छन्। पछिल्लो समय जिल्लाको खाद्यान्न उत्पादन, उपभोग र बजार प्रबन्धमा परिवर्तन देखापरेको छ। स्थानीय उत्पादनप्रतिको वितृष्णा र मूलतः बाहिरबाट खाद्यान्न आयात गरिएका कारण परनिर्भरता बढेको छ।

जिल्ला कृषि कार्यालय, हुम्लाका अनुसार जिल्लामा ५ हजार ५ सय ८७ क्विन्टल खाद्यान्न उत्पादन हुने गरेको छ। हिमाली जिल्लामा प्रति व्यक्ति खाद्य आवश्यकता ५० केजी हुने भएकोले ५५ हजार ७ सय ६२ जनसङ्ख्याका लागि थप ०.५ प्रतिशत खाद्य उत्पादन आवश्यक पर्ने देखिन्छ।

यस क्षेत्रमा गैर स्थानीय खाद्य उत्पादन आयात गर्ने प्रचलन २०२२-०२३ सालदेखि सुरु भएको हो। अहिले पनि वार्षिक रूपमा यस जिल्लाबाट ५ देखि ७ प्रतिशत खाद्य सामग्री निर्यात हुने गरेको जिल्ला कृषि विकास कार्यालय, हुम्लाको तथ्याङ्कमा उल्लेख छ। तर, हाल खाद्यान्न आयातको परिमाण बढेर ४५ देखि ५० प्रतिशतसम्म पुगेको छ। स्थानीय कृषकहरूको खेती प्रणालीमा सहभागिता बढेको देखिए पनि आयातको मात्रा निरन्तर वृद्धि हुँदै जानुले हुम्ला जिल्लामा खाद्य सुरक्षाको अवस्था चिन्ताजनक देखिएको छ।

जलवायु परिवर्तनले कृषि प्रणाली र उत्पादनको चक्रमा अवसर र चुनौतीसँगै लिएर आएको छ। हिमाली जनताको जीवनचक्रमा जलवायु परिवर्तनले उत्पन्न गरेको न्यायको सवाल र जीविकासँग जोडिएका सरोकारका विषयहरू थुप्रै छन्। खाद्य सुरक्षा र सम्प्रभुत्ताको विषय पनि जलवायु न्याय, विश्वव्यापीकरण तथा खानपिनको बानी (फुडहृयाबिट) मा आएको परिवर्तनसँग सम्बन्धित देखिन्छ। कतिपय अवस्थामा हिमाली जिल्लाका तल्लो क्षेत्रमा धान खेती सम्भव हुँदै जानु, स्याउ लगायत नगदेबाली प्रवर्द्धन हुँदै जानुले उत्पादनको अवस्थामा आएको परिवर्तनलाई सङ्केत गरेको छ।

व्यापारी र खाद्य संस्थानमार्फत निरन्तर करोडौँको खाद्यान्न आयात हुने क्रम बढ्दै जानुले यस जिल्लामा खाद्य सुरक्षामा जोखिम थपिएको देखिन्छ।

हिमाली जिल्लामा खाद्य सुरक्षाको सवाल

खाद्यान्न अभाव, भोकमरी र गरिबीका विषयमा प्रशस्त समाचार प्रकाशन हुँदै आएको भए पनि सम्बद्ध सरकारी निकायसँग यससम्बन्धी तथ्याङ्कहरूको एकीकृत सँगालो प्राप्त गर्न भने मुस्किल पर्छ। खाद्य अभाव र असुरक्षाको सरोकारलाई गरिबी र हिमाली जिल्लाको जीवनचक्रको दुःखको रूपमा बुझ्ने र त्यही अनुरूप व्याख्या गर्ने गरेको पाइन्छ। खाद्य सुरक्षाको विषय प्रत्यक्ष रूपमा जलवायु न्याय तथा वातावरण संरक्षणको प्रमुख सरोकार बन्नु पर्ने देखिन्छ।

जैविक विविधताको हिसाबले कर्णाली सबैभन्दा धनी छ। उच्च हिमाली क्षेत्रको हावापानीमा पाइने मध्ये सबैभन्दा बढी गुलियोपना भएको स्याउ हुम्लामा पाइन्छ। यहाँ रातो मार्सी, कागुनो,लट्टे, सिमी, मकै, कोदो, फापर, जौ, स्याउ, जडीबुटी, आलु, पिँडालु, चिनोलगायतका अन्न उत्पादन हुने गरेको छ। यहाँको जस्तो कृषि उत्पादनको विविधता अन्यत्र बिरलै भेटिन्छ।

एक ठाउँमा उत्पादन भएको अन्नबाली, फलफूल अर्को ठाउँ लैजान तीनदिन देखि चार दिन लाग्ने भएकोले यहाँका कृषकहरूले यसबाट लाभ लिन भने सकिरहेका छैनन्।

तीनैवटा तहका सरकारहरूले सञ्चालन गरिरहेका कृषि विकास कार्यक्रम अन्तर्गत कृषकलाई प्रोत्साहन दिने अनुदानका कार्यक्रमहरू आमजनताको पहुँचमा पुग्न सकेको देखिँदैन। सरकारी लक्ष्य योजनामा मात्र सीमित भएको देखिन्छ। जलवायु परिवर्तनको प्रभाव न्यूनीकरणका लागि परिचालन गरिने स्रोतहरूबाट हिमाली जिल्लाका कृषकले पर्याप्त लाभ लिन सकेको देखिँदैन्। ती स्रोतहरूको यथोचित परिचालनबाट रैथाने बालीहरू जोगाउन र संरक्षण गर्न सघाउ हुने अपेक्षा पूरा हुन नसकेको स्थानीय कृषकहरु बताउँछन्। खाद्य आनीबानी परिवर्तन भएर स्थानीय खानामाथि भएको हस्तक्षेपले हिमाली जिल्लाको खाद्य सम्प्रभुतामा परेको असरका कारण स्थानीय कृषकहरूको नागरिकको सामाजिक, आर्थिक र सांस्कृतिक अधिकार प्रभावित भएको छ।

हुम्लामा खाद्यान्न आयातको अवस्था

खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड शाखा, कार्यालय हुम्ला र यस अर्न्तगतका डिपो तथा बिक्री केन्द्रबाट वार्षिक रूपमा करिब ३० देखि ३२ हजार क्वीन्टल खाद्यान्नको खपत हुने गरेको छ। आर्थिक वर्ष ०७८-०७९ करिब २० करोड मूल्य बराबरको खाद्यान्न बिक्री भयो। आर्थिक वर्ष ०७६-७७ मा जिल्लाभर २४ हजार ९ सय २१ क्वीन्टल चामल बिक्री भएको खाद्य व्यवस्था तथा व्यापार कम्पनी, हुम्ला शाखाले जनायो। जिल्ला शाखा कार्यालय सिमकोट, श्रीनगर डिपो, सर्केगाड डिपो, छेप्रेला बिक्री केन्द्र, याँचु र याल्वाङ बिक्री केन्द्रबाट १५ करोड ६७ लाख ३४ हजार बराबरको चामल बिक्री भएको थियो।

यस जिल्लामा हालसम्म खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड शाखा कार्यालय, श्रीनगर र सर्केगाड डिपो कार्यालय, छप्रेला, बालुकुना, देउली, खार्पुनाथ, याल्वाङ र लिमी गरि जम्मा ६ ओटा बिक्री केन्द्र रहेका छन्। गत आर्थिक वर्ष ०७८-०७९ मा शाखा कार्यालयका लागि करिब ३१ हजार क्वीन्टल खाद्यान्न माग भएको भए तापनि शाखा कार्यालय हुम्लामा हवाई तथा स्थलमार्ग गरि जम्मा १४ हजार ७ सय २६ क्वीन्टल खाद्यान्न ढुवानी भएको थियो।

खाद्य उपभोगमा निर्भरताको आयाम

यस जिल्लाका ७ गाउँपालिका र ४४ वडाका विभिन्न भागमा करिब ८५ प्रतिशत भूभागमा खेती हुँदै आएको छ। 'पुसको हिउँ शिला, माघको हिउँ बिला, फागुनको हिउँ टिलाफिला' भन्ने आहान हुम्लामा प्रसिद्ध छ। स्थानीय कृषकले वर्षभरि खेतीपाती गर्छन् तर, उचित मूल्य पाउन सकेका छैनन्। गाउँबाट विभिन्न अन्नबाली सिमी, मकै, भटमास जस्ता अन्नहरू बजारमा बिक्री गर्ने गरेको भए पनि उनीहरूले लागत र परिश्रम बमोजिमको मूल्य नपाएको गुनासो गर्दै आएका छन्। स्थानीयस्तरमा हरेक कृषकले स्याउ, ओखर, आरु लगायतका फलफूलहरू उत्पादन गरे पनि बजार नहुँदा त्यसै खेर जाने गुनासो छ। हाल सञ्चारको पहुँच र जनचेतनाका कारण केही कृषकहरूले सीमित रूपमै भए पनि लाभ लिन थालेका छन्। सिमकोट गाउँपालिका-३ का छिरिङ लामाले फलफूल नर्सरी र तरकारीबाट बर्सेनी चारदेखि पाँच लाख रुपियाँसम्म आम्दानी गर्दै आएका छन्।

खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड शाखा कार्यालय, सिमकोटले २०७८ कात्तिक महिनामा दशैँमा कुहिएको जापानी चामल बिक्री गरेको थियो। शाखाको गोदामबाट २०७८ असोज १४ गतेदेखि नियमित रूपमा सिमकोट गाउँपालिका भित्रका नागरिकलाई डेढ वर्षदेखि बाँकी रहेर कुहिएको चामल बिक्री गरेको स्थानीयले गुनासो गरेका थिए। नाम्खा गाउँपालिका-६ को लिमी गाउँमा २०७७ कात्तिक महिनादेखि खाद्यान्नको अभाव भएपछि वडाध्यक्ष पाल्जोर तामाङ सहित स्थानीयहरू खाद्यान्नको जोहोका लागि सिमकोट शाखा कार्यालयलाई अनुरोध गरेका थिए। तर, पनि उक्त समस्या हल नभएपछि स्थानीय बासिन्दा चामलको पहलका लागि ०७७ मङ्सिर ६ गते काठमाडौँ पुगेर सरकारलाई अनुरोध गरेका थिए। आलु र उवा मात्रै उत्पादन हुने चीनसँग जोडिएको नाम्खा गाउँपालिकामा यतिखेर पनि खाद्यान्नको समस्या चुलिँदै आएको छ।

जलवायु परिवर्तन र खाद्य सुरक्षा

पछिल्लो समय जलवायु परिवर्तनका कारण वनपाखा र गाउँबस्तीमा कम हिमपात हुन थालेपछि हुम्ली किसानका सपनामा तुसारापात हुन थालेको छ। पहिले पहिले हुम्लामा अत्यधिक हिउँ पर्थ्यो। कर्णालीका हुम्ला, मुगु, डोल्पा, जुम्ला, कालीकोटका जिल्लाका पाखा, पखेरा, डाँडाकाँडा र हिमाल अत्यन्त सुन्दर र

मनमोहक देखिन्थे। जति बाक्लो हिउँ पर्थ्यो त्यति नै स्थानीय खाद्य बालीको उत्पादन बढ्थ्यो।

पछिल्लो समय जलवायु परिवर्तनको असर यहाँ पनि देखिन थालेको छ। कम हिउँ कम समयमै पग्लेर सकिन्छ। हिउँ पग्लेर सकिएपछि चैततिर जमिन निकै सुक्खा हुन्छ। उब्जनी कम हुन्छ। धुलो उड्न थाल्छ। त्यसैले पनि जति कम हिउँ पर्छ हुम्ली जनता त्यति नै बढी चिन्तित हुन्छन्। बाक्लो हिउँ परेपछि असोज महिनादेखि पुससम्म छरिने जेठासी बाली उवा, जौ र गहुँको उत्पादन राम्रो हुन्छ। यो समयमा जति बाक्लो हिउँ पर्छ, त्यति नै चैत, वैशाखतिर छर्ने सुरु हुने कात्तिके बाली कोदो, फापर, चिनो, मार्चे, लट्टे, भटमास, धान, सिमी, कागुनो, आलु आदिको उत्पादन राम्रो हुन्छ।

बालीनाली मात्र होइन, हुम्लीको जीवनबुटी मानिने यार्चागुम्बा, जटामसी, अत्तिस, र सेतो चिनीजस्ता बहुमूल्य जडीबुटीको उत्पादनमा पनि अहिले पर्ने हिउँको ठूलो योगदान देखिन्छ। पछिल्लो समय कर्णालीका हिमाली जिल्लामा जलवायु परिवर्तनका कारण पर्याप्त हिउँ पर्न छाडेको छ।

सदरमुकाम समेत रहेको सिमकोटमा खाद्यान्नको समस्या हुने गर्दथ्यो। यहाँ चिसो अत्यधिक हुने भएकाले अन्न उत्पादन निकै कम हुन्थ्यो। दुई बाली उत्पादन हुन समेत धौ धौ हुने गर्दा जीवन गुजारा गर्नलाई सास्ती हुन्थ्यो। सिमकोटमा अन्न उत्पादन न्यून हुने गरेपछि बिहान र बेलुकाको छाक टार्नका लागि जिल्लाका अन्न उत्पादन बढी हुने गाउँमा गएर चिनो, फापर, कोदो जस्ता अन्न किनेर ल्याउनु पर्दथ्यो।

२०२५ सालतिर सरकारलाई खाद्यान्न उपलब्ध गराउनका लागि अनुरोध गरियो। सिमकोटका लागि अन्न किन्ने सहज ठाउँ खार्पुनाथ गाउँपालिका-१ को लाली, सोही पालिका २ को थाली र ३ को राया गाउँ थियो। त्यहाँ सिमकोट गाउँपालिका भन्दा अन्न उब्जनीमा केही फरक थियो। त्यति मात्रै नभएर हुम्लाका स्थानीय अन्न लिन बाजुरा जिल्लाको रुघिन भन्ने गाउँमा जाने गर्दथे। सेतो चामलबाट बञ्चित भए पनि केही गाउँबस्तीमा प्रशस्त अन्न उत्पादन हुन्थ्यो। तर, सिमकोटमा माटोका कारणले अन्न प्रशस्त उत्पादन हुँदैन।

स्थानीयले नेपाल सरकारसँग अनुदानको खाद्यान्न पहलकदमी गरिसकेपछि हुम्लाका लागि खाद्यान्न कोटा स्वीकृत हुन थाल्यो। सरकारले खाद्यान्न ढुवानीका लागि हवाइजहाजको व्यवस्था गऱ्यो। २०२६ सालदेखि खाद्यान्न आयत हुन थाल्यो। नेपालगञ्जबाट ढुवानीका लागि हवाइ उडान भए पनि हुम्लाको सदरमुकाम, सिमकोटमा विमानस्थल थिएन। २०२६ सालको चैत महिनामा हवाइ जहाजले बजारको खाली चौरमा चामल खसाल्न खोजे पनि चामल सबै बजार क्षेत्र भन्दा बाहिर पऱ्यो।

बजार बाहिर भिरालो जमिनमा स्थानीयले लडीबुडी गर्दै गरेको चामलका बोरा समात्न पुगे। हुम्लामा खाद्यान्न आयात भयो। तर, जिल्लाका साविकका २७ वटा गाविस र हालको सातवटा गाउँपालिकाका गाउँबस्तीलाई पुग्न त के सदरमुकाम आसपासका स्थानीयले पनि पर्याप्त खाद्यान्न पाएनन्।

हुम्लामा खाद्यान्न आयात हुँदै गयो। जिल्लाका विभिन्न बस्तीमा डिपो र बिक्री केन्द्र स्थापना भए। सामान्य रूपमा ती डिपो र बिक्री केन्द्रमा पनि खाद्यान्न ढुवानी हुन थाल्यो। सामान्य रूपमा खाद्यान्न उपलब्ध भए पनि सिमकोटमा २०३८ सालमा पूनः ठूलो भोकमरी भएपछि जिल्ला बाहिरबाट सरकारले हवाइजहाजमार्फत मकै खरिद गरि यहाँका नागरिकलाई उपलब्ध गरायो। सरकारले उपलब्ध गराएको मकै खाँदा सिमकोटका दुई जनाको मृत्यु भयो।

नाम्खा गाउँपालिकामा सबै भन्दा बढी उत्पादन हुने गहुँ र आलु हो। यस क्षेत्रका स्थानीय बासिन्दा लामो समयदेखि चीनको ताक्लाकोटमा आवत जावत गर्ने गरेका छन। यस्तै आवज जावतका कारण स्थानीय बासिन्दाको खानपिनदेखि लत्ताकपडाको जोहो गर्न सजिलो हुन्थ्यो। प्रत्येक घरपरिवारको दुईदेखि तीनजना ज्यालादारीमा काम गर्थे। त्यही कमाएर ल्याएको नुन, चामल, आँटो र तेल घरपरिवारको सहारा बन्थ्यो। अझ विशेष गरेर नाम्खा गाउँपालिका-६ को लिमीका तीनवटा गाउँ हल्जी, तिल र जाङका स्थानीयवासीको ताक्लाकोटमै घरबास समेत हुने गरेको थियो। तर, पछिल्लो समय नाम्खाका नागरिक मात्रै नभई २०६० सालदेखि हुम्लाका अन्य ६ ओटा गाउँपालिकाका २५ प्रतिशत नागरिकहरू पनि ताक्लाकोटमा गएर कमाउन थाले।

हुम्लामा पर्याप्त खाद्यान्न उत्पादन नहुने भएपछि विदेशिनु पर्ने बाध्यता भयो। घरपरिवारको भोको पेट ढाक्नका लागि विदेशिएर कमाइ गर्ने बाटो पनि विगत तीन वर्षदेखि कोभिड-१९ का कारण बन्द भयो। जसकाकारण अझ थप समस्या लिमीका तीनओटा गाउँका स्थानीयलाई परेको छ। हिल्सा नाका बन्द भइसकेपछि उनीहरूलाई ताक्लाकोट जान बन्देज भयो। लिमीका तीनओटा गाउँमा उवा र आलु बाहेक अन्य

कुनै पनि अन्नबाली उत्पादन हुँदैन। त्यो पनि वर्षमा एकपटक मात्रै हुन्छ। तीनवर्ष देखि यहाँका नागरिकलाई जीवन जिउन समेत हम्मे हम्मे बन्दै आएको छ। सरकारले कहिलेकाहीं खाद्यान्न ढुवानी गर्छ तर, त्यो यहाँका बासिन्दालाई पर्याप्त हुँदैन।

हुम्लाको खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडबाट सिमकोट गाउँपालिकाका प्रत्येक नागरिकले खाद्यान्न पाउन निकै कठिन हुन्थ्यो। २०५५ देखि २०६८ सालसम्मको कुरा हो हुम्लाका नागरिकले खाद्य संस्थानबाट पाँच किलो चामल लिनका लागि नेपालीका ठूला पर्व तिहार, छठपर्व र पूर्णिमा पर्थ्यो।

कृषकले स्थानीयस्तरमा उत्पादन गर्न छोडेर सेतो भातको मुख ताक्न शुरु गरे। समयमै खाद्यान्न ढुवानी नभएकै कारण परनिर्भर बन्न वाध्य हुँदै आएका स्थानीयलाई अहिले त आफ्नो स्थानीय अन्न उत्पादन गर्ने जाँगर चल्न पनि छोडेको देखिन्छ। जिल्लामा पर्याप्त खाद्यान्न ढुवानी हुन सकेको पनि देखिँदैन। २०७२ सालदेखि चामल लिन कुपन बनाउनुपर्ने व्यवस्था गरियो। कुपन लिनुपर्दा स्थानीय तहलाई एउटा कुपनको २ सय रुपियाँ बुझाउनु पर्दथ्यो। अहिले पनि वडा कार्यालयले एउटा कुपनको १ सय रुपियाँ लिने गरेको छ। पछिल्लो समय शाखा कार्यालय बाहेक जिल्लाका हरेक डिपो र बिक्री केन्द्रबाट खाद्यान्न बिक्री समेत हुन सकेको छैन।

निष्कर्ष र सुझाव

निष्कर्ष

हुम्लामा एउटा बाली तयार हुन वर्ष दिन लाग्दछ। १२ महिना काम गरे पनि आन्तरिक उत्पादनले केवल ६ महिना मात्र धान्न सकिने अवस्था छ। तर, घरेलु मदिरा बनाउनका लागि अत्यधिक खाद्यान्न प्रयोग गर्ने गरिएको पाइन्छ। चामल लगायतका खाद्यान्न आयतका लागि ढुवानीको जिम्मा लिएका हवाइ कम्पनी र ठेकेदारले समयमै खाद्यान्न ढुवानी गर्दैनन् र मौसम समेत प्राय : प्रतिकूल हुने गर्दछ। त्यसैले परम्परागतरूपमा उत्पादित स्थानीय खाद्यान्नको उपभोग नगरी स्थानीय बासिन्दा आयातित चामलमा भर पर्दै जान थालेका छन्।

यहाँका स्थानीय युवाहरूमा कृषि पेशाप्रति आकर्षण रहेको देखिँदैन्। मल, बीउ, औजार, आदि सहज रूपमा उपलब्ध हुँदैनन् र सीमित रूपमा उत्पादित कृषि उपजले पनि बजार पाउँदैन। त्यसैगरी जमीन खण्डीकृत भएकाले उत्पादन अधिक हुने कुरै भएन। प्रत्येक वर्ष जिल्ला कृषि विकास कार्यालयमार्फत आउने अनुदान व्यवसायिक कृषक भन्दा पनि पहुँचवालाले पाउने गरेका छन्। अनुदानको कार्यक्रममा पारदर्शिता कायम भएको देखिँदैन। जलवायु परिवर्तनको असरले अनाज उत्पादन झन झन घट्दै गएको छ। त्यही कारण आयातमुखी उपभोक्तावादी संस्कृति मौलाउँदै गएको छ।

सुझावः तत्कालीन र दीर्घकालीन

तत्काल कार्यान्वयन गर्नुपर्नेः

- हुम्ला लगायतका हिमाली जिल्लाहरूमा विद्यमान खाद्य सङ्कट अन्त्यका लागि तत्काल नेपाल सरकारको पहलमा एक विशेष कार्यदल बनाइ कार्य प्रारम्भ गर्ने।
- स्थानीय उत्पादन र बजारको पहुँचबाट खाद्यान्न प्राप्त भई नागरिकको पहुँच नभएसम्म अनुदानको व्यवस्था प्रभावकारी रूपमा कायम गर्ने, ढुवानी र वितरण प्रभावकारी बनाउने।
- खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड, हुम्ला शाखाले वार्षिक रूपमा बिक्री गर्दै आएको खाद्यान्न खपतका विषयमा सार्वजनिक सुनुवाइ हुनुपर्ने।

दीर्घकालीनरूपमा कार्यान्वयन गर्नुपर्ने

- जलवायुमा आएको परिवर्तनको प्रकोपको असरबाट खाद्य सुरक्षाको प्रत्याभूति गर्न राष्ट्रिय र अन्तर्राष्ट्रिय रूपमा एक दीर्घकालीन योजना बनाउने।
- हाल उपभोक्तावादको असर स्वरुप मानिसमा बदलिएको खाद्य स्वभाव (फुडहृयाविट) परिवर्तन गर्न स्थानीय उत्पादनको महत्वबारे व्यापकरूपमा जनचेतना जगाउने।
- दीर्घकालीनरूपमा हुम्लाबासीलाई खाद्यान्न परनिर्भरताको दुष्चक्रबाट मुक्त गर्न कर्णाली र छिमेकी प्रदेशहरूले प्रभावकारी योजना तर्जुमा र कार्यान्वयन गर्ने।

सन्दर्भ सामग्री

१. कृषि विकास कार्यालयको तथ्याङ्क
२. खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड शाखाबाट तथ्याङ्क
३. जिल्ला समन्वय समितिका स्रोत तथ्याङ्क
४. जिल्ला प्रशासन कार्यालय, हुम्ला तथ्याङ्क
५. लिर्वड संस्थाको तथ्याङ्क

३.६ यार्सागुम्बाका कारण हुने बसाइसराइले बालबालिकामा पारेको असर

पृष्ठभूमि

वातावरण विनाश, कम उब्जनी हुने जमिन, भौगोलिक विकटता, बाढीपहिरो, भूकम्प र विभिन्न प्राकृतिक प्रकोपहरूबाट प्रभावित भई जीविका एवम् आयआर्जनका सम्भावनाहरूले हिमाली क्षेत्रबाट हुने बसाइसराइको हालैका वर्षहरूमा प्रचलित बनेको छ। गर्मीयाममा लेकहरूमा बसाइँ सर्ने परम्परागत प्रचलन थियो। तर, हालैका दशकहरूमा चिसोयाममा उच्च भूभागतर्फ यार्सागुम्बा सङ्कलन गर्न मौसमी बसाइसराइ गर्ने अभ्यास बढ्दै गएको देखिन्छ।

यार्सागुम्बाको सङ्कलनका क्रममा हिउँदमा तीन महिनासम्म हुने बसाइसराइले बालबालिकाको शारीरिक मानसिक विकासका साथै पठनपाठनमा समेत नकारात्मक असर पर्ने गरेको छ। यार्सागुम्बाको सङ्कलन गर्न हिमाली क्षेत्रमा बसाइ सर्नेहरूको आधारभूत अधिकार रक्षा हुन नसकेका कारण मृत्यु र अन्य दुष्चक्रमा नागरिक अधिकार पिल्सिएका यथार्थ हाम्रो सामु देखिएका छन्। आजका बालबालिका भोलिका भविष्य जसको शिक्षा, स्वास्थ्य तथा सर्वाङ्गीण विकासको सुनिश्चितता नगरी मौसमी रूपमा उनीहरूलाई समेत संग्लन गराएर गरिने यस प्रकारको बसाइसराइको निरन्तरताले नकारात्मक प्रभाव परेको छ।

नेपालको संविधान २०७२ ले प्रत्येक नागरिकलाई आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क पाउने व्यवस्था गरेको छ। तर, आर्थिक दूरावस्थाले यहाँका बालबालिकाहरू विद्यालय अध्ययन गर्न र घरायसी आवश्यकता पूर्ति गर्नकै लागि यार्सागुम्बा टिप्न मौसमी बसाइसराइ गर्न बाध्य हुनु परेको छ। राज्यले यार्सागुम्बा व्यवस्थापन सङ्कलन तथा ओसारपसार निर्देशिका २०७३ जारी गरेको छ। यो निर्देशिकाले नागरिकता नपाएका बालबालिकालाई यार्सागुम्बा सङ्कलनमा रोक लगाएको भएता पनि ऐनको प्रभावकारी कार्यान्वयन नहुँदा बालबालिका हरेक वर्ष जोखिमपूर्ण बालश्रममा पर्दै आएका छन्। बालबालिकासँगै तीन महिनाका लागि लेकतर्फ बसाइँसराई गर्ने दार्चुला जिल्लाको अपिहिमाल गाउँपालिका र व्यास गाउँपालिकामा यार्सागुम्बाको सङ्कलनको क्रममा अभिभावकसँगै बालबालिकासमेत प्रत्यक्ष रूपमा सहभागी हुँदै आएको सन्दर्भलाई मध्यनजर गरेर यस अध्ययनमा त्यस क्षेत्रमा रहेका बालबालिकाको अधिकारमा परेको प्रभावको अध्ययन गर्ने उद्देश्यले इन्सेकले यो अध्ययन गरेको छ।

मौसमी बसाइँसराइका कारण हिमाली क्षेत्रका विद्यालयहरूमा वार्षिक क्यालेन्डर अनुसार पठनपाठन हुन सकेको देखिँदैन। आर्थिक उपार्जनकै लागि जिल्लाका दुई ओटा स्थानीय तह अपिहिमाल र व्यास गाउँपालिकाका २ हजार ४४ छात्र सहित ४ हजार ५ सय ४९ जना बालबालिकाको पठनपाठनमा प्रत्यक्ष अवरोध पुग्ने गरेको अपिहिमाल गाउँपालिका शिक्षा शाखाका प्रमुख बिरेन्द्र साउदले बताए। यार्सागुम्बाको सङ्कलन गरी लेकबाट फर्किएपछि स्वास्थ्य जाँच नहुनु, पठनपाठन पूरा गर्न स्थानीय सरकारले घुम्ती विद्यालय वा अतिरिक्त कक्षा प्रभावकारी सञ्चालन गर्न नसक्नु थप चुनौतीका रूपमा रहेको छ।

यो अध्ययन दार्चुला जिल्लाका अपिहिमाल र व्यास गरी दुई ओटा गाउँपालिकामा केन्द्रित गरिएको छ। अध्ययनका क्रममा प्राथमिक र द्वितीय श्रोतबाट प्राप्त जानकारीहरू समावेश गरिएको छ। अध्ययनबाट प्राप्त तथ्याङ्क र तथ्यको विश्लेषण र प्रस्तुति, अध्ययन प्रतिवेदन, सञ्चार माध्यममा प्रकाशित समाचार, जिल्ला प्रहरी कार्यालयको तथ्यतथ्याङ्क, अपीनाम्पा संरक्षण क्षेत्रको तथ्याङ्क, स्थानीय तहका शिक्षा शाखाको अभिलेखको अध्ययनका आधारमा विश्लेषण गरिएको छ। अध्ययनका क्रममा यहाँका स्थानीय समुदाय, स्थानीय तहका प्रमुख, शिक्षा शाखाका प्रमुखसँगको अन्तरक्रिया, छलफल र सरोकारवाला पक्षहरूसँग सम्बाद, अन्तर्वार्ता र प्रश्नोत्तर गरी दार्चुला जिल्लास्थित हिमाली क्षेत्रका बालबालिकाहरूको शिक्षाको अधिकार र मौसमी बसाइँसराइले बालबालिकाको शिक्षामा पारेको प्रभावको अवस्था विश्लेषण गर्ने प्रयास गरिएको छ।

यार्सागुम्बा सङ्कलनको मौसमी यात्राः बाल अधिकार संरक्षणमा थपिएको चुनौती

नेपाल बालबालिकासम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिको पक्ष राष्ट्र भएको सन्दर्भ र नेपालको संविधानको धारा ३९ को उपधारा २ र ४ मा बालबालिकाको हकको प्रत्याभूत गरिएको अवस्थामा बाल अधिकारका आधारभूत पक्षहरू (संरक्षण, विकास, सहभागिता, जीवन अधिकार) प्रति राज्य जबाफदेही हुन जरुरी छ। धारा ३९ को उपधारा २ मा प्रत्येक बालबालिकालाई परिवार र राज्यबाट शिक्षा, स्वास्थ्य, पालनपोषण, उचित स्याहार, खेलकुद, मनोरञ्जन तथा सर्वाङीण विकासको अधिकार र उपधारा ४ मा कुनै पनि बालबालिकालाई कलकारखाना, खानी, वा यस्तै अन्य जोखिमपूर्ण काममा लगाउन नपाइने व्यवस्था गरिएको छ। तर, दार्चुला जिल्लाका हिमाली क्षेत्रका बालबालिकाले यी अधिकारहरूको उपभोग गर्न पाएका छैनन्। उनीहरू विद्यालय जान छोडेर ज्यान जोखिममा पारेर यार्सागुम्बाको सङ्कलनका लागि अभिभावकहरूसँगै लेक जाने र त्यसक्रममा ज्यानसमेत गुमाउनु परेको अवस्था छ।

नौगढ गाउँपालिका-४ का रघुवीरसिंह धामीका छोरा कक्षा १२ मा अध्ययनरत महेशसिंह धामीको बुबासँगै अपिहिमालको लोलुमा यार्सागुम्बा सङ्कलन गर्न गएको बेला २०७८ जेठ २३ गते भिरबाट लडेर मृत्यु भयो। उनी पढाइ खर्च जुटाउन भनेर लोलुमा पुगेका थिए। अपिहिमाल गाउँपालिका-३ काटैकाकी ४ छोरी र १ छोराकी आमा जयमती कार्कीको २०७८ जेठ १७ गते गाउँ नजिकैको मिच्छा वनमा यार्सागुम्बाको सङ्कलनको क्रममा भीरबाट लडेर मृत्यु भयो। उनी यार्सागुम्बा खोज्न जेठ १० गते मात्रै पाटन पुगेकी थिइन्। अपिहिमाल गाउँपालिका-५ का चुन्धरी धामीको सातगंगा वनमा यार्सागुम्बाको सङ्कलनको लागि गएको बेला २०७८ जेठ पहिलो साता पाटन मै मृत्यु भयो। सामान्य पेट दुख्ने बिरामी धामीको औषधीउपचार नपाउँदा ज्यान गएको थियो। अपिहिमाल गाउँपालिका-४ का मोहनसिह ठेकरे ०७८ जेठ पहिलो साता हिउँ पहिरोमा परेर बेपत्ता भए। जसले गर्दा आश्रित बालबालिकाको लालनपालन र अधिकार सुरक्षामा गम्भीर चुनौती सृजना भयो।

यार्सागुम्बाको सङ्कलन गर्न गएका अपिहिमाल गाउँपालिका-३ का १५ वर्षीया ववि‍ना धामी, १८ वर्षीय मिसन बोहरा, मार्मा गाउँपालिका वडा नम्बर ४ का २० वर्षीया धाना महता अपिहिमालको धरमघर र घट्टेखोलामा यार्सागुम्बा खोज्दै गर्दा २०७६ जेठ पहिलो साता लडेर घाइते भएको जिल्ला प्रहरी कार्यालय, दार्चुलाको तथ्याङ्कमा उल्लेख छ। जिल्ला प्रहरी कार्यालयका अनुसार यार्सागुम्बा सङ्कलनका क्रममा २०७३ मा एक जनाको मृत्य र एक जना घाइते, ०७६ सालमा चार जनाको मृत्यु र १० जना घाइते, ०७७ सालमा दुई जनाको मृत्यु भयो। व्यास गाउँपालिकाका दानसिंह विष्टले यार्सागुम्बाको सङ्कलनको क्रममा हिउँ पहिरोमा परेर, खोला तर्ने क्रममा मान्छेको ज्यान जाने, बेपत्ता हुने गरेको र यार्सागुम्बाको सङ्कलन गर्न गएकाहरूको स्वास्थ्य परीक्षण हुन नसक्दा समस्यामा पर्ने गरेको बताउनु हुन्छ।

यार्सागुम्बा र जडिबुटी सङ्कलनको क्रममा अधिकांश बालबालिकालाई प्रोत्साहन गरिने गरेको पाइन्छ। वयस्क र वृद्ध भन्दा बालबालिकाका तेजिला आँखा र फुर्तिलो शरीरले सहजै यार्सागुम्बा देख्नुका साथै छिटो भेट्टाउने भएपछि अभिभावकले बालबालिका आफैसँग लिएर जाने गर्दछन्। तीन महिना यार्सागुम्बा सङ्कलन गर्दा वर्षभरी घरखर्च चलाउन सहज हुने भएकोले अभिभावकहरूले सबै परिवार आफूसँगै लेकमा लैजाने गरेको पाइन्छ। यार्सागुम्बा सङ्कलन गर्ने समयमा यस क्षेत्रका सबै विद्यालयहरू त्यसै पनि एक महिनासम्म बिदा हुने र अरु दुई महिना समेत उनीहरू विद्यालय बाहिर हुने भएकोले पढ्न पाउने अधिकारबाट वञ्चित हुनु परेको छ।

शिक्षामा प्रभाव

हिमाली क्षेत्रका स्कुल जाने विद्यार्थी तथा शिक्षण कार्यमा संलग्न शिक्षक समेत यार्सागुम्बाको मौसममा करिब दुई/ तीन महिनाका लागि स्कुलहरू नै बन्द गरी यार्सागुम्बा सङ्कलन गर्न जाने गरेका कारण प्रत्यक्ष रूपमा बालबालिकाको पठनपाठनमा प्रतिकूल असर पर्ने गरेको अध्ययनका क्रममा पाइयो। यार्सागुम्बा चिन्न ज्यादै कठिन हुने र यस्तो कामका लागि ज्येष्ठ नागरिकभन्दा बालबालिकाहरूको तेजिलो दृष्टिका कारण बढी सक्षम हुने भएकाले स्कुल जाने बालबालिकाहरू उल्लेख्य सङ्ख्यामा यार्सागुम्बा सङ्कलनमा सामेल हुने गरेको पाइयो। यस कार्यले तत्कालका लागि परिवारको आयआर्जनमा वृद्धि हुने भए पनि बालबालिकाको शिक्षामा प्रतिकूल प्रभाव पर्ने गरेको छ।

सामाजिक व्यवहार

यार्सागुम्बाको सङ्कलन तथा बिक्री वितरणमा संलग्न स्थानीय बासिन्दाहरूको आयआर्जनमा केही सहजतासँगै मादक पदार्थको सेवन, र जुवातास खेल्ने प्रवृत्ति बढेको सम्बन्धित सरोकारवालाहरूको भनाइ रहेको छ। यसप्रकार यार्सागुम्बाबाट प्राप्त आम्दानी उत्पादनशील गतिविधिमा लगानी गर्नुको सट्टा मादक पदार्थ सेवन, जुवातास र खानपिनमा नै बढी खर्च हुनुले भविष्यमा यहाँका नागरिकको जीविकोपार्जनमा ठूलो समस्या पर्नसक्ने देखिएको छ। यसको नकारात्मक असर परिवार तथा बालबालिकाहरूको समग्र विकास र व्यवहारमा पर्ने देखिएको छ।

स्वास्थ्यमा असर

हिमाली क्षेत्रको चिसो मौसमले यार्सागुम्बा सङ्कलनमा जाने मानिसको स्वास्थ्यमा प्रतिकूल प्रभाव पर्ने गरेको पाइन्छ। आर्थिक प्रलोभनका कारण दम, बाथ, ब्लडप्रेसर लगायतका स्वास्थ्यसम्बन्धी समस्याहरू भएका मानिससहित बालबालिकासमेत यार्सागुम्बा सङ्कलनको लागि जाने हुँदा यसले स्वास्थ्य स्थितिमा थप समस्या आउने गरेको छ।

सुरक्षामा चुनौती

यार्सागुम्बाको सङ्लनका क्रममा देखिएको समस्याहरूमा बालबालिकाको शान्ति सुरक्षा तथा संरक्षणको समस्या पनि एक हो। यार्सागुम्बा सङ्कलनका क्रममा झैझगडा तथा द्वन्द्वले कहिलेकाहीं हिंसात्मक रूप लिँदा मानिसहरूको ज्यानैसमेत जाने गरेको छ। यसको प्रभाव यार्सागुम्बा सङ्कलनमा सहभागी बालबालिकाहरूको मानसिक तथा शारीरिक सुरक्षामा परेको स्थानीयहरूले प्रतिक्रिया दिएका छन्।

सरोकारवालाको भनाइ

व्यास गाउँपालिकाका अध्यक्ष मङ्गलसिंह धामीका अनुसार व्यास गाउँपालिका-२ र ३ का सबै विद्यालय यार्सागुम्बा टिप्ने मौसममा बन्द हुने गरेका छन्। मुख्य आयस्रोत यार्सागुम्बा सङ्कलन नै हुन गएका कारण बालबालिकालाई अभिभावकले नै सँगै लिएर जाने गरेको देखिन्छ। पाटन क्षेत्रमा यार्सा टिप्ने मौसमा पठनपाठन पूरै अवरुद्ध हुने गरेको छ। गाउँ फर्किएपछि पनि वर्षा लगायतका कारणले अतिरिक्त कक्षा तथा घुम्ती विद्यालय सञ्चालन गर्ने गरिएको छैन।

अपिहिमाल गाउँपालिकाका अध्यक्ष, भगतसिंह ठेकरे बोहराका अनुसार अपिहिमाल गाउँपालिकाको वडा नम्बर १, २, ३, ४ र ६ का अधिकांश बालबालिका यार्सागुम्बा सङ्कलनमा जाने गर्छन्। बालबालिकासँगै केही शिक्षकहरू समेत यार्सागुम्बा सङ्कलनमा जाने गरेका छन्। यार्सागुम्बाकै कारण यहाँका नागरिकको आयस्रोत बढेको हो। एकाएक यसलाई बन्द गर्दा पनि आर्थिक श्रोत उपार्जनको बाटो रोकिन्छ। बालबालिका यार्सागुम्बा सङ्कलनका लागि कामकाजी हुने हुँदा अभिभावकले आफूसँगै लिएर जाने गर्छन्। विगतमा यार्सागुम्बा सङ्कलनको क्रममा बाटोमा लडेर घाइते हुने, भीरबाट लड्ने जस्ता घटना भएका छन्। झण्डै एक महिना विद्यार्थीको पढाइ अवरोध हुने गरेको छ। हामीले शिक्षकहरूलाई छुटेको कोर्ष पूरा गराउनतर्फ विद्यालयको कक्षा बढाउन भनेका छौं। छुट्टै कक्षा लिन सकिँदैन। तर, थप कक्षा लिएर पाठ्यक्रम पूरा गराउनेतर्फ हामीले भूमिका खेलेका छौं।

शिक्षा विकास तथा समन्वय इकाईका प्रमुख जयराज पन्तका अनुसार हिमाली क्षेत्रमा दशकौंदेखि यार्सागुम्बा सङ्कलन भइरहेको छ। यार्सागुम्बा सङ्कलनको समयमा हाम्रा बालबालिकाहरू पनि जाने गरेका छन्। हामीले हाम्रो तर्फबाट सकेसम्म विद्यालय बन्द गर्नु हुँदैन। विद्यार्थीको पढाइ प्रभावित हुन्छ। सिकाइ प्रक्रिया पूरा गर्न सक्दैनन् भनेर विगतदेखि नै विद्यालयलाई निर्देशन दिँदै आएका छौं। तर, पूर्ण रूपमा कार्यान्वयन हुन सकिरहेको छैन। यार्सागुम्बाकै कारण शहरका विद्यार्थी भन्दा गाउँका विद्यार्थीको पढाइस्तर कमजोर हुने गरेको छ। एक महिना हुने विद्यालय बन्दलाई अरु बेलामा थप पढाउन सकिन्छ।

गोपालसिंह धामी, अपिहिमाल गाउँपालिकाका गोपालसिंह धामीका अनुसार यार्सागुम्बा, खिराउलो, पाँचऔंले, कटुकी , सतुवा खोज्न थालेपछि स्थानीयको दैनिकी परिवर्तन भयो। छोराछोरी पढाउन थाले। तीन महिना कडा मेहनत गरेर वर्षभरीको जोहो हुन थाल्यो। बिरामी हुँदा स्वास्थ्य उपचार गराउन सक्ने भए। हिमाली क्षेत्रको जडिबुटीले यहाँका नागरिकको दिनचर्यामा फेरबदल गरिदिएको छ। योसँगै बालबालिकाको पठनपाठनमा नकारात्मक प्रभाव पनि परेको छ।

निष्कर्ष

हिमाली जिल्लाका जनताको जीवनयापन

व्यवस्थित हुन नसक्नु र आर्थिक रूपमा सम्पन्न नहुनु पनि मौसमी बसाईसराइको प्रमुख कारण देखिएको छ। हिमाली क्षेत्रमा बसोबास गर्ने नागरिकहरूको अन्य आयस्रोत नभएपछि उनीहरू जडिबुटी सङ्कलन कार्यलाई प्राथमिकता दिने गरेका छन्। आर्थिक उपार्जनकै मुख्य स्रोतका रूपमा रहेको यार्सागुम्बा तथा बहुमूल्य जडिबुटी सङ्कलनका क्रममा अभिभावकहरूले नै बालबालिकालाई सँगै लेकतर्फ लैजाने गरेका छन्। हिमपात हुने क्षेत्रका बासिन्दाहरू बेसी तथा तराईका क्षेत्रमा बसाइसराइ गर्ने गरेका छन्। हिमाली क्षेत्रका विद्यालयहरूको पठनपाठनलाई थप प्रभावकारी बनाउनका लागि घुम्ती विद्यालय सञ्चालन गरिने व्यवस्था भए पनि प्रभावकारी रूपमा सञ्चालन हुन सकेको छैन। अतिरिक्त कक्षाहरू सञ्चालन गर्ने गरिएको छैन। यहाँका नागरिकहरूका लागि रोजगारीका अवसरहरू सृजना भएको पाइँदैन। यस्तै कारणले गर्दा उनीहरू बसाइँसराई गर्न बाध्य हुनु पर्ने र यसको नकारात्मक प्रभाव बालबालिकाको शिक्षा र स्वास्थ्यमा पर्ने गरेको छ।

सुझावहरू

(क) अल्पकालीन रूपमा कार्यान्वयन गर्नु पर्ने

- यार्सागुम्बा सङ्कलनका लागि जाने बालबालिकाहरूका स्वास्थ्य र शैक्षिक चुनौतीहरूबारे अभिभावक सचेतना कार्यक्रम सञ्चालन हुनुपर्दछ। बालबालिकाको भविष्य बनाउने महत्वपूर्ण जिम्मेवारी अभिभावकको हुने भएकाले यो समस्या समाधानका लागि पहिलो चरणमा अभिभावकहरू नै सचेत हुनु पर्दछ। साथै, स्थानीय तहबाट गर्न सकिने सहयोग र पहलमा कुनै कमी हुन दिनु हुँदैन।
- अर्को व्यवस्था हुन नसक्दा अभिभावकसँगै यार्सागुम्बा सङ्कलनमा जाने बालबालिकाका लागि न्यानु कपडा, अस्थायी स्वास्थ्योपचारका व्यवस्था, घुम्ती र अतिरिक्त शिक्षाको विशेष व्यवस्था हुनु उपयुक्त देखिन्छ।

(ख) दीर्घकालीन रूपमा कार्यन्वयन गर्नु पर्ने

- हिमाली क्षेत्रमा बसोबास गर्दै आएका स्थानीयहरूको आर्थिक उपार्जनका लागि तीनै तहका सरकारहरूले रोजगारीका अन्य अवसरहरू सृजना गर्नु पर्छ।
- आर्थिक अवस्था कमजोर भएका परिवारका बालबालिकाका लागि संवैधानिक व्यवस्था बमोजिम अनिवार्य र निःशुल्क शिक्षाका कार्यान्वयन गर्न विशेष छात्रवृति कार्यक्रम स्थानीय तहबाट सञ्चालन गर्नु पर्छ।
- हिमाली क्षेत्रमा हुने मौसमी बसाइँसराईका कारण वार्षिक शैक्षिक कार्यतालिका अनुसार समयमा नै पठनपाठन क्रियाकलाप सम्पन्न नहुने भएकोले घुम्ती विद्यालय र अतिरिक्त कक्षाहरू सञ्चालन गर्न गराउनु पर्छ।
- तीनै तहका सरकारले हिमाली क्षेत्रका बासिन्दाहरूको स्वास्थ्य अधिकारको सुनिश्चितताका लागि सहज पहुँच हुने गरी सुविधायुक्त स्वास्थ्य चौकी तथा अस्पताल सञ्चालन गर्नु पर्छ।
- अपिनाम्पा संरक्षण क्षेत्र कार्यालयले यार्सागुम्बा व्यवस्थापन सङ्कलन तथा ओसारपसार निर्देशिका २०७३ मा नागरिकता भएका व्यक्तिहरू मात्रै यार्सागुम्बा सङ्कलन गर्न जान सक्ने व्यवस्था गरेकोले यस व्यवस्थालाई पूर्ण रूपमा कार्यान्वयन गरी बालबालिकाको मौसमी बसाइसराईलाई रोक्नु पर्छ।

सन्दर्भ सामग्री

१. जिल्ला प्रहरी कार्यालय, दार्चुलाको तथ्याङ्क
४. अपिहिमाल र व्यास गाउँपालिका शिक्षा शाखाको तथ्याङ्क
५. यार्सागुम्बा व्यवस्थापन (सङ्कलन तथा ओसारपसार) निर्देशिका २०७३
६. यार्सागुम्बाले नेपाली अर्थतन्त्रमा पारेको प्रभाव अध्ययन प्रतिवेदन-२०७२ नेपाल राष्ट्र बैंक अनुसन्धान विभाग

सन् २०२२ र मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका तथ्यहरू

उल्लेख गर्नैपर्ने केही कुरा

१. 'यो वर्ष' भन्नाले सन् २०२२ (२०७८ पुस १७ गतेदेखि २०७९ पुस १६ गतेसम्म) बुझ्नुपर्छ। यदाकदा घटनाले मागेका ठाउँमा बाहेक यस पुस्तकमा यो अवधिको सीमा नाघ्ने प्रयास भएको छैन । यसमा उल्लिखित घटनाहरू सबैजसो कार्यक्षेत्रमै गएर लिइएका जानकारीमा आधारित छन् । जसलाई प्रहरी, पीडित, आरोपित, न्यायिक आदि क्षेत्रद्वारा पुष्टि गर्ने प्रयास भएको छ।

२. नेपालले अनुमोदन गरेका मानव अधिकारसम्बन्धी विभिन्न अन्तर्राष्ट्रिय महासन्धिहरूमध्ये ठूला ६ ओटा (ICCPR, ICESCR, CAT, CEDAW, CRC, CERD) का आधारमा शीर्षकहरू विभाजन गरी जिल्लागत रूपमा तथ्याङ्क एवम् विवरण प्रस्तुत गरिएको छ।

३. मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनाहरूको तथ्य–तथ्याङ्कलाई दुई प्रकारमा वर्गीकरण गरिएको छ :
   (क) राज्यपक्षबाट भएका मानव अधिकार उल्लङ्घनका घटनालाई राज्यपक्षको तर्फबाट भनी समावेश गरिएको छ।
   (ख) राज्यपक्षभन्दा बाहेकबाट भएका मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनालाई अन्यपक्षबाट भनी समावेश गरिएको छ। अन्यपक्ष भन्नाले विभिन्न सशस्त्र समूह, अज्ञात पक्ष, राजनीतिक दल, परिवारजन आदिलाई बुझाउँछ। त्यसको विस्तृत विवरण अनुसूची २ मा रहेको तथ्याङ्कमा दिइएको छ । सामान्यतः व्यक्तिगत हत्याका घटनालाई विवरणमा नदिई तथ्याङ्कमा मात्र समावेश गरिएको छ।

४. पुस्तकमा उल्लेख गरिएका स्थानीय तहका नाममा केही त्रुटी हुन सक्छन् । त्रुटी भएका नामहरू बारे प्रवुद्ध पाठकबाट सुझाव आउने नै छ।

५. अभिव्यक्ति/भेला हुने र सङ्गठित हुने अधिकारअन्तर्गतका तथ्याङ्क तत्काल घटनास्थलमा गिरफ्तार गरिएका र सामान्य चोटपटक लागेका पीडितहरूको मात्र तथ्याङ्क हो।

६. न्यायिक/अर्धन्यायिक निकाय, सञ्चारमाध्यम, प्रत्यक्षदर्शी आदिबाट प्राप्त सूचनालाई पुष्टि भएपछिमात्र उल्लेख गरिएको छ। कतिपय घटना इन्सेकको जानकारीमा आए पनि पुष्टि नभएकाले प्रकाशन गर्न सकिएन।

७. कारागारका बन्दी र कैदीको सङ्ख्या वर्षको अन्तिम (२०७९ पुस दोस्रो साता) को हो।

८. शिक्षा, स्वास्थ्य, न्यायालय, कारागारसम्बन्धी जानकारी जिल्लास्थित सम्बन्धित कार्यालयका अधिकारीबाट लिइएका हुन्।

९. महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्र भन्नाले जिल्ला प्रहरी कार्यालयमा हुने पृथक निकाय हो।

१०. पुर्पक्षका लागि थुनामा पठाइएको भन्नुको मतलव मुद्दा जारी छ भन्ने हो। तारिखमा वा धरौटीमा रिहा गरिएको भन्नुको मतलव पनि मुद्दा टुङ्गिएको छैन भन्ने हो।

११. बलात्कार, यौन दुर्व्यवहार, बलात्कार प्रयासका घटनामा बालिका र महिलाको नाम र ठेगाना उल्लेख गरिएको छैन भने विवरणहरू दिँदा पनि सकभर पीडित नचिनियुन् भन्नेतर्फ सतर्कता अपनाइएको छ।

१२. जिल्लामा मानव अधिकारका दृष्टिले सबैभन्दा बढी खड्किएको विषयलाई उठान गर्ने जमर्को गरिएको छ ताकि सरोकारवालाको त्यसमा ध्यान पुगोस्।

१३. इन्सेक प्रतिनिधिको जानकारीमा नआएका मानव अधिकार उल्लङ्घनका घटना यसमा समावेश छैन।

१४. नेपालको संविधानले नै १८ वर्षभन्दा मुनिकालाई बालबालिका मानेकाले यो पुस्तकले पनि १८ वर्षमुनिकालाई बालबालिका मानेको छ।

१५. स्वास्थ्य संस्था, विद्यालय, न्यायालय आदिमा दरबन्दीअनुसार कार्यरत भएकालाई भन्दा रिक्त अवस्थालाई जोड दिइएको छ किनकि यस्तो अवस्थाले मानव अधिकार प्राप्तिमा सोझै अवरोध सिर्जना गर्छ।

१६. सीमान्तकृत दलित समुदायलाई राज्यले उपलब्ध गराउने छात्रवृत्ति र अपाङ्गता भएका व्यक्तिलाई पढ्ने वातावरण उपलब्ध भए/नभएकोलाई विशेष स्थान दिइएको छ ताकि सेवाग्राही र प्रदायक दुवैलाई यस विषयमा मिलेर जान सहज हुन सकोस्।

१७. विस्थापन, संरचना/सम्पत्ति क्षति भएका घटनाहरूलाई आर्थिक, सामाजिक र सांस्कृतिक अधिकार शीर्षकअन्तर्गत समावेश गरिएको छ।

१८. स्थानीय बोली, भाषा र लय आदिजस्ता कारणले गर्दा कतिपय व्यक्ति र ठाउँको नाममा केही फरक पर्न गएको हुनसक्छ। यस्तो भेटिएको खण्डमा जानकारी दिनु हुन हामी सबैमा हार्दिक अनुरोध गर्दछौँ।

१९. जिल्लाको जनसङ्ख्या विवरण २०७८ को जनगणनाको प्रारम्भिक नतिजाबाट लिइएको छ। त्यसबाहेकका विवरण जस्तै परिवार सङ्ख्या, आश्रित जनसङ्ख्या, केन्द्रीय तथ्याङ्क विभागको अनुमान २०१६ बाट लिइएको छ।

२०. तथ्य तथ्याङ्क समावेश गर्दा त्रुटी नहोस् भनी सजगता अपनाइएको छ। भुलवश कुनै त्रुटी भएमा मूल अभिलेखमा भएको तथ्य तथ्याङ्क नै आधिकारिक हुनेछ।

२१. कारागार र हिरासतभित्र भएका घटनाका तथ्य/तथ्याङ्कलाई राज्यपक्षका घटनामा समावेश गरिएको छ।

२२. परिवार, आफन्त र नातासम्बन्धका व्यक्तिले गरेका हत्यालाई यस पुस्तकमा पारिवारिक (परिवारजनबाट) हत्या शीर्षकमा समेटिएको छ।

२३. प्रदेश परिचय र जिल्लागत विवरणमा निर्वाचनसँग सम्बन्धित हिंसा र मतदानका तथ्यतथ्याङ्क समावेश गरिएको छ।

तथ्याङ्कका अन्य स्रोत

१. केन्द्रीय तथ्याङ्क विभागको सङ्क्षिप्त प्रतिवेदन २०२२
२. स्थानीय सामाजिक संस्था र व्यक्तिहरू
३. स्थानीय न्यायिक, अर्धन्यायिक, प्रशासनिक, सञ्चार र सुरक्षासम्बन्धी निकायहरू
४. १९९२ देखि २०२२ सम्मका नेपाल मानव अधिकार वर्ष पुस्तकहरू
५. वर्ष पुस्तक तयार गर्ने क्रममा इन्सेक पुस्तकालयमा रहेका पुस्तक तथा अभिलेखहरू सन्दर्भ सामग्रीको रूपमा प्रयोग गरिएको छ।
६. शिक्षासम्बन्धी तथ्याङ्क जिल्लाका शिक्षा कार्यालय, स्वास्थ्यसम्बन्धी तथ्याङ्क जिल्ला जनस्वास्थ्य कार्यालयबाट उपलब्ध गराइएका हुन्।
७. सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय
८. निर्वाचन आयोग



प्रदेश १

- क्षेत्रफल : २५,५०५ वर्ग कि.मि.
- जनसङ्ख्या : ४५,७२,०२१
- साक्षरता प्रतिशत : ७१.१७
- जिल्ला : १४
- निर्वाचन क्षेत्र (प्रतिनिधिसभा) : २८
- निर्वाचन क्षेत्र (प्रदेशसभा) : ५६
- महानगरपालिका : १
- उपमहानगरपालिका : २
- नगरपालिका : ४६
- गाउँपालिका : ८८
- कूल वडा सङ्ख्या : १,१५७



प्रदेश परिचय १

यस वर्षको अन्त्यसम्म पनि प्रदेश १ सभाले संविधान प्रदत्त जिम्मेवारी अनुसार आफ्नो नामाकरण गर्न सकेन। स्वच्छ, सुखी र समुन्नत प्रदेशको नीति लिएको यस प्रदेशले आफ्नो पहिलो कार्यकालमा ६१ ओटा कानुन निर्माण गऱ्यो। प्रदेश सरकारले मानव अधिकारको सम्मान, विधिको शासन, सुदृढ प्रतिरक्षा, न्यायपूर्ण प्रदेश भन्ने उद्देश्य लिएको छ।

प्रदेशभित्र हालसम्म १ सय ९६ ओटा क्याम्पस र ६ हजार ५ सय २८ ओटा विद्यालय छन्। यस वर्ष प्रदेश १ मा जनता आवास कार्यक्रम मार्फत १ हजार १ सय ९६ ओटा आवास निर्माण गरी हस्तान्तरण गरिएको छ। प्रति स्थानीय सरकार एक अस्पताल कार्यक्रम अन्तर्गत ८६ ओटा अस्पताल भवनको शिलान्यास गरिएकोमा ६ ओटा अस्पताल निर्माण पूरा भएर सञ्चालनमा आएको छ। बाँकी ८० ओटा अस्पतालको निर्माण कार्यको सुरुआत भएको छ।

यो वर्ष १ सय ३७ स्थानीय तहमध्ये ११ स्थानीय तहमा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटना अभिलेख भएनन्। दमक नगरपालिकामा सबैभन्दा बढी ४३ जना पीडित भएका घटना इन्सेकले अभिलेख गऱ्यो। १ सय स्थानीय तहमा एकदेखि १० जना पीडितको अभिलेख भयो। १३ स्थानीय तहमा ११ देखि २० जना पीडितको अभिलेख भयो। ११ स्थानीय तहमा २१ देखि २९ जना पीडितको अभिलेख भयो। ३० जनाभन्दा बढी पीडित भएका दुई स्थानीय तह रहे। राज्यपक्षबाट भएका मानव अधिकार उल्लङ्घनका घटनामा ५२ जना र अन्यपक्षबाट भएका मानव अधिकार ज्यादतीका घटनामा ९ सय १८ जना पीडित भए। महिला अधिकार उल्लङ्घनका घटनामा ४ सय ५७ जना महिला र बाल अधिकार उल्लङ्घनका घटनामा २ सय ९९ जना पीडित भए।

निर्वाचन २०७९


स्थानीय तह निर्वाचनमा ३३ लाख ४७ हजार ३ सय ८४ मतदातामध्ये १६ लाख ४७ हजार ५ सय ६१ जना महिला मतदाता थिए। १ सय ३७ स्थानीय तहमध्ये दुई नगरपालिकाका प्रमुख, चार गाउँपालिकाका अध्यक्ष, ४२ नगरपालिकाका उपप्रमुख, ५९ गाउँपालिकाका उपाध्यक्ष र पाँच ओटा वडाको वडाध्यक्ष पदमा महिला निर्वाचित भए।

यो वर्ष प्रदेश १ मा ३३ लाख ९६ हजार ८ सय ६५ मतदातामध्ये २२ जना यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक र १६ लाख ६७ हजार ७१ जना महिला मतदाता थिए। प्रदेश सभातर्फ ६०.३३ र प्रतिनिधि सभातर्फ ६०.३८ प्रतिशतले मतदान गरे। जसमध्ये प्रत्यक्ष निर्वाचनबाट दुई जना महिला प्रदेश सभामा र दुई जना महिला प्रतिनिधि सभामा निर्वाचित भए।

सन् २०२२ मा सम्पन्न निर्वाचनसँग सम्बन्धित मानव अधिकार उल्लङ्घन र ज्यादतीका १७ घटनामा यस प्रदेशभित्र ४७ जना पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। राज्यपक्षबाट भएका पाँच प्रकारका घटनामा ३१ जना र अन्यपक्षबाट भएका तीन प्रकारका घटनामा १६ जना पीडित भए।



१.१ ताप्लेजुङ



जम्मा जनसङ्ख्या	१,२०,३५९
महिला	५९,८३५
प्रतिनिधिसभा निर्वाचन क्षेत्र	१
प्रदेशसभा निर्वाचन क्षेत्र	२
गरिबीको रेखामुनि रहेको सङ्ख्या	३४,०६६
कामका लागि बाहिरिएका	५,७५३
अपाङ्गता भएका	३,७३०
५ वर्षमाथिको साक्षरता प्रतिशत	७१.३
आश्रित जनसङ्ख्या	५५,२५४

यस वर्ष ताप्लेजुङ जिल्लामा ज्यादतीका घटनामा अन्यपक्षबाट १९ जना महिला र तीन जना पुरुष पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा एक जना बालक सहित सात जना र महिला अधिकार उल्लङ्घनका घटनामा नौ जना महिला पीडित भए।

कारागार र बन्दी

जिल्ला कारागारको बन्दी क्षमता २५ जनाको छ। कारागारमा १ सय ११ जना कैदी र ४० जना थुनुवा गरी १ सय ५१ जना छन्। जसमध्ये २८ जना महिला र पाँच जना ज्येष्ठ नागरिक पुरुष छन्। नौ जना कर्मचारीको दरबन्दी रहेकामा एक रिक्त छ। हेल्थ असिष्टेण्ट पद रिक्त रहेको र पूर्तिका लागि लोक सेवा आयोगमा माग गरिएको कारागार प्रशासनले जनायो।

क्षमताभन्दा पाँच गुणा बढी कैदीबन्दी भएकाले कैदी/बन्दीको दैनिकी कष्टकर बनेको छ। नयाँ र पुराना गरी १२ ओटा शौचालय छन्। ढल व्यवस्थापन र शौचालयको सेफ्टी ट्याङ्कीमा समस्या भएकाले दुर्गन्ध आउने गरेको जेलर कुलेन्द्र खवासले बताए। सुत्नका लागि आठ ओटा कोठा छन्। खेल सामग्री तथा पुस्तकालयको सुविधा छ। कैदीबन्दी टोपी, साडी, ढाकाको कोट र बाँसबाट मुढा बुन्ने काम गर्छन्। जिल्लामा बाल निगरानी कक्ष छैन। बालबिज्याईंमा परेकालाई हिरासतमा दिउँसो

घटनाको प्रकार		अन्यपक्षबाट		
		महिला	पुरुष	जम्मा
कुटपिट		२		२
हत्या		२	२	४
बाल अधिकार	बलात्कार	४		४
	यौन दुर्व्यवहार	२	१	३
	जम्मा	६	१	७
महिला अधिकार	बहुविवाह	१		१
	बलात्कार	८		८
	जम्मा	९		९
कूल जम्मा		१९	३	२२

वयस्कसँगै राख्ने गरिएको छ। सुत्नका लागि मात्र छुट्टै कोठा व्यवस्था गरिएको छ। प्रदेश सभा तथा प्रतिनिधि सभा निर्वाचनमा यहाँका ४६ जना कैदीबन्दीले मतदान गरे।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत

जिल्ला अदालतमा एक जना न्यायाधीशको दरबन्दी छ। जिल्ला अदालतबाट यस वर्ष फौजदारी मुद्दातर्फ २८ मध्ये तीन थान मुद्दा फैसला भए। देवानी मुद्दातर्फ १ सय ५५ थानमध्ये ५० थान फैसला भए। यस अदालतमा १८ महिना नाघेका फौजदारी मुद्दा एक थान र देवानीतर्फ १ सय ५ थान मुद्दा फैसला हुन बाँकी छन्। अघिल्लो वर्षको जिम्मेवारी सरेर आएका १ सय १० र थप १ सय १० थान गरी २ सय ११ थान मुद्दामध्ये कुल ५३ थान मुद्दा फैसला भएको श्रेस्तेदार शम्भुप्रसाद रेग्मीले जानकारी दिए। १ सय ५८ थान मुद्दा फर्यौट हुन बाँकी छन्।

बाल अधिकार

शिक्षाको अवस्था

जिल्लामा २ सय ६३ आधारभूत र ६८ ओटा माध्यमिक विद्यालय छन्। १ हजार १ सय ९३ शिक्षक दरबन्दी रहेकामा २२ ओटा दरबन्दी मिलान हुन बाँकी रहेको छ। यस वर्ष ७ हजार बालक र ८ हजार ५ सय बालिका विद्यालय भर्ना भए। जसमा अपाङ्गता भएका ३३ जना बालिका र २७ जना बालक छन्। जिल्लामा अपाङ्गतामैत्री विद्यालय तीन ओटा छन्। द्वन्द्वपीडित परिवारका ६ जना बालबालिकाले छात्रवृत्ति पाए। यस वर्ष जिल्लाभर १ हजार १ सय २२ जना दलित छात्र र १ हजार ३ सय ९६ जना दलित छात्रा भर्ना भए। वैदेशिक रोजगारीमा गएर मृत्यु भएका परिवारका चार जना बालबालिकाले छात्रवृत्ति पाए। शहीद परिवारका दुई जनाले ४८ हजार रुपियाँ छात्रवृत्ति पाए। द्वन्द्वपीडित परिवारका चार जना बालबालिकाले ९८ हजार रुपियाँ छात्रवृत्ति पाएको शिक्षा विकास तथा समन्वय इकाइ प्रमुख भीमप्रसाद मिश्रले बताए।

यस वर्ष ताप्लेजुङ जिल्लामा यौन दुर्व्यवहार घटनामा एक बालक र दुई बालिका, बलात्कारका घटनामा चार जना बालिका पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

अभिलेखित घटनामध्ये बलात्कारका दुई घटनाका आरोपितहरूलाई जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा पठायो। एक घटनाका आरोपितलाई अदालतले अभिभावकको जिम्मा लगायो भने एक घटनाका आरोपितलाई बाल सुधार गृहमा पठायो। यौन दुर्व्यवहारका एक घटनाका आरोपितलाई अदालतले पुर्पक्षका लागि थुनामा पठायो। एक घटनाका आरोपितलाई अदालतले बाल सुधार गृह पठायो भने एक घटनाका आरोपितलाई धरौटीमा रिहा गऱ्यो।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव र दुर्व्यवहार

सन् २०२२ मा घरेलु हिंसा पीडित भन्दै १७ जना महिलाले जिल्ला प्रहरी कार्यालयको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दर्ता गरे। तीमध्ये खान लाउन नदिएको चार, कुटपिटका तीन, नागरिकता नबनाएको एउटा र झैझगडाका नौ उजुरी थिए। दर्ता भएकामध्ये १६ उजुरी उपर मेलमिलाप र एक कानुनी प्रक्रियामा गएको सो केन्द्रकी सोममाया पाखिनले बताइन्।

यो वर्ष ताप्लेजुङ जिल्लामा बलात्कारका घटनामा आठ, बहुविवाहका घटनामा एक र पारिवारिक हत्याका घटनामा दुई जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

अभिलेखित घटनामध्ये बलात्कारका ६ घटनाका आरोपितलाई जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा पठायो। दुई घटनाका आरोपित वर्षको अन्त्यसम्म गिरफ्तार भएनन्। पारिवारिक हत्याका दुई घटनाका आरोपित र बहुविवाहका एक घटनाका आरोपितलाई अदालतले पुर्पक्षमा पठायो।

पारिवारिक हत्या

फक्ताङलुङ गाउँपालिका-६ लेलेपका ६९ वर्षीय बिर्खबहादुर लिम्बू र ७२ वर्षीया फिपरानी लिम्बूको घरायसी विवादका क्रममा ०७९ वैशाख २२ गते खकुरी प्रहार गरी हत्या गरेको आरोपमा प्रहरीले २६ वर्षीय छोरा आइतराज लिम्बूलाई वैशाख २३ गते घरबाट गिरफ्तार गऱ्यो। आरोपितविरुद्ध प्रहरीले जिल्ला अदालतमा जेठ ११ गते कर्तव्य ज्यान शीर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश प्रकाश राउतको जेठ १२ गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। शवको पोष्टमार्टम जिल्ला अस्पतालमा वैशाख २३ गते भयो। सोही दिन पीडित पक्षले शव बुझी फक्ताङलुङ गाउँपालिका-६ लेलेपमा सद्गत गऱ्यो। यो वर्षको अन्त्यसम्म मुद्दा फैसला नभएको जिल्ला अदालतका सेस्तेदार शम्भुप्रसाद रेग्मीले बताए।

स्वास्थ्य सेवाको अवस्था

जिल्लामा एक सरकारी र एक सामुदायिक अस्पताल छन्। सदरमुकामस्थित सरकारी अस्पतालमा एक जना विशेषज्ञको दरबन्दी र एक जना मेडिकल अधिकृतको दरबन्दीमा एक जना रिक्त छन्। २२ जना स्वास्थ्यकर्मी तथा कार्यालय सहयोगीको दरबन्दीमा १३ जना रिक्त छन्।

जिल्लामा १३ हजार ४ सय ५४ जनाले बीमा गराएर सेवा लिइरहेका छन्। ज्येष्ठ नागरिकका लागि नि:शुल्क बीमा कार्यक्रममा पनि २ हजार ४ सय ३८ जनाको बीमा गरिएको छ। अति अशक्त अपाङ्गता भएका ७ सय ३४ जनाको नि:शुल्क बीमा गरिएको स्वास्थ्य बीमा कार्यालय ताप्लेजुङका दर्ता अधिकारी ईश्वरीप्रसाद निरौलाले बताए। १ हजार ९ सय ६४ जना नयाँ र नवीकरण गरेका ३ सय ३३ जना गरी ८ हजार ८ सय ८१ जना पूर्ण शुल्क तिरेर बीमाबाट लाभान्वित छन्। अर्धशुल्क तिरेका नयाँ ३ सय २ जना र नवीकरण गरेका ९० जना गरी १ हजार ४ सय १ जना लाभान्वित भएको दर्ता अधिकारी निरौलाले बताए।

सङ्घीय सरकार र स्थानीय सरकारले निर्माण गर्ने गरी जिल्लामा आठ ओटा स्थानीय तहमा शिलान्यास गरिएका अस्पताल निर्माण पूरा भएका छैनन्। आठ ओटै स्थानीय तहमा अस्पताल निर्माण कार्य सुस्त छ। शिलान्यास भएको दुई वर्षसम्म निर्माण हुन नसकेको हो। आठराई त्रिवेणी गाउँपालिका अध्यक्ष दीपेन पोमूका अनुसार बजेट अभाव र ठेकेदारको ढिलाइले काम सुस्त भएको छ।

प्रतिनिधि सभा तथा प्रदेश सभा निर्वाचन २०७९

यस वर्ष सम्पन्न भएको प्रतिनिधि सभा निर्वाचनमा ताप्लेजुङ जिल्लामा ८८ हजार २ सय ८५ मतदाता मध्ये ४८ हजार २ सय ९३ (५४.७० प्रतिशत) ले मतदान गरे। यसैगरी प्रदेश सभा तर्फ ४८ हजार २ सय ८७ (५४.६९ प्रतिशत) ले मतदान गरे।

सन् २०२२ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

बाल अधिकार		
घटनाको प्रकार	कानुनी दायरामा ल्याइएका	जम्मा
बलात्कार	४	४
यौन दुर्व्यवहार	३	३
जम्मा	७	७

महिला अधिकार			
घटनाको प्रकार	अनुसन्धान	कानुनी दायरामा ल्याइएका	जम्मा
बहुविवाह		१	१
बलात्कार	३	६	८
जम्मा	३	७	९

मारिएकाको घटना सङ्ख्या		
घटनाको प्रकार	कानुनी दायरामा ल्याइएका	जम्मा
हत्या	३	३

१.२ सङ्खुवासभा



जम्मा जनसङ्ख्या	१,५५,०४६
महिला	७८,५५१
प्रतिनिधिसभा निर्वाचन क्षेत्र	१
प्रदेशसभा निर्वाचन क्षेत्र	२
गरिबीको रेखामुनि रहेको सङ्ख्या	३३,१४६
कामका लागि बाहिरिएका	१४,८६३
अपाङ्गता भएका	४,०५४
५ वर्षमाथिको साक्षरता प्रतिशत	८२
आश्रित जनसङ्ख्या	७०,६३०

यस वर्ष सङ्खुवासभा जिल्लामा मानव अधिकार उल्लङ्घनका घटनामा राज्यपक्षबाट पाँच पुरुष तथा ज्यादतीका घटनामा अन्यपक्षबाट ४३ जना महिला र तीन जना पुरुष पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा सात जना र महिला अधिकार उल्लङ्घनका घटनामा ३५ जना महिला पीडित भए।

घटनाको प्रकार		राज्यपक्षबाट		अन्यपक्षबाट		
		पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
कुटपिट		४	४		३	३
कारागारमा मृत्यु		१	१			
हत्या				१	१	३
बाल अधिकार	बलात्कार			६		६
	जम्मा			६		६
महिला अधिकार	घरेलु हिंसा			३०		३०
	'बोक्सी'को आरोपमा			१		१
	बलात्कार			४		४
	जम्मा			३५		३५
कूल जम्मा		५	५	४३	३	४६

कुटपिट/धम्की

राज्यपक्षबाट

मादी नगरपालिकाको नेकपा माओवादी केन्द्रका मेयर पदका उम्मेदवार दावाछत्र शेर्पा र नेपाली कांग्रेसका जिल्ला सदस्य श्याम पासाङलाई मादी नगरपालिका-५ स्थित मतगणनास्थलमा ०७९ जेठ २ गते प्रहरीले कुटपिट गऱ्यो। पीडित पक्षले सोही दिन जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। प्रहरीको कुटपिटबाट दावाछत्रको टाउको र शरीरका विभिन्न अङ्गमा चोट लागेको थियो। पीडित दावाको उपचार स्थानीय प्राथमिक स्वास्थ्य केन्द्रमा र टाउको, हात र विभिन्न अङ्गमा चोट लागेको श्याम शेर्पाको उपचार काठमाडौँको हेल्पिङ

हेण्ड्स सामुदायिक अस्पतालमा जेठ ३ गते भयो। घटना छानविनका लागि जेठ ३ गते समिति गठन गरेको जिल्ला प्रहरी कार्यालयका डिएसपी लालध्वज सुवेदीले बताए।

इलाका प्रशासन कार्यालय चैनपुरका प्रशासकीय अधिकृत दिनेश बस्नेतको संयोजकत्वमा तीन सदस्यीय समिति गठन भयो। जेठ ३ गते मादी प्रहरी चौकीमा पीडित पक्ष र प्रहरी प्रशासनबिच तीन बुंदे सहमति भयो। छानविन समितिले छलफलका क्रममा घाइतेहरूको उपचारका लागि सम्बन्धित निकायमा पहल गर्ने निर्णय गऱ्यो। प्रहरी चौकी मादीमा कार्यरत असई कमलबहादुर मिश्र र सुवास घिमिरेलाई आवश्यक कारबाहीका लागि जिल्ला प्रहरी कार्यालयमा तानिने निर्णय छानविन समितिले गऱ्यो। यो वर्षको अन्त्यसम्म छानविन समितिले प्रतिवेदन सार्वजनिक गरेन।

कारागार र बन्दी

२५ जना क्षमताको सङ्खुवासभा कारागारमा नौ जना महिला र १ सय ३१ जना पुरुष गरी १ सय ४० जना छन्। कैदीबन्दीमध्ये १० जना ज्येष्ठ नागरिक रहेको जिल्ला कारागार प्रमुख विनोद अधिकारीले बताए। कारागारमा दुई जना आश्रित बालिका छन्। कैदीबन्दीहरूको नियमित स्वास्थ्य जाँचका लागि एक दरबन्दी रहेकोमा रिक्त छ। कारागारमा चार जना दीर्घरोगी छन्। जिल्ला कारागारबाट प्रदेश तथा प्रतिनिधि सभा निर्वाचनमा चार जना महिलासहित ६१ जना कैदीबन्दीले मतदान गरे।

कारागारमा मृत्यु

जिल्ला कारागार खाँदबारीमा पाँचखपन नगरपालिका-२ स्याबुनका ३९ वर्षीय सुरेश तामाङको ०७९ असार २ गते मृत्यु भयो। असार १ गते साँझ खाना खाएर सुतेका तामाङ राति अचानक बिरामी भएपछि उपचारका लागि जिल्ला अस्पताल भर्ना गरिएको थियो। अस्पतालमा उपचारका क्रममा असार २ गते बिहान ५ बजे उनको मृत्यु भएको जिल्ला कारागार खाँदबारीका प्रमुख विनोद अधिकारीले बताए। तामाङ बलात्कार कसुरमा जिल्ला अदालतबाट ०७८ भदौ १७ गते ३ वर्ष ६ महिना कैद सजाय र १ लाख रुपियाँ जरिबाना फैसला भएपछि भदौ १७ गते कैद भुक्तानका लागि कारागार चलान भएका थिए। शवको पोष्टमार्टम जिल्ला अस्पतालमा असार २ गते गरियो। पीडित पक्षले सोही दिन शव बुझी पाँचखपन नगरपालिका-२ स्थित भदौरे घाटमा सद्गत गरेको स्थानीय उत्तम दाहालले बताए।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत

एक जना न्यायाधीश दरबन्दी रहेको जिल्ला अदालतमा यो वर्ष फौजदारी मुद्दातर्फ १ सय ११ थान मध्ये ४७ थान मुद्दा फैसला भए। देवानी मुद्दातर्फ १ सय ३१ थानमध्ये १ सय ५ थान मुद्दा फैसला भए। यस अदालतमा दुई वर्ष नाघेका फौजदारी मुद्दा ६ थान छन् भने देवानी मुद्दा तीन थान बाँकी छन्।

बाल अधिकार

शिक्षाको अवस्था

जिल्लामा ३ सय ३९ आधारभूत र ७३ माध्यमिक विद्यालय छन्। १ हजार ६ सय ४० शिक्षक दरबन्दी रहेकामा जिल्लाभर सबै दरबन्दी मिलान भइसकेको छ। यसवर्ष २२ हजार २ सय २० बालक र २१ हजार ४ सय ८४ जना बालिका विद्यालय भर्ना भए। जिल्लामा अपाङ्गतामैत्री विद्यालय दुई छन्। द्वन्द्वपीडित परिवारका १० जना बालबालिकाले छात्रवृत्ति पाए। यस वर्ष १ हजार ३ सय ८४ दलित बालक र २ हजार १ सय ३ दलित बालिकाले छात्रवृत्ति पाए। वैदेशिक रोजगारीमा गएर मृत्यु भएका परिवारका २५ जना बालबालिकाले छात्रवृत्ति पाए। द्वन्द्वपीडित परिवारका १० जना बालबालिकाले १२ हजार रुपियाँका दरले छात्रवृत्ति पाए।

यस वर्ष सङ्खुवासभा जिल्लामा बलात्कारका घटनामा सात जना बालिका पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

अभिलेखित घटनामध्ये बलात्कारका चार घटनाका आरोपितहरूलाई जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा पठायो। दुई घटनाका आरोपितलाई बाल सुधार गृहमा पठायो भने एक घटनाका आरोपितलाई अदालतले धरौटीमा रिहा गरेकोमा तोकिएको रकम बुझाउन नसकेपछि थुनामा पठायो।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यो वर्ष घरेलु हिंसा पीडित भन्दै ३० जना महिलाले जिल्ला प्रहरी कार्यालयको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी

दर्ता गराए। जसमा कुटपिटका २९ र अर्की पत्नी ल्याएर हेला गरेको एक उजुसरी थियो। यी मध्ये प्रहरीले २९ ओटामा मेलमिलाप गरायो भने एक उजुरी कारबाही प्रक्रियामा रहेको सेवा केन्द्रकी असई कविता रायमाझीले बताइन्।

यो वर्ष सङ्खुवासभा जिल्लामा घरेलु हिंसाका घटनामा ३०, बलात्कारका घटनामा चार, 'बोक्सी' आरोपका घटनामा एक, पारिवारिक हत्याका घटनामा एक जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

अभिलेखित घटनामध्ये तीन बलात्कार घटनाका आरोपितलाई जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा पठायो। एक घटनाका आरोपित वर्षको अन्त्यसम्म गिरफ्तार भएनन्। 'बोक्सी' आरोपका एक घटनाका आरोपितलाई अदालतले पुर्पक्षका लागि थुनामा पठायो। पारिवारिक हत्याका एक घटनाका आरोपितलाई अदालतले पुर्पक्षका लागि थुनामा पठायो।

पारिवारिक हत्या

पाँचखपन नगरपालिका-३ फच्याङकी ३० वर्षीया उर्मिला रोक्का सार्कीलाई खुर्पा प्रहार गरी ०७९ कात्तिक १० गते हत्या गरेको आरोपमा प्रहरीले ३२ वर्षीय पति जीवन रोक्कालाई कात्तिक १० गते गिरफ्तार गऱ्यो। जिल्ला प्रहरी कार्यालयका डिएसपी वीरेन्द्र गोदारले बताए। शवको पोष्टमार्टम कात्तिक ११ गते जिल्ला अस्पतालमा भयो। प्रहरीले आरोपितविरुद्ध जिल्ला अदालतमा कात्तिक ११ हत्या शीर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश टेकनाथ गौतमको कात्तिक २८ गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। यो वर्षको अन्त्यसम्म मुद्दा फैसला भएन।

स्वास्थ्य सेवाको अवस्था

जिल्लामा एक सरकारी अस्पताल, एक सामुदायिक अस्पताल, चार स्वास्थ्य चौकी, १२ शहरी स्वास्थ्य केन्द्र, २८ सामुदायिक स्वास्थ्य इकाइ, २९ आधारभूत स्वास्थ्य केन्द्र रहेका छन्। सदरमुकामस्थित सरकारी अस्पतालमा मेडिकल सुपरिटेण्डेण्टसहित नौ जना विशेषज्ञको दरबन्दीमा सरकारी दुई, छात्रावृत्तिबाट दुई, अरुण तेस्रोबाट एक र निकसाइमनबाट एक जना राखिएको छ। जिल्लामा ५९ सरकारी दरबन्दीमध्ये १६ जना स्थायीसहित १ सय ४ जना कार्यरत छन्।

जिल्लामा ३३ हजार ७ सय ८ जनाले बीमा गराएर सेवा लिइरहेका छन्। ज्येष्ठ नागरिकका लागि नि:शुल्क बीमा कार्यक्रममा पनि १४ हजार ४ सय ४३ जनाको बीमा गरिएको छ।

जिल्लाभर सात ओटा आधारभूत अस्पताल निर्माणका लागि शिलान्यास गरिएको भए पनि निर्माण कार्य पूरा हुन सकेको छैन। स्थानीय सरकारको ढिलासुस्तीका कारण आधारभूत अस्पताल निर्माण ढिलाइ भएको जिल्ला स्वास्थ्य कार्यालयका प्रमुख रमेश बराकोटीले बताए। स्थानीय सरकार र सरोकारवाला निकायको बेवास्ताका कारण आधारभूत स्वास्थ्य अस्पताल निर्माणमा ढिलाइ भएको प्रमुख बराकोटीको भनाइ छ। उनले केही स्थानीय तहमा जग्गा प्राप्त गर्न समेत समस्या भएको बताए।

पाँचखपन नगरपालिकाले १० बेडको आधारभूत स्वास्थ्य अस्पताल निर्माणका लागि जग्गा खरिद गरी प्रक्रिया अघि बढाएको मेयर विपिन राईले बताए। पाँचखपन नगरपालिका-१० वानामा ११ लाख रुपियाँ जग्गा खरिद गरेर निर्माणका लागि डीपीआर तयारी भई टेण्डर भएको मेयर राईले बताए।

धर्मदेवी नगरपालिकामा पाँच बेडको अस्पताल निर्माणका लागि नि:शुल्क जग्गा प्राप्त भए पनि निर्माण कार्य हुन सकेको छैन। चैनपुर नगरपालिकाले १५ बेडको आधारभूत अस्पताल निर्माणका लागि ढिला गरी जग्गा प्राप्त गर्दा समयमा निर्माण कार्य अघि बढाउन सकेको छैन।

मादी नगरपालिकाले ढिला गरी जग्गा प्राप्त गरेका कारण १५ बेडको आधारभूत स्वास्थ्य अस्पताल निर्माणमा ढिलाइ भएको नगरपालिकाले जनाएको छ। पाँच बेडको आधारभूत अस्पताल निर्माणका लागि चिचिला गाउँपालिकाले ढिला गरी जग्गा प्राप्त गरेका कारण समयमा काम अघि बढाउन नसकिएको गाउँपालिका अध्यक्ष पासाङ नुर्व शेर्पाले बताए।

सभापोखरी गाउँपालिकामा पाँच बेडको आधारभूत अस्पताल निर्माणका लागि ढिला गरी नि:शुल्क जग्गा प्राप्त भएकाले टेण्डर प्रक्रिया चाँडै थालिने गाउँपालिकाले जनायो।

भोटखोला गाउँपालिकाले पाँच बेडको आधारभूत अस्पताल निर्माणका लागि ढिला गरी नि:शुल्क जग्गा प्राप्त गरेकाले समयमा निर्माण कार्य अघि बढाउन नसकिएको भोटखोला गाउँपालिकाले जनायो।

प्रतिनिधि सभा तथा प्रदेश सभा निर्वाचन २०७९

यस वर्ष सम्पन्न भएको प्रतिनिधि सभा निर्वाचनमा सङ्खुवासभा जिल्लामा १ लाख १७ हजार ५ सय ५४ मतदाता मध्ये ६५ हजार ३ सय ४३ (५५.५८ प्रतिशत) ले मतदान गरे। यसैगरी प्रदेश सभा तर्फ ६५ हजार ३ सय ७९ (५५.६१ प्रतिशत) ले मतदान गरे।

सन् २०२२ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

बाल अधिकार		
घटनाको प्रकार	कानुनी दायरामा ल्याइएका	जम्मा
बलात्कार	७	७
जम्मा	७	७

महिला अधिकार				
घटनाको प्रकार	मेलमिलाप	अनुसन्धान	कानुनी दायरामा ल्याइएका	जम्मा
घरेलु हिंसा	३०			३०
'बोक्सी'को आरोप			१	१
बलात्कार		१	३	४
जम्मा	३०	१	४	३५

मारिएकाको घटना सङ्ख्या		
घटनाको प्रकार	कानुनी दायरामा ल्याइएका	जम्मा
हत्या	२	२

१.३ सोलुखुम्बु



जम्मा जनसङ्ख्या	१,०४,७६८
महिला	५२,१३५
प्रतिनिधिसभा निर्वाचन क्षेत्र	१
प्रदेशसभा निर्वाचन क्षेत्र	२
गरिबीको रेखामुनि रहेको सङ्ख्या	२६,५६४
कामका लागि बाहिरिएका	५,६१७
अपाङ्गता भएका	२,६०५
५ वर्षमाथिको साक्षरता प्रतिशत	६७.५४
आश्रित जनसङ्ख्या	४५,३१८

घटनाको प्रकार		अन्यपक्षबाट		
		महिला	पुरुष	जम्मा
घाइते			१	१
हत्या		२	१	३
बाल अधिकार	बलात्कार	५		५
	यौन दुर्व्यवहार	१		१
	जम्मा	६		६
महिला अधिकार	घरेलु हिंसा	३१		३१
	बलात्कार	५		५
	जम्मा	३६		३६
कूल जम्मा		३४	२	३६

यस वर्ष सोलुखुम्बु जिल्लामा ज्यादतीका घटनामा अन्यपक्षबाट ३४ जना महिला र दुई जना पुरुष पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा ६ जना बालिका र महिला अधिकार उल्लङ्घनका घटनामा २६ जना महिला पीडित भए।

कारागार र बन्दी

जिल्ला कारागार सोलुखुम्बको क्षमता २५ जना रहेकोमा ११ जना महिला र ७९ जना पुरुष गरी ९० जना कैदीबन्दी रहेका छन्। एक जना अहेबको दरबन्दी रहेकोमा तीन वर्षदेखि रिक्त रहेको छ। कारागारमा दुई जना जटिल मानसिक रोगी र तीन जना सामान्य मानसिक रोगीले मानसिक रोगको औषधि उपचार गराइरहेका छन्। प्रतिनिधि सभा सदस्य र प्रदेश सभा सदस्य निर्वाचन कारागारमा रहेकामध्ये ४८ जना कैदीबन्दीले मतदान गरेको जिल्ला निर्वाचन कार्यालयका कम्युटर अपरेटर नेत्र श्रेष्ठले बताए।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत

एक जना न्यायाधीश दरबन्दी रहेको जिल्ला अदालतमा यो वर्ष फौजदारी मुद्दातर्फ ७९ थान मुद्दामध्ये

५९ थान मुद्दा फैसला भए। देवानी मुद्दातर्फ ५९ थान मुद्दामध्ये ५५ थान मुद्दा फैसला भए। यस अदालतमा दुई वर्ष नाघेका फौजदारी मुद्दा १० थान छन् भने देवानी मुद्दा तीन थान बाँकी छन्।

बाल अधिकार

शिक्षाको अवस्था

जिल्लामा २ सय ८० आधारभूत र ४४ माध्यमिक विद्यालय छन्। ९ सय ९८ शिक्षक दरबन्दी रहेकामा दरबन्दी मिलान हुन बाँकी छैन। यस वर्ष ९ हजार ८ सय ५३ बालक र ११ हजार १ सय २६ जना बालिका विद्यालय भर्ना भए। जसमा अपाङ्गता भएका ६७ जना बालिका र १९ जना बालक छन्। जिल्लामा अपाङ्गतामैत्री विद्यालय छैनन्। द्वन्द्वपीडित परिवारका चार जना बालबालिकाले छात्रवृत्ति पाएका छन्। यस वर्ष जिल्लाभर ६ सय ५८ जना दलित बालक र ६ सय ६३ जना दलित बालिका विद्यालय भर्ना भए। वैदेशिक रोजगारीमा गएर मृत्यु भएका परिवारका सात जना बालबालिकाले छात्रवृत्ति पाए। शहीद परिवारका दुई जनाले ४८ हजार रुपियाँ छात्रवृत्ति पाए।

यस वर्ष सोलुखुम्बु जिल्लामा यौन दुर्व्यवहारका घटनामा एक, बलात्कारका घटनामा पाँच जना बालिका पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

अभिलेखित घटनामध्ये बलात्कारका तीन घटनाका आरोपितहरूलाई जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा पठायो भने एक घटनाका आरोपितलाई बाल सुधार गृहमा पठायो। एक घटनाका आरोपित वर्षको अन्त्यसम्म गिरफ्तार भएनन्। यौन दुर्व्यवहारका एक घटनाका आरोपितलाई अदालतले पुर्पक्षका लागि थुनामा पठायो।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यो वर्ष घरेलु हिंसा पीडित भन्दै ३९ जना महिलाले जिल्ला प्रहरी कार्यालयको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमा कुटपिट गरी घरनिकाला गरिएका चार, खानलाउन नदिएका तीन, विवाह दर्ता नगरिदिएको एक, जन्मदर्ता नबनाइदिएको एक र नागरिकता नबनाइदिएका दुई, अर्की पत्नी ल्याएर हेला गरेको १० र मादक पदार्थ सेवन गरी भएका घरायसी झगडाका १८ उजुरी छन्। यीमध्ये प्रहरीले ३५ ओटामा मिलापत्र गरायो भने चार ओटा उजुरी कारवाही प्रक्रियामा रहेको कार्यालय प्रमुख सुनिता कायस्थले बताइन्।

यो वर्ष सोलुखुम्बु जिल्लामा घरेलु हिंसाका घटनामा २१, बलात्कारका घटनामा पाँच र पारिवारिक हत्याका घटामा दुई जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

अभिलेखित घटनामध्ये बलात्कारका पाँच घटनाका आरोपितलाई जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा पठायो। पारिवारिक हत्याका दुई घटनाका आरोपितलाई अदालतले पुर्पक्षका लागि थुनामा पठायो।

पारिवारिक हत्या

नेचा सल्यान गाउँपालिका-२ भुजेल गाउँकी २५ वर्षीया लीला राईलाई मादकपदार्थ सेवन गरी २०७८ चैत ८ गते घरायसी विवादमा कुटपिट गरी हत्या गरेको आरोपमा ३५ वर्षीय पति गुनराज राईविरुद्ध पीडित पक्षले चैत ९ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपितलाई प्रहरीले सोही दिन घरैबाट गिरफ्तार गऱ्यो। प्रहरीले आरोपितविरुद्ध जिल्ला अदालतमा चैत २१ गते कर्तव्य ज्यान शीर्षकमा मुद्दा दर्ता गऱ्यो। न्यायाधीश सन्तोषप्रसाद पराजुलीको चैत २१ गतेको इजलासले आरोपितलाई पुर्पक्षको लागि थुनामा पठायो। शवको पोष्टमार्टम जिल्ला अस्पतालमा चैत ९ गते भयो। पीडित पक्षले सोही दिन शव बुझी सद्गत गऱ्यो। यो वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएन।

स्वास्थ्य सेवाको अवस्था

जिल्लामा दुई सरकारी अस्पताल, दुई सामुदायिक अस्पताल, १७ स्वास्थ्यचौकी, र दुई नगर स्वास्थ्य केन्द्र छन्। सदरमुकामस्थित सरकारी अस्पतालमा तीन जना विशेषज्ञको दरबन्दीमा तीन ओटै दरबन्दी रिक्त छ। १४ जना स्वास्थ्यकर्मीको दरबन्दीमा चार खाली, १० जना कार्यरत छन्। जिल्लामा २ हजार ४ सय ७८ जनाले बीमा गराएर सेवा लिइरहेका छन्। ज्येष्ठ नागरिकका लागि निःशुल्क बीमा कार्यक्रममा २ हजार ४ सय ७८ जनाको बीमा गरिएको छ।

२०७७ मङ्सिर १५ गते शिलान्यास गरिएका चार अस्पतालमध्ये कुनै पनि निर्माण सम्पन्न भएको छैन। महाकुलुङ र सोताङ गाउँपालिकामा १५/१५ शैयाको र माप्य दुधकोशी, खुम्बु पासाङ् ल्याहामु र लिखुपिके गाउँपालिकामा पाँच/पाँच शैयाको अस्पताल शिलान्यास गरेकामा महाकुलङ गाउँपालिकामा ५० प्रतिशत काम सम्पन्न र अन्यमा

जग खन्ने काम मात्रै भएको सम्बन्धित गाउँपालिकाहरूले जनाएका छन्। बजेट अभावका कारण काम अघि बढ्न नसकेको गाउँपालिकाहरूले जनाए।

प्रतिनिधि सभा तथा प्रदेश सभा निर्वाचन २०७९

यस वर्ष सम्पन्न भएको प्रतिनिधि सभा निर्वाचनमा सोलुखुम्बु जिल्लामा ८१ हजार ५ सय २ मतदाता मध्ये ४० हजार ७३ (४९.१६ प्रतिशत) ले मतदान गरे। यसैगरी प्रदेश सभा तर्फ ४० हजार ६९ (४९.१६ प्रतिशत) ले मतदान गरे।


सन् २०२२ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

बाल अधिकार			
घटनाको प्रकार	अनुसन्धान	कानुनी दायरामा ल्याइएका	जम्मा
बलात्कार	१	४	५
यौन दुर्व्यवहार		१	१
जम्मा	१	५	६

महिला अधिकार			
घटनाको प्रकार	मेलमिलाप	कानुनी दायरामा ल्याइएका	जम्मा
घरेलु हिंसा	३१		३१
बलात्कार		५	५
जम्मा	३१	५	३६

मारिएकाको घटना सङ्ख्या		
घटनाको प्रकार	कानुनी दायरामा ल्याइएका	जम्मा
हत्या	३	३

१.४ ओखलढुङ्गा



जम्मा जनसङ्ख्या	१,४०,५१४
महिला	७१,५५२
प्रतिनिधिसभा निर्वाचन क्षेत्र	१
प्रदेशसभा निर्वाचन क्षेत्र	२
गरिबीको रेखामुनि रहेको सङ्ख्या	३०,०१७
कामका लागि बाहिरिएका	१०,५५२
अपाङ्गता भएका	३,४५०
५ वर्षमाथिको साक्षरता प्रतिशत	६४.४२
आश्रित जनसङ्ख्या	६५.७५८

यस वर्ष ओखलढुङ्गा जिल्लामा ज्यादतीका घटनामा अन्यपक्षबाट ५४ जना महिला र तीन जना पुरुष पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा १२ जना बालिका र महिला अधिकार उल्लङ्घनका घटनामा ३९ जना महिला पीडित भए।

कारागार र बन्दी

३० जना कैदीबन्दीको क्षमता भएको जिल्ला कारागारमा ६ महिला र ८८ पुरुष गरी ९४ जना रहेका छन्। कारागारमा एक जना आश्रित बालिका छिन्। कैदीबन्दीको स्वास्थ्य जाँचका लागि एक अहेबको दरबन्दी रहेको छ। कारागारमा दुई जना कैदीबन्दीहरू जटिल मानसिक रोगी र एक जना सामान्य मानसिक रोगी तीन जनाले मानसिक रोगको औषधि उपचार गराइरहेका छन्। कारागारमा १० जना पुरुष ज्येष्ठ नागरिक रहेको जिल्ला कारागारका निमित्त प्रमुख नरेन्द्रलाल कर्णले बताए। प्रतिनिधि सभा र प्रदेश सभा सदस्य निर्वाचनमा २५ जना कैदीबन्दीले मतदान गरे।

घटनाको प्रकार		अन्यपक्षबाट		
		महिला	पुरुष	जम्मा
हत्या		३	३	६
बाल अधिकार	नवजात शिशुको हत्या	१		१
	बलात्कार	६		६
	यौन दुर्व्यवहार	५		५
	जम्मा	१२		१२
महिला अधिकार	घरेलु हिंसा	३२		३२
	बलात्कार	७		७
	जम्मा	३९		३९
कूल जम्मा		५४	३	५७

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत

एक जना न्यायाधीश दरबन्दी रहेको जिल्ला अदालतबाट यो वर्ष फौजदारी मुद्दातर्फ १ सय ९४ थान मुद्दामध्ये ८९ थान मुद्दा फैसला भए। देवानी मुद्दातर्फ २ सय ४९ मध्ये १ सय ३३ थान मुद्दा फैसला भए। एक वर्ष नाघेका फौजदारी मुद्दा २३ थान छन् भने देवानी मुद्दा २१ थान बाँकी

छन्। अदालतमा १० जना कर्मचारी करारमा नियुक्त गरिएको छ भने एउटा दरबन्दी रिक्त छ।

उच्च अदालत विराटनगरको ओखलढुङ्गा इजलास

चार जना न्यायाधीशको दरबन्दी रहेको उच्च अदालत विराटनगर, अस्थायी इजलास ओखलढुङ्गामा तीन जना न्यायाधीश कार्यरत रहेका छन् भने एक जना काजमा छन्। यस वर्षका लागि दुनियावादी देवानीका ११ थान, दुनियावादी फौजदारीका दुई थान, सरकारवादी फौजदारीका ५६ थान र सुरु क्षेत्राधिकारबाट दुई थान र रिट १४ थानसहित ८५ मुद्दा जिम्मेवारी सरेका थिए। ०७८ पुस १७ देखि ०७९ पुस १६ गतेसम्म फौजदारी मुद्दाको सरकारवादीतर्फ एक सय ४७ थान उजुरी परे। अघिल्लो वर्षका जिम्मेवारी सरेका समेत एक सय १५ थान मुद्दा फैसला भए।

बाल अधिकार

शिक्षाको अवस्था

जिल्लामा २ सय ५७ आधारभूत र ७४ माध्यमिक विद्यालय छन्। १ हजार ५ सय ७४ शिक्षक दरबन्दी रहेकामा दरबन्दी मिलान हुन बाँकी छैन। यस वर्ष १६ हजार ३ सय ९५ बालक र १६ हजार ६ सय ९८ जना बालिका विद्यालय भर्ना भए। जसमा अपाङ्गता भएका ५६ बालिका र ५१ बालक छन्। जिल्लामा अपाङ्गतामैत्री विद्यालय २ सय ओटा छन्। द्वन्द्वपीडित परिवारका १२ जना बालबालिकाले छात्रवृत्ति पाए। यस वर्ष जिल्लाभर २ हजार १ सय ८१ दलित बालक र २ हजार ३ सय ४६ दलित बालिका विद्यालय भर्ना भए। वैदेशिक रोजगारीमा गएर मृत्यु भएका परिवारका १२ जना बालबालिकाले छात्रवृत्ति पाएको शिक्षा विकास तथा समन्वय इकाइका प्रमुख नेत्रप्रसाद गजुरेलले बताए। द्वन्द्वपीडित परिवारका १२ बालबालिकाले ८० हजार रुपियाँ छात्रवृत्ति पाए।

यस वर्ष ओखलढुङ्गा जिल्लामा यौन दुर्व्यवहारका घटनामा पाँच र बलात्कारका घटनामा ६ जना बालिका पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

अभिलेखित घटनामध्ये बलात्कारका दुई घटनाका आरोपितलाई जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा पठायो। एक घटनाका आरोपितलाई अदालतले कैद तथा जरिवानाको फैसला सुनायो भने एक घटनाका आरोपितलाई सफाइ दियो। एक घटनाका आरोपित धरौटीमा रिहा भए। एक घटनाका आरोपितलाई अदालतले बाल सुधार गृहमा पठायो। यौन दुर्व्यवहारको दुई घटनाका आरोपितलाई अदालतले कैद तथा जरिवानाको फैसला सुनायो भने एक घटनाका आरोपितलाई वैतनिक वकिलको जिम्मा लगायो। दुई घटनाका आरोपितलाई धरौटीमा रिहा गऱ्यो।

बलात्कार, यौन दुर्व्यवहार

१४ वर्षीया बालिकालाई ०७९ जेठ १२ गते बलात्कार गरेको आरोपमा मोलुङ गाउँपालिका-५ प्राप्चाका ४४ वर्षीय तारानाथ पोखरेलविरुद्ध पीडित पक्षले जेठ १३ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। प्रहरीले आरोपितलाई जेठ १३ गते घरबाटै गिरफ्तार गऱ्यो। प्रहरीले आरोपितविरुद्ध जिल्ला अदालतमा ०७९ असार २ गते बलात्कार शीर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश दलबहादुर केसीको असार ३ गतेको आदेशले आरोपितलाई पुर्पक्षमा पठायो। जिल्ला अदालतका न्यायाधीश टीकाराम आचार्यको ०७९ असोज ६ गतेको इजलासले कसुर गरेको ठहर गर्दै १८ वर्ष कैद, ६ लाख रुपियाँ जरिबाना र ४० हजार रुपियाँ क्षतिपूर्ति भराउन फैसला गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण जिल्ला अस्पतालमा जेठ १३ गते भयो।

महिलाविरुद्ध हुने सबैका प्रकारका भेदभाव, दुर्व्यवहार

यो वर्ष घरेलु हिंसा पीडित भन्दै ४१ जना महिलाले जिल्ला प्रहरी कार्यालयको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दर्ता गराए। उजुरीमध्ये ६ ओटा बहुविवाहका र ३५ शारीरिक र मानसिक हिंसाका उजुरी छन्। बहुविवाहका दुई ओटा उजुरी कारवाही प्रक्रिया र चार ओटामा अनुसन्धान भइरहेको प्रहरीले जनायो। ४१ ओटा उजुरीमध्ये ३५ ओटा उजुरीमा मिलापत्र गराएको जिल्ला प्रहरी कार्यालयका इन्स्पेक्टर केशव अधिकारीले बताए।

यो वर्ष ओखलढुङ्गा जिल्लामा घरेलु हिंसाका घटनामा ३२ र बलात्कारका घटनामा सात जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

अभिलेखित घटनामध्ये एक बलात्कार घटनाका आरोपितलाई जिल्ला अदालतले सफाइ दियो चार घटनाका आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। एक घटनाका आरोपितलाई अदालतले धरौटीमा रिहा गऱ्यो। एक घटनाका आरोपित वर्षको अन्त्यसम्म गिरफ्तार भएनन्। पारिवारिक हत्याका एक घटनाका आरोपितलाई अदालतले पुर्पक्षका लागि थुनामा पठायो।

स्वास्थ्य सेवाको अवस्था

जिल्लामा एक सरकारी अस्पताल, एक सामुदायिक अस्पताल, ५४ स्वास्थ्यचौकी, एक प्राथमिक स्वास्थ्य केन्द्र र पाँच ओटा नगर स्वास्थ्य केन्द्र छन्। सदरमुकामस्थित सरकारी अस्पतालमा एक जना विशेषज्ञको दरबन्दी रहेकोमा रिक्त छ। चार जना स्टाफ नर्सको दरबन्दीमा एक जना स्थायी र एक जना करार सेवामा कार्यरत छन्। अनमी दुई जनाको दरबन्दीमा कार्यरत छन्। जिल्लामा ४० हजार ५ सय ८० जनाले बीमा गराएर सेवा लिइरहेका छन्। ज्येष्ठ नागरिकका

लागि नि:शुल्क बीमा कार्यक्रममा ४ हजार २ सय ४३ जनाको बीमा गरिएको छ।

सरकारले २०७७ मङ्सिर १५ गते शिलान्यास गरेका सात ओटा अस्पतालमध्ये दुई ओटाको निर्माण कार्य पूरा भएको छ। मानेभञ्ज्याङ गाउँपालिकामा अस्पताल कहाँ निर्माण गर्ने भन्ने अन्यौल यो वर्षको अन्त्यसम्म कायमै रह्यो। अस्पताल निर्माणको लागि चाहिने जग्गा व्यवस्थापनमा समस्या हुँदा निर्माण कार्य अघि बढ्न नसकेको मानेभञ्ज्याङ गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत छविलाल राईले बताए। मोलुङ गाउँपालिकामा यो वर्षको अन्त्यसम्म अस्पताल निर्माण कार्य अघि बढ्न सकेको छैन। भवनको डिजाइनमा समस्या भएपछि अर्को डिजाइन स्वीकृत भएकाले अब निर्माण कार्य बढ्ने गाउँपालिकाका अध्यक्ष उत्तम राईले बताए।

सुनकोशी गाउँपालिकामा जग्गा प्राप्त गरे पनि अस्पतालको डीपीआर बमोजिम जग्गा अपर्याप्त भएकाले अस्पताल निर्माण कार्य अघि बढ्न नसकेको गाउँपालिकाका अध्यक्ष कमल तामाङले बताए।

चम्पादेवी गाउँपालिकामा अस्पताल निर्माणको काम भइरहेको गाउँपालिकाका सूचना प्रविधि अधिकृत विशाल दाहालले बताए।

लिखु गाउँपालिकामा अस्पताल निर्माण भइरहेको लिखु गाउँपालिकाका अध्यक्ष अशोककुमार कार्कीले बताए।

चिसङ्खुगढी गाउँपालिकामा अस्पताल निर्माण भएर हस्तानान्तरण गरिएको सूचना अधिकृत अस्मित राजभण्डारीले बताए। भवन निर्माण सम्पन्न भए पनि वर्षको अन्त्यसम्म अस्पताल सञ्चालनमा आएको छैन।

खिजिदेम्बा गाउँपालिकामा अस्पताल निर्माण कार्य सम्पन्न भए पनि वर्षको अन्त्यसम्म सञ्चालनमा नआएको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत डम्बरबहादुर रजन मगरले बताए।

प्रतिनिधि सभा तथा प्रदेश सभा निर्वाचन २०७९

यस वर्ष सम्पन्न भएको प्रतिनिधि सभा निर्वाचनमा ओखलढुङ्गा जिल्लामा १ लाख १७ हजार ८ सय ९७ मतदाता मध्ये ६४ हजार ८ सय ९६ (५५.०४ प्रतिशत) ले मतदान गरे। यसैगरी प्रदेश सभा तर्फ ६४ हजार ९ सय २९ (५५.०७ प्रतिशत) ले मतदान गरे।

सन् २०२२ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

बाल अधिकार				
घटनाको प्रकार	**अनुसन्धान**	**मुद्दा टुङ्गिएका**	**कानुनी दायरामा ल्याइएका**	**जम्मा**
नवजात शिशुको हत्या			१	१
बलात्कार	१	१	४	६
यौन दुर्व्यवहार		३	३	४
जम्मा	१	३	८	११

महिला अधिकार				
घटनाको प्रकार	**मेलमिलाप**	**अनुसन्धान**	**कानुनी दायरामा ल्याइएका**	**जम्मा**
घरेलु हिंसा	१९	३	१०	३१
बलात्कार		३	५	८
जम्मा	१९	४	१५	३८

मारिएकाको घटना सङ्ख्या		
घटनाको प्रकार	**कानुनी दायरामा ल्याइएका**	**जम्मा**
हत्या	६	६

१.५ खोटाङ



जम्मा जनसङ्ख्या	१,७५,३४०
महिला	८८,८१५
प्रतिनिधिसभा निर्वाचन क्षेत्र	१
प्रदेशसभा निर्वाचन क्षेत्र	२
गरिबीको रेखामुनि रहेको सङ्ख्या	५१,३१५
कामका लागि बाहिरिएका	१७,६६२
अपाङ्गता भएका	१,१५८
५ वर्षमाथिको साक्षरता प्रतिशत	८७.२
आश्रित जनसङ्ख्या	५२,२१४

यस वर्ष खोटाङ जिल्लामा मानव अधिकार उल्लङ्घनका घटनामा राज्यपक्षबाट पाँच पुरुष र ज्यादतीका घटनामा अन्यपक्षबाट ३१ जना महिला र चार जना पुरुष पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा ६ जना बालिका र महिला अधिकार उल्लङ्घनका घटनामा २४ जना महिला पीडित भए। अभिव्यक्ति, भेला तथा सङ्गठित हुने अधिकारका घटनामा पाँच जना पुरुष पीडित भए।

घटनाको प्रकार		राज्यपक्षबाट		अन्यपक्षबाट		
		पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
कुटपिट				१	३	३
अमानवीय व्यवहार					१	१
हत्या					१	१
अभिव्यक्ति, भेला तथा सङ्गठित हुने अधिकार		५	५			
बाल अधिकार	यौन दुर्व्यवहार			६		६
	जम्मा			६		६
महिला अधिकार	घरेलु हिंसा			३३		३३
	बलात्कार प्रयास			१		१
	जम्मा			३४		३४
कूल जम्मा		५	५	३१	४	३५

कारागार र बन्दी

९९ जना कैदीबन्दीको क्षमता रहेको खोटाङ कारागारमा चारजना महिला र १ सय १५ जना पुरुष गरी १ सय १९ जना कैदीबन्दी रहेका छन्। कारागारमा खानेपानी, शौचालय, पत्रपत्रिका, रेडियो, टेलिभिजन, खेलकुदका सामग्रीमा भलिबल, चेस, लुँडो र क्यारमबोर्ड र पुस्तकालयको राम्रो व्यवस्था गरिएको जेलर सोमप्रसाद आचार्यले बताए। कारागारमा सीपमूलक तालिमको व्यवस्था पनि रहेको छ। कैदीबन्दीको नियमित स्वास्थ्य जाँचका लागि चौथो तहका अहेबको दरबन्दी रहेको छ। जिल्ला

कारागारका ४४ जना कैदीबन्दीले प्रतिनिधि सभा र प्रदेश सभा सदस्य निर्वाचनमा मतदान गरेको कारागारका सूचना अधिकारी चन्द्रप्रसाद आचार्यले बताए

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत

एक जना न्यायाधीश दरबन्दी रहेको जिल्ला अदालतमा यो वर्ष फौजदारी मुद्दातर्फ १ सय ४ थानमध्ये २४ थान मुद्दा फैसला भए। देवानी मुद्दातर्फ १ सय ८९ थानमध्ये ९८ थान मुद्दा फैसला भए। यस अदालतमा दुई वर्ष नाघेका फौजदारी मुद्दा एक थान र देवानी मुद्दा दुई थान बाँकी छन्।

बाल अधिकार

शिक्षाको अवस्था

जिल्लामा ३ सय ९० आधारभूत र ९६ माध्यमिक विद्यालय छन्। १ हजार ८ सय ७० शिक्षक दरबन्दी रहेकामा बाल विकासका ३ सय ४७ ओटा दरबन्दी मिलान हुन बाँकी रहेको छ। यस वर्ष २५ हजार १ सय ४८ बालक र २६ हजार २ सय २९ जना बालिका विद्यालय भर्ना भए। जसमा अपाङ्गता भएका १ सय ७७ बालिका र १ सय ९७ बालक छन्। जिल्लामा अपाङ्गतामैत्री विद्यालय दुई ओटा छन्। यस वर्ष जिल्लाभर २ हजार १ सय २३ दलित बालक र ५ हजार ४ सय १२ दलित बालिका विद्यालय भर्ना भए। वैदेशिक रोजगारीमा गएर मृत्यु भएका परिवारका ४२ जना बालबालिकाले छात्रवृत्ति पाए। सहिद परिवारका तीन जनाले ७२ हजार रुपियाँ र द्वन्द्वपीडित परिवारका दुई जना बालबालिकाले ४८ हजार रुपियाँ छात्रवृत्ति पाएको शिक्षा विकास तथा समन्वय इकाइले जनायो।

यस वर्ष खोटाङ जिल्लामा यौन दुर्व्यवहारका घटनामा ६ जना बालिका पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

तीन घटनाका आरोपितलाई अदालतले पुर्पक्षका लागि थुनामा पठायो। दुई घटनाका आरोपितलाई अदालतले कैद तथा जरिबनाको फैसला सुनायो भने एक घटनाका आरोपितलाई सफाइ दियो। एक घटनाका आरोपितलाई अदालतले अभिभावकको जिम्मा लगायो।

बलात्कार, यौन दुर्व्यवहार

१३ वर्षीया बालिकालाई ०७८ पुस २९ गते गते यौन दुर्व्यवहार गरेको आरोपमा रावावेशी गाउँपालिका-२ खार्पाका ३१ वर्षीय किशोर बस्नेतविरुद्ध पीडित पक्षले पुस २९ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण पुस ३० गते जिल्ला अस्पतलामा भयो। प्रहरीले आरोपितलाई माघ १ गते उदयपुरबाट गिरफ्तार गऱ्यो। प्रहरीले आरोपितविरुद्ध जिल्ला सरकारी वकिल कार्यालयमार्फत् जिल्ला अदालतमा माघ १३ गते यौन दुर्व्यवहार शीर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाशीश मात्रिकाप्रसाद आचार्यको माघ २३ गतेको आदेशले बस्नेतलाई तीन महिना कैद र २० हजार रुपियाँ जरिबानाको फैसला गऱ्यो।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यो वर्ष घरेलु हिंसा पीडित भएको भन्दै २७ जना महिलाले जिल्ला प्रहरी कार्यालयको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा दर्ता भए। जसमा कुटपिट गरी घरनिकाला गरिएका १५ ओटा, खानलाउन नदिएका चार ओटा, नागरिकता नबनाइदिएका दुई ओटा र मादक पदार्थ सेवन गरी घरायसी झगडाका ६ ओटा उजुरी छन्। यी मध्ये प्रहरीले सबै २७ ओटामा मिलापत्र गराएको जिल्ला प्रहरी कार्यालयकी हवल्दार मीरा वलीले बताइन्।

यो वर्ष खोटाङ जिल्लामा घरेलु हिंसाका घटनामा २३ र बलात्कार प्रयासका घटनामा एक जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

अभिलेखित घटनामध्ये बलात्कार प्रयासका एक घटनाका आरोपितलाई अदालतले पुर्पक्षका लागि थुनामा पठायो भने एक घटनाका आरोपितलाई सफाइ दियो।

स्वास्थ्य सेवाको अवस्था

जिल्लामा एक सरकारी अस्पताल, एक सामुदायिक अस्पताल, एक स्वास्थ्यचौकी, सात प्राथमिक स्वास्थ्य केन्द्र, १० नगर स्वास्थ्य केन्द्र छन्। सदरमुकामस्थित सरकारी अस्पतालमा १३ जना विशेषज्ञको दरबन्दी रहेकोमा सबै कार्यरत छन्। जिल्लाभर ८ सय ९८ जना स्वास्थ्यकर्मीको दरबन्दीमा सबै कार्यरत छन्। जिल्लामा ५१ हजार ६ सय ४६ जनाले बीमा गराएर सेवा लिइरहेका छन्। ज्येष्ठ नागरिकका लागि नि:शुल्क बीमा कार्यक्रममा १३ हजार ५ सय ९३ जनाको बीमा गरिएको छ।

२०७७ मङ्सिर १५ गते शिलान्यास भएका

जिल्लाका दश ओटा स्थानीय तहमध्ये दिक्तेल रूपाकोट मझुवागढी नगरपालिका बाहेक अन्य नौ ओटा स्थानीय तहमा आधारभूत अस्पताल निर्माणका लागि सङ्घीय सरकारबाट बजेट प्राप्त भए पनि दुई ओटा स्थानीय तहमा अझै अस्पतालको शिलान्यास हुन बाँकी छ।

हलेसी तुवाचुङ नगरपालिकामा सात रोपनी जग्गामा १५ शैयाको अस्पताल निर्माण कार्य जारी रहेको नगर उपप्रमुख रमेश राउतले बताए। रावावेशी गाउँपालिकामा अस्पताल निर्माणको लागि १८ महिना अघि ठेक्का सम्झौता गरिएको प्रमुख प्रशासकीय अधिकृत दिनेशकुमार राईले बताए। नगर स्वास्थ्य संयोजक कौशल अधिकारीले १० शैयाको अस्पताल निमार्णका लागि नौ रोपनी जग्गाको व्यवस्थापन भएको बताए। ऐसेलुखर्क गाउँपालिकामा अस्पताल निर्माणको कार्य अलपत्र अवस्थामा छ। प्रमुख प्रशासकीय अधिकृत रेखबहादुर थापाले अस्पताल निर्माणले गति लिन नसकेको बताए। १५ शैयाको आधारभूत स्वास्थ्य अस्पताल निर्माणका लागि आठ रोपनी जग्गा मात्र टुङ्गो लगाउने काम भएको नगर स्वास्थ्य संयोजक सचिन श्रेष्ठले बताए।

केपिलासगढी गाउँपालिकामा अस्पताल निर्माणको लागि १२ रोपनी जग्गा व्यवस्थापन गरी डीपीआरको काम गरिए पनि अरू काम बाँकी रहेको प्रमुख प्रशासकीय अधिकृत गुञ्जन कार्कीले बताए। साकेला गाउँपालिकाकामा आधारभूत अस्पताल निर्माणको काम ढलानको अवस्थामा पुगेको गाउँपालिका अध्यक्ष रविप्रकाश राईले बताए। दिप्रुङ चुइचुम्मा गाउँपालिकाले १५ बेडको अस्पताल निर्माण कार्य जग्गा सम्याउने काम मात्र भएको प्रमुख प्रशासकीय अधिकृत लोकेन्द्रबहादुर राईले बताए। खोटेहाङ गाउँपालिकामा भवन निर्माणको काम सुरू भएको छैन। डीपीआरको मात्र काम सुरू गरिएकाले भवन निर्माण अलपत्र अवस्थामा रहेको नगर स्वास्थ्य संयोजक यदुकुमार बस्नेतले बताए। बराहपोखरी गाउँपालिकामा अस्पताल निर्माण कार्य अलपत्र अवस्थामा रहेको गाउँपालिका अध्यक्ष शालिकराम बञ्जराले बताए।

प्रतिनिधि सभा तथा प्रदेश सभा निर्वाचन २०७९

यस वर्ष सम्पन्न भएको प्रतिनिधि सभा निर्वाचनमा खोटाङ जिल्लामा १ लाख ४२ हजार ७ सय ९२ मतदाता मध्ये ६७ हजार ४ सय ८ (४७.२० प्रतिशत) ले मतदान गरे। यसैगरी प्रदेश सभा तर्फ ६७ हजार ३ सय ५५ (४७.१७ प्रतिशत) ले मतदान गरे।

सन् २०२२ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

बाल अधिकार			
घटनाको प्रकार	मुद्दा टुङ्गिएका	कानुनी दायरामा ल्याइएका	जम्मा
यौन दुर्व्यवहार	३	४	६
जम्मा	३	४	६

महिला अधिकार			
घटनाको प्रकार	मेलमिलाप	कानुनी दायरामा ल्याइएका	जम्मा
घरेलु हिंसा	३३		३३
बलात्कार प्रयास		१	१
जम्मा	३३	१	३४

मारिएकाको घटना सङ्ख्या		
घटनाको प्रकार	कानुनी दायरामा ल्याइएका	जम्मा
हत्या	१	१

१.६ भोजपुर



जम्मा जनसङ्ख्या	१,५८,९९१
महिला	८०,५४०
प्रतिनिधिसभा निर्वाचन क्षेत्र	१
प्रदेशसभा निर्वाचन क्षेत्र	२
गरिबीको रेखामुनि रहेको सङ्ख्या	४४,२६८
कामका लागि बाहिरिएका	१२,१५८
अपाङ्गता भएका	४,६१८
५ वर्षमाथिको साक्षरता प्रतिशत	६९.९
आश्रित जनसङ्ख्या	७७,१६९

यस वर्ष भोजपुर जिल्लामा ज्यादतीका घटनामा अन्यपक्षबाट ८८ जना महिला र १३ जना पुरुष पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा पाँच जना बालिका र महिला अधिकार उल्लङ्घनका घटनामा ७२ जना महिला पीडित भए।

बम विष्फोटबाट घाइते

पौवादुङमा गाउँपालिका-२ तिवारीभञ्ज्याङमा २०७९ कात्तिक ३० गते पाँच दलीय गठबन्धले आयोजना गरेको चुनावी सभामा बम बिष्फोट गराउन खोज्दा अरुण गाउँपालिका-४ चरम्वीका ३४ वर्षीय सुमन श्रेष्ठ घाइते भए। प्रहरीले उनलाई घटनास्थलबाटै गिरफ्तार गऱ्यो। उनको उपचार प्रहरी निगरानीमा जिल्ला अस्पताल, भोजपुरमा भयो। प्रहरीले आरोपितविरुद्ध २०७९ मङ्सिर २६ गते विष्फोटक पदार्थसम्बन्धी कसुर शीर्षकमा जिल्ला अदालतमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश मणिराम न्यौपानेको मङ्सिर २६ गतेको इजलासले

घटनाको प्रकार		अन्यपक्षबाट		
		महिला	पुरुष	जम्मा
कुटपिट		१०	१०	२०
घाइते			२	२
हत्या		१	१	२
बाल अधिकार	बलात्कार	५		५
	जम्मा	५		५
महिला अधिकार	घरेलु हिंसा	६८		६८
	बहुविवाह	१		१
	बलात्कार	३		३
	जम्मा	७२		७२
कूल जम्मा		८८	१३	१०१

आरोपितलाई पुर्पक्षका लागि थुनामा पठाउने आदेश गऱ्यो। यो वर्षको अन्त्यसम्म मुद्दा फैसला नभएको जिल्ला अदालतका श्रेस्तेदार नवराज कार्कीले बताए।

कारागार र बन्दी

जिल्ला कारागारको बन्दी क्षमता १० जना महिला र ३० जना पुरुषको छ। महिला चार जना र पुरुष ८६ जना गरी ९० जना कैदी बन्दी रहेका छन्। कैदी बन्दीको नियमित स्वास्थ्य जाँचका लागि अहेबको एउटा दरबन्दी रहेकोमा सो पद रिक्त छ। कारागारमा एक जना ज्येष्ठ नागरिक पुरुष रहेको जिल्ला कारागारका जेलर अनिल खड्काले बताए। क्षमता भन्दा बढी कैदीबन्दी भएका कारण शौचालय, खानेपानी, सुत्न र स्वास्थ्य उपचारमा समस्या भएको जेलर खड्काले बताए। प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्य निर्वाचनमा ५५ पुरुष र एक महिला गरी ५६ जना कैदीबन्दीले मतदान गरे।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत

एक न्यायाधीशको दरबन्दी रहेको जिल्ला अदालतमा यो वर्ष फौजदारी मुद्दातर्फ ६९ थान मुद्दामध्ये पाँच थान मुद्दा फैसला भए। देवानी मुद्दातर्फ १ सय ६२ थानमध्ये ५९ थान मुद्दा फैसला भए। यस अदालतमा दुई वर्ष नाघेका फौजदारी मुद्दा ३५ थान र देवानी मुद्दा सात थान बाँकी छन्। एकै वर्ष स्थानीय र प्रदेश सभा तथा प्रतिनिधि सभा चुनावमा न्यायाधीश खटिएको कारणले गर्दा मुद्दाको फैसला हुन ढिला भएको जिल्ला अदालतका स्रेस्तेदार नवराज कार्कीले बताए।

बाल अधिकार

शिक्षाको अवस्था

जिल्लामा ३ सय ३७ आधारभूत र ७४ माध्यमिक विद्यालय छन्। १ हजार ८ सय ३४ शिक्षक दरबन्दी रहेकामा ४७ ओटा दरबन्दी मिलान हुन बाँकी रहेको छ। यस वर्ष २० हजार ५ सय ८४ बालक र २० हजार ४ सय ९४ जना बालिका विद्यालय भर्ना भए। जसमा अपाङ्गता भएका १ सय १७ बालिका र १ सय ६९ बालक छन्। जिल्लामा अपाङ्गतामैत्री विद्यालय ६५ ओटा छन्। यस वर्ष जिल्लाभर २ हजार १ सय ४७ दलित बालक र २ हजार ३ सय ३८ दलित बालिका विद्यालय भर्ना भए। दलित विद्यार्थी मध्ये २ हजार १ सय ४७ छात्रा र २ हजार ३ सय ३८ छात्र रहेका छन्। वैदेशिक रोजगारीमा गएर मृत्यु भएका परिवारका ३२ जना बालबालिकामध्ये आधारभूत तहमा २० जनाले प्रति विद्यार्थी ८ हजार रुपियाँ र माध्यमिक तहमा १२ जनाले प्रति विद्यार्थी १२ हजार रुपियाँ छात्रवृत्ति पाए।

यस वर्ष भोजपुर जिल्लामा बलात्कारका घटनामा पाँच र बलात्कारपछि हत्याको घटनामा एक जना बालिका पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

अभिलेखित घटनामध्ये बलात्कारका पाँच घटनाका आरोपितलाई जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा पठायो भने एक घटनाका आरोपितलाई बाल सुधार गृह पठायो। बलात्कारपछि हत्या घटनाका एक आरोपितलाई अदालतले पुर्पक्षका लागि थुनामा पठायो।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यो वर्ष घरेलु हिंसा पीडित भन्दै ४० जना महिलाले जिल्ला प्रहरी कार्यालयको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमा कुटपिट र धम्कीका सात र सामान्य घरायसी झगडाका ३३ उजुरी छन्। यीमध्ये प्रहरीले ३७ ओटामा मिलापत्र गरायो भने तीन ओटा उजुरी कारबाही प्रक्रियामा रहेको जिल्ला प्रहरी कार्यालय भोजपुरका प्रमुख डिएसपी सरत थापा क्षेत्रीले बताए।

यो वर्ष भोजपुर जिल्लामा घरेलु हिंसाका घटनामा ६८, बलात्कारका घटनामा तीन र बहुविवाहका घटनामा एक जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

अभिलेखित घटनामध्ये बलात्कारका तीन घटनाका आरोपित र बहुविवाह घटनाका एक आरोपितलाई अदालतले पुर्पक्षका लागि थुनामा पठाउने आदेश गऱ्यो।

स्वास्थ्य सेवाको अवस्था

जिल्लामा एक सरकारी अस्पताल, ६६ स्वास्थ्य चौकी, तीन प्राथमिक स्वास्थ्य केन्द्र, एक नगर स्वास्थ्य केन्द्र छन्। सदरमुकामस्थित सरकारी अस्पतालमा आठ जना विशेषज्ञको दरबन्दीमा सात जनाको दरबन्दी रिक्त छ। १ सय २० जना स्वास्थ्यकर्मीको दरबन्दीमा ८० ओटा दरबन्दी रिक्त छन्। जिल्लामा ३५ हजार ७ सय ४६ जनाले बीमा गराएर सेवा लिइरहेका छन्। ज्येष्ठ नागरिकका लागि निःशुल्क बीमा कार्यक्रममा २ हजार ७ सय ६८ पुरुष र २ हजार ९ सय २८ महिला गरी ५ हजार ६ सय ९७ जनाको बीमा गरिएको छ।

जिल्लामा पौवादुङमा गाउँपालिका, अरूण गाउँपालिका, साल्पासिलिछो गाउँपालिका, टेम्केमैयुङ गाउँपालिका, रामप्रसादराई गाउँपालिका, आमचोक गाउँपालिका र हतुवागढी गाउँपालिकामा पाँच देखि १५ बेडको अस्पताल २०७७ मङ्सिर १५ गते शिलान्यास गरिएकोमा ६ ओटा अस्पतालको निर्माण कार्य भइरहेको छ। रामप्रसादराई गाउँपालिकाको भने जग्गा अभावका कारण सम्पूर्ण काम अलपत्र अवस्थामा छ। स्थानीय जग्गा दाताले जग्गा दिएको भए पनि अस्पतालको नाममा जग्गा ल्याउने काम भइरहेकाले अबको केही समयपछि निर्माण थालिने गाउँपालिका अध्यक्ष थामबहादुर राईले बताए। पौवादुङमा गाउँपालिकाको अस्पताल निर्माणको काम करिब ३५ प्रतिशत सम्पन्न भएको गाउँपालिका अध्यक्ष किरण राईले बताए। साल्पासिलिछो गाउँपालिकामा ६ करोड ६५ लाख रुपियाँ लागतमा पाँच बेडको अस्पताल निर्माणको लागि ०७८ असार महिनामा टेण्डर प्रक्रियाबाट काम सुरू भएको गाउँपालिका अध्यक्ष दौतथकुलुङ राईले बताए। आमचोक गाउँपालिकामा १२ करोड ५० लाख रुपियाँ लागतमा १० बेडको अधारभूत स्वास्थ्य अस्पताल निर्माणको लागि ०७८ वैशाखमा टेण्डर भई निर्माण सुरु भएको छ। यस वर्षको अन्त्यसम्म ३० प्रतिशत काम सम्पन्न भएको प्रमुख प्रशासकीय अधिकृत धनकुमार राईले बताए। केन्द्र सरकारले पाँच बेडको अस्पताल निर्माणका लागि निर्देशन दिएको भए पनि गाउँपालिकाका स्वास्थ्यको अवस्थालाई मध्यनजर गर्दै गाउँपालिकाको आर्थिक साझेदारीमा १० बेडको अस्पताल निर्माणको काम सुरु गरिएको गाउँपालिका अध्यक्ष अशोक राईले बताए। हतुवागढी गाउँपालिकामा १६ करोड रुपियाँ लागतमा ०७८ असार महिनामा टेण्डर प्रक्रियामार्फत १५ बेडको अस्पताल निमार्णको गरिएको छ। सङ्घीय सरकारको एक स्थानीय तह, एक आधारभूत स्वास्थ्य अस्पताल निर्माण कार्यक्रममा रहेर अस्पताल निर्माण गरिएको गाउँपालिका अध्यक्ष प्रेमकुमार राईले बताए। अस्पताल निर्माणको काम समयमा सम्पन्न गर्ने लक्ष्यका साथ काम भइरहेको अध्यक्ष राईले बताए।

टेम्केमैयुङ गाउँपालिकामा पनि अस्पताल निर्माणका काम १५ प्रतिशत सम्पन्न भएको छ। तोकिएको समयमा काम सम्पन्न गर्न ताकेता भइरहेको प्रमुख प्रशासकीय अधिकृत सन्दीप न्यौपानेले बताए।

रामप्रसादराई गाउँपालिकामा जग्गा अभावका कारण अस्पताल निर्माणको कार्य सुरु नभएकोमा हाल स्वास्थ्य संस्थाका लागि आवश्यक नौ रोपनी जग्गा उपलब्ध भएकाले आवश्यक प्रकृया पूरा गरी निर्माण शुरु गरिने राईले बताए।

षडानन्द नगरपालिकामा १५ बेडको गान्धी मेमोरियल अस्पताल रहेकाले अस्पताल निर्माणको प्रक्रिया अघि नबढाएको मेयर सुरेन्द्र उदासले बताए। भोजपुर नगरपालिकामा जिल्ला अस्पताल सञ्चालनमा रहेकाले आधारभूत स्वास्थ्य अस्पतालको काम नगरिएको उपप्रमुख निर्मला शेर्पाले बताइन्।

प्रतिनिधि सभा तथा प्रदेश सभा निर्वाचन २०७९

यस वर्ष सम्पन्न भएको प्रतिनिधि सभा निर्वाचनमा भोजपुर जिल्लामा १ लाख २३ हजार ३ सय ७९ मतदाता मध्ये ६१ हजार ८ सय ५८ (५०.१३ प्रतिशत) ले मतदान गरे। यसैगरी प्रदेश सभा तर्फ ६१ हजार ८ सय ५९ (५०.१३ प्रतिशत) ले मतदान गरे।

सन् २०२२ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

बाल अधिकार		
घटनाको प्रकार	कानुनी दायरामा ल्याइएका	जम्मा
बलात्कार	५	५

महिला अधिकार			
घटनाको प्रकार	मेलमिलाप	कानुनी दायरामा ल्याइएका	जम्मा
घरेलु हिंसा	३५	४३	६८
बहुविवाह		१	१
बलात्कार		३	३
जम्मा	३५	४८	७२

मारिएकाको घटना सङ्ख्या		
घटनाको प्रकार	कानुनी दायरामा ल्याइएका	जम्मा
हत्या	२	२

१.७ धनकुटा



जम्मा जनसङ्ख्या	१,४९,९८४
महिला	७६,७५०
प्रतिनिधिसभा निर्वाचन क्षेत्र	१
प्रदेशसभा निर्वाचन क्षेत्र	२
गरिबीको रेखामुनि रहेको सङ्ख्या	२५,६७७
कामका लागि बाहिरिएका	१४,४१५
अपाङ्गता भएका	४,८८१
५ वर्षमाथिको साक्षरता प्रतिशत	९५
आश्रित जनसङ्ख्या	६५,९०९

यस वर्ष धनकुटा जिल्लामा मानव अधिकार उल्लङ्घनका घटनामा राज्यपक्षबाट १३ जना पुरुष तथा ज्यादतीका घटनामा अन्यपक्षबाट ६९ जना महिला र ६ जना पुरुष पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा १० जना बालिका र महिला अधिकार उल्लङ्घनका घटनामा ५५ जना महिला पीडित भए।

कुटपिट/धम्की

राज्यपक्षबाट

सहिदभूमि गाउँपालिका-६ माङ्तिनका ३३ वर्षीय निरन साङ्सनुन राईलाई २०७९ जेठ १० गते चार जनाको सङ्ख्यामा आएका प्रहरीले घरबाट नियन्त्रणमा लिई लाठीले कुटपिट गरे। सहिदभूमि गाउँपालिकास्थित आँखीसल्ला प्रहरी चौकीबाट वरिष्ठ हवल्दार पुष्कर कार्कीको नेतृत्वमा गएको प्रहरी हवल्दार नारायणकुमार कटुवाल, सहायक हवल्दार नवीन श्रेष्ठ र जवान तिलक बस्नेतको टोलीले राईलाई नियन्त्रणमा लिएर निर्घात कुटपिट गरेको गाउँपालिका अध्यक्ष मनोज राईले बताए। प्रहरीको कुटपिटबाट टाउको, हात र गोडामा चोट लागेको पीडितको जिल्ला अस्पतालमा उपचार हुन नसकेपछि विराटनगरस्थित न्यूरो अस्पतालमा थप उपचार भयो। स्थानीय तह निर्वाचनको विजय च्यालीका क्रममा जेठ ८ गते नेपाली कांग्रेसका कार्यकर्तालाई कुटपिट गरेको भन्दै निरन साङ्सनुन लगायत अन्य १० जनाविरुद्ध प्रहरीमा उजुरी परेको थियो। सोही उजुरीका आधारमा आरोपितलाई गिरफ्तार गर्न प्रहरी माङ्तिन पुग्दा पीडित भाग्ने क्रममा लडेर घाइते भएको जिल्ला प्रहरी कार्यालयका एसपी लक्ष्मीराज अधिकारीले बताए। राष्ट्रिय युवा सङ्घका जिल्ला सदस्य राईलाई कुटपिट गर्ने प्रहरीविरुद्ध उजुरी गरिएको भए पनि उजुरी दर्ता नगरेको नेकपा एमाले जिल्ला अध्यक्ष इन्द्रमणि पराजुलीले बताए। उपचार खर्चबापतको रकम प्रहरीले जेठ १४ गते पीडितलाई दिएपछि मेलमिलाप भयो। पीडित पक्षले कानुनी कारबाही अघि बढाएन।

धनकुटा नगरपालिका-८ सान्ताडस्थित देउराली माध्यमिक विद्यालयका प्रधानाध्यापक ४३ वर्षीय यमबहादुर बस्नेतमाथि विद्यालय हातामा २०७९ असार २६ गते कुटपिट हुँदा दाहिने गोडा भाँचियो। कुटपिटको आरोपमा पीडित पक्षले धनकुटा

घटनाको प्रकार		राज्यपक्षबाट		अन्यपक्षबाट		
		पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
गिरफ्तारी		१३	१३			
कुटपिट		१	१	१	३	४
घाइते					१	१
हत्या				३	२	५
बाल अधिकार	बलात्कार			६		६
	यौन दुर्व्यवहार			३		३
	जम्मा			१०		१०
महिला अधिकार	घरेलु हिंसा			५०		५०
	बलात्कार			४		४
	बलात्कार प्रयास			१		१
	जम्मा			५५		५५
कूल जम्मा		१३	१३	६९	६	७५

नगरपालिका-८ का वडाध्यक्ष ४१ वर्षीय रसबहादुर राई, धनकुटा नगरपालिका-७ का नेकपा एमाले निकट युवा सङ्घका जिल्ला उपाध्यक्ष ३६ वर्षीय सन्देश आठपहरियाका विरुद्ध जिल्ला प्रहरी कार्यालयमा असार २८ र २९ गते उजुरी दर्ता गर्न खोज्दा प्रहरीले उजुरी दर्ता नगरेको पीडित पक्षले आरोप लगायो। घटनाको उजुरी दर्ता गर्न खोज्दा जिल्ला प्रहरी कार्यालयका डीएसपी चिरञ्जीवी दाहालले उजुरी दर्ता गर्न अस्वीकार गरेको पीडित बस्नेतले बताए। डीएसपी चिरञ्जीवी दाहालले प्रहरीले अनुसन्धान गरिरहेको तर, उजुरी दर्ता गरेको वा नगरेको आन्तरिक विषय भएको बताए। विद्यालयका शिक्षक चन्द्रकुमार राईले छात्रामाथि यौन दुर्व्यवहार गरेको आरोपका विषयमा विद्यालयमा असार २६ गते छलफल भइरहेका बेला आफूमाथि कुटपिट भएको पीडित बस्नेतले बताए। पीडितको धनकुटा जिल्ला अस्पतालमा प्राथमिक उपचारपछि थप उपचार सुनसरीको इटहरीस्थित बेदान्त अस्पतालमा भयो। प्रहरीले उजुरी दर्ता नगरे पनि साउन १५ गते आरोपित पक्षलाई उपचार खर्चवापतको रकम तिराएर मिलापत्र गरायो। पीडित पक्षले आफ्नो माग सम्बोधन भएकाले मिलापत्र गरेको बतायो।

कारागार र बन्दी

जिल्ला कारागारको बन्दी क्षमता महिला १५ र पुरुष २५ जना गरी ४० जनाको रहेको छ। कारागारमा महिला ३८ र पुरुष ५० जना गरी ८८ जना कैदीबन्दी रहेका छन्। कैदी/बन्दीहरूको स्वास्थ्य परीक्षणका लागि एक जना स्वास्थ्यकर्मीको दरबन्दी रहेकोमा विगत पाँच वर्षदेखि रिक्त रहेको कारागार प्रमुख शिवप्रसाद श्रेष्ठले बताए। जिल्ला कारागारमा रहेका ८८ कैदीबन्दी मध्ये ४२ जनाले मतदान गरे।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत

एक जना न्यायाधीश दरबन्दी रहेको जिल्ला अदालतमा यो वर्ष फौजदारी मुद्दातर्फ २ सय ३० थान मध्ये १ सय ११ थान मुद्दा फैसला भए भने १ सय ११ थान बाँकी रहेका छन्। अदालतमा दुनियावादी फौजदारी मुद्दा ३१ थान दर्ता भएकोमा सात थान फैसला भएर २४ थान बाँकी छन्। यस्तै सरकारवादी फौजदारी मुद्दातर्फ ६३ थान दर्ता भएकोमा १५ थान मुद्दा फैसला भएर ४८ थान बाँकी छन्। यस अदालतमा एक वर्ष नाघेका फौजदारी मुद्दा नौ थान छन् भने देवानी मुद्दा ६ थान बाँकी छन्।

उच्च अदालत विराटनगरको धनकुटा इजलास

चार जना न्यायाधीशको दरबन्दी रहेको उच्च अदालत विराटनगर, धनकुटा इजलासमा एक जनाको दरबन्दी रिक्त रहेको छ। यस वर्षका लागि दुनियावादी देवानीका ११ थान, दुनियावादी फौजदारीका सात थान, सरकारवादी फौजदारीका २४ थान र सुरु क्षेत्राधिकारबाट ४२ थान मुद्दा जिम्मेवारी सरेका थिए। ०७८ पुस १७ देखि ०७९ पुस १६ गतेसम्म दर्ता भएका फौजदारी मुद्दाको सरकारवादीतर्फ १ सय ३१, व्यक्तिवादी फौजदारी मुद्दा ४३ र दुनीयावादी देवानी मुद्दातर्फ ५१ थान उजुरी परे। अघिल्लो वर्षका जिम्मेवारी सरेका समेत गरेर दुनियावादी देवानीका ४१ थान, दुनियावादी फौजदारीका ४७ थान, सरकारवादी फौजदारीका १ सय २४ थान मुद्दा फैसला भएको अदालतका रजिष्ट्रार रुद्रमणि गिरीले बताए।

बाल अधिकार

शिक्षाको अवस्था

यस जिल्लामा २ सय ३४ आधारभूत र ९१ माध्यमिक गरी ३ सय २५ विद्यालय छन्। जिल्लामा १ हजार ५ सय ९७ शिक्षक दरबन्दी रहेकामा सबै कार्यरत छन्। यस वर्ष १९ हजार २ सय ३२ बालक र १८ हजार ५ सय ६६ जना बालिका विद्यालय भर्ना भए। जसमा अपाङ्गता भएका ६६ बालिका र १ सय ३ बालक छन्। जिल्लामा अपाङ्गतामैत्री विद्यालय तीन ओटा आधारभूत र चार ओटा माध्यमिक विद्यालय छन। पढ्ने उमेरका सबै बालबालिका विद्यालय भर्ना भएको शिक्षा तथा तथा समन्वय इकाइका प्रमुख मोहन राईले बताइन्। यस वर्ष जिल्लाभर १ हजार ६ सय ४८ दलित बालक र १ हजार ७ सय १३ दलित बालिका विद्यालय भर्ना भए। जिल्लाभर १३ हजार ३ सय १८ जनजाति बालक र १३ हजार ३ सय १४ जनजाति बालिका विद्यालय भर्ना भए। जिल्लामा १३ हजार ८ सय ८१ छात्राले छात्रवृत्ति पाए। यस्तै ९ हजार १ सय १४ जनजाति छात्रले छात्रवृत्ति पाए। जिल्लामा १ हजार ६ सय ४८ दलित बालक र १ हजार ७ सय १३ दलित बालिकाले छात्रवृत्ति पाए। वैदेशिक रोजगारीमा गएर मृत्यु भएका परिवारका १७ जना बालबालिका रहेका छन्। जसमा आधारभूत तहमा रहेका १० जना विद्यार्थीले प्रति विद्यार्थी ८ हजारका दरले ८० हजार रुपियाँ र माध्यमिक तहका सात जना विद्यार्थीले १२ हजार रुपियाँका दरले ९६ हजार रुपियाँ छात्रवृत्ति पाए। यस्तै अपाङ्गता भएका ६६ बालिका र १ सय ३ बालक गरी १ सय ६९ बालबालिकाले ५ सयका दरले ८४ हजार ५ सय रुपैयाँ छात्रवृत्ति पाए। द्वन्द्वपीडित परिवारका चार जना बालबालिकाले १७ हजार रुपियाँका दरले ६८ हजार छात्रवृत्ति पाए।

यस वर्ष धनकुटा जिल्लामा यौन दुर्व्यवहारका घटनामा तीन र बलात्कारका घटनामा सात जना बालिका पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

अभिलेखित घटनामध्ये बलात्कारका ६ घटनाका आरोपितहरूलाई जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा पठायो भने एक घटनाका आरोपितलाई बाल सुधार गृहमा पठायो। यौन दुर्व्यवहारका एक घटनाका आरोपितलाई अदालतले पुर्पक्षका लागि थुनामा पठायो भने एक घटनाका आरोपितलाई धरौटीमा रिहा गऱ्यो। यौन दुर्व्यवहारका एक घटनामा दुई बालिका पीडित भए।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यो वर्ष घरेलु हिंसा पीडित भन्दै १० जना महिलाले जिल्ला प्रहरी कार्यालयको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमा कुटपिट गरी घर निकाला गरिएका एक, खानलाउन नदिएका तीन, विवाह दर्ता र नागरिकता नबनाएका एक र सामान्य घरायसी झगडाका पाँच ओटा उजुरी छन्। यी मध्ये प्रहरीले १० ओटामा मेलमिलाप गराएको जिल्ला प्रहरी कार्यालयका इन्स्पेक्टर मानप्रसाद श्रेष्ठले बताए।

यो वर्ष धनकुटा जिल्लामा घरेलु हिंसाका घटनामा ५०, बलात्कारका घटनामा चार, बलात्कार प्रयासका घटनामा एक र पारिवारिक हत्याका घटनामा दुई जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

अभिलेखित घटनामध्ये बलात्कारका तीन घटनाका आरोपितलाई जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा पठायो भने एक घटनामा आरोपितलाई साधारण तारिखमा रिहा गऱ्यो। बलात्कार प्रयासको एक घटनाका आरोपितलाई अदालतले पुर्पक्षका लागि थुनामा पठायो। पारिवारिक हत्याका दुई घटनाका आरोपितलाई अदालतले पुर्पक्षका लागि थुनामा पठायो।

पारिवारिक हत्या

धनकुटा नगरपालिका-४ छारागाँउकी ५२ वर्षीया सीता श्रेष्ठको घरायसी विवादका क्रममा २०७८ पुस १६ गते कुटपिट गरी हत्या गरेको आरोपमा पति सिताकुमार श्रेष्ठविरुद्ध पीडित पक्षले पुस २१ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। प्रहरीले आरोपितलाई माघ ९ गते ललितपुरबाट गिरफ्तार गऱ्यो। आरोपितले पत्नीको हत्या गरी घरभित्र खाडल खनेर पुरेको बयान दिएका थिए। प्रहरीले माघ १० गते घटनास्थलबाट शव निकालेको डिएसपी सुरज कार्कीले बताए। शवको पोष्टमार्टम माघ १० गते बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरानमा गरी धनकुटा नगरपालिका-४ मा सद्गत गरेको मृतकका भदा अरुण श्रेष्ठले बताए। प्रहरीले आरोपितविरुद्ध जिल्ला अदालतमा माघ १० गते कर्तव्य ज्यान शीर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश फणिन्द्रप्रसाद पराजुलीको माघ २३ गतेको इजलासले आरोपितलाई पुर्पक्षको लागि थुनामा पठाउने आदेश गऱ्यो। मुद्दा अदालतमा विचाराधीन छ।

स्वास्थ्य सेवाको अवस्था

जिल्लामा एक जिल्ला अस्पताल, दुई सामुदायिक अस्पताल, ३७ स्वास्थ्य चौकी, दुई प्राथमिक स्वास्थ्य केन्द्र, १५ नगर स्वास्थ्य केन्द्र छन्। सदरमुकामस्थित सरकारी अस्पतालमा एक जना विशेषज्ञको दरबन्दीमा रहेकोमा दरबन्दी रिक्त छ। धनकुटामा विशेषज्ञ सहितको सेवा नहुँदा सामान्य उपचारको लागि पनि धरान, विराटनगर धाउनु परेको सेवाग्राहीको गुनासो छ। विशेषज्ञ डाक्टरको धनकुटामा दरबन्दी रहेकोमा ल्याउन पटक-पटक पहल गरे पनि त्यस्ता डाक्टर सुविधायुक्त ठाउँ खोज्ने गरेकाले समस्या भएको अस्पताल विकास समितिका अध्यक्ष तथा जिल्ला समन्वय समितिका प्रमुख निरेन तामाङले बताए। जिल्ला अस्पतालमा सरकारले नि:शुल्क वितरण गर्ने भनिएको ७० प्रकार औषधिमध्ये ४५ प्रकारको मात्रै पाइने अस्पतालका निमित्त मेसु डा. मनिष शाहले बताए। धनकुटा अस्पतालमा १० ओटा आइसियु सहितका शैया र चार ओटा भेन्टिलेटर रहेका छन्। तर, दक्ष जनशक्ति अभावले सञ्चालन हुन सकेको छैन।

नेपाल सरकारले २०७७ मङ्सिर १५ गते शिलान्यास गरेका आधारभूत अस्पतालमध्ये महालक्ष्मी नगरपालिकामा निर्माणाधीन अस्पतालको पिल्लर बनाउने काम सकिएको र निर्माण कार्य कहिले सम्पन्न हुने त्यो भन्न नसकिने नगर प्रमुख ध्रुवराज रायाले बताए। पाखिबास नगरपालिकामा निर्माणाधीन अस्पताल मन्त्रालयले बजेट निकासा समयमा नदिँदा निर्माण कार्यमा समस्या भएको नगर प्रमुख ज्ञानबहादुर गुरुङले बताए। छथर जोरपाटी गाउँपालिकामा जग्गाको व्यवस्था गरेर करिब साढे ४ करोडमा निर्माण सुरू भवन अन्तिम चरणमा पुगेको गाउँपालिका अध्यक्ष छत्रबहादुर सुब्बाले बताए। सहिदभूमि गाउँपालिकामा पुनर्निर्माण प्राधिकरणबाट प्राथमिक स्वास्थ्य केन्द्र निर्माणको काम भइरहेको गाउँपालिका अध्यक्ष मनोज राईले बताए।

प्रतिनिधि सभा तथा प्रदेश सभा निर्वाचन २०७९

यस वर्ष सम्पन्न भएको प्रतिनिधि सभा निर्वाचनमा धनकुटा जिल्लामा १ लाख १६ हजार ९ सय ९१ मतदाता मध्ये ६९ हजार ४ सय ४४ (५९.३५ प्रतिशत) ले मतदान गरे। यसैगरी प्रदेश सभा तर्फ ६९ हजार ३ सय ४३ (५९.२७ प्रतिशत) ले मतदान गरे।


सन् २०२२ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

बाल अधिकार		
घटनाको प्रकार	कानुनी दायरामा ल्याइएका	जम्मा
बलात्कार	७	७
यौन दुर्व्यवहार	३	३
जम्मा	९	९

महिला अधिकार			
घटनाको प्रकार	मेलमिलाप	कानुनी दायरामा ल्याइएका	जम्मा
घरेलु हिंसा	४९	१	५०
बलात्कार		४	४
बलात्कार प्रयास		१	१
जम्मा	४९	६	५५

मारिएकाको घटना सङ्ख्या		
घटनाको प्रकार	कानुनी दायरामा ल्याइएका	जम्मा
हत्या	५	५

१.८ तेह्रथुम



जम्मा जनसङ्ख्या	८५,१२५
महिला	४५,३३४
प्रतिनिधिसभा निर्वाचन क्षेत्र	१
प्रदेशसभा निर्वाचन क्षेत्र	२
गरिबीको रेखामुनि रहेको सङ्ख्या	१४,६७७
कामका लागि बाहिरिएका	७,५५१
अपाङ्गता भएका	२,६२६
५ वर्षामाथिको साक्षरता प्रतिशत	६८.३
आश्रित जनसङ्ख्या	४१,०७५

यस वर्ष तेह्रथुम जिल्लामा ज्यादतीका घटनामा अन्यपक्षबाट १४ जना महिला र पाँच जना पुरुष पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा नौ जना बालिका र महिला अधिकार उल्लङ्घनका घटनामा पाँच जना महिला पीडित भए।

झडप

छथर गाउँपालिका-२ हमरजुङमा ०७९ वैशाख २८ गते एमाले कार्यकर्ता र पाँचदलीय गठबन्धनका कार्यकताहरूबिच झडप हुँदा नेपाल तरुण दल तेह्रथुमका उपाध्यक्ष ३२ वर्षीय विकास श्रेष्ठ, २७ वर्षीय मनिष बस्नेत र २४ वर्षीय सेमिहाङ लिम्बू घाइते भए। घाइतेको उपचार वैशाख २८ गते वीपी कोइराला स्वास्थ्य विज्ञान प्रीतिष्ठान, धरानमा भयो। घटनामा संलग्न रहेको भन्दै नेकपा (एमाले) का कार्यकर्ताहरू सोही गाउँपालिका-हर्म्जङका ४२ वर्षीय मान बहादुर खड्का, ३२ वर्षीय कृष्ण बहादुर कार्की र २४ वर्षीय मेदुना रानामगरलाई वैशाख २८ गते प्रहरीले गिरफ्तार गऱ्यो। गिरफ्तारीमा परेकाहरूलाई वैशाख २९ गते रिहा भएको एमाले छथर गाउँपालिकाका अध्यक्ष धर्म खुलालले बताए। एमाले र गठबन्धन दलहरूबीच २०७९ जेठ २१ गते छथर प्रहरी चौकीमा मेलमिलाप भएको छथर प्रहरी चौकीका सई रामबहादुर प्रधानले बताए।

घटनाको प्रकार		अन्यपक्षबाट		
		महिला	पुरुष	जम्मा
कुटपिट			४	४
हत्या			१	१
बाल अधिकार	बलात्कार	७		७
	यौन दुर्व्यवहार	३		३
	जम्मा	९		९
महिला अधिकार	बहुविवाह	१		१
	बलात्कार	४		४
	जम्मा	५		५
कूल जम्मा		१४	५	१९

कारागार र बन्दी

३५ जनाको क्षमता भएको तेह्रथुम कारागारमा चार महिला र ७९ पुरुष कैदीबन्दी रहेका छन्। कारागारमा पुरुष कक्षतर्फ झण्डै तीन गुणा कैदीबन्दी भएकाले कोचिएर बस्नुपर्ने बाध्यता रहेको जेलर विक्रम लिम्बूले बताए। सीपमूलक तालिमको व्यवस्था पनि रहेको छ। कैदीबन्दीहरूको नियमित स्वास्थ्य परीक्षणका लागि एक अहेवको दरबन्दी रहेको छ। प्रतिनिधि र प्रदेश सभा निर्वाचनमा कारागारमा रहेका ४० जना कैदीबन्दीले मतदान गरे।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत

एक जना न्यायाधीश रहेको जिल्ला अदालतबाट यो वर्ष फौजदारी मुद्दातर्फ ४० मध्ये २१ थान मुद्दा फैसला भए। देवानी मुद्दातर्फ १ सय ५६ मध्ये ८७ थान मुद्दा फैसला भए। यस अदालतमा दुई वर्ष नाघेका फौजदारी मुद्दा छैन भने देवानी मुद्दा सात थान बाँकी छन्।

बाल अधिकार

शिक्षाको अवस्था

यस जिल्लामा १ सय ७५ आधारभूत र ४६ माबि छन्। जिल्लामा १ हजार ३ सय २३ शिक्षक दरबन्दी रहेकामा ५६ ओटा दरबन्दी मिलान हुन बाँकी रहेको छ। यस वर्ष १० हजार ७ सय ३६ बालक र ११ हजार १ सय ९ जना बालिका भर्ना भए। जसमा अपाङ्गता भएका ७३ जना बालिका र ७२ जना बालक भर्ना भएका थिए। जिल्लामा अपाङ्गतामैत्री विद्यालय २४ ओटा छन्। दलित विद्यार्थीमध्ये १ हजार २ सय ५१ छात्रा र १ हजार २ सय ८२ छात्र रहेका छन्। वैदेशिक रोजगारमा गएर मृत्यु भएका परिवारका ६ जना बालबालिकाले ४८ हजार रुपियाँ छात्रवृत्ति पाएको जिल्ला शिक्षा समन्वय इकाइ तेह्रथुमका प्रमुख भिम मिश्रले बताए।

यस वर्ष तेह्रथुम जिल्लामा यौन दुर्व्यवहारका घटनामा दुई र बलात्कारका घटनामा सात जना बालिका पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

अभिलेखित घटनामध्ये बलात्कारका ६ घटनाका आरोपितहरूलाई जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा पठायो भने एक घटनाका आरोपितलाई कैद सजायको फैसला सुनायो। यौन दुर्व्यवहारका एक घटनाका आरोपितलाई अदालतले पुर्पक्षका लागि थुनामा पठायो भने एक घटनाका आरोपितलाई साधारण तारिखमा रिहा गऱ्यो।

बलात्कार, यौन दुर्व्यवहार

१५ वर्षीया बालिकालाई ०७८ पुस १७ गते बलात्कार गरेको आरोपमा आठराई गाउँपालिका - १ चुहानडाँडाका २१ वर्षीय शिशिर लिम्बू र झापा जिल्ला अर्जुनधारा नगरपालिका-७ का २७ वर्षीय अशोक घिमिरेविरुद्ध पीडित पक्षले पुस १८ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण पुस १८ गते जिल्ला अस्पतालमा भयो। आरोपितलाई प्रहरीले पुस १९ गते आठराई गाउँपालिका- १ बाट गिरफ्तार गऱ्यो। आरोपितविरुद्ध प्रहरीले जिल्ला सरकारी वकिल कार्यालय मार्फत् जिल्ला अदालतमा माघ १२ गते बलात्कार शीर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतले माघ २७ गते पुर्पक्षका लागि थुनामा पठायो। जिल्ला अदालतका न्यायाधीश महेन्द्रप्रसाद पोखरेलको चैत ६ गते बसेको इजलासले आरोपितहरूलाई कसुरदार ठहर गर्दै १२ वर्ष ५ महिना कैद, जनही २५ हजार रुपियाँ जरिबाना र सामूहिक मुद्दा थप नौ महिना सजायको फैसला सुनायो।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यो वर्ष घरेलु हिंसा पीडित भन्दै ३२ जना महिलाले जिल्ला प्रहरी कार्यालयको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमा कुटपिट गरी घरनिकाला गरिएका सात, खानलाउन नदिएका ६, विवाह दर्ता नगरिदिएको एक, अर्की पत्नी ल्याएर हेला गरेको तीन, र सामान्य घरायसी झगडाका १५ उजुरी छन्। यीमध्ये प्रहरीले सबै २८ ओटामा मिलापत्र गरायो भने चार ओटा उजुरी कारबाही प्रक्रियामा रहेको सेवा केन्द्रकी प्रहरी हवल्दार रीता पोखरेलले बताइन्।

यो वर्ष तेह्रथुम जिल्लामा बलात्कारका घटनामा चार र बहुविवाहका घटनामा एक जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

अभिलेखित घटनामध्ये दुई घटनाका आरोपितलाई जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा पठायो भने एक घटनाका आरोपितलाई साधारण तारिखमा रिहा गऱ्यो। एक घटनाका आरोपितलाई अदालतले सफाइ दियो भने एक घटनाका आरोपित वर्षको अन्त्यसम्म गिरफ्तार भएनन्। बहुविवाहका एक घटनाका आरोपितलाई अदालतले पुर्पक्षमा पठायो।

स्वास्थ्य सेवाको अवस्था

जिल्लामा एक सरकारी अस्पताल, १० सामुदायिक स्वास्थ्य इकाइ, २६ स्वास्थ्य चौकी, ६ आधारभूत स्वास्थ्य केन्द्र, दुई प्राथमिक स्वास्थ्य केन्द्र, दुई सहरी स्वास्थ्य केन्द्र छन्। सदरमुकामस्थित सरकारी अस्पतालमा दुई जना विशेषज्ञको दरबन्दीमा एक जनाको दरबन्दी रिक्त छ। १२ जना स्वास्थ्यकर्मीको दरबन्दीमा ६ ओटा दरबन्दी रिक्त र ६ जना कार्यरत छन्। जिल्लामा ८ हजार ६ सय ७६ जनाले बीमा गराएर सेवा लिइरहेका छन्। ज्येष्ठ नागरिकका लागि नि:शुल्क बीमा कार्यक्रममा २ हजार ६ सय ८८ जनाको बीमा गरिएको छ।

नेपाल सरकारले २०७७ मङ्सिर १५ गते जिल्लामा पाँच ओटा आधारभूत स्वास्थ्य अस्पताल निर्माणका लागि शिलान्यास गरेको थियो। लालीगुराँस नगरपालिकामा १५ बेडको अस्पताल १८ करोड रुपियाँमा स्वीकृत भएर निर्माणको अवस्था छ। जग्गा प्राप्तिको समस्याले गर्दा अस्पताल निर्माणको कार्य ढिलो भएको लालीगुराँस नगरपालिकाका मेयर अर्जुनबाबु मावोहाङले बताए।

मेन्छायेयम गाँउपालिकामा १२ करोडको लागतमा १० बेडको अस्पताल शिलान्यास गरिएको छ। अस्पताल निर्माण सुरू भएको गाउँपालिका अध्यक्ष यादवबहादुर खापुङले बताए।

फेदाप गाउँपालिकामा १८ करोडको लागतमा टेन्डर प्रक्रियाबाट १५ बडको अस्पताल निर्माणको क्रममा छ। पहिलो किस्ता निकासा ढिलो भएकोले काम अगाडि बढ्न नसकेको गाउँपालिका अध्यक्ष केशव भेट्वालले बताए।

छथर गाउँपालिकामा १७ करोड ६८ लाख रुपियाँ लागतमा टेण्डर प्रक्रियाबाट १५ बेडको अस्पताल निर्माणको क्रममा छ।

आठराई गाउँपालिकामा १७ करोड १५ लाख रुपियाँ लागतमा ०७९ असारमा टेण्डर प्रक्रियाबाट १५ बेडको अस्पताल शिलान्यास गरिएको तर जग्गाको विवादले काम अघि बढ्न नसकेको आठराई गाँउपपालिका-१ का वडाध्यक्ष प्रेमराज फोम्बोले बताए।

प्रतिनिधि सभा तथा प्रदेश सभा निर्वाचन २०७९

यस वर्ष सम्पन्न भएको प्रतिनिधि सभा निर्वाचनमा तेह्रथुम जिल्लामा ७१ हजार ९ सय ३३ मतदाता मध्ये ४१ हजार २ सय ८ (५७.२८ प्रतिशत) ले मतदान गरे। यसैगरी प्रदेश सभा तर्फ ४१ हजार २ सय २४ (५७.३० प्रतिशत) ले मतदान गरे।

सन् २०२२ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

बाल अधिकार			
घटनाको प्रकार	मुद्दा टुङ्गिएको	कानुनी दायरामा ल्याइएका	जम्मा
बलात्कार	१	६	७
यौन दुर्व्यवहार		३	३
जम्मा	१	८	९

महिला अधिकार			
घटनाको प्रकार	अनुसन्धान	कानुनी दायरामा ल्याइएका	जम्मा
बहुविवाह		१	१
बलात्कार	१	३	४
जम्मा	१	४	५

मारिएकाको घटना सङ्ख्या		
घटनाको प्रकार	कानुनी दायरामा ल्याइएका	जम्मा
हत्या	१	१

१.५ पाँचथर



जम्मा जनसङ्ख्या	१,७४,४१५
महिला	८७,३८६
प्रतिनिधिसभा निर्वाचन क्षेत्र	१
प्रदेशसभा निर्वाचन क्षेत्र	२
गरिबीको रेखामुनि रहेको सङ्ख्या	२१,७२४
कामका लागि बाहिरिएका	१७,८४२
अपाङ्गता भएका	५,०४५
५ वर्षमाथिको साक्षरता प्रतिशत	७२
आश्रित जनसङ्ख्या	७५,३१७

यस वर्ष पाँचथर जिल्लामा ज्यादतीका घटनामा अन्यपक्षबाट ३५ जना महिला र नौ जना पुरुष पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा एक बालक सहित २१ जना र महिला अधिकार उल्लङ्घनका घटनामा १४ जना महिला पीडित भए। निर्वाचनका क्रममा राजनीतिक दलका कार्यकर्ताहरूबीच भएको झडपका क्रममा पाँच जना घाइते भएको इन्सेकले अभिलेख गऱ्यो।

कारागार र बन्दी

कारागारको क्षमता २५ जना रहेकोमा नौ जना महिला र १ सय २७ पुरुष गरी १ सय ३६ जना छन्। कारागारमा आश्रित एक बालक छन्। एक जना अहेबको दरबन्दी रहेकोमा रिक्त छ। कारागारमा पुरुष कक्षतर्फ झण्डै तीन गुणा कैदीबन्दी भएकाले कोचिएर बस्नुपर्ने बाध्यता छ। कैदीबन्दीका आफन्तजनलाई भेटघाट गर्ने राम्रो व्यवस्था गरिएको र कारागारमा खानेपानी, शौचालय, पत्रपत्रिका, रेडियो, टेलिभिजन, खेलकुदका सामग्रीमा भलिबल, चेस, लुँडो र क्यारमबोर्ड र पुस्तकालयको व्यवस्था छ। प्रतिनिधि सभा र प्रदेश सभा निर्वाचनमा कारागारका ४३ जना कैदीबन्दीले मतदान गरे।

घटनाको प्रकार		अन्यपक्षबाट		
		महिला	पुरुष	जम्मा
कुटपिट			१	१
घाइते			६	६
हत्या		१	१	२
बाल अधिकार	बालविवाह	२	१	३
	बलात्कार	१३		१३
	यौन दुर्व्यवहार	५		५
	जम्मा	२०	१	२१
महिला अधिकार	घरेलु हिंसा	१		१
	बहुविवाह	४		४
	बलात्कार	७		७
	बलात्कार प्रयास	२		२
	जम्मा	१४		१४
कूल जम्मा		३५	९	४४

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत

एक जना न्यायाधीश दरबन्दी रहेको जिल्ला अदालतमा यो वर्ष फौजदारी मुद्दातर्फ १ सय ५ थानमध्ये तीन थान मुद्दा फैसला भए। देवानी मुद्दातर्फ ३ सय ८१ थानमध्ये ८१ थान मुद्दा फैसला भए। यस अदालतमा दुई वर्ष नाघेका फौजदारी मुद्दा १६ थान छन् भने देवानी मुद्दा १३ थान बाँकी छन्।

बाल अधिकार

शिक्षाको अवस्था

यस जिल्लामा ३ सय आधारभूत र ४९ माध्यमिक विद्यालय छन्। १ हजार ९ सय २९ शिक्षक दरबन्दी रहेको छ। यस वर्ष २४ हजार १ सय ४२ बालक र २३ हजार ३ सय ९ जना बालिका विद्यालय भर्ना भए। जसमा अपाङ्गता भएका १ सय ६५ बालिका र १ सय ३ बालक छन्। जिल्लामा १५ ओटा अपाङ्गमैत्री विद्यालय छन्। द्वन्द्वपीडित परिवारका १ सय ५७ जना बालबालिकाले छात्रवृत्ति पाए। यस वर्ष जिल्लाभर ३ सय ५९ दलित बालक र १ सय ६८ दलित बालिका विद्यालय भर्ना भए। दलित विद्यार्थी मध्ये ७ सय छात्रा र ६ सय ९५ छात्र रहेका छन्। वैदेशिक रोजगारमा गएर मृत्यु भएका परिवारका ४४ जना बालबालिकाले ४ लाख १२ हजार रुपियाँ छात्रवृत्ति पाए। सहिद परिवार र द्वन्द्वपीडित परिवारका बालबालिका नभएकाले छात्रवृत्ति नपाएको शिक्षा विकास तथा समन्वय इकाई प्रमुख युगमणि सवेहाङले बताए। नेपालको संविधानले आधारभूत तहसम्म अनिवार्य तथा निःशुल्क शिक्षाको व्यवस्था गरेको भए पनि विद्यालयहरूले शुल्क लिइरहेको जिल्ला शिक्षा समन्वय इकाइ पाँचथरका प्रमुख युगमणि सवेहाङ्गले बताए।

यस वर्ष पाँचथर जिल्लामा यौन दुर्व्यवहारका घटनामा पाँच, बलात्कारका घटनामा १३ र बालविवाहका घटनामा तीन जना बालबालिका पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

अभिलेखित घटनामध्ये बलात्कारका ११ घटनाका आरोपितहरूलाई जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा पठायो भने एक घटनाका आरोपितलाई बाल सुधार गृहमा पठायो। एक घटनाका आरोपित वर्षको अन्त्यसम्म गिरफ्तार भएनन्। यौन दुर्व्यवहारका एक घटनाका आरोपितलाई अदालतले पुर्पक्षका लागि थुनामा पठायो भने तीन घटनाका आरोपितलाई धरौटीमा रिहा गऱ्यो। एक घटनाका आरोपितलाई अदालतले धरौटी माग गरेकोमा तोकिएको रकम बुझाउन नसकेपछि थुनामा पठायो। बालविवाहका एक घटनाका आरोपितलाई अदालतले पुर्पक्षका लागि थुनामा पठायो भने एक घटनाका आरोपित वर्षको अन्त्यसम्म गिरफ्तार भएनन्।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यो वर्ष घरेलु हिंसा पीडित भन्दै ६३ जना महिलाले जिल्ला प्रहरी कार्यालयको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमा कुटपिट गरी घर निकाला गरिएका ११, खानलाउन नदिएका सात, विवाह दर्ता नगरिदिएको एक, अर्की पत्नी ल्याएर हेला गरेको पाँच, र मादक पदार्थ सेवन गरी घरायसी झगडाका उजुरी ३९ छन्। यी मध्ये प्रहरीले ५७ ओटामा मेलमिलाप गरायो भने ६ ओटा उजुरी कारबाही प्रक्रियामा रहेको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रकी प्रहरी हवल्दार शोभा बस्नेतले बताइन्।

यो वर्ष पाँचथर जिल्लामा घरेलु हिंसाका घटनामा एक, बलात्कारका घटनामा सात, बलात्कार प्रयासका घटनामा दुई, बहुविवाहका घटनामा चार र पारिवारिक हत्याका घटनामा एक जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

अभिलेखित घटनामध्ये बलात्कारका पाँच घटनाका आरोपितलाई जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा पठायो। दुई घटनाका आरोपित वर्षको अन्त्यसम्म गिरफ्तार भएनन्। बलात्कार प्रयासको दुई घटनाका आरोपित वर्षको अन्त्यसम्म प्रहरी अनुसन्धानमा रहे। बहुविवाहका एक घटनाका आरोपितलाई अदाललते पुर्पक्षमा पठायो भने एक घटना आरोपित धरौटीमा रिहा भए। एक घटनाका एक जना आरोपितलाई अदालतले पुर्पक्षका लागि थुनामा र अर्का आरोपित वर्षको अन्त्यसम्म गिरफ्तार भएनन्। एक घटनाका आरोपितलाई अदालतले धरौटीमा रिहा गऱ्यो भने अर्का आरोपित वर्षको अन्त्यसम्म गिरफ्तार भएनन्। पारिवारिक हत्याका एक घटनाका आरोपितलाई अदालतले पुर्पक्षका लागि थुनामा पठायो।

पारिवारिक हत्या

फाल्गुनन्द गाँउपालिका-३ की ३९ वर्षीया निशा थेबेलाई ०७८ चैत ३ गते घरायसी विवादका

क्रममा कुटपिटपछि घाँटी थिची हत्या गरेको आरोपमा पति ३५ वर्षीय दिलिप नेम्वाङविरुद्ध पीडित पक्षले चैत ४ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। प्रहरीले आरोपितलाई चैत ४ गते घरबाटै गिरफ्तार गऱ्यो। आरोपितविरुद्ध प्रहरीले जिल्ला अदालतमा चैत २४ कर्तव्य ज्यान शीर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश योगेन्द्रप्रसाद शाहको चैत २४ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। शवको पोष्टमार्टम जिल्ला अस्पतालमा चैत ५ गते गरी पीडित पक्षले शव बुझी फाल्गुनन्द गाँउपालिका-३ स्थित खोलामा सद्गत गऱ्यो। जिल्ला अदालतका न्यायाधीश योगेन्द्रप्रसाद साहको ०७९ असार १५ गतेको इजलासले आरोपितलाई कसुरदार ठहर गरी जन्मकैदको फैसला सुनायो।

स्वास्थ्य सेवाको अवस्था

जिल्लामा एक सरकारी अस्पताल, एक सामुदायिक अस्पताल, ४० स्वास्थ्य चौकी, प्राथमिक स्वास्थ्य केन्द्र एक (शहरी) र नगर स्वास्थ्य केन्द्र एक छन्। सदरमुकामस्थित सरकारी अस्पतालमा एक जना विशेषज्ञको दरबन्दीमा एक जनाको दरबन्दी रिक्त छ। १८ जना स्वास्थ्यकर्मीको दरबन्दीमा सात खाली, दुई जना बिदा र नौ जना कार्यरत छन्। जिल्लामा २ हजार ५ सय ९४ जनाले बीमा गराएर सेवा लिइरहेका छन्। ज्येष्ठ नागरिकका लागि नि:शुल्क बीमा कार्यक्रममा ४ सय ७५ जनाको बीमा गरिएको छ।

जिल्लामा शिलायान्स गरिएका आधारभूत अस्पताल निर्माण हुन सकेका छैनन्। तुम्बेवा गाउँपालिकामा जग्गाको व्यवस्थापन भए पनि भवन निर्माणका लागि सङ्घीय सरकारबाट बजेट निकासा नहुँदा पाँच शैयाको अस्पतालको निर्माण कार्य सुरू नभएको गाउँपालिका अध्यक्ष बाबुराम खड्काले बताए।

फालेलुङ गाउँपालिकामा सडकका कारण वर्षमा ६ महिना मात्र यातायात चल्ने भएकाले वर्षाको समयमा निर्माण सामग्रीहरू ढुवानी गर्न नसकिएकाले अस्पताल भवन निर्माण कार्य सम्पन्न हुन नसकेको गाउँपालिकाका अध्यक्ष वीरविक्रम थाम्सुहाङले बताए।

मिक्लाजुङ गाउँपालिकामा भवन निर्माण गर्ने क्रममा भिरालो जमिन भएकोले निर्माणकै क्रममा पहिरो लड्ने समस्याले गर्दा वर्षात्का समयमा काम रोक्नु पर्दा निर्माणमा ढिलाइ भएको गाउँपालिकाका अध्यक्ष अमरराज माखिमले बताए।

फाल्गुनन्द गाउँपालिकामा पाँच शैयाको अस्पताल निर्माणका लागि सङ्घीय सरकारले समयमा बजेट निकासा नगर्दा निर्माणमा समस्या भएकाले भवनको एक तलामा मात्र निर्माण सम्पन्न भएको गाउँपालिका अध्यक्ष वृजहाङ आङदेम्बेले बताए।

याङ्वरक गाउँपालिकामा आगामी असार सम्ममा अस्पताल निर्माण सम्पन्न गरी सञ्चालन तयारीका साथ निर्माण भइरहेको गाउँपालिका अध्यक्ष भीमबहादुर योङयाले बताए। हिलिहाङ गाउँपालिकामा पाँच वेडको अस्पताल निर्माणका लागि सङ्घीय सरकारबाट बजेट निकासा नभएका कारण जगमात्रै उठाउने काम भएको गाउँपालिकाका अध्यक्ष समरबहादुर अधिकारीले बताए।

कुम्मायक गाउँपालिकामा १५ बेडको अस्पताल निर्माणका लागि ठेक्का लागेको भए पनि ठेकेदारको लापरबाहीका कारण काम हुन नसकेको, पटकपटक काम चाँडो गर्न सुझाव दिँदासमेत बेवास्ता गरेको गाउँपालिकाका अध्यक्ष बमप्रसाद लावतीले बताए।

प्रतिनिधि सभा तथा प्रदेश सभा निर्वाचन २०७९

यस वर्ष सम्पन्न भएको प्रतिनिधि सभा निर्वाचनमा पाँचथर जिल्लामा १ लाख ३८ हजार ९ सय ३२ मतदाता मध्ये ७४ हजार ५ सय ५५ (५३.६६ प्रतिशत) ले मतदान गरे। यसैगरी प्रदेश सभा तर्फ ७४ हजार ४ सय ५३ (५३.५८ प्रतिशत) ले मतदान गरे।

सन् २०२२ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

बाल अधिकार			
घटनाको प्रकार	**अनुसन्धान**	**कानुनी दायरामा ल्याइएका**	**जम्मा**
बालविवाह	१	२	३
बलात्कार	१	१२	१३
यौन दुर्व्यवहार		५	५
जम्मा	२	१९	२१

महिला अधिकार			
घटनाको प्रकार	**अनुसन्धान**	**कानुनी दायरामा ल्याइएका**	**जम्मा**
घरेलु हिंसा		१	१
बलात्कार	२	५	७
बहुविवाह		४	४
बलात्कार प्रयास	२		२
जम्मा	४	१०	१४

मारिएकाको घटना सङ्ख्या		
घटनाको प्रकार	**कानुनी दायरामा ल्याइएका**	**जम्मा**
हत्या	२	२

१.१० इलाम



जम्मा जनसङ्ख्या	२,८०,५६५
महिला	१,४०,९९१
प्रतिनिधिसभा निर्वाचन क्षेत्र	२
प्रदेशसभा निर्वाचन क्षेत्र	४
गरिबीको रेखामुनि रहेको सङ्ख्या	२१,००५
कामका लागि बाहिरिएका	६,६५७
अपाङ्गता भएका	७,६३६
५ वर्षमाथिको साक्षरता प्रतिशत	५७
आश्रित जनसङ्ख्या	१,०७,३२४

यस वर्ष इलाम जिल्लामा ज्यादतीका घटनामा अन्यपक्षबाट ३९ जना महिला र एक जना पुरुष पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा २५ जना बालिका र महिला अधिकार उल्लङ्घनका घटनामा १३ जना महिला पीडित भए।

कारागार र बन्दी

कारागारको क्षमता १ सय २० जना रहेकोमा २० महिला र २ सय ५९ पुरुष गरी २ सय ७९ कैदीबन्दी रहेका छन्। कारागारमा आश्रित बालबालिका छैनन्। कैदी/बन्दीहरूको नियमित स्वास्थ्य परीक्षणका लागि एक जना अहेबको दरबन्दी रहेकोमा रिक्त रहेको छ। कैदी र बन्दीलाई पत्रपत्रिकाको व्यवस्था गरिएको कारागारका प्रमुख मगरले बताए।

प्रतिनिधि सभा र प्रदेश सभा निर्वाचनमा कारागारका ६१ जना कैदीबन्दीले मतदान गरे।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत

एक न्यायाधीश दरबन्दी रहेको जिल्ला अदालतमा यो वर्ष फौजदारी मुद्दातर्फ १ सय ८५ थान मध्ये ६७ थान मुद्दा फैसला भए। देवानी मुद्दातर्फ ६ सय ५२ थान मध्ये ३ सय ३४ थान मुद्दा फैसला भए। यस अदालतमा दुई वर्ष नाघेका फौजदारी मुद्दा छैनन्। देवानी मुद्दा एक थान बाँकी रहेको सेरेस्तेदार फणिन्द्रराज भट्टराईले बताए।

उच्च अदालत विराटनगर, इलाम इजलास

चार जना न्यायाधीशको दरबन्दी रहेको उच्च अदालत विराटनगर, इलाम इजलासमा एक जना न्यायाधीशको दरबन्दी रिक्त रहेको छ। यस वर्षका लागि दुनियावादी देवानीका २ सय ७३ थान, दुनियावादी फौजदारीका ७१ थान, सरकारवादी फौजदारीका ५ सय ६५ थान र सुरू क्षेत्राधिकारबाट ७१ थान मुद्दा जिम्मेवारी सरेका आएका थिए। ०७८ पुस १७ देखि ०७९ पुस १६ गतेसम्म दर्ता भएका फौजदारी मुद्दा सरकारवादीतर्फ ८ सय ८८ थान रहेका छन्। अधिल्लो वर्षको जिम्मेवारी सरेर आएका समेत ७ सय ८७ थान मुद्दा फैसला भए। यस अदालतमा दुई वर्ष नाघेका २ सय २३ थान मुद्दा फैसला हुन बाँकी छन्।

बाल अधिकार

शिक्षाको अवस्था

यस जिल्लामा २ सय ९४ आधारभूत र ९४ माध्यमिक विद्यालय छन्। १ हजार ३ सय ८५ शिक्षक दरबन्दी रहेकामा १ सय ८४ ओटा दरबन्दी मिलान हुन बाँकी रहेको छ। यस वर्ष २८ हजार ४ सय ७५ बालक र २७ हजार ४ सय ९५ जना बालिका विद्यालय भर्ना भए। जसमा अपाङ्गता भएका १ सय १३ बालिका र १ सय २९ बालक छन्। जिल्लामा अपाङ्गमैत्री विद्यालय छैनन्। यस वर्ष जिल्लाभर १ हजार ७ सय ८४ दलित बालक र १ हजार ८ सय २६ दलित बालिका विद्यालय भर्ना भए। द्वन्द्वपीडित परिवारका १३ जना बालबालिकाले छात्रवृत्ति पाएको शिक्षा विकास तथा समन्वय इकाइका प्रमुख शम्भुनाथ थापामगरले बताए।

घटनाको प्रकार		अन्यपक्षबाट		
		महिला	पुरुष	जम्मा
कुटपिट			१	१
हत्या		१		१
बाल अधिकार	बालविवाह	१		१
	बेचबिखन तथा ओसारपसार	१		१
	बलात्कार	१४		१४
	यौन दुर्व्यवहार	९		९
	जम्मा	२५		२५
महिला अधिकार	घरेलु हिंसा	१		१
	बहुविवाह	२		२
	बलात्कार	८		८
	बलात्कार प्रयास	२		२
	जम्मा	१३		१३
कूल जम्मा		३९	१	४०

यस वर्ष इलाम जिल्लामा यौन दुर्व्यवहारका घटनामा नौ, बलात्कारका घटनामा १४, बेचबिखन तथा ओसारपसारका घटनामा एक र बालविवाहका घटनामा एक जना बालिका पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

अभिलेखित घटनामध्ये बलात्कारका १४ घटनाका आरोपितहरूलाई जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा पठायो। यौन दुर्व्यवहारका सात घटनाका आरोपितलाई अदालतले पुर्पक्षका लागि थुनामा पठायो भने दुई घटनाका आरोपितलाई अदालतले धरौटीमा रिहा गऱ्यो। बेचबिखन तथा ओसारपसारका एक घटनाका दुई आरोपितलाई अदालतले पुर्पक्षका लागि थुनामा पठायो भने एक आरोपित वर्षको अन्त्यसम्म गिरफ्तार भएनन्। बालविवाहका एक घटनाका दुई आरोपितलाई धरौटीमा रिहा गऱ्यो भने एक आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव र दुर्व्यवहार

यो वर्ष घरेलु हिंसा पीडित भन्दै आठ जना महिलाले जिल्ला प्रहरी कार्यालयको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दर्ता गराए। अर्की पत्नी ल्याएर हेला गरेको दुई, सामान्य घरायसी झगडाका ६ उजुरी रहेका छन्। यी मध्ये प्रहरीले ६ उजुरीमा मेलमिलाप गरायो भने दुई उजुरी कानुनी प्रक्रियामा रहेको प्रहरी कार्यालयका असई मन्जु चौधरीले बताइन्।

यो वर्ष इलाम जिल्लामा घरेलु हिंसाका घटनामा एक, बलात्कारका घटनामा आठ, बलात्कार प्रयासका घटनामा दुई र बहुविवाहका घटनामा दुई जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

अभिलेखित घटनामध्ये आठ बलात्कार घटनाका आरोपितलाई जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा पठायो। बलात्कार प्रयासका दुई घटनाका आरोपितलाई अदालतले पुर्पक्षका लागि थुनामा पठायो। बहुविवाहका दुई घटनाका आरोपितलाई अदालतले पुर्पक्षका लागि थुनामा पठायो।

स्वास्थ्य सेवाको अवस्था

जिल्लामा तीन सरकारी अस्पताल, ४४ स्वास्थ्य चौकी र चार प्राथमिक स्वास्थ्य केन्द्र छन्। सदरमुकामस्थित सरकारी अस्पतालमा नौ जना विशेषज्ञको दरबन्दीमा सात जनाको दरबन्दी रिक्त छ। ३० जना स्वास्थ्यकर्मीको दरबन्दीमा १४ रिक्त रहेको छ। जिल्लामा १ लाख ४३ हजार ३ सय ५५ जनाले बीमा गराएर सेवा लिइरहेका छन्। ज्येष्ठ नागरिकका लागि नि:शुल्क बीमा कार्यक्रममा पनि १३ हजार ३ सय २२ जनाको बीमा गरिएको छ। नेपाल सरकारले व्यवस्था गरेको स्वास्थ्य बीमा कार्यक्रममा अपाङ्गता भएका र रातो कार्ड पाएका २ हजार २ सय ४८ जना, कुष्ठरोगी सात जना, ज्येष्ठ नागरिक महिला ५ हजार

८ सय ५ जना र पुरुष ७ हजार ५ सय १७ जनाले बीमाको सुविधा पाइरहेका छन्।

जिल्लामा ०७७ मङ्सिर १५ गते शिलान्यास भएका १ देखि १५ वेडसम्मका आधारभूत स्वास्थ्य अस्पतालहरूमध्ये सूर्योदय नगरपालिका, माइनगरपालिका र चुलाचुली गाउँपालिकामा निर्माण कार्य सम्पन्न भएर सेवा सुरू भएको स्वास्थ कार्यालय, इलामका प्रमुख आदित्य शाक्यले बताए।

सन्दकपुर गाउँपालिकामा १५ बेडको अस्पताल निर्माण कार्य १३ करोड १७ लाख ११ हजार ३५ हजार रुपियाँमा ठेक्कामार्फत निर्माण कार्य भइरहेको यस वर्षको अन्त्यसम्म पर्खाल लगाउने कार्य भइरहेको सूचना अधिकारी टीकादेवी बस्नेतले बताइन्।

माइजोगमाइ गाउँपालिका-१ नयाँ बजारमा १५ बेडको आधारभूत स्वास्थ अस्पतालका लागि १५ करोड रुपियाँमा तीन बर्से ठेक्कामार्फत निर्माण भइरहेको प्रमुख प्रशासकीय अधिकृत भागवतप्रसाद रेग्मीले बताए।

फाकफोकथुम गाउँपालिकामा आधारभूत स्वास्थ अस्पताल निर्माणका लागि फाकफोकथुम गाउँपालिका-२ कोलभोटेमा जग्गाको व्यस्थापन भई १४ करोड ९९ लाख रुपियाँमा ठेक्का लागेको तर मन्त्रालयले बजेट नपठाउँदा निर्माण कार्य सुरु नभएको प्रमुख प्रशासकीय अधिकृत दिलकुमार लिम्बुले बताए।

रोङ गाउँपालिका-५ मा आधारभूत स्वास्थ्य अस्पताल निर्माणको लागि जग्गा उपलब्ध भएको तर रजिष्ट्रेशन पास भएपछि मात्र प्रक्रिया अघि बढ्ने भएकाले बाँकी प्रक्रिया अघि नबढेको प्रमुख प्रशासकीय अधिकृत दीपेन्द्र दाहालले बताए।

माङ्सेबुङ गाउँपालिका-५ लारूम्बामा आधारभूत स्वास्थ्य अस्पताल निर्माणका लागि जग्गा प्राप्त भएको र जिल्ला समन्वय समितिले सिफारिस गरिसकेकाले आगामी साउनदेखि निर्माण सुरू हुने सूचना अधिकारी ओमप्रसाद खड्काले बताए।

प्रतिनिधि सभा तथा प्रदेश सभा निर्वाचन २०७९

यस वर्ष सम्पन्न भएको प्रतिनिधि सभा निर्वाचनमा इलाम जिल्लामा २ लाख २४ हजार ८ सय ७७ मतदाता मध्ये १ लाख २८ हजार ६ सय ५६ (५७.२१ प्रतिशत) ले मतदान गरे। यसैगरी प्रदेश सभा तर्फ १ लाख २८ हजार ५ सय ९५ (५७.१८ प्रतिशत) ले मतदान गरे।


सन् २०२२ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

बाल अधिकार		
घटनाको प्रकार	कानुनी दायरामा ल्याइएका	जम्मा
बालविवाह	१	१
बेचबिखन तथा ओसारपसार	१	१
बलात्कार	१४	१४
यौन दुर्व्यवहार	९	९
जम्मा	२५	२५

महिला अधिकार		
घटनाको प्रकार	कानुनी दायरामा ल्याइएका	जम्मा
घरेलु हिंसा	१	१
बहुविवाह	३	३
बलात्कार	८	८
यौन दुर्व्यवहार	३	३
जम्मा	१३	१३

मारिएकाको घटना सङ्ख्या		
घटनाको प्रकार	कानुनी दायरामा ल्याइएका	जम्मा
हत्या	१	१

१.११ झापा



जम्मा जनसङ्ख्या	५,५४,०५०
महिला	५,१६,५५४
प्रतिनिधिसभा निर्वाचन क्षेत्र	५
प्रदेशसभा निर्वाचन क्षेत्र	१०
गरिबीको रेखामुनि रहेको सङ्ख्या	८५,७३६
कामका लागि बाहिरिएका	८०,६२५
अपाङ्गता भएका	१५,३६७
५ वर्षमाथिको साक्षरता प्रतिशत	७७.७
आश्रित जनसङ्ख्या	३,५२,००६

यस वर्ष झापा जिल्लामा ज्यादतीका घटनामा अन्यपक्षबाट १ सय ९३ जना महिला र ११ जना पुरुष पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा दुई बालक र १ सय ६ बालिका तथा महिला अधिकार उल्लङ्घनका घटनामा ८० जना महिला पीडित भए।

कारागार र बन्दी

कारागारको क्षमता ७ सय जनाको रहेकोमा ७० महिला र १ हजार ३ सय ५४ पुरुष गरी १ हजार ४ सय २४ कैदीबन्दी छन्। कारागारमा आश्रित बालक दुई जना रहेका छन्। कैदीबन्दीहरूको नियमित स्वास्थ्य परीक्षणका लागि एक जना अहेवको दरबन्दी रहेको छ। कारागारमा ज्येष्ठ नागरिक ४० जना पुरुष रहेको नायब सुब्बा हेमादेवी पौडेलले बताइन्। ७ सय ५९ कैदीबन्दीको मुद्दा अदालतमा विचाराधीन रहेको जिल्ला कारागार प्रमुख मोहनलाल पनेरुले बताए।

प्रतिनिधि सभा र प्रदेश सभा निर्वाचन ०७९ मङ्सिर ४ गते सम्पन्न भएको निर्वाचनमा कारागारमा रहेकामध्ये १ सय ४३ जना कैदीबन्दीले मतदान गरेको कारागार प्रमुख पनेरुले बताए।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत

आठ जना न्यायाधीशको दरबन्दी रहेको जिल्ला अदालतमा सात जना न्यायाधीश कार्यरत छन्। एक जनाको दरबन्दी रिक्त छ। यो वर्ष फौजदारी मुद्दातर्फ २ हजार ५ सय ३६ थान मध्ये १ हजार २ सय ४० थान मुद्दा फैसला भए। देवानी मुद्दातर्फ ४ हजार ९ थान मध्ये २ हजार ३ सय ७८ थान मुद्दा फैसला भए। यस अदालतमा दुई वर्ष नाघेका फौजदारी मुद्दा १ सय ९५ थान छन् भने देवानी मुद्दा १ सय १० थान बाँकी रहेको अदालतका सूचना अधिकारी अर्जुन गुरागाईले बताए।

बाल अधिकार

शिक्षाको अवस्था

यस जिल्लामा २ सय ३३ आधारभूत र १ सय ३२ माध्यमिक विद्यालय छन्। ३ हजार ६ सय ७२ शिक्षक दरबन्दी रहेकामा सबै दरबन्दी मिलान छ। यस वर्ष १९ हजार ८ सय ४ बालक र १७ हजार २ सय ७८ जना बालिका विद्यालय भर्ना भए। जसमा

घटनाको प्रकार		अन्यपक्षबाट		
		महिला	पुरुष	जम्मा
घाइते			१	१
हत्या		६	८	१४
जातीय विभेद		१		१
बाल अधिकार	बेचबिखन तथा ओसारपसार	३		३
	नवजात शिशुको हत्या	१		१
	बलात्कार	६३		६३
	यौन दुर्व्यवहार	३०	३	३३
	जम्मा	१०६	३	१०८
महिला अधिकार	बेचबिखन तथा ओसारपसार प्रयास	६		६
	घरेलु हिंसा	१		१
	बहुविवाह	३६		३६
	बलात्कार	३१		३१
	बलात्कार प्रयास	११		११
	यौन दुर्व्यवहार	१		१
	बेचबिखन तथा ओसारपसार	३		३
	जम्मा	८०		८०
कूल जम्मा		१९३	११	३०४

अपाङ्गता भएका ३ सय ९ बालिका र ९६ बालक छन्। जिल्लामा अपाङ्गतामैत्री विद्यालय दुई ओटा छन्। द्वन्द्वपीडित परिवारका १० जना बालबालिकाले छात्रवृत्ति पाए। यसवर्ष जिल्लाभर १ हजार ९ सय ९८ दलित बालक र १ हजार ७ सय ७३ दलित बालिका विद्यालय भर्ना भए। दलित विद्यार्थीमध्ये १ हजार ७ सय ७३ दलित छात्रा र १ हजार ९ सय ९८ छात्र रहेको शिक्षा विकास तथा समन्वय इकाईका सूचना अधिकारी भोला अधिकारीले बताए। वैदेशिक रोजगारीमा गएर मृत्यु भएका परिवारका १ सय २१ जना बालबालिकालाई छात्रवृत्ति प्रदान गरिएको जिल्ला विकास तथा समन्वय प्रमुख राजकुमार विश्वकर्माले बताए।

यस वर्ष झापा जिल्लामा यौन दुर्व्यवहारका घटनामा ३२, बलात्कारका घटनामा ७३ र बेचबिखन तथा ओसारपसारको घटनामा दुई जना बालबालिका पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

अभिलेखित घटनामध्ये बलात्कारका ६० घटनाका आरोपितहरूलाई जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा पठायो। एक घटनाका आरोपितलाई अदालतले कैद सजाय सुनायो। एक घटनाका आरोपितलाई बाल सुधार गृहमा पठायो भने एक घटनाका आरोपितलाई अदालतले धरौटीमा रिहा गर्ने आदेश दिएकोमा तोकिएको रकम बुझाउन नसकेपछि थुनामा पठायो। १० घटनाका आरोपित वर्षको अन्त्यसम्म गिरफ्तार भएनन् भने ६ घटनाका आरोपितलाई अदालतले सफाइ दियो। एक घटनाका आरोपित वर्षको अन्त्यसम्म प्रहरी अनुसन्धानमै रहे। यौन दुर्व्यवहारका २० घटनाका आरोपितलाई अदालतले पुर्पक्षका लागि थुनामा पठायो। एक घटनाका आरोपितलाई अदालतले कैद तथा जरिबानाको फैसला सुनायो भने पाँच घटनाका आरोपितलाई सफाइ दियो। दुई घटनाका आरोपितलाई बाल सुधार गृह, सात घटनाका आरोपितलाई अदालतले धरौटीमा रिहा गऱ्यो। दुई घटनाका आरोपित वर्षको अन्त्यसम्म गिरफ्तार भएनन्। बेचबिखनको एक घटनामा दुई जना बालिका पीडित भए भने आरोपित पुर्पक्षका लागि थुनामा रहे।

बलात्कार, यौन दुर्व्यवहार

१६ वर्षीया बालिकालाई ०७९ वैशाख ११ गते बलात्कार गरेको आरोपमा ३५ वर्षीय पुरुषविरुद्ध पीडित पक्षले वैशाख १४ गते इलाका प्रहरी कार्यालय, दमकमा उजुरी दियो। प्रहरीले आरोपितलाई वैशाख १४ गते घरबाट गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण वैशाख १४ गते मेची अस्पतालमा भयो। आरोपितविरुद्ध प्रहरीले जिल्ला सरकारी वकिल कार्यालय मार्फत् जिल्ला अदालतमा जेठ ९ गते हाडनाता जबरजस्ती करणी शीर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश विनोद खतिवडाको जेठ १० गतेको आदेशले आरोपितलाई पुर्पक्षका थुनामा पठायो। जिल्ला न्यायाधीश इश्वरमणि ओझाको मङ्सिर २६ गतेको इजलासले आरोपितलाई कसुरदार ठहर गर्दै १ वर्ष ६ महिना कैद र १५ हजार रुपियाँ जरिबानाको फैसला सुनाएको अदालतका सूचना अधिकारी अर्जुनप्रसाद गुरागाँइले बताए।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यो वर्ष घरेलु हिंसा पीडित भन्दै २ सय १ जना महिलाले जिल्ला प्रहरी कार्यालयको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमा कुटपिट गरी घरनिकाला गरिएका ५३, खानलाउन नदिएका ३०, अर्की पत्नी ल्याएर हेला गरेको २७ र आपसी मतभेदका कारण घरायसी झगडाका ९१ उजुरी छन्। यीमध्ये प्रहरीले १ सय ६२ उजुरीमा मेलमिलाप गरायो भने १२ उजुरी कारवाही प्रक्रियामा रहेको जिल्ला प्रहरी कार्यालयका एसपी विश्वमणि पोखरेलले बताए। २७ घटना अदालती प्रक्रियामा रहे।

यो वर्ष झापा जिल्लामा घरेलु हिंसाका घटनामा एक, बलात्कारका घटनामा ३१, बलात्कार प्रयासका घटनामा ११, बहुविवाहका घटनामा २७ र बेचबिखन तथा ओसारपसार प्रयासका घटनामा सात र बेचबिखन तथा ओसारपसारका घटनामा दुई जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

अभिलेखित घटनामध्ये २० बलात्कार घटनाका आरोपितलाई जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा पठायो। ११ घटनाका आरोपित वर्षको अन्त्यसम्म गिरफ्तार भएनन् भने तीन घटनाका आरोपितलाई अदालतले सफाइ दियो। बलात्कार प्रयासको नौ घटनाका आरोपितलाई अदालतले पुर्पक्षका लागि थुनामा पठायो, एक घटनाका आरोपितलाई धरौटीमा रिहा गऱ्यो। दुई घटनाका आरोपितलाई अदालतले सफाइ दियो। एक घटनाका आरोपित वर्षको अन्त्यसम्म गिरफ्तार भएनन्। बेचबिखन तथा ओसारपसारका दुई र बेचबिखन तथा ओसरपसार प्रयासका तीन घटनाका आरोपितलाई अदालतले पुर्पक्षका लागि थुनामा पठायो। पारिवारिक हत्याका तीन घटनाका आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। दाइजो घटनाका एक आरोपितलाई अदालतले सफाइको फैसला सुनायो। बहुविवाहका ११ घटनाका आरोपितलाई अदालतले पुर्पक्षका लागि थुनामा पठायो भने आठ घटनाका आरोपितलाई धरौटीमा रिहा गऱ्यो। ६ घटनाका आरोपित वर्षको अन्त्यसम्म गिरफ्तार भएनन्। एक घटनाका आरोपित वर्षको अन्त्यसम्म अनुसन्धानमै रहे। एक घटनाका आरोपितलाई अदालतले धरौटी माग गरेकोमा तोकिएको रकम बुझाउन नसकेपछि थुनामा पठायो भने सोही घटनाका अर्का आरोपित धरौटीमा रिहा भए।

सबै प्रकारका जातीय विभेद

२६ वर्षीया महिलालाई ०७९ जेठ २१ गते ज्योतिष हेराउने क्रममा 'बाहुनकी छोरी भएर सानो जातसँग विवाह गरेको' भन्दै जातीय दुर्व्यवहार गरेको आरोपमा दमक नपा-५ का ५५ वर्षीय भीमलाल न्यौपानेविरुद्ध जेठ २३ गते पीडित पक्षले इलाका प्रहरी कार्यालय, दमकमा उजुरी दियो। आरोपितलाई प्रहरीले जेठ २३ गते गिरफ्तार गऱ्यो। आरोपितविरुद्ध प्रहरीले जिल्ला अदालतमा जेठ ३१ गते जातीय भेदभाव तथा छुवाछुत कसुर शीर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश गिरीराज गौतमको असार १ गतेको आदेशले आरोपितलाई २० हजार रुपियाँ धरौटीमा तारेखमा रिहा गऱ्यो। जिल्ला अदालतका न्यायाधीश डा. रमेशप्रसाद रिजालको मङ्सिर २६ गतेको इजलासले आरोपितलाई कसुरदार ठहर गर्दै दुई महिना कैद सजाय, २० हजार रुपियाँ जरिवाना र ५० हजार रुपियाँ क्षतिपूर्ति भराउने आदेश दिएको अदालतका सूचना अधिकारी अर्जुनप्रसाद गुरागाईंले बताए।

स्वास्थ्य सेवाको अवस्था

जिल्लामा दुई सरकारी अस्पताल, २३ सामुदायिक अस्पताल, ६१ स्वास्थ्य चौकी, प्राथमिक स्वास्थ्य केन्द्र तीन, नौ नगर स्वास्थ्य केन्द्र रहेको जिल्ला जनस्वास्थ्य कार्यालयका सूचना अधिकारी चुडामणि लुइँटेलले बताए। सदरमुकामस्थित सरकारी अस्पतालमा ३० जना विशेषज्ञको दरबन्दीमा १९ जनाको दरबन्दी रिक्त छ। ४० जना स्वास्थ्यकर्मीको दरबन्दीमा आठ खाली रहेको मेची प्रादेशिक अस्पतालका नायब सुब्बा वशिष्ठ अधिकारीले बताए। जिल्लामा ६ लाख २० हजार २ सय ७२ जनाले बीमा गराएर सेवा लिइरहेका छन्। ज्येष्ठ नागरिकका लागि नि:शुल्क बीमा कार्यक्रममा पनि ३५ हजार ४ सय ६७ जनाको बीमा गरिएको छ।

प्रतिनिधि सभा तथा प्रदेश सभा निर्वाचन २०७९

यस वर्ष सम्पन्न भएको प्रतिनिधि सभा निर्वाचनमा झापा जिल्लामा ६ लाख ६३ हजार ३ सय ११ मतदाता मध्ये ४ लाख ३६ हजार २ सय ६६ (६५.७७ प्रतिशत) ले मतदान गरे। यसैगरी प्रदेश सभा तर्फ ४ लाख ३६ हजार ५ सय ८६ (६५.८१ प्रतिशत) ले मतदान गरे।

सन् २०२२ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

बाल अधिकार				
घटनाको प्रकार	अनुसन्धान	मुद्दा टुङ्गिएका	कानुनी दायरामा ल्याइएका	जम्मा
बेचबिखन तथा ओसारपसार			१	१
नवजात शिशुको हत्या			१	१
बलात्कार	९	१	६३	७३
यौन दुर्व्यवहार	३	१	३९	३३
जम्मा	११	३	९४	१०७

महिला अधिकार			
घटनाको प्रकार	अनुसन्धान	कानुनी दायरामा ल्याइएका	जम्मा
बेचबिखन तथा ओसारपसार प्रयास		३	३
घरेलु हिंसा		१	१
बहुविवाह	५	३३	३७
बलात्कार	१३	१९	३१
बलात्कार प्रयास	१	१०	११
यौन दुर्व्यवहार		१	१
बेचबिखन तथा ओसारपसार		३	३
जम्मा	१८	५८	७६

मारिएकाको घटना सङ्ख्या			
घटनाको प्रकार	अनुसन्धान	कानुनी दायरामा ल्याइएका	जम्मा
हत्या	१	१३	१३

१.१२ मोरङ



जम्मा जनसङ्ख्या	११,४७,१८६
महिला	५,८४,६५५
प्रतिनिधिसभा निर्वाचन क्षेत्र	६
प्रदेशसभा निर्वाचन क्षेत्र	१२
गरिबीको रेखामुनि रहेको सङ्ख्या	१,५८,२६१
कामका लागि बाहिरिएका	१७,०५३
अपाङ्गता भएका	६,२१५
५ वर्षमाथिको साक्षरता प्रतिशत	८६
आश्रित जनसङ्ख्या	३,५८,५१५

यस वर्ष मोरङ जिल्लामा मानव अधिकार उल्लङ्घनका घटनामा राज्यपक्षबाट एक महिला र १६ पुरुष तथा ज्यादतीका घटनामा अन्यपक्षबाट ६४ जना महिला र ३५ जना पुरुष पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा एक बालक र १६ जना बालिका तथा महिला अधिकार उल्लङ्घनका घटनामा ३५ जना महिला पीडित भए।

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रूपले बाँच्न पाउने अधिकार

हत्या

अन्यपक्षबाट

लेटाङ नगरपालिका -५ खेरुवास्थित शिक्षा विकास माध्यमिक विद्यायका ५६ वर्षीय शिक्षक मनोज पौडेलले १२ वर्षीया बालिकालाई ०७८ चैत ४ गते यौन दुर्व्यवहार गरेको विषयलाई लिएर चैत ६ गते विद्यालयमा विवाद उत्पन्न भयो। आरोपित शिक्षकलाई मोसो दल्न पाउनुपर्ने र त्यसपछि मात्रै प्रहरीले कारबाही अगाडि बढाउनुपर्ने माग गर्दै विद्यालय परिसरमा आन्दोलन गरे। झडपका क्रममा उदयपुर त्रियुगा नगरपालिका-१६ स्थायी घर भई मोरङ प्रहरीमा कार्यरत प्रहरी जवान २६ वर्षीय उर्मिला श्रेष्ठ गम्भीर घाइते भएकोमा उपचारका लागि अस्पताल ल्याउने क्रममा उनको चैत ६ गते बाटैमा मृत्यु भयो। सो क्रममा आन्दोलनकारी र प्रहरीबिचको झडपमा प्रहरीको लाठी चार्जबाट लेटाङ नगरपालिका -४ का २२ वर्षीय मिलन खड्का, लेटाङ-८ का २२ वर्षीय रुपेश लिम्बु, लेटाङ नगरपालिका -४ का ३२ वर्षीय रुपेश खड्का, लेटाङ नगरपालिका -५का ४५ वर्षीय लोकबहादुर सुवेदी घाइते भए। करङमा चोट लागेका रुपेश र मिलनको विराटनगर महानगरपालिका-४ स्थित नोबेल अस्पतालमा उपचार भयो। अन्य घाइतेको लेटाङ नगरपालिका-४ स्थित लेटाङस्थित लेटाङ सामुदायिक अस्पतालमा उपचार भयो।

सो क्रममा स्थानीय र प्रहरीबिच झडप हुँदा लेटाङ नगरपालिका-६ मा खटिएका जिल्ला प्रहरी कार्यालय मोरङका एसपी जनार्दन जिसीसहित १९

घटनाको प्रकार		राज्यपक्षबाट			अन्यपक्षबाट		
		महिला	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
अपहरण					१	१	२
गिरफ्तारी			२	२			
कुटपिट			५	५		७	७
हिरासत वा थुनामा मृत्यु			१	१			
कारागारमा मृत्यु			३	३			
घाइते		१	५	६	४	१६	२०
हत्या					८	९	१७
धम्की						१	१
बाल अधिकार	बालविवाह				१		१
	बेचबिखन तथा ओसारपार				१		१
	बलात्कार				१०		१०
	यौन दुर्व्यवहार				४	१	५
	जम्मा				१६	१	१७
महिला अधिकार	घरेलु हिंसा				२१		२१
	'बोक्सी'को आरोप				२		२
	बहुविवाह				३		३
	बलात्कार				८		८
	यौन दुर्व्यवहार				१		१
	जम्मा				३५		३५
कूल जम्मा		१	१६	१७	६४	३५	९९

जना प्रहरी घाइते भए। एसपी जिसीको गोडामा चोट लाग्यो। झडपमा एसपी जिसीका सुरक्षागार्ड प्रहरी हवल्दार २८ वर्षीय मेघचन्द्र राई, प्रदेश सशस्त्र प्रहरी गण रानी विराटनगरबाट खटिएका प्रहरी हल्वदार ३८ वर्षीय कृष्णकुमार यादव, ३६ वर्षीय उमेश वरही, ३६ वर्षीया सङ्गीता प्रसाई, ३९ वर्षीय सञ्जय यादव, इलाका प्रहरी कार्यालय बेलबारीबाट खटिएका प्रहरी हवल्दार ३९ वर्षीय खुबी साँवा, २१ वर्षीय प्रहरी जवान जाबुक खड्का, २५ वर्षीय लाल मिश्रा, २६ वर्षीय सञ्जय भुजेल, २४ वर्षीय बिमल धिमाल र २१ वर्षीय दीपककुमार यादव, इलाका प्रहरी कार्यालय लेटाडकाबाट खटिएका प्रहरी हल्वदारहरू ३८ वर्षीय सन्तबहादुर मगर, ३५ वर्षीय मिक्वा योङहाङ, ४१ वर्षीय शिवकुमार यादव, ३८ वर्षीय रेनुका सोनाम, ३६ वर्षीय दिपेश राय, ३१ वर्षीया मनिता राई र ४० वर्षीय धुव्रबहादुर कार्की घाइते भए। घाइते सबैको कोशी अस्पतालमा उपचार भयो।

उर्मिलाको ज्यान जाने गरी भएको घटनामा संलग्न रहको आरोपमा प्रहरीले ४७ जनाविरुद्ध २०७९ चैत २९ गते अभद्र व्यवहार शीर्षकमा मुद्दा दर्ता गऱ्यो। मोरङका प्रमुख जिल्ला अधिकारी काशीराज दाहालको भदौ २० गतेको इजलासले ६ जनालाई जनही ३ हजार र बाँकी सबैलाई जनही २ हजार रुपियाँ जरिबानाको फैसला सुनायो।

कारागार र बन्दी

कारागारको क्षमता २ सय ५० जनाको रहेकोमा महिला १ सय ८ र पुरुष ९ सय ५१ जना कैदीबन्दी छन्। कारागारमा आश्रित बालक चार र बालिका तीन जना छन्। कैदी बन्दीहरूको नियमित स्वास्थ्य परीक्षणका लागि एक जना अहेबको दरबन्दी रहेको छ। कैदी तथा बन्दीलाई पत्रपत्रिका लगायत मनोरञ्जनका सामग्री उपलब्ध गराइएको जेलर दीपेन्द्रकुमार मेहताले बताए। कारागारमा रहेका कैदी/बन्दीलाई बाँसका मुढालगायतका सामग्री बनाउन तालिम प्रदान गरिएको र कैदी तथा बन्दीले उत्पादन गरेका सामग्री स्थानीय बजारमा बिक्री वितरणको व्यवस्था मिलाएको कारागार प्रमुख मेहताले बताए।

प्रतिनिधि तथा प्रदेश सभा निर्वाचनमा कारागारका ६४ जना कैदीबन्दीले मतदान गरे।

कारागारमा मृत्यु

केराबारी गाउँपालिका-२ का ४८ वर्षीय भक्तबहादुर ठकुरीको जिल्ला सरकारी वकिल कार्यालय मोरङको सोधपुछ कक्षमा २०७९ जेठ २६ गते मृत्यु भयो। ४७ वर्षीय पत्नी सकुन्तला ठकुरीलाई ०७८ पुस १९ गते खुकुरी प्रहार गरी घाइते बनाएको आरोपमा पीडित पक्षले सोही दिन इलाका प्रहरी कार्यालय, बेलबारीमा दिएको उजुरीका आधारमा प्रहरीले आरोपित

भक्तबहादुरलाई पुस २० गते गिरफ्तार गरेको थियो। माघ २ गते आरोपितको स्वास्थ्य परीक्षण गर्ने क्रममा कोभिड-१९ सङ्क्रमण पुष्टि भएपछि प्रहरीले माघ ४ गते जमानी हाजिरीमा आरोपितलाई प्रहरीले परिवारको जिम्मा लगाएको थियो। इलाका प्रहरी कार्यालय, बेलबारीले २०७९ जेठ २५ गते ठकुरीलाई घरबाटै गिरफ्तार गरी जेठ २६ गते जिल्ला सरकारी वकिल कार्यालयमा उपस्थित गराएर बयान लिने क्रममा आरोपित बेहोस भएर ढलेको जिल्ला प्रहरी कार्यालयका डीएसपी दीपक श्रेष्ठले बताए। डीएसपी श्रेष्ठका अनुसार सरकारी वकिल कार्यालयको सोधपुछ कक्षमा राखिएका बेला अचानक 'फिँज काड्दै' बेहोस भएपछि उनलाई उपचारका लागि २०७९ जेठ २६ गते नै कोसी अस्पताल लगिएको थियो। विराटनगरस्थित कोशी अस्पतालमा २०७९ जेठ २६ गते शवको पोष्टमार्टम भयो। परिवारजनले २०७९ जेठ २७ गते केराबारीस्थित घाटमा अन्तिम संस्कार गरे।

जिल्ला सरकारी वकिलको कार्यालयस्थित सोधपुछ कक्षमा थुनुवाको मृत्यु भएपछि आफन्तले मृत्यु शंकास्पद भएको भन्दै २०७९ जेठ २७ गते धर्ना दिने तयारी गरेका थिए। जिल्ला प्रशासन कार्यालय, मोरङमा आफन्तसहित भएको छलफलमा छानबिन समिति गठन गर्ने, मृतकका परिवारलाई क्षतिपूर्तिको पहल गर्ने र मृतकका परिवारको पालनपोषणका लागि गाउँपालिकासँग पहल गर्ने सहमतिपछि धर्ना लगायतका कार्यक्रम स्थगित भएको थियो। समितिमा केराबारी वडा नम्बर २ का अध्यक्ष प्रेमबहादुर लिम्बु र प्रहरी निरीक्षक मोहन पोखरेल सदस्य थिए। छानविन समितिले यो वर्षको अन्त्यसम्ममा प्रतिविदन सार्वजनिक नगरेको मोरङका सहायक प्रमुख जिल्ला अधिकारी प्रदीप साहले बताए।

बालसुधार गृह

बालसुधार गृह विराटनगरको क्षमता ५० जनाको छ। बालसुधार गृहमा २ सय ७ जना बालक राखिएको सुधार गृह प्रमुख मिलन चौहानले बताए। सुधारगृहमा भवन अभाव, विद्यालय भवन अभाव, भान्सा, शौचालयल भवनको अभाव भएको चौहानले बताए। क्षमता भन्दा बढी बालक राख्नुपर्दा, खान, बस्न, सुत्नका लागि समस्या छ। सुधारगृह भित्र कक्षा ४ देखि कक्षा १० सम्म सामुदायिक विद्यालय सञ्चालनमा छ।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत

जिल्ला अदालत मोरङमा १२ जना न्यायाधीशको दरबन्दी रहेकोमा जिल्ला अदालतका दुई जना न्यायाधीश काजमा अन्यत्र गएका छन्। यो वर्ष फौजदारी मुद्दातर्फ २ हजार २२ थानमध्ये ४ सय ३३ थान मुद्दा फैसला भए। देवानी मुद्दातर्फ ३ हजार ५ सय ५६ थान मध्ये ८ सय ७१ थान मुद्दा फैसला भए। यस अदालतमा २ वर्ष नाघेका फौजदारी मुद्दा ६२ थान छन् भने देवानी मुद्दा १ सय ४४ थान बाँकी छन्।

उच्च अदालत, विराटनगर

१२ जना न्यायाधीशको दरबन्दी रहेको उच्च अदालत, विराटनगरमा आठ जना न्यायाधीशको दरबन्दी रिक्त छ। यस वर्षका लागि दुनियावादी देवानीका ९ हजार ८५ थान, दुनियावादी फौजदारी र सरकारवादी फौजदारीसमेत १ हजार २ सय ८० थान र सुरु क्षेत्राधिकारबाट ३ सय ८६ थान मुद्दा जिम्मेवारी सरेका थिए। वाणिज्य तथा राजश्व इजलासका २ सय २७ मुद्दा जिम्मेवारी सरेका थिए। २०७८ पुस १७ देखि ०७९ पुस १६ गतेसम्म दर्ता भएका फौजदारी मुद्दाहरूको सरकारवादीतर्फ १ हजार २ सय ९५ थान उजुरी परे। अघिल्लो वर्षका जिम्मेवारी सरेकासमेत ३ सय ५० थान मुद्दा फैसला भए।

बाल अधिकार

शिक्षाको अवस्था

मोरङ जिल्लामा आधारभूत तहका ३ सय ५८ र माध्यमिक तहका १ सय ४७ विद्यालय छन्। जिल्लामा ४ हजार १ सय ३७ शिक्षकको दरबन्दी रहेको छ। जसमा ३ हजार २ सय २२ स्थायी र ९ सय ३ जना राहत अनुदानका छन्। जिल्लामा दरबन्दी मिलान हुन बाँकी नरहेको शिक्षा विकास तथा समन्वय इकाइ, मोरङका सूचना अधिकारी शिव घिमिरेले बताए। यस वर्ष बालक ८ हजार ६ सय ६९ र बालिका ८ हजार ४ सय २१ विद्यालय भर्ना भए। जसमा अपाङ्गता भएका बालक ३२ र बालिका ४६ छन्। यस वर्ष जिल्लामा दलित बालक २ हजार ५ सय ९ र बालिका २ हजार ३ सय ९५ विद्यालय भर्ना भए। जिल्लामा अपाङ्गतामैत्री विद्यालय सात छन्। द्वन्द्व पीडित परिवारका आठ जना बालबालिकाले छात्रवृत्ति पाए। वैदेशिक रोजगारीमा गएर मृत्यु भएका परिवारका ९२ बालबालिकाले छात्रवृत्ति पाए। सहिद परिवारका

एक जनाले २४ हजार रुपियाँ र द्वन्द्वपीडित परिवारका आठ जना बालबालिकाले १ लाख ३२ हजार रुपियाँ छात्रवृत्ति पाए।

यस वर्ष मोरङ जिल्लामा यौन दुर्व्यवहारका घटनामा पाँच, बलात्कारका घटनामा १०, बालविवाहका घटनामा एक र बेचबिखन तथा ओसारपसार प्रयासका घटनामा एक जना बालबालिका पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

अभिलेखित घटनामध्ये बलात्कारका सात घटनाका आरोपितहरूलाई जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा पठायो भने एक घटनाका आरोपितलाई सफाइको फैसला सुनायो। एक घटनाका आरोपित वर्षको अन्त्यसम्म गिरफ्तार भएनन् भने एक घटनाका आरोपित प्रहरी अनुसन्धानमै रहे। यौन दुर्व्यवहारका दुई घटनाका आरोपितलाई अदालतले पुर्पक्षका लागि थुनामा पठायो भने एक घटनाका आरोपितलाई कैद तथा जरिबानाको फैसला सुनायो। दुई घटनाका आरोपितलाई अदालतले धरौटीमा रिहा गऱ्यो। बेचबिखन तथा ओसारपसार प्रयासका एक घटनाका आरोपितलाई अदालतले पुर्पक्षमा पठायो। एक घटनाका एक आरोपितलाई अदालतले पुर्पक्षमा पठायो भने अर्का आरोपितलाई अभिभावकको जिम्मा लगायो। बालविवाहका एक घटनाका आरोपितलाई अदालतले पुर्पक्षका लागि थुनामा पठायो।

बलात्कारपछि हत्या

लेटाङ नगरपालिका-८ की १२ वर्षीया करुणा राईको २०७८ फागुन ११ गते बलात्कारपछि हत्या गरेको आरोपमा प्रहरीले सोही ठाउँका ६३ वर्षीय दीपक गिरीलाई फागुन १३ गते घरबाटै गिरफ्तार गऱ्यो। लेटाङ नगरपालिका-८ स्थित जाँते माध्यमिक विद्यालयमा कक्षा ६ मा अध्ययनरत करुणा राई फागुन ११ गते विद्यालय विदा भएपछि घर फर्किने क्रममा बेपत्ता भएकी थिइन्। बालिकाको शव लेटाङ नगरपालिका- ८ स्थित लालहिरा सामुदायिक वन क्षेत्रमा खोल्सोमा फागुन १३ गते फेला परेको जिल्ला प्रहरी कार्यालयका एसपी जनार्दन जिसीले बताए। आरोपितले फागुन १३ गते लेटाङ नगरपालिका- ८ मा घरनजिक कपडा जलाएको र कपडा जलाएको ठाउँमा बेल्टको र जुत्ताको तुना फेला परेपछि आरोपितलाई गिरफ्तार गरेको एसपी जिसीले बताए। छोरी हराएको विषयमा फागुन ११ गते इलाका प्रहरी कार्यालय, लेटाङमा बालिकाका ४२ वर्षीय बाबु अजय राईले उजुरी दिएका थिए। आरोपितविरुद्ध प्रहरीले जिल्ला अदालतमा चैत ६ गते बलात्कार र कर्तव्य ज्यान शीर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश जेतबहादुर खड्काको चैत ७ गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। शवको पोष्टमार्टम फागुन १३ गते वीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरानमा भयो। पीडित पक्षले सोही दिन शव बुझी लेटाङ नगरपालिका- ८ मा धार्मिक विधि अनुसार सद्गत गरेको सोही नगरपालिका- ८ का वडा सदस्य बुद्धराम राईले बताए। यो वर्षको अन्त्यसम्म मुद्दा फैसला भएन।

सुन्दरहरैंचा नगरपालिका-७ की १८ महिने बालिका करिश्माकुमारी केवटलाई ०७८ फागुन २७ गते अपहरण पश्चात सामूहिक बलात्कारपछि हत्या गरेको आरोपमा सुन्दरहरैंचा नगरपालिका-७ का २५ वर्षीय अजय चौधरी र उनका २८ वर्षीय दाजु मिथुन चौधरीविरुद्ध पीडित पक्षले फागुन २८ गते इलाका प्रहरी कार्यालय बेलवारीमा उजुरी दियो। आरोपितहरूलाई प्रहरीले फागुन २८ गते सुन्दरहरैंचा नगरपालिका-७ बाट गिरफ्तार गरी फागुन २९ गते सार्वजनिक गऱ्यो। आरोपितहरूले बालिकालाई फागुन २७ गते साँझ आँगनमा खेलिरहेको अवस्थामा अपहरण गरी घरदेखि डेढसय मिटर टाढा गछिया खोलाको झाडीमा लगेर बलात्कार पश्चात बियरको बोतल र ढुङ्गाले हिर्काएर अचेत अवस्थामा छाडेका थिए। बालिकाको उपचारको क्रममा फागुन २७ गते राति विराटनगरस्थित नोवेल मेडिकल अस्पतालमा मृत्यु भएको पीडितका ३४ वर्षीय बाबु राजकुमार केवटले बताए। घटनाका विषयमा चैत १ गते इन्सेकले स्थलगत अनुगमन गऱ्यो। आरोपित विरुद्ध प्रहरीले जिल्ला अदालतमा चैत २१ बलात्कार र कर्तव्य ज्यान शीर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश शिशिरराज ढकालको चैत २२ गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। शवको पोष्टमार्टम फागुन २८ गते वीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरानमा भयो। सोही दिन पीडित पक्षले शव बुझी सुन्दरहरैंचा नगरपालिका-७ स्थित घाटमा अन्तिम संस्कार गऱ्यो। यो वर्षको अन्त्यसम्म मुद्दा फैसला भएको छैन।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यो वर्ष घरेलु हिंसा पीडित भन्दै ४ सय ५४ जना महिलाले जिल्ला प्रहरी कार्यालयको महिला,

बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्र मोरङमा उजुरी दर्ता गराए। जसमध्ये कुटपिट गरी घर निकाला गरिएका ५५, खानलाउन नदिएका ३३ विवाह दर्ता जन्म दर्ता र नागरिकता नबनाएका २९, अर्को पत्नी ल्याएर हेला गरेका १५, दाइजो नल्याएको भनेर हँला गरेका २७ र सामान्य घरयासी झगडाका २ सय ९५ घटना छन्। यीमध्ये ३ सय २६ ओटा मेलमिलाप मार्फत् टुङ्गो लागेको र दुई ओटा उजुरी अदालतमा गएको छ। १ सय ११ ओटा उजुरी टुङ्गो लाग्न बाँकी रहेको छ।

यो वर्ष मोरङ जिल्लामा घरेलु हिंसाका घटनामा २१, बलात्कारका घटनामा आठ, यौन दुर्व्यवहारका घटनामा एक, बहुविवाहका घटनाम तीन, 'बोक्सी' को आरोपका घटनामा दुई र पारिवारिक हत्याका घटनामा चार जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

अभिलेखित घटनामध्ये बलात्कारका चार घटनाका आरोपितलाई जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा पठायो भने तीन घटनाका आरोपितलाई कैद तथा जरिबानाको फैसला सुनायो। एक घटनाका आरोपितलाई अदालतले धरौटीमा रिहा गऱ्यो भने एक घटनाका आरोपितलाई सफाइ दियो। यौन दुर्व्यवहारको एक घटनाका आरोपित वर्षको अन्त्यसम्मा प्रहरी अनुसन्धानमै रहे। बहुविवाहका एक घटनाका आरोपितलाई कैद तथा जरिबानाको फैसला सुनायो। एक घटनाका एक आरोपितलाई अदालतले कैद तथा जरिबानाको फैसला सुनायो भने अर्का आरोपितलाई सफाइ दियो। 'बोक्सी' को आरोपका एक घटनाका आरोपितलाई अदालतले कैद, जरिवाना र क्षतिपूर्तिको फैसला सुनायो भने एक घटनाका आरोपितलाई धरौटीमा रिहा गऱ्यो। पारिवारिक हत्याका एक घटनाका आरोपितलाई अदालतले जन्मकैदको फैसला सुनायो भने तीन घटनाका आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

१९ वर्षीया महिलालाई २०७८ पुस १७ गते बलात्कार गरेको आरोपमा उर्लाबारी नगरपालिका- ७ बकालोर टोलका विक्रम ठकुरीविरुद्ध पीडित पक्षले पुस १९ गते इलाका प्रहरी कार्यालय उर्लाबारीमा उजुरी दियो। प्रहरीले आरोपितलाई पुस १९ गते गिरफ्तार गऱ्यो। आरोपितले महिलालाई ललाइ फकाइ पुस १७ गते उर्लाबारी नगरपालिका- ७ स्थित होटलमा लगेर बलात्कार गरेको पीडित पक्षले दिएको उजुरीमा उल्लेख छ। महिलाको स्वास्थ्य परीक्षण पुस १९ गते कोशी अस्पतालमा भयो। प्रहरीले आरोपितविरुद्ध जिल्ला सरकारी वकिल कार्यालयमार्फत् माघ १४ गते जिल्ला अदालमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश किशोर घिमिरेको माघ १६ गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। जिल्ला अदालतका न्यायाधीश राजेश्वर अर्यालको २०७९ मङ्सिर १७ गतेको इजलासले आरोपितलाई कसुरदार ठहर गर्दै १३ वर्ष कैद र ५ लाख रुपियाँ जरिबानाको फैसला सुनायो।

'बोक्सी'को आरोपमा कुटपिट

रङ्गेली नगरपालिका-२ बबियाबिर्ताकी ६८ वर्षीया महिलालाई ०७८ माघ १६ गते 'बोक्सी' आरोपमा कुटपिट गरेको भन्दै ३० वर्षीया रिङ्कीदेवी साहविरुद्ध पीडित पक्षले माघ १७ गते इलाका प्रहरी कार्यालय, रङ्गेलीमा उजुरी दियो। आरोपितलाई प्रहरीले माघ १७ गते गिरफ्तार गऱ्यो। पीडितको माघ १७ गतेदेखि माघ २० गतेसम्म स्थानीय अस्पतालमा उपचार गराएको पीडित परिवारले बतायो। आरोपितविरुद्ध प्रहरीले जिल्ला अदालतमा फागुन १८ गते 'बोक्सी' आरोप शीर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश राजेशकुमार भट्टराईको फागुन २० गतेको इजलासले आरोपितलाई १ लाख रुपियाँ धरौटी माग गरेकोमा तोकिएको धरौटी रकम बुझाएर रिहा भइन्। जिल्ला अदालतका न्यायाधीश दुर्गा खड्काको २०७९ असार ८ गतेको इजलासले आरोपितलाई ६ महिना कैद, १० हजार रुपियाँ जरिवाना र पीडितलाई १० हजार रुपियाँ क्षतिपूर्ति भराउने फैसला सुनायो।

पारिवारिक हत्या

पथरी शनिश्चरे नगरपालिका-२ जामचोककी ९० वर्षीया जगमाया श्रेष्ठको ०७८ माघ १२ गते घाँटी थिची हत्या गरेको आरोपमा प्रहरीले ४८ वर्षीय कान्छा छोरा कमल श्रेष्ठलाई माघ १७ गते घरबाटै गिरफ्तार गऱ्यो। आरोपितले बाबुको नाममा रहेको १५ कठ्ठा नौ धुर जग्गा पत्नीलाई परिवारका सदस्यले थाहा नपाइ नामसारी गरिदिएपछि आमा र छोराबीच माघ १२ गते विवाद भएको थियो। आमाको घाँटी थिचेर हत्या गरेपछि आरोपितले शवलाई प्लाष्टिकमा पोको पारेर घरभन्दा झण्डै दुई किलोमिटर टाढा पथरी शनिश्चरे नगरपालिका-२ स्थित हरियाली सामुदायिक वनमा

रहेको गुरुङ समुदायको घाटमा माघ १२ गते शव जलाएको अनुसन्धानका क्रममा खुलेको डिएसपी खड्काले बताए। आमा हराएको निवेदन आरोपित आफैले माघ १४ गते इलाका प्रहरी कार्यालय, पथरीमा दिएको डिएसपी खड्काले बताए। आमा हराएको निवेदन प्रहरीमा परेपछि परिवारका अन्य सदस्यलाई सोधपुछ गर्दा आमा छोराको विवाद थाहा पाएको र सोही अनुसार आरोपितलाई माघ १७ गते घरबाट गिरफ्तार गरेको प्रहरीले जनायो। आरोपितविरुद्ध प्रहरीले जिल्ला अदालतमा फागुन १३ गते कर्तव्य ज्यान शीर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश मनोज केसीको २०७९ असार १९ गतेको इजलासले आरोपित कमल श्रेष्ठलाई जन्मकैदको फैसला सुनायो।

घरेलु हिंसा

विराटनगर महानगरपालिका- ४ की ३१ वर्षीया सुनीता साहलाई अपाङ्गता भएको छोरा जन्माएको आरोपमा ३१ वर्षीय पति धर्मेन्द्र साहले घरेलु हिंसा गरी घर निकाला गरेको भन्दै पीडितले विराटनगर महाननगरपालिका न्यायिक समितिमा ०७८ पुस १७ गते निवेदन दिइन्। न्यायिक समिति संयोजक इन्दिरा कार्कीको पुस १८ गतेको निर्णय अनुसार विवाह गरेको पत्नीको दायित्व पतिकै हुने भन्दै छोराको भरण पोषणका लागि साहले मासिक १० हजार रुपियाँ दिनुपर्ने निर्णय गऱ्यो। छोराको जन्मदर्ता र अपाङ्गता परिचयपत्रका लागि वडा नम्बर ४ को कार्यालयलाई सिरफारिस गऱ्यो। वडाध्यक्ष देवेन्द्र पोखरेलले ०७८ पुस १९ गते विवाह दर्ता र बालकको जन्मदर्ता गरिदिए।

स्वास्थ्य सेवाको अवस्था

जिल्लामा एक सरकारी अस्पताल, १० सामुदायिक अस्पताल, ५९ स्वास्थ्य चौकी, १९ नगर स्वास्थ्य केन्द्र छन्। सदरमुकाम स्थित सरकारी अस्पतालमा दुई जना विशेषज्ञको दरबन्दीमा एक जनाको दरबन्दी रिक्त छ। १६ स्वास्थ्यकर्मीको दरबन्दीमा तीन रिक्त र दुई काजमा सामाजिक विकास मन्त्रालयमा कार्यरत छन्। अस्पतालमा हाल ११ जना स्वास्थ्यकर्मी कार्यरत रहेको अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डा. उत्तम देवले बताए। जिल्लामा ४ लाख ४७ हजार ५ सय २६ जनाले स्वास्थ्य बीमा गरेका छन्। ७० वर्ष माथिका ज्येष्ठ नागरिकका लागि निःशुल्क स्वास्थ्य बीमा कार्यक्रममा ३३ हजार २ सय ९ जनाको स्वास्थ्य बीमा गरिएको छ। जसमा १६ हजार ६ सय २८ पुरुष र १६ हजार ५ सय ८१ महिला छन्।

नेपाल सरकारले ०७७ मङ्सिर १५ गते शिलान्यास गरेको बुढीगङ्गा गाउँपालिकाका-३ मा १० बेडको अस्पताल निर्माण भइरहेको स्वास्थ्य शाखा प्रमुख वासुदेव रेग्मीले बताए। अस्पताल निर्माणका लागि आवश्यक १४ कठ्ठा जमिन समयमा उपलब्ध नभएकाले निर्माणमा ढिलाइ भएको रेग्मीले बताए।

मिक्लाजुङ्ग गाउँपालिकामा-४ मा १५ बेडको आधारभूत अस्पताल निर्माणका लागि शिलान्यास गरी पर्खाल लगाउने काम भएको स्वास्थ्य अधिकृत चिन्तामणि पोखरेलले बताए।

केरावारी गाउँपालिका-२ मा १० बेडको आधारभूत स्वास्थ्य अस्पताल निर्माणका लागि बेसलाइनको काम भए पनि सङ्घीय सरकारले पठाउनु पर्ने १ करोड रुपियाँ निकासा नगर्दा निर्माण कार्य अलपत्र अवस्थामा रहेको स्वास्थ्य शाखा प्रमुख टोमप्रसाद चौंलागाईले बताए।

कानेपोखरी गाउँपालिकामा आधारभूत स्वास्थ्य अस्पातलको तेस्रो तला ढलानका समयमा केन्द्रीय सरकारले रकम निकासा नगर्दा निर्माण रोकिएका कारण निर्माण सम्पन्न नभएको स्वास्थ्य शाखा प्रमुख उदयकान्त श्रेष्ठले बताए।

ग्रामथान गाउँपालिकाका सूचना अधिकारी नारायण चौधरीले गाउँपालिका-२ मा आधारभूत स्वास्थ्य अस्पताल निर्माणका जग्गा अभावमा हालसम्म टेण्डरको प्रक्रियासमेत अघि बढ्न नसकेको बताए। गाउँपालिकाले अस्पताल निर्माणका लागि मन्त्रालयलई पत्र लेखेको भएपनि स्वास्थ्य मन्त्रालयबाट जवाफ नआएकाले निर्माणको काम अलपत्र अवस्थामा रहेको बताए।

पथरीशनिश्चरे नगरपालिकामा १५ बेडको आधारभूत स्वास्थ्य अस्पताल निर्माणका लागि १८ करोड रुपियाँ लागतमा निर्माण हुने गरी अस्पतालको शिलान्यास गरिएको भएपनि हालसम्म निर्माण कार्य अघि बढ्न नसकेको नगरपालिकाका सूचना संयोजक भूपेन्द्र तिम्सिनाल बताए। लेटाङ नगरपालिका-४ र ५ वडाको बिचमा आधारभूत स्वास्थ्य अस्पताल निर्माणका लागि डीपीआर मात्र भएको नगरपालिकाका जनस्वास्थ्य अधिकृत दिनेशकुमार चौधरीले बताए। मन्त्रालयले बजेट निकासा नगर्दा निर्माणको काम अलपत्र अवस्थामा रहेको जनस्वास्थ्य अधिकृत चौधरीले बताए।

बेलबारी नगरपालिका-४ मा आधारभूत स्वास्थ्य अस्पताल निर्माणका लागि शिलान्यास गरिएको भएपनि अस्पताल निर्माण हुने जग्गामा विद्युत ट्रान्समिटर सार्न ढिलाइ भएकाले अस्पताल निर्माणको काम ढिला भएको नगरपालिका कार्यालयले जनायो।

रतुवामाइ नगरपालिकामा आधारभूत स्वास्थ्य अस्पताल निर्माणका लागि शिलान्यास भए पनि जग्गाको सुनिश्चिता नभएपछि बजेट फिर्ता गएको स्वास्थ्य संयोजक सन्तोषप्रसाद साहले बताए। सुन्दरहरैंचा नगरपालिकामा जग्गा प्राप्तिमा समस्या भएपछि योजना फिर्ता भएको जनस्वास्थ्य शाखा अधिकृत मचिन्द्र बस्नेतले बताए।

प्रतिनिधि सभा तथा प्रदेश सभा निर्वाचन २०७९

यस वर्ष सम्पन्न भएको प्रतिनिधि सभा निर्वाचनमा मोरङ जिल्लामा ७ लाख ३५ हजार ५ सय २५ मतदाता मध्ये ४ लाख ८५ हजार ४ सय ९९ (६६ प्रतिशत) ले मतदान गरे। यसैगरी प्रदेश सभा तर्फ ४ लाख ८४ हजार ८ सय ४५ (६५.९१ प्रतिशत) ले मतदान गरे।

सन् २०२२ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

बाल अधिकार				
घटनाको प्रकार	अनुसन्धान	मुद्दा टुङ्गिएका	कानुनी दायरामा ल्याइएका	जम्मा
बेचबिखन तथा ओसारपसार			१	१
बालविवाह			१	१
बलात्कार	१		८	९
यौन दुर्व्यवहार		१	४	५
जम्मा	१	१	१४	१६

महिला अधिकार					
घटनाको प्रकार	अनुसन्धान	मिलापत्र	मुद्दा टुङ्गिएका	कानुनी दायरामा ल्याइएका	जम्मा
घरेलु हिंसा	१	१०	६	४	२१
'बोक्सी'को आरोपमा			१	१	२
बहुविवाह			३		३
बलात्कार	१		२	५	८
यौन दुर्व्यवहार	१				१
जम्मा	३	१०	१२	१०	३५

मारिएकाको घटना सङ्ख्या				
घटनाको प्रकार	अनुसन्धान	मुद्दा टुङ्गिएका	कानुनी दायरामा ल्याइएका	जम्मा
हत्या	२	२	१३	१७

१.१३ सुनसरी

जम्मा जनसङ्ख्या	५,३४,४६१
महिला	४,८०,३८६
प्रतिनिधिसभा निर्वाचन क्षेत्र	४
प्रदेशसभा निर्वाचन क्षेत्र	८
गरिबीको रेखामुनि रहेको सङ्ख्या	८५,८८८
कामका लागि बाहिरिएका	५०,२८१
अपाङ्गता भएका	१०,४०५
५ वर्षमाथिको साक्षरता प्रतिशत	६४.४६
आश्रित जनसङ्ख्या	३,२४,०३६



यस वर्ष सुनसरी जिल्लामा ज्यादतीका घटनामा अन्यपक्षबाट ९४ जना महिला र आठ जना पुरुष पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा ५० जना बालिका र महिला अधिकार उल्लङ्घनका घटनामा ४० जना महिला पीडित भए।

करागार र बन्दी

झुम्का कारागारको क्षमता १ हजार ६ सय जनाको छ। कारागारमा १ हजार ७ सय ८९ जना पुरुष कैदीबन्दी छन्। कैदी/बन्दीहरूको नियमित स्वास्थ्य जाँचका लागि २ जना अहेबको दरबन्दी रहेको महेन्द्र खड्काले बताए। प्रतिनिधि र प्रदेश सभा निर्वाचनमा ३९ जना कैदीबन्दीले मतदान गरे।

कारागारमा झडप

झुम्का कारागारबाट चैत २९ गते दुई जना चौकीदारसहित १२ जनालाई स्थानान्तरण गरिएपछि ब्लक 'ए' मा नयाँ चौकीदार बन्ने विषयमा कैदीबन्दीबिच ०७८ चैत ३० गते झडप भयो । ब्लक 'ए' का चौकीदार जोन लिम्बु र ब्लक 'बी' का खडगबहादुर राईसहित १२ जनालाई स्थानान्तरण गर्ने निर्णयपछि विवाद भएको कारागारका जेलर उपसचिव प्रदिप साहले बताए । घटनामा दुहवी नगरपालिका-८ का २९ वर्षीय मुर्तुजा मियाँ, भोक्राहा नरसिंह गाउँपालिका-७ का ४० वर्षीय बिदुर यादव, मोरङ विराटनगरका ५० वर्षीय नुर महदम, रुकुमका ५० वर्षीय चन्द्र बिक, भोक्राहा नरसिंह गाउँपालिका-६ का ४२ वर्षीय नारायण साह, भारतीय नागरिक २९ वर्षीय नसिम शेख घाइते भए । उनीहरूको उपचार जिल्ला अस्पताल, सुनसरीमा सोही दिन भएको थियो । थप घटना नियन्त्रण बाहिर जान नदिनका लागि घाइते भएकालाई उपचार गरेर पर्सा र सिन्धुली कारागारमा सरुवा गरिएको थियो ।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत

१२ न्यायाधीशको दरबन्दी रहेको जिल्ला अदालतमा एक जना न्यायाधशीको दरबन्दी रिक्त रहेको

छ। यो वर्ष फौजदारी मुद्दातर्फ २ हजार ३ सय २३ थान मध्ये ४ सय २३ थान मुद्दा फैसला भए। देवानी मुद्दातर्फ ३ हजार ३ सय ५३ थानमध्ये ८ सय ३५ थान मुद्दा फैसला भए। यस अदालतमा दुई वर्ष नाघेका फौजदारी मुद्दा १ सय ४९ थान छन् भने देवानी मुद्दा ९९ थान बाँकी छ। स्थानीय तहको निर्वाचन र प्रदेश तथा प्रतिनिधि सभाको निर्वाचनमा मुख्य जिल्ला न्यायाधीश खटिएका कारण फर्स्यौटमा केही ढिलाइ भएको न्यायाधीश अर्जुन अधिकारीले बताए।

घटनाको प्रकार		अन्यपक्षबाट		
		महिला	पुरुष	जम्मा
हत्या		४	२	६
घाइते			६	६
बाल अधिकार	बालविवाह	२		२
	बेचबिखन तथा ओसारपसार	२		२
	बलात्कार	३४		३४
	यौन दुर्व्यवहार	१२		१२
	जम्मा	५०		५०
महिला अधिकार	बेचबिखन तथा ओसारपसार प्रयास	२		२
	घरेलु हिंसा	१		१
	बहुविवाह	१५		१५
	बलात्कार	२१		२१
	यौन दुर्व्यवहार	१		१
	जम्मा	४०		४०
कूल जम्मा		९४	८	१०२

बाल अधिकार

शिक्षाको अवस्था

यस जिल्लामा २ सय २३ ओटा आधारभूत र १ सय ४९ ओटा माध्यमिक विद्यालय छन्। सुनसरी जिल्लामा धार्मिक सहित सामुदायिक विद्यालयहरूमा प्रावि तहमा स्वीकृत दरबन्दी १ हजार १ सय ७५ र राहत ५ सय २० गरी जम्मा १ हजार ६ सय ९५ र निमावि तहमा दरबन्दी ४ सय ४२ र राहत १ सय १७ गरी जम्मा ५ सय ५९ छन भने मावि तहमा दरबन्दी २ सय ९३ र राहत १ सय ४ गरी जम्मा ३ सय ९७ छन। यसै गरी उच्च मावि तहमा स्वीकृत दरबन्दी ८० रहेका छन। जिल्लामा आधारभूत र माध्यमिक विद्यालयका २ हजार ७ सय ३१ शिक्षक दरबन्दी रहेकामा ४२ ओटा दरबन्दी मिलान हुन बाँकी रहेको छ। यस वर्ष ५ हजार ७ सय ७५ बालक र ५ हजार ८ सय ६१ जना बालिका विद्यालय भर्ना भए। जसमा अपाङ्गता भएका ३ सय २१ बालिका र २ सय ६५ बालक छन्। जिल्लामा अपाङ्गतामैत्री विद्यालय ६ ओटा छन्। द्वन्द्वपीडित परिवारका २० जना बालबालिकाले छात्रवृत्ति पाएका छन्। यस वर्ष जिल्लाभर २ हजार ९ सय ७२ दलित बालक र २ हजार ७ सय २० दलित बालिका विद्यालय भर्ना भए। कुल ५ हजार ६ सय ९२ जना दलित विद्यार्थी भर्ना भए। वैदेशिक रोजगारीमा गएर मृत्यु भएका परिवारका ८२ जना बालबालिकाले छात्रवृत्ति पाएको शिक्षा विकास तथा समन्वय इकाइका प्रमुख निर्मल निरौलाले बताए। सहिद परिवारका ८ जना र द्वन्द्वपीडित परिवारका २० जना बालबालिकाले छात्रवृत्ति पाए।

यस वर्ष सुनसरी जिल्लामा यौन दुर्व्यवहारका घटनामा १२, बलात्कारका घटनामा ३४, बालविवाहका घटनामा दुई र बेचबिखन तथा ओसारपसारका घटनामा दुई जना बालिका पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

बलात्कारका २४ घटनाका आरोपितहरूलाई जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा पठायो भने दुई घटनाका आरोपितलाई कैद तथा जरिवानाको फैसला सुनायो। दुई घटनाका आरोपितलाई अदालतले धरौटीमा रिहा गऱ्यो भने तीन घटनाका आरोपित तोकिएको धरौटी रकम बुझाउन नसकेपछि थुनामा पठायो। चार घटनाका आरोपित वर्षको अन्त्यसम्म गिरफ्तार भएनन्। एक घटनाका आरोपितलाई अदालतले सफाइ दियो। यौन दुर्व्यवहारका चार घटनाका आरोपितलाई अदालतले पुर्पक्षका लागि थुनामा पठायो भने एक घटनाका आरोपितलाई कैद तथा जरिवानाको फैसला सुनायो। दुई घटनाका आरोपितलाई अदालतले धरौटीमा रिहा गऱ्यो भने तीन घटनाका आरोपितलाई बाल सुधार गृहमा पठायो। दुई घटनाका आरोपितलाई अदालतले अभिभावकको जिम्मा लगायो। बेचबिखन तथा ओसारपसार प्रयासका दुई र बाल विवाहका दुई घटनाका आरोपितलाई अदालतले पुर्पक्षका लागि थुनामा पठायो।

बलात्कार, यौन दुर्व्यवहार

६ वर्षीया बालिकालाई ०७८ माघ १३ गते यौन दुर्व्यवहार गरेको आरोपमा इटहरी उपमहानगरपालिका-२० का ३५ वर्षीय रविनकुमार तामाङविरुद्ध पीडित पक्षले माघ १४ गते इलाका प्रहरी कार्यालय, इटहरीमा उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण जिल्ला अस्पतालमा माघ १४ गते भयो। आरोपितलाई प्रहरीले माघ १४ गते घरबाटै गिरफ्तार गऱ्यो। आरोपितविरुद्ध प्रहरीले जिल्ला सरकारी वकिल कार्यालयमार्फत् फागुन ९ गते जिल्ला अदालतमा यौन दुर्व्यवहार शीर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश प्रकाश श्रेष्ठको फागुन १० गते बसेको इजलासले आरोपितलाई ५० हजार रुपियाँ धरौटी माग गऱ्यो। आरोपित सोही दिन धरौटी बुझाएर रिहा भए। जिल्ला अदालतका न्यायाधीश कैलाशप्रसाद सुवेदीको ०७९ जेठ ३१ गते बसेको इजलासले आरोपितलाई कसुरदार ठहर गरी पाँच वर्ष कैद सजायको फैसला सुनायो।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यो वर्ष घरेलु हिंसा पीडित भन्दै १ सय १९ जना महिलाले जिल्ला प्रहरी कार्यालयको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमा कुटपिट गरी घरनिकाला गरिएका पाँच, खानलाउन नदिएका १५, विवाह दर्ता १०, जन्मदर्ता नबनाएका दुई र नागरिकता नबनाएका आठ, अर्की पत्नी ल्याएर हेला गरेको ३६, दाइजो नल्याएको भनी हेला गरेको १० र सामान्य घरायसी झगडाका ३३ उजुरी छन्। यीमध्ये प्रहरीले ५० ओटामा मिलापत्र गरायो भने ६९ ओटा उजुरी कारवाही प्रक्रियामा रहेको जिल्ला प्रहरी कार्यालयका इन्स्पेक्टर दलकुमार राईले बताए।

यो वर्ष सुनसरी जिल्लामा घरेलु हिंसाका घटनामा एक, बलात्कारका घटनामा २१, यौन दुर्व्यवहारका घटनामा एक, बेचबिखन तथा ओसारपसार प्रयासका घटनामा दुई, बहुविवाहका घटनाम १५ र पारिवारिक हत्याका घटनामा दुई जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

अभिलेखित घटनामध्ये बलात्कारका १० घटनाका आरोपितलाई जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा पठायो भने तीन घटनाका आरोपितलाई सफाइको फैसला सुनायो। पाँच घटनाका आरोपितलाई अदालतले धरौटीमा रिहा गऱ्यो भने एक घटनाका आरोपितलाई तोकिएको धरौटी रकम बुझाउन नसकेपछि थुनामा पठायो। पाँच घटनाका आरोपित वर्षको अन्त्यसम्म गिरफ्तार भएनन्। यौन दुर्व्यवहारको एक घटनाका आरोपितलाई अदालतले धरौटीमा रिहा गऱ्यो। बहुविवाहका सात घटनाका आरोपितलाई अदाललते पुर्पक्षमा पठायो भने दुई घटनाका आरोपितलाई कैद तथा जरिबानाको फैसला सुनायो। सात घटना आरोपितलाई अदालतले धरौटीमा रिहा गऱ्यो भने तीन घटनाका आरोपित वर्षको अन्त्यसम्म गिरफ्तार भएनन्। एक घटनाका एक आरोपितलाई अदालतले पुर्पक्षका लागि थुनामा पठायो भने अर्का आरोपितलाई धरौटीमा रिहा गऱ्यो। पारिवारिक हत्याका दुई घटनाका आरोपितलाई अदालतले पुर्पक्षका लागि थुनामा पठायो।

पारिवारिक हत्या

भोक्राहा नरसिंह गाउँपालिका-१ की ३० वर्षीया चन्द्रकला उरावलाई घरायसी विवादका क्रममा २०७८ माघ ७ गते खुकुरी प्रहार गरी हत्या गरेको आरोपमा ३० वर्षीय पति लालुप्रसाद उरावविरुद्ध पीडित पक्षले माघ ७ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। प्रहरीले आरोपितलाई सोही दिन घरबाटै गिरफ्तार गऱ्यो। प्रहरीले आरोपितविरुद्ध जिल्ला अदालतमा माघ १७ गते कर्तव्य ज्यान शीर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश टिकेन्द्र दाहालको माघ १८ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। शवको पोष्टमार्टम जिल्ला अस्पतालमा माघ ८ गते भयो। पीडित पक्षले माघ ९ गते शव बुझी सोही दिन भोक्राहा नरसिंह गाउँपालिका-४ स्थित सुनसरी खोलामा सद्गत गऱ्यो। यो वर्षको अन्त्यसम्म मुद्दाको फैसला नभएको जिल्ला अदालतका स्रेस्तेदार मोहनबहादुर अधिकारीले बताए।

घरेलु हिंसा

भोक्राहा नरसिंह गाउँपालिका-८ की २४ वर्षीया सवनम खातुनले २७ वर्षीय पति सरिक मियाले नागरिकता नबनाइ दिएको र तीन वर्षीया छोरीलाई खान लगाउन नदिएको आरोपमा ०७८ फागुन ३० गते जिल्ला अदालतमा मुद्दा दर्ता गराइन्। सोही दिन घरेलु हिंसा शीर्षकमा मुद्दा दर्ता भएको स्रेस्तेदार मोहनबहादुर अधिकारीले बताए। जिल्ला अदालतका न्यायाधीश हेमबहादुर सेनको चैत १ गतेको इजलासले अन्तरिम आदेश जारी गर्दै खान लगाउन दिन र नागरिकता

बनाइदिन आदेश दियो। पीडितले चैत १९ गते नागरिकता पाइन्। यो वर्षको अन्त्यसम्म मुद्दाको फैसला नभएको जिल्ला अदालतका श्रेस्तेदार मोहनबहादुर अधिकारीले बताए।

स्वास्थ्य सेवाको अवस्था

जिल्लामा पाँच नगर अस्पतालसहित सात ओटा सरकारी अस्पताल, नौ सामुदायिक अस्पताल, ४८ स्वास्थ्य चौकी, तीन प्राथमिक स्वास्थ्य केन्द्र, ५१ आधारभूत स्वास्थ्य केन्द्र, एक स्वास्थ्य प्रवर्धन केन्द्र, नौ सामुदायिक स्वास्थ्य इकाइ, सात शहरी स्वास्थ्य केन्द्र, गाउँघर क्लिनिक १ सय ६५, खोप क्लिनिक २ सय ७२ ओटा, आयुर्वेद औषधालय १२ ओटा, पोलिक्लिनिक १३ रहेका छन्। सदरमुकामस्थित जिल्ला सरकारी अस्पतालमा १० जना विशेषज्ञको दरबन्दीमा दरबन्दी र आंशिक थप सहित गरेर १६ जना कार्यरत छन्।

जिल्लामा ४ लाख ५१ हजार ८ सय ३७ जनाले बीमा गराएर सेवा लिइरहेका छन्। ज्येष्ठ नागरिकका लागि नि:शुल्क बीमा कार्यक्रममा पनि ३५ हजार १ सय ४२ जनाको बीमा गरिएको छ। त्यसैगरी क्षयरोगका बिरामी १ सय ५० जना, कुष्ठरोगी ५४ जना, एचआइभी सङ्क्रमित १ हजार ८७ जना, अपाङ्गता भएका २ हजार ३ सय ८१ जना र महिला स्वास्थ्य स्वयमसेविका सहित उनीहरूको परिवारका ४ हजार १ सय २३ जनाले नि:शुल्क बीमा कार्यक्रममा सेवा लिइरहेको छ।

२०७७ मङ्सिर १५ गते शिलान्यास भएका ६ अस्पतालमध्ये बराहक्षेत्र नगरपालिकामा चतरा आधारभूत अस्पताल निर्माण सम्पन्न भएर सञ्चालनमा रहेको मेयर रमेश कार्कीले बताए।

हरिनगर गाउँपालिकामा पाँच शैयाको आधारभूत अस्पताल निर्माण भएर फागुन महिनादेखि सञ्चालनमा आउने गाउँपालिका अध्यक्ष गफार अन्सारीले बताए।

रामधुनी नगरपालिकाको बकलौरीमा आधारभूत अस्पताल निर्माणका लागि शिलान्यास भएपनि काम नभएको गाउँपालिका अध्यक्ष शङ्करलाल चौधरीले बताए। ०७८ साउन महिनाको ठेक्का लागे पश्चात ठेकेदार सम्पर्कविहीन भएकाले आगामी साउनमा अर्को ठेक्का लाग्ने प्रक्रियामा रहेकाले निर्माण सुरु नभएको गाउँपालिका अध्यक्ष चौधरीले बताए। गढी गाउँपालिकामा आधारभूत अस्पताल निर्माणको कार्य सुरू नभएको गाउँपालिका अध्यक्ष आशनारायण चौधरीले बताए।

औरावनी गाउँपालिका-२ वा औरावनी गाउँपालिका-३ छिटाहा कहाँ निर्माण गर्ने भन्ने विवादका कारण अस्पताल निर्माणको काम सुरु हुन सकेको छैन।

भोक्राहा नरसिंह गाउँपालिकामा बजेट अभावका कारण र सङ्घीय सरकारले बजेट निकासा नगर्दा आधारभूत अस्पताल निर्माण हुन नसकेको गाउँपालिका अध्यक्ष अजमुल अख्तर आजादले बताए।

दुहवी नगरपालिकामा पाँच शैयाको नगर अस्पताल सञ्चालन सञ्चालन गरिएको मेयर वेदनारायण गच्छदारले बताए।

प्रतिनिधि सभा तथा प्रदेश सभा निर्वाचन २०७९

यस वर्ष सम्पन्न भएको प्रतिनिधि सभा निर्वाचनमा सुनसरी जिल्लामा ५ लाख ४४ हजार ९ सय ४१ मतदाता मध्ये ३ लाख ४६ हजार ४ सय ७१ (६३.५७ प्रतिशत) ले मतदान गरे। यसैगरी प्रदेश सभा तर्फ ३ लाख ४५ हजार ६ सय (६३.४१ प्रतिशत) ले मतदान गरे।

सन् २०२२ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

बाल अधिकार				
घटनाको प्रकार	अनुसन्धान	मुद्दा टुङ्गिएका	कानुनी दायरामा ल्याइएका	जम्मा
बालविवाह			२	२
बेचबिखन तथा ओसारपसार			२	२
बलात्कार	७	१	२६	३४
यौन दुर्व्यवहार		२	१०	१२
जम्मा	७	३	४०	५०

महिला अधिकार				
घटनाको प्रकार	अनुसन्धान	मुद्दा टुङ्गिएका	कानुनी दायरामा ल्याइएका	जम्मा
घरेलु हिंसा			१	१
बेचबिखन तथा ओसारपसार प्रयास			२	२
बहुविवाह	२	१	१२	१५
बलात्कार	५		१६	२१
यौन दुर्व्यवहार			१	१
जम्मा	७	१	३२	४०

मारिएकाको घटना सङ्ख्या		
घटनाको प्रकार	कानुनी दायरामा ल्याइएका	जम्मा
हत्या	६	६

१.१४ उदयपुर



जम्मा जनसङ्ख्या	३,४२,७७३
महिला	१,७७,७३५
प्रतिनिधिसभा निर्वाचन क्षेत्र	२
प्रदेशसभा निर्वाचन क्षेत्र	४
गरिबीको रेखामुनि रहेको सङ्ख्या	८१,६१८
कामका लागि बाहिरिएका	२२,०६०
अपाङ्गता भएका	७,७८१
५ वर्षमाथिको साक्षरता प्रतिशत	६५
आश्रित जनसङ्ख्या	१,४६,६८४

यस वर्ष उदयपुर जिल्लामा मानव अधिकार उल्लङ्घनका घटनामा राज्यपक्षबाट १२ जना पुरुष तथा ज्यादतीका घटनामा अन्यपक्षबाट ३२ जना महिला र ६ जना पुरुष पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा १६ जना बालिका र महिला अधिकार उल्लङ्घनका घटनामा १० जना महिला पीडित भए।

नागरिक तथा राजनीतिक अधिकार सम्मानित रूपले बाँच्न पाउने अधिकार
राज्यपक्षबाट
हत्या

कटारी नगरपालिका-१० का १९ वर्षीय नवीन भनिने वीरबहादुर कटुवालको स्थानीय तह निर्वाचनका क्रममा कटारी नगरपालिका-१० स्थित सोरुङछबिसेको कालिका माध्यमिक विद्यालयको मतदान केन्द्रमा ०७९ वैशाख ३० गते प्रहरीले प्रहार गरेको गोली लागेर घटनास्थलमै मृत्यु भयो। मतदान सम्पन्न भएपश्चात मतपेटिका शिलबन्दी गर्ने क्रममा निषेधित क्षेत्रतर्फ स्थानीयको भिड बढेपछि प्रहरीले सुरक्षाका लागि गोली चलाउँदा कटुवालको मृत्यु भएको प्रमुख जिल्ला अधिकारी वीरेन्द्रकुमार यादवले बताए। मतपेटिका भन्दा २५ मिटर परको दूरीमा रहेको अवस्थामा प्रहरीले अत्यधिक बल प्रयोग गर्ने क्रममा गोली चलाउँदा कटुवालको मृत्यु भएको स्थानीय शिक्षक सन्देश खनालले आरोप लगाए। घटनामा प्रहरीको गोली लागेर कटारी नगरपालिका-१० सोरुङछबिसेका १३ वर्षीय मन श्रेष्ठ घाइते भए। श्रेष्ठको गोडामा गोली लागेको थियो। श्रेष्ठलाई वैशाख ३० गते उपचारका लागि काठमाडौँस्थित ट्रमा सेण्टर लगिएकोमा एकसाताको उपचारपछि घर फर्किए। घटनाको विरोध गर्दै स्थानीयले वैशाख ३० र ३१ गते कटुवालको शव



स्थानीय तहको निर्वाचनको क्रममा मतदान केन्द्रमा प्रहरीले प्रहार गरेको गोली लागेर मृत्यु भएका वीरबहादुर कटुवाल

घटनाको प्रकार		राज्यपक्षबाट		अन्यपक्षबाट		
		पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
गिरफ्तारी		६	६			
कुटपिट					२	२
घाइते		१	१	१		१
हत्या		१	१	५	४	९
अभिव्यक्ति, भेला तथा सङ्गठित हुने अधिकार		४	४			
बाल अधिकार	बलात्कार			१३		१३
	यौन दुर्व्यवहार			३		३
	जम्मा			१६		१६
महिला अधिकार	घरेलु हिंसा			४		४
	बहुविवाह			५		५
	बलात्कार			१		१
	जम्मा			१०		१०
जम्मा		१३	१३	३३	६	३८

उठाउन मानेनन्। प्रमुख जिल्ला अधिकारी यादवको नेतृत्वमा गएको सुरक्षा समितिको टोलीले मतदानस्थलमा जेठ १ गते पीडित पक्षसँग सात बुँदे सहमति गऱ्यो। सहमतिमा मृतकका परिवारलाई क्षतिपूर्ति दिन नेपाल सरकारसमक्ष सिफारिस गर्ने, मृतकका परिवारलाई नगरपालिकामा रोजगारी दिने, स्मारक बनाउने, नेपाल सरकारले घाइतेको उपचार गर्नु पर्नेलगायतका थिए। शवको पोष्टमार्टम जिल्ला अस्पतालमा जेठ १ गते गरिएपछि परिवारले बुझे। पीडित पक्षले जेठ २ गते कटारी नगरपालिका-१० सोरुङछबिसेमै हिन्दु संस्कार अनुसार सद्गत गरे।

सहमति अनुसार गृह मन्त्रालयले जेठ १६ गते सहसचिव चक्रपाणि पाण्डेको संयोजकत्वमा तीन सदस्यीय छानविन समिति गठन गऱ्यो। सो समितिले घटनाको स्थलगत अनुगमन गरी तयार पारेको प्रतिवेदन जेठ २६ गते गृह मन्त्रालयमा बुझाएको छानविन समितिका संयोजक सहसचिव चक्रपाणि पाण्डेले बताए। छानविन समितिको प्रतिवेदन सरकारले सार्वजनिक गर्ने र प्रतिवेदनको निष्कर्ष आफूले पहिल्यै बताउन नमिल्ने पाण्डले बताए। पीडित पक्षसँग गरिएको सहमति कार्यान्वयन नगरिएको भन्दै स्थानीयबासीले कात्तिक १४ गते प्रतिनिधि सभा तथा प्रदेश सभाको निर्वाचन बहिष्कार गर्ने घोषणा गरे। कात्तिक २२ गते सर्वदलीय/सर्वपक्षीय बैठकले गृहमन्त्रालयबाट गठित छानविन समितिको प्रतिवेदन सार्वजनिक गर्न मन्त्रालयलाई आग्रह गर्ने, मृतकलाई सहिद घोषणाका लागि पुनः पहल गर्ने निर्णय गऱ्यो। वैशाख ३१ गतेको सहमतिअनुसारको राहत रकम १० लाख रुपियाँ मन्त्रालयबाट जिल्ला प्रशासन कार्यालय गाईघाटमा आइसकेकोले मृतकका बाबु जितबहादुर कटुवाललाई उपलब्ध गराउने सहमतिपछि निर्वाचन बहिष्कार गर्ने निर्णय फिर्ता भयो। यो वर्षको अन्त्यसम्म प्रतिवेदन सार्वजनिक गरिएको छैन। सहमतिअनुसारका कुनै पनि बुँदाको पालना गरिएको छैन। यो वर्षको अन्त्यसम्म पीडित परिवारले राहत रकम पाउन सकेनन्।

अन्यपक्षबाट

बेलका नगरपालिका-७ गोवाटारका ३७ वर्षीय राजकुमार बस्नेत, उनकी पत्नी ३० वर्षीया सरिता बस्नेत र १२ वर्षीय छोरा सुजन बस्नेतको ०७९ भदौ १७ गते सोही ठाउँका ४३ वर्षीय नरबहादुर बस्नेतले धारिलो हतियार प्रहार गरी हत्या गरे। पत्नी प्रमिला बस्नेतलाई 'बोक्सी' आरोप लगाएको भन्दै नरबहादुरले पीडितहरूको हत्या गरेको जिल्ला प्रहरी कार्यालय, उदयपुरका एसपी ज्ञानेन्द्र फुयाँलले बताए। आरोपितलाई प्रहरीले सोही दिन बेलका नगरपालिका-६ वरबोटबाट गिरफ्तार गऱ्यो। मृतक तीनै जनाको शवको मुचुल्का तयारी गरी पोष्टमार्टमका लागि सोही दिन धरानस्थित वीपी कोईराला स्वास्थ्य विज्ञान प्रतिष्ठान (घोपा) पठाइएको र भदौ १८ गते मृतकको आफन्तलाई शव जिम्मा लगाइएको थियो । आरोपितरुद्ध प्रहरीले जिल्ला

अदालतमा ०७९ असोज ६ गते कर्तव्य ज्यान शीर्षकमा मुद्दा दर्ता गऱ्यो। हत्यामा संलग्न नरबहादुर बस्नेतलाई जिल्ला अदालतका न्यायधीश कृष्णप्रसाद सुवेदीको २०७९ असोज ७ गतेको इजलासले पुर्पक्षका लागि थुनामा पठाउने आदेश दियो। यो वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएन।

कारागार र बन्दी

कारागारको क्षमता १ सय जनाको रहेकोमा नौ महिला र २ सय १२ पुरुष गरी २ सय २१ जना कैदीबन्दी रहेका छन्। कारागारमा आश्रित बालक एक जना छन्। मुद्दाको छिनोफानो समयमै नहुँदा तीन जना कारागारमा बस्न बाध्य रहेका कारागार प्रमुख कार्कीले बताए। कारागारमा कैदी/बन्दीका लागि पुस्तकालय र मुढा बनाउने व्यवस्था रहेको कारागार प्रमुख कार्कीले बताए। कैदीबन्दीले बनाएका मुढा स्थानीय बजारमा विक्री वितरणको व्यवस्था मिलाइएको कारागार प्रशासनले जनायो।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत

तीन जना न्यायाधीश दरबन्दी रहेको जिल्ला अदालतमा रिक्त दरबन्दी छैन। यो वर्ष फौजदारी मुद्दातर्फ ७ सय ७० थानमध्ये ५ सय ४७ थान मुद्दा फैसला भए। देवानी मुद्दातर्फ १ हजार २ सय ४३ थानमध्ये ८ सय ६ थान मुद्दा फैसला भए। यस अदालतमा दुई वर्ष नाघेका फौजदारी मुद्दा नभएको अदालतका श्रेस्तेदार धनकुमार कार्कीले बताए।

बाल अधिकार

शिक्षाको अवस्था

जिल्लामा ३ सय ३३ आधारभूत र १ सय १५ माध्यमिक विद्यालय छन्। २ हजार १ सय ६९ शिक्षक दरबन्दी रहेकामा सबै कार्यरत छन्। जिल्लामा यस वर्ष कति बालक र कति बालिका विद्यालय भर्ना भए सोको विवरण नभएको शिक्षा विकास तथा समन्वय इकाइ प्रमुख बाबुराम पोखरेलले बताए। जिल्लामा नौ ओटा स्रोत कक्षाहरू अपाङ्गता भएका बालबालिकाका लागि लक्षित गरेर सञ्चालन गरिएको छ। यस वर्ष वैदेशिक रोजगारीमा गएर मृत्यु भएका परिवारका ६२ जना बालबालिकाले छात्रवृत्ति पाए। द्वन्द्वपीडित परिवारका १० बालबालिकाले १ लाख ४४ हजार रुपियाँ छात्रवृत्ति पाए।

यस वर्ष उदयपुर जिल्लामा यौन दुर्व्यवहारका घटनामा तीन र बलात्कारका घटनामा १३ जना बालिका पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

अभिलेखित घटनामध्ये बलात्कारका ११ ओटा घटनाका आरोपितहरूलाई जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा पठायो। एक घटनाका एक आरोपितलाई अदालतले पुर्पक्षमा पठायो भने अर्का आरोपित वर्षको अन्त्यसम्म गिरफ्तार भएनन्। यौन दुर्व्यवहारका दुई घटनाका आरोपितलाई अदालतले पुर्पक्षका लागि थुनामा पठायो भने एक घटनाका आरोपितलाई कैद तथा जरिबानाको फैसला सुनायो।

बलात्कार, यौन दुर्व्यवहार

१३ वर्षीया बालिकालाई २०७८ माघ १ गते यौन दुर्व्यवहार गरेको आरोपमा बेलका नगरपालिका-८ मैनामैनीका ४७ वर्षीय प्रेमकुमार राईविरुद्ध पीडित पक्षले माघ २ गते इलाका प्रहरी कार्यालय बेलकामा उजुरी दियो। प्रहरीले आरोपितलाई माघ ३ गते घरबाटै गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण माघ २ गते जिल्ला अस्पतालमा भयो। आरोपितविरुद्ध प्रहरीले जिल्ला सरकारी वकिल कार्यालय मार्फत् जिल्ला अदालतमा माघ २१ गते यौन दुर्व्यवहार शीर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधिश दिपक खनालको फागुन २० गतेको इजलासले आरोपितलाई ५० हजार रुपियाँ धरौटी माग गऱ्यो। आरोपितले फागुन २० गते माग गरिएको धरौटी बुझाएर तारिखमा रिहा भएको अदालतका स्रेस्तेदार धनबहादुर कार्कीले बताए। जिल्ला अदालतका न्यायाधीश दिपक खनालको ०७९ असार ६ गतेको इजलासले आरोपितलाई कसुरदार ठहर गर्दै २५ दिन कैद, २५ हजार रुपियाँ जरिवाना, २५ हजार रुपियाँ पीडितलाई क्षतिपूर्ति र राहत कोषमा १ हजार रुपियाँ क्षतिपूर्ति भराउने फैसला सुनायो।

महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव, दुर्व्यवहार

यो वर्ष घरेलु हिंसा पीडित भन्दै १ सय ९६ जना महिलाले जिल्ला प्रहरी कार्यालयको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमा कुटपिट गरी घर निकाला गरिएका २३, खानलाउन नदिएका १८, विवाह दर्ता, जन्मदर्ता र नागरिकता नबनाएका २८, अर्की पत्नी ल्याएर हेला गरेको चार र मादक पदार्थ सेवन गरी घरायसी झगडाका १ सय २३ उजुरी छन्। यी मध्ये प्रहरीले १

सय ८८ ओटामा मेलमिलाप गरायो। आठ ओटा उजुरी कारबाही प्रक्रियामा रहेको महिला तथा बालबालिका सेलका प्रमुख उमा गुरुङले बताइन्।

यो वर्ष उदयपुर जिल्लामा घरेलु हिंसाका घटनामा चार, बलात्कारका घटनामा एक, बहुविवाहका घटनामा पाँच र पारिवारिक हत्याका घटनामा तीन जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

अभिलेखित घटनामध्ये बलात्कारका एक घटनाका आरोपितलाई जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा पठायो। पारिवारिक हत्याका दुई घटनाका आरोपितलाई अदालतले पुर्पक्षका लागि थुनामा र एक घटनाको आरोपितलाई कैद तथा जरिबानाको फैसला सुनायो। बहुविवाहका दुई घटनाका आरोपितलाई अदालतले धरौटीमा रिहा गऱ्यो भने दुई घटनाका आरोपितलाई कैद तथा जरिवानाको फैसला सुनायो। एक घटनाका आरोपितलाई अदालतले धरौटीमा रिहा गरे पनि तोकिएको रकम बुझाउन नसकेपछि थुनामा पठायो।

पारिवारिक हत्या

कटारी नगरपालिका-७ रिस्कुकी ७० वर्षीया मनमाया दनुवारलाई अंशसम्बन्धी विवादका क्रममा ०७९ जेठ १२ गते खुकुरी प्रहार गरी हत्या गरेको आरोपमा पीडित पक्षले २६ वर्षीय नाति रोहित दनुवारविरुद्ध जेठ १२ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। हजुरआमाको हत्या लगत्तै भागेका आरोपितलाई प्रहरीले जेठ १२ कटारी नगरपालिका-७ रिस्कुमा लुकेर बसेको अवस्थामा गिरफ्तार गरेको इन्स्पेक्टर मोहन थापाले बताए। आरोपितविरुद्ध प्रहरीले जिल्ला अदालतमा जेठ ३१ गते कर्तव्य ज्यान शीर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश दीपक खनालको असार १३ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। शवको पोष्टमार्टम जिल्ला अस्पतालमा जेठ १२ गते गरी पीडित पक्षले शव बुझी कटारी नगरपालिका-७ रिस्कुस्थित घाटमा सद्गत गऱ्यो। यो वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएन

कटारी नगरपालिका-५ खाडीखोपकी ३७ वर्षीया नानु खनालको ०७८ चैत २८ गते घरायसी विवादका क्रममा दाउराले हिर्काएर हत्या गरेको आरोपमा ४२ वर्षीय पति पोष्टराज दाहालविरुद्ध पीडित पक्षले चैत २८ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपितलाई प्रहरीले चैत २८ गते घरबाट गिरफ्तार गऱ्यो। आरोपितविरुद्ध प्रहरीले जिल्ला अदालतमा ०७९ वैशाख २२ गते कर्तव्य ज्यान शीर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश दीपक खनालको वैशाख २३ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। शवको पोष्टमार्टम जिल्ला अस्पतालमा चैत २८ गते गरी पीडित पक्षले शव बुझी कटारी नगरपालिका-५ मा सद्गत गऱ्यो। जिल्ला अदालतका न्यायाधीश हरिकृष्ण श्रेष्ठको मंसिर १४ गते बसेको इजलासले आरोपितलाई कसुरदार ठहर गर्दै आजीवन कारावासको फैसला सुनायो।

स्वास्थ्य सेवाको अवस्था

जिल्लामा दुई सरकारी अस्पताल, ४३ स्वास्थ्य चौकी, १४ प्राथमिक स्वास्थ्य केन्द्र, एक नगर स्वास्थ्य केन्द्र छन्। सदरमुकामस्थित सरकारी अस्पतालमा नौ जना विशेषज्ञको दरबन्दीमा आठ जनाको दरबन्दी रिक्त छ। ५९ जना स्वास्थ्यकर्मीको दरबन्दीमा ४१ खाली र १८ कार्यरत छन्। जिल्लामा ४७ हजार जनाले बीमा गराएर सेवा लिइरहेका छन्।

नेपाल सरकारले २०७७ मङ्सिर १५ गते शिलान्यास गरेका चार अस्पतालमध्ये बेलका नगरपालिका-६ जङ्गल क्षेत्रमा १० शैयाको अस्पताल भवन निमार्ण कार्य यो वर्षको अन्त्यसम्म पनि सुरू भएको छैन। सामुदायिक वनले तत्काल भवन निर्माण नगर्न माग गर्दै जिल्ला अदालतमा मुद्दा दायर गरेको रिटका कारण अदालतबाट तत्काल भवन निर्माण नगर्न अन्तरिम आदेश आएकाले निर्माण कार्य सुरू हुन नसकेको मेयर अशोक कार्कीले बताए।

चौदण्डीगढी नगरपालिका-७ मा निर्माणाधीन १५ शैयाको अस्पतालको निर्माण कार्य यो वर्षको अन्त्यसम्म २० प्रतिशत मात्रै सम्पन्न भएको प्रमुख प्रशासकीय अधिकृत चित्रप्रसाद गुरागाईंले बताए। लिम्चुङबुङ गाउँपालिका-३ बाराहामा निर्माणाधीन पाँच शैयाको अस्पताल भवन निर्माण कार्य यो वर्षको अन्त्यसम्म अन्तिम चरणमा पुगेको छ।

ताप्ली गाउँपालिका-५ कटहरेमा पाँच शैयाको अस्पताल भवन निर्माणको कामले यो वर्षको अन्त्यसम्म गति लिन सकेको छैन। स्थानीयहरूले चन्दा स लन गरी चक्रबहादुर हमालको १० रोपनी जग्गा खरीद गरी ताप्ली गाउँपालिकालाई हस्तानान्तरण गरेका थिए। भवनको पर्खाल लगाउने काम भइरहेको गाउँपालिका

अध्यक्ष ढुङ्गराज विश्वकर्माले बताए।

उदयपुरगढी र रौतामाई गाउँपालिकामा १५ शैयाको अस्पताल निर्माण कार्य भर्खरे सुरुआत भएको छ।

प्रतिनिधि तथा प्रदेश सभा निर्वाचन २०७९

यस वर्ष सम्पन्न भएको प्रतिनिधि सभा निर्वाचनमा उदयपुर जिल्लामा २ लाख २८ हजार ९ सय ४६ मतदाता मध्ये १ लाख २१ हजार ३ सय १७ (५२.९८ प्रतिशत) ले मतदान गरे। यसैगरी प्रदेश सभा तर्फ १ लाख २० हजार ९ सय ९९ (५२.८५ प्रतिशत) ले मतदान गरे।

निर्वाचनका क्रममा सोरङ्छबिसेको कालिका माध्यमिक विद्यालयको मतदान केन्द्रमा मतपत्र शिलबन्दी गर्ने क्रममा विवाद हुँदा प्रहरीले प्रहार गरेको गोली लागेर एक जनाको मृत्यु भयो। *यस घटनाको पूर्ण विवरण यही जिल्लाको (नागरिक तथा राजनीतिक अधिकार अन्तर्गत १४१ पृष्ठमा) समावेश गरिएको छ।*

यस जिल्लामा निर्वाचनका क्रममा भएका हिंसासम्बन्धी घटनामा पाँच जना पीडित भए।

सन् २०२२ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

बाल अधिकार				
घटनाको प्रकार	अनुसन्धान	मुद्दा टुङ्गिएका	कानुनी दायरामा ल्याइएका	जम्मा
बलात्कार	१		१२	१३
यौन दुर्व्यवहार		१	२	३
जम्मा	१	१	१४	१६

महिला अधिकार				
घटनाको प्रकार	मेलमिलाप	मुद्दा टुङ्गिएका	कानुनी दायरामा ल्याइएका	जम्मा
घरेलु हिंसा	१		३	४
बहुविवाह		२	३	५
बलात्कार			१	१
जम्मा	१	२	७	१०

मारिएकाको घटना सङ्ख्या				
घटनाको प्रकार	अनुसन्धान	मुद्दा टुङ्गिएका	कानुनी दायरामा ल्याइएका	जम्मा
हत्या	१	२	५	८



मधेस प्रदेश

- क्षेत्रफल : ९,६६१ वर्ग कि.मि.
- जनसङ्ख्या : ६१,२६,२८८
- साक्षरता प्रतिशत : ४९.७२
- जिल्ला : ८
- निर्वाचन क्षेत्र (प्रतिनिधिसभा) : ३२
- निर्वाचन क्षेत्र (प्रदेशसभा) : ६४
- महानगरपालिका : १
- उपमहानगरपालिका : ३
- नगरपालिका : ७३
- गाउँपालिका : ५५
- कूल वडा सङ्ख्या : १,२७१



मधेस प्रदेश परिचय २

मानवीय क्षमता विकास पूर्वाधार निर्माण, उद्यमशीलता रोजगारी अभिवृद्धि, गरिबी न्यूनीकरण, दिगो विकास तथा पर्यावरण संरक्षण र सुशासनको प्रत्याभूतिलाई नीतिगत प्राथमिकतामा राखेको यस प्रदेशले आफ्नो पहिलो कार्यकालमा ५५ ओटा कानुन निर्माण गऱ्यो। प्रदेश सरकारले सामाजिक रूपान्तरण तथा लैङ्गिक सशक्तिकरणका लागि 'मुख्यमन्त्री बेटी पढाऔँ बेटी बचाऔँ' अभियान, दाइजो प्रथा उन्मूलन नीति र बालविवाह विरुद्धको नीति अवलम्बन गरेको छ।

मधेश प्रदेशभित्र हालसम्म राजर्षि जनक विश्वविद्यालय, प्राविधिक क्षेत्रमा दुई विश्वविद्यालय, एक प्रतिष्ठान (बीरगंज प्राविधिक विश्वविद्यालय, कृषि विश्वविद्यालय सप्तरी र स्वास्थ्य विज्ञान प्रतिष्ठान, (जनकपुर), आङ्गिक नौ, सामुदायिक ४०, निजी ७९ गरी १ सय २८ ओटा क्याम्पस र ३ हजार ५७ ओटा विद्यालय रहेका छन् । यसवर्ष मधेस प्रदेशमा जनता आवास कार्यक्रममार्फत १ हजार ५ सय ६७ आवास निर्माण गरी हस्तान्तरण गरिएको छ । प्रति स्थानीय सरकार एक अस्पताल कार्यक्रम अन्तर्गत यस प्रदेश भित्र ८३ ओटा अस्पताल भवनको शिलान्यास गरिएकोमा सात ओटा अस्पताल सञ्चालनमा आएको छ।


यो वर्ष मधेश प्रदेशका १ सय ३६ स्थानीय तहमध्ये १६ स्थानीय तहमा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटना अभिलेख भएनन्। बीरगंज महानगरपालिकामा सबैभन्दा बढी ४३ जना पीडित भएको घटना इन्सेकले अभिलेख गऱ्यो। १ सय ५ स्थानीय तहमा एकदेखि १० जना पीडितको अभिलेख भयो । ११ स्थानीय तहमा ११ देखि २० जना पीडितको अभिलेख भयो । दुई स्थानीय तहमा २१ देखि २९ जना पीडितको अभिलेख भयो। ३० जनाभन्दा बढी पीडित भएका दुई स्थानीय तह रहे। मधेश प्रदेशमा राज्यपक्षबाट भएका मानव अधिकार उल्लङ्घनका घटनामा ४१ जना र अन्यपक्षबाट भएका मानव अधिकार ज्यादतीका घटनामा ६ सय २७ जना पीडित भए । महिला अधिकार उल्लङ्घनका घटनामा २ सय १० जना महिला र बाल अधिकार उल्लङ्घनका घटनामा २ सय जना पीडित भए ।

निर्वाचन २०७९


स्थानीय तह निर्वाचनमा ३३ लाख ३१ हजार १ सय ७० मतदातामध्ये १५ लाख ३३ हजार १ सय ५८ जना महिला मतदाता थिए। मधेस प्रदेशका १ सय ३६ स्थानीय तहमध्ये चार नगरपालिकाका प्रमुख, ६८ नगर पालिकाका उपप्रमुख, ५९ गाउँपालिकाका उपाध्यक्ष र १२ ओटा वडाका वडाध्यक्ष पदमा महिला निर्वाचित भए।

यो वर्ष मधेस प्रदेशमा ३३ लाख ८६ हजार ६ सय २८ मतदातामध्ये ७० जना यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक र १५ लाख ५८ हजार ७ सय ४ जना महिला मतदाता थिए। प्रदेश सभातर्फ ६५.७२ र प्रतिनिधि सभातर्फ ६५.७६ प्रतिशतले मतदान गरे। जसमध्ये प्रत्यक्ष निर्वाचनबाट चार जना महिला प्रदेश सभामा र दुई जना महिला प्रतिनिधि सभामा निर्वाचित भए।

सन् २०२२ मा सम्पन्न निर्वाचनसँग सम्बन्धित मानव अधिकार उल्लङ्घन र ज्यादतीका २१ घटनामा यस प्रदेशभित्र ३५ जना पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। राज्यपक्षबाट भएका एक प्रकारका घटनामा ६ जना र अन्यपक्षबाट भएका चार प्रकारका घटनामा २७ जना पीडित भए।



२.१ सप्तरी



जम्मा जनसङ्ख्या	७,१३,२०३
महिला	३,५७,६७३
प्रतिनिधिसभा निर्वाचन क्षेत्र	४
प्रदेशसभा निर्वाचन क्षेत्र	८
गरिबीको रेखामुनि रहेको सङ्ख्या	२,५१,५७५
कामका लागि बाहिरिएका	२६,४३३
अपाङ्गता भएका	८,०४४
५ वर्षमाथिको साक्षरता प्रतिशत	६५
आश्रित जनसङ्ख्या	२,५६,६५७

यस वर्ष सप्तरी जिल्लामा मानव अधिकार उल्लङ्घनका घटनामा राज्यपक्षबाट दुई जना पुरुष तथा ज्यादतीका घटनामा अन्यपक्षबाट ६९ जना महिला र १७ जना पुरुष पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा २८ जना बालबालिका तथा महिला अधिकार उल्लङ्घनका घटनामा ३२ जना महिला पीडित भए।

नागरिक तथा राजनीतिक अधिकार सम्मानित रूपले बाँच्न पाउने अधिकार

हत्या

राज्यपक्षबाट

सशस्त्र प्रहरी बल गण नम्बर ६ हेडक्वार्टर राजविराजमा दरबन्दी भई छिन्नमस्ता गाउँपालिका-३ गोविन्दपुरस्थित सशस्त्र प्रहरीको बोर्डर आउटपोस्ट (बीओपी) मा कार्यरत असई सिरहा जिल्ला भगवानपुर गाउँपालिका-२ नरहाका ४५ वर्षीय सत्यनारायण यादवलाई २०७९ असोज १९ गते सोही पोष्टमा कार्यरत सशस्त्र प्रहरी जवान ओखलढुङ्गा जिल्ला खिजिदेम्वा गाउँपालिका-२ का ३९ वर्षीय होमबहादुर खत्रीले हत्या गरेको भन्दै मृतकको पत्नी फुलसैरदेवी यादवले जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। छिन्नमस्ता गाउँपालिका मोहनपुरस्थित बोर्डर आउट पोष्टभित्रै हत्या गरी घटना लुकाउन आरोपित खत्रीले अन्य व्यक्तिको सहयोगमा भारत पुऱ्याएर शव फालेको मृतक परिवारका सदस्यको आरोप छ। नेपाल-भारत सीमा भन्दा तीन किलोमिटर दक्षिण भारत बिहार राज्यको मधुवनी जिल्ला अन्तर्गत जिरोगा पुनर्वासस्थित घोडदह खोलामा ०७९ असोज २० गते बिहान यादवको शव नाङ्गो अवस्थामा फेला परेको थियो। पोष्टभित्र रगतको टाटाहरू फेला परेको थियो। चिकित्सकहरूले मृतकको शरीरमा चोटपटक लागेको जानकारी दिए। शवको पोष्टमार्टम वीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, धरानमा असोज २२ गते भयो। प्रहरीले आरोपित खत्रीलाई असोज २६ गते गिरफ्तार गऱ्यो। जिल्ला अदालतमा ०७९ कात्तिक २० गते अभियोगपत्र दायर भयो। जिल्ला न्यायाधीश श्यामबिहारी मौर्यको इजलासले कात्तिक २२ गतेदेखि आरोपित पुर्पक्षका लागि राजविराज कारागारमा थुनामा छन्। यो वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएको छैन।

घटनाको प्रकार		राज्यपक्षबाट		अन्यपक्षबाट		
		पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
अपहरण				४		४
कुटपिट				३	९	११
हत्या		१	१	४	५	९
धम्की		१	१		३	३
बाल अधिकार	बालविवाह			३		३
	बेचबिखन तथा ओसारपसार			१		१
	नवजात शिशुको हत्या				१	१
	बलात्कार			१८		१८
	यौन दुर्व्यवहार			६		६
	जम्मा			२७	१	२८
महिला अधिकार	घरेलु हिंसा			७		७
	'बोक्सी'को आरोप			३		३
	बहुविवाह			११		११
	बलात्कार			८		८
	बलात्कार प्रयास			३		३
	बेचबिखन तथा ओसारपसार			१		१
	जम्मा			३३		३३
कूल जम्मा		३	३	६९	१७	८६

कारागार र बन्दी

कारागारको क्षमता १५ महिला र १ सय ४० पुरुष गरी १ सय ५५ जनाको रहेको छ। कारागारमा २ सय ६० पुरुष र १० महिला गरी ३ सय ७० जना कैदीबन्दी छन्। ज्येष्ठ नागरिक नौ जना पुरुष रहेको जिल्ला कारागार प्रमुख किशोरकुमार रामले बताए।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत

१० जना न्यायाधीश दरबन्दी रहेको सप्तरी जिल्ला अदालतमा एक जना न्यायाधीशको दरबन्दी रिक्त छ। यो वर्ष फौजदारी मुद्दातर्फ ४ सय ३२ थानमध्ये ७६ थान मुद्दा फैसला भए। देवानी मुद्दातर्फ ३ हजार ९ थानमध्ये ७ सय ४ थान मुद्दा फैसला भए। यस अदालतमा फौजदारी मुद्दा ८ सय ६७ थान छन् भने देवानी मुद्दा २ हजार ३ सय ५ थान बाँकी रहे।

उच्च अदालत, जनकपुरको राजविराज इजलास

११ जना न्यायाधीशको दरबन्दी रहेको उच्च अदालत जनकपुर राजविराज इजलासमा एक जना न्यायाधीशको दरबन्दी रिक्त रहेको छ। यस वर्षका लागि दुनियावादी देवानीका १ हजार ४३ थान, दुनियावादी फौजदारीका २ सय ३७ थान, सरकारवादी फौजदारीका ६ सय २९ थान र सुरु क्षेत्राधिकारबाट १ सय थान मुद्दा जिम्मेवारी सरेका थिए। २०७८ पुस १७ देखि ०७९ पुस १६ गतेसम्म दर्ता भएका फौजदारी मुद्दाको सरकारवादीतर्फ ७ सय ३ थान उजुरी परे। अघिल्लो वर्षको जिम्मेवारी सरेका समेत ८ सय ७८ थान मुद्दा फैसला भए।

बाल अधिकार

शिक्षाको अवस्था

जिल्लामा ४ सय २४ सामुदायिक विद्यालयमध्ये ३ सय ३८ आधारभूत र ८६ माध्यमिक विद्यालय छन्। १ हजार ८ सय ७ शिक्षक दरबन्दी रहेको छ। यस वर्ष ६५ हजार ४ सय ६१ बालक र ७० हजार ३ सय ८४ जना बालिका विद्यालय भर्ना भए। जसमा अपाङ्गता भएका ३६ बालिका र ४६ बालक छन्। जिल्लामा अपाङ्गतामैत्री विद्यालय पाँच ओटा छन्। द्वन्द्वपीडित परिवारका दुई जना बालबालिकाले छात्रवृत्ति पाएका छन्। यस वर्ष जिल्लाभर २२ हजार ९ सय ६७ दलित बालक र २३ हजार ७ सय ६५ दलित बालिका विद्यालय भर्ना भए। दलित विद्यार्थीमध्ये २३ हजार ७ सय ६५ छात्रा र २२ हजार ९ सय ६७ छात्र रहेका छन्। द्वन्द्वपीडित परिवारका दुई बालबालिकाले छात्रवृत्ति पाए।

यस वर्ष सप्तरी जिल्लामा यौन दुर्व्यवहारका घटनामा ६, बलात्कारका घटनामा १८, बालविवाहका घटनामा दुई र बेचबिखन तथा ओसारपसार प्रयासका घटनामा एक जना बालिका पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

अभिलेखित घटनामध्ये बलात्कारका नौ घटनाका आरोपितहरूलाई जिल्ला अदालतले पुर्पक्षका

लागि थुनामा पठायो भने तीन घटनाका आरोपितलाई बाल सुधार गृहमा पठायो। एक घटनाका आरोपितलाई अदालतले कैद तथा जरिवानाको फैसला सुनायो। दुई घटनाका आरोपितलाई अदालतले अभिभावकको जिम्मा लगायो भने दुई घटनाका आरोपित वर्षको अन्त्यसम्म गिरफ्तार भएनन्। एक घटनाका एक आरोपितलाई अदालतले पुर्पक्षका लागि थुनामा, तीन आरोपितलाई बाल सुधार गृह पठायो भने दुई आरोपित वर्षको अन्त्यसम्म गिरफ्तार भएनन्। यौन दुर्व्यवहारका एक घटनाका आरोपितलाई अदालतले कैद तथा जरिबानाको फैसला सुनायो भने एक घटनाका आरोपितलाई सफाइ दियो। दुई घटनाका आरोपितलाई अदालतले धरौटीमा रिहा गर्‍यो भने एक घटनाका आरोपित वर्षको अन्त्यसम्म गिरफ्तार भएनन्। बालविवाहका दुई घटनाका दुई आरोपितलाई अदालतले पुर्पक्षका लागि थुनामा पठायो भने दुई आरोपितलाई अभिभावकको जिम्मा लगायो। बेचबिखन तथा ओसारपसार प्रयासका एक घटनाका आरोपितलाई अदालतले पुर्पक्षका लागि थुनामा पठायो।

बलात्कार, यौन दुर्व्यवहार

१६ वर्षीया दुई बालिकालाई २०७८ माघ २ गते १६ वर्षीय एक बालकले यौन दुर्व्यवहार गरेको भन्दै पीडितकी आमाले इलाका प्रहरी कार्यालय कल्याणपुरमा माघ ३ गते उजुरी दिइन्। ढोका माथिको भेण्टिलेटर तोडेर घरभित्र प्रवेश गरेका आरोपितले हात समाएर दुर्व्यवहार गरेको बालिकाहरूले बताए। पीडितहरूको होहल्ला सुनेर घटनास्थल पुगेका गाउँलेहरूले आरोपितलाई कुटपिट समेत गरे। स्थानीय गाउँलेहरूले नै आरोपितलाई नियन्त्रणमा लिई माघ ३ गते प्रहरीसमक्ष बुझाए। पीडितको प्रारम्भिक बयानपछि इलाका प्रहरी कार्यालय, कल्याणपुरले ०७८ माघ ६ गते बाल यौन दुर्व्यवहारको उजुरी दर्ता गर्‍यो पीडितको स्वास्थ्य परीक्षण राजविराजस्थित गजेन्द्रनारायण सिंह अस्पतालमा माघ ६ गते भयो। जिल्ला अदालतमा ०७८ माघ १८ गते अभियोजन पत्र दायर भएकोमा जिल्ला न्यायाधीश नारायणप्रसाद दाहालको माघ २० गतेको इजलासले आरोपित ५० हजार रुपियाँ धरौटी राखी पुर्पक्षका लागि रिहा गर्न आदेश दियो। जिल्ला न्यायाधीश हेमन्त रावलको ०७९ भदौ २७ गतेको इजलासले आरोपितलाई १८ दिन कैद र ५ हजार रुपियाँ जरिवाना गर्नुका साथै ५ सय रुपियाँ क्षतिपूर्ति भराउने र २ सय रुपियाँ फौजदारी कसुर पीडित राहत कोषमा जम्मा गर्न लगाउने फैसला गर्‍यो।

महिलाविरुद्ध हुने सबै किसिमका भेदभाव, दुर्व्यवहार

यो वर्ष घरेलु हिंसापीडित भन्दै ५३ जना महिलाले जिलला प्रहरी कार्यालयको महिला, बालबालिका तथा जेष्ठ नागरिक सेवा केन्द सप्तरीमा उजुरी दर्ता गराए। जसमा कुटपिट गरी घर निकाला गरिएका सात, खान/लाउन नदिएको नौ, विवाह दर्ता र नागरिकता नबनाएको आठ, अर्की पत्नी ल्याएर हेला गरेको चार, दाइजो नल्याएको भनी हेला गरेको १० र सामान्य घरायसी झगडाको १५ घटना छन्। यीमध्ये प्रहरीले ४६ ओटामा मिलापत्र गरायो भने सात उजुरी कारवाही प्रक्रियामा रहेको जिल्ला प्रहरी कार्यालयले जनायो।

यो वर्ष सप्तरी जिल्लामा घरेलु हिंसाका घटनामा सात, बलात्कारका घटनामा आठ, बलात्कार प्रयासका घटनामा तीन, बहुविवाहका घटनामा ११, बेचबिखन तथा ओसारपसारका घटनामा एक, 'बोक्सी' को आरोपका घटनामा दुई र पारिवारिक हत्याका घटनामा तीन जना महिला पीडित भएको इन्सेकले अभिलेख गर्‍यो।

अभिलेखित घटनामध्ये बलात्कारका दुई घटनाका आरोपितलाई जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा पठायो भने एक घटनाका आरोपितलाई सफाइ दियो। दुई घटनाका आरोपितलाई अदालतले धरौटीमा रिहा गर्‍यो भने तीन घटनाका आरोपित वर्षको अन्त्यसम्म गिरफ्तार भएनन्। बलात्कार प्रयासका दुई घटनाका आरोपितलाई अदालतले धरौटीमा रिहा गर्‍यो भने एक घटनाका आरोपित वर्षको अन्त्यसम्म गिरफ्तार भएनन्। बहुविवाहका एक घटनाका आरोपित अदालतले धरौटीमा रिहा गर्‍यो भने तीन घटनाका आरोपित वर्षको अन्त्यसम्म गिरफ्तार भएनन्। एक घटनाका एक आरोपितलाई अदालतले धरौटीमा रिहा गर्‍यो भने एक आरोपित वर्षको अन्त्यसम्म गिरफ्तार भएनन्। तीन घटनाका तीन आरोपितलाई अदालतले पुर्पक्षका लागि थुनामा पठायो भने तीन आरोपितलाई धरौटीमा रिहा गर्‍यो। दुई घटनाका दुई आरोपितलाई अदालतले पुर्पक्षका लागि थुनामा पठायो भने दुई आरोपित वर्षको अन्त्यसम्म गिरफ्तार भएनन्। बेचबिखन तथा ओसारपसारका एक घटनाका आरोपितलाई अदालतले धरौटीमा रिहा गर्‍यो।

'बोक्सी' को आरोपका एक घटनाका आरोपितलाई अदालतले कैद तथा जरिवानाको फैसला सुनायो भने एक घटनाका आरोपित वर्षको अन्त्यसम्म गिरफ्तार भएनन्। पारिवारिक हत्याका एक घटनाका आरोपितलाई अदालतले पुर्पक्षका लागि थुनामा पठायो भने एक घटनाका आरोपितलाई सर्वश्वस सहित जन्मकैदको फैसला सुनायो। एक घटनाका घटनाका आरोपितलाई धरौटीमा रिहा गऱ्यो भने एक घटनाका आरोपितलाई तोकिएको धरौटीमा रकम बुझाउन नसकेपछि थुनामा पठायो।

पारिवारिक हत्या

बोदेबर्साइन नगरपालिका-१ धनगढीकी २७ वर्षीया राजकुमारी साहलाई २०७८ माघ २१ गते बिहान देवर २१ वर्षीय परमेश्वर साहले पेट्रोल छर्केर आगो लगाएको भन्दै मृतकका पति रबिनकुमार साहले माघ २६ गते इलाका प्रहरी कार्यालय, कडरबोनामा उजुरी दिए। गम्भीर घाइते भएकी राजकुमारीको उपचारका क्रममा माघ २२ गते राति विराटनगरमा मृत्यु भयो। शवको पोष्टमार्टम माघ २३ गते कोशी अस्पताल, विराटनगरमा भयो। बोतलमा खुल्ला पेट्रोल ल्याएका परमेश्वरले खाना पकाइरहेकी पीडितको शरीरमा पेट्रोल छर्केर आगो लगाएको भन्दै मृतकका बुवा बोदेबर्साइन नगरपालिका-६ का बद्री साहले इलाका प्रहरी कार्यालय, कडरबोनामा माघ २३ गते र मृतकका पति रबिनकुमार साहले माघ २६ गते इलाका प्रहरी कार्यालय, कडरबोनामा उजुरी दिए। इलाका प्रहरी कार्यालय, कडरबोनाले रबिनले दिएको उजुरी माघ २६ गते दर्ता गऱ्यो। आरोपित ०७९ जेठ १५ गते घरबाटै गिरफ्तार भए। जिल्ला अदालतमा ०७९ असार ६ गते अभियोजनपत्र दायर भएकोमा जिल्ला न्यायाधीश रीताकुमारी बखेलको इजलासले आरोपितलाई असार ७ गतेदेखि पुर्पक्षका लागि राजविराज कारागारमा थुनामा पठायो। जिल्ला न्यायाधीश नवीनकुमरा जोशीको ०७९ पुस १२ गतेको इजलासले साक्षी बुझ्ने आदेश गऱ्यो। यो वर्षको अन्त्यसम्म मुद्दा फैसला भएको छैन।

'बोक्सी' को आरोपमा कुटपिट

अग्नीसाइर कृष्णसवरन गाउँपालिका-२ की २७ वर्षीया पूजाकुमारी चौधरीलाई २०७८ माघ १० गते उनका जेठाजु ५० वर्षीय रामदेव चौधरी, निजकी पत्नी ४० वर्षीया सुनीतादेवी चौधरी, निजहरूका छोरा २३ वर्षीय प्रकाश चौधरी, निजकी पत्नी २२ वर्षीया बबिता चौधरी, रामदेवका भाई ४० वर्षीय श्यामदेव चौधरी र निजकी पत्नी ३५ वर्षीया श्रीकुमारी चौधरीले 'बोक्सी' भन्दै गालीगलौज र कुटपिट गरेको भन्दै पीडितले इलाका प्रहरी कार्यालय, कञ्चनरूपमा ०७८ माघ १२ गते उजुरी दिइन्। आरोपितका छोराछोरी बिरामी भएको दोष लगाई 'बोक्सी' भन्दै घरकोठामा प्रवेश गरी तथानाम गालीगलौज र कुटपिट गरेको पीडितले बताइन्। प्रहरीले आरोपितहरूमध्ये रामदेव र सुनिता माघ २५ गते गिरफ्तार गऱ्यो। जिल्ला अदालतमा ०७८ फागुन ६ गते अभियोजन पत्र दायर भएकोमा फागुन ८ गते जिल्ला न्यायाधीश रीताकुमारी बखेलको इजलासले सुनीतालाई ३० हजार रुपियाँ र रामदेव २० हजार रुपियाँ धरौटी राखी रिहा गर्न आदेश गऱ्यो। जिल्ला अदालतमा ०७९ जेठ ११ गते हाजिर भएका प्रकाश र बबीता जिल्ला न्यायाधीश ऋषिराम आचार्यको आदेशमा जनही १० हजार रुपियाँ धरौटी राखी रिहा भए। जिल्ला न्यायाधीश डा. राजेन्द्रकुमार आचार्यको ०७९ पुस ११ गतेको इजलाशले रामदेव, सुनिता, प्रकाश, बबिता र श्रीकुमारीलाई जनही ६ महिना कैद सजाय हुनुका साथै जनही ५ हजार रुपियाँ जरिवाना गर्ने फैसला गऱ्यो पीडितले आरोपितहरूबाट जनही ३ हजार रुपियाँ क्षतिपूर्ति पाउने फैसला समेत भएको छ।

स्वास्थ्य सेवाको अवस्था

जिल्लामा सात सरकारी अस्पताल, सात सामुदायिक अस्पताल, १ सय ११ स्वास्थ्य चौकी, चार प्राथमिक स्वास्थ्य केन्द्र, पाँच नगर स्वास्थ्य केन्द्र छन्। सदरमुकामस्थित सरकारी अस्पतालमा १९ जना विशेषज्ञको दरबन्दीमा १७ जनाको दरबन्दी रिक्त छ। जिल्लामा ७५ हजार जनाले बीमा गराएर सेवा लिइरहेका छन्। ज्येष्ठ नागरिकका लागि नि:शुल्क बीमा कार्यक्रममा पनि १३ हजार ६ सय ४४ जनाको बीमा गरिएको छ।

प्रतिनिधि सभा तथा प्रदेश सभा निर्वाचन २०७९

यस वर्ष सम्पन्न भएको प्रतिनिधि सभा निर्वाचनमा सप्तरी जिल्लामा ४ लाख १८ हजार ३ सय ७४ मतदातामध्ये २ लाख ७९ हजार ७ सय ३१ (६६.८६ प्रतिशत) ले मतदान गरे। यसैगरी प्रदेश सभा तर्फ २ लाख ७९ हजार ४ सय १८ (६६.७८ प्रतिशत) ले मतदान गरे।

सन् २०२२ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

बाल अधिकार					
घटनाको प्रकार	मुद्दा टुङ्गिएका	अनुसन्धान	कानुनी दायरामा ल्याइएका	कारबाही प्रक्रिया अघि नबढेका	जम्मा
बालविवाह			२		२
बेचबिखन तथा ओसारपसार			१		१
नवजात शिशुको हत्या		१			१
बलात्कार	१		१७		१८
यौन दुर्व्यवहार	१	१	२	१	५
जम्मा	२	२	२२	१	२७

महिला अधिकार					
घटनाको प्रकार	मुद्दा टुङ्गिएका	अनुसन्धान	मेलमिलाप	कानुनी दायरामा ल्याइएका	जम्मा
घरेलु हिंसा	२	१	१	३	७
बेचबिखन तथा ओसारपसार				१	१
'बोक्सी'को आरोप	१			१	२
बहुविवाह	१			१०	११
बलात्कार		१		७	८
बलात्कार प्रयास		१		२	३
जम्मा	४	३	१	२४	३२

मारिएकको घटना सङ्ख्या				
घटनाको प्रकार	मुद्दा टुङ्गिएका	अनुसन्धान	कानुनी दायरामा ल्याइएका	जम्मा
हत्या	२	१	७	१०

२.२ सिरहा



जम्मा जनसङ्ख्या	७,४८,४१६
महिला	३,७५,३६७
प्रतिनिधिसभा निर्वाचन क्षेत्र	४
प्रदेशसभा निर्वाचन क्षेत्र	८
गरिबीको रेखामुनि रहेको सङ्ख्या	२,१५,३३५
कामका लागि बाहिरिएका	४५,७५०
अपाङ्गता भएका	६,६६५
५ वर्षमाथिको साक्षरता प्रतिशत	५८.०५
आश्रित जनसङ्ख्या	३,०५,२५१

यस वर्ष सिरहा जिल्लामा मानव अधिकार उल्लङ्घनका घटनामा राज्यपक्षबाट एक जना महिला र ११ जना पुरुष तथा ज्यादतीका घटनामा अन्यपक्षबाट ७२ जना महिला, ११ जना पुरुष र दुई जना यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा ३० जना बालबालिका तथा महिला अधिकार उल्लङ्घनका घटनामा ३६ जना महिला पीडित भए।

यातना

राज्यपक्षबाट

मिर्चैया नगरपालिका-१ की ३३ वर्षीया जिवछीदेवी साहलाई ०७९ असोज २७ गते इलाका प्रहरी कार्यालय, मिर्चैयामा कार्यरत सई उपेन्द यादव र सहायक हवल्दार कविता अधिकारीले हिरासतमा यातना दिए। पीडित जिवछीकी ६० वर्षीया सासु गुब्दीदेवी साहको शव असोज १६ गते कर्जन्हा नपा-१० स्थित उखुबारीमा भेटिएको र सो घटनाको अनुसन्धानको लागि भन्दै जिवछीलाई प्रहरीले असोज २७ गते नियन्त्रणमा लिएको थियो। हिरासतमा प्रहरीले यौनाङ्गमा चोट पुग्ने गरी यातना दिएको पीडितले रिहा भई घर गएपछि स्थानीयलाई बताएकी थिइन्। सोलगत्तै घटनाको विरोधमा स्थानीयले प्रहरी कार्यालय घेराउ गरी प्रदर्शन गरेका थिए। घटनाको अनुसन्धानका लागि जिल्ला प्रशासन कार्यालयले प्रशासकीय अधिकृतको नेतृत्वमा छानबिन समिति गठन गऱ्यो। समितिले घटनाको छानबिन गरी प्रमुख जिल्ला अधिकारी लालबाबु कवारीलाई कात्तिक २० गते प्रतिवेदन बुझायो। छानबिन समितिले बुझाएको प्रतिवेदनको आधारमा आरोपितलाई विभागीय कारबाही गरिएको प्रमुख जिल्ला अधिकारी लालबाबु कवारीले भएको बताए। पीडितको उपचार स्थानीय अस्पतालमा भयो।

कारागार र बन्दी

१५ महिला र १ सय ३५ जना पुरुष क्षमता भएको जिल्ला कारागार, सिराहमा ३२ महिला र ५ सय ९८ जना पुरुष गरी गरी ६ सय ३० जना कैदीबन्दी छन्। एक बालक र तीन बालिका गरी चार जना आश्रित रहेको कारागार प्रमुख बबिता महतोले बताइन्।

घटनाको प्रकार		राज्यपक्षबाट			अन्यपक्षबाट			
		महिला	पुरुष	जम्मा	महिला	पुरुष	क्यू	जम्मा
अपहरण					१			१
कुटपिट						३	३	४
अमानवीय व्यवहार			१	१				
हत्या					६	८		१४
अभिव्यक्ति, भेला तथा सङ्गठित हुने अधिकार			१०	१०				
यातना		१		१				
बाल अधिकार	विद्यालयमा शारीरिक सजाय				१			१
	बलात्कार				३१			३१
	यौन दुर्व्यवहार				७	१		८
	जम्मा				३९	१		३०
महिला अधिकार	'बोक्सी'को आरोपमा				३			३
	बहुविवाह				१७			१७
	बलात्कार				१३			१३
	बलात्कार प्रयास				४			४
	जम्मा				३६			३६
कूल जम्मा		१	११	१३	७३	११	३	८५

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत

नौ जना न्यायाधीशको दरबन्दी रहेको जिल्ला अस्पतालमा सात जना कार्यरत छन्। यस वर्षको अन्त्यसम्ममा २ हजार २ सय ६० फौजदारी मुद्दा मध्ये ८ सय ५५ र ६ हजार १ सय ३१ देवानी मुद्दा मध्ये २ हजार ७ सय ९ मुद्दा फैसला भए। २ वर्ष नाघेको फौजदारी मुद्दा ३ सय ५ र देवानी मुद्दा ३ सय ९६ बाँकी रहेको जिल्ला अदालतका श्रेस्तेदार जगदिश्वर भट्टराइले बताए।

बाल अधिकार

शिक्षाको अवस्था

जिल्लामा ४ सय ७ ओटा आधारभूत र ८४ ओटा माबि विद्यालय छन्। आधारभूत तह कक्षा १ देखि कक्षा ५ सम्म १ हजार ३ सय ४, कक्षा ६ देखि कक्षा ८ सम्म २ सय ३४ र कक्षा ९ देखि कक्षा १० सम्म २ सय ९९ शिक्षक दरबन्दी रहेको छ। यस वर्ष १ लाख ३१ हजार ६ सय २६ बालक र १ लाख ७ हजार ५ सय २ बालिका भर्ना भए। जसमा ९० जना बालिका र १ सय ३५ बालक अपाङ्गता भएका रहेको शिक्षा विकास तथा समन्वय इकाइका प्रमुख रामबृक्ष महतोले बताए। द्वन्द्वपीडित परिवारका १४ जना बालबालिकाले छात्रवृत्ति पाए। यस वर्ष जिल्लाभर २९ हजार १ सय दलित बालक र २५ हजार ७ सय ३२ दलित बालिका विद्यालय भर्ना भए। वैदेशिक रोजगारीमा गएर मृत्यु भएका परिवारका ९३ जना बालबालिकाले छात्रवृत्ति पाए।

यस वर्ष सिरहा जिल्लामा यौन दुर्व्यवहारका घटनामा आठ र बलात्कारका घटनामा २१ जना बालबालिका पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

अभिलेखित घटनामध्ये बलात्कारका चार घटनाका आरोपितहरूलाई जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा पठायो भने तीन घटनाका आरोपितलाई बाल सुधार गृहमा पठायो। आठ घटनाका आरोपित वर्षको अन्त्यसम्म गिरफ्तार भएनन्। एक घटनाका आरोपितलाई अदालतले अभिभावको जिम्मा लगायो भने एक घटनाका आरोपितलाई कैद तथा जरिवानाको फैसला सुनायो। दुई घटनाका आरोपित वर्षको अन्त्यसम्म प्रहरी अनुसन्धानमै रहे। यौन दुर्व्यवहारका दुई घटनाका आरोपितलाई अदालतले पुर्पक्षका लागि थुनामा पठायो भने एक घटनाका आरोतिपलाई

अभिभावकको जिम्मा लगायो। एक घटनाका आरोपितलाई अदालतले धरौटीमा रिहा गऱ्यो भने दुई घटनाका आरोपित वर्षको अन्त्यसम्म गिरफ्तार भएनन्। दुई घटनाका आरोपित वर्षको अन्त्यसम्म प्रहरी अनुसन्धानमै रहे।

बलात्कार, यौन दुर्व्यवहार

१६ वर्षीया बालिकालाई ०७९ असार २८ गते गोलबजार नपा-१० का ३८ वर्षीय राजकुमार बिकले बलात्कार गरेको आरोपमा पीडित पक्षले इलाका प्रहरी कार्यालय, गोलबजारमा साउन १५ गते उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण प्रादेशिक अस्पताल सिरहामा साउन १५ गते भएको थियो। इलाका प्रहरी कार्यालय, गोलबजारका इन्स्पेक्टर राजु केसीले घटनाको जानकारी हुनासाथ आरोपितलाई साउन १५ गते गिरफ्तार गरी कारबाही प्रक्रिया अगाडि बढाएको बताउनु भयो। प्रहरीले सरकारी वकिल कार्यालय मार्फत जिल्ला अदालतमा भदौ ८ गते जबरजस्तीकरणी मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको आदेशमा आरोपित भदौ ९ गतेदेखि पुर्पक्षका लागि थुनामा रहेका थिए। जिल्ला अदालतका न्यायाधीश शान्तिप्रसाद आचार्यको ०७९ कात्तिक ३० गतेको इजलासले बलात्कार कसुरमा १२ वर्ष कैदको फैसला गऱ्यो।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यो वर्ष घरेलु हिंसा पीडित भएको भन्दै ७ सय ५६ जनाले जिल्ला प्रहरी कार्यालयको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दर्ता गराए। खान लाउन, बस्न नदिइ कुटपिट गरेको ६ सय ८ जना महिलाले उजुरी दिए भने आवश्यक कागजातहरू नबनाइ दिएको भन्दै २४ जनाले उजुरी दिए। दाइजोको विषय लिएर दुई जना र सामान्य घरायसी झगडाका उजुरी १ सय १९ जनाले गरे। प्रहरीले ५ सय ८१ ओटा घटना छलफलको माध्यमबाट मिलापत्र गरायो भने २६ वटा मुद्दा अदालती प्रकृयामा रहेको र तीन ओटा मुद्दा दर्ता गराएको जिल्ला प्रहरी कार्यालयका डिएसपी सुभाष बुढाथोकीले बताए।

यो वर्ष सिरहा जिल्लामा बलात्कारका घटनामा १३, बलात्कार प्रयासका घटनामा चार, 'बोक्सी' आरोपका घटनामा दुई, बहुविवाहका घटनामा १७ र पारिवारिक हत्याका घटनामा चार जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

अभिलेखित घटनामध्ये बलात्कारका पाँच घटनाका आरोपितलाई जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा पठायो भने आठ घटनाका आरोपित वर्षको अन्त्यसम्म गिरफ्तार भएनन्। बलात्कार प्रयासका दुई घटनाका आरोपितलाई अदालतले धरौटीमा रिहा गऱ्यो भने दुई घटनाका आरोपित वर्षको अन्त्यसम्म गिरफ्तार भएनन्। 'बोक्सी' आरोपका एक घटनाका एक आरोपितलाई अदालतले पुर्पक्षका लागि थुनामा पठायो भने एक आरोपितलाई धरौटीमा रिहा गऱ्यो। एक घटनाका आरोपित वर्षको अन्त्यसम्म गिरफ्तार भएनन्। बहुविवाहका आठ घटनाका आरोपितलाई अदालतले पुर्पक्षका लागि थुनामा पठायो भने तीन घटनाका आरोपितलाई धरौटीमा रिहा गऱ्यो। पाँच घटनाका आरोपित वर्षको अन्त्यसम्म गिरफ्तार भएनन्। एक घटनाका एक आरोपितलाई अदालतले पुर्पक्षका लागि थुनामा पठायो भने एक आरोपितलाई धरौटीमा रिहा गऱ्यो। पारिवारिक हत्याका एक घटनाका आरोपितलाई अदालतले पुर्पक्षका लागि थुनामा पठायो भने एक आरोपित वर्षको अन्त्यसम्म गिरफ्तार भएनन्। एक घटनाका आरोपित वर्षको अन्त्यसम्म प्रहरी अनुसन्धानमै रहे। एक घटनाका एक आरोपितलाई अदालतले पुर्पक्षका लागि थुनामा पठायो भने एक आरोपितलाई साधारण तारिखमा रिहा गऱ्यो।

पारिवारिक हत्या

कर्जन्हा नपा-७ की २२ वर्षीया पूजा सिंहलाई ०७८ फागुन १७ गते हत्या गरेको आरोपमा पति २३ वर्षीय अमर राउत, कर्जन्हा नपा-७ का १९ वर्षीय सिकिन्द्र राउत र कल्याणपुर नपा-४ का २६ वर्षीय मन्तोष साहविरुद्ध इलाका प्रहरी कार्यालय, मिर्चैयामा फागुन १९ गते मृतकका दाजु मुकेश पौदारले उजुरी दिए। विदेशमा रहेका अमर र पूजाको फेसबुकबाट प्रेम भएकोमा माघ १३ गते कतारबाट फर्किएपछि माघ २७ गते काठमाडौँ भद्रकाली मन्दिरमा विवाह गरेका थिए। विवाहपछि केही समयसँगै बसेका अमर 'घरपरिवारलाई मनाउँछु' भनी घर आएका थिए। अमर नफर्किएपछि उनलाई खोज्न पूजा फागुन १६ गते अमरको गाउँ गएकी थिइन्। आरोपितले फागुन १७ गते साथीहरूको सहयोगमा पीडितको घाँटी थिची हत्या गरेको अनुसन्धानबाट खुलेको जिल्ला प्रहरी कार्यालय, सिरहाका डिएसपी सुभाष बुढाथोकीले बताए। अमरको विवाह फागुन १९ गते तय भएको र विवाह भाँडिने डरले हत्या गरेको डिएसपी बुढाथोकीले बताए। प्रहरीले आरोपित अमरलाई फागुन २० गते र मन्तोषलाई

फागुन २३ गते गिरफ्तार गरेको र अर्का आरोपित फरार रहेकोले खोजी कार्य भइरहेको प्रहरीले जनायो। जिल्ला अदालतको आदेशमा आरोपितहरू चैत १६ गतेदेखि पुर्पक्षका लागि थुनामा रहेका छन्। यो वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएन।

मिर्चैया नगरपालिका–१ की ६२ वर्षीया गुब्दीदेवी साहलाई ०७९ असोज १६ गते ७० वर्षीय पति मङ्गल साह र ४० वर्षीय छोरा रामबाबु साहले हत्या गरेको आरोपमा आरोपितहरूलाई असोज २८ गते गिरफ्तार गरेको इलाका प्रहरी कार्यालय, मिर्चैयाका डिएसपी हरिबहादुर वलीले बताए। पीडितको शव असोज १६ गते कर्जन्हा नपा-१० स्थित उखुबारीमा फेला परेको र घटना अनुसन्धानबाट आरोपितहरूले घरायसी विवादका कारण हत्या गरेको खुलेको डीएसपी वलीले बताए। शवको पोष्टमार्टम असोज १६ गते लहानस्थित प्रादेशिक अस्पतालमा गयो। प्रहरीले सरकारी वकिल कार्यालयमार्फत कात्तिक २३ गते जिल्ला अदालतमा कर्तव्य ज्यान मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको कात्तिक २४ गतेको आदेश अनुसार पति मङ्गल पुर्पक्षका लागि थुनामा गए भने रामबाबु साधारण तारिखमा रिहा भए। यो वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएन।

स्वास्थ्य सेवाको अवस्था

जिल्लामा प्रादेशिक अस्पताल दुई, आधारभूत अस्पताल तीन, सामुदायिक अस्पताल दुई, स्वास्थ्य चौकी १ सय ३, प्राथमिक स्वास्थ्य केन्द दुई र आधारभूत स्वास्थ्य केन्द्र ३१ ओटा छन्। सदरमुकामस्थित सरकारी प्रादेशिक अस्पतालमा ११ जना विशेषज्ञ दरबन्दीमा एक रिक्त रहेको छ। यो वर्ष जिल्लामा ४ हजार ४ सय ४३ जनाले स्वास्थ्य बीमा गराए भने ३ हजार ७ सय १४ जना जेष्ठ नागरिकले पनि बीमा गराएको स्वास्थ्य बीमा कार्यालयका इनरोलमेन्ट अफिसर पशुपति चौधरीले बताए।

प्रतिनिधि सभा तथा प्रदेश सभा निर्वाचन २०७९

यस वर्ष सम्पन्न भएको प्रतिनिधि सभा निर्वाचनमा सिरहा जिल्लामा ४ लाख २२ हजार ७ सय १२ मतदाता मध्ये २ लाख ७९ हजार ६ सय ७७ (६६.१६ प्रतिशत) ले मतदान गरे। यसैगरी प्रदेश सभा तर्फ २ लाख ७९ हजार ७ सय २१ (६६.१७ प्रतिशत) ले मतदान गरे।

सन् २०२२ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

बाल अधिकार				
घटनाको प्रकार	मुद्दा टुङ्गिएका	अनुसन्धान	कानुनी दायरामा ल्याइएका	जम्मा
विद्यालयमा शारीरिक सजाय			१	१
बलात्कार	१	१०	९	२०
यौन दुर्व्यवहार		२	६	८
जम्मा	१	१२	१६	२९

महिला अधिकार			
घटनाको प्रकार	अनुसन्धान	कानुनी दायरामा ल्याइएका	जम्मा
'बोक्सी'को आरोप	१	१	२
बहुविवाह	५	१२	१७
बलात्कार	८	५	१३
बलात्कार प्रयास	२	२	४
जम्मा	१६	२०	३६

मारिएकाको घटना सङ्ख्या			
घटनाको प्रकार	अनुसन्धान	कानुनी दायरामा ल्याइएका	जम्मा
हत्या	१	१२	१३

२.३ धनुषा



जम्मा जनसङ्ख्या	८,७३,२७४
महिला	४,३८,५३५
प्रतिनिधिसभा निर्वाचन क्षेत्र	४
प्रदेशसभा निर्वाचन क्षेत्र	८
गरिबीको रेखामुनि रहेको सङ्ख्या	१,७४,०७१
कामका लागि बाहिरिएका	६०,४००
अपाङ्गता भएका	८,४१२
५ वर्षमाथिको साक्षरता प्रतिशत	५०.४४
आश्रित जनसङ्ख्या	३,४६,८२४

यस वर्ष धनुषा जिल्लामा मानव अधिकार उल्लङ्घनका घटनामा राज्यपक्षबाट एक जना महिला र १५ जना पुरुष तथा ज्यादतीका घटनामा अन्यपक्षबाट ४७ जना महिला र ३३ जना पुरुष पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा १० जना बालबालिका तथा महिला अधिकार उल्लङ्घनका घटनामा २४ जना महिला पीडित भए।

गोली प्रहारबाट घाइते

अन्यपक्षबाट

सहिदनगर नगरपालिका-१ कुम्भकरण निवासी जनमत विद्यार्थी सङ्घका धनुषा जिल्ला अध्यक्ष २५ वर्षीय विजयकुमार यादव, कमला नगरपालिका-८ बस्ने जनमत दलित सङ्घका धनुषा जिल्ला उपाध्यक्ष ३६ वर्षीया नथुन विराजी यादव, विदेह नगरपालिका-५ मुरिवा बस्ने जनमत दलित सङ्घका धनुषा जिल्ला उपाध्यक्ष ५१ वर्षीया रामदयाल मुखिया, जनकनन्दनी गाउँपालिका-४ खजुरी चन्हा बस्ने जनमत युवा सङ्घ धनुषा जिल्ला सचिव २२ वर्षीया बैद्यनाथ साह र सबैला नगरपालिका-१ मुसहरी टोल स्थाय घर भई जनकपुरधाम उपमहानगरपालिका-४ पिडरियामाई स्थान बस्ने जनमत एनआरएन संघका भूपु उपाध्यक्ष ४६ वर्षीया इञ्जिनियर सञ्जय साह २०७८ पुस १८ गते गणेशमान चारनाथ नगरपालिका-३ पोर्ताहामा जनमत पार्टीले आह्वान गरेको पूर्वपश्चिम राजमार्ग खुलाउन प्रहरीले गोली प्रहार गर्दा घाइते भए। गोली लागेर घाइते भएकाहरूमध्ये विजयकुमारको दाहिने पैतालामा गोलीको छर्रा लागेको, नथुन विराजीको कोखामा, रामदयालको दाहिने तिघ्रामा, बैद्यनाथको टाउको र दाहिने तिघ्रामा, सञ्जयको टाउको र खुट्टामा सामान्य चोट लागेको थियो। घाइते पाँचै जनाको प्रादेशिक अस्पताल, जनकपुरमा उपचार भयो। राजमार्ग अवरुद्ध गरी बसेका प्रदर्शनकारीमाथि प्रहरीले एक्कासि

घटनाको प्रकार		राज्यपक्षबाट			अन्यपक्षबाट		
		महिला	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
अपहरण					१	२	३
कुटपिट		१	१	२	१	६	७
घाइते			५	५	२	१५	१७
हत्या					९	६	१५
जातीय विभेद					१	१	२
अभिव्यक्ति, भेला तथा सङ्गठित हुने अधिकार			९	९			
धम्की						२	२
बाल अधिकार	बेचबिखन तथा ओसारपसार				१		१
	बलात्कार				७		७
	यौन दुर्व्यवहार				१	१	२
	जम्मा				९	१	१०
महिला अधिकार	घरेलु हिंसा				६		६
	'बोक्सी'को आरोपमा				३		३
	बहुविवाह				७		७
	बलात्कार				७		७
	बलात्कार प्रयास				१		१
	यौन दुर्व्यवहार				१		१
	जम्मा				३४		३४
कूल जम्मा		१	१५	१६	४७	३३	८०

गोली प्रहार गरेको विद्यार्थी जनमत सङ्घ, धनुषाका अध्यक्ष विजयकुमार यादवले बताए। राजमार्ग अवरुद्ध गरेपछि आफूहरूले पटकपटक राजमार्ग सुचारु गराउन आग्रह गर्दा पनि नमानेर अटेर गरेपछि ११ राउण्ड रबरको गोली र १६ राउण्ड अश्रुग्याँस प्रहार गरेको जिल्ला प्रहरी कार्यालय, धनुषाका डिएसपी जितेन्द्रकुमार बस्नेतले बताए।

गणेशमान चारनाथ नपा- ४ पोर्ताहास्थित चारनाथ खोलामा प्रहरी नायब निरीक्षक रामनाथ यादव नेतृत्वको प्रहरीको गस्ती टोलीमाथि २०७९ भदौ २८ गते बिहान एक समूहले गोली प्रहार गरेपछि प्रहरीको जवाफी कारवाहीमा गणेशमान चारनाथ नगरपालिकाका ३० वर्षीय गणेशबहादुर बुढाथोकी घाइते भए। घाइतेको गोडामा गोली लागेको थियो। प्रहरीले बुढाथोकीलाई घटनास्थलबाटै गिरफ्तार गरी प्रादेशिक अस्पताल, जनकपुरमा उपचार गरायो। जिल्ला अदालतको असोज १४ गतेको आदेशमा आरोपित पुर्पक्षका लागि थुनामा छन्।

अमानवीय व्यवहार

कमला नगरपालिका-३ घर भई औरही गाउँपालिका-१ स्थित श्री रामजानकी माध्यमिक विद्यालय भिटकहीयाका प्रधानाध्यापक ३४ वर्षीय मदनकुमार महरालाई असार ११ गते विद्यालयको औरही गाउँपालिका-१ का ३१ वर्षीय सुजित यादव र ३७ वर्षीय रामनाथ यादवले मोसो दलेर दुर्व्यवहार गरे। आरोपितविरुद्ध जिल्ला प्रहरी कार्यालय, धनुषामा असार १३ गते उजुरी दिएको पीडित प्रधानाध्यापक मदन महराले बताए। विद्यालयमा भौतिक निर्माण तथा मर्मत सम्भारको लागि सङ्घीय सरकार र प्रदेश सरकारबाट आएको योजना अनुसारको काम गर्ने सम्बन्धमा आयोजित अभिभावक भेलामा आरोपितद्वयले प्रधानाध्यापक महरालाई मोसो दलेर अमानवीय व्यवहार गरेको पीडित प्रधानाध्यापक महराले बताए। आरोपितलाई कानुनी कारबाही भएन।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत

नौ जना न्यायाधीश दरबन्दी रहेको जिल्ला अदालत धनुषामा एक जना न्यायाधशीको दरबन्दी रिक्त छ। यो वर्ष फौजदारी मुद्दातर्फ १ हजार ६ सय ४७ थानमध्ये १ सय ६७ थान मुद्दा फैसला भए। देवानी मुद्दातर्फ ४ हजार २ सय ७९ थानमध्ये ८ सय ८५ थान मुद्दा फैसला भए। यस अदालतमा एक वर्ष नाघेका फौजदारी मुद्दा २ सय ७३ थान र देवानी मुद्दा ५ सय ४७ थान बाँकी छ।

उच्च अदालत, जनकपुरधाम

नौ जना न्यायाधीशको दरबन्दी रहेको उच्च अदालत, जनकपुरधाममा एक महिलासहित सात जना न्यायाधीश कार्यरत रहेका छन् भने दुई जना न्यायाधीशको दरबन्दी रिक्त छ। यस वर्ष दुनियावादी देवानीका १ हजार ३ सय ३५ थान, दुनियावादी फौजदारीका ३ सय ७८ थान, सरकारवादी फौजदारीका १ हजार ६२ थान र सुरू क्षेत्राधिकारबाट १ सय १ थान मुद्दा जिम्मेवारी सरेका थिए। यस वर्ष दर्ता भएका फौजदारी मुद्दाको सरकारवादीतर्फ ७ सय १२ थान उजुरी परे। अघिल्लो वर्षका जिम्मेवारी सरेका समेत दुई थान मुद्दा फैसला भए।

बालअधिकार

शिक्षाको अवस्था

जिल्लामा ४ सय ४२ आधारभूत र १ सय २४ माबि छन्। २ हजार ५ सय २८ जना शिक्षक दरबन्दी रहेकोमा २८ ओटा दरबन्दी मिलान हुन बाँकी रहेको छ। यस वर्ष ६ हजार ७ सय ९० बालक र ७ हजार ७ सय ४५ जना बालिका भर्ना भए। जिल्लामा अपाङ्गतामैत्री विद्यालयको सङ्ख्या एकीन गरिएको छैन। नयाँ भवन अपाङ्गतामैत्री निर्माण हुने गरेको छ। द्वन्द्वपीडित परिवारका १२ जना बालबालिकाले छात्रवृत्ति पाएका छन्। वैदेशिक रोजगारमा गएका परिवारका व्यक्तिलाई धनुषामा छात्रवृत्ति दिएको छैन। सहिद परिवारका तीन जनाले १२ हजार रुपियाँको दरले छात्रवृत्ति पाए।

यस वर्ष धनुषा जिल्लामा यौन दुर्व्यवहारका घटनामा दुई, बलात्कारका घटनामा सात र बेचबिखन तथा ओसारपसारका घटनामा एक जना बालबालिका पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

अभिलेखित घटनामध्ये बलात्कारका पाँच घटनाका आरोपितहरूलाई जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा पठायो भने दुई घटनाका आरोपितलाई बाल सुधार गृहमा पठायो। यौन दुर्व्यवहारका दुई घटनाका आरोपितलाई अदालतले पुर्पक्षका लागि थुनामा पठायो। बेचबिखन तथा ओसारपसारका एक घटनाका आरोपितलाई अदालतले पुर्पक्षका लागि थुनामा पठायो।

पारिवारिक हत्या

क्षिरेश्वरनाथ नगरपालिका-५ कुचाइ बस्ने पाँच वर्षीय अनुप पासवानलाई काका २८ वर्षीय रबि पासवानले असोज १२ गते कुटपिट गरि हत्या गरे। रडले बालक अनुपलाई कुट्दा गम्भीर घाइते भई उपचारको लागि महेन्द्र हेल्थ केयर अस्पताल, महेन्द्रनगर लैजाँदा चिकित्सकले मृत घोषणा गरेको मृतक बालकको बुवा किसन पासमानले बताए। आरोपितलाई असोज १२ गते घरमै लुकेर बसिरहेको अवस्थामा गिरफ्तार गरेको इलाका प्रहरी कार्यालय, महेन्द्रनगरका इन्स्पेक्टर बेचन यादवले बताए। असोज १३ गते शवको पोस्टमार्टम प्रादेशिक अस्पताल, जनकपुरमा भयो। आरोपितलाई जिल्ला अदालत धनुषामा कात्तिक ४ गते पेस गरेकोमा न्यायाधीश ब्रजेस प्याकुरेलको इजलासले थुनामा पठाउने आदेश दियो। यो वर्षको अन्त्यसम्म मुद्दको फैसला भएन।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यो वर्ष घरेलु हिंसा पीडित भन्दै ३ सय ३७ जना महिलाले जिल्ला प्रहरी कार्यालयको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमा कुटपिट गरी घरनिकाला गरिएका २९, खानलाउन नदिएका ४४, विवाह दर्ता, जन्मदर्ता र नागरिकता नबनाएका २४, दाइजो नल्याएको भनी हेला गरेको एक, गालीलगौजका ४७, धाकधम्कीका २८ र कुटपिट १ सय ६० ओटा घटनाका उजुरी छन्। यीमध्ये प्रहरीले ८० ओटामा मिलापत्र गरायो भने २ सय ६४ ओटा उजुरी कारबाही प्रक्रियामा रहेको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्र धनुषाका असई दीपिका ओझाले बताइन्।

यो वर्ष धनुषा जिल्लामा घरेलु हिंसाका घटनामा ६, बलात्कारका घटनामा सात, 'बोक्सी' को आरोपका घटनामा दुई, बहुविवाहका घटनामा सात र पारिवारिक हत्याका घटनामा पाँच जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

अभिलेखित घटनामध्ये बलात्कारका चार घटनाका आरोपितलाई जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा पठायो भने तीन घटनाका आरोपित वर्षको अन्त्यसम्म गिरफ्तार भएनन्। 'बोक्सी' आरोपका दुई घटनाका आरोपितलाई अदालतले धरौटीमा रिहा गऱ्यो। बहुविवाहका सात घटनाका आरोपितलाई अदालतले धरौटीमा रिहा गऱ्यो। पारिवारिक हत्याका चार घटनाका आरोपितलाई अदालतले पुर्पक्षका लागि थुनामा पठायो भने एक घटनाका आरोपित वर्षको अन्त्यसम्म प्रहरी अनुसन्धानमै रहे।

पारिवारिक हत्या

बटेश्वर गाउँपालिका-५ शान्तिपुरकी २८ वर्षीया अमृताकुमारी यादव (रिता) लाई २०७९ मंसिर २६ गते पति ३२ वर्षीय वीरेन्द्रकुमार यादवले बन्चरो प्रहार गरे। चिया पकाउने विषयमा भएको विवादका क्रममा बन्चरो प्रहार गर्दा गम्भीर घाइते भएकी पीडितलाई उपचारका लागि आरोपितले जनकपुरस्थित काव्या अस्पताल पुऱ्याएका थिए। पीडितको उपचारका क्रममा सोही दिन मृत्यु भयो। आरोपित यादवलाई प्रहरीले अस्पतलाबाटै गिरफ्तार गरेको जिल्ला प्रहरी कार्यालय धनुषाका डिएसपी प्रदीपबहादुर क्षेत्रीले बताए। यो वर्षको अन्त्यसम्म आरोपित प्रहरी हिरासतमा छन्।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार सम्पत्ति क्षति

जनमत पार्टीले जनकपुरमा २०७८ माघ १२ गते गरेको प्रदर्शनका क्रममा सो पार्टीका कार्यकर्ताले सरकारी गाडी तोडफोड गरे। सो क्रममा जनकपुरधाम उपमहानगरपालिका-१० देवीचोकमा सिरहाको सुखीपुर नगरपालिकाका मेयर रामऔतार यादव सवार बा.२ भ.२३१६ नम्बरको गाडीमा तोडफोड भयो। रामानन्दचोकमा जलेश्वर अस्पतालका प्रमुख डा. सतिशकुमार साह सवार प्रदेश २-०२-००१ भ. ०१६३ नम्बरको गाडीमा तोडफोड गरियो। गाडीमा सवार डा. साहको ओठ र मुखमा गम्भीर चोट लाग्यो डा.साहको प्रादेशिक अस्पताल जनकपुरमा उपचार भयो। जानकी मन्दिर छेउमा सडक विभाग कार्यालय मुजेलियाका इन्जिनियर बेचनकुमार भण्डारी सवार बा.२ भा ३२२० नम्बरको गाडीमा तोडफोड भयो। सर्लाहीका प्रदेश सांसद अशोक यादव सवार प्रदेश २-०२-००१ भ.००१८ नम्बरमा तोडफोड भयो। गाडीमा सवार सांसद यादवको दाहिने हात भाँचियो। उनको जानकी हेल्थ केयर एण्ड रिसर्च सेन्टरमा उपचार भयो। गणेशमान चारनाथ नगरपालिकाका उपमेयर मीनाकुमारी यादव सवार २-०२-००१ भ.००८० नम्बरको गाडीमा तोडफोड भयो। तोडफोडको क्रममा उपमेयर यादवको आँखामा सिसा पस्यो। उनको जानकी आँखा अस्पतालमा उपचार भयो। गाडी चालक लक्ष्मीकुमार यादवको हातमा चोट लाग्यो। उनको प्रादेशिक अस्पताल जनकपुरमा उपचार भयो। सर्लाही जिल्लाको हरिवन नपाका मेयर सवार २-०३-००१ भ.००२० नम्बरको गाडीमा तोडफोड भयो। गाडीमा सवार मेयर गणेश प्रसाई र उपमेयर रेणुका पौडेल घाइते भए। सर्लाहीको कविलासी नपाका मेयर सवार ना.१ भ.१६७४ नम्बरको गाडीमा तोडफोड हुँदा गाडीको सिसा फुट्यो। गाडी चालक सर्लाही जिल्ला कविलासी नपा-९ बस्ने ४० वर्षीय सञ्जिवकुमार रायको पाखुरामा चोट लाग्यो। उनको जानकी हेल्थ केयर एण्ड रिसर्च सेन्टरमा उपचार भयो। लहान नगरपालिकाका मेयर मुनि साह सवार गाडी तोडफोड भयो।

स्वास्थ्य सेवाको अवस्था

धनुषा जिल्लामा एक मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठान र मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठानद्वारा कोभिड-१९ विशेष अस्पताल, प्रादेशिक अस्पताल जनकपुर तथा प्रादेशिक स्वास्थ्य प्रयोगशाला छन्। जिल्लामा १ सय १ ओटा स्वास्थ्य चौकी, ६० ओटा आधारभूत स्वास्थ्य केन्द्र, १६ ओटा नगर स्वास्थ्य केन्द्र गरी १ सय ७७ ओटा स्वास्थ्य संस्था रहेका छन्। सदरमुकामस्थित प्रादेशिक अस्पताल जनकपुरमा नेपाल सरकारको दरबन्दी १ सय ४० रहेको छ, जसमा ८१ जना दरबन्दीमा कार्यरत रहेका छन्। अस्पताल विकास समितिको दरबन्दी १ सय ७५ रहेकोमा करारसमेत २ सय १५ जना कार्यरत छन्। अस्पतालमा नेपाल सरकारको विशेषज्ञ दरबन्दी २६ जना रहेकोमा १० जना कार्यरत छन्। अस्पताल विकास समितिको विशेषज्ञ दरबन्दी १७ जना रहेकोमा करारसहित २८ जना कार्यरत रहेका छन्। प्रादेशिक अस्पतालमा दैनिक औसतमा २ सय जना बीमा गराएकाहरूले सेवा लिइरहेका छन्। जिल्लामा ३६ हजार ४ सय ४६ जनाले बीमा गराएर सेवा लिइरहेका छन्। ज्येष्ठ नागरिकका लागि नि:शुल्क बीमा कार्यक्रममा १५ हजार १ सय ८२ जनाको बीमा गरिएको छ। २०७७ मङ्सिर १५ गते शिलान्यास भएका १८ ओटा अस्पतालमध्ये कुनैको पनि

निर्माण कार्य पूरा भएको छैन। बटेश्वर गाउँपालिकामा १० बेडको अस्पताल निमार्णाधीन छ।

प्रतिनिधि सभा तथा प्रदेश सभा निर्वाचन २०७९

यस वर्ष सम्पन्न भएको प्रतिनिधि सभा निर्वाचनमा धनुषा जिल्लामा ४ लाख ७४ हजार ५ सय ८७ मतदाता मध्ये ३ लाख १० हजार ९ सय १८ (६५.५१ प्रतिशत) ले मतदान गरे। यसैगरी प्रदेश सभा तर्फ ३ लाख ११ हजार २ सय ७६ (६५.५८ प्रतिशत) ले मतदान गरे।

सन् २०२२ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या


बाल अधिकार		
घटनाको प्रकार	कानुनी दायरामा ल्याइएका	जम्मा
बेचबिखन तथा ओसारपसार	१	१
बलात्कार	७	७
यौन दुर्व्यवहार	३	३
हत्या	१०	१०

महिला अधिकार				
घटनाको प्रकार	मेलमिलाप	अनुसन्धान	कानुनी दायरामा ल्याइएका	जम्मा
घरेलु हिंसा	१		५	६
'बोक्सी'को आरोप			३	३
बहुविवाह			७	७
बलात्कार		१	६	७
बलात्कार प्रयास	१			१
यौन दुर्व्यवहार	१			१
जम्मा	३	१	३०	३४

मारिएकाको घटना सङ्ख्या			
घटनाको प्रकार	अनुसन्धान	कानुनी दायरामा ल्याइएका	जम्मा
जम्मा	६	८	१४

२.४ महोत्तरी

जम्मा जनसङ्ख्या	७,१५,०४०
महिला	३,६०,०८८
प्रतिनिधिसभा निर्वाचन क्षेत्र	४
प्रदेशसभा निर्वाचन क्षेत्र	८
गरिबीको रेखामुनि रहेको सङ्ख्या	१,००,५४४
कामका लागि बाहिरिएका	४०,५४१
अपाङ्गता भएका	१०,१६६
५ वर्षमाथिको साक्षरता प्रतिशत	४७
आश्रित जनसङ्ख्या	३,१५,७६७



यस वर्ष महोत्तरी जिल्लामा मानव अधिकार उल्लङ्घनका घटनामा राज्यपक्षबाट १० जना पुरुष तथा ज्यादतीका घटनामा अन्यपक्षबाट ६१ जना महिला र २३ जना पुरुष पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा २५ जना बालिका तथा महिला अधिकार उल्लङ्घनका घटनामा २७ जना महिला पीडित भए।

गोलीबाट घाइते

राज्यपक्षबाट

भङ्गहा नगरपालिका-८ पररियामा २०७९ कात्तिक १० गते दुई समुदायबिच भएको झडपलाई नियन्त्रणमा लिन प्रहरीले चलाएको गोलीबाट भङ्गहा नगरपालिका-८ पररियाका २१ वर्षीय मो. इम्तियाज राइन र सोही ठाउँका ३५ वर्षीय जिवछ नदाफ घाइते भए। राइनको दाहिने हातको नाडीमा गोली लागेको थियो। राइनको जनकपुरधामस्थित दैविक अस्पतालमा उपचारपछि थप उपचार धरानस्थित बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा भयो। उपचारको क्रममा उनको हात नै काटेर फाल्नु परेको प्रहरीले जनायो।

घटनाको प्रकार		राज्यपक्षबाट		अन्यपक्षबाट		
		पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
कुटपिट				३	१६	३०
घाइते		४	४	१		१
हत्या				५	६	११
अभिव्यक्ति, भेला तथा सङ्गठित हुने अधिकार		६	६			
बाल अधिकार	बलात्कार			३४		३४
	यौन दुर्व्यवहार			१		१
	जम्मा			३५		३५
महिला अधिकार	घरेलु हिंसा			१		१
	'बोक्सी'को आरोपमा			३		३
	बहुविवाह			१३		१३
	बलात्कार			६		६
	बलात्कार प्रयास			३		३
	बेचबिखन तथा ओसारपसार			१		१
	जम्मा			३६		३६
कूल जम्मा		१०	१०	६१	३३	८४

नदाफको दाहिने गोडामा गोली लागेको थियो। सोही घटनामा स्थानीय ४७ वर्षीय मो. मन्नु राइनको टाउकोमा चोट लागेको थियो भने लोहारपट्टी नगरपालिका-४ बस्ने ४२ वर्षीय मोजिम राइन जनकपुरबाट मोटरसाइकलमा घर फर्किने क्रममा झडपमा परी घाइते भए। उनीहरूको उपचार प्रादेशिक अस्पताल, जनकपुरधाममा भयो।

झडपका क्रममा केही स्थानीयको घरमा तोडफोड भयो भने प्रर्दशनकारीले एक घरमा राखेको प्रदेश २–०२–००४ प ९८०५ नम्बरको मोटरसाइकल, थप नम्बर खुल्न नसकेको अर्को एउटा मोटरसाइकल र नम्बर खुल्न नसकेको एक टेम्पोमा आगजनी गरे।

महोत्तरीका प्रमुख जिल्ला अधिकारी दीपककुमार पहाडीले स्थितिलाई समान्य बनाउन दुवै समुदायका अगुवा र स्थानीय जनप्रतिनिधिसँग संवाद गरेर सहमति भएको बताए। हिन्दु बाहिनी सेना सम्राटले छठ पर्वको अवसरमा निकालेको कलश तथा झण्डा यात्राको क्रममा झडप भएको थियो।

झडपमा घाइते

रामगोपालपुर नगरपालिकामा स्थानीय प्रदर्शनकारी र प्रहरीबिच ०७९ मङ्सिर २९ गते भएको झडपमा परी सुरक्षाकर्मी सहित ६ जना घाइते भए। मङ्सिर २६ गते घरेलु हिंसा मुद्दामा जिल्ला अदालत महोत्तरीले संरक्षणात्मक आदेश गरेपछि औरही नपा-१ माइतबाट रामगोपालपुर नगरपालिका घर फर्किएकी नेहा चौधरीले घर प्रवेश नपाएको विषयलाई लिएर सुरु भएको प्रदर्शनले झडपको रूप लिएको थियो। घटनामा नेपाल प्रहरीका सहायक हवल्दार मुकेशप्रसाद यादव, सशस्त्र प्रहरी जवान शिवसागर कुँवर, कमलेसप्रसाद यादव, नगर प्रहरी कृष्ण पण्डित र सर्वसाधारण गङ्गाराम राय र सुरेश राय घाइते भए। घाइतेहरूको उपचार स्थानीय स्वास्थ्य क्लिनिकमा भयो।

कारागार र बन्दी

१ सय ३५ जनाको क्षमता भएको कारागारमा ५ सय २९ जना कैदीबन्दी रहेका छन्। यस कारागारमा महिला छैनन्। क्षमता भन्दा बढी कैदीबन्दी भएकाले कैदीबन्दीको जीवन कष्टकर रहेको छ।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

पाँच जना न्यायाधीशको दरबन्दी रहेको जिल्ला अदालतबाट यो वर्ष फौजदारी मुद्दातर्फ १ हजार ३ सय ८९ थानमध्ये ४ सय १६ थान मुद्दा फैसला भए। देवानी मुद्दातर्फ ५ हजार १ सय ८४ थानमध्ये २ हजार ५ सय ९८ थान मुद्दा फैसला भए। यस अदालतमा दुई वर्ष नाघेका फौजदारी मुद्दा १ सय ९५ र देवानी मुद्दा ३ सय ६७ थान बाँकी छन्।

बाल अधिकार

शिक्षाको अवस्था

यस जिल्लामा २ सय २९ आधारभूत विद्यालय र ८३ माध्यमिक विद्यालय छन्। १ हजार ५ सय ५ शिक्षक दरबन्दी रहेकामा ५५ दरबन्दी रिक्त छ। यस वर्ष ४८ हजार ६ सय ५३ बालक र ४२ हजार ६

सय ११ बालिका भर्ना भए। जिल्लामा १६ अपाङ्गमैत्री विद्यालय छन्। आधारभूत विद्यालय स्तरमा २० हजार २ सय ५३ र माबि स्तरमा २ हजार २ सय ८९ दलित बालबालिकाहरूलाई छात्रवृत्ति प्रदान गरियो। द्वन्द्वपीडित परिवारका २५ बालबालिकालाई पनि छात्रवृत्ति दिइयो।

यस वर्ष महोत्तरी जिल्लामा यौन दुर्व्यवहारका घटनामा एक र बलात्कारका घटनामा २४ जना बालिका पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

अभिलेखित घटनामध्ये बलात्कारका १३ घटनाका आरोपितहरूलाई जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा पठायो भने एक घटनाका आरोपितलाई धरौटीमा रिहा गऱ्यो। नौ घटनाका आरोपित वर्षको अन्त्यसम्म गिरफ्तार भएनन्। एक घटनाका आरोपितलाई अदालतले तोकेको धरौटी रकम बुझाउन नसकेपछि थुनामा पठायो। यौन दुर्व्यवहारका एक घटनाका आरोपितलाई अदालतले पुर्पक्षका लागि थुनामा पठायो।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यो वर्ष घरेलु हिंसा पीडित भन्दै २ सय ९७ जना महिलाले जिल्ला प्रहरी कार्यालयको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमा कुटपिट, मार्ने धम्की, खाना लाउन नदिएको र घरनिकाला गरिएका २ सय ६३, विवाह दर्ता तथा नागरिकता नबनाई दिएको २९, अर्को पत्नी ल्याएर हेला गरेको पाँच घटना छन्। यीमध्ये प्रहरीले १ सय ७७ ओटामा मिलापत्र गरायो १ सय २० उजुरीमा कानुनी प्रक्रिया अघि बढेको छ।

यो वर्ष महोत्तरी जिल्लामा घरेलु हिंसाका घटनामा एक, बलात्कारका घटनामा सात, बलात्कार प्रयासका घटनामा तीन, बलात्कारपछि हत्याका घटनामा एक, दाइजोजनित हिंसाका घटनामा एक, बहुविवाहका घटनामा १३, बेचबिखन तथा ओसारपसारका घटनामा एक, 'बोक्सी' आरोपका घटनामा दुई र पारिवारिक हत्याका घटनामा तीन जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

अभिलेखित घटनामध्ये बलात्कारका पाँच घटनाका आरोपितलाई जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा पठायो भने एक घटनाका आरोपितलाई धरौटीमा रिहा गऱ्यो। एक घटनाका आरोपित वर्षको अन्त्यसम्म गिरफ्तार भएनन्। बलात्कार प्रयासका तीन घटनाका आरोपितलाई अदालतले पुर्पक्षका लागि थुनामा पठायो। बलात्कारपछि हत्याका एक घटनाका आरोपितलाई अदालतले पुर्पक्षका लागि थुनामा पठायो। दाइजोजनित हिंसाका एक घटनाका आरोपितलाई अदालतले पुर्पक्षका लागि थुनामा पठायो। बहुविवाहका एक घटनाका आरोपितलाई अदालतले पुर्पक्षका लागि थुनामा पठायो भने दुई घटनाका आरोपितलाई धरौटीमा रिहा गऱ्यो। सात घटनाका आरोपित वर्षको अन्त्यसम्म गिरफ्तार भएनन् भने एक घटनाका आरोपित वर्षको अन्त्यसम्मा प्रहरी अनुसन्धानमै रहे। एक घटनाका एक आरोपितलाई अदालतले तोकेको धरौटी रकम बुझाउन नसकेपछि थुनामा पठायो भने अर्का आरोपितलाई धरौटीमा रिह गऱ्यो। एक घटनाका एक आरोपितलाई अदालतले पुर्पक्षका लागि थुनामा पठायो भने अर्का आरोपित वर्षको अन्त्यसम्म गिरफ्तार भएनन्। बेचबिखन तथा ओसारपसारका एक घटनाका आरोपितलाई अदालतले पुर्पक्षका लागि थुनामा पठायो। 'बोक्सी' आरोपका एक घटनाका आरोपितलाई अदालतले पुर्पक्षका लागि थुनामा पठायो। पारिवारिक हत्याका तीन घटनाका आरोपितलाई अदालतले पुर्पक्षका लागि थुनामा पठायो भने एक घटनाका आरोपितलार्य धरौटीमा रिहा गऱ्यो।

बलात्कारपछि हत्या

मटिहानी नगरपालिका-१ धीरापुर बस्ने ४० वर्षीया आमना खातुनलाई ०७९ असोज ७ गते बलात्कार गरी हत्या गरेको आरोपमा प्रहरीले सोही ठाउँका २४ वर्षीय मोजाहिर अन्सारीलाई असोज ९ गते गिरफ्तार गऱ्यो। खातुनलाई आरोपित अन्सारीले बलात्कारपछि पेचकसले घाँटी, छाती र पेटमा घोचेर हत्या गरेको प्रहरीको आरोप छ। उनको शव बाँसघारीमा असोज ७ गते राति १० बजे फेला परेको थियो। शवको पोष्टमार्टम जिल्ला अस्पताल, जलेश्वरमा असोज ८ गते गरिएको छ। आरोपित जिल्ला अदालतको कात्तिक १७ गतेको आदेशले पुर्पक्षको लागि जेल चलान भए। वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएन।

पारिवारिक हत्या

भङ्गहा नगरपालिका-९ कञ्चनवनकी ३५ वर्षीया प्रमिला सदालाई ०७९ साउन २१ गते राति मट्टीतेल खन्याएर आगो लगाई हत्या गरेको आरोपमा प्रहरीले औरही नगरपालिका-८ बस्ने ४० वर्षीय पति शंकर सदालाई नेपाल-भारतको सीमावती क्षेत्रमा पर्ने सम्सी गाउँपालिका-६ स्थित सम्सी-कन्हवा स्थित नेपाल क्षेत्रबाट साउन २५ गते गिरफ्तार गऱ्यो। प्रमिला देवी

र आरोपित शङ्कर सदाबिच घरायसी झै-झगडा भएको निहुँमा भङ्गहा नगरपालिका-९ कञ्चनवनस्थित माइतीघरमा आमासँगै सुतेकी प्रमिलालाई एकै ठाउँमा सुतेकी प्रमिला देवी र सासु ६५ वर्षीया रेशमा देवीमाथि मट्टितले छर्केको आरोप छ। प्रमिलासँगै सुतेकी आमा रेशमादेवी सदाको शरीरको १० प्रतिशत भाग जलेको थियो। घाइते दुवै जनालाई उपचारका लागि काठमाडौँको कीर्तिपुर अस्पतालमा लगिएकोमा प्रमिलाको उपचारको क्रममा साउन ३० गते मृत्यु भयो। रेशमा देवी उपचारपछि घर फर्किइन्। पीडित पक्षले २०७९ साउन २३ गते नै जिल्ला प्रहरी कार्यालयमा उजुरी दर्ता गरायो। आरोपितलाई साउन २५ गते गिरफ्तार गरेकोमा जिल्ला अदालतको कात्तिक १५ गतेको आदेशले पुर्पक्षको लागि थुनामा पठायो। यो वर्षको अन्त्यसम्म फैसला हुन सकेन।

दाइजो तथा घरेलु हिंसा

रामगोपालपुर नपा-५ बस्ने २१ वर्षीया पत्नी नेहा चौधरीलाई असोज २० गते दाइजोका कारण घरेलु हिंसा गरेको आरोपमा प्रहरीले ३५ वर्षीय पति डा. पङ्कज चौधरीलाई मङ्सिर २७ गते गिरफ्तार गऱ्यो। पत्नी नेहाले दाइजो तथा घरेलु हिंसा विरुद्ध दिएको उजुरीको आधारमा आरोपित डा. पङ्कजलाई गिरफ्तार गरेको महोत्तरी जिल्ला प्रहरी कार्यालय, जलेश्वरका डीएसपी सन्तोष पोखरेलले बताए। पीडितले आरोपित विरुद्ध ०७९ असोज २१ गते महोत्तरी जिल्ला अदालतमा घरेलु हिंसा विरुद्ध उजुरी गर्ता गराएकी थिइन् भने मङ्सिर १९ गते सोही अदालतमा दाइजोका विरुद्धमा पनि मुद्दा दायर गरिन्। गत वर्षको फागुनमा नेहा र पङ्कजको सामाजिक परम्परा अनुसार विवाह भएको थियो। विवाहमा नेहाको माइत पक्षले नगद र सुनचाँदी गरी १ करोड २५ लाख रुपियाँ खर्च गरेको नेहाले दावी गर्दै आएकी छिन्। आरोपित पङ्कजले काठमाडौँमा घर किन्न माइतीपक्षलाई दबाब दिन भन्दै कुटपिट तथा यातना दिने गरेको पीडित नेहाको आरोप छ। जिल्ला अदालत, महोत्तरीका न्यायाधीश हरिप्रसाद शर्मा उपाध्यायको इजलासले आरोपितलाई पुस २२ गते पुर्पक्षका लागि थुनामा पठाउन आदेश दियो।

स्वास्थ्य सेवाको अवस्था

जिल्लामा जलेश्वर र बर्दिवास गरी दुई ओटा अस्पताल, पाँच प्राथमिक स्वास्थ्य केन्द्र, १८ स्वास्थ्य चौकी र ५२ उपस्वास्थ्य चौकी छन्। प्रत्येक प्राथमिक स्वास्थ्य केन्द्रमा कम्तीमा एकजना एमबीबीएसको दरबन्दी छ। तर, कुनै पनि प्राथमिक स्वास्थ्य केन्द्रमा एमबीबीएस नियमित जाने गर्दैनन्। जलेश्वर अस्पतालले भेन्टिलेटर सहितको पाँच बेडको आइसीयू सञ्चालनमा ल्याएको छ। प्रदेश सरकारको सामाजिक विकास मन्त्रालयको आर्थिक सहयोगमा पाँच बेडको भेन्टिलेटर सेवा सुरु भएको हो। भेन्टिलेटर राखिए पनि दक्ष जनशक्ति अभावले पूर्ण सेवा प्रवाह हुनेमा अस्पतालले नै आशङ्का गरेको छ।

प्रतिनिधि सभा तथा प्रदेश सभा निर्वाचन २०७९

यस वर्ष सम्पन्न भएको प्रतिनिधि सभा निर्वाचनमा महोत्तरी जिल्लामा ३ लाख ९७ हजार ३० मतदाता मध्ये २ लाख ४७ हजार ६ सय ४९ (६२.३७ प्रतिशत) ले मतदान गरे। यसैगरी प्रदेश सभा तर्फ २ लाख ४७ हजार ४ सय ९३ (६२.३३ प्रतिशत) ले मतदान गरे।

सन् २०२२ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

बाल अधिकार			
घटनाको प्रकार	अनुसन्धान	कानुनी दायरामा ल्याइएका	जम्मा
बलात्कार	९	१५	२४
यौन दुर्व्यवहार		१	१
जम्मा	९	१६	२५

महिला अधिकार			
घटनाको प्रकार	अनुसन्धान	कानुनी दायरामा ल्याइएका	जम्मा
घरेलु हिंसा		१	१
'बोक्सी'को आरोप		१	१
बहुविवाह	४	९	१३
बलात्कार	१	६	७
बलात्कार प्रयास		३	३
बेचबिखन तथा ओसारपसार		१	१
जम्मा	५	२१	२६

मारिएकाको घटना सङ्ख्या		
घटनाको प्रकार	कानुनी दायरामा ल्याइएका	जम्मा
जम्मा	९	९

२.५ सर्लाही



जम्मा जनसङ्ख्या	८,५७,३६०
महिला	४,२३,५७८
प्रतिनिधिसभा निर्वाचन क्षेत्र	४
प्रदेशसभा निर्वाचन क्षेत्र	८
गरिबीको रेखामुनि रहेको सङ्ख्या	१,३५,२६८
कामका लागि बाहिरिएका	२१,४०१
अपाङ्गता भएका	५,५८५
५ वर्षमाथिको साक्षरता प्रतिशत	८५
आश्रित जनसङ्ख्या	३,८६,५७६

यस वर्ष सर्लाही जिल्लामा ज्यादतीका घटनामा अन्यपक्षबाट ३४ जना महिला र २९ जना पुरुष पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा आठ जना बालिका तथा महिला अधिकार उल्लङ्घनका घटनामा २० जना महिला पीडित भए।

कुटपिट

अन्यपक्षबाट

जनता समाजवादी पार्टी नेपालका केन्द्रीय सदस्य तथा सर्लाही क्षेत्र नम्बर १ का प्रतिनिधि सभा सांसद ४८ वर्षीय प्रमोद साहलाई ईश्वरपुर नगरपालिका-६ स्थित ईश्वरपुर बजारमा ०७८ चैत १२ गते आक्रमण गरेको आरोपमा प्रहरीले सोही नगरपालिका-७ का २८ वर्षीय सिकिन्द्र सिंह र ३१ वर्षीय राधेश्याम साहलाई चैत १३ गते गिरफ्तार गऱ्यो। ईश्वरपुर नगरपालिका-५ का ३४ वर्षीय रामनारायण राय यादव र सोही ठाउँका ३२ वर्षीय विकाउ महतोविरूद्ध प्रहरीले अभियोगपत्र दायर गरे पनि वर्षको अन्त्यसम्म गिरफ्तार भएनन्। सांसद साहका टाउकोमा गहिरो चोट लागेको थियो भने उनका अङ्गरक्षक ३५ वर्षीय असई विनोदप्रसाद सामान्य घाइते भए।

ईश्वरपुर नपा-६ स्थित बजारबाट फूलजोर-त्रिभुवननगर सडक-खण्ड विस्तारका क्रममा फूलजोर बाबा युवा क्लबको घर आधा भत्किएको र बाँकी रहेको जग्गामा क्लबकै भवन बनाउने कि बनाउन नदिने भन्ने विषयमा स्थानीय बासिन्दा र सांसदबिच विवाद भएपछि झडप भएको थियो। घाइते साहको प्राथमिक उपचार अमृत हेल्थ केयर, इश्वरपुरमा गरी थप उपचार काठमाडौँमा भयो। असई यादवको उपचार अमृत हेल्थ केयर, ईश्वरपुरमा भयो। आरोपितद्वय जिल्ला अदालतको २०७९ वैशाख १२ गतेको आदेशअनुसार पुर्पक्षका लागि थुनामा छन्। यो वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएन।

कारागार र बन्दी

जिल्ला कारागार जीर्ण भएपछि करिब ११ वर्षदेखि यहाँका कैदीबन्दीलाई सुनसरी, रौतहट, सिन्धुली जिल्लाका कारागारामा पठाउने गरिएको छ। २ सय ५० पुरुष र १ सय ५० महिलाको क्षमता रहने गरी नयाँ भवन निर्माण भइरहेको सहायक प्रमुख जिल्ला अधिकारी हरिप्रसाद अधिकारीले बताए।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत

६ जना न्यायाधीश रहेको जिल्ला अदालतबाट यो वर्ष फौजदारी मुद्दातर्फ १ हजार १ साय ७ थान मध्ये ३ सय ९० थान मुद्दा फैसला भए। देवानी मुद्दातर्फ २ हजार ४ सय २५ थान मध्ये ९ सय ५६ थान मुद्दा फैसला भए। यस अदालतमा दुई वर्ष नाघेका फौजदारी मुद्दा ८ सय ९८ थान र देवानी मुद्दा १ हजार ६ सय ९० थान बाँकी छन्।

बाल अधिकार

शिक्षाको अवस्था

जिल्लामा ४ सय ५५ आधारभूत र १ सय १३ माध्यमिक विद्यालय छन्। यस वर्ष २२ हजार १ सय ३६ बालक र १९ हजार ७ सय ८४ जना बालिका गरी ४१ हजार ९ सय २० जना बाल बालिका विद्यालय भर्ना भए। जसमा अपाङ्गता भएका १ सय ७४ बालिका र ९७ जना बालक छन्। जिल्लामा अपाङ्गतामैत्री विद्यालय ६ ओटा छन्। द्वन्द्वपीडित परिवारका २ सय २८ जना बालबालिकाले छात्रवृत्ति पाएका छन्। यस वर्ष जिल्लाभर २ साय २२ दलित बालक र २ सय ५ दलित बालिका विद्यालय भर्ना भए। वैदेशिक रोजगारीमा गएर मृत्यु भएका परिवारका ३४ जना, शहीद परिवारका १२ जना र द्वन्द्वपीडित परिवारका २९ जना बालबालिकाले छात्रवृत्ति पाए।

यस वर्ष सर्लाही जिल्लामा बलात्कारका घटनामा आठ जना बालिका पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

अभिलेखित घटनामध्ये बलात्कारका ६ घटनाका आरोपितहरूलाई जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा पठायो भने एक घटनाका आरोपितलाई कैद तथा जरिबानको फैसला सुनायो। एक घटनाका आरोपित वर्षको अन्त्यसम्म गिरफ्तार भएनन्।

घटनाको प्रकार		अन्यपक्षबाट		
		महिला	पुरुष	जम्मा
कुटपिट		३	३०	३३
घाइते			४	४
हत्या		४	५	९
बाल अधिकार	बलात्कार	८		८
	जम्मा	८		८
महिला अधिकार	घरेलु हिंसा	३		३
	'बोक्सी'को आरोप	३		३
	बहुविवाह	४		४
	बलात्कार	१		१
	बलात्कार प्रयास	८		८
	यौन दुर्व्यवहार	३		३
	जम्मा	३०		३०
कूल जम्मा		३४	३९	६३

बलात्कार, यौन दुर्व्यवहार

नौ वर्षीया बालिकालाई ०७८ माघ १८ गते बलात्कार गरेको आरोपमा प्रहरीले लालबन्दी नगरपालिका-८ का २२ वर्षीय सोमबहादुर गोलेलाई माघ २३ गते गिरफ्तार गऱ्यो। पीडितका अभिभावकले इलाका प्रहरी कार्यालय, लालबन्दीमा माघ २० गते उजुरी दिए। पीडितको स्वास्थ्य परीक्षण माघ २० गते सर्लाही जिल्ला अस्पताल मलङ्गवामा गरिएको डा. नवलकिशोर झाले बताए। सर्लाही जिल्ला अदालतका न्यायाधीश श्री कविप्रसाद न्यौपानेको ०७९ भदौ २० गतेको इजलासले आरोपितलाई आठ वर्ष कैद र १ लाख ५० हजार रुपियाँ जरिबाना गर्ने फैसला गरेको जिल्ला अदालतका स्रेस्तेदार विश्वनाथ आर्यालले जानकारी दिए।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

घरेलु हिंसा पीडित भएको भन्दै जिल्ला प्रहरी कार्यालयको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा २ सय ३३ ओटा उजुरी दर्ता भए। जसमध्ये १ सय १५ ओटा उजुरीको मिलापत्र भयो भने ५४ उजुरीकर्ता सम्पर्कमा आएनन्। ६४ ओटा उजुरी प्रक्रियामा रहेको जिल्ला प्रहरी कार्यालय महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रकी इन्स्पेक्टर सङ्गीता पाण्डेले बताइन्।

यो वर्ष सर्लाही जिल्लामा घरेलु हिंसाका घटनामा तीन, बलात्कारका घटनामा एक, बलात्कार

प्रयासका घटनामा आठ, यौन दुर्व्यवहारका घटनामा दुई, बहुविवाहका घटनामा चार, 'बोक्सी' आरोपका घटनामा दुई, दाइजोजनित हिंसाका घटनामा एक र पारिवारिक हत्याका घटनामा दुई जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

अभिलेखित घटनामध्ये बलात्कारका एक घटनाका आरोपितलाई जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा पठायो। यौन दुर्व्यवहारको दुई घटनाका आरोपित वर्षको अन्त्यसम्म गिरफ्तार भएनन्। बलात्कार प्रयासका तीन घटनाका आरोपितलाई अदालतले पुर्पक्षका लागि थुनामा पठायो भने चार घटनाका आरोपित वर्षको अन्त्यसम्म गिरफ्तार भएनन्। बहुविवाहका चार घटनाका आरोपित वर्षको अन्त्यसम्मा गिरफ्तार भएनन्। 'बोक्सी'को आरोपका दुई घटनाका आरोपितलाई अदालतले पुर्पक्षका लागि थुनामा पठयो। दाइजोजनित हिंसाका एक घटनाका आरोपित वर्षको अन्त्यसम्म गिरफ्तार भएनन्। पारिवारिक हत्याका एक घटनाका आरोपितलाई अदालतले पुर्पक्षका लागि थुनामा पठायो भने एक घटनाका आरोपित वर्षको अन्त्यसम्म प्रहरी अनुसन्धानमा रहे।

पारिवारिक हत्या

पर्सा गाउँपालिका-१ सितलपुर टोलकी २१ वर्षीया निशा यादवलाई हत्या गरी धानखेतमा गाडेको आरोपमा प्रहरीले २६ वर्षीय पति बालदत्त भनिने राजेशकुमार राय, ४६ वर्षीय ससुरा रामप्रताप राय र २३ वर्षीय देवर राजु यादवलाई साउन ६ गते गिरफ्तार गऱ्यो। २०७९ जेठ २२ गतेबाट सम्पर्कबिहीन भएकी निशा यादवको शव साउन ६ गते धान खेतमा गाडेको अवस्थामा फेला परेको जिल्ला प्रहरी कार्यालय, सर्लाहीले जनायो। जेठ २३ गते निशाका बुबा रामकैलाश राय यादवले छोरी बेपत्ता भएको भन्दै खोजतलास गरी पाउँ भनी जिल्ला प्रहरी कार्यालयमा हुलिया सहितको निवेदन दिएका थिए। शवको पोष्टमार्टम साउन ६ गते प्रादेशिक अस्पताल, मलङ्गवामा भयो। प्रहरीले आरोपितहरूलाई साउन ११ गते जिल्ला अदालतबाट म्याद थप गरी भदौ ७ गते जिल्ला अदालत पेश गरेकोमा अदालतको आदेश अनुसार आरोपितहरू भदौ ७ गतेदेखि पुर्पक्षका लागि थुनामा छन्। यो वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएन।

दाइजो कम ल्याएको आरोपमा कुटपिट

भारतको सितामढी जिल्ला पुनौरा ग्रामा-६ माइती भएकी २१ वर्षीया सविताकुमारी महतोलाई दाइजोमा मोटरसाइकल र १ लाख रुपियाँ नगद नदिएको भन्दै ०७८ फागुन ११ गते कुटपिट गरेको आरोपमा पीडित पक्षले कौडेना गाउँपालिका-५ मोतिपुरका २३ वर्षीय पति राजेन्द्र महतोविरुद्ध जिल्ला प्रहरी कार्यालय मलङ्गवामा फागुन १८ गते उजुरी दियो। कुटपिटका कारण पीडित महिलाको दाहिने हात भाँचिएको र बाँया गोडामा चोट लागेको थियो। पीडितलाई थप उपचारका लागि भारतको सीतामढी लगिएको पीडित पक्षले जनायो। विवाहमा २ लाख रुपियाँ र एक तोला दिएको भए पनि छोरीमाथि कुटपिट गर्ने गरेको भन्दै छोरीले दु:खेसो पोख्ने गरेको पीडितका बाबु रामकुमार महतोले बताए। लिखित उजुरी पश्चात आरोपित पति र ससुरा फरार रहेको जिल्ला प्रहरी कार्यालय, मलङ्गवाका डिएसपी माधवप्रसाद बुढाथोकीले जानकारी दिए।

स्वास्थ्य सेवाको अवस्था

जिल्लामा एक सरकारी अस्पताल, २२ सामुदायिक अस्पताल, १ सय ६ स्वास्थ्य चौकी र २० नगर स्वास्थ्य केन्द्र छन्। सदरमुकामस्थित सरकारी अस्पतालमा चार जना विशेषज्ञको दरबन्दीमा दुई रिक्त छन्। ५९ जना स्वास्थ्यकर्मीको दरबन्दीमा १९ रिक्त छन्।

प्रतिनिधि सभा तथा प्रदेश सभा निर्वाचन २०७९

यस वर्ष सम्पन्न भएको प्रतिनिधि सभा निर्वाचनमा सर्लाही जिल्लामा ४ लाख ७९ हजार ३८ मतदाता मध्ये ३ लाख ३ हजार ३ सय ३२ (६३.३२ प्रतिशत) ले मतदान गरे। यसैगरी प्रदेश सभा तर्फ ३ लाख २ हजार ८ सय ८ (६३.२१ प्रतिशत) ले मतदान गरे।

सन् २०२२ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

बाल अधिकार			
घटनाको प्रकार	मुद्दा टुङ्गिएका	कानुनी दायरामा ल्याइएका	जम्मा
बलात्कार	२	६	८

महिला अधिकार				
घटनाको प्रकार	मेलमिलाप	अनुसन्धान	कानुनी दायरामा ल्याइएका	जम्मा
घरेलु हिंसा	२		१	३
'बोक्सी'को आरोप			२	२
बहुविवाह		४		४
बलात्कार			१	१
बलात्कार प्रयास		५	३	८
यौन दुर्व्यवहार		२		२
जम्मा	२	११	७	२०

मारिएकाको घटना सङ्ख्या			
घटनाको प्रकार	अनुसन्धान	कानुनी दायरामा ल्याइएका	जम्मा
बलात्कार	४	५	९

२.६ रौतहट



जम्मा जनसङ्ख्या	८,२५,६२३
महिला	४,०५,७५५
प्रतिनिधिसभा निर्वाचन क्षेत्र	४
प्रदेशसभा निर्वाचन क्षेत्र	८
गरिबीको रेखामुनि रहेको सङ्ख्या	२,२७,०००
कामका लागि बाहिरिएका	५,३३१
अपाङ्गता भएका	८,६५८
५ वर्षमाथिको साक्षरता प्रतिशत	४७
आश्रित जनसङ्ख्या	२,६४,७५१

यस वर्ष रौतहट जिल्लामा ज्यादतीका घटनामा अन्यपक्षबाट ६६ जना महिला र १३ जना पुरुष पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा ३४ जना बालिका तथा महिला अधिकार उल्लङ्घनका घटनामा २२ जना महिला पीडित भए।

कारागार र बन्दी

कारागारको क्षमता २० महिला र १ सय ५५ पुरुषको रहेको छ। कारागारमा १४ महिला र ३ सय ७३ जना पुरुष गरी ३ सय ८७ जना कैदीबन्दी छन्। कैदीबन्दीको नियमित स्वास्थ्य जाँचका लागि एक जना स्वास्थ्यकर्मीको दरबन्दी रहेकोमा कार्यरत छन्। कारागारमा १० जना पुरुष ज्येष्ठ नागरिक रहेको जिल्ला कारागार प्रमुख शम्भुप्रसाद यादवले बताए।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत

आठ जना न्यायाधीश दरबन्दी रहेको जिल्ला अदालतमा एक जना न्यायाधशीको दरबन्दी रिक्त रहेको छ। यो वर्ष फौजदारी मुद्दातर्फ १ हजार ६ सय ९७ थानमध्ये २ सय १३ थान मुद्दा फैसला भए। देवानी मुद्दातर्फ ३ हजार ७ सय ४४ थानमध्ये ६ सय ६८ थान मुद्दा फैसला भए। यस अदालतमा दुई वर्ष नाघेका फौजदारी मुद्दा ३ सय ५५ थान र देवानी मुद्दा ६ सय ४२ थान बाँकी छन्।

बाल अधिकार

शिक्षाको अवस्था

जिल्लामा ३ सय २५ आधारभूत र १ सय २६ माध्यमिक विद्यालय छन्। ३ हजार १ सय ५० शिक्षक

दरबन्दी रहेकामा १ हजार १ सय ३० ओटा दरबन्दी मिलान हुन बाँकी रहेको छ। यस वर्ष २० हजार ८ सय ५८ बालक र १२ हजार २ सय ५७ जना बालिका विद्यालय भर्ना भए। जसमा अपाङ्गता भएका ३७ बालिका र ६१ बालक छन्। जिल्लामा अपाङ्गतामैत्री विद्यालय ११ ओटा छन्। यस वर्ष जिल्लाभर ५ सय ५२ दलित बालक र २ सय ९६ दलित बालिका विद्यालय भर्ना भए। वैदेशिक रोजगारीमा गएर मृत्यु भएका परिवारका तीन जना र शहीद परिवारका दुई जना र द्वन्द्वपीडित परिवारका १ सय ४ जना बालबालिकाले छात्रवृत्ति पाए।

यस वर्ष रौतहट जिल्लामा यौन दुर्व्यवहारका घटनामा चार र बलात्कारका घटनामा ३० जना बालिका पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

अभिलेखित घटनामध्ये बलात्कारका ११ घटनाका आरोपितहरूलाई जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा पठायो भने एक घटनाका आरोपितलाई बाल सुधार गृहमा पठायो। १३ घटनाका आरोपित वर्षको अन्त्यसम्म गिरफ्तार भएनन्। एक घटनाका आरोपितलाई अदालतले अभिभावको जिम्मा लगायो भने एक घटनाका एक आरोपितलाई धरौटीमा रिहा गऱ्यो र अर्का आरोपित वर्षको अन्त्यसम्म गिरफ्तार भएनन्। एक घटनाका एक आरोपितलाई अदालतले पुर्पक्षका लागि थुनामा पठायो, एक आरोपितलाई धरौटीमा रिहा गऱ्यो र चार आरोपित वर्षको अन्त्यसम्म गिरफ्तार भएनन्। दुई घटनाका आरोपित वर्षको अन्त्यसम्म प्रहरी अनुसन्धानमै रहे। यौन दुर्व्यवहारका दुई घटनाका आरोपित अदालतले पुर्पक्षका लागि थुनामा पठायो। दुई घटनाका आरोपित वर्षको अन्त्यसम्म गिरफ्तार भएनन्।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यस वर्ष घरेलु हिंसा पीडित भन्दै ६ सय ८५ जना महिलाले जिल्ला प्रहरी कार्यालयको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमा कुटपिट गरी घर निकाला गरिएका १ सय ६९, खानलाउन नदिएका ४४, सामान्य घरायसी झगडाका ३ सय ९८ र अन्य ७४ ओटा छन्। यी मध्ये प्रहरीले २ सय ३१ ओटामा मिलापत्र गरायो भने ४ सय ३५ ओटा उजुरी कारबाही प्रक्रियामा रहेको र १९ ओटा सम्बन्धित निकायमा पठाइएको सेवा केन्द्रले जनायो।

यो वर्ष रौतहट जिल्लामा घरेलु हिंसाका घटनामा एक, बलात्कारका घटनामा १०, बलात्कार प्रयासका घटनामा एक, बहुविवाहका घटनामा नौ, 'बोक्सी' को आरोपका घटनामा एक, दाइजोको कारणले भएका हत्याका घटनामा एक र हिंसाका एक तथा पारिवारिक हत्याका घटनामा दुई जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

घटनाको प्रकार		अन्यपक्षबाट		
		महिला	पुरुष	जम्मा
अपहरण		४		४
कुटपिट		१	१०	११
हत्या		५	३	८
बाल अधिकार	बलात्कार	३०		३०
	यौन दुर्व्यवहार	४		४
	जम्मा	३४		३४
महिला अधिकार	घरेलु हिंसा	१		१
	'बोक्सी'को आरोप	१		१
	बहुविवाह	९		९
	बलात्कार	१०		१०
	बलात्कार प्रयास	१		१
	जम्मा	३३		३३
कूल जम्मा		६६	१३	७९

अभिलेखित घटनामध्ये बलात्कारका पाँच घटनाका आरोपितलाई जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा पठायो भने एक घटनाका आरोपितलाई धरौटीमा रिहा गऱ्यो। चार घटनाका आरोपित वर्षको अन्त्यसम्म गिरफ्तार भएनन्। बलात्कार प्रयासका एक घटनाका आरोपितलाई अदालतले पुर्पक्षका लागि थुनामा पठायो। 'बोक्सी'को एक घटनाका आरोपित वर्षको अन्त्यसम्म प्रहरी अनुसन्धानमै रहे। बहुविवाहका दुई घटनाका आरोपित वर्षको अन्त्यसम्म गिरफ्तार भएनन्। एक घटनाका आरोपितलाई अदालतले तोकेको धरौटी रकम बुझाउन नसकेपछि थुनामा पठायो। दुई घटनाका दुई आरोपितलाई अदालतले धरौटीमा रिहा गऱ्यो भने दुई आरोपित वर्षको अन्त्यसम्म गिरफ्तार भएनन्। एक घटनाका एक आरोपितलाई अदालतले पुर्पक्षका लागि थुनामा पठायो भने एक आरोपितलाई धरौटीमा रिहा गऱ्यो। तीन घटनाका आरोपितलाई अदालतले धरौटीमा रिहा गऱ्यो। दाइजोको कारणले भएका हत्याका एक घटनाका एक आरोपितलाई अदालतले पुर्पक्षका लागि थुनामा पठायो भने एक आरोपितलाई धरौटीमा रिहा गऱ्यो। दाइजोजनित

हिंसाका एक घटनाका एक आरोपितलाई अदाललते धरौटीमा रिहा गऱ्यो भने चार आरोपित वर्षको अन्त्यसम्म गिरफ्तार भएनन्। पारिवारिक हत्याका एक घटनाका आरोपितलाई अदालतले पुर्पक्षका लागि थुनामा पठायो भने एक घटनाका आरोपित वर्षको अन्त्यसम्म गिरफ्तार भएनन्।

दाइजोका कारण हत्या

बृन्द्रावन नगरपालिका-६ सिसवा धमौराकी २० वर्षीया सविता भनिने सन्जुकुमारी दासको ०७९ साउन २ गते दाइजोका कारण परिवारले हत्या गरेको आरोपमा पीडितका बुबा रामचन्द्र दास तत्माले साउन १० गते इलाका प्रहरी कार्यालय, गरुडामा उजुरी दिएको डिएसपी बरुणबहादुर सिंहले बताए। कटहरिया नगरपालिका-५ बलिरामपुरकी सन्जुकुमारी दास र बृन्द्रावन नगरपालिका-६ का रमाकान्त दासबीच एक महिना अगाडिमात्र विवाह भएको थियो। विवाहलगत्तै दाइजो पीडित र माइतीपक्षलाई मानसिक तनाव दिने गरेको आरोप पीडित पक्षको रहेको छ। साउन २ गते राती आरोपितले पीडितकी दाजुलाई फोन गरेर तपाईंकी बहिनीको मृत्यु भयो भनी फोन काटेका थिए। सो सूचना लगत्तै माइतीपक्ष घटनास्थल पुगेका थिए। माइती पक्षले मृतकको ससुरा ५० वर्षीया चन्देश्वर दास, ४५ वर्षीया सासु शिवादेवी, १७ वर्षीया देवर उमाकान्त दास, १९ वर्षीया नन्द रञ्जना दास, ५५ वर्षीया ठूला ससुरा बिन्देश्वर दासविरुद्ध किटानी जाहेरी दिएका थिए। शवको पोष्टमार्टम साउन ३ गते शिक्षण अस्पताल, काठमाडौँमा भयो। मृतकका सासु शिवादेवी दास र पति रामाकान्त दासलाई प्रहरीले ०७९ साउन १० गते गिरफ्तार गऱ्यो। जिल्ला अदालतको ०७९ भदौ ७ गतेको आदेशले आरोपितहरू मध्ये सासू शिवादेवीलाई पुर्पक्षको लागि थुनामा पठाउने आदेश भयो भने पति १ लाख रुपियाँ धरौटी तारेखमा रिहा भए। यो वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएन। घटनाका अन्य आरोपित यस वर्षको अन्त्यसम्म फरार छन्।

पारिवारिक हत्या

फतुवाबिजयपुर नगरपालिका-११ भैंसेही टोलकी २६ वर्षीया आरती सहनीलाई पति ५५ वर्षीय रामदेव मुखियाले ०७८ माघ २९ गते हत्या गरेको आरोपमा इलाका प्रहरी कार्यालय, लक्ष्मनियाले ०७८ फागुन २ गते कर्तव्य ज्यानसम्बन्धी मुद्दा दर्ता गरेको इन्स्पेक्टर विष्णु विकले बताए। प्रहरी प्रतिवेदनमा मृतकलाई आरोपितले घाँटी थिची हत्या गरेको र सो घटना लुकाउन नजिकैको लालबकैया नदीमा अन्तिम संस्कार गर्न लैजाँदै गर्दा प्रहरीले शव तथा आरोपितलाई नियन्त्रणमा लिएको थियो। शवको पोष्टमार्टम प्रादेशिक अस्पताल, गौरमा ०७८ फागुन २ गते भयो। प्रहरी प्रतिवेदनको आधारमा जिल्ला सरकारी वकिल कार्यालयले ०७८ फागुन २५ गते मुद्दा अदालतमा पेस गऱ्यो। जिल्ला अदालतका न्यायाधीश केशव बरालको फागुन २५ गतेको इजलासले आरोपितलाई थुनामा पठायो। यो वर्षको अन्त्यसम्म मुद्दाको फैसला नभएको जिल्ला अदालतका स्रेस्तेदार सुशील यादवले बताए।

स्वास्थ्य सेवाको अवस्था

जिल्लामा दुई सरकारी अस्पताल, १ सय १९ स्वास्थ्य चौकी, चार प्राथमिक स्वास्थ्य केन्द्र, एक नगर स्वास्थ्य केन्द्र छन्। सदरमुकामस्थित सरकारी अस्पतालमा नौ जना विशेषज्ञको दरबन्दीमा ६ जनाको दरबन्दी रिक्त छ। ४२ जना स्वास्थ्यकर्मीको दरबन्दीमा २७ खाली, दुई जना विदा र १३ कार्यरत छन्। २०७७ मङ्सिर १५ गते शिलान्यास भएका एक अस्पतालमध्ये एकको निर्माण कार्य पूरा भएको छ।

प्रतिनिधि सभा तथा प्रदेश सभा निर्वाचन २०७९

यस वर्ष सम्पन्न भएको प्रतिनिधि सभा निर्वाचनमा रौतहट जिल्लामा ४ लाख १५ हजार ४ सय ५५ मतदाता मध्ये २ लाख ८२ हजार ४ सय ३० (६७.९८ प्रतिशत) ले मतदान गरे। यसैगरी प्रदेश सभा तर्फ २ लाख ८१ हजार ७ सय ६९ (६७.८२ प्रतिशत) ले मतदान गरे।

सन् २०२२ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

बाल अधिकार			
घटनाको प्रकार	अनुसन्धान	कानुनी दायरामा ल्याइएका	जम्मा
बलात्कार	१४	१५	२९
यौन दुर्व्यवहार	२	२	४
बलात्कार	१६	१७	३३

महिला अधिकार			
घटनाको प्रकार	अनुसन्धान	कानुनी दायरामा ल्याइएका	जम्मा
घरेलु हिंसा		१	१
'बोक्सी'को आरोप	१		१
बहुविवाह	१	८	९
बलात्कार	३	७	१०
बलात्कार प्रयास		१	१
जम्मा	५	१७	२२

मारिएकाको घटना सङ्ख्या			
घटनाको प्रकार	अनुसन्धान	कानुनी दायरामा ल्याइएका	जम्मा
हत्या	२	६	८

२.७ बारा

जम्मा जनसङ्ख्या	७,४३,९७५
महिला	३,६३,७८३
प्रतिनिधिसभा निर्वाचन क्षेत्र	४
प्रदेशसभा निर्वाचन क्षेत्र	८
गरिबीको रेखामुनि रहेको सङ्ख्या	२,०३,४८४
कामका लागि बाहिरिएका	१२,५३०
अपाङ्गता भएका	११,६४९
५ वर्षमाथिको साक्षरता प्रतिशत	५२
आश्रित जनसङ्ख्या	३,४३,९५७



यस वर्ष बारा जिल्लामा मानव अधिकार उल्लङ्घनका घटनामा राज्यपक्षबाट एक जना पुरुष तथा ज्यादतीका घटनामा अन्यपक्षबाट ६८ जना महिला र १८ जना पुरुष पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा ३६ जना बालिका तथा महिला अधिकार उल्लङ्घनका घटनामा २२ जना महिला पीडित भए।

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रूपले बाँच्न पाउने अधिकार

गोली प्रहार/मृत्यु

राज्यपक्षबाट

भारत बिहार मोतिहारी जिल्लाको घोडासहान ग्रामपञ्चायतका ३५ वर्षीय लखिन्द्र महतो कहारको २०७८ फागुन ११ गते बेलुका सिमरौनगढ नगरपालिका-२ मौवाही टोलको बनकट्टीचौरमा नेपालबाट भारततर्फ गाँजा लिएर जादै गरेको अवस्थामा प्रहरीले चलाएको गोलीबाट मृत्यु भयो। प्रहरीले सो क्रममा पिप्रा ग्रामपञ्चायतका ४० वर्षीय हृदेश गिरीलाई गिरफ्तार गऱ्यो। प्रहरीसँग भएको दोहोरो झडपका क्रममा प्रहरीको गोली लागेका पीडितलाई उपचारका लागि कलैयातर्फ लैजादै गर्दा बाटोमा मृत्यु भएको इलाका प्रहरी कार्यालय, सिमरौनगढका इन्स्पेक्टर दीपक सुवेदीले बताए। शवको पोष्टमार्टम प्रदेशिक अस्पताल, कलैयामा भयो। मृतक आफन्तजनले भदौ १३ गते शव बुझेर लगेको इन्सपेक्टर सुवेदीले बताए।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत

सात जना न्यायाधीश दरबन्दी रहेको जिल्ला अदालतमा एक जना न्यायाधशीको दरबन्दी रिक्त रहेको छ। यो वर्ष फौजदारी मुद्दातर्फ १ हजार ७ सय ५४ थानमध्ये ३ सय ८१ थान मुद्दा फैसला भए। देवानी मुद्दातर्फ ४ हजार ३ सय ५० थानमध्ये १ हजार ३ सय ३५ थान मुद्दा फैसला भए। यस अदालतमा दुई वर्ष नाघेका फौजदारी मुद्दा २ सय ५४ थान र देवानी मुद्दा ५ सय ८९ थान बाँकी छन्।

घटनाको प्रकार		राज्यपक्षबाट		अन्यपक्षबाट		
		पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
अपहरण				१	३	३
कुटपिट					८	८
घाइते				१		१
हत्या		१	१	८	८	१६
बाल अधिकार	बलात्कार			३३		३३
	यौन दुर्व्यवहार			३		३
	जम्मा			३६		३६
महिला अधिकार	घरेलु हिंसा			३		३
	बहुविवाह			६		६
	बलात्कार			१०		१०
	बलात्कार प्रयास			४		४
	जम्मा			३३		३३
कूल जम्मा		१	१	६८	१८	८६

बाल अधिकार

शिक्षाको अवस्था

जिल्लामा ५ सय २३ आधारभूत र ७५ माध्यमिक विद्यालय छन्। २ हजार ३ सय ४१ शिक्षक दरबन्दी रहेकामा १ हजार ६ सय २३ ओटा दरबन्दी मिलान हुन बाँकी छ। यस वर्ष २० हजार ९ सय २० बालक र २१ हजार ५ सय जना बालिका विद्यालय भर्ना भए। जिल्लामा अपाङ्गतामैत्री विद्यालय ६० ओटा छन्। द्वन्द्वपीडित परिवारका १२ जना बालबालिकाले छात्रवृत्ति पाए। शहीद परिवारका १२ जना र द्वन्द्वपीडित परिवारका १६ जना बालबालिकाले छात्रवृत्ति पाए।

यस वर्ष बारा जिल्लामा यौन दुर्व्यवहारका घटनामा तीन र बलात्कारका घटनामा ३३ जना बालिका पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

अभिलेखित घटनामध्ये बलात्कारका १६ घटनाका आरोपितहरूलाई जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा पठायो भने तीन घटनाका आरोपितलाई बाल सुधार गृहमा पठायो। १४ घटनाका आरोपित वर्षको अन्त्यसम्म गिरफ्तार भएनन्। यौन दुर्व्यवहारका एक घटनाका आरोपित वर्षका अन्त्यसम्म गिरफ्तार भएनन्। एक घटनाका एक आरोपितलाई अदालतले बाल सुधार गृह पठायो भने दुई आरोपित वर्षको अन्त्यसम्म गिरफ्तार भएनन्।

बलात्कारपछि हत्या

आदर्शकोतवाल गाउँपालिका-७ कोत्वाली टोलकी नौ वर्षीया बालिकाको ०७८ पुस २७ गते अदर्शकोतवाल गाउँपालिका-८ कोत्वाली टोलकी ४० वर्षीया शान्तिदेवीको सहयोगमा सोही ठाउँका २० वर्षीय सन्तोष साह कानुले बलात्कार गरी हत्या गरेको आरोपमा पीडित पक्षले पुस २७ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आदर्शकोतवाल गाउँपालिका-७ कोत्वाली टोलकी बालिका साथीहरूसँग बाखा चराउन जाँदा पानी खान सन्तोष साह कानुको कुखुरा फारममा गएकी थिइन्। सोही समयमा आरोपितले बलात्कार गरेको र हल्ला हुने डरले बालिकाको हत्या गरेको पीडित परिवारको आरोप छ। पीडितको शव आदर्श कोतवाल गाउँपालिका-७ जमुनी खोलाको किनारमा फेला परेको थियो। आरोपित सन्तोष साह कानुलाई पुस ३० गते र शान्तिदेवीलाई माघ १ गते प्रहरीले सोही टोलबाट गिरफ्तार गऱ्यो। शवको पोष्टमार्टम पुस २७ गते कलैया अस्पतालमा गरियो। माघ २७ गते जिल्ला अदालतको आदेशमा दुवै जना १ लाख ५० हजार रुपियाँ धरौटीमा रिहा भए। वर्षको अन्त्यसम्म मुद्दा फैसला भएको छैन।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यो वर्ष घरेलु हिंसा पीडित भन्दै ९ सय २७ जना महिलाले जिल्ला प्रहरी कार्यालयको महिला तथा बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमा कुटपिट गरी घरनिकाला गरिएका ५२, खानलाउन नदिएका १ सय ९, विवाह दर्ता, जन्मदर्ता र नागरिकता नबनाएका १ सय २२ र सामान्य घरायसी झगडाका ६ सय ४४ उजुरी छन्।

यी मध्ये प्रहरीले ६ सय ८० ओटामा मिलापत्र गरायो भने २ सय ४७ ओटा उजुरी कारबाही प्रक्रियामा रहेको जिल्ला प्रहरी कार्यालयका एसपी होविन्द्र बोगटीले बताए।

यो वर्ष बारा जिल्लामा घरेलु हिंसाका घटनामा दुई, बलात्कारका घटनामा १०, बलात्कार प्रयासका घटनामा चार, बहुविवाहका घटनामा ६, एसिड प्रहारका घटनामा एक र पारिवारिक हत्याका घटनामा तीन जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

अभिलेखित घटनामध्ये बलात्कारका चार घटनाका आरोपितलाई जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा पठायो भने एक घटनाका आरोपितलाई बाल सुधार गृह पठायो। एक घटनाका आरोपित वर्षको अन्त्यसम्म गिरफ्तार भएनन्। एक घटनाका दुई आरोपितलाई अदालतले बाल सुधार गृह पठायो भने चार आरोपित वर्षको अन्त्यसम्म गिरफ्तार भएनन्। बलात्कार प्रयासका तीन घटनाका आरोपितलाई अदालतले पुर्पक्षका लागि थुनामा पठायो भने तीन आरोपित वर्षको अन्त्यसम्म गिरफ्तार भएनन्। एक घटनाका आरोपित वर्षको अन्त्यसम्म प्रहरी अनुसन्धानमै रहे। बहुविवाहका दुई घटनाका आरोपित वर्षको अन्त्यसम्म गिरफ्तार भएनन्। एक घटनाका आरोपितलाई अदालतले सफाइ दियो। एसिड प्रहारका एक घटनाका आरोपित वर्षको अन्त्यसम्म गिरफ्तार भएनन्। पारिवारिक हत्याका तीन घटनाका आरोपितलाई अदालतले पुर्पक्षका लागि थुनामा पठायो।

पारिवारिक हत्या

प्रसौनी गाउँपालिका-७ प्रस्टोका टोलकी २६ वर्षीया पत्नी सुजाताकुमारी चौधरी, १६ महिनाको छोरा राजबिर चौधरी र चार महिनाकी छोरी ताहिरा चौधरीको २०७९ असोज २६ गते हत्या गरी बोरामा हालेर घरनजिकै खेतमा फालेको आरोपमा पीडित पक्षले असोज २७ गते जिल्ला प्रहरी कार्यालयमा सुजाताका २७ वर्षीय पति दीपेन्द्र चौधरीविरुद्ध उजुरी दियो। आरोपितलाई प्रहरीले असोज २६ गते घरैबाट गिरफ्तार गऱ्यो। आरोपितलाई प्रहरीले नेशनल मेडिकल कलेजमा कात्तिक २५ गतेसम्म उपचार गराएर प्रहरी हिरासतमा राख्यो। उपचार गराउने ल्याउने सिलसिलाका कारण वर्षको अन्त्यसम्म आरोपित प्रहरी अनुसन्धानमा नै रहे। शवको पोष्टमार्टम प्रादेशिक अस्पताल कलैयामा असोज २७ गते भयो। शवको सदगद असोज २७ गते भयो।

एसिड प्रहारबाट घाइते

पर्सा जिल्ला बीरगञ्ज महानगरपालिका-१३ श्रीपुर टोलकी २८ वर्षीया सीता पटेल ०७९ चैत ११ गते माइतीघर कलैया उपमहानगरपालिका-२३ कोइरिया टोल आउँदा माइतीनजिक मोटरसाइकलमा आएका ५० वर्षीय ससुरा हवारी साह र ३२ वर्षीय जेठाजु रामबाबु साहले शरीरमा एसिड छ्यापेर घाइते बनाए। पीडितलाई घरायसी विषयमा विवाद गर्दै गाली गरेकाले माइतीघर आउँदा मोटरसाइकलबाट पिछा गरेर आएका आरोपितद्वयले एसिड प्रहार गरेको पीडितको आरोप छ। एसिड प्रहारका कारण पीडित महिलाको अनुहार, छाती, हातगोडा लगायत शरीरका विभिन्न अङ्ग जल्यो। घाइते महिलालाई प्रादेशिक अस्पताल कलैयामा प्राथमिक उपचार गरेको अस्पतालका मेडिकल सुपरिटेण्डेण्ट गौरव महतोले बताए। थप उपचार नारायणी उपक्षेत्रीय अस्पताल बीरगंजमा चैत १८ गतेसम्म भयो। माइती पक्षले जिल्ला प्रहरी कार्यालय बारामा चैत ११ गते आरोपितविरुद्ध उजुरी दियो। आरोपित यो वर्षको अन्त्यसम्म गिरफ्तार भएनन्।

स्वास्थ्य सेवाको अवस्था

जिल्लामा दुई सरकारी अस्पताल, तीन सामुदायिक अस्पताल, १ सय ४३ स्वास्थ्य चौकी, प्राथमिक स्वास्थ्य केन्द्र, नौ नगर स्वास्थ्य केन्द्र छन्। सदरमुकामस्थित सरकारी अस्पतालमा नौ जना विशेषज्ञको दरबन्दीमा तीन जनाको दरबन्दी रिक्त छ। १ सय १३ जना स्वास्थ्यकर्मीको दरबन्दीमा १ सय १३ कार्यरत छन्। जिल्लामा १७ हजार ७ सय ८२ जनाले बीमा गराएर सेवा लिइरहेका छन्। ज्येष्ठ नागरिकका लागि निःशुल्क बीमा कार्यक्रममा पनि १७ हजार ६७ जनाको बीमा गरिएको छ। २०७७ मङ्सिर १५ गते शिलान्यास भएका १६ अस्पतालमध्ये एउटाको पनि निर्माण कार्य पुरा भएको छैन।

प्रतिनिधि सभा तथा प्रदेश सभा निर्वाचन २०७९

यस वर्ष सम्पन्न भएको प्रतिनिधि सभा निर्वाचनमा बारा जिल्लामा ४ लाख ३३ हजार ५ सय ४ मतदाता मध्ये २ लाख ८७ हजार २ सय १९ (६६.२५ प्रतिशत) ले मतदान गरे। यसैगरी प्रदेश सभा तर्फ २ लाख ८७ हजार १ सय ७५ (६६.२४ प्रतिशत) ले मतदान गरे।


सन् २०२२ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

बाल अधिकार			
घटनाको प्रकार	अनुसन्धान	कानुनी दायरामा ल्याइएका	जम्मा
बलात्कार	१३	३१	३३
यौन दुर्व्यवहार	३		३
बलात्कार	१५	३१	३६

महिला अधिकार			
घटनाको प्रकार	अनुसन्धान	कानुनी दायरामा ल्याइएका	जम्मा
घरेलु हिंसा		३	३
बहुविवाह	३	४	६
बलात्कार	४	५	९
बलात्कार प्रयास	३	३	४
जम्मा	८	१३	३१

मारिएकाको घटना सङ्ख्या				
घटनाको प्रकार	मुद्दा टुङ्गिएका	अनुसन्धान	कानुनी दायरामा ल्याइएका	जम्मा
हत्या	१	१	१३	१५

२.८ पर्सा



जम्मा जनसङ्ख्या	६,४५,३५७
महिला	३,१४,४७८
प्रतिनिधिसभा निर्वाचन क्षेत्र	४
प्रदेशसभा निर्वाचन क्षेत्र	८
गरिबीको रेखामुनि रहेको सङ्ख्या	१,७२,५५५
कामका लागि बाहिरिएका	८,०५३
अपाङ्गता भएका	६,२१५
५ वर्षमाथिको साक्षरता प्रतिशत	८०
आश्रित जनसङ्ख्या	२,८७,५७८

यस वर्ष पर्सा जिल्लामा ज्यादतीका घटनामा अन्यपक्षबाट ५९ जना महिला र पाँच जना पुरुष पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा २९ जना बालबालिका तथा महिला अधिकार उल्लङ्घनका घटनामा २७ जना महिला पीडित भए।

कुटपिट

अन्यपक्षबाट

वीरगञ्ज महानगरपालिका-२६ घर भई नारायणी अस्पतालको इमर्जेन्सी प्रयोगशालामा कार्यरत प्राविधिक २८ वर्षीय अताउल हक र स्वीपर ४२ वर्षीय महेन्द्र राउतलाई कुटपिट गरेको आरोपमा प्रहरीले बारा जिल्लाको प्रसौनी गाउँपालिका-६ का २६ वर्षीय आदर्श साह र २० वर्षीय आकाश साहलाई चैत ७ गते गिरफ्तार गऱ्यो। आरोपितहरू चैत ७ गते राति प्रयोगशालामा रगत परीक्षणको रिपोर्ट माग्न गएका बेलामा 'रिपोर्टका लागि एकैछिन पर्खनुस्' भन्दा आक्रोशमा आएर कुटपिट गरेको पीडितहरूले बताए। आरोपितहरूले प्रयोगशाला भित्रै पसेर कुटपिट गर्दा माइक्रोस्कोप, कम्प्युटर, प्रिन्टर, कुर्सी, ट्युब राख्ने भाँडो लगायतका सामग्रीमा क्षति पुगेको इञ्चार्ज हिराबाबु पाण्डेले बताए।

कारागार र बन्दी

बीरगंज कारागारको क्षमता १ हजार जनाको छ। कारागारमा ३ सय १५ पुरुष कैदी र ३४ महिला कैदी गरी ३ सय ४९ जना कैदी र १ हजार ६२ पुरुष थुनुवा र ३४ महिला थुनुवा गरी १ हजार ९६ थुनुवा रहेका छन्। कारागारमा जम्मा १ हजार ४ सय ४५ कैदीबन्दी छन्। कारगारमा स्वास्थ्य चौकी र एक जना अहेबले सेवा प्रदान गर्दै आएका छन्। मङ्सिर ४ गतेको निर्वाचनमा कारागारमा रहेका पाँच जना महिला र ४५ जना पुरुषले मतदान गरे।

बालसुधार गृह

मधेस प्रदेशको एक मात्र बाल सुधार गृह बीरगञ्ज महानगरपालिकामा छ। बाल सुधार गृहको

क्षमता ५० जनाको छ। बाल सुधार गृहमा १ सय २७ जना छन्। जसमा १ सय १८ जना नेपाली र नौ जना विदेशी छन्। बालसुधार गृहमा एक जना स्टाफ नर्स कार्यरत रहेको कार्यालयका निमित्त प्रमुख कृष्ण साह गोढले जानकारी दिए।

बालसुधार गृहमा एउटा कोठामा २० जना सम्म बालक राख्नुपर्ने अवस्था रहेको उनले बताए। बालबालिका सम्बन्धित मुद्दामा १ सय २० दिनमा फैसला हुनुपर्नेमा बीरगंज बाल सुधार गृहमा रहेका बालकहरूको हकमा भने बकपत्र र पेसीसमेत नभएको पाइएको छ।

सुगम तथा निष्पक्ष न्यायको अधिकार

जिल्ला अदालत

१० न्यायाधीश दरबन्दी रहेको जिल्ला अदालतमा सबै कार्यरत छन्। यो वर्ष फौजदारी मुद्दातर्फ ७ सय १० थानमध्ये १ सय ९६ थान मुद्दा फैसला भए। देवानी मुद्दातर्फ ५ हजार ४ सय ६० थानमध्ये १ हजार ६ सय ६७ थान मुद्दा फैसला भए। यस अदालतमा दुई वर्ष नाघेका फौजदारी मुद्दा ८८ थान र देवानी मुद्दा ८ सय ९३ थान बाँकी छ।

उच्च अदालत अस्थायी इजलास, बीरगञ्ज

उच्च अदालत जनकपुर, अस्थायी इजलाश बीरगञ्जमा १५ जना न्यायधीशको दरबन्दीमा नौ जना कार्यरत छन। यस वर्ष दुनियावादी देवानीका १ हजार १३ थान, दुनियावादी फौजदारीका २ सय ६५ थान, सरकारवादी फौजदारीका ५ सय ५७ थान र सुरू क्षेत्राधिकारबाट ३ सय ५५ थान मुद्दा जिम्मेवारी सरेका थिए।

बाल अधिकार

शिक्षाको अवस्था

यस जिल्लामा २ सय ६९ आधारभूत विद्यालय र ६३ माध्यामिक विद्यालय रहेका छन्। २ हजार ४ सय ४६ दरबन्दी रहेकोमा १ सय २९ दरबन्दी रिक्त छन्। यो वर्ष ६३ हजार २ सय १५ छात्रा र ६३ हजार ४ सय ४४ जना छात्र भर्ना भए। जसमध्ये १४ हजार ८ सय ३३ दलित बालिका र १३ हजार ९ सय ६३ दलित बालिका छन्। जिल्लामा ४० ओटा अपाङ्गतामैत्री विद्यालय छन्। चालु आर्थिक वर्षको पुस १६ गतेसम्म विद्यालयहरूले छात्रवृत्ति वितरण गरेका छैनन्।

घटनाको प्रकार		अन्यपक्षबाट		
		महिला	पुरुष	जम्मा
कुटपिट			३	३
हत्या		४	३	६
बाल अधिकार	बेचबिखन तथा ओसारपसार	३		३
	बलात्कार	३१		३१
	यौन दुर्व्यवहार	५	१	६
	जम्मा	३८	१	३९
महिला अधिकार	बेचबिखन तथा ओसारपसार प्रयास	१		१
	'बोक्सी'को आरोपमा	१		१
	बहुविवाह	१०		१०
	बलात्कार	११		११
	बलात्कार प्रयास	३		३
	यौन दुर्व्यवहार	१		१
	जम्मा	३७		३७
कूल जम्मा		५९	५	६४

यस वर्ष पर्सा जिल्लामा यौन दुर्व्यवहारका घटनामा ६, बलात्कारका घटनामा २१, बचेबखिन तथा ओसारपसारका घटनामा दुई र बलात्कारपछि हत्याका घटनामा एक जना बालबालिका पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

अभिलेखित घटनामध्ये बलात्कारका सात घटनाका आरोपितहरूलाई जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा पठायो भने एक घटनाका आरोपितलाई धरौटीमा रिहा गऱ्यो। १० घटनाका आरोपित वर्षको अन्त्यसम्म गिरफ्तार भएनन्। दुई घटनाका आरोपित वर्षको अन्त्यसम्म प्रहरी अनुसन्धानमै रहे। यौन दुर्व्यवहारका तीन घटनाका आरोपितलाई अदालतले पुर्पक्षका लागि थुनामा पठायो भने एक आरोपितलाई धरौटीमा रिहा गऱ्यो। एक घटनाका आरोपित वर्षको अन्त्यसम्म गिरफ्तार भएनन्। एक घटनामा बालक पीडित भएकामा आरोपितलाई अदालतले पुर्पक्षका लागि थुनामा पठायो। बेचबिखन तथा ओसारपसारका दुई घटनाका आरोपितलाई अदालतले पुर्पक्षका लागि थुनामा पठायो। बलात्कारपछि हत्याका एक घटनाका एक आरोपितलाई अदालतले पुर्पक्षका लागि थुनामा पठायो भने तीन आरोपितलाई बालसुधार गृहमा पठायो।

अपहरणपछि हत्या

१४ वर्षीय नीरज पासवानको अपहरणपछि हत्या गरेको आरोपमा प्रहरीले धोबिनी गाउँपालिका-१ घोडदौडपिप्रा निवासी ३० वर्षीय शिक्षक दिलीप कुमार पटेल र बीरगंज महानगर-१७ अलौंका २४ वर्षीय श्यामप्रसाद यादवलाई ०७९ पुस १३ गते गिरफ्तार गऱ्यो। मृतक पासवान अध्ययनरत वीरगञ्ज महानगरपालिका-१७ अलौस्थित गुरुकुल पन्ना मेमोरियल इङ्गलिस बोर्डिङ स्कूल अलौका शिक्षकद्वय पटेल र यादवले फिरौती रकमका लागि पासवानलाई मङ्सिर ५ गते अपहरण गरेका थिए। बालकको अपहरण भएकै दिन हत्या गरिएको उनीहरूले प्रहरीसमक्ष स्वीकार गरे। पुस १० गते साँझ ५ बजे बालक अध्ययनरत विद्यालयको पुरानो भवन नजिकैको सेप्टिक ट्याङ्कबाट शव बरामद गरिएको थियो। आरोपितहरूले पुस १७ गते फिरौतीका लागि बालकका अभिभावकसँग फोनमार्फत रकम माग गरेपछि प्रहरीलाई खबर गरिएको थियो। बालकका अभिभावकले पुस १० गते जिल्ला प्रहरी कार्यालय पर्सामा किटानी उजुरी दिए। मृतक बालकको शव वीरगंजको नारायणी अस्पतालमा पोस्टमार्टमा गरियो। पोष्टमार्टम पछि शव उनका पिता श्रीराम महराले बुझी आफ्नो परम्परा अनुसार अन्तिम संस्कार गरेका थिए। यो वर्षको अन्त्यसम्म घटनाको अनुसन्धान भइरहेको प्रहरीले जनायो।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यो वर्ष घरेलु हिंसा पीडित भन्दै ९ सय ८० जना महिलाले जिल्ला प्रहरी कार्यालयको महिला तथा बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमा कुटपिट गरी घरनिकाला गरिएका ४ सय ९३ खानलाउन नदिएका २ सय १०, विवाह दर्ता, जन्मदर्ता र नागरिकता नबनाएका ६३ र सामान्य घरायसी झगडाका २ सय १४ उजुरी छन्। यीमध्ये प्रहरीले ५ सय ६० ओटामा मिलापत्र गरायो भने ४ सय २० ओटा उजुरी कारबाही प्रक्रियामा रहेको महिला, बालबालिका सेवा केन्द्रका इन्स्पेक्टर मनिषा दवाडीले बताए।

यो वर्ष पर्सा जिल्लामा बलात्कारका ११, बलात्कार प्रयासका तीन, बेचबिखन तथा ओसारपसार प्रयासका एक, 'बोक्सी' को आरोपका एक, बहुविवाहका १० र पारिवारिक हत्याका दुई घटनामा महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। अभिलेखित घटनामध्ये बलात्कारका आठ घटनाका आरोपितलाई जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा पठायो भने दुई घटनाका आरोपितलाई धरौटीमा रिहा गऱ्यो। एक घटनाका आरोपित वर्षको अन्त्यसम्म गिरफ्तार भएनन्। बलात्कार प्रयासका एक घटनाका आरोपितलाई अदालतले पुर्पक्षका लागि थुनामा पठायो भने दुई घटनाका आरोपितलाई धरौटीमा रिहा गऱ्यो। एक घटनाका आरोपितलाई अदालतले सफाइ दिएर यौन दुर्व्यवहारमा परिणत गऱ्यो। बेचबिखन तथा ओसारपसार प्रयासका एक घटनाका आरोपितलाई अदालतले पुर्पक्षका लागि थुनामा पठायो। 'बोक्सी' को आरोपका एक घटनाका आरोपितलाई अदालतले सफाइ दियो भने एक घटनाका एक आरोपितलाई धरौटीमा रिहा र तीन आरोपित वर्षको अन्त्यसम्म गिरफ्तार भएनन्। बहुविवाहका दुई घटनाका आरोपितलाई अदालतले पुर्पक्षका लागि थुनामा पठायो भने एक घटनाका आरोपितलाई कैद तथा जरिबानाको फैसला सुनायो। चार घटनाका आरोपितलाई अदालतले धरौटीमा रिहा गऱ्यो भने एक घटनाका आरोपितलाई साधारण तारिखमा रिहा गऱ्यो। दुई घटनाका आरोपित वर्षको अन्त्यसम्म गिरफ्तार भएनन्। एक घटनाका आरोपितलाई अदालतले तोकेको धरौटी रकम बुझाउन नसकेपछि थुनामा पठायो। पारिवारिक हत्याका एक घटनाका आरोपितलाई अदालतले पुर्पक्षका लागि थुनामा पठायो भने एक घटनाका आरोपित वर्षको अन्त्यसम्म प्रहरी अनुसन्धानमै रहे।

पारिवारिक हत्या

बीरगञ्ज महानगरपालिका-२३ इटियाहीकी २२ वर्षीया प्रतिमा यादवको ०७९ साउन २७ गते हत्या गरेको आरोपमा प्रहरीले बीरगञ्ज महानगरपालिकाको-२३ इटियाहीबाट २५ वर्षीय पति दिनेश यादवलाई गिरफ्तार गऱ्यो। बिहानको २ बजेको करिबमा पत्नीको घाँटी थिचेर हत्या गरेको आरोपितले प्रहरीसमक्ष स्वीकार गरेको जिल्ला प्रहरी कार्यालय, पर्साका डीएसपी प्रल्हाद कार्कीले बताए। २०७८ वैशाख ३१ गते विवाह बन्धनमा बाँधिएका उनीहरूको वैवाहिक जीवन उतार चढावपूर्ण रहेको स्थानीयको भनाइ छ। चार दिन अगाडि मात्र प्रतिमा यादवलाई ससुराले माइतबाट घर ल्याएका थिए। घरमा राम्रोसँग राख्ने, पालपोषण राम्रो गर्ने कुटपिट नगर्ने बाचा गरेर ल्याइएकी प्रतिमाको चार दिनमा हत्या भयो। पीडित ६

महिनाकी गर्भवती थिइन्। पीडितका बुवा रामनरेश राउत अहिरले साउन २७ गते जिल्ला प्रहरी कार्यालय, पर्सामा जाहेरी दिए। शवको पोष्टमार्टम सोही दिन वीरगंजको नारायणी अस्पतालमा पोष्टमार्टम भयो। प्रहरीले आरोपितविरुद्ध भदौ १८ गते जिल्ला अदालतमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको भदौ २२ गतेको आदेशले आरोपित पुर्पक्षका लागि थुनामा छन्। यो वर्षको अन्त्यसम्म मुद्दाको फैसला नभएको सेस्तेदार अरुणकुमार कोइरालाले बताए।

स्वास्थ्य सेवाको अवस्था

जिल्लामा दुई सरकारी अस्पताल, ८७ स्वास्थ्य चौकी, तीन प्राथमिक स्वास्थ्य केन्द्र, २३ आधारभूत स्वास्थ्य केन्द्र र पाँच नगर स्वास्थ्य केन्द्र छन्। सदरमुकामस्थित सरकारी तथा पोखरियामा रहेको जिल्ला अस्पतालमा २० जना विशेषज्ञको दरबन्दीमा पाँच जनाको दरबन्दी रिक्त छ। ७ सय १० जना स्वास्थ्यकर्मीको दरबन्दीमा ६२ रिक्त छन्। २०७७ मङ्सिर १५ गते शिलान्यास भएका ठोरी, जिराभवानी र पटेर्वा सुगौलीको अस्पताल निर्माणाधीन अवस्थामा छन्।

प्रतिनिधि सभा तथा प्रदेश सभा निर्वाचन २०७९

यस वर्ष सम्पन्न भएको प्रतिनिधि सभा निर्वाचनमा पर्सा जिल्लामा ३ लाख ४५ हजार ९ सय २८ मतदाता मध्ये २ लाख ३६ हजार ३ सय १ (६८.३० प्रतिशत) ले मतदान गरे। यसैगरी प्रदेश सभा तर्फ २ लाख ३६ हजार ८६ (६८.२४ प्रतिशत) ले मतदान गरे।

सन् २०२२ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

बाल अधिकार			
घटनाको प्रकार	अनुसन्धान	कानुनी दायरामा ल्याइएका	जम्मा
बेचबिखन तथा ओसारपसार		२	२
बलात्कार	११	१०	२१
यौन दुर्व्यवहार	१	५	६
जम्मा	१२	१७	२९

बाल अधिकार				
घटनाको प्रकार	मुद्दा टुङ्गिएका	अनुसन्धान	कानुनी दायरामा ल्याइएका	जम्मा
बेचबिखन तथा ओसारपसार			१	१
'बोक्सी' को आरोप			१	१
बहुविवाह	१	२	७	१०
बलात्कार		१	१०	११
बलात्कार प्रयास			३	३
यौन दुर्व्यवहार			१	१
जम्मा	१	३	२३	२७

मारिएकाको घटना सङ्ख्या			
घटनाको प्रकार	अनुसन्धान	कानुनी दायरामा ल्याइएका	जम्मा
जम्मा	२	४	६



बागमती प्रदेश

- क्षेत्रफल : २०,३०० वर्ग कि.मि.
- जनसङ्ख्या : ६०,८४,०४२
- साक्षरता प्रतिशत : ६८.४६
- जिल्ला : १३
- निर्वाचन क्षेत्र (प्रतिनिधिसभा) : ३३
- निर्वाचन क्षेत्र (प्रदेशसभा) : ६६
- महानगरपालिका : ३
- उप-महानगरपालिका : १
- नगरपालिका : ४१
- गाउँपालिका : ७४
- कूल वडा सङ्ख्या : १,१२१



बागमती प्रदेश परिचय ३

नेपालको संविधानले प्रदान गरेको कार्यादेश र आमजनताको चाहना बमोजिम सुशासन, समावेशी विकासलाई नीतिगत प्राथमिकतामा राखेको यस प्रदेशले आफ्नो पहिलो कार्यकालमा ६१ ओटा कानुन निर्माण गऱ्यो। प्रदेश सरकारले बालबालिकाको स्वास्थ्य र शिक्षाको अधिकारलाई प्राथमिकतामा राखेर सुरु गरेको 'एक विद्यालय एक नर्स' कार्यक्रम प्रभावकारी रह्यो।

यो वर्ष बागमती प्रदेशका १ सय १९ स्थानीय तहमध्ये ११ स्थानीय तहमा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटना अभिलेख भएनन्। काठमाडौँ महानगरपालिकामा सबैभन्दा बढी ४ सय ७७ जना पीडित भएका घटना इन्सेकले अभिलेख गऱ्यो। ८४ स्थानीय तहमा एकदेखि १० जना पीडितको अभिलेख भयो। १४ स्थानीय तहमा ११ देखि २० जना पीडितको अभिलेख भयो। चार स्थानीय तहमा २१ देखि २९ जना पीडितको अभिलेख भयो। ३० जनाभन्दा बढी पीडित भएका ६ स्थानीय तह रहे। बागमती प्रदेशमा राज्य पक्षबाट भएका मानव अधिकार उल्लङ्घनका घटनामा ३ सय ७५ जना र अन्य पक्षबाट भएका मानव अधिकार ज्यादतीका घटनामा १ हजार ५० जना पीडित भए। महिला अधिकार उल्लङ्घनका घटनामा ४ सय ३४ जना महिला र बाल अधिकार उल्लङ्घनका घटनामा ४ सय १४ जना पीडित भए।

निर्वाचन २०७९

स्थानीय तह निर्वाचनमा ३४ लाख १२ हजार ८ सय ६९ मतदातामध्ये १७ लाख ७ हजार ९ सय ४२ जना महिला मतदाता थिए। बागमती प्रदेशका १ सय १९ स्थानीय तहमध्ये भरतपुर महानगरपालिका र हेटौँडा उपमहानगरपालिकाका प्रमुख, एक नगर पालिकाका प्रमुख र तीन गाउँपालिकाका अध्यक्ष, २ ९ नगरपालिकाका उपप्रमुख, ४० गाउँपालिकाका उपाध्यक्ष र १२ ओटा वडाका वडाध्यक्ष पदमा महिला निर्वाचित भए।

यो वर्ष बागमती प्रदेशमा ३४ लाख ७१ हजार ४ सय ९२ मतदातामध्ये २७ जना यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक र १७ लाख ३३ हजार ३ सय ७८ जना महिला मतदाता थिए। प्रदेश सभातर्फ ६०.१८ र प्रतिनिधि सभातर्फ ६०.६ प्रतिशतले मतदान गरे। जसमध्ये प्रत्यक्ष निर्वाचनबाट पाँच जना महिला प्रदेश सभामा र दुई जना महिला प्रतिनिधि सभामा निर्वाचित भए।

सन् २०२२ मा सम्पन्न निर्वाचनसँग सम्बन्धित मानव अधिकार उल्लङ्घन र ज्यादतीका ३२ घटनामा यस प्रदेशभित्र ७२ जना पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। राज्यपक्षबाट भएको एक प्रकारका घटनामा सात जना र अन्यपक्षबाट भएका चार प्रकारका घटनामा ६५ जना पीडित भए।



३.१ दोलखा



जम्मा जनसङ्ख्या	१,७२,७२६
महिला	८८,६१४
प्रतिनिधिसभा निर्वाचन क्षेत्र	१
प्रदेशसभा निवांचन क्षेत्र	२
गरिबीको रेखामुनि रहेको सङ्ख्या	४८,०६४
कामका लागि बाहिरिएका	१०,१२१
अपाङ्गता भएका	५,५८७
५ वर्षमाथिको साक्षरता प्रतिशत	५५.४१
आश्रित जनसङ्ख्या	८६,७७२

यस वर्ष दोलखा जिल्लामा ज्यादतीका घटनामा अन्यपक्षबाट २४ जना महिला र पाँच जना पुरुष पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा नौ जना बालिका तथा महिला अधिकार उल्लङ्घनका घटनामा १४ जना महिला पीडित भए।

घटनाको प्रकार		अन्यपक्षबाट		
		महिला	पुरुष	जम्मा
कुटपिट		१	४	५
हत्या			१	१
बाल अधिकार	बलात्कार	८		८
	यौन दुर्व्यवहार	१		१
	जम्मा	९		९
महिला अधिकार	बहुविवाह	३		३
	बलात्कार	१०		१०
	बलात्कार प्रयास	१		१
	जम्मा	१४		१४
कूल जम्मा		३४	५	३९

कारागार र बन्दी

५१ जनाको क्षमता भएको दोलखा जिल्ला कारगारमा १ सय ४४ जना पुरुष कैदीबन्दी छन्। महिला कैदीबन्दीलाई रामेछाप वा अन्य कारागारमा पठाउने गरिएको छ। कैदीबन्दीको स्वास्थ्य परीक्षणका लागि एकजना अहेबको दरबन्दी रहेको छ। जिल्ला कारागारमा पत्रपत्रिका तथा टेलिभिजनको व्यवस्था गरिएको छ। कारागारमा सीपमूलक तालिमको व्यवस्था गरिएको निमित्त जेलर पदमबहादुर केसीले बताए। प्रतिनिधि सभा र प्रदेश सभा निर्वाचनमा कारागारका १६ जना कैदीबन्दीले मतदान गरे।

कुटपिट

अन्यपक्षबाट

तामाकोशी गाउँपालिका-३ जफेस्थित प्रहरी चौकी छौडेमा कार्यरत प्रहरी जवान २५ वर्षीय सागर रिजाललाई ०७८ माघ १९ गते कुटपिट गरेको आरोपमा तामाकोशी गाउँपालिका-३ जफेका २८ वर्षीय हिमाल बस्नेत, तामाकोशी गाउँपालिका- ४ का २६

वर्षीय सुरज खड्का र सोही गाउँपालिका- ५ का २८ वर्षीय सुरज केसीविरुद्ध पीडितपक्षले माघ २१ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। तामाकोशी गाउँपालिका कार्यालय नजिक होटलमा होहल्ला गरिरहेका युवालाई गस्तीमा रहेको प्रहरीले आ-आफ्नो घर जान भन्दा आरोपितहरूले कुटपिट गरी घाइते बनाएको पीडितले बताए। पीडितको ट्रमा सेन्टर काठमाडौँमा उपचार भयो। आरोपितविरुद्ध सरकारी वकिल कार्यालयले ०७९ वैशाख ४ गते ज्यान मार्ने उद्योगमा अदालतमा मुद्दा दर्ता गऱ्यो। आरोपितहरूमध्ये सुरज केसी चैत १३ गते, हिमाल बस्नेत चैत २३ गते र निराजन खड्का चैत १७ गते दोलखा जिल्ला अदालतमा हाजिर भएकोमा जिल्ला अदालतको ०७९ वैशाख ५ गतेको आदेशमा आरोपितहरू जनही ३० हजार रुपियाँ धरौटी तारेखमा रिहा भए। यो वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएन।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत

एक जना न्यायाधीशको दरबन्दी रहेको जिल्ला अदालतमा यो वर्ष फौजदारी मुद्दातर्फ २ सय ६९ थान मध्ये १ सय थान मुद्दा फैसला भए। देवानी मुद्दातर्फ ४ सय ८२ थान मध्ये २ सय ८१ थान मुद्दा फैसला भए। यस अदालतमा दुई वर्ष नाघेका फौजदारी मुद्दा १ सय ६० थान छन् भने देवानी मुद्दा २ सय १ थान बाँकी छन्।

बाल अधिकार

शिक्षाको अवस्था

यस जिल्लामा सामुदायिकतर्फ २ सय ५३ आधारभूत र ८६ माध्यमिक विद्यालय छन्। १ हजार ८ सय ९० शिक्षक दरबन्दी रहेको छ। सबै दरबन्दी स्थानीय तहसँग समन्वय गरी स्थानीय तह र जिल्ला तहले मिलान गरेको छ। यस वर्ष २० हजार ६ सय ४८ बालक र २१ हजार ९९ जना बालिका गरी ४१ हजार ७ सय ४७ जना बालबालिका विद्यालय भर्ना भए। जसमा अपाङ्गता भएका ३ सय ३ बालक र २ सय ५० बालिका छन्। जिल्लामा अपाङ्गमैत्री विद्यालय ३ सय १९ र निर्माणाधिन २० रहेका छन्। द्वन्द्वपीडित परिवारका १३ जना बालबालिकाले छात्रवृत्ति पाए। जिल्लामा दलित विद्यार्थी २ हजार २ सय १४ बालक र २ हजार २ सय ७९ बालिका अध्ययनरत छन्। शहीद/द्वन्द्वपीडित परिवारका १३ बालबालिकाले छात्रवृत्ति पाएको शिक्षा तथा समन्वय इकाइका प्रमुख शङ्करबाबु श्रेष्ठले बताए।

यस वर्ष दोलखा जिल्लामा यौन दुर्व्यवहारका घटनामा एक र बलात्कारका घटनामा आठ जना बालिका पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

अभिलेखित घटनामध्ये बलात्कारका दुई घटनाका आरोपितहरूलाई जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा पठायो भने दुई घटनाका आरोपितलाई बाल सुधार गृहमा पठायो। एक घटनाका आरोपित वर्षको अन्त्यसम्म प्रहरी अनुसन्धानमै रहे भने एक घटनाका आरोपित वर्षको अन्त्यसम्म गिरफ्तार भएनन्। यौन दुर्व्यवहारका एक घटनाका आरोपितलाई अदालतले पुर्पक्षका लागि थुनामा पठायो भने एक घटनाका आरोपितलाई धरौटीमा रिहा गऱ्यो। एक घटनाका आरोपितलाई अदालतले साधारण तारिखमा रिहा गऱ्यो।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यस वर्ष जिल्ला प्रहरी कार्यालयको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा घरेलु हिंसाका ४१ उजुरी दर्ता भए। दर्ता भएका उजुरीमध्ये २९ ओटा मेलमिलाप भयो। सम्पर्कमा नआएको दुई र प्रक्रियामा पठाइएको एक छन्। अन्य उजुरीका सम्बन्धमा प्रहरी कार्यालयमा आउने बित्तिकै सबै पीडितलाई न्याय दिलाउन, आरोपितलाई घरेलु हिंसासम्बन्धी कारबाही र खानलाउन नदिएको पीडित र आरोपित दुवै पक्षलाई राखी आइन्दा त्यस्तो नगर्ने सर्तको कागजात गराउने र नमानेमा थप कारबाहीका लागि अदालत पठाउने गरिएको सेलका वरिष्ठ सई पुष्पा विष्टले बताइन्।

यो वर्ष दोलखा जिल्लामा बलात्कारका घटनामा १०, बलात्कार प्रयासका घटनामा एक र बहुविवाहका घटनामा तीन जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

अभिलेखित घटनामध्ये बलात्कारका चार घटनाका आरोपितलाई जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा पठायो भने एक घटनाका आरोपितलाई धरौटीमा रिहा गऱ्यो। एक घटनाका आरोपितलाई अदालतले साधारण तारिखमा रिहा गऱ्यो। बलात्कार प्रयासका दुई घटनाका आरोपितलाई अदालतले पुर्पक्षका लागि थुनामा पठायो भने दुई घटनाका आरोपितलाई धरौटीमा रिहा गऱ्यो। बहुविवाहका एक घटनाका आरोपितलाई अदालतले तोकेको धरौटी रकम बुझाउन

नसकेपछि थुनामा पठायो भने एक घटनाका एक आरोपितलाई धरौटीमा र एक आरोपितलाई साधारण तारिखमा रिहा गऱ्यो। दुई घटनाका एक आरोपितलाई अदालतले साधारण तारिखमा रिहा गऱ्यो।

स्वास्थ्य सेवाको अवस्था

जिल्लामा सरकारी अस्पताल सात, सामुदायिक अस्पताल दुई, स्वास्थ्य चौकी ५२, प्राथामिक स्वास्थ्य केन्द्र एक, नगर स्वास्थ्य केन्द्र ६ रहेका छन्। सदरमुकाम चरिकोटस्थित पशुपति स्मृति अस्पतालमा ७२ जना कर्मचारीले सेवा दिइहेका छन्। जिल्लामा स्वास्थ्य बीमा सेवा २४ हजार ७८ जना र ज्येष्ठ नागरिक नि:शुल्क बीमा सेवामा ४ हजार ९६ जना रहेको छ।

नेपाल सरकारले ०७७ मङ्सिर १५ गते शिलान्यास गरेको चार ओटा अस्पताल मध्ये एक सम्पन्न भएको र तीन अस्पतालको निर्माण कार्य सम्पन्न नभएको स्वास्थ्य कार्यालय दोलखाका प्रमुख उत्तमराज खनालले बताए।

शैलुङ गाउँपालिकामा पाँच बेडको अस्पताल कोभिड सङ्क्रमणका समयमा कोभिड अस्पतालका रूपमा सञ्चालन गरिएको र एक जना डाक्टरको दरबन्दी सञ्चालनमा रहेको गाउँपालिका योजना शाखा प्रमुख बलराम पौडेलले बताए। भीमेश्वर नगरपालिकामा १७ करोड रुपियाँ लागतमा निर्माण कार्य भइरहेको र सो अस्पतालको निर्माण प्रगति ३८ प्रतिशत रहेको नगरपालिकाका इन्जिनियर नारायण शिवाकोटीले बताए। तामाकोशी गाउँपालिका-४ मालुमा १० बेडको अस्पतालको निर्माण प्रगति २८ प्रतिशत भएको र अस्पताल निर्माणको लागत १४ करोड ५७ लाख रुपियाँ रहेको इन्जिनियर सुबोध चापागाईंले बताए। बैत्यश्वर गाउँपालिकामा १५ बेडको अस्पताल निर्माणको लागि १८ करोड लागतमा ४० प्रतिशत कार्यप्रगति भएको गाउँपालिकाका इन्जिनियर युधिष्ठिर केसीले बताए।

प्रतिनिधि तथा प्रदेश सभा निर्वाचन २०७९

यस वर्ष सम्पन्न भएको प्रतिनिधि सभा निर्वाचनमा दोलखा जिल्लामा १ लाख ६१ हजार ४ सय ५० मतदाता मध्ये ८४ हजार ५ सय २ (५२.३३ प्रतिशत) ले मतदान गरे। यसैगरी प्रदेश सभा तर्फ ८४ हजार ९ सय ६४ (५२.६२ प्रतिशत) ले मतदान गरे।

सन् २०२२ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारवाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

बाल अधिकार			
घटनाको प्रकार	**अनुसन्धान**	**कानुनी दायरामा ल्याइएका**	**जम्मा**
बलात्कार	१	७	८
यौन दुर्व्यवहार		१	१
जम्मा	१	८	९

महिला अधिकार		
घटनाको प्रकार	**कानुनी दायरामा ल्याइएका**	**जम्मा**
बहुविवाह	३	३
बलात्कार	१०	१०
बलात्कार प्रयास	१	१
जम्मा	१४	१४

मारिएकाको घटना सङ्ख्या		
घटनाको प्रकार	**कानुनी दायरामा ल्याइएका**	**जम्मा**
हत्या	१	१

३.२ सिन्धुपाल्चोक



जम्मा जनसङ्ख्या	२,६२,८५२
महिला	१,३३,४५७
प्रतिनिधिसभा निर्वाचन क्षेत्र	२
प्रदेशसभा निर्वाचन क्षेत्र	४
गरिबीको रेखामुनि रहेको सङ्ख्या	७२,६१३
कामका लागि बाहिरिएका	१५,७१२
अपाङ्गता भएका	६,६०८
५ वर्षमाथिको साक्षरता प्रतिशत	५८.८५
आश्रित जनसङ्ख्या	१,२२,७८५

यस वर्ष सिन्धुपाल्चोक जिल्लामा मानव अधिकार उल्लङ्घनका घटनामा राज्यपक्षबाट पाँच जना पुरुष तथा ज्यादतीका घटनामा अन्य पक्षबाट ३४ जना महिला र चार जना पुरुष पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा १२ जना बालिका तथा महिला अधिकार उल्लङ्घनका घटनामा १८ जना महिला पीडित भए।

कुटपिट

अन्यपक्षबाट

इन्द्रावती गाउँपालिका-७ घर भएका निर्माण व्यवसायी सङ्घ सिन्धुपल्चोकका अध्यक्ष ३६ वर्षीय छत्र तामाङलाई इन्द्रावती गाउँपालिका-७ स्थित गहतेमा पैसा बाँडन हिँडेको आरोपमा नेकपा माओवादी केन्द्रका कार्यकर्ताहरू वाईसीएल केन्द्रीय सदस्य इन्द्रावती गाउँपालिका-७ का प्रल्हाद चौलागाई तथा स्थानीय माओवादी कार्यकर्ता दीपक न्यौपानेको समूहले ०७९ मङ्सिर ३ गते कुटपिट गऱ्यो। पीडित तामाङ नेकपा एमालेका तर्फबाट प्रतिनिधि सभा क्षेत्र नं. २ अर्न्तगत प्रदेश सभा 'क' का उम्मेद्वार अमानसिंह तामाङका छोरा हुन्। आफ्नो ठेक्काको काम हेरेर घरतर्फ फर्कंदा आक्रमण भएको पीडितले बताए। घटनामा सामान्य घाइते भएका तामाङलाई प्रहरीले उद्धार गरी आफन्तको जिम्मा लगायो। पीडितको चौतारा अस्पतालमा उपचार भयो। पीडित पक्षले जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए पनि निर्वाचनसँग सम्बन्धित घटना भएको भन्दै प्रहरीले उजुरी दर्ता गरेन।

कारागार र बन्दी

६० जनाको क्षमता भएको जिल्ला कारागार, सिन्धुपाल्चोकमा ८३ जना पुरुष कैदी र ७२ जना पुरुष थुनुवा गरी १ सय ५५ जना पुरुष छन्। कारागारमा ६० वर्ष नाघेका नौ जना ज्येष्ठ नागरिक रहेको कारागारका मुख्य चौकीदार धनबहादुर थापाले बताए। कैदीबन्दीको स्वास्थ्य जाँचका लागि एक जना स्वास्थ्यकर्मीको दरबन्दी रहेकोमा रिक्त छ। क्षमता भन्दा बढी कैदीबन्दी भएको र जेल साँघुरो भएकाले सुत्न समस्या छ भने शौचालय प्रयोग गर्न पालो पर्खनुपर्ने अवस्था छ। गत

घटनाको प्रकार		राज्यपक्षबाट		अन्यपक्षबाट		
		पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
कुटपिट					३	३
कारागारमा मृत्यु		१	१			
हत्या				४	३	६
यातना		४	४			
बाल अधिकार	विद्यालयमा शारीरिक सजाय			१		१
	नवजात शिशुको हत्या			१		१
	बलात्कार			६		६
	यान दुर्व्यवहार			४		४
	जम्मा			१३		१३
महिला अधिकार	घरेलु हिंसा			१		१
	बहुविवाह			४		४
	बलात्कार			८		८
	यौन दुर्व्यवहार			५		५
	जम्मा			१८		१८
कूल जम्मा		५	५	३४	४	३८

०७९ मङ्सिर ४ गते भएको आमनिर्वाचनमा ५५ जना कैदीबन्दीले मतदान गरे। पाँचपोखरी थाम्पाल गाउँपालिका-५ गुन्सा स्थायी घर भई आठ महिनादेखि ज्यान मार्ने उद्योग र बलात्कार आरोपमा चौतारा कारागारमा थुनामा रहेका ४९ वर्षीय मैते गोलेको ०७९ असार ११ गते जेलभित्रै मृत्यु भयो। मृत्युको कारणबारे विस्तृत अनुसन्धान भएन।

हिरासतमा यातना

सुनकोशी गाउँपालिका-४ यमुनाडाँडाका बोल्न नसक्ने ३४ वर्षीय बासु खड्का, सोही ठाउँका २० वर्षीय राजु खड्का, २० वर्षीय निर्मल खड्का र २१ वर्षीय हरिशरण खड्कालाई सुनकोशी गाउँपालिका-५ स्थित सुनखानी अस्थायी प्रहरी चौकी इन्चार्ज असइ हरिबहादुर ठकुरीको नेतृत्वमा प्रहरी हवल्दार कान्छामान मोक्तान, प्रहरी हवल्दार समर माझी, प्रहरी जवान नवराज कार्की र प्रहरी जवान सुरेश चौधरीले ०७९ मङ्सिर १४ गते दिउँसो प्रहरी चौकी भित्र कुटपिट गरी यातना दिएको भन्दै पीडितले मङ्सिर १८ गते जिल्ला अदालतमा किटानी उजुरी दर्ता गराए। चोरीको आरोपमा प्रहरीले पीडितहरूमध्ये राजु खड्कालाई विद्यालयबाट र अन्यलाई आ-आफ्नो घरबाट बिना पूर्जी मङ्सिर १४ गते दिउँसो गिरफ्तार गरी प्रहरी चौकी पुऱ्याई यातना दिएर बेलुकी सोही गाउँपालिका-४ का वडाध्यक्षको रोहवरमा अभिभावकको जिम्मामा रिहा गरेको थियो। जिल्ला अदालतका न्यायाधीश विदुर कोइरालाको आदेशले पीडितको घाउजाँच ०७९ मङ्सिर १५ गते चौतारा अस्पतालमा भयो। प्रहरीले गिरफ्तार गरी चौकीमा पुऱ्याई दिउँसो ११:३० बाट बेलुकी ४ बजेसम्म लगातार पोलिथिनको पाइप र बाँसको लाठीले शरीरको विभिन्न ठाउँमा कुटपिट गरी चोरी गरेको कुरा जबरजस्ती स्वीकार गर्न दबाब दिएको पीडितहरूले बताए। प्रहरीको कुटपिटबाट घाइतेहरूको शरीरको विभिन्न भागमा नीलडाम भएको थियो। इन्सेकले घटना अध्ययन गरी पुस १२ गते सार्वजनिक गरेको प्रतिवेदनमा प्रहरीले पीडितहरूलाई यातना दिएको खुल्ने आधारहरू भेटिएको उल्लेख छ। घटनाको बारेमा पीडित पक्षले राष्ट्रिय मानव अधिकार आयोगमा मङ्सिर १८ गते उजुरी दियो। जिल्ला अदालतमा प्रवेश भएको विषयमा थप अनुसन्धान गर्नु नपर्ने भएको हुँदा थप कारबाही अगाडि नबढाइएको आयोगका बागमती प्रदेश कार्यालयका प्रशासन प्रमुख लोकनाथ घिमिरले बताए।



सुनखानी प्रहरी चौकीमा चोरीको आरोपमा कुटपिट र यातना दिइएका बासुदेव खड्का, राजु खड्का, निर्मल खड्का र हरिशरण खड्का

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत

एक जना न्यायाधीश रहेको जिल्ला अदालतबाट यो वर्ष फौजदारी मुद्दातर्फ २ सय ५८ थानमध्ये ५५ थान मुद्दा फैसला भए। देवानी मुद्दातर्फ ३ सय ९२ थानमध्ये ९७ थान मुद्दा फैसला भए। यस अदालतमा दुई वर्ष नाघेका फौजदारी मुद्दा १२ थान छन् भने देवानी मुद्दा चार थान बाँकी छन्।

बाल अधिकार

शिक्षाको अधिकार

यस जिल्लामा ३ सय ७५ आधारभूत र १ सय ५० माध्यमिक विद्यालय छन्। ८ सय ३१ राहत सहित २ हजार ५ सय ७५ शिक्षक दरबन्दी रहेकोमा सबै कार्यरत रहेका जिल्ला शिक्षा समन्वय इकाइका सूचना अधिकारी प्रकाश रानाभाटले बताए। यस वर्ष ३२ हजार २ सय ३ जना बालक र ३२ हजार ९ सय ४ जना बालिका विद्यालय भर्ना भए। जसमा २ हजार ९ सय ४३ जना दलित बालक र ३ हजार १ सय ३८ जना दलित बालिका रहेका छन्। द्वन्द्वपीडित परिवारका सात जना बालबालिकाले छात्रवृत्ति पाए। वैदेशिक रोजगारमा गई ज्यान गुमाएका परिवारका ४३ जना बालबालिकाले छात्रवृत्ति पाएको सूचना अधिकारी प्रकाश रानाभाटले बताए।

यस वर्ष सिन्धुपाल्चोक जिल्लामा यौन दुर्व्यवहारका घटनामा चार र बलात्कारका घटनामा ६ जना बालिका पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

बलात्कारका चार घटनाका आरोपितहरूलाई जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा पठायो भने दुई घटनाका आरोपितलाई बाल सुधार गृहमा पठायो। यौन दुर्व्यवहारका एक घटनाका आरोपितलाई अदालतले पुर्पक्षका लागि थुनामा पठायो भने तीन घटनाका आरोपितलाई धरौटीमा रिहा गऱ्यो।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

सन् २०२२ मा घरेलु हिंसाका कारण पीडित भएको भन्दै १ सय ४ जना महिलाले जिल्ला प्रहरी कार्यालयको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमध्ये कुटपिट गरी घरनिकाला गरिएका १०, खान लाउन नदिएर बेवास्ता गरेको १६, शारीरिक कुटपिट गरेको ३६ र गालीगलौज गरी अपशब्द बोलेको ४२ उजुरी रहेका छन्। ६७ ओटा उजुरीमा मिलापत्र भएको र ६ ओटा उजुरीमा कानुनी प्रक्रिया अगाडि बढाएको र बाँकी ३१ उजुरी प्रक्रियामा रहेको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रकी सुशीला खत्रीले बताइन्।

यो वर्ष सिन्धुपाल्चोक जिल्लामा बलात्कारका घटनामा आठ, यौन दुर्व्यवहारका घटनामा पाँच, बहुविवाहका घटनामा चार र पारिवारिक हत्याका घटनामा दुई जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

अभिलेखित घटनामध्ये बलात्कारका ६ घटनाका आरोपितलाई जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा पठायो भने एक घटनाका आरोपित वर्षको अन्त्यसम्म गिरफ्तार भएनन्। एक घटनाका एक आरोपितलाई अदालतले पुर्पक्षका लागि थुनामा पठायो भने दुई आरोपितलाई धरौटीमा रिहा गऱ्यो। यौन दुर्व्यवहारको दुई घटनाका आरोपितलाई अदालतले पुर्पक्षका लागि थुनामा पठायो भने एक घटनाका आरोपितलाई धरौटीमा रिहा गऱ्यो। एक घटनाका आरोपित वर्षको अन्त्यसम्म गिरफ्तार भएनन्। बहुविवाहका चार घटनाका आरोपितलाई अदालतले धरौटीमा रिहा गऱ्यो। पारिवारिक हत्याका दुई घटनाका आरोपितलाई अदालतले पुर्पक्षका लागि थुनामा पठायो।

स्वास्थ्य सेवाको अवस्था

जिल्लामा दुई सरकारी अस्पताल, ७४ स्वास्थ्य चौकी र तीन प्राथमिक स्वास्थ्य केन्द्र छन्। सदरमुकामस्थित सरकारी अस्पतालमा सात जना विशेषज्ञको दरबन्दीमा एकजना रिक्त छ। चार जना स्टाफ नर्स दरबन्दीमा सबै कार्यरत छन्। अनमी दुई जनाको दरबन्दीमा दुवैजना कार्यरत छन्। ५ सय ३३ जनाले बीमा गराएर सेवा लिइरहेका छन्। २ सय २८ जना ज्येष्ठ नागरिकका लागि नि:शुल्क बीमा कार्यक्रम अर्न्तगत सेवा लिएको जिल्ला स्वास्थ्य कार्यालयका सूचना अधिकारी राजाराम कार्कीले बताए। अघिल्लो वर्ष शिलान्यास गरिएको एउटा अस्पताल यस वर्ष निर्माण कार्य शुरू भएको छ।

प्रतिनिधि सभा तथा प्रदेश सभा निर्वाचन २०७९

यस वर्ष सम्पन्न भएको प्रतिनिधि सभा निर्वाचनमा सिन्धुपाल्चोक जिल्लामा २ लाख ६० हजार २ सय ७३ मतदाता मध्ये १ लाख ४६ हजार २ सय १७ (५६.१७ प्रतिशत) ले मतदान गरे। यसैगरी प्रदेश सभा तर्फ १ लाख ४६ हजार १ सय ५३ (५६.१५ प्रतिशत) ले मतदान गरे।

सन् २०२२ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

बाल अधिकार			
घटनाको प्रकार	मेलमिलाप	कानुनी दायरामा ल्याइएका	जम्मा
विद्यालयमा शारीरिक सजाय	१		१
नवजात शिशुको हत्या		१	१
बलात्कार		६	६
यौन दुर्व्यवहार		४	४
जम्मा	१	११	१२

महिला अधिकार			
घटनाको प्रकार	अनुसन्धान	कानुनी दायरामा ल्याइएका	जम्मा
घरेलु हिंसा	१		१
बहुविवाह		४	४
बलात्कार	२	६	८
यौन दुर्व्यवहार	१	४	५
जम्मा	४	१४	१८

मारिएकाको घटना सङ्ख्या		
घटनाको प्रकार	कानुनी दायरामा ल्याइएका	जम्मा
हत्या	५	५

३.३ रसुवा



जम्मा जनसङ्ख्या	४५,५५४
महिला	२२,६४५
प्रतिनिधिसभा निर्वाचन क्षेत्र	१
प्रदेशसभा निर्वाचन क्षेत्र	२
गरिबीको रेखामुनि रहेको सङ्ख्या	१३,३२४
कामका लागि बाहिरिएका	३,१०८
अपाङ्गता भएका	१,०१६
५ वर्षमाथिको साक्षरता प्रतिशत	५५.५
आश्रित जनसङ्ख्या	१८,७५८

घटनाको प्रकार		अन्यपक्षबाट		
		महिला	पुरुष	जम्मा
अमानवीय व्यवहार			१	१
बाल अधिकार	यौन दुर्व्यवहार	१		१
	जम्मा	१		१
महिला अधिकार	घरेलु हिंसा	७		७
	जम्मा	७		७
कूल जम्मा		८	१	९

यस वर्ष रसुवा जिल्लामा ज्यादतीका घटनामा अन्यपक्षबाट आठ जना महिला र एक जना पुरुष पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा एक जना बालिका तथा महिला अधिकार उल्लङ्घनका घटनामा सात जना महिला पीडित भए।

अमानवीय व्यवहार

अन्यपक्षबाट

कालिका गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत ५१ वर्षीय यादवप्रसाद सापकोटालाई ०७८ माघ २८ गते दिउँसो कालिका गाउँपालिका-२ का ३८ वर्षीय बिशु भनिने बिश्वप्रसाद ढकालले कुटपिट गरी मोसो दलेर दुर्व्यवहार गरे। इलाका प्रहरी कार्यालय, कालिकास्थानका प्रहरीले आरोपितलाई माघ २८ गते साँझ कालिकास्थानबाट गिरफ्तार गरे। स्वास्थ्य सेवा विभाग सरुवा भई कालिका गाउँपालिकाबाट काठमाडौं तर्फ हिँडेका सापकोटालाई आफूले भनेको काम नगरेको भन्दै उनी चढेको गाडी इलाका प्रहरी कार्यालय अगाडि रोकेर कुटपिट तथा दुर्व्यवहार गरेका थिए। पीडितले माघ २८ गते कालिकास्थान प्रहरी चौकीमा उजुरी दिए। आरोपितलाई प्रहरीले माघ २८ गते गिरफ्तार गऱ्यो। आरोपित ढकाललाई जिल्ला प्रशासन कार्यालयले फागुन ३ गते ३ हजार रुपियाँ धरौटीमा रिहा गऱ्यो।

जना महिला र ६८ जना पुरुष रहेका छन्। कैदी बन्दीहरूको स्वास्थ्य परीक्षणका लागि एक जना स्वास्थ्यकर्मीको दरबन्दी रहेकोमा रिक्त छ। कारागारमा बाँसका मुढा बनाउने र उत्पादित वस्तु बिक्री गर्ने

व्यवस्था छ। गत २०७९ मङ्सिर ४ गते सम्पन्न प्रदेश तथा प्रतिनिधि सभा निर्वाचनमा कारागारका १४ जना कैदीबन्दीले मतदान गरे।

सुगम तथा निष्पक्ष अधिकार

जिल्ला अदालत

एक न्यायाधीश रहेको जिल्ला अदालतबाट फौजदारीतर्फ १४ थान मध्ये दुई थान मुद्दा फैसला भए। देवानी मुद्दातर्फ नौमध्ये एक थान मुद्दा फैसला भयो। यस अदालतमा एक वर्ष नाघेका मुद्दा २४ थान छन्। वर्षको अन्त्यमा जिल्ला अदालतमा २६ थान मुद्दा बाँकी रहे। दुई वर्ष नाघेको मुद्दा छैनन्। यसवर्ष दुई ओटा निर्वाचन गराउनु परेकोले मुद्दाको फैसलामा ढिलाइ भएको जिल्ला न्यायाधीश रामचन्द्र पौडेलले बताए।

बाल अधिकार

शिक्षाको अवस्था

जिल्लामा ७२ आधारभूत र १९ माबि छन्। संस्थागत विद्यालय १२ छन्। ७७ प्रारम्भिक बाल विकास केन्द्र, राहत ३९ जना शिक्षक छन्। जिल्लाभर दरबन्दीका ४ सय ५४ छन् भने सात जना शिक्षक रिक्त छन्। कुल १२ हजार २ सय ३७ जना विद्यार्थी अध्ययनरत छन्। जिल्लामा नवनिर्मित विद्यालयहरू पाँच ओटा मात्र अपाङ्गमैत्री छन्।

१-८ कक्षका छात्रा ३ सय ७९ र दलित छात्रवृत्ति २७ जना तथा ९-१२ कक्षाका विपन्न लक्षित छात्रवृत्ति दिने कार्यक्रम अनुरुप १ सय २ विद्यार्थीले छात्रवृत्ति रकम पाएका छन्। द्वन्द्वपीडित, शहीद तथा बेपत्ता परिवारका एक जनाले १४ हजार रुपियाँका दरले प्रदान गरिएको शिक्षा समन्वय इकाइले जनायो।

यस वर्ष रसुवा जिल्लामा यौन दुर्व्यवहारका घटनामा एक जना बालिका पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। अभिलेखित घटनाका आरोपितलाई अदालतले धरौटीमा रिहा गऱ्यो।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यो वर्ष घरेलु हिंसा पीडित भन्दै जिल्ला प्रहरी कार्यालयको महिला बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा पाँच जना महिलाले उजुरी दर्ता गराए। जसमा कुटपिट गरेको, विवाह दर्ता नगरेको घरनिकाला गरेकोजस्ता उजुरी रहेका छन् यी मध्ये प्रहरीले चार ओटा उजुरीमा मिलापत्र गरायो भने एक उजुरी कारबाही प्रक्रियामा रहेको जिल्ला प्रहरी कार्यालय, रसुवाका डिएसपी कुलदीप चन्दले बताए।

यो वर्ष रसुवा जिल्लामा घरेलु हिंसाका घटामा सात जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

स्वास्थ्य सेवाको अवस्था

जिल्लामा एक जिल्ला अस्पताल, १७ स्वास्थ्य चौकी र एक ग्रामीण अस्पताल छ। दुई जना डाक्टरको दरबन्दी रहेकोमा एक जना कार्यरत छन्। करारमा ६ जना डाक्टर कार्यरत छन्। जिल्लाभरका लागि ४२ अहेवको दरबन्दी रहेकोमा १८ जना कार्यरत छन् भने २७ जना स्टाफनर्स दरबन्दी रहेकोमा १७ जना कार्यरत छन्।

गाउँपालिका तहमा रहेका स्वास्थ्य संस्थामा समय समयमा औषधि तथा स्वास्थ्यकर्मी अभाव हुने गरेको स्थानीयको गुनासो छ। नौकुण्ड र आमाछोदिङमो गाउँपालिकाबाट स्वास्थ्यकर्मी सरुवा भएको तर प्रदेश लोकसेवा आयोगमार्फत स्वास्थ्यकर्मी नपठाइएकाले दरबन्दी अनुसार कर्मचारी अभाव भएको हो। दरबन्दी अनुसार नौकुण्ड गाउँपालिकामा ११ जना, आमाछोदिङमो सात जना, गोसाइकुण्ड नौ, उत्तरगया ६, कालिका गाउँपालिकामा सात जना स्वास्थ्यकर्मीको दरबन्दी रिक्त छ। अघिल्लो वर्ष शिलान्यास गरिएको नौकुण्ड गाउँपालिका-३ को पार्चाङ अस्पताल र कालिका गाउँपालिका-५ को जिबजिबे ग्रामीण अस्पताल यस वर्ष सञ्चालन आएको छ।

प्रतिनिधि सभा तथा प्रदेश सभा निर्वाचन २०७९

यस वर्ष सम्पन्न भएको प्रतिनिधि सभा निर्वाचनमा रसुवा जिल्लामा ३९ हजार ४ सय ५९ मतदाता मध्ये २८ हजार २ सय ११ (७१.४९ प्रतिशत) ले मतदान गरे। यसैगरी प्रदेश सभा तर्फ २८ हजार २ सय १३ (७१.४९ प्रतिशत) ले मतदान गरे।

सन् २०२२ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

बाल अधिकार		
घटनाको प्रकार	कानुनी दायरामा ल्याइएका	जम्मा
यौन दुर्व्यवहार	१	१

महिला अधिकार				
घटनाको प्रकार	मेलमिलाप	अनुसन्धान	कानुनी दायरामा नल्याइएका	जम्मा
घरेलु हिंसा	३	२	२	७

३.४ धादिङ



जम्मा जनसङ्ख्या	३,२२,७५१
महिला	१,६५,५४४
प्रतिनिधिसभा निर्वाचन क्षेत्र	२
प्रदेशसभा निर्वाचन क्षेत्र	४
गरिबीको रेखामुनि रहेको सङ्ख्या	६२,६२१
कामका लागि बाहिरिएका	२२,५३७
अपाङ्गता भएका	७,८२७
५ वर्षमाथिको साक्षरता प्रतिशत	५८
आश्रित जनसङ्ख्या	१,४८,७७१

यस वर्ष धादिङ जिल्लामा मानव अधिकार उल्लङ्घनका घटनामा राज्यपक्षबाट दुई पुरुष तथा ज्यादतीका घटनामा अन्यपक्षबाट १७ जना महिला र ४७ जना पुरुष पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा ६ जना बालबालिका तथा महिला अधिकार उल्लङ्घनका घटनामा नौ जना महिला पीडित भए।

कुटपिट

अन्यपक्षबाट

धुनिबेसी नगरपालिका-१ का ३० वर्षीय दिपेश कार्कीलाई २०७९ भदौ १ गते बन्चरेडाँडामा फोहोर लैजान अवरोध गरेको आरोपमा प्रहरीले गिरफ्तार गऱ्यो। काठमाडौँबाट लगिएको फोहोर फाल्ने विषयमा बञ्चरेडाँडाका स्थानीयबासी र प्रहरीबीच झडप भएको थियो। सो क्रममा प्रहरीले प्रहार गरेको अश्रुग्यास लागेर धुनिबेसी नगरपालिका-१ का २६ वर्षीय कमल तामाङ घाइते भए। उनको उपचार मनमोहन अस्पताल, काठमाडौँमा भयो। कार्की भदौ २ गते रिहा भए।

कारागार र बन्दी

२ सय जना क्षमता भएको जिल्ला कारागार, धादिङमा २० जना महिला र ३ सय १ जना पुरुष गरी ३ सय २१ कैदीबन्दी रहेका छन्। कारागारमा एक जना आश्रित बालक छन्। कैदीबन्दीहरूको नियमित स्वास्थ्य परीक्षणका लागि एकजना स्वास्थ्यकर्मीको दरबन्दी रहेको छ। कारागारको भवन नयाँ भए पनि खानेपानीको समस्या भने यथावत छ। प्रतिनिधि सभा र प्रदेश सभा निर्वाचनमा कारागारका ७२ जना कैदी/बन्दीले मतदान गरे।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत

दुई जना न्यायाधीशको दरबन्दी रहेको जिल्ला अदालतमा यो वर्ष फौजदारी मुद्दातर्फ ४ सय ५ थान मध्ये १ सय ४५ थान मुद्दा फैसला भए। देवानी मुद्दातर्फ ८ सय ८५ थान मध्ये ३ सय २४ थान मुद्दा फैसला

घटनाको प्रकार		राज्यपक्षबाट		अन्यपक्षबाट		
		पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
गिरफ्तारी		१	१			
कुटपिट		१	१	३	३९	४१
घाइते					१	१
हत्या				१	३	३
जातीय विभेद					१	१
धम्की					३	३
बाल अधिकार	विद्यालयमा शारीरिक सजाय				१	१
	बलात्कार			५		५
	जम्मा			५	१	६
महिला अधिकार	घरेलु हिंसा			३		३
	'बोक्सी'को आरोप			१		१
	बहुविवाह			१		१
	बलात्कार			३		३
	बलात्कार प्रयास			३		३
	जम्मा			९		९
कूल जम्मा		३	३	१७	४७	६४

भए। यस अदालतमा दुई वर्ष नाघेका फौजदारी मुद्दा ४७ थान छन् भने देवानी मुद्दा २८ थान बाँकी छन्। स्थानीय तह निर्वाचनपछि न्यायाधीश सरुवा भएका कारण मुद्दा फर्स्यौटमा ढिलाइ भएको छ।

बाल अधिकार

शिक्षाको अधिकार

यस जिल्लामा ४ सय ३८ आधारभूत र १ सय ५७ माध्यमिक विद्यालय छन्। २ हजार ६ सय २१ शिक्षक दरबन्दी रहेकोमा ३ सय ५९ दरबन्दी मिलान हुन बाँकी छ। यस वर्ष ४२ हजार ९ सय ४७ बालक र ४३ हजार ७ सय ४२ जना बालिका विद्यालय भर्ना भए। जसमा अपाङ्गता भएका २ सय ४ बालिका र २ सय २२ बालक छन्। जिल्लामा अपाङ्गतामैत्री विद्यालय नौ ओटा छन्। अपाङ्गता भएका सबैले १ हजार रुपियाँका दरले छात्रवृत्ति पाएका छन्। यस वर्ष विद्यालय भर्ना भएका मध्ये ६ हजार ४ सय ४१ दलित बालक र ६ हजार ६ सय ५५ दलित बालिका छन्। आवासीय छात्रावासमा रहेका ७० जनाले वार्षिक ४० हजार रुपियाँका दरले छात्रवृत्ति पाएको शिक्षा विकास तथा समन्वय इकाइका निमित्त कार्यालय प्रमुख कृष्णकुमार श्रेष्ठले बताए। द्वन्द्वपीडित परिवारका तीन जना बालबालिकाले छात्रवृत्ति पाएका छन्। वैदेशिक रोजगारीमा गएर मृत्यु भएका परिवारका ६२ जना बालबालिकाले छात्रवृत्ति पाए। द्वन्द्वपीडित परिवारका तीन जना बालबालिकाले छात्रवृत्ति पाएको श्रेष्ठले बताए।

यस वर्ष धादिङ जिल्लामा बलात्कारका घटनामा पाँच जना बालिका र विद्यालयमा शारीरिक सजायका घटनामा एक जना बालक पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

बलात्कारका तीन घटनाका आरोपितहरूलाई जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा पठायो भने दुई घटनाका आरोपित वर्षको अन्त्यसम्म प्रहरी अनुसन्धानमै रहे। विद्यालयमा शारीरिक सजायका घटनामा विद्यालय प्रशासन र अभिभावकबीच मेलमिलाप भयो।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यो वर्ष घरेलु हिंसा पीडित भन्दै ५९ जना महिलाले जिल्ला प्रहरी कार्यालयको महिला बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमा कुटपिट गरी घरनिकाला गरिएका एक, कुटपिट गरिएका ३३, पालनपोषण नगरिएका १६, शारीरिक तथा मानिस हिंसा गरेको चार, गालीगलौज तथा झगडा गरेको पाँच उजुरी छन्। यीमध्ये प्रहरीले ४३ ओटा उजुरीमा मेलमिलाप गरायो भने १६ ओटा उजुरी कारबाही प्रक्रियामा रहेको जिल्ला प्रहरी महिला बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रका प्रहरी निरीक्षक अभय लामाले बताए।

यो वर्ष धादिङ जिल्लामा घरेलु हिंसाका घटनामा दुई, बलात्कारका घटनामा तीन, बलात्कार प्रयासका घटनामा दुई र बहुविवाहका घटनामा एक जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

अभिलेखित घटनामध्ये बलात्कारका तीन घटनाका आरोपितलाई जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा पठायो। बलात्कार प्रयासका दुई घटनाका

आरोपितलाई अदालतले पुर्पक्षका लागि थुनामा पठायो। बहुविवाहका एक घटनाका आरोपितलाई अदालतले धरौटीमा रिहा गऱ्यो।

स्वास्थ्य सेवाको अवस्था

जिल्लामा पाँच सरकारी अस्पताल, एक सामुदायिक अस्पताल, ६ निजी अस्पताल, ४५ स्वास्थ्य चौकी, दुई प्राथमिक स्वास्थ्य केन्द्र, २९ सामुदायिक स्वास्थ्य इकाइ र ३७ आधारभूत स्वास्थ्य सेवा केन्द्र छन्। सदरमुकामस्थित सरकारी अस्पतालमा नौ जना विशेषज्ञको दरबन्दी रिक्त छ। चार जना मेडिकल अधिकृत दरबन्दी रिक्त र दुई कार्यरत छन्। जिल्लामा हेल्थ असिस्टेन्ट अहेव १ सय १७ मध्ये ७४ जनाको दरबन्दी रिक्त छ। जिल्लामा ३२ हजार ९ सय ११ जनाले बीमा गराएर सेवा लिइरहेका छन्। ज्येष्ठ नागरिकका लागि निःशुल्क बीमा कार्यक्रममा २० हजार १ सय ८ जनाको बीमा गरिएको छ। २०७७ मङ्सिर १५ गते शिलान्यास भएका सात अस्पतालमध्ये नेत्रावती ग्रामीण अस्पताल, खनियाबास ग्रामीण अस्पतालको निर्माण कार्य पूरा भएको छ।

प्रतिनिधि सभा तथा प्रदेश सभा निर्वाचन २०७९

यस वर्ष सम्पन्न भएको प्रतिनिधि सभा निर्वाचनमा धादिङ जिल्लामा २ लाख ६५ हजार ९ सय ९६ मतदाता मध्ये १ लाख ५० हजार ५ सय ६६ (५६.६० प्रतिशत) ले मतदान गरे। यसैगरी प्रदेश सभा तर्फ १ लाख ५० हजार ३ सय ६६ (५६.५२ प्रतिशत) ले मतदान गरे।

सन् २०२२ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

बाल अधिकार			
घटनाको प्रकार	मेलमिलाप	कानुनी दायरामा ल्याइएका	जम्मा
विद्यालयमा शारीरिक सजाय	१		१
बलात्कार		५	५
जम्मा	१	५	६

महिला अधिकार			
घटनाको प्रकार	मेलमिलाप	कानुनी दायरामा ल्याइएका	जम्मा
घरेलु हिंसा		२	२
'बोक्सी' को आरोप	१		१
बहुविवाह		१	१
बलात्कार		३	३
बलात्कार प्रयास		२	२
जम्मा	१	८	९

मारिएकाको घटना सङ्ख्या		
घटनाको प्रकार	कानुनी दायरामा ल्याइएका	जम्मा
हत्या	२	२

३.५ नुवाकोट



जम्मा जनसङ्ख्या	२,६२,५८१
महिला	१,३४,१३२
प्रतिनिधिसभा निर्वाचन क्षेत्र	२
प्रदेशसभा निर्वाचन क्षेत्र	४
गरिबीको रेखामुनि रहेको सङ्ख्या	५५,८५५
कामका लागि बाहिरिएका	१४,३११
अपाङ्गता भएका	४,६५०
५ वर्षमाथिको साक्षरता प्रतिशत	५८.१५
आश्रित जनसङ्ख्या	१,१३,५८२

यस वर्ष नुवाकोट जिल्लामा ज्यादतीका घटनामा अन्यपक्षबाट ३२ जना महिला र चार जना पुरुष पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा ६ जना बालिका तथा महिला अधिकार उल्लङ्घनका घटनामा २१ जना महिला पीडित भए।

कारागार र बन्दी

कारागारको क्षमता ७० जनाको छ । कारागारमा १७ जना महिला र १ सय ५० जना पुरुष गरी १ सय ६७ जना कैदीबन्दी रहेका छन्। कारागारमा ६ जना ज्येष्ठ नागरिक छन्। कैदीबन्दी बिरामी हुँदा समस्या हुने गरेको कारागार प्रमुख गङ्गालाल योगीले बताए। स्थान अभावले कैदीबन्दीलाई जाडोको समयमा सुत्न समस्या हुने गरेको छ। शौचालय प्रयोगमा पनि लामो समय कुर्नुपर्ने बाध्यता रहेको प्रमुख योगीले बताए। प्रतिनिधि सभा र प्रदेश सभा निर्वाचनमा कारागारका २४ जना कैदीबन्दीले मतदान गरे।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत

एक जना न्यायाधीशको दरबन्दी रहेको जिल्ला अदालतमा फौजदारी मुद्दातर्फ २ सय ५९ थान मुद्दामा ३७ थान मुद्दा फैसला भयो। २ सय २२ थान मुद्दा फैसला हुन बाँकी रह्यो। देवानी मुद्दातर्फ ५ सय ३० थान मुद्दामध्ये १ सय ४८ थान मुद्दा फैसला भयो। ३ सय ८२ थान मुद्दा फैसला हुन बाँकी रह्यो। दुई वर्ष नाघेका फौजदारी मुद्दा ३२ थान र देवानी मुद्दा ३५ थान रहेका छन्।

बाल अधिकार

शिक्षाको अवस्था

यस जिल्लामा ३ सय १४ आधारभूत र १ सय २५ माध्यमिक विद्यालय रहेका छन्। २ हजार २ सय ६१ शिक्षक दरबन्दी रहेको छ। यस वर्ष ७३ हजार ४ सय १५ जना बालबालिका विद्यालय भर्ना भए। अपाङ्गता भएका बालबालिकालाई अध्यापन गराउने चार ओटा विशेष कक्षा सञ्चालन भएको विद्यालय रहेका छन्। वैदेशिक रोजगारीमा गएर मृत्यु भएका परिवारका ३७ जना बालबालिकाहरूले छात्रवृत्ति पाए। द्वन्द्व पीडित परिवारका १७ जना बालबालिकाले छात्रवृत्ति पाए।

यस वर्ष नुवाकोट जिल्लामा यौन दुर्व्यवहारका घटनामा एक र बलात्कारका घटनामा पाँच जना बालिका पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

बलात्कारका तीन घटनाका आरोपितहरूलाई जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा पठायो भने एक घटनाका आरोपितलाई धरौटीमा रिहा गऱ्यो। एक घटनाका आरोपित वर्षको अन्त्यसम्म गिरफ्तार भएनन्। यौन दुर्व्यवहारका एक घटनाका आरोपितलाई अदालतले पुर्पक्षका लागि थुनामा पठायो।

महिला विरुद्ध हुने सबै प्रकारको भेदभाव, दुर्व्यवहार

यो वर्ष घरेलु हिंसा पीडित भन्दै ७० जना महिलाले जिल्ला प्रहरी कार्यालयको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमा कुटपिट लगायत शारीरिक यातनाका ५३ उजुरी छन्। खान लाउन नदिएको, आर्थिक तथा मानसिक यातना दिएको १७ उजुरी छन्। यी मध्ये ५२ उजुरीको जिल्ला प्रहरी कार्यालयमा मेलमिलाप भयो। नौ उजुरी कानुनी उपचारको लागि अदालत पठाइएको छ। नौ जना उजुरीकर्ताहरू उजुरीपछि सम्पर्कमा आएनन्। अघिल्लो वर्षको तुलनामा यो वर्ष घरेलु हिंसाको घटनामा कमी आएको महिला तथा बालबालिका सेवा केन्द्रकी प्रमुख असई सुकुमाया तामाङले बताइन्।

यो वर्ष नुवाकोट जिल्लामा घरेलु हिंसाका घटनामा दुई, बलात्कारका घटनामा नौ, बलात्कार प्रयासका घटनामा पाँच, बहुविवाहका घटनामा चार, 'बोक्सी' आरोपको घटनामा एक र पारिवारिक हत्याका घटनामा एक जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

अभिलेखित घटनामध्ये बलात्कारका सात घटनाका आरोपितलाई जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा पठायो भने एक घटनाका आरोपितलाई बाल सुधार गृह पठायो। एक घटनाका आरोपित वर्षको अन्त्यसम्म गिरफ्तार भएनन्। बलात्कार प्रयासका चार घटनाका आरोपितलाई अदालतले पुर्पक्षका लागि थुनामा पठायो। एक आरोपितलाई धरौटीमा रिहा गऱ्यो। बहुविवाहका दुई घटनाका आरोपितलाई अदालतले धरौटीमा रिहा गऱ्यो भने एक घटनाका आरोपित वर्षको अन्त्यसम्म गिरफ्तार भएनन्। एक घटनाका एक आरोपितलाई अदालतले पुर्पक्षका लागि थुनामा पठायो भने एक आरोपित वर्षको अन्त्यसम्म गिरफ्तार भएनन्। 'बोक्सी' आरोपका एक घटनाका आरोपित वर्षको अन्त्यसम्म गिरफ्तार भएनन्। पारिवारिक हत्याका एक घटनाका आरोपितलाई अदालतले पुर्पक्षका लागि थुनामा पठायो।

घटनाको प्रकार		अन्यपक्षबाट		
		महिला	पुरुष	जम्मा
कुटपिट			१	१
हत्या		५	३	८
बाल अधिकार	बलात्कार	५		५
	यौन दुर्व्यवहार	१		१
	जम्मा	६		६
महिला अधिकार	घरेलु हिंसा	३		३
	'बोक्सी'को आरोप	१		१
	बहुविवाह	४		४
	बलात्कार	९		९
	बलात्कार प्रयास	५		५
	जम्मा	३१		३१
कूल जम्मा		३३	४	३६

बलात्कारपछि हत्या

किस्पाङ गाउँपालिका-४ की २७ वर्षीया फुर्कु घलेलाई ०७८ माघ ७ गते राती बलात्कार गरी हत्या गरेको आरोपमा सोही ठाउँका ४५ वर्षीय खम्बासिंह तामाङविरुद्ध मृतकका बाबु ५५ वर्षीय हरिबहादुर घलेले माघ १० गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। प्रहरीले आरोपितलाई माघ १० गते गिरफ्तार गऱ्यो। मदिरा सेवन गरेका खम्बासिंहले माघ ७ गते राती घरको ढोका फुटाई बलात्कार गर्ने उद्देश्यले फुर्कुलाई लिएर गएको र माघ ८ गते बिहान घर नजिकै कटेरामा फुर्कु झुण्डिएको अवस्थामा शव फेला परेको उजुरीमा उल्लेख छ। माघ १० गते फुर्कुको शव बुबा हरिबहादुरले बुझेर सद्गत गरेको जिल्ला प्रहरी कार्यालयले जनायो। प्रहरीले सरकारी वकिल कार्यालय मार्फत फागुन ४ गते जिल्ला अदालतमा पेश गऱ्यो। जिल्ला अदालतले २०७८ फागुन ४ गते ७० हजार रुपियाँ धरौटीमा आरोपित खम्बासिंहलाई रिहा गर्न आदेश दियो। यस वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएन।

पारिवारिक हत्या

ककनी गाउँपालिका-१ की ६५ वर्षीया चरीमाया बलामीको २०७८ फागुन २८ गते हत्याको आरोपमा प्रहरीले पीडितका छोरा ४२ वर्षीय भीमबहादुर बलामीलाई प्रहरीले फागुन २० गते गिरफ्तार गऱ्यो। शवको त्रिवि शिक्षण अस्पताल,

काठमाडौंमा फागुन २९ गते पोष्टमार्टम भयो। प्रहरीले सरकारी वकिलमार्फत चैत १५ गते जिल्ला अदालतले आरोपितलाई पेश गऱ्यो। जिल्ला अदालतले चैत १६ गते पुर्पक्षको लागि थुनामा राख्न आदेश दियो। यो वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएन।

स्वास्थ्य सेवाको अवस्था

जिल्लामा दुई अस्पताल, दुई प्राथमिक स्वास्थ्य केन्द्र, ६४ स्वास्थ्य चौकी, शहरी स्वास्थ्य क्लिनिक नौ, ग्रामीण स्वास्थ्य इकाइ १९, खोप केन्द्र २ सय ४० र एक सामुदायिक आँखा केन्द्र रहेको छ। जिल्ला अस्पताल, त्रिशुलीको बेड क्षमता ५० भए पनि बिरामीको चापका कारण १ सय बेडबाट सेवा दिइरहेको छ। जिल्ला अस्पतालमा सात विशेषज्ञ चिकित्सकको दरबन्दी रहेकोमा एक जनामात्र कार्यरत छन् र ६ जना मेडिकल अधिकृतको दरबन्दी रहेकोमा सबै रिक्त छ। जिल्ला अस्पतालमा ५९ दरबन्दी तोकिए पनि २६ कार्यरत छन्। अस्पतालमा छात्रवृत्ति करारका १५ चिकित्सक कार्यरत छन्। दुई प्राथमिक स्वास्थ्य केन्द्रमा दुई डाक्टरको दरबन्दी रहेकोमा स्थायी चिकित्सक अभाव रहे पनि छात्रवृत्ति, करारका चिकित्सक कार्यरत छन्।

सरकारले २०७७ मंसिर १७ गते एक स्थानीय तह एक १० शैयाको अस्पताल अवधारणा अनुसार नुवाकोटको चार ओटा स्थानीय तहका अस्पताल शिलान्यास गरेकोमा ककनीको रानीपौवामा नौ रोपनी जग्गामा ८ करोड ५० लाख रुपियाँ लागतमा अस्पताल निर्माण सुरु भएको गाउँपालिकाका अध्यक्ष सुमन तामाङले बताए। पञ्चकन्या गाउँपालिकामा १० शैयाको अस्पताल निर्माणको लागि जग्गा सम्याएर जग हाल्ने तयारी भएको गाउँपालिका अध्यक्ष तेजबहादुर तामाङले बताए। शिवपुरी गाउँपालिका-५ चालिसेमा १२ रोपनी जग्गामा अस्पतालको जग खनेर पिलर उठाउने काम भइरहेको गाउँपालिका अध्यक्ष गोविन्दप्रसाद थपलियाले बताए। तारकेश्वर गाउँपालिका- १ को दाङ्सिङ् स्वास्थ्य चौकीलाई १० शैयाको अस्पतालमा स्तरोन्नति गर्ने भनि तोकिएकोमा उक्त स्वास्थ्य चौकीमा सङ्घको छुट्टै कार्यक्रमबाट भवनको लागि बजेट विनियोजन भएकोले १० शैयाको अस्पताल कार्यक्रम सञ्चालन नगरिएको तारकेश्वर गाउँपालिले जनायो।

प्रतिनिधि सभा तथा प्रदेश सभा निर्वाचन २०७९

यस वर्ष सम्पन्न भएको प्रतिनिधि सभा निर्वाचनमा नुवाकोट जिल्लामा २ लाख ३९ हजार ७ सय २६ मतदाता मध्ये १ लाख २९ हजार ७ सय ५ (५४.१० प्रतिशत) ले मतदान गरे। यसैगरी प्रदेश सभा तर्फ १ लाख २९ हजार ३ सय ८२ (५३.९७ प्रतिशत) ले मतदान गरे।


सन् २०२२ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

बाल अधिकार			
घटनाको प्रकार	अनुसन्धान	कानुनी दायरामा ल्याइएका	जम्मा
बलात्कार	१	४	५
यौन दुर्व्यवहार		१	१
जम्मा	१	५	६

महिला अधिकार			
घटनाको प्रकार	अनुसन्धान	कानुनी दायरामा ल्याइएका	जम्मा
घरेलु हिंसा		२	२
'बोक्सी'को आरोप	१		१
बहुविवाह	१	३	४
बलात्कार	१	८	९
बलात्कार प्रयास		५	५
जम्मा	३	१८	२१

मारिएकाको घटना सङ्ख्या		
घटनाको प्रकार	कानुनी दायरामा ल्याइएका	जम्मा
हत्या	७	७

३.६ काठमाडौँ



जम्मा जनसङ्ख्या	२०,१७,५३२
महिला	९,९१,८०५
प्रतिनिधिसभा निर्वाचन क्षेत्र	१०
प्रदेशसभा निर्वाचन क्षेत्र	२०
गरिबीको रेखामुनि रहेको सङ्ख्या	१,२८,९७३
कामका लागि बाहिरिएका	९९,८०५
अपाङ्गता भएका	१७,१२२
५ वर्षमाथिको साक्षरता प्रतिशत	७६.४
आश्रित जनसङ्ख्या	६,०३,१२१

यस वर्ष काठमाडौँ जिल्लामा मानव अधिकार उल्लङ्घनका घटनामा राज्यपक्षबाट ३४ जना महिला र २ सय ९३ जना पुरुष तथा ज्यादतीका घटनामा अन्यपक्षबाट २ सय ५९ जना महिला र ४० जना पुरुष पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा १ सय २४ जना बालिका तथा महिला अधिकार उल्लङ्घनका घटनामा १ सय २९ जना महिला पीडित भए।

कारागार र बन्दी

काठमाडौँ जिल्लामा जगनान्नाथदेवल र डिल्लीबजार गरी दुई कारागार रहेका छन्। जगन्नाथदेवल कारागार भित्र पनि केन्द्रीय कारागार, भद्रबन्दीगृह कारागार र महिला कारागार गरी तीन ओटा क्लस्टर छुट्याइएको छ। जन्नानाथदेवलका तीन ओटै क्लस्टरका कारागारको क्षमता १ हजार ४ सय ५० रहेकोमा कैदी र थुनुवा गरी ३ हजार ४ सय ९० जना रहेका छन्। जसमध्ये पुरुष ३ हजार ५१ र महिला ४ सय २५ रहेका छन्। कारागारमा आश्रित बालक चार र बालिका १० जना रहेका छन्। कारागार परिसर भित्र कैदीको उपचारका लागि लागि केन्द्रीय कारागार अस्पताल रहेको छ। कैदी/बन्दीको नियमित स्वास्थ्य जाँचका लागि उक्त अस्पतालमा १८ दरबन्दी रहेकोमा हाल १५ जनाले सेवा प्रदान गरिरहेका छन्। कारागारमा ५५ जना कैदी/बन्दीहरूले जटिल मानसिक रोगी र सामान्य मानसिक रोगी २ सय ९७ जनाले मानसिक रोगको औषधि उपचार गराइरहेका छन्। कारागारमा ५६ जना पुरुष र ३३ जना महिला गरी ८९ ज्येष्ठ नागरिक रहेका छन्। केन्द्रीय कारागारमा यस वर्ष ४० जनाको जनाको मृत्यु भयो। प्रतिनिधि सभा तथा प्रदेश सभाको निर्वाचनमा कारागारमा सात जना कैदीबन्दीले मतदान गरे।

कारागारमा क्षमता भन्दा बढी कैदी रहेका कारण कारागार व्यवस्थापनमा कठिनाइ रहेको, आश्रित बालबालिकाको शिक्षाको लागि दुई जना अस्थायी शिक्षकको व्यवस्थापन गरी पठनपाठनको व्यवस्था मिलाइएको कारागारका उपसचिव ईश्वरीप्रसाद पाण्डेले बताए। कारागार प्रशासन कैदीहरूको आयआर्जनका लागि तथा कैदमुक्त भएर घर फर्कंदा जीवनयापन गर्न सहज होस् भन्ने हेतुले उनीहरूलाई ढाकाका कपडा बुन्ने, ज्याकेट, टोपी, पोते, स्विटर, मुढा, बेकरी, साबुन बनाउने लगायत विभिन्न सीपमूलक तालिम प्रदान गरिएको पाण्डेले बताए।

घटनाको प्रकार		राज्यपक्षबाट			अन्यपक्षबाट		
		महिला	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
गिरफ्तारी			११	११			
कुटपिट			१	१			
कारागारमा मृत्यु		४	३६	४०			
घाइते			८	८	३	३९	३१
हत्या					४	११	१५
अभिव्यक्ति, भेला तथा सङ्गठित हुने अधिकार		३०	३३६	३६६			
धम्की			१	१			
बाल अधिकार	बेचबिखन तथा ओसारपसार				३		३
	बलात्कार				८९		८९
	यौन दुर्व्यवहार				३३		३३
	जम्मा				१३४		१३४
महिला अधिकार	घरेलु हिंसा				३३		३३
	'बोक्सी'को आरोप				१		१
	बहुविवाह				३४		३४
	बलात्कार				६९		६९
	बलात्कार प्रयास				६		६
	यौन दुर्व्यवहार				३		३
	बेचबिखन तथा ओसारपसार				४		४
	जम्मा				१३९		१३९
कूल जम्मा		३४	३९३	३३७	३५९	४०	३९९

त्यसैगरी, ३ सय जनाको क्षमता रहेको डिल्लीबजार कारागारमा हाल ६ सय २७ जना कैदी/बन्दी रहेका छन्। जसमा सबै पुरुष रहेका छन्। कारागारमा चार जना ज्येष्ठ नागरिक रहेका छन्। कारागार परिसरमा कैदी/बन्दीको सामान्य उपचारका लागि कारागार अस्पताल रहेको छ। जसमा एकजना अहेवको दरबन्दी रहेको छ भने हप्ताको एकपटक विशेषज्ञ चिकित्सकबाट कैदीको स्वास्थ्य जाँचको व्यवस्था मिलाइएको छ। प्रतिनिधि सभा तथा प्रदेश सभा निर्वाचनमा यस कारागारबाट कर्मचारी र कैदीबन्दी गरी १ सय १३ जनाले मतदान गरे। कारागारमा कैदी/बन्दीको सुविधाका लागि एक जना वैतनिक वकिलको व्यवस्था समेत रहेको छ।

अभिव्यक्ति स्वतन्त्रता, भेला तथा सङ्गठित हुन् पाउने अधिकार

काठमाडौं महानगरपालिका-१० स्थित बानेश्वरमा ०७८ माघ १० गते पेट्रोलियम पदार्थमा भएको मूल्यवृद्धि विरुद्ध मसाल जुलस प्रदर्शनमा प्रहरीले लाठीचार्ज गर्दा नेत्रविक्रम चन्द (विप्लव) निकट नेकपा माओवादीका कार्यकर्ताहरू काभ्रेका २७ वर्षीय सुमन लामा, गुल्मीका २२ वर्षीय माधव ढकाल र रामेछापका २५ वर्षीय सनी श्रेष्ठ घाइते भए। घाइतेहरूको मिनभवनस्थित निजामती कर्मचारी अस्पतालमा उपचार भयो।

काठमाडौं महानगरपालिका-२८ प्रदर्शनीमार्गबाट पेट्रोलियम पदार्थमा भएको मुल्यवृद्धिको विरोधमा ०७८ माघ ७ गते आर. आर. क्याम्पस अगाडि भएको प्रदर्शनमा प्रहरीले लाठीचार्ज गर्दा नेकपा एमाले सम्बद्ध अनेरास्वबियुका कार्यकर्ताहरू बैतडीका २३ वर्षीय तपेन्द्रबहादुर बिष्ट, ओखलढुंगाका २७ वर्षीय पुष्प लुइँटेल, सल्यानका २५ वर्षीय धन राउत, काभ्रेका २६ वर्षीय प्रेम लामा र बभाङका २३ वर्षीय नरेश धामी घाइते भए। घाइतेहरूको बागबजारस्थित काठमाडौं मोडेल अस्पतालमा उपचार भयो।

काठमाडौँ महानगरपालिका-१० बानेश्वरस्थित संसद भवन बाहिर मिलेनियम च्यालेन्ज कर्पोरेशन (एमसीसी) विरुद्ध ०७८ फागुन १२ गते भएको प्रदर्शनमा प्रदर्शनकारी र प्रहरीबीच पटक-पटक झडप हुँदा डडेल्धुराका ३० वर्षीय हेमराज अवस्थी, कालीकोटका १८ वर्षीय जीवन मल्ल, सिन्धुपाल्चोकका २० वर्षीय चक्र तामाङ, ललितपुरका ५२ वर्षीय युवराज बज्राचार्य, काठमाडौँका २१ वर्षीय आशुतोष पटेल, दोलखाका ३८ वर्षीय केदार शिवाकोटी, एभिन्युज टेलिभिजनका क्यामेरामेन ३० वर्षीय सुरेश रजक र खोटाङ जिल्ला घर भएकी महिला प्रहरी २३ वर्षीया सुनिता राई घाइते भए। प्रदर्शनकारी तर्फ घाइते भएकाहरूमध्ये पाँच जना र एभिन्युजका क्यामेरामेन फागुन १२ गते नयाँ बानेश्वरस्थित एभरेस्ट अस्पतालमा उपचारपछि घर फर्किए भने सोही आन्दोलनमा गम्भीर घाइते भएका हेमराज अवस्थी ११ दिनको उपचारपछि अन्नपूर्ण न्युरो अस्पताल माइतीघरबाट फागुन २४ गते डिस्चार्ज भए। झडपमा घाइते भएकी प्रहरी जवान राईको नेपाल प्रहरी अस्पताल, महाराजगञ्जमा उपचार भयो।

काठमाडौँ महानगरपालिका-१० बानेश्वर संसद भवन बाहिर र बिजुली बजार क्षेत्रमा ०७८ फागुन ८ गते सरकारले अमेरिकी सहयोग परियोजना मिलेनियम च्यालेन्ज कर्पोरेशन (एमसीसी) प्रतिनिधि सभामा पेश गरेपछि प्रदर्शनकारी र सुरक्षाकर्मीबीच झडप हुँदा २९ जना प्रदर्शनकारी, १५ जना प्रहरी र सात जना सशस्त्र प्रहरी घाइते भए। भीडलाई नियन्त्रणमा लिने क्रममा प्रहरीले पानीको फोहोराका साथै १ सय १५ सेल अश्रुग्याँस र ३० राउण्ड रबरको गोली प्रहार गरेको थियो। प्रदर्शनकारीतर्फ घाइते हुनेहरूमा काठमाडौँका ३२ वर्षीय प्रविनकुमार बोगटी, कालीकोटका २३ वर्षीय प्रेम जैशी, रामेछापका २४ वर्षीय विमल पौडेल, नवलपरासी पूर्वका २१ वर्षीय सोनु दाहाल, काठमाडौँका ४२ वर्षीय दीपेन्द्र श्रेष्ठ, सप्तरीका २५ वर्षीय पुरूषोत्तम यादव, काठमाडौँका ४४ वर्षीय निर्मला श्रेष्ठ, बाराका २७ वर्षीय सुनिल देशान, नुवाकोटाका २३ वर्षीय दिपेन्द्र श्रेष्ठ, काठमाडौँका २१ वर्षीय रिना लामा, सिन्धुपाल्चोका २७ वर्षीय सोनाम तामाङ र २७ वर्षीय समिर तामाङ रहेका छन्। यसैगरी काठमाडौँका २० वर्षीय समिर दाहाल, चितवनका ५५ वर्षीय राममणि न्यौपाने, स्याङ्जाका २२ वर्षीय सुदिप पोखरेल, नुवकोटका ३९ वर्षीय हेमराज सुवेदी, झापाका २४ वर्षीय शिशिर बस्याल, सल्यानका ४२ वर्षीय बिष्णु बुढाथोकी, सिन्धुपाल्चोकका २४ वर्षीय रविकिरण श्रेष्ठ, काभ्रेपलाञ्चोकका २४ वर्षीय सुशील नेपाल, रोल्पाका ४० वर्षीय ओम प्रकाश पुन, अछामका २५ वर्षीय मदन भुल, महोत्तरीका ३५ वर्षीय विकाश दास, कास्कीका २० वर्षीय प्रविन पौडेल र ४० वर्षीय कृष्णमुरारी घिमिरे रहेका छन्। अन्यमा बैतडीका ३८ वर्षीय पञ्चा सिंह, चितवनका ५५ वर्षीय क्षितिज सापकोट, र रूपन्देहीका २७ वर्षीय रमेश बस्नेत रहेका छन्। त्यस्तै प्रहरीतर्फ घाइते हुनेहरूमा २५ वर्षीय धर्मेन्द्रबहादुर चन्द, ३२ वर्षीय नवराज शाही, २५ वर्षीय रमेशराज घिमिरे, २३ वर्षीय इन्द्रजित चौधरी, ३४ वर्षीय मिलन गुरूङ, २९ वर्षीय राजेश राई, २५ वर्षीय विकल सापकोटा, ३३ वर्षीय देवीराम खरेल, २१ वर्षीया तुलसी गौतम, ४४ वर्षीय गोबिन्द बटाला, २६ वर्षीय सन्दीप सुनार, २१ वर्षीय ललित बोहोरा, २८ वर्षीय भरत श्रेष्ठ, २६ वर्षीय रोशन राना, ४० वर्षीय अमरसिंह गुरूङ, २२ वर्षीय विनय ढुंगाना, २६ वर्षीया हिरा तामाङ, सशस्त्र प्रहरीतर्फ ३७ वर्षीय रोशन गाहा, ३३ वर्षीय साजन घर्ती, २१ वर्षीय प्रवीन ढकाल, २२ वर्षीय श्याम कुँवर, ४४ वर्षीय मुक्तिनाथ धिताल, २३ वर्षीया सपना मगर, २८ वर्षीय विक्रम राई रहेका छन्। प्रदर्शनकारीतर्फ घाइते भएका २२ जना नयाँ बानेश्वरस्थित एभरेस्ट अस्पतालमा उपचारपछि सोही दिन घर फर्किए भने पाँच जना उपचारपछि अर्को दिन डिस्चार्ज भए। त्यस्तै प्रहरीतर्फ घाइते भएका १५ जनाको उपचार नेपाल प्रहरी अस्पताल पानीपोखरीमा भयो। सशस्त्र प्रहरीतर्फ घाइते भएका तीन जनाको उपचार बलम्बुस्थित एपीएफ अस्पतालमा भयो भने बाँकी चार जनाको उपचार संसद भवनभित्रै रहेको आपतकालीन उपचार कक्षमा भयो।

काठमाडौँ महानगरपालिका-१० बानेश्वर संसद भवन बाहिर र बिजुलीबजार क्षेत्रमा मिलेनियम च्यालेन्ज कर्पोरेशन (एमसीसी) विरुद्ध ०७८ फागुन १५ गते भएको प्रदर्शनमा प्रदर्शनकारी र प्रहरीबीच झडप हुँदा प्रदर्शनकारीतर्फ आठ जना, एक जना पत्रकार र प्रहरीतर्फ एकजना गरी १० जना घाइते भए। प्रदर्शनकारीले नयाँ बानेश्वरको एभरेष्ट होटल अगाडि प्रहरीले राखेको ब्यारीकेड तोडेर ढुङ्गा र लाठी प्रहार गर्दै निषेधित क्षेत्रतर्फ अगाडि बढ्न खोजेपछि प्रहरीले प्रदर्शनकारीतर्फ पानीको फोहोरा र अश्रुग्याँस प्रहार गरेको थियो। प्रदर्शनका क्रममा प्रदर्शनकारीतर्फ घाइते हुनेहरूमा ललितपुरकी ३० वर्षीया सावित्री अधिकारी 'विदुषी', मोरङका २० वर्षीय निसान बस्नेत,

काठमाडौँका २० वर्षीय अविनाश गिरी, काभ्रेपलाञ्चोककी १९ वर्षीया अस्मिता कुँवर, बाग्लुङका ३० वर्षीय सोम शर्मा, काठमाडौँकी ३५ वर्षीया सपना पुन मगर, ललितपुरकी १९ वर्षीया प्रजिना दर्नाल र धनुषाका ३० वर्षीय रमेश विश्वकर्मा रहेका छन्। त्यस्तै, आन्दोलनकै क्रममा प्रदर्शनकारीले प्रहार गरेको ढुङ्गा लागेर शिलापत्र डट कमका पत्रकार काठमाडौँका २२ वर्षीय यमकुमार मुरेल सामान्य घाइते भए। घाँटीमा चोट लागेका यमकुमार लगायत अन्यको नयाँ बानेश्वरको एभरेष्ट अस्पतालमा उपचार भयो। त्यस्तै प्रहरीतर्फ घाइते हुनेमा २४ वर्षीय प्रहरी जवान गुल्मीका चन्द्रबहादुर मुखिया रहेका थिए। उनको प्राथमिक उपचार नेपाल रेडक्रस सोसाइटीको मोबाइल एम्बुलेन्समा भयो।

काठमाडौँ महानगरपालिका-१० बानेश्वर संसद भवन बाहिर ०७८ फागुन ४ गते सरकारले अमेरिकी सहयोग परियोजना एमसीसी सम्झौता संसदमा टेबल गर्न लागेको विरोधमा विभिन्न राजनीतिक दलसम्बद्ध नेता कार्यकर्ताले गरेको विरोध प्रदर्शनका क्रममा प्रहरी र प्रदर्शनकारीबीच झडप हुँदा ६ जना प्रदर्शनकारी र चार जना प्रहरी र एक जना पत्रकार घाइते भए। सोही दिन प्रदर्शनका क्रममा अन्दोलनकारीले नेपाल प्रहरीको बा १ ग २११४ नम्बरको टाटा पिकअप गाडीमा ढुङ्गा प्रहार गरेर क्षति पुऱ्याए। घाइते हुनेमा प्रदर्शनकारीतर्फ भक्तपुरका २७ वर्षीय उमेश भण्डारी, काठमाडौँका २८ वर्षीय निर्घ नवीन, कास्कीका ४० वर्षीय सुमन देवकोटा, महोत्तरीका २७ वर्षीय सञ्जयकुमार महतो, सिन्धुपाल्चोका २२ वर्षीया नमुना सापकोटा, बझाङका १९ वर्षीय विप्लव खड्का रहेका थिए। उनीहरूको नयाँ बानेश्वरस्थित एभरेस्ट अस्पतालमा भयो। त्यस्तै झडपका क्रममा प्रदर्शनकारीको ढुङ्गा प्रहारबाट मकालु खबरका फोटो पत्रकार ३८ वर्षीय सरोज बस्नेत कन्चटमा ढुङ्गा लागी घाइते भए। पत्रकार बस्नेत काठमाडौँ मेडिकल कलेज सिनामंगलमा उपचारपछि सोही दिन घर फर्किए। त्यस्तै झडपकै क्रममा प्रदर्शनकारीको इँटा र ढुङ्गा प्रहारबाट प्रहरीतर्फ २२ वर्षीय शिशिर बस्नेत, २४ वर्षीय सुदीप श्रेष्ठ, २५ वर्षीय श्याम कार्की, सशस्त्र प्रहरीका हवल्दार ३८ वर्षीय पदम खड्का घाइते भए। घाइते भएका सुरक्षाकर्मीहरूको निजामती कर्मचारी अस्पताल, नयाँ बानेश्वरमा उपचार भयो।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत काठमाडौँमा ३९ जना न्यायाधीशको दरबन्दी रहेकोमा हाल १० दरबन्दी रिक्त छ। यो वर्ष फौजदारी मुद्दातर्फ दर्ता भएका ३ हजार ८ सय ५१ थान मुद्दामध्ये ८ सय ६९ थान मुद्दा फैसला भए। देवानी मुद्दातर्फ दर्ता भएका १२ हजार ४ सय ५० थान मुद्दामध्ये २ हजार ४ सय १७ ओटा मुद्दामा फैसला भए। यस अदालतमा दुई वर्ष नाघेका फौजदारी मुद्दा ६ सय १८ थान बाँकी छन् भने देवानी मुद्दा १ हजार २ सय २१ थान बाँकी छन्। त्यस्तै सर्वोच्च अदालतमा दुई वर्ष नाघेका देवानी र फौजदारी मुद्दा गरी १ हजार ४ सय मुद्दा रहेका छन्। यस वर्ष भएको स्थानीय तह निर्वाचन र प्रतिनिधि सभा तथा प्रदेश सभा निर्वाचनमा अदालतबाट न्यायधीशहरू खटिएका कारण पनि धेरै मुद्दामा पेशी सरेको र लक्ष्य अनुसार फैसला गर्न नसकिएको जिल्ला अदालतका श्रेस्तेदार ज्ञानेन्द्र इटेनीले बताए।

बाल अधिकार

शिक्षाको अवस्था

यस जिल्लामा १ हजार ७ सय ३ आधारभूत र ९ सय २२ माध्यमिक विद्यालय छन्। ५ हजार १ सय ५५ शिक्षक दरबन्दी रहेकामा ७ सय ३९ ओटा दरबन्दी मिलान हुन बाँकी रहेको छ। जिल्लाभर ३ सय १८ ओटा रहेका बाल विकास केन्द्रमध्ये हाल ३ सय ८ सञ्चालनमा रहेका छन्। यस वर्ष जिल्लाभर १ लाख ८१ हजार १ सय ७ बालक र १ लाख ४९ हजार ४ सय ५१ जना बालिका विद्यालय भर्ना भए। जसमा अपाङ्गता भएका २ हजार ४ सय ३ बालक र २ हजार १ सय ५० बालिका छन्। यस वर्ष जिल्लाभर १३ हजार १ सय २६ दलित बालक र १० हजार ६ सय १८ दलित बालिका विद्यालय भर्ना भए। जिल्लामा अपाङ्गता भएका विद्यार्थीको शिक्षाका लागि जोरपाटीमा खगेन्द्र माध्यमिक विद्यालय रहेको छ भने अपाङ्गता भएका टुहुरा बालबालिकालाई निःशुल्क आवासका लागि कार्यालय सोहि स्थानमा एसओएस बालग्राम रहेको छ। त्यस्तै श्रवन शक्ति नभएका विद्यार्थीका लागि नक्सालमा केन्द्रीय बहिरा उच्च मावि समेत रहेको छ।

यस वर्ष काठमाडौँ जिल्लामा यौन दुर्व्यवहारका घटनामा ३३, बलात्कारका घटनामा ८९ र बेचबिखन तथा ओसारपसारका घटनामा दुई जना बालिका पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

अभिलेखित घटना मध्ये बलात्कारका ३६ घटनाका आरोपितहरूलाई जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा पठायो भने ३६ घटनाका आरोपितलाई कैद तथा जरिबानाको फैसला सुनायो। पाँच घटनाका आरोपितलाई अदालतले बाल सुधार गृहमा पठायो भने तीन घटनाका आरोपितलाई सफाइ दियो। दुई घटनाका आरोपित वर्षको अन्त्यसम्म गिरफ्तार भएनन् भने आठ घटनाका आरोपित वर्षको अन्त्यसम्म प्रहरी अनुसन्धानमै रहे। यौन दुर्व्यवहारका आठ घटनाका आरोपितलाई अदालतले पुर्पक्षका लागि थुनामा पठायो भने १७ घटनाका आरोपितलाई कैद तथा जरिवानाको फैसला सुनायो। चार घटनाका आरोपितलाई अदालतले सफाइ दियो भने एक घटनाका आरोपितलाई धरौटीमा रिहा गऱ्यो। चार घटनाका आरोपित वर्षको अन्त्यसम्म प्रहरी अनुसन्धानमै रहे। बेचबिखन तथा ओसारपसारका एक घटनाका आरोपितलाई अदालतले पुर्पक्षका लागि थुनामा पठायो भने एक घटनाका आरोपितलाई कैद तथा जरिवानाको फैसला सुनायो।

बलात्कार, यौन दुर्व्यवहार

१५ वर्षीया बालिकालाई ०७८ पुस २७ गते बलात्कार गरेको भन्दै काभ्रेपलाञ्चोक जिल्ला बनेपा नगरपालिका-१ घर भई हाल ललितपुर महानगरपालिका-१६ बस्दै आएका २१ वर्षीय सुजन श्रेष्ठविरूद्ध पीडितका आफन्तले पुस २८ गते महानगरीय प्रहरी वृत्त महाराजगञ्जमा उजुरी दिए। आरोपितले बालिकालाई बुढानिलकण्ठ नगरपालिका-५ को एक निर्माणाधीन घरमा लगेर बलात्कार गरेको उजुरीमा उल्लेख छ। घटनापश्चात् फरार रहेका आरोपितलाई प्रहरीले पुस ३० गते आरोपितको कोठाबाट गिरफ्तार गऱ्यो। पीडित बालिकाको स्वास्थ्य परीक्षण पुस २८ गते थापाथलीस्थित प्रसुति गृहमा भयो। प्रहरीले आरोपितविरूद्ध जिल्ला सरकारी कार्यालय मार्फत पुस ३० गते जिल्ला अदालत काठमाडौँमा जबरजस्तीकरणीको अभियोगमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको पुस ३० गतेको आदेशले आरोपितलाई हिरासतमा राखेर अनुसन्धान गर्न पाँच दिनको म्याद थप गऱ्यो। जिल्ला अदालतको माघ १५ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। यस मुद्दामा न्यायाधीश बासुदेव पौडेलको ०७९ साउन ३ गते इजलासले आरोपितलाई कसुरदार ठहर गर्दै १४ वर्ष कैद र ५ लाख रुपियाँ जरिवानाको फैसला सुनायो।

५ वर्षीया बालिकालाई ०७८ माघ १२ गते बलात्कार गरेको आरोपमा सिन्धुली जिल्ला घर भई हाल कागेश्वरी मनोहरा नगरपालिका-६ मुलपानी बस्दै आएका २९ वर्षीय सुरेश मगरविरूद्ध पीडितका आफन्तले माघ १२ गते महानगरीय प्रहरी वृत तीनकुनेमा उजुरी दिए। प्रहरीले आरोपितलाई माघ १२ गते कोठाबाट गिरफ्तार गऱ्यो। पीडितको स्वाथ्य परीक्षण माघ १२ गते थापाथलीस्थित प्रसुति गृहमा भयो। प्रहरीले आरोपितविरूद्ध जिल्ला सरकारी वकिल कार्यालय मार्फत् माघ १३ गते जिल्ला अदालतमा जबर्जस्तीकरणी अभियोगमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको माघ १३ गतेको आदेशले ५ दिनको म्याद थप गर्दै आरोपितलाई अनुसन्धानका लागि हिरासतमा राख्न अनुमति दियो। जिल्ला अदालतका न्यायाधीश राजेन्द्र अधिकारीको फागुन २ गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। यस मुद्दामा न्यायाधीश सकुन्तला कार्कीको ०७९ असोज २६ गतेको इजलासले आरोपितलाई जन्मकैदको सजाय र ७ लाख रुपियाँ जरिवानाको फैसला सुनायो।

१४ वर्षीया बालिकालाई बलात्कार गरेको आरोपमा प्रहरीले मकवानपुर जिल्ला हेटौँडा नगरपालिका-३ घर भई गोकर्णेश्वर नगरपालिका-६ नयाँबस्ती बस्दै आएका २१ वर्षीय रेशम लामालाई माघ १६ गते चाबहिलबाट गिरफ्तार गऱ्यो। आरोपितले पीडितलाई पुस १७ गते बलात्कार गरेको भन्दै पीडितका आफन्तले महानगरीय प्रहरी वृत्त, बौद्धमा माघ १६ गते उजुरी दिएपछि प्रहरीले आरोपितलाई सोही दिन गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण माघ १६ गते थापाथलीस्थित प्रसुती गृहमा भयो। प्रहरीले जिल्ला सरकारी वकिलको कार्यालयको सहयोगमा आरोपितविरुद्ध माघ १७ गते जिल्ला अदालतमा जबरजस्तीकरणी अभियोगमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालत काठमाडौँले फागुन ३ गते आरोपितलाई पुर्पक्षका लागि थुनामा पठाउन आदेश दियो। न्यायाधीश सूर्यबहादुर थापाको २०७९ असोज २७ गतेको इजलासले आरोपितलाई कसुरदार ठहर गर्दै १४ वर्ष कैद र ५ लाख रुपैयाँ जरिवानाको फैसला सुनायो।

१४ वर्षीया बालिकालाई ०७८ फागुन २० गते बलात्कार गरेको आरोपमा सिन्धुली जिल्ला तीनपाटन गाउँपालिका-३ घर भएका २२ वर्षीय रोहित बिकविरूद्ध पीडित पक्षले फागुन २० गते महानगरीय प्रहरी वृत्त, जनसेवामा उजुरी दियो। प्रहरीले आरोपितलाई फागुन

२० गते नयाँ बसपार्कबाट गिरफ्तार गऱ्यो। बालिकालाई आरोपितले न्युरोडबाट ललाइफकाइ नयाँ बसपार्कस्थित एक गेष्ट हाउसमा लगेर बलात्कार गरेको उजुरीमा उल्लेख छ। प्रहरीले आरोपितविरूद्ध जिल्ला सरकारी वकिल कार्यालय मार्फत् फागुन २० गते जिल्ला अदालतमा जबरजस्तीकरणी अभियोगमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतले चैत ७ गते आरोपितलाई पुर्पक्षका लागि थुनामा पठाउने आदेश गऱ्यो। न्यायाधीश सूर्यबहादुर थापाको ०७९ भदौ १ गतेको इजलासले आरोपितलाई कसुरदार ठहर गर्दै १४ वर्ष कैद र ५ लाख जरिवानाको फैसला सुनायो।

पाँच वर्षीया बालिकालाई ०७८ माघ २२ गते यौन दुर्व्यवहार गरेको आरोपमा काठमाडौँ महानगरपालिका-७ बस्दै आएका २५ वर्षीय चिरीबाबु महर्जनविरूद्ध पीडितका आफन्तले माघ २२ गते महानगरीय प्रहरी वृत जनसेवामा उजुरी दिए। प्रहरीले आरोपितलाई माघ २२ गते गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण माघ २२ गते थापाथलीस्थित प्रसुति गृहमा भयो। प्रहरीले आरोपितविरूद्ध जिल्ला सरकारी वकिल कार्यालय मार्फत् माघ २३ गते जिल्ला अदालतमा जबर्जस्तीकरणी उद्योगमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश युवराज गौतमको फागुन १ गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। उक्त मुद्दामा न्यायाधीश माधवप्रसाद मैनालीको ०७९ असार १३ गतेको इजलासले आरोपितलाई ३ वर्ष कैद र ३० हजार रुपैयाँ जरिवानाको सजायको फैसला गऱ्यो।

सात वर्षीया बालिकालाई ०७८ माघ २३ गते यौन दुर्व्यवहार गरेको आरोपमा कीर्तिपुर नगरपालिका-४ भत्केपाटी बस्ने ६२ वर्षीय राजु घिमिरेविरूद्ध पीडितका आफन्तले माघ २३ गते महानगरीय प्रहरी वृत कीर्तिपुरमा उजुरी दिए। प्रहरीले आरोपितलाई माघ २४ गते गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण माघ २३ गते थापाथलीस्थित प्रसुति गृहमा भयो। प्रहरीले आरोपितविरूद्ध जिल्ला सरकारी वकिल कार्यालय मार्फत् माघ २४ गते जिल्ला अदालतमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको फागुन १६ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। उक्त मुद्दामा न्यायाधिस सकुन्तला कार्कीको ०७९ साउन २४ गतेको इजलासले आरोपितलाई ३ वर्ष कैद र ३० हजार रुपैयाँ जरिवानाको सजायको फैसला गऱ्यो।

बेचबिखन तथा ओसारपसार प्रयास

स्याङ्जा जिल्ला कालीगण्डकी गाउँपालिका-७ घर भई काठमाडौँ महानगरपालिका-४ बस्दै आएकी १५ वर्षीया बालिकालाई काम लगाइदिने प्रलोभन देखाई भारत लैजान लागेको आरोपमा प्रहरीले दक्षिणकाली नगरपालिका-१ बस्दै आएका ४३ वर्षीय रामेश्वर गिरिलाई ०७८ पुस २२ गते नागढुङ्गाबाट गिरफ्तार गऱ्यो। आरोपितले पीडितलाई कामको प्रलोभन देखाएर भारत लैजान लागेको भन्दै पीडितका आफन्तले महानगरीय प्रहरी वृत महाराजगञ्जमा पुस २२ गते उजुरी दिएका थिए। प्रहरीले आरोपितविरूद्ध जिल्ला सरकारी वकिल कार्यालय मार्फत् पुस २३ गते जिल्ला अदालतमा मानव बेचबिखन विरुद्धको अभियोगमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश इन्द्रकुमार चोङ्गटेन्लीको माघ १५ गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। सोही मुद्दामा न्यायाधीश शंकरराज बरालको इजलासले ०७९ असार २८ गते आरोपितलाई १५ वर्ष कैद र दुई लाख रुपियाँ जरिवानाको फैसला गऱ्यो।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यो वर्ष घरेलु हिंसा पीडित भन्दै २ हजार ५८ जना महिलाले जिल्ला प्रहरी परिसर, काठमाडौँको महिला बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रका उजुरी दर्ता गराए। कुटपिटका २ सय ९१ ओटा, घरबाट निकाला गरिएका ३ सय २३ ओटा, खानलाउन नदिएका ४ सय ७८ ओटा, अर्की पत्नी ल्याएर हेला गरेको ५ सय ८९ ओटा, र सामान्य घरायसी झगडा ३ सय ७७ ओटा उजुरी थिए। यीमध्ये प्रहरीले १ हजार ५ सय ८८ ओटा घटनामा मिलापत्र गरायो भने २४ ओटा घटनामा प्रहरीले मिसिल तयार पारी अदालत पठाएको र ४ सय ४६ ओटा उजुरी कारबाही प्रक्रियामा रहेको महिला, सेवा केन्द्रकी इन्स्पेक्टर सपना खड्काले बताइन्।

यो वर्ष काठमाडौँ जिल्लामा घरेलु हिंसाका घटनामा २२, बलात्कारका घटनामा ६९, यौन दुर्व्यवहारका घटनामा तीन, बलात्कार प्रयासका घटनामा ६, 'बोक्सी' आरोपका घटनामा एक र बहुविवाहका घटनामा २४ जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

अभिलेखित घटनामध्ये बलात्कारका ४० घटनाका आरोपितलाई जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा पठायो भने २६ घटनाका आरोपितलाई कैद

तथा जरिवानाको फैसला सुनायो। एक घटनाका आरोपितलाई अदालतले सफाइ दियो। एक घटनाका आरोपित वर्षको अन्त्यसम्म गिरफ्तार भएनन् भने चार घटनाका आरोपित वर्षको अन्त्यसम्म प्रहरी अनुसन्धानमै रहे। यौन दुर्व्यवहारका दुई घटनाका आरोपितलाई अदालतले पुर्पक्षका लागि थुनामा पठायो। बलात्कार प्रयासका पाँच घटनाका आरोपितलाई अदालतले कैद तथा जरिवानाको फैसला सुनायो भने दुई घटनाका आरोपितलाई सफाइ दियो। 'बोक्सी' आरोपका एक घटनाका आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। एक घटनाका आरोपित वर्षको अन्त्यसम्म प्रहरी अनुसन्धानमै रहे। बहुविवाहका २१ घटनाका आरोपितलाई अदालतले कैद तथा जरिवानाको फैसला सुनायो भने तीन घटनाका आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। एक घटनाका आरोतिप वर्षको अन्त्यसम्म गिरफ्तार भएनन्।

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

७७ वर्षीय वृद्धालाई ०७८ माघ १८ गते बलात्कार गरेको आरोपमा टोखा नगरपालिका-३ भुत्खेलका ४५ वर्षीय प्रेमकृष्ण श्रेष्ठविरूद्ध पीडितका आफन्तले महानगरीय प्रहरी वृत महाराजगंजमा माघ २० गते उजुरी दिए। प्रहरीले आरोपितलाई माघ २० गते गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण माघ २० गते थापाथलीस्थित प्रसुति गृहमा भयो। प्रहरीले आरोपितविरूद्ध जिल्ला सरकारी वकिल कार्यालय मार्फत् माघ २१ गते जिल्ला अदालतमा जबरजस्तीकरणी अभियोगमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको फागुन १३ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। उक्त मुद्दामा न्यायाधीश बासुदेव पौडेलको इजलासले ०७९ भदौ ३ गते आरोपितलाई २० वर्ष कैद र ७ लाख रुपैयाँ जरिवाना सजायको फैसला गऱ्यो।

३२ वर्षीया महिलालाई ०७८ माघ १३ गते बलात्कार गरेको आरोपमा अछाम जिल्ला पञ्चादेवल विनायक नगरपालिका-५ घर भई हाल काठमाडौँ-२२ बस्दै आएका २४ वर्षीय बीरेन्> लामिछानेविरुद्ध पीडितका आफन्तले माघ २० गते महानगरीय प्रहरी वृत्त, महाराजगञ्जमा उजुरी दिए। प्रहरीले आरोपितलाई माघ २१ गते टोखाबाट गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण माघ २० गते थापाथलीस्थित प्रसुती गृहमा भयो। प्रहरीले आरोपितविरुद्ध जिल्ला सरकारी वकिल कार्यालय मार्फत् जिल्ला अदालतमा माघ २२ गते जबर्जस्तीकरणी अभियोगमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतले फागुन ११ गते आरोपितलाई पुर्पक्षका लागि थुनामा पठाउने आदेश गऱ्यो। उक्त मुद्दामा न्यायाधीश प्रकाशप्रसाद पण्डितको ०७९ जेठ १६ गतेको इजलासले आरोपितलाई १० वर्ष कैद र ३ लाख रुपियाँ जरिवाना सजायको फैसला गऱ्यो।

१८ वर्षीया युवतीलाई ०७८ पुस २७ गते बलात्कार प्रयास गरेको भन्दै दोलखा जिल्ला बिगु गाउँपालिका-४ घर भई हाल काठमाडौँ-१७ बस्दै आएका ४५ वर्षीय कृष्ण खड्काविरूद्ध पीडितका आफन्तले माघ १८ गते महानगरीय प्रहरी परिसरमा दिए। प्रहरीले आरोपितलाई माघ १८ गते गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण माघ १८ गते थापाथलीस्थित प्रसूति गृहमा भयो। प्रहरीले आरोपितविरूद्ध जिल्ला सरकारी वकिल कार्यालय मार्फत् जिल्ला अदालतमा माघ २० गते जबरजस्ती करणी उद्योग अभियोगमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको फागुन ११ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। उक्त मुद्दामा न्यायाधीश शंकरबहादुर राईको इजलासले २०७९ वैशाख १४ गते आरोपितलाई ३ वर्ष कैद र ३० हजार रुपैयाँ जरिवाना सजायको फैसला गऱ्यो।

पारिवारिक हत्या

बुढानीलकण्ठ नगरपालिका-१० आकाशेधारा बस्दै आएकी ३० वर्षीया अस्मिता चौधरीलाई तारपिन तेल खन्याएर आगो लगाएर घाइते तुल्याएको आरोपमा प्रहरीले सिरहाको लहान नगरपालिका-७ घर भएका पति ४२ वर्षीय प्रवीण चौधरीलाई चैत ११ गते गिरफ्तार गऱ्यो। आरोपितले अस्मितालाई चैत ११ गते राती सुतिरहेको अवस्थामा तारपिन तेल खनाएर आगो लगाएका थिए। आगो लागेर गम्भीर घाइते भएकी पीडितलाई महानगरीय प्रहरी प्रभाग, कपनको टोली र स्थानीयको सहयोगमा उद्धार गरेर उपचारका लागि राति नै साँखुस्थित सुष्मा कोइराला मेमोरियल अस्पतालमा पुऱ्याइएकोमा उपचारको क्रममा सोही दिन मृत्यु भयो। पीडितका आफन्तले आरोपित विरुद्ध महानगरीय प्रहरी वृत्त बौद्धमा चैत १२ गते उजुरी दिए। प्रहरीले जिल्ला सरकारी वकिलको कार्यालयको सहयोगमा आरोपितविरुद्ध जिल्ला अदालतमा चैत १३ गते मुद्दा दर्ता गऱ्यो। अदालतले २०७९ वैशाख ७ गते आरोपितलाई पुर्पक्षका लागि थुनामा पठाउन आदेश दियो। उक्त मुद्दामा न्यायाधीश दीपककुमार खरेलको

इजलासले २०७९ भदौ २० गते आरोपितलाई ८ वर्ष कैद र ५ लाख रुपैयाँ जरिवानाको फैसला सुनायो।

बुढानीलकण्ठ नगरपालिका-१३ की २४ वर्षीया लक्ष्मी तामाङको ०७८ चैत १० गते मासु काट्ने दाउ प्रहार गरी हत्या गरेको आरोपमा उदयपुरको कटारी स्थायी घर भएका पति २१ वर्षीय भक्तबहादुर थापालाई प्रहरीले ०७८ चैत ११ गते बुढानीलकण्ठबाट गिरफ्तार गऱ्यो। आरोपितले सामान्य घरायसी विवादमा चैत १० गते राती पत्नीको घाँटीमा दाउ प्रहार गरेका थिए। दाउ प्रहारबाट गम्भीर घाइते लक्ष्मीलाई उपचारका लागि चुनिखेलस्थित करूणा अस्पताल पुऱ्याएलगत्तै मृत्यु भएको चिकित्सकले बताए। शवको पोस्टमार्टम चैत ११ गते त्रिविवि शिक्षण अस्पताल, महाराजगञ्जमा भएपछि आफन्तले उक्त शवको सद्गत् चैत १२ गते आर्यघाटमा गरे। पीडितका आफन्तले आरोपितविरूद्ध महानगरीय प्रहरी वृत्त, महाराजगञ्जमा चैत १२ गते उजुरी दिए। प्रहरीले जिल्ला सरकारी वकिलको कार्यालयको सहयोगमा आरोपितविरूद्ध जिल्ला अदालतमा चैत १३ गते मुद्दा दर्ता गऱ्यो। न्यायाधीश विनोद खतिवडाको ०७९ असोज २७ गतेको इजलासले आरोपितलाई जन्मकैदको फैसला सुनायो।

घरेलु हिंसा

कैलालीको धनगढी उपमहानगरपालिका-५ घर भई काठमाडौँ महानगरपालिका-२८ घट्टेकुलो बस्दै आएकी १९ वर्षीया महिलाले आफ्ना पति सोही ठाउँ बस्ने २१ वर्षीय रामकृष्ण नेपालीले कुटपिट गरी अनुहारमा तातो पन्युले डामेको भन्दै महानगरीय प्रहरी वृत्त सिंहदरबारमा ०७८ माघ १७ गते उजुरी दिइन्। पीडितको उजुरीपछि प्रहरीले आरोपितलाई माघ १७ गते डेराबाट गिरफ्तार गऱ्यो। प्रहरीले आरोपितविरूद्ध जिल्ला सरकारी वकिल कार्यालय मार्फत् जिल्ला अदालतमा माघ १८ गते घरेलु हिंसा अभियोगमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको फागुन ८ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। उक्त मुद्दामा न्यायाधीश सूर्यबहादुर थापाको इजलासले ०७९ वैशाख २२ गते गते आरोपितलाई ६ महिना कैद र २५ हजार रुपियाँ सजायको फैसला गऱ्यो।

३५ वर्षीया पत्नीमाथि घरेलु हिंसा गरेको आरोपमा प्रहरीले काठमाडौँ महानगरपालिका-१४ कलंकी बस्दै आएका २५ वर्षीय खामबहादुर अधिकारीलाई ०७९ वैशाख १२ गते घरबाटै गिरफ्तार गऱ्यो। पतिले कुटपिट गर्ने गरेको भन्दै प्रहरी वृत्त, कालीमाटीमा वैशाख १२ गते घरेलु हिंसाको उजुरी दिएपछि प्रहरीले आरोपितलाई सोही दिन गिरफ्तार गऱ्यो। प्रहरीले जिल्ला सरकारी वकिलको कार्यालयको सहयोगमा आरोपितविरूद्ध जिल्ला अदालतमा वैशाख १३ गते मुद्दा दर्ता गऱ्यो। न्यायाधीश दुर्गाबहादुर भुसालको इजलासले असार २ गते आरोपितलाई ६ महिना कैद र ५ हजार रुपियाँ जरिबानाको फैसला सुनायो।

स्वास्थ्य सेवाको अवस्था

जिल्लामा निजी र सरकारी गरी हाल १ हजार ९८ स्वास्थ्य संस्था रहेका छन्। यस्तै जिल्लामा ६ विशेषज्ञ अस्पताल, ६ शिक्षण अस्पताल, ८१ जनरल अस्पताल, एक प्रादेशिक अस्पताल, ६ प्राथमिक स्वास्थ्य केन्द्र, ५८ हेल्थ पोष्ट, ६५ सहरी स्वास्थ्य क्लिनिक, आधारभूत स्वास्थ्य केन्द्र चार, ९० डायग्नोष्टिक केन्द्र, १ सय ६० पोलिक्लिनिक, ११ बर्थिङ सेन्टर रहेका छन्। जिल्लामा हाल स्वास्थ्य स्वयम्सेविका १ हजार ७ सय ४२ छ। जिल्लाका ११ स्थानीय तहले १५ देखि २५ बेडसम्मका अस्पतालमार्फत आफ्नो क्षेत्रका नागरिकहरूलाई स्वास्थ्य सेवा दिइरहेका छन्। यस वर्ष डेङ्गुका कारण जिल्लामा चार जनाको मृत्यु भएको र १३ हजार ९ सय ३३ जना जना सङ्क्रमित भएको घटना इन्सेकले अभिलेख गऱ्यो।

प्रतिनिधि सभा तथा प्रदेश सभा निर्वाचन २०७९

यस वर्ष सम्पन्न भएको प्रतिनिधि सभा निर्वाचनमा काठमाडौँ जिल्लामा ६ लाख ५२ हजार १ सय २६ मतदाता मध्ये ४ लाख १६ हजार ९ सय ३५ (६३.९३ प्रतिशत) ले मतदान गरे। यसैगरी प्रदेश सभा तर्फ ४ लाख १६ हजार ५ सय ९५ (६३.८८ प्रतिशत) ले मतदान गरे।


सन् २०२२ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

बाल अधिकार				
घटनाको प्रकार	अनुसन्धान	मुद्दा टुङ्गिएका	कानुनी दायरामा ल्याइएका	जम्मा
बेचबिखन तथा ओसारपसार		१	१	२
बलात्कार	५	३७	४६	८८
यौन दुर्व्यवहार	४	१६	८	२८
जम्मा	९	५४	५५	११८

महिला अधिकार					
घटनाको प्रकार	अनुसन्धान	मुद्दा टुङ्गिएका	मेलमिलाप	कानुनी दायरामा ल्याइएका	जम्मा
घरेलु हिंसा		५	१७		२२
'बोक्सी'को आरोप				१	१
बहुविवाह	१	२१		२	२४
बलात्कार	४	२६		३९	६९
बलात्कार प्रयास		५		१	६
यौन दुर्व्यवहार		१		२	३
बेचबिखन तथा ओसारपसार				४	४
जम्मा	५	५८	१७	४९	१२९

मारिएकाको घटना सङ्ख्या			
घटनाको प्रकार	मुद्दा टुङ्गिएका	कानुनी दायरामा ल्याइएका	जम्मा
हत्या	११	४	१५

३.७ भक्तपुर



जम्मा जनसङ्ख्या	४,३०,४०८
महिला	२,१२,४६६
प्रतिनिधिसभा निर्वाचन क्षेत्र	२
प्रदेशसभा निर्वाचन क्षेत्र	४
गरिबीको रेखामुनि रहेको सङ्ख्या	३६,९९९
कामका लागि बाहिरिएका	१०,२१५
अपाङ्गता भएका	३,२०४
५ वर्षमाथिको साक्षरता प्रतिशत	९६.५
आश्रित जनसङ्ख्या	१,०४,६८८

यस वर्ष भक्तपुर जिल्लामा ज्यादतीका घटनामा अन्यपक्षबाट ६४ जना महिला र पाँच जना पुरुष पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा २८ जना बालिका तथा महिला अधिकार उल्लङ्घनका घटनामा ३४ जना महिला पीडित भए।

बालसुधार गृह

गैरसरकारी संस्था यूसेपको सहयोगमा २०५८ सालदेखि बाल सुधार गृह सञ्चालन हुँदै आएको छ। 'ग' श्रेणीको बालसुधार गृहको क्षमता १ सय जना बालक र १० जना बालिकाका लागि गरी कूल १ सय १० जनाको छ। जसमा कैद भुक्तान एवम् थुनुवा गरी ३ सय २६ बालबालिका बाल सुधार गृहमा छन्। जसमध्ये २ जना ८९ जना बालक र ३७ जना बालिका छन्।

एसईई परीक्षा दिएकाका लागि पुस्तकालयको व्यवस्था गरिएको बाल सुधार गृह एवम् यूसेपका निर्देशक केशव सुवालले जानकारी दिए। यहाँका बालबालिकालाई शिक्षाका अलावा खेलकुद, पुस्तकालयलगायत अतिरिक्त सेवा सुविधा प्रदान गर्नुका साथै यूसेपले प्राविधिक तालिम तथा सिप विकास तालिम दिने गरिएको सुवालले जानकारी दिए।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत

सात जना न्यायाधीश रहेको जिल्ला अदालतबाट यो वर्ष फौजदारी मुद्दातर्फ १ हजार ३ सय ५९ थानमध्ये २ सय ७७ थान मुद्दा फैसला भए। देवानी मुद्दातर्फ २ हजार २ सय १५ थानमध्ये ४ सय ६८ थान मुद्दा फैसला भए। यस अदालतमा दुई वर्ष नाघेका फौजदारी मुद्दा १ सय ४४ थान र देवानी मुद्दा २ सय ७२ थान बाँकी छन्। यस वर्ष तीनै तहको निर्वाचन भएकाले अदालतका न्यायाधीश तथा कर्मचारी निर्वाचनमा खटिनुपर्दा न्याय सम्पादन प्रभावित भएको तथा लक्ष्यअनुसार मुद्दा फैसला गर्न समस्या आएको अदालतका सूचना अधिकारी विमल पराजुलीले जानकारी दिए।

बाल अधिकार

शिक्षाको अवस्था

जिल्लामा आधारभूत ८४, मावि ४६, महिला विद्यालय एक, अपाङ्ग विद्यालय दुई र बाल सुधार गृहको एक विद्यालय एक रहेका छन्। जिल्लामा दुई अपाङ्गमैत्री विद्यालय छन्। जिल्लामा आधारभूत १ हजार ३ सय ३१ शिक्षक दरबन्दी रहेकोमा १२ दरबन्दी मिलान हुन बाँकी छन्। भक्तपुर, सूर्यविनायक र चाँगुनारायणले दरबन्दी मिलान सकेको र मध्यपुरथिमीमा १२ दरबन्दी मिलान गर्न बाँकी रहेको नगरपालिकाका शिक्षा शाखाले जानकारी दियो। यस वर्ष जिल्लामा ३७ हजार ४ सय ३८ बालक र ३१ हजार ३ सय ६९ बालिका भर्ना भए। जिल्लामा यसवर्ष अपाङ्गता भएका १ सय २९ बालक र १ सय ११ बालिका विद्यालय भर्ना भए। यस वर्ष जिल्लाभर १ हजार १९ दलित बालक र ७ सय ८१ दलित बालिका विद्यालय भर्ना भए।

घटनाको प्रकार		अन्यपक्षबाट		
		महिला	पुरुष	जम्मा
हत्या		२	५	७
बाल अधिकार	बेचबिखन तथा ओसारपार	३		३
	बलात्कार	३३		३३
	यौन दुर्व्यवहार	२		२
	जम्मा	३८		३८
महिला अधिकार	घरेलु हिंसा	९		९
	बहुविवाह	५		५
	बलात्कार	१५		१५
	बलात्कार प्रयास	१		१
	बेचबिखन तथा ओसारपसार	४		४
	जम्मा	३४		३४
कूल जम्मा		६४	५	६९

यस वर्ष भक्तपुर जिल्लामा यौन दुर्व्यवहारका घटनामा दुई र बलात्कारका घटनामा २३ जना बालिका पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

बलात्कारका १४ घटनाका आरोपितहरूलाई जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा पठायो भने पाँच घटनाका आरोपितलाई कैद तथा जरिबानाको फैसला सुनायो। एक घटनाका आरोपितलाई अदालतले सफाइ दियो। तीन घटनाका आरोपित वर्षको अन्त्यसम्म प्रहरी अनुसन्धानमै रहे। यौन दुर्व्यवहारका दुई घटनाका आरोपितलाई अदालतले कैद तथा जरिवानाको फैसला सुनायो।

बलात्कार, यौन दुर्व्यवहार

१४ वर्षीया बालिकालाई ०७९ जेठ १९ गते बलात्कार गरेको भन्दै उदयपुर कटारी नगपालिका-१० का २३ वर्षीय निमबहादुर तामाङविरुद्ध पीडित पक्षले जेठ २३ गते महानगरीय प्रहरी परिसरमा उजुरी दियो। आरोपितलाई प्रहरीले सोही दिन गिरफ्तार गऱ्यो। पीडित बालिकाको स्वाथ्य परीक्षण भक्तपुर अस्पतालमा जेठ २३ गते भयो। अदालतले आरोपितलाई जेठ २४ गते अदालतमा मुद्दा दर्ता गऱ्यो । प्रहरीले असार २ गते पुर्पक्षको लागि थुनामा पठायो।

१५ वर्षीया बालिकालाई ०७८ चैत १ गते यौन दुर्व्यवहार गरेको भन्दै सूर्यविनायक नगरपालिका-८ का २३ वर्षीय भरत विष्टविरुद्ध पीडित पक्षले चैत ६ गते महानगरीय प्रहरी परिसरमा उजुरी दिए। बालिकाको स्वास्थ्य परीक्षण चैत ६ गते प्रसुति गृह थापाथलीमा भयो। आरोपितलाई प्रहरीले चैत ६ गते गिरफ्तार गऱ्यो। चैत ९ गते प्रहरीले अदालतमा मुद्दा दर्ता गरायो। जिल्ला अदालतका न्यायाधीश गोपालप्रसाद बास्तोलाको २०७९ असार १० गतेको बसेको इजलासले आरोपितलाई कसुरदार ठहर गर्दै पाँच वर्ष कैद तथा ज्यान मार्ने उद्योग गरी एकीकृत कसुर गरेकोले थप एक वर्ष गरी जम्मा ६ वर्ष कैद र २५ हजार रुपियाँ जरिवानाको फैसला सुनायो।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यस वर्ष जिल्ला प्रहरी कार्यालय भक्तपुरको महिला तथा बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा घरेलु हिंसाबाट पीडित भन्दै सात जना महिलाले उजुरी दर्ता गराए। उजुरीमध्ये ६ ओटामा मिलापत्र गराएको र एक उजुरी उपर कारबाही भइरहेको केन्द्रले जनायो। घरेलु हिंसाका घटनामा आएका उजुरीउपर कारबाही प्रकृया अगाडि बढाउनु नपरेको प्रहरी परिसर भक्तपुरका प्रवक्ता, डिएसपी राजु पाण्डेले बताए।

यो वर्ष भक्तपुर जिल्लामा घरलु हिंसाका घटनामा नौ, बलात्कारका घटनामा १५, बलात्कार प्रयासका घटनामा एक, बेचबिखन तथा ओसारपसारका घटनामा चार र बहुविवाहका घटनामा पाँच जना

महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

अभिलेखित घटनामध्ये बलात्कारका १० घटनाका आरोपितलाई जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा पठायो भने एक घटनाका आरोपितलाई धरौटीमा रिहा गऱ्यो। पाँच घटनाका आरोपितलाई अदालतले सफाइ दियो। तीन घटनाका आरोपित वर्षको अन्त्यसम्म गिरफ्तार भएनन्। एक घटनाका आरोपित वर्षको अन्त्यसम्म प्रहरी अनुसन्धानमै रहे। बलात्कार प्रयासका एक घटनाका आरोपितलाई अदालतले कैद तथा जरिबानाको फैसला सुनायो। बेचबिखन तथा ओसारपसारका चार घटनाका आरोपितलाई अदालतले पुर्पक्षका लागि थुनामा पठायो। बहुविवाहका एक घटनाका आरोपित वर्षको अन्त्यसम्मा प्रहरी अनुसन्धानमै रहे। एक घटनाका एक आरोपितलाई अदालतले पुर्पक्षका लागि थुनामा पठायो भने एक आरोपितलाई धरौटीमा रिहा गऱ्यो। तीन घटनाका आरोपितलाई अदालतले पुर्पक्षका लागि थुनामा पठायो।

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

४४ वर्षीया महिलालाई ०७८ चैत ३ गते बलात्कार प्रयास गरेको भन्दै भक्तपुर नगरपालिका-७ का १९ वर्षीय कुमार तामाङ विरुद्ध पीडित पक्षले चैत ४ गते महानगरीय प्रहरी परिसरमा उजुरी दियो। महिलाको स्वास्थ्य परीक्षण चैत ४ गते प्रसुति गृह थापाथलीमा भयो। आरोपितलाई प्रहरीले चैत ४ गते गिरफ्तार गऱ्यो। प्रहरीले चैत ९ गते अदालतमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश उमेश कोइरालाको २०७९ असार ३१ गते बसेको इजलासले आरोपितलाई कसुरदार ठहर गर्दै तीन वर्ष ६ महिना कैद सजाय र ३० हजार रुपियाँ क्षतिपूर्ति भराई पीडित राहत कोषमा बुझाउने फैसला सुनायो।

पारिवारिक हत्या

सूर्यविनायक नगरपालिका-६ की ३१ वर्षीया सविना शिल्पकारलाई ३८ वर्षीय पति रबिन शिल्पकारले ०७९ मङ्सिर २२ गते कुटपिट गरी हत्या गरेको आरोपमा पीडित पक्षले आरोपित विरुद्ध मङ्सिर २५ गते महानगरीय प्रहरी वृत्त, जगातीमा उजुरी दियो। आरोपितलाई प्रहरीले सोही दिन गिरफ्तार गऱ्यो। शवको पोष्टमार्टम केएमसी अस्पताल दुवाकोटमा मङ्सिर २५ गते भयो। सोही दिन आमा चमेली शिल्पकारले शव बुझेर भक्तपुरको हनुमानघाटमा सद्गत भयो। प्रहरीले आरोपित विरुद्ध मङ्सिर २५ गते जिल्ला अदालतमा मुद्दा दर्ता गऱ्यो। वर्षको अन्त्यसम्म अनुसन्धान भइरहेको छ।

स्वास्थ्य सेवाको अवस्था

जिल्लामा चार ओटा सरकारी अस्पताल छन्। जसमा केन्द्रीय अस्पतालको रूपमा शहीद धर्मभक्त अङ्ग प्रत्यारोपाण (मानव अङ्ग प्रत्यारोपण) केन्द्र, भक्तपुर क्यान्सर अस्पताल, राष्ट्रिय क्षयरोग केन्द्र, प्रदेशस्तरको अस्पतालको रूपमा भक्तपुर अस्पतालमा रहेको छ। भक्तपुर अस्पतालमा मेडिकल सुपरिटेण्डेण्टसहित १ सय २ दरबन्दी रहेकोमा ३७ दरबन्दी रिक्त रहेको, ३८ जना बागमती प्रदेशबाट करारमा रहेको र १ सय १५ जना अस्पताल विकास समितिमार्फत करारमा कार्यरत रहेको अस्पतालकी मेडिकल सुपरिटेण्डेण्ट डा. सुमित्रा गौतमले बताइन्। अस्पतालमा कूल २ सय १८ जना कार्यरत रहेको उनले बताइन्।

त्यस्तै सहिद धर्मभक्त अङ्ग प्रत्यारोपण केन्द्रमा १ सय ९२ स्थायी दरबन्दी रहेकोमा चिकित्सकको ८९, नर्स ८०, ल्याबमा ८, अन्यमा १५ स्थायी भएका छन्। कूल ४ सय ५१ जना कार्यरत रहेकोमा करारमा २ सय ५९ जना कर्मचारी रहेका छन्।

भक्तपुर क्यान्सर अस्पताल नेपाल सरकारले स्वामित्व लिएको दुई वर्ष भयो। सरकारले विगत दुई वर्षदेखि भक्तपुर क्यान्सर अस्पताललाई केन्द्रीय अस्पतालको रूपमा राख्ने निर्णय गरी अस्पतालको आफ्नो स्वामित्वमा लिएर पनि यहाँ वर्षौंदेखि काम गरेका र विगतमा स्थायी भएका कर्मचारीहरू सरकारले स्वामित्व लिएपछि पनि सरकारको नियमानुसार स्थायी हुन सकेका छैनन्। कर्मचारीहरूको सरकारले स्वत स्थायी गर्नुपर्ने माग कर्मचारीहरूले राख्दै आएका छन्।

राष्ट्रिय क्षयरोग केन्द्रमा हाल ५२ जना कर्मचारी रहेका छन्। जसमा ३२ जना स्थायी रहेका छन् भने २० जना करारमा रहेका छन्। त्यस्तै जिल्लामा एक आयुर्वेदिक अस्पताल पनि रहेको छ। यस अस्पतालमा दुई विशेषज्ञ चिकित्सकसहित सात जनाको दरबन्दीमा सबै कार्यरत रहेको अस्पतालका प्रमुख डा. नरेन्द्रप्रसाद गिरीले जानकारी दिए।

जिल्लामा १ लाख ४७ हजार ३ सय ४१ जनाले बिमा गराएर सेवा लिइरहेका छन्। ज्येष्ठ नागरिकका लागि निःशुल्क बीमा कार्यक्रममा ९ हजार ५ सय ६१ जनाको बीमा गरिएको छ।

त्यसैगरी शहिद धर्मभक्त मानव अङ्गप्रत्यारोपण केन्द्रले १० वर्षको अवधिमा १ हजार जनाको सफलतापूर्वक मिर्गौला प्रत्यारोपण गर्न सफल भएको अस्पतालका कार्यकारी प्रमुख डा. पुकारचन्द्र श्रेष्ठले जानकारी दिए। अस्पतालले डायलासिस र आकस्मिक सेवा सञ्चालन गऱ्यो। १ सय शैयाको केन्द्रीय अस्पताल भए पनि बिरामीको चाप बढेका कारण यो अस्पतालमा शैया अभाव भइरहेको छ। जसका कारण डायलासिस गर्न समेत बिरामीलाई क्यूमा बस्नु पर्ने बाध्यता रहेको छ। यो अस्पतालमा चारवर्ष अघि मुटुको रोगको उपचार सेवा समेत सञ्चालन गर्ने भन्दै २८ करोडको लागतमा ल्याइएको क्याथ ल्याब मेसिनसहितको प्रविधिहरू प्रयोगमा नआई थन्किएका छन्।

प्रतिनिधि सभा तथा प्रदेश सभा निर्वाचन २०७९

यस वर्ष सम्पन्न भएको प्रतिनिधि सभा निर्वाचनमा भक्तपुर जिल्लामा १ लाख ९४ हजार ४सय ३९ मतदाता मध्ये १ लाख ३९ हजार ४ सय ४१ (७१.७१ प्रतिशत) ले मतदान गरे। यसैगरी प्रदेश सभा तर्फ १ लाख ३९ हजार ३ सय ६ (७१.६४ प्रतिशत) ले मतदान गरे।

सन् २०२२ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

बाल अधिकार

घटनाको प्रकार	अनुसन्धान	कानुनी दायरामा ल्याइएका	जम्मा
बेचबिखन तथा ओसारपसार		१	१
बलात्कार	६	१७	२३
यौन दुर्व्यवहार		२	२
जम्मा	६	२०	२६

महिला अधिकार

घटनाको प्रकार	मेलमिलाप	अनुसन्धान	कानुनी दायरामा ल्याइएका	जम्मा
घरेलु हिंसा	७		२	९
बहुविवाह		१	४	५
बलात्कार		३	१२	१५
बलात्कार प्रयास			१	१
बचेबिखन तथा			३	३
जम्मा	७	४	२२	३३

मारिएकाको घटना सङ्ख्या

घटनाको प्रकार	कानुनी दायरामा ल्याइएका	जम्मा
हत्या	७	७

३.८ ललितपुर



जम्मा जनसङ्ख्या	५,४८,४०१
महिला	२,७२,८६४
प्रतिनिधिसभा निर्वाचन क्षेत्र	३
प्रदेशसभा निर्वाचन क्षेत्र	६
गरिबीको रेखामुनि रहेको सङ्ख्या	३४,५५४
कामका लागि बाहिरिएका	२४,३८६
अपाङ्गता भएका	४,५३४
५ वर्षमाथिको साक्षरता प्रतिशत	५८.४
आश्रित जनसङ्ख्या	१,६२,४४७

यस वर्ष ललितपुर जिल्लामा मानव अधिकार उल्लङ्घनका घटनामा राज्यपक्षबाट नौ जना तथा ज्यादतीका घटनामा अन्यपक्षबाट ९० जना महिला र १० जना पुरुष पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा ४८ जना बालिका तथा महिला अधिकार उल्लङ्घनका घटनामा ३९ जना महिला पीडित भए।

कारागार र बन्दी

५ सय जनाको क्षमता रहेको नख्खु कारागारमा १ हजार ४ सय १२ जना पुरुष कैदीबन्दी छन्। कैदीबन्दीहरूको नियमित स्वास्थ्य जाँचका लागि दुई जना स्वास्थ्यकर्मीको दरबन्दी रहेको यस कारागार परिसरमा छुट्टै मनोसामाजिक बन्दी अस्पतालको व्यवस्था छ।

प्रतिनिधि सभा तथा प्रदेश सभा निर्वाचनमा ५२ कैदीबन्दीले मतदान गरेको जिल्ला निर्वाचन अधिकारी गोमा धमला घिमिरेले बताइन्।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत

सात जना न्यायाधीश रहेको जिल्ला अदालतबाट यो वर्ष फौजदारी मुद्दातर्फ ३ सय ८७ मध्ये १ सय ८३ मुद्दा फैसला भए। देवानी मुद्दातर्फ १ हजार ७ सय २४ मध्ये ६ सय ७४ थान मुद्दा फैसला भए। यस अदालतमा एक वर्ष नाघेका फौजदारी मुद्दा ७९ थान छन् भने देवानी मुद्दा ५ सय ५६ थान बाँकी छ।

उच्च अदालत

३६ जना न्यायाधीशको दरबन्दी रहेको उच्च अदालत पाटनमा तीन जनाको दरबन्दी रिक्त रहेको छ। यस वर्षका लागि दुनियावादी देवानीका १ हजार ९ सय ७९ थान, दुनियावादी फौजदारीका ९ सय ५६ थान, सरकारवादी

फौजदारीका ३ हजार ८ सय ६९ थान र सुरू क्षेत्राधिकारबाट २ हजार ७ सय २७ थान मुद्दा जिम्मेवारी सरेका थिए। ०७८ पुस १७ देखि ०७९ पुस १६ गतेसम्म दर्ता भएका फौजदारी मुद्दाको सरकारवादीतर्फ ३ थान, रिट क्षेत्राधिकारतर्फ ८ सय ३१ उजुरी परे। अघिल्लो वर्षका जिम्मेवारी सरेका समेत ८ हजार २ सय ५ थान मुद्दा फैसला भए।

घटनाको प्रकार		राज्यपक्षबाट		अन्यपक्षबाट		
		पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
अपहरण				१		१
कुटपिट					७	७
हत्या				३	३	५
अभिव्यक्ति, भेला तथा सङ्गठित हुने अधिकार		९	९			
बाल अधिकार	विद्यालयमा शारीरिक सजाय			१	१	३
	बलात्कार			४०		४०
	यौन दुर्व्यवहार			६		६
	जम्मा			४७	१	४८
महिला अधिकार	घरेलु हिंसा			१३		१३
	बहुविवाह			१३		१३
	बलात्कार			१०		१०
	यौन दुर्व्यवहार			३		३
	जम्मा			३९		३९
कूल जम्मा		९	९	९०	१०	१००

बाल अधिकार

शिक्षाको अवस्था

जिल्लामा १ सय १५ आधारभूत र ७५ मावि छन्। ५ हजार ८ सय ६१ शिक्षक दरबन्दी रहेका छन्। यस वर्ष ६६ हजार ४ सय ५ बालक र ६१ हजार १ सय ३४ जना बालिका भर्ना भए। जिल्लामा पाटन मावि र आदर्श सौल युवक मावि अपाङ्गतामैत्री विद्यालय छन्। यो वर्ष द्वन्द्वपीडित परिवारका २८ जना बालबालिकाले छात्रवृत्ति पाए। यस वर्ष जिल्लाभर ३ हजार २ सय जना दलित बालक र ३ हजार १ सय ८८ जना दलित बालिका विद्यालय भर्ना भए। वैदेशिक रोजगारमा गएका परिवारका १२ जना बालबालिकाले छात्रवृत्ति पाए।

यस वर्ष ललितपुर जिल्लामा यौन दुर्व्यवहारका घटनामा ६ र बलात्कारका घटनामा ४० जना बालिका पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

अभिलेखित घटनामध्ये बलात्कारका ३४ घटनाका आरोपितहरूलाई जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा पठायो भने पाँच घटनाका आरोपितलाई बाल सुधार गृहमा पठायो। एक घटनाका आरोपित वर्षको अन्त्यसम्म गिरफ्तार भएनन्। यौन दुर्व्यवहारका पाँच घटनाका आरोपितलाई अदालतले पुर्पक्षका लागि थुनामा पठायो।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यो वर्ष घरेलु हिंसा पीडित भन्दै ४ सय ९२ जना महिलाले जिल्ला प्रहरी कार्यालयको महिला बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दर्ता गराए। खानलाउन नदिएको, शारीरिक, आर्थिक र मानसिक यातना दिएको भन्नेबारेको उजुरीउपर दुई पक्षबीच छलफल गराई मिलापत्र गराएको ललितपुर प्रहरी परिसरका एसएसपी यज्ञविनोद पोखरेलले बताए। उजुरीमध्ये ४ सय ९१ ओटामा मिलापत्र भयो भने एक ओटा उजुरी कारबाही प्रक्रियामा रहेको पोखरेलले बताए।

यो वर्ष ललितपुर जिल्लामा घरेलु हिंसाका घटनामा १३, बलात्कारका घटनामा १०, यौन दुर्व्यवहारका घटनामा तीन, बहुविवाहका घटनामा १३ र पारिवारिक हत्याका घटनामा तीन जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

अभिलेखित घटनामध्ये बलात्कारका नौ घटनाका आरोपितलाई जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा पठायो भने एक घटनाका आरोपित वर्षको अन्त्यसम्म प्रहरी अनुसन्धानमै रहे। यौन दुर्व्यवहारका तीन घटनाका आरोपितलाई अदालतले पुर्पक्षका लागि थुनामा पठायो। बहुविवाहका १० घटनाका आरोपितलाई अदालतले धरौटीमा रिहा गऱ्यो भने एक घटनाका आरोपितलाई कैद तथा जरिबानाको फैसला सुनायो। दुई घटनाका दुई आरोपितलाई अदालतले पुर्पक्षका लागि थुनामा पठायो भने दुई आरोपितलाई धरौटीमा रिहा गऱ्यो। पारिवारिक हत्याका तीन घटनाका आरोपितलाई अदालतले पुर्पक्षका लागि थुनामा पठायो।

पारिवारिक हत्या

ललितपुर महानगरपालिका-२९ हरिसिद्धकी ४७ वर्षीया रूपा क्षेत्री लामाको हत्याको आरोपमा दोलखा जिल्ला भीमेश्वर नगरपालिका-९ घर भई सोही ठाउँ बस्ने ६३ वर्षीय पति घ्याल्मो लामालाई प्रहरीले ०७९ भदौ २७ गते गिरफ्तार गऱ्यो। रौतहट जिल्ला हजरिया माइती भएकी रूपालाई ०७२ सालमा घ्याल्मोले तेस्रो पत्नीका रूपमा विवाह गरी सँगै बस्दै आएकोमा ०७९ भदौ १६ गतेदेखि हराएको भन्दै पीडितका माइतीपक्षले भदौ २५ गते प्रहरी वृत्त, सातदोबाटोमा उजुरी दिएका थिए। गोदावरी नगरपालिका-३ फुलचोकीस्थित जङ्गलमा भदौ २५ गते सडेगलेको अवस्थामा शव फेला परेपछि घटनाको अनुसन्धानको क्रममा शवको पहिचान गरी अनुसन्धानका लागि पीडितका पतिलाई गिरफ्तार गरेको जिल्ला प्रहरी परिसर जावलाखेलका एसपी सुधीरराज शाहीले बताए। घरायसी विवाद हुँदा भदौ १६ गते घरबाट हिँडेका दुवै जना जङ्गलमा पुगेपछि आवेशमा आई डोरीले घाँटीमा बाँधेर हत्या गरेको अनुसन्धानको क्रममा घ्याल्मोले बताएको एसपी शाहीले बताए। प्रहरीले आरोपित विरुद्ध सरकारी वकिलमार्फत जिल्ला अदालतमा असोज २५ गते मुद्दा पेश गरेकोमा असोज २५ गते न्यायाधीश धर्मराज पौडेलको ओदशमा पुर्पक्षका लागि थुनामा गएको श्रेष्तेदार विष्णुप्रसाद पाण्डेयले बताए। शवको पोष्टमार्टम पाटन अस्पतालमा भदौ २६ गते भयो।

स्वास्थ्य सेवाको अवस्था

जिल्लामा एक स्वास्थ्य विज्ञान प्रतिष्ठान, एक केन्द्रीय स्तरको ५० शैयाको मानसिक अस्पताल छ भने एक सरकारी, दुई ओटा स्थानीय तहबाट सञ्चालित र २३ निजी अस्पताल छन्। त्यसैगरी ३८ स्वास्थ्य चौकी, तीन प्राथमिक स्वास्थ्य केन्द्र, ६ ओटा नगर स्वास्थ्य केन्द्र, पाँच ओटा आधारभूत स्वास्थ्य सेवा केन्द्र छन्। सदरमुकामस्थित सरकारी अस्पतालमा तीन जना विशेषज्ञको दरबन्दीमा सबै कार्यरत छन्।

२०७७ मङ्सिर १५ गते शिलान्यास भएको अस्पताल कोन्ज्योसोम गाउँपालिका-२, शङ्खुमा निर्माणाधीन अवस्थामा छ। ललितपुर महानगरपालिका बाहेकका पाँच ओटै स्थानीय तहमा स्वास्थ्य बीमा कार्यक्रम लागु भएको छ। बीमा कार्यक्रममार्फत ९ हजार ४ सय ८४ जनाले बीमा गराएर सेवा लिइरहेका छन्।

प्रतिनिधि सभा तथा प्रदेश सभा निर्वाचन २०७९

यस वर्ष सम्पन्न भएको प्रतिनिधि सभा निर्वाचनमा ललितपुर जिल्लामा २ लाख ५० हजार ४ सय १० मतदाता मध्ये १ लाख ६३ हजार ८ सय ७३ (६५.४४ प्रतिशत) ले मतदान गरे। यसैगरी प्रदेश सभा तर्फ १ लाख ६४ हजार ९ सय ३५ (६५.८६ प्रतिशत) ले मतदान गरे।

सन् २०२२ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

बाल अधिकार

घटनाको प्रकार	कानुनी दायरामा ल्याइएका	जम्मा
विद्यालयमा शारीरिक सजाय	३	३
बलात्कार	४०	४०
यौन दुर्व्यवहार	६	६
जम्मा	४८	४८

महिला अधिकार

घटनाको प्रकार	मेलमिलाप	मुद्दा टुङ्गिएको	कानुनी दायरामा ल्याइएका	जम्मा
घरेलु हिंसा	३		११	१३
बहुविवाह		१	१२	१३
बलात्कार			१०	१०
यौन दुर्व्यवहार			३	३
जम्मा	३	१	३६	३९

मारिएकाको घटना सङ्ख्या

घटनाको प्रकार	अनुसन्धान	कानुनी दायरामा ल्याइएका	जम्मा
हत्या	१	४	५

३.५ काभ्रे



जम्मा जनसङ्ख्या	३,६६,८७५
महिला	१,८५,५१२
प्रतिनिधिसभा निर्वाचन क्षेत्र	२
प्रदेशसभा निर्वाचन क्षेत्र	४
गरिबीको रेखामुनि रहेको सङ्ख्या	५२,०१८
कामका लागि बाहिरिएका	१४,५३१
अपाङ्गता भएका	६,६७०
५ वर्षमाथिको साक्षरता प्रतिशत	६५.८
आश्रित जनसङ्ख्या	१,४७,२८५

यस वर्ष काभ्रे जिल्लामा मानव अधिकार उल्लङ्घनका घटनामा राज्यपक्षबाट दुई पुरुष तथा ज्यादतीका घटनामा अन्यपक्षबाट ४८ जना महिला र सात जना पुरुष पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा २९ जना बालिका तथा महिला अधिकार उल्लङ्घनका घटनामा १७ जना महिला पीडित भए।

कारागार र बन्दी

८५ जनाको क्षमता भएको जिल्ला कारागारमा २ सय ६९ जना कैदीबन्दी छन्। कैदीबन्दीको नियमति स्वास्थ्य जाँचका लागि एक जना स्वास्थ्यकर्मी कार्यरत छन्। कारागारमा ६ जना ज्येष्ठ नागरिक रहेको जिल्ला कारागार प्रमुख पर्शुराम थापाले बताए।

सुगम तथा निष्पक्ष अधिकार

जिल्ला अदालत

तीन न्यायाधीश रहेको जिल्ला अदातलबाट यो वर्ष देवानी मुद्दातर्फ १ हजार ६ सय ७१ थान मुद्दामध्ये ८ सय ४० थान मुद्दा फैसला भए। फौजदारी मुद्दातर्फ १ हजार ३ सय ९५ थान मुद्दामध्ये ५ सय ३६ थान मुद्दा फैला भए। जिल्ला अदालतमा एक वर्ष नाघेका देवानी मुद्दातर्फ १ सय ७७ थान र फौजदारी मुद्दातर्फ १ सय ३२ थान बाँकी रहे। प्रतिनिधि सभा र प्रदेश सभा निर्वाचनमा कारागारका ७९ जना कैदी/बन्दीले मतदान गरे।

बाल अधिकार

शिक्षाको अधिकार

जिल्लामा ३ सय ९६ आधारभुत र १ सय ४९ माध्यमिक विद्यालय छन्। संस्थागततर्फ आधारभूत विद्यालय २६ र माध्यमिक विद्यालय ७६ रहेका छन्। यो वर्ष ४ सय ९० बाल विकास केन्द्रहरूमा ६ हजार ९ सय ३३ बालबालिका मध्ये ३ हजार ३ सय बालिका र ३ हजार ६ सय ३३ बालकहरू अध्ययनरत छन्।

यस वर्ष काभ्रे जिल्लामा यौन दुर्व्यवहारका घटनामा सात र बलात्कारका घटनामा २२ जना बालिका पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

अभिलेखित घटनामध्ये बलात्कारका १३ घटनाका आरोपितहरूलाई जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा पठायो भने एक घटनाका आरोपितलाई

घटनाको प्रकार		राज्यपक्षबाट		अन्यपक्षबाट		
		पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
गिरफ्तारी		३	३			
कुटपिट				१	६	७
घाइते					१	१
हत्या				१		१
बाल अधिकार	बलात्कार			११		११
	यौन दुर्व्यवहार			७		७
	जम्मा			३९		३९
महिला अधिकार	घरेलु हिंसा			३		३
	बहुविवाह			८		८
	बलात्कार			७		७
	जम्मा			१७		१७
कूल जम्मा		३	३	४८	७	५५

बाल सुधार गृहमा पठायो। चार घटनाका आरोपितलाई अदालतले कैद तथा जरिबानाको फैसला सुनायो भने एक घटनाका आरोपितलाई अभिभावकको जिम्मा लगायो। एक घटनाका आरोपितलाई अदालतले सफाइ दियो भने एक घटनाका आरोपितलाई साधारण तारिखमा रिहा गऱ्यो। यौन दुर्व्यवहारका दुई घटनाका आरोपितलाई अदालतले कैद तथा जरिबानाको फैसला सुनायो भने एक घटनाका आरोपितलाई धरौटीमा रिहा गऱ्यो।

बलात्कार, यौन दुर्व्यवहार

१५ वर्षीया बालिकालाई ०७८ माघ २७ गते बलात्कार गरेको आरोपमा इलाम जिल्ला तोरीवारी नपा-६ का ४९ वर्षीय प्रेम किराँती लावतीविरुद्ध पीडित पक्षले माघ २८ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। प्रहरीले आरोपितलाई माघ २८ गते गिरफ्तार गऱ्यो। पीडित बालिकाको स्वास्थ्य परीक्षण माघ २८ गते धुलिखेल अस्पतालमा भयो। प्रहरीले जिल्ला सरकारी वकिल कार्यालय मार्फत् आरोपितविरुद्ध जबरजस्ती करणीको अभियोगमा जिल्ला अदालतमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको फागुन ३० गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। जिल्ला अदालतका न्यायाधीश मोहनराज भटट्राईको २०७९ पुस ९ गतेको एकल इजालसले आरोपितलाई कसुरदार ठहर गर्दै १० वर्ष कैद सजायको फैसला सुनायो।

१५ वर्षीया बलिकालाई ०७९ भदौ २७ गते यौन दुर्व्यवहार गरेको आरोपमा तेमाल गाउँपालिका-५ नारायणस्थानका ६८ वर्षीय दिर्घसिं तामाङविरुद्ध पीडित पक्षले भदौ २८ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपितलाई प्रहरीले भदौ २९ गते घरबाटै गिरफ्तार गऱ्यो। पीडित बालिकाको स्वास्थ्य परीक्षण भदौ २८ गते धुलिखेल अस्पतालमा भयो। प्रहरीले आरोपितविरुद्ध जिल्ला सरकारी वकिल कार्यालय मार्फत् जिल्ला अदालतमा असोज ९ गते मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको ०७९ पुस १७ गतेको इजलासले आरोपितलाई कसुरदार ठहर गर्दै १० वर्ष कैदको फैसला सुनायो।

१४, ११ र १४ वर्षीया बालिकाहरूलाई ०७८ चैत १९ गते यौनदुर्व्यवहार गरेको आरोपमा पीडित पक्षले भुम्लु गाउँपालिका-२ सिमथलीका ७७ वर्षीय पदमबहादुर खत्रीविरुद्ध चैत २९ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपितलाई प्रहरीले चैत २९ गते गिरफ्तार गऱ्यो। बालिकाहरूको स्वास्थ्य परीक्षण चैत २९ गते धुलिखेल अस्पतालमा भयो। प्रहरीले आरोपितविरुद्ध जिल्ला सरकारी वकिल कार्यालय मार्फत् जिल्ला अदालतमा ०७९ वैशाख १ गते मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको ०७९ असार ३ गतेको आदेशले आरोपितलाई पूपर्क्षका लागि थुनामा पठायो भने०७९ पुस ७ गतेको इजलासले आरोपितलाई कसुरदार ठहर गर्दै सात वर्ष कैदको फैसला सुनायो।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यो वर्ष २ सय ४८ जना महिलाले घरेलु हिंसा पीडित भएको भन्दै जिल्ला प्रहरी कार्यालयको महिला, बालबालिका तथा जेष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दर्ता गराए। केन्द्र ३६ जना पुरुषले पनि हिंसा भएको भन्दै उजुरी दर्ता गराएका छन्। घरेलु हिंसाको २ सय २१ उजुरीमा मेलमिलाप भएको छ। २७ घरेलु हिंसाका घटना अदालती प्रकृयामा पठाइएको सेवा केन्द्रले जनायो।

यो वर्ष काभ्रे जिल्लामा घरेलु हिंसाका घटनामा दुई, बलात्कारका घटनामा सात र बहुविवाहका घटनामा आठ जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

अभिलेखित घटनामध्ये बलात्कारका चार घटनाका आरोपितलाई जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा पठायो भने तीन घटनाका आरोपितलाई कैद

तथा जरिबानाको फैसला सुनायो। बहुविवाहका ६ घटनाका आरोपितलाई अदालतले पुर्पक्षका लागि थुनामा पठायो भने एक घटनाका आरोपितलाई धरौटीमा रिहा गऱ्यो। एक घटनाका आरोपितलाई अदालतले कैद तथा जरिबानाको फैसला सुनायो।

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

५२ वर्षीया सुस्त मनस्थितिकी एक महिलालाई ०७८ फागन ४ गते बलात्कार गरेको भन्दै तेमाल गाउँपालिका- ६ का २९ वर्षीय रमेशबहादुर विश्वकर्माविरुद्ध पीडितका आफन्तले फागुन ५ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। आरोपितलाई प्रहरीले फागुन ७ गते घरबाटै गिरफ्तार गऱ्यो। पीडित महिलाको स्वास्थ्य परीक्षण फागन ७ गते धुलिखेल अस्पतालमा भयो। प्रहरीले आरोपितविरुद्ध जिल्ला सरकारी वकिल कार्यालय मार्फत् जिल्ला अदालतमा फागुन २७ गते जबरजस्ती करणीको अभियोगमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको २०७८ चैत १७ गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। जिल्ला अदालतको ०७९ पुस ४ गते बसेको इजलासले आरोपितलाई कसुरदार ठहर गर्दै ५ वर्ष कैदको फैसला सुनायो।

स्वास्थ्य सेवाको अवस्था

जिल्लामा एक मेथिनकोट प्रादेशिक अस्पताल रहेको छ। यो अस्पतालमा चार जना विशेषज्ञ, ६२ जना स्वास्थ्यकर्मी कार्यरत छन्। जिल्लामा १ सय ४५ स्वास्थ्य संस्था रहेका छन्। जिल्लामा ६ जना स्टाफ नर्सको दरबन्दीसहित २ सय ३३ जना स्वास्थ्यकर्मी कार्यरत छन्।

२०७७ मङ्सिर १५ गते शिलान्याश गरिएका अस्पतालहरूमध्ये खानीखोला गाउँपालिकाको तालढुङ्गा स्वास्थ्य चौकी, भुम्लु गाउँपालिकाको भुम्लुटार स्वास्थ्य चौकी, महाभारात गाउँपालिकाको घर्तीछाप स्वास्थ्य चौकी र रोशी गाउँपालिकाको खहरेपाँगु स्वास्थ्य चौकी निर्माणाधीन अवस्थामा रहेको जिल्ला स्वास्थ्य कार्यालयका प्रमुख डाक्टर पुरुषोतम सेडाईंले बताए।

प्रतिनिधि सभा तथा प्रदेश सभा निर्वाचन २०७९

यस वर्ष सम्पन्न भएको प्रतिनिधि सभा निर्वाचनमा काभ्रे जिल्लामा ३ लाख १० हजार ६३ मतदाता मध्ये १ लाख ८६ हजार ५ सय ६५ (६०.१७ प्रतिशत) ले मतदान गरे। यसैगरी प्रदेश सभा तर्फ १ लाख ८६ हजार ५ सय ८६ (६०.१७ प्रतिशत) ले मतदान गरे।


सन् २०२२ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

बाल अधिकार			
घटनाको प्रकार	मुद्दा टुङ्गिएका	कानुनी दायरामा ल्याइएका	जम्मा
बलात्कार	४	१८	२१
यौन दुर्व्यवहार	१	२	३
जम्मा	५	१९	२४

महिला अधिकार			
घटनाको प्रकार	मुद्दा टुङ्गिएका	कानुनी दायरामा ल्याइएका	जम्मा
घरेलु हिंसा		२	२
बहुविवाह	१	७	८
बलात्कार	३	४	७
जम्मा	४	१३	१७

मारिएकाको घटना सङ्ख्या		
घटनाको प्रकार	कानुनी दायरामा ल्याइएका	जम्मा
हत्या	१	१

३.१० रामेछाप



जम्मा जनसङ्ख्या	१,७०,६२०
महिला	८४,८४२
प्रतिनिधिसभा निर्वाचन क्षेत्र	१
प्रदेशसभा निर्वाचन क्षेत्र	२
गरिबीको रेखामुनि रहेको सङ्ख्या	५१,४६७
कामका लागि बाहिरिएका	११,१५५
अपाङ्गता भएका	४,४१८
५ वर्षमाथिको साक्षरता प्रतिशत	५७
आश्रित जनसङ्ख्या	८८,८६१

यस वर्ष रामेछाप जिल्लामा मानव अधिकार उल्लङ्घनका घटनामा राज्यपक्षबाट एक जना पुरुष तथा ज्यादतीका घटनामा अन्यपक्षबाट २९ जना महिला र १२ जना पुरुष पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा १० जना बालिका तथा महिला अधिकार उल्लङ्घनका घटनामा १७ जना महिला पीडित भए।

कारागार र बन्दी

रामेछाप जिल्ला कारागारको क्षमता २० महिला र २ सय पुरुषको छ। कारागारमा ३ सय १७ जना कैदीबन्दी रहेको कारागारका निमित्त प्रमुख राजेन्द्र बस्नेतले जानकारी दिए। जसमा महिला कैदी ११ र पुरुष २ सय ३९ जना छन्। त्यस्तै थुनुवा महिला सात जना र पुरुष ६० जना छन्। कारागारमा एक जना आश्रित बालिका छन्। कारागारमा ज्येष्ठ नागरिक ६ जना पुरुष छन्। कारागारमा खानेपानीको समस्या रहेको छ। सुख्खा महिनामा बन्दीहरूलाई नुहाइधुवाइ गर्न समेत समस्या छ। कतिपय बेला ट्याङ्करबाट पानी ल्याएर वितरण गर्ने गरिएको बस्नेतले बताए। कारागारमा एक जना अहेबको दरबन्दी रहेको छ। थुनुवा, बन्दी सामान्य बिरामी पर्दा त्यहीं उपचार हुने गरेको छ भने यहाँ उपचार हुन नसक्दा नजिकैको जिल्ला अस्पतालमा उपचार गर्ने गरिएको छ। प्रतिनिधि सभा र प्रदेश सभा निर्वाचनमा कारागारका ५३ जना कैदीबन्दीले मतदान गरे।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत

एक जना न्यायाधीश रहेको जिल्ला अदालत रामेछापबाट यो वर्ष जिम्मेवारी सरेर आएका सहित फौजदारीतर्फ १ सय ४३ थान र देवानी २ सय ८ थान मुद्दा दर्ता भए। फौजदारीतर्फ ३५ थान र देवानीतर्फ ७१ थान मुद्दा फैसला भए। अलदालतमा फौजदारीतर्फ १ सय ८ थान, देवानीतर्फ १ सय ३७ थान र एउटा रिट निवेदन फैसला हुन बाँकी छ।

बाल अधिकार

शिक्षाको अवस्था

जिल्लामा सामुदायिकतर्फ ९१ ओटा माध्यमिक र २ सय ८६ ओटा आधारभूत विद्यालय छन्। त्यस्तै ३ सय ७९ ओटा बाल विकास केन्द्र छन्। माध्यमिकतर्फ १० कक्षासम्म सञ्चालन हुने ४२ र कक्षा १२ सञ्चालन भएका ४९ ओटा विद्यालय छन्।

संस्थागततर्फ तीन ओटा मावि र नौ ओटा आधारभूत विद्यालय छन्। जिल्लमा एउटा धार्मिक आधारभूत विद्यालय सञ्चालनमा छ। कोभिडको कारण स्थानीय प्रशासनले ०७८ पुस २८ गतेदेखि माघ १५ गतेसम्म भौतिक उपस्थितिमा गरिने पठन पठानमा रोक लगायो। शिक्षा विकास तथा समन्वय इकाईमार्फत वैदेशिक रोजगारीमा गई मृत्यु भएका र अपाङ्गता भएका परिवारका २८ जना विद्यार्थीले छात्रवृत्ति पाए। द्वन्द्वपीडित परिवारका तीन जना विद्यार्थीले छात्रवृत्ति पाए। यस वर्ष कूल २१ हजार ३ सय ७६ छात्रा र २३ हजार ८ सय ५७ छात्र गरी ४५ हजार २ सय ३३ विद्यार्थी विद्यालय भर्ना भए। जसमा अपाङ्गता भएका छात्रा १ सय १५ जना र छात्र १ सय २२ गरी २ सय ३७ जना छन्। २ हजार ५ सय ४२ दलित छात्रा र २ हजार ३ सय ९२ छात्र भर्ना भए। विद्यालय भर्ना भएका दलित विद्यार्थीले छात्रवृत्ति पाए।

घटनाको प्रकार		राज्यपक्षबाट		अन्यपक्षबाट		
		पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
कुटपिट		१	१	१	१०	११
हत्या				१		१
जातीय विभेद				१		१
धम्की					१	१
बाल अधिकार	बालविवाह			१		१
	बलात्कार			५		५
	यौन दुर्व्यवहार			३	१	४
	जम्मा			९	१	१०
महिला अधिकार	घरेलु हिंसा			१		१
	बहुविवाह			४		४
	बलात्कार			६		६
	बलात्कार प्रयास			३		३
	यौन दुर्व्यवहार			३		३
	बेचबिखन तथा ओसारपसार			१		१
	जम्मा			१६		१६
कूल जम्मा		१	१	३९	१३	४१

यस वर्ष रामेछाप जिल्लामा यौन दुर्व्यवहारका घटनामा तीन जना बालिका र एक जना बालक, बलात्कारका घटनामा पाँच र बालविवाहका घटनामा एक जना बालिका पीडित भएको इन्सेकले अभिलेख गर्‍यो।

बलात्कारका तीन घटनाका आरोपितहरूलाई जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा पठायो भने एक घटनाका आरोपितलाई अभिभावकको जिम्मा लगायो। एक घटनाका आरोपितलाई अदालतले सफाइ दियो भने एक घटनाका आरोपित वर्षको अन्त्यसम्म प्रहरी अनुसन्धानमै रहे। यौन दुर्व्यवहारका दुई घटनाका आरोपितलाई अदालतले कैद तथा जरिवानाको फैसला सुनायो भने एक घटनाका आरोपितलाई धरौटीमा रिहा गर्‍यो। बालविवाहका एक घटनाका आरोपितलाई अदालतले धरौटीमा रिहा गर्‍यो भने पीडितलाई अभिभावकको जिम्मा लगायो।

बलात्कार, यौन दुर्व्यवहार

एक ११ वर्षीया बालिकालाई ०७८ माघ ३ गते यौन दुर्व्यवहार गरेको आरोपमा मन्थली नगरपालिका-३ कठजोरका ३८ वर्षीय राजकुमार नेपालीविरूद्ध पीडित पक्षले माघ २३ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। घटनापछि भागेका आरोपितलाई माघ २९ गते प्रहरीले गिरफ्तार गर्‍यो। पीडितको स्वास्थ्य परीक्षण माघ २१ गते मन्थली अस्पतालमा गरियो। आरोपितउपर फागुन १८ गते जिल्ला अदालत रामेछापमा बाल यौन दुरुपयोगको मुद्दा दर्ता गरेकामा फागुन २० गते न्यायाधीश बद्रीप्रसाद ओलीको इजलासले २५ हजार रुपियाँ धरौटीमा रिहा गर्ने आदेश दियो। न्यायाधीश इन्दिरा शर्माको ०७९ भदौ ९ गतेको इजलासले ६ महिना कैद, ५ हजार रुपियाँ जरिबाना तथा पीडित राहत कोषमा १ हजार ५ सय रुपियाँ जम्मा गर्नुपर्ने फैसला सुनायो।

महिलाविरूद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यो वर्ष रामेछापमा घरेलु हिंसा पीडित भएको भन्दै ३४ जनाले जिल्ला प्रहरी कार्यालयको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमा खान लगाउन नदिएको, हेला गरेको, अर्की पत्नी ल्याइ हेला गरेको, कुटपिट गरेको उजुरी थिए। तीमध्ये २२ उजुरीमा मेलमिलाप, चार ओटा उजुरी अदालत पठाइए, पाँच ओटा उजुरीका

पीडित सम्पर्कमा नै आएनन् भने तीन ओटा उजुरीको कार्य सम्पादन बाँकी छ।

यो वर्ष रामेछाप जिल्लामा घरेलु हिंसाका घटनामा एक, बलात्कारका घटनामा सात, बलात्कार प्रयासका घटनामा दुई, यौन दुर्व्यवहार घटनामा दुई, बेचबिखन तथा ओसारपसार घटनामा एक र बहुविवाहका घटनामा चार जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। 'बोक्सी' को आरोपमा एक जना महिलाको हत्या भएको घटना इन्सेकले अभिलेख गऱ्यो।

अभिलेखित घटनामध्ये बलात्कारका ६ घटनाका आरोपितलाई जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा पठायो भने एक घटनाका आरोपित वर्षको अन्त्यसम्म गिरफ्तार भएनन्। बलात्कार प्रयासका एक घटनाका आरोपितलाई अदालतले कैद तथा जरिवानाको फैसला सुनायो भने एक घटनाका आरोपितलाई धरौटीमा रिहा गऱ्यो। यौन दुर्व्यवहारका एक घटनाका आरोपितलाई अदालतले पुर्पक्षका लागि थुनामा पठायो। बहुविवाहका तीन घटनाका आरोपितलाई अदालतले धरौटीमा रिहा गऱ्यो भने एक घटनाका आरोपित वर्षको अन्त्यसम्म प्रहरी अनुसन्धानमै रहे। 'बोक्सी' आरोपमा हत्याको एक घटनाका तीन आरोपितलाई अदालतले बाल सुधारगृहमा र सात आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

बलात्कार, बलात्कारको प्रयास, यौन दुर्व्यवहार

एक ६६ वर्षीया महिलालाई ०७८ पुस २३ गते राती लिखु तामाकोसी गाउँपालिका-३ धोबी बिक टोलका ५० वर्षीय सिंहबहादुर कामीले घरमा गई बलात्कार प्रयास गरेको आरोपमा पीडित पक्षले पुस २५ गते जिल्ला प्रहरी कार्यालय रामेछापमा उजुरी दियो। आरोपितलाई प्रहरीले पुस २४ गते लिखु तामाकोसी गाउँपालिकाको धोबीबाट गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण पुस २४ गते प्राथमिक स्वास्थ्य केन्द्र, मन्थलीमा भयो। आरोपितविरुद्ध माघ १७ गते जिल्ला अदालत, रामेछापमा जबरजस्तीकरणी उद्योगको मुद्दा दर्ता भएकोमा माघ १७ गते न्यायाधीश बद्रीप्रसाद ओलीको इजलासले १ लाख रुपियाँ धरौटीमा छाड्ने आदेश दियो। ०७९ भदौ ३० गते न्यायाधीश इन्दिरा शर्माको इजलासले आरोपितलाई ३ वर्ष ६ महिना कैद, १ लाख रुपियाँ जरिबाना र पीडितलाई १५ हजार रुपियाँ क्षतिपूर्ति भराउने फैसला सुनायो।

'बोक्सी'को आरोपमा हत्या

खाँडादेवी गाउँपालिका-३ भिरपानीकी ५२ वर्षीया बीबा माझीको ०७९ असोज ९ गते स्थानीयले पितृ उत्रिएको भन्दै चामल प्रहार गर्दै लछारपछार गर्दा मृत्यु भयो। घटनामा पीडितकी ७० वर्षीया आमा सुनमाया माझी घाइते भइन्।

सोह्रश्राद्ध समापनका दिन असोज ९ गते पितृ चढेको भन्दै काम्न थालेका केही स्थानीयले आमाछोरीको नाम लिएपछि आरोपितहरू पीडितको घरमा जम्मा भएका थिए। पितृ उत्रिएपछि चामल प्रहार गरी दोष उतार्नुपर्ने अन्धविश्वासका कारण स्थानीयले चार बोरा चामल जम्मा पारेका थिए । लगत्तै स्थानीयले पीडितद्वयलाई लछारपछार गर्दै चामल प्रहार गरे। पितृको आदेश भन्दै मुठ्ठीका मुठ्ठी चामल प्रहार तथा लछारपछार गर्दा माझीको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय, रामेछापका इन्स्पेक्टर दिलिपकुमार थापाले बताए।

शवको पोष्टमार्टम ०७९ असोज ११ गते मेडिकल शिक्षण अस्पताल, दुवाकोट, भक्तपुरमा भयो। पीडित पक्षले आरोपितविरुद्ध असोज ११ गते जिल्ला प्रहरी कार्यालयमा किटानी जाहेरी दियो। घटनामा संलग्न भएको आरोपमा खाँडादेवी गाउँपालिका-३ भिरपानी सित्खाका ३७ वर्षीय शिवबहादुर माझी, ४० वर्षीया राधिका माझी, १७ वर्षीया बालिका, १९ वर्षीय भरत माझी, २० वर्षीय सुरज माझी, १६ वर्षीया बालिका, १९ वर्षीया मनीषा माझी, १६ वर्षीय बालक, २६ वर्षीय धनबहादुर माझी र १९ वर्षीय राजेश माझी र २१ वर्षकी सिर्जना माझीविरुद्ध असोज ११ गते जिल्ला प्रहरी कार्यालय, रामेछापमा उजुरी दर्ता भयो। आरोपित विरूद्ध कात्तिक २ गते जिल्ला अदालत, रामेछापमा कर्तव्य ज्यान शीर्षकमा मुद्दा दर्ता भएकोमा न्यायाधीश इन्दिरा शर्माको इजलासले सोही दिन आरोपित बालबालिकालाई बाल सुधार गृह भक्तपुर र अन्यलाई पुर्पक्षका लागि रामेछाप कारागार पठाउने आदेश दियो। यो वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएन।

सबै प्रकारका जातीय विभेद

मन्थली नगरपालिका-६ भलुवाजोरकी १३ वर्षीया सरीता नेपालीलाई ०७८ फागुन ३० गते घरभित्र छिरेर दही चोरेको आरोपमा सोही ठाउँका ६३ वर्षीय शेरबहादुर श्रेष्ठ (नगरकोटी) र उनकी ६० वर्षीया पत्नी बालकुमारी श्रेष्ठले दिउँसो ४ बजेदेखि चैत १ गते मध्यान्ह १२ बजेसम्म दलानको थाममा बाँधेर यातना दिए। आरोपितद्वयलाई प्रहरीले मौखिक उजुरीका आधारमा चैत १ गते गिरफ्तार गऱ्यो। पीडित पक्षले चैत १ गते जिल्ला प्रहरी कार्यालय, रामेछापमा

मानव बन्धक र अपहरण विरुद्ध र चैत ४ गते जातीय विभेद विरुद्धको मुद्दा दर्ता गरेकामा आरोपित शेरबहादुर नगरकोटीलाई रामेछापकी न्यायाधीश इन्दिरा शर्माको इजलासले ०७९ भदौ २९ गते दोषी ठहर गरी असोज ७ गते ४ वर्ष ६ महिना कैद तथा जरिबानाका साथै क्षतिपूर्ति र बालकुमारीलाई ३ महिना कैद सजाय तथा ५० हजार रुपियाँ जरिबानाको फैसला सुनायो। अदालतले शेरबहादुरलाई जातीय विभेदको घटनामा एक वर्ष कैद र ७५ हजार रुपियाँ जरिबाना तथा ७० हजार रुपियाँ क्षतिपूर्ति भराउने फैसला सुनायो। त्यस्तै शरीर बन्धक मुद्दामा ३ वर्ष ६ महिना जेल सजाय र ३५ हजार रुपियाँ जरिबानाको फैसला भयो। यस बाहेक पीडित राहत कोषमा १ हजार ४ सय रुपियाँ जम्मा गर्नुपर्ने फैसला अदालतले सुनायो।

स्वास्थ्य सेवाको अवस्था

जिल्लामा एक जिल्ला अस्पताल, दुई सामुदायिक अस्पताल, एक नगर अस्पताल, दुई आधारभूत अस्पताल, दुई प्राथमिक स्वास्थ्य केन्द्र, १३ सहरी स्वास्थ्य केन्द्र, १३ सामुदायिक स्वास्थ्य इकाई, तीन आधारभूत स्वास्थ्य केन्द्र, एक प्राइभेट अस्पताल, ५० ओटा स्वास्थ्य चौकी, एक उपस्वास्थ्य चौकी रहेका छन्। जिल्ला अस्पताल रामेछापमा एक मेडिकल सुपरिटेन्डेन्ट सहित १३ जना डाक्टरको दरबन्दी रहेकोमा १२ जना कार्यरत छन्। अन्य स्वास्थ्यकर्मी २७ जनाको दरबन्दी रहेकोमा २४ जना कार्यरत छन्।

२०७७ मङ्सिर १५ गते शिलान्यास भएका अस्पतालमध्ये खाँडादेवी र उमाकुण्ड गाउँपालिमा-२ बाम्तीको अस्पताल यस वर्ष पनि निर्माण कार्य भइरहेको छ।

प्रतिनिधि तथा प्रदेश सभा निर्वाचन २०७९

यस वर्ष सम्पन्न भएको प्रतिनिधि सभा निर्वाचनमा रामेछाप जिल्लामा १ लाख ८० हजार १ सय ६ मतदाता मध्ये ८८ हजार ५ सय ५२ (४९.१६ प्रतिशत) ले मतदान गरे। यसैगरी प्रदेश सभा तर्फ ८८ हजार ५ सय ६३ (४९.१७ प्रतिशत) ले मतदान गरे।

सन् २०२२ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

बाल अधिकार

घटनाको प्रकार	अनुसन्धान	अपूर्ण	मुद्दा टुङ्गिएका	कानुनी दायरामा ल्याइएका	जम्मा
बालविवाह				१	१
बलात्कार	१			४	५
यौन दुर्व्यवहार		१	२	१	४
जम्मा	१	१	२	६	१०

महिला अधिकार

घटनाको प्रकार	अनुसन्धान	मुद्दा टुङ्गिएका	कानुनी दायरामा ल्याइएका	कारबाही प्रक्रिया अघि नबढेका	जम्मा
घरेलु हिंसा				१	१
बहुविवाह	१		३		४
बलात्कार	१		६		७
बलात्कार प्रयास		१	१		२
यौन दुर्व्यवहार			२		२
बेचबिखन तथा ओसारपसार				१	१
जम्मा	२	१	१२	२	१७

मारिएकाको घटना सङ्ख्या

घटनाको प्रकार	कानुनी दायरामा ल्याइएका	जम्मा
हत्या	१	१

३.११ सिन्धुली



जम्मा जनसङ्ख्या	३,००,११७
महिला	१,५२,४५५
प्रतिनिधिसभा निर्वाचन क्षेत्र	२
प्रदेशसभा निर्वाचन क्षेत्र	४
गरिबीको रेखामुनि रहेको सङ्ख्या	१,१२,३०२
कामका लागि बाहिरिएका	१५,२८७
अपाङ्गता भएका	६,४६६
५ वर्षमाथिको साक्षरता प्रतिशत	७५
आश्रित जनसङ्ख्या	१,४१,८७०

यस वर्ष सिन्धुली जिल्लामा मानव अधिकार उल्लङ्घनका घटनामा राज्यपक्षबाट १८ जना पुरुष तथा ज्यादतीका घटनामा अन्यपक्षबाट ७९ जना महिला र आठ जना पुरुष पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा ३९ जना बालबालिका तथा महिला अधिकार उल्लङ्घनका घटनामा ४७ जना महिला पीडित भए।

कारागार र बन्दी

कारागारको क्षमता ४६ महिला र १ सय ६२ पुरुष गरी २ सय ८ जनाको रहेको छ। कारागारमा ९३ जना महिला र ७ सय ६० पुरुष गरी ८ सय ५३ कैदीबन्दी रहेका छन्। कारागारमा आश्रित ६ बालक र ६ बालिका छन्। कारागारमा ६ महिला र २२ पुरुष गरी २८ जना ज्येष्ठ नागरिक छन्। बाथरुम र भान्छाबाट निस्केको पानीको उचित व्यवस्थापन नहुँदा स्थानीयहरूले समय समयमा अवरोध गर्दै आएका छन्। यातायात र इन्धनको उचित व्यवस्थापन नहुँदा कैदीलाई अस्पताल र अदालत लैजान समस्या हुने गरेको छ। कारागारमा एक जना अहेबको दरबन्दी रहेकोमा कार्यरत छन्। विद्यालय उमेर समूहका दुई बालिका र एक बालक भए पनि शिक्षाबाट वञ्चित छन्।

कारागारमा मृत्यु

यस वर्ष कारागारमा लागुऔषध गाँजा मुद्दामा कैद भुक्तान गरिरहेका धनुषा जिल्ला सवैला नगरपालिका-२ का ६३ वर्षीय अश्वेश्वर पुर्वे ०७९ असोज १० गते बिहानको खाना खाएर सुतेकोमा बेहोस भेटिएपछि सिन्धुली अस्पतालमा पुऱ्याउँदा डाक्टरले मृत घोषणा गरेको कारागारका जेलर कुशल न्यौपानेले बताए। प्रतिनिधि सभा र प्रदेश सभा निर्वाचनमा कारागारका ९८ जना कैदी/बन्दीले मतदान गरे।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत

एक जना न्यायाधीश रहेको जिल्ला अदालत सिन्धुलीबाट यो वर्ष फौजदारीतर्फ जिम्मेवारी सरेर आएका ३ सय ४६, देवानीतर्फ ३ सय १, नयाँ फौजदारीतर्फ ३ सय ९२, देवानीतर्फ २ सय २८ थान मुद्दा दर्ता भए। फौजदारीतर्फ ५२ थान र देवानीतर्फ १ सय ४६ थान मुद्दा फैसला भए।

घटनाको प्रकार		राज्यपक्षबाट		अन्यपक्षबाट		
		पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
गिरफ्तारी		१७	१७			
कुटपिट				१		१
कारागारमा मृत्यु		१	१			
बाल अधिकार	बालविवाह			१		१
	बेचबिखन तथा ओसारपसार			५	६	११
	विद्यालयमा शारीरिक सजाय				३	३
	बलात्कार			१८		१८
	यौन दुर्व्यवहार			७		७
	जम्मा			३१	८	३९
महिला अधिकार	घरेलु हिंसा			३३		३३
	बहुविवाह			७		७
	बलात्कार			११		११
	बलात्कार प्रयास			५		५
	यौन दुर्व्यवहार			३		३
	जम्मा			४७		४७
कूल जम्मा		१८	१८	७९	८	८७

बाल अधिकार

शिक्षाको अवस्था

जिल्लामा ४ सय ६३ आधारभूत र १ सय ४२ माध्यमिक विद्यालय रहेका छन्। यस वर्ष ४२ हजार ९ सय ८३ बालक र ४२ हजार ९ सय ६२ बालिका गरी ८५ हजार ९ सय ४७ विद्यार्थी विद्यालयमा भर्ना भए। जिल्लामा अपाङ्गतामैत्री विद्यालय तीन ओटा छन्। अपाङ्गता भएका बालक ३ सय ४६ र ४ सय ११ बालिका रहेका छन्। यस वर्ष जिल्लाभर ८ हजार १ सय ५६ दलित बालक र ६ हजार २ सय ३८ बालिका विद्यालयमा भर्ना भए। यो वर्ष द्वन्द्वपीडित परिवारका पाँच जना बालबालिकाले छात्रवृत्ति पाए। वैदेशिक रोजगारीमा गएर मृत्यु भएका परिवारका ५४ जना बालबालिकाले छात्रवृत्ति पाए। जिल्लामा शहिद परिवारका पाँच बालबालिकाले छात्रवृत्ति पाए।

यस वर्ष सिन्धुली जिल्लामा यौन दुर्व्यवहारका घटनामा सात, बलात्कारका घटनामा १८, बालविवाहका घटनामा एक बालिका र विद्यालयमा शारीरिक सजायका घटनामा दुई जना बालक पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। बेचबिखन तथा ओसारपसारका घटनामा पाँच बालक र ६ जना बालिका पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

बलात्कारका १३ घटनाका आरोपितहरूलाई जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा पठायो भने दुई घटनाका आरोपितलाई बाल सुधार गृहमा पठायो। एक घटनाका एक आरोपितलाई अदालतले पुर्पक्षका लागि थुनामा पठायो भने एक आरोपितलाई बाल सुधार गृह पठायो। एक घटनाका आरोपित वर्षको अन्त्यसम्म गिरफ्तार भएनन् भने एक घटनाका आरोपित वर्षको अन्त्यसम्म प्रहरी अनुसन्धानमै रहे। यौन दुर्व्यवहारका पाँच घटनाका आरोपितलाई अदालतले पुर्पक्षका लागि थुनामा पठायो भने एक आरोपितलाई धरौटीमा रिहा गऱ्यो। एक घटनाका आरोपित वर्षको अन्त्यसम्म प्रहरी अनुसन्धानमै रहे।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यो वर्ष घरेलु हिंसा पीडित भएको भन्दै ४४ जना महिलाले जिल्ला प्रहरी कार्यालयको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमा हेला गरेको र घर निकाला गरिएका ६, खान लगाउन नदिएका २८ र सामान्य झैझगडाका ६ उजुरी छन्। तीमध्ये ३५ उजुरीमा मेलमिलाप, सात उजुरी अदालत पठाइए, एक उजुरीका पीडित सम्पर्कमा नै आएनन्।

यो वर्ष सिन्धुली जिल्लामा घरेलु हिंसाका घटनामा २२, बलात्कारका घटनामा ११, बलात्कार प्रयासका घटनामा पाँच र बहुविवाहका घटनामा सात जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

अभिलेखित घटनामध्ये बलात्कारका चार घटनाका आरोपितलाई जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा पठायो भने एक घटनाका आरोपितलाई अदालतले सफाइ दियो। तीन घटनाका आरोपित वर्षको अन्त्यसम्म गिरफ्तार भएनन् भने एक घटनाका

आरोपित वर्षको अन्त्यसम्म प्रहरी अनुसन्धानमै रहे। बलात्कार प्रयासका तीन घटनाका आरोपितलाई अदालतले धरौटीमा रिहा गऱ्यो भने दुई घटनाका आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। एक घटनाका एक आरोपितलाई अदालतले पुर्पक्षका लागि थुनामा पठायो भने एक आरोपितलाई अभिभावकको जिम्मा लगायो। बहुविवाहका पाँच घटनाका आरोपितलाई अदालतले धरौटीमा रिहा गऱ्यो भने एक घटनाका आरोपित वर्षको अन्त्यसम्म गिरफ्तार भएनन्।

स्वास्थ्य सेवाको अवस्था

जिल्लामा एक सरकारी अस्पताल चार प्राथमिक स्वास्थ्य केन्द्र, चार सहरी स्वास्थ्य केन्द्र, चार सामुदायिक स्वास्थ्य इकाइ, ३६ आधारभूत स्वास्थ्य केन्द्र, पाँच निजी अस्पताल, १४ क्लिनिक तथा पोलिक्लिनिक, ५१ ओटा स्वास्थ्य चौकी छन्। जिल्ला अस्पताल सिन्धुलीमा एक मेडिकल सुपरिटेन्डेन्ट सहित आठ विशेषज्ञ दरबन्दी रहेकोमा ६ जना कार्यरत रहेका छन्। १३ जना डाक्टरको दरबन्दी रहेकोमा १३ जना नै कार्यरत छन्। अन्य स्वास्थ्यकर्मी ३१ जनाको दरबन्दी रहेकोमा २६ जना कार्यरत छन्। जिल्लामा नौ ओटा आधारभूत अस्पताल हुनु पर्ने भए पनि बजेट विनियोजन नहुँदा अस्पताल निर्माण तथा सञ्चालन हुन सकेको छैन। २०७७ मङ्सिर १५ गते शिलान्यास भएका तीन ओटै अस्पतालको निर्माण कार्य पूरा भएको छैन।

प्रतिनिधि सभा तथा प्रदेश सभा निर्वाचन २०७९

यस वर्ष सम्पन्न भएको प्रतिनिधि सभा निर्वाचनमा सिन्धुली जिल्लामा २ लाख ८ हजार ३ सय ६९ मतदातामध्ये १ लाख १८ हजार ८ सय ४३ (५७.०३ प्रतिशत) ले मतदान गरे। यसैगरी प्रदेश सभा तर्फ १ लाख १८ हजार ७ सय८२ (५७ प्रतिशत) ले मतदान गरे।

सन् २०२२ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या


बाल अधिकार

घटनाको प्रकार	अनुसन्धान	मेलमिलाप	मुद्दा टुङ्गिएका	कानुनी दायरामा ल्याइएका	जम्मा
बालविवाह			१		१
बेचबिखन तथा ओसारपसार				१	१
विद्यालयमा शारीरिक सजाय		१		१	२
बलात्कार	६			१२	१८
यौन दुर्व्यवहार				७	७
जम्मा	६	१	१	३१	३९

महिला अधिकार

घटनाको प्रकार	अनुसन्धान	मेलमिलाप	अपूर्ण	कानुनी दायरामा ल्याइएका	जम्मा
घरेलु हिंसा	१	१६	१	४	२२
बहुविवाह	१			६	७
बलात्कार	४			७	११
बलात्कार प्रयास				५	५
यौन दुर्व्यवहार				२	२
जम्मा	६	१६	१	२४	४७

३.१२ मकवानपुर



जम्मा जनसङ्ख्या	४,६१,०५३
महिला	२,३२,५८१
प्रतिनिधिसभा निर्वाचन क्षेत्र	२
प्रदेशसभा निवांचन क्षेत्र	४
गरिबीको रेखामुनि रहेको सङ्ख्या	१,१५,४७३
कामका लागि बाहिरिएका	१६,५४७
अपाङ्गता भएका	८,४६७
५ वर्षमाथिको साक्षरता प्रतिशत	५८
आश्रित जनसङ्ख्या	१,७५,७३७

यस वर्ष मकवानपुर जिल्लामा मानव अधिकार उल्लङ्घनका घटनामा राज्यपक्षबाट नौ पुरुष तथा ज्यादतीका घटनामा अन्यपक्षबाट ४८ जना महिला, १८ जना पुरुष र एक जना परालैङ्गिक पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा २४ जना बालिका तथा महिला अधिकार उल्लङ्घनका घटनामा १९ जना महिला पीडित भए।

नागरिक तथा राजनीतिक अधिकार सम्मानित रूपले बाँच्न पाउने अधिकार

हत्या प्रयास

अन्यपक्षबाट

२७ वर्षीय तेस्रोलिङ्गी कल्पुकुमारी गुरुङलाई मार्ने उद्देश्यले घाइते बनाएको आरोपमा हेटौंडा १२ का ३२ वर्षीय सुनिलकुमार साहलाई प्रहरीले ०७९ साउन ९ गते गिरफ्तार गऱ्यो। आरोपित साहले साउन ७ गते हेटौंडा उमनपा-९ पशुपतिनगर नजिक पीडितलाई ज्यान मार्ने नियत राखी ढुङ्गा र दाउराको चिरपटले प्रहार गरी घाइते बनाएको भनी पीडितले साउन ८ गते जिल्ला प्रहरी कार्यालय मकवानपुरमा उजुरी दिइन्। पीडितको हेटौंडा अस्पतालमा उपचार भयो। पीडितको उजुरीका आधारमा प्रहरीले आरोपिलाई गिरफ्तार गरी ज्यानमार्ने उद्योग कसुरमा साउन १२ गते मकवानपुर जिल्ला अदालतमा मुद्दा दर्ता गऱ्यो। जिल्ला न्यायाधीश मनकुमारी जीएमको इजलासले भदौ ५ गते २० हजार धरौटी माग गऱ्यो। यो वर्षको अन्त्यसम्म मुद्दाको फैसला नभएको अदालतका श्रेस्तेदार तिर्थराज भट्टराईले बताए।

कारागार र बन्दी

भीमफेदी गाउँपालिकामा रहेको क्षेत्रीय कारागारमा 'क', 'ख' र 'ग' गरी तीन ओटा कैदीबन्दी भवन रहेको छ। १ हजार २ सय जनाको बन्दी क्षमता रहेको कारागारमा कैदी र बन्दी गरेर १ हजार २० जना रहेको जेलर (उपसचिव) तीर्थराज पौड्यालले बताए। कारागारको 'क' र 'ख' ब्लकमा पुरुष कैदीबन्दी राखिएको छ भने ग ब्लकमा १७ जना महिला कैदीबन्दी छन्। यो ब्लकमा एक जना आश्रित बालक छन्। जेलमा टेलिभिजनका साथै टेलिफोनको पनि सुविधा रहेको छ। शौचालय र बिजुलीको व्यवस्था हुनुका साथै खुला ठाउँ पनि छ। पुस्तकालयको व्यवस्था छ। स्वास्थ्य उपचारका लागि अहेबको दरबन्दी भए पनि दरबन्दी रिक्त रहको

घटनाको प्रकार		राज्यपक्षबाट		अन्यपक्षबाट			
		पुरुष	जम्मा	महिला	पुरुष	क्यू	जम्मा
गिरफ्तारी		७	७				
कुटपिट				१	५	१	७
कारागारमा मृत्यु		३	३				
घाइते				१	९		१०
हत्या				३	४		७
बाल अधिकार	बलात्कार			३१			३१
	यौन दुर्व्यवहार			३			३
	जम्मा			३४			३४
महिला अधिकार	बहुविवाह			४			४
	बलात्कार			८			८
	बलात्कार प्रयास			४			४
	यौन दुर्व्यवहार			३			३
	बेचबिखन तथा ओसारपसार			१			१
	जम्मा			१९			१९
कूल जम्मा		९	९	४८	१८	१	६७

कारागारका सूचना अधिकारी केदारप्रसाद सापकोटाले बताए। भीमफेदीमा प्राथमिक स्वास्थ्य केन्द्र मात्र भएकाले बन्दीहरूलाई उपचारमा समस्या छ। उपचार गर्न बन्दीहरूलाई हेटौँडा लैजान बजेट र सवारी साधनको अभावले गर्दा समस्या हुने गरेको जेलर पौड्यालले बताए। झण्डै २ सय कैदीबन्दी जेलभित्र नै उत्पादनमा जोडिएका छन।

प्रतिनिधि सभा र प्रदेश सभा निर्वाचनमा कारागारका २८ जना कैदी/बन्दीले मतदान गरे।

कारागारमा मृत्यु

लागुऔषध मुद्दामा भीमफेदी कारागारमा कैद भुक्तान गरिरहेका बारा जिल्लाको महागढीमाइ-४ का ४८ वर्षीय अजयप्रसाद जैसवालको ०७८ माघ १० गते मृत्यु भयो। माघ १० गते राति खाना खाएर सुतेका जैसवालको छाति र स्वासप्रस्वासमा समस्या भएपछि उपचारको लागि लैजाँदै गर्दा बाटोमा मृत्यु भएको सूचना अधिकृत केदार सापकोटाले बताए। शवको पोष्टमार्टम माघ ११ गते हेटौँडा अस्पतालमा भयो। सोही दिन शव परिवारले जिम्मा लिई राप्तीतटमा सद्गत गरे।

लागुऔषध मुद्दामा भीमफेदी कारागारमा कैद भुक्तान गरिरहेका हेटौँडा उपमहानगरपालिका-१० का ३५ वर्षीय मिलन परियारको ०७९ असार ८ गते मृत्यु भयो। असार ८ गते राति खाना खाएर सुतेका परियारको छाति र स्वासप्रस्वासमा समस्या भएपछि उपचारको लागि लैजाँदै गर्दा बाटोमा मृत्यु भएको सूचना अधिकृत केदार सापकोटाले बताए। शवको पोष्टमार्टम असार ९ गते हेटौँडा अस्पतालमा भयो। सोही दिन शव परिवारले जिम्मा लिई राप्तीतटमा सद्गत गरे।

बाल सुधार गृह

जिल्लामा एउटा बाल सुधार गृह छ। सङ्घीय सरकार मातहतको बाल सुधार गृहलाई जिल्ला प्रशासन कार्यालयले हेर्ने गरेको छ। सुधारगृहमा ५५ जना बालकहरू छन्। यहाँ बालबिज्याँइ गरी अदालतको आदेशबाट दण्ड सजाय सुनाइएका बालकहरूलाई राख्ने गरिन्छ। उनीहरूलाई पढ्ने, लेख्ने, खेल्ने व्यवस्थासहित उचित सुरक्षा मिलाइएको छ।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत

चार न्यायाधीश रहेको जिल्ला अदालतबाट यो वर्ष अघिल्लो वर्षको जिम्मेवारी सरेर आएको ९ सय ३ र यसबर्षको २ हजार १ सय २० गरी कुल ३ हजार २३ थान मुद्दा मध्ये १ हजार ८ सय १ ओटा मुद्दा फैसला भए। प्रक्रियामा रहेका १ हजार २ सय २२ मुद्दामा १ वर्ष भित्रको १ हजार ४५ र दुई वर्ष भित्रको १ सय ७७ ओटा मुद्दा छन्।

उच्च अदालत पाटन, हेटौँडा इजलास

सात जना न्यायाधीशको दरबन्दी रहेको पाटन उच्च अदालत हेटौँडा इजलासमा गत वर्ष जिम्मेवारी सरेर आएका ५ सय ५६ थान र यस वर्ष दर्ता भएका ५ सय ५२ थान गरी १ हजार १ सय ८ थान रहेकोमा ४ सय ३८ थान फर्स्यौट भएका छन्। ६ सय ७० थान फर्स्यौट हुन बाँकी रहेको छ। फर्स्यौट हुन बाँकी रहेकामध्ये १८ महिना नाघेका आठ थान मुद्दा छन्।

बाल अधिकार

शिक्षाको अवस्था

जिल्लामा सामुदायिक ५ सय १६ र संस्थागत ७६ ओटा गरेर ५ सय ९२ विद्यालय छन्। जिल्लामा ३ सय ७५ अपाङ्गमैत्री विद्यालय र ५ सय ९३ प्रारम्भिक बाल विकास केन्द्र छन्। अपाङ्गता भएका बालबालिकाका लागि एक बहिरा तथा सुस्त श्रवण विद्यालय, एक दृष्टिविहीन विद्यालय र एक आशा विशेष स्कूल छन्।

यस वर्ष मकवानपुर जिल्लामा यौन दुर्व्यवहारका घटनामा तीन र बलात्कारका घटनामा २१ जना बालिका पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

अभिलेखित घटनामध्ये बलात्कारका १५ घटनाका आरोपितहरूलाई जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा पठायो भने एक घटनाका आरोपितलाई बाल सुधार गृहमा पठायो। तीन घटनाका आरोपित वर्षको अन्त्यसम्म गिरफ्तार भएनन्। एक घटनाका आरोपितलाई अदालतले आंशिक दावी पुग्ने भन्दै फैसला सुनायो भने एक आरोपित वर्षको अन्त्यसम्म प्रहरी अनुसन्धानमै रहे। यौन दुर्व्यवहारका दुई घटनाका आरोपितलाई अदालतले पुर्पक्षका लागि थुनामा पठायो भने एक घटनाका आरोपितलाई धरौटीमा रिहा गऱ्यो।

बलात्कार, यौन दुर्व्यवहार

६ वर्षीया बालिकालाई ०७९ साउन २८ गते बलात्कार गरेको आरोपमा भीमफेदी गाउँपालिका-६ लामाखोलाका ८० वर्षीय टिकेराम लोविरुद्ध पीडित पक्षले भदौ १५ गते जिल्ला प्रहरी कार्यालय, मकवानपुरमा उजुरी दियो। आरोपितलाई प्रहरीले भदौ १७ गते गिरफ्तार गऱ्यो। बालिकाको स्वास्थ्य परीक्षण भदौ १५ गते हेटौँडा अस्पतालमा भयो। प्रहरीले आरोपितविरुद्ध जिल्ला सरकारी वकिल कार्यालय मार्फत् भदौ २३ गते बालिका बलात्कार कसुरमा मकवानपुर जिल्ला अदालतमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश राजेन्द्र अधिकारीको भदौ २४ गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। जिल्ला अदालतका न्यायाधीश राजेन्द्र अधिकारीको कात्तिक १५ गतेको इजलासले आरोपितलाई आंशिक दाबी पुग्ने फैसला सुनायो।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यो वर्ष घरेलु हिंसापीडित भन्दै जिल्ला प्रहरी कार्यालय अन्तर्गतको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा ४ सय ३९ उजुरी परे। जसमा २ सय ७९ उजुरी मिलापत्र भए भने अन्य उजुरी कानुनी प्रक्रियामा छन्।

यो वर्ष मकवानपुर जिल्लामा बलात्कारका घटनामा आठ, बलात्कार प्रयासका घटनामा चार, बेचबिखन तथा ओसारपसारका घटनामा एक, बलात्कारपछि हत्याका घटनामा एक र पारिवारिक हत्याका घटनामा दुई जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

अभिलेखित घटनामध्ये बलात्कारका चार घटनाका आरोपितलाई जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा पठायो भने एक घटनाका आरोपितलाई अदालतले सफाइ दियो। चार घटनाका आरोपित वर्षको अन्त्यसम्म गिरफ्तार भएनन्। बलात्कार प्रयासका तीन घटनाका आरोपितलाई अदालतले पुर्पक्षका लागि थुनामा पठायो भने एक घटनाका आरोपित वर्षको अन्त्यसम्म गिरफ्तार भएनन्। बेचबिखन तथा ओसारपसारका एक घटनाका आरोपितलाई अदालतले पुर्पक्षका लागि थुनामा पठायो। बलात्कारपछि हत्याका एक घटनाका आरोपित र पारिवारिक हत्याका दुई घटनाका आरोपितलाई अदाललते पुर्पक्षका लागि थुनामा पठायो।

बलात्कारपछि हत्या

४८ वर्षीया महिलालाई ०७९ साउन २८ गते बलात्कारपछि हत्या गरेको आरोपमा प्रहरीले इन्द्रसरोबर गाउँपालिका-४ छापका २३ वर्षका अनिल गोललाई भदौ २७ गते गिरफ्तार गऱ्यो। पीडित आफ्नै घरमा मृतअवस्थामा फेला परेकी थिइन्। पीडितपक्षले २०७९ साउन २९ गते इलाका प्रहरी कार्यालय, पालुङमा उजुरी दियो। शवको साउन २९ गते हेटौँडा अस्पतालमा पोष्टमार्टम भयो। प्रहरीले आरोपितविरुद्ध भदौ २१ गते मकवानपुर जिल्ला अदालतमा बलात्कारपछि हत्या कसुरमा मुद्दा दर्ता गऱ्यो। जिल्ला न्यायाधीश श्रीप्रसाद सञ्जेलको भदौ २३ गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। यो वर्षको अन्त्यसम्म मुद्दाको फैसला नभएको अदालतका सेस्तेदार तिर्थराज भट्टराईले बताए।

पारिवारिक हत्या

३६ वर्षीया सरस्वती वाइबाको ०७९ मङ्सिर १३ गते हत्याको आरोपमा प्रहरीले इन्द्रसरोवर गाउँपालिका-३ ज्यामिरेका ३३ वर्षका पति रोज

वाइवालाई ०७९ मङ्सिर २५ गते गिरफ्तार गऱ्यो। आरोपिले पत्निको हत्या गरी घरनजिकै गाडेको अवस्थामा शव फेला परेको थियो। शवको मङ्सिर २६ गते हेटौँडा अस्पतालमा पोष्टमार्टम भयो। सोही दिन शव परिवारले बुझी सामाजिक संस्कारबाट राप्ती किनारमा शवको सद्गत भयो। जिल्ला न्यायाधीश श्रीप्रसाद सञ्जेलको इजलासले पुस ८ गते आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। यो वर्षको अन्त्यसम्म मुद्दाको फैसला नभएको अदालतका स्रेस्तेदार तिर्थराज भट्टराईले बताए।

स्वास्थ्य सेवाको अवस्था

जिल्लामा एक सरकारी अस्पताल, दुई सामुदायिक अस्पताल, एक आँखा अस्पताल, चार निजी अस्पताल, ४० स्वास्थ्य चौकी, १० ओटा स्थानीय पालिकास्तरका स्वास्थ्य केन्द्र, २१ नगर स्वास्थ्य केन्द्र छन्। जिल्लामा प्रदेश सरकार मातहतको मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानले चिकित्सक तथा प्राविधिक उत्पादनको लागि स्वास्थ्य शिक्षा अध्यापन सुरु गरेको छ।

थाहा नगरपालिका र मनहरी गाउँपालिकामा १५/१५ शैयाको तथा कैलाश र राक्सिराङ गाउँपालिकामा १०/१० शैयाको र इन्द्रसरोवर गाउँपालिकामा पाँच शैयाको अस्पताल भवनको शिलान्यास गरिएकोमा कैलाश र राक्सिराङ गाउँपालिकामा अस्पताल भवन निर्माण सम्पन्न भई सञ्चालनमा आएका छन् भने अन्य तीन ओटा निर्माण प्रकृयामा रहेका छन्।

प्रतिनिधि सभा तथा प्रदेश सभा निर्वाचन २०७९

यस वर्ष सम्पन्न भएको प्रतिनिधि सभा निर्वाचनमा मकवानपुर जिल्लामा ३ लाख ७ सय ३३ मतदातामध्ये १ लाख ७७ हजार ६ सय ६१ (५९.०७ प्रतिशत) ले मतदान गरे। यसैगरी प्रदेश सभा तर्फ १ लाख ७७ हजार ५ सय ४९ (५९.०३ प्रतिशत) ले मतदान गरे।

सन् २०२२ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

बाल अधिकार

घटनाको प्रकार	अनुसन्धान	कानुनी दायरामा ल्याइएका	जम्मा
बलात्कार	५	१६	२१
यौन दुर्व्यवहार		३	३
जम्मा	५	१९	२४

महिला अधिकार

घटनाको प्रकार	अनुसन्धान	मेलमिलाप	मुद्दा टुङ्गिएका	कानुनी दायरामा ल्याइएका	जम्मा
बहुविवाह		३		१	४
बलात्कार	४			४	८
बलात्कार प्रयास	१			३	४
यौन दुर्व्यवहार			१		१
बेचबिखन तथा ओसारपसार				१	१
जम्मा	५	३	१	९	१८

मारिएकाको घटना सङ्ख्या

घटनाको प्रकार	कानुनी दायरामा ल्याइएका	जम्मा
हत्या	७	७

३.१३ चितवन



जम्मा जनसङ्ख्या	७,२२,१६८
महिला	३,६८,०५७
प्रतिनिधिसभा निर्वाचन क्षेत्र	३
प्रदेशसभा निर्वाचन क्षेत्र	६
गरिबीको रेखामुनि रहेको सङ्ख्या	५०,४५४
कामका लागि बाहिरिएका	५०,४२१
अपाङ्गता भएका	१२,५३७
५ वर्षमाथिको साक्षरता प्रतिशत	५७.५
आश्रित जनसङ्ख्या	२,३०,३७३

यस वर्ष चितवन जिल्लामा मानव अधिकार उल्लङ्घनका घटनामा राज्यपक्षबाट दुई जना पुरुष तथा ज्यादतीका घटनामा अन्यपक्षबाट १ सय ४५ जना महिला र ११ जना पुरुष पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा ७८ जना बालबालिका तथा महिला अधिकार उल्लङ्घनका घटनामा ६३ जना महिला पीडित भए।

कारागार र बन्दी

कारागारको क्षमता २ सय ८० जनाको रहेको छ। कारागारमा ३ सय ९१ कैदी र ३ सय ८९ जना थुनुवा रहेका छन्। जसमा महिला थुनुवा २७ र कैदी २६ जना छन् । ३ सय ६५ जना कैदी र ३ सय ६२ जना थुनुवा पुरुष रहेका छन् । कारागारमा तीन जना बालिका र १ जना बालक आश्रित छन्। ६० वर्ष नाघेका ४० जना ज्येष्ठ नागरिकमा पुरुष ३५ र महिला पाँच जना रहेका छन्। कैदीबन्दीहरूको स्वास्थ्य जाँचका लागि एक जना अहेब दरबन्दी रहेकोमा रिक्त छ। कारागारमा तीन जना सामान्य मानसिक रोगी छन्। तर, पुरुषको सङ्ख्या कारागारको क्षमताभन्दा तीन गुणा बढी रहेको छ। कारागारमा पुरुष कक्षतर्फ झण्डै तीन गुणा कैदी/बन्दी भएकाले कोचिएर बस्नुपर्ने बाध्यता छ। कारागारमा खानेपानी, शौचालय, पत्रपत्रिका, रेडियो, टेलिभिजन, खेलकुदका सामग्री र पुस्तकालयको व्यवस्था गरिएको जेलर कमलप्रसाद आचार्यले बताए। प्रतिनिधि सभा र प्रदेश सभा निर्वाचनमा कारागारका १ सय जना कैदीबन्दीले मतदान गरे।

कारागारमा मृत्यु

यस वर्ष बारा जिल्ला सिमरा उपमहानगरपालिका-३ का ७२ वर्षीय सिताराम पौडेलको क्यान्सर रोग उपचारको क्रममा ०७९ जेठ ९ गते वीपी कोइराला मेमोरियल क्यानसर अस्पताल भरतपुरमा मृत्यु भयो।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत

आठ जना न्यायाधीशको दरबन्दी रहेको जिल्ला अदालत, चितवनमा सात जना न्यायाधीश कार्यरत रहेका छन्। जिल्ला अदालतमा यो वर्ष फौजदारी मुद्दातर्फ २ हजार १ सय मुद्दा दर्ता भए। त्यस्तै देवानीतर्फ २ हजार ५ सय मुद्दा दर्ता भए। देवानी र फौजदारी गरी कूल ४ हजार ६ सय ८२ थान मुद्दा रहेकोमा यो वर्ष ३ हजार १ सय ३२ थान

घटनाको प्रकार		राज्यपक्षबाट		अन्यपक्षबाट		
		पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
अपहरण					१	१
कुटपिट		१	१		१	१
अमानवीय व्यवहार					१	१
कारागारमा मृत्यु		१	१			
घाइते				१	३	४
हत्या				४	४	८
बाल अधिकार	बेचबिखन तथा ओसारपसार			१	१	२
	बलात्कार			४३		४३
	यौन दुर्व्यवहार			३३		३३
	जम्मा			७७	१	७८
महिला अधिकार	घरेलु हिंसा			९		९
	बहुविवाह			२८		२८
	बलात्कार			१४		१४
	बलात्कार प्रयास			९		९
	बेचबिखन तथा ओसारपसार			३		३
	जम्मा			६३		६३
कूल जम्मा		२	२	१४५	११	१५६

मुद्दा फैसला भए। जसमा फौजदारीतर्फ ९ सय ६७ थान र देवानीतपर्फ २ हजार १ सय ६५ थान मुद्दा फैसला भएका हुन्। यस अदालतमा दुई वर्ष नाघेका फौजदारी मुद्दा पाँच थान र देवानी मुद्दा सात थान गरी जम्मा १२ थान मुद्दा फर्स्योट हुन बाँकी छन्।

बाल अधिकार

शिक्षाको अधिकार

यस जिल्लामा २ सय ८ आधारभूत र २ सय २२ मावि छन्। २ हजार ५ सय २२ शिक्षक दरबन्दी रहेका छन्। यस वर्ष १२ हजार ३ सय १३ छात्रा र २३ हजार हजार ४ सय ९७ जना बालिक भर्ना भए। जिल्लामा अपाङ्गतामैत्री विद्यालय ११ ओटा मात्र छन्। द्वन्द्वपीडित परिवारका ५५ जना बालबालिकाले छात्रवृत्ति पाएका छन्। दलित, अपाङ्गलाई निःशुल्क शिक्षाको व्यवस्था गरिएको छ। पढ्ने उमेरका सबै बालबालिका विद्यालय भर्ना भएको शिक्षा तथा तथा समन्वय इकाइका प्रमुख भूमिलाल सुवेदीले बताए। सरकारले कक्षा १२ सम्मको शिक्षा निःशुल्क भने पनि सबै सामुदायिक विद्यालयहरूले सहयोगको नाममा कुनै न कुनै शुल्क लिएको पाइयो। सहिद परिवारका ३ जना र द्वन्द्वपीडित परिवारका ४३ जना बालबालिकाले छात्रवृत्ति पाए।

यस वर्ष चितवन जिल्लामा यौन दुर्व्यवहारका घटनामा ३३ र बलात्कारका घटनामा ४३ जना बालिका पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

बलात्कारका ३२ घटनाका आरोपितहरूलाई जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा पठायो भने चार घटनाका आरोपितलाई बाल सुधार गृहमा पठायो। एक घटनाका आरोपित अदालतले कैद तथा जरिबानाको फैसला सुनायो भने तीन घटनाका आरोपितलाई धरौटीमा रिहा गऱ्यो। दुई घटनाका आरोपित वर्षको अन्त्यसम्म गिरफ्तार भएनन्। दुई घटनाका आरोपितलाई अदालतले सफाइ दियो भने एक घटनाका आरोपित वर्षको अन्त्यसम्म प्रहरी अनुसन्धानमै रहे। यौन दुर्व्यवहारका नौ घटनाका आरोपितलाई अदालतले पुर्पक्षको लागि थुनामा पठायो भने सात घटनाका आरोपितलाई सफाइ दियो। सात घटनाका आरोपितलाई अदालतले धरौटीमा रिहा गऱ्यो भने पाँच घटनाका आरोपित वर्षको अन्त्यसम्म अनुसन्धानमै रहे। एक घटनाका आरोपितलाई अदालतले अभिभावकको जिम्मा लगायो भने दुई घटनाका आरोपितलाई बाल सुधार गृह पठायो। एक घटनाका आरोपित वर्षको अन्त्यसम्म गिरफ्तार भएनन्।

बलात्कार, यौन दुर्व्यवहार

१५ वर्षीया बालिकालाई ०७९ साउन १२ गते बलात्कार गरेको भन्दै भरतपुर महानगरपालिका-२९ का २९ वर्षीय गोरे तामाङ भन्ने ध्रुव तामाङविरुद्ध पीडित पक्षले साउन २६ गते जिल्ला प्रहरी कार्यालयमा दियो। आरोपित तामाङलाई प्रहरीले साउन २६ गते गिरफ्तार गऱ्यो। पीडित बालिकाको स्वास्थ्य परीक्षण साउन २६ गते भरतपुर अस्पतालमा भयो। प्रहरीले आरोपितविरुद्ध भदौ १७ गते जिल्ला अदालतमा मुद्दा

दर्ता गऱ्यो। तामाङ भदौ १८ गते पुर्पक्षका लागि थुनामा गएकोमा न्यायाधीश बासुदेव न्यौपानेको इजलासले कात्तिक २१ गते १० वर्ष कैद सजाय फैसला सुनायो।

महिलाविरुद्ध हुने सबै प्रकरका भेदभाव, दुर्व्यवहार

यो वर्ष घरेलु हिंसा पीडित भन्दै ५ सय ५३ वटा मुद्दा दर्ता भए। जसमा कुटपिट गरी घर निकाला गरिएका १ सय ९४, खान/लाउन नदिएको १ सय २९ र गाली वेइज्जती गरेको १ सय १६ वटा उजुरी रहेका छन्। ३ सय ३ वटा उजुरीमा मिलापत्र भएको छ।

यो वर्ष चितवन जिल्लामा घरेलु हिंसाका घटनामा नौ, बलात्कारका घटनामा १४, बलात्कार प्रयासका घटनामा नौ, बेचबिखन तथा ओसारपसारका घटनामा तीन, बलात्कार पछि हत्याका घटनामा एक र बहुविवाहका घटनामा २८ जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

अभिलेखित घटनामध्ये बलात्कारका नौ घटनाका आरोपितलाई जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा पठायो भने एक घटनाका आरोपितलाई कैद तथा जरिवानाको फैसला सुनायो। एक घटनाका आरोपितलाई अदालतले सफाइ दियो। दुई घटनाका आरोपितलाई अदालतले धरौटीमा रिहा गऱ्यो। एक घटनाका आरोपित वर्षको अन्त्यसम्म गिरफ्तार भएनन् भने एक घटनाका आरोपित वर्षको अन्त्यसम्म अनुसन्धानमै रहे। यौन दुर्व्यवहारको एक घटनाका आरोपितलाई अदालतले धरौटीमा रिहा गऱ्यो। बलात्कार प्रयासका दुई घटनाका आरोपितलाई अदालतले धरौटीमा रिहा गऱ्यो भने तीन घटनाका आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। एक घटनाका आरोपित वर्षको अन्त्यसम्म गिरफ्तार भएनन् भने एक घटनाका आरोपित वर्षको अन्त्यसम्म अनुसन्धानमै रहे। बलात्कारपछि हत्याका एक घटनाका आरोपितलाई अदालतले पुर्पक्षका लागि थुनामा पठायो। बहुविवाहका १५ घटनाका आरोपितलाई अदालतले धरौटीमा रिहा गऱ्यो। चार घटनाका आरोपित वर्षको अन्त्यसम्म प्रहरी अनुसन्धानमै रहे। दुई घटनाका आरोपितलाई अदालतले पुर्पक्षका लागि थुनामा पठायो भने एक घटनाका आरोपितलाई सफाइ दियो। एक घटनाका आरोपितलाई अदालतले साधारण तारिखमा रिहा गऱ्यो भने दुई घटनाका आरोपित वर्षको अन्त्यसम्म गिरफ्तार भएनन्। तीन घटनाका तीन आरोपितलाई अदालतले पुर्पक्षका लागि थुनामा पठायो भने तीन आरोपितलाई धरौटीमा रिहा गऱ्यो। बेचबिखन तथा ओसारपसारका तीन घटनाका आरोपितलाई अदालतले पुर्पक्षका लागि थुनामा पठायो।

पारिवारिक हत्या

खैरहनी नगरपालिका-१० कठार मुसहर बस्तीकी ३५ वर्षीया गीता माझीलाई ०७९ जेठ १२ गते पति ४० वर्षीय रामचन्द्र माझीले मादक पदार्थ सेवन गरी बलात्कार गर्नुका साथै कुटपिट गरी यौनाङ्गमा लाठीले घोची गम्भीर घाइते तुल्याएकोमा उपचारको क्रममा भरतपुर अस्पतालमा जेठ १६ गते मृत्यु भयो। पीडितकी छोरीले आरोपित बुवाविरुद्ध जेठ १७ गते जिल्ला प्रहरी कार्यालय चितवनमा उजुरी दिइन्। आरोपित जेठ १३ गते गिरफ्तार भए। आरोपित विरुद्ध प्रहरीले असार ७ गते जिल्ला अदालतमा मुद्दा दर्ता गऱ्यो। प्रहरीले आरोपित विरुद्ध अदालतमा मुद्दा पेस गरेकोमा न्यायाधीश हेमन्त रावलको २०७९ असार ७ गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठाउने आदेश गरेकोमा न्यायाधीश उद्धवप्रसाद भट्टराईको मङ्सिर २८ गतेको इजलासले आरोपितलाई आजीवन कारवासको सजाय सुनायो। फैसलामा पीडित पक्षलाई १ लाख क्षतिपूर्ति र २ हजार ८ सयमा पीडित राहत कोषमा जम्मा गर्नुपर्ने उल्लेख छ।

आर्थिक समाजिक तथा सांस्कृतिक अधिकार

माडी नगरपालिका-९ स्थित कुसुमखोला क्षेत्रमा बनेका गोठ तथा टहराहरूमा ०७८ चैत १३ गते दिउँसो चितवन राष्ट्रिय निकुञ्ज प्रशासनले आगजनी गऱ्यो। मकवानपुर र चितवनका पहाडी क्षेत्रबाट बसाइ सरी माडी नगरपालिका-९ कुसुमखोलामा आएका चेपाङ समुदायलाई माडी नगरपालिकाकै विभिन्न स्थानमा पुर्नस्थापना गर्दै सो क्षेत्रबाट हटाइए पनि पुन: बसोबास गर्ने प्रयोजनका लागि निर्माण गरेको करिब १३ ओटा गोठ तथा टहराहरूमा निकुञ्ज प्रशासनले आगजनी गरेको हो। निकुञ्जको माडी बगही सेक्टर प्रमुख, सहायक संरक्षण अधिकृत प्रमोद यादवले नयाँ बनेका गोठहरू हटाइएको तर, आगजनी भने नगरेको इन्सेक प्रतिनिधिलाई बताए।

स्वास्थ्य सेवाको अवस्था

जिल्लामा एक भरतपुर अस्पताल केन्द्रीय अस्पतालको रूपमा रहेको छ। यस अस्पतालमा ६ सय शैया रहेको छ। त्यस्तै वीपी कोइराला मेमोरियल क्यान्सर अस्पतालले राष्ट्रिय स्तरको सेवा दिइरहेको छ।

चार ओटा जिल्ला स्तरीय अस्पताल, ३६ स्वास्थ्य चौकी र चार ओटा प्राथमिक स्वास्थ्य केन्द्र छन्। सरकारी दरबन्दी भन्दा बाहेक अस्पताल विकास समितिबाट पनि डाक्टर र अन्य स्वास्थ्यकर्मीहरू कार्यरत छन्। भरतपुर अस्पतलामा दैनिक १ हजार ५ सयले औसतमा ओपीडी सेवा लिने गरेका छन्। सेवाग्राहीको चाप बढेपछि हाल अस्पतालमा अनलाइन टिकट प्रणाली सुरु गरिएको छ। साथै ओपीडी टिक नि:शुल्क गरिएको छ। सरकारी स्वामित्वको प्रदेश स्तरको रत्ननगर अस्पताल छ। त्यस्तै जुटपानी अस्पताल, भण्डारा र बघौडा अस्पताल सञ्चालनमा छन्। चितवनमा गत वर्ष २ लाख १ हजार जनाले स्वास्थ्य बीमा सेवा लिएका छन्। सरकारी अस्पतालहरूमा विपन्न परिवार र सीमान्तकृत समुदायका लागि नि:शुल्क उपचारको व्यवस्था रहेको छ। त्यस्तै अपाङ्ग, दलित, पिछडिएका समुदायलाई पनि नि:शुल्क वा सहुलियतमा उपचारको व्यवस्था रहेको भरतपुर अस्पतालका मेडिकल सुपरिटेन्डेण्ट प्रा.डा. कृष्णप्रसाद पौडेलले बताए।

प्रतिनिधि सभा तथा प्रदेश सभा निर्वाचन २०७९

यस वर्ष सम्पन्न भएको प्रतिनिधि सभा निर्वाचनमा चितवन जिल्लामा ४ लाख ८ हजार ३ सय ४२ मतदातामध्ये २ लाख ७३ हजार ४ सय ९० (६६.९७ प्रतिशत) ले मतदान गरे। यसैगरी प्रदेश सभा तर्फ २ लाख ७३ हजार १ सय ९३ (६६.९० प्रतिशत) ले मतदान गरे।

सन् २०२२ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

बाल अधिकार				
घटनाको प्रकार	अनुसन्धान	मुद्दा टुङ्गिएका	कानुनी दायरामा ल्याइएका	जम्मा
बलात्कार	३	१	४०	४३
बेचबिखन तथा ओसारपसार			३	३
यौन दुर्व्यवहार	४		३९	३३
जम्मा	६	१	६१	६८

महिला अधिकार			
घटनाको प्रकार	अनुसन्धान	कानुनी दायरामा ल्याइएका	जम्मा
घरेलु हिंसा	३	६	९
बेचबिखन तथा ओसारपसार		३	३
बहुविवाह	३	३५	३८
बलात्कार	१	१३	१४
बलात्कार प्रयास	३	६	९
जम्मा	८	५५	६३

मारिएकाको घटना सङ्ख्या			
घटनाको प्रकार	मुद्दा टुङ्गिएका	कानुनी दायरामा ल्याइएका	जम्मा
हत्या	१	७	८



गण्डकी प्रदेश

- क्षेत्रफल : २१,८२८ वर्ग कि.मि.
- जनसङ्ख्या : २४,७५,७४५
- साक्षरता प्रतिशत : ७३.३३
- जिल्ला : ११
- निर्वाचन क्षेत्र (प्रतिनिधिसभा) : १८
- निर्वाचन क्षेत्र (प्रदेशसभा) : ३६
- महानगरपालिका : १
- नगरपालिका : २६
- गाउँपालिका : ५८
- कूल वडा सङ्ख्या : ७५५



गण्डकी प्रदेश परिचय ४

'समृद्ध प्रदेश र सुखी नागरिक' मूल नारासहित दिगो विकास लक्ष्यको स्थानीयकरणलाई प्राथमिकतामा राखेको यस प्रदेशले आफ्नो पहिलो कार्यकालमा ५९ ओटा कानुन निर्माण गऱ्यो। प्रदेश सरकारले 'कसैलाई पनि पछि नछोडौँ' भन्ने अवधारणामा आधारित भई महिला, बालबालिका, पिछडिएको वर्ग तथा समुदाय, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यकको सवालसँग सम्बन्धित विषय, नीति तथा रणनीति विशेष ध्यान दिएको देखिन्छ।

यो वर्ष गण्डकी प्रदेशका ८५ स्थानीय तहमध्ये १३ स्थानीय तहमा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटना अभिलेख भएनन्। पोखरा महानगरपालिकामा सबैभन्दा बढी ६२ जना पीडित भएका घटना इन्सेकले अभिलेख गऱ्यो। ६१ स्थानीय तहमा एकदेखि १० जना पीडितको अभिलेख भयो। सात स्थानीय तहमा ११ देखि २० जना पीडितको अभिलेख भयो। दुई स्थानीय तहमा २१ देखि २९ जना पीडितको अभिलेख भयो। ३० जनाभन्दा बढी पीडित भएका दुई स्थानीय तह रहे। गण्डकी प्रदेशमा राज्यपक्षबाट भएका मानव अधिकार उल्लङ्घनका घटनामा ४० जना र अन्यपक्षबाट भएका मानव अधिकार ज्यादतीका घटनामा ५ सय १ जना पीडित भए। महिला अधिकार उल्लङ्घनका घटनामा ३ सय ३७ जना महिला र बाल अधिकार उल्लङ्घनका घटनामा १ सय १७ जना पीडित भए।

निर्वाचन २०७९

स्थानीय तह निर्वाचनमा १७ लाख ८९ हजार ४ सय ११ मतदातामध्ये ९ लाख २४ हजार ९ सय ४८ जना महिला मतदाता थिए। गण्डकी प्रदेशका ८५ स्थानीय तहमध्ये तीन गाउँपालिकाका अध्यक्ष, २१ नगरपालिकाका उपप्रमुख, ४१ गाउँपालिकाका उपप्रमुख र १४ ओटा वडाका वडाध्यक्ष पदमा महिला निर्वाचित भए।

यो वर्ष गण्डकी प्रदेशमा १८ लाख १७ हजार ५ सय ४१ मतदातामध्ये ११ जना यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक र ९ लाख ३५ हजार २ सय १ जना महिला मतदाता थिए। प्रदेश सभातर्फ ५७.५९ र प्रतिनिधि सभातर्फ ५७.८७ प्रतिशतले मतदान गरे। जसमध्ये प्रत्यक्ष निर्वाचनबाट दुई जना महिला प्रदेश सभामा र एक जना महिला प्रतिनिधि सभामा निर्वाचित भए।

सन् २०२२ मा सम्पन्न निर्वाचनसँग सम्बन्धित मानव अधिकार उल्लङ्घन र ज्यादतीका नौ घटनामा यस प्रदेशभित्र २८ जना पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। राज्यपक्षबाट भएका दुई प्रकारका घटनामा २० जना र अन्यपक्षबाट भएका दुई प्रकारका घटनामा आठ जना पीडित भए।



४.१ गोरखा



जम्मा जनसङ्ख्या	२,५२,२०१
महिला	१,३२,३५०
प्रतिनिधिसभा निर्वाचन क्षेत्र	२
प्रदेशसभा निर्वाचन क्षेत्र	४
गरिबीको रेखामुनि रहेको सङ्ख्या	५४,८७५
कामका लागि बाहिरिएका	२८,१०४
अपाङ्गता भएका	१२,५३७
५ वर्षमाथिको साक्षरता प्रतिशत	६६.०३
आश्रित जनसङ्ख्या	१,१५,३३४

यस वर्ष गोरखा जिल्लामा ज्यादतीका घटनामा अन्यपक्षबाट २३ जना महिला र नौ जना पुरुष पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा १४ जना बालिका तथा महिला अधिकार उल्लङ्घनका घटनामा नौ जना महिला पीडित भए।

कारागार र बन्दी

५५ जनाको क्षमता रहेको जिल्ला कारागारमा आठ महिला र ९३ पुरुष कैदीबन्दी रहेका छन्। कैदी/बन्दीहरूको नियमित स्वास्थ्य परीक्षणका लागि एक अहेवको दरबन्दी रहेकोमा गत असारबाट रिक्त रहेको छ।

प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनमा कागाराका पाँच जना कैदीबदीले मतदान गरे।

घटनाको प्रकार		अन्यपक्षबाट		
		महिला	पुरुष	जम्मा
कुटपिट			९	९
बाल अधिकार	बलात्कार	१३		१३
	यौन दुर्व्यवहार	१		१
	जम्मा	१४		१४
महिला अधिकार	बहुविवाह	३		३
	बलात्कार	५		५
	बलात्कार प्रयास	१		१
	यौन दुर्व्यवहार	१		१
	जम्मा	९		९
कूल जम्मा		३३	९	३३

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत

एक जना न्यायाधीश दरबन्दी रहेको जिल्ला अदालतमा गोरखामा एक जना न्यायाधीश कार्यरत छन्। यो वर्ष फौजदारी मुद्दातर्फ १ सय ३६ थान मध्ये ३६ थान मुद्दा फैसला भए। देवानी मुद्दातर्फ ४ सय ३१ थानमध्ये २ सय ४ थान मुद्दा फैसला भए। यस अदालतमा दुई वर्ष नाघेका फौजदारी मुद्दा छैनन्। देवानी मुद्दा पनि दुई वर्ष नाघेका छैनन्। मुद्दा फैसला प्रक्रिया नियमित रहेको जिल्ला अदालतका स्रेस्तेदार

गोकर्णराज पन्तले बताए। 'ढिला भएको छैन, म्याद तामेल र आदेशका काम भइरहेका छन्, दिनमा ८/१० वटा मुद्दा हेर्न काम भएको छ,' पन्तले बताए।

बाल अधिकार

शिक्षाको अवस्था

यस जिल्लामा ३ सय २९ वटा आधारभुत र १ सय ३५ माध्यमिक विद्यालय छन्। प्राथमिक तहमा १ हजार ५ सय ५५ दरबन्दी र २ सय १४ राहत अनुदान गरी जम्मा १ हजार ७ सय ६१ वटा दरबन्दी रहेकोमा १४ दरबन्दी मिलान हुन बाँकी छ। निमावि तहमा २ सय ७६ दरबन्दी र १ सय २८ राहत गरी ४ सय ४ तथा माध्यमिक तहमा २ सय ३८ दरबन्दी र ९९ राहत गरी ३ सय २९ दरबन्दी रहेको छ। जिल्लामा ६१ हजार १ सय १५ बालबालिकाहरू अध्ययनरत छन्। जसमध्ये जनजाति ५६.८९ प्रतिशत, दलित २१.७४ प्रतिशत र अन्य समुदायका बालबालिकाहरू २१.३५ प्रतिशत रहेको जिल्ला शिक्षा तथा समन्वय अधिकारी सुवास आचार्यले बताए। द्वन्द्वपीडित परिवारका १५ जना बालबालिकाले छात्रवृत्ति पाएका छन्। वैदेशिक रोजगारमा गएर मृत्यु भएका परिवारका १४ जना बालबालिका मध्ये आधारभूत तहका १९ जना र माध्यमिक तहका दुई जनाले छात्रवृत्ति पाए। सहिद र द्वन्द्वपीडित परिवारका माध्यमिक तह (९-१२)मा चार जना, निम्न माध्यमिक तह(६-८) का ६ जना र प्राथमिक(१-५) का पाँच जना बालबालिकाहरुले छात्रवृत्ति पाए। जिल्लामा भूकम्पपछि पुनर्निर्माण भएका विद्यालय भवनहरू अपाङ्गमैत्री बनेका छन्।

यस वर्ष गोरखा जिल्लामा यौन दुर्व्यवहारका घटनामा एक र बलात्कारका घटनामा १३ जना बालिका पीडित भएको इन्सेकले अभिलेख गर्‍यो।

अभिलेखित घटनामध्ये बलात्कारका ११ घटनाका आरोपितहरूलाई जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा पठायो भने एक घटनाका आरोपितलाई बाल सुधार गृहमा पठायो। एक घटनाका आरोपित वर्षको अन्त्यसम्म गिरफ्तार भएनन्। यौन दुर्व्यवहारका एक घटनाका आरोपितलाई अदालतले कैद तथा जरिवानाको फैसला सुनायो।

बलात्कार, यौन दुर्व्यवहार

९ वर्षीया बालिकालाई ०७९ वैशाख २१ गते यौन दुर्व्यवहार गरेको आरोपमा पालुङटार नगरपालिका-१ खुर्पाजुङका ६४ वर्षीय रामजी सार्कीविरुद्ध पीडित पक्षले वैशाख २१ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। प्रहरीले आरोपितलाई वैशाख २१ गते गिरफ्तार गर्‍यो। बालिकाको स्वास्थ्य परीक्षण वैशाख २१ गते जिल्ला अस्पतालमा भयो। प्रहरीले आरोपितविरुद्ध जिल्ला सरकारी वकिल कार्यालय मार्फत वैशाख २२ गते बाल यौन दुरुपयोग शीर्षकमा जिल्ला अदालतमा मुद्दा दर्ता गर्‍यो। जिल्ला अदालतको जेठ ९ गतेको आदेशले आरोपितलाई ६० हजार रुपियाँ धरौटी तारिखमा रिहा गर्ने आदेश दियो। जिल्ला अदालतका न्यायाधीश तेजेन्द्र शर्माको भदौ २० गतेको इजलासले आरोपितलाई कसुरदार ठहर गर्दै ६ महिनाको कैद सजायको फैसला सुनायो।

महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यो वर्ष घरेलु हिंसा पीडित भन्दै ६० जना महिलाले जिल्ला प्रहरी कार्यालयको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमा बहुविवाहका एक, कुटपिट गरेको २०, खानलाउन नदिएको २०, विवाह दर्ता र नागरिकता नबनाइदिएको दुई र सामान्य घरयासी झगडाका १८ वडा उजुरी छन्। यीमध्ये प्रहरीले २८ ओटामा मेलमिलाप गरायो भने १५ ओटा उजुरी कारबाही प्रक्रियामा रहेको जिल्ला प्रहरी कार्यालय गोरखाका डिएसपी लिलाराज लामिछानेले बताए।

यो वर्ष गोरखा जिल्लामा बलात्कारका घटनामा पाँच, यौन दुर्व्यवहारका घटनामा एक, बलात्कार प्रयासका घटनामा एक र बहुविवाहका घटनामा दुई जना महिला पीडित भएको इन्सेकले अभिलेख गर्‍यो।

अभिलेखित घटनामध्ये बलात्कारका तीन घटनाका आरोपितलाई जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा पठायो भने दुई घटनाका आरोपितलाई कैद तथा जरिबानाको फैसला सुनायो। दुई घटनाका आरोपितलाई अदालतले सफाइ दियो। यौन दुर्व्यवहारको एक घटनाका आरोपितलाई अदालतले पुर्पक्षका लागि थुनामा पठायो। बलात्कार प्रयासका एक घटनाका आरोपितलाई अदालतले धरौटीमा रिहा गर्‍यो भने एक घटनाका आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। बहुविवाहका दुई घटनाका आरोपित वर्षको अन्त्यसम्मा प्रहरी अनुसन्धानमै रहे।

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

२० वर्षीय राम्रोसँग बोल्न नसक्ने र अपाङ्गता

भएकी महिलालाई ०७८ पुस २३ गते बलात्कार गरेको आरोपमा सिरानचोक गाउँपालिका-१ कोजेका २४ वर्षीय निशान तामाङविरुद्ध पीडित पक्षले पुस २५ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण पुस २५ गते गोरखा अस्पतालमा भयो। आरोपितलाई प्रहरीले पुस २५ गते कोजेबाट गिरफ्तार गऱ्यो। प्रहरीले आरोपितविरुद्ध जिल्ला सरकारी वकिल कार्यालयमार्फत् पुस २५ गते जिल्ला अदालतमा जबरजस्तीकरणी शीर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको माघ १६ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। जिल्ला अदालतका न्यायाधीश तेजेन्द्र शर्माको कात्तिक २२ गतेको इजलासले आरोपितलाई कसुरदार ठहर गर्दै सात वर्ष तथा अपाङ्गता भएकी महिलालाई बलात्कार गरेको अभियोगमा थप एक वर्ष गरी आठ वर्ष कैद सजाय र ७ लाख रुपियाँ जरिबानाको फैसला सुनायो।

स्वास्थ्य सेवाको अवस्था

जिल्लामा दुई सरकारी अस्पताल, ६७ स्वास्थ्य चौकी, तीन प्राथामिक स्वास्थ्य केन्द्र, १६ आधारभूत स्वास्थ्य इकाई, सात शहरी स्वास्थ्य केन्द्र, ५० सामुदायिक स्वास्थ्य इकाई, १८ शीघ्र कुपोषणको एकीकृत व्यवस्थापन केन्द्र, १ सय ८६ गाउँघर क्लिनिक र २ सय ४३ खोप क्लिनिक रहेका छन्। सदरमुकाम स्थित सरकारी अस्पतालमा नौ जना विशेषज्ञको दरबन्दी रहेकोमा दरबन्दी अनुसार एक जना स्त्री रोग विशेषज्ञ मात्र कार्यरत छन्। अस्पतालमा हाल करार र अन्य सेवाका गरेर ११ जना कार्यरत छन्। आठ जना मेडिकल अधिकृतको दरबन्दी रहेकोमा स्थायी दरबन्दी अनुसार एक जना पनि कार्यरत छैनन्। तर, करार र अन्य सेवाको गरेर चार जना कार्यरत छन्।

जिल्लाभर १८ डाक्टरको दरबन्दी मध्ये १० कार्यरत र आठ रिक्त छ। जिल्लामा ८३ हजार ३३ जनाले बीमा गराएर सेवा लिइरहेका छन्। ज्येष्ठ नागरिकका लागि निःशुल्क बीमा कार्यक्रममा १४ हजार ८ सय ८९ जनाको बीमा गरिएको छ। २०७७ मङ्सिर १५ गते शिलान्यास भएका सात अस्पतालमध्ये कुनैको पनि निर्माण कार्य पूरा भएको छैन।

चिकित्सकमाथि कुटपिट

गोरखा अस्पतालमा कार्यरत चिकित्सक ३० वर्षीय अविनाश पराजुलीलाई ०७९ कात्तिक ६ गते कुटपिट गरेको आरोपमा गोरखा नगरपालिका-९ का २८ वर्षीय समिर कुँवर, सोही ठाउँका १९ वर्षीय अनुप बस्नेत र गोरखा नगरपालिका-३ का २६ वर्षीय प्रमोदजङ्ग कुँवरलाई प्रहरीले कात्तिक १२ गते गिरफ्तार गऱ्यो। प्रहरीले आरोपितविरुद्ध कात्तिक १३ गते अभद्र व्यवहार अन्तर्गत जिल्ला प्रशासन कार्यालयमा मुद्दा दर्ता गऱ्यो। ड्युटीमा रहेका पराजुलीलाई थाइराइड परीक्षण गराउन आएकी एक महिलाको रिपोर्टका विषयलाई लिएर कुटपिट भएको थियो। प्रमुख जिल्ला अधिकारी शङ्करहरि आचार्यको इजलासले कात्तिक १७ गते आरोपितहरूलाई जनही १ लाख ५० हजार रुपियाँ धरौटी तारिखमा रिहा गर्ने आदेश दियो। यो वर्षको अन्त्यसम्म मुद्दा फैसला नभएको जिल्ला प्रहरी कार्यालयका एसपी केदार खनालले बताए।

प्रतिनिधिसभा तथा प्रदेशसभा निर्वाचन २०७९

यस वर्ष सम्पन्न भएको प्रतिनिधिसभा निर्वाचनमा गोरखा जिल्लामा २ लाख २० हजार ६ सय ३७ मतदाता मध्ये १ लाख १४ हजार ३ सय २६ (५१.८१ प्रतिशत) ले मतदान गरे। यसैगरी प्रदेशसभा तर्फ १ लाख १३ हजार ९ सय ८१ (५१.६५ प्रतिशत) ले मतदान गरे।

सन् २०२२ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

बाल अधिकार				
घटनाको प्रकार	अनुसन्धान	मुद्दा टुङ्गिएका	कानुनी दायरामा ल्याइएका	जम्मा
बलात्कार	१		१२	१३
यौन दुर्व्यवहार		१		१
जम्मा	१	१	१२	१४

महिला अधिकार				
घटनाको प्रकार	अनुसन्धान	मुद्दा टुङ्गिएका	कानुनी दायरामा ल्याइएका	जम्मा
बहुविवाह	१		१	२
बलात्कार		२	३	५
बलात्कार प्रयास			१	१
यौन दुर्व्यवहार			१	१
जम्मा	१	२	६	९

४.२ मनाङ



जम्मा जनसङ्ख्या	५,६४५
महिला	२,४५७
प्रतिनिधिसभा निर्वाचन क्षेत्र	१
प्रदेशसभा निर्वाचन क्षेत्र	२
गरिबीको रेखामुनि रहेको सङ्ख्या	२,१५०
कामका लागि बाहिरिएका	२७५
अपाङ्गता भएका	२०४
५ वर्षमाथिको साक्षरता प्रतिशत	७४.८
आश्रित जनसङ्ख्या	१,७४७

कारागार र बन्दी

३५ जना कैदीबन्दीको क्षमताको जिल्ला कारागार, मनाङमा कैदी र थुनुवा गरी जम्मा दुई जना पुरुष रहेका छन्। हिमाली जिल्ला भएका कारण जाडोको समयमा चिसोले कैदीहरूलाई बस्नको लागि अलि कष्ट भएको जेलर ध्रुवबहादुर तिरुवाले बताए। प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचनमा कारागारमा रहेका एक जना कैदीले मतदान गरे।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

एक जना न्यायाधीश रहेको जिल्ला अदालतबाट यो वर्ष फौजदारी मुद्दातर्फ कुनै मुद्दा फैसला भएन। देवानी मुद्दातर्फ दुईमध्ये दुई थान नै मुद्दा फैसला भए। दुवै सम्बन्धविच्छेदको रहेको जिल्ला न्यायाधीश उत्तम सिलुवालले बताए। यस अदालतमा कुनै पनि फौजदारी मुद्दा फैसला हुन बाँकी रहेका छैनन्। सन् २०२१ को जिम्मेवारी सरेर आएको एक थान मुद्दा फैसला भएको र कुनै पनि मुद्दा फैसला हुन बाँकी छैन।

बाल अधिकार

शिक्षाको अवस्था

यस जिल्लामा २३ आधारभूत र तीन माध्यमिक विद्यालय छन्। २ सय जना शिक्षकको दरबन्दी रहेकोमा सबै कार्यरत छन्। भौगोलिक विकटताका कारण विगतका वर्षहरू झैं यो वर्ष पनि शिक्षकहरू कक्षामा नियमित रूपमा उपस्थित नहुने समस्या यथावत भएको शिक्षा समन्वय एकाइका प्रमुख मतिलाल चपाइले बताए। कहिले हप्तामा दुई दिन त कहिले तीन दिन विद्यालयमा उपस्थित हुने भएकोले पढाइमा अनियमितता रहेको प्रमुख चपाईले बताए। यो वर्ष ६ सय ७३ जना बालबालिकाहरू विद्यालय भर्ना भए। जसमध्ये ३ सय २७ छात्र र ३ सय ४६ छात्रा रहेको प्रमुख चपाईले बताए। जिल्लामा २३ जना छात्र र ३५ जना छात्राले दलित छात्रवृत्ति पाए।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यो वर्ष जिल्ला प्रहरी कार्यलय मनाङमा घरेलु हिंसा विरुद्ध कुनै पनि उजुरी नपरेको र झैझगडा सम्बन्धी दुई उजुरी दर्ता भएको निमित्त प्रहरी प्रमुख इन्स्पेक्टर रामकृष्ण श्रेष्ठले बताए।

स्वास्थ्य सेवाको अवस्था

जिल्लामा एक सरकारी अस्पतालमा तीन डाक्टर दरबन्दी रहेकोमा दुई जना कार्यरत छन। जिल्ला सदरमुकाम चामेमा बाहेक १० ओटा आधारभूत स्वास्थ्य एकाइ स्थापना गरिएको छ। जिल्लामा १३ ओटा स्वास्थ्य चौकी रहेका छन्। जिल्लामा रहेका स्वास्थ्य संस्थामा कूल ७५ जना स्वास्थ्यकर्मीको दरबन्दी रहेकोमा ६० जना कार्यरत रहेको जिल्ला स्वास्थ्य प्रमुख बाबुराम आचार्यले बताए। भौगोलिक विकटताको कारण कर्मचारीहरू सम्बन्धित ठाउँमा नजाने र काजमा बस्ने गरेको प्रमुख आचार्यले बताए। मनाङमा स्वास्थ्य बीमा कार्यक्रम हालसम्म प्रयोगमा आएको छैन।

प्रतिनिधिसभा तथा प्रदेशसभा निर्वाचन २०७९

यस वर्ष सम्पन्न भएको प्रतिनिधिसभा निर्वाचनमा मनाङ जिल्लामा ६ हजार ७ सय ७९ मतदाता मध्ये ४ हजार ८ सय ४६ (७१.४८ प्रतिशत) ले मतदान गरे। यसैगरी प्रदेशसभा तर्फ २ हजार २ सय ९ (३२.५८ प्रतिशत) ले मतदान गरे।

४.३ मुस्ताङ



जम्मा जनसङ्ख्या	१४,५५६
महिला	६,४२२
प्रतिनिधिसभा निर्वाचन क्षेत्र	१
प्रदेशसभा निर्वाचन क्षेत्र	२
गरिबीको रेखामुनि रहेको सङ्ख्या	४,६३२
कामका लागि बाहिरिएका	१,४२५
अपाङ्गता भएका	२०४
५ वर्षमाथिको साक्षरता प्रतिशत	६६.२
आश्रित जनसङ्ख्या	४,३४२

घटनाको प्रकार		अन्यपक्षबाट	
		महिला	जम्मा
बाल अधिकार	बलात्कार	४	४
	जम्मा	४	४
महिला अधिकार	घरेलु हिंसा	४	४
	जम्मा	४	४
कूल जम्मा		८	८

यस वर्ष मुस्ताङ जिल्लामा ज्यादतीका घटनामा अन्यपक्षबाट आठ जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा चार जना बालिका तथा महिला अधिकार उल्लङ्घनका घटनामा चार जना महिला पीडित भए।

यस जिल्लाका जनता स्वास्थ्य, शिक्षा, रोजगार जस्ता मौलिक अधिकारको उपभोग गर्ने सुविधाबाट भने बञ्चित रहेका छन्। अहिले पनि जिल्लामा मुखियाप्रथा यथावत् नै रहेकोले कतिपय सवालहरू गाउँमै छिनोफानो हुने गरेको पाइन्छ। यस जिल्लामा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीसम्बन्धी घटना सहजै न्यायिक निकायसम्म आइपुग्दैनन्। यातायातको भरपर्दो व्यवस्था नहुँदा जिल्लामा उपचार सम्भव नभई अन्यत्र रेफर गर्नुपर्ने बिरामीलाई पठाउन असहज हुने गरेको प्रमुख जिल्ला अधिकारी नेत्रप्रसाद शर्माले बताए।

कारागार र बन्दी

२५ जनाको क्षमता रहेको जिल्ला कारागार, मुस्ताङमा सात जना कैदी र पाँच जना बन्दी छन्। कारागारमा पर्खालको व्यवस्था नहुँदा कैदी/बन्दीले कोठामै बस्नुपर्ने बाध्यता छ भने सुरक्षाको दृष्टिकोणले समेत कारागारको संरचना अनुपयुक्त छ। कैदी बन्दीहरू कोठाबाट शौचालय जाने बाहेक बाहिर निस्कन मिल्ने सम्भावना नरहेको निमित्त जेलर भगवानलाल साहले बताए। प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनमा कारागारमा रहेका १२ जना कैदीबन्दीले मतदान गरे।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत

एकजना न्यायाधीशको दरबन्दी रहेको जिल्ला अदालत मुस्ताङमा जिम्मेवारी सरेका सहित २३ थान

मुद्दा रहेका छन्। आठ थान फैसला भए भने १५ थान बाँकी रहेको छ। फौजदारीका चार थान मुद्दा दर्ता भएकामा दुई थान मुद्दा फैसला हुन बाँकी रहे। जिल्लामा दुई वर्ष नाघेका पुराना मुद्दा छैनन्। जिल्ला अदालतमा यस वर्ष दर्ता भएका मुद्दामा अभद्र व्यवहारका बढी रहेको जिल्ला अदालत मुस्ताङका कम्प्युटर अपरेटर अमृत सुवेदीले बताए। मुस्ताङ जिल्लामा स्थानीय कानुन व्यवसायीहरू छैनन्। कानुन व्यवसायी आवश्यक परेको खण्डमा अन्यत्र जिल्लाबाट पुग्ने गर्दछन्।

बाल अधिकार

शिक्षाको अवस्था

यस जिल्लामा सामुदायिक ५३, कम्पनी विद्यालय चार र गुम्बा विद्यालय आठ गरी ६५ विद्यालय छन्। जिल्लामा चालु शैक्षिक सत्रका लागि १-५ सम्म छात्रा ७ सय ५८, छात्र ९ सय २२ गरी १ हजार ६ सय ८० जना, ६-८ सम्म छात्रा ३ सय ४४, छात्र ४ सय ५२ गरी ७ सय ९६ जना, ९-१० सम्म २ सय ४८ छात्र, १ सय ७८ छात्रा गरी जम्मा ४ सय २६ जना र ११-१२ छात्रा १ सय १२ छात्र १ सय ३ गरी कुल २ सय १५ जना गरी १ सय ७ सय १ छात्रा र २ सय १ सय ७४ छात्रा गरी ३ हजार ८ सय ७५ विद्यार्थी अध्ययनरत रहेको शिक्षा विकास तथा समन्वय एकाइ मुस्ताङका सूचना अधिकारी चन्द्र सिं बिकले बताए। शिक्षक दरबन्दी आधारभूतमा २ सय २८, माध्यमिक विद्यालयमा (कक्षा ८ देखि १०) ५२, कक्षा ११-१२ मा ४२ दरबन्दी रहेकोमा सबै कार्यरत छन्। हिमाली जिल्लाहरुमा नेपाल सरकारले फागुन १ गतेबाट शैक्षिक सत्र सुरु हुने र मङ्सिरमा परीक्षा हुने व्यवस्था गरेको शिक्षा विकास तथा समन्वय इकाई मुस्ताङले जनायो।

यस वर्ष मुस्ताङ जिल्लामा बलात्कारका घटनामा चार जना बालिका पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

अभिलेखित घटनामध्ये बलात्कारका तीन घटनाका आरोपितहरूलाई जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा पठायो भने एक घटनाका आरोपितलाई साधारण तारिखमा रिहा गऱ्यो।

महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यो वर्ष मुस्ताङ जिल्लामा घरेलु हिंसाका चार घटनामा महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। चार ओटै घटनामा मेलमिलाप भयो।

स्वास्थ्य सेवाको अवस्था

जिल्लामा एक जिल्ला अस्पताल, एक प्राथमिक स्वास्थ्य केन्द्र र १५ स्वास्थ चौकी छन्। १८ जना स्वास्थ्य कर्मचारीको दरबन्दी रहेकोमा आठ जना कार्यरत रहेका छन् भने दुई डाक्टरको दरबन्दी रहेकामा एक जना कार्यरत् छन्। विशेषज्ञ डाक्टर अभाव छ। जिल्ला अस्पतालमा तीन अहेवको दरबन्दी रहेकामा रिक्त छ। अनमीको दुई दरबन्दी रहेकामा रिक्त छ भने स्टाफ नर्स दुई जनाको दरबन्दी रहेकामा कार्यरत रहेका छन्। अस्पतालमा मौसमी ज्वरो, रुघा/खोकी, उच्च उचाइमा लेक लाग्ने जस्ता समस्या लिएर बिरामी आउने गरेका छन्। गम्भीर प्रकारका बिरामीलाई थप उपचारका लागि पोखरा तथा काठमाडौँमा पठाइने गरिएको छ।

बाह्रगुङ मुक्तिक्षेत्र र थासाङ गाउँपालिकामा ५ बेडको अस्पताल शिलन्यास गरिएको छ। सुरक्षित गर्भपतन सेवा दक्ष जनशक्ति अभावमा रोकिएको छ।

प्रतिनिधिसभा तथा प्रदेशसभा निर्वाचन २०७९


यस वर्ष सम्पन्न भएको प्रतिनिधिसभा निर्वाचनमा मुस्ताङ जिल्लामा १० हजार ९ सय ५७ मतदाता मध्ये ७ हजार २ सय ५८ (६६.२४ प्रतिशत) ले मतदान गरे। यसैगरी प्रदेशसभा तर्फ ७ हजार २ सय ५६ (६६.२२ प्रतिशत) ले मतदान गरे।

सन् २०२२ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

बाल अधिकार		
घटनाको प्रकार	कानुनी दायरामा ल्याइएका	जम्मा
बलात्कार	४	४

महिला अधिकार		
घटनाको प्रकार	मेलमिलाप	जम्मा
घरेलु हिंसा	४	४

४.४ म्याग्दी



जम्मा जनसङ्ख्या	१,०७,३७२
महिला	५४,८१८
प्रतिनिधिसभा निर्वाचन क्षेत्र	१
प्रदेशसभा निर्वाचन क्षेत्र	२
गरिबीको रेखामुनि रहेको सङ्ख्या	३१,३२३
कामका लागि बाहिरिएका	१४,३१४
अपाङ्गता भएका	६,१२२
५ वर्षमाथिको साक्षरता प्रतिशत	७१.५
आश्रित जनसङ्ख्या	५२,१५७

यस वर्ष म्याग्दी जिल्लामा ज्यादतीका घटनामा अन्यपक्षबाट ३१ जना महिला र दुई जना पुरुष पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा एक बालक र दुई जना बालिका तथा महिला अधिकार उल्लङ्घनका घटनामा २९ जना महिला पीडित भए।

कारागार र बन्दी

३२ जनाको क्षमता भएको म्याग्दी कारागारमा दुई जना महिला र ७५ जना पुरुष गरी ७७ जना कैदीबन्दी छन्। कैदीबन्दीहरूको नियमित स्वास्थ्य परीक्षणका लागि एक जना अहेबको दरबन्दी रहेकोमा रिक्त छ। कारागारमा दुई जना पुरुष ज्येष्ठ नागरिक रहेको जिल्ला कारागार प्रमुख धिरेन्द्रराज पन्तले बताए। प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनमा कारागारका २६ जना कैदीबन्दीले मतदान गरे।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

एक जना न्यायाधीश दरबन्दी रहेको जिल्ला अदालतमा यो वर्ष फौजदारी मुद्दातर्फ ९५ थानमध्ये २० थान मुद्दा फैसला भए। देवानी मुद्दातर्फ २ सय ४३ थानमध्ये १ सय ५३ थान मुद्दा फैसला भए। यस अदालतमा दुई वर्ष नाघेका फौजदारी मुद्दा चार थान छन्।

घटनाको प्रकार		अन्यपक्षबाट		
		महिला	पुरुष	जम्मा
कुटपिट			१	१
बाल अधिकार	विद्यालयमा शारीरिक सजाय		१	१
	बलात्कार	२		२
	जम्मा	२	१	३
महिला अधिकार	घरेलु हिंसा	२८		२८
	बलात्कार	१		१
	जम्मा	२९		२९
कूल जम्मा		३१	२	३३

बाल अधिकार

शिक्षाको अवस्था

यस जिल्लामा १ सय ८४ आधारभुत र १४ माध्यमिक विद्यालय छन्। १ हजार २ सय ८० शिक्षक दरबन्दी रहेकामा सबै कार्यरत छन्। यस वर्ष कक्षा १ देखि १२ सम्म १४ हजार ९ सय ९ बालक र १३ हजार ८ सय ७३ जना बालिका विद्यालय भर्ना भएकोमा ४ हजार २७ दलित बालक र ४ हजार ७ दलित बालिका रहेका छन्। द्वन्द्वपीडित परिवारका दुई बालबालिकाले २८ हजार रुपियाँ छात्रवृत्ति पाए।

यस वर्ष म्याग्दी जिल्लामा बलात्कारका घटनामा दुई बालिका र विद्यालयमा दिइएको शारीरिक दण्ड सजायका घटनामा एक जना बालक पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

अभिलेखित घटनामध्ये बलात्कारका एक घटनाका आरोपितहरूलाई जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा पठायो भने एक घटनाका आरोपितलाई बाल सुधार गृहमा पठायो।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यो वर्ष घरेलु हिंसा पीडित भन्दै २३ जना महिलाले जिल्ला प्रहरी कार्यालयको महिला बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमा कुटपिट गरी घरनिकाला गरिएका १२, खानलाउन नदिएका चार, दाइजो नल्याएको भनी हेलाँ गरेको सात उजुरी छन्। यीमध्ये प्रहरीले २३ ओटामा मेलमिलाप गराएको इन्स्पेक्टर राजन ढकालले बताए।

यो वर्ष म्याग्दी जिल्लामा घरेलु हिंसाका घटनामा २८ र बलात्कारका घटनामा एक जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

अभिलेखित घटनामध्ये बलात्कारका एक घटनाका आरोपितलाई जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा पठायो।

स्वास्थ्य सेवाको अवस्था

जिल्लामा एक सरकारी अस्पताल, ३९ स्वास्थ्य चौकी, एक प्राथमिक स्वास्थ्य केन्द्र, चार नगर स्वास्थ्य केन्द्र छन्। सदरमुकामस्थित सरकारी अस्पतालमा १५ विशेषज्ञको दरबन्दीमा नौ दरबन्दी रिक्त छ। २८ स्वास्थ्यकर्मीको दरबन्दीमा कार्यरत छन्। जिल्लामा २८ हजार ३ सय ४३ जनाले बीमा गराएर सेवा लिइरहेका छन्। ज्येष्ठ नागरिकका लागि निःशुल्क बीमा कार्यक्रममा ४ हजार ९ सय ३८ जनाको बीमा गरिएको छ।

प्रतिनिधिसभा तथा प्रदेशसभा निर्वाचन २०७९

यस वर्ष सम्पन्न भएको प्रतिनिधिसभा निर्वाचनमा म्याग्दी जिल्लामा ८६ हजार १ सय २० मतदाता मध्ये ४९ हजार ६ सय ९९ (५७.७० प्रतिशत) ले मतदान गरे। यसैगरी प्रदेशसभा तर्फ ४९ हजार ७ सय २४ (५७.७३ प्रतिशत) ले मतदान गरे।

सन् २०२२ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

बाल अधिकार			
घटनाको प्रकार	मेलमिलाप	कानुनी दायरामा ल्याइएका	जम्मा
विद्यालयमा शारीरिक सजाय	१		१
बलात्कार		२	२
जम्मा	१	२	३

महिला अधिकार			
घटनाको प्रकार	मेलमिलाप	कानुनी दायरामा ल्याइएका	जम्मा
घरेलु हिंसा	२८		२८
बलात्कार		१	१
जम्मा	२८	१	२९

४.५ कास्की



जम्मा जनसङ्ख्या	५,४५,५०४
महिला	३,०६,७४०
प्रतिनिधिसभा निर्वाचन क्षेत्र	३
प्रदेशसभा निर्वाचन क्षेत्र	६
गरिबीको रेखामुनि रहेको सङ्ख्या	१५,३३०
कामका लागि बाहिरिएका	५७,३०५
अपाङ्गता भएका	५,२१५
५ वर्षमाथिको साक्षरता प्रतिशत	८२.०४
आश्रित जनसङ्ख्या	१,५६,५१५

यस वर्ष कास्की जिल्लामा मानव अधिकार उल्लङ्घनका घटनामा राज्यपक्षबाट १२ जना पुरुष र ज्यादतीका घटनामा अन्यपक्षबाट ६० जना महिला र सात जना पुरुष पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा पाँच जना बालक र २४ जना बालिका तथा महिला अधिकार उल्लङ्घनका घटनामा ३४ जना महिला पीडित भए।

कारागार र बन्दी

२० महिला र ४ सय पुरुषको क्षमता भएको जिल्ला कारागार, कास्कीमा ३९ जना महिला र ७ सय ३९ पुरुष कैदीबन्दी रहेका छन्। कारागारमा आश्रित बालक एक र बालिका दुई जना रहेका छन्। कैदीबन्दीको नियमित स्वास्थ्य परीक्षणका लागि एक जना अहेबको दरबन्दी रहेको छ। प्रतिनिधि सभा र प्रदेश सभा निर्वाचनमा कारागारका ६ जना कैदी/बन्दीले मतदान गरेको जिल्ला कारागार प्रमुख महेन्द्रबहादुर कुँवरले बताए।

बाल सुधार गृह, सराङकोट

बाल सुधार गृह कास्कीको क्षमता ५० जनाको रहेकोमा ९६ जना बालकहरू रहेका छन्। जसमा पुर्पक्षको लागि ५३ र फैसला भएका ४३ छन्। सुधारगृहमा शौचालय तथा खानेपानीको समस्या रहेको छ। बालगृहमा रहेका बालबालिकालाई उपचारका लागि पोखराका अस्पतालमा लैजानुपर्ने र त्यसको लागि कुनै व्यवस्था नभएको सुधार गृहकी मनोपरामर्शकर्ता ज्योति शर्माले बताइन्।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत

आठ न्यायाधीश दरबन्दी रहेको जिल्ला अदालतमा एक जना न्यायाधीशको दरबन्दी रिक्त छ। यो वर्ष फौजदारी मुद्दातर्फ १ हजार ४ सय ९ थानमध्ये ५ सय २६ थान मुद्दा फैसला भए। देवानी मुद्दातर्फ २ हजार १ सय ८ थानमध्ये १ हजार २ सय ३७ थान मुद्दा फैसला भए। यस अदालतमा दुई वर्ष नाघेका फौजदारी मुद्दा ९४ थान र देवानी मुद्दा १ सय १ थान बाँकी छ।

उच्च अदालत

सात जना न्यायाधीशको दरबन्दी रहेको उच्च अदालतमा दुई जना न्यायाधीशको दरबन्दी रिक्त छ।

घटनाको प्रकार		राज्यपक्षबाट		अन्यपक्षबाट		
		पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
हत्या				२	२	४
अभिव्यक्ति, भेला तथा सङ्गठित हुने अधिकार		१२	१२			
बाल अधिकार	बलात्कार			१९		१९
	यौन दुर्व्यवहार			५	५	१०
	जम्मा			२४	५	२९
महिला अधिकार	घरेलु हिंसा			२२		२२
	बहुविवाह			६		६
	बलात्कार			३		३
	बेचबिखन तथा ओसारपसार			२		२
	जम्मा			३४		३४
कूल जम्मा		१२	१२	६०	६	६६

यस वर्षका लागि दुनियावादी देवानीका २ सय ९२ थान, दुनियावादी फौजदारीका १ सय ७ थान, सरकारवादी फौजदारीका ६ सय थान र सुरु क्षेत्राधिकारबाट १ सय १७ थान मुद्दा जिम्मेवारी सरेका थिए। ०७८ पुस १७ देखि ०७९ पुस १६ गतेसम्म दर्ता भएका फौजदारी मुद्दाको सरकारवादीतर्फ ७ सय ५४ थान उजुरी परे। अघिल्लो वर्षका जिम्मेवारी सरेका समेत ४ सय ६२ थान मुद्दा फैसला भए।

बाल अधिकार

शिक्षाको अवस्था

जिल्लामा १ सय ८४ आधारभूत र १ सय ९० माध्यमिक विद्यालय छन्। २ हजार ८ सय ५६ शिक्षक दरबन्दी रहेकामा दरबन्दी मिलान हुन बाँकी रहेको छैन। यस वर्ष ८० हजार १ सय १८ बालक र ६७ हजार ३ सय ३७ जना बालिका विद्यालय भर्ना भए। जसमा अपाङ्गता भएका १ सय १७ बालिका र १ सय ४२ बालक छन्। द्वन्द्वपीडित परिवारका ९० जना बालबालिकाले छात्रवृत्ति पाएका छन्। यस वर्ष जिल्लाभर १७ हजार ४ सय ८६ दलित बालक र १५ हजार ५ सय ११ दलित बालिका विद्यालय भर्ना भए। वैदेशिक रोजगारीमा गएर मृत्यु भएका परिवारका ६० जना र शहीद र द्वन्द्वपीडित परिवारका ९० जना बालबालिकाले छात्रवृत्ति पाए।

यस वर्ष कास्की जिल्लामा यौन दुर्व्यवहारका घटनामा १० र बलात्कारका घटनामा १९ जना बालबालिका पीडित भएको इन्सेकले अभिलेख गर्‍यो।

अभिलेखित घटनामध्ये बलात्कारका १५ घटनाका आरोपितहरूलाई जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा पठायो भने एक घटनाका आरोपितलाई बाल सुधार गृह पठायो। दुई घटनाका आरोपितलाई अदालतले धरौटीमा रिहा गर्‍यो भने एक घटनाका आरोपित वर्षको अन्त्यसम्म गिरफ्तार भएनन्। यौन दुर्व्यवहारका चार घटनाका आरोपितलाई अदालतले पुर्पक्षका लागि थुनामा पठायो भने एक घटनाका आरोपितलाई धरौटीमा रिहा गर्‍यो। दुई घटनाका आरोपितलाई अदालतले धरौटी माग गरेकोमा तोकिएको रकम बुझाउन नसकेपछि थुनामा पठायो।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यो वर्ष घरेलु हिंसा पीडित भन्दै १ सय ६१ जना महिलाले जिल्ला प्रहरी कार्यालयको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमा कुटपिट गरी घरनिकाला गरिएका ४५, खानलाउन नदिएका २५, विवाह दर्ता, जन्मदर्ता र नागरिकता नबनाएका २०, अर्की पत्नी ल्याएर हेला गरेको २५ र सामान्य घरायसी झगडाका ४६ ओटा उजुरी छन्। यी मध्ये प्रहरीले १ सय ३२ ओटामा मेलमिलाप गरायो भने २९ उजुरी कारवाही प्रक्रियामा रहेको जिल्ला प्रहरी कार्यालयका प्रहरी इन्सपेक्टर ज्ञानबहादुर शाहीले बताए।

यो वर्ष कास्की जिल्लामा घरेलु हिंसाका घटनामा २२, बलात्कारका घटनामा तीन, बेचबिखन तथा ओसारपसारका घटनामा दुई, बहुविवाहका घटनामा सात र पारिवारिक हत्याका घटनामा दुई जना महिला पीडित भएको इन्सेकले अभिलेख गर्‍यो।

अभिलेखित घटनामध्ये बलात्कारका दुई घटनाका आरोपितलाई जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा पठायो भने एक घटनाका आरोपितलाई बाल सुधार गृह पठायो। बेचबिखन तथा ओसारपसारका दुई घटनाका आरोपितलाई अदालतले पुर्पक्षका लागि थुनामा पठायो। बहुविवाहका तीन घटनाका आरोपितलाई अदालतले पुर्पक्षका लागि थुनामा पठायो भने तीन घटनाका आरोपितलाई धरौटीमा रिहा गर्‍यो। एक घटनाका आरोपित वर्षको अन्त्यसम्म गिरफ्तार

भएनन्। पारिवारिक हत्याका एक घटनाका आरोपितलाई अदालतले जन्मकैदको फैसला सुनायो भने एक घटनाका आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

पारिवारिक हत्या

पोखरा महानगरपालिका-१२ शितलादेवीकी ६७ वर्षीया नौमाया नेपालीको ०७८ चैत ३ गते घाँटी थिचेर हत्या गरेको आरोपमा प्रहरीले ३६ वर्षीय छोरा ओमबहादुर नेपाली र मादी गाउँपालिका-५ घर भई हाल पोखरा महानगरपालिका-१२ बस्दै आएका ३७ वर्षीय कुमार गुरुङलाई ०७८ चैत ५ गते गिरफ्तार गऱ्यो। नेपालीले घडेरी बेच्ने विषयमा असहमति भएपछि अर्का आरोपित गुरुङमार्फत घाँटी थिचेर हत्या गर्न लगाएको अनुसन्धानबाट खुलेको जिल्ला प्रहरी कार्यालय, कास्कीका डिएसपी सुन्दर तिवारीले बताए। आरोपितहरूविरुद्ध मृतकका अर्का छोरा पोखरा महानगरपालिका-१२ माटेपानी बस्ने टेकबहादुर नेपालीले चैत ४ गते जिल्ला प्रहरी कार्यालय, कास्कीमा उजुरी दिए। शवको पोष्टमार्टम चैत ५ गते पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानमा भयो। प्रहरीले सरकारी वकिलको कार्यालयमार्फत ०७८ चैत २९ गते मुद्दा दर्ता गरेकोमा जिल्ला न्यायाधीश विष्णुप्रसाद उपाध्यायको २०७९ असार ९ गते इजलासले आरोपित दुवैजनालाई जन्मकैदको फैसला सुनायो।

स्वास्थ्य सेवाको अवस्था

जिल्लामा पाँच सरकारी अस्पताल, १३ सामुदायिक अस्पताल, ४२ स्वास्थ्य चौकी, चार नगर स्वास्थ्य केन्द्र छन्। पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानमा ४ सय ५२ जना स्वास्थ्यकर्मीको दरबन्दीमा १ सय १५ रिक्त, २३ जना अध्ययन बिदामा र ३ सय १४ जना कार्यरत रहेको पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानका सूचना अधिकृत सुमन भट्टराईले बताए। जिल्लामा २५ हजार १ सय ५१ परिवारले बीमा गराएर सेवा लिइरहेका छन्। ज्येष्ठ नागरिकका लागि निःशुल्क बीमा कार्यक्रममा ३ हजार ५ सय ५ जनाको बीमा गरिएको छ।

२०७७ मङ्सिर १५ गते शिलान्यास भएका अस्पतालमध्ये माछापुच्छ्रे र मादी गाउँपालिकामा एक-एक ओटा अस्पताल निर्माण कार्य सम्पन्न भई सेवा सुरु भएको छ।

प्रतिनिधि सभा तथा प्रदेश सभा निर्वाचन २०७९

यस वर्ष सम्पन्न भएको प्रतिनिधि सभा निर्वाचनमा कास्की जिल्लामा २ लाख ९१ हजार ५ सय ६८ मतदाता मध्ये १ लाख ७८ हजार ८ सय ६ (६१.३२ प्रतिशत) ले मतदान गरे। यसैगरी प्रदेश सभा तर्फ १ लाख ७८ हजार ७ सय १४ (६१.२९ प्रतिशत) ले मतदान गरे।


सन् २०२२ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

बाल अधिकार			
घटनाको प्रकार	अनुसन्धान	कानुनी दायरामा ल्याइएका	जम्मा
बलात्कार	१	१८	१९
यौन दुर्व्यवहार		७	७
जम्मा	१	२५	२६

महिला अधिकार				
घटनाको प्रकार	मेलमिलाप	अनुसन्धान	कानुनी दायरामा ल्याइएका	जम्मा
घरेलु हिंसा	३३			३३
बहुविवाह		१	६	७
बलात्कार			३	३
बेचबिखन तथा ओसारपसार			२	२
जम्मा	३३	१	११	३४

मारिएकाको घटना सङ्ख्या			
घटनाको प्रकार	अनुसन्धान	कानुनी दायरामा ल्याइएका	जम्मा
हत्या	१	३	४

४.६ लमजुङ



जम्मा जनसङ्ख्या	१,५३,४८०
महिला	८०,२७१
प्रतिनिधिसभा निर्वाचन क्षेत्र	१
प्रदेशसभा निर्वाचन क्षेत्र	२
गरिबीको रेखामुनि रहेको सङ्ख्या	२७,८५५
कामका लागि बाहिरिएका	२१,१६१
अपाङ्गता भएका	४,७४५
५ वर्षमाथिको साक्षरता प्रतिशत	७१.१
आश्रित जनसङ्ख्या	७१,८५५

यस वर्ष लमजुङ जिल्लामा मानव अधिकार उल्लङ्घनका घटनामा राज्यपक्षबाट एक जना पुरुष तथा ज्यादतीका घटनामा अन्यपक्षबाट ३३ जना महिला र एक जना पुरुष पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा सात जना बालिका तथा महिला अधिकार उल्लङ्घनका घटनामा २६ जना महिला पीडित भए।

कारागार र बन्दी

३५ जनाको क्षमता रहेको जिल्ला कारागार, लमजुङमा १ सय पुरुष र महिला चार जना गरी १ सय ४ जना कैदीबन्दी रहेका छन्। कारागारमा पुरुष कक्षतर्फ चार गुणा भन्दा ज्यादा कैदीबन्दी भएकाले कोचिएर बस्नुपर्ने बाध्यता छ। पत्रपत्रिका, टेलिभिजन, खेलकुदका सामग्री भलिबल, चेस, लुँडो, क्यारिमबोर्ड र पुस्तकालयको व्यवस्था गरिएको जेलर तारावहादुर तामाङले बताए। सीपमूलक तालिमको व्यवस्था पनि रहेको छ। कैदीबन्दीको नियमित स्वास्थ्य परीक्षणका लागि एक जना अहेवको दरबन्दी रहेको छ। यस वर्ष कारागारमा एक जनाको मृत्यु भयो। प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनमा कारागारका १६ जनाले मतदान गरे।

कारागारमा मृत्यु

जिल्ला कारागार लमजुङमा रहेका दुधपोखरी गाउँपालिका-१ का ३१ वर्षीय बन्दी रोहनराज धितालको कात्तिक १३ गते बिहान मृत्यु भयो। बिहान २ बजे रोहनलाई सास फेर्न गाह्रो भएको सँगैका साथीले थाहा पाएपछि अरुलाई खबर गरेर जेलर तारावहादुर तामाङलाई जानकारी दिएका थिए। जेलरले तुरुन्तै एम्बुलेन्समार्फत रोहनलाई जिल्ला अस्पतालमा पुऱ्याएका थिए। मुखबाट फिँज निकालेका रोहनको मृत्यु भइसकेको अस्पतालले जनायो। बिरामीको अवस्था थाहा पाउने बित्तिकै उपचारका लागि अस्पताल पुऱ्याइए पनि बचाउन सफल नभएको जेलर तारावहादुर तामाङले जानकारी दिए। धिताललाई आपराधिक उपद्रव मुद्दामा ०७८ वैशाख १२ मा प्रहरीले गिरफ्तार गरेको थियो भने वैशाख २७ मा नै कारागार चलान गरेको थियो।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत

एक जना न्यायाधीश रहेको जिल्ला अदालत, लमजुङबाट यो वर्ष फौजदारी मुद्दातर्फ ६ सय १३ थानमध्ये ६ सय ७८ थान मुद्दा फैसला भए। त्यस्तै देवानी मुद्दातर्फ ४ सय ३२ थानमध्ये ४ सय ८६ थान मुद्दा फैसला भए। सन् २०२१ को जिम्मेवारी सरेर आएका २ सय २५ मुद्दामध्ये कुल १ सय ५४ थान मुद्दा फैसला भए। ७१ थान मुद्दा बाँकी छन्।

घटनाको प्रकार		राज्यपक्षबाट		अन्यपक्षबाट		
		पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
कारागारमा मृत्यु		१	१			
हत्या					१	१
बाल अधिकार	बलात्कार			६		६
	यौन दुर्व्यवहार			१		१
	जम्मा			७		७
महिला अधिकार	घरेलु हिंसा			३३		३३
	बहुविवाह			२		२
	बलात्कार प्रयास			१		१
	जम्मा			३६		३६
कूल जम्मा		१	१	३३	१	३४

बाल अधिकार

शिक्षाको अवस्था

यस जिल्लामा २ सय ६८ आधारभूत र १ सय २३ मावि छन्। १ हजार ९ सय ९० शिक्षक दरबन्दी रहेकामा ९७ ओटा दरबन्दी मिलान हुन बाँकी रहेको छ। यस वर्ष १९ हजार ७ सय ६५ बालक र २१ हजार १९ जना बालिका भर्ना भए। जसमा ५ हजार १ सय ५७ दलित बालक र ४ हजार २ सय ९३ दलित बालिका छन्। अपाङ्गता भएका २५ जना बालबालिका भर्ना भए। जिल्लामा अपाङ्गतामैत्री विद्यालय १ सय ५० ओटा रहेका छन्। द्वन्द्वपीडित परिवारका आठ जना बालबालिकाले यस वर्ष छात्रवृत्ति पाएका छन्। दलित, अपाङ्गता भएकालाई नि:शुल्क शिक्षाको व्यवस्था गरिएको छ। पढ्ने उमेरका सबै बालबालिका विद्यालय भर्ना भएको शिक्षा तथा समन्वय इकाईका प्रमुख विरबहदुर गुरुङले बताए।

यस वर्ष लमजुङ जिल्लामा यौन दुर्व्यवहारका घटनामा एक र बलात्कारका घटनामा ६ जना बालिका पीडित भएको इन्सेकले अभिलेख गर्‍यो।

अभिलेखित घटनामध्ये बलात्कारका पाँच घटनाका आरोपितहरूलाई जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा पठायो भने एक घटनाका आरोपितलाई धरौटीमा रिहा गर्‍यो। यौन दुर्व्यवहारका एक घटनाका आरोपितलाई अदालतले धरौटीमा रिहा गर्‍यो।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यस वर्ष घरेलु हिंसा पीडित भन्दै ३७ जना महिलाले जिल्ला प्रहरी कार्यालयको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दर्ता गरे। जसमा सामान्य प्रकृतिको हिंसा भएका कारण प्रहरीले सबै मिलापत्र गरायो। घटना नदोहोर्‍याउने र परीक्षणको लागि तारेखमा बोलाइ समझदारीमा आएपछि दुबैको सहमतिमा मिलापत्र गरिने गरेको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रका असइ चन्द्रमाया श्रेष्ठले बताइन्।

यो वर्ष लमजुङ जिल्लामा घरेलु हिंसाका घटनामा २३, बलात्कार प्रयासका घटनामा एक र बहुविवाहका घटनामा दुई जना महिला पीडित भएको इन्सेकले अभिलेख गर्‍यो।

अभिलेखित घटनामध्ये बलात्कार प्रयासका एक घटनाका आरोपितलाई जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा पठायो। बहुविवाहका एक घटनाका आरोपितलाई कैद तथा जरिबानाको फैसला सुनायो भने एक घटनाका आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो ।

स्वास्थ्य सेवाको अवस्था

जिल्लामा दुई सरकारी अस्पताल, ५७ स्वास्थ्य चौकी रहेका छन्। प्राथमिक स्वास्थ्य केन्द्रमा दुई जना डाक्टर दरबन्दी भएकोमा कार्यरत रहेका छन्। जिल्ला अस्पताल लमजुङ, बेसीशहर अस्पतालमा दुईजना डाक्टरको दरबन्दी रहेकोमा रिक्त रहेको छ। सात जना डाक्टर करारमा रहेका छन् । तीनजना स्टाफ नर्सको

दरबन्दी रहेकोमा सबै कार्यरत छन्। तीन जना अनमी दरबन्दी रहेकोमा तीन जना नै कार्यरत छन्। दुईजना अहेबको दरबन्दी रहेकोमा एक रिक्त छ। लमजुङ अस्पतालको आफ्नो माताहतको एम्बुलेन्स हालसम्म नभएको र बिरामीहरूका लागि अन्य निजी अस्पताल तथा व्यक्तिगत रूपमा सञ्चालनमा आएका एम्बुलेन्स प्रयोग हुँदै आएका छन्।

प्रतिनिधि सभा तथा प्रदेश सभा निर्वाचन २०७९

यस वर्ष सम्पन्न भएको प्रतिनिधि सभा निर्वाचनमा लम्जुङ जिल्लामा १ लाख ३३ हजार ५ सय ५९ मतदाता मध्ये ८० हजार २ सय २७ (६०.०८ प्रतिशत) ले मतदान गरे। यसैगरी प्रदेश सभा तर्फ ८० हजार २ सय ६८ (६०.०९ प्रतिशत) ले मतदान गरे।

सन् २०२२ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

बाल अधिकार		
घटनाको प्रकार	कानुनी दायरामा ल्याइएका	जम्मा
बलात्कार	६	६
यौन दुर्व्यवहार	१	१
जम्मा	७	७

महिला अधिकार				
घटनाको प्रकार	मेलमिलाप	मुद्दा टुङ्गिएका	कानुनी दायरामा ल्याइएका	जम्मा
घरेलु हिंसा	३३			३३
बहुविवाह		१	१	२
बलात्कार प्रयास			१	१
जम्मा	३३	१	२	३६

मारिएकाको घटना सङ्ख्या		
घटनाको प्रकार	कानुनी दायरामा ल्याइएका	जम्मा
हत्या	१	१

४.७ तनहुँ



जम्मा जनसङ्ख्या	३,२७,६२०
महिला	१,७४,६५५
प्रतिनिधिसभा निर्वाचन क्षेत्र	२
प्रदेशसभा निर्वाचन क्षेत्र	४
गरिबीको रेखामुनि रहेको सङ्ख्या	४७,५३५
कामका लागि बाहिरिएका	४६,३८७
अपाङ्गता भएका	६,६६८
५ वर्षमाथिको साक्षरता प्रतिशत	७४.०८
आश्रित जनसङ्ख्या	१,४१,३००

यस वर्ष तनहुँ जिल्लामा मानव अधिकार उल्लङ्घनका घटनामा राज्यपक्षबाट आठ पुरुष तथा ज्यादतीका घटनामा अन्यपक्षबाट १ सय २ जना महिला र ६ जना पुरुष पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा एक बालक र १८ जना बालिका तथा महिला अधिकार उल्लङ्घनका घटनामा ८१ जना महिला पीडित भए।

कुटपिट

व्यास नगरपालिकाका मेयरका स्वतन्त्र उम्मेदवार ५० वर्षीय दीपकराज जोशीलाई २०७९ वैशाख ३० गते व्यास नपा-८ स्थित रिस्ती गाविस भवन फेदी मतदान केन्द्रमा नेपाली कांग्रेसका कार्यकर्ताले कुटपिट गरे। मतदानको अवलोकन गर्न जाँदा आफूलाई धारिलो हतियार र ढुङ्गाले आक्रमण गरिएको जोशीले बताए। उक्त मतदान केन्द्रमा बिहानैदेखि नेपाली कांग्रेसका कार्यकर्ताले अन्य राजनीतिक दल तथा अन्य उम्मेदवारका प्रतिनिधिलाई बस्नसमेत नदिएर एकलौटी मतदान गरिरहेको भन्ने सूचना पाएपछि आफूहरू उक्त मतदान केन्द्रको अनुगमनमा जाँदा आक्रमण गरेको जोशीले आरोप लगाए। सो क्रममा कांग्रेस कार्यकर्ताले जोशी चढेको बा १२ च ६०२८ नम्बरको स्कारपियो गाडीलाई ढुङ्गाले हानेर क्षति पुऱ्याई पल्टाइदिएका थिए। कुटपिटबाट जोशीको टाउकोमा चोट लाग्यो। आक्रमणपछि उनलाई नेपाली सेनाको सहयोगमा उपचारको लागि दमौली अस्पतालमा ल्याइएकोमा सोही दिन पोखरा लगियो। पोखरामा पनि जोशीको उपचार सम्भव नभएपछि थप उपचारका लागि काठमाडौंको फ्रन्टलाइन अस्पतालमा लगिएको थियो। सो घटनापछि उक्त मतदान केन्द्रको मतदान स्थगित भएर जेठ ४ गते पुनः मतदान भएको थियो। केही मतपत्र च्यातिएको र उम्मेदवार घाइते भएको हुँदा निर्वाचन आयोगले सो दिनको मतदान स्थगित गरेको थियो। उक्त घटनामा संलग्नलाई कारबाहीको माग गर्दै जोशीले प्रहरीमा कुनै उजुरी दिएनन्।

दुर्व्यवहार

देवघाट गाउँपालिकाका लेखा अधिकृत भरतपुर महानगरपालिका बस्ने ४८ वर्षीय उमनाथ ढकाल र सहायक लेखापाल २७ वर्षीय सन्जय शर्मालाई देवघाट गाउँपालिका- ३ का युवाले २०७९ पुस ११ गते कार्यकक्षमै मोसो दली दुर्व्यवहार गरे। वडा नम्बर ३ को

घटनाको प्रकार		राज्यपक्षबाट		अन्यपक्षबाट		
		पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
कुटपिट				३	१	३
अमानवीय व्यवहार					३	३
हत्या				१	३	३
अभिव्यक्ति, भेला तथा सङ्गठित हुने अधिकार		८	८			
बाल अधिकार	विद्यालयमा शारीरिक सजाय				१	१
	बलात्कार			१६		१६
	यौन दुर्व्यवहार			३		३
	जम्मा			१८		१८
महिला अधिकार	घरेलु हिंसा			६८		६८
	'बोक्सी'को आरोप			१		१
	बलात्कार			१०		१०
	बलात्कार प्रयास			१		१
	बेचबिखन तथा ओसारपसार			१		१
	जम्मा			८१		८१
कूल जम्मा		८	८	१०३	६	१०८

छिपछिपेमा सञ्चालित छिपछिपे भन्ज्याङ सोलार लिफ्टिङ खानेपानी योजनाको भुक्तानी दिन ढिलाइ गरेको, विभिन्न कागजात मागेर उपभोक्तालाई दु:ख दिएको भन्दै उपभोक्ता समितिका सदस्य र केही युवाले लेखा अधिकृत ढकाल र लेखापाल शर्मालाई कार्यकक्ष भित्र पसेर मोसो दली कुटपिटसमेत गरेका थिए। कुटपिटबाट घाइते भएका ढकालको भरतपुर अस्पतालमा उपचार भयो। इलाका प्रहरी कार्यालय देवघाटका इञ्चार्ज वरिष्ठ सई भेषराज रेग्मीले कर्मचारीलाई दुर्व्यवहार भएको सूचना पाएपछि गाउँपालिका पुगेर कर्मचारीलाई सुरक्षित गराइएको र युवालाई नियन्त्रणमा लिइएको बताए। नियन्त्रणमा लिइएका सबैजना सोही दिन रिहा भएको रेग्मीले बताए। आरोपितहरूलाई कारबाहीको माग गर्दै पीडितहरूले सोही दिन इलाका प्रहरी कार्यालय, देवघाटमा उजुरी दिए। तर कुटपिटमा संलग्नलाई कुनै कारबाही भएन।

कारागार र बन्दी

जिल्ला कारागारको बन्दी क्षमता १ सय २५ जनाको छ। कारागारमा कैदी १ सय २० र थुनुवा १ सय ८७ गरी ३ सय ७ जना रहेका छन्। कारागारमा महिलातर्फ कैदी आठ र थुनुवा सात गरी १५ जना रहेका छन्। कैदीबन्दीहरूको नियमित स्वास्थ्य परीक्षणका लागि एक जना अहेवको दरबन्दी रहेकोमा रिक्त छ। कैदीबन्दी बिरामी भएमा नजिकैको दमौली अस्पतालमा लैजाने गरिएको छ। कारागारमा एक जना सामान्य मानसिक रोगी, एक जना क्यान्सरका र एचआईभी सङ्क्रमित चार जना रहेका छन्। उनीहरूले नियमित औषधि सेवन गरिरहेका छन्। २४ जना ज्येष्ठ नागरिक (पुरुष) रहेको जिल्ला कारागारका निमित्त प्रमुख नारयण अधिकारीले बताए। कैदीबन्दीलाई आय आर्जनको लागि (मुढा बुन्ने, सिलाई कटाई, हस्तकला आदि) काम गर्न दिइएको छ। त्यस्तै खेलकुद, भलिवल, व्याडमिन्टन, क्यारेमबोर्ड, चेस, लुडो, पुस्तकालय आदिको व्यवस्था गरिएको छ भने प्रत्येक कोठामा टेलिभिजनको व्यवस्था गरिएको छ। कैदी/बन्दीका नाइके रामु लोहनीले आफुहरूलाई कुनै समस्या नरहेको बताए। समयमै मुद्दाको छिनोफानो नहुँदा भने धेरै समयसम्म कारागारमा बस्नु पर्ने बाध्यता छ। ०७९ मङ्सिर ४ गतेको निर्वाचनमा कागारामा रहेका ४६ जनाले मतदान गरे।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत

तीन न्यायाधीश दरबन्दी रहेको जिल्ला अदालतमा सबै कार्यरत रहेका छन्। यो वर्ष फौजदारी मुद्दातर्फ ४ सय २७ थान मध्ये ८० थान मुद्दा फैसला भए। देवानी मुद्दातर्फ १ हजार २ सय ७७ थानमध्ये ७ सय ४७ थान मुद्दा फैसला भए। यस अदालतमा दुई वर्ष नाघेका फौजदारी मुद्दा १ सय २० थान छन् भने देवानी मुद्दा ३६ थान बाँकी छ। अदालतले २१ जना कर्मचारी करारमा नियुक्त गरेको छ भने २९ जना यो वर्षको

अन्त्यसम्म नै रिक्त रहेको जिल्ला अदालतका स्रेस्तेदार पूर्णबहादुर कुँवरले बताए। जिल्ला बार एकाइका अध्यक्ष भानुभक्त सुवेदीले मुद्दाको फैसलामा ढिलाइ हुँदा अधिकांश बन्दी लामो समय कारागार बस्नुपर्ने बाध्यता रहेको बताए।

बाल अधिकार

शिक्षाको अवस्था

जिल्लामा ३ सय १६ आधारभूत र १ सय १९ माध्यमिक विद्यालय छन्। शिक्षक दरबन्दी २ हजार ७ सय ९७ रहेकामा १ सय १७ ओटा दरबन्दी मिलान हुन बाँकी रहेको छ। यसवर्ष भर्ना भएका बालबालिकाको सङ्ख्या नभएको जिल्ला शिक्षा तथा समन्वय एकाइका शाखा अधिकृत विश्वरमण रेग्मीले बताए। भर्ना भएका दलित तथा अपाङ्गता भएका बालक र बालिकाको तथ्याङ्क जिल्ला शिक्षा एकाइ तथा स्थानीय तहहरूसँग छैन। जिल्लामा अपाङ्गतामैत्री विद्यालयको सङ्ख्या २ सय ४ छन् भने निर्माणाधीन अपाङ्गता मैत्री विद्यालयको सङ्ख्या पाँच रहेको छ। सहिद परिवारका तीन जना बालिकाले छात्रवृत्ति पाए। त्यस्तै वैदेशिक रोजगारीमा ज्यान गुमाएका परिवारका ३३ बालक र ३४ बालिका गरी ६७ जनाले छात्रवृत्ति पाएको जिल्ला शिक्षा विकास तथा समन्वय एकाइका शाखा अधिकृत विश्वरमण रेग्मीले बताए।

यस वर्ष तनहुँ जिल्लामा यौन दुर्व्यवहारका घटनामा दुई, बलात्कारका घटनामा १६ र विद्यालय दिइने शारीरिक दण्ड सजायका घटनामा एक जना बालबालिका पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

अभिलेखित घटनामध्ये बलात्कारका १३ घटनाका आरोपितहरूलाई जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा पठायो भने दुई घटनाका आरोपितलाई बाल सुधार गृहमा पठायो। यौन दुर्व्यवहारका दुई घटनाका आरोपितलाई अदालतले पुर्पक्षका लागि थुनामा पठायो।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यस वर्ष जिल्ला प्रहरी कार्यालयमा १ सय ५० घरेलु हिंसाका घटनाहरू दर्ता भए। तीमध्ये १ सय ३० भन्दा बढी मुद्दामा केही दिन भित्रैमा मिलापत्र गरेको जिल्ला प्रहरी कार्यालयमा डिएसपी युवराज खड्काले बताए। त्यसमध्ये केही मुद्दा जिल्ला अदालतमा गएको छ। बहुविवाहको घटनामा मिलापत्र भएको छैन। पीडित र आरोपित आफै मिलेर जिल्ला प्रहरी कार्यालयमा गई मिलापत्र गरेर आयौँ भनेर निवेदन फिर्ता लिने गरेको देखिएको छ। स्थानीय तहमा उजुरी गरेकामध्ये धेरैले त्यहींबाट नै न्याय पाएका छन्। नागरिकता/जन्मदर्ता/विवहादर्ता नभएको भन्ने उजुरीमा स्थानीय तहका जनप्रतिनिधिले दुवै पक्षलाई भिकाएर छलफल गरेपछि उजुरीकर्ताले न्याय पाएको स्थानीय तहका उपप्रमुखहरूले बताए।

यो वर्ष तनहुँ जिल्लामा घरेलु हिंसाका घटनामा ६८, बलात्कारका घटनामा १०, बलात्कार प्रयासका घटनामा एक, बेचबिखन तथा ओसारपसारका घटनामा एक, 'बोक्सी' को आरोपका घटनामा एक जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। बलात्कारपछि हत्याका घटनामा एक र बलात्कारपछि आत्महत्याको घटनामा एक जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

अभिलेखित घटनामध्ये बलात्कारका आठ घटनाका आरोपितलाई जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा पठायो भने एक घटनाका आरोपित वर्षको अन्त्यसम्म गिरफ्तार भएनन्। बलात्कार प्रयासका एक घटनाका आरोपितलाई अदालतले पुर्पक्षका लागि थुनामा पठायो। 'बोक्सी' को आरोपका एक घटनाका आरोपितलाई अदालतले धरौटीमा रिहा गऱ्यो। बेचबिखन तथा ओसारपसारका एक घटनाका आरोपितलाई अदालतले पुर्पक्षका लागि थुनामा पठायो।

बलात्कारपछि हत्या

आँबुखैरेनी गाउँपालिका-६ छिम्केश्वरीकी ४५ वर्षीया कुमारी भुजेलको बलात्कार र त्यसपछि हत्या गरेको आरोपमा प्रहरीले आँबुखैरेनी गाउँपालिका- ६ का २२ वर्षीय समबहादुर भुजेल, मृतकका पति ४६ वर्षीय चन्द्रबहादुर भुजेल र १६/१६ वर्षीय दुई बालकलाई २०७८ चैत १ गते गिरफ्तार गऱ्यो। समबहादुर र दुई जना बालकले मृतकका पति चन्द्रबहादुरलाई घरबाट बाहिर निकालेर समातेर राखी मदिरा सेवन गराई बेहोस पारी कुमारी भुजेललाई फागुन २८ गते पालैपालो बलात्कार गरेर भागेका थिए। पत्नीलाई बलात्कार गरेको देखेपछि पत्नीले नै घरमा युवाहरू बोलाएर यौनसम्पर्क गराएको भन्ने ठानी रीसको आवेगमा चन्द्रबहादुरले ओदानको ढुङ्गाले पत्नीको टाउकोमा हान्दा उनको घटनास्थलमा नै मृत्यु भयो। घटनाबारे मृतकका छोराले फागुन २९ गते इलाका प्रहरी कार्यालयमा, आँबुखैरिनीमा उजुरी दिए। शवको पोष्टमार्टम फागुन ३० गते दमौली अस्पतालमा

भयो। पोष्टमार्टमपछि शव छोरीले बुझी गुरुङ परम्पराअनुसार सद्गत गरे। आरोपितहरू जिल्ला अदालतको आदेशमा चैत २५ गतेदेखि पुर्पक्षको लागि थुनामा छन्। मुद्दाको फैसला यस वर्षको अन्त्यसम्म भएको छैन।

स्वास्थ्य सेवाको अवस्था

जिल्लामा पाँच सरकारी अस्पताल, ४६ स्वास्थ्य चौकी, दुई प्राथमिक स्वास्थ्य केन्द्र, ४१ आधारभूत स्वास्थ्य केन्द्र र १८ शहरी स्वास्थ्य केन्द्र रहेका छन्। ती स्वास्थ्य केन्द्रमा २३ जना मेडिकल डाक्टरको दरबन्दी रहेकोमा सात स्थायी र चार करारका मेडिकल डाक्टरहरू कार्यरत छन्। त्यस्तै दुई जनस्वास्थ्य अधिकृतको दरबन्दी रहेकोमा कार्यरत रहेका छन्। २ सय २० एचए र अहेवको दरबन्दी रहेकोमा २ सय ७ जना स्थायी र १४ जना करारमा कार्यरत रहेका छन्। १ सय ८९ जना अनमी र स्टाफ नर्सको दरबन्दी रहेकोमा १ सय ६७ जना कार्यरत रहेका छन्। १३ जना ल्याव टेक्निसियन कार्यरत रहेका छन्। तनहुँमा ४२ हजार ७ सय ५५ घरधुरीका १ लाख ७ हजार ७ सय २५ जना नागरिक स्वास्थ्य बीमाको पहुँचमा आएका छन्।

२०७७ मङ्सिर १५ गते तनहुँमा नौ स्थानीय तहमा अस्पताल शिलान्यास गरिएकोमा सबै अस्पतालहरु निर्माण कार्य सुरु भएको छ।

प्रतिनिधिसभा तथा प्रदेशसभा निर्वाचन २०७९

यस वर्ष सम्पन्न भएको प्रतिनिधिसभा निर्वाचनमा तनहुँ जिल्लामा २ लाख ४८ हजार ४ सय ९५ मतदाता मध्ये १ लाख ३४ हजार ५ सय ३४ (५४.१३ प्रतिशत) ले मतदान गरे। यसैगरी प्रदेशसभा तर्फ १ लाख ३४ हजार १ सय ३४ (५३.९७ प्रतिशत) ले मतदान गरे।

सन् २०२२ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

बाल अधिकार			
घटनाको प्रकार	मुद्दा टुङ्गिएका	कानुनी दायरामा ल्याइएका	जम्मा
विद्यालयमा शारीरिक सजाय	१		१
बलात्कार		१६	१६
यौन दुर्व्यवहार		३	३
जम्मा	१	१८	१९

महिला अधिकार			
घटनाको प्रकार	मेलमिलाप	कानुनी दायरामा ल्याइएका	जम्मा
घरेलु हिंसा	६६	३	६८
'बोक्सी'को आरोप		१	१
बलात्कार		९	९
बलात्कार प्रयास		१	१
बेचबिखन तथा ओसारपसार		१	१
जम्मा	६६	१४	८०

मारिएकाको घटना सङ्ख्या		
घटनाको प्रकार	कानुनी दायरामा ल्याइएका	जम्मा
हत्या	३	३

४.८ नवलपरासी पूर्व



जम्मा जनसङ्ख्या	३,८१,१०५
महिला	२,०१,६५९
प्रतिनिधिसभा निर्वाचन क्षेत्र	२
प्रदेशसभा निर्वाचन क्षेत्र	४
गरिबीको रेखामुनि रहेको सङ्ख्या	उपलब्ध नभएको
कामका लागि बाहिरिएका	उपलब्ध नभएको
अपाङ्गता भएका	उपलब्ध नभएको
५ वर्षमाथिको साक्षरता प्रतिशत	७०.७६
आश्रित जनसङ्ख्या	उपलब्ध नभएको

यस वर्ष नवलपरासी पूर्व जिल्लामा मानव अधिकार उल्लङ्घनका घटनामा राज्यपक्षबाट तीन जना पुरुष तथा ज्यादतीका घटनामा अन्यपक्षबाट ३२ जना महिला र चार जना पुरुष पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा एक बालक र पाँच जना बालिका तथा महिला अधिकार उल्लङ्घनका घटनामा २५ जना महिला पीडित भए।

कारागार र बन्दी

नवलपरासी पूर्व नवलपुरमा कारागार निर्माण भएको छैन। हाल नवलपुर जिल्ला अदालतले पुर्पक्षको लागि थुना र कारागार चलान गर्दा छिमेकी जिल्ला चितवन र नवलपरासी पश्चिमको कारागारमा पठाउने गरेको जिल्ला प्रहरी कार्यालय नवलपरासी पूर्वका एसपी भुवनेश्वर तिवारीले बताए।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदाल

दुई जना न्यायाधीश दरबन्दीको जिल्ला अदालतमा यो वर्ष फौजदारी मुद्दातर्फ ७ सय ४० थानमध्ये ३ सय २५ थान मुद्दा फैसला भए। देवानी मुद्दातर्फ १ हजार ६ सय ४५ थानमध्ये ९ सय ३२ थान मुद्दा फैसला भए। यस अदालतमा दुई वर्ष नाघेका फौजदारी मुद्दा ५६ थान र देवानी मुद्दा ९० थान बाँकी छन्।

बाल अधिकार

शिक्षाको अवस्था

जिल्लामा सामुदायिकतर्फ कक्षा १ देखि ५ सम्म सञ्चालित १ सय ५१, कक्षा १ देखि ८ सम्म सञ्चालन भएको ७१, कक्षा १ देखि १० सम्म सञ्चालित ४० र कक्षा १ देखि १२ सम्म सञ्चालित ४६ विद्यालय छन्। जिल्लामा राहतसहित २ हजार ४६ जना शिक्षक दरबन्दी रहेको छ। अस्थायी र करार शिक्षक समेत गरी विद्यालयमा स्वीकृत दरबन्दी अनुसार शिक्षकहरू कार्यरत रहेका छन्।

यस वर्ष सामुदायिक विद्यालयमा ३३ हजार ५६ जना बालिका र ३३ हजार ६ सय ५ जना बालक गरी कुल ६६ हजार ६ सय ६१ जना बालबालिका भर्ना भए। वैदेशिक रोजगारीमा गएर मृत्यु भएका परिवारका ९६ जना बालबालिकाले यो वर्ष वैदेशिक रोजगार छात्रवृत्ति पाए। ४१ जना बालबालिकाले द्वन्द्वपीडित छात्रवृत्ति प्राप्त गरेको जिल्ला शिक्षा तथा समन्वय एकाइका सूचना अधिकारी तिलकबहादुर खड्काले बताए।

घटनाको प्रकार		राज्यपक्षबाट		अन्यपक्षबाट		
		पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
गिरफ्तारी		३	३			
घाइते				२		२
हत्या					३	३
बाल अधिकार	बलात्कार			३		३
	यौन दुर्व्यवहार			२	१	३
	जम्मा			५	१	६
महिला अधिकार	घरेलु हिंसा			२१		२१
	बलात्कार			४		४
	जम्मा			२५		२५
कूल जम्मा		३	३	३२	४	३६

यस वर्ष नवलपरासी पूर्व जिल्लामा यौन दुर्व्यवहारका घटनामा एक र बलात्कारका घटनामा पाँच जना बालिका पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

अभिलेखित घटनामध्ये बलात्कारका दुई घटनाका आरोपितहरूलाई जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा पठायो भने एक घटनाका आरोपित वर्षको अन्त्यसम्म गिरफ्तार भएनन्। एक घटनाका आरोपित प्रहरी अनुसन्धानमै रहे। यौन दुर्व्यवहारका एक घटनाका आरोपितलाई अदालतले पुर्पक्षका लागि थुनामा पठायो।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यो वर्ष घरेलु हिंसा पीडित भन्दै १ सय ६४ जना महिलाले जिल्ला प्रहरी कार्यालयको महिला बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दर्ता गराए। दर्ता भएका उजुरीहरूलाई घटनाको प्रकृतिगत रूपमा विभाजन गरी तथ्याङ्क नराखेको सेवा केन्द्र प्रमुख बिन्दु बिकले बताइन्। यी मध्ये प्रहरीले १ सय ४० ओटामा मिलापत्र गरायो भने २४ ओटा उजुरी कारबाही प्रक्रियामा रहेको उनले बताइन्।

यो वर्ष नवलपरासी पूर्व जिल्लामा घरेलु हिंसाका घटनामा २१ र बलात्कारका घटनामा चार जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

अभिलेखित घटनामध्ये बलात्कारका दुई घटनाका आरोपितलाई जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा पठायो भने एक घटनाका आरोपितलाई सफाइ दियो। एक घटनाका आरोपित वर्षको अन्त्यसम्म गिरफ्तार भएनन्। एक घटनाका आरोपितलाई अदालतले धरौटीमा रिहा गरे पनि तोकिएको धरौटी रकम बुझाउन नसकेपछि थुनामा पठायो।

स्वास्थ्य सेवाको अवस्था

जिल्लामा एक सरकारी अस्पताल, ३२ स्वास्थ्य चौकी, सात प्राथमिक स्वास्थ्य केन्द्र, ५० आधारभूत स्वास्थ्य केन्द्र र १२ सामुदायिक स्वास्थ्य एकाइ छन्। सदरमुकामस्थित सरकारी अस्पतालमा २० जना स्वास्थ्यकर्मीको दरबन्दी भएकोमा सात जनाको दरबन्दी रिक्त छन्। प्रदेश सरकार, अस्पतालबाट नियुक्त भएका सहित हाल अस्पतालमा १ सय १८ जना कार्यरत छन्। जिल्लामा १६ हजार ३ सय २३ जनाले बीमा गराएर सेवा लिइरहेका छन्। ज्येष्ठ नागरिकका लागि निःशुल्क बीमा कार्यक्रममा ९ हजार ५ सय जनाको बीमा गरिएको छ।

२०७७ मङ्सिर १५ गते शिलान्यास भएका बौदिकालिका गाउँपालिका र देवचुली नगरपालिकाको प्राथमिक स्वास्थ्य केन्द्र र गैँडाकोट नगरपालिकाको एक स्वास्थ्य चौकी १५ शैयाको अस्पतालमा स्तरोउन्नतिको काम भइरहेको छ। मध्यविन्दु नगरपालिकामा १५ शैयाको नगर अस्पताल निर्माणको शिलान्यास भई निर्माण कार्य यसै वर्षदेखि सुरु भएको छ।

प्रतिनिधिसभा तथा प्रदेशसभा निर्वाचन २०७९

यस वर्ष सम्पन्न भएको प्रतिनिधिसभा निर्वाचनमा नवलपरासी पूर्व जिल्लामा २ लाख ६० हजार ४ सय ६१ मतदाता मध्ये १ लाख ७१ हजार ७ सय ५८ (६५.९४ प्रतिशत) ले मतदान गरे। यसैगरी प्रदेशसभा तर्फ १ लाख ७१ हजार ६ सय १६ (६५.८८ प्रतिशत) ले मतदान गरे।

सन् २०२२ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

बाल अधिकार			
घटनाको प्रकार	अनुसन्धान	कानुनी दायरामा ल्याइएका	जम्मा
बलात्कार	१	३	३
यौन दुर्व्यवहार		३	३
जम्मा	१	५	६

महिला अधिकार				
घटनाको प्रकार	मेलमिलाप	अनुसन्धान	कानुनी दायरामा ल्याइएका	जम्मा
घरेलु हिंसा	१०			१०
बलात्कार		१	३	४
जम्मा	१०	१	३	१४

मारिएकाको घटना सङ्ख्या		
घटनाको प्रकार	कानुनी दायरामा ल्याइएका	जम्मा
हत्या	३	३

४.५ स्याङ्जा



जम्मा जनसङ्ख्या	२,५४,९६५
महिला	१,३६,८८५
प्रतिनिधिसभा निर्वाचन क्षेत्र	२
प्रदेशसभा निर्वाचन क्षेत्र	४
गरिबीको रेखामुनि रहेको सङ्ख्या	३३,९०५
कामका लागि बाहिरिएका	५०,४७६
अपाङ्गता भएका	४,४५१
५ वर्षमाथिको साक्षरता प्रतिशत	७६.६
आश्रित जनसङ्ख्या	१,२१,८२३

घटनाको प्रकार		अन्यपक्षबाट		
		महिला	पुरुष	जम्मा
घाइते		१		१
हत्या		३	२	५
बाल अधिकार	बलात्कार	४		४
	यौन दुर्व्यवहार	२		२
	जम्मा	६		६
महिला अधिकार	घरेलु हिंसा	५८		५८
	बलात्कार	६		६
	जम्मा	६३		६३
कूल जम्मा		७३	२	७५

यस वर्ष स्याङ्जा जिल्लामा ज्यादतीका घटनामा अन्यपक्षबाट ७३ जना महिला र दुई जना पुरुष पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा ६ जना बालिका तथा महिला अधिकार उल्लङ्घनका घटनामा ६३ जना महिला पीडित भए।

कारागार र बन्दी

१५ जना महिला र ३५ जना पुरुषको क्षमता भएको जिल्ला कारागारमा चार जना महिला र १ सय ३८ जना पुरुष कैदीबन्दी छन्। कैदीबन्दीहरूको नियमित स्वास्थ्य जाँचका लागि एक अहेबको दरबन्दी रहेको भएता पनि जेठ महिनादेखि पद रिक्त छ। प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनमा कारागारका १५ जना कैदीबन्दीले मतदान गरे।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत

दुई न्यायाधीश दरबन्दी रहेको जिल्ला अदालतमा यो वर्ष फौजदारी मुद्दातर्फ २ सय ६५ थानमध्ये १ सय ६१ थान मुद्दा फैसला भए। देवानी मुद्दातर्फ ८ सय ११ थानमध्ये ५ सय ४० थान मुद्दा फैसला भए। यस अदालतमा दुई वर्ष नाघेका फौजदारी मुद्दा पाँच थान छन् भने देवानी मुद्दा १५ थान बाँकी छ।

बाल अधिकार

शिक्षाको अवस्था

यस जिल्लामा ३ सय ४७ आधारभूत र ५५ माध्यमिक विद्यालय छन्। २ हजार २ सय ३३ शिक्षक दरबन्दी रहेकामा १ सय ४३ ओटा दरबन्दी मिलान हुन बाँकी रहेको छ। यस वर्ष २९ हजार ७ सय २१

बालक र २६ हजार ९ सय ६६ जना बालिका विद्यालय भर्ना भए। जिल्लामा अपाङ्गतामैत्री विद्यालय छैनन्। यस वर्ष जिल्लाभर १ हजार ४ सय ६५ दलित छात्रा र १ हजार ५ सय ९७ दलित छात्रले छात्रवृत्ति पाए। वैदेशिक रोजगारीमा गएर मृत्यु भएका परिवारका २४ जना बालबालिकाले छात्रवृत्ति पाए।

यस वर्ष स्याङ्जा जिल्लामा यौन दुर्व्यवहारका घटनामा दुई र बलात्कारका घटनामा चार जना बालिका पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

अभिलेखित घटनामध्ये बलात्कारका दुई घटनाका आरोपितहरूलाई जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा पठायो। बलात्कारका दुई घटनाका आरोपित र यौन दुर्व्यवहारका एक घटनाका आरोपित वर्षको अन्त्यसम्म गिरफ्तार भएनन्।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यो वर्ष घरेलु हिंसा पीडित भन्दै ३१ जना महिलाले जिल्ला प्रहरी कार्यालयको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमा कुटपिट गरी घर निकाला गरिएका १२, खानलाउन नदिएका चार, विवाह दर्ता, जन्मदर्ता र नागरिकता नबनाएका एक र सामान्य घरायसी झगडाका १४ उजुरी छन्। यी मध्ये प्रहरीले २५ ओटामा मिलापत्र गरायो भने ६ ओटा उजुरी कारवाही प्रक्रियामा रहेको जिल्ला प्रहरी कार्यालयकी असई धनमाया शाक्यले बताइन्।

यो वर्ष स्याङ्जा जिल्लामा घरेलु हिंसाका घटनामा ५७, बलात्कारका घटनामा ६ र पारिवारिक हत्याका घटनामा एक जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

अभिलेखित घटनामध्ये बलात्कारका पाँच घटनाका आरोपितलाई जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा पठायो भने एक घटनाका आरोपित वर्षको अन्त्यसम्म गिरफ्तार भएनन्। पारिवारिक हत्याका एक घटनाका आरोपितलाई अदालतले पुर्पक्षका लागि थुनामा पठायो।

पारिवारिक हत्या

पुतलीबजार नगरपालिका- ८ बहाकोटकी ४० वर्षीया मन्जु दमाइको ४८ वर्षीय पति गोपाल दमाइले २०७९ भदौ १४ गते हत्या गरेको आरोपमा प्रहरीले गिरफ्तार गऱ्यो। आरोपितले घरभित्र लाठी मुडा तथा ढोकाको गजबारले टाउकोमा प्रहार गरि घाइते बनाएपछि मणिपाल शिक्षण अस्पताल, पोखरामा भदौ १६ गते मृत्यु भएको थियो। आरोपित जिल्ला अदालतको असोज ४ गतेको आदेशले पुर्पक्षको लागि थुनामा रहेका छन्। यस वर्षको अन्त्यसम्म मुद्दाको फैसला नभएको जिल्ला अदालत स्याङ्जाका सेस्तेदार विश्वप्रसाद रेग्मीले बताए।

स्वास्थ्य सेवाको अवस्था

जिल्लामा तीन सरकारी अस्पताल, दुई सामुदायिक अस्पताल, ६७ स्वास्थ्य चौकी, प्राथमिक स्वास्थ्य केन्द्र, ४६ नगर स्वास्थ्य केन्द्र छन्। सदरमुकामस्थित सरकारी अस्पतालमा एक जना विशेषज्ञको दरबन्दी रहेकोमा पद रिक्त छ। स्वास्थ्य कार्यालय, स्याङ्जाका सूचना अधिकारी विष्णुप्रसाद सुवेदीका अनुसार सो पद करिब दुई महिना अघिदेखि रिक्त रहेको हो। डाक्टरको सरुवा भएपछि यहाँ सरकारले अर्को विशेषज्ञ डाक्टर पठाएको छैन। ४ सय ५० जना स्वास्थ्यकर्मीको दरबन्दीमा २५ खाली छन्। जिल्लामा १ लाख १५ हजार ४ सय ८१ जनाले बीमा गराएर सेवा लिइरहेका छन्। ज्येष्ठ नागरिकका लागि नि:शुल्क बीमा कार्यक्रममा १७ हजार ८८ जनाको बीमा गरिएको छ।

प्रतिनिधिसभा तथा प्रदेशसभा निर्वाचन २०७९

यस वर्ष सम्पन्न भएको प्रतिनिधिसभा निर्वाचनमा स्याङ्जा जिल्लामा २ लाख ४४ हजार ८९ मतदाता मध्ये १ लाख ४० हजार ७ सय ४० (५७.६५ प्रतिशत) ले मतदान गरे। यसैगरी प्रदेशसभा तर्फ १ लाख ४० हजार ६ सय ६० (५७.६२ प्रतिशत) ले मतदान गरे।

सन् २०२२ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या


बाल अधिकार			
घटनाको प्रकार	**अनुसन्धान**	**कानुनी दायरामा ल्याइएका**	**जम्मा**
बलात्कार	२	२	४
यौन दुर्व्यवहार		१	१
जम्मा	२	३	५

महिला अधिकार					
घटनाको प्रकार	**अनुसन्धान**	**मिलापत्र**	**मुद्दा टुङ्गिएका**	**कानुनी दायरामा ल्याइएका**	**जम्मा**
घरेलु हिंसा		५२	२	३	५७
बलात्कार	१			५	६
जम्मा	१	५२	२	८	६३

मारिएकाको घटना सङ्ख्या			
घटनाको प्रकार	**मुद्दा टुङ्गिएका**	**कानुनी दायरामा ल्याइएका**	**जम्मा**
हत्या	२	३	५

४.१० पर्वत

जम्मा जनसङ्ख्या	१,३२,७०३
महिला	६५,५७५
प्रतिनिधिसभा निर्वाचन क्षेत्र	१
प्रदेशसभा निर्वाचन क्षेत्र	२
गरिबीको रेखामुनि रहेको सङ्ख्या	१८,४२६
कामका लागि बाहिरिएका	२१,७३५
अपाङ्गता भएका	३,६५३
५ वर्षमाथिको साक्षरता प्रतिशत	७३.८
आश्रित जनसङ्ख्या	६२,४८८



यस वर्ष पर्वत जिल्लामा ज्यादतीका घटनामा अन्यपक्षबाट २३ जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा चार जना बालिका तथा महिला अधिकार उल्लङ्घनका घटनामा १६ जना महिला पीडित भए।

घटनाको प्रकार		अन्यपक्षबाट	
		महिला	जम्मा
अपहरण		१	१
हत्या		३	३
बाल अधिकार	बलात्कार	१	१
	यौन दुर्व्यवहार	३	३
	जम्मा	४	४
महिला अधिकार	घरेलु हिंसा	१६	१६
	जम्मा	१६	१६
कूल जम्मा		२३	२३

कारागार र बन्दी

२५ जनाको क्षमता भएको पर्वत जिल्ला कारागारमा ९५ पुरुष र चार जना महिला गरी ९९ जना कैदीबन्दी रहेका छन्। कारागारमा आश्रित बालबालिका छैनन्। क्षमता भन्दा बढी कैदीबन्दी भएकाले कोचिएर बस्नुपर्ने बाध्यता छ। पर्वत कारागारमा खानेपानी, पत्रपत्रिका, रेडियो, टेलिभिजन, खेलकुदका सामग्रीमा भलिबल, चेस, लुँडो र क्यारमबोर्ड र पुस्तकालयको व्यवस्था गरिएको निमित्त जेलर हरिकृष्ण शर्माले बताए। कारागारमा तीन जना ज्येष्ठ नागरिक रहेका छन्। कैदीबन्दीहरूको नियमित स्वास्थ्य जाँचका लागि एक जना अहेबको दरबन्दीमा

कार्यरत छन्। गत मङ्सिरमा सम्पन्न निर्वाचनमा ३० जना कैदीबन्दीले मतदान गरे।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत

एक जना न्यायाधीश रहेको पर्वत जिल्ला अदालतबाट यो वर्ष फौजदारी मुद्दातर्फ ८८ थानमध्ये २० थान मुद्दा फैसला भए। देवानी मुद्दातर्फ १ सय ८१ थानमध्ये ५९ थान मुद्दा फैसला भए। यस अदालतमा एक वर्ष नाघेका फौजदारी मुद्दा १० थान छन् भने देवानी मुद्दा १८ थान बाँकी छ। यस अदालतमा दुई वर्ष नाघेका फौजदारी मुद्दा पाँच थान छन् भने देवानी मुद्दा पाँच थान बाँकी छ। यस वर्ष स्थानीय तहको निर्वाचन र प्रतिनिधिसभा तथा प्रदेशसभाको निर्वाचनका कारण मुद्दा कम मात्रामा फैसला भएको जिल्ला अदालतका सेस्तेदार राजु ढुङ्गानाले बताए।

बाल अधिकार

शिक्षाको अवस्था

यस जिल्लामा २ सय ५ आधारभूत र ७८ माध्यमिक विद्यालय छन्। १ हजार ७ सय ९ शिक्षक दरबन्दी रहेकामा १ सय ३० ओटा दरबन्दी मिलान हुन बाँकी रहेको छ। नयाँ विद्यार्थी भर्नासम्बन्धी तथ्याङ्क स्थानीय तहहरूले उपलब्ध नगराएका कारण समस्या भएको र अद्यावधिक हुन नसकेको शिक्षा विकास तथा समन्वय इकाइ प्रमुख उद्दिमराज पौडेलले बताए। जिल्लामा सात अपाङ्गतामैत्री विद्यालय छन्। दलित, अपाङ्गलाई निःशुल्क शिक्षाको व्यवस्था गरिएको छ। पर्वतमा सञ्चालित दृष्टिविहीन स्रोत कक्षा ११ र १२ मा अध्ययनरत विद्यार्थीहरुले ब्रेललिपीबाट पठनपाठन गर्न पाएका छैनन्।

यस वर्ष पर्वत जिल्लामा यौन दुर्व्यवहारका घटनामा तीन र बलात्कारका घटनामा एक जना बालिका पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

अभिलेखित घटनामध्ये बलात्कारका एक घटनाका आरोपितलाई जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा पठायो भने एक घटनाका आरोपितलाई सफाइको फैसला सुनायो। यौन दुर्व्यवहारका एक घटनाका आरोपितलाई अदालतले पुर्पक्षका लागि थुनामा पठायो भने दुई घटनाका आरोपितलाई धरौटीमा रिहा गऱ्यो। एक घटनाका आरोपितलाई अदालतले सफाइ दियो।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यो वर्ष घरेलु हिंसा पीडित भन्दै १ सय २७ जना महिलाले जिल्ला प्रहरी कार्यालयको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दर्ता गराए। दर्ता गरिएका उजुरीमध्ये १ सय २ उजुरीमा मेलमिलाप भयो भने सात उजुरी अदालतमा पठाएको महिला बालबालिका सेवा केन्द्र जिल्ला प्रहरी कार्यालय, पर्वतका इञ्चार्ज पूर्णिमा थापाले बताइन्। अन्य १८ उजुरी न्यायिक प्रक्रियामा रहेका छन्।

यो वर्ष पर्वत जिल्लामा घरेलु हिंसाका घटनामा १६ र पारिवारिक हत्याका घटनामा दुई जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

अभिलेखित घटनामध्ये बलात्कार प्रयासका एक घटनाका आरोपितलाई जिल्ला अदालतले सफाइ दियो। पारिवारिक हत्याका दुई घटनाका आरोपितलाई अदालतले पुर्पक्षका लागि थुनामा पठायो।

पारिवारिक हत्या

बागलुङ नगरपालिका-६ स्थायी घर भई कुश्मा नगरपालिका- ४ डम्डारेखोलाका ४१ वर्षीया सीता परियारको ०७८ माघ २८ गते पति ४३ वर्षीय राजु परियारले घरायसी झैझगडाका कारण हत्या गरेको आरोपमा पीडित पक्षले प्रहरीमा उजुरी दियो। जिल्ला प्रहरी कार्यालय, पर्वतले माघ २८ गते आरोपितलाई गिरफ्तार गऱ्यो। प्रहरीले आरोपितविरुद्ध ०७८ फागुन १ गते सरकारी वकिल कार्यालय, पर्वतमार्फत कर्तव्य ज्यान कसुरमा अनुसन्धानका लागि पाँच दिनको म्याद थप गऱ्यो। शवको पोष्टमार्टम माघ २९ गते पर्वत अस्पतालमा भयो। पोष्टमार्टमपछि शव महिलाका माइती पक्षले बुझी माघ २९ गते सद्गत गरे। प्रहरीले आरोपितविरुद्ध फागुन ६ गते जिल्ला अदालतमा कर्तव्य ज्यानसम्बन्धी मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको २०७८ फागुन २२ गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठाउने आदेश गऱ्यो। यो वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएन।

स्वास्थ्य सेवाको अवस्था

जिल्लामा एक सरकारी अस्पताल, ५२ स्वास्थ्य चौकी, दुई प्राथमिक स्वास्थ्य केन्द्र र पाँच नगर स्वास्थ्य केन्द्र छन्। सदरमुकामस्थित सरकारी अस्पतालमा एक जना विशेषज्ञको दरबन्दी रहेको छ। एक जना मेडिकल अधिकृतको दरबन्दी रहेको छ। जसमध्ये चार जना मेडिकल अधिकृत करारमा कार्यरत

छन्। ६ जना स्टाफ नर्सको दरबन्दी रहेकोमा दरबन्दीमा एक जना मात्रै कार्यरत छन् भने तीन जना करार सेवामा रहेका छन्। प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी र नगर स्वास्थ्य केन्द्रलाई स्थानीय तहबाटै हेरिने भएकाले त्यहाँ कार्यरत कर्मचारीको तथ्याङ्क अपडेट नरहेको मेडिकल सुपरिटेण्डेन्ट रुक्मिनी अधिकारीले बताइन्। पर्वतका ६१ ओटै वडामा स्वास्थ्य बीमा कार्यक्रम लागु भएको छ। हालसम्म करिब ३९ हजार जनाले स्वास्थ्य बीमा गराएको जिल्ला अस्पतालका अध्यक्ष शङ्कर गिरीले बताए।

एक स्थानीय तह एक अस्पताल कार्यक्रम अन्तर्गत पर्वतको कुश्मा नगरपालिका, महाशिला गाउँपालिकामा अस्पताल निर्माण सम्पन्न भई सेवा सुचारु भएको छ। विहादी गाउँपालिका पहिलो चरणको कार्यक्रममा समावेश हुन सकेन। जलजला गाउँपालिकामा अस्पताल निर्माणाधीन अवस्थामा छ । मोदी गाउँपालिकामा जग्गाको विवादले गर्दा निर्माण कार्य सुरु नभएको गाउँपालिकाका उपाध्यक्ष विमल लामिछानेले बताए।

प्रतिनिधिसभा तथा प्रदेशसभा निर्वाचन २०७९

यस वर्ष सम्पन्न भएको प्रतिनिधिसभा निर्वाचनमा पर्वत जिल्लामा १ लाख २२ हजार ६ सय ४९ मतदाता मध्ये ६६ हजार १ सय २९ (५३.९१ प्रतिशत) ले मतदान गरे। यसैगरी प्रदेशसभा तर्फ ६५ हजार ९ सय ७५ (५३.७९ प्रतिशत) ले मतदान गरे।

सन् २०२२ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

बाल अधिकार		
घटनाको प्रकार	कानुनी दायरामा ल्याइएका	जम्मा
बलात्कार	१	१
यौन दुर्व्यवहार	३	३
जम्मा	४	४

बाल अधिकार			
घटनाको प्रकार	मेलमिलाप	कानुनी दायरामा ल्याइएका	जम्मा
घरेलु हिंसा	१५	१	१६
जम्मा	१५	१	१६

मारिएकाको घटना सङ्ख्या		
घटनाको प्रकार	कानुनी दायरामा ल्याइएका	जम्मा
हत्या	२	२

४.११ बागलुङ



जम्मा जनसङ्ख्या	२,५०,५५४
महिला	१,३३,३६५
प्रतिनिधिसभा निर्वाचन क्षेत्र	२
प्रदेशसभा निर्वाचन क्षेत्र	४
गरिबीको रेखामुनि रहेको सङ्ख्या	६१,१६३
कामका लागि बाहिरिएका	४२,६२३
अपाङ्गता भएका	६,१७५
५ वर्षमाथिको साक्षरता प्रतिशत	७१.५
आश्रित जनसङ्ख्या	१,२१,५३५

यस वर्ष बागलुङ जिल्लामा मानव अधिकार उल्लङ्घनका घटनामा राज्यपक्षबाट १६ जना पुरुष तथा ज्यादतीका घटनामा अन्यपक्षबाट ७८ जना महिला र सात जना पुरुष पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा दुई बालक र २३ जना बालिका तथा महिला अधिकार उल्लङ्घनका घटनामा ५० जना महिला पीडित भए।

कारागार र बन्दी

२५ जना महिला र ५० जना पुरुषको क्षमता भएको जिल्ला कारागार, बागलुङमा आठ जना महिला र १ सय ५६ जना पुरुष गरी १ सय ६४ कैदीबन्दी छन्। कारागारमा आश्रित बालक दुई र बालिका एक जना रहेका छन्। कैदीबन्दीको नियमित स्वास्थ्य जाँचका लागि एक जना अहेबको दरबन्दी रहेको छ। कारागारमा एक जना पुरुष ज्येष्ठ नागरिक रहेको जिल्ला कारागार प्रमुख दिलबहादुर केसीले बताए। प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनमा कारागारका ५१ जना कैदीबन्दीले मतदान गरे।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत

एक जना न्यायाधीश दरबन्दी रहेको जिल्ला अदालतमा यो वर्ष फौजदारी मुद्दातर्फ २ सय ४६ थानमध्ये ९४ थान मुद्दा फैसला भए। देवानी मुद्दातर्फ ४ सय ६७ थानमध्ये २ सय ६६ थान मुद्दा फैसला भए। यस अदालतमा दुई वर्ष नाघेका फौजदारी मुद्दा सात थान र देवानी मुद्दा २१ थान बाँकी छन्।

उच्च अदालत बागलुङ इजलास

चार जना न्यायाधीशको दरबन्दी रहेको उच्च अदालत बागलुङमा एक जना न्यायाधीशको दरबन्दी रिक्त छ। यस वर्षका लागि दुनियावादी देवानीका ३७ थान, दुनियावादी फौजदारीका २४ थान, सरकारवादी फौजदारीका ८४ थान र सुरू क्षेत्राधिकारबाट तीन थान मुद्दा जिम्मेवारी सरेका थिए। ०७८ पुस १७ देखि ०७९ पुस १६ गतेसम्म दर्ता भएका फौजदारी मुद्दाको सरकारवादीतर्फ २ सय १० थान उजुरी परे। अघिल्लो वर्षका जिम्मेवारी सरेका समेत ३ सय १४ थान मुद्दा

फैसला भए।

घटनाको प्रकार		राज्यपक्षबाट		अन्यपक्षबाट		
		पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
गिरफ्तारी		३	३			
कुटपिट				१	१	२
हत्या				२		२
अभिव्यक्ति, भेला तथा सङ्गठित हुने अधिकार		१३	१३			
धम्की				२	४	६
बाल अधिकार	बालविवाह			१		१
	विद्यालयमा शारीरिक सजाय				१	१
	बलात्कार			१४		१४
	यौन दुर्व्यवहार			८	१	९
	जम्मा			२३	२	२५
महिला अधिकार	घरेलु हिंसा			३६		३६
	बहुविवाह			५		५
	बलात्कार			४		४
	बलात्कार प्रयास			४		४
	जम्मा			५०		५०
कूल जम्मा		१६	१६	७८	७	८५

बाल अधिकार

शिक्षाको अवस्था

यस जिल्लामा ४ सय ३१ आधारभूत र १ सय ४२ माध्यमिक विद्यालय छन्। २ हजार ९ सय ६५ शिक्षक दरबन्दी रहेकामा पाँच ओटा दरबन्दी मिलान हुन बाँकी रहेको छ। यस वर्ष ४० हजार ४ सय २९ बालक र ३७ हजार ९ सय ५९ जना बालिका विद्यालय भर्ना भए। यस वर्ष जिल्लाभर १४ हजार १ सय ६६ दलित बालक र १३ हजार ७ सय ४२ दलित बालिका विद्यालय भर्ना भए। वैदेशिक रोजगारीमा गएर मृत्यु भएका परिवारका ७६ जना बालबालिकाले छात्रवृत्ति पाए।

यस वर्ष बागलुङ जिल्लामा यौन दुर्व्यवहारका घटनामा नौ, बलात्कारका घटनामा १४ र बालविवाहका घटनामा एक जना बालिका पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

अभिलेखित घटनामध्ये बलात्कारका आठ घटनाका आरोपितलाई जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा पठायो भने दुई घटनाका आरोपितलाई बाल सुधार गृह पठायो। एक घटनाका आरोपितलाई अदालतले अभिभावकको जिम्मा लगायो भने एक घटनाका आरोपित प्रहरी अनुसन्धानमै रहे। यौन दुर्व्यवहारका तीन घटनाका आरोपितलाई अदालतले पुर्पक्षका लागि थुनामा पठायो भने एक घटनाका आरोपितलाई कैद तथा जरिवानाको फैसला सुनायो। दुई घटनाका आरोपितलाई अदालतले अभिभावकको जिम्मा लगायो भने एक घटनाका आरोपित वर्षको अन्त्यसम्म गिरफ्तार भएनन्। एक घटनाका आरोपित प्रहरी अनुसन्धानमै रहे। बालकलाई यौन दुव्यवहार गरेको एक घटनाका आरोपितलाई अदालतले पुर्पक्षका लागि थुनामा पठायो। बालविवाहका एक घटनाका आरोपितलाई अदालतले कैद र जरिवानाको फैसला सुनायो।

बलात्कार, यौन दुर्व्यवहार

१४ वर्षीया बालिकालाई २०७८ पुस २५ गते यौन दुर्व्यवहार गरेको भन्दै पर्वत जिल्ला कुश्मा नगरपालिका-११ सिल्मीका २१ वर्षीय सागर नेपालीविरुद्ध पीडित पक्षले पुस २६ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। प्रहरीले आरोपितलाई पुस २७ गते घरबाट गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण पुस २६ गते धौलागिरी अस्पतालमा भयो। प्रहरीले आरोपतविरुद्ध जिल्ला सरकारी वकिल कार्यालयमार्फत २०७८ माघ २० गते जिल्ला अदालतमा जबरजस्तीकरणी उद्योग शीर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतले ०७८ माघ २३ गते आरोपितलाई पुर्पक्षको लागि थुनामा पठायो। जिल्ला न्यायाधीश डा.दिवाकर भट्टको २०७९ असार २४ गतेको इजलासले अभियोग दावी पुग्ने ठहर गर्दै आरोपितलाई ६ वर्ष कैद र ३० हजार क्षतिपूर्ति फैसला गरेको जिल्ला अदालत बागलुङका श्रेस्तेदार सूर्यप्रसाद भण्डारीले बताए।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यो वर्ष घरेलु हिंसा पीडित भन्दै ३२ जना महिलाले जिल्ला प्रहरी कार्यालयको महिला,

बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमा कुटपिट गरी घरनिकाला गरिएका १०, खानलाउन नदिएका पाँच, विवाह दर्ता, दाइजो नल्याएको भनी हेला गरेको तीन र सामान्य घरायसी झगडाका १४ उजुरी छन्। यीमध्ये प्रहरीले २२ ओटामा मिलापत्र गरायो भने १० ओटा उजुरी कारबाही प्रक्रियामा रहेको जिल्ला प्रहरी कार्यालय, बागलुङका एसपी दयानिधि ज्ञवाललीले बताए।

यो वर्ष बागलुङ जिल्लामा घरेलु हिंसाका घटनामा ३७, बलात्कारका घटनामा चार, बलात्कार प्रयासका घटनामा चार, बहुविवाहका घटनामा पाँच र हत्यापछि बलात्कारको घटनामा एक जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

अभिलेखित घटनामध्ये बलात्कारका चार घटनाका आरोपितलाई जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा पठायो। बलात्कार प्रयासका एक घटनाका आरोपितलाई अदालतले कैद तथा जरिबानाको फैसला सुनायो भने एक घटनाका आरोपितलाई सफाइ दियो। दुई घटनाका आरोपित वर्षको अन्त्यसम्म प्रहरी अनुसन्धानमै रहे। बहुविवाहका एक घटनाका आरोपितलाई अदालतले कैद र जरिवानाको फैसला सुनायो भने एक घटनाका आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। एक घटनाका एक आरोपितलाई अदालतले कैद र एक आरोपितलाई सफाइ दियो। हत्यापछि बलात्कार घटनाका आरोपितलाई अदालतले पुर्पक्षका लागि थुनामा पठायो।

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

२७ वर्षीया महिलालाई ४९ वर्षीय रमाकान्त सापकोटाले ०७८ चैत १४ गते बलात्कार प्रयास गरेको भन्दै पीडित पक्षले चैत १५ गते जिल्ला प्रहरी कार्यालय, बागलुङमा लिखित उजुरी दिए। पीडित पक्षको उजुरीपछि प्रहरीले आरोपितलाई चैत १५ गते गिरफ्तार गऱ्यो। प्रहरीले सापकोटा विरुद्ध ०७९ वैशाख ७ गते जिल्ला अदालत बागलुङमा जबरजस्तीकरणी उद्योग कसुरमा मुद्दा दर्ता गऱ्यो। जिल्ला न्यायाधीश डा. दिवाकर भट्टको ०७९ असोज ५ गतेको इजालासले कसुर ठहर हुने भन्दै ३ वर्ष ६ महिना कैद सजाय र ५० हजार रुपियाँ क्षतिपुर्ति तोकेको छ। पीडित महिलाको स्वास्थ्य परीक्षण चैत १५ गते धौलागिरी अस्पताल, बागलुङमा भयो।

पारिवारिक हत्या

बागलुङ नगरपालिका-१४ नमुना गाउँकी ४२ वर्षीया तीला नेपालीलाई ०७८ चैत २ गते ढुङ्गा प्रहार गरी हत्या प्रयास गरेको आरोपमा ५५ वर्षीय पति रत्नबहादुर नेपालीलाई जिल्ला प्रहरी कार्यालय, बागलुङले चैत २ गते गिरफ्तार गऱ्यो। आरोपित रत्नबहादुरले प्रहार गरेको ढुङ्गाले टाउकोमा लागेर गम्भीर घाइते भएकी तिलाको चैत ३ गते धौलागिरी अस्पताल बागलुङमा उपचारको क्रममा निधन भयो। प्रहरीले आरोपितविरुद्ध २०७८ चैत २८ गते जिल्ला अदालत, बागलुङमा कर्तव्य ज्यान शीर्षकमा मुद्दा दर्ता गऱ्यो । आरोपित जिल्ला अदालतको चैत २९ गतेको आदेशले पुर्पक्षको लागि थुनामा रहेका छन्। शवको चैत ३ गते धौलागिरी अस्पताल बागलुङमा पोष्टमार्टम भयो। यसवर्षको अन्त्यसम्म मुद्दा फैसला नभएको जिल्ला अदालत बागलुङका श्रेस्तेदार सुर्यप्रसाद भण्डारीले बताए।

हत्यापछि बलात्कार

बागलुङ नगरपालिका-१ माझीबस्ती बस्ने ४० वर्षीया फुलमाया माझीलाई हत्यापछि बलात्कार गरेको आरोपमा प्रहरीले बागलुङ नगरपालिका-१ का २६ वर्षीय प्रकाश योगीलाई कात्तिक ४ गते गिरफ्तार गऱ्यो। पीडित महिला असोज ३० गते बिहान ज्याला मजदुरी गर्न गएको र राति अबेरसम्म घर नफर्किएपछि परिवारले खोजी गर्दा सोही दिन बागलुङ नगरपालिका-१ गणेशघुम्तीमा हत्या गरिएको अवस्थामा शव फेला परेको थियो। प्रहरीले अनुसन्धान पुरा गरी ०७९ कात्तिक २९ गते जिल्ला अदालत बागलुङमा कर्तव्य ज्यान, जबरजस्ती करणी र डाँका चोरी कसुर शीर्षकमा मुद्दा दर्ता गऱ्यो। आरोपित अदालतको कात्तिक ३० गतेको आदेशले पुर्पक्षको लागि थुनामा रहेका छन्। शवको पोष्टमार्टम असोज ३१ गते धौलागिरी अस्पताल, बागलुङमा गरियो। यस वर्षको अन्त्यसम्म मुद्दा फैसला नभएको जिल्ला अदालत, बागलुङका स्रेस्तेदार सूर्यप्रसाद भण्डारीले बताए।

स्वास्थ्य सेवाको अवस्था

जिल्लामा एक सरकारी अस्पताल, दुई सामुदायिक अस्पताल, ५८ स्वास्थ्य चौकी, तीन प्राथमिक स्वास्थ्य केन्द्र, १५ सहरी स्वास्थ्य केन्द्र र १८ सामुदायिक स्वास्थ्य केन्द्र छन्। सदरमुकामस्थित

सरकारी अस्पतालमा १८ जना विशेषज्ञको दरबन्दीमा १६ जनाको दरबन्दी रिक्त छ। ६० जना स्वास्थ्यकर्मीको दरबन्दीमा २२ जना कार्यरत छन्। जिल्लामा ८८ हजार ४१ जनाले बीमा गराएर सेवा लिइरहेका छन्। ज्येष्ठ नागरिकका लागि नि:शुल्क बीमा कार्यक्रममा ३८ हजार ६ सय १७ जनाको बीमा गरिएको छ।

२०७७ मङ्सिर १५ गते शिलान्यास भएका ६ अस्पतालमध्ये कुनैको पनि निर्माण कार्य पूरा भएको छैन। सबै अस्पतालको निर्माण कार्य शुरू भएको छ।

प्रतिनिधिसभा तथा प्रदेशसभा निर्वाचन २०७९

यस वर्ष सम्पन्न भएको प्रतिनिधिसभा निर्वाचनमा बागलुङ जिल्लामा १ लाख ९२ हजार २ सय २७ मतदाता मध्ये १ लाख ३ हजार ५ सय ६६ (५३.८७ प्रतिशत) ले मतदान गरे। यसैगरी प्रदेशसभा तर्फ १ लाख २ हजार १ सय ९१ (५३.१६ प्रतिशत) ले मतदान गरे।

सन् २०२२ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

बाल अधिकार					
घटनाको प्रकार	**अनुसन्धान**	**मेलमिलाप**	**मुद्दा टुङ्गिएका**	**कानुनी दायरामा ल्याइएका**	**जम्मा**
बालविवाह			१		१
विद्यालयमा शारीरिक सजाय		१			१
बलात्कार	१			११	१२
यौन दुर्व्यवहार	३		१	५	९
जम्मा	४	१	२	१६	३३

महिला अधिकार					
घटनाको प्रकार	**अनुसन्धान**	**मेलमिलाप**	**मुद्दा टुङ्गिएका**	**कानुनी दायरामा ल्याइएका**	**जम्मा**
घरेलु हिंसा	६	३९		१	३६
बहुविवाह	१		३	१	५
बलात्कार			१	३	४
बलात्कार प्रयास	१			२	३
जम्मा	९	३९	४	६	४९

मारिएकाको घटना सङ्ख्या		
घटनाको प्रकार	**कानुनी दायरामा ल्याइएका**	**जम्मा**
हत्या	२	२



लुम्बिनी प्रदेश

- क्षेत्रफल : १५,७३७ वर्ग कि.मि.
- जनसङ्ख्या : ५१,२४,२२५
- साक्षरता प्रतिशत : ६७.६७
- जिल्ला : १२
- निर्वाचन क्षेत्र (प्रतिनिधिसभा) : २६
- निर्वाचन क्षेत्र (प्रदेशसभा) : ५२
- उपमहानगरपालिका : ४
- नगरपालिका : ३२
- गाउँपालिका : ७३
- कूल वडा सङ्ख्या : ५८३



लुम्बिनी प्रदेश परिचय ५

'समृद्ध लुम्बिनी आत्मनिर्भर प्रदेश' नीतिलाई प्राथमिकतामा राखेको यस प्रदेशले आफ्नो पहिलो कार्यकालमा ८४ ओटा कानुन निर्माण गऱ्यो। प्रदेशका नागरिक र प्रदेश सरकारबीच सूचना आदान प्रदानमा सहजता ल्याउन एवम् प्रदेशबासीका गुनासालाई सम्बोधन गरी सेवा प्रवाहमा सुधार ल्याउन 'हेलो मुख्यमन्त्री कक्ष' स्थापना गरी सञ्चालनमा ल्याएको छ। यसैगरी, मुख्यमन्त्री शैक्षिक सुधार कार्यक्रम सञ्चालन गरी शिक्षाको स्तर सुधारका लागि कार्यारम्भ गरेको छ। जनता आवास कार्यक्रम मार्फत ३ सय ५० ओटा आवास निर्माण गरी हस्तान्तरण गरिएको छ।

यो वर्ष लुम्बिनी प्रदेशका १ सय ९ स्थानीय तहमध्ये तीन स्थानीय तहमा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटना अभिलेख भएनन्। सिद्धार्थनगर नगरपालिकामा सबैभन्दा बढी १ सय ५३ जना पीडित भएका घटना इन्सेकले अभिलेख गऱ्यो। ५४ स्थानीय तहमा एकदेखि १० जना पीडितको अभिलेख भयो। २० स्थानीय तहमा ११ देखि २० जना पीडितको अभिलेख भयो। ११ स्थानीय तहमा २१ देखि २९ जना पीडितको अभिलेख भयो। ३० जनाभन्दा बढी पीडित भएका २१ स्थानीय तह रहे। लुम्बिनी प्रदेशमा राज्यपक्षबाट भएका मानव अधिकार उल्लङ्घनका घटनामा ६६ जना र अन्य पक्षबाट भएका मानव अधिकार ज्यादतीका घटनामा २ हजार १८ जना पीडित भए। महिला अधिकार उल्लङ्घनका घटनामा १ हजार ६ सय २३ र बाल अधिकार उल्लङ्घनका घटनामा २ सय ४२ जना पीडित भए।

निर्वाचन २०७९

स्थानीय तह निर्वाचनमा ३२ लाख १९ हजार ४ सय ५७ मतदातामध्ये १६ लाख १ हजार ३ सय ५२ जना महिला मतदाता थिए। लुम्बिनी प्रदेशका १ सय ९ स्थानीय तहमध्ये एक नगरपालिकाका प्रमुख, एक गाउँपालिकाका अध्यक्ष, ३० नगरपालिकाका उपप्रमुख, ५९ गाउँपालिकाका उपाध्यक्ष र १४ ओटा वडाका वडाध्यक्ष पदमा महिला निर्वाचित भए।

यो वर्ष लुम्बिनी प्रदेशमा ३२ लाख ४९ हजार ६ सय ३७ मतदातामध्ये ३४ जना यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक र १६ लाख १२ हजार ४ सय ७१ जना महिला मतदाता थिए। प्रदेश सभातर्फ ६२.६० र प्रतिनिधि सभातर्फ ६२.७२ प्रतिशतले मतदान गरे। जसमध्ये प्रत्यक्ष निर्वाचनबाट एक जना महिला प्रदेश सभामा र एक जना महिला प्रतिनिधि सभामा निर्वाचित भए।

सन् २०२२ मा सम्पन्न निर्वाचनसँग सम्बन्धित मानव अधिकार उल्लङ्घन र ज्यादतीका १२ घटनामा यस प्रदेशभित्र ३६ जना पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। राज्यपक्षबाट भएका एक प्रकारका घटनामा दुई जना र अन्यपक्षबाट भएका तीन प्रकारका घटनामा ३४ जना पीडित भए।



५.१ रुकुम पूर्व



जम्मा जनसङ्ख्या	५७,५६२
महिला	२५,७३६
प्रतिनिधिसभा निर्वाचन क्षेत्र	१
प्रदेशसभा निवांचन क्षेत्र	२
गरिबीको रेखामुनि रहेको सङ्ख्या	उपलब्ध नभएको
कामका लागि बाहिरिएका	उपलब्ध नभएको
अपाङ्गता भएका	उपलब्ध नभएको
५ वर्षमाथिको साक्षरता प्रतिशत	६२.०५
आश्रित जनसङ्ख्या	उपलब्ध नभएको

यस वर्ष रुकुम पूर्वमा ज्यादतीका घटनामा अन्यपक्षबाट २५ जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा तीन जना र महिला अधिकार उल्लङ्घनका घटनामा २२ जना पीडित भए।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत

एक जना न्यायाधीश रहेको यस जिल्ला अदालतबाट फौजदारी मुद्दातर्फ ३१ थानमध्ये १८ थान मुद्दा फैसला भए भने १३ थान मुद्दा फैसला हुन बाँकी रहे। देवानी मुद्दातर्फ ७५ थानमध्ये ४६ थान मुद्दा फैसला भए भने २९ थान फैसला हुन बाँकी रहे। एक वर्ष नाघेका फौजदारी मुद्दा नभएको र देवानी मुद्दा एक थान रहेको छ।

बाल अधिकार

शिक्षाको अधिकार

जिल्लामा ९१ आधारभूत र २५ माध्यमिक विद्यालय छन्। ५ सय ४१ शिक्षक दरबन्दी रहेकामा प्रावि तर्फ ३ सय १२, निमावी तर्फ ६७ र मावि तर्फ ५३ दरबन्दी रहेकोमा कार्यरत छन्। यस वर्ष ९ हजार ७ सय ५५ जना बालक र ९ हजार ६ सय ४५ जना बालिका विद्यालय भर्ना भए। जसमा अपाङ्गता भएका ६० बालिका र ६२ बालक, दलित २ हजार ८ सय ७० जना बालक र ३ हजार ९ सय ९९ जना बालिका छन्। जिल्लामा एक ओटा अपाङ्गमैत्री विद्यालय छ। यस वर्ष दलित विद्यार्थीमध्ये २ हजार ५ सय २ छात्रा र ३ हजार ७ सय १ छात्रले छात्रवृत्ती

घटनाको प्रकार		अन्यपक्षबाट	
		महिला	जम्मा
बाल अधिकार	विद्यालयमा शारीरिक सजाय	१	१
	बलात्कार	३	३
	जम्मा	३	३
महिला अधिकार	घरेलु हिंसा	१९	१९
	बलात्कार	३	३
	जम्मा	३३	३३
कूल जम्मा		३५	३५

पाए। सरकारले कक्षा १२ सम्म नि:शुल्क शिक्षाको व्यवस्था गरेकोमा केही केही विद्यालयमा अभिभावकको स्वेच्छिक चन्दा तथा विद्यालयलाई सहयोग भनेर शुल्क लिने गरेको शिक्षा तथा समन्वय एकाइ प्रमुख तिलक गौतमले बताए।

यस वर्ष रुकुम पूर्वमा बलात्कारका घटनामा दुई जना बालिका पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

अभिलेखित घटनामध्ये बलात्कारका एक घटनाका आरोपितहरूलाई जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा पठायो। एक घटनाका आरोपित वर्षको अन्त्यसम्म गिरफ्तार भएनन्। यौन दुर्व्यवहारका दुई घटनाका आरोपितलाई अदालतले सफाइ दियो।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यो वर्ष घरेलु हिंसा पीडित भएको भन्दै १९ जना महिलाले जिल्ला प्रहरी कार्यालयको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमा कुटपिट तथा सामान्य घरायसी झगडाका १६ घटना रहेका छन्। त्यसैगरी खान लगाउन तथा पालनपोषण नगरेको एक घटना भएकोमा उक्त घटना पनि छलफलपछि परिवार सँगै मिलेर बसेको जिल्ला प्रहरी कार्यालयका महिला सेवा केन्द्रकी केशरीकला पुनले बताइन्।

यो वर्ष रुकुम पूर्व जिल्लामा बलात्कारका घटनामा तीन जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

अभिलेखित घटनामध्ये बलात्कारका दुई घटनाका आरोपितलाई जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा पठायो भने एक घटनाका आरोपितलाई सफाइ दियो। एक घटनाका आरोपित वर्षको अन्त्यसम्म गिरफ्तार भएनन्।

स्वास्थ्य सेवाको अवस्था

जिल्लामा एक जिल्ला अस्पताल, १५ स्वास्थ्य चौकी, एक प्राथमिक स्वास्थ्य केन्द्र, २३ आधारभूत स्वास्थ्य केन्द्र र ३९ खोप केन्द्र रहेका छन्। जिल्लामा एक डाक्टरको दरबन्दी रहेकामा कार्यरत रहेको र १ जना करारका सहित दुई जना डाक्टरहरू कार्यरत छन्। जिल्लामा विशेषज्ञ डाक्टरको दरबन्दी नौ रहेकोमा सबै रिक्त छ। यसैगरी जिल्ला अस्पतालमा मेडिकल अधिकृतको दरबन्दी सात रहेकोमा सबै कार्यरत रहेको सूचना अधिकारी प्रेमप्रसाद उपाध्यायले बताए। त्यस्तै जिल्ला अस्पतालमा ११ औँ तहको एक जना डाक्टरको दरबन्दी रहेकोमा उक्त दरबन्दी पनि रिक्त रहेको पाइयो। त्यसैगरी, अनमीको दरबन्दी ३३ रहेकोमा सबै कार्यरत छन्। जिल्ला अस्पतालले ७१ प्रकारका औषधि निशु:ल्क वितरण गर्ने गरेको छ।

प्रतिनिधि सभा तथा प्रदेश सभा निर्वाचन २०७९


यस वर्ष सम्पन्न भएको प्रतिनिधि सभा निर्वाचनमा रुकुम पूर्व जिल्लामा ३४ हजार १ सय १२ मतदाता मध्ये २० हजार ७ सय ५३ (६०.८३ प्रतिशत) ले मतदान गरे। यसैगरी प्रदेश सभा तर्फ २० हजार ७ सय ५९ (६०.८५ प्रतिशत) ले मतदान गरे।

सन् २०२२ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

बाल अधिकार				
घटनाको प्रकार	**मेलमिलाप**	**अनुसन्धान**	**कानुनी दायरामा ल्याइएका**	**जम्मा**
विद्यालयमा शारीरिक सजाय	१			१
बलात्कार		१	१	२
जम्मा	१	१	१	३

महिला अधिकार				
घटनाको प्रकार	**मेलमिलाप**	**अनुसन्धान**	**कानुनी दायरामा ल्याइएका**	**जम्मा**
घरेलु हिंसा	१८		१	१९
बलात्कार		१	२	३
जम्मा	१८	१	३	२२

५.२ रोल्पा



जम्मा जनसङ्ख्या	२,३६,२२६
महिला	१,२५,२६०
प्रतिनिधिसभा निर्वाचन क्षेत्र	१
प्रदेशसभा निर्वाचन क्षेत्र	२
गरिबीको रेखामुनि रहेको सङ्ख्या	५७,५०७
कामका लागि बाहिरिएका	२३,५५७
अपाङ्गता भएका	७,४५८
५ वर्षमाथिको साक्षरता प्रतिशत	५८.३
आश्रित जनसङ्ख्या	१,१३,५०३

यस वर्ष रोल्पा जिल्लामा मानव अधिकार उल्लङ्घनका घटनामा राज्यपक्षबाट एक जना पुरुष तथा ज्यादतीका घटनामा अन्यपक्षबाट ७८ जना महिला र चार जना पुरुष पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा चार जना र महिला अधिकार उल्लङ्घनका घटनामा ७३ जना पीडित भए।

कारागार तथा बन्दी

५० जनाको क्षमता भएको जिल्ला कारागार, रोल्पामा १० जना महिला र १ सय १२ जना पुरुष रहेका छन्। कैदीबन्दीहरूको नियमित स्वास्थ्य परीक्षणका लागि एकजना अहेबको दरबन्दी रहेको छ। जिल्ला कारागारका निमित्त प्रमुख यामलाल वलीका अनुसार कारागारमा खेल सामग्रीको व्यवस्था गरिएको छ।

थुनामा मृत्यु

चोरी मुद्दामा रोल्पा कारागारमा रहेका सुन्दर हरिजन ०७९ जेठ ४ गते शौचालयभित्र आफ्नै गलबन्दी पासो लाएर झुन्डिएको अवस्थामा फेला परे। अदालतको फैसला बमोजिम छुट्नु पर्नेमा हरिजनको नामबाट हातहतियार तथा खरखजना मुद्दाका विजयविक्रम शाह छुटेको र कैद भुक्तानी गरी पहिले छुट्नुपर्ने सुन्दर हरिजनको रोल्पा कारागारमा मृत्यु भएको घटनाका सम्बन्धमा इन्सेकले स्थलगत अनुगमन गऱ्यो। सार्वजनिक भएको प्रतिवेदनमा कारागार प्रशासनको निगरानी, नियमन र प्रत्यक्ष नियन्त्रणमा रहेका कैदीबन्दी सुन्दर हरिजन र विजयविक्रम शाह, आफूहरूले एक आपसमा भोगिरहेको सजाय समेतलाई सट्टपट्टा गर्ने कार्य कसरी सम्भव भयो ? यस घटनामा प्रत्यक्ष/परोक्ष तत्कालीन कारागार प्रशासनको समेत संलग्नता हुनसक्ने कुरालाई मध्यनजर राख्दै घटनामा संलग्नलाई कारबाहीको दायरामा ल्याउनु जरुरी रहेको उल्लेख छ। नेपाल सरकारले घटनाको सत्यतथ्य छानबिनका लागि गृहमन्त्रालयका सहसचिव सूर्यप्रसाद सेढाईंको नेतृत्वमा छानबिन समिति गठन गऱ्यो। यो वर्षको अन्त्यसम्म प्रतिवेदन सार्वजनिक भएन।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत

एक न्यायाधीश दरबन्दी रहेको जिल्ला अदालतमा यो वर्ष फौजदारी मुद्दातर्फ ९९ थानमध्ये २२ थान मुद्दा फैसला भए। देवानी मुद्दातर्फ २ सय ३८

घटनाको प्रकार		राज्यपक्षबाट		अन्यपक्षबाट		
		पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
कुटपिट				१	१	२
कारागारमा मृत्यु		१	१			
घाइते					३	३
सबै प्रकारका जातीय विभेद					१	१
बाल अधिकार	बलात्कार			१		१
	यौन दुर्व्यवहार			३		३
	जम्मा			४		४
महिला अधिकार	घरेलु हिंसा			७३		७३
	जम्मा			७३		७३
कूल जम्मा		१	१	७८	४	८२

थानमध्ये १ सय थान मुद्दा फैसला भए। यस अदालतमा दुई वर्ष नाघेका फौजदारी मुद्दा एक थान छन् भने देवानी मुद्दा तीन थान बाँकी छन्।

बाल अधिकार

शिक्षाको अवस्था

यस जिल्लामा ३ सय १३ आधारभूत र ९२ माध्यमिक विद्यालय छन्। १३ सय ५८ शिक्षक दरबन्दी रहेकामा ११ सय ५८ ओटा दरबन्दी मिलान हुन बाँकी रहेको छ। यस वर्ष ३८ हजार ७ सय ६७ बालक र ३९ हजार १ सय ३४ जना बालिका विद्यालय भर्ना भए। यस वर्ष जिल्लाभर ७ हजार १ सय ४१ दलित बालक र ७ हजार २ सय २४ दलित बालिका विद्यालय भर्ना भए। दलित विद्यार्थीमध्ये ७ हजार २ सय २४ छात्रा र ७ हजार १ सय ४१ छात्र रहेका छन्। वैदेशिक रोजगारीमा गएर मृत्यु भएका परिवारका ६३ जना बालबालिकाले छात्रवृत्ति पाए।

यस वर्ष रोल्पा जिल्लामा यौन दुर्व्यवहारका घटनामा तीन जना बालिका पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

अभिलेखित घटनामध्ये दुई आरोपितलाई अदालतले बाल सुधार गृह र एक आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यो वर्ष घरेलु हिंसा पीडित भन्दै ३२ जना महिलाले जिल्ला प्रहरी कार्यालयको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमा कुटपिट गरी घरनिकाला गरिएका २८ छन्। यीमध्ये प्रहरीले २४ ओटामा मेलमिलाप गरायो भने तीन उजुरी कारबाही प्रक्रियामा रहेको जिल्ला प्रहरी कार्यालयका डीएसपी विनोद घिमिरोले बताए।

यो वर्ष रोल्पा जिल्लामा घरेलु हिंसाका घटनामा ७३ जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

स्वास्थ्य सेवाको अवस्था

जिल्लामा एक सरकारी अस्पताल, ४९ स्वास्थ्य चौकी, दुई नगर स्वास्थ्य केन्द्र छन्। सदरमुकामस्थित सरकारी अस्पतालमा १० जना विशेषज्ञको दरबन्दीमा नौ जनाको दरबन्दी रिक्त छ। ६० जना स्वास्थ्यकर्मीको दरबन्दीमा २४ खाली, ३६ कार्यरत छन्। जिल्लामा ६ सय ९६ घरधुरीबाट ३ हजार ४ सय ८० जनाले स्वास्थ्य बीमा गराएर सेवा लिइरहेका छन्। ज्येष्ठ नागरिकका लागि निःशुल्क बीमा कार्यक्रममा पनि ६ सय ७९ जनाको बीमा गरिएको छ। ०७७ मङ्सिर १५ गते शिलान्यास भएका ६ अस्पतालमध्ये हालसम्म कुनै पनि अस्पतालको कार्यसम्पन्न भएको छैन।

प्रतिनिधि सभा तथा प्रदेश सभा निर्वाचन २०७९

यस वर्ष सम्पन्न भएको प्रतिनिधि सभा निर्वाचनमा रोल्पा जिल्लामा १ लाख ४५ हजार ४ सय ७१ मतदाता मध्ये ६७ हजार २१ (४६.०७ प्रतिशत) ले मतदान गरे। यसैगरी प्रदेश सभा तर्फ ६६ हजार ७ सय ४९ (४५.८८ प्रतिशत) ले मतदान गरे।

सन् २०२२ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

बाल अधिकार		
घटनाको प्रकार	कानुनी दायरामा ल्याइएका	जम्मा
बलात्कार	१	१
यौन दुर्व्यवहार	३	३
जम्मा	४	४

महिला अधिकार					
घटनाको प्रकार	अनुसन्धान	मुद्दा टुङ्गिएका	मेलमिलाप	कानुनी दायरामा ल्याइएका	जम्मा
घरेलु हिंसा	३	१	६६	३	७३

५.३ प्यूठान



जम्मा जनसङ्ख्या	२,३१,८४८
महिला	१,२७,३८५
प्रतिनिधिसभा निर्वाचन क्षेत्र	१
प्रदेशसभा निर्वाचन क्षेत्र	२
गरिबीको रेखामुनि रहेको सङ्ख्या	७२,७५१
कामका लागि बाहिरिएका	३६,८५८
अपाङ्गता भएका	५,५३०
५ वर्षमाथिको साक्षरता प्रतिशत	५७.७७
आश्रित जनसङ्ख्या	१,१५,३६१

यस वर्ष प्यूठान जिल्लामा ज्यादतीका घटनामा अन्यपक्षबाट ३५ जना महिला र १७ जना पुरुष पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा तीन जना र महिला अधिकार उल्लङ्घनका घटनामा २९ जना पीडित भए।

अमानवीय व्यवहार

मल्लरानीगाउँपालिका- २ का गाउँपालिका अध्यक्ष ४९ वर्षीय अमरध्वज राना र सोही पालिकामा कार्यरत गाउँपालिकका प्रमुख प्रशासकीय अधिकृत ऐरावती गाउँपालिका-६ का ३१ वर्षीय बालकृष्ण थापालाई ०७८ फागुन ९ गते मल्लरानी गाउँपालिका-५ को सरङकोटमा रहेको भूमि विकास आधारभूत विद्यालयमा पठनपाठन र विद्यालयको बारेमा अभिभावकहरूसँग छलफल गरिरहेको समयमा मल्लरानी गाउँपालिका - ५ का नेपाल कम्युनिष्ट पार्टी (विप्लव) का जिल्ला सदस्य तथा दलित मुक्ति मोर्चाका जिल्ला अध्यक्ष ३३ वर्षीय गोपिलाल सुनारले मोसो दलेर दुर्व्यवहार तथा हातपात गरे। आरोपित विरुद्ध पीडितहरूले जिल्ला प्रहरी कार्यालयमा फागुन ९ गते उजुरी दिए। यस वर्षको अन्त्यसम्म आरोपित फरार रहेको जिल्ला प्रहरी कार्यालयका इन्स्पेक्टर सुशील

घटनाको प्रकार		अन्यपक्षबाट		
		महिला	पुरुष	जम्मा
अमानवीय व्यवहार			३	३
घाइते		३	१३	१६
हत्या			३	३
बाल अधिकार	बलात्कार	१		१
	यौन दुर्व्यवहार	३		३
	जम्मा	३		३
महिला अधिकार	घरेलु हिंसा	३३		३३
	बलात्कार	५		५
	यौन दुर्व्यवहार	३		३
	जम्मा	३९		३९
कूल जम्मा		३५	१७	५३

थापामगरले बताए। घटना भएको सोही दिन नेपाल कम्युनिष्ट पार्टी (विप्लव) का प्यूठान जिल्ला सेक्रेटरी अजयद्वारा हस्तक्षारित विज्ञप्तिमा जनकारबाही गरिनुका १० वटा कारण उल्लेख गरिएको थियो।

कारागार र बन्दी

२५ जनाको क्षमता भएको जिल्ला कारागार, प्यूठानमा पाँच जना महिला र ७२ जना पुरुष कैदीबन्दी रहेका छन्। कैदीबन्दीहरूको नियमित स्वास्थ्य परीक्षणका लागि एक जना सिनियर अहेबको दरबन्दी रहेको छ। कारागारमा पुरुषको सङ्ख्या कारागारको क्षमताभन्दा चार गुणा बढी रहेको कारागार प्रमुख सूर्यबहादुर पन्तले बताए। प्रतिनिधि सभा र प्रदेश सभा निर्वाचनमा कारागारमा रहेका २८ जना कैदीबन्दीहरूले मतदान गरे।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत

एक जना न्यायाधीश रहेको जिल्ला अदालतबाट यो वर्ष फौजदारी मुद्दातर्फ १ सय ४९ थानमध्ये १ सय १३ थान मुद्दा फैसला भए। देवानी मुद्दातर्फ ४ सय ४९ थानमध्ये ३ सय ६३ थान मुद्दा फैसला भए। यस अदालतमा दुई वर्ष नाघेका फौजदारी र देवानी मुद्दा छैनन्।

बाल अधिकार

शिक्षाको अवस्था

यस जिल्लामा ३ सय ८० आधारभूत र ८२ माध्यमिक विद्यालय छन्। १ हजार ९१ शिक्षक दरबन्दी, ४ सय २० राहत दरबन्दी र शिक्षण अनुदान २५ गरी जिल्लामा १ हजार ५ सय ४९ जनाको दरबन्दी रहेको छ। यस वर्ष ३३ हजार ८ सय ८० बालक र ३४ हजार ९ सय ७ बालिका भर्ना भए। जसमा अपाङ्गता भएका २ सय १४ बालिका र २ सय ६५ बालक छन्। जिल्लामा अपाङ्गतामैत्री विद्यालय २ सय ८५ ओटा छन्। द्वन्द्वपीडित परिवारका आठ जना बाल बालिकाले छात्रवृत्ति पाए। यस वर्ष जिल्ला भर ८ हजार ३ सय ५९ दलित बालक र ९ हजार ४ सय ६५ दलित बालिका विद्यालय भर्ना भए। जिल्लाका कतिपय पालिकाका बालबालिकाले अर्धवार्षिक परीक्षा दिँदासम्म पाठ्यपुस्तक विना नै परीक्षा दिन बाध्य भएका जिल्ला शिक्षा समन्वय एकाइ प्रमुख शिवराज पण्डितले बताए।

यस वर्ष प्यूठान जिल्लामा यौन दुर्व्यवहारका घटनामा दुई र बलात्कारका घटनामा एक जना बालिका पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

अभिलेखित घटनामध्ये बलात्कारका एक घटनाका आरोपितहरूलाई जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा पठायो। यौन दुर्व्यवहारका दुई घटनाका आरोपितलाई अदालतले पुर्पक्षका लागि थुनामा पठायो।

विद्यालय बन्द/हडताल

एमसीसी पारित गरेको विरोधमा नेत्रविक्रम चन्द (विप्लव) नेतृत्वको नेकपाले ०७८ फागुन ४ र १६ गते, भ्रष्टाचार, महँगी नियन्त्रण गनुपर्ने माग राखी ०७९ भदौ ७ गते गरेको आमहड्ताल र बन्दका कारण जिल्लामा अध्ययनरत बालबालिका पठनपाठनबाट वञ्चित भए।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यसवर्ष घरेलु हिंसा पीडित भएको भन्दै ४५ जना महिलाले जिल्ला प्रहरी कार्यालयको महिला बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दिए। जसमा कुटपिट तथा गालीगलौज गरिएका १६, खान लगाउन नदिएको भन्दै १२ र समान्य घरायसी झगडाका १६, नागरिकता नबनाइदिएको एक उजुरी थिए। यीमध्ये प्रहरीमा ४० वटा उजुरीमा मेलमिलाप भएको, खान नदिएको दुई र घरायसी झगडाका दुई उजुरी कारबाही प्रक्रियामा गएको र सामान्य घरायसी झगडा एकजना सम्पर्कमा नआएको महिला बालबालिका सेवा केन्द्र प्रमुख असई विष्णाकुमारी चन्दले बताइन्।

यो वर्ष प्यूठान जिल्लामा बलात्कारका घटनामा पाँच र यौन दुर्व्यवहारका घटनामा दुई जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

अभिलेखित घटनामध्ये बलात्कारका तीन घटनाका आरोपितलाई जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा पठायो भने एक घटनाका आरोपितलाई कैद तथा जरिबानाको फैसला सुनायो। एक घटनाका आरोपित वर्षको अन्त्यसम्म गिरफ्तार भएनन्। यौन दुर्व्यवहारको दुई घटनाका आरोपितलाई अदालतले पुर्पक्षका लागि थुनामा पठायो।

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

७२ वर्षीया महिलालाई ०७८ फागुन ६ गते बलात्कार गरेको भन्दै पीडित पक्षले प्यूठान नपा-३ का ५२ वर्षीय हुकुमबहादुर खड्काविरुद्ध फागुन ७ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपितलाई प्रहरीले फागुन ७ गते घरबाट गिरफ्तार गऱ्यो। पीडित

महिलाको स्वास्थ्य परीक्षण फागुन ७ गते जिल्ला अस्पताल, विजुवारमा भयो। जिल्ला प्रहरी कार्यालयले आरोपितविरुद्ध जिल्ला सरकारी वकिल कार्यालयमार्फत् चैत २ गते जिल्ला अदालतमा जबरजस्तीकरणी शीर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालको चैत ७ गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। जिल्ला अदालतको ०७९ जेठ २३ गतेको आदेशमा आरोपितलाई कसुरदार ठहर गर्दै १२ वर्ष ६ महिना कैद, ३ लाख रुपियाँ पीडितलाई भराउने, २५ हजार रुपियाँ क्षतिपूर्ति र २ हजार २ सय रुपियाँ पीडित राहत कोषमा जम्मा गर्ने फैसला सुनाएको जिल्ला अदालतका सूचना अधिकृत तुलबहादुर गुरुङले बताए।

स्वास्थ्य सेवाको अवस्था

जिल्लामा एक सरकारी अस्पताल, एक सामुदायिक अस्पताल, ४६ स्वास्थ्य चौकी, दुई प्राथमिक स्वास्थ्य केन्द्र, दुई वटा नगर स्वास्थ्य केन्द्र छन्। जिल्ला सरकारी अस्पतालमा नौ जना विशेषज्ञको दरबन्दीमा पाँच जनाको दरबन्दी रिक्त छ। ६ जना स्टाफ नर्सको दरबन्दीमा ६ जना नै कार्यरत रहनुको साथै १५ जना करारमा रहेका छन्। अनमी चार जनाको दरबन्दीमा दुई जना स्थायी, आठ जना करार कार्यरत छन्। पाँच जना एचएको दरबन्दीमा एक जना स्थायी, पाँच जना करार कार्यरत, एक जना ल्याव असिसटेन्ट, एक जना करार, तीन जना ल्याब टेक्निसियन एक स्थायी, दुई करार रहेका छन्। जिल्लामा ४७ हजार ७ सय १४ जनाले बीमा गराएर सेवा लिइरहेका छन्। ज्येष्ठ नागरिक लागि नि:शुल्क बीमा कार्यक्रममा ५ हजार ६ सय ७८, अति गरीब बीमा कार्यक्रममा १६ हजार ७ सय ९८ जना रहेका छन्।

नेपाल सरकारले प्रत्येक स्थानीय तहमा २५ बेडको अस्पताल शिलान्यास गरे अनुसार जिल्लाका नौ स्थानीय तहमध्ये माण्डवी गाउँपालिका, ऐरावती गाउँपालिका, मल्लरानी गाउँपालिका, स्वर्गद्वारी नगरपालिका, गौमुखी गाउँपालिका, सरुमारानी गाउँपालिका र झिमरुक गाउँपालिकामा भवन निमार्ण कार्य भइरहेको र नौवहिनी गाउँपालिकामा भवन निर्माणको ठाँउ विवादका कारण निर्माण कार्य सुरुआत हुन नसकेको जिल्ला स्वास्थ्य कार्यालयका अधिकृत सूचना अधिकारी पुस्कल श्रेष्ठले बताए।

प्रतिनिधि सभा तथा प्रदेश सभा निर्वाचन २०७९

यस वर्ष सम्पन्न भएको प्रतिनिधि सभा निर्वाचनमा प्यूठान जिल्लामा १ लाख ५९ हजार ७ सय ६० मतदाता मध्ये ८७ हजार ९ सय १४ (५५.०२ प्रतिशत) ले मतदान गरे। यसैगरी प्रदेश सभा तर्फ ८७ हजार ८ सय ७७ (५५ प्रतिशत) ले मतदान गरे।

सन् २०२२ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

बाल अधिकार		
घटनाको प्रकार	कानुनी दायरामा ल्याइएका	जम्मा
बलात्कार	१	१
यौन दुर्व्यवहार	३	३
जम्मा	३	३

महिला अधिकार					
घटनाको प्रकार	अनुसन्धान	मुद्दा टुङ्गिएका	मेलमिलाप	कानुनी दायरामा ल्याइएका	जम्मा
घरेलु हिंसा			३३		३३
बलात्कार	१	१		३	५
यौन दुर्व्यवहार				३	३
जम्मा	१	१	३३	५	३९

बाल अधिकार		
घटनाको प्रकार	कानुनी दायरामा ल्याइएका	जम्मा
हत्या	३	३

५.४ गुल्मी



जम्मा जनसङ्ख्या	२,४६,८३६
महिला	१,३४,०४८
प्रतिनिधिसभा निर्वाचन क्षेत्र	२
प्रदेशसभा निर्वाचन क्षेत्र	४
गरिबीको रेखामुनि रहेको सङ्ख्या	७१,३६५
कामका लागि बाहिरिएका	५८,५६१
अपाङ्गता भएका	७,६७१
५ वर्षमाथिको साक्षरता प्रतिशत	७२.६
आश्रित जनसङ्ख्या	१,२५,२२४

यस वर्ष गुल्मी जिल्लामा ज्यादतीका घटनामा अन्यपक्षबाट ८७ जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा ६ जना बालिका र महिला अधिकार उल्लङ्घनका घटनामा ८० जना महिला पीडित भए।

कारागार र बन्दी

२५ जनाको क्षमता भएको गुल्मी जिल्ला कारागारमा ७३ जना पुरुष र सात जना महिला गरी ८० जना कैदीबन्दी रहेका छन्। कारागारको क्षमताभन्दा करिब तेब्बर कैदीबन्दी भएपछि व्यवस्थापनमा चुनौती थपिएको छ। संरचना अभावमा शौचालयको व्यवस्थापन राम्रो छैन। कार्यालयसँगै कैदीबन्दी कक्ष चुहिने समस्या छ। कारागारमा नियमित स्वास्थ्य परीक्षण र मनोसामाजिक परामर्श तथा दरबन्दी अनुसारको कर्मचारी पदपूर्ति नहुँदा समस्या भएको छ।

घटनाको प्रकार		अन्यपक्षबाट	
		महिला	जम्मा
हत्या		१	१
बाल अधिकार	बलात्कार	४	४
	यौन दुर्व्यवहार	३	३
	जम्मा	६	६
महिला अधिकार	घरेलु हिंसा	७३	७३
	बलात्कार	७	७
	जम्मा	८०	८०
कूल जम्मा		८७	८७

बाल अधिकार

शिक्षाको अवस्था

यस जिल्लामा ४ सय २० आधारभूत र १ सय ४६ माध्यमिक विद्यालय छन्। यस जिल्लामा ११ क्याम्पस, २४ सामुदायिक सिकाइ केन्द्र, १७ प्राविधिक तथा व्यवसायिक धारका विद्यालय, दुई मदरसा, एक गुरुकुल, चार नमूना विद्यालयहरू रहेको शिक्षा तथा समन्वय एकाइ, गुल्मीका प्रमुख लोकनाथ मरासिनीले बताए। यसवर्ष ३४ हजार २ सय ५ बालक र ३४ हजार ६ सय ८६ बालिका गरेर ६८ हजार ८ सय ९१ जना बालबालिका विद्यालय भर्ना भए। दलित १८ हजार ३ सय २६मध्ये ९ हजार ९६ बालक र नौ हजार २ सय

३० बालिका विद्यालय भर्ना भए। अपाङ्गता भएका ९ सय ५७ बालबालिका विद्यालय भर्ना भए। जिल्लामा अपाङ्गतामैत्री २२ माध्यमिक र १५ आधारभूत विद्यालय छन्। द्वन्द्वपीडित परिवारका सात जना बालबालिकाले १ लाख २ हजार रुपियाँ छात्रवृत्ति पाए। दलित, अपाङ्गलाई नि:शुल्क शिक्षाको व्यवस्था गरिएको छ।

यस वर्ष गुल्मी जिल्लामा यौन दुर्व्यवहारका घटनामा दुई र बलात्कारका घटनामा चार जना बालिका पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

अभिलेखित घटनामध्ये बलात्कारका दुई घटनाका आरोपितलाई जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा पठायो। दुई घटनाका आरोपित वर्षको अन्त्यसम्म प्रहरी अनुसन्धानमै रहे। यौन दुर्व्यवहारका दुई घटनाका आरोपितलाई अदालतले धरौटीमा रिहा गऱ्यो।

बलात्कार, यौन दुर्व्यवहार

१३ वर्षीया बालिकालाई ०७८ माघ २२ गते बलात्कार गरेको आरोपमा धुर्कोट गाउँपालिका- ६ का २६ वर्षीय प्रकाश खड्काविरुद्ध पीडित बालिकाका अभिभावकले चैत ७ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। आरोपितलाई जिल्ला प्रहरी कार्यालय, गुल्मीले चैत ७ गते गिरफ्तार गऱ्यो। बालिकाको स्वास्थ्य परीक्षण चैत ७ गते गुल्मी अस्पताल, तम्घासमा भयो। आरोपितविरुद्ध प्रहरीले जिल्ला सरकारी वकिल कार्यालय मार्फत् मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश बसन्तराज पौडेलको ०७९ वैशाख ९ गते आदेशले आरोपितलाई पुर्पक्षका थुनामा पठायो। जिल्ला अदालतका न्यायाधीश बसन्तराज पौडेलको भदौ १३ गतेको आदेशले आरोपितलाई कसुरदार ठहर गर्दै १० वर्ष कैद, चार लाख रुपियाँ जरिवाना, त्यो जरिवाना पीडितलाई भर्ने र १६ हजार रुपियाँ पीडित राहत कोषमा जम्मा गर्ने फैसला सुनायो।

महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव, दुर्व्यवहार

यो वर्ष घरेलु हिंसा पीडित भन्दै १ सय ६ जना महिलाले जिल्ला प्रहरी कार्यालयको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमा कुटपिट गरिएका ४०, गालीगलौज तथा झैझगडा ६१, खानलाउन नदिएको चार गरी ९७ वटा घटनामा मेलमिलाप गरायो भने नौ ओटा उजुरी कारबाही प्रक्रियामा रहेको इन्स्पेक्टर रविन्द्रकुमार श्रेष्ठले बताए ।

यो वर्ष गुल्मी जिल्लामा बलात्कारका घटनामा सात जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

अभिलेखित घटनामध्ये बलात्कारका ६ घटनाका आरोपितलाई जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा पठायो भने एक घटनाका आरोपितलाई अदालतले बाल सुधार गृहमा पठायो।

स्वास्थ्यको अधिकार

जिल्लामा एक सरकारी अस्पताल, ७९ स्वास्थ्य चौकी, चार प्राथमिक स्वास्थ्य केन्द्र, ३० सामुदायिक स्वास्थ्य एकाइ, तीन शहरी स्वास्थ्य केन्द्र र ११ आधारभूत स्वास्थ्य सेवा केन्द्र रहेका छन्। जिल्लामा अस्पतालमा १० स्वास्थ्य केन्द्र छन्। जिल्लाका अनमी र स्टाफ नर्स २ सय २ दरबन्दीमध्ये १ सय ४६ जना कार्यरत छन्। जिल्लाका अहेब र सिनियर अहेबको २ सय ८४ जनाको दरबन्दीमध्ये १ सय ९५ जना कार्यरत छन्। गुल्मी अस्पतालमा स्थायी दरबन्दी ५९ जनाको हो। तर, अहिले १७ जना मात्र स्थायी दरबन्दीका जनशक्ति अस्पतालमा कार्यरत छन्। अस्पतालमा विशेषज्ञ डाक्टरहरूको १० स्थायी दरबन्दी छ। तर, स्थायी दरबन्दीमा विशेषज्ञ डाक्टरका रूपमा लामो समयदेखि निमित्त मेडिकल सुपरिटेन्डेन्ट डाक्टर उत्तम पच्या मात्रै कार्यरत छन्। छात्रवृत्ति करारका एक जना मेडिकल अधिकृत र एक जना अर्थोपेडिक सर्जन रहेका छन्।

प्रतिनिधि सभा तथा प्रदेश सभा निर्वाचन २०७९

यस वर्ष सम्पन्न भएको प्रतिनिधि सभा निर्वाचनमा गुल्मी जिल्लामा २ लाख २३ हजार ६ सय १५ मतदाता मध्ये १ लाख २८ हजार ९ सय ७५ (५७.६७ प्रतिशत) ले मतदान गरे। यसैगरी प्रदेश सभा तर्फ १ लाख २८ हजार ९ सय ८९ (५७.६८ प्रतिशत) ले मतदान गरे।


सन् २०२२ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

बाल अधिकार			
घटनाको प्रकार	मुद्दा टुङ्गिएका	कानुनी दायरामा ल्याइएका	जम्मा
बलात्कार	१	३	४
यौन दुर्व्यवहार		२	२
जम्मा	१	५	६

महिला अधिकार			
घटनाको प्रकार	मेलमिलाप	कानुनी दायरामा ल्याइएका	जम्मा
घरेलु हिंसा	६०	३	६३
बलात्कार		६	६
जम्मा	६०	१०	८०

मारिएकाको घटना सङ्ख्या		
घटनाको प्रकार	कानुनी दायरामा ल्याइएका	जम्मा
हत्या	१	१

५.५ अर्घाखाँची



जम्मा जनसङ्ख्या	१,७७,२००
महिला	९६,१८७
प्रतिनिधिसभा निर्वाचन क्षेत्र	१
प्रदेशसभा निर्वाचन क्षेत्र	२
गरिबीको रेखामुनि रहेको सङ्ख्या	५६,७३५
कामका लागि बाहिरिएका	३५,५२५
अपाङ्गता भएका	५,१६५
५ वर्षमाथिको साक्षरता प्रतिशत	५७२.६
आश्रित जनसङ्ख्या	९१,८२४

यस वर्ष अर्घाखाँची जिल्लामा ज्यादतीका घटनामा अन्यपक्षबाट ६० जना महिला र १० जना पुरुष पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा आठ जना बालबालिका तथा महिला अधिकार उल्लङ्घनका घटनामा ५० जना महिला पीडित भए।

कारागार र बन्दी

४० जनाको क्षमता भएको अर्घाखाँची जिल्ला कारागारमा आठ महिला र ६४ जना पुरुष गरी ७२ जना कैदीबन्दी रहेका छन्। स्वास्थ्य परीक्षणका लागि एक जना स्वास्थ्यकर्मीको दरबन्दी रहेकोमा रिक्त छ। कारागारमा दीर्घरोगी १४ जना छन्। मुद्दाको छिनोफानो समयमै नहुँदा तीन जना कारागारमा बस्न बाध्य भएको जिल्ला कारागार शाखा प्रमुख रचना बुढाथोकीले बताइन्। गत २०७९ मङ्सिर ४ गते सम्पन्न भएको निर्वाचनमा कारागारका २८ जना कैदीबन्दीले मतदान गरे।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत

एक जना न्यायाधीशको दरबन्दी रहेको जिल्ला अदालतमा यो वर्ष फौजदारी मुद्दातर्फ ६६ थानमध्ये नौ थान मुद्दा फैसला भए। देवानी मुद्दातर्फ २ सय ३३ थानमध्ये ७६ थान मुद्दा फैसला भए। यस अदालतमा एक वर्ष नाघेका फौजदारी मुद्दा आठ थान छन् भने देवानी मुद्दा २० थान बाँकी छन्। अदालती प्रकृया र निर्वाचनका कारण मुद्दा फैसला हुन ढिलाइ नभएको तथा केही मुद्दाका पेशी सरेको सूचना अधिकारी नायब सुब्बा टेकराज गैरेले बताए।

बाल अधिकार

शिक्षाको अवस्था

जिल्लामा ४ सय ३८ आधारभूत र ८८ माध्यमिक विद्यालय छन्। २ हजार ५० जनाको शिक्षक दरबन्दी रहेकामा सबै दरबन्दी मिलान भएका छन्। यसवर्ष २५ हजार ९ सय ४ जना बालबालिका विद्यालय भर्ना भए। जसमा अपाङ्गता भएका २ सय १९ बालिका र २ सय ४९ बालक छन्। जिल्लामा अपाङ्गतामैत्री विद्यालय १ सय ६३ ओटा छन्। द्वन्द्वपीडित परिवारका चार जना बालबालिकाले छात्रवृत्ति पाए। यस वर्ष जिल्लाभर १४ हजार १ सय २ जनामध्ये ७ हजार ९६ जना दलित बालक र ७

हजार ५ जना दलित बालिका विद्यालय भर्ना भए। वैदेशिक रोजगारीमा गएर मृत्यु भएका परिवारका बालबालिकामध्ये आधारभूत तह र माध्यमिक तहका ३२ जनाले २ लाख ८० हजार रुपियाँ छात्रवृत्ति पाए। द्वन्द्वपीडित परिवारका चार जना बालबालिकाले सरकारको नीति अनुसारको छात्रवृत्ति पाए।

यस वर्ष अर्घाखाँची जिल्लामा यौन दुर्व्यवहारका घटनामा तीन, बलात्कारका घटनामा चार र बेचबिखन तथा ओसारपसारका घटनामा एक जना बालबालिका पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

अभिलेखित घटनामध्ये बलात्कारका तीन घटनाका आरोपितलाई जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा पठायो। यौन दुर्व्यवहारका तीन घटनाका आरोपितलाई अदालतले धरौटीमा रिहा गऱ्यो। बचेबिखन तथा ओसारपसारका एक घटनाका आरोपितलाई अदालतले पुर्पक्षका लागि थुनामा पठायो।

घटनाको प्रकार		अन्यपक्षबाट		
		महिला	पुरुष	जम्मा
कुटपिट			६	६
हत्या		३	३	६
बाल अधिकार	बेचबिखन तथा ओसारपसार	१		१
	बलात्कार	४		४
	यौन दुर्व्यवहार	३	१	३
	जम्मा	८	१	८
महिला अधिकार	घरेलु हिंसा	३९		३९
	बहुविवाह	८		८
	बलात्कार	१		१
	बलात्कार प्रयास	३		३
	यौन दुर्व्यवहार	१		१
	जम्मा	५०		५०
कूल जम्मा		६०	१०	८०

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यो वर्ष घरेलु हिंसा पीडित भन्दै ८२ जना महिलाले जिल्ला प्रहरी कार्यालयको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दर्ता गराए। सबै घटना सामान्य घरायसी झगडाका रहेको जिल्ला प्रहरी कार्यालयका इन्स्पेक्टर कृष्णप्रसाद घिमिरेले बताए। यीमध्ये प्रहरीले ७८ ओटामा मेलमिलाप गरायो भने चार ओटा मेलमिलाप हुन नसकेकामध्ये दुईओटा सम्पर्कविहीन भएका, एक ओटा विदेश रोजगारीमा रहेको र एक निवेदकले फोनमार्फत पक्ष विपक्ष सल्लाह गरी मेलमिलाप गर्न आउने जानकारी गराए। बहुविवाहका आठ ओटा उजुरी परेका र बालविवाहसम्बन्धी उजुरी नपरेको जिल्ला प्रहरी कार्यालय, अर्घाखाँचीका इन्स्पेक्टर कृष्णप्रसाद घिमिरेले बताए।

यो वर्ष अर्घाखाँची जिल्लामा बलात्कार प्रयासका घटनामा दुई, बहुविवाहका घटनामा सात र पारिवारिक हत्याका घटनामा तीन जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

अभिलेखित घटनामध्ये बलात्कार प्रयासका एक घटनाका आरोपितलाई अदालतले कैद तथा जरिबानाको फैसला सुनायो भने एक घटनाका आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। बहुविवाहका एक घटनाका एक आरोपितलाई अदालतले कैद तथा जरिवानाको फैसला सुनायो भने अर्का आरोपितलाई सफाइ दियो। तीन घटनाका आरोपित वर्षको अन्त्यसम्म गिरफ्तार भएनन्। तीन घटनाका आरोपितलाई अदालतले धरौटीमा रिहा गऱ्यो। पारिवारिक हत्याका दुई घटनाका आरोपितलाई अदालतले पुर्पक्षका लागि थुनामा पठायो भने एक घटनाका आरोपितलाई कैद तथा जरिबानाको फैसला सुनायो।

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

३२ वर्षीया महिलालाई ०७८ पुस २३ गते बलात्कार प्रयास गरेको भन्दै मालारानी गाउँपालिका-६ हंसपुरका २६ वर्षीय हिरासिंह बिकविरुद्ध पीडित पक्षले पुस २६ गते अर्घाखाँची जिल्ला अदालतमा यौन दुर्व्यबहार गरेको मुद्दा दर्ता गरायो। जिल्ला अदालत अर्घाखाँचीले पुस २८ गते आरोपितको नाममा म्याद तामेल गरेको मुद्दा फाँटका नायब सुब्बा रामप्रसाद आचार्यले बताए। पीडितको स्वास्थ्य परीक्षण भएन। प्रहरीमा उजुरी नदिएका कारण आरोपित गिरफ्तार भएनन्। जिल्ला अदालत, अर्घाखाँचीका न्यायाधीश बासुदेव न्यौपानेको २०७९ असार १५ गतेको इजलासले आरोपितलाई कसुरदार ठहर गर्दै २ महिना कैद सजाय, १० हजार रुपियाँ जरिवाना र पीडितलाई ५० हजार रुपियाँ क्षतिपूर्तिको फैसला सुनायो। यस वर्षको अन्त्यसम्म आरोपित फरार रहे।

स्वास्थ्य सेवाको अवस्था

जिल्लामा एक मात्र सरकारी अस्पताल तथा सामुदायिक अस्पताल, ३९ स्वास्थ्य चौकी, दुई ओटा प्राथमिक स्वास्थ्य, सामुदायिक स्वास्थ्य केन्द्र २२ ओटा, आधारभूत स्वास्थ्य सेवा केन्द्र १९ ओटा छन्। सदरमुकामस्थित सरकारी अस्पतालमा १० जना विशेषज्ञको दरबन्दीमा नौ जनाको दरबन्दी रिक्त छ। स्टाफ नर्स सात जनाको दरबन्दीमा सबै कार्यरत र अनमीको दरबन्दी पाँच जना कार्यरत छन्। जिल्लामा ७२ हजार ४ सय ९७ जनाले बीमा गराएर सेवा लिइरहेका छन्। ज्येष्ठ नागरिकका लागि नि:शुल्क बीमा कार्यक्रममा पनि ९ हजार १ सय ६३ जनाको बीमा गरिएको छ। अति गरिब परिवारका ३ हजार १ सय ७२ घरपरिवारलाई नि:शुल्क बीमा गरिएको छ। पूर्ण अपाङ्गता भएका ४ सय ४१ जनाको घर परिवार र एचआईभी सङ्क्रमित ६५ जनालाई नि:शुल्क स्वास्थ्य बीमाको व्यवस्था गरिएको छ।

२०७७ मङ्सिर १५ गते शिलान्यास भएका ६ वटा अस्पतालमध्ये सबै निर्माणाधीन अवस्थामा छन्।

प्रतिनिधि सभा तथा प्रदेश सभा निर्वाचन २०७९

यस वर्ष सम्पन्न भएको प्रतिनिधि सभा निर्वाचनमा अर्घाखाँची जिल्लामा १ लाख ६४ हजार ७ सय ६८ मतदाता मध्ये ९० हजार ९ सय ८९ (५५.२२ प्रतिशत) ले मतदान गरे। यसैगरी प्रदेश सभा तर्फ ९० हजार ९ सय ८७ (५५.२२ प्रतिशत) ले मतदान गरे।

सन् २०२२ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

बाल अधिकार		
घटनाको प्रकार	कानुनी दायरामा ल्याइएका	जम्मा
बेचबिखन तथा ओसारपसार	१	१
बलात्कार	४	४
यौन दुर्व्यवहार	३	३
जम्मा	८	८

महिला अधिकार				
घटनाको प्रकार	मेलमिलाप	मुद्दा टुङ्गिएका	कानुनी दायरामा ल्याइएका	जम्मा
घरेलु हिंसा	३६		३	३९
बहुविवाह		१	६	७
बलात्कार			१	१
बलात्कार प्रयास		१	१	३
यौन दुर्व्यवहार	१			१
जम्मा	३८	३	१०	५०

मारिएकाको घटना सङ्ख्या			
घटनाको प्रकार	मुद्दा टुङ्गिएका	कानुनी दायरामा ल्याइएका	जम्मा
हत्या	१	५	६

५.६ पाल्पा



जम्मा जनसङ्ख्या	२,४२,४२३
महिला	१,३०,४८३
प्रतिनिधिसभा निर्वाचन क्षेत्र	२
प्रदेशसभा निर्वाचन क्षेत्र	४
गरिबीको रेखामुनि रहेको सङ्ख्या	५५,९१०
कामका लागि बाहिरिएका	३८,५०४
अपाङ्गता भएका	६,५३७
५ वर्षमाथिको साक्षरता प्रतिशत	७६.२
आश्रित जनसङ्ख्या	१,१०,५४७

यस वर्ष पाल्पा जिल्लामा मानव अधिकार उल्लङ्घनका घटनामा राज्यपक्षबाट १३ जना पुरुष तथा ज्यादतीका घटनामा अन्यपक्षबाट ७७ जना महिला र आठ जना पुरुष पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा १० जना र महिला अधिकार उल्लङ्घनका घटनामा ६६ जना पीडित भए।

झडप

रम्भा गाउँपालिकामा-५ मा पुनः मतदानको माग गर्दै मतदाताहरूले ०७९ जेठ १ गते मतगणनास्थलमा आन्दोलन गरेपछि प्रहरी र स्थानीयबिच झडप भयो। झडपमा प्रहरी हवल्दार ४० वर्षीय कृष्ण कुँवर, म्यादी प्रहरी १९ वर्षीय हकेन्द्र थापा, सशस्त्र प्रहरीका इन्सपेक्टर ४० वर्षीय हरि पोखरेल, सशस्त्र प्रहरी जवान ४० वर्षीय दिलबहादुर थापा घाइते भए। दिलबहादुर थापाको पाल्पा, अस्पतालमा उपचार जेठ १ गते उपचार भयो भने अन्य घाइतेको घटनास्थलमै प्राथमिक उपचार गरिएको प्रहरी चौकी, पिपलडाँडाका असइ कन्हैया चौधरीले बताए। यसैगरी, रम्भा गाउँपालिका-३ पिपलडाँडाका २९ वर्षीय सुजन अर्याल र हुँगीका २६ वर्षीय सुसन गाहा मगर घाइते भए। उनीहरूको गाहाको तानसेनस्थित युनाइटेड मिसन अस्पतालमा उपचार भयो।

कारागार र बन्दी

३ सय २५ जनाको क्षमता भएको पाल्पा जिल्ला कारागारमा २७ जना महिला र २ सय ६८ गरी २ सय ९५ जना कैदीबन्दी रहेका छन्। कारागारमा एक आश्रित बालक छन्। कैदीबन्दीहरूको नियमित स्वास्थ्य जाँचका लागि एक जना सिनियर अहेब छैठौं तह दरबन्दी रहेको छ। कारागारमा तीन जना कैदी/बन्दीहरू जटिल मानसिक रोगी र सामान्य मानसिक रोगी तीन गरी कूल ६ जना मानसिक रोगको औषधि उपचार गराइरहेका छन्। कारागारमा १३ जना पुरुष ज्येष्ठ नागरिक रहेको जिल्ला कारागार प्रमुख ठाकुरप्रसाद अर्यालले बताए। कारागारमा रहेका आश्रित बालकलाई नियमानुसार चामल, सिदा तथा लत्ताकपडा प्रदान गर्ने गरिएको र बन्दी सहायता समूहसँगको समन्वयमा आश्रित बालबालिकालाई पठनपाठनको लागि नजिकैको डे केयर सेन्टरमा लाने गरिएको प्रमुख अर्यालले बताए।

प्रतिनिधिसभा तथा प्रदेश सभा निर्वाचनमा कारागारमा रहेका ६१ जना कैदीबन्दीहरूले मतदान गरे।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत

एक न्यायाधीश दरबन्दी रहेको जिल्ला

घटनाको प्रकार		राज्यपक्षबाट		अन्यपक्षबाट		
		पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
कुटपिट					३	३
घाइते					६	६
हत्या				१		१
अभिव्यक्ति, भेला तथा सङ्गठित हुने अधिकार		१३	१३			
बाल अधिकार	बालविवाह			१		१
	बलात्कार			७		७
	यौन दुर्व्यवहार			३		३
	जम्मा			१०		१०
महिला अधिकार	घरेलु हिंसा			५३		५३
	बलात्कार			९		९
	बलात्कार प्रयास			४		४
	जम्मा			६६		६६
कूल जम्मा		१३	१३	७७	८	८५

अदालतमा यो वर्ष फौजदारी मुद्दातर्फ २ सय ७ थानमध्ये १ सय १३ थान मुद्दा फैसला भए। देवानी मुद्दातर्फ ४ सय २९ थान थानमध्ये २ सय ६४ थान मुद्दा फैसला भए। यस अदालतमा दुई वर्ष नाघेका फौजदारी मुद्दा छैनन् भने देवानी मुद्दा एक थान बाँकी छ।

बाल अधिकार

शिक्षाको अवस्था

यस जिल्लामा ९६ आधारभूत र १ सय ३८ माध्यमिक विद्यालय छन्। २ हजार ८ सय शिक्षकको दरबन्दी रहेकोमा ४० ओटा दरबन्दी मिलान हुन बाँकी रहेको छ। यस वर्ष ३४ हजार ७ सय २ बालक र ३२ हजार ३ सय ५५ जना बालिका विद्यालय भर्ना भए। जसमा अपाङ्गता भएका ९ सय ३४ बालिका र ५ सय २० बालक छन्। जिल्लामा अपाङ्गतामैत्री विद्यालय ७० ओटा छन्। द्वन्द्वपीडित परिवारका ६ जना बालबालिकाले छात्रवृत्ति पाएका छन्। यसवर्ष जिल्लाभर ४ हजार ९ सय ६३ दलित बालक र ४ हजार ९ सय २० दलित बालिका विद्यालय भर्ना भए। दलित विद्यार्थीमध्ये ४ हजार ९ सय २० छात्रा र ४ हजार ९ सय ६३ छात्र रहेका छन्। वैदेशिक रोजगारीमा गएर मृत्यु भएका परिवारका ५४ जना बालबालिकामध्ये आधारभूत तहमा प्रति विद्यार्थी ८ हजार र माध्यमिक तहमा प्रति विद्यार्थी १२ हजार रुपियाँ छात्रवृत्ति पाए। द्वन्द्व पीडित परिवारका ६ जनाले ८० हजार रुपियाँ छात्रवृत्ति पाए।

यस वर्ष पाल्पा जिल्लामा यौन दुर्व्यवहारका घटनामा दुई, बलात्कारका घटनामा सात र बालविवाहका घटनामा एक जना बालिका पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

बलात्कारका ६ घटनाका आरोपितहरूलाई जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा पठायो भने एक घटनाका आरोपित वर्षको अन्त्यसम्म प्रहरी अनुसन्धानमा रहे। यौन दुर्व्यवहारका एक घटनाका आरोपितलाई अदालतले धरौटीमा रिहा गऱ्यो भने एक आरोपितलाई अभिभावकको जिम्मा लगायो। बालविवाहका एक घटनाका आरोपित वर्षको अन्त्यसम्म प्रहरी अनुसन्धानमै रहे।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यो वर्ष घरेलु हिंसा पीडित भन्दै ५५ जना महिलाले जिल्ला प्रहरी कार्यालयको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दर्ता गराए। त्यसमा अधिकांश पति, सासु र ससुरा तथा परिवारका सदस्यबाट महिला पीडित भएको घटना रहेका छन्। घरमा खान लाउन नदिएको, घरमा बस्ने वातावरण नदिएको र पतिले शंका उपशंका गरी घरमा बस्ने वातावरण नै नदिएका ५२ ओटा घटनाको दुवै पक्षबीच लिखित मिलापत्र भई घर परिवारसँगै बस्न थालेका छन्। बाँकी तीन ओटा घटना न्यायिक प्रक्रियामा गएका छन्। स्थानीय तहमा रहेका न्यायिक समितिले पनि देवानी प्रकृतिका मुद्दा दर्ता गर्ने मेलमिलाप गराउँदै आएका छन्। तर बन्द इजलासको अभावमा उप्रप्रमुखकै कार्यकक्षमा छलफल गराइँदा अन्य सेवाग्राहीहरू पनि आउने जाने भएकोले पर्याप्त छलफल हुन नपाएको गुनासो छ।

यो वर्ष पाल्पा जिल्लामा बलात्कारका घटनामा नौ र बलात्कार प्रयासका घटनामा चार जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

अभिलेखित घटनामध्ये बलात्कारका आठ घटनाका आरोपितलाई जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा पठायो। एक घटनाका आरोपित वर्षको अन्त्यसम्म प्रहरी अनुसन्धानमै रहे। बलात्कार प्रयासका तीन घटनाका आरोपितलाई अदालतले पुर्पक्षका लागि थुनामा पठायो। एक घटनाका आरोपित वर्षको अन्त्यसम्मा प्रहरी अनुसन्धानमै रहे।

स्वास्थ्य सेवाको अवस्था

जिल्ला अस्पताल पाल्पामा १८ जना डाक्टर दरबन्दी रहेकोमा स्थायी दुई जना र करारमा दुई जना कार्यरत छन्। १४ जना डाक्टरको दरबन्दी रिक्त छ। हेल्थ असिष्टेण्ट एक जनाको दरबन्दी रहेकोमा कार्यरत छन्। त्यस्तै अहेब दुई जनाको दरबन्दी रहेकोमा दुई जना कार्यरत छन्। जिल्लामा स्वास्थ्य बीमा कार्यक्रममार्फत २ लाख ३० हजार ३३ जनाले सेवा लिएका छन्। त्यस्तै ११ हजार ४ सय ६९ जनाले ज्येष्ठ नागरिक सेवा लिएका छन्।

स्वास्थ्य बीमा अर्न्तगतबाट जिल्ला ठूला निजी अस्पताल मिसन अस्पताल र लुम्बिनी मेडिकल कलेजमा उपचार गराउन जानु पूर्व जिल्ला अस्पतालबाट अनिवार्य सिफारिस लिनुपर्ने झण्झटिलो व्यवस्थाका कारण बिरामीले दु:ख पाउँदै आएको मानव अधिकार रक्षक सञ्जाल, पाल्पाका संयोजक भगवान भण्डारीले बताए।

जिल्लाको माथागढी, पूर्वखोला र निस्दी गाउँपालिकामा २०७७ मङ्सिर १५ गते एकै दिन शिलान्यास भएका पूर्वखोला, माथागढी र निस्दी गाउँपालिकामा निर्माणाधीन अस्पतालको निर्माण कार्य ३५ प्रतिशत पूरा भएको माथागढी गाउँपालिकाका इन्जिनियर धर्मेन्द्रकुमार यादवले बताए।

प्रतिनिधि सभा तथा प्रदेश सभा निर्वाचन २०७९

यस वर्ष सम्पन्न भएको प्रतिनिधि सभा निर्वाचनमा पाल्पा जिल्लामा २ लाख १ हजार ३ सय २६ मतदाता मध्ये १ लाख २२ हजार ३ सय ८ (६०.७५ प्रतिशत) ले मतदान गरे। यसैगरी प्रदेश सभा तर्फ १ लाख २२ हजार २ सय ९१ (६०.७४ प्रतिशत) ले मतदान गरे।

सन् २०२२ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

बाल अधिकार

घटनाको प्रकार	अनुसन्धान	कानुनी दायरामा ल्याइएका	जम्मा
बालविवाह		१	१
बलात्कार	१	६	७
यौन दुर्व्यवहार		३	३
जम्मा	१	९	१०

महिला अधिकार

घटनाको प्रकार	मेलमिलाप	अनुसन्धान	कानुनी दायरामा ल्याइएका	जम्मा
घरेलु हिंसा	४८	१	४	५३
बलात्कार			९	९
बलात्कार प्रयास			४	४
जम्मा	४८	१	१७	६६

मारिएकाको घटना सङ्ख्या

घटनाको प्रकार	कानुनी दायरामा ल्याइएका	जम्मा
हत्या	१	१

५.७ नवलपरासी पश्चिम



जम्मा जनसङ्ख्या	३,८५,५१५
महिला	१,५७,४३५
प्रतिनिधिसभा निर्वाचन क्षेत्र	२
प्रदेशसभा निर्वाचन क्षेत्र	४
गरिबीको रेखामुनि रहेको सङ्ख्या	उपलब्ध नभएको
कामका लागि बाहिरिएका	उपलब्ध नभएको
अपाङ्गता भएका	उपलब्ध नभएको
५ वर्षमाथिको साक्षरता प्रतिशत	७०.६
आश्रित जनसङ्ख्या	उपलब्ध नभएको

यस वर्ष नवलपरासी पश्चिममा ज्यादतीका घटनामा अन्यपक्षबाट १ सय ३४ जना महिला र तीन जना पुरुष पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा १४ जना बालिका र महिला अधिकार उल्लङ्घनका घटनामा १ सय १३ जना महिला पीडित भए।

कारागार र बन्दी

१ सय ७५ जनाको क्षमता भएको जिल्ला कारागार, नवलपरासी पश्चिममा महिला ७८ र पुरुष ४ सय ९१ गरी ५ सय ६९ जना कैदीबन्दी रहेका छन्। कारागारमा दुई बालक र दुई बालिका रहेका छन्।

एक जना अहेबको दरबन्दी रहेकोमा रिक्त रहेको छ। कैदीबन्दीको स्वास्थ्य उपचारका लागि पृथ्वीचन्द्र जिल्ला अस्पताल र लुम्बिनी प्रादेशिक अस्पताल लैजाने गरिएको कारागार प्रमुख पुनाराम पौडेलले बताए। गत मंसिर १४ गते सम्पन्न प्रतिनिधि सभा र प्रदेशसभा निवार्चनमा कारागारका ५७ जना कैदीबन्दीले मतदान गरे।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत

६ जना न्यायाधीश दरबन्दी रहेको जिल्ला अदालतमा एक जना न्यायाधशीको दरबन्दी रिक्त रहेको छ। यो वर्ष फौजदारी मुद्दातर्फ १ सय ३५ थानमध्ये ७८ थान मुद्दा फैसला भए। देवानी मुद्दातर्फ १ हजार २ सय ३८ थानमध्ये ५ सय ५३ थान मुद्दा फैसला भए। यस अदालतमा दुई वर्ष नाघेका ५९ फौजदारी सरकारवादी मुद्दा, १ सय ८२ देवानी मुद्दा, एक निषेधाज्ञा गरी कूल २ सय ४२ थान मुद्दा बाँकी छन्।

बाल अधिकार

शिक्षाको अवस्था

यस जिल्लामा २ सय १७ आधारभूत र १ सय १८ माध्यमिक विद्यालय छन्। १ हजार २ सय ८३ शिक्षक दरबन्दी रहेकामा प्राविमा ९५ रिक्त, निमाविमा पाँच जना रिक्त र माबि स्तरमा एक रिक्त रहेको जिल्ला शिक्षा विकास समन्वय एकाइले जनायो। यसवर्ष ५५ हजार ३ सय २४ बालक र ५० हजार ८ सय ४३

जना बालिका विद्यालय भर्ना भए। जिल्लामा अपाङ्गतामैत्री विद्यालय ३५ ओटा छन्। द्वन्द्वपीडित परिवारका १३ जना बालबालिकाले छात्रवृत्ति पाए। यस वर्ष जिल्लाभर १० हजार ४ सय ४९ दलित बालक र ९ नौ ८ सय १४ दलित बालिका गरी २० हजार २ सय ६३ दलित विद्यार्थी विद्यालय भर्ना भए। जिल्लाका सबै दलित विद्यार्थीले छात्रवृत्ति पाए। वैदेशिक रोजगारीमा गएर मृत्यु भएका परिवारका ७८ जना बालबालिकाले छात्रवृत्ति पाए। शहीद परिवारका एक जनाले छात्रवृत्ति पाउने गरेका छन्। द्वन्द्वपीडित परिवारका १२ बालबालिकाले छात्रवृत्ति पाए।

यस वर्ष नवलपरासी पश्चिम जिल्लामा यौन दुर्व्यवहारका घटनामा दुई र बलात्कारका घटनामा ११ जना बालिका पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

अभिलेखित घटनामध्ये बलात्कारका ११ घटनाका आरोपितहरूलाई जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा पठायो। यौन दुर्व्यवहारका एक घटनाका आरोपितलाई अदालतले पुर्पक्षका लागि थुनामा पठायो भने एक घटनाका आरोपितलाई धरौटीमा रिहा गऱ्यो।

घटनाको प्रकार		अन्यपक्षबाट		
		महिला	पुरुष	जम्मा
अपहरण		२		२
घाइते		२		२
हत्या		२	३	५
जातीय विभेद		१		१
बाल अधिकार	विद्यालयमा शारीरिक सजाय	१		१
	बलात्कार	११		११
	यौन दुर्व्यवहार	२		२
	जम्मा	१४		१४
महिला अधिकार	बेचबिखन तथा ओसारपसार प्रयास	४		४
	घरेलु हिंसा	९५		९५
	बहुविवाह	३		३
	बलात्कार	६		६
	बलात्कार प्रयास	४		४
	यौन दुर्व्यवहार	१		१
	जम्मा	११३		११३
कूल जम्मा		१३४	३	१३६

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यो वर्ष घरेलु हिंसा पीडित भन्दै १ सय ९४ जना महिलाले जिल्ला प्रहरी कार्यालयको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमा कुटपिट गरी घरनिकाला गरिएका चार, खानलाउन नदिएका ४०, विवाह दर्ता, जन्मदर्ता र नागरिकता नबनाएका नौ जना, अर्की पत्नी ल्याएर हेला गरेको तीन ओटा र सामान्य घरायसी झगडाका १ सय ३८ उजुरी छन्। यीमध्ये प्रहरीले १ सय ७५ ओटामा मेलमिलाप गरायो भने १९ ओटा उजुरी उपल्लो निकायबाट कारवाही प्रक्रियामा रहेको कार्यालयका असइ भीमकुमारी रानाले बताइन्। घरबाट निकालिएकाहरू मेलमिलाप पछि घर गएका र पुन: उजुरी लिएर कार्यालयमा नआएको रानाले बताइन्।

यो वर्ष नवलपरासी पश्चिम जिल्लामा बलात्कारका घटनामा ६, बलात्कार प्रयासका घटनामा चार, बेचबिखन तथा ओसारपसार प्रयासका घटनामा चार, बहुविवाहका घटनामा तीन र पारिवारिक हत्याका घटनामा दुई जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

अभिलेखित घटनामध्ये बलात्कारका चार घटनाका आरोपितलाई जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा पठायो भने दुई घटनाका आरोपितलाई धरौटीमा रिहा गऱ्यो। एक घटनाका आरोपितलाई अदालतले साधारण तारिखमा रिहा गऱ्यो। बलात्कार प्रयासका चार घटनाका आरोपितलाई अदालतले पुर्पक्षमा पठायो। बेचबिखन तथा ओसारपसारबाट चार जना महिला पीडित भएको एक घटनाका चार आरोपितलाई अदालतले पुर्पक्षका लागि थुनामा पठायो। बहुविवाहका दुई घटनाका आरोपितलाई अदालतले धरौटी माग गरेकोमा तोकिएको रकम बुझाउन नसकेपछि थुनामा पठायो। पारिवारिक हत्याका दुई घटनाका आरोपितलाई अदालतले पुर्पक्षका लागि थुनामा पठायो।

स्वास्थ्य सेवाको अवस्था

जिल्लामा तीन सरकारी अस्पताल, तीन सामुदायिक अस्पताल, ४४ स्वास्थ्य चौकी, एक प्राथमिक स्वास्थ्य केन्द्र, तीन नगर स्वास्थ्य केन्द्र छन्। सदरमुकामस्थित सरकारी अस्पतालमा आठ जना

विशेषज्ञको दरबन्दी रहेकोमा दुई जना करारमा नियुक्त भएका छन् भने बाँकी दरबन्दी रिक्त छ। दरबन्दी रिक्त हुनुको कारण जिल्ला स्वास्थ्य कार्यालयको कार्य सुस्तता रहेको जिल्ला अस्पतालले जनायो। जिल्लामा पाँच जना अनमीको दरबन्दी रहेकोमा पाँच जना नै करारमा रहेका छन्। जिल्लामा ६ जना स्टाफ नर्सको दरबन्दी रहेकोमा दुई जना स्थायी र चार जना करारमा रहेका छन्। जिल्लामा २८ हजार ७ सय ४४ जनाले बीमा गराएर सेवा लिइरहेका छन्। ज्येष्ठ नागरिकका लागि नि:शुल्क बीमा कार्यक्रममा पनि ५ हजार ३ सय ६५ जनाको बीमा गरिएको छ।

प्रतिनिधि सभा तथा प्रदेश सभा निर्वाचन २०७९

यस वर्ष सम्पन्न भएको प्रतिनिधि सभा निर्वाचनमा नवलपरासी पश्चिम जिल्लामा २ लाख ४० हजार ९ सय ३० मतदाता मध्ये १ लाख ७२ हजार ४ सय ८५ (७१.५९ प्रतिशत) ले मतदान गरे। यसैगरी प्रदेश सभा तर्फ १ लाख ७१ हजार ५ सय ७४ (७१.२१ प्रतिशत) ले मतदान गरे।

सन् २०२२ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

बाल अधिकार		
घटनाको प्रकार	कानुनी दायरामा ल्याइएका	जम्मा
विद्यालयमा शारीरिक सजाय	१	१
बलात्कार	११	११
यौन दुर्व्यवहार	३	३
जम्मा	१४	१४

महिला अधिकार				
घटनाको प्रकार	मेलमिलाप	मुद्दा टुङ्गिएका	कानुनी दायरामा ल्याइएका	जम्मा
बेचबिखन तथा ओसारपसार प्रयास			१	१
घरेलु हिंसा	८६		९	९५
बहुविवाह		१	३	३
बलात्कार			६	६
बलात्कार प्रयास			४	४
यौन दुर्व्यवहार			१	१
जम्मा	८६	१	२३	११०

मारिएकाको घटना सङ्ख्या		
घटनाको प्रकार	कानुनी दायरामा ल्याइएका	जम्मा
हत्या	४	४

५.८ रुपन्देही



जम्मा जनसङ्ख्या	११,१८,५७५
महिला	५,७१,४३०
प्रतिनिधिसभा निर्वाचन क्षेत्र	५
प्रदेशसभा निर्वाचन क्षेत्र	१०
गरिबीको रेखामुनि रहेको सङ्ख्या	१,५१,१७१
कामका लागि बाहिरिएका	६२,५०४
अपाङ्गता भएका	५,८५०
५ वर्षमाथिको साक्षरता प्रतिशत	६५.८
आश्रित जनसङ्ख्या	३,८४,६४३

यस वर्ष रुपन्देही जिल्लामा ज्यादतीका घटनामा अन्यपक्षबाट ६ सय ७१ जना महिला र सात जना पुरुष पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा ४८ जना बालबालिका र महिला अधिकार उल्लङ्घनका घटनामा ६ सय १८ जना पीडित भए।

कारागार र बन्दी

कारागारको क्षमता १ सय ५० जनाको रहेको छ। अहिले भैरहवा कारागारमा १ सय ४३ जना कैदी र २ सय ९४ जना बन्दीहरू गरी जम्मा ४ सय ३७ जना पुरुष रहेका छन्। जसमध्ये सबैभन्दा बढी बलात्कारका १ सय १९ जना, बलात्कार प्रयासका १० जना मानव बेचविखन तथा ओसार प्रसारका ६ जना र कर्तव्य ज्यानका ७७ जना, ज्यान मार्ने उद्योगका आठ जना, अपहरण तथा शरीर बन्धकका नौ जना, सवारी ज्यानका २५ जना र डाँका चोरीका २८ जना, बहुविवाहका तीन जना, लागु औषधका १ सय ६ जना लगायतका रहेका छन्। जिल्ला कारागारमा क्षमता भन्दा बढी कैदी बन्दीहरूको सङ्ख्या भएकोले सुत्न, बस्न कठिन र पालो कुरेर सुत्नुपर्ने, सुत्दा खुट्टा पसारेर सुत्न नपाइने, गर्मीमा अझ बढी समस्या भएको छ। कारागारमा चार जना ज्येष्ठ नागरिक रहेका छन्। जिल्ला कारागारमा १३ जना कर्मचारीको दरबन्दी रहेको छ। जसमा १२ जना कार्यरत रहेका छन्। व्यावसायिक कामका लागि बाँसको मुढा बनाउने र बिक्री वितरण गरी आयआर्जनका काममा लगाउने गरिएको कारागारका सिनियर अहेब रमेश नेपालले बताए।

प्रतिनिधि तथा प्रदेश सभा सदस्य निर्वाचनमा कारागारमा रहेका ५२ जना कैदी/बन्दीहरूले मतदान गरे।

बालसुधार गृह

भैरहवामा रहेको बालसुधार गृहमा कानुनको विवादमा परेका ८३ जना बालकहरू रहेका छन्।

घटनाको प्रकार		अन्यपक्षबाट		
		महिला	पुरुष	जम्मा
अपहरण		१	१	२
कुटपिट		१	३	४
हत्या		४	२	६
बाल अधिकार	बालविवाह	१		१
	बेचबिखन तथा ओसारपसार	१		१
	बलात्कार	३५		३५
	यौन दुर्व्यवहार	१०	१	११
	जम्मा	४७	१	४८
महिला अधिकार	बेचबिखन तथा ओसारपसार प्रयास	२		२
	घरेलु हिंसा	५७५		५७५
	बहुविवाह	५		५
	बलात्कार	२५		२५
	बलात्कार प्रयास	११		११
	जम्मा	६१८		६१८
कूल जम्मा		६७१	७	६७८

जसमध्ये फैसला भएर सजाय तोकेका ३६ जना र पुपर्क्षका लागि ४७ जना छन्। सुधार गृहमा ३६ जना बलात्कार र दुई जना यौन दुर्व्यवहार, एक जना अप्राकृतिक मैथुन, कर्तव्य ज्यान र लागुऔषधका १३ जना, अपहरण तथा शरीर बन्धक एक जना, कुटपिट, अपहरण र जबरजस्ती करणी दुई जना रहेका छन्। बाल सुधार गृहमा साँधुरो हुँदा उकुस मुकुस हुनु परेको गुनासाहरू आएका छन्।

बालगृहमा बस्ने बालकहरू अधिकांश विद्यालय उमेर समूहका भए पनि पढ्नबाट बञ्चित भएका छन्। बस्ने ठाउँ साँघुरो भएकोले उनीहरू बाहिर बसेर घाम ताप्न र मनोरञ्जन गर्नबाट पनि बञ्चित भएको, छालाजन्य रोगहरूको सङ्क्रमण, दाद, लुतो, टिवी, चिकनपक्स जस्ता रोगबाट पीडित छन्। बालगृहमा १८ वर्षमाथि उमेर समूहका नौ जना रहेको जिल्ला बालसुधार गृहका प्रमुख सुभद्रा गौतमले बताइन्।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत

नौ जना न्यायाधीश दरबन्दी रहेको जिल्ला अदालतमा यो वर्ष फौजदारी मुद्दातर्फ २ हजार ७ सय ६६ थान मुद्दा मुद्दा दर्ता भए। जसमध्ये १ हजार ३ सय ५४ थान मुद्दा फैसला भए। देवानी मुद्दातर्फ ४ हजार ८ सय ७४ थान मुद्दा दर्ता भए। जसमध्ये २ हजार ६ सय ६४ थान मुद्दा फैसला भए। यस अदालतमा दुई वर्ष नाघेका फौजदारी मुद्दा ९७ थान रहेका छन् भने देवानी मुद्दा १ सय ८६ थान बाँकी छन्।

जिल्ला अदालतमा दर्ता भएको मुद्दाहरूलाई समान रूपमा विभाजन गरिन्छ। जिल्ला एक जना भन्दा बढी न्यायाधीश भएको जिल्लामा गोलाप्रथाद्वारा मुद्दा बाँडिन्छ। एक जना न्यायाधीशले वार्षिक सरदर ५ सयदेखि ६ सयको सङ्ख्यामा मुद्दा हेर्ने गरी आँकलन गरेर कार्य विभाजन गरिएको छ। मुद्दाको सङ्ख्या प्रत्येक वर्ष एकै खालको हुँदैन यो वर्ष पनि ४ हजार १ सय ८८ थान मुद्दा एक वर्ष नपुग्दै दर्ता भएको छ।

कानुनी प्रकृयागत ढिलाइ, लामो र झन्झटिलो प्रकृया, थुनुवा र नाबालकको बाल इजलासमा हेर्ने मुद्दाहरू हेर्न ढिलाइ भएको, फरार आरोपितहरू हाजिर नभएको, तामेल गर्ने प्रक्रियामा ढिलाई भएको फरारको हकमा म्याद तामेल हुन नसक्नु, पुराना मुद्दा धेरै भएको कारण नयाँ मुद्दाले समय नपाउने, पक्षहरूले तारिख लामो लिने, कानुन व्यवसायीले पेशी पटकपटक हटाउने, न्यायाधीशको समय अभावका कारण पनि पेसी हटाउने, फास्ट ट्र्याक सुनुवाईमा निरन्तर सुनुवाइ नहुनु जस्ता कारण न्याय सम्पादनमा ढिलाइ भएको कानुन व्यवसायी वरिष्ठ अधिवक्ता शिवप्रसाद गौडेलले बताए।

उच्च अदालत, वुटवल इजलास

१२ जना न्यायाधीशको दरबन्दी रहेको उच्च अदालत बुटवल इजलासमा चार जना न्यायाधीशको दरबन्दी रिक्त रहेको छ। यस वर्षका लागि दुनियावादी देवानीका ६ सय ४० थान, दुनियावादी फौजदारीका २ सय ३९ थान, सरकारवादी फौजदारीका ६ सय ६२ थान र सुरू क्षेत्राधिकारबाट ४१ थान मुद्दा जिम्मेवारी सरेका रहेका छन्।

जिल्ला अदालतको तुलनामा उच्च अदालतमा कार्यगत हिसाबले छिटो न्याय सम्पादन हुने गरेको छ। नयाँ कार्यविधि र देवानी संहिता अनुसार मुद्दा थाम्ने र थमाउने प्रकृया, पक्षहरूमा पनि एकले छिटो न्याय

चाहने र अर्को पक्षले ढिला गर्ने, विचौलियाको प्रवेशका कारण पनि मुद्दा लम्बिएको, त्यस्तै कानुन व्यवसायी र न्यायाधीशप्रति पक्षहरूको विश्वास नभएको कारण र न्यायालयप्रति अख्तियारले पनि छापा मार्ने र घुससहित रङ्गेहात गिरफ्तार गर्नेले कार्यले पनि न्याय सम्पादनमा ढिलो भएको नेपाल बार एशोशिएसन उच्च अदालत बुटवल एकाइका अध्यक्ष कैलाश ज्ञवालीले बताए।

बाल अधिकार

शिक्षाको अधिकार

यस जिल्लामा २ सय १९ आधारभूत र १ सय ७० माध्यमिक विद्यालय छन्। यस जिल्लामा जम्मा २ हजार ८७ शिक्षक दरबन्दी रहेकामा हाल स्थानीय तहबाट सबै दरबन्दी मिलान भइसकेको छ। यस वर्ष १ लाख ७४ हजार ६ सय ९४ छात्र र १ लाख ५० हजार ५ सय ४१ जना छात्राहरू विद्यालय भर्ना भए। जसमा अपाङ्गता भएका ३ सय ७४ छात्रा र ५ सय ७ छात्र छन्। जिल्लामा अपाङ्गतामैत्री अन्तर्गत विशेष विद्यालय एक माबि र तीन ओटा विद्यालयमा स्रोतकक्षा सञ्चालनमा रहेका छन्। द्वन्द्वपीडित परिवारका १८ जना छात्रछात्राले छात्रवृत्ति पाए। दलित अपाङ्गलाई निःशुल्क शिक्षाको व्यवस्था गरिएको छ। विद्यालय पढ्ने उमेर समूहका सबै बालबालिका विद्यालय भर्ना भएको शिक्षा विकास तथा समन्वय एकाइ रुपन्देहीका निमित्त प्रमुख धनिश्वर पन्थीले बताए। यसवर्ष जिल्लाभर २४ हजार ९ सय २७ दलित छात्र र २२ हजार ६ सय २९ दलित छात्रा विद्यालय भर्ना भए। वैदेशिक रोजगारमा गएर मृत्यु भएका परिवारका ६५ जना बालबालिकाले ६० लाख ४ हजार रुपियाँ छात्रवृत्ति पाए। द्वन्द्वपीडित परिवारका १८ बालबालिकाले २ लाख ९० हजार रुपियाँ छात्रवृत्ति पाएको जिल्ला शिक्षा कार्यालयका निमित्त प्रमुख पन्थीले बताए।

यस वर्ष रुपन्देही जिल्लामा यौन दुर्व्यवहारका घटनामा ११ र बलात्कारका घटनामा ३५ जना बालबालिका पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

अभिलेखित घटनामध्ये बलात्कारका २२ घटनाका आरोपितहरूलाई जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा पठायो भने एक घटनाका आरोपितलाई कैद तथा जरिबानाको फैसला सुनायो। तीन घटनाका आरोपितलाई अदालतले बाल सुधार गृहमा पठायो। पाँच घटनाका आरोपित वर्षको अन्त्यसम्म गिरफ्तार भएनन्। दुई घटनाका आरोपितलाई अदालतले धरौटीमा रिहा गऱ्यो भने एक घटनाका आरोपितलाई सफाइ दियो। एक घटनाका आरोपितलाई अदालतले अभिभावकको जिम्मा लगायो भने एक घटनाका आरोपित वर्षको अन्त्यसम्म प्रहरी अनुसन्धानमै रहे। एक घटनाका तीन आरोपितलाई अदालतले बालसुधार गृह र दुई आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। एक घटनाका एक आरोपितलाई अदालतले बाल सुधार गृहमा पठायो र एक आरोपितलाई धरौटीमा रिहा गऱ्यो। यौन दुर्व्यवहारका ६ घटनाका आरोपितलाई अदालतले पुर्पक्षका लागि थुनामा पठायो भने दुई घटनाका आरोपितलाई कैद तथा जरिवानाको फैसला सुनायो। एक घटनाका आरोपितलाई अदालतले धरौटीमा रिहा गऱ्यो भने एक घटनाका आरोपितलाई धरौटी बुझाउन नसकेपछि थुनामा पठायो। एक घटनाका आरोपित वर्षको अन्त्यसम्म गिरफ्तार भएनन्।

बलात्कार, यौन दुर्व्यवहार

१३ वर्षीया सुस्त मनस्थिति भएकी बालिकालाई ०७८ फागुन ८ गते साँझ बलात्कार गरेको आरोपमा गैडहवा गाउँपालिका-८ का १९ वर्षीय सन्तोष भन्ने भानुभक्त घर्ती मगरविरुद्ध पीडित बालिकाका अभिभावकले फागुन ९ गते इलाका प्रहरी कार्यालय, लुम्बिनीमा उजुरी दिए। आरोपितलाई प्रहरीले फागुन ९ गते घरबाटै गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण फागुन ८ गते भिम अस्पताल भैरहवामा भयो। आरोपितविरुद्ध प्रहरीले जिल्ला सरकारी वकिल कार्यालय मार्फत् चैत २७ गते जिल्ला अदालतमा बलात्कार सम्बन्धी मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश धनसिंह महराको चैत ३० गतेको इजलासले आरोपितलाई पुपर्क्षका लागि थुनामा पठायो। जिल्ला अदालतका न्यायाधीश मातृका मरासिनीको २०७९ जेठ २५ गते बसेको इजलासले आरोपितलाई कसुरदार ठहर गर्दै १८ वर्ष कैद सजाय, प्रतिवादीबाट पीडितलाई १ लाख रुपियाँ क्षतिपूर्ति भराइदिने र १ हजार ८ सय रुपियाँ पीडित राहत कोषमा जम्मा गर्ने फैसला सुनाएको जिल्ला अदालतका श्रेस्तेदार शोभाखर खरेलले बताए।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यो वर्ष रुपन्देही जिल्लामा घरेलु हिंसा पीडित भन्दै ५ सय ६५ जना महिलाले जिल्ला प्रहरी कार्यालयको महिला बालबालिका तथा ज्येष्ठ नागरिक

सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमा कुटपिटका ३ सय ३२, खानलगाउन नदिएको ९९, विवाह दर्ता र नागरिकता नबनाएको १९, अर्की पत्नी ल्याएर हेला गरेको नौ, दाइजो नल्याएको भनी हेला गरेको १५ र अन्य ८५ उजुरी छन्। यीमध्ये प्रहरीले ४ सय १२ वटामा मेलमिलाप गरायो भने ७२ उजुरी कारबाही प्रक्रियामा रहेको, ५१ जना अदालत जान्छौ भनी गएको र ४० जना सम्पर्कमा नआएको जिल्ला प्रहरी कार्यालय महिला, बालबालिका तथा जेष्ठ नागरिक सेवा केन्द्रका इन्सपेक्टर सबिता जीसीले बताइन्।

यो वर्ष रुपन्देही जिल्लामा घरेलु हिंसाका घटनामा ५ सय ७५, बलात्कारका घटनामा २५, बलात्कार प्रयासका घटनामा ११, बेचबिखन तथा ओसारपसार प्रयासका घटनामा दुई, बहुविवाहका घटनामा पाँच र पारिवारिक हत्याका घटनामा चार जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

अभिलेखित घटनामध्ये बलात्कारका १९ घटनाका आरोपितलाई जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा पठायो भने एक घटनाका आरोपितलाई कैद तथा जरिबानाको फैसला सुनायो। एक घटनाका आरोपितलाई अदालतले धरौटीमा रिहा गऱ्यो भने चार घटनाका आरोपित वर्षको अन्त्यसम्म गिरफ्तार भएनन्। बलात्कार प्रयासका तीन घटनाका आरोपितलाई अदालतले धरौटीमा रिहा गऱ्यो भने दुई घटनाका आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। तीन घटनाका आरोपितलाई अदालतले सफाइ दियो भने एक घटनाका आरोपितलाई धरौटीमा तोकिएको रकम बुझाउन नसकेपछि थुनामा पठायो। एक घटनाका एक आरोपितलाई अदालतले पुर्पक्षका लागि थुनामा पठायो भने एक आरोपितलाई धरौटीमा रिहा गऱ्यो। चार घटनाका आरोपित वर्षको अन्त्यसम्मा प्रहरी अनुसन्धानमै रहे। दुई घटनाका आरोपित वर्षको अन्त्यसम्म गिरफ्तार भएनन्। बेचबिखन तथा ओसारपसार प्रयासका दुई घटनाका आरोपितलाई अदालतले पुर्पक्षका लागि थुनामा पठायो। बहुविवाहका तीन घटनाका आरोपितलाई अदालतले पुर्पक्षका लागि थुनामा पठायो भने एक घटनाका आरोपितलाई कैद तथा जरिबानाको फैसला सुनायो। एक घटनाका आरोपितलाई अदालतले सफाइ दियो। एक घटनाका आरोपित वर्षको अन्त्यसम्म गिरफ्तार भएनन् भने एक घटनाका आरोपित वर्षको अन्त्यसम्म प्रहरी अनुसन्धानमै रहे। पारिवारिक हत्याका चार घटनाका आरोपितलाई अदालतले पुर्पक्षका लागि थुनामा पठायो। एक घटनाका आरोपितले आत्महत्या गरे।

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

३५ वर्षीया बोल्न नसक्ने महिलालाई ०७८ चैत २३ गते बलात्कार गरेको आरोपमा सैनामैना नपा-९ पानबारीका ४० वर्षीय राजकुमार विश्वकर्माविरुद्ध पीडित पक्षले चैत २३ गते इलाका प्रहरी कार्यालय सालझण्डीमा उजुरी दियो। आरोपितलाई चैत २३ गते प्रहरीले सैनामैनाबाट गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण चैत २९ गते लुम्बिनी प्रादेशिक अस्पताल, बुटवलमा भयो। आरोपितविरुद्ध प्रहरीले जिल्ला सरकारी वकिल कार्यालयमार्फत ०७९ बैशाख १९ गते जिल्ला अदालत बलात्कारसम्बन्धी मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश पिताम्बर शर्माको बैशाख २१ गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। जिल्ला अदालतका न्यायाधीश धनसिंह महराको असार २७ गतेको इजलासले आरोपितलाई कसुरदार ठहर गर्दै ८ वर्ष कैद सजाय र १ लाख रुपियाँ क्षतिपूर्ति वापत पीडितलाई भराउने र १ हजार ३ सय रुपियाँ पीडित राहत कोषमा दाखिला गर्ने आदेश दिएको जिल्ला अदालतका स्रेस्तेदार शोभाखर खरेलले बताए।

पारिवारिक हत्या

देवदह नपा-५ संगमचोकस्थित पाल्पाली टोलका ३६ वर्षीय बोलेन्द्र जुल्मी मगरले ०७९ कात्तिक २० गते राती ३२ वर्षीय पत्नी हिमकला जुल्मी मगरको हत्या गरी पड्खामा झुण्डिएर आत्महत्या गरे। मृतक बोलेन्द्र वैदेशिक रोजगारीका लागि कतारमा रहेको र कार्तिक १७ गते मात्र घरमा फर्किएका थिए। घरमा फर्किएपछि बोलेन्द्रले कार्तिक २० गते राती पत्नीलाई मरणासन्न हुने गरी कुटपिट गर्दा पत्नीको मृत्यु भएको र पत्नीको हत्या गरेपछि आफूले पनि ओड्नेको पासो लगाएर आत्महत्या गरेको प्रहरीले जनायो।

स्वास्थ्य सेवाको अवस्था

जिल्लामा एक प्रदेशिक अस्पताल र एक जिल्ला अस्पताल गरी दुई अस्पताल रहेका छन् भने प्राथमिक स्वास्थ्य केन्द्र पाँच, उप-स्वास्थ्य चौकी ६४, शहरी स्वास्थ्य केन्द्र १४, सामुदायिक एकाइ पाँच, नीजि स्वास्थ्य संस्थाको सङ्ख्या (अस्पताल, मेडिकल कलेज, अस्पताल क्लिनिक) २१ छन्।

प्रतिनिधि सभा तथा प्रदेश सभा निर्वाचन २०७९

यस वर्ष सम्पन्न भएको प्रतिनिधि सभा निर्वाचनमा रुपन्देही जिल्लामा ६ लाख ३८ हजार ९ सय ५२ मतदाता मध्ये ४ लाख ३१ हजार ९ सय ७४ (६७.६० प्रतिशत) ले मतदान गरे। यसैगरी प्रदेश सभा तर्फ ४ लाख ३१ हजार १७ (६७.४५ प्रतिशत) ले मतदान गरे।

सन् २०२२ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

बाल अधिकार					
घटनाको प्रकार	मेलमिलाप	अनुसन्धान	मुद्दा टुङ्गिएका	कानुनी दायरामा ल्याइएका	जम्मा
बालविवाह	१				१
बेचबिखन तथा ओसारपसार				१	१
बलात्कार		४	१	२७	३२
यौन दुर्व्यवहार		१	२	८	११
जम्मा	१	५	३	३६	४५

महिला अधिकार						
घटनाको प्रकार	अनुसन्धान	मेलमिलाप	मुद्दा टुङ्गिएका	अपूर्ण	कानुनी दायरामा ल्याइएका	जम्मा
घरेलु हिंसा		५४७		८	२०	५७५
बहुविवाह	१		१		३	५
बलात्कार	५		१		१९	२५
बलात्कार प्रयास	४				६	१०
बेचबिखन तथा ओसारपसार प्रयास					१	१
जम्मा	१०	५४७	२	८	४९	६१६

मारिएकाको घटना सङ्ख्या			
घटनाको प्रकार	मुद्दा टुङ्गिएका	कानुनी दायरामा ल्याइएका	जम्मा
हत्या	१	५	६

५.५ कपिलवस्तु



जम्मा जनसङ्ख्या	६,८६,७३५
महिला	३,४५,१३५
प्रतिनिधिसभा निर्वाचन क्षेत्र	३
प्रदेशसभा निर्वाचन क्षेत्र	६
गरिबीको रेखामुनि रहेको सङ्ख्या	२,०१,७७२
कामका लागि बाहिरिएका	२५,७५२
अपाङ्गता भएका	७,३३३
५ वर्षमाथिको साक्षरता प्रतिशत	५४.५
आश्रित जनसङ्ख्या	२,७७,८३४

यस वर्ष कपिलवस्तु जिल्लामा ज्यादतीका घटनामा अन्यपक्षबाट ३ सय ५६ जना महिला र पाँच जना पुरुष पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा ३३ जना बालबालिका र महिला अधिकार उल्लङ्घनका घटनामा ३ सय १९ जना महिला पीडित भए।

कारागार र बन्दी

३ सय ५२ जनाको क्षमता रहेको जिल्ला कारागार, कपिलवस्तुमा ४ सय ७९ जना पुरुष कैदीबन्दी छन्। कैदीबन्दीहरूको नियमित स्वास्थ्य परीक्षणका लागि कारागारमा एकजना स्वास्थ्यकर्मीको दरबन्दी रहेको छ। जटिल रोगका बिरामी एक जना र तीन जना मानसिक रोगका बिरामीहरूले उपचार गराइरहेका छन्। कारागारमा ६८ वर्ष नाघेका कैद तोकिएका १५ जना ज्येष्ठ नागरिक रहेको कारागार कार्यालयका प्रमुख मनोजकुमार सैनीले बताए कारागारमा पुस्तकालय, इन्डोर खेल खेल्ने सामग्रीको व्यवस्था गरिएको छ। बाँसको मुडा तथा खेलौना बनाउने तालिम तालिमहरू सञ्चालन गरिएको प्रमुख सैनीले बताए।

प्रतिनिधि सभा र प्रदेश सभा निर्वाचनमा कारागारका ५६ जना कैदीबन्दीले मतदान गरे।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत

जिल्ला अदालत, कपिलवस्तुमा पाँच जना न्यायाधीशको दरबन्दी रहेको छ। यो वर्ष फौजदारी मुद्दातर्फ ७ सय १४ थानमध्ये ५ सय १८ थान मुद्दा फैसला भए। देवानी मुद्दातर्फ १ हजार ५ सय १५ थानमध्ये १ हजार २ सय ५६ थान मुद्दा फैसला भए। यस अदालतमा दुई वर्ष नाघेका फौजदारी मुद्दा ५१ थान छन् भने देवानी मुद्दा ७५ थान रहेका छन्।

गत वैशाख ३० मा सम्पन्न स्थानीय तहको निर्वाचन र मंसिर ४ गते सम्पन्न प्रतिनिधि सभा सदस्य र प्रदेश सभा सदस्य निर्वाचनमा न्यायाधीशसहित कर्मचारीहरू खटिएकाले तथा न्यायाधीशहरूको बिदा र तालिमका कारण अदालतले योजनाले निर्दृष्ट गरे अनुसारको लक्ष्य पूरा गर्न समस्या भएको जिल्ला अदालतका सेस्तेदार सुमन पाण्डेले बताए।

बाल अधिकार

शिक्षाको अवस्था

यस जिल्लामा ७ सय ७४ आधारभूत र १ सय ४७ माध्यमिक विद्यालय छन्। १ हजार २ सय ९१ शिक्षक दरबन्दी रहेकोमा २ सय ७२ रिक्त छन्। कुनै विद्यालयमा दरबन्दी मिलान हुन सकेको छैन। यस वर्ष ९१ हजार ४ सय ४८ बालक र ८३ हजार ६ सय १२ जना बालिका विद्यालय भर्ना भए। जसमा अपाङ्गता भएका ९ सय बालिका र ७ सय बालक छन्। जिल्लामा अपाङ्गतामैत्री विद्यालय १ सय ५० आधारभूत र १ सय १९ माध्यमिक गरी २ सय ६९ ओटा छन्। यस वर्ष जिल्लामा १८ हजार ४ सय ८८ दलित बालक र १६ हजार ९ सय ८९ दलित बालिका विद्यालय भर्ना भए। वैदेशिक रोजगारीमा गई मृत्यु भएका परिवारका ९१ जना बालबालिकाले असार मसान्तसम्म आधारभूत तहमा प्रति विद्यार्थीले ८ हजार रुपियाँ र माध्यमिक तहका प्रति विद्यार्थीले १२ हजार रुपियाँको दरले छात्रवृत्ति पाएको शिक्षा विकास तथा समन्वय एकाइका प्रमुख थानेश्वर घिमिरेले बताए। द्वन्द्वपीडित परिवारका १३ जना बालबालिकाले छात्रावृत्ति पाए। कक्षा ११ र १२ का विद्यार्थीहरूले प्रति विद्यार्थीले १८ हजार रुपियाँ , कक्षा ९ र १० का विद्यार्थीले १६ हजार रुपियाँ र कक्षा ६, ७ र ८ का विद्यार्थीले १४ हजार रुपियाँको दरले छात्रवृत्ति पाएको घिमिरेले बताए।

घटनाको प्रकार		अन्यपक्षबाट		
		महिला	पुरुष	जम्मा
अपहरण		१	१	२
कुटपिट		१		१
हत्या		३	३	६
बाल अधिकार	बालविवाह	१		१
	बेचबिखन तथा ओसारपसार	२		२
	बलात्कार	१९		१९
	यौन दुर्व्यवहार	१०	१	११
	जम्मा	३२	१	३३
महिला अधिकार	बेचबिखन तथा ओसारपसार प्रयास	४		४
	घरेलु हिंसा	२९०		२९०
	बहुविवाह	३		३
	बलात्कार	१३		१३
	बलात्कार प्रयास	८		८
	यौन दुर्व्यवहार	१		१
	जम्मा	३१९		३१९
कूल जम्मा		३५६	५	३६१

यस वर्ष कपिलवस्तु जिल्लामा यौन दुर्व्यवहारका घटनामा ११, बलात्कारका घटनामा १९, बेचबिखन तथा ओसारपसार प्रयासका घटनामा दुई र बालविवाहका घटनामा एक जना बालबालिका पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

अभिलेखित घटनामध्ये बलात्कारका नौ घटनाका आरोपितहरूलाई जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा पठायो भने एक घटनाका आरोपितलाई बाल सुधार गृहमा पठायो। सात घटनाका आरोपित वर्षको अन्त्यसम्म गिरफ्तार भएनन्। बलात्कारको एक घटनाका एक आरोपितलाई अदालतले बाल सुधार गृह पठायो, दुई आरोपितलाई धरौटीमा रिहा गऱ्यो भने तीन आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। यौन दुर्व्यवहारका दुई घटनाका आरोपितलाई अदालतले धरौटीमा रिहा गऱ्यो भने एक घटनाका आरोपितलाई बाल सुधार गृहमा पठायो। एक घटनाका आरोपितलाई अदालतले साधारण तारिखमा रिहा गऱ्यो। एक घटनाका आरोपित अदालतले तोकेको धरौटी रकम बुझाउन नसकेपछि थुनामा पठायो। ६ घटनाका आरोपित वर्षको अन्त्यसम्म गिरफ्तार भएनन्। बेचबिखन तथा ओसारपसार प्रयासका एक घटनाका आरोपितलाई अदालतले पुर्पक्षका लागि थुनामा पठायो भने एक घटनाका आरोपित वर्षको अन्त्यसम्म प्रहरी अनुसन्धानमै रहे। बालविवाहका एक घटनाका आरोपितलाई अदालतले धरौटीमा रिहा गऱ्यो भने एक घटनाका एक आरोपितलाई धरौटीमा र एक आरोपितलाई साधारण तारिखमा रिहा गऱ्यो।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव , दुर्व्यवहार

यो वर्ष घरेलु हिंसा पीडित भन्दै ३ सय ३९ जना महिलाले जिल्ला प्रहरी कार्यालयको महिला बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमा कुटपिट गरी घरनिकाला गरिएका

६, खानलाउन नदिएका ९४, विवाह दर्ता, जन्मदर्ता र नागरिकता नबनाएका १३, अर्की पत्नी ल्याएर हेला गरेको एक, मादक पदार्थ सेवन गरी गालिगलौज गरेको ४६ र सामान्य घरायसी झगडाका १ सय ४२ उजुरी दर्ता छन्। पैतृक सम्पतिको विवादमा सात, पत्नी माइती गएर बसेको ३० ओटा उजुरी आएकामा १९ जना अदालत गएको, प्रहरीले २ सय १४ ओटामा मेलमिलाप गरायो भने १ सय ६ ओटा उजुरी महिला बालबालिका तथा जेष्ठ नागरिक शाखाबाट गाउँसमाजमा कारबाही प्रक्रियाका लागि पठाइएकोमा स्थानीयस्तरमै समाधान भएको जिल्ला प्रहरी कार्यालयको महिला बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रका प्रमुख इन्स्पेक्टर शैलेश्वरी बोहराले बताइन्।

यो वर्ष कपिलवस्तु जिल्लामा बलात्कारका घटनामा १३, यौन दुर्व्यवहारका घटनामा एक, बलात्कार प्रयासका घटनामा आठ, बेचबिखन तथा ओसारपसार प्रयासका घटनामा चार, बहुविवाहका घटनामा तीन र पारिवारिक हत्याका घटनामा तीन जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

अभिलेखित घटनामध्ये बलात्कारका आठ घटनाका आरोपितलाई जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा पठायो भने एक घटनाका आरोपितलाई धरौटीमा रिहा गऱ्यो। दुई घटनाका आरोपित वर्षको अन्त्यसम्म प्रहरी अनुसन्धामै रहे भने एक घटनाका आरोपित वर्षको अन्त्यसम्म गिरफ्तार भएनन्। एक घटनाका एक आरोपितलाई अदालतले अभिभावकको जिम्मा लगायो, एक आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो भने एक आरोपित वर्षको अन्त्यसम्म गिरफ्तार भएनन्। बलात्कार प्रयासका चार घटनाका आरोपितलाई अदालतले पुर्पक्षका लागि थुनामा पठायो भने तीन घटनाका आरोपितलाई धरौटीमा रिहा गऱ्यो। दुई घटनाका आरोपित वर्षको अन्त्यसम्म गिरफ्तार भएनन्। बेचबिखन तथा ओसारपसारका एक घटनाका आरोपितलाई अदालतले पुर्पक्षका लागि थुनामा पठायो। बेचबिखन तथा ओसारपसार प्रयासका एक घटनाका आरोपित वर्षको अन्त्यसम्मा प्रहरी अनुसन्धानमै रहे भने एक घटनाकाआरोपित वर्षको अन्त्यसम्म गिरफ्तार भएनन्। पारिवारिक हत्याका तीन घटनाका आरोपितलाई अदालतले पुर्पक्षका लागि थुनामा पठायो। बहुविवाहका एक घटनाका आरोपितलाई अदालतले पुर्पक्षका लागि थुनामा पठायो भने दुई घटनाका आरोपितलाई धरौटीमा रिहा गऱ्यो। एक घटनाका आरोपित वर्षको अन्त्यसम्म गिरफ्तार भएनन्।

स्वास्थ्य सेवाको अवस्था

जिल्लामा तीन सरकारी अस्पताल, तीन सामुदायिक अस्पताल, ७२ स्वास्थ्य चौकी, २६ ओटा आधारभूत अस्पताल, दुई प्राथमिक स्वास्थ्य केन्द्र, सात नगरस्वास्थ्य केन्द्र, सामुदायिक स्वास्थ्य एकाइ ४०, आधारभूत स्वास्थ्य सेवा केन्द्र १७, बर्थिङ् सेन्टर ३१, खोप क्लिनिक ३ सय ९४, गाउँघर क्लिनिक ३ सय १० र १ हजार १ सय ७ जना महिला स्वास्थ्य स्वयम्सेविका छन्। सदरमुकामस्थित सरकारी अस्पतालमा नौ जना विशेषज्ञको दरबन्दीमा तीन जनाको दरबन्दी रिक्त छ। १ सय ३९ जना स्वास्थ्यकर्मीको दरबन्दीमा सबै कार्यरत छन्। १ सय ३९ मा १२ जना कर्मचारी बाहेक सबै करारका हुन जसमध्ये चिकित्सकको रूपमा नेपाल सरकारको स्थायी दरबन्दीमा एक जना डाक्टर मात्र कार्यरत छन्। कपिलवस्तु अस्पतालमा दैनिक ४० जनाले ओपीडीबाट बीमाबातको सेवा लिइरहेका छन्। अस्पतालमा ७५ वर्ष नाघेका ज्येष्ठ नागरिकलाई ८० प्रतिशत नि:शुल्क स्वास्थ्य उपचार गरिएको छ भने ९० वर्ष नाघेका ज्येष्ठ नागरिकहरूका लागि उपचारमा लाग्ने सम्पूर्ण खर्च नि:शुल्क हुने कपिलवस्तु अस्पतालका सूचना अधिकारी रत्नाकर शुक्लाले बताए।

नेपाल सरकारले ०७७ मङ्सिर १५ गते तीन ओटा आधारभूत स्वास्थ्य अस्पताल निर्माणका लागि शिलान्यास भएकोमा मायादेवी गाउँपालिकाको मात्र निर्माण कार्यको शुरुआत भएको छ भने यशोधरा र शुद्धोधन गाउँपालिकाको डीपीआरमात्र भएको जिल्ला स्वास्थ्य कार्यालय, कपिलवस्तुका तथ्याङ्क अधिकृत अनिरुद्धकुमार श्रीवास्तवले बताए।

प्रतिनिधि सभा तथा प्रदेश सभा निर्वाचन २०७९

यस वर्ष सम्पन्न भएको प्रतिनिधि सभा निर्वाचनमा कपिलवस्तु जिल्लामा ३ लाख ७८ हजार २ सय ३२ मतदाता मध्ये २ लाख ५३ हजार ५ सय ९ (६७.०२ प्रतिशत) ले मतदान गरे। यसैगरी प्रदेश सभा तर्फ २ लाख ५३ हजार १ सय ७० (६६.९३ प्रतिशत) ले मतदान गरे।


सन् २०२२ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

बाल अधिकार			
घटनाको प्रकार	अनुसन्धान	कानुनी दायरामा ल्याइएका	जम्मा
बालविवाह		१	१
बेचबिखन तथा ओसारपसार	१	१	२
बलात्कार	८	११	१८
यौन दुर्व्यवहार	५	६	११
जम्मा	१३	१९	३२

महिला अधिकार				
घटनाको प्रकार	अनुसन्धान	मेलमिलाप	कानुनी दायरामा ल्याइएका	जम्मा
बेचबिखन तथा ओसारपसार	१		२	३
घरेलु हिंसा	३	२८२	५	२९०
बहुविवाह	१		२	३
बलात्कार	३		१०	१३
बलात्कार प्रयास	२		६	८
यौन दुर्व्यवहार			१	१
जम्मा	१०	२८२	२६	३१८

मारिएकाको घटना सङ्ख्या		
घटनाको प्रकार	कानुनी दायरामा ल्याइएका	जम्मा
हत्या	६	६

५.१० दाङ



जम्मा जनसङ्ख्या	६,७६,२७७
महिला	३,५४,३७६
प्रतिनिधिसभा निर्वाचन क्षेत्र	३
प्रदेशसभा निर्वाचन क्षेत्र	६
गरिबीको रेखामुनि रहेको सङ्ख्या	१,३७,२५५
कामका लागि बाहिरिएका	४३,१६०
अपाङ्गता भएका	१२,८८१
५ वर्षमाथिको साक्षरता प्रतिशत	५६.८
आश्रित जनसङ्ख्या	२,४७,३६८

यस वर्ष दाङ जिल्लामा मानव अधिकार उल्लङ्घनका घटनामा राज्यपक्षबाट पाँच जना महिला र २६ जना पुरुष तथा ज्यादतीका घटनामा अन्यपक्षबाट १ सय ८२ जना महिला र २१ जना पुरुष पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा २९ जना बालबालिका तथा महिला अधिकार उल्लङ्घनका घटनामा १ सय ४६ जना महिला पीडित भए।

कुटपिट

अन्यपक्षबाट

राजपुर गाउँपालिका-३ घर भई जनज्योति मावि बेलामा कक्षा १२ मा अध्ययनरत १९ वर्षीय मन्साराम यादवलाई ०७९ साउन २० गते राजपुर गाउँपालिका-२ निवासी विद्यालयका शिक्षक ३७ वर्षीय पाटेश्वर यादव, राजपुर गाउँपालिका-२ का ४६ वर्षीय धीरबहादुर यादव, २२ वर्षीय रामकिसुन यादव, २३ वर्षीय सुरज यादव र २३ वर्षीय रामप्रसाद यादवले कुटपिट गरेको भन्दै पीडित पक्षले साउन २४ गते इलाका प्रहरी कार्यालय, गढवामा उजुरी दियो। टाउको, मुख, नाक, हात, गोडा, ढाडमा चोट लागेका यादवको वेष्टर्न हस्पिटल, नेपालगञ्जमा उपचार भयो। स्थानीय युवतीसँग प्रेम गरेको आरोपमा घरमा बन्धक बनाइ आरोपितहरूले पीडितलाई कुटपिट गरेका थिए। प्रहरीले शिक्षक पाटेश्वर यादव र धीरबहादुर यादवलाई घरबाटै साउन २५ गते गिरफ्तार गऱ्यो। प्रहरीले आरोपितविरुद्ध कर्तव्य ज्यान शीर्षकमा भदौ २० गते जिल्ला अदालतमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतलको भदौ २१ गतेको आदेशमा आरोपितमध्ये दुईजनालाई पुर्पक्षका लागि थुनामा पठाउने आदेश गऱ्यो। घटनामा संलग्न सामकिसुन, सुरज र रामप्रसाद यादव यो वर्षको अन्त्यसम्म गिरफ्तार नभएको इलाका प्रहरी कार्यालय, गढवाका इन्स्पेक्टर रञ्जु केसीले बताइन्। यस वर्षको अन्त्यसम्म मुद्दाको फैसला पनि भएन।

कारागार र बन्दी

जिल्लामा दुईओटा कारागार सञ्चालनमा छन्। १ सय १० जना क्षमताको जिल्ला कारागार कार्यालय घोराहीमा १ सय ३३ कैदी र २ सय ४९ बन्दी गरी जम्मा ३ सय ८२ जना छन्। क्षमता भन्दा तीन गुणा

घटनाको प्रकार		राज्यपक्षबाट			अन्यपक्षबाट		
		महिला	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
अपहरण					१	५	६
गिरफ्तारी			४	४			
कुटपिट		३		३	३	९	११
अमानवीय व्यवहार		१		१		१	१
हत्या					५	३	८
जातीय विभेद						३	३
अभिव्यक्ति, भेला तथा सङ्गठित हुने अधिकार		३	३३	३४			
बाल अधिकार	विद्यालयमा शारीरिक सजाय					१	१
	नवजात शिशुको हत्या				३		३
	बलात्कार				१९		१९
	यौन दुर्व्यवहार				७		७
	जम्मा				३८	१	३९
महिला अधिकार	घरेलु हिंसा				१३१		१३१
	'बोक्सी'को आरोप				१		१
	बलात्कार				१८		१८
	बलात्कार प्रयास				४		४
	बेचबिखन तथा ओसारपसार				३		३
	जम्मा				१४६		१४६
कूल जम्मा		५	३६	३१	१८३	३१	३०३

बढी कैदीबन्दी रहेको कारागारमा बस्ने समस्या छ। यस कारागारमा सबै पुरुष कैदीबन्दीमात्र छन्। कैदीबन्दीहरूको नियमित स्वास्थ्य परीक्षणका लागि एक जना हेल्थ असिष्टेन्ट दरबन्दी रहेकोमा सेवा प्रदान गरिरहेका छन्। मुद्दाको छिनोफानो समयमै नहुँदा २० जना कारागारमा बस्न बाध्य रहेका जेलर खनालले बताए। जिल्ला कारागारमा ध्यान, योग, जिमलगायत शारीरिक व्यायामको व्यवस्था गरिएको जिल्ला कारागारमा नेपालमै पहिलो पटक कैदी/बन्दीका लागि गुनासो सुन्न कल सेन्टरको स्थापना गरिएको छ। गत ०७९ मङ्सिर ४ गते सम्पन्न भएको आमनिर्वाचनमा जिल्ला कारागार, घोराहीका ४६ जनाले मतदान गरे।

यसैगरी ३ सय १० क्षमताको तुलसीपुर कारागारमा महिला २० र पुरुष २ सय ९० जनाको क्षमता छ। कारागारमा कैदीबन्दी ५ सय ७७ जना छन्। जसमा महिला ४० र पुरुष ५ सय ३७ छन्। कारागारमा आश्रित ६ महिनादेखि ३ वर्ष उमेरका तीन जना बालक छन्। कैदीबन्दीहरूको नियमित स्वास्थ्य परीक्षणका लागि एक जना हेल्थ असिष्टेन्टको दरबन्दी रहेकोमा सेवा प्रदान गरिरहेका छन्। कारागारमा १० जना पुरुष र एक जना महिला गरी कूल ११ ज्येष्ठ नागरिक रहेको जिल्ला कारागार प्रमुख जेलर रम्भा केसीले बताइन्। कारागारमा शुद्ध खानेपानीको समस्या छ। फिल्टरको अभाव छ भने प्रहरी व्यारेक चुहिने र कोठाको गारोमै अर्थिङको समस्या भएर करेन्ट लाग्ने समस्या छ। मानसिक रोगीलाई औषधि खुवाउन समस्या रहेको, ५ सय ७७ जनाका लागि २२ वटा शौचालय रहेको र ४० महिलाका लागि दुई वटा शौचालय रहेकाले शौचालय प्रयोग गर्न समस्या रहेको छ। सुत्केरीलाई ६० दिनसम्म पोषणको व्यवस्था रहेको जेलर केसीले बताइन्।

गत ०७९ मङसिर ४ गते सम्पन्न भएको आमनिर्वाचनमा ९० जना कैदीबन्दीले मतदान गरे।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत

जिल्ला अदालत, दाङमा पाँच न्यायाधीश दरबन्दी रहेको छ। यो वर्ष फौजदारी मुद्दातर्फ १ हजार २ सय ६ थानमध्ये १ सय ३७ थान मुद्दा फैसला भए। देवानी मुद्दातर्फ १ हजार ७ सय ५५ थानमध्ये ३ सय ८७ थान मुद्दा फैसला भए। यस अदालतमा दुई वर्ष नाघेका फौजदारी मुद्दा १ सय ५ थान छन् भने देवानी मुद्दा १ सय ८२ थान बाँकी छ। तुलनात्मकरुपमा यो वर्ष मुद्दाको फैसलामा कमी आएको छ। वैशाख ३० को स्थानीय तह निर्वाचन र मङसिर ४ को प्रतिनिधि र

प्रदेशसभा सदस्य निर्वाचनका कारण मुद्दा फछ्यौंट गर्नमा थोरै ढिलाई भएको जिल्ला न्यायाधीश कृपासुर कार्कीले बताए। अहिले पनि कानुन व्यवसायी,न्यायाधीश, सरकारी वकिलका कारणले पनि मुद्दामा पेसी सारिएको छ।

उच्च अदालत, तुलसीपुर इजलास

पाँच जना न्यायाधीशको दरबन्दी रहेको उच्च अदालत, तुलसीपुरमा एक जना न्यायाधीशको दरबन्दी रिक्त छ। यस वर्षका लागि दुनियावादी देवानीका १ सय ७७ थान, दुनियावादी फौजदारीका ६५ थान, सरकारवादी फौजदारीका ३ सय ४२ थान र सुरू क्षेत्राधिकारबाट ३५ थान मुद्दा जिम्मेवारी सरेका थिए। ०७८ पुस १७ देखि ०७९ पुस १६ गतेसम्म दर्ता भएका फौजदारी मुद्दाको सरकारवादीतर्फ ४ सय ८ थान उजुरी परे। अघिल्लो वर्षका जिम्मेवारी सरेकासमेत ६ सय ७१ थान मुद्दा फैसला भए। उच्च अदालत तुलसीपुरमा ३ सय ४४ थान अघिल्लो वर्षबाट सरिआएका समेत ५ सय ८४ थान पुनरावेदन दर्ता भए। जसमा १ सय ५२ थान फछ्यौंट भए भने ४ सय ३२ थान बाँकी छन। यो वर्ष तीन थान बन्दी प्रत्यक्षीकरण दर्ता भएकोमा तीन थान फछ्यौंट भए। आठ थान अघिल्लो वर्षबाट सरिआएका र नौ थान नयाँसहित यो वर्ष १७ थान निषेधाज्ञाको निवेदन परेकोमा ६ थान फछ्यौंट भएको र ११ थान बाँकी रहेका छन। यस्तै १८ थान अघिल्लो सरीआएका र १४ थान नयासहित ३२ थान रिट दर्ता भएकोमा ११ थान फछ्यौंट भएको र २१ थान बाँकी रहेका छन। त्यस्तै अन्य १ सय ५४ निवेदनमध्ये १ सय ४० थान फछ्यौंट र १४ थान बाँकी छन्। २०७६ यता उच्च अदालत तुलसीपुरमा सार्वजनिक सरोकारका विषयमा जम्मा एक थान पिआइएल दर्ता भएकोमा पछ्यौंट भइसकेको उच्च अदालतका तुलसीपुरका शाखा अधिकृत एवं सूचनाअधिकारी भुपाल भण्डारीले बताए।

बाल अधिकार

शिक्षाका अवस्था

यस जिल्लामा ३ सय ६ आधारभूत र १ सय ६ माध्यमिक गरी ४ सय १२ सामुदायिक विद्यालय छन्। १ हजार २ हजार ५ सय ३४ शिक्षक दरबन्दी रहेकामा सबै कार्यरत छन। जसमा ७ सय ६८ राहत दरबन्दी छ। यस वर्ष ५० हजार ४ सय ४७ बालक र ५४ हजार ४ सय २ जना बालिका विद्यालय भर्ना भए। जसमा अपाङ्गता भएका २ सय ८० बालिका र ३ सय ५१ बालक छन्। जिल्लामा अपाङ्गतामैत्री विद्यालय २ सय ओटा छन्। द्वन्द्वपीडित परिवारका १३ जना बालबालिकाले छात्रवृत्ति पाएका छन्। यस वर्ष जिल्लाभर १० हजार ७ सय ९३ दलित बालक र ९ हजार ९ सय ४१ दलित बालिका विद्यालय भर्ना भए। वैदेशिक रोजगारीमा गएर मृत्यु भएका परिवारका ९० जना बालबालिकामध्ये आधारभूत तहमा प्रति विद्यार्थी ८ हजार रुपियाँ र माध्यमिक तहकाले १२ हजार रुपियाँ छात्रवृत्ति पाए। द्वन्द्वपीडित परिवारका १३ बालबालिकाले १ देखि ५ सम्म प्रति विद्यार्थी १२ हजार, ६ देखि ८ सम्म प्रति विद्यार्थी १४ हजार, ९ र १० सम्म प्रति विद्यार्थी १६ हजार र ११ र १२ सम्मका प्रति विद्यार्थी १८ हजारका दरले छात्रवृत्ति पाए। दाङमा माध्यमिक तहसम्म नि:शुल्क शिक्षा भनिए पनि अभिभावकको सहमतिमा विभिन्न शुल्क लिइरहेको पाइएको छ। शिक्षाको व्यवस्थापन हेर्ने जिम्मेवारी स्थानीय तहमा गएको र आवश्यकता अनुसार शिक्षक नहुँदा विद्यालयले निजी शिक्षकको व्यवस्थापनका लागि अभिभावक सहयोगको नाममा शुल्क लिने काम भएको दाङका जिल्ला शिक्षा समन्वय एकाइका निमित्त प्रमुख देवमणी चौधरीले बताए।

यस वर्ष दाङ जिल्लामा यौन दुर्व्यवहारका घटनामा सात र बलात्कारका घटनामा १९ जना बालिका पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

अभिलेखित घटनामध्ये बलात्कारका १५ घटनाका आरोपितहरूलाई जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा पठायो भने दुई घटनाका आरोपितलाई बाल सुधार गृहमा पठायो। एक घटनाका आरोपितलाई अदालतले धरौटीमा रिहा गऱ्यो भने एक घटनाका आरोपितलाई अभिभावकको जिम्मा लगायो। यौन दुर्व्यवहारका एक घटनाका आरोपितलाई अदालतले पुर्पक्षमा पठायो भने तीन घटनाका आरोपितलाई धरौटीमा रिहा गऱ्यो। एक घटनाका आरोपितलाई अदालतले बाल सुधार गृहमा पठायो। दुई घटनाका आरोपित वर्षको अन्त्यसम्म गिरफ्तार भएनन्।

महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव, दूर्व्यवहार

यो वर्ष घरेलु हिंसापीडित भन्दै २ सय ५६ जना महिलाले जिल्ला प्रहरी कार्यालयको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमा कुटपिट गरी घरनिकाला गरिएका ८३ खानलाउन नदिएका ५५, विवाह दर्ता, जन्मदर्ता र

नागरिकता नबनाएका तीन, अर्की पत्नी ल्याएर हँला गरेको ६ , दाइजो नल्याएको भनी हेला गरेको दुई र सामान्य घरायसी झगडाका २९ उजुरी छन्। यीमध्ये प्रहरीले १ सय ९२ ओटामा मेलमिलाप गरायो भने ५० ओटा उजुरी कानुनी प्रक्रियामा र १४ ओटा उजुरी कारबाही प्रक्रियामा रहेको जिल्ला प्रहरी कार्यालय महिला बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रका इन्स्पेक्टर मीरा खड्काले बताइन्। मिलापत्र गरिएकामध्ये त्यही सहमति कार्यान्वयन नभएर भन्दा पनि पुनः हिंसा भएको भन्दै छिटपुट घटना आएको उनले बताईन। नागरिकता, जन्मदर्ता र विवाह दर्तामा भने केही दिनको समय दिएर दर्ता गरिसकेपछिमात्रै मिलापत्र गराइएकाले सबैले न्याय पाएको खड्काले बताइन्।

यो वर्ष दाङ जिल्लामा बलात्कारका घटनामा १८, बलात्कार प्रयासका घटनामा चार, बेचबिखत तथा ओसारपसारका घटनामा दुई र पारिवारिक हत्याका घटनामा चार जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

अभिलेखित घटनामध्ये बलात्कारका नौ घटनाका आरोपितलाई जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा पठायो भने दुई घटनाका आरोपितलाई अदालतले सफाइ दियो। दुई घटनाका आरोपितलाई अदालतले धरौटीमा रिहा गऱ्यो भने एक घटनाका तीन आरोपितलाई पुर्पक्षका लागि थुनामा र एक आरोपितलाई धरौटीमा रिहा गऱ्यो। चार घटनाका आरोपित वर्षको अन्त्यसम्म गिरफ्तार भएनन्। बलात्कार प्रयासका एक आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो भने दुई घटनाका आरोपितलाई धरौटीमा रिहा गऱ्यो। एक घटनाका आरोपित तीन जना भए पनि वर्षको अन्त्यसम्म पहिचान हुन सकेन। बेचबिखत तथा ओसारपसारका दुई घटनाका आरोपितलाई अदालतले पुर्पक्षका लागि थुनामा पठायो। पारिवारिक हत्याका दुई घटनाका आरोपितलाई अदालतले पुर्पक्षका लागि थुनामा पठायो भने एक घटनाका एक आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो र अर्का आरोपितलाई धरौटीमा रिहा गऱ्यो। एक घटनाका आरोपितले आत्महत्या गरे।

पारिवारिक हत्या

बबई गाउँपालिका-७ की ६५ वर्षीया किमिनी कँवरको ०७८ चैत ८ गते २२ वर्षीया बुहारी मिनकुमारी कँवरले हत्या गरेको भन्दै पीडित पक्षले चैत ९ गते इलाका प्रहरी कार्यालय, तुलसीपुरमा उजुरी दियो। शवको पोष्टमार्टम राप्ती प्रादेशिक अस्पताल, तुलसीपुरमा चैत १० गते गरेपछि छोराले शव बुझेर सोही दिन सद्गत गरे। प्रहरीले आरोपितलाई चैत ९ गते गिरफ्तार गरी ०७९ वैशाख ३ गते कर्तव्य ज्यानसम्वन्धी मुद्दा चलाएकोमा जिल्ला अदालतले वैशाख ४ गते पुर्पक्षका लागि कारागार पठायो। यो वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएन।

सबै प्रकारका जातीय विभेद

बबई गाउँपालिका-४ का नेपाली कांग्रेसका कार्यकर्ता ४२ वर्षीय नरबहादुर सुनार र ३९ वर्षीय प्रेमबहादुर सुनारलाई ०७९ जेठ १६ गते नेपाली कांग्रेस बबई गाउँ कमिटीका सचिव बबइ गाउँपालिका-४ का ४३ वर्षीय गणेश केसी र ४१ वर्षीय बलिराम खत्रीले जातीय विभेद तथा कुटपिट गरेको भन्दै पीडित पक्षले जेठ १७ गते इलाका प्रहरी कार्यालय, तुलसीपुरमा उजुरी दियो। स्थानीय तहको निर्वाचनमा अन्तरघात गरेको आरोप लगाउँदै जातीय रूपमा होच्याउने शब्दको प्रयोग गरेको र पानीको बोतल छोइदिएको भन्दै कुटपिट गरेको पीडित पक्षले बताए। पीडित दुवैजनाको ढाड, गोडा, हातमा नीलडाम हुनेगरी कुटपिट गरेको र स्थानीय मेडिकलमा जेठ १८ गते उपचार गरेको पीडितले बताए। प्रहरीले आरोपित गणेश केसी र बलिराम खत्रीलाई जेठ १९ गते घरबाटै गिरफ्तार गरेकोमा जेठ २० गते हाजिरी जमानीमा छाड्यो। नेपाल दलित सङ्घ, दाङका अध्यक्ष बाबुराम विश्वकर्माले जेठ २१ गते विज्ञप्ति प्रकाशन गरी जातीय विभेद तथा दुर्व्यवहार गर्नेमाथि कारबाहीको माग गरे। प्रहरीले ०७९ भदौ १७ गते सार्वजनिक शान्तिविरुद्धको कसुरमा मुद्दा दर्ता गरेकोमा जिल्ला अदालतले भदौ १७ गते जनही ७ हजार धरौटीमा रिहा गऱ्यो। मुद्दाको यो वर्षको अन्त्यसम्म फैसला भएन।

स्वास्थ्य सेवाको अवस्था

जिल्लामा सात सरकारी अस्पताल, १३ सामुदायिक स्वास्थ्य एकाइ, ३५ स्वास्थ्य चौकी, दुई प्राथमिक स्वास्थ्य केन्द्र, ३३ नगर स्वास्थ्य केन्द्र छन्। तुलसीपुरस्थित सरकारी अस्पतालमा १४ जना विशेषज्ञको दरबन्दीमा ६ जनाको दरबन्दी रिक्त छ। ४० जना स्वास्थ्यकर्मीको दरबन्दीमा ४ खाली र ३६ कार्यरत छन्। जिल्लामा २८ हजार ९ सय २ जनाले बीमा गराएर सेवा लिइरहेका छन्। ज्येष्ठ नागरिकका

लागि नि:शुल्क बीमा कार्यक्रममा पनि ९ हजार ७ सय ४४ जनाको बीमा गरिएको छ।

०७७ मङ्सिर १५ गते शिलान्यास भएका सात अस्पतालमध्ये पाँचको निर्माण कार्य पूरा भएको छ भने बजेट अभावमा अरु पाँच ओटा स्थानीय तहमा निर्माण कार्य रोकिएको जिल्ला स्वास्थ्य कार्यालय, दाङका प्रमुख अङ्गदबहादुर शाहीले बताए।

प्रतिनिधि सभा तथा प्रदेश सभा निर्वाचन २०७९

यस वर्ष सम्पन्न भएको प्रतिनिधि सभा निर्वाचनमा दाङ जिल्लामा ४ लाख १४ हजार ९ सय ५६ मतदाता मध्ये २ लाख ४८ हजार १ सय ३९ (५९.७९ प्रतिशत) ले मतदान गरे। यसैगरी प्रदेश सभा तर्फ २ लाख ४७ हजार ८ सय ५० (५९.७२ प्रतिशत) ले मतदान गरे।


सन् २०२२ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

बाल अधिकार				
घटनाको प्रकार	अनुसन्धान	मेलमिलाप	कानुनी दायरामा ल्याइएका	जम्मा
विद्यालयमा शारीरिक सजाय		१		१
नवजात शिशुको हत्या			२	२
बलात्कार	२		१८	१९
यौन दुर्व्यवहार	२		५	७
जम्मा	४	१	३४	३९

महिला अधिकार					
घटनाको प्रकार	अनुसन्धान	मेलमिलाप	मुद्दा टुङ्गिएका	कानुनी दायरामा ल्याइएका	जम्मा
घरेलु हिंसा	१	११८		२	१२१
'बोक्सी'को आरोप		१			१
बलात्कार	४		१	१३	१८
बलात्कार प्रयास	१			३	४
बेचबिखन तथा ओसारपसार				२	२
जम्मा	६	११९	१	३०	१४६

मारिएकाको घटना सङ्ख्या			
घटनाको प्रकार	मुद्दा टुङ्गिएका	कानुनी दायरामा ल्याइएका	जम्मा
हत्या	१	६	७

५.११ बाँके



जम्मा जनसङ्ख्या	६,०३,३५३
महिला	३,०८,२८१
प्रतिनिधिसभा निर्वाचन क्षेत्र	३
प्रदेशसभा निर्वाचन क्षेत्र	६
गरिबीको रेखामुनि रहेको सङ्ख्या	१,२७,६५०
कामका लागि बाहिरिएका	२१,३५५
अपाङ्गता भएका	७,४६८
५ वर्षमाथिको साक्षरता प्रतिशत	५१
आश्रित जनसङ्ख्या	२,२४,८३५

यस वर्ष बाँके जिल्लामा मानव अधिकार उल्लङ्घनका घटनामा राज्यपक्षबाट दुई जना महिला र १७ जना पुरुष तथा ज्यादतीका घटनामा अन्यपक्षबाट १ सय १५ जना महिला र १४ जना पुरुष पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा ३४ जना बालबालिका तथा महिला अधिकार उल्लङ्घनका घटनामा ७३ जना महिला पीडित भए।

बम विस्फोटबाट घाइते

अन्यपक्षबाट

सल्यान जिल्ला बागचौर नपा- २ घर भई नेपालगञ्ज उपमनपा- १० भृकुटीनगरस्थित दिवाकर मल्लको घरभाडामा बस्ने नेत्रविक्रम चन्द विप्लव नेतृत्वको नेकपाका बाँके जिल्ला अध्यक्ष २७ वर्षीय डिल्ली डिसी र कैलाली जिल्ला घोडाघोडी नपा- १ निवासी कार्यकर्ता ३९ वर्षीय धर्मराज सुनार ०७९ मङ्सिर १ गते आफैले बनाउँदै गरेको प्रेसरकुकर बम विष्फोट भई घाइते भए। घाइतेहरूको मङ्सिर १ गते भेरी अस्पतालमा प्राथमिक उपचार पछि थप उपचार नेपालगञ्ज मेडिकल कलेज आइसीयूमा भयो। जिल्ला प्रहरी कार्यालयमा मुद्दा दर्ता भई अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालयका डिएसपी रामबहादुर घर्तीमगरले बताए।

कारागार र बन्दी

३ सय ५० जनाका क्षमता भएको बाँके कारागारमा ८ सय ३८ जना पुरुष कैदीबन्दी रहेका छन्। कैदीबन्दीहरूको नियमित स्वास्थ्य परीक्षणका लागी एकजना स्वास्थ्यकर्मी छन्। कारागारमा पुरुष १७ जना ज्येष्ठ नागरिक रहेकोमा दुई जना भारतीय नागरिक छन्। कारागारमा दीर्घरोगी ३७ जना छन्। क्षमता भन्दा बढी सङ्ख्यामा कैदीकबन्दी रहेकोले व्यवस्थापनमा समस्या रहेको तथा कैदीबन्दीहरूका लागि रचनात्मक तथा क्षमता अभिवृद्धिका कार्यक्रम सञ्चालन गर्नुपर्ने जिल्ला कारागार प्रमुख विजयजङ्ग शाहले बताए। गत २०७९ मंसिर ४ गते सम्पन्न भएको आम निर्वाचनमा कारागारका दुई जनाले मतदान गरे।

घटनाको प्रकार		राज्यपक्षबाट			अन्यपक्षबाट		
		महिला	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
अपहरण					२	१	३
गिरफ्तारी			३	३			
कुटपिट			१	१		३	३
हिरासत वा थुनामा मृत्यु			३	३			
बेपत्ता					१		१
घाइते					२	९	११
हत्या					१	१	२
सबै प्रकारका जातीय विभेद					३		३
अभिव्यक्ति, भेला तथा सङ्गठित हुने अधिकार		१	१०	११			
धम्की		१	२	३			
बाल अधिकार	बालविवाह				२		२
	बेचबिखन तथा ओसारपसार				४		४
	बलात्कार				३१		३१
	यौन दुर्व्यवहार				६	१	७
	जम्मा				३३	१	३४
महिला अधिकार	बेचबिखन तथा ओसारपसार प्रयास				४		४
	घरेलु हिंसा				१९		१९
	'बोक्सी'को आरोपमा				१		१
	बहुविवाह				११		११
	बलात्कार				२४		२४
	बलात्कार प्रयास				१		१
	बेचबिखन तथा ओसारपसार				२		२
	जम्मा				६३		६३
कूल जम्मा		२	१६	१९	११५	१४	१२९

हिरासतमा मृत्यु

इलाका प्रहरी कार्यालय कोहलपुरको हिरासतमा रहेका कोहलपुर नगरपालिका-१ का ४७ वर्षीय किशनलाल कुँवर ०७९ जेठ ११ गते बिहान शौचालयमा झुण्डिएको अवस्थामा भेटिए। बिहान ५ बजेतिर कुँवर हिरासतको शौचालयमा झुण्डिएको र मृत अवस्थामा भेटिएको इलाका प्रहरी कार्यालय, कोहलपुरका डिएसपी ऐनबहादुर मल्लले बताए। हिरासत कक्षबाट शौचालय गएका कुँवर भेन्टिलेटरमा टिसर्टको पासो लगाएको अवस्थामा भेटिएका थिए। कुँवरलाई प्रहरीले वैशाख २० गते सात वर्षीया बालिकालाई बलात्कार प्रयास गरेको आरोपमा गिरफ्तार गरी जबरजस्ती करणी उद्योगको अभियोगमा म्याद थप गरेर आवश्यक अनुसन्धान गरिरहेको थियो। प्रहरीले स्थानीय र आफन्तको रोहबरमा आवश्यक मुचुल्का तयार गरी शवको पोष्टमार्टम भेरी अस्पताल, नेपालगञ्जमा ०७९ जेठ १२ गते भयो। घटनाको जानकारी पाएपछि जेठ ११ गते इन्सेक र राष्ट्रिय मानव अधिकार आयोगको टोलीले घटना स्थलगत अनुगमन गरेको थियो।

बाल सुधार गृह, बाँके

८० जनाको क्षमता बाल सुधार गृह, बाँकेमा २ सय २७ जना बालक छन्। बाल सुधार गृहमा खटिएका प्रहरीबाटै लागु औषध भित्र पठाउने गरेको साथै सुधार गृहबाट बालबालिका भाग्ने जस्ता समस्या

रहेको छ। मुद्दाको छिनोफानो समयमै हुननसक्दा २२ वर्षका युवक पनि बाल सुधार गृहमा बस्न बाध्य छन्।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत

सात जना न्यायाधीश दरबन्दी रहेको जिल्ला अदालतमा १ जना न्यायाधशीको दरबन्दी रिक्त रहेको छ। यो वर्ष फौजदारी मुद्दातर्फ १ हजार ३ सय ७३ थानमध्ये ४ सय ५८ थान मुद्दा फैसला भए। देवानी मुद्दातर्फ २ हजार ३ सय ४४ थानमध्ये ८ सय ८२ थान मुद्दा फैसला भए। यस अदालतमा दुई वर्ष नाघेका फौजदारी मुद्दा ५३ थान छन् भने देवानी मुद्दा १ सय ८ थान बाँकी छ।

जिल्ला अदालतमा न्यायाधीशहरूको सरुवा भएका कारण र निर्वाचनका कारण मुद्दा फैसला हुनमा ढिला भएको, गत वर्ष भन्दा यस वर्षमा छिटो र धेरै फैसला भएको बाँके जिल्ला अदालतका श्रेष्तेदार तीर्थराज भट्टले बताए।

उच्च अदालत, तुलसीपुर इजलास

सात जना न्यायाधीशको दरबन्दी रहेको उच्च अदालतमा एक जना न्यायाधीशको दरबन्दी रिक्त रहेको छ। यस वर्षका लागि दुनियावादी देवानीका २ सय ६८ थान, दुनियावादी फौजदारीका १ सय ४ थान, सरकारवादी फौजदारीका ४ सय थान र सुरू क्षेत्राधिकारबाट ५० थान मुद्दा जिम्मेवारी सरेर आएका थिए। ०७८ पुस १७ देखि ०७९ पुस १६ गतेसम्म दर्ता भएका फौजदारी मुद्दाको सरकारवादीतर्फ २ सय ४७ थान उजुरी दर्ता भए। अघिल्लो वर्षका जिम्मेवारी सरेका समेत ३ सय ६५ थान मुद्दा फैसला भए। गत वर्ष कोरोनाका कारण रोकेका मुद्दा यस वर्ष गत वर्षको भन्दा धेरै फैसला भएको र निर्वाचनमा खटिएका कारण ढिलो भएको उच्च अदालतले जनायो।

अभिव्यक्ति, भेला तथा सङ्गठित हुने अधिकार

नेपालगञ्ज उपमहानगरपालिका- १ बीरेन्द्र चोकमा राष्ट्रवादी युवा समूहले राखेको पूर्व राजा वीरेन्द्रको शालिक प्रहरीले हटाएपछि उक्त समूह र प्रहरीबीच ०७९ जेठ १९ गते झडप भयो। झडपमा सशस्त्र प्रहरी बलका सई पृथ्वीबहादुर शाही, असई गञ्जबहादुर घर्ती मगर, प्रहरी हवल्दार लक्ष्मी चौधरी, प्रहरी हवल्दार जसिप्रसाद जोशी, प्रहरी जवानहरू मन्जु दर्जी, प्रकाश थापा, रामकुमार चौधरी, टिकारा रिजाल र सहायक प्रहरी बरिष्ठ हवलदार रेशम राना घाइते भए। घाइतेहरूको स्वास्थ्य उपचार भेरी अस्पताल, नेपालगञ्जमा भयो। प्रहरीले शालिक हटाएपछि सोही समूहले न्यूरोडमा रहेको सहिद सेतु विकको शालिक तोडफोड गरेको थियो। सो घटनामा प्रहरीले पाँच राउण्ड हवाइफायरसमेत गरेको जिल्ला प्रहरी कार्यालय, बाँकेका, डिएसपी मधुसुदन न्यौपानेले बताए।

बाल अधिकार

शिक्षाको अवस्था

यस जिल्लामा ३ सय ७६ आधारभूत र २ सय २ वटा माध्यमिक विद्यालय छन्। १ हजार १ सय ६९ शिक्षक दरबन्दी रहेकामा ६ सय ५५ ओटा दरबन्दी मिलान हुन बाँकी छ। यस वर्ष ५९ हजार ४ सय ८६ बालक र ५४ हजार २ सय ९० जना बालिका विद्यालय भर्ना भए। यसमा अपाङ्गता भएका बालिका र बालक अभिलेख नभएको, द्वन्द्वपीडित परिवारका बालबालिकाले छात्रवृत्ति कसैले पनि नलिएको र यस वर्ष जिल्लाभर दलित बालक र दलित बालिका कति विद्यालय भर्ना भए भन्ने तथ्याङक रेकर्ड नराखेको जिल्ला शिक्षा विकास समन्वय एकाइका सूचना अधिकारी उद्धवराज श्रेष्ठले बताए। वैदेशिक रोजगारीमा गएर मृत्यु भएका परिवारका आठ जना बालबालिकामध्ये प्रावि तहमा प्रति विद्यार्थी १२ हजार रुपियाँको दरले, आधारभूत तहमा प्रति विद्यार्थी १४ हजार रुपियाँको दरले र माध्यमिक तहकाले १६ हजारको दरले जम्मा ७६ हजार रुपियाँ छात्रवृत्ति पाए। सहिद परिवारका बालबालिकाले ८ लाख ९६ हजार रुपियाँ छात्रवृत्ति पाए। बैजनाथ गाउँपालिका- १ मा बोल्न तथा सुन्न नसक्ने बालबालिकाहरूको स्रोत विद्यालय रहेको छ।

यस वर्ष बाँके जिल्लामा यौन दुर्व्यवहारका घटनामा सात, बलात्कारका घटनामा २१ र बेचबिखन तथा ओसारपसारका घटनामा चार जना बालबालिका पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

अभिलेखित घटनामध्ये बलात्कारका ११ घटनाका आरोपितहरूलाई जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा पठायो भने एक घटनाका आरोपितलाई सफाइ दियो। पाँच घटनाका आरोपित वर्षको अन्त्यसम्म गिरफ्तार भएनन्। एक घटनाका आरोपितको मृत्यु भयो। एक घटनाका आरोपित वर्षको अन्त्यसम्म नै प्रहरी अनुसन्धानमा रहे। एक घटनाका आरोपितलाई अदालतले धरौटी माग गरेकोमा तोकिएको

धरौटी रकम बुझाउन नसकेपछि थुनामा पठायो। एक सामूहिक बलात्कार घटनाका एक आरोपितलाई अदालतले अभिभावकको जिम्मा लगायो, दुई जनालाई बाल सुधार गृह, एक जनालाई धरौटीमा रिहा र तीन जनालाई पुर्पक्षका लागि थुनामा पठायो। यौन दुर्व्यवहारका एक घटनाका आरोपित वर्षको अन्त्यसम्म प्रहरी अनुसन्धानमै रहे भने एक घटनाका आरोपितलाई अदालतले कैद तथा जरिबानाको फैसला सुनायो। पाँच घटनाका आरोपितलाई अदालतले पुर्पक्षका लागि थुनामा पठायो। बेचबिखन तथा ओसारपसारका एक घटनाका आरोपित वर्षको अन्त्यसम्म प्रहरी अनुसन्धानमै रहे भने तीन घटनाका आरोपितलाई अदालतले पुर्पक्षका लागि थुनामा पठायो।

बलात्कार, यौन दुर्व्यवहार

१५ वर्षीया बालिकालाई ०७८ माघ २५ गते यौन दुर्व्यवहार गरेको आरोपमा नेपालगञ्ज उप-महानगरपालिका-२ घरबारी टोलका ३० वर्षीय सञ्जय जयसवालविरुद्ध पीडित पक्षले माघ २७ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। प्रहरीले आरोपितलाई माघ २६ गते घरबाट गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण भेरी अस्पताल, नेपालगञ्जमा माघ २६ गते भयो। प्रहरीले आरोपितविरुद्ध जिल्ला सरकारी वकिल कार्यालयमार्फत् फागुन २० गते जिल्ला अदालतमा जबरजस्तीकरणी उद्योग शीर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश ईश्वरीप्रसाद भण्डारीको फागुन २२ गतेको आदेशले आरोपितलाई पुर्पक्षको लागि थुनामा पठायो। जिल्ला अदालत न्यायाधीश आत्मदेव जोशीको ०७९ असोज ५ गतेको आदेशले आरोपितलाई कसुरदार ठहर गर्दै १ वर्ष कैद सजाय तथा १० हजार रुपियाँ जरिवानाको फैसला सुनाएको जिल्ला अदालतका श्रेस्तेदार तिर्थराज भट्टले बताए।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यो वर्ष घरेलु हिंसा पीडित भन्दै २ सय ६० जना महिलाले जिल्ला प्रहरी कार्यालयको महिला तथा बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमा कुटपिट गरी घरनिकाला गरिएका १ सय ८२, खानलाउन नदिएका ६, विवाह दर्ता, जन्मदर्ता र नागरिकता नबनाएका चार, अर्की पत्नी ल्याएर हेला गरेको एक र सामान्य घरायसी झगडाका ५३ उजुरी छन्। यीमध्ये प्रहरीले १ सय १८ ओटामा मेलमिलाप गरायो भने ३६ ओटा उजुरी कारबाही प्रक्रियामा रहेको १ सय ६ ओटा उजुरी प्रक्रियामा रहेको कार्यालयका इन्सपेक्टर महेश्वरी विष्टले बताए। मेलमिलाप नभएका ३६ ओटा मुद्दा अदालती दर्ता प्रकृयामा गएका छन्।

यो वर्ष बाँके जिल्लामा बलात्कारका घटनामा २४, बलात्कार प्रयासका घटनामा एक, बहुविवाहका घटनामा २२, बेचबिखन तथा ओसारपसारका घटनामा दुई, बेचबिखन तथा ओसारपसार प्रयासका घटनामा चार, दाइजो नल्याएको आरोपमा गरिएको हिंसाका घटनामा एक र 'बोक्सी' को आरोपका घटनामा एक जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

अभिलेखित घटनामध्ये बलात्कारका १९ घटनाका आरोपितलाई जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा पठायो भने चार घटनाका आरोपितलाई धरौटीमा रिहा गऱ्यो। एक घटनाका आरोपित वर्षको अन्त्यसम्म प्रहरी अनुसन्धानमै रहे। बलात्कार प्रयासका एक घटनाका आरोपितलाई अदालतले कैद तथा जरिवाना र एक घटनाका आरोपितलाई सफाइ दियो। बहुविवाहका एक घटनाका आरोपितलाई अदालतले पुर्पक्षका लागि थुनामा पठायो भने पाँच घटनाका आरोपितलाई धरौटीमा रिहा गऱ्यो। १२ घटनाका आरोपित वर्षको अन्त्यसम्म गिरफ्तार भएनन्। आठ घटनाका आरोपितलाई अदालतले सफाइ दियो। एक घटनाका आरोपित वर्षको अन्त्यसम्म प्रहरी अनुसन्धानमा रहे। एक घटनाका आरोपितलाई अदालतले धरौटी बुझाउन नसकेर थुनामा पठायो। एक घटनाका एक आरोपितलाई धरौटीमा रिहा र एक आरोपित वर्षको अन्त्यसम्म गिरफ्तार भएनन्। बेचबिखन तथा ओसारपसारका एक घटनाका आरोपितलाई अदालतले पुर्पक्षका लागि थुनामा पठायो। तीन घटनाका आरोपित वर्षको अन्त्यसम्म गिरफ्तार भएनन्। बेचबिखन तथा ओसारपसार प्रयासका तीन घटनाका आरोपितलाई अदालतले पुर्पक्षका लागि थुनामा पठायो भने एक घटनाका आरोपितलाई धरौटीमा रिहा गऱ्यो। 'बोक्सी' को आरोपको एक घटनाका आरोपित वर्षको अन्त्यसम्म गिरफ्तार भएनन्।

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

५० वर्षीया महिलालाई ०७९ वैशाख २४ गते बलात्कार प्रयास गरेको आरोपमा खजुरा गाउँपालिका-६ सिमलघारीका २२ वर्षीय भरत खनालविरुद्ध पीडित पक्षले वैशाख २५ गते इलाका प्रहरी कार्यालय,

धनौलीमा उजुरी दियो। प्रहरीले आरोपितलाई वैशाख २४ गते घटनास्थलबाट गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण वैशाख २४ गते भेरी अस्पताल, नेपालगञ्जमा भयो। आरोपितविरुद्ध प्रहरीले जिल्ला सरकारी वकिल कार्यालयमार्फत जेठ १९ गते जिल्ला अदालतमा जबरजस्तीकरणी तथा ज्यान मार्ने उद्योगमा मुद्दा दर्ता भयो। जिल्ला अदालत न्यायाधीश ईश्वरीप्रसाद भण्डारीको जेठ २० गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। जिल्ला अदालत न्यायाधीश चुरामन खड्काको ०७९ पुस १८ गतेको इजलासले आरोपितलाई कसुरदार ठहर गर्दै १० वर्ष कैद सजाय, २ लाख रुपियाँ जरिवाना, ५० हजार रुपियाँ क्षतिपूर्ति, १ हजार ८ सय रुपियाँ पीडित राहत कोषमा राख्ने फैसला सुनाएको जिल्ला अदालत स्रेस्तेदार तीर्थराज भट्टले बताए।

मानव बेचबिखन तथा ओसार पसार

सिन्धुपाल्चोक जिल्ला जुगल गाउँपालिका-७ की २० वर्षीया महिलालाई ०७८ माघ २३ गते बेचबिखनका लागि काठमाडौँबाट नेपालगञ्ज हुँदै भारत लैजान खोजेको आरोपमा नेपालगञ्ज उपमहानगरपालिका- ५ का २६ वर्षीय सोनु हल्वाइ विरूद्ध पीडितले फागुन ६ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। प्रहरीले आरोपितलाई फागुन ५ गते नेपालगञ्ज उपमनपा- १५ जमुनाहा नाकाबाट गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण फागुन ५ गते भेरी अस्पतालमा भयो। प्रहरीले आरोपितविरुद्ध सरकारी वकिल कार्यालय मार्फत फागुन ३० गते मानव बेचविखन तथा ओसारपसार अभियोगमा जिल्ला अदालतमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश दिलप्रसाद सापकोटाको चैत १ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। जिल्ला अदालतका न्यायाधीश चुरामन खड्काको ०७९ पुस ७ गतेको आदेशले आरोपितलाई कसुरदार ठहर गर्दै आठ वर्ष कैद सजाय, ४० हजार रुपियाँ क्षतिपूर्ति र १ हजार ३ सय रुपियाँ पीडित राहत कोषमा बुझाउनुपर्ने सहितको फैसला भएको जिल्ला अदालत स्रेस्तेदार तीर्थराज भट्टले बताए।

दाइजोको नल्याएको आरोप

नेपालगन्ज उप-महानगरपालिका - ४ बस्ने २३ वर्षीया मोना रजकलाई डुडुवा गाउँपालिका- १ का २४ वर्षीय अरबिन्द्र रजकधोवीले ०७८ माघ ११ गते विवाहको तयारी गरेकोमा 'दाइजो स्वरुप मोटरसाइकल दिने भए विवाह गर्ने, नदिए विवाह नगर्ने' भनेर धम्की दिएको भन्दै पीडित पक्षले फागुन ८ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। प्रहरीले आरोपितलाई फागुन १२ गते घरबाट गिरफ्तार गऱ्यो। प्रहरीले जिल्ला अदालतमा आरोपित विरुद्ध चैत ४ गते विवाहसम्बन्धी कसुर शीर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश दुर्गाबहादुर भुसालको चैत ४ गतेको आदेशले आरोपितलाई २५ हजार रुपियाँ धरौटीमा रिहा भएको जिल्ला अदालतको श्रेष्तेदार तिर्थराज भट्टले बताए। जिल्ला अदालतका न्यायाधीश दिलप्रसाद सापकोटाको ०७९ असार १६ गतेको आदेशले आरोपितलाई १० हजार रुपियाँ क्षतिपूर्ति दिलाउने फैसला सुनाएको जिल्ला अदालतको श्रेस्तेदार तिर्थराज भट्टले बताए।

स्वास्थ्य सेवाको अवस्था

जिल्लामा सात सरकारी अस्पताल, २५ सामुदायिक अस्पताल, ४३ स्वास्थ्य चौकी, तीन प्राथमिक स्वास्थ्य केन्द्र, आठ नगर स्वास्थ्य केन्द्र छन्। सदरमुकामस्थित सरकारी अस्पतालमा ४९ जना विशेषज्ञको दरबन्दी हुनुपर्नेमा ४० जनाको दरबन्दी रहेकोमा नौ रिक्त छ। ३ सय ३९ अस्पतालमा १ सय १ जना गरी जम्मा ४ सय ६० जना स्वास्थ्यकर्मी रहेका छन्। दरबन्दीमा नौ ओटा रिक्त, चार जना बिदा र ५ सय ५६ जना कार्यरत छन्। जिल्लामा २७ हजार ५७ घरधुरीले बीमा गरेका छन्। जसमा ६२ हजार ५ सय ४९ जनाले सेवा लिइरहेका छन्। ज्येष्ठ नागरिक नि:शुल्क बीमा सेवा १५ हजार ३ सय २८ जनाले गरेका छन्।

प्रतिनिधि सभा तथा प्रदेश सभा निर्वाचन २०७९

यस वर्ष सम्पन्न भएको प्रतिनिधि सभा निर्वाचनमा बाँके जिल्लामा ३ लाख ३२ हजार २ सय ३१ मतदाता मध्ये २ लाख १७ हजार ७ सय ७ (६५.५२ प्रतिशत) ले मतदान गरे। यसैगरी प्रदेश सभा तर्फ २ लाख १६ हजार ५ सय ७८ (६५.१८ प्रतिशत) ले मतदान गरे।

सन् २०२२ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

बाल अधिकार					
घटनाको प्रकार	अनुसन्धान	मेलमिलाप	मुद्दा टुङ्गिएका	कानुनी दायरामा ल्याइएका	जम्मा
बालविवाह		१		१	२
बेचबिखन तथा ओसारपसार	१			३	४
बलात्कार	४		१	१६	२१
यौन दुर्व्यवहार	१		१	५	७
जम्मा	६	१	२	२५	३४

महिला अधिकार					
घटनाको प्रकार	अनुसन्धान	मेलमिलाप	मुद्दा टुङ्गिएका	कानुनी दायरामा ल्याइएका	जम्मा
बेचबिखन तथा ओसारपसार प्रयास			१	१	२
घरेलु हिंसा	३	११	२	३	१९
'बोक्सी'को आरोप	१				१
बहुविवाह	१३			९	२२
बलात्कार	९			१५	२४
बलात्कार प्रयास			१		१
बेचबिखन तथा ओसारपसार				२	२
जम्मा	२६	११	४	३०	७१

मारिएकाको घटना सङ्ख्या		
घटनाको प्रकार	कानुनी दायरामा ल्याइएका	जम्मा
हत्या	१	१

५.१२ बर्दिया



जम्मा जनसङ्ख्या	४,६०,८३१
महिला	२,४२,५८१
प्रतिनिधिसभा निर्वाचन क्षेत्र	२
प्रदेशसभा निवांचन क्षेत्र	४
गरिबीको रेखामुनि रहेको सङ्ख्या	१,२१,१७८
कामका लागि बाहिरिएका	२५,०४४
अपाङ्गता भएका	८,१५७
५ वर्षमाथिको साक्षरता प्रतिशत	५८
आश्रित जनसङ्ख्या	१,७८,००५

यस वर्ष बर्दिया जिल्लामा मानव अधिकार उल्लङ्घनका घटनामा राज्यपक्षबाट एक जना महिला र एक जना पुरुष तथा ज्यादतीका घटनामा अन्यपक्षबाट ९२ जना महिला र १७ जना पुरुष पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा ५० जना बालिका तथा महिला अधिकार उल्लङ्घनका घटनामा ३४ जना महिला पीडित भए।

नागरिक तथा राजनीतिक अधिकार

सम्मानितरूपले बाँच्न पाउने अधिकार

हत्या

राज्यपक्षबाट

मधुवन नपा- २ ओराली बजारमा २०७९ जेठ २३ गते बाघ आक्रमणबाट घाइते महिलाको निःशुल्क उपचार र वन्यजन्तुबाट नागरिक सुरक्षाको दिगो व्यवस्थापनको माग गर्दै सडक आवागमन बन्द गरी आन्दोलन गरिरहेका स्थानीय आन्दोलनकारी र सुरक्षाकर्मीबीच झडप हुँदा सुरक्षाकर्मीले चलाएको गोली लागेर मुधवन नपा- २ सोनाहाकी २० वर्षीय नविना चौधरीको मृत्यु भयो। प्रहरीले चलाएको गोली नविनाको टाउकोमा लागेको थियो। सोही घटनामा मुधवन नपा- २ सोनाहाकै २२ वर्षीय राकेशकुमार चौधरी दायाँ कोखमा गोली लागेर घाइते भए। सुरक्षाकर्मीतर्फ डिएसपी सूर्यप्रकाश सुवेदी, इन्स्पेक्टर जीवराज थापा क्षेत्री, असई प्रेमबहादुर बुढा क्षेत्री, बरिष्ठ हवल्दारहरू विक्रम बिक, पार्वता खड्का, प्रेमबहादुर वली, पप्पुशेष बेहना, हवल्दार राजकिसन चौधरी, हवल्दारहरू मिना तामाङ, कौशिल्या चौधरी, सहायक हवल्दारहरू वदेश चिडिमार, रामबहादुर थारु, विनोदकुमार यादव, मानबाहादुर चौधरी, रमेश थापा मगर, केवल साउद, कालीबहादुर घर्ती, प्रहरी जवानहरू प्रमोद बस्नेत, शारदा बस्नेत, डिलमाया रोका क्षेत्री घाइते भए। घाइते प्रहरीहरूको उपचार क्षेत्रीय प्रहरी अस्पताल, नेपालगञ्ज र जिल्ला अस्पताल बर्दियामा भयो । ओरालीबजारमा भएको घटनाको जेठ २५ गते इन्सेक लगायत मानव अधिकारकर्मीको टोलीले अनुगमन गऱ्यो। मधुवन नपा-२ सोनाहाकी ४० वर्षीया सुस्मिता थारुलाई जेठ २३ गते बिहान खेतमा काम गरिरहेको अवस्थामा बाघले आक्रमण गरी घाइते बनाएको घटनालाई

घटनाको प्रकार		राज्यपक्षबाट			अन्यपक्षबाट		
		महिला	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
कुटपिट					१		१
अमानवीय व्यवहार						१	१
घाइते			१	१	५	१६	३१
हत्या		१		१	३		३
बाल अधिकार	बालविवाह				३		३
	बेचबिखन तथा ओसारपसार				३		३
	बलात्कार				३८		३८
	यौन दुर्व्यवहार				६		६
	जम्मा				५०		५०
महिला अधिकार	घरेलु हिंसा				५		५
	बहुविवाह				६		६
	बलात्कार				१५		१५
	बलात्कार प्रयास				६		६
	यौन दुर्व्यवहार				३		३
	जम्मा				३४		३४
कूल जम्मा		१	१	३	९३	१६	१०९

लिएर स्थानीयहरू हुलाकी राजमार्ग अवरोध गरी आन्दोलनरत थिए। घटनाबारे अनुसन्धान गर्न गृह मन्त्रालयले राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागका उपमहानिर्देशक वेदकुमार ढकाल, नेपाल प्रहरीका उपरीक्षक कृष्ण कोइराला, राष्ट्रिय अनुसन्धान विभागका उपअनुसन्धान निर्देशक विकास पाण्डे र गृह मन्त्रालयका उपसचिव ध्रुव खड्का सदस्य रहेको पाँच सदस्यीय छानबिन समिति गठन गऱ्यो। पीडित र सरकार पक्षबीच जेठ २५ गते पीडितलाई तत्काल क्षतिपूर्ति र घाइतेको निःशुल्क उपचार गर्ने सहमति भयो। मृतकका परिवारलाई २० लाख रुपियाँ क्षतिपूर्ति, मृतकको शालिक निर्माण र घाइतेको सम्पूर्ण खर्च सरकारले व्यहोर्न नेपाल सरकारलाई सिफारिस गर्ने सहमति भयो। यो वर्षको अन्त्यसम्म मृतकका परिवारले २० लाख रुपियाँ पाएका छैनन्। सरकारी खर्चमा घाइतेको उपचार भयो। वर्षको अन्त्यसम्म समितिको प्रतिवेदन सार्वजनिक भएन।

कारागार र बन्दी

१ सय ५० जनाको क्षमता भएको बर्दिया कारागारमा ३८ जना महिला र ४ सय ३७ जना पुरुष गरी ४ सय ७५ कैदीबन्दी रहेका छन्। कारागारमा दुई जना बालकालिका आश्रित छन्। कैदी/बन्दीहरूको नियमित स्वास्थ्य परीक्षणका लागि एकजना स्वास्थ्यकर्मीको दरबन्दी रहेको छ। प्रतिनिधिसभा र प्रदेशसभाका लागि भएको निर्वाचनमा कारागारका ४ सय ७० जनाले मतदान गरे।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत

दुई जना न्यायाधीश दरबन्दी रहेको जिल्ला अदालतमा एक जना न्यायाधीशको दरबन्दी रिक्त रहेको छ। यो वर्ष फौजदारी मुद्दातर्फ ५ सय ४ थानमध्ये ७२ थान मुद्दा फैसला भए। देवानी मुद्दातर्फ ७ सय २९ थानमध्ये १ सय ७० थान मुद्दा फैसला भए। यस अदालतमा दुई वर्ष नाघेका फौजदारी मुद्दा १९ थान छन् भने देवानी मुद्दा ४८ थान बाँकी रहेको छ।

बाल अधिकार

शिक्षाको अधिकार

जिल्लामा प्रावि १ सय ३९, आधारभूत ५९, माध्यमिक विद्यालय छन्। प्रावि ८ सय ६१, आधारभूत १ सय ८४, माबि १ सय ५४ गरी १ हजार १ सय ९९ शिक्षक दरबन्दी रहेकामा दरबन्दी मिलान हुन बाँकी छैन। यस वर्ष ५६ हजार १५ बालक र ५३ हजार ६ सय ६९ जना बालिका विद्यालय भर्ना भए। यस वर्ष जिल्लाभर ८ हजार ४ सय ९० दलित बालक र ८ हजार १ सय २७ दलित बालिका विद्यालय भर्ना भए। शहीद र द्वन्द्वपीडित परिवारका ६१ बालबालिकाले ८ लाख ८० हजार रुपियाँ छात्रवृत्ति पाए।

यस वर्ष बर्दिया जिल्लामा यौन दुर्व्यवहारका घटनामा सात, बलात्कारका घटनामा ३८, बालविवाहका घटनामा तीन र बेचबिखन तथा ओसारपसारका घटनामा दुई जना बालिका पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

अभिलेखित घटनामध्ये बलात्कारका २८ घटनाका आरोपितहरूलाई जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा पठायो भने दुई घटनाका आरोपितलाई बाल सुधार गृहमा पठायो। ६ घटनाका आरोपित वर्षको अन्त्यसम्म गिरफ्तार भएनन्। एक घटनाका आरोपितलाई अदालतले अभिभावकको जिम्मा लगायो भने एक घटनाका आरोपित वर्षको अन्त्यसम्म अनुसन्धानमै रहे। यौन दुर्व्यवहारका दुई घटनाका आरोपितलाई अदालतले पुर्पक्षमा पठायो भने चार घटनाका आरोपितलाई धरौटीमा रिहा गऱ्यो। एक घटनाका आरोपितलाई अदालतले बाल सुधार गृहमा पठायो। बालविवाहका एक घटनाका आरोपितलाई अदालतले धरौटीमा रिहा गऱ्यो भने एक घटनाका एक आरोपितलाई अभिभावकको जिम्मा र एक आरोपितलाई धरौटीमा रिहा गऱ्यो। बेचबिखन तथा ओसारपसारका दुई घटनाका आरोपितलाई अदालतले पुर्पक्षमा पठायो।

महिलाविरूद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यो वर्ष घरेलु हिंसा पीडित भन्दै १ सय ८ जना महिलाले जिल्ला प्रहरी कार्यालयको महिला तथा बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमा कुटपिट गरी घरनिकाला गरिएका ६०, खानलाउन नदिएका पाँच, विवाह दर्ता, जन्मदर्ता र नागरिकता नबनाएका चार, अर्की पत्नी ल्याएर हेला गरेको १०, दाइजो नल्याएको भनी हेला गरेको पाँच र सामान्य घरायसी झगडाका २४ उजुरी छन्। यीमध्ये प्रहरीले ९० ओटामा मेलमिलाप गरायो भने तीन ओटा उजुरी कारबाही प्रक्रियामा रहेको जिल्ला प्रहरी कार्यालय महिला तथा बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रकी प्रमुख सई सरस्वती पौडेलले बताइन्।

यो वर्ष बर्दिया जिल्लामा बलात्कारका घटनामा १५, बलात्कार प्रयासका घटनामा ६, बहुविवाहका घटनामा ६ र पारिवारिक हत्याका घटनामा दुई जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

अभिलेखित घटनामध्ये बलात्कारका १२ घटनाका आरोपितलाई जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा पठायो भने तीन घटनाका आरोपित वर्षको अन्त्यसम्म गिरफ्तार भएनन्। बलात्कार प्रयासका चार घटनाका आरोपितलाई अदालतले पुर्पक्षमा पठायो भने दुई घटनाका आरोपितलाई धरौटीमा रिहा गऱ्यो। बहुविवाहका चार घटनाका आरोपितलाई अदालतले धरौटीमा रिहा गऱ्यो भने एक घटनाका आरोपितलाई तोकिएको धरौटी रकम बुझाउन नसकेपछि थुनामा पठायो। एक घटनाका आरोपित वर्षको अन्त्यसम्म गिरफ्तार भएनन्।

स्वास्थ्य सेवाको अवस्था

जिल्लामा १ सरकारी अस्पताल, सामुदायिक अस्पताल छैन, ३० स्वास्थ्य चौकी, २ प्राथमिक स्वास्थ्य केन्द्र, ३ नगर स्वास्थ्य केन्द्र छन्। सदरमुकाम स्थित सरकारी अस्पतालमा ११ जना विशेषज्ञको दरबन्दीमा १० जनाको दरबन्दी रिक्त छ। २ सय ३० जना स्वास्थ्यकर्मीको दरबन्दीमा ९ खाली, छैन जना बिदा र २ सय २१ कार्यरत छन्। जिल्लामा १ लाख ५ हजार ६ सय १ जनाले बीमा गराएर सेवा लिइरहेका छन्। ज्येष्ठ नागरिकका लागि नि:शुल्क बीमा कार्यक्रममा पनि १३ हजार ७ सय ९९ जनाको बीमा गरिएको छ। २०७७ मङ्सिर १५ गते शिलान्यास भएका चार अस्पतालमध्ये कुनैको पनि निर्माण कार्य पुरा भएको छैन ।

प्रतिनिधि सभा तथा प्रदेश सभा निर्वाचन २०७९

यस वर्ष सम्पन्न भएको प्रतिनिधि सभा निर्वाचनमा बर्दिया जिल्लामा ३ लाख १५ हजार २ सय ८४ मतदाता मध्ये १ लाख ९६ हजार ६ सय १ (६२.३५ प्रतिशत) ले मतदान गरे। यसैगरी प्रदेश सभा तर्फ १ लाख ९६ हजार ५ सय १३ (६२.३२ प्रतिशत) ले मतदान गरे।

सन् २०२२ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

बाल अधिकार				
घटनाको प्रकार	**अनुसन्धान**	**मेलमिलाप**	**कानुनी दायरामा ल्याइएका**	**जम्मा**
बालविवाह		१	२	३
बेचबिखन तथा ओसारपसार			२	२
बलात्कार	७		३०	३७
यौन दुर्व्यवहार			७	७
जम्मा	७	१	४१	४९

महिला अधिकार				
घटनाको प्रकार	**अनुसन्धान**	**मेलमिलाप**	**कानुनी दायरामा ल्याइएका**	**जम्मा**
घरेलु हिंसा		३	२	५
बहुविवाह	१		५	६
बलात्कार	३		१२	१५
बलात्कार प्रयास			६	६
यौन दुर्व्यवहार	१		१	२
जम्मा	५	३	२६	३४

मारिएकाको घटना सङ्ख्या			
घटनाको प्रकार	**कानुनी दायरामा ल्याइएका**	**कारबाही प्रक्रिया अघि नबढेका**	**जम्मा**
हत्या	२	१	३



कर्णाली प्रदेश

- क्षेत्रफल : ३०,२११ वर्ग कि.मि.
- जनसङ्ख्या : १६,५४,८८५
- साक्षरता प्रतिशत : ५८.४५
- जिल्ला : १०
- निर्वाचन क्षेत्र (प्रतिनिधिसभा) : १२
- निर्वाचन क्षेत्र (प्रदेशसभा) : २४
- नगरपालिका : २५
- गाउँपालिका : ५४
- कूल वडा सङ्ख्या : ७१८



कर्णाली प्रदेश परिचय ६

'समृद्ध कर्णाली सुखारी कर्णालीबासी' को नीतिलाई प्राथमिकतामा राखेको यस प्रदेशले आफ्नो पहिलो कार्यकालमा ३८ ओटा कानुन निर्माण गऱ्यो। कर्णाली विकासको प्रमुख आधार '६ ब' अर्थात 'बाटो, बिजुली, बजार, वन व्यवस्थापन र विचार यसमा हामी सबैको सहकार्य र सरोकार' भन्ने मूल नीतिका साथ प्रदेश सरकारले विभिन्न कार्यक्रम सञ्चालन गर्दै आएको छ।

यो वर्ष कर्णाली प्रदेशका ७९ स्थानीय तहमध्ये नौ स्थानीय तहमा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटना अभिलेख भएनन्। वीरेन्द्रनगर नगरपालिकामा सबैभन्दा बढी ३८ जना पीडित भएको घटना इन्सेकले अभिलेख गऱ्यो। ५६ स्थानीय तहमा एकदेखि १० जना पीडितको अभिलेख भयो। ११ स्थानीय तहमा ११ देखि २० जना पीडितको अभिलेख भयो। दुई स्थानीय तहमा २१ देखि २९ जना पीडितको अभिलेख भयो। ३० जनाभन्दा बढी पीडित भएका एक स्थानीय तह रह्यो। कर्णाली प्रदेशमा राज्यपक्षबाट भएका मानव अधिकार उल्लङ्घनका घटनामा ३३ जना र अन्य पक्षबाट भएका मानव अधिकार ज्यादतीका घटनामा ४ सय ६३ जना पीडित भए। महिला अधिकार उल्लङ्घनका घटनामा २ सय ११ जना र बाल अधिकार उल्लङ्घनका घटनामा ८० जना पीडित भए।

निर्वाचन २०७९

स्थानीय तह निर्वाचनमा १० लाख १ हजार २ सय ८२ मतदातामध्ये ४ लाख ९५ हजार ९९ जना महिला मतदाता थिए। कर्णाली प्रदेशका ७९ स्थानीय तहमध्ये एक नगरपालिकाका प्रमुख, एक गाउँपालिकाका अध्यक्ष, १८ नगरपालिकाका उपप्रमुख, ३५ गाउँपालिकाका उपाध्यक्ष र ६ ओटा वडाका वडाध्यक्ष पदमा महिला निर्वाचित भए।

यो वर्ष कर्णाली प्रदेशमा १० लाख ८ हजार ४ सय ३ मतदातामध्ये तीन जना यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक र ६ लाख १५ हजार २ सय ६७ जना महिला मतदाता थिए। प्रदेश सभातर्फ ६०.९५ र प्रतिनिधि सभातर्फ ६१.०१ प्रतिशतले मतदान गरे। कर्णाली प्रदेशमा प्रत्यक्ष निर्वाचनबाट महिला निर्वाचित भएनन्।

सन् २०२२ मा सम्पन्न निर्वाचनसँग सम्बन्धित मानव अधिकार उल्लङ्घन र ज्यादतीका ३१ घटनामा यस प्रदेश भित्र ९७ जना पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। राज्यपक्षबाट भएका दुई प्रकारका घटनामा ६ जना र अन्यपक्षबाट भएका चार प्रकारका घटनामा ९१ जना पीडित भए।



६.१ डोल्पा



जम्मा जनसङ्ख्या	४२,५५९
महिला	२१,६८३
प्रतिनिधिसभा निर्वाचन क्षेत्र	१
प्रदेशसभा निर्वाचन क्षेत्र	२
गरिबीको रेखामुनि रहेको सङ्ख्या	१५,४५५
कामका लागि बाहिरिएका	४४७
अपाङ्गता भएका	७,४५८
५ वर्षमाथिको साक्षरता प्रतिशत	५४.१५
आश्रित जनसङ्ख्या	२१,०३५

यस वर्ष डोल्पा जिल्लामा ज्यादतीका घटनामा अन्यपक्षबाट आठ जना महिला र १० जना पुरुष पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमध्ये महिला अधिकार उल्लङ्घनका घटनामा तीन जना महिला पीडित भए।

कारागार र बन्दी

५० महिला र १ सय पुरुषको क्षमता भएको डोल्पा जिल्ला कारागारमा कैदी १९ र थुनुवा दुई गरी २१ जना पुरुष कैदीबन्दी रहेका छन्। कारागारमा पत्रपत्रिका, रेडियो, टेलिभिजन, खेलकुदतर्फ भलिबल र फुटबल खेल्ने व्यवस्था छ। कैदीबन्दीहरूलाई झोला, टोपी, मोजा र स्वीटर बुन्ने सीप विकासको लागि तालिमको व्यवस्था गरिएको निमित्त जेलर दीर्घबहादुर रोकायाले बताए। कैदीबन्दीहरूको स्वास्थ्य परीक्षणका लागि एक जना अहेबको दरबन्दी रहेको छ। गत २०७९ मङ्सिर ४ गते सम्पन्न भएको निर्वाचनमा कारागारमा रहेका १४ जना कैदीबन्दीहरूले मतदान गरे।

घटनाको प्रकार		अन्यपक्षबाट		
		महिला	पुरुष	जम्मा
कुटपिट		५	९	१४
जातीय विभेद			१	१
महिला अधिकार	घरेलु हिंसा	३		३
	जम्मा	३		३
कूल जम्मा		८	१०	१८

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत

एक जना न्यायाधीश रहेको जिल्ला अदालतबाट यो वर्ष फौजदारी मुद्दातर्फ १६मध्ये १० थान मुद्दा फैसला भए। देवानी मुद्दातर्फ १४ थानमध्ये नौथान मुद्दा फैसला भए। यस अदालतमा दुई वर्ष नाघेका फौजदारी मुद्दा दुई थान छन्। देवानी मुद्दा छैनन्। सन् २०२१ को जिम्मेवारी सरेर आएका आठ थान र सन् २०२२ को ६ थान मुद्दामध्ये १४ थान मुद्दा फैसला भए। सात थान मुद्दा बाँकी छन्।

न्यायाधीशको सरुवा र प्रकृयागत त्रुटिका कारण छिटो न्याय सम्पादन गर्ने इच्छा हुँदाहुँदै पनि कतिपय अवस्थामा ढिलाइ हुने गरेको जिल्ला न्यायाधीश बाबुराम सुवेदीले बताए।

बाल अधिकार

शिक्षाको अधिकार

जिल्लामा ९९ आधारभूत, १५ माध्यमिक विद्यालय छन्। आधारभुत ३ सय ८५, मावि ३६ र निमावि ५५ गरेर ४ सय ७६ दरबन्दी रहेको छ। दरबन्दी मिलान हुन बाँकी छैन। यस वर्ष ९ हजार ३ सय बालक र ७ हजार १ सय बालिका विद्यालय भर्ना भए। जसमा अपाङ्गता भएका ६५ बालिका र १ सय बालक रहेका छन्। जिल्लामा अपाङ्गमैत्री विद्यालय छैन। द्वन्द्वपीडित तथा सहिद परिवारका ५० जना बालबालिकाले छात्रबृत्ति पाए। यो वर्ष जिल्लाभर १ हजार २ सय ४० दलित बालक र ८ सय ५० दलित बालिका विद्यालय भर्ना भए। शिक्षा विकास तथा समन्वय एकाइ प्रमुख दलबहादुर बस्नेतका अनुसार आठ ओटा स्थानीय तहमा झण्डै १ हजार बालबालिकाहरू विद्यालय पहुँच बाहिर रहेका छन्।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यो वर्ष घरेलु हिंसा पीडित भन्दै तीन जना महिलाले जिल्ला प्रहरी कार्यालयको महिला तथा बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दिए। तीन ओटै उजुरीमा मिलापत्र भएको प्रहरी नायब उपरीक्षक निरन्जन थापाले बताए।

स्वास्थ्य सेवाको अवस्था

जिल्लामा एक सरकारी अस्पताल, २३ स्वास्थ्य चौकी छन्। सदरमुकामस्थित सरकारी अस्पतालमा तीन विशेषज्ञको दरबन्दी भए पनि हालसम्म दरबन्दी अनुसारका विशेषज्ञ छैनन्। स्वास्थ्य कार्यक्रमबाट एक जना डाक्टर कार्यरत छन्।

२०७९ पुस १७ गतेसम्म ६ सय ९४ घरधुरीका २ हजार ६ सय ६० जनाले स्वास्थ्य बीमा गरेका छन्। जसमा महिलाको सङ्ख्या १ हजार ३ सय ७८ र पुरुष १ हजार २ सय ८२ जना छन। बीमित संख्यामध्ये ज्येष्ठ नागरिक महिला ६५ र पुरुष ५२ रहेका छन्। सबै स्थानीय तहमा सुविधा सम्पन्न अस्पताल खोल्ने सरकारको निर्णय अनुसार २०७७ मङ्सिर १५ गते शिलान्यास गरिएका डोल्पाका दुई नगरपालिका र ६ गाउँपालिकाका स्वास्थ्य संस्थाको जग खन्ने कार्य पनि हुन सकेन।

प्रतिनिधि सभा तथा प्रदेश सभा निर्वाचन २०७९

यस वर्ष सम्पन्न भएको प्रतिनिधि सभा निर्वाचनमा डोल्पा जिल्लामा २२ हजार ७ सय ७४ मतदातामध्ये १७ हजार ८ सय ८७ (७८.५४ प्रतिशत) ले मतदान गरे। यसैगरी प्रदेश सभा तर्फ १७ हजार ८ सय ८७ (७८.५४ प्रतिशत) ले मतदान गरे।

सन् २०२२ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

महिला अधिकार		
घटनाको प्रकार	मेलमिलाप	जम्मा
घरेलु हिंसा	३	३

६.२ मुगु



जम्मा जनसङ्ख्या	६६,६५८
महिला	३३,२१०
प्रतिनिधिसभा निर्वाचन क्षेत्र	१
प्रदेशसभा निर्वाचन क्षेत्र	२
गरिबीको रेखामुनि रहेको सङ्ख्या	२५,७८४
कामका लागि बाहिरिएका	६५५
अपाङ्गता भएका	१,५१७
५ वर्षमाथिको साक्षरता प्रतिशत	५१.२५
आश्रित जनसङ्ख्या	३५,४०१

यस वर्ष मुगु जिल्लामा मानव अधिकार उल्लङ्घनका घटनामा राज्यपक्षबाट एक जना पुरुष तथा ज्यादतीका घटनामा अन्यपक्षबाट १३ जना महिला र सात जना पुरुष पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा एक जना बालिका तथा महिला अधिकार उल्लङ्घनका घटनामा १० जना महिला पीडित भए।

कुटपिट/धम्की

राज्यपक्षबाट

खत्याड गाँउपालिका-९ घर भई जिल्ला अस्पताल, गमगढीमा कार्यरत ल्याब टेक्निसियन २७ वर्षीय प्रकाश भण्डारीलाई ०७९ भदौ १४ गते कुटपिट गरेको भन्दै जिल्ला अस्पताल सुरक्षार्थ खटिएका प्रहरी हवल्दार शिवदत्त न्यौपानेविरुद्ध प्रहरीले उजुरी दर्ता गर्न नमानेको पीडितले बताए। तिजको नाचगान भइरहेको अवस्थामा भदौ १४ गते राति जिल्ला अस्पातालका कर्मचारी क्वार्टर अगाडि प्रहरी हवल्दार न्यौपानेले बिनाकारण आफूलाई कुटपिट गरेपछि भदौ १५ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिएकोमा भदौ १७ गतेसम्म दर्ता नभएको पीडित पक्षले आरोप लगायो। आरोपितलाई विभागीय कारबाही गरेको डिएसपी सुवास हमालले बताए।

अन्यपक्षबाट

खत्याड गाँउपालिका-७ स्थित राउतडी बजारमा गठबन्धन र एमालेका कार्यकर्ताबीच २०७९ वैशाख ३० गते दिउँसो झडप हुँदा माओवादी केन्द्रका सचिवालय सदस्य ४० वर्षीय कालीबहादुर रावल (प्रसिद्ध) टाउकोमा चोट लागेर घाइते भए। घाइते रावलको उपचारका खत्याड गाउँपालिका–११ मा रहेको प्राथमिक स्वास्थ्य केन्द्रमा भयो। पीडित पक्षले खत्याड गाउँपालिका-३ का २८ वर्षीय अर्पण बानियाविरुद्ध जेठ २ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। प्रहरीले आरोपितलाई बैशाख ३० गते घरबाट गिरफ्तार गऱ्यो। आरोपितविरुद्ध प्रहरीले जिल्ला अदालतमा हातहतियार खरखजनासम्बन्धी कसुरमा जेठ ४ गते मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको जेठ ३० गतेको आदेशमा आरोपित पुर्पक्षका लागि थुनामा छन्।

कारागार र बन्दी

निर्माणाधीन मुगु जिल्ला कारागारको क्षमता १६ जनाको रहेको छ। कैदीबन्दी राख्ने भवन निर्माण हुँदै गरेकाले पुर्पक्ष तथा कैद तोकिएकाहरूलाई जुम्ला जिल्ला कारागार चलान गरिएको कारागारका निमित्त प्रमुख गोपाल मल्लले बताए।

घटनाको प्रकार		राज्यपक्षबाट		अन्यपक्षबाट		
		पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
कुटपिट		१	१	३	६	८
धम्की					१	१
बाल अधिकार	बलात्कार			१		१
	जम्मा			१		१
महिला अधिकार	घरेलु हिंसा			४		४
	बलात्कार			३		३
	बलात्कार प्रयास			४		४
	जम्मा			१०		१०
कूल जम्मा		१	१	१३	७	३०

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत

एक जना न्यायाधीश रहेको जिल्ला अदालतबाट यो वर्ष फौजदारी मुद्दातर्फ २६ थानमध्ये नौ थान मुद्दा फैसला भए। देवानी मुद्दातर्फ १६ थानमध्ये तीन थान मुद्दा फैसला भए।

बाल अधिकार

शिक्षाको अवस्था

यस जिल्लामा १ सय २४ आधारभूत र २६ माध्यमिक विद्यालय छन्। ५ सय ८३ शिक्षक दरबन्दी रहेकोमा १२ मिलान हुन बाँकी छ। यस वर्ष ११ हजार ३ सय ९९ बालक र १ हजार १ सय ७८ जना बालिका विद्यालय भर्ना भए। जसमा अपाङ्गता भएका २० बालिका र ३४ बालक छन्। जिल्लामा अपाङ्गतामैत्री विद्यालय एक छ। द्वन्द्वपीडित परिवारका ६० जना बालबालिकाले छात्रवृत्ति पाए। वैदेशिक रोजगारमा मृत्यु भएका परिवारका तीन, सहिद परिवारका ६० र द्वन्द्वपीडित परिवारका १४ जना बालबालिकाहरूले छात्रवृत्ति पाए।

यसवर्ष मुगु जिल्लामा बलात्कारका घटनामा एक घटनामा बालिका पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

अभिलेखित घटनामध्ये बलात्कारका एक घटनाका आरोपितहरूलाई जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा पठायो।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यहार

यो वर्ष घरेलु हिंसा पीडित भन्दै १४ जना महिलाले जिल्ला प्रहरी कार्यालयको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दर्ता गराए। खानालाउन नदिएका तीन उजुरी परेको महिला तथा बालबालिका ज्येष्ठ नागरिक सेवा केन्द्रले जनायो। सामान्य घरायसी झगडाका १९ उजुरी परे। यीमध्ये १२ उजुरीमा मेलमिलाप गरायो भने सात उजुरी कारबाहीको प्रक्रियामा रहेको जिल्ला प्रहरी कार्यालयका डिएसपी सुभाष हमालले बताए।

यो वर्ष मुगु जिल्लामा घरेलु हिंसाका घटनामा चार, बलात्कारका घटनामा दुई र बलात्कार प्रयासका घटनामा चार जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

अभिलेखित घटनामध्ये बलात्कारका दुई घटनाका आरोपितलाई जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा पठायो। बलात्कार प्रयासका तीन घटनाका आरोपितलाई अदालतले पुर्पक्षका लागि थुनामा पठायो भने एक घटनाका आरोपित वर्षको अन्त्यसम्म गिरफ्तार भएनन्।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

खाद्य व्यवस्थापन तथा व्यापार कम्पनी लिमिटेड मुगु अन्तरगत खत्याड गाउँपालिका-११ स्थित रातापानी र सोरु गाँउपालिका-९ कालै खाद्य बिक्री केन्द्रमा ढुवानीको जिम्मा लिएको ठेकदारले समयमा खाद्य ढुवानी नगर्दा यी क्षेत्रका उपभोक्ता सहुलियतको खाद्यान्न पाउनबाट बञ्चित भए। यस आर्थिक वर्षमा खाद्य व्यवस्थापन तथा व्यापार कम्पनी लिमिटेड, सुर्खेतबाट सोरु गाँउपालिका-९ कालै बिक्री केन्द्रका लागि ३ हजार क्वीन्टल खाद्यान्न ढुवानी गर्ने जिम्मा हिमाल निर्माण सेवाले पाएको छ। २०७८ भदौदेखि चैत २५ गतेसम्म ढुवानी नगर्दा उपभोक्ताले सहुलियतको खाद्यान्न पाउनबाट बञ्चित भएका हुन्। सुर्खेतबाट ढुवानीको जिम्मा पाएका ठेकदार पक्षले हालसम्म खाद्यान्न ढुवानी नगर्दा कालै बिक्री केन्द्रमा खाद्यान्न मौजाद शून्य छ।

स्वास्थ्य सेवाको अवस्था

जिल्लामा एक सरकारी अस्पताल, एक सामुदायिक अस्पातल, एक प्राथामिक स्वास्थ्य केन्द्र, २६ स्वास्थ्य चौकी, १४ नगर स्वास्थ्य चौकी छन्। जिल्ला अस्पातलमा एक विशेषज्ञ दरबन्दी रहेकोमा रिक्त छ।

जिल्लामा ५ सय ४६ जनाले बीमा गराएर सेवा लिएका छन्।

२०७७ मंसिर १५ गते शिलान्यास भएका सोरु, खत्याड र मुगुम कार्मारोङ गाउँपालिकाको १५ शैयाको अस्पातल हालसम्म निर्माण भएको छैन।

प्रतिनिधि सभा तथा प्रदेश सभा निर्वाचन २०७९

यस वर्ष सम्पन्न भएको प्रतिनिधि सभा निर्वाचनमा मुगु जिल्लामा ३५ हजार ४ सय ८५ मतदातामध्ये २६ हजार ५ सय ५ (७४.६९ प्रतिशत) ले मतदान गरे। यसैगरी प्रदेश सभा तर्फ २६ हजार ५ सय ७ (७४.६९ प्रतिशत) ले मतदान गरे।

सन् २०२२ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

बाल अधिकार		
घटनाको प्रकार	कानुनी दायरामा ल्याइएका	जम्मा
बलात्कार	१	१

महिला अधिकार			
घटनाको प्रकार	अनुसन्धान	कानुनी दायरामा ल्याइएका	जम्मा
घरेलु हिंसा	१	३	४
बलात्कार		२	२
बलात्कार प्रयास	१	३	४
जम्मा	२	८	१०

६.३ हुम्ला



जम्मा जनसङ्ख्या	५५,४५६
महिला	२७,५१४
प्रतिनिधिसभा निर्वाचन क्षेत्र	१
प्रदेशसभा निर्वाचन क्षेत्र	२
गरिबीको रेखामुनि रहेको सङ्ख्या	२७,५६२
कामका लागि बाहिरिएका	६८२
अपाङ्गता भएका	२,४११
५ वर्षमाथिको साक्षरता प्रतिशत	४७.८२
आश्रित जनसङ्ख्या	२७,०१६

यस वर्ष हुम्ला जिल्लामा मानव अधिकार उल्लङ्घनका घटनामा राज्यपक्षबाट एक जना महिला र सात जना पुरुष तथा ज्यादतीका घटनामा अन्यपक्षबाट १३ जना महिला र २८ जना पुरुष पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा आठ जना बालिका तथा महिला अधिकार उल्लङ्घनका घटनामा दुई जना महिला पीडित भए।

कारागार र बन्दी

हुम्ला जिल्लामा कारागार निर्माणाधीन छ। कारागार नभएका कारण वर्षको अन्त्यमा एक जना महिला र २१ जना बन्दीलाई जिल्ला प्रहरी कार्यालयको हिरासतमा राखिएको छ। कारागारमा रहेका १६ जनाले मङ्सिर ४ गते मतदान गरे।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत

एक न्यायाधीश दरबन्दी रहेको जिल्ला अदालतमा यो वर्ष फौजदारी मुद्दातर्फ एक थान पनि फैसला भएन। ३१ थान फौजदारी मुद्दा रहेकाम थिए। देवानी मुद्दातर्फ १५ थानमध्ये दुई थान मुद्दा फैसला भए। यस अदालतमा दुई वर्ष नाघेका देवानी मुद्दा १३ थान बाँकी छन्।

बाल अधिकार

शिक्षाको अवस्था

यस जिल्लामा १ सय २४ आधारभूत र २७ माध्यमिक विद्यालय छन्। ५ सय २७ शिक्षक दरबन्दी रहेकामा ४ ओटा दरबन्दी मिलान हुन बाँकी रहेको छ। यस वर्ष ११ हजार ६ सय ३५ बालक र १२ हजार १ सय ६३ जना बालिका विद्यालय भर्ना भए। जसमा अपाङ्गता भएका २ सय ४४ बालिका र ३ सय ५२ बालक छन्। जिल्लामा अपाङ्गतामैत्री विद्यालय सात ओटा छन्। द्वन्द्वपीडित परिवारका ३८ जना बालबालिकाले छात्रवृत्ति पाएका छन्। यस वर्ष जिल्लाभर ३ सय ८ दलित बालक र २ सय ९० दलित बालिका विद्यालय भर्ना भए। शहीद परिवारका चार जनाले छात्रवृत्ति पाएको शिक्षा विकास तथा समन्वय एकाइका प्रमुख तिलक भट्टराईले बताए।

यस वर्ष हुम्ला जिल्लामा यौन दुर्व्यवहारका घटनामा एक, बलात्कारका घटनामा सात जना

बालिका पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

अभिलेखित घटनामध्ये बलात्कारका पाँच घटनाका आरोपितहरूलाई जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा पठायो भने एक घटनाका आरोपित वर्षको अन्त्यसम्म गिरफ्तार भएनन्। यौन दुर्व्यवहारका एक घटनाका आरोपितलाई अदालतले पुर्पक्षका लागि थुनामा पठायो।

घटनाको प्रकार		राज्यपक्षबाट			अन्यपक्षबाट		
		महिला	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
कुटपिट		१	६	७	३	२५	२८
बेपत्ता						१	१
अमानवीय व्यवहार			१	१			
हत्या						१	१
धम्की						१	१
बाल अधिकार	बलात्कार				७		७
	यौन दुर्व्यवहार				१		१
	जम्मा				८		८
महिला अधिकार	घरेलु हिंसा				१		१
	बलात्कार				१		१
	जम्मा				३		३
कूल जम्मा		१	७	८	१३	२८	४१

महिलाविरूद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यो वर्ष घरेलु हिंसा पीडित भन्दै २४ जना महिलाले महिला तथा बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमा खानलाउन नदिएका एक, अर्की पत्नी ल्याएर हेला गरेको पाँच र सामान्य घरायसी झगडाका १८ उजुरी छन्। यीमध्ये प्रहरीले २१ ओटामा मिलापत्र गरायो भने तीन ओटा उजुरी कारबाही प्रक्रियामा रहेको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रका प्रहरी जवान महेन्द्र गिरीले बताए।

यो वर्ष हुम्ला जिल्लामा घरेलु हिंसाका घटनामा एक र बलात्कारका घटनामा एक जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

अभिलेखित घटनामध्ये बलात्कारका एक घटनाका आरोपितलाई जिल्ला अदालतले बाल सुधार गृहमा पठायो।

स्वास्थ्य सेवाको अवस्था

जिल्लामा एक सरकारी अस्पताल, एक सामुदायिक अस्पताल, २६ स्वास्थ्य चौकी छन्। सदरमुकामस्थित सरकारी अस्पतालमा तीन जना विशेषज्ञको दरबन्दीमा सबै रिक्त छन्। ३३ जना स्वास्थ्यकर्मीको दरबन्दीमा १४ रिक्त छन्। जिल्लामा १४ हजार १ सय १२ जनाले बीमा गराएर सेवा लिइरहेका छन्। ज्येष्ठ नागरिकका लागि नि:शुल्क बीमा कार्यक्रममा ५ सय ५१ जनाको बीमा गरिएको छ।

गत २०७७ मङ्सिर १५ गते शिलान्यास भएको जिल्ला अस्पताल, हुम्लाको भवन निर्माण कार्य पूरा भएर सञ्चालनमा आइसकेको छ। अस्पतालको प्रत्येक फाँटबाट आ-आफ्नो कार्य सञ्चालन भइरहेको जिल्ला अस्पतालका प्रमुख प्रेमबहादुर सिंहले बताए।

प्रतिनिधि सभा तथा प्रदेश सभा निर्वाचन २०७९

यस वर्ष सम्पन्न भएको प्रतिनिधि सभा निर्वाचनमा हुम्ला जिल्लामा ३२ हजार ८ सय ५७ मतदातामध्ये २४ हजार ७ सय ६२ (७५.३६ प्रतिशत) ले मतदान गरे। यसैगरी प्रदेश सभा तर्फ २४ हजार ७ सय १६ (७५.२२ प्रतिशत) ले मतदान गरे।


सन् २०२२ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

बाल अधिकार			
घटनाको प्रकार	**अनुसन्धान**	**कानुनी दायरामा ल्याइएका**	**जम्मा**
बलात्कार	१	६	७
यौन दुर्व्यवहार		१	१
जम्मा	१	७	८

महिला अधिकार			
घटनाको प्रकार	**मेलमिलाप**	**कानुनी दायरामा ल्याइएका**	**जम्मा**
घरेलु हिंसा	१		१
बलात्कार		१	१
जम्मा	१	१	२

मारिएकाको घटना सङ्ख्या		
घटनाको प्रकार	**कानुनी दायरामा ल्याइएका**	**जम्मा**
हत्या	१	१

६.४ जुम्ला



जम्मा जनसङ्ख्या	१,१५,३७७
महिला	५५,५४१
प्रतिनिधिसभा निर्वाचन क्षेत्र	१
प्रदेशसभा निर्वाचन क्षेत्र	२
गरिबीको रेखामुनि रहेको सङ्ख्या	५२,६०२
कामका लागि बाहिरिएका	१,४६३
अपाङ्गता भएका	३,२४८
५ वर्षमाथिको साक्षरता प्रतिशत	५४.६६
आश्रित जनसङ्ख्या	६१,५१६

यस वर्ष जुम्ला जिल्लामा ज्यादतीका घटनामा अन्यपक्षबाट १८ जना महिला र २१ जना पुरुष पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा दुई जना बालिका तथा महिला अधिकार उल्लङ्घनका घटनामा ११ जना महिला पीडित भए।

कारागार र बन्दी

२ सय जनाको क्षमता भएको जुम्ला जिल्ला कारागारमा दुई महिला र १ सय ९ जना पुरुष रहेका छन्। कैदी/बन्दीहरूको नियमित स्वास्थ्य जाँचका लागि एकजना स्वास्थ्यकर्मीको दरबन्दी रहेको छ। कारागारमा एक जना पुरुष ज्येष्ठ नागरिक रहेको जिल्ला कारागार प्रमुख विष्णुबहादुर महतले बताए।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत

एक जना न्यायाधीश दरबन्दी रहेको जिल्ला अदालतमा यो वर्ष फौजदारी मुद्दातर्फ १ सय ७० थानमध्ये ८५ थान मुद्दा फैसला भए। देवानी मुद्दातर्फ १ सय ९१ थानमध्ये ९४ थान मुद्दा फैसला भए। यस अदालतमा दुई वर्ष नाघेका फौजदारी मुद्दा तीन थान र देवानी मुद्दा पाँच थान बाँकी रहे।

उच्च अदालत सुर्खेत, जुम्ला इजलास

चार जना न्यायाधीशको दरबन्दी रहेको

घटनाको प्रकार		अन्यपक्षबाट		
		महिला	पुरुष	जम्मा
कुटपिट			४	४
घाइते		३	१७	२०
हत्या		२		२
बाल अधिकार	बलात्कार	१		१
	यौन दुर्व्यवहार	१		१
	जम्मा	२		२
महिला अधिकार	घरेलु हिंसा	५		५
	बलात्कार	५		५
	यौन दुर्व्यवहार	१		१
	जम्मा	११		११
कूल जम्मा		१८	२१	३९

उच्च अदालत जुम्लामा एक जना काज र एक जना न्यायाधीशको दरबन्दी रिक्त रहेको छ। यस वर्षका लागि दुनियावादी देवानीका सात थान, दुनियावादी फौजदारीका सात थान, सरकारवादी फौजदारीका ८८ थान र सुरू क्षेत्राधिकारबाट पाँच थान मुद्दा जिम्मेवारी सरेका थिए। ०७८ पुस १७ देखि ०७९ पुस १६ गतेसम्म दर्ता भएका फौजदारी मुद्दाको सरकारवादीतर्फ १ सय ७८ थान उजुरी परे। अघिल्लो वर्षका जिम्मेवारी सरेका समेत २ सय ६६ थान मुद्दा फैसला भए।

बाल अधिकार

शिक्षाको अवस्था

यस जिल्लामा ३ सय १५ आधारभूत र ६४ माध्यमिक विद्यालय छन्। १ हजार ४ शिक्षक दरबन्दी रहेकामा ५ सय ६५ ओटा दरबन्दी मिलान हुन बाँकी रहेको छ। यस वर्ष २१ हजार ९ सय ४३ बालक र १९ हजार ७ सय ६९ जना बालिका विद्यालय भर्ना भए। जसमा अपाङ्गता भएका १ हजार ३ सय ८४ बालिका र १ हजार ८ सय २४ बालक छन्। जिल्लामा अपाङ्गतामैत्री विद्यालय छैनन्। द्वन्द्वपीडित परिवारका ८१ जना बालबालिकाले छात्रवृत्ति पाएका छन्। यस वर्ष जिल्लाभर १० हजार २ सय १५ दलित बालक र नौ हजार ३ सय ४५ दलित बालिका विद्यालय भर्ना भए। वैदेशिक रोजगारीमा गएर मृत्यु भएका परिवारका एकजना बालकले माध्यमिक तहको शिक्षाको लागि ३४ हजार रुपियाँ छात्रवृत्ति पाए। सहिद परिवारका ५ जनाले ९० हजार र द्वन्द्वपीडित परिवारका ७६ बालबालिकाले १० लाख ५० हजार रुपियाँ छात्रवृत्ति पाए।

यस वर्ष जुम्ला जिल्लामा यौन दुर्व्यवहारका घटनामा एक र बलात्कारका घटनामा एक जना बालिका पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

अभिलेखित घटनामध्ये बलात्कारका एक घटनाका आरोपितलाई जिल्ला अदालतले साधारण तारिखमा रिहा गऱ्यो। यौन दुर्व्यवहारका एक घटनाका आरोपितलाई अदालतले धरौटीमा रिहा गऱ्यो।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यो वर्ष घरेलु हिंसा पीडित भन्दै ६१ जना महिलाले जिल्ला प्रहरी कार्यालयको महिला तथा बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमा कुटपिट गरी घरनिकाला गरिएका नौ, खानलाउन नदिएका १६, विवाह दर्ता, जन्मदर्ता र नागरिकता नबनाएका पाँच, अर्की पत्नी ल्याएर हेला गरेको दुई, दाइजो नल्याएको भनी हेला गरेको एक र सामान्य घरायसी झगडाका २८ उजुरी छन्। यीमध्ये प्रहरीले ५८ ओटामा मिलापत्र गरायो भने तीन ओटा उजुरी कारबाही प्रक्रियामा रहेको जिल्ला प्रहरी कार्यालय, महिला बालबालिका तथा जेष्ठ नागरिक सेवा केन्द्र, जुम्लाले जनायो।

यो वर्ष जुम्ला जिल्लामा घरेलु हिंसाका घटनामा पाँच, बलात्कारका घटनामा पाँच र पारिवारिक हत्याका घटनामा दुई जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

अभिलेखित घटनामध्ये बलात्कारका चार घटनाका आरोपितलाई जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा पठायो भने एक घटनाका आरोपितलाई धरौटीमा रिहा गऱ्यो। पारिवारिक हत्याका दुई घटनाका आरोपितलाई अदालतले पुर्पक्षका लागि थुनामा पठायो।

बलात्कार/बलात्कार प्रयास

७६ वर्षीया सुस्तमनस्थिति भएकी महिलालाई ०७९ साउन २८ गते बलात्कार प्रयास गरेको आरोपमा तातोपानी गाउँपालिका-२ का ४६ वर्षीय नरबहादुर डाँगीविरुद्ध पीडित पक्षले जिल्ला प्रहरी कार्यालय, जुम्लामा साउन २९ गते उजुरी दियो। आरोपितलाई प्रहरीले साउन २८ गते घरबाट गिरफ्तार गऱ्यो। पीडित महिलाको स्वास्थ्य परीक्षण साउन २९ गते कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान शिक्षण अस्पतालमा भयो। आरोपितविरुद्ध प्रहरीले सरकारी वकिलमार्फत भदौ १४ गते जिल्ला अदालत जुम्लामा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको भदौ १५ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। यो वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएन।

स्वास्थ्य सेवाको अवस्था

जिल्लामा २९ स्वास्थ्य चौकी, एक प्राथमिक स्वास्थ्य केन्द्र, आठ सामुदायिक स्वास्थ्य एकाइ र २८ आधारभूत स्वास्थ्य केन्द्र छन्। प्राथमिक स्वास्थ्य केन्द्रमा एक जना विशेषज्ञको दरबन्दीमा एक जनाको दरबन्दी रिक्त छ। एक जना विशेषज्ञ करारमा राखिएको छ। जिल्लामा ६० हजार १ सय ५६ जनाले बीमा गराएर सेवा लिइरहेका छन्। ज्येष्ठ नागरिकका लागि निःशुल्क बीमा कार्यक्रम अन्तर्गत पनि २ हजार ३ सय ५७

जनाको बीमा गरिएको छ। २०७७ मङ्सिर १५ गते शिलान्यास भएका दुई अस्पतालमध्ये दुई ओटै निर्माणाधीन अवस्था रहेका छन्। निर्माण कार्य पूरा भएको छैन।

प्रतिनिधि सभा तथा प्रदेश सभा निर्वाचन २०७९

यस वर्ष सम्पन्न भएको प्रतिनिधि सभा निर्वाचनमा जुम्ला जिल्लामा ६८ हजार ६ सय ३८ मतदातामध्ये ४५ हजार २ सय ८४ (६५.९७ प्रतिशत) ले मतदान गरे। यसैगरी प्रदेश सभा तर्फ ४५ हजार २ सय ७२ (६५.९५ प्रतिशत) ले मतदान गरे।

सन् २०२२ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

बाल अधिकार			
घटनाको प्रकार	अनुसन्धान	कानुनी दायरामा ल्याइएका	जम्मा
बलात्कार	१		१
यौन दुर्व्यवहार		१	१
जम्मा	१	१	२

महिला अधिकार			
घटनाको प्रकार	मेलमिलाप	कानुनी दायरामा ल्याइएका	जम्मा
घरेलु हिंसा	३	२	५
बलात्कार		५	५
यौन दुर्व्यवहार		१	१
जम्मा	३	८	११

मारिएकाको घटना सङ्ख्या		
घटनाको प्रकार	कानुनी दायरामा ल्याइएका	जम्मा
हत्या	२	२

६.५ कालीकोट



जम्मा जनसङ्ख्या	१,४४,५१७
महिला	७२,६७४
प्रतिनिधिसभा निर्वाचन क्षेत्र	१
प्रदेशसभा निर्वाचन क्षेत्र	२
गरिबीको रेखामुनि रहेको सङ्ख्या	७८,७४५
कामका लागि बाहिरिएका	२,०५६
अपाङ्गता भएका	५,२६२
५ वर्षमाथिको साक्षरता प्रतिशत	५६.८३
आश्रित जनसङ्ख्या	२०,५१२

यस वर्ष कालीकोट जिल्लामा मानव अधिकार उल्लङ्घनका घटनामा राज्यपक्षबाट एक जना महिला तथा ज्यादतीका घटनामा अन्यपक्षबाट १३ जना महिला र सात जना पुरुष पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा चार जना बालिका तथा महिला अधिकार उल्लङ्घनका घटनामा चार जना महिला पीडित भए।

बम विष्फोटबाट मृत्यु/घाइते

अन्यपक्षबाट

तिलागुफा नपा-१० रानावडामा ०७९ कात्तिक १२ गते बेवारिसे अवस्थामा फेला परेको बम खेलाउँदा विष्फोट भई सोही ठाउँका तीन वर्षीया झरना थापाको घटनास्थलमै मृत्यु भयो भने ५ वर्षीया सरस्वती रानाको उपचार कर्णाली प्रदेश अस्पताल सुर्खेतमा मृत्यु भयो। विष्फोटनमा परी ८ वर्षीय कमल थापा, ३ वर्षीया दर्शना राना र ५ वर्षीय मुस्कान थापा घाइते भएको जिल्ला प्रहरी कार्यालय, कालीकोटका डिएसपी जयश्वर रिमालले इन्सेक प्रतिनिधिलाई बताए। घाइते बालबालिकाको कालीकोटमा उपचार सम्भव नभएपछि जिल्ला प्रशासन कार्यालयको पहलमा हेलिकप्टर मार्फत सुर्खेत पठाइ प्रदेश अस्पतालमा उपचार गरिएको थियो। प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा रहेको सिफारिस समितिले मृतकका परिवारलाई राहत र घाइतेहरूलाई उपचार खर्चवापतको रकम उपलब्ध गराउन गृह मन्त्रालयलाई सिफारिस गरे पनि यो वर्षको अन्त्यसम्म पीडितहरूले क्षतिपूर्ति पाएनन्। घटनाको सम्बन्धमा इन्सेकले स्थलगत अनुगमन गरेको थियो।

कुटपिट/धम्की

राज्यपक्षबाट

शुभकालिका गाउँपालिका-८ की ३५ वर्षीया मनिषा कामीलाई २०७८ माघ २ गते जिल्ला प्रहरी कार्यालयका इन्सपेक्टर भुपेन्द्र शाहीले कुटपिट गरी घाइते बनाए। कुटपिटबाट पीडितको घाँटी र कानमा चोट लागेको थियो। पीडितले आफ्नी छोरीलाई शाब्दिक दुर्व्यवहार गरेको भन्दै जिल्ला प्रहरी कार्यालयमा निवेदन दिन जाँदा इन्स्पेक्टर शाहीले कुटपिट गरेको इन्सेक प्रतिनिधिलाई बताइन्। घाइतेको

उपचार जिल्ला अस्पतालमा भयो। जिल्ला प्रहरी कार्यालयले उजुरी दर्ता गरेन। आरोपितले उपचार खर्चबापत ३० हजार रुपियाँ पीडितलाई क्षतिपूर्ति दिने सहमतिपछि माघ ५ गते मेलमिलाप भयो।

कारागार र बन्दी

२५ जनाको क्षमता भएको जिल्ला कारागार, कालीकोटमा तीन जना महिला र ४६ जना पुरुष गरी ४९ जना कैदीबन्दी रहेका छन्। कारागारमा आश्रित बालक एक रहेका छन्। कैदीबन्दीहरूको स्वास्थ्य जाँचका लागि एकजना अहेबको दरबन्दी रहेको जिल्ला कारागार प्रमुख नरबहादुर मिजारले बताए।

बाल अधिकार

शिक्षाको अवस्था

नयाँ शैक्षिक सत्र सुरू भएको महिनौँ पुगदा पनि कालीकोट जिल्लाका अधिकांश समामुदायिक विद्यालयमा पाठ्यपुस्तक नपुगेपछि पठनपाठनमा समस्या भयो। सामुदायिक विद्यालयका कक्षा १ देखि १० सम्म विद्यालयमा पाठ्यपुस्तक नपुगकाले समस्या उत्पन्न भएको छ। जनक शिक्षा सामग्री केन्द्रले पाठ्यपुस्तक छपाइमा ढिलाइ गरेका कारण समयमा पुस्तक नपुगेको शिक्षा शैक्षिक सरोकावालाको भनाइ रहेको छ। हालसम्म यो समस्या समाधान भएको छैन।

यस वर्ष कालीकोट जिल्लामा यौन दुर्व्यवहारका घटनामा एक र बलात्कारका घटनामा तीन जना बालिका पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

अभिलेखित घटनामध्ये बलात्कारका दुई घटनाका आरोपितहरूलाई जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा पठायो भने एक घटनाका आरोपितलाई साधारण तारिखमा रिहा गऱ्यो।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत

एक न्यायाधीश दरबन्दी रहेको जिल्ला अदालतमा यो वर्ष सरकारवादी फौजदारी मुद्दातर्फ २६ थानमध्ये कुनै मुद्दा फैसला भएन। दुनियावादी फौजदारीतर्फ १२ थानमध्ये कुनै फैसला भएन। दुनियावादी देवानी तर्फ २७ थानमध्ये तीन थान फैसला भए। यस अदालतमा दुई वर्ष नाघेका फौजदारी मुद्दा दुई थान छन् भने देवानी मुद्दा दुई थान बाँकी छन्।

घटनाको प्रकार		राज्यपक्षबाट		अन्यपक्षबाट		
		महिला	जम्मा	महिला	पुरुष	जम्मा
कुटपिट		१	१		३	३
घाइते				३	१	३
हत्या				३		३
जातीय विभेद				१	३	३
धम्की					३	३
बाल अधिकार	बलात्कार			३		३
	यौन दुर्व्यवहार			१		१
	जम्मा			४		४
महिला अधिकार	घरेलु हिंसा			३		३
	बहुविवाह			१		१
	जम्मा			४		४
कूल जम्मा		१	१	१३	६	१०

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यो वर्ष घरेलु हिंसा पीडित भन्दै १८ लिखित र एक मौखिक गरी १९ जना महिलाले जिल्ला प्रहरी कार्यालयको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमा कुटपिट गरी घरनिकाला गरिएका १०, खानलाउन नदिएका एक, विवाह दर्ता, जन्मदर्ता र नागरिकता नबनाएका एक र सामान्य घरायसी झगडाका सात उजुरी छन्। यीमध्ये प्रहरीले १७ ओटामा मेलमिलाप गरायो भने एक उजुरी कारबाही प्रक्रियामा रहेको जिल्ला प्रहरी कार्यालय, कालीकोटका प्रमुख डिएसपी जयश्वर रिमालले बताए।

स्वास्थ्य सेवाको अवस्था

जिल्लामा पाँच सरकारी अस्पताल, एक सामुदायिक अस्पताल, २७ स्वास्थ्य चौकी, एक प्राथमिक स्वास्थ्य केन्द्र, ५० आधारभूत स्वास्थ्य सेवा केन्द्र र १५ सामुदायिक स्वास्थ्य केन्द्र छन्। सदरमुकामस्थित सरकारी अस्पतालमा तीन जना विशेषज्ञको दरबन्दीमा तीन जनाको दरबन्दी रिक्त छ। ४३ जना स्वास्थ्यकर्मीको दरबन्दीमा २१ खाली, तीन जना बिदा र १८ कार्यरत छन् भने विभिन्न प्रकारका सेवा करारका र स्थायीसमेत ९४ जना कर्मचारी कार्यरत रहेका छन्। जिल्लामा ४५ हजार ५ सय ३३ जनाले बीमा गराएर सेवा लिइरहेका छन्। ज्येष्ठ नागरिकका लागि नि:शुल्क बीमा कार्यक्रममा पनि १ हजार ७ सय

३० जनाको बीमा गरिएको छ। २०७७ साल मङ्सिरमा शिलान्यास भएका एक अस्पतालमध्ये कुनैको पनि निर्माण कार्य पूरा भएको छैन।

प्रतिनिधि सभा तथा प्रदेश सभा निर्वाचन २०७९

यस वर्ष सम्पन्न भएको प्रतिनिधि सभा निर्वाचनमा कालिकोट जिल्लामा ८० हजार ७ सय ३३ मतदातामध्ये ४६ हजार ३ सय ६७ (५७.४३ प्रतिशत) ले मतदान गरे। यसैगरी प्रदेश सभा तर्फ ४६ हजार ३ सय ९३ (५७.४७ प्रतिशत) ले मतदान गरे।

सन् २०२२ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

बाल अधिकार			
घटनाको प्रकार	मेलमिलाप	कानुनी दायरामा ल्याइएका	जम्मा
बलात्कार		३	३
यौन दुर्व्यवहार	१		१
जम्मा	१	३	४

महिला अधिकार			
घटनाको प्रकार	मेलमिलाप	कानुनी दायरामा ल्याइएका	जम्मा
घरेलु हिंसा	३		३
बहुविवाह		१	१
जम्मा	३	१	४

मारिएकाको घटना सङ्ख्या		
घटनाको प्रकार	अपूर्ण	जम्मा
हत्या	१	१

६.६ दैलेख



जम्मा जनसङ्ख्या	२,५३,३१५
महिला	१,३१,६४४
प्रतिनिधिसभा निर्वाचन क्षेत्र	२
प्रदेशसभा निर्वाचन क्षेत्र	४
गरिबीको रेखामुनि रहेको सङ्ख्या	५३,४२८
कामका लागि बाहिरिएका	११,२२१
अपाङ्गता भएका	७,६०७
५ वर्षमाथिको साक्षरता प्रतिशत	६२.४७
आश्रित जनसङ्ख्या	१,३७,४०५

यस वर्ष दैलेख जिल्लामा ज्यादतीका घटनामा अन्यपक्षबाट ७४ जना महिला र तीन जना पुरुष पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा ३१ जना बालबालिका तथा महिला अधिकार उल्लङ्घनका घटनामा ४२ जना महिला पीडित भए।

कारागार र बन्दी

२० जना महिला र ८० जना पुरुषको क्षमता भएको दैलेख कारागारमा १९ महिला र १ सय ३५ पुरुष गरी १ सय ५४ जना कैदीबन्दी रहेका छन्। कारागारमा एक बालक र दुई बालिका आश्रित छन्। एक जना सिअहेव दरबन्दी रहेकोमा ६ महिनादेखि रिक्त छ। कारागारमा पाँच जना ज्येष्ठ नागरिक पुरुष रहेको जिल्ला कारागारका जेलर जितबहादुर खत्रीले बताए।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत

एक जना न्यायाधीश रहेको जिल्ला अदालतमा यो वर्ष फौजदारी मुद्दातर्फ १ सय ४३ थानमध्ये १ सय ३ थान मुद्दा फैसला भए। देवानी मुद्दातर्फ ३ सय ७७ थानमध्ये २ सय ८ थान मुद्दा फैसला भए। यस अदालतमा दुई वर्ष नाघेका दुनियावादी फौजदारी मुद्दा एक थान र देवानी मुद्दा दुई थान फैसला हुन बाँकी छन्।

बाल अधिकार

शिक्षाको अवस्था

जिल्लामा ४ सय ३२ आधारभूत र ९१ माध्यमिक विद्यालय छन्। १ हजार ८ सय ६४ शिक्षक दरबन्दी रहेकामा ११ ओटा दरबन्दी मिलान हुन बाँकी रहेको छ। यस वर्ष दैलेखमा ३८ हजार २ सय २३ बालक र ३६ हजार ७ सय ४३ जना बालिका विद्यालय भर्ना भए। जसमा अपाङ्गता भएका १ सय ६७ बालिका र २ सय ३४ बालक छन्। भर्ना भएका कुल विद्यार्थीमध्ये ९ हजार २ सय ७ दलित बालक र १० हजार ३ सय ७७ दलित बालिका छन्। जिल्लामा अपाङ्गता भएका बालबालिकाकाहरूका लागि दुल्लुमा दृष्टिविहीन र सदरमुकाममा बहिराहरूका लागि स्रोत

घटनाको प्रकार		अन्यपक्षबाट		
		महिला	पुरुष	जम्मा
अमानवीय व्यवहार		३		३
हत्या		१	१	३
बाल अधिकार	बालविवाह	११	१	१३
	बेचबिखन तथा ओसारपसार	३		३
	नवजात शिशुको हत्या		१	१
	बलात्कार	१३		१३
	यौन दुर्व्यवहार	३		३
	जम्मा	३९	३	३१
महिला अधिकार	घरेलु हिंसा	३०		३०
	बहुविवाह	६		६
	बलात्कार	११		११
	बलात्कार प्रयास	४		४
	यौन दुर्व्यवहार	१		१
	जम्मा	४३		४३
कूल जम्मा		७४	३	७७

कक्षा शिक्षण हुँदै आएको छ। यहाँ अध्ययन गर्ने बालबालिकालाई सरकारी अनुदानमा आवासीय सुविधा छ। द्वन्द्वपीडित परिवारका २७ जना बालबालिकाले छात्रवृत्ति पाए। वैदेशिक रोजगारीमा गएर मृत्यु भएका परिवारका २३ जना बालबालिका र द्वन्द्वपीडित परिवारका २७ बालबालिकाले छात्रवृत्ति पाए।

यस वर्ष दैलेख जिल्लामा यौन दुर्व्यवहारका घटनामा तीन, बलात्कारका घटनामा १२ र बालविवाहका घटनामा ११ जना बालिका पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

अभिलेखित घटनामध्ये बलात्कारका सात घटनाका आरोपितहरूलाई जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा पठायो भने चार घटनाका आरोपितलाई अभिभावकको जिम्मा लगायो। एक घटनाका आरोपित वर्षको अन्त्यसम्म गिरफ्तार भएनन्। यौन दुर्व्यवहारका एक घटनाका आरोपितलाई अदालतले पुर्पक्षका लागि थुनामा पठायो भने एक घटनाका आरोपितलाई धरौटीमा रिहा गऱ्यो। एक घटनाका आरोपितलाई अदालतले अभिभावकको जिम्मा लगायो। बालविवाहका चार घटनाका आरोपितलाई अदालतले धरौटीमा रिहा गऱ्यो भने एक घटनाका आरोपितलाई सफाइ दियो। पाँच घटनाका आरोपितलाई अदालतले अभिभावकको जिम्मा लगायो भने एक घटनाका आरोपितलाई धरौटी माग गरिएकोमा तोकिएको धरौटी रकम बुझाउन नसकेपछि थुनामा पठायो।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यो वर्ष घरेलु हिंसा पीडित भन्दै जिल्ला प्रहरी कार्यालयको महिला तथा बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा २ सय ३७ जना महिलाले उजुरी दर्ता गराए। जसमा कुटपिट गरी घरनिकाला गरिएका १७, खानलाउन नदिएका ३९, विवाह दर्ता, जन्मदर्ता र नागरिकता नबनाएका ४८, अर्की पत्नी ल्याएर हेला गरेको १४ र सामान्य घरायसी झगडाका १ सय १९ उजुरी छन्। यीमध्ये प्रहरीले २ सय ११ ओटामा मिलापत्र गरायो भने २८ ओटा उजुरी कारबाही प्रक्रियामा रहेको जिल्ला प्रहरी कार्यालयका इन्स्पेक्ट पुरुषोत्तम कार्कीले बताए।

यो वर्ष दैलेख जिल्लामा घरेलु हिंसाका घटनामा २०, बलात्कारका घटनामा ११, बलात्कार प्रयासका घटनामा चार, यौन दुर्व्यवहारका घटनामा एक र बहुविवाहका घटनामा ६ जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

अभिलेखित घटनामध्ये बलात्कारका नौ घटनाका आरोपितलाई जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा पठायो भने एक घटनाका आरोपितलाई अभिभावकको जिम्मा लगायो। एक घटनाका आरोपितलाई अदालतले धरौटीमा रिहा गऱ्यो। बलात्कार प्रयासका एक घटनाका आरोपितलाई अदालतले धरौटीमा रिहा गऱ्यो भने दुई घटनाका आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। एक घटनाका आरोपित वर्षको अन्त्यसम्म गिरफ्तार भएनन्। यौन दुर्व्यवहारका एक घटनाका आरोपितलाई अदालतले पुर्पक्षका लागि थुनामा पठायो। बहुविवाहका चार घटनाका आरोपितलाई अदालतले पुर्पक्षका लागि थुनामा पठायो भने एक घटनाका आरोपित धरौटीमा रिहा गए। एक घटनाका आरोपित वर्षको अन्त्यसम्मा प्रहरी अनुसन्धानमै रहे।

स्वास्थ्य सेवाको अवस्था

जिल्लामा दुई सरकारी अस्पताल, नौ सामुदायिक अस्पताल, ५६ स्वास्थ्य चौकी, दुई प्राथमिक स्वास्थ्य केन्द्र छन्। सदरमुकामस्थित सरकारी अस्पतालमा नौ जना विशेषज्ञको दरबन्दीमा सात रिक्त छन् । अस्पताल व्यवस्थापन समितिले दुई जना अस्थायी

र तीन जना ओजेटी समेत ५ जना चिकित्सक करारमा नियुक्त गरेको छ। ५६ जना स्वास्थ्यकर्मीको दरबन्दीमा ११ खाली, पाँच जना बिदा र ४० जना कार्यरत छन्। जिल्लामा १२ हजार ३ सय १४ जनाले बीमा गराएर सेवा लिइरहेका छन्। ज्येष्ठ नागरिकका लागि नि:शुल्क बीमा कार्यक्रम अन्तर्गत ५ सय ६८ जनाको बीमा गरिएको छ। २०७७ मङ्सिर १५ गते शिलान्यास भएका १० अस्पतालमध्ये आठको निर्माण कार्य पूरा भएको छ।

प्रतिनिधि सभा तथा प्रदेश सभा निर्वाचन २०७९

यस वर्ष सम्पन्न भएको प्रतिनिधि सभा निर्वाचनमा दैलेख जिल्लामा १ लाख ५८ हजार ९ सय ५८ मतदातामध्ये ९० हजार ७ सय ३३ (५७.०७ प्रतिशत) ले मतदान गरे। यसैगरी प्रदेश सभा तर्फ ९० हजार ६ सय ९२ (५७.०५ प्रतिशत) ले मतदान गरे।


सन् २०२२ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

बाल अधिकार				
घटनाको प्रकार	मुद्दा टुङ्गिएका	अनुसन्धान	कानुनी दायरामा ल्याइएका	जम्मा
बालविवाह	१		१०	११
बेचबिखन तथा ओसारपसार			१	१
नवजात शिशुको हत्या			१	१
बलात्कार		२	१०	१२
यौन दुर्व्यवहार			३	३
जम्मा	१	२	२५	२८

महिला अधिकार					
घटनाको प्रकार	मेलमिलाप	अनुसन्धान	मुद्दा टुङ्गिएका	कानुनी दायरामा ल्याइएका	जम्मा
घरेलु हिंसा	५	८	२	३	१८
बहुविवाह		१		५	६
बलात्कार		१		१०	११
बलात्कार प्रयास		२		२	४
यौन दुर्व्यवहार				१	१
जम्मा	५	१२	२	२१	४०

मारिएकाको घटना सङ्ख्या		
घटनाको प्रकार	कानुनी दायरामा ल्याइएका	जम्मा
हत्या	२	२

६.७ जाजरकोट



जम्मा जनसङ्ख्या	१,८५,३६५
महिला	९५,५७०
प्रतिनिधिसभा निर्वाचन क्षेत्र	१
प्रदेशसभा निर्वाचन क्षेत्र	२
गरिबीको रेखामुनि रहेको सङ्ख्या	६४,१७५
कामका लागि बाहिरिएका	४,१७४
अपाङ्गता भएका	६,८४८
५ वर्षमाथिको साक्षरता प्रतिशत	५७.२७
आश्रित जनसङ्ख्या	९८,५१२

यस वर्ष जाजरकोट जिल्लामा मानव अधिकार उल्लङ्घनका घटनामा राज्यपक्षबाट एक जना पुरुष तथा ज्यादतीका घटनामा अन्यपक्षबाट ३३ जना महिला र १३ जना पुरुष पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा पाँच जना बालिका तथा महिला अधिकार उल्लङ्घनका घटनामा २४ जना महिला पीडित भए।

कारागार र बन्दी

२५ जनाको क्षमता भएको जिल्ला कारागार, जाजरकोटमा ५७ जना कैदीबन्दी छन्। कारागारमा एक जना कैदीबन्दीको दरबन्दी रहेको छ। प्रतिनिधि सभा र प्रदेशको सभाको निर्वाचनमा कारागारमा रहेका २९ जनाले मतदान गरेको जेलर चन्द्रबहादुर गिरीले बताए।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत

एक न्यायाधीश दरबन्दी रहेको जिल्ला अदालतमा यो वर्ष फौजदारी मुद्दातर्फ १ सय ५१ थानमध्ये १ सय २२ थान मुद्दा फैसला भए। देवानी मुद्दातर्फ २ सय १७ थानमध्ये १ सय ७३ थान मुद्दा फैसला भए।

बाल अधिकार

शिक्षाको अवस्था

यस जिल्लामा ३ सय ४३ आधारभूत र ७५ माध्यमिक विद्यालय छन्। ७ सय ८८ शिक्षक दरबन्दी रहेकामा सबै कार्यरत छन्। यस वर्ष ३९ हजार ९ सय ९५ बालक र ४१ हजार २ सय ७७ जना बालिका विद्यालय भर्ना भए। जिल्लामा अपाङ्गतामैत्री विद्यालय दुई छन्। द्वन्द्वपीडित परिवारका ४६ जना बालबालिकाले छात्रवृत्ति पाए। यस वर्ष जिल्लाभर १२ हजार ३ सय ३५ दलित बालक र १२ हजार ५ सय ७३ दलित बालिका विद्यालय भर्ना भए। सहिद परिवारका १७ जनाले २ लाख ७६ हजार र द्वन्द्वपीडित परिवारका २९ बालबालिकाले ४ लाख रुपियाँ छात्रवृत्ति पाए।

यस वर्ष जाजरकोट जिल्लामा बलात्कारका घटनामा पाँच जना बालिका पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

अभिलेखित घटनामध्ये बलात्कारका तीन घटनाका आरोपितहरूलाई जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा पठायो भने एक घटनाका आरोपितलाई

बाल सुधार गृहमा पठायो। एक घटनाका आरोपित वर्षको अन्त्यसम्म गिरफ्तार भएनन्।

घटनाको प्रकार		राज्यपक्षबाट		अन्यपक्षबाट		
		पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
कुटपिट		१	१	१	८	९
अमानवीय व्यवहार					४	४
हत्या				३		३
जातीय विभेद					१	१
बाल अधिकार	बलात्कार			५		५
	जम्मा			५		५
महिला अधिकार	घरेलु हिंसा			११		११
	बलात्कार			७		७
	यौन दुर्व्यवहार			६		६
	जम्मा			२४		२४
कूल जम्मा		१	१	३३	१३	४६

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यो वर्ष घरेलु हिंसा पीडित भन्दै १४ जना महिलाले जिल्ला प्रहरी कार्यालयको महिला तथा बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमा कुटपिट गरी घरनिकाला गरिएका १०, खानलाउन नदिएका दुई, विवाह दर्ता, जन्मदर्ता र नागरिकता नबनाएका दुई छन्। यीमध्ये प्रहरीले १२ ओटामा मिलापत्र गरायो भने दुई उजुरी कारबाही प्रक्रियामा रहेको जिल्ला प्रहरी कार्यालयका डिएसपी सन्तोष निरौलाले बताए।

यो वर्ष जाजरकोट जिल्लामा घरेलु हिंसाका घटनामा ११, बलात्कारका घटनामा सात, यौन दुर्व्यवहारका घटनामा ६ र पारिवारिक हत्याका घटनामा तीन जना महिला पीडित भएको इन्सेकले अभिलेख गर्‍यो।

अभिलेखित घटनामध्ये बलात्कारका चार घटनाका आरोपितलाई जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा पठायो भने एक घटनाका आरोपितलाई बाल सुधार गृह पठायो। एक घटनाका आरोपित वर्षको अन्त्यसम्म प्रहरी अनुसन्धानमै रहे। यौन दुर्व्यवहारका चार घटनाका आरोपितलाई अदालतले पुर्पक्षका लागि थुनामा पठायो भने एक घटनाका आरोपित वर्षको अन्त्यसम्म प्रहरी अनुसन्धानमै रहे। पारिवारिक हत्याका दुई घटनाका आरोपितलाई अदालतले पुर्पक्षका लागि थुनामा पठायो भने एक घटनाका आरोपित वर्षको अन्त्यसम्म गिरफ्तार भएनन्।

पारिवारिक हत्या

नलगाड नगरपालिका-१ चिउरीकी ४२ वर्षीया भगवती शाहीको ०७९ असार ५ गते पति ४५ वर्षीय लेकबहादुर नेपालीले हत्या गरेको आरोपमा आरोपितलाई प्रहरीले असार १२ गते गिरफ्तार गर्‍यो। प्रहरीले घटनाको एक हप्तापछि जङ्गलमा कुहिएको अवस्थामा शव फेला पारेको र घटनाको अनुसन्धानका क्रममा पतिले हत्या गरेको खुलेको जिल्ला प्रहरी कार्यालयका डिएसपी मधुकुमार थापाले बताए। प्रहरीले आरोपितलाई असार १३ गते घरबाट गिरफ्तार गर्‍यो। शवको पोष्टमार्टम असार १२ गते प्राथमिक स्वास्थ्य केन्द्र, दल्लीमा भयो। शव पीडितका आफन्तले असार १४ गते बुझे र सोही दिन सद्गत गरे। प्रहरीले आरोपितविरुद्ध कर्तव्य ज्यान मुद्दा असार २७ गते जिल्ला अदालतमा दर्ता गर्‍यो। जिल्ला अदालतको असार २७ गतको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठाएकोमा यस वर्षको अन्त्यसम्म मुद्दाको फैसला नभएको जिल्ला अदालतका स्रेस्तेदार नारायण सापकोटाले बताए।

स्वास्थ्य सेवाको अवस्था

जिल्लामा एक सरकारी अस्पताल, आधारभूत स्वास्थ्य सेवा केन्द्र ४४, सामुदायिक स्वास्थ्य इकाइ १८, स्वास्थ्य चौकी ३०, प्राथमिक स्वास्थ्य केन्द्र तीन, नगर अस्पताल एक छन्। सदरमुकामस्थित सरकारी अस्पतालमा तीन जना विशेषज्ञको दरबन्दी रहेकोमा रिक्त छ। ६ सय १७ जना स्वास्थ्यकर्मीको दरबन्दीमा २ सय ७३ खाली र ३ सय ४४ कार्यरत छन्। जिल्लामा ४४ हजार ६ सय १५ जनाले बीमा गराएर सेवा लिइरहेका छन्। ज्येष्ठ नागरिकका लागि निःशुल्क बीमा कार्यक्रममा पनि २ हजार ८ सय ३८ जनाको बीमा गरिएको छ।

प्रतिनिधि सभा तथा प्रदेश सभा निर्वाचन २०७९

यस वर्ष सम्पन्न भएको प्रतिनिधि सभा निर्वाचनमा जाजरकोट जिल्लामा १ लाख ३ हजार ३ सय ६३ मतदातामध्ये ६५ हजार ३ सय ३३ (६३.२० प्रतिशत) ले मतदान गरे। यसैगरी प्रदेश सभा तर्फ ६५ हजार ४ सय ४१ (६३.३१ प्रतिशत) ले मतदान गरे।

सन् २०२२ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

बाल अधिकार			
घटनाको प्रकार	अनुसन्धान	कानुनी दायरामा ल्याइएका	जम्मा
बलात्कार	१	४	५

महिला अधिकार					
घटनाको प्रकार	मेलमिलाप	अनुसन्धान	कानुनी दायरामा ल्याइएका	कारबाही प्रक्रिया अघि नबढेका	जम्मा
घरेलु हिंसा	८		२	१	११
बलात्कार		२	५		७
यौन दुर्व्यवहार		१	४		५
जम्मा	८	३	११	१	२३

मारिएकाको घटना सङ्ख्या			
घटनाको प्रकार	अनुसन्धान	कानुनी दायरामा ल्याइएका	जम्मा
हत्या	१	२	३

६.८ रुकुम पश्चिम



जम्मा जनसङ्ख्या	१,६६,३५४
महिला	८५,२५१
प्रतिनिधिसभा निर्वाचन क्षेत्र	१
प्रदेशसभा निर्वाचन क्षेत्र	२
गरिबीको रेखामुनि रहेको सङ्ख्या	उपलब्ध नभएको
कामका लागि बाहिरिएका	उपलब्ध नभएको
अपाङ्गता भएका	उपलब्ध नभएको
५ वर्षमाथिको साक्षरता प्रतिशत	६२.०५
आश्रित जनसङ्ख्या	उपलब्ध नभएको

यस वर्ष रुकुम पश्चिम जिल्लामा ज्यादतीका घटनामा अन्यपक्षबाट ४६ जना महिला र ३३ जना पुरुष पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा सात जना बालिका तथा महिला अधिकार उल्लङ्घनका घटनामा ३४ जना महिला पीडित भए।

झडप

त्रिवेणी गाउँपालिका-९ नुवाकोटमा नेकपा माओवादी केन्द्रका कार्यकर्ता र नेपाली कांग्रेस कार्यकर्ता बीच ०७९ वैशाख २२ गते झडप हुँदा नेपाली कांग्रेसका ६ जना कार्यकर्ता घाइते भए। चुनाव प्रचार प्रसारमा रहेका नेपाली कांग्रेसका त्रिवेणी गाउँपालिकाका अध्यक्ष पदका उम्मेदवार अम्मरसिंह खड्कासहितको समूहलाई वाइसीएलका कार्यकर्ताले आक्रमण गरेको जिल्ला प्रहरी कार्यालयका डिएसपी विष्णु सोतीले बताए। झडपमा नेपाली कांग्रेसका कार्यकर्ता त्रिवेणी गाउँपालिकाका ३२ वर्षीय कृष्ण पुन, २८ वर्षीय बिरबहादुर ओली, १६ वर्षीय एक बालक, ४२ वर्षीया विरबहादुर ओली, २५ वर्षीय विरबहादुर ओली र ३० वर्षीय चन्द्रबहादुर खड्का घाइते भए। घाइते सबैजनाको जिल्ला अस्पताल, सल्ले रुकुममा उपचार भयो।

घटनाको प्रकार		अन्यपक्षबाट		
		महिला	पुरुष	जम्मा
कुटपिट		४	३१	३६
हत्या		१	१	२
बाल अधिकार	बलात्कार	५		५
	यौन दुर्व्यवहार	२		२
	जम्मा	७		७
महिला अधिकार	घरेलु हिंसा	३३		३३
	बहुविवाह	४		४
	बलात्कार	४		४
	बलात्कार प्रयास	३		३
	जम्मा	३४		३४
कूल जम्मा		४६	३३	७९

झडपको क्रममा नुवाकोटको प्रहरी चौकी समेत तोडफोड भएको डिएसपी सोतीले बताए। झडपकै क्रममा माओवादी केन्द्रका कार्यकर्ताले त्रिवेणी गाउँपालिकाका अध्यक्ष पदका उम्मेदवार चढेको रा १ च १२६२ नम्बरको जिप समेत तोडफोड गरे। जिप तोडफोड पछि कांग्रेसका कार्यकर्ताले माओवादी केन्द्रका वडाध्यक्ष पदका उम्मेदवार जनक बिक र स्थानीय नेता चुडामणि बस्नेतको मोटरसाइकल रा ५ प ६०३५ तोडफोड गरेका थिए। प्रहरी चौकी तोडफोड गरेको आरोपमा त्रिवेणी गाउँपालिका-३ का गोपाल भन्ने विकल्प ओलीलाई जेठ ११ गते गिरफ्तार गऱ्यो। जिल्ला सरकारी वकिलमार्फत जिल्ला अदालत रुकुम पश्चिममा ०७९ जेठ ३० गते मुद्दा दर्ता गरिएकोमा जिल्ला न्यायाधीश खडकबहादुर केसीको सोही दिनको आदेशले आरोपित ओली १ लाख ५० हजार रुपैयाँ धरौटीमा रिहा भए। यस वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएन।

कारागार र बन्दी

पाँच महिला र २० जना पुरुष गरी २५ जनाको क्षमता भएको जिल्ला कारागारमा १ सय १६ पुरुष र नौजना महिला गरी १ सय २५ जना कैदीबन्दी रहेका छन्। क्षमताभन्दा झण्डै चार गुणा बढी कैदीबन्दी भएकाले सुत्न आलोपालो गर्नुपर्ने अवस्था छ। कारागारमा एक जना हेल्थ असिष्टेन्टको दरबन्दी रहेको छ। प्रतिनिधि सभा र प्रदेश सभा निर्वाचनमा रुकुम पश्चिम कारागारका ६४ जनाले मतदान गरे।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत

एक जना न्यायाधीश रहेको जिल्ला अदालतबाट फौजदारी मुद्दातर्फ १ सय २१ थान मुद्दामध्ये ३४ थान फैसला भए भने ८७ थान फैसला हुन बाँकी रहे। देवानी मुद्दातर्फ २ सय ४२ थानमध्ये ८१ थान फैसला भए। १ सय ६१ थान मुद्दा फैसला हुन बाँकी रहे। एक वर्ष नाघेका फौजदारी मुद्दा २४ थान र देवानी मुद्दा २० थान बाँकी छन्। साक्षी बुझ्न नआउनु, बाहिर मिल्न प्रयास गर्नुजस्ता समस्याले जिल्ला अदालतबाट न्याय सम्पादनमा ढीलासुस्ती हुने गरेको सेस्तादार कृतबहादुर बोहराले बताए।

बाल अधिकार

शिक्षाको अवस्था

जिल्लामा १ सय ९५ आधारभूत र ८१ माविछन्। १ हजार ९१ शिक्षक दरबन्दी रहेकामा प्रावितर्फ १५ र निमावितर्फ चार दरबन्दी रिक्त रहेको छ। यस वर्ष ६१ हजार ३ सय ४० जना बालक र ६० हजार २ सय जना बालिका भर्ना भए। जसमा अपाङ्गता भएका ५ सय ३० बालिका र ५ सय ६० बालक छन्। जिल्लामा चार ओटा अपाङ्गतामैत्री विद्यालय छन्। द्वन्द्वपीडित परिवारका २१ जना बालबालिकाले छात्रवृत्ति पाए। यस वर्ष जिल्लाभर १४ हजार २ सय १० जना दलित बालक र १४ हजार २ सय १२ जना दलित बालिका विद्यालय भर्ना भए। वैदेशिक रोजगारमा गएर मृत्यु भएका परिवारका २० जना बालबालिकाले १ लाख ७० हजार रुपियाँ छात्रवृत्ति पाए। शहीद परिवारका २१ जना र द्वन्द्वपीडित परिवारका २१ जनाले छात्रवृत्ति पाए।

यस वर्ष रुकुम पश्चिम जिल्लामा यौन दुर्व्यवहारका घटनामा दुई र बलात्कारका घटनामा पाँच घटनामा बालिका पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। ब

अभिलेखित घटनामध्ये लात्कारका एक घटनाका आरोपितहरूलाई जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा पठायो भने एक घटनाका आरोपितलाई कैद तथा जरिबानाको फैसला सुनायो। एक घटनाका आरोपित वर्षको अन्त्यसम्म गिरफ्तार भएनन् भने एक घटनाका आरोपित वर्षको अन्त्यसम्म प्रहरी अनुसन्धानमै रहे। यौन दुर्व्यवहारका एक घटनाका आरोपितलाई अदालतले सफाइ दियो भने दुई घटनाका आरोपित वर्षको अन्त्यसम्म गिरफ्तार भएनन्।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यो वर्ष घरेलु हिंसापीडित भएको भन्दै २७ जना महिलाले जिल्ला प्रहरी कार्यालयको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमा कुटपिट गरी घरनिकाला गरिएका दुई, अर्की पत्नी ल्याएर हेला गरेका चार, नागरिकता र जन्मदर्ता नबनाइदिएका दुई र सामान्य घरायसी झगडाका १९ ओटा छन्। प्रहरी सरस्वती कार्कीका अनुसार प्राप्त उजुरीमध्ये २१ ओटामा मिलापत्र र ६ ओटा उजुरी कानुनी प्रक्रियामा छन्।

यो वर्ष रुकुम पश्चिम जिल्लामा घरेलु हिंसाका घटनामा २३, बलात्कारका घटनामा चार, बलात्कार प्रयासका घटनामा तीन, बहुविवाहका घटनामा चार र पारिवारिक हत्याका घटनामा एक जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

अभिलेखित घटनामध्ये बलात्कारका एक घटनाका आरोपितलाई जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा पठायो भने तीन घटनाका आरोपित वर्षको अन्त्यसम्म गिरफ्तार भएनन्। बलात्कार प्रयासका दुई घटनाका आरोपितलाई अदालतले पुर्पक्षका लागि थुनामा पठायो भने एक घटनाका आरोपित वर्षको अन्त्यसम्म गिरफ्तार भएनन्। बहुविवाहका तीन घटनाका आरोपितलाई अदालतले पुर्पक्षका लागि थुनामा पठायो भने एक घटनाका आरोपितलाई कैद तथा जरिबानाको फैसला सुनायो। पारिवारिक हत्याका एक घटनाका आरोपितलाई अदालतले पुर्पक्षका लागि थुनामा पठायो।

स्वास्थ्य सेवाको अवस्था

जिल्लामा एक जिल्ला अस्पताल, चार नगर अस्पताल, २४ स्वास्थ्यचौकी, ४४ आधारभूत स्वास्थ्य केन्द्र, एक प्राथमिक स्वास्थ्य केन्द्र, १० सहरी स्वास्थ्य केन्द्र, १ सय ६ खोप केन्द्र र ६८ गाउँघर क्लिनिक रहेका छन्। जिल्लामा चारजना विशेषज्ञ डाक्टरको दरबन्दी रहेकामा एक जना कार्यरत छन्।

जिल्लामा ज्येष्ठ नागरिक बीमा गरेका ४ हजार ६९ जनाको जिल्ला अस्पतालमा नि:शुल्क उपचार हुने गरेको स्वास्थ्य सेवा कार्यालयका प्रमुख सुशील पोखेलले बताए। अन्य विभिन्न समूहमा गरी ६६ हजार १ सय ३७ जनाले स्वास्थ्य बीमा गरे। स्वास्थ्य बीमा गरेका जटिल समस्या भएका बिरामीलाई जिल्ला बाहिर पठाउनु परेको चौरजहारी मिशन अस्पताल रुकुम पश्चिम, नेपालगञ्ज मेडिकल कलेज शिक्षण अस्पताल, कोहलपुर र भेरी अस्पताल, नेपालगञ्जमा पठाउने गरिएको छ।

प्रतिनिधि सभा तथा प्रदेश सभा निर्वाचन २०७९

यस वर्ष सम्पन्न भएको प्रतिनिधि सभा निर्वाचनमा रुकुम पश्चिम जिल्लामा १ लाख ४ हजार २ सय ८० मतदातामध्ये ६० हजार १ सय ११ (५७.६४ प्रतिशत) ले मतदान गरे। यसैगरी प्रदेश सभा तर्फ ५९ हजार ८ सय ८२ (५७.४२ प्रतिशत) ले मतदान गरे।

सन् २०२२ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

बाल अधिकार				
घटनाको प्रकार	मुद्दा टुङ्गिएका	अनुसन्धान	कानुनी दायरामा ल्याइएका	जम्मा
बलात्कार	१	१	३	५
यौन दुर्व्यवहार		३		३
जम्मा	१	३	३	८

महिला अधिकार					
घटनाको प्रकार	मेलमिलाप	अनुसन्धान	मुद्दा टुङ्गिएका	कानुनी दायरामा ल्याइएका	जम्मा
घरेलु हिंसा	१९			४	२३
बहुविवाह			१	३	४
बलात्कार		३		१	४
बलात्कार प्रयास		१		३	३
जम्मा	१९	४	१	१०	३४

मारिएकाको घटना सङ्ख्या		
घटनाको प्रकार	कानुनी दायरामा ल्याइएका	जम्मा
हत्या	३	३

६.५ सल्यान



जम्मा जनसङ्ख्या	२,३८,६६८
महिला	१,२३,७१५
प्रतिनिधिसभा निर्वाचन क्षेत्र	१
प्रदेशसभा निर्वाचन क्षेत्र	२
गरिबीको रेखामुनि रहेको सङ्ख्या	६५,६०५
कामका लागि बाहिरिएका	१४,२१३
अपाङ्गता भएका	६,२३३
५ वर्षमाथिको साक्षरता प्रतिशत	६४.०४
आश्रित जनसङ्ख्या	२०,१७४

यस वर्ष सल्यान जिल्लामा ज्यादतीका घटनामा अन्यपक्षबाट ५४ जना महिला र पाँच जना पुरुष पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा १४ जना बालिका तथा महिला अधिकार उल्लङ्घनका घटनामा ३७ जना महिला पीडित भए।

कारागार र बन्दी

१० जना महिला र २५ जना पुरुष क्षमताको जिल्ला कारागार, सल्यानमा १६ महिला र पुरुष १ सय १९ गरी १ सय ३५ जना कैदी बन्दी रहेका छन्। कारागारमा दुई जना आश्रित बालक छन्। कैदीबन्दीहरूको नियमित स्वास्थ्य जाँचका लागि एकजना स्वास्थ्यकर्मीको दरबन्दी रहेकोमा कार्यरत छन्। कारागारमा आठ जना ज्येष्ठ नागरिक रहेको जिल्ला कारागार प्रमुख राजन केसीले बताए।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत

एक जना न्यायाधीश दरबन्दी रहेको जिल्ला अदालतमा यो वर्ष ३ सय ४२ थानमुद्दामध्ये फौजदारी मुद्दातर्फ १ सय ५६ थान र देवानी मुद्दातर्फ १ सय ८४ थान मुद्दा फैसला भए। यस अदालतमा दुई वर्ष नाघेका चार थान मुद्दा बाँकी छन्।

घटनाको प्रकार		अन्यपक्षबाट		
		महिला	पुरुष	जम्मा
कुटपिट		१	३	४
घाइते		१	२	३
हत्या		१		१
बाल अधिकार	बलात्कार	८		८
	यौन दुर्व्यवहार	६		६
	जम्मा	१४		१४
महिला अधिकार	घरेलु हिंसा	१८		१८
	'बोक्सी'को आरोप	१		१
	बहुविवाह	९		९
	बलात्कार	९		९
	जम्मा	३६		३६
कूल जम्मा		५४	५	५९

बाल अधिकार

शिक्षाको अवस्था

जिल्लामा सामुदायिकतर्फ ३ सय ६१ आधारभूत र ८५ माध्यमिक विद्यालय छन्। १ हजार ५० स्थायी शिक्षक दरबन्दी र ५ सय ५२ राहत दरबन्दीसहित १ हजार ६ सय २ शिक्षक कार्यरत छन्। यस वर्ष ३७ हजार ७ सय ४० बालक र ३७ हजार २ सय २५ जना बालिका विद्यालय भर्ना भए। जसमा अपाङ्गता भएका १ सय ३३ बालिका र २ सय ६ बालक छन्। द्वन्द्वपीडित परिवारका २८ जना बालबालिकाले छात्रवृत्ति पाएका छन्। यस वर्ष जिल्लाभर ६ हजार ६ सय ६९ दलित बालक र ६ हजार ७ सय ३५ दलित बालिका विद्यालय भर्ना भए। वैदेशिक रोजगारीमा गएर मृत्यु भएका परिवारका २३ बालबालिकाले छात्रवृत्ति पाए।

यस वर्ष सल्यान जिल्लामा यौन दुर्व्यवहारका घटनामा ६ र बलात्कारका घटनामा आठ जना बालिका पीडित भएको इन्सेकले अभिलेख गर्‍यो।

अभिलेखित घटनामध्ये बलात्कारका पाच घटनाका आरोपितहरूलाई जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा पठायो भने दुई घटनाका आरोपितलाई बाल सुधार गृहमा पठायो। एक घटनाका आरोपित वर्षको अन्त्यसम्म गिरफ्तार भएनन्। यौन दुर्व्यवहारका चार घटनाका आरोपितलाई अदालतले पुर्पक्षका लागि थुनामा पठायो भने एक घटनाका आरोपितलाई बालसुधार गृह पठायो। एक घटनाका आरोपित वर्षको अन्त्यसम्म गिरफ्तार भएनन्।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यो वर्ष घरेलु हिंसा पीडित भन्दै १५ जना महिलाले जिल्ला प्रहरी कार्यालयको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमा कुटपिट गरी घरनिकाला गरिएका ११ र सामान्य घरायसी झगडाका चार उजुरी छन्। यीमध्ये प्रहरीले १४ ओटामा मिलापत्र गरायो भने एउटा उजुरी कारबाही प्रक्रियामा रहेको जिल्ला प्रहरी कार्यालय प्रहरी जवान पुष्पा शाहीले बताइन्।

यो वर्ष सल्यान जिल्लामा घरेलु हिंसाका १८, बलात्कारका नौ, 'बोक्सी' आरोपका एक र बहुविवाहका नौ घटनामा महिला पीडित भएको इन्सेकले अभिलेख गर्‍यो। अभिलेखित घटनामध्ये बलात्कारका ६ घटनाका आरोपितलाई जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा पठायो भने एक घटनाका आरोपितलाई कैद तथा जरिबानाको फैसला सुनायो। .दुई घटनाका आरोपित वर्षको अन्त्यसम्म गिरफ्तार भएनन्। 'बोक्सी' आरोपका एक घटनाका आरोपितलाई अदालतले पुर्पक्षका लागि थुनामा पठायो। बहुविवाहका चार घटनाका आरोपितलाई अदालतले पुर्पक्षका लागि थुनामा पठायो भने एक घटनाका आरोपितलाई सफाइ दियो। एक घटनाका आरोपितलाई अदालतले धरौटीमा रिहा गर्‍यो भने चार घटनाका आरोपित वर्षको अन्त्यसम्म गिरफ्तार भएनन्।

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

३८ वर्षीया महिलालाई ०७९ जेठ १० गते बलात्कार गरेको आरोपमा त्रिवेणी गाउँपालिका-२ निवासी २१ वर्षीय प्रकाश नेपालीविरुद्ध पीडित पक्षले जेठ १२ गते इलाका प्रहरी कार्यालय, लुहाममा उजुरी दियो। प्रहरीले आरोपितलाई जेठ ११ गते गिरफ्तार गर्‍यो। पीडित महिलाको स्वास्थ्य परीक्षण जेठ १२ गते जिल्ला अस्पताल सल्यानमा भयो। प्रहरीले आरोपतिविरुद्ध जिल्ला सरकारी वकिल कार्यालय मार्फत् जिल्ला अदालतमा जेठ ३१ गते जबरजस्ती करणी अन्तर्गत मुद्दा दर्ता गर्‍यो। जिल्ला अदालतको ०७९ असार १ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। जिल्ला अदालतले २०७९ कात्तिक १८ गते आरोपितलाई तीन वर्ष कैदको फैसला सुनायो।

पारिवारिक हत्या

कुमाख गाउँपालिका-५ की ४६ वर्षीया रामकली दमाइको ०७८ पुस १९ गते राति ४७ वर्षीय पति सगुरे दमाइले खुर्पा प्रहार गरी हत्या गरेको भन्दै छोरा २३ वर्षीय हिरालाल दमाइले जिल्ला प्रहरी कार्यालय,सल्यानमा पुस २० गते उजुरी दिए। आरोपितलाई प्रहरीले पुस १९ गते घरबाटै गिरफ्तार गर्‍यो। शवको पोष्टमार्टम पुस २० गते जिल्ला अस्पताल, सल्यानमा भयो। शव पुस २१ गते छोरा हिरालाल दमाइले बुझी सद्गत गरे। आरोपित विरुद्ध प्रहरीले जिल्ला सरकारी वकिल कार्यालयमार्फत् माघ ५ गते जिल्ला अदालत, सल्यानमा कर्तव्य ज्यान अन्तर्गत मुद्दा दर्ता गर्‍यो। जिल्ला अदालतको माघ ६ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठाएको अदालतका स्रेस्तेदार हेमन्त ज्ञवालीले बताए। वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएन।

स्वास्थ्य सेवाको अवस्था

जिल्लामा एक सरकारी अस्पताल, सात सामुदायिक स्वास्थ्य इकाइ, ४५ स्वास्थ्यचौकी, ३५ आधारभूत स्वास्थ्य सेवा केन्द्र, दुई प्राथमिक स्वास्थ्य केन्द्र, चार सहरी स्वास्थ्य केन्द्र, १ सय ७१ गाउँघर क्लिनिक रहेका छन्। सदरमुकामस्थित सरकारी अस्पतालमा ६ जना विशेषज्ञको दरबन्दी रहेकोमा चार दरबन्दी रिक्त छ।

प्रतिनिधि सभा तथा प्रदेश सभा निर्वाचन २०७९

यस वर्ष सम्पन्न भएको प्रतिनिधि सभा निर्वाचनमा सल्यान जिल्लामा १ लाख ५७ हजार ७ सय १ मतदातामध्ये ८३ हजार ७ सय ४ (५३.०७ प्रतिशत) ले मतदान गरे। यसैगरी प्रदेश सभा तर्फ ८३ हजार १ सय ९५ (५२.७५ प्रतिशत) ले मतदान गरे।


सन् २०२२ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

बाल अधिकार			
घटनाको प्रकार	अनुसन्धान	कानुनी दायरामा ल्याइएका	जम्मा
बलात्कार	५	३	८
यौन दुर्व्यवहार	१	५	६
जम्मा	६	८	१४

महिला अधिकार					
घटनाको प्रकार	अनुसन्धान	मेलमिलाप	मुद्दा टुङ्गिएका	कानुनी दायरामा ल्याइएका	जम्मा
घरेलु हिंसा	१	७	२	८	१८
'बोक्सी'को आरोप				१	१
बहुविवाह	३			६	९
बलात्कार	२		१	६	९
जम्मा	६	७	३	२१	३७

मारिएकाको घटना सङ्ख्या		
घटनाको प्रकार	कानुनी दायरामा ल्याइएका	जम्मा
हत्या	१	१

६.१० सुर्खेत



जम्मा जनसङ्ख्या	४,१७,७७६
महिला	२,१५,७४०
प्रतिनिधिसभा निर्वाचन क्षेत्र	२
प्रदेशसभा निर्वाचन क्षेत्र	४
गरिबीको रेखामुनि रहेको सङ्ख्या	१,०४,४५२
कामका लागि बाहिरिएका	२३,१५७
अपाङ्गता भएका	१०,२५१
५ वर्षमाथिको साक्षरता प्रतिशत	७३.१२
आश्रित जनसङ्ख्या	१,७३,२५८

यस वर्ष सुर्खेत जिल्लामा मानव अधिकार उल्लङ्घनका घटनामा राज्यपक्षबाट दुई जना महिला र २० जना पुरुष तथा ज्यादतीका घटनामा अन्यपक्षबाट ५६ जना महिला र आठ जना पुरुष पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा आठ जना बालबालिका तथा महिला अधिकार उल्लङ्घनका घटनामा ४४ जना महिला पीडित भए।

धम्की /कुटपिट

राज्यपक्षबाट

पञ्चपुरी नपा-७ धनबोटस्थित नेरा आवासीय मावि मतदानस्थलमा खटिएका नेपाल प्रहरीका वरिष्ठ सई नरेन्द्रप्रसाद भट्टले ०७९ वैशाख २८ गते राती मतदान अधिकृत, सहायक मतदान अधिकृत, सुरक्षामा खटिएका नेपाल प्रहरी र म्यादी प्रहरीलाई कुटपिट गरे। सई भट्टले मदिरा सेवन गरी मतदान अधिकृत निरज झा, सहायक मतदान अधिकृत राजेन्द्र धमला, मतदान स्थलमा खटिएका नेपाल प्रहरी र म्यादी प्रहरीलाई कुटपिट गरेको स्थानीयवासी कमलबहादुर बयकले बताए। बयकका अनुसार कुटपिटबाट सबैजना सामान्य घाइते भएका थिए। उनीहरू सबैजनाको स्थानीय प्राथमिक स्वास्थ्य केन्द्रमा वैशाख २९ गते उपचार भयो। सई भट्टलाई वैशाख २९ गते बिहान धनबोटबाटै प्रहरीले नियन्त्रणमा लिएको थियो। दोषीलाई कुनै कारबाही भएन। भट्टलाई जेठ १५ गते निलम्बन गरिएकोमा असार १६ गते पुर्नबहाली गरी अन्यत्र सरुवा गरिएको जिल्ला प्रहरी कार्यालयका डिएसपी सुरज कार्कीले बताए।

कारागार र बन्दी

कारागारको क्षमता १ सय जनाको रहेको छ। जसमा ४२ महिला र ३ सय ५१ पुरुष गरी ३ सय ९३ जना कैदीबन्दी रहेका छन्। कारागारमा आश्रित बालक दुई र तीन बालिका रहेका छन्। कैदीबन्दीको नियमित स्वास्थ्य परीक्षणका लागि एक जनाको दरबन्दी रहेकोमा रिक्त छ।

हिरासतमा मृत्यु

वीरेन्द्रनगर नपा-१३ भूतचोकका ५८ वर्षीय धनिराम लामिछानको डिभिजन वन कार्यालय, सुर्खेतको हिरासतमा २०७९ भदौ २ गते मृत्यु भयो। लामिछानेलाई ०७९ भदौ २ गते सालको रुख काटेको आरोपमा वन कार्यालय, सुर्खेतका कर्मचारीले गिरफ्तार गरेका थिए। मृतकका आफन्तले

घटनाको प्रकार		राज्यपक्षबाट			अन्यपक्षबाट		
		महिला	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
गिरफ्तारी			१	१			
कुटपिट		३	३	५	३	४	६
हिरासत वा थुनामा मृत्यु			१	१			
अमानवीय व्यवहार						१	१
घाइते						१	१
हत्या					३		३
अभिव्यक्ति, भेला तथा सङ्गठित हुने अधिकार			१५	१५			
धम्की						१	१
बाल अधिकार	विद्यालयमा शारीरिक सजाय					१	१
	बलात्कार				७		७
	जम्मा				७	१	८
महिला अधिकार	घरेलु हिंसा				४४		४४
	जम्मा				४४		४४
कूल जम्मा		३	३०	३३	५६	८	६४

स्वतन्त्र विद्यार्थी यूनियन (क्रान्तिकारी) का कार्यकर्ताले ०७९ भदौ ५ गते कार्यकक्षमा मोसो दले। सङ्गठनका केन्द्रीय सदस्य तथा सुर्खेत इन्चार्ज तुलाराम तिरुवाको नेतृत्वमा गएको समूहले प्रमुख केसीलाई मोसो दलेको थियो। उक्त विद्यार्थी सङ्गठनले असार २५ गते पीडितसँग २५ हजार रुपियाँ चन्दा मागेको र चन्दा नदिएको आरोपमा मोसो दलेको पीडित केसीले बताए। घटनामा संलग्न भएको आरोपमा प्रहरीले कालीकोटको सान्नीत्रेविणी गाउँपालिका- ६ का राजन सिंह भनिने मंगल सिंह र सोही ठाउँका तुलराज तिरुवालाई भदौ ५ गते गिरफ्तार गऱ्यो । जिल्ला प्रशासन कार्यालयको आदेशमा सिंह १० हजार रुपियाँ र तिरुवा १५ हजार रुपियाँ धरौटी राखी भदौ ३० गते रिहा भए।

कार्यालयका कर्मचारीको कुटपिटबाट मृत्यु भएको आरोप लगाउँदै सहायक वन अधिकृत कृष्णराम धिताल, फरेस्टर सन्तोष खत्री, वन रक्षक पीयूषराज तिवारी र सुरेन्द्र रानाविरुद्ध भदौ ३ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। प्रहरीले भदौ ४ गते घटनाका आरोपितहरूलाई गिरफ्तार गऱ्यो। अरोपितहरू भदौ २६ गते रिहा भए। घटनाका विषयमा छानबिन गर्न भदौ ३ गते कर्णाली प्रदेशका मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका सचिव प्रेम आचार्यको संयोजकत्वमा पाँच सदस्यीय छानबिन समिति गठन भयो। समितिले भदौ १४ गते पर्यटन वन तथा वातावरण मन्त्री वीरबहादुर शाहीलाई प्रतिवेदन बुझायो। घटनाको अनुसन्धान प्रतिवेदन प्रहरीले कात्तिक २० गते जिल्ला सरकारी वकिल कार्यालयमा पेस गऱ्यो। जिल्ला सरकारी वकिल कार्यालयले पर्याप्त प्रमाण नदेखिएको भन्दै यो मुद्दालाई महान्यायाधीवक्ताको कार्यालयमा पठाएकोमा यस वर्षको अन्यसम्म मुद्दाको टुङ्गो लागेको छैन। शवको पोष्टमार्टम भदौ ३ गते साँझ कर्णाली प्रदेश अस्पताल, सुर्खेतमा भयो।

अमानवीय व्यवहार

पाठ्यपुस्तक वितरणमा ढिलाइ गरेको भन्दै जनक शिक्षा सामग्री केन्द्रका प्रादेशिक कार्यालय प्रमुख ५२ वर्षीय धनबहादुर केसीलाई अखिल नेपाल राष्ट्रिय

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत

दुई जना न्यायाधीशको दरबन्दी रहेको सुर्खेत अस्पतालमा यो वर्ष फौजदारी मुद्दातर्फ जिम्मेवारी सरेको ८५ थान र नयाँ दर्ता १ सय ५४ थान गरी २ सय ३९ थान दर्ता भए। जसमध्ये ५३ थान मुद्दा फैसला भए। दुनियावादी देवानी र दुनियावादी फौजदारी १ हजार ८५ थानमा २ सय ९९ थान मुद्दा फैसला भए। यस अदालतमा दुई वर्ष नाघेका फौजदारी मुद्दा दुई थान छन् भने देवानी मुद्दा आठ थान बाँकी छन्।

उच्च अदालत, सुर्खेत

सात जना न्यायाधीशको दरबन्दी रहेको उच्च अदालत, सुर्खेतमा यस वर्ष दुनियावादी देवानीका ४३ थान, दुनियावादी फौजदारीका २ सय ४१ थान सरकारवादी फौजदारीका २ सय २ थान र सुरु क्षेत्राधिकारबाट तीन थान मुद्दा जिम्मेवारी सरेका थिए।

अघिल्लो वर्षका जिम्मेवारी सरेका समेत १ सय ३५ थान मुद्दा फैसला भए।

बाल अधिकार

शिक्षाको अवस्था

जिल्लामा ४ सय ९२ आधारभूत र ४ सय ९२ माध्यमिक विद्यायल छन्। यसवर्ष ४९ हजार ६ सय १० बालक र ३९ हजार ९ सय २० जना बालिका विद्यालय भर्ना भए। जसमा अपाङ्गता भएका २ सय बालिका र २ सय ५३ बालक छन्। जिल्लामा अपाङ्गतामैत्री विद्यालय नौ ओटा छन्। द्वन्द्वपीडित परिवारका ३८ जना बालबालिकाले छात्रवृत्ति पाएका छन्। यस वर्ष १६ हजार २ सय १५ दलित बालिका र १६ हजार ७ सय ६९ दलित बालक विद्यालय भर्ना भए। वैदेशिक रोजगारीमा गएर मृत्यु भएका परिवारका आठ जना बालबालिकामध्ये आधारभूत तहमा प्रति विद्यार्थी ८ हजार रुपियाँ र माध्यमिक तहकाले १२ हजार रुपियाँ छात्रवृत्ति पाए। शहीद परिवारका १३ र द्वन्द्वपीडित परिवारका ३७ बालबालिकाले छात्रवृत्ति पाए।

यस वर्ष सुर्खेत जिल्लामा बलात्कारका घटनामा सात र बलात्कार पछि हत्याका घटनामा एक जना बालिका पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

अभिलेखित घटनामध्ये बलात्कारका चार घटनाका आरोपितहरूलाई जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा पठायो भने एक घटनाका आरोपितलाई सफाइ दियो। एक घटनाका आरोपित वर्षको अन्त्यसम्म गिरफ्तार भएनन् भने एक घटनाका आरोपित वर्षको अन्त्यसम्म प्रहरी अनुसन्धानमै रहे। बलात्कारपछि हत्याका एक घटनाका आरोपितलाई अदालतले जन्मकैदको फैसला सुनायो।

बलात्कारपछि हत्या

गुर्भाकोट नपा-२ धारापानीकी ७ वर्षीया गृष्मा बिकको ०७९ जेठ २१ गते बलात्कारपछि हत्या गरेको भन्दै सोही ठाउँका २० वर्षीय घनश्याम बिकविरुद्ध पीडित पक्षले जेठ २४ गते इलाका प्रहरी कार्यालय, छिन्चुमा उजुरी दियो। आरोपितले सोही नगरपालिका-२ का वडाध्यक्ष लालबहादुर पुनको वडाध्यक्ष विजयी भोज खाएर फर्कने क्रममा गृष्माकी हजुरआमा ५० वर्षीया कल्पना बिक मदिरा सेवन गरी मात्तिएको मौका छोपी घरमा पुऱ्याइदिने बहानामा घरनजिकैको जङ्गलमा पुऱ्याई बलात्कारपछि हत्या गरेको प्रहरीले जनायो। गृष्माको शव घरदेखि डेढसय मिटरको दूरीमा रहेको तरुल खनेको खाल्डोमा जेठ २४ गते बिहान फेला परेको थियो। मृतकका आफन्त र छिमेकीहरूले टाउकोमा ढुङ्गाले थिचेको चोट, देब्रे हात स्यालले खाइसकेको, घटनास्थल वरपर कपालका रौंहरू छरिएको, शरीरभरि नीलडाम, शरीरमा लगाएका कपडा च्यातिएको र गलिसकेको अवस्थामा शव फेलापारेको वडाध्यक्ष लालबहादुर पुनले बताए। हत्यामा संलग्न बिकलाई प्रहरीले जेठ २४ गते घरबाटै गिरफ्तार गऱ्यो। प्रहरीले बिकविरुद्ध जिल्ला अदालत, सुर्खेतमा कर्तव्य ज्यान सम्बन्धी मुद्दा दायर गऱ्यो। जिल्ला अदालतको असार १३ गतेको इजलासले आरोपितलाई आजीवन कारावासको फैसला सुनायो। घटना बारेमा इन्सेकले स्थलगत अनुगमन गरेको थियो।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यो वर्ष घरेलु हिंसा पीडित भन्दै ५ सय २७ जना महिलाले जिल्ला प्रहरी कार्यालयको महिला बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमा कुटपिट गरी घरनिकाला गरिएको ७८, खानालाउन नदिएका १ सय ४३, नागरिकता नबनाएका १८, अर्की पत्नी ल्याएर हेला गरेको २१, दाइजो नल्याएको भनी हेला गरेको र सामान्य घरायसी झगडाका २ सय ६७ उजुरी छन्। यीमध्ये प्रहरीले २ सय ओटामा मेलमिलाप गरायो भने ८२ ओटा उजुरी कारवाही प्रक्रियामा रहेको जिल्ला प्रहरी कार्यालयकी इन्स्पेक्टर झरना सोनारले बताइन्।

यो वर्ष सुर्खेत जिल्लामा घरेलु हिंसाका घटनामा ४४ घटनामा महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

पारिवारिक हत्या

पञ्चपुरी नगरपालिका-३ तोक्माकी ३० वर्षीया मीना आलेलाई ०७९ मङ्सिर २० गते विदेशबाट पठाएको रकम हिनामिना गरेको आरोपमा ३८ वर्षीय पति अम्मर आले मगरले घाँटी रेटेर हत्या गरे। पत्नीको घाँटी काटी टाउको प्लाष्टिकको थैलोमा बोकेर आत्मसमर्पणका लागि प्रहरी चौकीमा जाँदै गरेको अवस्थामा प्रहरीले आरोपितलाई गिरफ्तार गरेको थियो। आरोपितलाई जिल्ला अदालत, सुर्खेतले मङ्सिर २८ गते पुर्पक्षको लागि थुनामा पठाउने आदेश गऱ्यो। शवको पोष्टमार्टम मङ्सिर २० गते कर्णाली प्रदेश अस्पताल, सुर्खेतमा भयो। पोष्टमार्टमपछि शव मृतकका भिनाजु लक्षण माझीले बुझी मङ्सिर २१ गते पञ्चपुरी नपा-३ दुविलामा सद्गत गरे।

स्वास्थ्य सेवाको अवस्था

जिल्लामा तीन सरकारी अस्पताल, निजी र सामुदायिक गरी नौ स्वास्थ्य चौकी, प्राथामिक स्वास्थ्य केन्द्र तीन र एक नगर स्वास्थ्य केन्द्र छन्। सदरमुकामस्थित सरकारी अस्पतालमा ३८ जनाको विशेषज्ञको दरबन्दी रहेकोमा २० रिक्त छ। जिल्लामा ५७ हजार १ सय ५८ जनाले बीमा गराएर सेवा सुविधा लिएका छन्। ज्येष्ठ नागरिकका लागि नि:शुल्क बीमा कार्यक्रममा पनि १ हजार ६ सय १६ जनाको बिमा गरिएको छ।

प्रतिनिधि सभा तथा प्रदेश सभा निर्वाचन २०७९

यस वर्ष सम्पन्न भएको प्रतिनिधि सभा निर्वाचनमा सुर्खेत जिल्लामा २ लाख ४३ हजार ६ सय १४ मतदातामध्ये १ लाख ५४ हजार ५ सय ८१ (६३.४५ प्रतिशत) ले मतदान गरे। यसैगरी प्रदेश सभा तर्फ १ लाख ५४ हजार ७ सय ३२ (६३.५१ प्रतिशत) ले मतदान गरे।

सन् २०२२ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

बाल अधिकार				
घटनाको प्रकार	मुद्दा टुङ्गिएका	अनुसन्धान	कानुनी दायरामा ल्याइएका	जम्मा
विद्यालयमा शारीरिक सजाय	१			१
बलात्कार		५	३	८
जम्मा	१	५	३	८

महिला अधिकार					
घटनाको प्रकार	अनुसन्धान	मेलमिलाप	मुद्दा टुङ्गिएका	कानुनी दायरामा ल्याइएका	जम्मा
घरेलु हिंसा	३	३६	१	१५	४४

मारिएकाको घटना सङ्ख्या			
घटनाको प्रकार	मुद्दा टुङ्गिएका	कानुनी दायरामा ल्याइएका	जम्मा
हत्या	१	३	३



सुदूरपश्चिम प्रदेश

- क्षेत्रफल : १९,५३९ वर्ग कि.मि.
- जनसङ्ख्या : २७,११,२७०
- साक्षरता प्रतिशत : ६१.५४
- जिल्ला : ९
- निर्वाचन क्षेत्र (प्रतिनिधिसभा) : १६
- निर्वाचन क्षेत्र (प्रदेशसभा) : ३२
- उपमहानगरपालिका : १
- नगरपालिका : ३३
- गाउँपालिका : ५४
- कूल वडा सङ्ख्या : ७३४



सुदूरपश्चिम प्रदेश परिचय ७

सुदुरपश्चिम प्रदेश सरकारले नेपालको संविधान, दिगो विकास लक्ष्य, नागरिकको माग र चाहनालाई मध्यनजर गर्दै सबै प्रकारका भेदभाव उन्मूलन, मानव अधिकारको रक्षा, मौलिक हकको प्रत्याभूति, सुशासन, विकास र समृद्धिको नीति लिएको छ। यस प्रदेशले आफ्नो पहिलो कार्यकालमा ६६ ओटा कानुन निर्माण गऱ्यो।

यो वर्ष सुदूरपश्चिम प्रदेशका ८८ स्थानीय तहमध्ये १० स्थानीय तहमा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटना अभिलेख भएनन्। धनगढी उपमहानगरपालिकामा सबैभन्दा बढी २ सय ७ जना पीडित भएका घटना इन्सेकले अभिलेख गऱ्यो। ५२ स्थानीय तहमा एकदेखि १० जना पीडितको अभिलेख भयो। १६ स्थानीय तहमा ११ देखि २० जना पीडितको अभिलेख भयो। तीन स्थानीय तहमा २१ देखि २९ जना पीडितको अभिलेख भयो। ३० जनाभन्दा बढी पीडित भएका सात स्थानीय तह रहे। सुदूरपश्चिम प्रदेशमा राज्य पक्षबाट भएका मानव अधिकार उल्लङ्घनका घटनामा १५ जना र अन्य पक्षबाट भएका मानव अधिकार ज्यादतीका घटनामा १ हजार १ सय ७७ जना पीडित भए। महिला अधिकार उल्लङ्घनका घटनामा ९ सय ५६ जना र बाल अधिकार उल्लङ्घनका घटनामा १ सय १ जना पीडित भए।

निर्वाचन २०७९

स्थानीय तह निर्वाचनमा १६ लाख ३२ हजार १ सय ५० मतदातामध्ये ८ लाख ३१ हजार ४ सय ७० जना महिला मतदाता थिए। सुदूरपश्चिम प्रदेशका ८८ स्थानीय तहमध्ये दुई नगरपालिकाका प्रमुख, २५ नगरपालिकाका उपप्रमुख, ४२ गाउँपालिकाका उपाध्यक्ष र ६ ओटा वडाका वडाध्यक्ष पदमा महिला निर्वाचित भए।

यो वर्ष सुदूरपश्चिम प्रदेशमा १६ लाख ५८ हजार ४ मतदातामध्ये १८ जना यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक र ९ लाख ५८ हजार ३ सय ९८ जना महिला मतदाता थिए। प्रदेश सभातर्फ ५७.८३ र प्रतिनिधि सभातर्फ ५७.८० जनाले मतदान गरे। जसमध्ये प्रत्यक्ष निर्वाचनबाट एक जना महिला प्रतिनिधि सभामा निर्वाचित भए।

सन् २०२२ मा सम्पन्न निर्वाचनसँग सम्बन्धित मानव अधिकार उल्लङ्घन र ज्यादतीका २२ घटनामा यस प्रदेशभित्र ६३ जना पीडित अभिलिखित भए। राज्यपक्षबाट भएका एक प्रकारका घटनामा एक जना र अन्यपक्षबाट भएका ६ प्रकारका घटनामा ६२ जना पीडित भए।



७.१ बाजुरा



जम्मा जनसङ्ख्या	१,३८,५५८
महिला	७१,३५०
प्रतिनिधिसभा निर्वाचन क्षेत्र	१
प्रदेशसभा निर्वाचन क्षेत्र	२
गरिबीको रेखामुनि रहेको सङ्ख्या	८५,८६७
कामका लागि बाहिरिएका	८,०५४
अपाङ्गता भएका	५,८५५
५ वर्षमाथिको साक्षरता प्रतिशत	५५.७
आश्रित जनसङ्ख्या	७५,६५५

यस वर्ष बाजुरा जिल्लामा मानव अधिकार उल्लङ्घनका घटनामा राज्यपक्षबाट एक जना महिला र एक जना पुरुष तथा ज्यादतीका घटनामा अन्यपक्षबाट ५७ जना महिला र २३ जना पुरुष पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा ६ जना बालिका तथा महिला अधिकार उल्लङ्घनका घटनामा ५१ जना महिला पीडित भए।

नागरिक तथा राजनीतिक अधिकार

स्वतन्त्र रूपमा बाँच्न पाउने अधिकार

हत्या

राज्य पक्षबाट

त्रिवेणी नपा-७ कोसेडीका २४ वर्षीय सञ्जीव अयडीको २०७९ मङ्सिर ४ गते त्रिवेणी नगरपालिका-७ नाटेश्वरी आधारभूत विद्यालयको मतदान केन्द्रमा भएको दोहोरो झडपका क्रममा प्रहरीले चलाएको गोलीबाट मृत्यु भयो। घटनामा त्रिवेणी नपा-७ का ३८ वर्षीय निर्वाचन स्वयम्सेवक पर्शुराम उपाध्याय, नेपाली कांग्रेसका प्रतिनिधि ३६ वर्षीय खडकबहादुर अयडी र ४८ वर्षीय पूर्व वडाअध्यक्ष प्रेमबहादुर थापा घाइते भए। घाइतेहरूको उपचार कर्णाली प्रादेशिक अस्पताल, सुर्खेतमा भयो। सो झडपमा परी प्रहरी हवल्दार ३६ वर्षीय कृष्णबहादुर कुँवर घाइते भए। उनको कोहलपुर मेडिकल कलेज, कोहलपुरमा उपचार भयो।

गृह मन्त्रालयले घटनाको छानबिन गर्न कसुरजन्य सम्पत्ति व्यवस्थापन विभागका महानिर्देशक प्रेमप्रसाद भट्टराईको संयोजकत्वमा पाँच सदस्यीय छानबिन समिति गठन गऱ्यो। छानबिन समितिमा नेपाल प्रहरीका डिआइजी, नेपाल सशस्त्र प्रहरीका डिआइजी, राष्ट्रिय अनुसन्धान विभागका अनुसन्धान



प्रहरीको गोली लागेर मृत्यु भएका सञ्जीव अयडी

घटनाको प्रकार		राज्यपक्षबाट			अन्यपक्षबाट		
		महिला	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
कुटपिट						३	३
अमानवीय व्यवहार						३	३
घाइते						१४	१४
हत्या			१	१		१	१
जातीय विभेद						२	२
बाल अधिकार	बलात्कार				६		६
	जम्मा				६		६
महिला अधिकार	घरेलु हिंसा				४३		४३
	प्रसूती सेवा	१		१			
	बलात्कार				८		८
	जम्मा	१		१	५१		५१
कूल जम्मा		१	१	२	५८	३३	८०

निर्देशक र महान्यायाधिवक्ताको कार्यालयका उपन्यायाधिवक्ता सदस्य रहेका थिए। १५ दिनभित्र प्रतिवेदन पेस गर्ने समय पाएको समितिले घटनास्थलका साथै अन्य सरोकारवालसँग छलफल गरेको थियो। तर छानबिन प्रतिवेदन यो वर्षको अन्त्यसम्म सार्वजनिक भएन।

राष्ट्रिय मानव अधिकार आयोग र इन्सेकको छुट्टाछुट्टै टोलीले घटनाका बारेमा स्थलगत अध्ययन गरेका थिए। इन्सेकले सार्वजनिक गरेको प्रतिवेदनमा प्रशासन र सुरक्षा संयन्त्रको ढिलासुस्ती, अनिच्छा वा लापारवाहीका कारण घटना भएको निष्कर्ष छ। यो वर्षको अन्त्यसम्म राष्ट्रिय मानव अधिकार आयोगले प्रतिवेदन सार्वजनिक गरेन।

अन्य पक्षबाट

अनेरास्ववियुका केन्द्रीय सदस्य त्रिवेणी नगरपालिका-७ का ३२ वर्षीय चेतन अयडीको स्थानीय व्यक्तिहरूको कुटपिटबाट ०७९ मङ्सिर ४ गते राति मृत्यु भयो। त्रिवेणी नपा-७ को नाटेश्वरी आधारभूत विद्यालय दम्था मतदान केन्द्रको विवादलाई लिएर नेपाली कांग्रेसका कार्यकर्ताहरूले चेतन अयडीको घरमै गएर कुटपिट गरेर हत्या गरेको उनका भाइ मिलन अयडीले बताए। निर्घात कुटपिट गरिएका अयडीलाई उपचारको लागि अछाम जिल्लाको बयालपाटा अस्पताल लगिएकोमा अस्पतालले मृत घोषणा गरेको थियो। अयडीलाई पौने ५ बजे मतदान केन्द्र नजिकै कुटपिट गरेर घाइते बनाएकोमा साँझ ७ बजेतिर घर भित्रबाटै तानेर पुन: निर्घात कुटपिट गरिएको थियो। शवको पोष्टमार्टम मङ्सिर ८ गते जिल्ला अस्पतालमा गरिएकामा पीडित पक्ष आन्दोलित भएका कारण मङ्सिर ११ गते मात्रै शव बुझेर बुढीगङ्गा नदीमा सद्गत गरे।

कुटपिटको आरोपमा त्रिवेणी नगरपालिका-७ को कैलाशेश्वरी मावि दम्थामा लेखापाल पदमा कार्यरत ४५ वर्षीय पदम अयडी, सोही ठाउका ३६ वर्षीय जंग भनिने शेर अयडी, कैलाशेश्वरी मावि दम्थामा ११ कक्षामा अध्ययनरत २० वर्षीय सागर अयडी, २२ वर्षीय लोकेश अयडी, २० वर्षीय खेमराज अयडी, कैलाशमाण्डौ स्वास्थ्य चौकीमा कार्यरत अनमी २७ वर्षीया रुपा चौधरी,स्थानीय २३ वर्षीय जीवन अयडी, ३० वर्षीय नरेश अयडी, ४० वर्षीय चक्र अयडी, त्रिवेणी नगरपालिकाका कार्यालय सहयोगी २२ वर्षीय भुपाल अयडी, २५ वर्षीय मङ्गल अयडी, ३८ वर्षीय निरज अयडी, ३६ वर्षीय नर अयडी, त्रिवेणी नपाकै पार्वती माविका शिक्षक ३२ वर्षीय उद्धव अयडी, स्थानीय २० वर्षीय धनराज थापा, त्रिवेणी नगरपालिकाको शिक्षा शाखाका प्रमुख ५३ वर्षीय रतनबहादुर अयडी, त्रिवेणी नगरपालिका-७ का वडा अध्यक्ष जुद्धबहादुर अयडी, स्थानीय ३८ वर्षीया अनीता रौले अयडी, नेपाली कांग्रेसका सुदुरपश्चिम प्रदेश सदस्य



निर्वाचनको विवादको क्रममा स्थानीयको कुटपिटबाट मारिएका चेतन अयडी

त्रिवेणी नपा-७ का ४२ वर्षीय रन्सिह बहादुर अयडी, ३३ वर्षीय मोहनबहादुर अयडी र २७ वर्षीय नवीन अयडीका विरुद्ध चेतनका बुबा गगने अयडीले मङ्सिर ६ गते जिल्ला प्रहरी कार्यालय, बाजुरामा उजुरी दिए।

प्रहरीले १० जना आरोपितलाई गिरफ्तार गरी अनुसन्धान सुरु गरेको जनायो। प्रहरीले रुपा चौधरीलाई मङ्सिर ७ गते अछामबाट, जुद्धबहादुर अयडी, र विनोद अयडीलाई मङ्सिर १५ गते त्रिवेणी नपास्थित नाटेश्वरी जङ्गलबाट गिरफ्तार गऱ्यो। त्यसैगरी धनराज थापा र चक्र अयडीलाई मङ्सिर १५ गते त्रिवेणी नपास्थित नाटेश्वरी जङ्गलबाट, भुपाल अयडीलाई १९ गते ईश्वरीदेवी अयडीलाई मङ्सिर २५ गते त्रिवेणी नपास्थित नाटेश्वरी जङ्गलबाट र खेमराज भन्ने खेम अयडी, जङ्ग भन्ने शेरबहादुर अयडी र शागर अयडीलाई मङ्सिर २६ गते भारतबाट गिरफ्तार गरेको जिल्ला प्रहरी कार्यालय, बाजुराका डिएसपी सूर्यबहादुर थापाले बताए।

प्रहरीले सरकारी वकिल कार्यालयमा मङ्सिर २९ गते अनुसन्धान प्रतिवेदन पेश गऱ्यो। जिल्ला अदालतका न्यायाधीश ढाकाराम पौडेलको पुस ५ गते बसेको इजलासले नौ जनालाई पुर्पक्षको लागि थुनामा राख्न आदेश दियो। इश्वरीदेवी अयडी मुटुको बिरामी भएका कारण मङ्सिर २६ गते घर परिवारको जिम्मा लगाएर दिल्लीमा उपचार भइरहको जिल्ला प्रहरी कार्यालयका डिएसपी थापाले बताए।

झडप

मङ्सिर ४ गतेको प्रतिनिधि सभा र प्रदेश सभा निर्वाचनका क्रममा अनेरास्ववियु केन्द्रीय सदस्य ३२ वर्षीय चेतन अयडीको हत्यामा संलग्न आरोपितलाई गिरफ्तार गरी कारबाहीको दायरामा ल्याइनुपर्ने माग गर्दै अनेरास्ववियु र युवा सङ्घले मङ्सिर ५ गतेबाट सुरु गरेको आन्दोलन ८ गतेसम्म भएको थियो। आन्दोलनका क्रममा आन्दोलनकारीले मुख्य निर्वाचन अधिकृत ढाकाराम पौडेल, प्रमुख जिल्ला अधिकारी प्रकाशचन्द्र अधिकारी, डिएसपी सूर्यबहादुर थापालाई मोसो छ्यापे। सिडियो, सुरक्षा प्रमुख, मुख्य निर्वाचन अधिकृतमाथि आक्रमण गरेको आरोपमा मङ्सिर ८ गते प्रहरीले बुढीगङ्गा नगरपालिका-५ का २६ वर्षीय हिमाल थापा, गौमुल गाउँपालिका २ का १८ वर्षीय भविन्द्र रोकाया, त्रिवेणी नगरपालिका-७ का सुनिल अयडी, बडिमालिका नगरपालिका-९ का १८ वर्षीय टेक थापा, बडिमालिका नगरपालिका-७ का १८ वर्षीया वीरेन्द्र बिक, बुढीनन्दा नगरपालिका-१० का २५ वर्षीय दिलबहादुर थापा,सोही पालिकाका ३२ वर्षीय भिम बहादुर रोकाया, बडिमालिका नगरपालिका-९ का २४ वर्षीय प्रेम नेपाली, बडिमालिका नगरपालिका-८ का २५ वर्षीय करन भण्डारी, गौमुल गाउँपालिका-२ का भरत रोकाया र गौमुल गाउँपालिका-२ का रामबहादुर रोकायालाई गिरफ्तार गऱ्यो। गिरफ्तार भएकाहरूलाई प्रहरीले मङ्सिर १५ गते सरकारी वकिल कार्यालयमा पेश गरेकोमा सोही दिन जिल्ला प्रशासन कार्यालयले जनही ५ हजार रुपियाँ धरौटीमा रिहा गरेको जिल्ला प्रहरी कार्यालयका डिएसपी सूर्यबहादुर थापाले बताए।

कुटपिट /झडप

सदरमुकाम मार्तडीमा ०७९ जेठ १ गते राति नेपाली कांग्रेस र नेकपा एमालेका कार्यकर्ताबिच झडप हुँदा बुढीगङ्गा नगरपालिका-४ का २० वर्षीय म्यादी प्रहरी पुष्प कटुवालमाथि खकुरी प्रहार भयो। बडिमालिका नगरपालिका-२ मा एमालेका वडाध्यक्षका उम्मेदवार डम्बर महत चार मतले विजयी भएपछि नेपाली कांग्रेस र नेकपा एमालेका कार्यकर्ताबिच विवाद उत्पन्न भई झडप भएको थियो। नेपाली कांग्रेस र एमालेका कार्यकर्ताबिच झडप भइरहेको अवस्थामा घटनास्थल पुगेका म्यादी प्रहरी कटुवालको टाउकोमा खुकुरी प्रहार भएको थियो। खुकुरी प्रहारबाट घाइते भएका कटुवालको उपचार जेठ १ गते राति नै जिल्ला अस्पताल भयो। घटनामा म्यादी प्रहरी २२ वर्षीय हर्क सुनार र २६ वर्षीय सुनिल थापा समान्य घाइते भएका थिए। घटनामा संलग्न भएको आरोपमा बडिमालिका नगरपालिका-२ का २० वर्षीय नरेन्द्र नाथ र सोही ठाउँका २० वर्षीय लोकन्द्र कार्कीलाई खुकुरीसहित जेठ १ गते राति नै गिरफ्तार गरेको इन्स्पेक्टर बोगटीले बताए। जेठ ३ गते दुवै पक्षको छुलफलपछि मिलापत्र भयो।

बुढीनन्दा नगरपालिका-९ पाण्डुसैन निवासी नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी) का जिल्ला सचिव पुरबहादुर रावत र सोही ठाउँ निवासी वडाध्यक्षका उम्मेदवार खडक बोहोरा ०७९ वैशाख २३ गते दिउँसो चक्कु प्रहारबाट घाइते भए। घटनाको आरोपमा प्रहरीले बुढीनन्दा नगरपालिका-७ का नेपाली कांग्रेसका कार्यकर्ता ३० वर्षीय केशव कार्की, सोही नगरपालिका-९ का २५ वर्षीय नरेन्द्र सार्की र १९ वर्षीय दिपेश रावतलाई वैशाख २३ गते साँझ पाण्डुसेनबाट गिरफ्तार गऱ्यो।

घाइते रावत र बोहोराको उपचार वैशाख २४ गते जिल्ला अस्पताल, बाजुरामा भयो। रावतको पाखुरा, टाउको र शरीरमा र बोहराको टाउकोमा चोट लागेको थियो। स्थानीयले मार्ने उद्देश्यले चक्कु प्रहार गरेपछि ज्यान जोगाउन पाण्डुसैन प्रहरी चौकीमा संरक्षणका लागि गएको अवस्थामा प्रहरी चौकीमा समेत आक्रमण गरी तोडफोड गरेको जिल्ला प्रहरी कार्यालयका डिएसपी चर्तुभुज ओझाले बताए। जिल्ला अदालतले असार ३ गते केशव कार्की र नरेन्द्र सार्कीलाई २ लाख रुपियाँ र दिपेश रावतलाई १ लाख रुपियाँ धरौटीमा रिहा गर्‍यो। यो वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएन।

बुढीनन्दा नगरपालिका-९ अगाउपानीमा नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी) र नेपाली कांग्रेसका कार्यकर्ताबिच ०७९ वैशाख २३ गते झडप भयो। झडप नयन्त्रणका लागि पुगेका प्रहरी हवल्दार ४० वर्षीय वीरेन्द्र खड्का, सहायक हवल्दार ३४ वर्षीय दामोदर पन्त तथा बुढीनन्दा नगरपालिका-९ निवासी एकीकृत समाजवादीका कार्यकर्ता ३५ वर्षीय भीम खड्का, सोही ठाउँका २२ वर्षीय चक्र सार्की र २५ वर्षीय केशव कार्की घाइते भए। प्रहरीले एकीकृत समाजवादीका कार्यकर्तालाई संरक्षण गरको भन्दै नेपाली कांग्रेसका कार्यकर्ताले पाण्डुसेन प्रहरी चौकीमासमेत तोडफोड गरेको इन्स्पेक्टर गिन्द्र बोगटीले बताए। झडपमा परी घाइते भएकाहरूको उपचार स्थानीय मेडिकलमा भयो।

मङ्सिर ४ गतेको प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचनमा एमाले र कांग्रेस कार्यकर्ताबिच झडप हुँदा बुढीगङ्गा नगरपालिकाका नगर प्रमुख एवम् नेकपा एमाले बाजुरा जिल्ला सचिवालय सदस्य ४१ वर्षीय रामबहादुर बानिया, स्थानीय ३८ वर्षीय अर्जुन बानियाँ र स्थानीय २७ वर्षीय नवराज रावल घाइते भए। घाइते तीनै जनालाई अछाम जिल्लाको बयालपाटा अस्पतालमा मङ्सिर ५ गते उपचारमा लगियो। बयालपाटा अस्पतालमा उपचार हुन नसकेपछि तीनै जनालाई नेपाली सेनाको हेलिकप्टरद्वारा बाँकेको कोहलपुर मेडिकल कलेजमा मङ्सिर ८ गतेसम्म उपचार भयो। घाइते तीनै जनाको टाउकोमा धारिलो हतियारको चोट लागेको बयलपाटा अस्पतालका प्रमुख डाक्टर मन्दिप पाठकले बताए। घटनाको विषयमा कुनै पक्षबाट पनि उजुरी भएन।

कारागार र बन्दी

जिल्ला कारागारको बन्दी क्षमता २५ जनाको छ। कारागारमा ४२ जना कैदी र २३ जना गरी ६४ जना छन्। २०३७ सालमा निर्माण गरिएको कारागारको भवन जीर्ण भएको जेलर हंस बाहोराले बताए। कारागारमा खानेपानी, शौचालय, पत्रपत्रिका, रेडियो, टेलिभिजनको व्यवस्था छ। खेलकुदका सामग्रीमा भलिबल, चेस, लुँडो र क्यारमबोर्ड तथा पुस्तकालयको व्यवस्था गरिएको जेलर बोहोराले बताए। कैदी बन्दीलाई दिँदै आएको सिदा ६० रुपियाँ बढ्दो महङ्गीका कारण अपुग छ।

कैदीबन्दीको नियमित स्वास्थ्य जाँचका लागि एक जना अहेबको दरबन्दी रहेकोमा रिक्त छ। कैदीबन्दीलाई सामान्य उपचारको लागि जिल्ला अस्पताल लैजानु परेको कारागार बोहोराले बताए। जिल्ला कारागार बाजुरामा रहेका कैदीबन्दीले प्रतिनिधिसभा निर्वाचन, २०७९ मा ३० जनाले मतदान गरे।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत

एक जना न्यायाधीश रहेको जिल्ला अदालतबाट यो वर्ष फौजदारी मुद्दातर्फ ७९ थान मुद्दामध्ये ३८ थान फैसला भए। देवानी मुद्दातर्फ ६८ थानमध्ये ४५ थान मुद्दा फैसला भए। यस अदालतमा एक वर्ष नाघेका मुद्दा बाँकी छैनन्। जिल्ला अदालत बाजुरामा न्यायाधीश वा कुनै कर्मचारीका कारणले मुद्दा फर्छ्यौटमा समस्या नभएको स्रेष्तेदार पुष्पराज पाण्डेले बताए। यो वर्ष स्थानीय तह, प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचनले गर्दा पनि फैसलामा ढिलाइ हुन गएको पाण्डेले बताए।

बाल अधिकार

शिक्षाको अवस्था

जिल्लामा २ सय ६ आधारभूत, ६६ माध्यमिक विद्यालय छन्। ७ सय ६४ जना शिक्षकको दरबन्दीमा जिल्लामा दबन्दी मिलान अपुरो रहेको जिल्ला शिक्षा एकाइ प्रमुख खडक सिंहले बताए। दरबन्दी मिलानको अधिकार स्थानीय तहलाई भएकाले कुन स्थानीय तहमा दरबन्दी मिलान गरेको र कुन स्थानीय तहले नगरेको भन्ने तथ्याङ्क नभएको उनले बताए। यो वर्ष २५ हजार ६ सय ५२ बालक र २७ हजार ४ सय ५८ जना बालिका गरी ५३ हजार १ सय १० जना विद्यालय भर्ना

भए। त्यसैगरी अपाङ्गता भएका नौ जना बालिका र ५५ जना बालक गरी ६४ जना भर्ना भए। जिल्लामा अपाङ्गमैत्री मापदण्ड अनुसारका विद्यालय एउटै छैनन्। विशेष कक्षा दुई ठाउँमा सञ्चालन भइरहेका उनले बताए। यो वर्ष द्वन्द्वपीडित परिवारका ५४ जना बालबालिकाले ७ लाख १८ हजार रुपियाँ छात्रवृत्ति पाए। जिल्लामा ७ हजार ८ सय ८५ जना बालक र ८ हजार २० जना बालिका गरी १५ हजार ९ सय ५ जना दलित बालबालिका अध्ययनरत छन्।

यस वर्ष बाजुरा जिल्लामा बलात्कारका घटनामा ६ जना बालिका पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

अभिलेखित घटनामध्ये बलात्कारका चार घटनाका आरोपितहरूलाई जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा पठायो भने एक घटनाका आरोपितलाई बाल सुधार गृहमा पठायो। एक घटनाका आरोपितलाई अदालतले अभिभावको जिम्मा लगायो भने एक घटनाको आरोपितलाई सफाइ दियो।

महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यो वर्ष घरेलु हिंसा पीडित भन्दै ४४ जना महिलाले जिल्ला प्रहरी कार्यालयको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दिए। जसमा मदिरा सेवन गरेर गालीगलौज गरी कुटपिट गरेका ३१, छोरा छोरीको हेरचाह नगरेका तथा खान बस्न नदिएर घरनिकाला गरेका दुई, अनावश्यक आरोप लगाएर कुटपिटका पाँच, गालीगलौज तथा कुटपिटका ६ ओटा उजुरी जिल्ला प्रहरी कार्यालय महिला तथा बालबालिका सेवा केन्द्रमा उजुरी दर्ता भए। त्यसैगरी लैङ्गिक हिंसाका नौ ओटा उजुरी दर्ता भए। घरेलु हिंसा र लैङ्गिक हिंसाका दर्ता भएका सबै उजुरी मिलापत्रमा टुङ्गिएको जिल्ला प्रहरी कार्यालय, बाजुराका डिएसपी सूर्यबहादुर थापाले बताए।

यो वर्ष बाजुरा जिल्लामा बलात्कारका घटनामा आठ जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

अभिलेखित घटनामध्ये बलात्कारका पाँच घटनाका आरोपितलाई जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा पठायो भने तीन घटनाका आरोपित वर्षको अन्त्यसम्म गिरफ्तार भएनन्।

स्वास्थ्य सेवाको अवस्था

जिल्लामा एउटा सरकारी जिल्ला अस्पताल, २६ ओटा स्वास्थ्य चौकी, एउटा प्राथमिक स्वास्थ्य केन्द्र, ११ सामुदायिक स्वास्थ्य केन्द्र छन्। त्यस्तै १० ओटा शहरी स्वास्थ्य एकाइ, २८ ओटा आधारभूत स्वास्थ्य सेवा केन्द्र रहेका छन्। जिल्ला अस्पताल बाजुरामा दुई जना डक्टरको दरबन्दी रहेकोमा दुवै रिक्त छन् भने करारमा सात जना कार्यरत छन्। जिल्लामा १६ हजार २ सय ७८ जना पुरुष र १७ हजार ५ सय २८ जना महिला गरि जम्मा ३२ हजार ८ सय ७ जनाले बीमा गरेका छन्। जसमा १ हजार ८ सय ८१ जना ज्येष्ठ नागरिकले बीमा गरेका हुन्। स्वास्थ्य बीमा गराएकाहरूले अस्पतालबाट सहज सेवा पाएको तर प्रभावकारी उपचारका लागि जिल्ला बाहिर पठाउनुपर्ने बाध्यात्मक अवस्था रहेको जिल्ला अस्पताल, बाजुराका सूचना अधिकारी नृपराज गिरीले बताए।

०७७ मङ्सिर १५ गते एकै साथ शिलान्यास गरिएका अस्पतालमा हिमाली गाउँपालिका, जगन्नाथ गाउँपालिका, स्वामीकात्तिक खापर गाउँपालिका, बडिमालिका नगरपालिका, गौमुल गाउँपालिका र बुढिगङ्गा नगरपालिकामा निर्माणाधीन अवस्थामा रहेका छन्। खप्तड छेडेदह गाउँपालिका, त्रिवेणी नगरपालिका र बुढीनन्दा नगरपालिकामा टेन्डर प्रकृया नै सुरु नभएको जिल्ला स्वास्थ्य कार्यालयका प्रमुख महेश चन्दले बताए।

स्वामीकात्तिक खापर गाउँपालिकामा स्वास्थ्यकर्मीहरू नभएपछि गाउँपालिका क्षेत्रमा सञ्चालित पाँच ओटा स्वास्थ्य चौकीबाट प्रवाह गरिँदै आएको सेवा बन्द भएको थियो। करारमा कार्यरत स्वास्थ्यकर्मीहरूको भरमा सञ्चालित स्वास्थ्य संस्थाहरूमा साउन १ गतेदेखि करार अवधि थप नगरेपछि सेवा बन्द भएको हो। स्थानीय तहको निर्वाचनपछि नयाँ निर्वाचित जनप्रतिनिधिले साउन १ गतेदेखि करार सेवाका कर्मचारीहरूको करार अवधि थप नगरेपछि गाउँपालिका भित्रका पाँच ओटा स्वास्थ्य संस्था स्वास्थ्यकर्मी विहीन भए। एक महिनासम्म बन्द भएका स्वास्थ्य संस्थामा नयाँ प्रक्रियाबाट स्वास्थ्यकर्मीको पूर्ति गरेर सञ्चालनमा ल्याएको शाहीले बताए।

प्रतिनिधि सभा तथा प्रदेश सभा निर्वाचन २०७९

यस वर्ष सम्पन्न भएको प्रतिनिधि सभा निर्वाचनमा बाजुरा जिल्लामा ८३ हजार ५ सय ६७ मतदाता मध्ये ५९ हजार ७ सय ५७ (७१.५० प्रतिशत) ले मतदान गरे। यसैगरी प्रदेश सभा तर्फ ६० हजार ५ (७१.८० प्रतिशत) ले मतदान गरे।

सन् २०२२ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या


बाल अधिकार		
घटनाको प्रकार	कानुनी दायरामा ल्याइएका	जम्मा
बलात्कार	६	६

महिला अधिकार					
घटनाको प्रकार	अनुसन्धान	मेलमिलाप	मुद्दा टुङ्गिएका	कानुनी दायरामा ल्याइएका	जम्मा
घरेलु हिंसा	१	४१		१	४३
प्रसूती सेवा			१		१
बलात्कार	५			३	८
जम्मा	६	४१	१	४	५२

मारिएकाको घटना सङ्ख्या			
घटनाको प्रकार	अनुसन्धान	कानुनी दायरामा ल्याइएका	जम्मा
हत्या	१	१	२

७.२ बझाङ

जम्मा जनसङ्ख्या	१,८९,०९७
महिला	१,००,१०९
प्रतिनिधिसभा निर्वाचन क्षेत्र	१
प्रदेशसभा निर्वाचन क्षेत्र	२
गरिबीको रेखामुनि रहेको सङ्ख्या	१,१०,४६५
कामका लागि बाहिरिएका	२२,८४५
अपाङ्गता भएका	४,९७६
५ वर्षमाथिको साक्षरता प्रतिशत	५५.६
आश्रित जनसङ्ख्या	१,१०,४०६



यस वर्ष बझाङ जिल्लामा ज्यादतीका घटनामा अन्यपक्षबाट १ सय ७४ महिला र पाँच जना पुरुष पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा ११ जना बालिका तथा महिला अधिकार उल्लङ्घनका घटनामा १ सय ६२ जना महिला पीडित भए।

कारागार र बन्दी

२५ जनाको क्षमता भएको जिल्ला कारागारमा ७५ जना पुरुष कैदीबन्दी छन्। कारागारमा तीन गुणा बढी कैदीबन्दी भएकाले कोचिएर बस्नुपर्ने बाध्यता छ। कारागारमा भलिबल, चेस, लुँडो, हाते होजियारीको व्यवस्था गरिएको छ। तर, खानेपानी, शौचालय, पुस्तकालय, सहजरूपमा बस्ने व्यवस्था नभएको जेलर धनबहादुर घर्तीले बताए।

कैदीबन्दीको नियमित स्वास्थ्य जाँचका लागि एक जना अहेबको दरबन्दी रहेको छ। कारागारमा रहेका ३६ जना कैदीबन्दीले मङ्सिर ४ गते भएको निर्वाचनमा मतदान गरे।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत

एक जना न्यायाधीश रहेको जिल्ला अदालतबाट यो वर्ष फौजदारी मुद्दातर्फ ६२ थानमध्ये २६ थान मुद्दा फैसला भए। देवानी मुद्दातर्फ ४९ थानमध्ये १० थान मुद्दा फैसला भए। यस अदालतमा एक वर्ष नाघेका फौजदारी र देवानी मुद्दा ६/६ थान छन्। स्थानीय तह र प्रदेशसभा तथा प्रतिनिधिसभा निर्वाचनमा न्यायाधीश लगायत कर्मचारी खटिनु परेकाले समयमा म्याद तामेल नहुँदा र पेशी स्थगित भएका कारण इजलास बस्न नसक्दा मुद्दा फैसलामा ढिलाइ भएको छ।

बाल अधिकार

शिक्षाको अवस्था

यस जिल्लामा ३ सय ६० आधारभूत र ८४ ओटा माविं छन्। १ हजार ७५ शिक्षकको दरबन्दी रहेकामा स्थानीय तहले दरबन्दी मिलान गर्दै गएकोले कतै बढी र कतै थप्नु पर्ने भएका कारण दरबन्दी मिलान हुन बाँकी रहेको छ। यस वर्ष २८ हजार ७ सय २५ जना बालक र ३० हजार ५ सय २५ जना बालिका भर्ना भए थिए। जिल्लामा अपाङ्गमैत्री विद्यालय चार

घटनाको प्रकार		अन्यपक्षबाट		
		महिला	पुरुष	जम्मा
कुटपिट		१	३	३
अमानवीय व्यवहार			३	३
जातीय विभेद			१	१
बाल अधिकार	बलात्कार	८		८
	यौन दुर्व्यवहार	३		३
	जम्मा	११		११
महिला अधिकार	घरेलु हिंसा	१५१		१५१
	बहुविवाह	१		१
	बलात्कार	९		९
	यौन दुर्व्यवहार	१		१
	जम्मा	१६३		१६३
कूल जम्मा		१७४	५	१७९

ओटा मात्र छन्। पढ्ने उमेरका सबै बालबालिका विद्यालय भर्ना भएको शिक्षा तथा समन्वय एकाइका सूचना अधिकारी बसन्तबहादुर सिंहले बताए। यस वर्ष जिल्लाभर ८ हजार ९ सय ४८ जना दलित बालबालिका विद्यालय भर्ना भए। जसमा ४ हजार ४ सय ७२ बालक र ४ हजार ४ सय७६ जनाबालिका विद्यालय भर्ना भए। द्वन्द्वपीडित परिवारका ६ जना बालबालिकाले छात्रवृत्ति पाए। वैदिशिक रोजगारीमा गएका परिवारका ३ जना बालबालिकाले २४ हजार रुपियाँ छात्रवृति पाए।

यस वर्ष बभाङ जिल्लामा यौन दुर्व्यवहारका घटनामा तीन र बलात्कारका घटनामा आठ जना बालिका पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

अभिलेखित घटनामध्ये बलात्कारका ६ घटनाका आरोपितहरूलाई जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा पठायो भने एक घटनाका आरोपितलाई बाल सुधार गृहमा पठायो। एक घटनाका आरोपितलाई अदालतले कैद तथा जरिबानाको फैसला सुनायो भने एक घटनाका आरोपितलाई सफाइ दियो। यौन दुर्व्यवहारका एक घटनाका आरोपितलाई अदालतले सफाइ दियो।

बलात्कार, यौन दुर्व्यवहार

पाँच वर्षीया बालिकालाई २०७९ भदौ १९ गते बलात्कार गरेको भन्दै भारतका १९ वर्षीय इद महमद विरुद्ध पीडित पक्षले भदौ २० गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण भदौ २१ गते जिल्ला अस्पताल, सिमखेतमा भयो। प्रहरीले आरोपितलाई भदौ २१ गते जयपृथ्वी नगरपालिका-१० बाट गिरफ्तार गऱ्यो। प्रहरीले आरोपितविरुद्ध जिल्ला सरकारी वकिल कार्यालयमार्फत जिल्ला अदालतमा भदौ २१ गते मुद्दा दर्ता गऱ्यो। न्यायाधीश नन्दकिशोरप्रसाद यादवको मङ्सिर २९ गतेको इजलासले आरोपितलाई आठ महिना कैद सजाय सुनायो।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

जिल्ला प्रहरी कार्यालयको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा यस वर्षको अन्त्यसम्म १ सय ८२ उजुरीहरू दर्ता भए। दर्ता भएका सबै उजुरीका उजुरीकर्ता र आरोपितबिच मिलापत्र गरिएको जिल्ला प्रहरी कार्यालयका इन्स्पेक्टर रमेशदत्त अवस्थीले बताए। केन्द्रमा आएका उजुरीहरूमा दुवै पक्षलाई बोलाइ छलफल गरी दुवै पक्षको सहमतिका आधारमा मिलापत्र गरी घर पठाउने गरेको पाइन्छ।

यो वर्ष बभाङ जिल्लामा बलात्कारका घटनामा नौ जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

अभिलेखित घटनामध्ये बलात्कारका पाँच घटनाका आरोपितलाई जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा पठायो भने तीन घटनाका आरोपितलाई धरौटीमा रिहा गऱ्यो। एक घटनाका आरोपित वर्षको अन्त्यसम्म गिरफ्तार भएनन्।

स्वास्थ्य सेवाको अवस्था

जिल्लामा एक सरकारी अस्पताल, एक सामुदायिक अस्पताल, १ सय १७ ओटा आधारभूत स्वास्थ्य केन्द्र रहेका छन्। सदरमुकामस्थित सरकारी अस्पतालमा दुई जना विशेषज्ञको दरबन्दी रहेकोमा दरबन्दी अनुसार दुई जना कार्यरत छन्। एक जना विशेषज्ञ विदामा बसेका छन्। जिल्लामा ३८ हजार ३ सय ८९ जनाले बीमा गराएर सेवा लिइरहेका छन्।

ज्येष्ठ नागरिकका लागि नि:शुल्क बीमा कार्यक्रम अन्तर्गत ४ हजार २ सय ३४ जनाको बीमा गरिएको छ। स्वास्थ्य बीमा गराएकाहरूले अस्पतालबाट सहज सेवा पाउने गरेको भए पनि प्रभावकारी उपचारका लागि रायल,, देउरा र देउलेख प्राथमिक स्वास्थ्य केन्द्र, जिल्ला अस्पताल, डडेल्धुरा अस्पताल, धनगढी तथा नेपालगञ्ज जानुपर्ने बाध्यात्मक अवस्था

रहेको छ। अस्पतालले सेवा प्रवाह गर्ने क्रममा ज्येष्ठ नागरिकलाई पहिलो प्राथमिकता दिने गरेको छ। पाँच जना परिवार भएकाले ३ हजार ५ सय रुपियाँको बीमा गरेबापत १ लाख बराबरको सेवा पाउने गरेको, कृतिम सेवा भने नदिने गरिएको र सबै जनतालाई बीमाप्रतिको ज्ञान नहुनु, सेवा प्रदायक सेवाहरू टाढा रहनु र विशेषज्ञ डाक्टरको अभाव हुँदा उपचारमा समस्या रहेको स्वास्थ्य बीमा बोर्ड, बझाङका दर्ता अधिकारी खगेन्द्र भट्टले बताए।

जिल्लामा २०७७ मङ्सिर १५ गते चार ओटा स्थानीय तहका चार ओटा अस्पताल शिलान्यास गरिएकोमा सबै निर्माणाधीन छन्।

प्रतिनिधि सभा तथा प्रदेश सभा निर्वाचन २०७९

यस वर्ष सम्पन्न भएको प्रतिनिधि सभा निर्वाचनमा बझाङ जिल्लामा १ लाख २२ हजार ३ सय ७६ मतदाता मध्ये ६२ हजार १ सय २ (५०.७४ प्रतिशत) ले मतदान गरे। यसैगरी प्रदेश सभा तर्फ ६२ हजार १ सय ७६ (५०.८० प्रतिशत) ले मतदान गरे।

सन् २०२२ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

बाल अधिकार				
घटनाको प्रकार	मेलमिलाप	अनुसन्धान	कानुनी दायरामा ल्याइएका	जम्मा
बलात्कार		१	७	८
यौन दुर्व्यवहार	१			१
जम्मा	१	१	७	९

महिला अधिकार					
घटनाको प्रकार	अनुसन्धान	मेलमिलाप	मुद्दा टुङ्गिएका	कानुनी दायरामा ल्याइएका	जम्मा
घरेलु हिंसा		१४३	८	१	१५१
बहुविवाह				१	१
बलात्कार	१			८	९
यौन दुर्व्यवहार		१			१
जम्मा	१	१४३	८	१०	१६३

७.३ दार्चुला



जम्मा जनसङ्ख्या	१,३५,०५६
महिला	६५,७०७
प्रतिनिधिसभा निर्वाचन क्षेत्र	१
प्रदेशसभा निर्वाचन क्षेत्र	२
गरिबीको रेखामुनि रहेको सङ्ख्या	७०,००३
कामका लागि बाहिरिएका	६,८६४
अपाङ्गता भएका	३,६६५
५ वर्षमाथिको साक्षरता प्रतिशत	६५.४
आश्रित जनसङ्ख्या	६६,४०५

घटनाको प्रकार		अन्यपक्षबाट		
		महिला	पुरुष	जम्मा
कुटपिट			८	८
हत्या		१	२	३
बाल अधिकार	बलात्कार	४		४
	जम्मा	४		४
महिला अधिकार	घरेलु हिंसा	५८		५८
	बलात्कार	४		४
	जम्मा	६२		६२
कूल जम्मा		६८	९	७६

यस वर्ष दार्चुला जिल्लामा ज्यादतीका घटनामा अन्यपक्षबाट ६७ जना महिला र नौ जना पुरुष पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा चार जना बालिका तथा महिला अधिकार उल्लङ्घनका घटनामा ६२ जना महिला पीडित भए।

मृत्यु

भारत सरकारले तावाघाट-लिपुलेक सडक विस्तार गर्ने क्रममा विस्फोट गराउँदा उछिट्टिएको ढुङ्गा लागेर व्याँस गाउँपालिका-२ दुम्लिङ अरतौलीका नौ वर्षीय पवन महराको ०७९ कात्तिक १२ गते मृत्यु भयो। एक महिना आमाबुबासँगै खर्क (जङ्गल) गएका उनी विद्यालय खुल्ने भएपछि घर फर्कदै थिए। सीमा क्षेत्रमा भारतले बिनासूचना विस्फोट गराउँदा पवनको घटनास्थलमै मृत्यु भएको व्यास गाउँपालिका अध्यक्ष मंगलसिह धामीले बताए। शवको पोष्टमार्टम कात्तिक १३ गते जिल्ला अस्पताल, दार्चुलामा भयो। पवन दुम्लिङस्थित सर्वहित आधारभूत विद्यालयमा कक्षा ३ मा अध्ययनरत थिए। भारतीय सडक निर्माणको जिम्मा पाएको गर्ग एण्ड गर्गले पारिपट्टी सडक चौडा बनाउन विस्फोट गराउँदा उनको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय, दार्चुलाका इन्स्पेक्टर राजेश शाहीले बताए। मृतक परिवारलाई भारतीय पक्षले गल्ती स्वीकार गर्दै ०७९ कात्तिक १३ गते १६ लाख नेपाली रुपियाँ क्षतिपूर्तिवापत दियो।

कारागार र बन्दी

४० जनाको क्षमता भएको जिल्ला कारागार, दार्चुलामा ६७ जना कैदीबन्दी छन्। जसमा महिला तीन जना महिला छन्। कारागारमा खानेपानी, शौचालय, र खेलकुदका सामग्रीको व्यवस्था गरिएको निमित्त जेलर रामराज पन्तले बताए। कैदीबन्दीको स्वास्थ्य परीक्षणका लागि एक जना अहेबको दरबन्दी छ।

प्रदेश सभा तथा प्रतिनिधि सभा निर्वाचनमा कारागारका २५ जना कैदीबन्दीले मतदान गरे।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत

एक जना न्यायाधीश रहेको जिल्ला अदालतबाट यो वर्ष फौजदारी मुद्दातर्फ ५८ थानमध्ये ३४ थान मुद्दा फैसला भए। देवानी मुद्दातर्फ ४१ मध्ये २८ थान मुद्दा फैसला भए। यस अदालतमा दुई वर्ष नाघेका देवानी मुद्दा १ थान छ। यो वर्ष दुई ओटा निर्वाचनका कारण मुद्दा फैसलामा केही कमी भयो। तर पनि अदालतले ६० प्रतिशत बढी मुद्दा फैसला गर्न सकिएको अदालतका सेस्तेदार कोश्लेश्वर ज्ञवालीले बताए।

बाल अधिकार

शिक्षाको अवस्था

यस जिल्लामा २ सय ८९ आधारभूत र ७५ माध्यमिक विद्यालय छन्। १ हजार १ सय ३५ जना शिक्षक दरबन्दी रहेको छ। यस वर्ष २२ हजार ११ बालक र २१ हजार ६ सय ५३ जना बालिका विद्यालय भर्ना भए। जिल्लामा निर्माण भएका अधिकांश विद्यालय अपाङ्गतामैत्री छन्। द्वन्द्वपीडित परिवारका तीन जना बालबालिकाले छात्रवृत्ति पाएका छन्। दलित, अपाङ्गलाई नि:शुल्क शिक्षाको व्यवस्था गरिएको छ। यस वर्ष जिल्लाभर ३ हजार २ सय ७६ दलित बालक र ३ हजार २ सय ६३ दलित बालिका विद्यालय भर्ना भए। वैदेशिक रोजगारीमा गएर मृत्यु भएका परिवारका पाँच जना बालबालिकाले छात्रवृत्ति पाए।

दुहुँ गाउँपालिकाले भने सबै विद्यालयमा नि:शुल्क शिक्षा तथा विद्यालयले कुनै पनि नाममा शुल्क नउठाउने गरी कानुन कार्यान्वयनमा ल्याएको छ।

यस वर्ष दार्चुला जिल्लामा बलात्कारका घटनामा चार जना बालिका पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

अभिलेखित घटनामध्ये बलात्कारका तीन घटनाका आरोपितहरूलाई जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा पठायो भने एक घटनाका एक आरोपितलाई अदालतले सजाय स्थगनको आदेश दियो र एक आरोपितलाई सफाइ दियो।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव दुर्व्यवहार

यो वर्ष जिल्ला प्रहरी कार्यालयको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा घरेलु हिंसाका ७२ ओटा उजुरी परेकोमा ६१ थान मुद्दा मिलापत्रमा टुङ्गियो भने ११ थान मुद्दा मध्ये ६ थान उजुरीका उजुरीकर्ता सम्पर्कमा आएनन्। पाँच थान उजुरी न्यायिक प्रकृयाका लागि जिल्ला अदालत पठाइएको इन्स्पेक्टर राजेश शाहीले बताए। पीडित र आरोपितबीचको छलफलपछि घरेलु हिंसाका उजुरीहरूमा मिलापत्र हुने गरेको इन्सपेक्टर शाहीले बताए।

यो वर्ष दार्चुला जिल्लामा बलात्कारका घटनामा चार र बलात्कार पछि हत्याको घटनामा एक जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

अभिलेखित घटनामध्ये बलात्कारका दुई घटनाका आरोपितलाई जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा पठायो भने एक घटनाका आरोपितलाई सफाइ दियो। बलात्कारपछि हत्याको एक घटनाका आरोपितलाई अदालतले कैद तथा जरिबानाको फैसला सुनायो।

बलात्कार, बलात्कारको प्रयास, यौन दुर्व्यवहार

२४ वर्षीया महिलाले आफूलाई पटक पटक बलात्कार गरेको भन्दै पति २१ वर्षीय विरुद्ध ०७८ माघ ३ गते जिल्ला प्रहरी कार्यालय, दार्चुलामा उजुरी दिइन्। आरोपितलाई प्रहरीले ०७८ माघ ४ गते घरबाटै गिरफ्तार गऱ्यो। पीडितले जबरजस्तीकरणी, बहुविवाह र बालविवाहसम्बन्धी तीन ओटा उजुरी एकैपटक दिइन्। पीडितको स्वास्थ्य परीक्षण ०७८ माघ ४ गते जिल्ला अस्पताल, दार्चुलामा भयो। प्रहरीले सरकारी वकिल कार्यालयमार्फत ०७८ माघ २३ गते बहुविवाह, बालविवाह र जबरजस्तीकरणी अन्तर्गत मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश खेमराज भट्टको ०७९ भदौ १५ गतेको इजलासले टमटालाई बहुविवाह अन्तर्गत १ वर्ष ६ महिना कैद तथा १५ हजार रुपैयाँ जरिवाना, बालविवाह अन्तर्गत ३ महिना कैद ३ हजार रुपियाँ जरिबाना र जबरजस्तीकरणी अन्तर्गत

१० वर्ष कैद ४ लाख रुपियाँ जरिबाना र ३० हजार रुपियाँ पीडितलाई क्षतिपूर्ति दिलाउने फैसला सुनायो।

बलात्कारपश्चात हत्या

शैल्यशिखर नगरपालिका-१ बारिलकी ४५ वर्षीया एकल महिला अनिभा खडायतको ०७९ जेठ २५ गते बलात्कारपछि जलाएर हत्या गरेको भन्दै पीडित परिवारले ०७९ जेठ २६ गते शैल्यशिखर नगरपालिका-१ का ४२ वर्षीय देवर भोजराज खडायतविरुद्ध जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। आगो लगाएर हत्या गरेर फरार रहेका खडायतलाई प्रहरीले बैतडीको दोगडाकेदर गाउँपालिका-३ खोचालेकबाट ०७९ जेठ २६ गते गिरफ्तार गऱ्यो। शवको पोष्टमार्टम ०७९ जेठ २६ गते जिल्ला अस्पतालमा भयो। प्रहरीले सरकारी वकिल कार्यालयमार्फत जिल्ला अदालत दार्चुलामा ०७९ जेठ २६ गते करणी, हाडनाता, कर्तव्य ज्यान तथा डाका चोरी मुद्दाको अभियोगमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालत दार्चुलाका न्यायाधीश खेमराज भट्टको ०७९ भदौ २९ गतेको इजलासले खडायतलाई ज्यान मुद्दामा आजीवन कारावासको सजाय सुनायो भने जबरजस्तीकरणीमा सात वर्ष, हाडनाता करणीमा एक वर्ष र डाँका मुद्दामा सात वर्ष गरी थप १५ वर्ष कारावासको सजाय सुनायो। मृतक एकल महिला रहेकाले उनमा आश्रित परिवारको भरणपोषणका लागि ३ लाख रुपियाँ क्षतिपूर्ति भराउने आदेशसमेत भएको स्रेस्तेदार कोश्लेश्वर ज्ञवालीले बताए।

आर्थिक, समाजिक तथा सांस्कृतिक अधिकार

महाकाली नगरपालिका- २ स्थित भुवनेश्वरी आधारभूत विद्यालय पण्डारोमा २०७९ भदौ २४ गते आएको बाढीपछि ३१ जना विद्यार्थी चिसो भुइँमा बसेर पढ्न बाध्य भएका छन्। सदरमुकाम खलंगाबाट नजिकै रहेको विद्यालय भवन लास्कु खोलाले बगाएको थियो। विद्यालय भवन बाढीले बगाएपछि ०७९ कात्तिक १५ गतेबाट त्रिपालमुनि राखेर विद्यार्थीको पढाइ सुचारु गरिएको विद्यालयका प्रधानाध्यापक माधवराज भट्टले बताए।

स्वास्थ्य सेवाको अवस्था

जिल्लामा दुई सरकारी अस्पताल, ४० स्वास्थ्य चौकी, पाँच निर्माणाधीन आधारभूत अस्पताल, ३७ सामुदायिक स्वास्थ्य एकाइ, पाँच शहरी स्वास्थ्य केन्द्र, १ सय ४१ ओटा गाउँघर क्लिनिक, १ सय ४४ खोप केन्द्र, ४९ बर्थिङ सेन्टर, १९ आधारभूत स्वास्थ्य केन्द्र, ४२ डट्स सेन्टर र तीन सव कोल्ड चेन सेन्टर छन्। यस्तै ३ सय ७२ जना महिला स्वास्थ्य स्वयंसेविका, एक पोलिक्लिनिक, ६ सुरक्षित गर्भपतन सेवा केन्द्र, २७ प्रयोगशाला भएका स्वास्थ्य संस्था, १४ किशोरी मैत्री स्वास्थ्य संस्था रहेका छन्। जिल्लाभर ११ जना मेडिकल अधिकृत, जनस्वास्थ्य अधिकृत एक जना, हेल्थ असिस्टेन्ट ५७ जना, स्टाफ नर्स १४ जना, सिनियर अहेव १ सय ४९ जना, सिनियर अनमी १ सय ९७ जना, ल्याब टेक्निसियन ३२ जना कार्यरत रहेका छन्।

सदरमुकामस्थित जिल्ला अस्पतालमा एक जना मेडिकल सुपरिटेण्डेण्ट र दुई मेडिकल अधिकृतको दरबन्दी रहेकोमा रिक्त छ। मेडिकल सुपरिटेण्डेन्टको दरबन्दी रिक्त छ। मेडिकल अधिकृत अध्ययन बिदामा गएपछि रिक्त भएको छ। अस्पतालमा छात्रवृत्ति करारका तीन जना मेडिकल अधिकृत कार्यरत छन्। अहिले अस्पतालमा तीन जना स्टाफ नर्सको दरबन्दीमा कार्यरत छन्। अस्पतालमा हेल्थ असिस्टेन्ट एक जनाको दरबन्दी रहेकोमा रिक्त छ। अहेव दुई जनामा रिक्त छ। अनमी दुई दरबन्दी रहेकोमा कार्यरत छन्। रेडियोग्राफर एक, ल्याब असिस्टेन्ट एक दरबन्दी रिक्त छ। अस्पतालमा प्रदेश लोक सेवा आयोगले समयमै विज्ञापन खोल्न नसक्दा स्वास्थ्यकर्मीको दरबन्दी रिक्त भएको अस्पताल प्रशासनले जनायो। जिल्लामा एक वर्षको अवधिमा २ हजार ८० जनाले बीमा गराएर सेवा लिएका छन्। यस्तै एक वर्षको अवधिमा १ हजार ३ सय ४० जनाले सामाजिक सेवा एकाइबाट स्वास्थ्य सेवा लिएका छन्।

प्रतिनिधि सभा तथा प्रदेश सभा निर्वाचन २०७९

यस वर्ष सम्पन्न भएको प्रतिनिधि सभा निर्वाचनमा दार्चुला जिल्लामा ८९ हजार १ सय ५४ मतदाता मध्ये ५७ हजार ६ सय ६३ (६४.६७ प्रतिशत) ले मतदान गरे। यसैगरी प्रदेश सभा तर्फ ५७ हजार ८ सय १४ (६४.८४ प्रतिशत) ले मतदान गरे।

सन् २०२२ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

बाल अधिकार			
घटनाको प्रकार	मुद्दा टुङ्गिएका	कानुनी दायरामा ल्याइएका	जम्मा
बलात्कार	१	३	४

महिला अधिकार				
घटनाको प्रकार	मेलमिलाप	मुद्दा टुङ्गिएका	कानुनी दायरामा ल्याइएका	जम्मा
घरेलु हिंसा	५७			५७
बलात्कार		१	३	४
जम्मा	५७	१	३	६१

मारिएकाको घटना सङ्ख्या			
घटनाको प्रकार	मुद्दा टुङ्गिएका	कानुनी दायरामा ल्याइएका	जम्मा
हत्या	२	१	३

७.४ बैतडी



जम्मा जनसङ्ख्या	२,४४,४००
महिला	१,२८,५७४
प्रतिनिधिसभा निर्वाचन क्षेत्र	१
प्रदेशसभा निर्वाचन क्षेत्र	२
गरिबीको रेखामुनि रहेको सङ्ख्या	१,१४,३५५
कामका लागि बाहिरिएका	२१,०३५
अपाङ्गता भएका	७,७८८
५ वर्षमाथिको साक्षरता प्रतिशत	६३
आश्रित जनसङ्ख्या	१,२७,८२६

यस वर्ष बैतडी जिल्लामा ज्यादतीका घटनामा अन्यपक्षबाट ५४ जना महिला र नौ जना पुरुष पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा सात जना बालिका तथा महिला अधिकार उल्लङ्घनका घटनामा ४४ जना महिला पीडित भए।

कुटपिट/दुर्व्यवहार

डिलाशैनी गाउँपालिका-५ पुजरागाउँका घर भई नेकपा माओवादी केन्द्रबाट वडा सदस्यका उम्मेदवार ६५ वर्षीय हरिराम साउदमाथि २०७९ वैशाख १९ गते खुकुरी प्रहार गरी घाइते बनाएको भन्दै सोही ठाउँका २८ वर्षीय अजिजसिंह साउद विरुद्ध पीडित पक्षले वैशाख २० गते इलाका प्रहरी कार्यालय, पाटनमा उजुरी दियो। पीडितको उपचार वैशाख २० गते प्रादेशिक अस्पताल, धनगढीमा भयो। आरोपितलाई प्रहरीले वैशाख २३ गते घरबाटै गिरफ्तार गऱ्यो। आरोपितविरुद्ध प्रहरीले वैशाख २१ गते जिल्ला अदालतमा ज्यान मार्ने कसुरसम्बन्धी मुद्दा जिल्ला अदालतमा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश तिलक कार्कीको जेठ १२ गते बसेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठाउने आदेश दियो।

कारागार र बन्दी

१० जना महिला र १५ जना पुरुष गरी २५ जनाको क्षमता भएको जिल्ला कारागार, बैतडीमा ७१ जना पुरुष

घटनाको प्रकार		अन्यपक्षबाट		
		महिला	पुरुष	जम्मा
कुटपिट			३	३
घाइते		१	३	४
हत्या		३	४	६
बाल अधिकार	बलात्कार	३		३
	यौन दुर्व्यवहार	४		४
	जम्मा	७		७
महिला अधिकार	घरेलु हिंसा	३८		३८
	बहुविवाह	३		३
	बलात्कार	३		३
	बलात्कार प्रयास	१		१
	जम्मा	४४		४४
कूल जम्मा		५४	९	६३

कैदीबन्दी रहेका छन्। कारागारमा एक जना स्वास्थ्यकर्मीको दरबन्दी रहेको छ। ६० वर्ष नाघेका तीन जना ज्येष्ठ नागरिक (पुरुष) रहेको जिल्ला कारागार प्रमुख धारा भण्डारीले बताए। कारागारको भवन जीर्ण हुनुका साथै क्षमताभन्दा तेब्बर कैदीबन्दी भएकाले टेन्टमा समेत बस्न बाध्य रहेको भण्डारीले बताए। गत २०७९ मङ्सिर ४ गते सम्पन्न भएको निर्वाचनमा कागारका पाँच जना कैदी/बन्दीहरूले मतदान गरे।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

एक न्यायाधीश रहेको जिल्ला अदालतबाट यो वर्ष सरकारवादी फौजदारी मुद्दातर्फ ६९ थानमध्ये २६ थान मुद्दा फैसला भए। दुनियावादी फौजदारी मुद्दातर्फ १६ मध्ये एक थान मुद्दा फैसला भए। देवानीतर्फ १६ थानमध्ये ६ थान मुद्दा फैसला भए। यस अदालतमा एक वर्ष नाघेका फौजदारी मुद्दा दुई थान छन्। स्थानीय, प्रतिनिधि सभा र प्रदेश सभा निर्वाचनका कारण यो वर्ष मुद्दा फर्स्यौटको सङ्ख्या गत वर्षको तुलनामा कम भएको जिल्ला अदालतका स्रेस्तेदार जनक बोहराले बताए।

बाल अधिकार

शिक्षाको अवस्था

यस जिल्लामा ४ सय ३६ आधारभूत र १ सय ३३ माध्यमिक विद्यालय छन्। २ हजार ६२ शिक्षक दरबन्दी रहेकामा चार स्थानीय तहमा दरबन्दी मिलान हुन बाँकी छ। यस वर्ष ४३ हजार १ सय १० बालक र ४३ हजार १ सय २९ जना बालिका भर्ना भए। जसमा अपाङ्गता भएका १ सय ५ बालिका र १ सय ३० बालक रहेका छन्। जिल्लामा अपाङ्गतामैत्री विद्यालय एक ओटा छ। यस वर्ष जिल्लाभर १० हजार ५ सय १० दलित बालक र १० हजार ३ सय ९३ दलित बालिका विद्यालय भर्ना भए। शहीद र द्वन्द्वपीडित परिवारका २४ बालबालिकाले २ लाख ८२ हजार रुपियाँ छात्रवृत्ति पाउनेछन्। शैक्षिकसत्रको अन्तसम्म पनि विषेशगरी गणीत, अङ्ग्रेजी र विज्ञान विषयका विषयगत शिक्षकको अभावका कारण यहाँका बालबालिकाको पढाई प्रभावित बन्ने गरेको शिक्षा विकास तथा समन्वय एकाइ, बैतडीका सूचना अधिकारी पुष्कारराज शार्माले बताए।

यस वर्ष बैतडी जिल्लामा यौन दुर्व्यवहारका घटनामा चार र बलात्कारका घटनामा तीन जना बालिका पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

अभिलेखित घटनामध्ये बलात्कारका एक घटनाका अदालतले बाल सुधार गृहमा पठायो भने एक घटनाका आरोपितलाई सफाइ दियो। दुई घटनाका आरोपित वर्षको अन्त्यसम्म गिरफ्तार भएनन्। यौन दुर्व्यवहारका दुई घटनाका आरोपितलाई अदालतले पुर्पक्षका लागि थुनामा पठायो भने एक घटनाका आरोपितलाई साधारण तारिखमा रिहा गऱ्यो। एक घटनाका आरोपितलाई अदालतले सजाय स्थगन गऱ्यो।

महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यस वर्ष घरेलु हिंसाबाट पीडित भएको भन्दै जिल्ला प्रहरी कार्यालयको प्रहरीको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा २२ जना महिलाले उजुरी दिए। जसमध्ये १८ घटना मिलापत्र भए। अन्य चार उजुरीकर्ता सम्पर्कमा आएनन्।

यो वर्ष बैतडी जिल्लामा बलात्कारका घटनामा तीन, बलात्कार प्रयासका घटनामा एक, बहुविवाहका घटनामा दुई र परिवारजनबाट हत्याका घटनामा एक जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

अभिलेखित घटनामध्ये बलात्कारका दुई घटनाका आरोपितलाई जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा पठायो भने एक घटनाका आरोपितलाई कैद तथा जरिबानाको फैसला सुनायो। तीन घटनाका आरोपितलाई अदालतले सफाइ दियो। बलात्कार प्रयासका तीन घटनाका आरोपितलाई अदालतले सफाइ दियो। बहुविवाहका एक घटनाका आरोपितलाई अदालतले सफाइ दियो। एक घटनाका एक आरोपितलाई कैद तथा जरिबानाको फैसला सुनायो भने एक आरोपितलाई सफाइ दियो। एक घटनाका आरोपित वर्षको अन्त्यसम्म गिरफ्तार भएनन्। परिवारजनबाट हत्याका एक घटनाका आरोपितलाई अदालतले जन्मकैदको फैसला सुनायो।

बलात्कार, बलात्कारको प्रयास, यौन दुर्व्यवहार

२४ वर्षीया महिलालाई २०७९ वैशाख ९ गते वैवाहिक बलात्कार गरेको भन्दै २५ वर्षीय पतिविरुद्ध पीडितले वैशाख ९ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। पीडितको स्वास्थ्य परीक्षण वैशाख ९ गते जिल्ला अस्पतालमा भयो। आरोपितलाई प्रहरीले वैशाख ९ गते घरबाटै गिरफ्तार गऱ्यो। प्रहरीले जिल्ला सरकारी वकिल कार्यालय मार्फत आरोपित विरुद्ध वैशाख १० गते जबरजस्तीकरणी अन्तर्गत जिल्ला

अदातलमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश जयानन्द पनेरुको असोज ५ गतेको इजलासले आरोपितलाई ५ महिना कैद सजायको फैसला गरेको जिल्ला अदालत, बैतडीका स्रेस्तेदार जनक बोहराले बताए।

परिवारजनबाट हत्या

दोगडाकेदार गाउँपालिका-२ मल्लाढिककी ४० वर्षीया चन्द्रा महराको २०७८ माघ १८ गते सौता ५५ वर्षीया नारु महराले हत्या गरेको भन्दै पीडितका माइतीपक्षले माघ २२ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। प्रहरीले आरोपितलाई माघ २५ गते घरबाटै गिरफ्तार गऱ्यो। शवको पोष्टमार्टम ०७८ माघ १९ गते जिल्ला अस्पतालमा भयो। पोष्टमार्टमपछि शव माइती पक्ष र स्थानीयले बुझी माघ २० गते सद्गत गरे। प्रहरीले आरोपितविरुद्ध जिल्ला सरकारी वकिल कार्यालयमार्फत माघ २३ गते जिल्ला अदालतमा कर्तव्य ज्यान अन्तर्गत मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश जयानन्द पनेरुको ०७९ कार्तिक ७ गतेको इजलासले आरोपितलाई जन्मकैदको फैसला सुनाएको जिल्ला अदालत, बैतडीका श्रेस्तेदार जनक बोहराले बताए।

स्वास्थ्य सेवाको अवस्था

जिल्लामा एक सरकारी अस्पताल, ६५ स्वास्थ्य चौकी, दुई प्राथमिक स्वास्थ्य केन्द्र, १२ शहरी स्वास्थ्य केन्द्र र आठ सामुदायिक स्वास्थ्य एकाइ छन्। सदरमुकामस्थित सरकारी अस्पतालमा एक जना विशेषज्ञको दरबन्दीमा तीन जना करारमा कार्यरत छन्। तीन जना स्टाफ नर्सको दरबन्दीमा दुई जना अध्ययन विदामा छन्। अस्पतालमा अहिले चार छात्रवृत्ति करारका डाक्टर कार्यरत छन्। अस्पतालले नौ जना स्टाफ नर्स करारमा नियुक्त गरेको छ। अस्पतालको नयाँ भवन बने पनि ५० शैयाको दरबन्दी स्वीकृत हुन सकेको छैन। माग अनुसारको बजेट नआउनु, जनशक्ति तथा आवश्यक औजार-उपकरणको अभावमा सेवा प्रभावित हुने गरेको अस्पतालका प्रमुख डा. दिपेश श्रेष्ठले बताए। स्वास्थ्य कार्यालयका अनुसार दक्ष जनशक्ति र उपकरण अभावका कारण प्रभावकारी प्रसुति सेवा दिन सकिएको छैन। जिल्लास्थित स्वास्थ्य संस्थामा पूर्वाधार अभाव हुनु, बर्थिङ सेन्टरमा औषधि अभाव हुनु, करारमा भर्ना गरिएका जनशक्तिको क्षमता कम हुनु, आकस्मिक औषधि वर्षभरि नै उपलब्ध नहुनु, स्वास्थ्य संस्थाहरूमा स्थानीय तहको अनुगमन संयन्त्र चुस्त नहुनु, निःशुल्क भनिएका औषधि पूर्ण नहुनु लगायतका कारणले जिल्लाको स्वास्थ्य सेवा प्रभावित बन्ने गरेको स्वास्थ्य कार्यालय, बैतडीका प्रमुख योगेश भट्टले बताए। जिल्लामा २१ हजार ८८ परिवारले बीमा गराएर सेवा लिइरहेका छन्। ज्येष्ठ नागरिकका लागि निःशुल्क बीमा कार्यक्रममा पनि ८ हजार ३१ जनाको बीमा गरिएको छ। स्वास्थ्य संस्थाहरूमा औषधि अभाव कायमै छ। औषधि अभाव हुँदा बीमा गराएका व्यक्तिले समेत सबै प्रकारका औषधि निःशुल्क पाउन नसकेको भट्टले बताए।

१० स्थानीय तहमध्ये ७ स्थानीय तहमा शिलान्यास भएका अस्पतालको निर्माण कार्य अझैसम्म सम्पन्न हुन सकेको छैन। दोगडाकेदार गाउँपालिकामा अस्पताल निर्माणको काम सुरु भएको प्रमुख प्रशासकीय अधिकृत रबिन्द्र धामीले बताए। सिगास गाउँपालिकामा डीपीआरको काम सकेर विभागमा पठाएको अध्यक्ष हरिसिंह धामीले बताए। पुचौंडी नगरपालिका र डिलाशैनी गाउँपालिकामा अस्पतालको नाममा प्राप्त जग्गा पायक पर्ने ठाउँमा नभएको भन्दै स्थानीयले विरोध गरेपछि निर्माणको काम अघि बढ्न नसकेको स्वास्थ्य संयोजक बिनोद कुंवरले बताए। पञ्चेश्वर गाउँपालिकामा जग्गा विवादका कारण अस्पताल निर्माया प्रक्रिया सुरु नभएको स्वास्थ्य संयोजक रामसागर सिंहले बताए। सूर्नया गाउँपालिकामा डीपीआरको काम सकिएको स्वास्थ्य संयोजक रामसिंह महराले बताए। शिवनाथ गाउँपालिकामा ठेक्का गरी सम्झौता समेत हुँदा पनि मापदण्ड अनुसार नभएको र विभागले प्रमाणित नै नगरी काम सुरु गर्न खोजेको भन्दै विभागले नै काम रोकेको अध्यक्ष कर्णसिंह साउदले बताए।

प्रतिनिधि सभा तथा प्रदेश सभा निर्वाचन २०७९

यस वर्ष सम्पन्न भएको प्रतिनिधि सभा निर्वाचनमा बैतडी जिल्लामा १ लाख ५० हजार १ सय ५६ मतदाता मध्ये ७७ हजार ४ सय ६०(५१.५८ प्रतिशत) ले मतदान गरे। यसैगरी प्रदेश सभा तर्फ ७७ हजार ३ सय ८४ (५१.५३ प्रतिशत) ले मतदान गरे।

सन् २०२२ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

बाल अधिकार			
घटनाको प्रकार	अनुसन्धान	कानुनी दायरामा ल्याइएका	जम्मा
बलात्कार	१	३	३
यौन दुर्व्यवहार		४	४
जम्मा	१	६	७

महिला अधिकार					
घटनाको प्रकार	अनुसन्धान	मेलमिलाप	मुद्दा टुङ्गिएका	कानुनी दायरामा ल्याइएका	जम्मा
घरेलु हिंसा		३७		१	३८
बहुविवाह	१		१		३
बलात्कार			१	३	३
बलात्कार प्रयास	१				१
जम्मा	३	३७	३	३	४४

मारिएकाको घटना सङ्ख्या			
घटनाको प्रकार	मुद्दा टुङ्गिएका	कानुनी दायरामा ल्याइएका	जम्मा
हत्या	१	५	६

७.५ डडेल्धुरा



जम्मा जनसङ्ख्या	१,३५,४२०
महिला	७३,४५०
प्रतिनिधिसभा निर्वाचन क्षेत्र	१
प्रदेशसभा निर्वाचन क्षेत्र	२
गरिबीको रेखामुनि रहेको सङ्ख्या	६०,५१५
कामका लागि बाहिरिएका	११,६७०
अपाङ्गता भएका	५,१५०
५ वर्षमाथिको साक्षरता प्रतिशत	६५.३
आश्रित जनसङ्ख्या	७१,८२७

घटनाको प्रकार		अन्यपक्षबाट	
		महिला	जम्मा
बाल अधिकार	यौन दुर्व्यवहार	१	१
	जम्मा	१	१
महिला अधिकार	घरेलु हिंसा	४५	४५
	जम्मा	४५	४५
कूल जम्मा		४६	४६

यस वर्ष डडेल्धुरा जिल्लामा ज्यादतीका घटनामा अन्यपक्षबाट ४६ जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा एक जना बालिका तथा महिला अधिकार उल्लङ्घनका घटनामा ४५ जना महिला पीडित भए।

कारागार र बन्दी

१ सय ४० जनाको क्षमता भएको जिल्ला कारागारमा ११ महिला र १ सय ६ जना पुरुष गरी १ सय १७ जना कैदीबन्दी छन्। कैदीबन्दीहरूको स्वास्थ्य परीक्षणका लागि एक स्वास्थ्यकर्मीको दरबन्दी रहेको छ। कैदीबन्दीहरूलाई विभिन्न खाले सीप सिकाइ उनीहरू उत्पादन गरेका सामग्रीको बजारीकरण गर्न कारागार प्रशासनले सहयोग गरिरहेको जेलर दीपेन्द्र ओझाले बताए। प्रतिनिधि सभा तथा प्रदेश सभा निर्वाचनमा ४६ जना कैदीबन्दीले मतदान गरे।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत

एक जना न्यायाधीशको दरबन्दी रहेको जिल्ला अदालतमा यो वर्ष फौजदारी मुद्दातर्फ २५ थान मध्ये ५ थान मुद्दा फैसला भए। देवानी मुद्दातर्फ ४६ थान मध्ये १८ थान मुद्दा फैसला भए। यस अदालतमा दुई वर्ष नाघेका फौजदारी मुद्दा पाँच थान छन्।

बाल अधिकार

शिक्षाको अधिकार

यस जिल्लामा १ सय ९९ आधारभूत र ६९ माध्यमिक विद्यालय छन्। १ हजार १ सय ५७ शिक्षक

दरबन्दी रहेकामा सबै दरबन्दी मिलान भइसकेका छन्। यस वर्ष २२ हजार २ सय १६ बालक र २१ हजार ५ सय ९३ जना बालिका विद्यालय भर्ना भए। जसमा अपाङ्गता भएका २७ बालिका र २९ बालक छन्। जिल्लामा अपाङ्गतामैत्री विद्यालय तीन ओटा छन्। द्वन्द्वपीडित परिवारका तीन जना बालबालिकाले छात्रवृत्ति पाएका छन्। दलित विद्यार्थीमध्ये ५ हजार ८ सय ४९ छात्रा र ५ हजार ७ सय ७२ छात्र रहेका छन्। द्वन्द्वपीडित परिवारका तीन जना बालबालिकाले ५० हजार रुपियाँ छात्रवृत्ति पाए।

यस वर्ष डडेल्धुरा जिल्लामा यौन दुर्व्यवहारका घटनामा एक घटनामा बालिका पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

अभिलेखित घटनामध्ये यौन दुर्व्यवहार घटनाका आरोपितलाई जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा पठायो।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यो वर्ष घरेलु हिंसा पीडित भन्दै ४४ जना महिलाले जिल्ला प्रहरी कार्यालयको महिला तथा बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमा कुटपिट र सामान्य घरायसी झगडाका रहेका उजुरी छन्। यी मध्ये प्रहरीले सबै घटनाहरु मिलापत्र गराएको जिल्ला प्रहरी कार्यालयका डिएसपी मनोहरप्रसाद भट्टले बताए।

यो वर्ष डडेल्धुरा जिल्लामा घरेलु हिंसाका घटनामा ४५ जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

स्वास्थ्य सेवाको अवस्था

जिल्लामा दुई सरकारी अस्पताल, २५ स्वास्थ्य चौकी, प्राथमिक स्वास्थ्य केन्द्र, २३ नगर स्वास्थ्य केन्द्र छन्। सदरमुकामस्थित सरकारी अस्पतालमा १९ जना विशेषज्ञको दरबन्दीमा सबै रिक्त छ। १८ मेडिकल अधिकृतको दरबन्दीमा पाँच जना कार्यरत छन्। १ सय ९ जना स्वास्थ्यकर्मीको दरबन्दीमा ४५ कार्यरत छन्। जिल्लामा ११ हजार ३ सय ४४ जनाले बीमा गराएर सेवा लिइरहेका छन्। ज्येष्ठ नागरिकका लागि निःशुल्क बीमा कार्यक्रममा पनि ३ हजार ९ सय १७ जनाको बीमा गरिएको छ।

समयमै उपचार नपाउदा बालिकाको मृत्यु

भागेश्वर गाउँपालिका-५ सिराडकी पाँच वर्षीया यनुसा थापा मगरको उपचार अभावमा ०७९ जेठ १९ गते मृत्यु भएको परिवारले आरोप लगायो। जेठ १८ गते राति बिरामी भएकी बालिकालाई बिहान ५ बजेतिर उपचारका लागि डडेल्धुरा अस्पतालमा लगिएको भए पनि समयमै डाक्टर नआउँदा बालिकाको मृत्यु भएको मृतकका बुवा प्रकाश थापा मगरले आरोप लगाए। डडेल्धुरा अस्पताल प्रशासनले दुई/तीन दिनदेखि ज्वरो र निमोनियाका कारण बालिकालाई सास फेर्न अप्ठेरो भइरहको अवस्थामा ढिलोगरी अस्पतालमा ल्याएकाले बालिकालाई आइसीयुमा राखेर उपचार गर्दागर्दै मृत्यु भएको जनायो। उक्त घटनाको छानविन गर्न जिल्ला प्रशासन कार्यालयले अस्पतालका मेसु डाक्टर चेतराज भट्टको अध्यक्षतामा गठित छानविन समितिले यो वर्षको अन्त्यसम्म पनि प्रतिवेदन सार्वजनिक गरेन।

प्रतिनिधि सभा तथा प्रदेश सभा निर्वाचन २०७९

यस वर्ष सम्पन्न भएको प्रतिनिधि सभा निर्वाचनमा डडेल्धुरा जिल्लामा ९१ हजार २ सय १ मतदाता मध्ये ५१ हजार २ सय ३ (५६.१४ प्रतिशत) ले मतदान गरे। यसैगरी प्रदेश सभा तर्फ ५१ हजार २ सय ६४ (५६.२० प्रतिशत) ले मतदान गरे।

सन् २०२२ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

बाल अधिकार		
घटनाको प्रकार	**कानुनी दायरामा ल्याइएका**	**जम्मा**
यौन दुर्व्यवहार	१	१

महिला अधिकार		
घटनाको प्रकार	**मेलमिलाप**	**जम्मा**
घरेलु हिंसा	४५	४५

७.६ डोटी



जम्मा जनसङ्ख्या	२,०५,६८३
महिला	१,१०,६१७
प्रतिनिधिसभा निर्वाचन क्षेत्र	१
प्रदेशसभा निर्वाचन क्षेत्र	२
गरिबीको रेखामुनि रहेको सङ्ख्या	१,०१,०००
कामका लागि बाहिरिएका	२३,५४४
अपाङ्गता भएका	७,३०२
५ वर्षमाथिको साक्षरता प्रतिशत	५६.३
आश्रित जनसङ्ख्या	१,१२,७५०

यस वर्ष डोटी जिल्लामा मानव अधिकार उल्लङ्घनका घटनामा राज्यपक्षबाट दुई जना पुरुष तथा ज्यादतीका घटनामा अन्यपक्षबाट ३३ जना महिला र एक जना पुरुष पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा सात जना बालिका तथा महिला अधिकार उल्लङ्घनका घटनामा २६ जना महिला पीडित भए।

कारागार र बन्दी

२५ जनाको क्षमता भएको जिल्ला कारागार, डोटीमा ६८ जना पुरुष कैदीबन्दी रहेका छन्। हरेक महिनाको २७ गते कैदीबन्दीको स्वास्थ्य अवस्था बुझ्न जिल्ला अस्पताल, डोटीबाट डाक्टरहरूको टोली जाने गरेको जिल्ला अस्पताल, डोटीका डाक्टर सुरेश श्रेष्ठले बताए। यस वर्षको प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनमा १८ जना कैदी बन्दीले मतदान गरेको कारागार प्रमुख लालबहादुर बोगटीले बताए।

बाल सुधार गृह

२५ जना क्षमता रहेको बाल सुधार गृहमा ३७ जना बालक छन्। क्षमताभन्दा बढी बालक राख्नुपर्ने भएकाले शौचालय, लुगा धुन नुहाउन पानीको समस्या छ। क्षमताभन्दा बढी बालक राख्दा चिसोको समयमा ओड्ने ओछ्याउने लुगाको समेत अभाव हुने गरेको पाइएको छ।

चार ओटा कोठा मात्रै रहेको बाल सुधार गृह डोटीमा एउटै कोठामा ११ जना बस्नुपर्ने बाध्यता रहेको छ। खेलकुदको व्यवस्थापन, पुस्तकालयको व्यवस्थापन, खानेपानीको व्यवस्थापनका लागि पटकपटक बाल सुधार गृहका बालकहरूले आग्रह गरेको भए पनि कसैले सुनुवाइ नभएको इन्सेक प्रतिनिधिलाई बालकहरूले बताए।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत

एक न्यायाधीश रहेको जिल्ला अदालतबाट यो वर्ष फौजदारी मुद्दा ७७ थानमध्ये २५ थान मुद्दा फैसला भए। देवानी मुद्दातर्फ ४० थानमध्ये २० थान मुद्दा फैसला भए। यस अदालतमा एकवर्ष नाघेका फौजदारी मुद्दा १५ थान छन् भने देवानी मुद्दा आठ थान बाँकी छन्।

घटनाको प्रकार		राज्यपक्षबाट		अन्यपक्षबाट		
		पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
गिरफतारी		२	२			
कुटपिट					१	१
बाल अधिकार	बलात्कार			३		३
	यौन दुर्व्यवहार			४		४
	जम्मा			६		६
महिला अधिकार	घरेलु हिंसा			२१		२१
	बहुविवाह			१		१
	बलात्कार			२		२
	बलात्कार प्रयास			२		२
	जम्मा			१६		१६
कूल जम्मा		२	२	३३	१	३४

उच्च अदालत, डोटी इजलास

उच्च अदालत, दीपायल डोटीमा सात जना न्यायाधीशको दरबन्दी रहेकोमा तीन दरबन्दी रिक्त छन्। उच्च अदालतमा यस वर्षका लागि दुनियावादी देवानीका १ सय १७ थान, दुनियावादी फौजदारीका ४६ थान, सरकारवादी फौजदारीका ५ सय १७ थान र सुरू क्षेत्राधिकारबाट ११ थान मुद्दा जिम्मेवारी सरेका थिए।

बाल अधिकार

शिक्षाको अवस्था

यस जिल्लामा २ सय ९२ आधारभूत र ९५ माबि छन्। ९ सय ६२ शिक्षक दरबन्दी रहेकामा ६ ओटा स्थानीय तहमा दरबन्दी मिलान हुन यस वर्ष पनि बाँकी रहेको छ। यस वर्ष जम्मा ६६ हजार ७ सय ९३ बालबालिका विद्यालय भर्ना भए। जिल्लामा अपाङ्गतामैत्री विद्यालय ७५ ओटा छन्। द्वन्द्वपीडित परिवारका २७ जना बालबालिकाले छात्रवृत्ति पाएका छन्। यस वर्ष जिल्लाभर ९ हजार ५ सय १७ दलित बालक र १० हजार ३ सय १६ दलित बालिका विद्यालय भर्ना भए। स्थानीय तह निर्वाचनका कारण विद्यालय भर्ना अभियान यस वर्ष प्रभावकारी नभएको जिल्ला शिक्षा समन्वय एकाइका सूचना अधिकारी अम्बादत्त भट्टले बताए। यस वर्ष पनि समयमै विद्यालयमा पाठ्यपुस्तक नपुगेको र विषयगत शिक्षकको अभाव रहेको उनले बताए।

यस वर्ष डोटी जिल्लामा यौन दुर्व्यवहारका घटनामा चार र बलात्कारका घटनामा तीन जना बालिका पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

अभिलेखित घटनामध्ये बलात्कारका एक घटनाका आरोपितहरूलाई जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा पठायो भने एक घटनाका आरोपितलाई धरौटीमा रिहा गऱ्यो। एक घटनाका आरोपितलाई अदालतले सफाइ दियो। यौन दुर्व्यवहारका तीन घटनाका आरोपितलाई अदालतले पुर्पक्षका लागि थुनामा पठायो भने एक आरोपित वर्षको अन्त्यसम्म गिरफ्तार भएनन्।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यस वर्ष घरेलु हिंसा पीडित भन्दै जिल्ला प्रहरी कार्यालयको महिला बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा २५ ओटा उजुरी दर्ता भए। जसमा २० उजुरीमा मेलमिलाप भएको र पाँच उजुरी अदालत पठाएको महिला बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रका प्रमुख सई राम नाथले बताए।

यस वर्ष डोटी जिल्लामा बलात्कारका घटनामा दुई, बलात्कार प्रयासका घटनामा दुई र बहुविवाहका घटनामा एक जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

अभिलेखित घटनामध्ये बलात्कारका दुई घटनाका आरोपितलाई जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा पठायो। बलात्कार प्रयासका दुई घटनाका आरोपितलाई अदालतले पुर्पक्षका लागि थुनामा पठायो। बहुविवाहका एक घटनाका आरोपित वर्षको अन्त्यसम्म गिरफ्तार भएनन्।

स्वास्थ्य सेवाको अवस्था

जिल्लामा दुई सरकारी अस्पताल, तीन सामुदायिक अस्पताल, ४९ स्वास्थ्यचौकी र नौ नगर स्वास्थ्य केन्द्र छन्। सदरमुकामस्थित सरकारी अस्पतालमा एक जना विशेषज्ञको दरबन्दीमा एक जनाको दरबन्दी रिक्त छ। जिल्ला अस्पताल डोटीको जम्मा ३१ जना दरबन्दीमा १८ जना कार्यरत छन्।

प्राकृतिक प्रकोप

पूर्वीचौकी गाउँपालिका-३ गैरागाउँमा यस वर्ष कात्तिक १६ गते बिहान २:१३ मा खप्तड राष्ट्रिय निकुञ्ज केन्द्रबिन्दु भएको ६.६ रेक्टर स्केलको भूकम्पमा परी ६ जनाको मृत्यु र पाँच जना घाइते

भए। भूकम्पमा पूर्वीचौकी गाउँपालिका-३ ठाडागाउँकी ३८ वर्षीया भगवती बोहरा, उनकी १३ वर्षीया छोरी सीता बोहरा र सात वर्षीय छोरा हर्क बोहरा, सोही ठाँउका ४५ वर्षीय प्रेम बोहरा, उनकी १२ वर्षीया छोरी तुलसी बोहरा, १७ वर्षीया धनसरी बोहराको मृत्यु भयो। सोही ठाँउका ४५ वर्षीय माहाबिर बोहरा, ४० वर्षीया इन्नरी बोहरा, ४५ वर्षीया बिस्नादेवी बोहरा, ४६ वर्षीय चन्नरीदेवी बोहरा र ११ वर्षीया धौली बोहरा घाइते भए।

प्रतिनिधि सभा तथा प्रदेश सभा निर्वाचन २०७९

यस वर्ष सम्पन्न भएको प्रतिनिधि सभा निर्वाचनमा डोटी जिल्लामा १ लाख २४ हजार ८ सय ७० मतदाता मध्ये ६३ हजार ५ सय ५२ (५०.८९ प्रतिशत) ले मतदान गरे। यसैगरी प्रदेश सभा तर्फ ६३ हजार ५ सय ५६ (५०.८९ प्रतिशत) ले मतदान गरे।

सन् २०२२ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

बाल अधिकार			
घटनाको प्रकार	अनुसन्धान	कानुनी दायरामा ल्याइएका	जम्मा
बलात्कार		३	३
यौन दुर्व्यवहार	१	३	४
जम्मा	१	६	७

महिला अधिकार				
घटनाको प्रकार	मेलमिलाप	अनुसन्धान	कानुनी दायरामा ल्याइएका	जम्मा
घरेलु हिंसा	१९		२	२१
बहुविवाह		१		१
बलात्कार			२	२
बलात्कार प्रयास			२	२
जम्मा	१९	१	६	२६

७.७ अछाम



जम्मा जनसङ्ख्या	२,२५,८१६
महिला	१,२३,५७६
प्रतिनिधिसभा निर्वाचन क्षेत्र	२
प्रदेशसभा निर्वाचन क्षेत्र	४
गरिबीको रेखामुनि रहेको सङ्ख्या	१,२०,५३१
कामका लागि बाहिरिएका	३१,०१५
अपाङ्गता भएका	८,६०२
५ वर्षमाथिको साक्षरता प्रतिशत	५५.७
आश्रित जनसङ्ख्या	१,४४,५६५

यस वर्ष अछाम जिल्लामा ज्यादतीका घटनामा अन्यपक्षबाट ४५ जना महिला र २३ जना पुरुष पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा ६ जना बालिका तथा महिला अधिकार उल्लङ्घनका घटनामा ३३ जना महिला पीडित भए।

नागरिक तथा राजनीतिक अधिकार सम्मानित रूपले बाँच्न पाउने अधिकार

हत्या

अन्यपक्षबाट

पञ्चदेवल विनायक नगरपालिका-४ कालिकास्थानका १६ वर्षीय विनोद शाही २०७९ जेठ १७ गते बेलुकीबाट सम्पर्कविहीन भएकोमा जेठ २१ गते सोही नगरपालिका-३ को पञ्चदेवल क्याम्पस नजिकको खोचमा उनको शव फेला पऱ्यो। शाहीको हत्या गरेको भन्दै पञ्चदेवल विनायक नगरपालिकाकी प्रमुख पञ्चदेवल विनायक नगरपालिका-४ की ३४ वर्षीया अम्बिकाकुमारी चलाउने, सोही वडाका ५० वर्षीय नेत्रबहादुर शाही र हत्यामा संलग्न रहेको भन्दै सोही वडाका ७० वर्षीय सज्जनबहादुर शाही, २८ वर्षीय देवेन्द्रबहादुर शाही, २२ वर्षीय महेन्द्रबहादुर शाही ४५ वर्षीय अक्कलबहादुर शाही, ३८ वर्षीय पृथ्वीबहादुर शाही, २५ वर्षीया दानमती बम शाही, ५० वर्षीया द्रोपति शाही, ६५ वर्षीय कर्णबहादुर शाही, २८ वर्षीय विरेन्द्रबहादुर शाही, २७ वर्षीया शान्ति शाही र ३२ वर्षीय रामबहादुर शाहीविरुद्ध मृतकका आफन्तले जेठ २२ गते जिल्ला प्रहरी कार्यालयमा किटानी उजुरी दिए पनि जिल्ला प्रहरी कार्यालयले उजुरी दर्ता गरेन। जिल्ला प्रहरी कार्यालयले उजुरी दर्ता नगरेपछि पीडित पक्षले जिल्ला सरकारी वकिल कार्यालयमा उजुरी दियो।

घटनाका आरोपित पञ्चदेवल विनायक नगरपालिकाका प्रमुख अम्बिका र स्थानीय नेत्रबहादुरले जिल्ला प्रहरी कार्यालयमा असार १८ गते आत्मसमर्पण गरे। जिल्ला प्रहरी कार्यालयमा आत्मसमर्पण गरेका नगरप्रमुख अम्बिका र स्थानीय नेत्रबहादुर शाही विरुद्ध

घटनाको प्रकार		अन्यपक्षबाट		
		महिला	पुरुष	जम्मा
कुटपिट		३	१९	३१
घाइते			१	१
हत्या		३	३	६
जातीय विभेद		१		१
बाल अधिकार	बलात्कार	४		४
	यौन दुर्व्यवहार	३		३
	जम्मा	६		६
महिला अधिकार	घरेलु हिंसा	३४		३४
	बहुविवाह	१		१
	बलात्कार	५		५
	बलात्कार प्रयास	३		३
	यौन दुर्व्यवहार	१		१
	जम्मा	३३		३३
कूल जम्मा		४५	३३	६८

कर्तव्य ज्यान अन्तर्गत प्रहरीले जिल्ला सरकारी वकिल कार्यालयमा मुद्दा दर्ता गरेको भए पनि जिल्ला सरकारी वकिल कार्यालयका सहायक जिल्ला न्यायाधीवक्ता कौशलप्रसाद ढुङ्गानाले असार २२ गते प्रमाण नपुगेको भन्दै मुद्दा नचल्ने निर्णय गरे भने अन्य १० जनाका विरुद्ध जिल्ला अदालतमा कर्तव्य ज्यान अन्तर्गत मुद्दा दर्ता भयो। जिल्ला अदालतका निमित्त स्रेस्तेदार नारायण पौडेलको असार २४ गतेको इजलासले आरोपितमध्येका पृथ्वी, महेन्द्र, देवेन्द्र र वीरेन्द्रलाई पुर्पक्षका लागि थुनामा राख्न आदेश दियो। घटनाका अन्य ६ जना आरोपित यो वर्षको अन्त्यसम्म पनि गिरफ्तार भएनन्। घटना जिल्ला अदालत, अछाममा विचाराधीन छ।

घटनामा संलग्न व्यक्तिहरू गिरफ्तार नभएसम्म शव घटनास्थलबाट नउठाउने पीडित पक्षको आडनपछि घटनाका आरोपित पञ्चदेवल विनायक नगरपालिका-४ का ४० वर्षीय सुरतबहादुर शाही, ३२ वर्षीय रामबहादुर शाही, ३२ वर्षीय मिलन शाही, २८ वर्षीय देवेन्द्र शाही र २२ वर्षीय महेन्द्र शाहीलाई प्रहरीले जेठ २४ गते घरबाट गिरफ्तार गऱ्यो। घटना संलग्न भएको आरोपमा पाँच जनालाई गिरफ्तार गरेपछि जेठ २६ गते जिल्ला अस्पतालमा शवको पोष्टमार्टम गरी परिवार तथा आफन्तले बुझेर दाहसंस्कार गरे। गिरफ्तार गरिएकामध्ये मिलन र सुरतलाई प्रहरीले २५ गते हिरासत मुक्त गऱ्यो भने अन्य दुई जना आरोपित पृथ्वी शाही र वीरेन्द्र शाहीलाई प्रहरीले असार २ गते गिरफ्तार गऱ्यो।

आरोपितलाई कारबाहीको माग राखी पीडित पक्षले जेठ २१ गतेबाट असार १० गतेसम्म पञ्चदेवल विनायक नगरपालिकामा तालाबन्दी गरेपछि कामकाज प्रभावित भयो। कानुनी कारबाहीको मागसहित सरकारी वकिल कार्यालय अगाडि पीडित पक्षले असार २१ गते प्रदर्शन गर्दा प्रहरी र प्रदर्शनकारीबिच झडप भयो। झडपमा जिल्ला प्रहरी कार्यालय अछाममा कार्यरत २९ वर्षीय भोलानाथ शर्मा, २२ वर्षीय निर्मला ऐर, ३८ वर्षीय वीरजित चँदारा, ४० वर्षीय इन्द्रबहादुर थापा, २४ वर्षीय धर्मबहादुर रोकाया, २३ वर्षीय प्रेमबहादुर धामी, गङ्गाराम जैसी, लक्ष्मण रावल, महेशसिंह कुँवर, सन्दीप शाही, इन्द्र बोहरा र दीपक मग्राती घाइते भए। प्रदर्शनकारीतर्फ पञ्चदेवल विनायक नगरपालिका-४ का ३० वर्षीय बखतबहादुर शाही, २९ वर्षीय डम्बर शाही, १७ वर्षीय रोशन शाही, २६ वर्षीया प्रतिभा शाही, २३ वर्षीय विकास शाही, २३ वर्षीया कल्पना शाही, सोही नगरपालिका-३ का ३१ वर्षीय पदम आउजी, सोही नगरपालिका-२ का १९ वर्षीय रोशन न्यौपाने, मङ्गलसेन नगरपालिका-४ का २८ वर्षीय मुक्तिनाथ बोहरा, सोही नगरपालिका-५ का २८ वर्षीय सिद्धप्रसाद ढुङ्गाना घाइते भए। सबै घाइतेको उपचार असार २१ गते जिल्ला अस्पताल, अछाममा भयो।

कारागार र बन्दी

२५ जना महिला र ५० जना पुरुष क्षमताको जिल्ला कारागार, अछाममा ८० जना पुरुष र ६ जना महिला गरी ८६ जना कैदीबन्दी छन्। कारागारमा चार वर्षीया बालिका र तीन वर्षीय बालक आश्रित छन्। कैदीबन्दीहरूको स्वास्थ्य परीक्षणका लागि एक जना अहेवको दरबन्दी रहेको छ। खानेपानी अभाव, कारागार वरिपरिको घेराबार नहुनु र बाजुराका महिला कैदीबन्दी अछाममा राख्नुपर्ने भएकोले उनीहरूलाई बाजुरा अदालत लान र ल्याउन आफ्नो सवारी साधन नहुँदा समस्या भएको जेलर उष्म थापाले बताए। प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनमा कारागारका सात जना कैदीबन्दीले मतदान गरे।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत

एक न्यायाधीश दरबन्दी रहेको जिल्ला अदालतमा यो वर्ष फौजदारी मुद्दातर्फ ६६ थानमध्ये २५

थान मुद्दा फैसला भए। देवानी मुद्दातर्फ ५६ थानमध्ये ३० थान मुद्दा फैसला भए। यस अदालतमा दुई वर्ष नाघेका कुनै मुद्दा छैनन्।

बाल अधिकार

शिक्षाको अवस्था

यस जिल्लामा ३ सय ७६ आधारभूत र ९९ माध्यमिक विद्यालय छन्। १ हजार ४६ शिक्षक दरबन्दी रहेकोमा सो पुर्ति भई थप ७ सय ४८ जना राहतमा कार्यरत रहेका छन्। यस वर्ष ४७ हजार ८ सय ४५ बालिका र ४४ हजार ९ सय ६५ बालक गरेर जम्मा ८७ हजार ८ सय १० जना विद्यालय भर्ना भए। जसमा अपाङ्गता भएका १ सय ५८ बालिका र १ सय २२ बालक छन्। यस वर्ष जिल्लाभर १३ हजार ५ सय ३ दलित बालक र १३ हजार ५ सय ९३ दलित बालिका विद्यालय भर्ना भए। जिल्लामा अपाङ्गतामैत्री स्रोत कक्षा ३ ओटा छन्। द्वन्द्वपीडित परिवारका ५० बालक र ६७ बालिका रहेका गरेर १ सय १७ जनाले गएको वर्ष छात्रवृत्ति पाए। यसवर्ष १ सय ८८ जनाको आवेदन आएको र त्यसको छानविन प्रक्रियामा रहेको शिक्षा विकास तथा समन्वय ईकाई अछामका निमित्त प्रमुख मदनबहादुर विष्टले बताए।

यस वर्ष अछाम जिल्लामा यौन दुर्व्यवहारका घटनामा दुई र बलात्कारका घटनामा चार जना बालिका पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

अभिलेखित घटनामध्ये बलात्कारका तीन घटनाका आरोपितहरूलाई जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा पठायो भने एक घटनाका आरोपित वर्षको अन्त्यसम्म प्रहरी अनुसन्धानमै रहे। यौन दुर्व्यवहारका एक घटनाका आरोपितलाई अदालतले बाल सुधार गृह पठायो भने एक घटनाका आरोपित वर्षको अन्त्यसम्म प्रहरी अनुसन्धानमै रहे।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यो वर्ष घरेलु हिंसा पीडित भएको भन्दै ३१ जना महिलाले जिल्ला प्रहरी कार्यालयको महिला तथा बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमा पतिपत्नीका घरझगडा र कुटपिटका २९ र सामान्य घरायसी झगडाका दुई उजुरी छन्। यीमध्ये २३ घटनामा मिलापत्र भयो भने आठ ओटा घटना कानुनी प्रक्रियामा गएको सेवा केन्द्रका प्रहरी जवान निर्मला चन्दले जानकारी दिइन्। मिलापत्र गराएकाहरू दोहोऱ्याएर नआएको चन्दले बताइन्।

यस वर्ष अछाम जिल्लामा घरेलु हिंसाका घटनामा २४, बलात्कारका घटनामा पाँच, बलात्कार प्रयासका घटनामा दुई र बहुविवाहका घटनामा एक जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

अभिलेखित घटनामध्ये बलात्कारका दुई घटनाका आरोपितलाई जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा पठायो भने एक घटनाका आरोपितलाई कैद तथा जरिबानाको फैसला सुनायो। दुई घटनाका आरोपितलाई अदालतले सफाइ दियो। एक घटनाका आरोपितलाई अदालतले धरौटीमा रिहा गर्ने आदेश दिएकोमा तोकिएको धरौटी रकम बुझाउन नसकेपछि थुनामा पठायो। एक घटनाका आरोपित वर्षको अन्त्यसम्म गिरफ्तार भएनन्। बलात्कार प्रयासका एक घटनाका आरोपितलाई अदालतले सफाइ दियो भने एक घटनाका आरोपित वर्षको अन्त्यसम्म प्रहरी अनुसन्धानमै रहे। बहुविवाहका एक घटनाका आरोपितलाई अदालतले पुर्पक्षका लागि थुनामा पठायो भने एक घटनाका आरोपितलाई सफाइ दियो। बलात्कारको एक घटनामा झुठो उजुरी दिएको आरोपमा पीडित भनिएकी महिलालाई अदालतले कैद सजायको फैसला सुनायो भने आरोपित भनिएका व्यक्तिलाई सफाइ दियो।

बलात्कार, बलात्कार प्रयास, दुर्व्यवहार

२८ वर्षीया महिलालले आफूलाई पतिले २०७८ पुस २५ गते वैवाहिक बलात्कार गरेको आरोपमा पुस २७ गते जिल्ला प्रहरी कार्यालयको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दिइन्। पीडितको स्वास्थ्य परीक्षण पुस २७ गते जिल्ला अस्पतालमा भयो। प्रहरीले आरोपितलाई पुस २७ गते घरबाट गिरफ्तार गऱ्यो। प्रहरीले आरोपितिवरुद्ध जिल्ला सरकारी वकिल कार्यालयमार्फत माघ १६ गते वैवाहिक बलात्कार अन्तर्गत जिल्ला अदतालमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदातलको माघ १६ गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। जिल्ला न्यायाधीश पिताम्बर शर्माको ०७९ भदौ २० गतेको इजलासले आरोपितलाई १ वर्ष कैद र ५० हजार रुपियाँ क्षतिपूर्ति दिनुपर्ने फैसला सुनायो।

१९ वर्षीया युवतीलाई २०७८ माघ १५ गते बलात्कार गरेको आरोपमा रामारोशन गाउँपालिका-६ भाटाकाटियाका २० वर्षीय नन्दराम खनाल विरुद्धमा पीडित पक्षले माघ १७ गते जिल्ला प्रहरी कार्यालयमा

उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण माघ १७ गते जिल्ला अस्पताल, मंगलसेनमा भयो। प्रहरीले आरोपितलाई माघ १८ गते कमलबजार नगरपालिका-६ गैरीटाँड बजारबाट गिरफ्तार गऱ्यो। प्रहरीले आरोपितविरुद्ध जिल्ला सरकारी वकिल कार्यालयमार्फत फागुन १० गते जबरजस्तीकरणी अन्तर्गत जिल्ला अदालतमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश नविनकुमार जोशीको चैत १४ गतेको इजलासले आरोपितलाई सफाइ दियो भने भुट्टो मुद्दा दिएको कसुरमा पीडित भनिएकी युवतीलाई तीन वर्ष ६ महिनाको कैद फैसलाको सजाय सुनायो। घटनाका आरोपितलाई माग दावी अनुसार फैसला नभएको भन्दै जिल्ला सरकारी वकिल कार्यालयले चैत २२ गते उच्च अदालत दीपायलमा पुनरावेदनका लागि पठाएको नायब सुब्बा खेमराज पुनमगरले जानकारी दिए।

सबै प्रकारका जातीय विभेद

साँफेबगर नगरपालिका-७ की ४४ वर्षीया राधिका भुजेललाई २०७९ वैशाख ३० गते सार्वजनिक स्थानमा जातीय विभेद गरी कुटपिट गरेको भन्दै सोही ठाउँका ३५ वर्षीय हिक्मत कडायत, ४० वर्षीय शिव कडायत, ३२ वर्षीय प्रकाश कडायत, ३५ वर्षीया धनकला कुमाल र ५२ वर्षीय गोविन्दबहादुर शाह विरुद्ध पीडितले जेठ ९ गते जिल्ला सरकारी वकिल कार्यालयमार्फत जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन् । साँफेबगर नगरपालिकामा रहेको सरस्वती आधारभूत विद्यालयको मतदान केन्द्रमा आफूलाई अपशब्दसहित जातीय विभेद गरी कुटपिट गर्दा बायाँ हात भाँचिएकोले जेठ ८ गते आरोपित विरुद्ध उजुरी दिन जिल्ला प्रहरी कार्यालयमा जाँदा प्रहरीले उजुरी नलिएको पीडितले बताइन्। पीडितको उपचार जेठ ३ गते जिल्ला अस्पताल, अछाममा भयो। सरकारी वकिल कार्यालयमार्फत घटनालाई अछाम प्रहरीले साउन २४ गते अदालतमा पेश गऱ्यो। आरोपित गिरफ्तार नभए पनि अदातलमा उपस्थित भए। न्यायाधीश पिताम्बर शर्माको इजलासले आरोपित मध्येका गोविन्दबहादुर शाहलाई भदौ १९ गते साधारण तारेखमा रिहा गर्न आदेश गऱ्यो। आरोपितमध्ये हिक्मत कडायतलाई भदौ २९ गते एकलाख रुपियाँ धरौटी, धनकला कुमाललाई १ लाख रुपियाँ धरौटी, असोज २ गते र प्रकाश कडायत र शिव कडायतलाई असोज ९ गतेको आदेश अनुसार जनही १ रुपियाँ धरौटी तारेखमा रिहा गर्न अदालतले आदेश दियो। मुद्दा अछाम अदालतमा विचाराधीन छ।

स्वास्थ्य सेवाको अवस्था

जिल्लामा एक सरकारी, एक सामुदायिक अस्पताल, ७२ स्वास्थ्य चौकी, दुई प्राथमिक स्वास्थ्य केन्द्र, दुई नगर स्वास्थ्य केन्द्र छन्। सदरमुकामस्थित सरकारी अस्पतालमा एक जना विशेषज्ञको दरबन्दी रिक्त छ। १२ जना स्वास्थ्यकर्मीको दरबन्दीमा चार जना मात्रै स्थायी छन् भने ३६ जना करारमा कार्यरत छन्। दरबन्दीमा स्वास्थ्यकर्मी नआउने, आएपनि चाँडै सरुवा हुने, अन्यत्रबाट अछाममा सरुवा भए पनि अन्तै मिलाएर जाने, लामो समयसम्म अध्ययन र अन्य बिदामा बस्ने समस्या अछामको स्वास्थ्य क्षेत्रले झेलिरहेको छ। जिल्लामा ६१ हजार ८ सय ६१ जनाले बीमा गराएर सेवा लिइरहेका छन्। ज्येष्ठ नागरिकका लागि निःशुल्क बीमा कार्यक्रममा पनि ७ हजार ४ सय ३९ जनाको बीमा गरिएको छ।

२०७७ मङ्सिर १५ गते शिलान्यास भएका १५ र १० शैयाका छ। अस्पतालमध्ये हालसम्म कुनै अस्पताल पूरा भएका छैनन्। चौरपाटी, बान्नीगढी जयगढ गाउँपालिकाका १५/१५ शैया, तुर्माखाँद, ढकारी गाउँपालिका, कमलबजार र पञ्चदेवल विनायक नगरपालिकामा १०/१० शैयाका अस्पताल निर्माणको प्रारम्भमा छन्। निर्माणको जिम्मा पाएका ठेकेदारहरूको कारण निर्माणमा सुस्त गति भएको सम्बन्धित स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृतहरूको भनाइ छ।

प्रतिनिधि सभा तथा प्रदेश सभा निर्वाचन २०७९

यस वर्ष सम्पन्न भएको प्रतिनिधि सभा निर्वाचनमा अछाम जिल्लामा १ लाख ५८ हजार ६ सय ५७ मतदाता मध्ये ८३ हजार १ सय २७ (५२.३९ प्रतिशत) ले मतदान गरे। यसैगरी प्रदेश सभा तर्फ ८२ हजार ९ सय ३६ (५२.२७ प्रतिशत) ले मतदान गरे।

सन् २०२२ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

बाल अधिकार			
घटनाको प्रकार	अनुसन्धान	कानुनी दायरामा ल्याइएका	जम्मा
बलात्कार	१	३	४
यौन दुर्व्यवहार	१	१	२
जम्मा	२	४	६

महिला अधिकार					
घटनाको प्रकार	अनुसन्धान	मेलमिलाप	मुद्दा टुङ्गिएका	कानुनी दायरामा ल्याइएका	जम्मा
घरेलु हिंसा		१८		८	२४
बहुविवाह	१				१
बलात्कार	१		१	३	५
बलात्कार प्रयास	१				१
यौन दुर्व्यवहार			१		१
जम्मा	३	१८	२	१०	३३

मारिएकाको घटना सङ्ख्या				
घटनाको प्रकार	मुद्दा टुङ्गिएका	अनुसन्धान	कानुनी दायरामा ल्याइएका	जम्मा
हत्या	१	३	२	६

७.८ कैलाली



जम्मा जनसङ्ख्या	५,११,१५५
महिला	४,७१,३६३
प्रतिनिधिसभा निर्वाचन क्षेत्र	५
प्रदेशसभा निर्वाचन क्षेत्र	१०
गरिबीको रेखामुनि रहेको सङ्ख्या	२,५६,८२१
कामका लागि बाहिरिएका	६२,६४४
अपाङ्गता भएका	१५,३७८
५ वर्षमाथिको साक्षरता प्रतिशत	६६.३
आश्रित जनसङ्ख्या	३,५२,६६०

यस वर्ष कैलाली जिल्लामा मानव अधिकार उल्लङ्घनका घटनामा राज्यपक्षबाट सात जना पुरुष तथा ज्यादतीका घटनामा अन्यपक्षबाट २ सय ९१ जना महिला र २० जना पुरुष पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा ४० जना बालिका तथा महिला अधिकार उल्लङ्घनका घटनामा २ सय ४२ जना महिला पीडित भए।

कुटपिट/ घाइते / दुर्व्यवहार

राज्य पक्षबाट

कञ्चनपुर जिल्ला बेलडाँडी गाउँपालिका-१ बेलडाँडीका २८ वर्षीय नरेश गिरीलाई २०७९ भदौ १८ गते कुटपिट गरी दुर्व्यवहार गरेको भन्दै गेटा विमानस्थलका सुरक्षा गार्ड प्रहरी हवल्दार कृष्ण पाण्डे विरुद्ध पीडित पक्षले भदौ १८ गते राष्ट्रिय मानव अधिकार आयोग, सुदूरपश्चिम प्रदेश कार्यालयमा उजुरी दियो। राष्ट्रिय मानव अधिकार आयोगले घटनाबारे जिल्ला प्रहरी कार्यालय र जिल्ला प्रशासन कार्यालय, कैलालीको ध्यानाकर्षण गरायो। प्रहरीले घटनाको अनुसन्धान गरी आरोपितलाई भदौ २६ गते विभागीय कारबाही गरेको आयोगका मानव अधिकार अधिकृत विदेशराम चौधरीले बताए। काठमाडौँ जाने क्रममा चेकजाँच गर्दा पीडितको झोलामा ३ लाख रुपियाँ भेटिएको भन्दै विवाद भएको थियो।

अन्यपक्षबाट

कञ्चनपुर जिल्ला कृष्णपुर नगरपालिका-४ का पचमुडिया सवडिभिजन कार्यालयका सहायक वन अधिकृत ३२ वर्षीय विश्वराज पण्डितलाई माघ १७ गते मोसो दलेको आरोपमा कैलारी गाउँपालिका-१ का ३६ वर्षीय पहल पुनमगरविरुद्ध पीडित पक्षले माघ १८ गते जिल्ला प्रहरी कार्यालय, कैलालीमा उजुरी दियो। प्रहरीले आरोपितलाई माघ २५ गते कैलारी गाउँपालिकास्थित हसुलियाबाट गिरफ्तार गऱ्यो। प्रहरीले आरोपितविरुद्ध जिल्ला प्रशासन कार्यालयमा माघ २६ गते सार्वजनिक मुद्दा दर्ता गऱ्यो। जिल्ला प्रशासन कार्यालयको फागुन २० गतेको आदेशले आरोपित ३ हजार रुपियाँ धरौटीमा रिहा भएको जिल्ला प्रशासन कार्यलय, मुद्दा फाँटका दुर्गादत्त जोशीले बताए। मुद्दा

जिल्ला प्रशासन कार्यालयमा विचाराधीन अवस्थामा रहेको छ।

पेट्रोलियम पदार्थको मूल्यवृद्धिको विरोधमा प्रदर्शनरत नेकपा एमाले कार्यकर्ता र प्रहरीबीच २०७८ माघ १९ गते झडप हुँदा वडा प्रहरी कार्यालय, धनगढीमा कार्यरत इन्स्पेक्टर ३२ वर्षीय गौरीशंकर जैसी घाइते भए। घाइते जैसीको उपचार सेती प्रादेशिक अस्पताल, धनगढीमा भयो।

घटनाको प्रकार		राज्यपक्षबाट		अन्यपक्षबाट		
		पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
गिरफ्तारी		४	४			
कुटपिट		१	१		३	३
कारागारमा मृत्यु		२	२			
अमानवीय व्यवहार					१	१
घाइते				३	९	१२
हत्या				६	५	११
धम्की					२	२
बाल अधिकार	बेचबिखन तथा ओसारपसार			३		३
	बलात्कार			३९		३९
	यौन दुर्व्यवहार			८		८
	जम्मा			४०		४०
महिला अधिकार	घरेलु हिंसा			३३१		३३१
	'बोक्सी'को आरोपमा			१		१
	बहुविवाह			२		२
	बलात्कार			१७		१७
	बलात्कार प्रयास			१		१
	जम्मा			३४२		३४२
कूल जम्मा		७	७	३९१	३०	३११

कारागार र बन्दी

१ सय ५० जनाको क्षमता भएको जिल्ला कारागार, कैलालीमा ३३ महिला र ५ सय ८३ जना पुरुष गरी ६ सय १६ जना कैदी/बन्दी रहेका छन्। कारागारमा आश्रित बालक एक र बालिका दुई जना रहेका छन्। कारागार भित्र दक्ष स्वास्थ्यकर्मीको दरबन्दी खाली हुँदा सामान्य उपचारका लागि पनि सेती प्रादेशिक अस्पताल लैजानुपर्ने बाध्यता रहेको जिल्ला कारागार निमित्त प्रमुख नरबहादुर थापाले बताए। गत २०७९ मंसिर ४ गते सम्पन्न भएको निर्वाचनमा कारागारमा रहेका ३४ जनाले मतदान गरे।

कारागारमा कैदीबन्दीको मृत्यु

घोडाघोडी नगरपालिका-३ का २० वर्षीय श्यामबहादुर थापामगरको फागुन २२ गते कैलाली कारागारमा थुनुवा रहेको अवस्थामा बिरामी भएर उपचारको लागि सेती प्रादेशिक अस्पताल, धनगढीमा उपचारको क्रममा मृत्यु भयो। फागुन १९ गते स्वास्थ्यमा समस्या देखिएपछि अस्पताल लगिएकोमा उपचारको क्रममा फागुन २२ गते मृत्यु भएकोमा सोही दिन शवको पोष्टमार्टम गरी आफन्तलाई बुझाइएको कारागारका प्रमुख तेकबहादुर किमाडीले बताए। श्यामबहादुर मानसिक बिरामी र छाती दुख्ने समस्या थियो।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत

चार न्यायाधीश दरबन्दी रहेको जिल्ला अदालतमा सबै न्यायाधीश कार्यरत रहेका छन्। यो वर्ष फौजदारी मुद्दातर्फ ८ सय थान मध्ये ३ सय २५ थान मुद्दा फैसला भए। देवानी मुद्दातर्फ ९ सय ४३ थान मध्ये ३ सय ४९ थान मुद्दा फैसला भए। यस अदालतमा दुई वर्ष नाघेका फौजदारी मुद्दा ३६ थान छन् भने देवानी मुद्दा ४९ थान मुद्दा फैसला हुन बाँकी छ।

बाल अधिकार

शिक्षाको अवस्था

यस जिल्लामा २ सय ५६ आधारभूत र १ सय १८ माध्यमिक विद्यालय छन्। विभिन्न तहका सामुदायिक विद्यालय ५ सय ७२ र संस्थागत ३ सय ६२ गरी जिल्लामा ९ सय ३४ विद्यालय रहेका छन्। १ हजार ४ सय ५६ शिक्षक दरबन्दी रहेकामा १ हजार ५ सय ३ ओटा दरबन्दी मिलान हुन बाँकी रहेको छ। जिल्लामा २ लाख ६३ हजार ३ सय ५५ विद्यार्थीमध्ये

१ लाख २९ हजार ५७ छात्रा र १ लाख ३४ हजार २ सय ९८ छात्र अध्ययनरत छन्। जसमा ३ हजार १ सय १४ दलित विद्यार्थीमध्ये १ हजार ६ सय ८३ छात्रा र १ हजार ४ सय ३१ छात्र छन्। अपाङ्गता भएका २ सय ८८ विद्यार्थीमध्ये ७३ छात्रा र २ सय १२ छात्र छन्। वैदेशिक रोजगारीमा गएर मृत्यु भएका परिवारका ३७ जना बालबालिका मध्ये आधारभूत तहमा प्रति विद्यार्थी ८ हजार रुपियाँ र माध्यमिक तहकाले १२ हजार रुपियाँ छात्रवृत्ति पाएका छन्। सहिद परिवारका ११ जनाले तह अनुसार १८ हजारदेखि २४ हजार र द्वन्द्वपीडित परिवारका ९७ बालबालिकालाई तह अनुसार १८ हजारदेखि २४ हजार रुपियाँ छात्रवृत्ति प्रदान गरिएको जिल्ला शिक्षा समन्वय एकाइका कम्प्युटर अपरेटर केशवराज जोशीले बताए ।

यस वर्ष कैलाली जिल्लामा यौन दुर्व्यवहारका घटनामा आठ, बलात्कारका घटनामा २९, बेचबिखन तथा ओसारपसारका घटनामा तीन र बलात्कार पछि हत्याका घटनामा दुई जना बालिका पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

अभिलेखित घटनामध्ये बलात्कारका १८ घटनाका आरोपितहरूलाई जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा पठायो भने एक घटनाका आरोपितलाई बाल सुधार गृहमा पठायो। पाँच घटनाका आरोपितलाई अदालतले धरौटीमा रिहा गऱ्यो भने एक घटनाका आरोपित वर्षको अन्त्यसम्म गिरफ्तार भएनन्। दुई घटनाका आरोपित वर्षको अन्त्यसम्म प्रहरी अनुसन्धानमै रहे। एक बलात्कार घटनाका एक आरोपितलाई अदालतले आफन्तको जिम्मा, दुई आरोपितलाई बाल सुधार गृह पठायो भने एक आरोपित वर्षको अन्त्यसम्म गिरफ्तार भएनन्। बलात्कार पछि हत्याका एक घटनाका आरोपितलाई अदालतले पुर्पक्षका लागि थुनामा पठायो भने एक घटनाका आरोपित वर्षको अन्त्यसम्म प्रहरी अनुसन्धानमै रहे। यौन दुर्व्यवहारका तीन घटनाका आरोपितलाई अदालतले पुर्पक्षका लागि थुनामा पठायो भने दुई घटनाका आरोपितलाई धरौटीमा रिहा गऱ्यो। एक घटनाका आरोपित वर्षको अन्त्यसम्म गिरफ्तार भएनन् भने एक घटनाका आरोपित वर्षको अन्त्यसम्म प्रहरी अनुसन्धानमै रहे। बेचबिखन तथा ओसारपसारका तीन घटनाका आरोपितलाई अदालतले पुर्पक्षका लागि थुनामा पठायो।

बलात्कारपछि हत्या

१७ वर्षीया बालिकालाई २०७९ मङ्सिर ६ गते बलात्कार गरी हत्या गरेको आरोपमा घोडाघोडी नगरपालिका-११ का १९ वर्षीय नरेश राना विरुद्ध पीडित परिवारले इलाका प्रहरी कार्यालय, सुखडमा मङ्सिर ७ गते उजुरी दियो। प्रहरीले आरोपितलाई मङ्सिर ७ गते घरबाट गिरफ्तार गऱ्यो। शवको पोष्टमार्टम मङ्सिर ७ गते सेती प्रादेशिक अस्पताल, धनगढीमा भयो। मङ्सिर ७ गते शव आफन्तले बुझे। प्रहरीले आरोपित विरुद्ध सरकारी वकिल कार्यालय मार्फत मङ्सिर ८ गते जबरजस्तीकरणी र कर्तव्य ज्यान अन्तर्गत जिल्ला अदालतमा मुद्दा दर्ता गऱ्यो। जिल्ला न्यायाधीश विष्णुप्रसाद अवस्थीको मङ्सिर २६ गतेको इजलाशले आरोपितलाई पुर्पक्षका लागि कारागार थुनामा पठायो। यस वर्षको अन्त्यसम्म मुद्दा फैसला नभएको जिल्ला अदालतका स्रेस्तेदार राइभान कुञ्जेडाले बताए।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यो वर्ष घरेलु हिंसा पीडित भन्दै जिल्ला प्रहरी कार्यालय, कैलालीको महिला बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा २ सय ४९ जना महिला र एक जना पुरुष ज्येष्ठ नागरिकले उजुरी दर्ता गराए। एक जना ज्येष्ठ नागरिकले छोरा बुहारीले खानलाउन नदिएको भनी उजुरी दर्ता गराएको भए पनि मिलापत्र गराएको सेवा केन्द्रका प्रमुख सरस्वती अधिकारीले बताइन्। सामान्य घरायसी झगडाका २ सय ५० उजुरी छन्। यीमध्ये प्रहरीले २ सय ३३ उजुरीमा मिलापत्र गरायो भने १७ ओटा उजुरी जिल्ला अदालत पठाइएको केन्द्रकी प्रमुख सरस्वती अधिकारीले बताइन्।

यो वर्ष कैलाली जिल्लामा बलात्कारका घटनामा १७, बहुविवाहका घटनामा दुई, परिवारजनबाट हत्याका घटनामा तीन जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

अभिलेखित घटनामध्ये बलात्कारका १० घटनाका आरोपितलाई जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा पठायो भने एक घटनाका आरोपितलाई अदालतले सफाइ दियो। तीन घटनाका आरोपितलाई अदालतले धरौटीमा रिहा गऱ्यो भने एक घटनाका आरोपित वर्षको अन्त्यसम्म प्रहरी अनुसन्धानमै रहे। तीन घटनाका आरोपित वर्षको अन्त्यसम्म गिरफ्तार भएनन्। बहुविवाहका दुई घटनाका आरोपित वर्षको अन्त्यसम्मा प्रहरी अनुसन्धानमै रहे। परिवारजनबाट हत्याका दुई घटनाका आरोपितलाई अदालतले पुर्पक्षका लागि थुनामा पठायो भने एक घटनाका आरोपित वर्षको

अन्त्यसम्म प्रहरी अनुसन्धानमै रहे। एक घटनाका आरोपितले आत्महत्या गरे।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

कैलारी गाउँपालिका–७ विपदपुरस्थित मुक्त कमैया शिविरमा २०७९ वैशाख ११ गते आगजनी हुँदा ७१ घरधुरी जलेर नष्ट भए। दिउँसो खेतमा गहुँको नाल जलाउन लगाएको आगो शिविरमा सल्किएपछि आगजनी भएको थियो। आगजनीबाट २७ घर पूर्ण क्षति, १६ घर आंशिक क्षति र २१ घरमा सामान्य क्षति भयो। २ करोड ८७ लाख ५९ हजार ८ सय रुपियाँ बराबरको क्षति भएको कैलारी गाउँपालिकाका सूचना अधिकारी यगम कलेलले बताए।

स्वास्थ्य सेवाको अवस्था

जिल्लामा पाँच सरकारी अस्पताल, दुई प्रादेशिक अस्पताल, ३५ स्वास्थ्य चौकी, प्राथमिक स्वास्थ्य केन्द्र चार, ५४ आधारभूत स्वास्थ्य केन्द्र छन्। स्थानीय तहका विभिन्न स्वास्थ्य केन्द्रमा ३ सय ९८ जनाको दरबन्दी रहेकोमा १ हजार १ जना स्वास्थ्यकर्मी कार्यरत रहेको स्वास्थ्य कार्यालय, कैलालीका निमित्त प्रमुख प्रदीप जोशीले बताए। सदरमुकामस्थित सेती प्रादेशिक अस्पतालमा १ सय २५ बेड स्वीकृत भए पनि ३ सय बेड सञ्चालनमा आएको छ। जसमा १ सय १ जना विशेषज्ञको दरबन्दीमा ३ सय ५१ जना कर्मचारी कार्यरत छन्।

प्रतिनिधि सभा तथा प्रदेश सभा निर्वाचन २०७९

यस वर्ष सम्पन्न भएको प्रतिनिधि सभा निर्वाचनमा कैलाली जिल्लामा ५ लाख ३५ हजार ५ सय १४ मतदाता मध्ये ३ लाख १७ हजार ५५ (५९.२० प्रतिशत) ले मतदान गरे। यसैगरी प्रदेश सभा तर्फ ३ लाख १७ हजार ३ सय ८२ (५९.२६ प्रतिशत) ले मतदान गरे।

सन् २०२२ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

बाल अधिकार			
घटनाको प्रकार	अनुसन्धान	कानुनी दायरामा ल्याइएका	जम्मा
बेचबिखन तथा ओसारपसार		३	३
बलात्कार		३८	३८
यौन दुर्व्यवहार	१	७	८
जम्मा	१	३८	३९

महिला अधिकार				
घटनाको प्रकार	मेलमिलाप	अनुसन्धान	कानुनी दायरामा ल्याइएका	जम्मा
घरेलु हिंसा	३१४		७	३३१
'बोक्सी'को आरोप	१			१
बहुविवाह			२	२
बलात्कार		३	१४	१७
बलात्कार प्रयास			१	१
जम्मा	३१५	३	३४	३४३

मारिएकाको घटना सङ्ख्या			
घटनाको प्रकार	मुद्दा टुङ्गिएका	कानुनी दायरामा ल्याइएका	जम्मा
हत्या	१	९	१०

७.५ कञ्चनपुर



जम्मा जनसङ्ख्या	५,१७,६४५
महिला	२,७४,०४७
प्रतिनिधिसभा निर्वाचन क्षेत्र	३
प्रदेशसभा निर्वाचन क्षेत्र	६
गरिबीको रेखामुनि रहेको सङ्ख्या	१,४०,३८१
कामका लागि बाहिरिएका	३८,३५८
अपाङ्गता भएका	५,०७२
५ वर्षमाथिको साक्षरता प्रतिशत	७०.७
आश्रित जनसङ्ख्या	२,०८,२२२

यस वर्ष कञ्चनपुर जिल्लामा मानव अधिकार उल्लङ्घनका घटनामा राज्यपक्षबाट चार जना पुरुष तथा ज्यादतीका घटनामा अन्यपक्षबाट ३ सय १२ जना महिला र आठ जना पुरुष पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा १९ जना बालिका तथा महिला अधिकार उल्लङ्घनका घटनामा २ सय ९० जना महिला पीडित भए।

कारागार र बन्दी

९५ जनाको क्षमता भएको कञ्चनपुर जिल्ला कारागारमा १९ महिला र ४ सय १७ जना पुरुष गरी ४ सय ३६ जना कैदीबन्दी रहेका छन्। कैदीबन्दीको स्वास्थ्य परीक्षणका लागि एक सिनियर अहेबको दरबन्दी छ। गत ०७९ मङ्सिर ४ गते सम्पन्न भएको निर्वाचनमा कारागारमा रहेका २९ जना कैदीबन्दीहरूले मतदान गरे।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत

दुई जना न्यायाधीश रहेको जिल्ला अदालतबाट यो वर्ष फौजदारी मुद्दातर्फ ८ सय ८७ थान मध्ये ४ सय ५९ थान मुद्दा फैसला भए। देवानी मुद्दातर्फ ६ सय १८ थान मध्ये ३ सय २० थान मुद्दा फैसला भए। यस अदालतमा दुई वर्ष नाघेका फौजदारी मुद्दा ३६ थान छन् भने देवानी मुद्दा ३१ थान बाँकी छन्।

उच्च अदालत महेन्द्रनगर इजलास

चार जना न्यायाधीशको दरबन्दी रहेको उच्च अदालत, महेन्द्रनगर इजलासमा दुई न्यायाधीशको दरबन्दी रिक्त रहेको छ। अदालतमा दुनियावादी देवानीका ४१ थान, दुनियावादी फौजदारीका सात थान, सरकारवादी फौजदारीका २ सय ४५ थान र सुरू क्षेत्राधिकारबाट चार थान मुद्दा गत वर्षबाट जिम्मेवारी सरेका थिए। ०७८ पुस १७ देखि ०७९ पुस १६

घटनाको प्रकार		राज्यपक्षबाट		अन्यपक्षबाट		
		पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
गिरफ्तारी		४	४			
कुटपिट				१	३	४
घाइते					४	४
हत्या				१	१	२
सबै प्रकारका जातीय विभेद				१		१
बाल अधिकार	बेचबिखन तथा ओसारपसार			२		२
	बलात्कार			१४		१४
	यौन दुर्व्यवहार			३		३
	जम्मा			१९		१९
महिला अधिकार	घरेलु हिंसा			२७५		२७५
	बहुविवाह			३		३
	बलात्कार			१०		१०
	बलात्कार प्रयास			२		२
	जम्मा			२९०		२९०
कूल जम्मा		४	४	३१३	८	३२०

गतेसम्म दर्ता भएका फौजदारी मुद्दाको सरकारवादीतर्फ ३ सय ६५ थान उजुरी परे।

बाल अधिकार

शिक्षाको अवस्था

यस जिल्लामा १ सय ५२ आधारभूत र १ सय ९ माध्यमिक विद्यालय छन्। २ हजार ७ सय ८८ स्थायी शिक्षक दरबन्दी रहेको छ। यस वर्ष १८ हजार ६ सय ८० बालक र १५ हजार २ सय २४ जना बालिका गरी ३३ हजार ९ सय ४ विद्यालय भर्ना भए। जसमा अपाङ्गता भएका ४६ बालिका र ५३ बालक भर्ना भए। जिल्लामा अपाङ्गतामैत्री विद्यालय ६ ओटा छन्। द्वन्द्वपीडित परिवारका १७ जना बालबालिकाले छात्रवृत्ति पाए। यस वर्ष जिल्लाभर १ हजार ६ सय ८० दलित बालक र १४ हजार ५ सय दलित बालिका विद्यालय भर्ना भए। वैदेशिक रोजगारमा गएर मृत्यु भएका परिवारका ३४ जना बालबालिकाले २ लाख ९६ हजार रुपियाँ छात्रवृत्ति पाए। द्वन्द्वपीडित परिवारका १७ जना बालबालिकाले २ लाख १८ हजार रुपियाँ छात्रवृत्ति पाए। विद्यार्थी भर्नामा आधारभूत तहसम्म अनिवार्य र नि:शुल्क शिक्षा पाउने कानुनी प्रावधान भएता पनि व्यवहारमा कतै नभएको शिक्षा शाखा अधिकृत रूपराम तिरुवाले बताए। दलित, अपाङ्ग, सहिद परिवारलाई नि:शुल्क शिक्षाको व्यवस्था गरिएको तिरुवाले बताए।

यस वर्ष कञ्चनपुर जिल्लामा यौन दुर्व्यवहारका घटनामा तीन, बलात्कारका घटनामा १४ र बेचबिखन तथा ओसारपसार प्रयासका घटनामा दुई जना बालिका पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

अभिलेखित घटनामध्ये बलात्कारका नौ घटनाका आरोपितहरूलाई जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा पठायो भने एक घटनाका आरोपितलाई बाल सुधार गृहमा पठायो। चार घटनाका आरोपितलाई अदालतले धरौटीमा रिहा गऱ्यो। यौन दुर्व्यवहारका तीन घटनाका आरोपितलाई अदालतले धरौटीमा रिहा गऱ्यो। बेचबिखन तथा ओसारपसार प्रयासका एक घटनाका आरोपितलाई अदालतले कैद तथा जरिवानाको फैसला सुनायो भने एक घटनाका आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

बेचबिखन तथा ओसारपसार प्रयास

१४ वर्षीय बालिकालाई २०७९ वैशाख २३ गते दोधराचाँदनी स्थित झोलुङ्गे पुल हुँदै भारततर्फ बेच्न लैजाँदै गरेको अवस्थामा डडेल्धुरा जिल्ला परशुराम नपा-२ का २० वर्षीय हरिष साउद र २३ वर्षीय धरनीधर बोहराविरुद्ध पीडित पक्षले वैशाख २३ गते जिल्ला प्रहरी कार्यालय, कञ्चनपुरमा उजुरी दियो। प्रहरीले आरोपितलाई झोलुङ्गेपुलबाट वैशाख २३ गते गिरफ्तार गऱ्यो। आरोपितविरुद्ध प्रहरीले सरकारी वकिल कार्यालय मार्फत जेठ १६ गते जिल्ला अदालतमा मानव बेचबिखन तथा ओसारपसारसम्बन्धी मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश ध्रुवकुमार शाहको भदौ १० गते इजलासले आरोपितद्वयलाई कसुरदार ठहर गर्दै जनही एक वर्ष कैद सजायको फैसला सुनायो।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यो वर्ष घरेलु हिंसा पीडित भन्दै २ सय ९२ जनाले महिलाले जिल्ला प्रहरी कार्यालयको महिला,

बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमध्ये प्रहरीले २ सय ४० ओटा घटना मेलमिलाप गरायो भने १९ वटा उजुरी सम्बन्धित निकायमा पठायो। २० जना उजुरीकर्ता सम्पर्कमा आएनन्। १३ वटा उजुरीको निर्णय हुन बाँकी रहे। सामान्य विवादका घटना मात्र मेलमिलाप हुने र घटनाका पीडित र आरोपित पक्षलाई छलफल गराई दुवै पक्षको आपसी सहमतिमा मात्रै मेलमिलाप गरिने महिला बालबालिका सेवा केन्द्रकी असई हरिकला रामजालीले बताइन्।

यो वर्ष कञ्चनपुर जिल्लामा बलात्कारका घटनामा १० र बलात्कार प्रयासका घटनामा दुई जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

अभिलेखित घटनामध्ये बलात्कारका ६ घटनाका आरोपितलाई जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा पठायो भने दुई घटनाका आरोपितलाई धरौटीमा रिहा गऱ्यो। एक घटनाका आरोपितलाई अदालतले कैद तथा जरिबानाको फैसला सुनायो। एक घटनाका आरोपितलाई अदालतले अभिभावकको जिम्मा लगायो। बलात्कार प्रयासका एक घटनाका आरोपितलाई अदालतले धरौटीमा रिहा गऱ्यो भने एक घटनाका आरोपितलाई सफाइ दियो।

बलात्कार, बलात्कारको प्रयास, यौन दुर्व्यवहार

२७ वर्षीया युवतीलाई २०७८ पुस २४ गते बलात्कार गरेको भन्दै भीमदत्त नगरपालिका-१६ मझगाँउ रेटिना इन्टरनेशनल स्कुलका प्रिन्सिपल ३२ वर्षीय तिलक भट्टविरुद्ध पीडित पक्षले पुस २४ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। प्रहरीले आरोपितलाई पुस २४ गते निजको घरबाट गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण पुस २५ गते महाकाली अस्पतालमा भयो। आरोपितविरुद्ध प्रहरीले सरकारी वकिल कार्यालय मार्फत माघ १७ गते जिल्ला अदालतमा जबरजस्तीकरणी मुद्दा गऱ्यो। जिल्ला अदालतका न्यायाधीश मदनबहादुर धामीको माघ १७ गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। जिल्ला अदालतका न्यायाधीश ध्रुवकुमार शाहको ०७९ कात्तिक १८ गतेको इजलासले आरोपितलाई कसुरदार ठहर गर्दै सात वर्ष कैद र ५० हजार रुपियाँ क्षतिपूर्तिको फैसला सुनायो।

सबै प्रकारका जातीय विभेद

भीमदत्त नगरपालिका-५ शुकासालकी २८ वर्षीया सन्जु नेपालीलाई २०७९ भदौ १९ गते जातीय विभेद गरेको आरोपमा भीमदत्त नगरपालिका-१० गड्डाचौकीका ४५ वर्षीय पुजारी सहदेव भट्टविरुद्ध पीडितले भदौ १९ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। प्रहरीले आरोपितलाई भदौ १९ गते घरबाट गिरफ्तार गऱ्यो। प्रहरीले आरोपितविरुद्ध जिल्ला सरकारी वकिल कार्यालय मार्फत भदौ २७ गते जिल्ला अदालतमा जातीय छुवाछुत तथा दुर्व्यवहार अन्तर्गत मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश ध्रुवकुमार शाहको भदौ २७ गतेको इजलासले आरोपितलाई १० हजार रुपियाँ धरौटीमा रिहा गऱ्यो। मुद्दा जिल्ला अदालतमा विचाराधीन छ।

स्वास्थ्य सेवाको अवस्था

जिल्लामा एक सरकारी अस्पताल, पाँच सामुदायिक अस्पताल, १८ आधारभूत स्वास्थ्य केन्द्र, २३ स्वास्थ्य चौकी, तीन प्राथमिक स्वास्थ्य केन्द्र, २६ नगर स्वास्थ्य केन्द्र रहेका छन्। सदरमुकामस्थित सरकारी अस्पतालमा २९ जना विशेषज्ञको दरबन्दीमा २८ जनाको दरबन्दी रिक्त छ। ४० जना स्टाफ नर्सको दरबन्दीमा तीन खाली, आठ जना अध्ययन बिदा, अनमी पाँच जनाको दरबन्दीमा सबै कार्यरत छन्। जिल्लामा ५० हजार ४ सय ३४ जनाले बीमा गराएर सेवा लिइरहेका छन्।

प्रतिनिधि सभा तथा प्रदेश सभा निर्वाचन २०७९

यस वर्ष सम्पन्न भएको प्रतिनिधि सभा निर्वाचनमा कञ्चनपुर जिल्लामा ३ लाख २ हजार ५ सय ९ मतदाता मध्ये १ लाख ८६ हजार ४ सय ७९ (६१.६४ प्रतिशत) ले मतदान गरे। यसैगरी प्रदेश सभा तर्फ १ लाख ८६ हजार ३ सय २८ (६१.५९ प्रतिशत) ले मतदान गरे।

सन् २०२२ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

बाल अधिकार				
घटनाको प्रकार	मुद्दा टुङ्गिएका	कानुनी दायरामा ल्याइएका	कारबाही प्रक्रिया अघि नबढेका	जम्मा
बेचबिखन तथा ओसारपसार	१	१		२
बलात्कार		१३	१	१४
यौन दुर्व्यवहार		३		३
जम्मा	१	१६	१	१९

महिला अधिकार					
घटनाको प्रकार	अपूर्ण	मिलापत्र	मुद्दा टुङ्गिएका	कानुनी दायरामा ल्याइएका	जम्मा
घरेलु हिंसा	१	२६४			२६५
बहुविवाह				३	३
बलात्कार			१	९	१०
बलात्कार प्रयास				२	२
जम्मा	१	२६४	१	१४	२९०

मारिएकाको घटना सङ्ख्या		
घटनाको प्रकार	कानुनी दायरामा ल्याइएका	जम्मा
घरेलु हिंसा	२	२

परिशिष्ट १

नेपाल– घटनाको प्रकार अनुसार पीडित सङ्ख्या

घटनाको प्रकार	मानव अधिकार उल्लङ्घन राज्यपक्षबाट			मानव अधिकार ज्यादती अन्यपक्षबाट				कूल जम्मा
	महिला	पुरुष	जम्मा	महिला	पुरुष	क्यू	जम्मा	
अपहरण				३१	१४		३५	३५
गिरफ्तारी		८१	८१					८१
कुटपिट	६	३८	३५	६१	३४९	३	४१३	४४८
घाइते								
बम विष्फोटबाट				३	३		४	४
दोहोरो झडपमा घाइते	१	१५	१६	१९	१४५		१६४	१८०
एसिड छर्केर				३	३		४	४
गोली लागेर		९	९	१	६		८	१६
आगो लगाएर				१			१	१
धारिलो हतियारबाट				१३	३४		४६	४६
आफ्नै बम विस्फोटबाट					३		३	३
जम्मा	१	३४	३५	३८	१९३		३३१	३५६
बाल अधिकार								
बेचबिखन तथा ओसारपसार				३९	६		४६	४६
बालविवाह				३०	३		३३	३३
बलात्कार				१००९			१००९	१००९
विद्यालयमा शारीरिक सजाय				५	९		१४	१४
नवजात शिशुको हत्या				५	३		६	६
यौन दुर्व्यवहार				३३६	१९		३४५	३४५
जम्मा				१४१४	३९		१४५३	१४५३
अमानवीय व्यवहार								
जुत्ताको माला लगाइदिएको					३		३	३
अनुहारमा मोसो दलेको					१५		१५	१५
अन्य	१	३	३	३	३		४	६
जम्मा	१	३	३	३	३०		३३	३५
अभिव्यक्ति, भेला तथा सङ्गठित हुने अधिकार								
लाठी चार्ज	३	३४	३६					३६
अभिव्यक्ति, भेला तथा सङ्गठित हुने अधिकार	३१	३३८	३६९					३६९
जम्मा	३३	३७३	४०५					४०५
धम्की	१	४	५	३	३०		३३	३८
यातना	१	४	५					५
कारागारमा मृत्यु	४	४९	५३					५३
हिरासत वा थुनामा मृत्यु		४	४					४

घटनाको प्रकार	मानव अधिकार उल्लङ्घन राज्यपक्षबाट			मानव अधिकार ज्यादती अन्यपक्षबाट				कुल जम्मा
	महिला	पुरुष	जम्मा	महिला	पुरुष	क्यू	जम्मा	
महिला अधिकार								
बेचबिखन तथा ओसारपसार प्रयास				३४			३४	३४
बेचबिखन तथा ओसारपसार				३४			३४	३४
'बोक्सी'को आरोप				३३			३३	३३
बलात्कार				६०५			६०५	६०५
बलात्कार प्रयास				१४५			१४५	१४५
बहुविवाह				३३३			३३३	३३३
घरेलु हिंसा				३०३१			३०३१	३०३१
यौन दुर्व्यवहार				४२			४२	४२
प्रसूति सेवा	१		१					१
जम्मा	१		१	४३३६			४३३६	४३३६
सबै प्रकारका जातीय विभेद								
अन्तरजातीय विवाह				३			३	३
जातीय छुवाछुत				८	१०		१८	१८
सार्वजनिक स्थलमा प्रवेशबाट वञ्चित					३		३	३
जम्मा				१०	१३		३३	३३
बेपत्ता				१	१		३	३
हत्या								
घाँटी रेटेर				४	५		९	९
घाँटी थिचेर				३	१		४	४
बलात्कारपछि				१८			१८	१८
आगो लगाएर				३	१		४	४
झुण्ड्याएर				३	१		४	४
विष खुवाएर				३			३	३
बम विस्फोटबाट				३	१		३	३
कुटपिट गरी		१	१	१०३	१०३		३०६	३०६
गोली हानी	१	३	४		५		५	९
खुकुरी प्रहारबाट				५	३		८	८
धारिलो हतियार प्रहारबाट				३३	३६		५९	५९
भिर वा डाँडाबाट खसालेर					१		१	१
हत्याको प्रकृति नखुलेको				३	१		३	३
जम्मा	१	४	५	१६८	१५९		३३६	३३३
कूल जम्मा	५०	५६३	६३३	५९४४	८०६	३	६६५४	६३६६

परिशिष्ट २ पेसागत आधारमा पीडित सङ्ख्या

पेसा	राज्यपक्षबाट			अन्यपक्षबाट			
	महिला	पुरुष	जम्मा	महिला	पुरुष	क्यू	जम्मा
राजनीतिक कार्यकर्ता	२३	३३२	३५५	२१	२२२		२४३
सामाजिक कार्यकर्ता		३	३	४	१	१	६
स्वास्थ्यकर्मी	१	२	३	४४	९		५३
सुरक्षाकर्मी		४	४	१४	१००		११४
कानुन व्यवसायी		१	१		१		१
मानव अधिकारकर्मी	६	६	१४	३	२		५
मजदुर	१	६	८	१०२	३९		१४१
नाबालक				६९	३०		९९
बन्दी	४	४८	५२		६		६
जागिरे/कर्मचारी		८	८	६८	३८		१०६
पत्रकार	१	१६	१८	२	३९		३१
विद्यार्थी	३	६४	६६	१५१३	८४		१५९६
शिक्षक		१	१	३१	१४		३५
इन्जिनियर		१	१		२		२
उद्योग व्यवसायी		४	४	६३	३६		९९
कृषक	६	६०	६६	२२०१	२१५	२	२४१८
गृहिणी	३		३	१६६४			१६६४
नखुलेको	१	३	४	३५	९		३४
जम्मा	५०	५६२	६२२	५९४४	८०६	३	६६५४

परिशिष्ट ३ प्रदेश १ : घटनाको प्रकार अनुसार पीडित सङ्ख्या

घटनाको प्रकार	राज्यपक्षबाट			अन्यपक्षबाट		
	महिला	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
घाइते	१	६	७	५	३३	३८
बाल अधिकार				३९४	५	३९९
गिरफ्तारी		३०	३०			
अपहरण				१	१	३
महिला अधिकार				४५७		४५७
धम्की					१	१
सबै प्रकारका जातीय विभेद				१		१
हत्या		१	१	३७	३६	७३
कारागारमा मृत्यु		४	४			
कुटपिट		१०	१०	१४	३३	४६
हिरासत वा थुनामा मृत्यु		१	१			
भेला, अभिव्यक्ति तथा सङ्गठित हुने अधिकार		९	९			
अमानवीय व्यवहार					१	१
जम्मा	१	५१	५३	८०९	१०९	९१८

परिशिष्ट ४ मधेस प्रदेश : घटनाको प्रकार अनुसार पीडित सङ्ख्या

घटनाको प्रकार	राज्यपक्षबाट			अन्यपक्षबाट			
	महिला	पुरुष	जम्मा	महिला	पुरुष	क्यू	जम्मा
घाइते		९	९	४	१९		३३
बाल अधिकार				१९६	४		२००
अमानवीय व्यवहार		१	१				
अपहरण				११	४		१५
महिला अधिकार				३१०			३१०
कुटपिट	१	१	२	९	७४	२	८५
यातना	१		१				
धम्की		१	१		४		४
अभिव्यक्ति, भेला तथा सङ्गठित हुने अधिकार		३५	३५				
हत्या		२	२	४५	४३		८८
सबै प्रकारका जातीय विभेद				१	१		२
जम्मा	२	३९	४१	४७६	१४९	२	६२७

परिशिष्ट ५ बागमती प्रदेश : घटनाको प्रकार अनुसार पीडित सङ्ख्या

घटनाको प्रकार	राज्यपक्षबाट			अन्यपक्षबाट			
	महिला	पुरुष	जम्मा	महिला	पुरुष	क्यू	जम्मा
अपहरण				१	१		२
बाल अधिकार				४०२	१२		४१४
अमानवीय व्यवहार					२		२
कुटपिट		४	४	६	६५	१	८३
महिला अधिकार				४३४			४३४
अभिव्यक्ति, भेला तथा सङ्गठित हुने अधिकार	३०	२४५	२६५				
कारागारमा मृत्यु	४	४१	४५				
सबै प्रकारका जातीय विभेद				१	१		२
गिरफ्तारी		३८	३८				
घाइते		८	८	४	४३		४६
धम्की		१	१		४		४
यातना		४	४				
हत्या				२८	३४		६२
जम्मा	३४	३४१	३६५	८६६	१६२	१	१०५०

परिशिष्ट ६ गण्डकी प्रदेश : घटनाको प्रकार अनुसार पीडित सङ्ख्या

घटनाको प्रकार	राज्यपक्षबाट		अन्यपक्षबाट		
	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
घाइते			३		३
बाल अधिकार			१०६	१०	११६
अमानवीय व्यवहार				२	२
कारागारमा मृत्यु	१	१			
महिला अधिकार			३३६		३३६
अभिव्यक्ति, भेला तथा सङ्गठित हुने अधिकार	३३	३३			
अपहरण			१		१
गिरफ्तारी	६	६			
कुटपिट			३	१२	१५
धम्की			२	४	६
हत्या			१०	१०	२०
जम्मा	४०	४०	४६३	३८	५०१

परिशिष्ट ७ लुम्बिनी प्रदेश : घटनाको प्रकार अनुसार पीडित सङ्ख्या

घटनाको प्रकार	राज्यपक्षबाट			अन्यपक्षबाट		
	महिला	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
घाइते		१	१	१२	४६	५८
बाल अधिकार				२३७	५	२४२
अमानवीय व्यवहार	१		१		४	४
धम्की	१	२	३			
अपहरण				७	८	१५
महिला अधिकार				१६२३		१६२३
कारागारमा मृत्यु		१	१			
सबै प्रकारका जातीय विभेद				४	३	७
गिरफ्तारी		६	६			
अभिव्यक्ति, भेला तथा सङ्गठित हुने अधिकार	३	४५	४८			
बेपत्ता				१		१
कुटपिट	२	१	३	६	२३	२९
हिरासत वा थुनामा मृत्यु		२	२			
हत्या	१		१	२२	१७	३९
जम्मा	८	५८	६६	१९१२	१०६	२०१८

परिशिष्ट ८ कर्णाली प्रदेश : घटनाको प्रकार अनुसार पीडित सङ्ख्या

घटनाको प्रकार	राज्यपक्षबाट			अन्यपक्षबाट		
	महिला	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
घाइते				६	२१	२७
बाल अधिकार				७७	३	८०
अमानवीय व्यवहार		१	१	२	५	७
हिरासतमा वा थुनामा मृत्यु		१	१			
महिला अधिकार				२११		२११
बेपत्ता					१	१
सबै प्रकारका जातीय विभेद				१	४	५
गिरफ्तारी		१	१			
धम्की					५	५
कुटपिट	४	११	१५	१८	९३	१११
अभिव्यक्ति, भेला तथा सङ्गठित हुने अधिकार		१५	१५			
हत्या				१३	३	१६
जम्मा	४	३९	३३	३२८	१३५	४६३

परिशिष्ट ९ सुदूरपश्चिम प्रदेश : घटनाको प्रकार अनुसार पीडित सङ्ख्या

घटनाको प्रकार	राज्यपक्षबाट			अन्यपक्षबाट		
	महिला	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
घाइते				४	३१	३५
बाल अधिकार				१०१		१०१
गिरफ्तारी		१०	१०			
अमानवीय व्यवहार					६	६
महिला अधिकार	१		१	९५५		९५५
कारागारमा मृत्यु		२	२			
सबै प्रकारका जातीय विभेद				२	३	५
हत्या		१	१	१३	१६	२९
धम्की					२	२
कुटपिट		१	१	४	४०	४४
जम्मा	१	१४	१५	१०६९	९८	११६६

परिशिष्ट १० भौतिक संरचनामा क्षति

घटनाको प्रकार	जम्मा
एम्बुलेन्स	१
सरकारी सवारी साधान	१२
सरकारी कार्यालय	१
विद्यालय	२
राजनीतिक पार्टी कार्यालय	५
निजी सवारीसाधन	२०
निजी सम्पत्ति	२
निजी घर	१०
नगरपालिका भवन	३
प्रहरी चौकी	१
क्याम्पस	२
जम्मा	६६

परिशिष्ट ११ पीडित हुनेहरूको सङ्ख्या : घटनाको प्रकार र महिना

घटनाको प्रकार	Jan	Feb	Mar	Apr	May	Jun	Jul	Aug	Sep	Oct	Nov	Dec	जम्मा
अपहरण	३	५	३	१	१	३	७	४	२	१	३	२	३५
गिरफ्तारी		३४	१		१६	१		६		२	१५	६	८१
कुटपिट	१९	२६	३०	३१	१६३	३९	३२	१४	१७	१६	४०	४१	४४८
बाल अधिकार	१०१	८८	१४२	१३२	१४२	१४३	१३७	१३२	९६	९८	१३६	१०६	१४५३
हिरासत वा थुनामा मृत्यु					२	१		१					४
कारागारमा मृत्यु	५	६	१	३	३	५	२	५	३	५	५	१०	५३
बेपत्ता			१								१		२
अमानवीय व्यवहार	३	६	३	१	२			१	३		४	२	२५
घाइते	३३	४३	३५	३०	५४	३५	१	६	४	१४	१३	९	२५६
हत्या	३१	३२	३६	२५	२८	२१	२३	२३	२५	२७	२८	३३	३३२
सबै प्रकारका जातीय विभेद	१	२	२	२	१	३	३	३	२	२	१		२२
अभिव्यक्ति, भेला तथा सङ्गठित हुने अधिकार	३६	३३९	१८	१	५	२८	३३	१९			२३	३	४०५
धम्की	१	३	१	१	२	१	३		६		५	४	२७
यातना											५		५
महिला अधिकार	३६२	३४१	३९६	३२७	३२९	४४३	४२३	३७६	३७७	२४७	३१२	२९५	४२२८
जम्मा	५८४	८२५	६४९	५५४	७४८	७१३	६६४	५९०	५३५	४१२	५९१	५११	७३७६

परिशिष्ट १२ जातजातिका आधारमा पीडित सङ्ख्या

जातजाति	राज्यपक्षबाट			अन्यपक्षबाट			
	महिला	पुरुष	जम्मा	महिला	पुरुष	क्यू	जम्मा
सन्यासी		५	५	४१	५		४६
ब्राम्हण	८	१३९	१३७	५४४	१०९		६५३
यादव	१	१०	११	१७२	३५	१	२०८
दलित	५	६३	६७	१४४८	१३८	१	१५८७
आदिवासी	१	४	५	३५	३		३८
मण्डल	१	७	८	४६	५		५१
क्षेत्री	१७	१८०	१९७	१३९१	२३९		१५३०
जनजाति	१६	१३६	१५३	१७३०	२०९	१	१९४०
मुस्लिम		१०	१०	२७४	३३		३०७
कोइरी		११	११	५६	१५		७१
तेली	१	१०	११	९३	१४		१०७
बनिया		३	३	३१	३		३३
गोडिया				३			३
नखुलेको		६	६	१९१	१०		२०१
जम्मा	५०	५७३	६३३	५९४४	८०७	३	६७५४

परिशिष्ट १४

सन् २०२२ मा जेलमा रहेका कैदी बन्दीहरूको सङ्ख्या

प्रदेश	क्रसं	जिल्ला	कारागारको क्षमता	जेलमा रहेकाहरूको सङ्ख्या			आश्रित बालबालिका
				जम्मा	पुरुष	महिला	
१	१	ताप्लेजुङ	३५	१५१	१३३	३८	
	२	सङ्खुवासभा	३५	१४०	१३१	९	
	३	सोलुखुम्बु	३५	९०	७९	११	
	४	ओखलढुङ्गा	३०	९४	८८	६	१
	५	खोटाङ	९९	१११	१११	४	
	६	भोजपुर	४०	९०	८६	४	
	७	धनकुटा	४०	८८	५०	३८	
	८	तेह्थुम	३५	८३	७९	४	
	९	पाँचथर	३५	१३६	१२७	९	१
	१०	इलाम	१२०	२७९	२५९	२०	
	११	झापा	७००	१४२४	१३५४	७०	२
	१२	मोरङ	३५०	१०५९	९५१	१०८	७
	१३	सुनसरी	१६००	१७८९	१७८९		
	१४	उदयपुर	१००	२२१	२१२	९	
मधेस	१	सप्तरी	१५५	२७०	२६०	१०	१
	२	सिरहा	१५०	६३०	५९८	३२	४
	३	महोत्तरी	१३५	५२९	५२९		
	४	रौतहट	१७५	३८७	३७३	१४	
	५	पर्सा	१०००	१४४५	१३७७	६८	
बागमती	१	दोलखा	५१	१४४	१४४		
	२	सिन्धुपाल्चोक	६०	१५५	१५५		
	३	रसुवा	३५	७६	६८	८	
	४	धादिङ	२००	३२१	३०१	२०	१
	५	नुवाकोट	७०	१६७	१५०	१७	
	६	काठमाडौँ (जगन्नाथदेवल)	१४५०	३४७६	३०५१	४२५	१४
	७	काठमाडौँ (डिल्लीबजार)	३००	६२७	६२७		
	८	ललितपुर	५००	१४१२	१४१२		
	९	काभ्रेपलाञ्चोक	८५	२६९	२६९		
	१०	रामेछाप	२२०	३१७	२९९	१८	१
	११	सिन्धुली	२०८	८५३	७६०	९३	१२
	१२	मकवानपुर	१२००	१०२०	१००३	१७	१
	१३	चितवन	३८०	७८०	७२७	५३	३
गण्डकी	१	गोरखा	५५	१०१	९३	८	
	२	मनाङ	३५	२	२		
	३	मुस्ताङ	२५	१२	१२		
	४	म्याग्दी	३२	७७	७५	२	
	५	कास्की	४२०	७७८	७३९	३९	३

प्रदेश	क्र.सं.	जिल्ला	जेलको क्षमता	जेलमा रहेकाहरूको सङ्ख्या			बालिका
				जम्मा	पुरुष	महिला	
गण्डकी	६	लमजुङ	३५	१०४	१००	४	
	७	तनहुँ	१३५	३०७	३९३	१५	
	८	स्याङ्जा	५०	१४३	१३८	४	
	९	पर्वत	३५	९९	९५	४	
	१०	बागलुङ	७५	१६४	१५६	८	३
लुम्बिनी	१	रोल्पा	५०	१३३	११३	१०	
	२	प्यूठान	३५	७७	७२	७	
	३	गुल्मी	३५	८०	७३	७	
	४	अर्घाखाँची	४०	७२	६४	८	
	५	पाल्पा	३३५	३९५	३६८	३७	
	६	नवलपरासी (पश्चिम)	१७५	५६९	४९१	७८	४
	७	रुपन्देही	१५०	४३७	४३७		
	८	कपिलवस्तु	३५३	४७९	४७९		
	९	दाङ (घोराही)	११०	३८३	३८३		
	१०	दाङ (तुलसीपुर)	३१०	५७७	५३७	४०	३
	११	बाँके	३५०	८३८	८३८		
	१२	बर्दिया	१३५	४७५	४३७	३८	२
कर्णाली	१	डोल्पा	१५०	३१	३१		
	२	हुम्ला		३१	१	प्रहरी हिरासतमा	
	३	जुम्ला	३००	१११	१०९	२	
	४	कालिकोट	३५	४९	४६	३	१
	५	दैलेख	१००	१५४	१३५	१९	३
	६	जाजरकोट	३५	५७	५७		
	७	रुकुम (पश्चिम)	३५	१३५	११६	९	
	८	सल्यान	३५	१३५	११९	१६	२
	९	सुखेंत	१००	३९३	३५१	४२	५
सुदूरपश्चिम	१	बाजुरा	३५	६४	६४		
	२	बझाङ	३५	७५	७५		
	३	दार्चुला	४०	६७	६४	३	
	४	बैतडी	३५	७१	७१		
	५	डडेलधुरा	१४०	११७	१०६	११	
	६	डोटी	३५	६८	६८		
	७	अछाम	७५	८६	८०	६	३
	८	कैलाली	१५०	६१६	५८३	३३	३
	९	कञ्चनपुर	९५	४३६	४१७	१९	१
जम्मा			१३५६८	२७४७५	२५९४१	१५५८	७९

सन् २०२२ मा बालसुधार गृहमा रहेकाहरूको सङ्ख्या			
प्रदेश	जिल्ला	बालक	बालिका
१	मोरङ	२०७	
मधेस	पर्सा	१२७	
बागमती	मकवानपुर	५५	२९
	भक्तपुर	२८९	३७

सन् २०२@ मा बालसुधार गृहमा रहेकाहरूको सङ्ख्या			
प्रदेश	जिल्ला	बालक	बालिका
गण्डकी	कास्की	९६	
लुम्बिनी	रुपन्देही	८३	
	बाँके	२२२	
सुदूरपश्चिम	डोटी	३७	
जम्मा		१११६	६६

अनुसूची ३

सन् २०२२ को मानव अधिकार स्थितिबारे राजनीतिक दलका धारणा

नेपाली कांग्रेस

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) द्वारा विगतका वर्षहरूसरह यस वर्ष पनि मुलुकको वर्षभरिको मानव अधिकार अवस्थाको विश्लेषण गरी 'नेपाल मानव अधिकार वर्ष पुस्तक २०२२' प्रकाशन गर्न लागेकोमा नेपाली कांग्रेस खुशी व्यक्त गर्दछ। सन् २०२२ मा मुलुकमा भएका मानव अधिकार उल्लङ्घनका घटनाहरूलाई समेटी प्रकाशोन्मुख वर्ष पुस्तकले निष्पक्ष तवरले विश्लेषण गरी सम्पूर्ण घटनाक्रमहरूलाई सङ्ग्रहित गर्न सफल हुनेछ भन्ने नेपाली कांग्रेसले विश्वास लिएको छ।

सन् २०२२ को मुलुकको मानव अधिकारको अवस्थाका बारेमा नेपाली कांग्रेसको अवधारणा सङ्क्षेपमा:

सन् २०२२ को नेपालको मानव अधिकारको अवस्थाका बारेमा टिप्पणी गर्दा, जेठ २, २०७९ नुवाकोट जिल्लाको पञ्चकन्या गाउँपालिकामा सम्पन्न स्थानीय तहको निर्वाचनपश्चात् मतगणनास्थलमा घलेभञ्ज्याङ्गमा मतगणनाका क्रममा नेकपा (माओवादी) केन्द्रका अध्यक्ष पदका उम्मेदवार एवम् निवर्तमान गाउँपालिका अध्यक्ष तेजबहादुर तामाङ (रमेश) को नेतृत्वको समूहले नेपाली कांग्रेसको क्षेत्रीय सचिव जगदिश कुँइकेल, जगदिश फुयाँल, सुवर्ण तामाङ, राजन पाण्डे, सुजन थापा, सुशील थापा, निरज भण्डारी र विजय थापालगायत दर्जनौँ कार्यकर्तामाथि कुटपिट गरी गम्भीर घाइते बनाएको घटनाप्रति नेपाली कांग्रेस यस वर्षको गम्भीर मानव अधिकार उल्लङ्घनको घटना सम्झन्छ।

यो अवधिमा प्रजातान्त्रिक गठबन्धनको सरकारको नेतृत्व नेपाली कांग्रेसले गरिरहेको हुँदा नेपालको संविधानमा व्यवस्था भएका कार्यक्षेत्र-कार्यपालिका, न्यायपालिका र व्यवस्थापिकाले आ-आफ्नो कार्यक्षेत्रभित्र सक्रिय रहेकाले मानव अधिकार उल्लङ्घनका घटना, संविधान विरोधी हस्तक्षेपहरू न्यूनीकरण भएका छन्।

कृष्णप्रसाद पौडेल
मुख्य सचिव

नेकपा (एमाले)

देशमा विद्यमान सबै खालका विभेद र असमानताहरूको अन्त्य गर्दै संविधानप्रदत्त हक अधिकारको संरक्षण र प्रवर्द्धन गरी मानव अधिकारमैत्री शासन व्यवस्था सुनिश्चित गर्न नेकपा (एमाले) क्रियाशील रहेको छ। जनताको बहुदलीय जनवादले लोकतन्त्र, सामाजिक न्याय र मानव अधिकार संरक्षण तथा र प्रवर्द्धनको अभियानलाई नेतृत्व प्रदान गरेको छ।

इन्सेकले प्रकाशन गर्दै आएको नेपाल मानव अधिकार वर्ष पुस्तकले मानव अधिकारको प्रारम्भिक अवस्था सार्वजनिक गरी राज्यका निकाय तथा राजनीतिक दलहरूको आवश्यक सक्रियता र जिम्मेवारीका लागि सहयोग प्रदान गर्न सकोस् भन्ने अपेक्षा गरेका छौँ।

सन् २०२२ नेपालमा निर्वाचनको वर्षको रूपमा रह्यो। स्थानीय तह, प्रदेश र प्रतिनिधि सभा निर्वाचनमा सत्तारूढ दल नेपाली कांग्रेस र नेकपा माओवादी केन्द्रलगायतका दलहरूले गराएका हिंसात्मक घटनाहरू (बाजुरा, दोलखा, स्याङ्जा, रोल्पा, ताप्लेजुङ, सर्लाही, रुकुमलगायतका जिल्ला) मा राज्यसत्ताको दुरूपयोग भएको देखियो। कानुन कार्यान्वयन गर्ने निकायले गरेको लापरवाहीका कारण पीडितहरूले न्याय पाउन सकेनन् भने विगतमा जस्तै यसपटक पनि नेपाली कांग्रेसलगायतका सत्ताधारी दलले बुथ कब्जा गरी जनमतविरुद्ध बल प्रयोगका घटनाहरूको निरन्तरता भयो।

सरकारको नेतृत्व गर्ने राजनीतिक दलका सांसदहरूले सर्वोच्च अदालतका प्रधानन्यायाधीशविरुद्ध संसदमा दर्ता गरेको महाभियोग प्रस्तावमाथि प्रतिनिधिसभाका सभामुखले गरेको नियोजित ढिलाइले

नेपालको न्यायिक सर्वोच्चतामा गम्भीर धक्का पुगेको र यसले तात्कालिक सरकार शक्ति पृथकीकरणको सिद्धान्तप्रति गम्भीर विचलन प्रकट भएको छ। त्यसका साथै न्यायपालिकाको सर्वोच्च तहमा कार्यरत प्रधानन्यायाधीश र अन्य न्यायाधीशहरूमाथि कार्यपालिकासँग स्वार्थ साझेदारी गरेको विषयमा संसद र अदालतले आफ्नो क्षेत्राधिकार अनुसार सरोकार किनारा लगाउन नसक्नुले लोकतन्त्रका आधारभूत मान्यताप्रति संग्लन दल र व्यक्तिहरूको नियोजित षड्यन्त्र प्रकट भएको छ।

अघिल्लो वर्ष सर्वोच्च अदालतको परमादेशबाट गठित शेरबहादुर देउवा नेतृत्वको सरकारलाई सन् २०२२ मा सम्पन्न निर्वाचनपश्चात् विस्थापन गरिएको छ। नेकपा (एमाले) को पहलकदमी र प्रयासमा गठित हालको संयुक्त सरकारले संविधान र जनमतको आज्ञा मुताविक कार्यपालिकाको नेतृत्व गर्न सक्ने विश्वासको सञ्चार भएको छ।

प्रतिनिधिसभाका तत्कालीन सभामुख अग्नि सापकोटाको षड्यन्त्र र गैह्रजिम्मेवारीको दुष्चक्रका कारण राजनीतिक दलको विभाजनलाई प्रोत्साहन भएको महसुस गरी (एमाले)ले यस वर्ष संसदमा खेलेको भूमिकाले नेपालमा लोकतन्त्र र विधिको शासनको प्रवर्धनमा सहयोग पुग्नेछ।

सङ्क्रमणकालीन न्यायका लागि देउवा नेतृत्वको सरकारले प्रस्तुत गरेको कानुन संशोधन प्रस्तावले विस्तृत शान्ति सम्झौता र संवैधानिक मान्यताको उल्लङ्घनको प्रयत्न गरेको थियो।

दैनिक उपभोग्य वस्तुमा अत्यधिक महँगी बढ्यो। तत्कालीन सरकारी नीतिका कारण हरेक उपभोग्य सामग्री र पेट्रोलियम पदार्थको मूल्य इतिहासकै उच्च अङ्कमा पुगेको छ। सार्वजनिक यातायातको भाडा बढेको छ।

सार्वजनिक पूर्वाधार निर्माणमा नेकपा (एमाले) नेतृत्वको सरकारले अगाडि बढाएको योजना अलपत्र पार्ने तत्कालीन सरकारको गतिविधिले विकास र समृद्धिको जनचाहना र अधिकारमा गम्भीर आघात पुगेको हामीले महसुस गरेका छौँ। उपभोक्ताका आधारभूत अधिकारहरू कुण्ठित भएका छन्। परिणामत: मुलुकमा आधारभूत वर्ग झन् पीडादायी अवस्थामा जीवन गुजारा गर्न बाध्य छ।

विकृत, विसङ्गतिपूर्ण र गैरजिम्मेवार सत्तारूढ दलको प्रवृत्तिका कारण संविधानले सुनिश्चितता प्रदान गरेका अधिकारहरू पालना हुन नसक्नु दु:खद् विषय हो। सत्ता र प्रतिपक्ष जहाँ रहँदा पनि नेकपा (एमाले) मानव अधिकारको रक्षा र परिपालनाको अभियानलाई नेतृत्व गरिरहन्छ।

शंकर पोखरेल
महासचिव, नेकपा (एमाले)

नेकपा (माओवादी केन्द्र)

सन् २०२२ को मानव अधिकार सम्बन्धमा यस दल नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) को धारणा निम्नलिखित प्रकरणहरूमा उल्लेख गरी पठाइएको व्यहोरा अनुरोध गर्दछु।

१. नेपाल कम्युनिष्ट पार्टी (माआवादी केन्द्र) मानव अधिकारको रक्षा र संरक्षणमा प्रतिबद्ध छ। विश्वव्यापी मानव अधिकारको घोषणा पत्र, १९४८ तथा मानव जातिको हक अधिकारको संरक्षणको पक्षमा भएका सबै प्रकृतिका घोषणा पत्रलाई यस दलले सम्मान व्यक्त गर्दै, त्यसको पालना र कार्यान्वयनमा प्रतिबद्ध छ।

२. सन् २०२२ मा भएका मानव अधिकार उल्लङ्घनको घटनाहरूप्रति यस दलको गम्भीर सरोकार रहेको र त्यस्तो मानव अधिकार उल्लङ्घनका अन्तर्राष्ट्रिय र नेपालमा भएका घटनाप्रति यस दलले खबरदारी गर्दछ। साथै, मानव अधिकार उल्लङ्घनका घटनाका आरोपित उपर कडा कारवाहीको माग गर्दछ।

३. म्याग्नाकार्टा १२१५ देखि हालसम्म जारी भएको मानव जातिको सम्मानको पक्षमा भएका सबै अधिकार पत्रप्रति यस दलले सम्मान जाहेर गर्दै प्रत्यक मुलुकको संविधानले प्रत्याभूत गरेको नागरिकको मौलिक हक, राज्यका निर्देशक सिद्धान्त र न्यायका आधारभूत सिद्धान्तप्रति सम्मान जाहेर गर्न सबैमा हार्दिक आह्वान गर्दछ।

४. नेपालको संविधान जारी भएपछि, नागरिकहरूको हक अधिकारको सुनिश्चितता, सुशासनको प्रत्याभूति र संविधानले परिल्पना गरेको समृद्ध समाजवादको दिशामा अगाडि बढ्न प्रतिबद्धता जनाए मुताविक संविधानको कार्यान्वयनको पक्षमा जे जति कानुन निर्माण हुनुपर्ने थियो हुन सकेको छैन। अन्य राजनीतिक दल तथा सम्बद्ध

पक्षलाई यस विषयमा गम्भीर ध्यानाकर्षण गर्न चाहन्छौं।

५. गत २०७९ मङ्सिरमा सम्पन्न स्थानीय निर्वाचन तथा गत मङ्सिर ४ गते सम्पन्न प्रतिनिधि सभा र प्रदेश सभाको निर्वाचनको सन्दर्भमा यस दलले जारी गरेको प्रतिबद्धता पत्रमा उल्लेखित मानव अधिकारसँग सम्बन्धित विषयहरू कार्यान्वयन गर्न गराउन यस दल प्रतिबद्ध छ।

६ सङ्घीय लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत गर्दै नागरिकको आधारभूत आवश्यकता शिक्षा, स्वास्थ्य, रोजगार, सामाजिक न्याय र सशासन जस्तो विषयमा अझै उल्लेखनीय सुधार हुन सकेको छैन। यस क्षेत्रलाई शून्य सहनशीलताको आधारमा प्रभावकारी परिवर्तन गर्न जरुरी छ।

७ स्वदेश वा विदेशमा बस्ने नागरिकको जीवनयापनलाई सहजीकरण र सरलीकरण गर्दै स्वदेशमै रोजगारीको प्रचुर सम्भावनातर्फ जोड दिन जरुरी छ। आमजनतालाई रोजगारमूलक विकास र समृद्धिमा जोड्नु मानव अधिकारको मुख्य विषय भएको वास्तविकतालाई जोड दिन चाहन्छौं।

८ शान्ति सम्झौताले तोकेको कार्यहरू क्रमश: सम्पन्न भए पनि सङ्क्रमणकालीन न्याय अन्तरगतका महत्वपूर्ण कार्यहरू सम्पन्न बाँकी भएको र पटकपटक गठन भएका बेपत्ता तथा सत्य निरूपण आयोगलाई कानुन बमोजिम तोकेको कार्य सम्पन्न बाँकी भएकोले यसलाई यथाशक्य निष्कर्षमा पुऱ्याउन सम्पूर्ण राजनीतिक दलहरू तथा सरोकारवालाहरूसँग समन्वय गरी अविलम्ब टुङ्गो लगाउन यस दल जोडदार अपिल गर्दछ।

९ जेल तथा हिरासतमा रहेका बन्दी र थुनुवाहरूको मानोवचित सुविधाहरू प्रदान गर्न सरकार लगायत सम्बन्ध सरकारी निकायसँग विशेष माग गर्दछौं।

१० बिरामी, घाइते, असहाय, जनयुद्ध, जनआन्दोलनको क्रममा भएको सहिद बेपत्ता र घाइतेहरूलाई सरकारद्वारा उचित सम्मान र क्षतिपूर्ति वापतको रकमहरू तत्काल उपलब्ध गराउन माग गर्दछौं।

११ मानव अधिकारको क्षेत्र र थुनुवा, नाबालक, वृद्ध, एकल महिला, दलित, असहाय अल्पसङ्ख्यक र पिछडिएको क्षेत्रसँग सम्बन्धित मुद्दा मामिलामा भएको फैसला कार्यान्वयन तत्काल गरी न्यायको अनुभूति दिलाउन विषेश माग गर्दछौं।

१२ विविध कारणले विदेशिन बाध्य भएका नेपालीहरूलाई स्वदेशमा रोजगारमूलक उद्योग, कलकारखाना र व्यवसायको उचित वातावरण तयार गरी नाबालक छोराछोरी, वृद्ध आमाबुबा तथा घरपरिवारलाई सुखीमय वातावरणमा जीवनयापन गर्ने वातावरण श्रृजना गर्न माग गर्दछौं।

१३ विश्वमा विद्यमान जलवायु परिवर्तनको कारणले मानव जाति लगायत सम्पूर्ण प्राकृतिक स्रोतमा पर्न गएको प्रभावलाई रोक्न यस विषयमा सम्बद्ध निकायहरूले विशेष योजना बनाई राष्ट्रिय अन्तर्राष्ट्रिय पहल गरी जनजागरण अभियान सञ्चालन गरी वातावरण अनुकूल बनाउन जोड गर्दछौं।

१४ मानव अधिकारसँग सम्बन्धित सम्पूर्ण विषयमा यस दलको विशेष सरोकार रहेको धारणा सार्वजनिक गर्न चाहन्छौं।

वर्ष पुस्तक प्रकाशनका लागि इन्सेक परिवारप्रति हार्दिक शुभकामना !

श्रीराम ढकाल
मुख्य सचिव

अनुसूची ४

सन् २०२२ को मानव अधिकार स्थितिबारे विभिन्न क्षेत्रको धारणा

राष्ट्रिय मानव अधिकार आयोग

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)ले 'नेपाल मानव अधिकार वर्ष पुस्तक' मार्फत मुलुकभित्रका मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका विभिन्न घटनाहरूको दस्तावेजीकरण र अभिलेखीकरणसम्बन्धी महत्त्वपूर्ण कार्य गर्दै आएको छ। यसैक्रममा इन्सेकले मानव अधिकारसम्बन्धी विभिन्न सवालहरूलाई समावेश गरी नेपाल मानव अधिकार वर्ष पुस्तक २०२३ प्रकाशन गर्न लागेकोमा राष्ट्रिय मानव अधिकार आयोग हार्दिक बधाई तथा धन्यवाद ज्ञापन गर्दछ।

मानव अधिकारको दस्तावेजीकरण तथा अभिलेखीकरणको माध्यमबाट मानव अधिकार हनन्को तथ्य, तथ्याङ्क तथा विवरणहरूलाई सङ्कलन, संरक्षण र साझा गरिँदै आएको छ। यसले मानव अधिकार उल्लङ्घनबाट भएका क्षति तथा हानि नोक्सानीहरूका विरुद्ध समाधान खोज्ने, मानव अधिकार उल्लङ्घनका दोषीहरूलाई जवाफदेही बनाउने, विगतको अवस्थालाई वर्तमान र भविष्यका लागि सुरक्षित राख्न उल्लेखनीय भूमिका खेल्ने विश्वास लिएका छौँ।

मानव अधिकार संरक्षण र संवर्द्धनको प्राथमिक दायित्व राज्य र यसका निकायको हो। साथै, मानव अधिकार उपभोगको निगरानी, खबरदारी, पीडितलाई न्यायमा पहुँचको लागि सहजीकरण, मानव अधिकारको अवस्था अनुगमन गरी प्रतिवेदन सार्वजनिक गर्ने, मानव अधिकार शिक्षाको प्रवर्द्धन गर्ने, मानव अधिकारका सवालहरूमा धारणा सार्वजनिक गर्ने तथा मानव अधिकारको अवस्थाहरूको अभिलेखीकरण र दस्तावेजीकरण गर्ने कार्य मानव अधिकारको क्षेत्रमा क्रियाशील सङ्घसंस्थाहरूको हुन आउँछ, यस कार्यमा इन्सेकले महत्त्वपूर्ण भूमिका निर्वाह गर्दै आएको छ।

राष्ट्रिय मानव अधिकार आयोगले संवैधानिक निकायको रूपमा मानव अधिकारको संरक्षण र संवर्द्धनका लागि अग्रस्थानमा रहेर कार्य गर्दै आएको छ। यसक्रममा सरकारलाई मानव अधिकारप्रति दायित्वाधीन बनाउने सन्दर्भमा आयोगले इन्सेक लगायत मानव अधिकार सङ्घसंस्थाहरूसँग सहयोग, सहकार्य र समन्वय गर्दै आएको छ। मानव अधिकार रक्षकहरूको अधिकार संरक्षण, उनीहरूको सुरक्षा, पहिचान र मान्यताका लागि राष्ट्रिय कानुनको अपरिहार्यतालाई मध्यनजर गर्दै इन्सेक लगायत मानव अधिकार संस्थाहरूसँगको सहकार्य र समन्वयमा मानव अधिकार रक्षक प्रदेश तथा राष्ट्रिय सम्मेलनहरू वर्ष २०२२ मा आयोजना गरिएका छन्। यसबीचमा मानव अधिकारको वकालत, पीडितको मानव अधिकार प्राप्तिका लागि अभियान सञ्चालन गर्ने, न्यायमा पहुँच पुऱ्याउन सक्रिय भूमिका निर्वाह गर्ने तथा मानव अधिकार रक्षकहरूको संरक्षणका लागि विशेष कानुनको निर्माणका लागि महत्वपूर्ण रूपमा कार्य अगाडि बढेको छ।

मानव अधिकारको सम्मान, संरक्षण र परिपूर्तिको जिम्मेवारी राज्य तथा यसका निकायहरूको भए तापनि बृहत् दृष्टिकोणबाट हेर्ने हो भने अब मानव अधिकारको सम्मान, संरक्षण र परिपूर्तिका लागि मुलुकभित्रका सबै पक्षहरूले गम्भीर भएर लाग्नुपर्ने देखिन्छ। मानव अधिकारको सवाललाई राज्यका निकाय, विभिन्न मानव अधिकार तथा नागरिक सङ्घसंस्था र व्यवसायिक निजी प्रतिष्ठानहरूको साझा जिम्मेवारी तथा दायित्वको रूपमा स्वीकार गर्नुपर्दछ। 'नेपाल मानव अधिकार वर्ष पुस्तक' मुलुकभित्रका मानव अधिकार हनन्का घटनाहरूको मुख्य सूचना स्रोत पनि हो। साथै यसले जिम्मेवार सबैलाई जवाफदेही र जिम्मेवार भएर काम गर्न सचेत र जागरुक बनाउँदै आएको छ।

'नेपाल मानव अधिकार वर्ष पुस्तक' मा नागरिक तथा राजनीतिक अधिकारको हनन् तथा आपराधिक घटनाहरू र त्यस्ता घटनाहरूले मानव अधिकारको उपभोग तथा संरक्षण र संवर्द्धनमा पारेको प्रभावहरू समावेश गरिँदै आएकोमा विगत केही समयदेखि आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारहरूको अभिलेखीकरणले पनि स्थान पाउँदै

आएको छ। यसले विगत र वर्तमानको मानव अधिकार अवस्थाको तुलनात्मक अध्ययन गरी मानव अधिकारको अवस्थामा सुधार ल्याउन जिम्मेवार र जवाफदेही हुनुपर्ने पक्षहरूलाई दायित्वाधीन बनाउने कार्यमा महत्वपूर्ण भूमिका खेल्दै आएको अनुभूति गरेका छौँ। आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारको संरक्षणबिना नागरिक तथा राजनीतिक अधिकारहरूको उपभोग प्रभावकारी हुन सक्दैन। 'नेपाल मानव अधिकार वर्ष पुस्तक' मा अभिलेख भएका घटना तथा सवालहरूलाई अध्ययन तथा अनुसन्धानको विषय बनाएर नीतिगत सम्बोधन हुनसके यसबाट सार्वजनिक तथा निजी संस्थाहरू लाभान्वित भई मानव अधिकारको अवस्थामा सुधार हुन सक्ने देखिन्छ। विभिन्न घटनाहरूको छानविन, अनुसन्धान तथा अनुगमन गरी यसलाई न्यायमा पहँच र न्याय सम्पादन कार्यका लागि महत्त्वपूर्ण साधन तथा सन्दर्भ सामग्रीको रूपमा सम्बन्धित निकायले प्रयोग गर्नसके यसको प्रभावकारितामा अझै बढ्ने देखिन्छ। 'नेपाल मानव अधिकार वर्ष पुस्तक' मार्फत विगत र वर्तमानको मानव अधिकार अवस्थाको तुलनात्मक अध्ययन गरी मानव अधिकारको अवस्थामा सुधार ल्याउन जिम्मेवार र जवाफदेही हुनुपर्ने पक्षहरूलाई दायित्वाधिन बनाउन सहयोग पुग्नेछ।

अन्त्यमा 'नेपाल मानव अधिकार वर्ष पुस्तक' ले मानव अधिकारको दृष्टिकोणले ओझेलमा परेका सवालहरूलाई सतहमा ल्याउने थप प्रयासहरू गर्नुका साथै अभिलेखीकरण तथा दस्तावेजीकरण गर्ने क्रममा मानव अधिकारका नवीनतम आयामहरूसँग सम्बन्धित विषयहरू पनि समावेश गर्दै जाने अपेक्षा गर्दछौँ। 'नेपाल मानव अधिकार वर्ष पुस्तक' नेपालको मानव अधिकारको अवस्थालाई सार्वजनिक गर्ने अग्रणी दस्तावेजको रूपमा रहनेछ भन्ने विश्वास गर्दै इन्सेकको यस सत्प्रयासमा विगत झैँ आगामी दिनमा पनि राष्ट्रिय मानव अधिकार आयोगको साथ र सहयोग रहने विश्वास दिलाउन चाहन्छौँ, धन्यवाद।

मुरारिप्रसाद खरेल
का.मु. सचिव

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

मानव अधिकार सचेतनाको अभिवृद्धि, पैरवी र खबरदारी गर्ने संस्थाको रूपमा क्रियाशील अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) को मानव अधिकारको क्षेत्रमा लामो योगदान रहँदै आएको छ। सन् १९९२ देखि नेपाल मानव अधिकार वर्ष पुस्तक प्रकाशन गरिरहेको यस संस्थाले यस वर्ष पनि 'नेपाल मानव अधिकार वर्ष पुस्तक' प्रकाशन गर्न लागेकोमा खुसी लागेको छ। हरेक वर्ष प्रकाशन हुने यस पुस्तकमा नेपालमा मानव अधिकारको अवस्थाको चित्रण गरिने हुँदा यो पुस्तक मानव अधिकारको संरक्षण, संवर्द्धन गर्ने निकायका लागि उपयोगी हुनेछ भन्ने कुरामा हामी विश्वस्त छौँ।

नेपालको संविधानले मानव अधिकारसम्बन्धी विश्वव्यापी घोषणापत्र लगायत नेपाल पक्ष भएका मानव अधिकारसम्बन्धी महासन्धिहरू र विश्व समुदायले स्वीकार गरेका आधारभूत मान्यतालाई अङ्गीकार गर्दै मौलिक हकमा व्यवस्था गरेको विदितै छ। मानव अधिकारको क्षेत्रलाई थप सुदृढीकरण गरी कसैलाई पनि आधारभूत मानव अधिकारबाट वञ्चित हुनुनपर्ने वातावरण सिर्जना गर्नको लागि अन्तर्राष्ट्रिय मञ्चहरूमा गरेका प्रतिबद्धतालाई कार्यान्वयन गर्न नेपाल सरकारले मानव अधिकारसम्बन्धी राष्ट्रिय कार्ययोजनाको निर्माण र कार्यान्वयनलाई निरन्तरता दिँदै आएको छ।

नेपाल सरकार, मन्त्रिपरिषद्को २०७९ कात्तिक १६ गतेको निर्णयबाट 'मानव अधिकारसम्बन्धी पाँचौ राष्ट्रिय कार्ययोजना (आ.ब. २०७७/७८-२०८१/८२) तथा विश्वव्यापी आवधिक पुनरावलोकन (तेस्रो चक्र) बाट प्राप्त सिफारिस कार्यान्वयन कार्ययोजना (२०७८-२०८२०' स्वीकृत भई कार्यान्वयनमा आएको छ। यी दुवै कार्ययोजनाको एकीकृत पुस्तिका प्रकाशन भइसकेको समेत जानकारी गराउन चाहन्छौँ। दुवै कार्ययोजनाले विशेषत: आर्थिक तथा सामाजिक अधिकार सुनिश्चित गर्ने र आर्थिक, सामाजिक र शैक्षिक दृष्टिले पछाडि परेका वर्ग समुदायको संरक्षण र सशक्तिकरण गर्ने उद्देश्य राखेको छ। यो कार्ययोजनाको मूल उद्देश्य मानव अधिकारको सम्मान र संरक्षणमा केन्द्रित भएको हुँदा दुवै कार्ययोजनालाई एक अर्काका परिपूरकको रूपमा कार्यान्वयन गर्नुपर्ने हुन्छ। साथै, यस कार्ययोजनाको प्रभावकारी कार्यान्वयनका लागि सङ्घ, प्रदेश र स्थानीय तहमा प्रचार प्रसार तथा कार्यान्वयनमा पैरवी एवम् नागरिक समाजको तर्फबाट अनुगमनसम्बन्धी कार्यमा समेत इन्सेकसँग निरन्तर सहकार्य हुने अपेक्षा गरेका छौँ।

मानव अधिकारको सम्मान, संरक्षण, प्रवर्द्धन र प्रत्याभूति गराउने दायित्व सबै निकायहरूको भएको र यसबाट नै मानव अधिकार संस्कृतिको विकास हुने हुँदा सम्बद्ध सबै निकाय तथा सरोकारवालाहरूबाट यी कार्ययोजनाको प्रभावकारी कार्यान्वयन हुनेमा हामी विश्वस्त छौं। अन्त्यमा, इन्सेकबाट विभिन्न समयमा यस महाशाखालाई मानव अधिकारको सम्मान, संरक्षण र प्रवर्द्धनको क्षेत्रमा नेपाल सरकारले गर्न सक्ने सुधारका विषयमा सकारात्मक सुझाव/ पृष्ठपोषण निरन्तर उपलब्ध गराउँदै आउनुभएकोमा धन्यवाद दिन चाहन्छौं।

दीपा परियार
शाखा अधिकृत
मानव अधिकार तथा अन्तर्राष्ट्रिय,
सन्धि सम्झौता महाशाखा
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

परराष्ट्र मन्त्रालय

नेपाल मानव अधिकार वर्ष पुस्तकको प्रकाशन गरी नेपालमा मानव अधिकार संरक्षण, संवर्द्धन तथा सामाजिक न्यायका लागि इन्सेकले गरेको निरन्तर प्रयासका लागि नेपाल सरकार परराष्ट्र मन्त्रालय प्रसंशा व्यक्त गर्दै वर्ष पुस्तक २०२३ को लागि शुभकामना व्यक्त गर्दछ।

राष्ट्रिय सम्प्रभुत्ताको सीमारहित हरेक व्यक्तिको मानव अधिकारप्रति राज्यको जिम्मेवारी रहेकोले राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरमा मानव अधिकार संरक्षण र संवर्द्धनमा सरकारले महत्त्वपूर्ण भूमिका खेलेको छ। नेपालका नागरिकहरूका लागि नागरिक तथा राजनीतिक अधिकार तथा आर्थिक, सामाजिक र सांस्कृतिक अधिकार संवैधानिक अधिकारका रूपमा सुनिश्चित गरिएको छ। मुलुकभित्रका स्थापित मानव अधिकार मानकलाई संरचनागत रूपमा संस्थागत गरिएको छ। नेपालले बहुराष्ट्रिय संयन्त्रहरू मार्फत महिला, बालबालिका, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्तिहरू, सीमान्तकृत र अल्पसङ्ख्यक समुदाय तथा आप्रवासीहरू, र जलवायु न्याय, कोभिड-१९, दिगो विकास लक्ष्यका विषयलाई महत्व दिएको छ।

नेपाल मानव अधिकारका सात अन्तर्राष्ट्रिय महासन्धिहरू र सम्बद्ध ६ वटा ऐच्छिक आलेख, सात ओटा मानवीय सन्धिहरू जसमध्ये जेनेभा महासन्धि २०४९, ११ वटा ILO महासन्धि, र १४ वटा अन्य अन्तर्राष्ट्रिय तथा दुई वटा क्षेत्रीय सन्धिहरूमा पक्षराष्ट्र भएको नेपाल मानव अधिकारका मूल्यहरू पूर्ण रूपमा पालना गर्न प्रतिबद्ध छ।

यस वर्ष, मानव अधिकार र लोकतन्त्रका लागि संयुक्त राष्ट्रसङ्घीय मानव अधिकार परिषद् र सम्बद्ध निकायमा संग्लन रहेर नेपालले संरक्षण र संवर्द्धनका कार्यहरू गऱ्यो। विश्वको विभिन्न भौगोलिक प्रतिनिधित्व रहने मानव अधिकार परिषद् अधिकार संरक्षणका लागि महत्वपूर्ण संयन्त्रको रूपमा रहेको छ। मानव अधिकार परिषद्मा दोस्रो कार्यकाल (२०२१ देखि २०२३) लागि पुनः निर्वाचित भएको नेपालले यस परिषद्मा महत्वपूर्ण भूमिका खेलेको छ। दोश्रो कार्यकालका लागि निर्वाचित हुनुले नेपालको मानव अधिकारप्रतिको योगदान र प्रतिबद्धताप्रति अन्तर्राष्ट्रिय समुदायले गरेको कदरको रूपमा लिएका छौं। त्यसैगरी, संयुक्त राष्ट्रसङ्घको महिला विरुद्ध हुने सबै प्रकारका भेदभावसम्बन्धी कमिटीमा २०२१ देखि २०२४ को कार्यकालका लागि पुनः निर्वाचित भएर नेपालले लैङ्गिक समानता, महिला सशक्तीकरण र संरक्षणका लागि देशभित्र र बाहिर महत्वपूर्ण कार्यहरू गर्दै आएको छ।

सन्धिजनित निकायहरूमा सामयिकरूपमा प्रतिवेदन प्रस्तुत गर्ने र आवश्यक संग्लनता जनाउने विषयमा राज्य जानकार छ। सम्भव भएसम्म, नेपाले नियमित रूपमा संयुक्त राष्ट्रसङ्घीय सन्धिजनित निकायहरू जस्तै CEDAW / CRC लगायतमा पेश गरेको प्रतिवेदनले राष्ट्रको क्षमता र अन्तर्राष्ट्रिय गरिमा बढेको छ।

नेपालले भर्खरैमात्र संयुक्त राष्टसङ्घको सुरक्षा परिषद्को महिला, शान्ति, र सुरक्षा सङ्कल्प १३२५ र १८२० को दोस्रो राष्ट्रिय कार्ययोजना (२०७९/८०-२०८०/८१) अनुमोदन गरेको छ। यस योजनाले द्वन्द्व व्यवस्थापन र शान्ति स्थापनाका सम्पूर्ण प्रक्रियामा महिला तथा बालिकाको समावेशी सहभागिता तथा उनीहरूको सुरक्षा तथा संरक्षणको लक्ष्य लिएको छ। साथै, नेपाल सरकारले विश्वव्यापी आवधिक समीक्षाको क्रममा स्वीकार गरेका सुझाव कार्यान्वयनका लागि कार्ययोजना तर्जुमा गरेको छ।

कोभिड-१९ महामारीको समयमा मानव अधिकारको विषय र सरोकारहरू विश्वव्यापी भए। कोभिड-१९ महामारीको परिदृष्यमा बढेको गरिबी, चुलिएको असमानता, गहिरिएको विभेद तथा अन्य

प्राकृतिक असमानताहरूले मानव अधिकार संरक्षणमा चुनौती थप्यो। यस्तो समयमा नेपालले कोभिड-१९ विरुद्धको खोपमा समताको आवश्यकता लगायत स्वास्थ्य अधिकारका लागि अन्तर्राष्ट्रिय तहमा वकालत गऱ्यो। साथै जलवायु परिवर्तनको मानव अधिकार विशेष गरी शिक्षा, स्वास्थ्य, सरसफाइ र समानतामा परेको असर बारेमा मुलुक सचेत रहेको छ।

नेपालले स्वच्छ, स्वस्थ्य र दिगो वातावरणसँग मानव अधिकार संरक्षणको प्रत्यक्ष र पारस्परिक सम्बन्ध भएकाले स्वच्छ वातावरणीय अधिकार मानव अधिकारको रूपमा स्वीकार गर्न वकालत गरेको छ। राज्यले मानव अधिकारमैत्री विपद् जोखिम न्यूनीकरणको धारणा अवलम्बन गर्न आह्वान गरेको छ। साथै, विपत् प्रभावित जनताको उद्धार, राहत र पुनःस्थापनाका कार्यहरू मानव अधिकारमैत्री र गैरविभेद सुनिश्चित हुने प्रकृतिको हुनुपर्छ भन्ने मान्यतामा राख्दछ। सामाजिक सञ्जाल, आधुनिक सूचना प्रवाधि र साइबर क्षेत्रमा मानव अधिकारका मूल्य र अवधारणाहरूलाई संरक्षण र संवर्द्धन गर्न नेपालले पैरवी गरेको छ।

गृह मन्त्रालय

१. नेपालको संविधानदद्वारा प्रत्याभूत गरिएका आधारभूत मानव अधिकार र नागरिक स्वतन्त्रताको सम्मान, संरक्षण, संवर्द्धन र प्रवर्द्धन गर्न राष्ट्रिय मानव अधिकार आयोग, विषयगत मन्त्रालय तथा निकायहरूसँग नियमित समन्वय र सहकार्य गरिएको।

२. नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र (The United Nations International Convenant on Civil and Political Rights-ICCPR) को प्रतिवेदन तयार गर्ने सन्दर्भमा विभिन्न मन्त्रालय/निकायहरूसँग राय/सुझाव सङ्कलन एवम् प्रदेशस्तरीय अन्तरक्रिया/छलफल कार्यक्रम गरिएको।

३. यातना तथा अन्य क्रुर अमानवीय वा अपमानजनक व्यवहार वा सजाय विरुद्धको संयुक्त राष्ट्रसङ्घीय महासन्धि (Convention against Torture and Other Cruel, Inhuman or Degrading Treatment or Punishment (the Convention)-UNCAT) अन्तर्गत प्रतिवेदन अद्यावधिक गर्नका लागि यस मन्त्रालयमा समिति गठन गरी प्रक्रिया अगाडि बढाइएको।

४. मानव अधिकारकर्मीहरूको सुरक्षा र संरक्षण गर्ने सम्बन्धी आदेश, २०७७ स्वीकृत भई कार्यान्वयनमा रहयो।

५. राष्ट्रिय मानव अधिकार आयोगले मानव अधिकार संरक्षणका सन्दर्भमा गरेका सिफारिसहरू कार्यान्वयन गरिएको।

६. मानव अधिकारका सन्दर्भमा विभिन्न निकायलाई राय परामर्श उपलब्ध गराउने गरिएको।

मानव अधिकार तथा सामाजिक न्यायका क्षेत्रमा कार्यरत अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) बाट 'नेपाल मानव अधिकार वर्ष पुस्तक २०२३' प्रकाशित हुन लागेकोमा इन्सेकलाई शुभकामना व्यक्त गर्दछौं। इन्सेकले विगत लामो समयदेखि प्रकाशन गर्दै आइरहेको वर्ष पुस्तकले नेपालमा मानव अधिकारको अवस्था बारेमा चित्रण गर्ने गरेको छ। मानव अधिकारको अनुगमन, अभिलेखीकरण, पैरवी, खबरदारी गर्दै आइरहेको इन्सेकले मानव अधिकारको संरक्षणमा उल्लेख्य भूमिका निर्वाह गर्दै आइरहेको छ। मानव अधिकारको संरक्षणमा राज्यका सबै पक्षको भूमिका महत्वपूर्ण हुने भएकोले इन्सेकले मानव अधिकारको क्षेत्रमा पुऱ्याएको योगदानको प्रशंसा गर्दै आगामी दिनमा पनि मानव अधिकारको संरक्षण र संवर्द्धनमा गृह मन्त्रालय समन्वय र सहकार्य गर्न सदैव तयार रहेको विश्वास दिलाउन चाहन्छौं।

अन्त्यमा, इन्सेकबाट प्रकाशबाट हुन लागेको नेपाल मानव अधिकार वर्ष पुस्तक २०२३ मानव अधिकारको विविध पक्षबारे जानकारी लिन चाहने सबैलाई उपयोगी हुने विश्वास लिएका छौं।

लक्ष्मी मरासिनी
शाखा अधिकृत

राष्ट्रिय महिला आयोग

नेपालमा मानव अधिकारको क्षेत्रमा कार्यरत विभिन्न संस्थाहरूमध्ये अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) को नाम अग्रस्थानमा रहेको छ। यस संस्थाले देशमा मानव अधिकारको अवस्थाबारे सूचना र तथ्यहरूको सङ्कलन, विश्लेषण र प्रतिवेदन तयार गरी मानव अधिकार वर्ष पुस्तकको रूपमा हरेक वर्ष

प्रकाशन गर्ने गरेको छ। देशभरको मानव अधिकारको अवस्थालाई एउटा पुस्तकमा समेटेर आम सरोकारवाला समक्ष पुऱ्याउनाले मानव अधिकार संस्थाहरू एवम् सबै किसिमका अधिकार प्रवर्द्धन गर्ने उद्देश्यले स्थापित सार्वजनिक निकायहरूलाई समेत देशमा शान्ति सुव्यवस्था कायम गर्न र मानव अधिकार संरक्षणमा उपचारात्मक, प्रवर्द्धनात्मक र दण्डात्मक क्रियाकलापहरू सञ्चालन गर्न स्पष्ट मार्गदर्शन प्राप्त भएको छ। राष्ट्रिय महिला आयोग महिलाको मानव अधिकार संरक्षण र प्रवर्द्धन गर्नका लागि स्थापित संवैधानिक निकाय भएको हुँदा इन्सेकले प्रकाशन गर्ने मानव अधिकार वर्ष पुस्तकमा राष्ट्रिय महिला आयोगले आफ्नो धारणा व्यक्त गर्नु सान्दर्भिक हुन्छ।

राष्ट्रिय महिला आयोग महिलाको हक, हित र अधिकार संरक्षण र संवर्द्धन गर्नका लागि स्थापना भएको संवैधानिक निकाय हो। नेपाली समाजमा लैङ्गिक हिंसाको माध्यम बनाई मानव अधिकार उल्लङ्घन गर्ने घटनाहरूको सङ्ख्या समग्र मानव अधिकार उल्लङ्घनका घटनामध्ये नै ठूलो हिस्सामा रहेको देखिएको छ। राष्ट्रिय महिला आयोगबाट महिला हिंसाको रूपमा भएका मानव अधिकार उल्लङ्घनका घटनासम्बन्धमा आयोगमा परेका उजुरीहरूमा पीडितलाई कानुनी सहायता प्रदान गर्ने, कानुनी परामर्श प्रदान गर्ने, मनोसामाजिक विमर्श प्रदान गर्ने, आश्रयस्थलको व्यवस्था गर्ने जस्ता सेवाहरू प्रवाह भएको छ। मानव अधिकार उल्लङ्घनका घटनाहरू न्यूनीकरण गर्न नेपाल सरकार र गैरसरकारी क्षेत्र समेतबाट आवश्यक पहल गर्न अध्ययन, अनुसन्धान, सुझाव र सिफारिस गर्ने उद्देश्यले सचेतनामूलक छलफल तथा अन्तरक्रिया कार्यक्रमहरू समेत सञ्चालन भएको छ।

(१) उजुरी व्यवस्थापन र सेवा प्रवाह

(१) उजुरी व्यवस्थापन : सन् २०२२ मा देहाय बमोजिम महिला हिंसाका घटनाहरूको उजुरी राष्ट्रिय महिला आयोगमा दर्ता भई पीडितहरूलाई सेवा प्रवाह भएको छ।

शारीरिक हिंसा	: ६८४
आर्थिक हिंसा	: ८७३
मानसिक हिंसा	: ११९५
यौनजन्य हिंसा	: ७७
जम्मा दर्ता भएका उजुरी सङ्ख्या	: १२८२

पीडित भएको एक व्यक्ति वा एक उजुरीकर्ता नै एकभन्दा बढी हिंसा भोग्नु परेको अवस्था देखिएको छ। मानव अधिकार उल्लङ्घनका घटनामध्ये घरेलु हिंसाको रूपमा १ हजार १ सय ६० घटनाको उजुरीसमेत यस आयोगमा परेको र अन्य किसिमका महिला हिंसाको पीडित १ सय २२ जना महिलाहरू मानव अधिकारको उल्लङ्घन भएको भनी यस आयोगमा उजुरी दिन आएको देखिन्छ।

(२) सेवा प्रवाह

राष्ट्रिय महिला आयोगबाट विश्व बैङ्कको सहयोगमा आ.व. २०७४/०७५ देखि सञ्चालनमा आएको "खबर गरौं ११४५ हेल्पलाइन सेवा" आ.ब. २०७८/०७९ (सन् २०२१ जुलाई १६) देखि नेपाल सरकारको बजेट र जनशक्तिबाट सञ्चालन भएको छ। यसबाट देशभरिका महिलाहरूले आफ्नो मानव अधिकार हनन् भएको महसुस हुनासाथ तुरुन्तै ११४५ मा टेलिफोन गरी समस्या राखी सेवा लिनसक्ने व्यवस्था गरिएको छ।

(३) मानव अधिकार संरक्षण र प्रवर्द्धनका लागि यस आयोगबाट भएका प्रयासहरू:

- महिलामाथि हुने सबै किसिमका दुर्व्यवहारहरू अन्त्य गर्ने विषयलाई मुख्य प्राथमिकतामा राखी आयोगको तेस्रो रणनीतिक योजना तर्जुमा भएको छ।
- स्थानीय तह सदस्य निर्वाचन, २०७९ तथा प्रतिनिधि सभा र प्रदेश सभा सदस्य निर्वाचन २०७९ को समयमा महिलामाथि हुने हिंसाका विषयमा स्थलगत अनुगमनका लागि अनुगमन टोलीहरू खटाइएको र हिंसाका घटना हुन नदिन समेत प्रेस विज्ञप्ति र सरोकारवालाहरूको ध्यानाकर्षण गरिएको छ।
- महिला अधिकार मानव अधिकारको पर्यायको रूपमा रहेको विषयलाई मध्यनजर गर्दै महिला अधिकारका मुद्दा उठान र पहिचान गरी नीतिगत सिफारिस गर्न सरोकारवालाहरूसँग सहकार्य बैठकहरूको आयोजना गरिएको छ।
- विद्यालयमा किशोरीहरूमाथि समेत हिंसा भइरहेका घटनाहरू सञ्चारमाध्यममा आएसँगै पाठ्यक्रममा नै यस विषयलाई समावेश गर्ने उद्देश्यले पाठ्यक्रम निर्धारण र कार्यान्वयन गर्ने निकायहरूसँग अन्तरक्रिया र छलफलको आयोजना गरी सुझावहरू प्रेषण गरिएको छ। विद्यालयमा हुनसक्ने हिंसा न्यूनीकरण गर्न विद्यालय स्तरका

सरोकारवालाहरूसँग समेत अन्तरक्रिया र छलफल गरिएको छ।

- अपाङ्गता भएका महिलाहरूमाथि हुने हिंसा न्यूनीकरण गर्ने उद्देश्यसहित सरोकारवालाहरूसँग अन्तरक्रिया कार्यक्रम गरिएको छ।
- ज्येष्ठ महिला माथि हुने हिंसा र दुर्व्यवहार अन्त्य गर्ने उद्देश्यले सरोकारवालाहरूमाझ अन्तरक्रिया गरिएको छ।
- लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक व्यक्तिहरूमाथि हुने हिंसा र दुर्व्यवहारका सवालमा नीतिगत सुझाव तथा सिफारिसका लागि सरोकारवालाहरूसँग अन्तरक्रिया कार्यक्रम गरिएको छ।
- लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान विभिन्न सचेतनामूलक कार्यक्रम सहित सम्पन्न गरिएको छ। यसबाट लैङ्गिक हिंसा/घरेलु हिंसा/यौनजन्य हिंसाको रूपमा हुने मानव अधिकारसम्बन्धी विकृति नियन्त्रणमा सरोकारवालाको ध्यानाकर्षण हुने अपेक्षा गरिएको छ।
- मानव अधिकारसँग सम्बन्धित विभिन्न दिवसहरू सचेतनामूलक अभियानसहित मनाइएको छ। दिवसीय अभियानहरू महिला हिंसा नियन्त्रणको अभियानलाई प्रभावकारी बनाउन लक्षित गरिएको छ।
- प्रथा र परम्पराजन्य हानिकारक अभ्यासहरू मानव अधिकार उल्लङ्घन गर्ने मुख्य माध्यमको रूपमा विशेष समुदाय र वर्गमा देखिएको हुँदा यस्ता हानिकारक अभ्यासहरू उन्मूलन गर्ने दिशामा सरोकारवाला निकायहरूको ध्यानाकर्षण गर्ने उद्देश्यले मधेस प्रदेश, लुम्बिनी प्रदेश र सुदूरपश्चिम प्रदेशका विभिन्न जिल्लामा पुगी सरोकारवालाहरूसँग छलफल र अन्तरक्रिया कार्यक्रमहरू गरिएको छ।

(३) राष्ट्रिय महिला आयोगबाट गरिएको अनुगमन र प्राप्त अनुभव

लैङ्गिक हिंसासम्बन्धी क्षेत्रमा सेवा प्रवाह गर्न खटिएका निकायहरू र हिंसाका घटना घटेका स्थानहरूमा पुगी स्थलगत अनुगमन गरिएकोमा देहाय बमोजिम विवरण प्राप्त भएको छ।

(१) अनुगमन गरिएको क्षेत्र :

१) पुनर्स्थापना केन्द्र एवं अल्पकालीन सेवा केन्द्र सञ्चालन गर्ने गैरसरकारी संस्थाहरू।

२) सरकारी निकायहरू (एकद्वार सङ्कट व्यवस्थापन केन्द्र, नेपाल प्रहरीको महिला तथा बालबालिका सेवा केन्द्र, स्थानीय न्यायिक समिति आदि)

३) महिला हिंसाका घटनाहरू भएका स्थानहरू

(२) अनुगमनमा देखिएको अवस्था अनुसारको सुझाव

- हिंसा पीडितलाई अल्पकालीन एवम् दीर्घकालीन संरक्षण दिने किसिमका पुर्नस्थापना केन्द्र एवम् सेवा केन्द्रहरू साधन सम्पन्न बनाइनु पर्ने।
- अस्पतालमा आधारित एकद्वार सङ्कट व्यवस्थापन केन्द्रलाई आर्थिक, भौतिक र मानवीय स्रोत सम्पन्न बनाइ हिंसा पीडितको पहुँचमा पुऱ्याउन प्रचार प्रसार समेत गर्नुपर्ने।
- महिलासँग सम्बन्धित सेवा तथा लैङ्गिक हिंसा पीडितलाई सेवा प्रवाह गर्न स्थापना भएका सरकारी, गैरसरकारी एवं नीजि क्षेत्रका निकाय/संघसंस्थाले सेवा प्रवाह गर्दा लैङ्गिक संवेदनशील कार्यशैली र व्यवहार अवलम्बन गर्नुपर्ने।

(४) आमसञ्चार माध्यमबाट आएको समाचारको आधारमा गरिएको सहयोग र सेवा प्रवाह

लैङ्गिक हिंसाका घटनाहरू विभिन्न सञ्चार माध्यमबाट यस आयोगको जानकारीमा आएपछि आयोगले पीडितलाई न्यायको पहुँचमा पुऱ्याउन देहाय बमोजिमका कार्यहरू यथासम्भव सबै घटनाहरूको सन्दर्भमा घटना व्यवस्थापनका लागि गरिएको छ।

हिंसाको घटना भएको एकीन भएपछि यथासम्भव छिटो छरितो प्रक्रियाबाट पीडितलाई न्यायको पहुँचमा पुऱ्याउन सबै सरोकारवालको ध्यानाकर्षण गराइएको।

पीडितलाई न्यायको पहुँचमा सम्बन्धित संस्था निकायमा सिफारिस गरी तत्काल उद्धार मनोसामाजिक विमर्श, कानुनी परामर्श तथा अल्पकालीन आश्रयस्थलको व्यवस्था गरिएको।

महिला हिंसाका घटना हुन नदिन सरोकारवालाहरूलाई लक्षित गरी ध्यानाकर्षण गर्ने गरिएको।

(५) निष्कर्ष

- देशमा सन् २०२२ मा मानव अधिकारको अवस्था देहाय बमोजिम देखिएको छ।
- यौनजन्य दुर्व्यवहारका घटनाहरू सञ्चार माध्यमबाट व्यापक रूपमा उजागर भइरहेको।
- हिंसा पीडितहरू न्यायको माग गर्दै सेवा प्रवाह गर्ने

निकायसम्म पुग्ने प्रवृत्ति बढ्दै गएको।

- मानव अधिकारको सवाल हो भनी प्रमाणद्वारा पुष्टि भएको अवस्थामा सरकारी निकायहरूबाट छरितो प्रक्रियाद्वारा पीडितलाई न्यायको पहुँचमा पुऱ्याइएको।
- पीडित व्यक्ति र न्यायको पहुँचमा संलग्न निकायसँगसँगै तेस्रोपक्षको हस्तक्षेप भएका घटनाहरूमा न्याय निरूपणको कार्य जटिल भएको विषय विभिन्न घटनाहरूबाट पुष्टि भएको।
- अपराध अनुसन्धानको विषयलाई सरकारको तर्फबाट परिचालित निकायहरूले विशेष प्राथमिकता राखेको।
- घरेलु हिंसाको रूपमा मानव अधिकार उल्लङ्घनको घटनाको अवस्था हेर्दा हिंसा न्यूनीकरणको लागि व्यापक प्रचार प्रसार सचेतना अभियान र सञ्चालन गर्नुपर्ने देखिएको।
- हिंसाका घटनाहरूमा न्याय निरूपणको प्रक्रिया रहेकै चरणमा विभिन्न सञ्चारमाध्यम, सामाजिक सञ्जाल प्रयोगकर्ता र स्वार्थ समूह एवम् हित समूहहरू हावी रहेको हुँदा पीडितले न्याय र पीडकले सजाय पाउनुपर्ने विषय थप जटिल बनेको।

राष्ट्रिय महिला आयोग लैङ्गिक हिंसाबाट पीडित महिलाहरूलाई न्यायको पहुँचमा पुऱ्याउन महिलाको हक हित र अधिकारको संरक्षण र संवर्द्धन गरी विकासको मूलप्रवाहमा महिलालाई प्रभावकारी रूपमा समाहित गर्दै लैङ्गिक समानता र महिला सशक्तिकरणको क्षेत्रमा योगदान पुऱ्याउँदै लैङ्गिक न्याय सुनिश्चित गर्ने उद्देश्यले स्थापित संवैधानिक निकाय हो। सन् २०२२ मा भएका मानव अधिकार उल्लङ्घनका घटनाहरू र त्यस्ता घटनाहरूको पीडितलाई न्यायको पहुँचमा पुऱ्याउने कार्यमा भएका असल अभ्यासहरू र कमजोरीहरू समेतबाट पाठ सिक्दै अबका दिनहरूमा उपचारात्मक र दण्डात्मक कार्यहरू समेतलाई प्रभावकारी बनाउँदै पीडितलाई न्यायको पहुँच, पीडकलाई सजायको व्यवस्थामा छरितो र समन्वयात्मक कार्यशैली अपनाउनु र प्रवर्द्धनात्मक कार्यहरूमा सहकार्य मार्फत प्रत्येक नेपालीले न्यूनतम मानवीय मर्यादासहित बाँच्न पाउने वातावरण सृजना गर्नु आजको आवश्यकता हो।

मधेशी आयोग

नेपाल मानव अधिकार वर्ष पुस्तक २०२३ प्रकाशन हुने लागेको जानकारी पाउँदा खुशी र हर्षित भएका छौँ। यस आयोगमा आर्थिक वर्ष २०७५-७६ मा १२ उजुरी, आर्थिक वर्ष २०७६-७७ मा १ सय ८३, आर्थिक वर्ष २०७७-७८ मा १ सय ९०, आर्थिक वर्ष २०७८-७९ मा १ सय १४ उजुरी गरी जम्मा ४ सय ९९ उजुरीहरू दर्ता भएका छन्। खुल्ला सीमा, अपराध, नागरिकहरू अनागरिक भएको अवस्था, कोभिड-१९ र आर्थिक सङ्कमण सहितको दीर्घकालीन समस्याहरूका कारण समग्र 'मानव अधिकार' को अवस्था सुल्झिनुको सट्टा झन् बिग्रिएको देखिन्छ। प्रशासनको जनमैत्री व्यवहार अझै प्रभावकारी हुन नसकेको यथार्थ रहेको छ। वैदेशिक रोजगारीबाट ल्याएका रकम भन्दा यसको कारणले भित्रिएको सामाजिक, आर्थिक र सांस्कृतिक कुव्यवस्थाले समाजलाई झन् पीडामाथि पीडा थपेको अनुगमनबाट देखिन्छ। श्रमिकको शवमाथि पनि विचौलिया हावी रहेको छ। धार्मिक द्वन्द्व तराई-मधेशका जिल्लाहरूमा बढेका छन्। धर्मान्तर र सोको नाममा अवैध रकम अत्यधिक भित्रिएका छन्। यसको उचित र प्रभावकारी व्यवस्थापन हुन नसकेको यथार्तता रहेको छ। अन्धविश्वास, छुवाछुत, दाइजोप्रथा, बालविवाह, महिला हिंसा, मधेशी, गैर मधेशीबीचमा गाली-गलौज, मधेशी-मधेशीबीचको गाली-गलौज, हत्या, आत्महत्या, कारागारमा हत्या/आत्महत्या थुनुवाहरूको यातना र त्यस पछिको दुष्परिणाम, निजी र सरकारी शिक्षण संस्थाहरूमा भएको गैरजिम्मेवारीपूर्ण व्यवहार, निजी स्वास्थ्य संस्था र मेडिकल कलेजहरूबारे गरिएको असामाजिक व्यवहार, जनप्रतिनिधिहरूको उदासिनता, गोइठा र गोरहाको प्रयोग पारम्परिक इन्धनको रूपमा अझै तराई-मधेशका जिल्लाहरूमा भइरहेकोले महिलाहरूको स्वास्थ्य अवस्थामा प्रतिकूल असर पारेको छ। यसले अतिविपन्न र विपन्न वर्गहरूलाई झन समस्याग्रस्त जीवन व्यतित गर्न बाध्य पारेको छ। यस आयोगले यी सबै अवस्थालाई गहन रूपमा अनुगमन, समीक्षा र मूल्याङ्न गरी नेपाल सरकारमा संवैधानिक दायित्व अनुसार सिफारिस गरेको छ। साथै गरिबहरूको जीवन शितलहर, बाढीपहिरोले झन् समस्याग्रस्त बनाएको छ। विपत् व्यवस्थापनका कार्य प्रभावकारी हुन नसकेको अवस्था देखिन्छ। यस आयोगले वर्ग पहिचान र समस्या पहिचान लगायत मधेश प्रोफाइल

निर्माण गरेको छ। मधेश र मधेशी के हो ? कुन कुन जात जाति मधेशी हुन भन्ने सम्बन्धमा सिफारिस समेत गरेको छ। यस आयोगमा प्राप्त भएका उजुरीहरू आवश्यक कारवाहीको लागि सिफारिस गरी पठाइएका छन्। यस आयोगमा हालसम्म प्राप्त उजुरीहरू निम्नप्रकारका रहेका छन्।

हत्या, बलात्कार, थर सूचीकरण, ठगी अनियमितता /लुटपाट, बोक्सी/अन्धविश्वास/धामी झाँक्री, मानव वेचविखन, मधेशीको हकहित, भाषा, कला, संस्कृति, जग्गा, कृषि, मल, सिंचाई, मृत्यु, कुटपिट, एसिड आक्रमण, घरेलु हिंसा, नागरिकता, वैदेशिक रोजगार, भ्रष्टाचार, शिक्षा, नदी नियन्त्रण, स्वास्थ्य, मानव अधिकार, सार्वजनिक सेवा (कर्मचारी र प्रशासन), खुल्ला सीमाना, जग्गा कटान अतिक्रमण, सामाजिक सञ्जाल, विभेद, विकास र विवाद, न्याय, राहत क्षतिपूर्ति, प्रदुषण, सीप, महिला सशक्तीकरण, बालविवाह, जनावर संरक्षण, लागु पदार्थ दुर्व्यसन तथा अवैध व्यापार, जनप्रतिनिधि, उद्योग, रेलवे, मधेशी प्रमाणित, बैंक तथा वित्तीय, मिडिया, आरक्षण, उखु किसान, गालीगलौज, कोभिड -१९, अन्य।

विन्दुदेवी शर्मा
शाखा अधिकृत

राष्ट्रिय दलित आयोग

नेपालमा मानव अधिकारको सामान्य सुचना राख्ने जो कसैलाई पनि थाहा छ कि अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) ले यसको कति पैरवी गऱ्यो भन्ने कुरा। मानव अधिकार महासन्धिको पक्ष राष्ट्रका रूपमा धेरै पहिले हस्ताक्षर गरे पनि नेपालमा मानव अधिकारको संस्थागत अभियानकर्ताको हैसियतले इन्सेकले निकै लामो र महत्त्वपूर्ण योगदान गरेको छ। वर्षभरि मानव अधिकार उल्लङ्घन कहाँ कहाँ भयो, ककसले यस्ता घटनाहरूबाट पीडित हुनु पऱ्यो, राज्यपक्षबाट मानव अधिकार संरक्षण वा उल्लङ्घनमा कस्तो भूमिका रह्यो भन्ने फेहरिस्त सहित मानव अधिकार आन्दालनको तर्फबाट गरिएको पैरवीको विवरण समेटिएको 'मानव अधिकार वर्ष पुस्तक २०२३' प्रकाशनको तयारीमा रहेको कुरा थाहा पाउँदा खुशी लाग्यो।

इन्सेकद्वारा प्रकाशन गरिने यो पुस्तक मानव अधिकार क्षेत्रको आधिकारिक दस्तावेज हो। तसर्थ राष्ट्रिय दलित आयोग पनि नेपालका मानव अधिकार उल्लङ्घनबाट सबैभन्दा आहत समुदायको उत्थान, पैरवी र मूलप्रवाहीकरणका लागि स्थापित संवैधानिक संस्था हो। केही दिन र वर्ष मात्र होइन, चरम मानव अधिकार हनन्बाट युगौँयुगदेखि उत्पीडनमा परेको समुदाय हो- दलित समुदाय। यो समुदायलाई नेपाली समाजले मान्छेको हैसियत दिएको छैन। मान्छेको रूपमा हेरिएकाहरूको मानव अधिकारको परिभाषाभित्र पर्दोरहेछ, जसलाई समाजले मान्छेको दर्जा नै दिएको छैन, उसको मानव अधिकारको विषय हाम्रो चलनचल्तीको भाषामा मानव अधिकारको परिभाषाभित्र पर्दोरहेनछ। यो अवस्थाका दलितहरूको विषयमा कसले पैरवी गरिदिने?

भर्खरै एकजना दलित समुदायको व्यक्तिको रामेछापमा हत्या गरियो र भनियो- जाँड खाएर मरेको। हत्या गरेको देख्ने प्रत्यक्षदर्शीहरू पनि एकलौटी बयान दिन तयार भए कि जाँड खाएको कारणले आफै मरेको हो भनेर। मौखिक कुरा गर्दा हत्या फलानाले फलानाको गरेको हो भन्ने मान्छेले लिखित बयानमा जाँड सेवनको कारणले मरेको हो भनेर सहीछाप गर्नु, न्याय मार्नु, मानव अधिकार प्रतिकूल हुने कार्य गर्नु नै हो। यो सामान्य दृष्टान्तका रूपमा लिने अवस्था छ किनकी दिनहुँजसो दलितमाथि अन्याय अत्याचार भइरहेको छ र यसको अन्त्यको लागि राष्ट्रिय दलित आयोगले राज्य र दलित समुदायलाई जोड्ने सम्बन्ध सेतुको काम गर्दछ।

नयाँ संविधान र २०६८ को कानुन बन्नुपूर्व दलित समुदायमाथि अन्याय गर्नु अन्य समुदायको अधिकारको रूपमा हेरिन्थ्यो भने अहिले केही संवेदनशीलताको विकास बाध्यतात्मक रूपमै भए पनि भएको अवस्था छ। हिजो उल्टो दिशातिर प्रवाहित समाज व्यवस्थालाई आज सुल्टोदिशातिर प्रवाह्वान गर्नु परेको छ। सभ्य समाजका प्रत्येक सदस्यको अहम् कर्तव्य हो कि- सबै प्रकारका असमानता र विभेदको अन्त्य गर्नु। हामी त्यो दिशातिर अग्रसर छौँ। हजारौँ हजार वर्षसम्म अभ्यास गरिएका कुसंस्कृति र कुप्रथाहरू रातारात अन्त्य हुँदैनन्। तथापि उत्पीडन गर्ने पक्षको तर्फबाट प्रभावकारी कदम चालिनु पर्दछ। यसका कमी भइरहेको हामीले अनुभूत गरेका छौँ।

इन्सेकले प्रकाशन गर्ने वर्ष पुस्तकमा नेपालको हिन्दू धर्म सम्प्रदायमा व्याप्त उचनीच, सानो-ठूलो, जातपात छुवाछूत रूपी कुप्रथा अन्त्यका लागि विशेष

अध्ययन अनुसन्धान सहितको विशेषाङ्क प्रकाशन गरियोस्। नेपालका उपलब्ध हिन्दू धर्मशास्त्रका विद्वान्हरू, विश्वविद्यालयका प्राध्यापकहरू, नेपालको मानव अधिकार क्षेत्रका अगुवाहरू सम्मिलित त्यो अध्ययन अनुसन्धानको प्रतिवेदनपछि गाउँ-गाउँ, टोल-टोलमा जागरण पैदा होस् कि कसैले कसैलाई जातको आधारमा उचनीचको व्यवहार गर्नु धर्म होइन पाप हो भन्ने कुरा सर्वसाधारणले जान्न बुझ्न सकून्। इन्सेकले यो काममा अगुवाई गरोस् भन्ने आशा गर्न चाहन्छु।

दलित समुदायको मानव अधिकार संरक्षणको लागि राष्ट्रिय दलित आयोगले साधन स्रोतको अपर्याप्तताका बाबजुद पनि काम गरिरहेको छ। आयोगसँग दलित समुदायका आशा अपेक्षा धेरै छन् तर सम्बोधन गर्ने सामर्थ्य आयोगसँग कम छ। जे होस् दलित समुदायको मानव अधिकारको संरक्षण गर्नु ५० प्रतिशत मानव अधिकार समस्याको हल हुनु हो।

त्यसैले मानव अधिकार क्षेत्रको चुनौती र सम्भावना दुवै हो भन्दा अन्यथा नहोला। हामी उत्पीडनमा पारिएका र मानव अधिकार क्षेत्रको सिङ्गो प्रयत्नले यो समस्या हल गर्न सकिन्छ भन्नेमा विश्वस्त छौं।

देवराज विश्वकर्मा
अध्यक्ष

नेपाली सेना

नेपाली सेना अन्तर्राष्ट्रिय मानवीय कानुन तथा मानव अधिकारको सम्मान, संरक्षण, संवर्द्धन र प्रवर्धन गर्न प्रतिबद्ध छ। अन्तर्राष्ट्रिय मानवीय कानुन तथा मानव अधिकारसम्बन्धी नेपाली सेनाले लिएको शून्य सहिष्णुताको नीति कार्यान्वयन गर्ने उद्देश्यले मानव अधिकार निर्देशिका, २०७९ जारी गरिएको छ। सन् २०२२ मा नेपाली सेनाको वार्षिक तालिम निर्देशिका अनुसार सुर्खेत र पोखरास्थित पूतना हेडक्वाटरहरूमा अन्तर्राष्ट्रिय मानवीय कानुनसम्बन्धी आधारभूत तालिम समेत सञ्चालन गरी सकल दर्जाहरूलाई प्रशिक्षित गराइएको व्यहोरा अनुरोध गरिन्छ।

मानबहादुर महरा
सहायक रथी, निर्देशक

नेपाल प्रहरी

वर्ष २०२२ को अवधिमा देशको मानव अधिकारको अवस्थालाई प्रकाश पार्दै मानव अधिकार तथा सामाजिक न्यायका लागि कार्यरत अनौपचारिक सेवा केन्द्र (इन्सेक) ले यस वर्ष पनि 'मानव अधिकार वर्ष पुस्तक २०२३' प्रकाशन गर्न लागेकोमा हामीलाई खुशी लागेको छ।

राज्यले मानव अधिकारका मूल्य मान्यता र स्थापित सिद्धान्तलाई संविधानको मौलिक हकको रूपमा समावेश गरी नागरिकको मानव अधिकार सुनिश्चित गरेको छ। मौलिक हकको प्रभावकारी कार्यान्वयनबाट देशमा सुशासन र समृद्धि हासिल गर्न र नागरिकका मानव अधिकारको संरक्षण र प्रत्याभूतिका लागि राज्यले नेपाल प्रहरीलाई अग्रणी भूमिका प्रदान गरेको छ। राज्यले कानुन कार्यान्वयन गर्ने निकायको रूपमा रहेको नेपाल प्रहरी नागरिकका संविधान प्रदत्त मौलिक अधिकारहरूको साथै विभिन्न राष्ट्रिय, अन्तर्राष्ट्रिय कानुनहरूद्वारा सुनिश्चित अधिकारको संरक्षण, संवर्द्धन र परिपूर्तिको लागि कटिबद्ध छ। राज्यले प्रदान गरेका विभिन्न कानुनी अधिकारहरूको कानुन बमोजिम प्रयोग गरी कानुनी राज्यको अवधारणा अनुरूप मानव अधिकार संरक्षण र संवर्द्धन गर्नु नेपाल प्रहरी र यसमा आबद्ध सकल दर्जाले आफ्नो मुख्य दायित्व र कर्तव्य रूपमा ग्रहण गरेको जानकारी गराउन पाउँदा हामीलाई खुसी लागेको छ।

नागरिक अधिकारहरूको सुनिश्चित गर्ने क्रममा प्रहरी काम कारबाहीहरूमा मानव अधिकारका मूल्य मान्यता र सिद्धान्तलाई अवलम्बन गर्न तथा प्रहरीबाट मानव अधिकार उल्लङ्घन हुन नदिन प्रहरी महानिरीक्षकको प्रत्यक्ष मातहतमा रहने गरी २०५९ माघ २ गते विशिष्टिकृत एकाइको रूपमा मानव अधिकार सेलको स्थापना गरिएको थियो र यो एकाइ समयक्रममा विकसित र परिमार्जित हुँदै हाल 'मानव अधिकार उल्लङ्घन अनुगमन एकाइ' को नामले क्रियाशील छ। सम्पूर्ण प्रहरी सङ्गठनलाई नै मानव अधिकारमैत्री बनाउने लक्ष्यका साथ नेपाल प्रहरीले काठमाडौं उपत्यका प्रहरी कार्यालय र सात प्रदेश प्रहरी कार्यालयमा मानव अधिकार शाखा र प्रत्येक जिल्ला प्रहरी कार्यालयमा मानव अधिकार सम्पर्क अधिकृतको व्यवस्था गरेर मानव अधिकारसम्बन्धी विभिन्न

क्रियाकलाप तथा गतिविधिहरू सञ्चालन गर्दै आइरहेको छ।

नेपालमा प्रहरीले मानव अधिकारलाई आफ्नो साङ्गठनिक प्राथमिकतामा राखी मानव अधिकारको संरक्षण, संवर्द्धन र परिपूर्तितर्फ विगत एकवर्षमा सम्पादन गरेको कार्यहरू निम्न बमोजिम छन्।

१. मानव अधिकार संरक्षणतर्फ

- मानव अधिकारको विषयमा शून्य सहनशीलताको नीति अवलम्बन गरी प्रहरी कार्यालयहरूमा सबैले देख्ने गरी सम्पर्क नम्बरसहित गुनासो सुन्ने अधिकारीको विवरण राखिएको साथै इमेल, टेलिफोन, नेपाल प्रहरीको वेबसाइट तथा अन्य सामाजिक सञ्जाल मार्फत गुनासो गर्न सक्ने सेवा सुविधा तथा प्रावधान मिलाइएको।
- सम्मानित अदालतबाट प्राप्त निर्देशन/निर्णय तथा आदेशको कार्यान्वयन गर्नुका साथै प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, गृह मन्त्रालय, राष्ट्रिय मानव अधिकार आयोग, सत्यनिरूपण तथा मेलमिलाप आयोग, बेपत्ता पारिएको व्यक्तिको छानविन आयोगबाट प्राप्त उजुरी, सिफारिस तथा निर्णय कार्यान्वयन, आवश्यक अनुसन्धान एवम् छानविन गरी भई आएको आदेशको कार्यान्वयन सम्बन्धमा सबै प्रहरी एकाइहरूलाई जानकारी दिने गरिएको।
- कुनै पनि प्रहरी कार्यालयहरूमा वा प्रहरी कर्मचारीहरूबाट मानव अधिकार उल्लङ्घनका घटना भएको भनी उजुरी प्राप्त वा पत्रपत्रिका, अनलाइन तथा अन्य विविध श्रोतबाट सूचना प्राप्त हुन आएमा सो सम्बन्धमा आवश्यक अनुसन्धान तथा छानविन गरी दोषी देखिएका प्रहरी कर्मचारीलाई कानुन बमोजिम विभागीय कारबाही गर्ने गरिएको। आ.व. २०७९/०८० मा ९ समेत गरी हालसम्म ८ सय १८ जना प्रहरी कर्मचारीहरूलाई विभागीय कारबाही गरिसकिएको।
- प्रभावकारी अनुसन्धान गरी दोषीलाई निरूत्साहित गर्दै अपराध रोकथामको माध्यमबाट नागरिकको मानव अधिकारको संरक्षण गरिएको।
- प्रहरी हिरासतमा हुन सक्ने यातना तथा अमानवीय व्यवहार र हिरासत कक्षको व्यवस्थापन जस्ता मानव अधिकारसम्बन्धी विषयहरूलाई उच्च प्राथमिकतामा राखी विभिन्न एकाइका थुनुवा गृह, मुद्दाको अनुसन्धान प्रगति Principle of Rule of law को अनुसरण, अवलम्बन तथा गुनासो सुनुवाइको अवस्था, मानव अधिकार उल्लङ्घनसँग सम्बन्धित घटनाको प्रगतिबारे अनुगमन गर्ने गरिएको।

२. मानव अधिकार संवर्द्धनतर्फ

- नेपालमा प्रहरी Doctrine of Fair Trail मा मानव अधिकारसम्बन्धी प्रशिक्षक (सिनियर प्रहरी अधिकृत तथा जुनियर प्रहरी अधिकृत) तालिम सञ्चालन गरी प्रशिक्षक तयार पारी नेपाल प्रहरीमा सञ्चालन हुने सबै प्रकारका आधारभूत तथा उन्नत तालिमहरूमा मानव अधिकारसम्बन्धी प्रशिक्षण प्रदान गरिँदै आएको।
- वार्षिक तालिम क्यालेण्डर तथा पाठ्यक्रम निर्माण गरी Protection and Promotion of human rights (TOT) सिनियर प्रहरी अधिकृतहरूलाई र प्रहरीमा कारबाही तथा मानव अधिकार विषय तालिम जुनियर प्रहरी अधिकृत, प्रहरी हवल्दार र प्रहरी जवानहरूलाई प्रदान गर्ने गरिएको छ। जसअनुसार चालु आ.व.मा ५२ जना तथा हालसम्म २६ हजार २ सय ३१ जना प्रहरी कर्मचारीहरूलाई तालिम प्रदान गरिसकिएको।
- उपत्यकास्थित काठमाडौँ उपत्यका प्रहरी कार्यालय, रानीपोखरी मातहत कार्यालय, जिल्ला प्रहरी परिसर, प्रहरी वृत्त र प्रभागहरूमा कार्यरत प्रहरी कर्मचारीहरूलाई प्रत्येक महिना पूवर्ताजगी स्वरूप १ दिने मानव अधिकार अनुशिक्षण कार्यक्रम सञ्चालन गरिँदै आएको साथै चालु आ.व. २०७९/०८० को पुस महिनासम्ममा १० हजार ७ सय ८३ जनालाई प्रशिक्षण प्रदान गरिएको।
- नेपाल प्रहरी र सर्वसाधारण नागरिकबीचको सम्बन्ध सदैव सुमधुर एवम् प्रगाढ रहिरहने भन्ने हेतुले समुदाय प्रहरी साझेदारी कार्यक्रममार्फत काठमाडौँ उपत्यका लगायत सबै प्रदेश प्रहरी कार्यालयहरू अन्तर्गत जिल्ला प्रहरी कार्यालयहरूले मानव अधिकारसम्बन्धी जनचेतना कार्यक्रम विभिन्न ठाउँमा प्रत्येक महिना सञ्चालन गर्दै आएको तथा आ.व. २०७९/०८० को पुस महिनासम्ममा ८८ वटा कार्यक्रम सञ्चालन गरी ७ हजार ७९ जना सर्वसाधारण नागरिकहरूलाई मानव अधिकारसम्बन्धी जनचेतना प्रदान गरिएको साथै कथित बोक्सीको आरोप, दाइजो, छुवाछूत जस्ता विकृति विरुद्ध कार्यक्रमहरू, स्कूल तथा समुदाय

सचेतना शिक्षा कक्षा, ट्राफिक सप्ताह सचेतना जस्ता कार्यक्रमहरूसमेत सञ्चालन गरिएको।

३. मानव अधिकार परिपूर्ति (Human Rights Fulfill) तर्फ

- सीमित भौतिक तथा मानव श्रोतको उच्चतम प्रयोग गर्दै प्रभावकारी अनुसन्धानको माध्यमबाट पीडितलाई राहत/क्षतिपूर्ति दिनेतर्फ चालु आ.व.मा २० हजार ९ सय १६ मुद्दा दर्ता भई अनुसन्धान कार्य गरिएको।
- सम्मानित अदालत, संवैधानिक निकायहरू तथा अन्य न्यायिक/अर्धन्यायिक निकायहरूबाट भएको निर्णय/फैसलाहरूको तत्काल प्रभावकारी फैसला कार्यान्वयन गरिएको।

उल्लेखित तथ्याङ्क र गतिविधिहरूको आधारमा नेपाल प्रहरीले मानव अधिकारलाई उच्च प्राथमिकतामा राखी विभिन्न कार्यक्रम र गतिविधिहरू सञ्चालन गर्दै आइरहेको तथ्य स्पष्ट हुन आउँछ। नेपाल प्रहरी आगामी दिन र वर्षहरूमा समेत अझ सशक्त र सक्रिय रूपमा मानव अधिकारको संरक्षण, संवर्द्धन र प्रवर्द्धनसँग सम्बद्ध कार्यहरूमा प्रतिबद्ध भएर लागिरहने विश्वास दिलाउन चाहन्छौं। साथै, नेपाल प्रहरी र अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) को सहकार्य आगामी दिनमा अझ बढी प्रगाढ र फलदायी हुनेछ भन्ने अपेक्षा समेत गर्दछौं।

मानव अधिकारको संरक्षण र परिपूर्ति एवम् मानव अधिकार प्रवर्द्धन गर्ने कार्यमा अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) लाई प्रभावकारी सफलता मिलोस् भन्ने शुभकामना व्यक्त गर्दछौं।

गोपालचन्द्र भट्टराई
प्रहरी उपरीक्षक
नेपाल प्रहरी प्रधान कार्यालय

सशस्त्र प्रहरी बल, नेपाल

सशस्त्र प्रहरी बल, नेपालले मानव अधिकार हनन् तथा दण्डहीनतामा शून्य सहनशीलताको नीति अवलम्बन गरे अनुरूप सशस्त्र प्रहरी बल, नेपालमा कार्यरत सशस्त्र प्रहरी कर्मचारीहरूबाट मानव अधिकार उल्लङ्घन भएको भनी जुनसुकै माध्यमबाट प्राप्त उजुरी वा घटनाहरू उपर तत्काल अनुसन्धान गरी मानव अधिकार उल्लङ्घन गरेको ठहरिएमा सङ्गठनले कसुर अनुसार सशस्त्र प्रहरी कर्मचारीहरूलाई विभागीय कारबाही गर्दै आइरहेको छ। नागरिकहरूका संविधान प्रदत्त मौलिक हक अधिकारको संरक्षण गर्दै मानव अधिकार जनताको सेवा र आफ्नो व्यवसायिक दक्षताको मापदण्ड बनाई समाजमा कानुन कार्यान्वयन गर्ने जस्तो अत्यन्तै महत्वपूर्ण एवम् संवेदनशील जिम्मेवारी बोकेको सशस्त्र प्रहरी बल, नेपालले सीमा क्षेत्रमा हुने मानव बेचबिखन तथा ओसार-पसार जस्ता जघन्य अपराध रोकथामका लागि सुक्ष्म रूपमा निगरानी बढाई पीडितहरूलाई न्याय दिलाउन सरोकारवालाहरूसँग आवश्यक समन्वय तथा समन्वय तथा सहकार्य गरी कर्तव्य निर्वाह गर्दै आइरहेको छ।

नेपाल सरकारको मानव अधिकारसम्बन्धी शून्य सहनशीलताको नीतिलाई सशस्त्र प्रहरी बल, नेपालले पनि सोही अनुरूप पालना गर्ने/गराउने वातावरण सिर्जना गर्नेतर्फ सक्रियता देखाउनुका साथै सशस्त्र प्रहरी बल, नेपालका सम्पूर्ण कर्मचारीहरूलाई मानव अधिकारको संरक्षणमा संवेदनशील एवं सचेत गराउने उद्देश्यले मानव अधिकार सेल र सरकारी तथा गैरसरकारी सङ्संस्थाहरूबाट प्रशिक्षक झिकाइ मानव अधिकारको सैद्धान्तिक तथा व्यवहारिक ज्ञान दिलाउने उद्देश्य अनुरूप सशस्त्र प्रहरी बल, नेपालले वार्षिक तालिम क्यालेण्डर तयार गरी सोही क्यालेण्डर बमोजिम मानव अधिकार अनुशिक्षण तालिम सशस्त्र प्रहरी कर्मचारीहरूलाई निरन्तर प्रशिक्षण प्रदान गरिरहेको छ। मानव अधिकार उल्लङ्घनका घटनाहरूको नियन्त्रण तथा न्यूनीकरण गर्न सशस्त्र प्रहरी बल, नेपाल सदैव प्रतिवद्ध रहेको छ।

अन्तर्राष्ट्रिय मानव अधिकार कानुन तथा अन्तर्राष्ट्रिय मानवीय कानुनसम्बन्धी उन्नत तालिमहरूमा सशस्त्र प्रहरी कर्मचारीहरूलाई सहभागी गराई प्रशिक्षक प्रशिक्षण तालिम सञ्चालन गरी कार्यरत जनशक्तिबाटै प्रशिक्षक उत्पादन गर्ने कार्य समेत गर्दै आइरहेको छ। सन् २०२२ जनवरी १ देखि डिसेम्बर ३१ (वि. सं. २०७८ पुस १७ गतेदेखि २०७९ पौष १६ गते) सम्म बल प्रयोगसम्बन्धी संयक्त राष्ट्रसङ्घको सिद्धान्त तथा मानव अधिकार अनुशिक्षण तालिम सञ्चालन गरी एक वर्षको अवधिमा मात्र १ सय ७५ जना सशस्त्र प्रहरी कर्मचारीहरूलाई प्रशिक्षित गर्नुका साथै समयसापेक्ष ज्ञान हासिल गर्ने तथा सङ्गठनको कामकारवाहीमा प्रभावकारिता ल्याउने उद्देश्यले सङ्गठनबाट सरकारी तथा गैरसरकारी निकायहरूमा समय-समयमा सञ्चालन हुँदै आएका तालिम, सेमिनार, अन्तरक्रिया तथा छलफलहरूमा

समेत सशस्त्र प्रहरी बल, नेपालले सहभागिता जनाउँदै आएको छ।

अन्तमा, मानव अधिकार स्थितिका बारेमा सामाजिक न्यायका निम्ति स्थापित अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) द्वारा वार्षिक रूपमा प्रकाशन गर्ने 'मानव अधिकार वर्ष पुस्तक २०२३' को सफलताको कामना गर्दै नागरिकहरूको मानव अधिकार संरक्षण र संवर्द्धनमा यस सुरक्षा सङ्गठनले सदैव महत्त्वपूर्ण योगदान पुऱ्याउनेछ भने विश्वास दिलाउन चाहन्छ। साथै, आगामी दिनमा समेत मानवअधिकार संरक्षण सम्बन्धमा इन्सेक तथा अन्य सरोकारवाला निकायसँग निरन्तर सहकार्य हुनेछ भन्ने विश्वास व्यक्त गर्दछौं।

युवराज अर्याल
सशस्त्र प्रहरी वरिष्ठ उपरीक्षक
मानव अधिकार सेल,
सशस्त्र प्रहरी बल, नेपाल, प्रधान कार्यालय

नेपाल पत्रकार महासङ्घ

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) ले सन् १९९२ देखि हरेक वर्ष देशको मानव अधिकारको स्थिति आँकलन गर्दै वर्ष पुस्तक प्रकाशन गर्दै आएको छ। यो सराहनीय काम हो। यस्तो पुस्तक प्रकाशनले देशको मानव अधिकारको उल्लङ्घनका तथ्याङ्कहरू अभिलेखीकरण हुने, मानव अधिकार उल्लङ्घनकर्ताहरूलाई खबरदारी गर्न मद्दत पुग्ने तथा देशको मानव अधिकारको अवस्थाबारे अध्ययन र अनुसन्धान गर्ने सबैलाई उपयोगी हुने विश्वास लिएको छु।

यसै परिप्रेक्षमा इन्सेकले सन् २०२२ जनवरी १ देखि डिसेम्बर ३१ (वि.सं. २०७८ पुस १७ गतेदेखि २०७९ पुस १६ गतेसम्म) को मानव अधिकार उल्लङ्घनका तथ्याङ्कहरू समेटेर 'नेपाल मानव अधिकार वर्ष पुस्तक २०२३' प्रकाशन गर्न लागेकोमा खुसी प्रकट गर्दै शुभकामना दिन चाहन्छु।

मानव अधिकारका सवालमा नेपाल पत्रकार महासङ्घले पनि नजिकबाट अध्ययन गरिरहेको छ। प्रेस स्वतन्त्रता र मानव अधिकारका सम्बन्धमा महासङ्घले छुट्टै अनुगमन डेस्कको स्थापना गरेर नेपालको प्रेस स्वतन्त्रता र मानव अधिकारको अवस्थालाई अध्ययन र अनुगमन गरिरहेको छ। यो डेस्कले सञ्चारकर्मी र सञ्चारमाध्यममाथि हुने आक्रमण, धम्की, अपहरणलगायतका घटनाका बारेमा नियमित अनुगमन र अध्ययन गरी अभिलेखीकरण गर्दै आएको छ।

महासङ्घको अभिलेखमा सन् २०२२ जनवरी १ देखि डिसेम्बर ३१ (वि.सं. २०७८ पुस १७ गतेदेखि २०७९ पुस १६) सम्ममा प्रेस स्वतन्त्रता हनन्का ५३ वटा घटना अभिलेख भएका छन्। ५३ ओटा घटनामा १ सय ३२ पुरुष र १८ जना महिला पत्रकार पीडित भए भने चारओटा सञ्चारमाध्यमसमेत प्रभावित बन्न पुगे।

यो वर्ष नयाँ शैलीमा डिजिटल माध्यमबाट सञ्चारमाध्यम र पत्रकारमाथि आक्रमण भएको पाइयो। अनलाइन सञ्चारमाध्यमको सिएमएसमा अनधिकृत प्रवेश गर्ने, सङ्गठनिक रूपमा अनफलो अभियान चलाउने, सामाजिक सञ्जालमार्फत विभिन्न प्रकारका धम्की दिने, सामाजिक सञ्जाललाई बन्द गर्न प्रयास गर्ने र विमुख बनाउने तथा ह्याक गर्ने काम भएको पाइएको छ।

यस्तै यो वर्ष सङ्घ, प्रदेश र स्थानीय सरकारबाट प्रेसविरोधी प्रावधानसहितका सञ्चारसम्बन्धी विभिन्न कानुनहरू बनाउने तथा संसद्मा दर्ता गर्ने काम भए। हाल विचाराधीन अवस्थामा रहेका ती कानुनहरू संविधानले सुनिश्चित गरेको प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताविरुद्ध रहेको छ।

पत्रकारिता क्षेत्रमाथि भएका यी समग्र घटनाहरूले देशको मानव अधिकारको अवस्था बुझ्न सघाउ पुऱ्याउँदछ। यस्ता मानव अधिकारविरोधी कार्यमा राज्यका जिम्मेवार निकाय तथा राजनीतिक दलका नेता तथा कार्यकर्ताहरू लगायतको संलग्नता देखिनु दुर्भाग्यपूर्ण कुरा हो।

विपुल पोखेल
अध्यक्ष, नेपाल पत्रकार महासङ्घ

अनुसूची ५

नेपाल मानव अधिकार वर्ष पुस्तक बारे प्रदेश सरकारका धारणा

प्रदेश १

मानव अधिकार र सामाजिक न्यायको क्षेत्रमा क्रियाशील अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) को भूमिका महत्वपूर्ण छ। नेपालमा मानव अधिकारको अवस्था बुझ्नका लागि इन्सेकले हरेक वर्ष फागुन ७ गते प्रकाशन गर्ने नेपाल मानव अधिकार वर्ष पुस्तक पठनीय र जानकारीमूलक छ। नेपालमा संविधान जारी भएपछि शासकीय प्रणाली परिवर्तन भएको छ। तीन तहको सरकारले मानव अधिकारका सवाललाई सम्बोधन गर्ने प्रयत्न गरिरहेका छन्। अहिले भइरहेका प्रयत्नलाई वृद्धि गरी नेपालमा मानव अधिकारका सवाललाई सुदृढ गर्न जरुरी छ। नेपालमा रहेका कारागार सुधारगृहका रूपमा परिणत गर्न आवश्यक रहेको छ। वर्ष पुस्तकले उठान गरेका कारागारका सवालहरूलाई सम्बन्धित निकायसम्म प्रभावकारी ढङ्गले अघि बढाउनु पर्दछ। राजनीतिक परिवर्तनसँगै नागरिकका सामाजिक, आर्थिक, सांस्कृतिक तथा राजनीतिक अधिकारका सवालहरूलाई राज्यले सम्बोधन गर्ने प्रयास गरेको छ। वर्ष पुस्तकले आगामी दिनमा नेपालको मानव अधिकार अवस्था सुधारका लागि विश्वव्यापी आवधिक समीक्षाबाट नेपाललाई प्राप्त भएका निर्देशन र तिनको कार्यान्वयनको अवस्थाका विषयहरू पनि समेट्ने छ भन्ने विश्वास लिएको छु।

मानव अधिकार संरक्षण र संवर्द्धनको विषयमा प्रदेश सरकारको तर्फबाट खेलिनुपर्ने भूमिका प्रदेश सरकार सदैव जिम्मेवार छ। इन्सेकसँग सहकार्य गरी मानव अधिकारको क्षेत्रमा कार्य सम्पादन गर्ने प्रतिबद्धतासहित वर्ष पुस्तक प्रकाशनको शुभकामना व्यक्त गर्दछु।

हिक्मतकुमार कार्की
मुख्यमन्त्री

मधेस प्रदेश

नेपालको संविधानले व्यवस्था गरे अनुसार अनौपचारिक क्षेत्र सेवा केन्द्र(इन्सेक) ले मानव अधिकार संरक्षण, संवर्द्धन लगायतको कार्यहरु निरन्तर रुपमा गर्दै आएको छ। यस संस्थाले सर्वसाधारणको मानव अधिकार संरक्षणको क्षेत्रमा निर्वाह गर्दै आएको भूमिका सरहानीय र प्रसंशनीय छ।

यसैबीच, इन्सेकले गत वर्ष २०२२ मा भएका मानव अधिकार उल्लङ्घनका घटनाहरूलाई समेटेर यही फागुन ७ गते नेपाल मानव अधिकार वर्ष पुस्तक २०२३ प्रकाशन गर्न लागेको जानकारी पाउँदा हर्षित भएको छु। पुस्तकमा समेटिएका विषयवस्तु मानव अधिकारको संरक्षणमा मधेश प्रदेश सरकारको लागि सहयोग पुग्नेछ।

मानव अधिकारको संरक्षण र संवर्द्धनका लागि मधेश प्रदेश सरकार सजग र प्रतिबद्ध रहेको छ। अन्त्यमा नेपाल मानव अधिकार वर्ष पुस्तक २०२३ प्रकाशनमा प्रत्यक्ष अप्रत्यक्ष भूमिका निर्वाह गर्नुहुने सबैमा हार्दिक शुभकामना व्यक्त गर्दछु।

सरोजकुमार यादव
मुख्यमन्त्री

बागमती प्रदेश

मानव अधिकार र सामाजिक न्यायका लागि तीन दशकभन्दा पहिले स्थापना भएको अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) ले बहुदलीय व्यवस्था, शसस्त्र संघर्ष, २०६२/०६३ को जनआन्दोलन र संविधान सभाको निर्वाचनको समेत अनुगमन पर्यवेक्षण गर्दै आएको इन्सेकले देशमा भएको मानव अधिकारको अवस्थाको विस्तृत विवरण समेटेर सन् १९९२ देखि नेपाल मानव अधिकार वर्ष पुस्तक दस्तावेजको रूपमा निरन्तर प्रकाशन गर्दै आएको छ। यसैको निरन्तरता स्वरूप यस वर्ष प्रकाशन हुने "नेपाल मानव अधिकार

वर्ष पुस्तक २०२३" प्रकाशनको सन्दर्भमा शुभकामना व्यक्त गर्दछु।

जनतालाई आत्मनिर्भर भई आफ्ना अधिकारको माग गर्न सक्ने र राज्यले सुन्ने वातवरण बनाउन आग्रह पूर्वाग्रह, बिना पक्षधर भई काम गर्नुपर्ने आजको टड्कारो आवश्यकता छ। मानिसको बाँच्न पाउने नागरिक तथा राजनीतिक अधिकारको आन्दोलनबाट स्थापना भएको यस संस्थाले अब जनताका आधारभूत आवश्यकता र गुणस्तरीय सेवाको वकालत गर्न आवश्यक छ।

नेपालको संविधानले मौलिक हकमा सुनिश्चित गरेको आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारका मुख्य क्षेत्र शिक्षा, स्वास्थ्य, खाद्य, आवासको क्षेत्रमा गुणस्तरीय सेवा जनतालाई उपलब्ध गराउने कुराको सुनिश्चितताको पाटोलाई मानव अधिकारका आँखाले हेर्न र सेवा प्रदायक निकायलाई सेवाग्राहीमैत्री बनाउन आफ्ना कार्यक्रम सञ्चालन गर्न आवश्यक छ। बागमती प्रदेश सरकार संविधानले मौलिक हकको रूपमा समेटेको मानव अधिकारको संरक्षण गर्न र आफ्नो प्रदेश मातहतमा लागु गर्न सदैव तयार छ।

मानव अधिकारसम्बन्धी पाँचौ राष्ट्रिय कार्ययोजना कार्यान्वयनका लागि प्रदेश, जिल्ला र स्थानीय तहस्तरीय संयन्त्र निर्माण गरी त्यसलाई परिणममुखी बनाउन प्रदेश सरकार क्रियाशील छ। संविधानमा मौलिक अधिकारको रूपमा सुनिश्चित गरिएको जनताको आधारभूत अधिकार शिक्षा, स्वास्थ्य, खाद्य र आवासको अधिकारका लागि नीति तथा कार्यक्रम मार्फत प्रत्येक स्थानीय तहमा सुविधा सम्पन्न अस्पताल र दक्ष जनशक्ति व्यवस्थापनलाई ध्यान दिइएको छ। विद्यालय एवम् क्याम्पसमा उच्च शिक्षा अध्ययन गर्ने छात्राहरूको लागि छात्रवृत्ति कार्यक्रम, एक विद्यालय एक नर्स, नि:शुल्क औषधि, दुध, कृषि तथा पशुपालनमा अनुदान आदि कार्यक्रम प्रदेश सरकारको प्राथमिकतामा रहेका छन्।

प्रदेश सरकारले सङ्घीय लोकतान्त्रिक गणतन्त्र प्राप्तिका लागि भएका आन्दोलनमा शहादत प्राप्त गरेका सहिद, बेपत्ता परिवार एवम् घाइते तथा अपाङ्गता भएका व्यक्ति तथा परिवारलाई द्वन्द्वपीडितका साथ प्रदेश सरकार भन्ने कार्यक्रम अन्तर्गत स्वास्थ्य उपचार, सीप अभिवृद्धि र रोजगारी लगायतका कार्यक्रम सञ्चालन गरेको छ। यसका साथै, आवास विहीन जनताको लागि आवासको व्यवस्था, फुसको छानो विस्थापन कार्यक्रम, अल्पसङ्ख्यक लोपोन्मुख जातिको लागि विशेष आरक्षणसहितको कार्यक्रमहरू कार्यान्वयनमा रहेका छन्। आगामी दिनमा समेत बागमती प्रदेश सरकार नेपालको संविधानले प्रत्याभूत गरेको मानव अधिकारसँग सम्बन्धित विविध विषयहरूलाई कानुन निर्माण मार्फत् संरक्षण गर्ने तथा सरकारले उपलब्ध गराउनुपर्ने सेवाहरू नागरिकसमक्ष पुऱ्याउन प्रतिबद्ध रहेको छ।

अन्त्यमा प्रदेश सरकारले लिएको मानव अधिकार कार्य योजनाहरूमा इन्सेक लगायतका नागरिक संस्थाहरूसँगको सहकार्यले महत्वपूर्ण उपलब्धि प्राप्त हुने विश्वास गर्दै बागमती प्रदेश सरकारको तर्फबाट शुभकामना व्यक्त गर्दछु।

शालिकराम जम्कट्टेल
मुख्यमन्त्री

गण्डकी प्रदेश

मानव अधिकारको क्षेत्रमा लामो समयदेखि क्रियाशील संस्था अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) ले नेपाल मानव अधिकार वर्ष पुस्तक निरन्तर प्रकाशन गर्दै आइरहेको र त्यसैको निरन्तरतास्वरूप यस वर्ष पनि पुस्तक प्रकाशन गर्न लागेको थाहा पाउँदा खुसी लागेको छ।

नेपालको संविधानले प्रत्याभूत गरेको मौलिक हकहरूमा नागरिकको मानव अधिकारलाई समावेश गरिएको छ। ती मौलिक हकको कार्यान्वयनको लागि र कहीं कतैबाट हनन् हुन नदिन प्रदेश सरकार प्रतिबद्ध छ। मानव अधिकारको अवस्थाको तथ्यगत र निष्पक्षरूपमा छानविन अहिलेको टड्कारो आवश्यकता हो। यस कार्यमा प्रकाशनले योगदान पुऱ्याउने अपेक्षा राखेको छु। मानव अधिकार कार्यान्वयनको अवस्था समेटिएको 'नेपाल मानव अधिकार वर्ष पुस्तक' नीति योजना निर्माणका लागि महत्वपूर्ण दस्तावेज हुने विश्वास लिएको छु।

यस गण्डकी प्रदेशमा मानव अधिकारको अवस्थामा सुधार ल्याउन 'नेपाल मानव अधिकार वर्ष पुस्तक' सहयोगी बन्नेछ भन्ने अपेक्षासहित निरन्तर प्रकाशनका लागि शुभकामना व्यक्त गर्दछु।

खगराज अधिकारी
मुख्यमन्त्री

लुम्बिनी प्रदेश

नेपालको मानव अधिकार आन्दोलन र नागरिक सहभागिता तथा सामाजिक संस्थाहरूको कामको क्षेत्रमा अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) ले एक अग्रणी संथाको रूपमा काम गर्दै आएको छ। साथै मानव अधिकार तथा सामाजिक न्यान र नागरिकका अधिकारसँग सम्बन्धित विषयहरू समेटेर इन्सेकले हरेक वर्ष प्रकाशन गर्दै आएको मानव अधिकार वर्ष पुस्तकलाई मानव अधिकार क्षेत्रको एउटा साझा दस्तावेजको रूप लिएको समेत यहाँ उल्लेख गर्न चाहन्छु।

लोकतन्त्रको आधार स्तम्भको रूपमा मानव अधिकार संरक्षण, संवर्द्धन, परिपालना तथा जनउत्तरदायी र पारदर्शी शासन व्यवस्थाको पक्षमा लुम्बिनी प्रदेश सरकार प्रतिबद्ध रहेको कुरा यसैमार्फत जानकारी गराउँदछु। नयाँ संविधान जारी भएसँगै नागरिक तथा राजनीतिक अधिकार प्राप्तिको लामो आन्दोलन सफल भएको छ र नयाँ व्यवस्था बहाली भइसकेको छ। अब आर्थिक तथा सामाजिक अधिकार स्थापित हुने गरी र संविधानमा राखिएका मौलिक हकलाई कानुन बनाएर कार्यान्वयन गर्नका लागि तीनै तहका सरकार केन्द्रित छन्।

प्रदेश सरकारले समृद्ध प्रदेश: आत्मनिर्भर लुम्बिनीको लक्ष्यका साथ हामी समृद्धिका आधार कार्यान्वयन गर्ने काममा केन्द्रित रहेर कार्यक्रम बनाइरहेका छौं। इन्सेक जस्ता संस्थाहरूका अभियान अब अधिकारमुखी मात्रै होइन, कर्तव्य र जवाफदेहीतामा केन्द्रित गर्नुपर्ने प्रदेश सरकारले अपेक्षा राखेको छ। विधिको शासन, लोकतन्त्र, मानव अधिकारमैत्री कानुन तथा नीति निर्माण र कार्यान्वयनमा हामीले गर्दै आएको प्रतिबद्धतालाई झक्झकाउन र नागरिकमा अधिकारसँगै कर्तव्यको समेत उचित पालना गराउन इन्सेकले अबको अभियान अगाडि बढाओस् भन्ने कामना साथ इन्सेक अभियानलाई हार्दिक शुभकामना व्यक्त गर्दछु।

लिला गिरी
मुख्यमन्त्री

कर्णाली प्रदेश

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) ले वार्षिक रूपमा मानव अधिकार वर्ष पुस्तक प्रकाशन गरी मानव अधिकार उल्लंघन भएका र वर्षभर भएका घटनाहरूको सार्वजनिकीकरण गरी राज्य र सरोकारवाला सबैको ध्यान आकर्षण गर्दै आइरहेको छ। मानव अधिकार रक्षाको विषयमा इन्सेकले खेलेको भूमिकाको सराहना गर्दै यस वर्ष पनि मानव अधिकार वर्ष पुस्तक प्रकाशन गरेकोमा धन्यवाद र खुशी व्यक्त गर्दछु।

मानवीय सूचकाङ्कको हिसाबले सबैभन्दा पछाडि रहेको कर्णाली प्रदेश अशिक्षा, गरिबी, अन्धविश्वास, बेरोजगारी, खाद्य असुरक्षा र विपन्नताबाट माथि उठ्न प्रयत्नशील छ। सडक यातायात, विद्युत सेवा, सञ्चार सेवा, स्वास्थ्य सेवा , शैक्षिक सेवा र स्वच्छ खानेपानी र सरसफाइबाट अझै वञ्चित रहेको अवस्थाका बावजूद पनि यस प्रदेश भित्र मानव अधिकारको रक्षाका लागि आफ्नो ध्यान आकृष्ट गर्दै आएको छ।

सामाजिक, सांस्कृतिक र धार्मिक अन्धविश्वास, रुढिवादी परम्परा, संस्कार, कुरीति र चेतनाको कमीका कारण धामीझाँक्री, बोक्सी,छाउपडी, बालबिवाह, अनमेलबिवाह, बहुविवाह, अन्तरजातीय विवाह, जुवातास, मदिरा आदिबाट सिर्जित मानव अधिकार उल्लंघन हुने झैझगडा, कुटपिट,घरेलु हिंसा, बालअधिकार र महिला अधिकारको हनन्बाट यातना , बलात्कार, हत्या, हिंसा र सार्वजनिक अपराध जस्ता घटना हुने गर्दछन्। यस्तो अवस्थामा कर्णाली प्रदेश सरकारले प्रदेशभित्र मानव अधिकारको संरक्षण र प्रबर्धन गर्ने कार्यलाई उच्च प्राथमिकता दिई समाजमा शान्ति सुरक्षा र अमनचयन कायम राख्न नेपालको संविधानले प्रदान गरेको मौलिक हकहरूको कार्यान्वयन र प्रत्याभूति गर्न आफ्नो नीति, योजना र कार्यक्रममा जोड दिएको छ।

अन्त्यमा कर्णाली प्रदेश 'सरकारले समृद्ध कर्णाली र सुखारी कर्णालीबासी' बनाउने दीर्घकालीन सोचका आधारमा 'कर्णाली समृद्धि अभियान' शुरु गरेको छ। यस अभियानले कर्णालीबासीलाई रोजगारीको सृजना, शिक्षा, स्वास्थ्य, सडक पूर्वाधार, विद्युत, सञ्चार, स्वच्छ खानेपानी र सरसफाइ र गरिबी निवारणको क्षेत्रमा महत्वपूर्ण परिणाम प्राप्त हुने विश्वास लिएकाले मानव अधिकार सुनिश्चित हुने देखिन्छ।

राजकुमार शर्मा
मुख्यमन्त्री

क्रिया-प्रतिक्रिया

इन्सेक नेपालमा मानव अधिकारको क्षेत्रमा लामो समयदेखि काम गर्दै आइरहेको छ। इन्सेकले प्रकाशन गरेको नेपाल मानव अधिकार वर्ष पुस्तक नियमित अध्ययन गर्छु। यस संस्था विश्वसनीयता जगाउन यस पुस्तकले योगदान गरेको छ। वर्ष पुस्तक देशको मानव अधिकार दस्तावेज भएकाले यसको महत्व दीर्घकालीन छ।

सुमन शाक्य
प्रमुख, जिल्ला समन्वय समिति सङ्खुवासभा

मानव अधिकार संरक्षणको क्षेत्रमा विशेष गरी बालबालिका र महिलाविरुद्ध हुने कसुरका सम्बन्धमा खोजमूलक अध्ययन अनुसन्धान र सो सम्बन्धी तथ्याङ्कसमेत समावेश गरी इन्सेकद्वारा प्रत्येक वर्ष मानवअधिकार वर्ष पुस्तक प्रकाशित हुँदै आएको छ। मानव अधिकार संरक्षण र संवर्द्धनका लागि वर्ष पुस्तकले विशेष भूमिका खेलेको छ।


टेकनाथ गौतम
जिल्ला न्यायाधीश, सङ्खुवासभा जिल्ला अदालत चैनपुर

जिल्लामा मानव अधिकारको अवस्था चित्रण तथा विश्लेषण गर्दै आएकोमा मानव अधिकार सम्बन्धी अनुसन्धान, संरक्षण तथा सम्वर्धन गर्ने कार्यमा सहयोगी पुस्तक प्रकाशनको लागि शुभकामना छ।

विरेन्द्रकुमार यादव
प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रशासन कार्यालय, सङ्खुवासभा

मानव अधिकार क्षेत्रमा लामो समयदेखि काम गर्दै आएको इन्सेकको भूमिका उल्लेखनीय छ। देशको समग्र मानव अधिकार उल्लङ्घनका एवम् संवर्द्धनमा इन्सेकको भूमिका महत्वपूर्ण छ। सरोकारवाला पक्षलाई जिम्मेवारी बनाउन सहयोग पुऱ्याउन र दस्तावेजको रूपमा समेत वर्ष पुस्तकलाई लिइन्छ।

इन्द्र गिरी
अध्यक्ष, नेपाल पत्रकार महासङ्घ, सङ्खुवासभा शाखा



इन्सेकले राज्यपक्ष र अन्य राज्य पक्षलाई मानव अधिकार संरक्षणमा सचेत रहन प्रेरित गरेको छ। यसले महिला, बालबालिकामाथि हुने सबै खाले हिंसालाइ न्यूनीकरण गर्न उत्साहित गर्नुका साथै जनचेतनामूलक कार्यक्रम सञ्चालन गरी मानव अधिकार संरक्षणमा उत्प्रेरणा प्रदान गरोस्।

विरेन्द्र गोदार
प्रहरी नायब उपरीक्षक, जिल्ला प्रहरी कार्यालय, सङ्खुवासभा

मानव अधिकार र सामाजिक न्यायको क्षेत्रमा कृयाशील इन्सेकले प्रकाशन गर्दै आएको मानव अधिकार वर्ष पुस्तक एक ऐतिहासिक दस्तावेजको रूपमा स्थापित छ। मानव अधिकार उल्लङ्घनका घटनाको तथ्याङ्कलाई सङ्ग्रहित गर्दै उल्लङ्घनका घटनालाई न्यूनीकरण र राज्यलाई दायित्व बोध गराउने सन्दर्भमा प्रस्तुत पुस्तक अब्बल साबित भएको छ।

लाक्पा जी शेर्पा, अध्यक्ष,
नेपाल पत्रकार महासङ्घ शाखा कार्यालय, ओखलढुङ्गा

इन्सेकले मानव अधिकारसम्बन्धी गरेको काम र प्रकाशन राम्रो छ। मानव अधिकार उल्लङ्घनबाट जसलाई क्षति पुगेको छ, त्यसको पीडा भोग्नेलाई मात्र थाहा हुन्छ। राज्यका अङ्गले गर्नुपर्ने मानव अधिकारको सम्मान, संरक्षण र सम्वर्धन गर्ने काम इन्सेकले गरेर शासकीय साझेदारीमा महत्वपूर्ण योगदान पुगेको छ।

नवीन खनाल

स्रेस्तेदार, जिल्ला अदालत, ओखलढुङ्गा

मानव अधिकारको क्षेत्र संवेदनशील र गम्भीर भएकाले सरोकारवालाको निरन्तर अध्ययन अनुसन्धान समन्वय सहकार्य र अनुभव आदानप्रदानलाई अझ विस्तार गर्नु आवश्यक देखिन्छ। इन्सेकले मानव अधिकार वर्ष पुस्तक प्रकाशन गरी मानव अधिकारको संरक्षणमा थप टेवा पुऱ्याएको छ। इन्सेकले यसरी नै सत्य र तथ्यमा आधारित भएर वर्ष पुस्तक प्रकाशन गर्न सकोस्। इन्सेकलाई सफलताको शुभकामना।

सुकदेव खनाल

डिएसपी, जिल्ला प्रहरी कार्यालय, ओखलढुङ्गा

मानव अधिकारको सम्मान,संरक्षण र प्रभावकारी कार्यान्वयनका लागि नागरिक तहको निगरानी र खबरदारीको आवश्यकता पर्दछ। इन्सेकले विगत लामो समयदेखि यस जिल्लामा उक्त भूमिका निर्वाह गर्दै आइरहेको देखिन्छ। मानव अधिकार वर्ष पुस्तकको नियमित प्रकाशनले त्यस्तो कार्यको अभिलेखीकरण गर्दै राज्यका निकाय र अधिकारीहरूलाई मानव अधिकार मानव अधिकार प्रति जिम्मेवार र जवाफदेही हुन अभिप्रेरित गर्दै आइरहेको छ। नागरिक सशक्तिकरण र समावेशी विकासका लागि राज्यका निकायहरूसँग समन्वय र सहकार्य गर्दै अझ सशक्त ढङ्गले अगाडि बढ्न सकोस्। शुभकामना।

दिलकुमार तामाङ

प्रमुख जिल्ला अधिकारी, ओखलढुङ्गा

तथ्य तथ्याङ्कमा आधारित रहेर मानव अधिकारको क्षेत्रमा वकालत गरिरहेको इन्सेकले पैरवीका कार्यलाई सशक्त बनाउन आवश्यक छ। महिला तथा बालबालिकामाथि हुने सबैखाले हिंसालाई न्युनिकरण गर्न यो पुस्तक मार्ग दर्शक बन्न सकोस्। वर्ष पुस्तकले गरेको खबदारीले तीनै तहका सरकारले गर्ने काम सहज हुनेछ भन्ने मैले विश्वास लिएको छु।

कमल थुलुङ राई

प्रमुख जिल्ला समन्वय समिति, भोजपुर

मानव अधिकार व्यक्तिको नैसर्गिक अधिकार हो। हामी मानव अधिकारको विषयमा संवेदनशील छौं। इन्सेक जिल्ला प्रतिनिधिहरूले सुक्ष्म तरिकाले गरेको घटना अध्ययन वर्ष पुस्तकमा समावेश गरेको पाइन्छ। वर्ष पुस्तक देशको मानव अधिकार अवस्थाको दस्तावेज हो। ग्रामीण क्षेत्रका कतिपय घटनाहरू बाहिर आउन सकेका छैनन्। सरोकारवाला सबैको ध्यान जान आवश्यक छ।

हरिप्रसाद धिमिरे

प्रमुख जिल्ला अधिकारी,भोजपुर

इन्सेकले बर्सेनी मानव अधिकार वर्ष पुस्तक प्रकाशन गर्नु सुखद पक्ष हो। हामी पनि मानव अधिकारको विषयमा संवेदनशील छौं। नेपाल मानव अधिकार वर्ष पुस्तक, मानव अधिकार उल्लङ्घन तथा ज्याजदतीका घटनाहरू अभिलेख गर्ने दस्तावेज मात्र नभई मानव अधिकारको क्षेत्रमा महत्वपूर्ण भूमिका खेलेको छ। यसले सम्बन्धित निकायलाई जवाफदेही र सचेत बनाउन सकोस् शुभकामना।

किरण राई

अध्यक्ष, पौवादुङमा गाउँपालिका, भोजपुर

मानव अधिकार एक संवेदनशील विषय हो। इन्सेकले जिल्लामा हुने मानव अधिकारका घटनाहरूलाई निष्पक्ष रूपमा उजागर गरेको छ। मानव अधिकार वर्ष पुस्तक प्रकाशनले पीडितले न्याय प्राप्त गर्न सहयोग पुगेको महसुस गरेको छु। महिला, बालबालिका तथा सबै पक्षबाट हुने सबै प्रकारका घटनालाई प्रष्ट पार्न इन्सेकको भूमिका प्रशंसनीय छ।

नवराज कार्की

स्रस्तेदार, जिल्ला अदालत, भोजपुर

मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनाको अभिलेख गरी जिम्मेवार पदाधिकारीलाई मानव अधिकार उल्लङ्घनकर्तामा आफू परिन्छ भन्ने डर पैदा गराउन यो पुस्तक सफल छ। नागरिकको संविधानप्रदत्त मौलिक हक र अधिकार संरक्षणका लागि नेपाल मानव अधिकार वर्ष पुस्तक २०२३ को सफलताको हार्दिक शुभकामना व्यक्त गर्दछु।

मोहनप्रसाद अर्याल

प्रमुख जिल्ला अधिकारी, तेह्रथुम

पहुँच नभएका र पछाडी परेका/पारिएका वर्गको आवाजका लागि इन्सेकले निरन्तर कार्य गरिरहेको छ। प्रशासनले गरेका कतिपय अनुसन्धानलाई मानव अधिकार उल्लङ्घन नभई कानुनी शासन प्रत्याभूति दिलाउन खोजिएको विषयमा वर्ष पुस्तकले प्रष्ट उल्लेख गर्न आवश्यक छ।

युवराज कटेल
प्रमुख जिल्ला अधिकारी, धनकुटा

वर्षभरी मानव अधिकारको सन्दर्भमा देशमा भएका घटनाहरूको बारेमा उल्लेख गरिने मानव अधिकार वर्ष पुस्तकले मानव अधिकारको सन्दर्भमा यथार्थ उजागर गरेको छ। आम नागरिकलाई मानव अधिकार उल्लङ्घनका घटनाप्रति सजग गराउन यसले मद्दत गरेको छ। यस पुस्तकले सुरक्षा निकायलगायत सम्वद्ध पक्षलाई सजग, सतर्क र जवाफदेहीता बनाई मानव अधिकार उल्लङ्घनका घटना न्यूनीकरणका लागि सहयोग गरेको छ।

लक्ष्मीराज अधिकारी
प्रहरी उपरीक्षक, जिल्ला प्रहरी कार्यालय, धनकुटा

इन्सेकले हरेक वर्ष पुस्तक प्रकाशन गरी मानव अधिकारको खबरदारी गर्दै आएको छ। मानव अधिकारप्रति सर्तक र सजग गराई आआफ्नो क्षेत्रमा क्रियाशील हुन यस पुस्तकले प्रेरित गरेको छ। कुनै पनि क्षेत्रबाट भएका मानव अधिकार उल्लङ्घन, हनन् र ज्यादतीका घटनालाई जनसमक्ष पुऱ्याएर सम्पूर्ण नागरिकहरूलाई मानव अधिकारप्रति सचेत गराउन इन्सेकको महत्वपूर्ण योगदान छ।

सरोज कुमार भुजेल
अध्यक्ष, मानव अधिकार, सामाजिक सचेतना र विकास केन्द्र (हुसाडेक) नेपाल धनकुटा

अनौपचारिक क्षेत्र सेवा केन्द्र, इन्सेकले हरेक वर्ष प्रकाशन गर्दै आएको यो पुस्तक मानव अधिकारको क्षेत्रको लागि ऐतिहासिक दस्तावेज हो। मानव अधिकारको क्षेत्रमा चासो राख्ने वा अध्ययन गर्ने जोकोहीलाई पनि यो पुस्तक महत्वपूर्ण सामाग्री हुन्छ। पुस्तकले नेपालको अवस्था बोल्छ। नेपालको मानवअधिकारलाई चित्रण गर्दछ।

हरिबहादुर लम्जेल
सभापति, मानव अधिकार तथा शान्ति समाज धनकुटा

इन्सेक मानवअधिकार संरक्षणमा लामो समयदेखि सक्रिय छ। इन्सेकले वर्ष पुस्तकमा राख्ने विषयवस्तु अन्य स्रोतबाट लिएरमात्र होइन,आफै आधिकारिक तथ्य लिएर राख्छ। यस पुस्तकले मानवअधिकारका सवालहरूमा राज्यको ध्यानाकर्षण गराउन महत्वपूर्ण भूमिका निर्वाह गरेको छ। आगामी दिनमा आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारका सवाललाई वर्ष पुस्तकमा छुट्टै प्रकाशन गरी राज्यको मानव अधिकारप्रतिको दृष्टिकोण सार्वजनिक गर्न आवश्यक छ।

भिम चापागाई
सचिव पत्रकार महासङ्घ,इलाम

मानव अधिकारको संरक्षण र संवर्द्धनमा इन्सेकको भूमिका महत्वपूर्ण रही आएको छ। मानव अधिकारको समुदाय तह समयको शिक्षा र मानव अधिकार उल्लङ्घनका घटनाको व्यवस्थित र निरन्तर अभिलेखीकरणलाई उदाहरण लिन सकिन्छ। मानव अधिकार उल्लङ्घनका घटनाहरू एउटा व्यवस्थित अभिलेखीकरणको दस्तावेज हो।

देवेन्द्र कुमार विश्वकर्मा
कार्यकारी निर्देशक, मानव अधिकारका मञ्च, इलाम

मानव अधिकार वर्ष पुस्तकले मानव अधिकारको वर्तमान अवस्थाको समीक्षात्मक एवं विश्लेषणात्मक विवरण प्रस्तुत गर्दै आएको छ। यस पुस्तकले मानव अधिकारको संरक्षण, संवर्द्धन एवं प्रवर्द्धनमा विशेष योगदान पुऱ्याउने अपेक्षा राखेको छु। मानव अधिकार उल्लङ्घनका घटनाहरूलाई न्यूनीकरण गर्न इन्सेक लगायतका संस्थाहरूबाट महत्वपूर्ण योगदान हुनु पर्छ।

छविलाल रिजाल
प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रशासन कार्यालय, झापा

अनौपचारिक क्षेत्र सेवा केन्द्र(इन्सेक) ले १९९२ देखि नेपाल मानव अधिकार पुस्तक प्रकाशन गर्दै आएको छ। मानव अधिकार ज्यादती र मानव अधिकार उल्लघंनका घटनाको उजागर गरी सम्बन्धित निकायको कमीकमजोरी समेत औंल्याउने भएकोले यो पुस्तक निकै प्रभावकारी रहेको छ।

विश्वमणी पोखरेल
प्रहरी उपरीक्षक, जिल्ला प्रहरी कार्यालय झापा

अनौपचारिक क्षेत्र सेवा केन्द्र(इन्सेक) ले देशका ७७ वटै जिल्लामा भएका अनेकौं मानव अधिकार उल्लंघनका घटनाहरूलाई सत्य तथ्यका साथ मानव अधिकार वर्ष पुस्तकमा प्रकाशन गर्दैं आएको छ। वर्षपुस्तकले मानव अधिकारको अवस्थालाई यथार्थ रूपमा झल्काउँछ।

हरिप्रसाद अधिकारी
अध्यक्ष, नेपाल बार एसोशियसन, झापा

सबैले स्वतन्त्र भएर स्वस्थ्य जीवन बाँच्न पाउने अधिकारको संरक्षण अन्य क्षेत्रहरूबाट पनि हुनुपर्छ। नेपाल मानव अधिकार वर्ष पुस्तकले समस्याको कारण केलाउने मात्र नभई निराकरण गर्नेतर्फ पनि सबैको ध्यान आकृष्ट गर्नु पर्छ। सरोकारवाला निकायले समाजको प्रतिविम्ब बन्नु पर्छ र अपराधका कारक तत्व र समाधानका तरिका खोज्नु पर्छ।

लालकाजी श्रेष्ठ
जिल्ला न्यायाधीश सप्तरी जिल्ला अदालत

राज्य पक्षलाई मानव अधिकार हननका घटनाको बारे स्थिति विश्लेषण गरी मानव अधिकार संरक्षणको सम्बन्धमा राज्यको भूमिकालाई प्रभावकारी बनाउन यस पुस्तकले आधार प्रदान गर्ने गर्दछ। जटिल सामाजिक सम्बन्ध र कमजोर सामाजिक सद्भाव, न्यून चेतनास्तर, विविध सामाजिक बनोट, अशिक्षा र गरिबीले पनि विभिन्न खालका हिंसाका घटना वृद्धि हुने गर्दछन्। मूलत: अपराधिक घटनालाई राजनीतिकरण र अपराधीलाई संरक्षण गर्ने प्रवृत्तिले दण्डहीनतालाई प्रश्रय भएको देखिन्छ।

भूपेन्द्र थापा
प्रमुख जिल्ला अधिकारी, सप्तरी

मानव अधिकार र सामाजिक न्यायको क्षेत्रमा लामो समयदेखि इमान्दारीपूर्वक क्रियाशील इन्सेकले प्रत्येक वर्ष मानव अधिकारको अवस्था अध्ययन गर्ने दस्तावेजका रूपमा वर्ष पुस्तक प्रकाशन गर्दै आइरहेको छ। दण्डहीनताको अन्त्य र पीडित पक्षको न्यायका लागि तत्पर इन्सेकले समाजमा निष्पक्ष रूपमा काम गर्दै समाजको विश्वास जितेको छ।

इसरत परविन
कावा प्रमुख, राजविराज नगरपालिका

इन्सेकले प्रत्येक वर्ष नेपाल भरी मानव अधिकार उल्लङ्घनका घटनाहरूलाई नेपाल मानव अधिकार वर्ष पुस्तकमार्फत सार्वजनिक गर्दै आएको छ। नागरिक र राज्य पक्षलाई सचेत गराउँदै त्यस्ता घटना न्यूनिकरण गर्न महत्वपूर्ण योगदान पुऱ्याएको छ। मानव अधिकार संरक्षणमा योगदान गर्ने व्यक्ति वा संस्थाको उल्लेख भएमा यसको प्रभावकारिता वृद्धि हुनेछ।

थानसिंह भन्साली
अध्यक्ष, नागरिक समाज सप्तरी

मानव अधिकार अनतिक्रम्य हुने गर्दछ। नागरिकमा राज्य पक्ष वा अन्य पक्षबाट हुनेसक्ने अतिक्रमण र आर्थिक, सामाजिक, राजनीतिक, सांस्कृतिक अधिकार हनन्का विषयमा इन्सेकले गरेको निगरानी गरेर प्रकाशित नेपाल मानव अधिकार वर्ष पुस्तक संग्रहयोग्य अभिलेख हो। घटना प्रतिको चासो र निगरानी दुवैले भविष्यमा यस प्रकारको गल्ती कमजोरी हटाउन मद्दत गर्ने विश्वास गर्दछु।

लालबाबु कवारी
प्रमुख जिल्ला अधिकारी, सिरहा

नेपाल मानव अधिकार वर्ष पुस्तकले राज्य पक्ष तथा निकायगत संस्थाले समेत गरेको मानवअधिकारको उल्लङ्घनका घटनालाई अभिलेखिकरण गरेको छ। नेपालको मानव अधिकार अवस्थाको बारेमा यथार्थ चित्रण गर्ने भएकोले विश्व सामु समेत नेपालमा मानवअधिकार उल्लङ्नका घटनाका बारेमा जानकारी राख्ने एउटा माध्यमका रूपमा रहेको छ।

शिवप्रसाद आचार्य
जिल्ला न्यायाधिवक्ता, जिल्ला
सरकारी वकिलको कार्यालय, सिरहा

इन्सेकले नेपाल मानव अधिकार वर्ष पुस्तक मार्फत नेपालको मानव अधिकार अवस्थालाई प्रतिनिधित्व गर्ने गतिलो दस्तावेज प्रकाशन गरी मानवअधिकार संरक्षण र संवर्द्धनमा सराहनीय कार्य गर्दै आएको छ।

समाजमा भएका मानव अधिकार उल्लङ्घनका घटनाहरू उजागर हुँदा त्यस्ता घटनाका दोषीलाई सजाय र पिडितलाई न्याय प्रदान गर्न गतिलो आधार प्राप्त हुने भएकाले सम्बद्य सरोकारवालाहरूलाई नेपाल मानव अधिकार वर्ष पुस्तकले घच-घच्याउँदै आएको छ। मानव अधिकार उल्लङ्घनका घटना हुनुको कारण,

निश्चित घटनामा जिम्मेवार सरोकारवाला निकाय कुन हो र सम्बन्धित निकायले कानुन सम्मत अनुसन्धान, अभियोजन, न्याय निरूपण गऱ्यो, गरेन भन्नेसम्मका तथ्यहरूलाई समेत अझ व्यवस्थित ढङ्गले समावेश गर्न सकिएमा मानव अधिकार रक्षाप्रति सरोकार राख्ने सबैलाई सचेत र जवाफदेही हुन मद्दत पुग्छ।

कुमारप्रसाद मैनाली
डिएसपी, इलाका प्रहरी कार्यालय, लहान

नेपालमा मानव अधिकारको क्षेत्रमा छापिने पुस्तकहरू मध्ये इन्सेकले प्रकाशन गर्दै आएको नेपाल मानव अधिकार वर्ष पुस्तक एक उत्कृष्ट पुस्तक हो। धनुषालगायत विभिन्न जिल्लामा इन्सेकको वर्ष पुस्तक समीक्षा कार्यक्रममा १३ पटक प्रहरी अधिकारीका रूपमा मैले प्रतिनिधित्व गरेको छु। पुस्तकमा प्रहरीलगायत सरोकारवालाहरूको नजर नपुगेको वा न्याय प्राप्तिमा ढिलाइ भएका घटना समावेश हुने गरेका छन्। यो सराहनीय कार्य हो।

प्रदीपबहादुर क्षेत्री
डिएसपी, जिल्ला प्रहरी कार्यालय, धनुषा

इन्सेकले प्रकाशन गर्दै आएको नेपाल मानवअधिकार वर्ष पुस्तक मैले अध्ययन गर्ने गरेको छु। जिल्लागत रूपमा मानव अधिकारका घटनाको तथ्याङ्कसहित घटना विवरण राखेर वर्ष पुस्तक छापिनु निकै नै चुनौतीपूर्ण कार्य हो। सञ्चार माध्यममा समेत आउन नसकेको घटना इन्सेकको वर्ष पुस्तकमा छापिँदै आएकाले यस वर्ष पुस्तकको विश्वासनीयता बढेको छ।

कैलास दास
निमित्त अध्यक्ष, मिडिया काउन्सिल मधेश प्रदेश, जनकपुरधाम

यस पुस्तकमा मानव अधिकारको क्षेत्रमा काम गर्ने अधिकारकर्मीहरूलाई समेत देशमा कहाँ कस्ता प्रकारका घटना भइरहेको बारेमा जानकारी हुन्छ तर प्रहरीको तथ्याङ्कसँग इन्सेकको तथ्याङ्क फरक हुने गरेकाले जिल्लाको मानव अधिकारको तथ्याङ्क फरक पर्ने गरेको छ।

मनिका झा
अध्यक्ष, नेपाल पत्रकार महासंघ धनुषा

इन्सेकले मानवअधिकारको उल्लङ्घनका सवालमा जिल्ला जिल्लामा भएको घटनाहरू सङ्कलन गर्दै वर्ष पुस्तकमार्फत सार्वजनिक गर्नु मानवअधिकारको क्षेत्रमा यसलाई एक उदाहरणीय रूपमा लिनु पर्दछ। यो मानवअधिकारको क्षेत्रमा छापिने पुस्तकमध्ये एक उत्कृष्ट र ऐनाको रूपमा मैले लिने गरेको छु। बर्सेनी मानव अधिकार उल्लङ्घनको घटना अभिलेखिकरण गर्ने गैरसरकारी संस्थाको तर्फबाट नेपालकै पहिलो र अहिलेसम्मको एकमात्र संस्था इन्सेक भएकाले यसप्रति गर्व गर्नुपर्छ। जिल्लामा मानवअधिकार उल्लङ्घनका धेरै घटना हुन्छ। तर, जिल्लामा इन्सेक प्रतिनिधि एक्लो भएकाले सबै घटनामा चाहेर पनि पहुँच हुनसक्ने अवस्था छैन, यो क्षेत्र संवेदनशील क्षेत्र पनि भएकाले जनशक्ति र अन्य दायरा बढाउँदै लैजानु पर्छ।

राजकुमार महासेठ
मधेश प्रदेश संयोजक, एड्भोकेसी फोरम नेपाल

मानव अधिकारको क्षेत्रमा राज्यले प्रकाशन गर्नुपर्ने यस्ता पुस्तक इन्सेकले एक साथ देशभरका घटना सङ्कलन गरि पुस्तक प्रकाशन गरिनु ठूलो चुनौतीको सामना गरिनु हो। यसलाई हामी मानवअधिकारको क्षेत्रमा क्रियाशील सङ्घ, संस्था र राज्यले नागरिकको मानव अधिकारको लागि उदाहरणीय पुस्तकको रूपमा लिएका छौँ। यस पुस्तकमा राज्यले अपहेलना गरेका र राज्यको क्षेत्रमा पुगेर पनि न्याय प्राप्तीमा ढिलाइ भएका वा न्याय प्राप्तीमा राम्रो भएका समेत पाउने गरेका छौं। बर्सेनी यस पुस्तकमा दलित, अल्पसङ्ख्यक समुदायको मार्गचित्र झैँ घटना विश्लेषण समेत गरिएको पाइन्छ।

विनोद रविदास
एनपीआई मधेश प्रदेश संयोजक, जनकपुरधाम

प्रत्येक वर्ष इन्सेकले प्रकाशन गर्दै आएको नेपाल मानव अधिकार वर्ष पुस्तक एक महत्वपूर्ण दस्तावेजका रूपमा रहँदै आएको छ। मानव अधिकार उल्लङ्घनमा संलग्न आरोपितलाई कानुनी दायरामा ल्याउन पुस्तकले महत्वपूर्ण भूमिका खेलेको छ। आगामी दिनमा समाजमा लुकेर रहेका मानव अधिकार उल्लङ्घनका घटनाहरू उजागर गरेमा सबै व्यक्तिलाई मानव अधिकारको प्रत्याभूत गर्न सहयोग पुग्नेछ।

रबिन्द्र उप्रेती
वरिष्ठ पत्रकार, महोत्तरी

इन्सेकले लामो समयदेखि मानव अधिकारको संरक्षण र प्रवर्द्धनको क्षेत्रमा ठूलो योगदान दिँदै आएको

छ। इन्सेकले अझ बढी गम्भीरतापूर्वक मानव अधिकार संरक्षणका लागि योगदान दिने सवाल तथा विषयवस्तु वर्ष पुस्तकमा समेट्नुपर्छ।

हेमकुमारी बराल (सुनिता)
कार्यवाहक अध्यक्ष, नेपाल पत्रकार महासंघ महोत्तरी

इन्सेकले मानव अधिकारका क्षेत्रमा गरेका काम प्रशंसायोग्य छन्। मानव अधिकार क्षेत्रमा भएका घटनाहरूको तथ्याङ्क सङ्कलन मात्र नभई पीडितलाई कानूनी रूपमा अघि बढ्नका लागि पनि जनचेतनामूलक कार्यक्रम गर्नुपर्छ।

रञ्जन भण्डारी
सचिव, मानव अधिकार रक्षक संजाल महोत्तरी

मानव अधिकार उल्लङ्घन र ज्यादतीका विषयमा सत्य तथ्य सूचना सबैले पाउने र यसले मानव अधिकारका क्षेत्रमा गर्ने भावी योजना बनाउन वर्ष पुस्तक बलियो आधार बन्दै गएको छ।

शारदादेवी थापा
प्रदेश सभा सदस्य, मधेस प्रदेश, सर्लाही

इन्सेकले मानव अधिकारको उल्लङ्घनका घटनाहरू अभिलेख गरेर मानव अधिकारको ऐन देखाउनु महत्वपूर्ण कार्य नेपाल मानव अधिकार वर्षपुस्तक मार्फत गरिरहेकोले यसको निरन्तरताको कामना गर्दछु। साथै स्थानीय तहमा पुगेर घटनाहरूको सत्य तथ्य बुझी प्रभावित व्यक्तिहरूलाई न्याय दिलाउँनमा इन्सेकले खेलेको भूमिकालाई पनि वर्ष पुस्तकमा राख्न आवश्यक छ।

थानेश्वर गौतम
प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रशासन कार्यालय मलङ्गवा, सर्लाही

नेपाल मानव अधिकार वर्ष पुस्तकमार्फत मानव अधिकार उल्लंघनका घटनाहरू सार्वजनिक गरेर हामी सरोकारवाला निकायहरूलाई घटनाहरूको न्युनिकरण कार्यका लागि ध्यानाकर्षण गरिरहेको छ। तसर्थ, इन्सेकले मानव अधिकारको क्षेत्रमा गरेको कार्य प्रभावकारी देखिएकोले मानव अधिकार घटनाहरूको अनुगमन र प्रतिवेदनले अनुसन्धान तथा न्याय प्रक्रियामा सहयोग पुग्ने हुँदा समन्वय र सहकार्य गरेर मानव अधिकार उल्लंघनका घटना न्यूनिकरण कार्यमा प्रहरी कार्यालय सदैव तत्पर रहन्छ।

नरेश राज सवेदी
एसपी, जिल्ला प्रहरी कार्यालय मलङ्गवा, सर्लाही

इन्सेकले मानव अधिकार सम्बन्धी घटना सङ्कलन गरी नेपाल मानव अधिकार वर्ष पुस्तक हरेक वर्ष प्रकाशन गरिरहेको छ। इन्सेकले सर्लाही जिल्लामा मानव अधिकारसम्बन्धी अभियान तथा कार्यक्रमहरू सञ्चालन गरेमा सहकार्य गर्न जिल्ला समन्वय समिति तयार छ।

कौशलकिशोर सिंह
प्रमुख, जिल्ला समन्वय समिति, सर्लाही

नेपाल मानव अधिकार वर्ष पुस्तक मानव अधिकारको अवस्थाको बारेमा जानकारी गराउने एउटा महत्वपूर्ण दस्तावेजका रूपमा रहेको छ। मानव अधिकारको अवस्थासँगै पीडितको न्याय प्रक्रियामा पनि इन्सेकले कार्य गर्नुपर्ने आवश्यकता छ।

मनोज साह
अध्यक्ष, नेपाल बार एशोशिएसन, सर्लाही

इन्सेक मानवअधिकारको संरक्षणमा गरेको भूमिका सराहनीय छ। तीन दशकदेखि निरन्तर रूपमा प्रकाशन हुँदै आएको नेपाल मानवअधिकार वर्ष पुस्तक महत्वपूर्ण दस्तावेज हो। इन्सेकले मानव अधिकारको क्षेत्रमा जनचेतना जगाउने र पैरवी गर्ने काम गरेको छ।

कृष्णबहादुर शाही
प्रमुख जिल्ला अधिकारी, रौतहट

मानव अधिकार उल्लङ्घन गलत सामाजिक संस्कारको रूपमा भइरहेको पाइन्छ। धेरै घटनाहरू बाहिर आएका छैनन्। प्रहरीमा कम मात्र घटना आउँछन्। महिलामाथि हुने हिंसाका घटना रोक्न तथा कानुनी दायरमा ल्याउन नेपाल प्रहरी संवेदनशील छ।

उमाशङ्करप्रसाद यादव
डिएसपी, जिल्ला प्रहरी कार्यालय, रौतहट

नेपाल मानव अधिकार वर्ष पुस्तक प्रकाशनले मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनाहरू उजागर गरेको छ। नेपालको मानव अधिकारको अवस्था कस्तो छ भनेर जान्न बुझ्न यो पुस्तक महत्वपूर्ण रहेको छ। मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका सबैजसो घटना अभिलेख हुनुपर्छ।

नवराज सापकोटा
प्रमुख जिल्ला अधिकारी, बारा

जिल्ला प्रहरी कार्यालयले मानव अधिकारलाई उच्च सम्मान गर्दै कार्य सम्पादन गरिरहेको छ। मानव अधिकार उल्लङ्घनका घटना जनचेतनामूलक कार्यक्रमहरूको कमीले भइरहेका छन्। घटना अभिलेख र चेतनामूलक कार्यक्रमलाई सँग सँगै सञ्चालन गर्नुपर्छ।

होविन्द्र बोगटी
प्रहरी उपरीक्षक, जिल्ला प्रहरी कार्यालय, बारा

नेपाल मानव अधिकार वर्ष पुस्तक एउटा राम्रो दस्तावेज हो। पुस्तकमा समावेश हुने घटनाहरूको पुष्टि र पुर्नपुष्टिका लागि इन्सेकले आयोजना गर्ने प्रकाशन पूर्व समीक्षा गोष्ठीहरूमा कतिपय बेला प्रत्यक्ष सहभागिता रहेको छ। पुस्तकलाई विश्वसनीय बनाउन समीक्षा हुने गरेको मैले पाएको छु। जिल्लागत रूपमै पनि मानव अधिकार बहालका निम्ति के गर्नु पर्छ भन्ने प्रश्नको उत्तर खोज्न वर्ष पुस्तकले मद्दत गर्छ।

उमेशकुमार ढकाल
प्रमुख जिल्ला अधिकारी,पर्सा

नेपालको मानव अधिकारको क्षेत्रमा अग्रणी संस्थाको रूपमा आफ्नो उपस्थिति देखाउँदै आएको अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) ले प्रकाशन गर्ने नेपाल मानव अधिकार वर्ष पुस्तकले न्याय सम्पादनमा देखिएका समस्याहरूलाई समेत उजागर गरेर त्यसलाई समाधान गर्न राज्यलाई उत्प्रेरित गर्दै आइरहेको छ भन्ने मलाई लाग्दछ। न्याय क्षेत्रका कतिपय आवश्यकता हामीले भन्न नसक्ने तर नेपाल मानव अधिकार वर्ष पुस्तकले उल्लेख गर्ने गरेको पाएको छु। त्यसले अन्ततः न्याय सम्पादनमै सहयोग पुगेको लाग्दछ। मुद्दाहरूको बारेमा पनि इन्सेकले उल्लेख गर्दछ। कतिपय समस्याका कारण लक्ष्य अनुरूपको प्रगति हासिल हुन नसकेको हुन्छ। मानव अधिकार र सामाजिक न्यायका लागि वर्ष पुस्तकले केही न केही योगदान गरेको हुन्छ भन्ने मलाई लाग्दछ।

अरुणकुमार कोइराला
सेस्तेदार, जिल्ला अदालत, पर्सा

नेपाल मानव अधिकार वर्ष पुस्तक नेपालको मानव अधिकारको अवस्थाको एउटा चित्रण हो। मानव अधिकार बहाल गराउने राज्यको पहिलो पंक्तिको निकाय नेपाल प्रहरीकालागि वर्ष पुस्तक आफ्नो कामको समीक्षा गर्ने र सही काम सम्पादन गर्न स्रोतपुस्तिका पनि हो भन्ने मलाई लाग्दछ। मानव अधिकारको बहाली नेपाल प्रहरीको परिभाषित काम नै हो। जनताको सेवा नै नेपाल प्रहरीको धर्म हो। वर्ष पुस्तकले अभिलेख गर्ने घटनाहरूका कारण हामीलाई जिम्मेवार र जवाफदेही बनाउँछ भने सिङ्गो समाजलाई पनि सामाजिक शान्ति र मानव अधिकार बहालको पक्षमा भूमिका खेल्न उत्प्रेरित गर्छ जस्तो लाग्छ।

कोमल शाह
प्रहरी उपरीक्षक, जिल्ला प्रहरी कार्यालय ,पर्सा

मानव अधिकारका सवालमा हरेक कार्यक्रम जिल्ला सदरमुकाममा केन्द्रित भए, यसलाई गाउँका कुनाकाप्चासम्म लैजानु पर्छ।

ईश्वरनारायण मानन्धर
नगरप्रमुख, भीमेश्वर नगरपालिका, दोलखा

इन्सेकले प्रकाशन गर्ने नेपाल मानव अधिकार वर्ष पुस्तक नेपालको मानव अधिकारको अवस्था झल्काउने दस्तावेजको रूपमा विश्वभर प्रख्यात रहेको छ। यस कार्यको निरन्तरताको लागि शुभकामना दिन चाहन्छु। मानव अधिकार वर्ष पुस्तकमा जेष्ठ नागरिकका अधिकारको कोलम थप गरेमा पुस्तकको ओझ झन बढ्ने विश्वासका साथ सुझाव दिन चाहन्छु।

भूपेन्द्र थिङ
अध्यक्ष, नेपाल बार इकाइ, सिन्धुपाल्चोक

इन्सेकले रहेक वर्ष प्रकाशन गर्दै आएको मानव अधिकार वर्ष पुस्तकमा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनाहरू प्रकाशित हुन्छन्। मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनाहरू तथ्यपरक ढङ्गबाट विश्लेषण भएको पाइयो। यसले मानव अधिकारको उल्लङ्घनकर्तालाई नैतिक दवाव परेको महसुस भएको छ। यस्ता घटनाहरू सार्वजनिक गरेर पीडितलाई न्याय र दोषीलाई कानुनी कारबाही र घटनाहरूको न्यूनीकरण हुने विश्वास लिएको छु।

अशोककुमार धिमिरे
प्रमुख, जिल्ला समन्वय समिति, रसुवा

नेपालमा मानव अधिकार क्षेत्रमा स्थापित संस्था इन्सेकले प्रकाशन गरेको नेपाल मानव अधिकार वर्ष पुस्तक २०२२ ले मानव अधिकार उल्लङ्घनका घटनाका पीडितलाई न्याय दिलाउन, पीडकलाई दण्डित गर्न मात्र नभई आम नागरिकलाई सचेत पार्ने काम

गरेको छ। यो पुस्तकले नेपालमा मानव अधिकारको उल्लङ्घन र ज्यादतीका घटनामा न्यूनीकरण गर्न उल्लेखनीय भूमिका खेल्न सकेको छ। पुस्तक प्रकाशनले नियमितता पाओस् भन्ने शुभकामना।

बाबुलाल तामाङ
सभापति,नेपाल रेडक्रस तथा अध्यक्ष रसुवा नागरिक समाज

नेपाल मानव अधिकार वर्ष पुस्तकले नेपालको मानव अधिकारको अवस्था तथा मानव अधिकार हनन्का घटनाहरूबारे जानकारी दिन्छ। यो निकै राम्रो दस्तावेज हो। जिल्लाको मानव अधिकारको अवस्था र आगामी दिनमा गर्नुपर्ने कार्यको कार्ययोजना बनाउन मद्दत गर्दछ। त्यसैले यो पुस्तकलाई सरोकारवालासहित सबैको पहुँच योग्य बनाउनु पर्दछ। मानव अधिकार हनन् न्यूनीकरण गर्न तथा मानव अधिकारको संरक्षण प्रर्वद्धन गर्न वर्ष पुस्तकले महत्वपूर्ण भूमिका खेल्नेछ।

नवराज जैशी
प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रशासन कार्यालय, रसुवा

नेपाल मानव अधिकार वर्ष पुस्तक २०२२ अध्ययन गरौं। घटना विवरया यथार्थपरक पाएँ। पुस्तकले आम नागरिकलाई मानव अधिकारको सूचना प्रदान गर्छ।

ज्ञानेन्द्रनाथ न्यौपाने
जेष्ठ पत्रकार तथा अध्यक्ष मानव अधिकार संरक्षण मञ्च, रसुवा

देशभरका मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटना नेपाल मानव अधिकार वर्ष पुस्तकमा समावेश भएको छ। नेपालमा मानव अधिकारको पर्यायवाची नाम इन्सकले गरेको निकै स्वागत योग्य काम हो। पुस्तकमा प्रकाशित सामग्रीहरू जहाँ जसले पनि सन्दर्भ सामाग्रीका रूपमा प्रयोग गर्न सक्ने छन्। नेपाल मानव अधिकार वर्ष पुस्तक २०२२ अध्ययन गर्दा मुलुकको मानव अधिकारको अवस्था स्पष्ट हुन्छ। यो पुस्तक प्रकाशनले मानव अधिकारको उलङ्घनका घटनामा न्युन गर्न उल्लेखनिय भूमिका खेल्न सकेको छ।

विश्वास नेपाली
कोषाध्यक्ष, मानव अधिकार तथा सामूदायिक विकास स्रोत केन्द्र धैबु -५ रसुवा

नेपाल मानव अधिकार वर्ष पुस्तक अध्ययन गर्दा मुलुकको मानव अधिकारको अवस्था स्पष्ट हुन्छ। विभिन्न घटनाका पीडकहरू र राज्यलाई अझै जवाफदेही बनाउन गाउँगाउँमा मानव अधिकार शिक्षा सचेतना कार्यक्रम गर्न आवश्यक छ।

दिपक लामा
अध्यक्ष, रेडियो रसुवा १०२.१ मेगाहर्ज तथा अध्यक्ष जनजाति पत्रकार महासंघ रसुवा

मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनाहरू समेटेर प्रकाशित हुने नेपाल मानव अधिकार वर्ष पुस्तक मानव अधिकारको तथ्याङ्कहरूको सँगालोको रूपमा छ। यो पुस्तक प्रकाशनले मानव अधिकारको उल्लङ्घन तथा ज्यादतीका घटनाहरू न्यूनीकरण गर्न उल्लेखनीय भूमिका खेलेको जस्तो लाग्छ।

प्रवेश परियार
मानव अधिकार सञ्जाल तथा दलित अधिकारकर्मी, रसुवा

मानव अधिकारको आधारभूत विकास गर्न कानुन न्यायको दृष्टिले सबैले आफ्नो जिम्मेवारी पूरा गरेको खण्डमा मानव अधिकारको रक्षा गर्न सहज हुनेछ। इन्सेकको अभिलेखीकरणले समाजमा मानव अधिकारको अवस्था के कस्तो छ भन्ने चित्रण गरेको देखिन्छ। सामाजिक विकृति, अपराध र मानव अधिकारको अवस्थाको बारेमा मानव अधिकार वर्ष पुस्तकले स्पष्ट पारेकोले घटना नछुटाइ प्रकाशन गर्ने वातावरण मिलाउन अनुरोध छ।

नवराज अधिकारी
प्रमुख, जिल्ला समन्वय समिति, धादिङ

आर्थिक सामाजिक, सांस्कृतिक अधिकारबाट वञ्चित भएका घटनाहरू मानव अधिकार वर्ष पुस्तकमा प्रकाशन गरिनु पर्छ। मानव अधिकार वर्ष पुस्तक समाजमा हुने मानव अधिकार हनन्को घटना, विषय र तथ्याङ्कको रूपमा एउटा ऐना हो। यसमा उल्लेख हुने तथ्याङ्कले सरोकारवालालाई संवेदनशील, बनाउने हुँदा महिला मानव अधिकारको घटना नछुटाइ समावेश गरियोस्।

गायत्री खतिवडा
अध्यक्ष, महिला मानव अधिकार रक्षकहरूको राष्ट्रिय सञ्जाल बागमती प्रदेश, धादिङ

राज्यले मानव अधिकार संरक्षणसम्बन्धी विभिन्न निकायहरूबाट काम गरिरहेको भए पनि मानव अधिकारका लागि काम गर्नुपर्ने विषयहरू धेरै छन्। राज्यले पूरा गर्नुपर्ने कतिपय कुराहरू इन्सेकजस्ता नागरिक संस्थाहरूले गर्दै आएका छन्। राज्यको ध्यान नपुगेको विषयमा समेत घटनाहरू सार्वजनिक भएपछि राज्यले मानव अधिकारका लागि काम गर्ने भएकोले नेपाल मानव अधिकार वर्ष पुस्तक निरन्तर प्रकाशनका लागि अनुरोध छ।

कुलमान विक

उपप्रमुख, जिल्ला समन्वय समिति, धादिङ

मानव अधिकारका यावत समस्यामा इन्सेकले पैरवी गरोस्। वर्ष पुस्तक निरन्तर प्रकाशनको शुभकामना छ। नेपाल मानव अधिकार वर्ष पुस्तकलाई नेपाली क्यालेण्डर अनुसार मिलाउनु पर्छ। सुझाव इन्सेकसम्म पुगोस्।

विश्वराज अधिकारी

अध्यक्ष, जिल्ला अदालत बार एसोसियसन, धादिङ

नेपाल मानव अधिकार वर्ष पुस्तक महत्वपूर्ण दस्तावेज हो। नेपाल मानव अधिकार वर्ष पुस्तकले सामूहिक अधिकारकारका बारेमा उल्लेख गर्नुपर्छ। राजनीतिक घटनाक्रम मात्र नभएर आर्थिक सामाजिक र सांस्कृतिक अधिकारकाबारे पनि मानव अधिकार वर्ष पुस्तकमा उल्लेख हुनुपर्छ।

राधिका सापकोटा

अधिवक्ता, एवम् महिला मानव अधिकार रक्षक, धादिङ

इन्सेकको प्रकाशन गर्ने मानव अधिकार वर्ष पुस्तकले सरकारी कार्यालयहरूलाई मानव अधिकारको अवस्था देखाएर आफ्नो काम गर्न प्रेरित गर्ने खालको रहेको छ। वर्ष पुस्तकले समेटेको विषयहरू राम्रा रहेका छन्। त्यसको तथ्याङ्क र विश्लेषण समेत रहने हुँदा पुस्तक थप खँदिलो भएको छ। मानव अधिकारको क्षेत्र फैलिँदै गएको र विकास, वातावरण, कृषि लगायतका क्षेत्रका अधिकारलाई स्थापित गराउन राज्यको स्रोतसाधान अभावले समस्या सिर्जना गरेको छ। यस्ता विषयलाई इन्सेकले उठाउन आवश्यक रहेको छ। इन्सेकको यो विवरणले समुदायस्तरमा हुने गरेको महिलामाथि हुने हिंसाका घटनाहरू कानुनी उपचारको लागि जानुपर्छ भन्ने सन्देश पनि फैलाउने छ।

नारायणप्रसाद रिसाल

प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रशासन कार्यालय, नुवाकोट

मानव अधिकार हनन्को घटनालाई व्यवस्थित रूपमा सङ्कलन गरिएकोले नेपाल मानव अधिकार वर्ष पुस्तकलाई विश्वसनीय मानिएको छ। सबैखाले मानव अधिकार, महिला विरुद्ध हुने हिंसा, हत्या, अपहरण लगायत मानिसको अधिकारलाई आँच पुऱ्याउने घटनाहरूलाई व्यवस्थित रूपमा सङ्ग्रह गरिएकोले यो एउटा प्रमुख स्रोत सामाग्री समेत हो। मानव अधिकारको रक्षाको लागि राज्य पक्ष, नागरिक समाज, मानव अधिकारको क्षेत्रमा क्रियाशील संस्था तथा व्यक्तिहरू सक्रिय हुन पर्ने पनि देखाएको छ।

कपिलदेव खनाल

अध्यक्ष, नेपाल पत्रकार महासङ्घ, नुवाकोट

नेपालको मानव अधिकारको क्षेत्रका काम गर्ने अग्रणी संस्था इन्सेकले प्रकाशन गर्ने नेपाल मानव अधिकार वर्ष पुस्तकले मानव अधिकार हनन्का घटनाको विस्तृत जानकारी दिएको हुन्छ। यस्तो तथ्याङ्कले हामी सरकारी निकाय त्यसमा पनि पीडितको पक्षमा पैरवी गर्ने कार्यालयलाई सचेत र जागरुक बनाउँछ। यस पुस्तकले मानव अधिकार संरक्षणको लागि सदा पहरेदारीको भूमिका निर्वाह गर्न योगदान दिनेछ भन्ने मलाई लागेको छ।

टेकराज भुसाल

जिल्ला न्यायाधिवक्ता, सरकारी वकिलको कार्यालय, नुवाकोट

मानव अधिकारको क्षेत्रमा इन्सेकले गर्दै आएको कार्य प्रशंसनीय छ। मानव अधिकारको रक्षाका लागि आवाज बुलुन्द पार्दै आएको इन्सेकको वर्ष पुस्तक आफैंमा पनि मानव अधिकार क्षेत्रमा एउटा सिङ्गो दस्तावेज हो। यसले सिङ्गो राज्य पक्षलाई देशको मानव अधिकारको अवस्था बारेमा जानकारी गराउँदै सरकारको नीति निर्माणमा टेवा पुऱ्याउने भूमिका निर्वाह गरेको छ।

रुद्रादेवी शर्मा

प्रमुख, जिल्ला अधिकारी, भक्तपुर

नेपाल मानव अधिकार वर्ष पुस्तकले न्याय क्षेत्रका लागि प्रभावकारी दस्तावेजका साथै न्यापालिकाबाट हुने न्याय सम्पादनको क्षेत्रको अवस्थालाई यसले चित्रण गरेको छ। मानव अधिकारको अवस्था, न्याय सम्पादनको अवस्थालाई यथार्थ रूपमा

प्रस्तुत गर्ने भएकाले यो एउटा सूचनाको भण्डारको रूपमा लिन सकिन्छ।

किरण थापा
प्रदेश सभा सदस्य, बागमती प्रदेश

इन्सेकले नेपाल सरकारले गर्नु पर्ने अभिलेखीकरणको काम गरिरहेको छ। मानव अधिकारको विषयमा अध्ययन वा अनुसन्धान गर्नु पऱ्यो भने इन्सेकमा जति दस्तावेज अरूसँग छैन। इन्सेकको मानव अधिकार वर्ष पुस्तक मानव अधिकारको एउटा ऐतिहासिक दस्तावेज हो। यसको लागि इन्सेक धन्यवादको पात्र छ।

राजकुमार थिङ
डिएसपी, जिल्ला प्रहरी कार्यालय रामेछाप

इन्सेकको मानव अधिकार वर्ष पुस्तकले मानव अधिकारका अन्य विषयलाई राम्रोसँग समेटेको छ। अहिले सबै भन्दा बढी सरोकारको विषय भएर पनि ओझेलमा परेको विषय ज्येष्ठ नागरिकको अधिकारको विषय हो। यो विषयलाई सबैले उठाउनु पर्छ। अझ इन्सेकले बढी उठाउन जरुरी छ। यसको साथै खाद्य सुरक्षाको विषयलाई पनि समावेश गर्न आवश्यक छ।

रत्नप्रसाद कँडेल
अध्यक्ष, गैसस महासङ्घ, रामेछाप

नेपाल मानव अधिकार वर्ष पुस्तक २०२२ मानव अधिकार अभिलेखको महतवपूर्ण दस्तावेज हो। दण्डहीनता विरुद्ध तथा मानव अधिकार उल्लङ्घन र ज्यादतीका घटनाका पीडकलाई कानुनी कठघरामा उभ्याउन वर्ष पुस्तकले मद्धत गर्न सक्छ।

कृष्णहरि घिमिरे
सभापति, नेपाल पत्रकार महासङ्घ, सिन्धुली

२०७४ सालमा तीन तह सरकारको निर्वाचन भई देशमा बहुमत प्राप्त सरकार गठन पछि राजनीतिक स्थायित्वतर्फ देश गएको थियो। तर दुई तिहाई नजिक भएको सङ्घीय संसद यस बीच बीचमा दुई दुई पटक विघटन भएको हो। सर्वोच्च अदालतबाट पुर्नस्थापित भएको संसदले गठबन्धनको सरकार निर्माण गरेपनि संसद बैठक बस्न र नियमित आफ्नो काम पुरा गर्न सकेन। ६ ओटा प्रदेशस्तरका सरकारहरू फेरिए। यसले नेपालको राजनितिमा कायम रहेको अस्थिरतालाई थप मलजल गरेको पाइयो। न्यायपालिका, कार्यपालिका, व्यवस्थापिका तथा न्यायपालिका बीचको शक्ति सन्तुलन धरमराएको हामीमाझ छर्लङ्ग भएको छ। नेपाल मानव अधिकार वर्ष पुस्तक सन् २०२२ मा प्रकाशित भएको घटनाहरूले ग्रामीण क्षेत्रका जनताहमाझ सूचना सन्देश प्रवाह गरेको पाएको छु।

दिनेश अधिकारी
प्रमुख, दुधौली नगरपालिका, सिन्धुली

नेपालमा दस वर्ष लामो सशस्त्र द्वन्द्व, सङ्कटकाल तथा कोरोना महामारीको कठिन परिस्थितिमा समेत नेपाल मानव अधिकार वर्ष पुस्तक निरन्तर रूपमा प्रकाशित गर्न इन्सेक सफल भएकोमा धन्यवाद दिन चाहन्छु। यस कठिन परिस्थितिमा हरेक वर्ष इन्सेकले मानव अधिकार उल्लङ्घनका घटनासम्बन्धी उजागर गरी वर्ष पुस्तकमा प्रकाशित गर्न सफल भएकोमा इन्सेक संस्थालाई धन्यवाद दिन चाहन्छु।

उपेन्द्रकुमार पोखरेल
नगरप्रमुख, कमलामाइ नगरपालिका, सिन्धुली

नेपाल मानव अधिकार वर्ष पुस्तक सन् २०२२ ले सन् २०२१ र त्यसअघिका अनुभवको निरन्तरताका आधारमा मानव अधिकार समग्र स्थिति मूल्याङ्कनको आधारमा घटेका घटनाहरू सार्वजनिक गरेको छ। यसले मानव अधिकारको अवस्था झल्किएको छ।

विमर्श मोक्तान
अध्यक्ष, मरिण गाउँपालिका, सिन्धुली

महिला, बालबालिका तथा सीमान्तकृत समुदायमाथिको लैङ्गिक विभेद तथा महिला हिंसाका घटनाका विभिन्न स्वरुपहरू दिनहुँजसो सञ्चार माध्यममा सार्वजनिक भइरहेका छन्। यस्ता घटनामा संलग्न दोषीलाई कानुनी दायरामा ल्याई कानुनी कारबाही गर्न आवश्यक रहेको छ। हाम्रो समाजमा गरिबी चेतनाको अभावका कारण घटनामा कमी आउन नसकेको वर्षपुस्तकमा अभिलेख भएका घटनाहरूले प्रष्ट पारेको छ।

विमला माझी
उपाध्यक्ष, मरिण गाउँपालिका, सिन्धुली

इन्सेकले विगत सन् १९९२ साल देखि नेपालमा मानव अधिकार वर्ष पुस्तकको ३० औं अङ्क प्रकाशित गरी पाठक वर्ग समक्ष पुऱ्याइरहेको छ। प्रकाशन भइरहेको मानव अधिकार वर्ष पुस्तकले

मुलुकमा भएका राजनीतिक परिवर्तन त्यसक्रममा देखिएका उतार चढाव तथा महत्वपूर्ण घटनाक्रमलाई समेट्ने गरेको पाइन्छ। राष्ट्रिय-अन्तर्राष्ट्रिय स्तरबाट समेत नेपालको मानव अधिकारको अवस्था विश्लेषणका लागि मानव अधिकारवर्ष पुस्तकलाई दस्तावेजको रूपमा हेर्ने गरिन्छ। मानव अधिकारको समग्र स्थितिको मूल्याङ्कन गरी अभिलेख राख्नुका साथै ती घटनाक्रम सूचनाले नागरिकको अधिकार, मर्यादा र स्वतन्त्रताको रक्षाका लागि नागरिक समाज र राज्यका विभिन्न निकाय तथा सरकारका विभिन्न तह समक्ष सचेत पहल थाल्नु जरूरी छ।

रुद्रबहादुर खड्का
प्रधान सम्पादक, स्वाधीन खबरपत्रिका, सिन्धुली

इन्सेकले बर्सेनी जिल्लागतरूपमा मानव अधिकारको क्षेत्रमा भएका घटनाहरू सङ्कलन गरेर वर्ष पुस्तक तयार गर्नु सुखद् पक्ष हो। सञ्चार माध्यममा समेत आउन नसकेको घटना वर्ष पुस्तकमा प्रकाशन हुने गरेकाले पुस्तकको विश्वासनीयता बढेको छ।

ध्रुव प्रसाद चौलागाई
अभिवक्ता/पूर्व अध्यक्ष पुनरावेदन अदालत बार एशोसिएसन, हेटौँडा

नेपाल मानव अधिकार वर्ष पुस्तक निरन्तर प्रकाशन भएकोमा खुशी लागेको छ। इन्सेकले विगतका वर्ष भन्दा अझ बढी सत्य र तथ्यका आधारमा वर्ष पुस्तक प्रकाशन गर्ने प्रयास गरेको छ। घटनाका विषयमा कुनै पनि पूर्वाग्रह नराखी निष्पक्ष कार्य सम्पादन गरी नागरिकलाई सही सूचना प्रवाह हुने मैले आशा लिएको छु।

बामदेव गौतम
प्रहरी उपरीक्षक, जिल्ला प्रहरी कार्यालय मकवानपुर

मानव अधिकार जस्तो गहन, व्यापक र संवेदनशील विषयमा इन्सेकले लामो समयदेखि काम गर्दै आएको छ। सरकारी र गैरसरकारी सबै वर्ग क्षेत्रको सरोकारका विषयका रूपमा मानव अधिकार रहेको हुन्छ। वर्ष पुस्तकमार्फत यथार्थ विवरण आउँदा नीति निर्माणमा सहयोग पुग्छ।

प्रताप विष्ट
वरिष्ठ पत्रकार, मकवानपुर

इन्सेकले हरेक वर्ष नेपालको मानव अधिकारको अवस्थाको बारेमा एउटा संग्रहयोग्य दस्तावेज पुस्तकको रूपमा प्रकाशन गर्दै आएको छ। कतिपय जिल्लामा प्रशासकको रूपमा काम गर्दा इन्सेकका प्रतिनिधिहरूसँग मिलेर काम गरेको अनुभव पनि छ। इन्सेकले अभिलेख गर्ने मानव अधिकारसम्बन्धी घटनाले राज्यलाई घच्घच्याउने गर्दछ। मानवको सम्मानपूर्वक बाँच्न पाउने वातावरण निर्माणका लागि राज्य र त्यसका संयन्त्रहरूलाई मार्गदर्शन गर्न पुस्तकले राम्रो भूमिका खेलेको ठान्दछु।

राजेन्द्रदेव पाण्डे
प्रमुख जिल्ला अधिकारी, मकवानपुर

विगत तीन दशकदेखि नेपाल मानव अधिकार वर्ष पुस्तक निरन्तर प्रकाशन भइरहेको छ। यसले मानव अधिकार उल्लङ्घनकर्ता र राज्यलाई जिम्मेवार बनाउन र मानव अधिकार सूचनामा महत्वपूर्ण भूमिका खेलेको छ। नेपालको संविधानले व्यवस्था गरेको मानव अधिकारप्रति स्थानीय सरकारले गर्नुपर्ने काममा जिल्ला समन्वय समितिले समन्वयकारी भूमिका खेल्नेछ।

ललित घलान, प्रमुख
जिल्ला समन्वय समिति मकवानपुर

इन्सेकले हरेक वर्ष प्रकाशन गर्ने मानव अधिकार वर्ष पुस्तक मानव अधिकारका बारेमा जान्न चाहाने सबैको लागि उपयोगी हुन्छ। देशरभर भएका मानव अधिकार हनन्का घटनाहरूको बारेमा वर्ष पुस्तकमा यथार्थ विवरण प्रस्तुत हुने हुँदा यसले कानुन व्यवसायीलाई पनि फाइदा पुग्छ। अदालतले मुद्दाको फैसलामा ढिलाइ गर्दा कतिपय व्यक्ति बिनाकारण लामो समयसम्म कारागारमा बस्नुपरेको छ। यी विषयलाई पनि वर्ष पुस्तकमा समावेश गर्नुपर्छ।

अप्सरा बस्नेत,
अध्यक्ष, मकवानपुर जिल्ला अदालत बार एशोसिएसन

न्यायमा पहुँच नभएका निमुखा, गरिब र असहायहरूको न्याय प्रवर्द्धनका लागि सरकारका निकायले गरिरहेका प्रयासलाई सघाउन नेपाल मानव अधिकार वर्ष पुस्तकले राम्रो काम गरेको छ। सदरमुकाम र सुविधायुक्त ठाउँका सेवाग्राहीहरूले न्यायिक निकायमा जाने अनि तिनै घटनाहरूको मात्र जानकारी आउने गरेको अवस्थामा कुनाकन्दरामा भएका मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनाहरूलाई पनि वर्ष पुस्तकमा समावेश गर्ने संयन्त्रको विकास गर्नु जरूरी छ।

मीना लामा, मेयर
हेटौँडा उपमहानगरपालिका

मानव अधिकार वर्ष पुस्तक मानव अधिकार उल्लङ्घनका घटनाहरूलाई उजागर गर्ने कार्यमा उत्कृष्ट रहँदै आएको छ। आउँदा वर्षहरूमा अझै समयानुकुल परिमार्जित एवम् परिष्कृत हुँदै जाओस् भन्ने सुभेच्छा व्यक्त गर्दछु।

लिलाराज लामिछाने
डिएसपी, जिल्ला प्रहरी कार्यालय गोरखा

इन्सेकले हरेक वर्ष प्रकाश गर्ने मानव अधिकार वर्ष पुस्तक मानव अधिकारको संरक्षण र प्रवर्द्धनमा निकै महत्वपूर्ण दस्तावेज भएको महसुस भएको छ। प्रकाशनमा उल्लेख गर्ने घटनाको प्रमाणसहित वस्तुनिष्ट विश्लेषण गरी प्रकाशन गर्दा स्वीकार्य हुने एवम् भविष्यमा इतिहासको रूपमा रहने समेत देखिन्छ।

चित्राङ्गत बराल
सहायक प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रशासन कार्यालय, गोरखा

मानव अधिकार वर्ष पुस्तक मानव अधिकार अभिलेखका हिसाबले एउटा इतिहास हो। यसले मानव अधिकार उल्लङ्घनका घटना न्यूनीकरणमा सघाउ पुग्नेमात्र होइन देशको मानव अधिकार अवस्था कस्तो छ भन्ने कुराको पनि अवगत गराएको छ। समय अनुसार मानव अधिकार उल्लङ्घनका घटनाहरू पनि परिवर्तन भइरहेको अवस्थामा यस पुस्तकलाई पनि सोही अनुसार परिमार्जित र परिस्कृत गर्न इन्सेकले ध्यान दिओस्।

विकास मरहट्ठा, सचिव
नेपाल पत्रकार महासङ्घ गोरखा शाखा

मानव अधिकार वर्ष पुस्तक मानव अधिकार उल्लङ्घन घटना अभिलेखकरणको हिसाबले सन्दर्भिक र उपयुक्त छ। पुस्तकले मानव अधिकारको उल्लङ्घन घटना उजागर गरी न्यूनीकरणका लागि पनि सहयोग पुऱ्याएको छ। जिल्लाको मानव अधिकारको अवस्था थाहा पाउन पुस्तकले महत्वपूर्ण भूमिका खेलेको छ।

मोहनबहादुर थापा मगर
प्रमुख, जिल्ला समन्वय समिति, कास्की

इन्सेकले मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनालाई समेटेर मानव अधिकार वर्षपुस्तक प्रकाशन गर्दै आइरहेको छ। वर्षपुस्तकको माध्यमबाट नेपालको मानव अधिकार क्षेत्रसँग सम्बन्धित विभिन्न विषयहरू, विद्यमान चुनौतीहरू र सम्भावनाहरू एवम् आगामी दिनमा गर्नुपर्ने सुधारका विषयहरू उजागर हुनेछ भन्ने विश्वास लिएको छु। मानव अधिकार, सामाजिक न्याय, समानता समावेशिताको लागी विगत लामो समयदेखि इन्सेकले क्रियाशिल तथा अग्रणी भूमिका खेलेको कुरा सराहनीय छ। मानव अधिकार उल्लङ्घन घटनाहरूको सङ्कलन, अधावधिक तथा पुर्नपुष्टि गरेर यस वर्षपुस्तकमा समावेश गरिने भएकोले यस वर्ष पुस्तकको महत्त्व निकै रहेको छ। यस वर्षपुस्तकमा मानव अधिकार संरक्षण एवम् प्रवर्धन गर्नुपर्ने कर्तव्य भएका अधिकारी तथा सरोकारवालाहरूलाई आफ्नो कार्यप्रति समीक्षा र मुल्याङ्कन गरी कर्तव्य निर्वाह गर्न सहज, सचेत र क्रियाशील हुनुमा दबाब सिर्जना गरेको छ।

अजय केसी
प्रहरी उपरीक्षक, जिल्ला प्रहरी कार्यालय, कास्की

मानव अधिकार वर्षपुस्तक खास विषय सन्दर्भमा विशेष अध्ययन, मानव अधिकारका हरेक क्षेत्रमा आवधिक अध्ययन, तथ्याङ्क सङ्कलन र वार्षिक रूपमा प्रकाशनको माध्यमबाट यसले राज्य (सरकार) लाई आवश्यक तथ्याङ्कहरू उपलब्ध गराइ आएको छ । सरकारको ध्यानाकर्षण गरिआएको छ। मानव अधिकार उल्लङ्घनकर्ताहरूलाई आत्मसमीक्षा गर्न बाध्य हुने ऐनाका रूपमा आफूलाई स्थापित पनि गर्दै आएको छ। सूचना प्रविधिको भरपूर प्रयोगसँगै मानव अधिकार उल्लङ्घन घटनाहरूमा न्याय प्राप्ति र प्रदानको कर्मक्षेत्रको सहजता अझ बढी प्रभावकारी र फलदायी बन्न सकोस् भन्ने शुभेच्छा गर्न चाहन्छु।

डिल्लीराज आचार्य, मुख्य न्यायाधीश
उच्च अदालत पोखरा

मानव अधिकारका क्षेत्रमा इन्सेकले गर्दै आएको कार्यको प्रशंसा गर्दछु। विशेष गरी महिला अधिकार, बाल अधिकार लगायत समग्र मानव अधिकार विषयक सामग्रीहरू प्रष्ट रूपमा तथ्याङ्क सहित उल्लेख गरी प्रकाशन हुने मानव अधिकार वर्ष पुस्तकले मानव अधिकार संरक्षण तथा संवर्द्धनमा टेवा पुग्ने कुरामा विश्वस्त छु।

शिवप्रसाद खनाल
जिल्ला न्यायाधीश, जिल्ला अदालत, लमजुङ

मानव अधिकारको संरक्षण संवर्द्धन गर्ने प्रहरीको कर्तव्य हो। मानव अधिकार रक्षाका लागि

प्रहरीले नियमित कार्य गरी रहेकोले लमजुङ जिल्लामा गत वर्षको तुलनामा अपराधिक घटनाहरूको सङ्ख्यामा कमी आएको देखिन्छ। यस जिल्लामा आत्महत्या, बालविवाह, यौन हिंसा जस्ता घटना समान्यतया भई रहेता पनि प्रहरीले त्यस्ता अपराधको अनुसन्धान तथा नियन्त्रणमा प्रभावकारी भूमिका निर्वाह गरिरहेको छ। राज्य पक्षबाट हुनसक्ने मानव अधिकारको उल्ल्ङ्घनलाई रोक्नका लागि यस कार्यालय सदैव सचेत रहेको छ।

प्रकाश श्रीमल,

प्रहरी नायब उपरीक्षक , जिल्ला प्रहरी कार्यालय, लमजुङ

इन्सेकले हरेक वर्ष पुस्तक प्रकाशन गर्ने गरेको छ म यस कार्यको प्रशंसा गर्दछु। वर्षभर के कस्ता मानव अधिकारसँग जोडिएका घटनाहरू भए भनेर नागरिक सामु पुऱ्याउनु प्रशंसनीय कार्य हो। इन्सेकले दोषीलाई कानुनको दायरामा ल्याउन र निर्दोषले दुःख झमेला व्यहोर्ने कार्य न्यूनीकरण गर्न अझ सशक्त भूमिका खेलोस् र वर्ष पुस्तक प्रकाशनले पनि निरन्तरता पाइरहोस् शुभकामना छ।

गुमानसिंह अर्याल

नगर प्रमुख, बेसीशहर नगरपालिका, लमजुङ

मानव अधिकारसँग सम्बन्धित मुलुकभरका घटनाक्रम र विषयवस्तु समेटेर इन्सेकले नेपाल मानव अधिकार वर्ष पुस्तक प्रकाशन गर्दै आएको छ। औपचारिक रूपमा एक थान पुस्तक मात्रै नभई समयको एउटा खण्ड वा बेलाबखत र घटनाक्रमको महत्वपूर्ण दस्तावेज पनि हो। जुन दस्तावेजका माध्यमबाट विगतलाई वर्तमानमा र वर्तमानलाई भविष्यमा पढ्ने, बुझ्ने र जान्ने अवसर मिल्छ। जिल्लागत रूपमा मानव अधिकारसँग सम्बन्धित विवरण तयार गरेर सबै जिल्लाहरूको अवस्था जान्ने अवसर समेत वर्षपुस्तकले प्रदान गरेको छ। वर्ष पुस्तकमा प्रकाशित घटना वा तथ्याङ्कहरू हामी स्वयम् सञ्चारकर्मीलाई लेख वा समाचार लेख्न वा विगतमा लेखेका मानव अधिकारसँग सम्बन्धित लेख र समाचारको अनुगमन गर्नसमेत सहयोगी बन्ने गरेको छ।

किसान संगीत नेपाली

पूर्वकेन्द्रीय सदस्य, नेपाल पत्रकार महासङ्घ

मानव अधिकार वर्ष पुस्तकले वर्षभरको मानव अधिकार अवस्थाका बारेमा सुसूचित हुने अवसर प्रदान गर्दै आएको छ। मानव अधिकारको संरक्षणमा यस पुस्तकको योगदान महत्वपूर्ण रहेको छ। मानव अधिकार वर्ष पुस्तकमा मानव अधिकार उल्लङ्घन घटना मात्र नभई नागरिकका दायित्व तथा नागरिक शिक्षाका बारेमा समेत समावेश गर्न सकेमा मानव अधिकार संरक्षण र संवर्द्धनमा थप बल पुग्ने देखिन्छ।

विश्वप्रकाश अर्याल

प्रमुख जिल्ला अधिकारी, तनहुँ

जिल्लाको मानव अधिकार अवस्थाबारे जान्न मानव अधिकार वर्षपुस्तक सहयोगी हुने गरेको छ। मानव अधिकार हनन्का घटनाबारे वर्ष पुस्तकमा समावेश सामग्रीहरूले दण्डहीनताको अन्त्य गर्न, पीडितलाई न्याय दिलाउन र पीडकलाई कारबाहीका लागि दवाव सृजना गर्न महत्वपूर्ण हुँदै आएको छ।

राजेश्वर ढकाल

सचिव, नेकपा एमाले, तनहुँ

इन्सेकले नियमित रूपमा प्रकाशन गर्ने मानव अधिकार वर्ष पुस्तकले देशको मानव अधिकारको अवस्थाको बारेमा जान्न र बुझ्न खोज्नेहरूलाई महत्वपूर्ण सहयोग गर्दै आइरहेको छ। यो पुस्तक मानव अधिकारको महत्वपूर्ण दस्तावेज हो। मानव अधिकार हनन्का घटना कसैले नचाहेर हुने हुँदा कसैले पनि यसप्रति पूर्वाग्रह राख्न हुँदैन। राज्यको नीतिमा विभेद भएको हुँदा त्यो विभेद हटाउन सबैले पहल गर्नु पर्छ। इन्सेकले शान्ति प्रक्रिया र द्वन्द्व व्यवस्थापनमा महत्वपुर्ण भूमिका खेलेको हुँदा इन्सेकको प्रतिवेदन र मानव अधिकार वर्ष पुस्तकप्रति नेपाली कांग्रेस पुर्णरूपमा विश्वस्त रहन्छ।

लक्ष्मीभक्त खनाल

सचिव, नेपाली कांग्रेस, तनहुँ

मानव अधिकार वर्ष पुस्तकमा राजनीतिक पूर्वाग्रह हुनु हुँदैन। वैदेशिक रोजगारीको कारण तथा सामाजिक सञ्जालको दुरूपयोगको कारण पनि यौनजन्य हिंसामा वृद्धि भएको हुँदा त्यसतर्फ नीति निर्माताहरूको ध्यानाकर्षण हुनु पर्छ । मानव अधिकार वर्ष पुस्तकमा त्यसबारेमा पनि तथ्याङ्क समावेश भएमा राम्रो हुने थियो।

रामहरि बजगाई

जिल्ला सचिवालय सदस्य, नेकपा (माओवादी केन्द्र), तनहुँ

नेपाल मानव अधिकार वर्ष पुस्तकले नेपालमा मानव अधिकार संरक्षणको सवालमा महत्वपूर्ण योगदान गरेको छ। संविधानमा उल्लेख भएका मौलिक हकको कार्यान्वयनको बारेमा पनि मानव अधिकार वर्ष पुस्तकमा उल्लेख हुनु पर्छ। महिला, बालबालिका, दलित र अल्पसंख्यकहरू बढी पीडित भएको हुँदा किन यस्तो भइरहेको छ भन्ने बारेमा अध्ययन गरिनु पर्छ।

श्रीराम कार्की
अध्यक्ष, नेकपा एकीकृत समाजवादी, तनहुँ

मानव अधिकार वर्ष पुस्तकले मानव अधिकार उल्लङ्घनका घटनामा पीडितको सङ्ख्यामा एकीन गर्न, पीडितलाई न्याय दिलाउन, आमनागरिकलाई मानव अधिकार प्रति सचेत, सजग र जागरुक बनाउन तथा मानव अधिकारकर्मी एवम् मानव अधिकार हनन् गर्नसक्ने निकायलाई मानव अधिकार संरक्षण गर्न समेत प्रेरित गरी लोककल्याणकारी राज्य व्यवस्था स्थापना गर्न मार्गदर्शन गर्नेछ। मानव अधिकारको घटना राज्यसँग सम्बन्धित हुने भएकोले प्रहरीले मानव अधिकार हनन्का घटनामा शुन्य सहनशीलताको नीति लिएको छ।

युवराज खड्का
डिएसपी, जिल्ला प्रहरी कार्यालय, तनहुँ

देशरभर भएका मानव अधिकार हननका घटनाहरूको बारेमा मानव अधिकार वर्ष पुस्तकमा यथार्थ विवतरण प्रस्तुत हुनेहुँदा यसले पत्रकारहरूलाई समाचार सङ्कलन र लेखनको क्रममा सहयोग पुगेको छ। अव इन्सेकले मानव अधिकार वर्ष पुस्तक प्रकाशन गर्ने मात्र हैन, मानव अधिकार हननका घटनाहरूमा कमी ल्याउन सचेतनाको कार्यक्रम सञ्चालन गर्नु पर्छ। मानव अधिकार वर्ष पुस्तक २०२३ को प्रकाशनको सफलताको शुभकामना व्यक्त गर्दछु।

उज्वल पौडेल
अध्यक्ष, नेपाल पत्रकार महासङ्घ, तनहुँ

मानव अधिकार वर्ष पुस्तकले देशको मानव अधिकारको अवस्थाको विश्लेषण गर्न सहयोग पुगेको छ। मानव अधिकार वर्ष पुस्तकमा मानव अधिकारका अन्य विषयमा झैं मौलिक हकमा रहेको शिक्षा, स्वास्थ्य र खाद्यका विषयलाई पनि समावेश गर्न सके राम्रो हुने थियो। अदालतमा विचाराधीन मुद्दाको विषयमा मानव अधिकार वर्ष पुस्तकमा राख्न हुँदैन।

सरिता थापा भण्डारी
अधिवक्ता, संयोजक, मानव अधिकार तथा
जनसरोकार समिति, नेपाल बार, तनहुँ

मानिसको नैसर्गिक अधिकारको रूपमा रहेको मानव अधिकारको संरक्षण र सवर्द्धन गर्नु राज्यको दायित्व हो। इन्सेकले मानव अधिकार उल्लङ्घनका घटनाहरूको सुक्ष्म खोज तथा अनुसन्धान गरी तथ्याङ्क सहित पुस्तक प्रकाशन गर्दै आएको छ। मानव अधिकार संरक्षण र संवर्द्धन गर्न तथा सचेतना जगाउने कार्यमा वर्ष पुस्तक प्रकाशन कोशेढुङ्गा साबित हुने विश्वास लिएको छु।

गङ्गाबहादुर क्षेत्री
प्रमुख जिल्ला अधिकारी, स्याङ्जा

प्रत्येक वर्ष इन्सेकले प्रकाशित गर्दै आएको मानव अधिकार वर्ष पुस्तकको मानव अधिकारको क्षेत्रमा उल्लेख्य भूमिका रहेको छ। प्रकाशित विषयवस्तु सङ्ग्रहणीय, अध्ययनका विषयवस्तु बन्न सकुन्। आगामी दिनमा घटना तथ्याङ्क, सूचना जानकारी वा अतिरिक्त, सचेतनामूलक कानुनी शिक्षा एवम् मानव अधिकारको संरक्षण हुने कार्यक्रममा जोड दिनुपर्छ।

रोमाकान्त ज्ञवाली
जिल्ला न्यायाधीश, स्याङ्जा

मानव अधिकार अपरिहार्य विषय हो। वर्षभरिका मानव अधिकारका घटनाहरूलाई तथ्यपरक ढङ्गबाट पुस्तक प्रकाशन गरी महत्वपूर्ण दस्तावेजको रूपमा स्थापित गर्ने कार्यमा इन्सेकको भूमिका उल्लेखनीय रहेको छ।

राजिवबहादुर बस्नेत
एसपी, जिल्ला प्रहरी कार्यालय, स्याङ्जा

मानव अधिकार उल्लङ्घनसम्बन्धी घटनाहरू कम भएका छन्। यद्यपि महिलामाथि हुने घरेलु हिंसाका घटनाहरूका सम्बन्धमा प्रहरी उजुरी आइरहेका छन्। यस्ता घटनाहरूको यथार्थ विवरण सङ्कलन गरी सम्बन्धित पक्षलाई खबरदारी गर्दै आएको इन्सेकले आगामी दिनमा घटनाहरू प्रलेखिकरण गर्नेतर्फ ध्यान दिनुपर्छ।

मधुसुदन न्यौपाने
डिएसपी, जिल्ला प्रहरी कार्यालय, पर्वत

मानव अधिकारको संवर्द्धनका लागि राज्य तहबाट अझै चासो दिनुपर्ने देखिएको छ। राज्यका न्यायिक तथा अर्धन्यायिक निकायमा पनि विभिन्न पीडितहरूले अझै पनि सहज रूपमा सेवा लिन सकेका छैनन्। कानुनी सहायताबाट न्यायको अपेक्षा गरेका जनताहरू अझै पनि निराश भएर फर्किनुपर्ने र लामो समयसम्म न्यायका लागि पर्खिनुपर्ने अवस्थालाई इन्सेकले घच्घच्याउनु जरूरी छ। मानव अधिकार वर्ष पुस्तकमा यस्ता प्रकारका घटनाहरू पनि समावेश हुनुपर्छ।

दिलिप पौडेल
अध्यक्ष, पर्वत बार इकाइ

राज्यपक्ष र गैर राज्यपक्षबाट भएका घटनाहरूको अतिरिक्त परिवार र समाजबाट खासगरी महिला बालबालिका एवम् पिछडिएका वर्गमाथि हुने गरेका अमानवीय घटना र व्यवहार समेत खोजमूलक ढङ्गबाट पुस्तकमा समावेश गर्नसके अझै उपयोगी हुने ठान्दछु।

रमेश रिज्याल
अध्यक्ष, गैसस महासङ्घ पर्वत

नेपालको मानव अधिकार संरक्षणको क्षेत्रमा इन्सेकले पुऱ्याएको योगदान सम्झन योग्य छ। वर्ष पुस्तकलाई मसिनो गरी घटनाहरू खोज अनुसन्धान गर्न इन्सेकले जुन प्रयास गरेको छ यो अत्यन्तै सह्रानीय छ। वर्ष पुस्तकबाट भोलिका दिनमा पनि समग्र मानव अधिकारको अवस्थाबारे अझै जान्न पाइयोस् शुभकामना।

राजु ढुङ्गाना
स्रेस्तेदार, पर्वत जिल्ला अदालत

राज्यले गर्नुपर्ने काम इन्सेकले गरेको छ। देशका हरेक जिल्लामा महिला, बालबालिका, अपाङ्गता भएका, ज्येष्ठ नागरिकको अवस्था कस्तो छ, उनीहरूले अधिकार प्राप्त गर्नसके नसकेको, राज्यबाट भएका अधिकार हननको घटना र पीडितको अवस्था जान्न वर्ष पुस्तकले मद्दत गरेको छ।

राजु खड्का
उपप्रमुख, बागलुङ नगरपालिका

इन्सेकले देशको मानव अधिकारको अवस्था समय समयमा सार्वजनिक गरेर राज्यको सहयोगीको भूमिका निर्वाह गरेको छ। मानव अधिकारको संरक्षण पीडितलाई न्यायको पहुँचमा पुऱ्याउन इन्सेकले सहयोग गर्दै आएको छ।

दयानिधि ज्ञवाली
प्रहरी उपरीक्षक, जिल्ला प्रहरी कार्यालय, बागलुङ

इन्सेकले समाजको ऐना देखाएको छ। समाजमा दिन प्रतिदिन हत्या, हिंसा बलात्कारका घटना बढ्दो छन्। त्यसमा पनि डरलाग्दो रूपमा बालबालिकाको संलग्नता रहेको इन्सेकको तथ्याङ्कले देखाउँछ। हरेक जिल्लामा एक/एक जना प्रतिनिधि राखेर पनि इन्सेकले राज्यलाई सचेत बनाउने काम गरेको छ, तर सिंगो शक्ति र संयन्त्र भएर पनि राज्य कहाँ चुकिरहेको छ ? इन्सेकले जसरी आफ्नो जिम्मेवारी र कर्तव्य र दायित्व निर्वाह गरेको छ, यो देशका हामी सबै नागरिक जिम्मेवार कहिले बन्ने ?

नवीन शिशिर बिक
कार्यवाहक अध्यक्ष, नेपाल पत्रकार महासङ्घ, बागलुङ

नेपाल मानव अधिकार वर्ष पुस्तकमा मानव अधिकार उल्लङ्घनका घटना परिघटनाहरूलाई उजागर गरी सत्य तथ्य रूपमा जनतासामू ल्याउने एउटा भरपर्दो र विश्वासिलो माध्यम बनेको हुँदा आगामी दिनहरूमा पनि यस संस्थाले आफ्नो यस पुस्तक मार्फत सम्पूर्ण मानव अधिकार उल्लङ्घनसँग सम्बन्धित घटनाहरूलाई सत्य तथ्य र यथार्थ चित्रण हुने गरी जनतासामू पस्कने कुरामा अहम भूमिका खेल्नेछ भन्ने अपेक्षा गर्दै यस पुस्तकको उत्तरोत्तर प्रगति र सफलताको कामना गर्न गर्न चाहन्छु।

टेकमप्रसाद घर्तीमगर
अध्यक्ष, जिल्ला बार इकाइ, रोल्पा

इन्सेकले नेपाल मानव अधिकार वर्ष पुस्तक २०२३ प्रकाशन गर्न लागेको खबर पाउदा मलाई धेरै खुसी लागेको छ। रोल्पा जिल्लामा मानव अधिकारको अवस्था, मानव अधिकार उल्लंघन र ज्यादती तथा अपराधको अवस्था बारेमा तथ्यांक बिश्लेषण र अवस्था अनुगमनको आधारमा तयार पारिका प्रतिवेदनहरू मानव अधिकार संरक्षण र सम्बर्धनको पैरवी गर्ने सन्दर्भ सामग्रीको रूपमा रहने विश्वास व्यक्त गरेको छु।

विनोद धिमिरे
डिएसपी, जिल्ला प्रहरी कार्यालय, रोल्पा

नेपाल मानव अधिकार वर्ष पुस्तकले मानवका नैसर्गिक अधिकारको उल्लेख गर्नुका साथै मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनाका विस्तृत विवरण समेट्ने गरेको छ। मानव अधिकार उल्लङ्घनमा संलग्न सचेत र सर्तक गराउँदै वार्षिक रूपमा जिल्लाभित्र भएका घटना बारेमा सबै सरोकारवाला निकायको उपस्थितिमा छलफल गरिने हुँदा यसप्रकारका घटना न्यूनीकरणमा सहयोग पुग्ने देखिन्छ। संविधान प्रदत्त मौलिक हक उल्लङ्घनका प्रतिनिधिमूलक घटनालाई अझ फराकिलो ढंगले उजागर गर्दै मानव अधिकार संरक्षणको असल अभ्यासलाई समेत समावेश गर्न सकेमा वर्ष पुस्तकको उपादेयता अझ बढ्ने देखिन्छ। वर्ष पुस्तकले दण्डहीनताको अन्त्य र गैर कानुनी कार्य हुन नदिन समाजमा दवाव सृजना गर्न सहयोग पुगेको छ।

सुनिता नेपाल
प्रमुख जिल्ला अधिकारी, प्यूठान

मानव अधिकार क्षेत्रमा स्थापित संस्था इन्सेकले प्रकाशन गरेको नेपाल मानव अधिकार वर्ष पुस्तकले पीडितलाई न्याय दिलाउन, पीडकलाई दण्डित गर्न मात्र नभई आमनागरिकलाई सचेत पार्ने काम गरेको छ। यस्तो पुस्तकले आगामि दिनमा समयानुकुल परिस्कृत गदै लैजानुपर्ने आवश्यकता देखिन्छ।

नेत्रमणि आचार्य
अध्यक्ष, गैर सरकारी महासङ्घ जिल्ला शाखा, प्यूठान

इन्सेकद्वारा प्रकाशित नेपाल मानव अधिकार वर्ष पुस्तकले प्रतिनिधि घटनाहरूको माध्यमद्वारा देशमा समग्र मानव अधिकारको वस्तुस्थितिलाई चित्रण गरेको छ।

सुवास खड्का
डिएसपी, जिल्ला प्रहरी कार्यालय, प्यूठान

इन्सेक अहिलेसम्म सञ्चालन गरेको अभियान र वर्ष पुस्तक समय सान्दर्भिक छ। आगामी दिनमा आर्थिक समाजिक तथा सांस्कृतिक अधिकारलाई वर्ष पुस्तकमा जिल्लाको अवस्था अभिलेख गर्नुपर्छ।

पदम पाण्डेय
संयोजक, नागरिक समाज, गुल्मी

इन्सेकले हरेक पटक अस्पतालको सेवा प्रवाहका विषयमा दिएको सुझाव र ध्यानाकर्षण निकै प्रभावकारी रहेको छ। सरकारी अस्पताललाई अझै विश्वसनीय बनाउन दरबन्दी अनुसारका जनशक्ति, पुर्वाधार, औषधी उपकरण र आर्थिक अवस्थामा सुधार गर्न सरकारको ध्यानाकर्षणमा इन्सेकले जोड दिनुपर्छ।

उत्तम पच्या
प्रमुख, जिल्ला अस्पताल तम्घास, गुल्मी

इन्सेकको प्रहरीसँगको सहकार्य र मानव अधिकारका विषयमा प्रहरीलाई गर्ने पैरवी राम्रो छ। प्रहरी आफै पनि मानव अधिकारको रक्षक भएकाले सधै मानव अधिकारको सम्मान गर्छ। समुदायका थुप्रै अभियानमा प्रहरीलाई नागरिक र नागरिक समाजको खबरदारीसँगै साथ चाहिन्छ।

अर्जुन रानाभाट
एसपी, जिल्ला प्रहरी कार्यालय, गुल्मी

नेपाल मानव अधिकार वर्ष पुस्तक प्रकाशनलाई निरन्तरता दिएकोमा खुसी लागेको छ। इन्सेक प्रतिनिधिहरूद्वारा गरिएको अध्ययन, अनुसन्धान र खोजको आधारमा यथार्थ विवर संकलन गरी प्रकाशन गरिने मानव अधिकार वर्ष पुस्तक २०२३ का लागि शुभकामना।

महेश खनाल
सेरेस्तेदार, जिल्ला अदालत, अर्घाखाँची

मानव अधिकार वर्ष पुस्तकले मानब अधिकार अवस्थाको चित्रण गर्दै मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनाहरूको सत्यता एवम् यथार्थ उजागर गरी आम नागरिकको मौलिक हक तथा मानव अधिकारको सम्मान, संरक्षण एवम् प्रवर्धनमा सरोकारवाला निकायलाई हरपल सजग र सचेत गराई राख्न निर्वाह गरेको भूमिका सरहानीय एवम् प्रशंसनीय छ।

मुकुन्दप्रसाद रिजाल
डिएसपी, जिल्ला प्रहरी कार्यालय, अर्घाखाँची

नेपाल मानवअधिकार वर्ष पुस्तक निकै महत्वपूर्ण छ। यो पुस्तक हेर्नासाथ समग्र देशको मानवअधिकारको अवस्था सजिलै थाहा पाउन सकिन्छ। यसका लागि इन्सेकलाई धन्यवाद दिन चाहन्छु। समग्र देशकै मानव अधिकारको अवस्था झल्काउने दस्तावेजको रूपमा मैले नेपाल मानव अधिकार वर्ष

पुस्तकलाई लिएको छु।

टंकनाथ खनाल
प्रमुख, जिल्ला समन्वय समिति, पाल्पा

इन्सेकले हरेक ६ महिनामा मानव अधिकार वर्ष पुस्तकको पूर्व समीक्षा कार्यक्रम मार्फत तथ्यांक प्रस्तुत गर्ने, सुझाव सल्लाह लिने र जिल्लाको मानव अधिकार अवस्थाबारे छलफल गराउने कार्यक्रम गर्दै आएको छ। यो ज्यादै महत्वपूर्ण छ। यसको नेतृत्व इन्सेकले गर्दै आए पनि यो वर्ष पुस्तक देशकै सम्पत्ति हो।

बुद्धिप्रसाद शर्मा
सभापति, नेपाल रेड्क्रस सोसाइटी, पाल्पा

इन्सेकले वर्ष पुस्तक प्रकाशन मार्फत नेपालको मानव अधिकार अवस्थालाई चित्रण गर्दै आएको छ। नेपाल मानव अधिकार वर्ष पुस्तकले समग्र नेपालको मानव अधिकार अवस्थाबमरे जान्ने पूर्ण पुस्तक हो। यो पुस्तक सरकारी तथा गैरसरकारी निकायको लागि नेपालको मानव अधिकार अवस्था पढ्न जान्न पाउने एक मात्र आधार हो।

भगवान भण्डारी
संयोजक, मानवअधिकार रक्षक सञ्जाल पाल्पा

इन्सेकले प्रकाशन गर्दै आएको नेपाल मानव अधिकार वर्ष पुस्तक २०२२ पढ्ने अवसर प्राप्त भयो। इन्सेकले प्रकाशन गर्ने पुस्तकले देशभरको मानव अधिकारको अवस्था झल्काउने, पीडितलाई न्याय दिलाउन र पीडकलाई कारवाहीको दायरामा ल्याउन समेत मद्दत पुऱ्याउन दस्तावेजको रूपमा रहने यो पुस्तकले सघाउने विश्वास लिन सकिन्छ। यस पुस्तकले मानव अधिकार उल्लघंनका घटनालाई तथ्यमा आधारित भएर बाहिर ल्याउने प्रयास गरेको छ। मानव अधिकारको मूल्य, मान्यता र संस्कृतिलाई जन-जनमा पुऱ्याउन, सचेतना अभिवृद्धि गर्न यो पुस्तक सफल रहोस् भन्ने अपेक्षा सहित अब प्रकाशन हुन लागेको नेपाल मानव अधिकार वर्ष पुस्तक २०२३ का लागि शुभकामना व्यक्त गर्दछु।

श्रवणकुमार पोखरेल
प्रमुख जिल्ला अधिकारी, नवलपरासी (बर्दघाट सुस्ता पश्चिम)

मानव अधिकारका घटनाहरूलाई न्यूनीकरण गर्दै मानवअधिकारको संरक्षण र सवंर्धन गर्न इन्सेकले महत्वपूर्ण भूमिका खेलेको छ। मानव अधिकार र हिंसाका घटनाका सम्बन्धमा खोज र अनुसन्धान गरी अनुसन्धानमूलक सामग्री र तथ्याकंसमेत समावेश गरी नेपाल मानअधिकार वर्ष पुस्तकले प्रकाशनको निरन्तरता पाइरहोस् भन्ने शुभकामना व्यक्त गर्दछु।

षडानन्द तिवारी
जिल्ला न्यायाधीश, नवलपरासी (बर्दघाट सुस्ता पश्चिम)

नेपाल मानवअधिकार वर्षपुस्तकमा प्रकाशित घटना विवरणले समग्र मानव अधिकारको यथार्थ चित्रलाई प्रकटीकरण गर्ने गरेको छ। यसवर्ष पनि यसको निरन्तरताका लागि बधाई तथा शुभकामना व्यक्त गर्दै मानवअधिकारको रक्षाका लागि इन्सेकको अझ सशक्त भूमिकाको अपेक्षा गरेको छु।

कृष्णचन्द्र पाण्डे
जिल्ला न्यायाधिवक्ता, नवलपरासी (बर्दघाट सुस्ता पश्चिम)

नेपालको लोकतान्त्रिक आन्दोलनलाई सार्थक बनाउन र यसको संस्थागत विकासमा अनौपचारिक क्षेत्र सेवा केन्द्र इन्सेकको महत्वपूर्ण भूमिका रहेको छ। इन्सेक अभियान मानव अधिकारको रक्षा र सवर्द्धनका लागि मात्र क्रियाशिल नभई सुशासन, लोकतान्त्रिक आचरण र व्यवहार समाजमा स्थापित गर्न क्रियाशील रहँदै आएको छ। मानव अधिकार वर्ष पुस्तकले मानव अधिकार उल्लङ्घनका घटनाको अभिलेखिकरण गर्ने र ती अभिलेख सार्वजनिक हुने हुँदा जिम्मेवार तहमा बसेका व्यक्तिहरूका क्रियाकलाप जिम्मेवार गराउन र कमजोरी सुधार गर्न बल पुऱ्याउँदै आएको छ। वर्ष पुस्तकलाई अझै परिमार्जन र परिस्कृत गर्न आवश्यक छ। वर्ष पुस्तकमा भएका घटना र त्यसपछिको अवस्थाका बारेमा पनि मिहिन विश्लेषण हुन सक्यो भने आम नागरिकले पाउने सूचना फराकिलो हुनसक्छ। सूचनाको दायरा फराकिलो हुँदा नागरिकको बुझाइको दायरा पनि फराकिलो बन्दै जान्छ।

तेजेन्द्र केसी
अध्यक्ष, नेकपा एमाले, रुपन्देही

इन्सेकले हरेक वर्ष प्रकाशन गर्ने नेपाल मानव अधिकार वर्ष पुस्तकले मानव अधिकारको अवस्थालाई तथ्याङ्कमा आधारित रहेर उजागर

गरिआएको छ। मुलुकको मानव अधिकारको स्थिति चित्रण गरी विधिको शासन र मानव अधिकारको सम्मानयुक्त सुसंस्कृत नेपालको निर्माणमा यसबाट सकारात्मक योगदान पुग्ने मेरो विश्वास छ। यस प्रकाशनको निरन्तरताका लागि मेरो हार्दिक शुभकामना छ।

सोमनाथ सुवेदी
उपसचिव, राष्ट्रिय मानव अधिकार आयोग, लुम्बिनी प्रदेश कार्यालय, बुटवल

नेपाल मानव अधिकार वर्ष पुस्तक २०२३ प्रकाशन हुन लागेकोमा अत्यन्तै खुसी लागेको छ। यसले विभिन्न क्षेत्रमा भएका मानव अधिकार उल्लङ्घन र ज्यादतीका घटनाको तथ्य उजागर गर्दै मानव अधिकारको सम्मान,संवर्द्धन एवम् प्रवर्द्धन गर्न निभाएको भूमिकाको प्रशंसा गर्दछु।

रविन्द्र रेग्मी
एसपी, जिल्ला प्रहरी कार्यालय,रुपन्देही

इन्सेकले विगतका वर्षहरूमा जस्तै यो वर्ष पनि नेपाल मानव अधिकार वर्ष पुस्तक प्रकाशन गर्न लागेको थाहा पाउँदा निकै खुसी लागेको छ। नेपाल मानव अधिकार वर्ष पुस्तकबारे राजनीतिक दलका धारणा समेट्नु आफैमा प्रशंसनीय छ। लामो समयदेखि मानव अधिकारको क्षेत्रमा क्रियाशील इन्सेकले मानव अधिकार उल्लङघन, ज्यादती र मानव अधिकार हननका पीडितका क्षेत्रमा सराहनीय कार्य गर्दै आएको छ। यी र यस्ता घटना विवरण सङ्कलन गरी तथ्यपरक रूपमा पुस्तक प्रकाशन गरी अभिलेखीकरण गर्ने इन्सेकको कार्य प्रशंसनीय छ। मानव अधिकार विषयमा अध्ययन, अनुसन्धान गर्नेहरूका लागि यो पुस्तक अत्यन्तै उपयोगी साबित भएको छ।

रामकृष्ण खाण
सभापति, नेपाली कांग्रेस जिल्ला कार्यसमिति, रुपन्देही

नेपालमा धेरै लामो समयदेखि मानवअधिकारको संरक्षण, प्रवर्द्धन र अभिलेखिकरणको क्षेत्रमा अनौपचारिक क्षेत्र सेवा केन्द्र इन्सेक नेपालले संस्थागत रूपमा कार्य गर्दे आएको र यसले मानवअधिकारको संरक्षणमा महत्वपूर्ण भूमिका खेलेको कुरामा कुनै शङ्का छैन। इन्सेकले देशको समग्र मानव अधिकारको अवस्थालाई नागरिकसम्म पुऱ्याउनका लागि र राज्यलाई मानव अधिकारको परिपालनाका लागि घचघच्याउने कार्य गर्दै आएको छ। विगत लामो समयदेखि प्रकाशन हुँदै आएको पुस्तकले समग्र देशको मानव अधिकारको अवस्थाको चित्रण गरेकाले पुस्तक पढ्न र जान्न पाउनु निकै गर्वको कुरा हो।

निर्मल जि.सी.
संयोजक, नेकपा (माओवादी केन्द्र), रुपन्देही

मानव अधिकारको संरक्षण र प्रवर्द्धनको क्षेत्रलाई सम्बोधन गर्ने गरी संविधान तथा कानुनमा मानव अधिकारका विषयलाई समेत इन्सेकले नेपाल मानव अधिकार वर्ष पुस्तक २०२३ प्रकाशन हुन लागेको थाहा पाउँदा खुशी लागेको छ। नेपाल मानव अधिकार वर्ष पुस्तक २०२३ ले मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनाहरूको प्राथमिक सूचना अभिलेख गर्ने सम्बन्धमा लुम्बिनी प्रदेश मात्र नभएर देशका ७७ वटै जिल्लाका मानिसहरूका लागि अत्यन्तै महत्वपूर्ण स्रोत पुस्तिकाको रूपमा भूमिका निर्वाह गर्नेछ भन्ने आशा एवं अपेक्षा लिएको छु। मानव अधिकार उल्लङ्घनसम्बन्धी घटनाहरूलाई जस्ताको त्यस्तै बाहिर ल्याई पीडितलाई न्याय दिलाउने बलियो दस्तावेज बन्ने आशा एवं विश्वास गर्दछु।

भरतमणि पाण्डे
प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रशासन कार्यालय, रुपन्देही

मानव अधिकारको क्षेत्रमा इन्सेकले विगत लामो समयदेखि अहम् भूमिका खेलिरहेको छ। मानव अधिकारले मानव समुदायका सम्पूर्ण, तह तप्काका पक्षलाई समेटने भएकाले यो बिषय मानव जातिका मानवतासँग जोडिएको हुन्छ। वर्षपुस्तकमा आगामी दिनमा हिरासत कक्ष (थुनुवा) र कारागारमा रहनु भएका महिला, बालबालिका, ज्येष्ठ नागरिकको छुट्टै मानव अधिकारसम्बन्धमा खोजमुलक सामग्री प्रकाशन गर्नुपर्छ।

प्रकाश मरासिनी
जिल्ला न्यायधिवक्ता, कपिलवस्तु

मानव अधिकारको संरक्षणमा इन्सेकको महत्वपूर्ण योगदान रहेको छ। आगामी दिनमा समेत मानव अधिकारको संरक्षण गर्ने कार्यमा इन्सेकको भूमिका थप उदाहरणीय रहने कुरामा विश्वस्त रहन चाहन्छु। मानव अधिकार सम्पूर्ण मानव जातिको नैसर्गिक अधिकार हो। अधिकारलाई सुनिश्चित गर्ने

प्रवृत्तिको विकासमा समेत इन्सेकद्वारा थप योगदान दिन सके मानव अधिकार सुनिश्चिता हुनसक्ने कुरामा विश्वास व्यक्त गर्न चाहन्छु।

प्रेमबहादुर बस्नेत
एसपी, जिल्ला प्रहरी कार्यालय कपिलवस्तु

नेपाल मानव अधिकार वर्ष पुस्तक मानव अधिकारको क्षेत्रमा यथार्थ अवस्था उजागर गर्ने महत्वपूर्ण दस्तावेज बन्नेछ। पीडितलाई न्याय दिलाई आरोपितलाई दण्डित गर्न एवं मानव अधिकारको रक्षार्थ आवाज बुलन्द गर्दै कानुनी राज्यको पक्षमा स्वतन्त्र र निष्पक्ष ढङ्गल कार्य गरोस्। शुभकामना।

सुमन पाण्डे
सेस्तेदार, उपसचिव, जिल्ला अदालत, कपिलवस्तु

मानव अधिकारको सुनिश्चितता गर्न सबैपक्षबाट जिम्मेवारी बोध हुन आवश्यक छ र सबैको साथ सहमति र प्रयासबाट अपराधजन्य घटनाहरू बालविवाह, हत्या, बलात्कार, सामाजिक विभेद, विकृति लगायतका घटनाहरू नियन्त्रण हुन आवश्यक छ। जिल्ला प्रशासन कार्यालय र सम्पूर्ण सुरक्षा निकायहरू मानव अधिकारको संरक्षण र संवर्द्धन गर्न प्रतिवद्ध छौं।

धर्मेन्द्रकुमार मिश्र
प्रमुख जिल्ला अधिकारी
जिल्ला प्रशासन कार्यालय तौलिहवा, कपिलवस्तु

नेपाल मानव अधिकार वर्ष पुस्तक पुस्तकका लागि मात्र नभई मानव अधिकारका क्षेत्रमा गैरकानुनी ज्यादती र अपराधजन्य घटना हत्या, हिंसा, बलात्कार, बालविवाह, छुवाछुत, गालीबेइज्जती जस्ता घटनासमेटेर प्रकाशन हुने भएको हुँदा वर्ष पुस्तक उपयोगी छ। वर्ष पुस्तकमा महिला बालबालिका ज्येष्ठ नागरिक अपाङ्गता र पछाडि पारिएको समुदायको विषयलाई उल्लेख गर्नुपर्ने सुझावसहित शुभकामना।

बाबुराम आचार्य
प्रमुख, जिल्ला समन्वय समिति, कपिलवस्तु

इन्सेकले जिल्ला र देशभरकै मानवअधिकारको अवस्था उजागर गर्ने काम गरेको छ। यो अति नै सराहनीय काम हो। यसलाई निरन्तरता दिनुपर्छ भन्ने मेरो सुझाव छ। किनभने वर्ष पुस्तकले पीडितहरूका लागि ऐतिहासिक प्रमाण र दस्तावेजको काम गरेको छ। इन्सेकको यो कामले अरु सामाजिक सङ्घ संस्थाहरूलाई पनि सजग गराउने काम गरेको छ। त्यही भएर मैले पनि प्रकाशन भएदेखि हालसम्मका सबै वर्ष पुस्तक राखेको छु।

केबी मसाल,
संयोजक, नागरिक समाज दाङ

नेपाल मानव अधिकार वर्ष पुस्तक समाजको ऐना हो। यसले हाम्रो समाज, हाम्रो राज्य, उसले दिने सेवा र न्याय कस्तो छ भन्ने छर्लङ्गै देखाइदिएको छ।

हुमा डिसी
उपप्रमुख, घोराही उपमहानगरपालिका, दाङ

लामो समय देखि मानव अधिकारका क्षेत्रमा क्रियाशील इन्सेकले मानव अधिकार उल्लङ्घन, ज्यादती र मानव अधिकार हनन्का पीडितका क्षेत्रमा सराहनीय कार्य गर्दै आएको छ। मानव अधिकार उल्लङ्घन र ज्यादतीका घटना सङ्कलन गरी तथ्य परक रूपमा पुस्तकमा प्रकाशन गरी अभिलेखीकरण गर्ने इन्सेकको कार्य आफैमा प्रशंसनीय छ। जस्तोसुकै कठिन परिवेशमा पनि इन्सेकले मानव अधिकार वर्ष पुस्तक हरेक वर्ष प्रकाशन गर्दै आएको छ। मानव अधिकार विषयमा अध्ययन, अनुसन्धान गर्नेहरूका लागि त झन् यो वर्ष पुस्तक अत्यन्तै उपयोगी साबित भएको छ।

राज्य भित्र भएका मानव अधिकार उल्लङ्घनका घटनाको गहन रूपमा विश्लेषण समावेश हुने मानव अधिकार वर्ष पुस्तकले सम्बद्धपक्षलाई आगामी दिनमा आफ्नो भूमिका निर्वाह गर्दा मानव अधिकारका प्रचलित सिद्धान्त एवम् मूल्यमान्यतालाई आत्मसात गर्दै अगाडि बढ्न अझ बढी हौसला प्रदान गर्नेछ। मानव अधिकारको सम्मान गर्ने, संरक्षण गर्ने र त्यस्ता अधिकारको परिपूर्ति गर्ने मूल दायित्व राज्यको हुने सन्दर्भमा यस पुस्तकले सरोकारवाला पक्षलाई सदैव कर्तव्य पालनामा झक्झक्याउने छ। नेपालको संविधानले परिकल्पना गरेको दिगो शान्ति, सुशासन, विकास र समृद्धिको मार्गचित्रलाई वास्तविकतामा उतार्न सम्बद्ध सबै पक्षबाट नागरिकका मौलिक हकको प्रभावकारी उपयोग र कार्यान्वयनमा ध्यान दिनुपर्ने हुन्छ। सम्बद्ध पक्षबाट प्रभावकारी भूमिका निर्वाह गर्न प्रस्तुत पुस्तक सहयोगी सिद्ध हुनेछ भन्ने मैले विश्वास लिएको छु।

डा.रत्नबहादुर बागचन्द,
वरिष्ठतम् न्यायाधीश, नेपालगञ्ज इजलास, उच्च अदालत तुलसीपुर

नेपाल मानव अधिकार वर्ष पुस्तक २०२३ प्रकाशन हुन लागेकोमा हर्षित छु। न्याय र मानव अधिकार क्षेत्रमा काम गर्ने क्रममा आफ्ना अनुभवहरू बटुल्दै दक्षता अभिवृद्धि गर्ने र मानव अधिकारका क्षेत्रमा काम गर्ने यस पुस्तकले प्रेरणा प्रदान गरेको छ। यस वर्ष पुस्तकले नेपालका हरेक जिल्ला र क्षेत्रहरूमा भएका मानव अधिकार ज्यादती र मानव अधिकारका घटनाहरूलाई उजागर गर्दै मानव अधिकारको अवस्था र स्थितिका बारेमा समाजलाई आवश्यक सजक र सचेत गराउने छ।

अधिवक्ता जनकबहादुर शाही
अध्यक्ष, जिल्ला अदालत बार एशोसिएशनका, बाँके

इन्सेकले आवाजविहीनहरूको आवाज बनेर उनीहरूलाई राज्यका निकायहरूसम्म पुऱ्याइदिने महत्वपूर्ण काम गरिआएको छ। इन्सेकजस्तै संस्थाका कारण विगतमा घर र समाजभित्रै दबाएर राखिने गरेका मानव अधिकार उल्लङ्घनका घटनाहरू आज मानव अधिकार संरक्षणको जिम्मा पाएका प्रहरी र प्रशासन समक्ष पुगेर पीडितले न्याय र पीडकले सजाय पाउने अवस्थामा पुगेको छ। यसले मानव अधिकार संस्कृतिको व्यापक विस्तारमा सहयोग गरेको छ।

खगेन्द्रप्रसाद रिजाल
प्रमुख जिल्ला अधिकारी, सुर्खेत

मानव अधिकार वर्ष पुस्तकले मानव अधिकार संरक्षण तथा संवर्द्धनको क्षेत्रमा विशेष योगदान पुऱ्याएको छ। समाजमा हुने अपराधजन्य घटना पनि प्रलेखिकरण भइरहेको सन्दर्भमा मानव अधिकार उल्लङ्घनका घटना र अपराधिक घटनाहरूको वर्गीकरण गरी प्रकाशन भएमा पुस्तकको प्रभावकारिता, महत्व र सान्दर्भिकतामा अझ वृद्धि हुनेछ।

लोकनाथ बास्तोला,
प्रमुख, राष्ट्रिय मानव अधिकार आयोग, कर्णाली प्रदेश

नेपाल प्रहरी कार्यालय दर्ता भएका घटना बाहेक दर्ता हुन नसकेका अन्य घटना समेतको खोजी गरी प्रकाशन गर्नुपर्छ। यसले मानव अधिकार उल्लङ्घनका घटनामा कमी ल्याउन मद्दत गर्न सक्छ।

कमल कुमार आचार्य
स्रेस्तेदार (उपसचिव), जिल्ला अदालत, हुम्ला

मानव अधिकार उल्लङ्घन र ज्यादतीका घटना सङ्कलन गर्दा सरकारी कार्यालयको अभिलेखमा आधारित हुनुभन्दा इन्सेक स्वत: स्फूर्त गाउँ गाउँमा गएर दूरदराजमा भएका घटनाको अभिलेख गरि जिल्लामा भएका सबै घटना समावेश गर्न सकेमा पुस्तकको गरिमा थप बढ्ने जाने विश्वास लिएको छु।

राजन चन्द,
अधिवक्ता, हुम्ला

मानव अधिकार उल्लङ्घनका घटनालाई पुस्तकमार्फत सार्वजानिक गरी नागरिकलाई सचेत गराउने कार्यमा इन्सेकको सरहानीय भूमिका रहेको छ। मानव अधिकार हनन्का घटनालाई जस्ताको तस्तै उजागार गरेर मानव अधिकारको सन्दर्भमा महत्वपूर्ण दस्तावेज बन्न सकोस् भन्ने अपेक्षा राख्दछु।

अमृतप्रसाद सुवेदी
सहायक प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रशासन कार्यालय हुम्ला

विपत् पीडितले राहत पाएका छैनन्। यस्ता कुरालाई पनि वर्षपुस्तकमा अभिलेखिकरण गर्न आवश्यक छ।

प्रमिला रिजाल
सहायक प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रशासन कार्यालय जुम्ला

राजनीतिक दल, नागरिक, सरोकारवाला निकाय नै अपराधिक घटनाका संरक्षकको भूमिका निर्वाह गरेको पाइन्छ। यस्ता घटनाको पुष्टि गरेर अभिलेखिकरण गर्न आवश्यक छ। सडक सञ्जाल, भौतिक संरचना अपाङ्गगमैत्री छैनन्। सडकका ढल नाला ढाकिएका छैनन्। खुला नै छन्। दृष्टिविहिन व्यक्तिहरू सडकमा हिँड्न निकै असहज भएको छ।

धनराज शाही,
मानव अधिकार अधिकृत, राष्ट्रिय मानव अधिकार आयोग शाखा, जुम्ला

नेपाल मानव अधिकार वर्ष पुस्तक मानव अधिकार अवस्थाको एक महत्वपूर्ण दस्तावेज हो। नेपाल मानव अधिकार वर्ष पुस्तकले मानव अधिकार हनन् तथा उल्लङ्घनका घटनालाई दस्तावेजीकरण गरेर राज्य र नागरिकलाई सूसुचित तथा जवाफदेही बनाउने प्रयास गरेको छ। मानव अधिकारको संरक्षणमा नेपाल

मानव अधिकार वर्ष पुस्तकको महत्वपूर्ण योगदान रहँदै आएको छ।

रामबहादुर बानिया
प्रमुख, बुढीगङ्गा नगरपालिका

मानव अधिकारको चेतना ग्रामीण भेगसम्म पुऱ्याउन पुस्तक सफल भएको छ। इन्सेकको सञ्जालीकरण स्थानीय स्तरसम्म पुगे अझ प्रभावकारी हुने देखिन्छ। नेपाल मानव अधिकार वर्ष पुस्तक मानव अधिकार उल्लङ्घन र ज्यादतीका घटना अभिलेखिकरण गर्ने पुस्तक मात्र होइन मानव अधिकार आन्दोलनको दस्तावेज पनि हो।

माया खड्का कुँवर
उपप्रमुख, बुढीगङ्गा नगरपालिका

मानव अधिकारको क्षेत्रमा बहस र पैरवी चलाउँदै मानव अधिकार हनन्का घटनाहरूलाई दस्तावेजीकरण गरी राज्यलाई मानव अधिकारको संरक्षण र संवर्धन र कार्यान्वयनका लागि नेपाल मानव अधिकार वर्ष पुस्तकले भूमिका खेलेको छ। मानव अधिकार वर्ष पुस्तक प्रकाशनले प्रहरीलाई समेत सचेत गराउँछ।

सुर्यबहादुर थापा
प्रहरी नायक उपरीक्षक, जिल्ला प्रहरी कार्यालय, बाजुरा

मानव अधिकार वर्ष पुस्तकले नेपालको मानव अधिकारको अवस्थालाई छर्लङ्ग पारेको छ। यस पुस्तकमा मुलुकमा मानव अधिकारसँग जोडिएका विषयमा दोषीलाई कानुनी दायरामा ल्याउन राज्य कति सफल भयो भन्ने समेत जानकारी दिन्छ। जसले सम्बद्ध पक्षको जवाफदेहिता बढाएको छ।

लोकेन्द्र बिष्ट,
सहायक प्रमुख जिल्ला अधिकारी, बाजुरा

विगत लामो समयदेखि मानव अधिकार क्षेत्रमा वकालत गर्दै आएको इन्सेकले नागरिकको हक अधिकारको सवाललाई वर्ष पुस्तकमार्फत उजागर गर्दै आएको छ। द्वन्द्वकालदेखि अहिलेसम्म जनताको मानव अधिकार प्रत्याभूति दिलाउन इन्सेकले खेलेको भूमिका महत्वपूर्ण छ। इन्सेकले विभिन्न सचेतनामूलक कार्यक्रम ग्रामीण क्षेत्रमा सञ्चालन गर्न जरुरी छ।

लक्ष्मीराज पाध्याय
समाचारदाता, एभिन्युज टिभी, बाजुरा

मानव अधिकार र सामाजिक न्यायको क्षेत्रमा लामो समयदेखि क्रियाशील इन्सेकले वर्ष पुस्तक प्रकाशनमार्फत पनि समग्र मुलुकको मानव अधिकारको अवस्थालाई वार्षिक रूपमा सार्जजनिक गर्दै आएको छ। यसका माध्यमबाट मुलकको मानव अधिकारको अवस्था बुझ्न सरोकारवालाहरूलाई सहज भएको छ। मानव अधिकारको संरक्षण गर्दै विधिको शासन प्रत्याभूत गर्न यसको भूमिका अझ सशक्त बनोस्।

बाबुराम अर्याल
प्रमुख जिल्ला अधिकारी, बझाङ

मानव अधिकारको क्षेत्र संवेदनशील र गम्भीर भएकाले घटनाहरूको अध्ययन अनुसन्धान गरी अध्ययनबाट प्राप्त तथ्यहरूका सन्दर्भमा सरोकारवालाहरूसँग निरन्तर समन्वय, सहकार्य र अनुभव आदान प्रदान गर्न आवश्यक छ। इन्सेकले मानव अधिकारको संरक्षण गर्न राज्यलाई थप जिम्मेवार बनाउन मानव अधिकार वर्ष पुस्तक निरन्तर रूपमा प्रकाशन गर्न र वर्ष पुस्तकमा नागरिकका आर्थिक, समाजिक तथा सास्कृतक अधिकारहरूको पनि जिल्लागत विश्लेषणात्मक अध्ययन पनि गर्न आवश्यक छ।

जागेश्वर भण्डारी
डिएसपी, जिल्ला प्रहरी कार्यालय, बझाङ

नेपाल मानव अधिकार वर्ष पुस्तकले नेपालको समग्र मानव अधिकारको अवस्थाको चित्रण गरेको छ। जिल्लामा मानव अधिकारका सवाल, मानव अधिकार उल्लङ्घन तथा हनन्का घटनालाई सुक्ष्म रूपमा अध्ययन गरी अभिलेख गरेको छ। नागरिकको र राज्यको समग्र अवस्था पनि सबैमा सुसूचित हुने र अन्तराष्ट्रियस्तरमा नेपालको मानव अधिकारको अवस्थाको बारेमा प्रतिनिधित्व गर्ने पुस्तकको रूपमा मैले हेरेको छु।

लवराज जोशी
गैरसरकारी संस्था महासङ्घ, बझाङ

मानव अधिकार संरक्षण संवर्द्धनमा टेवा पुऱ्याउँदै आएको इन्सेकद्वारा प्रकाशित मानव अधिकार वर्ष पुस्तक मानव अधिकारको अवस्था चित्रण गर्ने तथ्यपरक दस्तावेज हो। मानव अधिकार उल्लङ्घनका घटना नजिकबाट अध्ययन गरेर तयार पारिएको यस पुस्तकले राज्यलाई समेत कानुन कार्यान्वयनमा सहयोग

पुगेको छ। मानव अधिकार संरक्षणमा राज्यको मात्र नभई सबैको उत्तिकै दायित्व छ।

दीर्घराज उपाध्याय
प्रमुख जिल्ला अधिकारी, दार्चुला

मानव अधिकार संरक्षणमा टेवा पुऱ्याउँदै इन्सेकले प्रकाशन गर्दै आएको नेपाल मानव अधिकार वर्ष पुस्तक अध्ययन गर्ने अवसर प्राप्त गरेको छु। समाजमा हुने विभिन्न किसिमका मानव अधिकार उल्लङ्घनका घटनाहरू समेटेर तथ्यपरक दस्तावेज मात्रै नभएर यस पुस्तकले राज्यलाई कानुन कार्यान्वयनमा योगदान गरेको छ। मानव अधिकर संरक्षणमा यो क्षेत्रमा काम गर्ने संघसंस्था मात्रै नभई प्रत्येक सचेत नागरिकको भूमिका रहेको मेरो ठम्याइ छ। चाहे त्यो नागरिक तहबाट खबरदारी गरेर होस् या मानव अधिकारको बारेमा विभिन्न सूचना सन्देश प्रवाह गरेर होस्।

कृष्णसिंह धामी
अध्यक्ष, नेपाल पत्रकार महासङ्घ दार्चुला

इन्सेकले हरेक वर्ष प्रकाशन गर्ने नेपाल मानव अधिकार वर्ष पुस्तकले मानव अधिकारसँग सम्बन्धित समग्र विषयवस्तु वर्ष पुस्तकमा समेटेको पाइन्छ। राज्यले गर्नुपर्ने काम इन्सेकले आफ्नो स्रोत साधनमार्फत निरन्तर प्रकाशन गरेकोमा धन्यवाद ज्ञापन गर्दछु।

हरिशचन्द्र जोशी
अधिवक्ता, जिल्ला बार एशोसिएशन, दार्चुला

इन्सेकले लामो समयदेखि निरन्तर रूपमा प्रकाशन गर्दै आएको मानव अधिकार वर्ष पुस्तकले मुलुकको मानव अधिकारको स्थितिलाई चित्रण गर्दछ। यो चित्रण यथार्थ र सुक्ष्म रूपमा गर्नु आवश्यक छ। मानव अधिकारको संरक्षण र संवर्द्धनबाट देशमा सुशासन हुने र सुशासनबाट नै देशमा समृद्धि प्राप्त हुन्छ। वर्ष पुस्तकमा मानव अधिकारसम्बन्धी तथ्य र तथ्याङ्कको प्रस्तुतिले मानव अधिकार संरक्षण एवं प्रवर्धन गर्नु पर्ने कर्तव्य भएका अधिकारी र सरोकारवालालाई आफ्नो कार्यप्रति समीक्षा र मूल्याङ्कन गरी कर्तव्य निर्वाह गर्न क्रियाशील हुन दवाव सिर्जना भएको छ।

जयानन्द पनेरु
जिल्ला न्यायाधीश, बैतडी

इन्सेकद्वारा सदाजस्तै प्रकाशित हुने मानव अधिकार वर्ष पुस्तक २०२३ प्रकाशित हुन लागेकोमा खुशी लागेको छ। देश भित्र भएका मानव अधिकार उल्लङ्घनका जघन्य घटनाहरूलाई उजागर गरी सिङ्गो राज्यलाई मानव अधिकार संरक्षणका क्षेत्रमा झकझक्याउने कार्य प्रंशसनीय छ। साथै, आगामी दिनमा समेत यस कार्यमा थप समीक्षा सहित निरन्तरता हुनु जरुरी छ।

सुरेश पन्थी
प्रमुख जिल्ला अधिकारी, बैतडी

मानव अधिकार वर्ष पुस्तकले समाजमा विभिन्न किसिमले हुने गरेका मानव अधिकार उल्लङ्घनका घटनाहरू समेटने गरेको पाइन्छ। प्रस्तुत वर्ष पुस्तकमा दुर्गम र पिछडिएको क्षेत्रका अति विपन्न परिवारको आर्थिक, सामाजिक तथा सांस्कृतिक अवस्था समेत समावेश भएमा सुनमा सुगन्ध हुने थियो।

ईश्वरदत्त जोशी
न्यायाधिवक्ता, जिल्ला सरकारी वकील कार्यालय, बैतडी

इन्सेकद्वारा प्रकाशन हुँदै आएको नेपाल मानव अधिकार वर्ष पुस्तक मानव अधिकारको अन्तर्राष्ट्रिय दस्तावेजका रूपमा स्थापित रहेको छ। नेपाल मानव अधिकार वर्ष पुस्तक प्रकाशनमा नेपाल प्रहरीले पनि सहयोग गर्दै आएको छ। इन्सेकले मानव अधिकार उल्लङ्घनका घटनाहरूको अभिलेखीकरणका साथै ग्रामीण तहमा पनि नागरिकहरूको अधिकार र कर्तव्यका बारेमा सचेतनामूलक कार्यक्रम सञ्चालन गर्नु पर्दछ।

रमेशप्रसाद धमला
एसपी, जिल्ला प्रहरी कार्यालय, डोटी

नेपाल मानव अधिकार वर्ष पुस्तक प्रकाशनले पीडितहरूको न्यायमा पहुँच पुऱ्याउन मद्दत गरेको छ। इन्सेकले मानव अधिकारको संवर्धनको क्षेत्रमा गरेको योगदानका लागि इन्सेक परिवारलाई धन्यवाद दिन चाहन्छु।

दीर्घराज बोगटी
अध्यक्ष, नेपाल कम्युनिष्ट पार्टी एकीकृत समाजवादी, डोटी

मानव अधिकार हनन्का घटनाहरूको अभिलेखिकरण गरी सार्वजनिक गर्ने प्रभावकारी संयन्त्र राज्यसँग नभएको अवस्थामा एउटा गैर सरकारी संस्थाले लामो समयदेखि मानव अधिकार हनन्का घटनाहरू संकलन गरी अभिलेखीकरण गर्ने कार्य सराहनीय छ। यस अभिलेखले अपराध अनुसन्धान र मानव अधिकार क्षेत्रका अध्ययताहरूका साथै सञ्चारकर्मीलाई पनी सहयोग गर्दै आएको छ। इन्सेकले आर्थिक, समाजिक तथा सांस्कृतिक अधिकारको अवस्थाका बारेमा थप अध्ययन गरी वर्ष पुस्तकमा समावेश गर्न आवश्यक देखिएको छ।

रामहरि ओझा
सम्पादक, बिम्व साप्ताहिक, डोटी

सबै पक्षले कानुनको पूर्ण पालना र कार्यान्वयन गर्न सकेमा मानव अधिकारको रक्षा हुन्छ। गरिबी र बेरोजगारीको अन्त्य, मानसिक समस्याको उपचार र व्यवस्थापनमा ध्यान दिन सके समाजमा हुने आपराधिक घटना नियन्त्रणमा सहज हुने देखिन्छ। स्थानीय सरकारले पनि समाजमा हुने सबै प्रकारका अपराध, सामाजिक कुसंस्कारको अन्त्यमा जोड दिन आवश्यक छ। स्थानीय सरकार नागरिकको रक्षासँगै अधिकार र कर्तव्यका क्षेत्रमा यस्ता संस्थासँग सहकार्य गर्न तयार हुनु पर्दछ।

पदमबहादुर बोहरा
प्रमुख, मङ्गलसेन नगरपालिका, अछाम

हिंसा, अपराध नियन्त्रसँगै मानव अधिकारको प्रत्याभूतिमा स्थानीय सरकारले नीति निर्माण गरी कार्यक्रम गाँउस्तरसम्म लैजानु पर्ने हुन्छ। सबैपक्ष जिम्मेवार हुन सकेमा मात्र मानव अधिकारको प्रत्याभूति सहजता हुने देखिन्छ। जिल्ला प्रशासन कार्यालयले मानव अधिकारको संरक्षण र संवर्द्धनमा केन्द्रित भएको छ। जिल्लामा आत्महत्याका घटनामा न्यूनीकरण गर्न इन्सेक लगायतका संघसस्थाहरूसँग सहकार्यमा जोड दिनु पर्छ।

रामदत्त पाण्डे
प्रमुख जिल्ला अधिकारी, अछाम

इन्सेकले नेपाल मानव अधिकार वर्ष पुस्तकमा मुक्त कमैया, मुक्त हलिया, दलित, पछाडि पारिएका विपन्न वर्ग समुदायको आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारको अध्ययन गरी प्रकाशन गर्दै आएको र आगामी वर्ष पुस्तकमा सिमा क्षेत्रमा भइरहेको अपराधिक घटना र त्यसको समाधानका लागि राज्य, नागरिक समाज र अभिभावकहरूको भूमिकाको विश्लेषणात्मक, अनुसन्धानात्मक अध्ययन गरी प्रकाशन गर्न आवश्यक छ।

किरण थापा,
प्रमुख जिल्ला अधिकारी, कैलाली

नेपाल मानव अधिकार वर्ष पुस्तकमा मानव अधिकार उल्लङ्घनसँगै आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार उल्लङ्घनका घटना र ज्यादतीका घटनालाई तथ्यपरक, यथार्तपरक रूपमा सार्वजनिक गरी राज्यलाई मानव अधिकार संरक्षण संवर्द्धन र न्यायप्रति जिम्मेवार तथा जवाफदेही बनाउन आवश्यक छ। नेपाल मानव अधिकार वर्ष पुस्तक सार्वजनिकीकरण गर्ने कार्यले राज्यलाई मानव अधिकारप्रति जवाफदेही बनाउने गरेको छ। यसको निरन्तरताका लागि हार्दिक शुभकामना पनि दिन चहान्छु।

धर्मराज पाठक
सदस्य, सुदूरपश्चिम प्रदेशसभा

लैङ्गिक हिंसा तथा सम्बन्ध विच्छेदका कारण पारिवारिक बिखण्डनले बालबालिकामा प्रत्यक्ष असर परिरहेको हुनाले इन्सेकले यस्ता घटनालाई विश्लेषण गरी नेपाल मानव अधिकार वर्ष पुस्तकमा समेट्नु पर्छ। थारु समुदायमा देखिएको सिकलसेल एनिमियाको समस्या बारेमा अध्ययन गरी दिगो रोकथामका उपायबारे यस वर्ष पुस्तक मार्फत राज्यलाई दवाब दिन आवश्यक छ।

सरस्वती अधिकारी
इन्स्पेक्टर, जिल्ला प्रहरी कार्यालय, कैलाली

नेपाल मानव अधिकार वर्ष पुस्तकले दुरदराजमा हुने घटनाहरू समेट्न सकेको छैन। यसतर्फ इन्सेकले आफ्नो पहुँच विस्तार गर्न आवश्यक छ। आर्थिक, सामाजिक तथा संस्कृतिक अधिकारका सवालहरूको विश्लेषण गरी त्यस्ता अध्ययन प्रतिवेदनहरू वर्ष पुस्तकमा समावेश गर्न र अधिकारको प्रत्याभूति हुने गरी राज्यलाई दवाव समेत दिन आवश्यक छ।

हिमाल जोशी
अध्यक्ष, नेपाल पत्रकार महासङ्घ जिल्ला शाखा, कैलाली

इन्सेकले वार्षिक रूपमा प्रकाशन गर्दै आएको नेपाल मानव अधिकार वर्ष पुस्तकले महिला, बालवालिका, ज्येष्ठ नागरिकका हक, सीमान्तकृत तथा पिछिडिएका वर्गले भोगेका हिंसा र ज्यादतीका कुरा उठाउँदै आएको छ। जुन अत्यन्तै प्रशंसनीय कार्य हो। तथ्य र प्रमाणको आधारमा मुलुकको समग्र मानव अधिकारको स्थिति सार्वजनिक गरी सरोकारवाला पक्षहरूलाई सचेत तथा संवेदनशील बनाउन मद्दत गरेको छ।

श्यामसिंह चौधरी
एसपी, जिल्ला प्रहरी कार्यालय, कञ्चनपुर

मानव अधिकार संरक्षणमा इन्सेकले गरेको पहलकदमीका कारण मानव अधिकार उल्लङ्घनका पीडितहरूलाई न्यायमा पहुँच स्थापित गर्न सहयोग पुगेको छ। न्यायिक निकायसम्म आउन नसकेका मानव अधिकार उल्लङ्घनका घटना तथा सेवाहरूलाई पनि इन्सेकले नेपाल मानव अधिकार वर्ष पुस्तकमा समावेश गर्न आवश्यक छ।

लक्ष्मी बोहरा
अध्यक्ष, गैसस महासङ्घ, कञ्चनपुर

इन्सेकले नेपाल मानव अधिकार वर्ष पुस्तक निरन्तर प्रकाशन गर्दै आएको छ। ठाउँ र अवस्था अनुसार मानव अधिकारका सवालहरू पनि फरक हुने भएकोले त्यसतर्फ पनि इन्सेकले अध्ययन गरी वर्ष पुस्तकमा प्रकाशन गर्न आवश्यक देखिएको छ।

माया थापा बस्नेत
जेलर, जिल्ला कारागार कञ्चनपुर

संविधानमा व्यवस्था भएका मौलिक अधिकारहरूको पूर्ण प्रत्याभूति आमनागरिकले अझै गर्न पाएका छैनन्। नागरिकका आधारभूत मानव अधिकारका सवालहरूलाई इन्सेकले विगत लामो समयदेखि उठान गर्दै सरकारलाई खबरदारी गर्दै आइरहेको छ।

जयन्ती अवस्थी भट्ट
स्रेस्तेदार, जिल्ला अदालत, कञ्चनपुर

नेपाल मानव अधिकार वर्ष पुस्तक मानव अधिकारको एक महत्वपूर्ण दस्तावेजका रूपमा स्थापित भएको छ। मानव अधिकार उल्लङ्घनमा संलग्नलाई कानुनी दायरामा ल्याउन पुस्तकले महत्वपूर्ण भूमिका खेलेको छ।

माधवसिंह धामी
अध्यक्ष, नेपाल पत्रकार महासङ्घ, कञ्चनपुर

नेपाल मानव अधिकार वर्ष पुस्तक २०२३ तयारीका क्रममा संलग्न व्यक्तिहरू

परिच्छेद लेखनमा संलग्न व्यक्तिहरू

परिच्छेद १ : सन् २०२२ को मानव अधिकार स्थिति : समग्र मूल्याङ्कन
लेखक : विजयराज गौतम
कार्यकारी निर्देशक, इन्सेक

परिच्छेद २

२.१ **न्यायपालिका**
लेखक : सम्झा श्रेष्ठ

२.२ **कार्यपालिका**
लेखक : रमेशप्रसाद तिमल्सिना

२.३ **व्यवस्थापिका**
लेखक : मदन पौडेल

परिच्छेद ३

३.१ सन्थाल समुदायमा बालबालिकाको शिक्षाको अधिकार, सरोकार र चुनौती
लेखक : पुण्यप्रसाद अधिकारी

३.२ मधेस प्रदेशमा बालिका शिक्षाको अवस्था
लेखक : मनोहरकुमार पोखरेल

३.३ यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यकहरूको अधिकार विश्लेषण
लेखक : आर्जु कार्की, आर्या घिमिरे

३.४ लुम्बिनी प्रदेशमा सार्वजनिक सरोकारका रिट निवेदन र कार्यान्वयनको अवस्था
लेखक : अधिवक्ता विकास आचार्य

३.५ हुम्लामा खाद्य सुरक्षाको प्रश्नः खाद्यान्न उत्पादन र उपभोगमा आएको परिवर्तन
लेखक : नन्द सिंह

३.६ यार्सागुम्बाका कारण हुने बसाइसराइले बालबालिकामा पारेको असर
लेखक : कृष्णबहादुर बिक, नरेन्द्रसिंह कार्की

जिल्ला प्रतिनिधिहरू

प्रदेश १

१.१	ताप्लेजुङ	- देवराज गुरुङ
१.२	सङ्खुवासभा	- भविन कार्की
१.३	सोलुखुम्बु	- भोजराज कार्की/अञ्जु कार्की
१.४	ओखलढुङ्गा	- सरस्वती बानिया
१.५	खोटाङ	- तारानाथ फुँयाल
१.६	भोजपुर	- गणेश बिष्ट
१.७	धनकुटा	- इश्वर थापा
१.८	तेह्रथुम	- सुरेश खत्री
१.९	पाँचथर	- सहमान बिक
१.१०	इलाम	- बविता मैनाली
१.११	झापा	- नरेश खाती
१.१२	मोरङ	- विनोद सुवेदी
१.१३	सुनसरी	- जयकृष्ण यादव
१.१४	उदयपुर	- सुजाता ढुङ्गाना/राकेश नेपाली

मधेस प्रदेश

२.१	सप्तरी	- मनोहरकुमार पोखरेल
२.२	सिरहा	- दुर्गा परियार
२.३	धनुषा	- दीपेन्द्रप्रसाद सिंह
२.४	महोत्तरी	- अजय साह
२.५	सर्लाही	- बुधन साह
२.६	रौतहट	- कोपिला तिमल्सिना
२.७	बारा	- भोलानाथ पौडेल
२.८	पर्सा	- कृष्णचन्द्र लामिछाने

बागमती प्रदेश

३.१	दोलखा	- उद्धवप्रसाद पोखरेल
३.२	सिन्धुपाल्चोक	- नातिबाबु धिताल
३.३	रसुवा	- हेमनाथ खतिवडा
३.४	धादिङ	- सीताराम अधिकारी
३.५	नुवाकोट	- नवदीप श्रेष्ठ
३.६	काठमाडौं	- विमल पौडेल
३.७	भक्तपुर	- रमेश गिरी
३.८	ललितपुर	- दीपकप्रसाद घिमिरे
३.९	काभ्रेपलान्चोक	- हिरामान तामाङ
३.१०	रामेछाप	- नवराज घिमिरे
३.११	सिन्धुली	- नविनबाबु अधिकारी
३.१२	मकवानपुर	- पुष्पराज अधिकारी
३.१३	चितवन	- दीपेन्द्र अधिकारी

गण्डकी प्रदेश

४.१	गोरखा	- हरिराम उप्रेती
४.२	मनाङ	- प्रमोद अधिकारी
४.३	मुस्ताङ	- अमृतप्रसाद पौडेल
४.४	म्यार्दी	- अमृतप्रसाद पौडेल
४.५	कास्की	- सुशन घिमिरे
४.६	लमजुङ	- दलबहादुर मजाकोटी/ प्रमोद अधिकारी
४.७	तनहुँ	- प्रकाशचन्द्र भट्टराई
४.८	नवलपरासी पूर्व	- तिर्थराज डुम्रे
४.९	स्याङ्जा	- तीलकुमारी थापा/राधाकृष्ण शर्मा
४.१०	पर्वत	- सन्तोष थापा
४.११	बागलुङ	- सिर्जना पन्त

लुम्बिनी प्रदेश

५.१	रुकुम पूर्व	- मनिषा केसी
५.२	रोल्पा	- तिलक घर्ती
५.३	प्यूठान	- रवीन्द्र पाण्डे
५.४	गुल्मी	- टोपलाल अर्याल
५.५	अर्घाखाँची	- कुलबहादुर नेपाली
५.६	पाल्पा	- यज्ञमूर्ति तिमिल्सिना
५.७	नवलपरासी पश्चिम	- नारायण पराजुली
५.८	रुपन्देही	- रीमा बीसी
५.९	कपिलवस्तु	- पार्वती आचार्य
५.१०	दाङ	- जयनारायण पुन
५.११	बाँके	- स्मृति देवकोटा/लक्ष्मी चौधरी
५.१२	बर्दिया	- मानबहादुर चौधरी

कर्णाली प्रदेश

६.१	डोल्पा	- विष्णुप्रसाद देवकोटा
६.२	मुगु	- जीवन सेजुवाल
६.३	हुम्ला	- नन्द सिंह
६.४	जुम्ला	- मानदत्त रावल
६.५	कालीकोट	- कालीबहादुर मल्ल
६.६	दैलेख	- अमर सुनार
६.७	जाजरकोट	- दिनेशकुमार श्रेष्ठ
६.८	रुकुम पश्चिम	- मनिषा केसी
६.९	सल्यान	- मीना बुढाथोकी
६.१०	सुर्खेत	- पूर्णबहादुर खड्का/ प्रभा राउत

सुदूरपश्चिम प्रदेश

७.१	बाजुरा	- पदमबहादुर सिंह
७.२	बझाङ	- सत्यराज सिंह
७.३	दार्चुला	- नरेन्द्रसिंह कार्की
७.४	बैतडी	- नरीदत्त बडु
७.५	डडेल्धुरा	- भुपेन्द्र विष्ट
७.६	डोटी	- गणेश जोशी
७.७	अछाम	- शिवराज ढुङ्गाना
७.८	कैलाली	- मैनामोती चौधरी
७.९	कञ्चनपुर	- लिली कुँवर

पुरस्कृत जिल्ला प्रतिनिधिहरू

यस वर्ष प्रत्येक प्रदेशबाट एक/एक जनालाई 'उत्कृष्ट जिल्ला प्रतिनिधि' पुरस्कारले पुरस्कृत गर्ने निर्णय भएअनुरूप निम्नानुसारका जिल्ला प्रतिनिधि छानिनुभएको छ। 'उत्कृष्ट जिल्ला प्रतिनिधि'लाई प्रशंसापत्र र ७ हजार रुपियाँ प्रदान गरिन्छ।

उत्कृष्ट

प्रदेश १ : इश्वर थापा, धनकुटा
मधेस प्रदेश : मनोहरकुमार पोखरेल, सप्तरी
बागमती प्रदेश : उद्धवप्रसाद पोखरेल, दोलखा
गण्डकी प्रदेश : अमृतप्रसाद पौडेल, म्यार्दी
लुम्बिनी प्रदेश : रिमा बीसी, रुपन्देही
कर्णाली प्रदेश : नन्द सिंह, हुम्ला
सुदूरपश्चिम प्रदेश : नरेन्द्रसिंह कार्की, दार्चुला

प्रदेश कार्यालयमा संलग्न

संयोजक

प्रदेश १ : सोमराज थापा
मधेस प्रदेश : राजु पासवान
बागमती प्रदेश : गणेश भण्डारी
गण्डकी प्रदेश : शिव खकुरेल
लुम्बिनी प्रदेश : भोला महत
कर्णाली प्रदेश : नारायण सुवेदी
सुदूरपश्चिम प्रदेश : खडकराज जोशी

प्रलेख अधिकृत

प्रदेश १ : पुण्यप्रसाद अधिकारी
मधेस प्रदेश : मोहनकुमार चौधरी
बागमती प्रदेश : सोम नेपाली
गण्डकी प्रदेश : नुपूर गुप्ता/रेनुका विक
लुम्बिनी प्रदेश : विनोद पाण्डे
कर्णाली प्रदेश : पुरनप्रसाद चौधरी
सुदूरपश्चिम प्रदेश : कृष्णबहादुर विक

फोटो स्रोत

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)

इन्सेक पुस्तक २०२/२०७९



आवधिक तथा स्वतन्त्र निर्वाचनमा मतदान गर्ने र निर्वाचित हुन पाउने नागरिक अधिकारको प्रचलन नै शासकीय वैधताको स्रोत हो। उमेर पुगेका हरेक नागरिकले मतको प्रयोग गर्न पाउने मानव अधिकारमैत्री अभ्यासले मात्र लोकतन्त्रलाई गतिशील बनाउँछ। आफ्नो देशको सुशासन प्रकृयामा भाग लिने आकाङ्क्षाकासाथ जनताको अभिमत हासिल गर्न निर्वाचनमा सहभागी हुने प्रत्येक व्यक्तिका लागि स्वच्छ र निष्पक्ष प्रतिस्पर्धाको अवसर सुनिश्चित हुनैपर्छ। हरेक मतदाताले उत्साहपूर्वक मतदानमा भाग लिन पाउनैपर्छ। मानव अधिकारको विश्वव्यापी मान्यता र नेपाली जनताको संवैधानिक हक विरुद्ध साधन-स्रोत वा शक्तिका आधारमा जहाँसुकै भएको मताधिकार माथिको अवाञ्छित नियन्त्रण मानव अधिकारको उल्लङ्घन हो।

मानव अधिकार र सामाजिक न्यायका निम्ति
अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)
नागार्जुन नपा-१०, स्यूचाटार, काठमाडौँ
पत्र मञ्जुषा: २७२६, काठमाडौँ
फोन: ५२१८७७०, फ्याक्स: ५२१८२५१
इमेल: insec@insec.org.np
वेबसाइट: www.insec.org.np, www.inseconline.org

ISBN 978-9937-9578-0-9